# नेपालको राजनीतिक परिवर्तनमा प्रगतिशील गीतहरूको योगदान

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत**
**राजनीतिशास्त्र विषयमा विद्यावारिधि उपाधिका**
**निमित्त प्रस्तुत**

## शोधप्रबन्ध


शोधकर्ता

**टीकाप्रसाद भण्डारी**

त्रि.वि. दर्ता नं १९/२०७३ माघ १७

मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीनको कार्यालय

राजनीतिशास्त्र, केन्द्रीय विभाग, कीर्तिपुर


२०८१ माघ १३

# सिफारिस पत्र

राजनीतिशास्त्र विषयमा विद्यावारिधि शोधार्थी श्री टीकाप्रसाद भण्डारीले **नेपालको राजनीतिक परिवर्तनमा प्रगतिशील गीतको योगदान** शोधप्रबन्ध हाम्रो निर्देशनमा तयार पार्नुभएको हो । राजनीतिशास्त्र विषयमा विद्यावारिधि उपाधिको निमित्त निकै मेहनत गरेर तयार गरिएको प्रस्तुत शोधप्रबन्धबाट हामी सन्तुष्ट छौँ । यस शोधप्रबन्धलाई मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयमा सिफारिस गर्दछौं ।

**शोधप्रबन्ध सिफारिस समिति**

_______________________

प्रा. डा. राजकुमार पोखरेल

शोधनिर्देशक

_______________________

सहप्रा.डा. खगेन्द्र प्रसाईं

सहशोधनिर्देशक

मिति २०८१/०५/२३

# प्रतिबद्धता पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीन कार्यालयमा विद्यावारिधि उपाधिकालागि प्रस्तुत **नेपालको राजनीतिक परिवर्तनमा प्रगतिशील गीतहरूको योगदान** शीर्षकको यो शोधप्रबन्ध शोधनिर्देशक प्रा.डा.राजकुमार पोखरेल र सहशोधनिर्देशक सहप्रा.डा. खगेन्द्र प्रसाईँज्यूको निर्देशनमा रही सम्पन्न गरेको मौलिक कार्य हो । मैँले यस शोधप्रबन्ध लेखनका क्रममा प्राथमिक तथा द्वितीय सामग्रीहरू सङ्कलन गरी शोध उद्देश्यअनुसार प्रस्तुतिकरण र विश्लेषण गरी निष्कर्ष निकालेको छु । यस शोधप्रबन्धको निष्कर्षलाई कुनै उपाधि वा प्रयोजनको लागि प्रकाशित गरेको छैन । मैँले यहाँ प्रस्तुत गरेका यी प्रतिबद्धतामा बाफिने कुनै प्रमाण भेटिए म त्यसका निम्ति जिम्मेवार रहनेछु ।

टीकाप्रसाद भण्डारी

विद्यावारिधि दर्ता नं. १९/२०७३ माघ सत्र

# कृतज्ञताज्ञापन

'नेपालको राजनीतिक परिवर्तनमा प्रगतिशील गीतहरूको योगदान' नेपालका प्रगतिशील स्रष्टा र तिनका गीतहरूको योगदान एउटा ऐतिहासिक खोजी र अनुसन्धानको विषय हो । त्यसमा मूलरूपमा पञ्चायती व्यवस्थाको प्रादुर्भावपछि २०२३ मा स्थापना भएको राल्फा र त्यस पछिल्ला दुई संस्करणहरू क्रमशः सङ्कल्प (२०३६) र आस्था (२०४४) का राजनीतिक भूमिकाहरूको आफ्नै महत्त्व र विशेषताहरू रहेका छन् । सन् १९९० (२०४६) मा भएको ऐतिहासिक जनआन्दोलनको पृष्ठभूमि तयार गर्न र आन्दोलनका समयमा जनतालाई उत्साहित तुल्याउन ती संस्थाका कलाकारहरूले गाएका गीतहरूले आफ्नै प्रकारको भूमिका खेले । तात्कालीन व्यवस्था फ्याँक्ने र नयाँ ल्याउने कुरालाई प्रायः हरेक गीतले चेतनाको मूल स्वर बनाए । उनीहरूको उद्देश्य अन्ततः २०४६ मा आइपुग्दा तात्कालीन नेपाली काँग्रेस र संयुक्त वाममोर्चाको साझा उद्देश्यसँग एकाकार हुन पुग्यो । त्यसमा नेपाली काँग्रेस र संयुक्त वाममोर्चाको संयुक्त प्रयासले जनआन्दोलनले सफलता समेत प्राप्त गऱ्यो । तर यस्ता जनताको बृहत् जनसहभागिता र सक्रियतामा सम्पन्न हुने जनआन्दोलनमा राजनीतिक दलहरू निर्णायक तहमा रहेता पनि त्यसका पछिल्तिरका शक्तिहरूको पनि उत्तिकै प्रभावकारी भूमिका हुने गर्दछ । यसै दृष्टिविन्दुबाट नेपाली समाजका जन आन्दोलन पछिल्तिरका शक्तिहरूको भूमिकाको खोजीनीति गर्ने क्रममा मैँले नेपालको राजनीतिक परिवर्तनमा प्रगतिशील गीतहरूको योगदान शीर्षकमा शोधप्रबन्ध तयार गर्ने जमर्को गरेको हूँ ।

आदरणीय गुरु प्रा.डा.राजकुमार पोखरेलको निर्देशनमा तयार पारिएको प्रस्तुत शोधप्रबन्ध पञ्चायतकालीन कालखण्डका प्रगतिशील गीतहरूको राजनीतिक योगदानमा केन्द्रित छ । पञ्चायत व्यवस्थाविरूद्ध प्रजातन्त्रको पुनर्स्थापनाका निम्ति लडेका नेपाली काँग्रेस, संयुक्त वाममोर्चा र विभिन्न वर्ग, तह, तप्का, सङ्घ, संस्था र समुदायहरूसँगै सांस्कृतिक क्षेत्रका राल्फा, सङ्कल्प र आस्थाको कठोर सङ्घर्ष, त्याग र बलिदानसँग सम्बन्धित ऐतिहासिक विषयवस्तुहरूको अध्ययन विश्लेषणलाई व्यावहारिक बनाउने कार्यमा उहाँको सल्लाह, सुझाव र निर्देशनले शोधलाई निकै परिणाममुखी बनाएको महसुस गरेको छु । आफ्ना निजी जीवनका व्यावहारिक कुराहरूलाई पन्छाएर शोधप्रबन्धलाई परिष्कृत गर्न प्राज्ञिक सल्लाह, सुझाव दिई शोधकार्यको प्रारम्भदेखि अन्त्यसम्मनै समुचित निर्देशन गरिदिनु भई शोधकार्य निष्कर्षमा आइपुगेको हुँदा शोधनिर्देशकज्यूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

शोधविशेषज्ञको जिम्मेवारी बहन गरी शोधलाई निष्कर्षमा पुऱ्याउन आवश्यक संशोधन र परिमार्जनसहित शोधप्रबन्ध तयार पार्नमा महत्त्वपूर्ण सल्लाह सुझाव दिनुहुने शोधसहनिर्देशक सहप्रा.डा. खगेन्द्र प्रसाईंज्यूप्रति पनि हार्दिक आभार प्रकट गर्दछु । शोधप्रबन्धका क्रममा शोधलाई

स्तरीय र परिष्कृत तुल्याउन उहाँको योगदान अमूल्य रहेको छ । प्रगतिशील गीतका अन्तर्राष्ट्रिय अनुभवहरू सम्बन्धित पुस्तक तथा इन्टरनेट सामग्रीहरू उपलब्ध गराई दिनुहुने, हवाई विश्वविद्यालय, मनोआ अमेरिकाकी एसोसिएट प्रोफेसर डा. मेरी अन्ना स्टरप्रति पनि धन्यवाद व्यक्त गर्दछु ।

शोध सामग्री सङ्कलनका क्रममा अन्तर्वार्ताका लागि महत्त्वपूर्ण समय उपलब्ध गराइदिनु हुने राजनीतिज्ञ तथा संस्कृतिकर्मी प्रदीप नेपाल, प्रदीप ज्ञवाली, टङ्क कार्की, रघुजी पन्त, साहित्यकार खगेन्द्र सङ्ग्रौला, निनु चापागाइँ, गायक-सङ्गीतकार रामेश श्रेष्ठ, प्राज्ञ, गायक-सङ्गीतकार रायन श्रेष्ठ, प्राज्ञ, गीतकार श्याम तमोट, प्राज्ञ, साहित्यकार तथा गायक मेघराज मञ्जुल, प्राज्ञ, गायक-सङ्गीतकारद्वय माधव प्रधान र उदय श्रेष्ठ, सङ्गीतकार-गीतकार चन्द्र भण्डारी, गायकहरू रामकृष्ण दुवाल, शम्भु राई, जीवन शर्मा र कुमार कार्कीप्रति हृदयदेखि आभार व्यक्त गर्दछु । मेरो शैक्षिक भविष्यको निम्ति घरायसी जिम्मेवारीमा पूर्णरूपमा सघाउने, हौसला प्रवर्द्धन गरिदिने, जीवन अर्धाङ्गिनी रिता शर्मा भण्डारी र प्रेरणा स्रोत छोरी, छोराद्वय अस्मिता र अस्मिन भण्डारीलाई पनि धन्यवाद व्यक्त गर्दछु ।

अन्त्यमा, प्रस्तुत शोधप्रबन्ध आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीन कार्यालय समक्ष प्रस्तुत गर्दछु ।

टीकाप्रसाद भण्डारी
शोधकर्ता

# विषयसूचि


पृष्ठ

**अध्याय - एक : अनुसन्धानको परिचय** **१-१५**

१.१ पृष्ठभूमि १

१.२ समस्याकथन ७

१.३ अनुसन्धान उद्देश्य १०

१.४ अध्ययनको औचित्य ११

१.५ शोधको सीमाङ्कन १३

१.६ शोधप्रबन्धको सङ्गठन १५

**अध्याय - दुई : पूर्वकार्यको समीक्षा** **१६-४३**

**अध्याय - तीन : अनुसन्धान विधि** **४४-६८**

३.१ अनुसन्धान दर्शन ४४

३.१.१ व्याख्यावाद ४६

३.१.२ आगमनात्मक विधि ४७

३.२ सैद्धान्तिक अवधारणा ५०

३.२.१ मार्क्सवादी वर्गसङ्घर्षको सिद्धान्त ५१

३.२.२ वर्गसङ्घर्षको गीत सिद्धान्त ५२

३.२.३ आलोचनात्मक यथार्थवाद ५२

३.२.४ प्रगतिवाद ५३

३.२.५ गीत, सङ्गीत र राजनीतिको सम्बन्ध ५४

३.३ अनुसन्धान ढाँचा ५६

३.४ सामग्री सङ्कलन विधिहरू ५८

३.४.१ प्राथमिक स्रोत सङ्कलन ५८

३.४.२ द्वितीय स्रोत सङ्कलन ६३

३.५ स्रोत सामग्रीको विश्लेषण ६५

३.६ अध्ययनको विश्वसनीयता ६६

३.७ प्रस्तुतीकरण ६६

**अध्याय - चार : पञ्चायती शासन प्रणालीमा प्रगतिशील गीतको उद्‌भव र विकास** **६९-१२८**

४.१ राजनीतिक प्रणालीका रूपमा पञ्चायती व्यवस्था ६९

४.२ प्रगतिशीलता, प्रगतिवाद र प्रगतिशील गीत ७१

४.२.१ मार्क्सवादी द्वन्द्ववाद, प्रेम, वर्गीय प्रेम र गीत ७६

४.२.२ प्रगतिशील गीतको उद्‌भव ७९

४.२.३ प्रजातन्त्रको दशक र सिर्जना (२००७-२०१७) ८२

४.२.४ प्रलेस र प्रलेक सङ्घ ८३

४.३ नेपाली काँग्रेसको सशस्त्र सङ्घर्ष ८४

४.४ प्रगतिशील गीतको प्रारम्भकाल ८५

४.४.१ रेडियो नेपालसँग अन्तर्विरोध ८६

४.५ प्रगतिशील गीतको राल्फाकाल ८८

४.५.१ राल्फा गीतका प्रवृत्ति ९२

४.५.२ राल्फा गीतको प्रभाव ९४

४.६ वेदना परिवार ९५

४.७ रक्तिम सांस्कृतिक अभियान (रक्तिम परिवार) ९६

४.८ इसास र सामना परिवार ९८

४.९ प्रगतिशील गीतको सङ्कल्पकाल ९९

४.९.१ जनमत सङ्ग्रहको घोषणा र सङ्कल्प गीति कार्यक्रम १००

४.९.२ सङ्कल्प कार्यक्रम माथिका हस्तक्षेप १०२

४.९.३ सङ्कल्पका महिला अधिकारका गीत ११०

४.९.४ सङ्कल्पको प्रभाव १११

४.९.५ छिन्ताङ काण्ड र प्रगतिशील गीत ११३

४.९.६ पिस्कर काण्ड र प्रगतिशील गीत ११४

४.९.७ २०३९ को कार्यनीतिक विवाद र प्रभाव ११६

४.१० राष्ट्रिय जनसांस्कृतिक मञ्च, नेपाल ११७

४.११ प्रगतिशील गीतको आस्थाकाल ११९

४.१२ २०४६ को राजनीतिक परिवर्तन १२१

४.१२.१ संयुक्त वाममोर्चाको भूमिका १२२

४.१२.२ २०४६ को राजनीतिक परिवर्तनमा प्रगतिशील गीत १२५

४.१२.३ निर्दलीयताको अन्त्य र प्रजातन्त्रको पुनर्स्थापना १२७

४.१३ निष्कर्ष १२७

**अध्याय - पाँच : नेकपा (माले) को सङ्गठन विस्तारमा प्रगतिशील गीतको योगदान १२९-१९०**

५.१ कम्युनिस्टको अर्थ १२९

५.१.१ मार्क्सवादको अर्थ १३०

५.१.२ मार्क्सवादका तीन सङ्घटक अङ्ग १३१

५.२ समाजवादी गीतहरूको अन्तर्राष्ट्रिय अभ्यास १३३

५.२.१ पेरिस कम्युन र गीत १३३

५.२.२ रुसी अक्टोबर क्रान्तिमा गीत १३४

५.२.३ क्युवाको क्रान्ति र स्वतन्त्रता गीत १३६

५.२.४ चिनियाँ जनवादी क्रान्तिमा गीत १३७

५.२.५ भियतनाम युद्धमा गीत १३९

५.३ नेपालमा कम्युनिस्ट पार्टीको स्थापना १४१

५.४ वर्गसङ्घर्ष र प्रगतिशील गीत १४२

५.५ नेपाल कम्युनिस्ट पार्टी (माले) को परिचय १४५

५.६ पार्टी सङ्गठन विस्तारमा प्रगतिशील गीत १४७

५.६.१ जनशक्ति निर्माणमा प्रगतिशील गीत १४९

५.६.२ शैक्षिक क्षेत्रको सङ्गठन विस्तारमा गीत १५४

५.६.३ नारी क्षेत्रको सङ्गठन विस्तारमा गीत १५८

५.६.४ वर्ग चेतनाका गीत र सङ्गठन विस्तार १६३

५.६.५ युद्धजन्य वैचारिकताका गीत र सङ्गठन विस्तार १६५

५.६.६ जातीय छुवाछुत र अन्धविश्वास विरोधी चेतना १६७

५.६.७ यथास्थितिको विरोध र सङ्गठन विस्तार १७०

५.६.८ क्रान्ति आह्वान र सङ्गठन विस्तार १७२

५.६.९ राजनीतिक चेतनाका गीत र सङ्गठन विस्तार १७४

५.६.१० सर्वहारा अन्तर्राष्ट्रियवाद र सङ्गठन विस्तार १७७
५.६.११ मानवीय मूल्यप्रतिको आस्था र सङ्गठन विस्तार १८१
५.६.१२ एकताको सञ्चार र सङ्गठन विस्तार १८३
५.७ निष्कर्ष १८९

**अध्याय - छ : जनआन्दोलन (२०४६) मा प्रगतिशील गीतको योगदान १९१-२८०**

६.१ २०४६ को जनआन्दोलनको पृष्ठभूमि १९१
६.१.१ जनचेतना र राजनीतिक परिवर्तन १९६
६.२ राल्फाको योगदान २०२
६.२.१ श्रमको सम्मान र श्रमिक वर्गको उत्थान २०२
६.२.२ सामन्तवाद र पुँजीवादको विरोध २०४
६.२.३ विद्रोही अभिव्यक्ति र क्रान्ति चेतना २०७
६.२.४ राष्ट्रिय स्वाधीनता र स्वाभिमानको स्वर २१०
६.२.५ समानतामूलक समाज निर्माणको आग्रह २१३
६.३ सङ्कल्प परिवारको योगदान २१६
६.३.१ वर्गसङ्घर्ष र वर्गीयप्रेममा विश्वास २१६
६.३.२ सामन्तवाद र साम्राज्यवाद विरोधी भावनाको विकास २२३
६.३.३ अग्रगामी चेतनाको प्रभाव २२६
६.३.४ शोषितहरूप्रति सहानुभूतिको स्वर २२८
६.३.५ प्रतिरोधी भावना र प्रतिसंस्कृतिको निर्माण २३१
६.३.६ सामाजिक मुक्तिको सन्देश प्रवाह २३३
६.३.७ क्रान्तिबोधी सञ्चेतना र नवयुगको आह्वान २३४
६.३.८ देशभक्तिको उद्बोधन २३७
६.३.९ वैचारिक रूपान्तरण २३९
६.४ आस्था परिवारको योगदान २४१
६.४.१ विपरीतको एकता र सङ्घर्षमा जोड २४२
६.४.२ जीवनमुखी र आशावादी विचार २४३
६.४.३ यथास्थितिप्रतिको विद्रोह, नवयुगीन चेतना २४५

| | | |
|---|---|---|
| ६.४.४ | जनआन्दोलनको स्वर | २४६ |
| ६.४.५ | पुरातनको विरोध र परिवर्तनको आह्वान | २४९ |
| ६.४.६ | सङ्घर्ष र गतिशीलताको पैरवी | २५१ |
| ६.५ | सामाजिक परिवर्तनमा प्रगतिशील गीत | २५५ |
| ६.६ | आलोचनात्मक पक्ष | २६३ |
| ६.७ | योगदान | २६६ |
| ६.८ | निष्कर्ष | २७९ |

**अध्याय - सात : उपलब्धि र निष्कर्ष** **२८१-२९१**

**परिशिष्ट** **२९२-३२७**

**सन्दर्भ सामग्रीहरू** **३२८-३४७**

# तालिका सूचि


| | | | |
|---|---|---|---|
| | | | पृष्ठ |
| तालिका नं. ३.१ | : | दर्शनशास्त्रको प्रकार | ४८ |
| तालिका नं. ३.२ | : | सैद्धान्तिक अवधारणा | ५६ |
| तालिका नं. ३.३ | : | अनुसन्धान प्रक्रिया अवधारणा | ६८ |
| तालिका नं. ४.१ | : | राल्फा गीतका प्रवृत्ति | ९३ |
| तालिका नं. ४.२ | : | सङ्कल्पका गीतका प्रवृत्ति | १०९ |
| तालिका नं. ४.३ | : | सङ्कल्प गीतको वर्गचेतनाको प्रवृत्ति | ११० |
| तालिका नं. ४.४ | : | सङ्कल्प महिला चेतनाका गीतको प्रवृत्ति | १११ |
| तालिका नं. ४.५ | : | आस्थाका गीतका प्रवृत्ति | १२० |
| तालिका नं. ५.१ | : | झापामा नेकपा (माले)को सङ्गठन विस्तारमा प्रगतिशील गीत | १८६ |
| तालिका नं. ५.२ | : | मोरङमा नेकपा (माले)को सङ्गठन विस्तारमा प्रगतिशील गीत | १८६ |
| तालिका नं. ५.३ | : | नेकपा (माले) को सङ्गठन विस्तारको प्रवृत्ति | १८७ |
| तालिका नं. ६.१ | : | २०४६ को परिवर्तनमा प्रगतिशील गीत, मोरङ, समूहगत छलफल | २७० |
| तालिका नं. ६.२ | : | २०४६ को परिवर्तनमा प्रगतिशील गीत, झापा, समूहगत छलफल | २७० |

# सङ्क्षेपीकृत शब्द सूचि

| | |
|---|---|
| अखिल | अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन |
| अतः | अराष्ट्रिय तत्त्व, पञ्चायतले प्रजातान्त्रिक, वामपन्थीलाई प्रयोग गर्ने शब्द |
| अ.ने.क.क्रा.को.के.(माले) | अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारी कोअर्डिनेसन कमिटी (माले) |
| अ.ने.म.सं. | अखिल नेपाल महिला सङ्घ |
| अनेरास्ववियु | अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (एकताको पाँचौँ) |
| अ.ने.रा.स्व.वि.यु. | अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (छैठौँ ) |
| आस्था | आस्था परिवार (२०४४) |
| इस्क्रा | लेनिनले सम्पादन गरेको रूसी समाजवादी पाक्षिक राजनीतिक अखबार |
| इसास | इन्द्रेणी सांस्कृतिक समाज |
| कम्युन | पेरिस कम्युन, फ्रान्समा १८७१ मा ७२ दिन चलेको समाजवादी राज्य सत्ता |
| चौ.म. | चौथो महाधिवेशन (निर्मला लामा, मोहनविक्रम सिंहले नेतृत्व गरेको कम्युनिस्ट घटक) |
| जबज | जनताको बहुदलीय जनवाद, मदन भण्डारीबाट प्रतिपादित सिद्धान्त |
| जनताका गीत | राल्फा, सङ्कल्प, आस्थाले सङगीतबद्ध गरेर गाएका गीतहरू |
| ने.क.पा.(माके) | नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) |
| ने.क.पा. (माले) | नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी लेनिनवादी)- २०३५ |
| ने.रा.स्व.म. | पञ्चायत समर्थित नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी मण्डल |
| पञ्चायत | २०१७ सालमा स्थापना भएको राजतन्त्रात्मक शासन प्रणाली |
| प्रलेक | प्रगतिशील लेखक कलाकार सङ्घ (२०३६) |
| प्रलेस | प्रगतिशील लेखक सङ्घ २००९ |
| बिबिसी | ब्रिटिश ब्रोडकास्टिङ कर्पोरेशन |
| द अप्रिल थेसिस | लेनिनले १९१७ अप्रिलमा जारी गरेको दश निर्देशनहरूको एक शृङ्खला। |
| युएन ट्रीटी सेरिज १९७३ | संयुक्त राष्ट्र सङ्घीय मध्यस्थतामा भएको पेरिस शान्ति सम्झौता- १९७३ |
| रक्तिम | रक्तिम सांस्कृतिक परिवार (२०४४) |
| राजसा (मञ्च) | नेपाल राष्ट्रिय जनसांस्कृतिक मञ्च (२०४४) |
| वेदना | चौथो महाधिवेशन निकट सांस्कृतिक संस्था 'वेदना परिवार' |
| सिएनएन | केबल न्युज नेटवर्क, अमेरिकी टेलिभिजन संस्था |

# नेपालको राजनीतिक परिवर्तन (२०४६) मा प्रगतिशील गीतको योगदान

# (२०१७ -२०४६)

## शोधसार

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत

राजनीतिशास्त्र विषयमा विद्यावारिधि उपाधिका

निमित्त प्रस्तुत


**शोधनिर्देशक**

**प्रा.डा. राजकुमार पोखरेल**

**शोध सहनिर्देशक**

**सह प्रा.डा. खगेन्द्र प्रसाईं**

**शोधकर्ता**

**टीकाप्रसाद भण्डारी**

त्रि.वि. दर्ता नं १९/२०७३ माघ १७


२०८१

# नेपालको राजनीतिक परिवर्तन (२०४६) मा प्रगतिशील गीतको योगदान

## शोधसार

### अध्ययन परिचय

नेपालमा २००७, २०१७, २०४६, २०६३ विभिन्न समयमा राजनीतिक परिवर्तनहरू भए । ती परिवर्तनहरू मध्ये २०४६ को परिवर्तन निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय संसदीय व्यवस्थाको पुनर्स्थापनाका निम्ति भएको थियो । जनआन्दोलनमा नेपाली काँग्रेस, संयुक्त वाममोर्चा, राष्ट्रिय संयुक्त जनआन्दोलन, विभिन्न पेशाकर्मी, वर्ग, तह, तप्का र सर्बसाधारण जनताको व्यापक सहभागिता थियो । डर्बि शायर (सन् १९९९) ले राज्यमा एउटा स्वरूपको शासन प्रणालीबाट अर्को स्वरूपमा रुपान्तरित हुने प्रक्रियालाई राजनीतिक परिवर्तनको संज्ञा दिएका छन् । उक्त जनआन्दोलनले पञ्चायती व्यवस्थाको अन्त्य गरी बहुदलीय संसदीय प्रजातन्त्रको पुनर्स्थापना सँगै देशको शासकीय संरचनामा परिवर्तन ल्याएको थियो, (पोखरेल, २००७) ।  उक्त परिवर्तनमा प्रगतिशील गीत सङ्गीतको पनि भूमिका रहेको थियो । राल्फा, सङ्कल्प, आस्था मार्क्सवादी विचारधाराबाट प्रभावित सङ्गीत समूहहरूले सत्ताका अनेकन दमन, हस्तक्षेप र जेलनेल समेत भोग्दै व्यवस्था विरुद्ध राजनीतिक परिवर्तनका निम्ति योगदान दिएका थिए । प्रगतिशीलहरूले गीतलाई समाजको आधार र उपरिसंरचनासँग जोडेका थिए । “मार्क्सवादी दृष्टिकोणले हेर्दा आर्थिक सामाजिक संरचना समाजको प्रमुख आधार हो र साहित्य तथा कला आधारमाथि उभिएको उपरिसंरचनाको वैचारिक रूप हो । समाजको आधारमा हुने परिवर्तनले साहित्यिक, सामाजिक-सांस्कृतिक पक्षमा परिवर्तन ल्याउँछ भने साहित्य-कला र सांस्कृतिक पक्षमा भएको परिवर्तनले आधारमा परिवर्तन ल्याउँछ,” (बराल, २०४९, पृ. ५३) । यस आधारबाट हेर्दा प्रगतिशील गीत मार्क्सवादको गीति साहित्यिक अवतरण थियो भन्न सकिन्छ । “श्रमप्रति आस्था जगाउने, श्रमजीवी जनताको पृष्ठपोषण गर्ने, तुलनात्मक रूपमा सुधार गर्ने, परिवर्तनको विचारधारासँग सहमत रहने, त्यसलाई अंगाल्ने वा प्रयत्न गर्ने खालका कार्य प्रगतिशीलता हो । यस्तै विचारसँग सहमत भएर लेखिने, गाइने साहित्य वा गीत प्रगतिशील हो,” ( प्रभात २०६३, पृ. ९) । यस अर्थमा आमूल परिवर्तनको निम्ति मार्क्सवादको सामाजिक सिद्धान्तनुसार सामाजिक प्रगति र परिवर्तनका निम्ति गाइएका गीतहरू नै प्रगतिशील गीतहरू हुन् भन्न सकिन्छ ।

२०१७ पुस १ गते राजाको शाही घोषणाबाट राजनीतिक दलहरू प्रतिबन्धित भए सँगै नागरिकहरू वाक् तथा अभिव्यक्ति स्वतन्त्रताबाट बञ्चित हुन पुगे, कवि, कलाकारहरूलाई धरपकड गर्ने, जनपक्षीय सामग्रीहरू माथि प्रतिबन्ध लगाउने कामहरू भए (रेग्मी, २०७४) । पञ्चायत विरोधी शक्तिहरू कमजोर रहेको पेचिलो अवस्थामा प्रगतिशील गीत गाउने क्रम सुरु भयो । २०१९ मा लोक गीत सम्मेलनमा भाग लिन रेडियो नेपाल आएका केही युवाहरू (रामेश, रायन आदि) ले २०२३ सम्ममा त्यहाँ केही लोक गीतहरू समेत रेकर्ड गरे । उनीहरूस्रोता माझ चर्चित बन्दै गए, तर उनीहरूका गीतहरू सेन्सरमा पर्दै गए । रेडियो नेपालमा आफ्ना गीतहरू सेन्सरमा परेको, आर्थिक शोषण समेत भएको भन्दै रेडियो नेपाललाई मुद्धा हालेर त्यहाँबाट विद्रोह गरी २०२४ मा ‘राल्फा’ नामक एक विद्रोही सङ्गीत समूह गठन गरे । भट्टराई (२०७५) का अनुसार नेपाली साहित्यमा केन्द्रित भएर ‘२०२४ मा राल्फा आन्दोलन’ गरियो । उनीहरूको मुख्य माग राजा महाराजा र दरबारबाट कविता, गीत बाहिर निस्कनु पर्छ भन्ने थियो । आफूलाई ‘राल्फा सन्तती’ मान्ने राल्फामा रामेश, रायन, अरिम र मञ्जुल मुख्य सदस्य र गणेश, सिसाल, सिरोज सोनोभ, सिमोस, रेमन राकेला, नोरेम निगेसा, निरन, विमल आदि पनि सम्मिलित थिए, (तमोट, २०८०, पुष ६) । यसको उद्देश्य-अहिले समाजमा राम्रो छैन, यसलाई परिवर्तन गर्नुपर्छ भन्ने थियो, (मञ्जुल, २०७६) । पारिजात, भूपि शेरचन, गोविन्द भट्ट, आनन्ददेव भट्टदेखि प्रजातान्त्रिक खेमाका अनेकन व्यक्तित्वहरूले समेत राल्फालाई प्रोत्साहित गरेका थिए । सुरुको अवस्थामा अस्तित्ववादी चिन्तन, अराजकतावादी सोच, व्यक्तिगत स्वतन्त्रताको उग्रधारणा, भावुकतापूर्ण आक्रोश, सामाजिक असन्तुष्टि, परिवर्तनको चाहना र विद्रोही भावनाको मिश्रण जस्तो थियो राल्फा, (चापागाइँ, २०७५, पृ. १५८) । विभिन्न सांस्कृतिक कार्यक्रम गर्दै जनवादी गीत लिएर राल्फा गाउँगाउँमा जागरण ल्याइरहेको थियो । २०३१ मा मोहनविक्रम सिंह र निर्मल लामाले नेकपाको चौथो महाधिवेशन गरे । अर्कातिर २०३२ जेठमा अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारी को-अर्डिनेशन केन्द्र (माले) को गठन भयो । नेकपा विभाजन भइसके पछि मालेसँग रामेश, मञ्जुलहरू र

नेकपा चौथो महाधिवेशनसँग पारिजात, रायन, निनु चापागाईंहरू निकट बन्न पुगे । दुवै पक्षबाट जनजागरणका कार्यक्रमहरू हुन थाले । बेदना परिवारबाट, रक्तिम परिवार, इन्द्रेणी सांस्कृतिक समाज (इसास), सामना परिवार निर्माण हुँदै गए । २०३५ मा नेकपा (माले) स्थापना भयो । नेकपा (माले) नेपाली कम्युनिष्ट आन्दोलनको एक शक्ति थियो । मालेले राष्ट्र, राष्ट्रियता सार्वभौमिकता, क्षेत्रीय अखण्डता र स्वाधिनताको रक्षार्थ अन्तरिकरूपमा सामन्तवाद दलाल नोकरशाह पुँजीवाद, बाह्यरूपमा विस्तारवाद, साम्राज्यवाद र सामाजिक साम्राज्यवाद विरुद्ध सम्पूर्ण शक्ति परिचालन गर्ने नीति लियो, (पोखरेल, २००७) । सोही नीति अनुरूप सङ्कल्प परिवारको स्थापित भई देशव्यापीरूपमा सङ्कल्प गीति कार्यक्रम हुँदै गए । त्यसैको प्रभावस्वरूप सङ्कल्प परिवारले उल्लेखित पाँच पहाड विरूद्ध-पाँचवटा पहाड पन्छाउन भनी एक भई लाग्दै छौं' (राई, २०४७, पृ. ३९), जस्ता थुप्रै गीतहरू गाए । सङ्कल्पले बहुदलीय व्यवस्थाको प्रचार सँगै गीति चेतनालाई आधार बनाएर पार्टी सङ्गठन विस्तार गर्दै गयो । समाजको सामन्ती संस्कार, अन्धविश्वास, रूढिवाद, सामाजिक विभेद, असमानता, गरिबी, अन्याय, शोषण, आदिको चित्रणगरी जनतालाई परिवर्तनका पक्षमा लाग्न, जाग्न र संगठित हुन समेत अपिल गरे । २०३९ को माले भित्रको कार्यनीतिक बिबादले सङ्कल्प विभाजित हुन पुग्दा २०४४ मा आस्था गठन भयो । आस्था पार्टी मातहतमा नरही स्वतन्त्र रहन पुग्यो । आस्थाले जनआन्दोलन २०४६ का कार्यक्रममा प्रत्यक्षरूपमा सहभागी भएर जनतालाई गोलबन्ध गर्ने, राजनीतिक चेतना भर्ने र व्यवस्था विरोधी भावना फैलाउने काम गऱ्यो ।

प्रस्तुत शोधप्रबन्ध राजनीति र सङ्गीत बीचको अन्तर्विषयक अध्ययन हो । राजनीतिक चेतना अभिवृद्धि गर्न, राजनीतिक विचारको प्रवर्द्धन गर्न, पार्टी सङ्गठन निर्माण र विस्तार गर्नमा खेलेका भूमिकालाई उद्देश्य अनुसार विश्लेषण गरिएको छ । आजसम्म राजनीतिक योगदानमा आधारित भएर प्रगतिशील गीतको योगदानका बारेमा अध्ययन हुन नसकेकोले यो अध्ययन गर्नु परेको हो । प्रगतिशील गीतले गाउँलाई आधार बनाई कम्युनिष्ट पार्टीको सङ्गठन र जनमत निर्माणमा सहयोगी भूमिका खेले । प्रगतिशील गीतको इतिहास, विकास र अभियानहरूले नेपालको कम्युनिष्ट राजनीति र पार्टीप्रति जनविश्वास बढाउने र उनीहरूले लिएको विचार अनुरूपको व्यवहारले २०४६ को जनआन्दोलनमा व्यवस्था विरोधी जनमत निर्माण गर्नमा बल पुऱ्यायो । अन्तर्वार्ता/अवलोकन र समूहगत छलफलबाट प्राप्त तथ्यहरूलाई द्वीतीय स्रोतहरूसँग जोड्दै त्रिकोणात्मकरूपमा राजनीतिक परिवर्तनमा गीतको योगदान पहिल्याउने कार्य गरिएको छ । झापा र मोरङ जिल्लामा समूहगत छलफल र अवलोकन गरी राजनीतिक परिवर्तन (२०४६) मा प्रगतिशील गीतले पुऱ्याएको योगदानका सम्बन्धमा मानिसका अनुभव र बुझाइहरू प्राप्त गरिएको छ । यसै सम्बन्धमा प्रगतिशील गीतहरूले नेपालको राजनीतिक परिवर्तन २०४६ मा के कसरी योगदान पुऱ्यायो भन्ने कुरालाई यस अध्ययनमा हेरिएको छ ।

**समस्या कथन**

प्रस्तुत अध्ययनका क्रममा प्रगतिशील गीति आन्दोलनका बारेमा लेखिएका सग्ला पुस्तकहरू न्यूनरुपमा प्राप्त भए । त्यसमा पनि राजनीतिक परिवर्तनमा गीतका योगदानका विषय तिनले समेटेका छैनन् । यस सम्बन्धि सूचना र तथ्यहरूका लागि छापा माध्यम र डिजिटल माध्यमसँग मात्र निर्भर रहन सकिएन । यसर्थ, प्राथमिक स्रोतहरू जुटाउने क्रममा अन्तर्वार्ता, अवलोकन र समूहगत छलफलका माध्यमहरू अपनाइयो । अध्ययन सम्बन्धि घटना र विषयहरू धेरै पुरानो भएकोले तत् सम्बन्धि जानकार व्यक्तिहरू जुटाउन, सम्पर्क स्थापित गर्न महिनौं मिहेनत गर्नु पऱ्यो । २०४६ को राजनीतिक परिवर्तनमा राजनीतिक दलहरूको भूमिकाका विषयमा थुप्रै अध्ययनहरू भए । नेपालको वामपन्थी आन्दोलनका बारेमा स्नातकोत्तर तथा विद्यावारिधि शोध समेत गरेका छन् (पोखरेल, २०४७) । कविताको प्रगतिवादी मान्यता, कवितामा वर्गद्वन्द सम्बन्धमा विद्यावारिधि भएका छन् (गिरी, २०७५) । केही विद्वानहरुले समेत कलम चलाएका छन्, (ब्राउन, रैपर, ह्वेल्प्टन, १९९७)। नेपालको माओवादी युद्धकालीन गीतमा अमेरिकी अन्ना स्टरले अध्ययन गरेको पाइन्छ (स्टर, २०१२) । अन्तर्राष्ट्रिय क्षेत्रमा समेत राजनीतिक परिवर्तनमा गीतको योगदानका सम्बन्धमा अध्ययनहरू भएका छन्, (एल.ओ. ब्रायन, २००४) । प्रतिरोधी गीत सङ्गीतका बारेमा शोध अध्ययनहरू भएका छन्, (ह्विट्ली, २०१२) । विदेशी अध्येताहरू नेपालमा आई प्रगतिशील गीतको बारेमा शोध अध्ययनहरू गरेका छन्, (ग्रान्डीन, १९९६) । तर २०४६ को राजनीतिक परिवर्तनमा राल्फा परिवार, सङ्कल्प परिवार, वेदना परिवार, आस्था परिवार, रक्तिम परिवार, सामना परिवार लगायत प्रगतिशील गीति संस्थाहरुको राजनीतिक योगदानमा आधारित भएर राजनीतिक सम्बन्ध, राजनीतिक परिवर्तन, सामाजिक विकासक्रम, राजनीतिक विचारधाराको विकास

जस्ता विषयवस्तुहरूको बारेमा आजसम्म अध्ययन गरिएको छैन । गीति आन्दोलनका ती अनेकन धाराहरू सबैलाई समेट्दा अध्ययन केन्द्रित हुन नसक्ने हुँदा २०२८-२९ को झापा विद्रोहले सिर्जना गरेको राजनीतिको धाराबाट विकसित तात्कालीन नेकपा (माले) सम्वद्ध प्रगतिशील गीति धाराको अध्ययनलाई मात्र अध्ययन रिक्तता भित्र रहेर अध्ययन गर्ने प्रयास गरिएको छ । प्रस्तुत शोध समस्याका आधारमा निम्नलिखित शोध प्रश्नहरु निर्माण गरिएको छ -

**शोध प्रश्नहरू**

१. पञ्चायतकालीन समयमा प्रगतिशील गीतको उद्‌भव र विकास के कसरी भयो ?
२. नेकपा (माले) को पार्टी सङ्गठन विस्तारमा प्रगतिशील गीतहरूले कस्तो योगदान पु्‌याायो ?
३. नेपालका राजनीतिक परिवर्तन (२०४६) मा प्रगतिशील गीत (राल्फा, सङ्कल्प र आस्था) ले संस्थागतरूपमा के कस्तो योगदान पुऱ्याएको थियो ?

**उद्देश्यहरू**

१. नेपालमा पञ्चायतकालीन समयमा प्रगतिशील गीतहरूको विकासक्रमको अध्ययन गर्नु ।
२. नेकपा (माले) को पार्टी सङ्गठन विस्तारमा प्रगतिशील गीतहरूको योगदानका बारेमा विश्लेषण गर्नु ।
३. नेपालको राजनीतिक परिवर्तन (२०४६) मा प्रगतिशील गीत (संस्थागतरूपमा राल्फा, सङ्कल्प र आस्था) को योगदानको विवेचना गर्नु ।

**अध्ययनको सीमाङ्कन**

नेपालको विभाजित वामपन्थी धारा मध्ये तात्कालीन नेकपा (माले) सँग सरोकार राख्ने समूह राल्फा, सङ्कल्प र त्यसबाट स्वतन्त्र भएको आस्थाको मात्र अध्ययन गरिएको छ । बाँकी प्रगतिशील गीति संस्थाहरूको अध्ययनलाई भविष्यमा गर्न सकिने शोध अध्ययनका निम्ति छोडिएको छ । तथापि अन्य कम्युनिष्ट पार्टी समूह आवद्ध प्रगतिशील धारका गीती समूहहरूको समेत सान्दर्भिकता र घटनाक्रमानुसार तिनको संक्षेपमा विश्लेषण गरिएको छ ।

**सैद्धान्तिक अवधारणा**

प्रस्तुत अध्ययनको सत्तामीमांसा ऐतिहासिक भौतिकवाद हो । अध्ययन मार्क्सवादी दर्शन तथा सिद्धान्तमा आधारित भएको हुँदा यसले ऐतिहासिक भौतिकवाद र गीती राजनीति, प्रगतिशील विचार र राजनीतिक व्यवस्था र त्यसमा आएको परिवर्तन जस्ता बहु विषयमा केन्द्रीत भएकाले बहु यथार्थवादलाई अंगाल्न पुगेको छ । ऐतिहासिक भौतिकवादले "मानिसको चेतनाले उसको सामाजिक अस्तित्व निर्धारण गर्दैन तर सामाजिक अस्तित्वले उसको चेतना निर्धारण गर्दछ । विकासको निश्चित चरणमा समाजका भौतिक उत्पादन शक्तिहरू विद्यमान उत्पादन सम्बन्धहरूसँग टकराउँछन्," (मार्क्स, १८५९) ले मान्दछ । यसै अनुरूप आधार र उपरीसंरचना, वर्ग सङ्घर्ष, मात्रात्मकबाट गुणात्मक परिवर्तन, निषेधको निषेध, अतिरिक्त मूल्यको सिद्धान्त र सामाजिक मुक्ति र न्याय जस्ता मार्क्सवादी सिद्धान्तहरूको आधारमा गीतहरूको विश्लेषण प्रस्तुत गरिएको छ । आफ्नाशयभ, (१९३८) ले वर्ग आर्थिक आधारमा समाजको स्तरीकरण वा खण्डिकरण हो ।  वर्ग समूहहरू  सामाजिक उत्पादन प्रणालीको आ-आफ्नो स्थानको दृष्टिले, उत्पादनका साधनहरू प्रतिको सम्बन्धको दृष्टिले, श्रमको सामाजिक सङ्गठनमा भूमिकाको दृष्टिले एक अर्कोबाट भिन्न हुन्छन । माओ (सन् १९२६) ले विरोधी वर्ग समाजको इतिहास नै वर्गसङ्घर्षको इतिहास हो । क्रान्तिको मूल वर्ग भनेको सर्वहारा वर्ग नै हो र मध्यम वर्ग भने सधैं अस्थिर र ढुलमुले हुन्छ र क्रान्तिका लागि भरपर्दो हुँदैन भने । यस सिद्धान्तलाई मध्यमवर्गीय ढुलमुले मानसिकताबाट अघि बढेको नेपालको साम्यवादी आन्दोलनसँग जोडिएको छ । त्यसैले नेतृत्वले सर्वहारा वर्गीय क्रान्तितर्फ आन्दोलनको विकास गर्ने भन्दा पनि पछिल्ला दिनमा उदारवादी पुँजीवादी संसदीय राजनीतितर्फ आन्दोलनलाई डोऱ्याउन पुगे । स्टर (२०१२) को वर्गसङ्घर्षको गीति दृष्टिकोणले जनतासँग आत्मीय, व्यक्तिगत र भावनात्मक सम्बन्धमार्फत सामाजिक प्रक्रिया हुँदै राजनीतिक सम्बन्ध स्थापित गर्न भूमिका खेल्छ, त्यसले विचारको तार्किक आदानप्रदानबाट सामाजिक रूपान्तरण र सांस्कृतिकीकरणलाई बल पुऱ्याउँदछ र त्यसले वर्गसङ्घर्षलाई सहयोग पुऱ्याउँछ भन्ने कुरालाई प्रगतिशील गीतले उठान गरेको र राजनीतिक आन्दोलनमा ती

गीतको भूमिका सन्दर्भमा जोडिएका छन् । प्रगतिशीलता र प्रगतिवाद मानकहरू मिल्दाजुल्दा हुने भएकोले प्रगतिशील गीतलाई प्रगतिवादी सिद्धान्तसँग समेत जोडिएको छ । समाज र जीवनको यथार्थलाई स्वीकार गरेर त्यसलाई यथावत् प्रस्तुत गर्नु सामाजिक यथार्थवाद हो भने त्यस यथार्थलाई क्रान्तिकारी विकासका सन्दर्भमा चित्रण गर्नु समाजवादी यथार्थवाद हो र यही समाजवादी यथार्थवादलाई नै साहित्यमा प्रगतिवाद भनिन्छ (जोशी, २०६६, पृ. ५७) । उक्त सिद्धान्तका आधारमा यस अध्ययनले तात्कालीन समाज र जीवनको यथार्थ चित्रण, समाजलाई प्रगतिसँग जोड्ने, प्रेरित गर्ने मानक तत्वहरू, न्याय, समानता र मुक्ति, जाति, वर्ग र तिनी माथि हुने विभेद विरुद्ध जागृत हुन प्रेरित गर्ने पक्षहरूको अध्ययन विश्लेषण गरिएको छ । प्रगतिवाद मार्क्सवादी दर्शनको विशिष्ट विचारधारामा आधारित भएकाले यसलाई मार्क्सवादकै साहित्यिक शाखाका रूपमा हेरिन्छ (जोशी, २०५७, पृ. ५७) । पञ्चायतकालमा उत्पादनका साधनमा व्यक्तिगत स्वामीत्व र परस्पर विरोधी वर्गको टकरावका कारण शोषित र शोषकहरूबीच सङ्घर्षहरू भएको आधारमा प्रस्तुत अध्ययन मार्क्सवादी दर्शन शास्त्र र वर्गसङ्घर्षको सिद्धान्तलाई आधार मानी प्रगतिवादी मूल्यहरूको समेत आधार पहिल्याउँदै अध्ययन गरिएको छ । त्यसबेलाका भुक्तभोगी व्यक्ति, घटना, सम्बन्धित पात्र, विषयवस्तु, घटनात्मक कथाहरू, द्वन्द्व, सङ्घर्ष र राजनीतिक परिवर्तनका आन्दोलनका विषयवस्तुहरू ऐतिहासिक भौतिकवादका सिद्धान्त अनुसार हेरिएका छन् । यसले मानव चेतनालाई पदार्थको उपजको रूपमा मानव इतिहास वर्गसङ्घर्षको इतिहास हो भन्ने कुरालाई आत्मसात् गर्दै भौतिक जीवनको समग्र उत्पादन पद्धतीलाई नै तात्कालीन समाज र इतिहासको श्रोत मानेको छ । पाँच इन्द्रियबाट वस्तुका बारेमा प्राप्त हुने ज्ञानलाई यथार्थ मान्दै र ऐतिहासिक यथार्थवादको आलोकमा ऐतिहासिक भौतिकवादी यथार्थवादलाई सत्ता मीमांसीय स्रोतका रूपमा उपयोग गरिएको छ ।

**शोध विधि**

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान विधिमा आधारित छ । अनुसन्धेय विषयबस्तु सम्बन्धी विस्तृत विवरणात्मक सूचनाहरूको सङ्कलन, प्रशोधन तथा विश्लेषण गहनरूपमा गरिएको छ । यस अध्ययनको दर्शन व्याख्यावाद हो । पञ्चायतकालीन समयमा गीति आन्दोलनका क्रममा घटेका घटनाहरूका बारेमा व्यक्तिका बुझाई र त्यस सम्बन्धमा मूलतः दुई प्रकारका सूचनाहरू अन्तर्वार्ता र अवलोकनबाट प्राप्त तथ्यहरूलाई व्याख्यावादी सिद्धान्तनुसार व्याख्या गर्दै तार्किक निष्कर्षमा पुग्ने कार्य गरिएको छ । अध्ययनको सत्ता मीमांसा ऐतिहासिक भौतिकवाद हो, जसका आधारमा आधार र उपरीसंरचना, मात्रात्मकबाट गुणात्मक परिवर्तन, वर्गसङ्घर्ष, निषेधको निषेध, अतिरिक्त मूल्यको सिद्धान्त र सामाजिक मुक्ति र न्यायको सिद्धान्त मार्क्सवादी दृष्टिकोणका आधारमा प्रगतिशील गीतहरूको विश्लेषण गरिएको छ । मूल्य शास्त्र भित्र अध्ययनमा प्रयुक्त ज्ञानका नैतिक मूल्य सिद्धान्त, पद्दति र स्वयम् अनुसन्धाताका आफ्नै नैतिक मूल्यदृष्टि र मान्यताहरू पर्दछन् । मूलरूपमा नैतिक मूल्य सिद्धान्तमा शुद्धता, सन्तुलन, विश्वसनीयता, निष्पक्षता र आधिकारिकतामा जोड दिइएको छ । अध्ययनमा आगमनात्मक विधि अपनाइएको छ । कुनै निश्चित सिद्धान्तको आधारमा प्रस्तुत अध्ययन सम्भव नभएको हुँदा तथ्यहरू सङ्कलन गरी त्यसको आधारमा सिद्धान्तहरूको खोजद्वारा विशेष अवस्थाबाट सामान्य विवेचनामा गएर निष्कर्ष निकालिएको छ । अध्ययनको ढाँचा गुणात्मक किसिमको रहेको छ । तथ्य सङ्कलन सम्बन्धि रणनीतिमा कथात्मक सोधपुछ प्रयोग गरिएको छ । तथ्य सङ्कलनमा प्राथमिक स्रोतका रूपमा अन्तर्वार्ता, समुहगत छलफल, स्थलगत अवलोकन गरिएको छ । द्वीतीय स्रोतको पनि प्रचुर मात्रामा प्रयोग गरिएको छ । तथ्य विश्लेषणमा द्वीतीय स्रोतहरूको अध्ययन, अनुसन्धान रिक्तता, शोध समस्या भित्र रहेर प्राथमिक स्रोत र द्वीतीय स्रोतको प्रयोग गरिएको छ । द्वीतीय स्रोतहरूको आलोचनात्मक ऐतिहासिक र व्याख्यावादमा आधारित रहेर अध्ययन गरी तथ्यलाई तर्कसङ्गत ढंगबाट समाधान खोज्ने प्रयास गरिएको छ ।

**तथ्याङ्क/पाठ्य विश्लेषण**

प्रस्तुत अध्ययनका मूल पाठ्यवस्तु प्रगतिशील गीतहरू हुन् । राल्फा, सङ्कल्प र आस्थाद्वारा गाइएका गीतहरू पाँच भागमा ४९४ संख्यामा प्रकाशित छन्, ती सबै गीतहरूलाई परिशिष्ट तेह्रमा राखिएको छ । ती गीतहरूलाई सन्दर्भ अनुसार अध्यायहरूमा विषयगतरूपमा वर्गीकरण गरी उद्देश्य अनुसार विश्लेषण गरिएको छ । अध्याय चारमा पञ्चायती शासन प्रणालीमा प्रगतिशील गीतको उद्‌भव र विकास प्रस्तुत गरिएको छ । जस अन्तर्गत प्रगतिशीलता, प्रगतिवाद र प्रगतिशील गीत, प्रजातन्त्रको दशक (२००७ -२०१७) मा सिर्जना, प्रलेस र प्रलेक सङ्घ, नेकाको सशस्त्र सङ्घर्ष, २०१७ को राजनीतिक परिवर्तन र प्रगतिशील सिर्जना, रेडियो नेपालसँग पूर्वराल्फाको अन्तर्विरोध, राल्फाको उदय, अभियान (२०२४-२०३०), गीतको प्रकृति र प्रभाव, वेदना, रक्तिम, इसास, सामना परिवारका सांस्कृतिक

अभियान, २०३६ को जनमत सङ्ग्रह, सङ्कल्प परिवारको उदय, गीति कार्यक्रम र प्रशासनिक हस्तक्षेप, महिला अधिकारका गीत, सङ्कल्पको प्रभाव, छिन्ताङ, पिस्कर काण्ड र गीत, २०३९ को कार्यनीतिक विवाद र प्रभाव, राजसा मञ्च, आस्था (२०४४) को विश्लेषण र सन्दर्भ अनुसार विभिन्न गीति दृष्टान्तहरूको प्रयोग गर्दै प्रस्तुत गरिएको छ। अध्यायको अन्त्यतिर २०४६ को राजनीतिक परिवर्तन, नेका, संयुक्त वाममोर्चा लगायतको भूमिका, जन आन्दोलनको तीन चरणका कार्यक्रम, जन आन्दोलनमा प्रगतिशील गीतको भूमिका, निर्दलीयताको अन्त्य र प्रजातन्त्रको पुनर्स्थापना, विश्लेषण गर्दै अध्यायको निष्कर्ष प्रस्तुत गरिएको छ।

अध्याय पाँचमा उद्देश्य अनुसार नेकपा (माले)को सङ्गठन विस्तारमा प्रगतिशील गीतको योगदान प्रस्तुत गरिएको छ। अध्याय पाँचमा नेकपा (माले) को सङ्गठन विस्तारमा प्रगतिशील गीतको योगदानलाई हेरिएको छ। कम्युनिष्ट, मार्क्सवाद र मार्क्सवादका ३ सङ्घटक अङ्गको अर्थ र विशेषता प्रष्ट्याउँदै समाजवादी गीतहरूको अन्तर्राष्ट्रिय अभ्यास अन्तर्गत पेरिस कम्युन, रुसी अक्टोबर क्रान्ति, क्युवाको क्रान्ति, चिनियाँ जनवादी क्रान्ति र भियतनाम युद्धमा मार्क्सवादी गीतहरूको प्रयोग, अभ्यास र तिनको प्रभावको चर्चा गरिएको छ। यसैगरी नेपालमा कम्युनिष्ट पार्टीहरूको चर्चा गर्दै नेपाल कम्युनिष्ट पार्टी (माले) को पार्टी सङ्गठन विस्तार, पार्टी जनशक्ति निर्माण, शैक्षिक क्षेत्रको सङ्गठन विस्तारमा प्रगतिशील गीतको योगदान के कस्तो थियो भन्ने कुराको विश्लेषण गरिएको छ। यस विश्लेषण अन्तर्गत वर्ग चेतनाका गीत, युद्धजन्य वैचारिकताका गीत, जातीय छुवाछूत र अन्धविश्वास विरोधी चेतना निर्माण, यथास्थितिको विरोध र पार्टी सङ्गठन विस्तार गाइएका गीत, क्रान्ति आह्वानका गीत, राजनीतिक चेतना, सर्वहारा अन्तर्राष्ट्रियवाद, मानवीय मूल्यप्रतिको आस्था, एकीकृत भावनाको सञ्चारको विषयमा छलफल गर्दै ती क्षेत्रमा मालेको सङ्गठन विस्तारमा प्रगतिशील गीतले योगदान दियो कि दिएन भन्ने कुराको गहन विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ।

सन्दर्भमा चर्चा गरिएका गीतहरूमा मुलभूत रूपमा वर्ग चेतना र वर्गीय प्रेमका गीत, जस्तै- वर्गीय समाजमा वर्गीय प्रेम मात्रै न्यानो र चोखो हुन्छ, (मञ्जुल, २०४७, पृ. ७), जातभात छुवाछुत विरोधी गीत, जस्तै- मानिस छुत अछुत हुन्छ म भन्दै भन्दिन, जाति र पाति छुट्याउने रीतलाई म मान्दै मान्दिन (राई, २०४७, पृ. १५), राजनीतिक चेतनाका गीत, जस्तै- प्रजातन्त्र के हो, अहिले कसको हातमा छ ?, प्रजातन्त्र जन्तु हो कि कस्तो आत्मा छ ?, ( खतिवडा, २०४७, पृ. १७), नारीमुक्तिको गीत, जस्तै- आमा दिदी बैनी हो कति बस्छौ दासी भै (ज्ञवाली, २०४७, पृ. १९), यसैगरी अध्याय पाँचमा नेकपा (माले) को सङ्गठन विस्तारमा वर्ग चेतना, क्रान्तिको गीत, सामन्तवाद विरोधी गीत, शोषण, अन्याय विरूद्धका गीत र देशभक्तिका गीतको चर्चा गरिएको छ। देशभक्तिका गीत, जस्तै- मुट्ठी उचाली लड्छौं बढ्छौं देशका निम्ति उठ्छौं, (भण्डारी, २०४९, पृ. १४१), शोषण, अन्याय विरूद्धका गीत, जस्तै : हामीले गाउने गीत मजदुरहरूको, किसानहरूको, रगत सुकाइ काम गर्ने श्रमिकहरूको (मञ्जुल, २०४७, पृ.२), क्रान्तिको गीत जस्तै- रक्तक्रान्तिको ज्वालामुखीमा, आज उठेको यो बलिदान, (मिश्र, २०४९, पृ.  ९५), अन्तर्राष्ट्रिय सर्वहारावादको गीत, जस्तै- उठ जाग ए भोका नाङ्गा जाग संसारका दुःखी, (युंजे पोत्तर, २०४७, पृ. १), वर्गचेतनाको गीत, जस्तै- हली दाई तिमी चिर्दछौ बाँझो पसीना बगाइ, त्यो तिम्रो पसीना फूल्दछ सुन्दर पृथ्वी रमाई, सामन्तवाद विरोधी गीत, जस्तै- सामन्तीलाई खतम पार्न मार्छु अब फेरो (मञ्जुल, २०४४, पृ. २८७), यसगरी प्रजातान्त्रिक मूल्यका गीत, सङ्घर्ष र आन्दोलनका गीत गरी अनेकन शिर्षकमा विभक्त गरी अध्ययन गरिएको छ। ती गीतहरूलाई सैद्धान्तिक पक्षसँग जोड्दै राजनीतिक चेतनाको विकास, २०४६ को जनआन्दोलन र नेकपा (माले)को पार्टी सङ्गठन विस्तारमा योगदान रहे नरहेको अध्ययन गरिएको छ। ती गीतहरूको नेपालको राजनीतिक परिवर्तनमा योगदान थियो थिएन भन्ने कुरालाई हेर्न गरिएको अन्तर्वार्ता, समूहगत छलफल र अवलोकनलाई पनि अध्ययनको पाठ्यवस्तुका रूपमा लिई अध्ययन गरिएको छ।

अध्याय छ मा राल्फाको योगदानमा श्रम र श्रमिक वर्गको उत्थानमा गाइएका गीत जस्तै- "हामीले गाउने गीत मजदुरहरूको, किसानहरूको," (मञ्जुल, २०४७, पृ.२), सामन्तवादको विरोधमा जस्तै-"सामन्तीलाई खतम पार्न मार्छु अब फेरा" (मञ्जुल, २०४४, पृ. २८७),  विद्रोही अभिव्यक्ति र क्रान्ति चेतनामा "सुतेकालाई उठाइदिन्छु मरेकालाई ब्युँझाइदिन्छु," (मञ्जुल, २०४७, पृ. ५०), स्वाधीनता र स्वाभिमानको स्वरमा "नमार गरिबलाई नजाउ अँग्रेजी पल्टनमा," (जोशी, २०४७, पृ. ४९), समानतामूलक समाज निर्माणको आग्रहमा "कोइ त भने जहाजमा हरर, कोइ त भने पसिना तरर हाम्रो नेपालमा" (रामेश र मञ्जुल, २०४७, पृ. ७५) जस्ता गीतहरूको विषयगत वर्गीकरण गरी योगदानको विश्लेषण प्रस्तुत गरिएको छ। यसैगरी सङ्कल्प परिवारको योगदानमा वर्गसङ्घर्ष र वर्गीयप्रेममा

विश्वासमा “पुस्तौं पुस्ता महाजनको गोठालो बनी निसास्सिइ अन्यायलाई सहि बस्दा पनि (शर्मा, २०४७ पृ. २५), सामन्तवाद र साम्राज्यवाद विरोधी भावनाको विकाशमा “संसारका सारा मानिस जाग्दैछन्, पाँचवटा पहाड पन्छाउन भनि, एक भै लाग्दैछन्,”(सुब्बा, २०४७, पृ. ३९), अग्रगामी चेतनामा “रोक्ने को हो दुरदर्शी विचारका धारा ?,” (जोशी, २०४९, पृ. ८४), देशभक्तिको उद्‌बोधनमा “तिमीलाई तिम्रो नानी प्यारो लाग्छ कि देश” (मञ्जुल, २०४७, पृ. ६) जस्ता गीतहरूको विषयगत वर्गीकरण गरी राजनीतिक परिवर्तनमा गीतका योगदानका अन्तर्वस्तु केलाउने काम गरिएको छ ।

आस्था परिवारको योगदान अन्तर्गत विपरीतको एकता र सङ्घर्षमा जोड शिर्षकमा “सङ्घर्ष हो जीवन जीवन सङ्घर्ष हो” (२०४७, पृ. १६), जीवनमुखी अभिव्यक्ति र विचारमा “देश जनताको नाम हो, जनता सङ्घर्षको नाम हो, ”(निभा, २०४९, पृ. ४४), यथास्थिती प्रतिको विद्रोहमा “मुट्ठी उचाली लड्छौं बढ्छौं, देशका निम्ति उठ्छौं” (भण्डारी, २०४९, पृ. १४१), पुरातनको विरोधमा ‘छोडीदेउ धर्म कर्म शोषणको जालो,’ (छिरिङ, २०४७, पृ. ६२) जस्ता गीतहरू र तिनको राजनीतिक परिवर्तनमा योगदानको विश्लेषण गरिएको छ । यस अध्यायमा प्रगतिशील गीतको योगदान प्रस्तुत गर्दा अध्ययनलाई आलोचनात्मक रुपबाट समेत हेरिएको छ, जसलाई आलोचनात्मक पक्ष शिर्षक अन्तर्गत समेटिएको छ । राजनीतिक परिवर्तनमा राल्फा, सङ्कल्प र आस्थाको को के कस्तो योगदान थियो भन्ने कुराको अध्ययन पश्चात त्यसलाई सैद्धान्तिक विषयवस्तुसँग जोड्दै योगदानको विवेचना गरी अध्यायको निष्कर्ष प्रस्तुत गरिएको छ ।

नेकपा (माले) को पार्टी निर्माणका विभिन्न चरणहरूमा प्रगतिशील गीतको प्रयोगलाई मालेले पहिलो चरणका रूपमा नयाँठाउँमा नयाँ पार्टीसेल, दोस्रो चरण- प्रगतिशील गीति कार्यक्रम, तेस्रो- गीति कार्यक्रमको प्रभाव, चौथो- गीति रुझान भएकाहरूको छनौट, पाँचौं- प्रगतिशील साहित्यको उपलब्धता, छैठौं चरण-क्षमता, भूमिकाका आधारमा तहगतरूपमा पार्टी सङ्गठनमा आबद्धताको नीति लिएको (सुब्बा, ज्ञवाली, नेपाल, तमोट, प्रधानसँगको व्यक्तिगत अन्तर्वार्ता, २०७६) सन्दर्भलाई समेत यस अध्यायमा विश्लेषण गरिएको छ । यसरी पार्टी सङ्गठन र जनशक्तिको निर्माण हुँदै सोही शक्तिको विकाशबाट जनआन्दोलन २०४६ मा ती गीतले पुऱ्याएको योगदान के कस्तो थियो भन्ने विषयलाई गहन रूपमा अध्ययन गरिएको छ ।     अनुसन्धानको मुलभूत प्रश्नलाई प्रगतिशील कलाकारहरूले प्रयोग गरेका, राजनीतिक आन्दोलनमा गाएका गीतहरूबाट तथ्य निकाली उक्त तथ्यका आधारमा विश्लेषण प्रस्तुत गरिएको छ ।

**छलफल**

२०१७ पौष १ गते नेपालमा बहुदलीय संसदीय व्यवस्था अफापसिद्ध भएको भन्दै राजाले शाही घोषणा जारी गरे । घोषणामा राजनीतिक दल र दलगत राजनीतिक उद्देश्यले प्रेरित भएका वर्गीय सङ्गठनहरूलाई समेत अवैध घोषित गरी हाललाई प्रतिबन्ध लगाइबक्सेका छौं, (राजा महेन्द्र, लाइभ आवाज, शिखर टिभी, २०२०) भनिएको थियो । राजाले निर्वाचित संसद् र विश्वेश्वरप्रसाद कोइरालाको मन्त्रीमण्डल विघटन गरेपछि २२ पुस २०१७ मा निर्दलीय पञ्चायत व्यवस्था लागू गरे । यसले शासकीय स्वरूपमा सुधार, प्रवर्द्धन, संरक्षणको मोडेल भन्दा पनि प्रतिबन्धको मोडेलको अभ्यास गर्ने इच्छा प्रकट हुन गयो । २०१९ को संविधान जारी भएपछि निर्दलीय पञ्चायती व्यवस्थालाई झन् मजबुत तुल्याइयो । यसको राजनीतिक शक्तिहरूले विरोध गरे । संविधानमा राजालाई असिमित अधिकार दिएर आफैं खुम्चिएको संविधान, राजामा सम्पूर्ण शक्ति केन्द्रित गरिएको संविधान भनी मूल्याङ्कन गरिएको थियो, (सिंह, सन् १९९१ शाह, कोइराला, १९९७) । पञ्चायती व्यवस्थालाई सम्पूर्ण जनताको क्रियाशील सहयोग पाउने र विकेन्द्रीकरणको सिद्धान्तलाई अँगाल्ने दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणाली (नेपालको पञ्चायतकालीन संविधान २०१९) का रूपमा व्याख्या गरिए पनि व्यवस्था विरूद्ध आलोचना गर्न पाइँदैनथ्यो । प्रजातान्त्रिक एवम् साम्यवादी शक्तिलाई दबाउन सञ्चार माध्यमबाट आफ्नो कुरा मात्र जनतामा पुगुन् भन्ने मनसाय राखी बहुदलीय व्यवस्थाका समर्थकहरूको विचार, अभियक्तिमा समेत अङ्कुश लगाउन कडा सेन्सर लागु गरियो, (चौहान, सन् १९७१, वन्त, २०६०) । त्यतिबेला वाक तथा प्रकाशन स्वतन्त्रतामाथि पनि प्रतिबन्ध लगाइनुले त्यसलाई प्रजातान्त्रिक व्यवस्था भन्ने आधार रहेन ।

प्रजातान्त्रिक अधिकार खोसिए पछि २०१८/०१९ सालको अवधिमा नेपाली काँग्रेसले देशभरी सशस्त्र आन्दोलन चलायो । रेडियो नेपालमा पूर्व राल्फालीहरूका गीत सेन्सरमा पर्न थाले । उनीहरूले गाएका गीतको पारिश्रमिक त्यहीँका केही कर्मचारीले किर्ते गरी खाइदिएको प्रमाण सहित रेडियो नेपाललाई मुद्दा हालेर उनीहरूले जनतामा जाने विकल्पका रूपमा २०२४ मा 'राल्फा' नामक विद्रोही संस्था स्थापना गरे (राई, २०७९) । पञ्चायतले राल्फालाई सुरु देखिनै शङ्काको दृष्टिले हेर्‍यो । राल्फा उपर पञ्चायती शासकहरूका आँखा र कान अलार्मको रूपमा थिए, (स्टर, २०१७) । सुरुमा राल्फा राजनीतिकरूपमा सचेत नभएको संस्था भएता पनि त्यसले पञ्चायतलाई निशाना बनाएको थियो । उनीहरूले हाम्रो अदम्य क्रान्ति रोकेर रोकिँदैन, जस्ता क्रान्तिका गीत समेत गाएका थिए, (भट्टराई, २०४७) । प्रतिरोधको क्रम विकसित हुँदै जाँदा २०२८ मा कम्युनिष्टहरूको झापा विद्रोह सुरु भयो । पञ्चायत त्यसको प्रतिकारमा जुट्यो । २०२९ मा झापाको सुखानीमा ४ जना अगुवा कम्युनिष्टहरूको हत्या गरियो । नेकाद्वारा सञ्चालन भएका सशस्त्र सङ्घर्ष र झापाली कम्युनिष्टहरूको विद्रोहले व्यवस्थालाई दबाब दियो । यही क्रममा २०३६ मा विद्यार्थी आन्दोलन सुरु भयो । सोही आन्दोलनको दबाबमा २०३६ जेठ १० मा जनमत सङ्ग्रह घोषणा भयो । जनमत सङ्ग्रहको केही खुकुलो अवस्थालाई उपयोग गर्दै कम्युनिष्ट विचारधारासँग निकट रहेका रामेश मञ्जुललगायत सङ्कल्पका कलाकारहरू तात्कालीन नेकपा (माले) को नेतृत्वमा गाउँ-गाउँ पुगेर पञ्चायती शासन व्यवस्थाका विरुद्धमा गीति चेतना र जागरणका माध्यमबाट देशमा राजनीतिक जागृतिको सन्देश प्रवाह गरे," (पोखरेल, सन् २००७) । उक्त अभियानले बहुदलीय व्यवस्थाका पक्षमा र राजनीतिक चेतनामा गहिरो प्रभाव पार्‍यो ।

प्रगतिशील गीतको उद्‌भव र विकासको चर्चा गर्दा २००७ को साहित्यिक परिवेश, क्रान्तिताका जहानिया राणा शासनका विरुद्धमा स्वच्छन्दतावादी धाराका स्रष्टा, साहित्यकारहरूको भूमिका (भट्ट, २०४८, पृ. ६७), तिनको निरङ्कुश सत्ताका विरूद्धको कडा खबरदारी (पौडेल, २०६५), जहानिया तन्त्र, एकाधिकारवाद, उत्पादन प्रक्रिया र उत्पादन सम्बन्ध र भूस्वामित्वको स्थिति एवम् समग्र राजनीतिक प्रणालीमा भएको सामन्तवादी संरचना र त्यसबाट प्रभावित नेपाली जनजीवनको अवस्थाले जन्माएको प्रगतिवादी साहित्यिक धाराको विकास, (रावल, २०४७ पृ. १०-१२) र २००७ को क्रान्तिको अघि पछि गोपालप्रसाद रिमाल, युद्धप्रसाद मिश्र, भूपी शेरचन, केवलपुरे किसान र सर्बप्रथम प्रगतिशील गीतको आन्दोलन उठाउने स्रष्टा गोकुल जोशीका योगदान उल्लेखनीय रहे । रिमालले लेखेका एक जुगमा एकदिन एकचोटी आउँछ, मिश्रले लेखेका नमार गरिबलाई नजाउ अँग्रेजी पल्टनमा, त्यस्तै भोकभोकै मर्न लागे कवि कलाकार तड्पाएर नामारिदेउ, झुन्ड्याएर नमारिदेउ बरू झुन्ड्याएर मार (जोशी, २०१५) बोलका गीतहरू नै मूलरूपमा प्रगतिशील गीतका उद्‌भवका रूपमा देखिन्छन् । प्रगतिशील गीतको विकाशको सन्दर्भमा आउँदा २००९ मा स्थापित प्रलेस, २०१८ मा स्थापित रेलिमाई सांस्कृतिक परिवार बुटवल (प्रश्रित, २०७६), राल्फा (२०२४), २०३६ को आन्दोलन पछि स्थापित प्रलेक, र तिनका स्रष्टाहरुको भूमिका, (प्रभात, २०६३ पृ. ७९), सङ्कल्प परिवार (२०३६) र त्यसका देशव्यापीरूपमा भएका सङ्कल्प गीति कार्यक्रमहरू र २०३९ मा मालेको कार्यनीतिक अन्तर्विरोधमा अल्पमतमा परी पार्टी कारबाहीमा परेका कलाकारहरूले स्थापना गरेको आस्था परिवार (२०४४) आदिको विकासक्रम सँगै २०४६ को जनआन्दोलनमा प्रगतिशील गीत एउटा सांस्कृतिक शक्तिका रूपमा देखा पर्दछ ।

तात्कालीन नेकपा (माले) ले पार्टी सङ्गठन विस्तार र जनमत निर्माणको दरिलो माध्यमका रूपमा ती कलाकार र तिनका गीतलाई अपनायो । देशमा प्रगतिशील गीतको दिन प्रतिदिन माग बढ्न थालेपछि प्रशासनले कलाकारहरूलाई थुनछेक गर्ने, मानसिक तथा शारीरिक यातना दिने समेत काम गर्न थाल्यो । प्रगतिशील गीतका क्यासेट र गीति पुस्तिका बेच्ने कतिपय पत्रिका विक्रेताहरू समेत पञ्चायतको निशानामा परे । प्रगतिशील गीत बेचेको भनेर जेलसमेत हाले
(टुहुरे, २०७६) । जनमत सङ्ग्रहमा पञ्चायतको पक्षमा जनमत देखिन जाँदा बहुदल पक्षले धाँदली भएको मानी विरोध कार्यक्रमहरू सुरु गर्‍यो । २०४२ सालमा नेकाको सत्याग्रह सुरु गर्‍यो । आन्दोलन विकसित हुँदै जाँदा २०४६ साल फागुन ७ बाट नेपाली काँग्रेस, संयुक्त वाममोर्चा र राष्ट्रिय संयुक्त जनआन्दोलन लगायतका शक्तिले जनआन्दोलन अघि बढाए । आन्दोलनमा धेरैले ज्यान गुमाए, अङ्गभङ्ग भए, जेलनेल भोगे । दुइसय जना भन्दा बढी लेखक कलाकारहरूद्वारा राज्यद्वारा अभिव्यक्ति स्वतन्त्रतासमेत खोसिएको मुखमा कालोपट्टि बाँधेर प्रदर्शन गरिएपछि हस्तक्षेपमा उत्रिएको विरोधमा प्रहरीद्वारा १५८ जनालाई पक्राउ नै गरियो, (हप्टम, रैपर, ह्वेल्प्टन, १९९९) । दमन, यातना, धरपकड र प्रतिकारका घटनाहरू भए । तर अनेकन चुनौतीका बाबजुत व्यवस्था विरोधी आन्दोलन अघि बढिरह्यो । प्रगतिशीलहरूले 'गाउँगाउँबाट उठ', 'रक्तक्रान्तिको ज्वालामुखीमा आज उठेको यो बलिदान', 'सङ्घर्ष हो जीवन',

'जाग उठ नारी हो', 'बन्दि छन् हाम्रा हातहरू चुँडाउ नेलकडीहरू', 'कोही त भने जहाजमा हरर कोही त भने पसिना तरर', आदि क्रान्तिकारी गीत गाएर गाउँ-शहरमा जनआन्दोलनमा मानिसहरूलाई गोलबन्ध गर्ने, भावनात्मक सञ्चार गर्ने, परिवर्तनका मुद्धालाई सघाउने कार्य गरे । राजनीतिक दमनको दुष्चक्रको अवधिमा पनि सर्वसाधारणमा अधिकारका लागि लड्ने चाहना मुखरित गर्ने कार्यमा यस्ता कार्यक्रमले जनतामा प्रभाव पारेका थिए, (राई, २०७९) । जनआन्दोलनमा जनतालाई जागृत गर्ने, उर्जा भर्ने, चेतना प्रवाह गर्ने खालका यसरी गीतहरू गाएका थिए -

गाउँ गाउँबाट उठ, बस्ति बस्तिबाट उठ, यो देशको मुहार फेर्नलाई उठ
हातमा कलम हुनेहरू, कलम लिएर उठ, साथमा केही नहुनेहरू, आवाज लिएर उठ
हातमा औजार हुनेहरू, औजार लिएर उठ, बाजा बजाउन जान्नेहरू, बाजा लिएर उठ,
झिल्का झिल्का बल्नेहरू ज्वाला भएर उठ, देशका लागि लड्नेहरू एकजुट भएर उठ, (तमोट, २०४७, १४)

जनआन्दोलनमा सुरु देखि नै साङ्गीतिक कार्यक्रम प्रस्तुत गर्दै आएका प्रगतिशील संस्थाहरूले गीतमार्फत वर्गीय, जातीय, लीङ्गीय र समसामयिक सवालहरू सँगै देशभक्तिको भावना उजागर गरेका थिए । गाउँघरमा राजनीतिक चेतना बढाउने र राजनीतिक परिवर्तनको आन्दोलनको पृष्ठाधार निर्माण गर्ने कार्य गरेका थिए । प्रगतिशील गीत राजनीतिक चेतनाको पहिलो पाठशालाका रुपमा थियो । यसले मानिसमा कम्युनिष्ट विचारधाराको गर्भाधान गराउने काम गरेको थियो, (ग्रान्डीन, सन् १९९६) । उनीहरूको उद्देश्य समाजको आमूल परिवर्तन थियो । साम्यवादी आन्दोलनकै पृष्ठभूमिबाट प्रजातन्त्रको पुनर्स्थापनालाई केन्द्र भागमा राखेर प्रगतिशीलहरूले जनचेतना, अभिप्रेरणा, जागरण, जनसङ्घर्ष र जनआन्दोलनमा जन सहभागितामूलक गोलबन्दीकरणका निम्ति गीतहरू गाएका थिए । 'देशभरी नारा घन्क्यो प्रजातन्त्र जिन्दावाद', 'नेपाली उठेको बी वान्ट डेमोक्रेसी भनेको' (रामेश, २०४७), 'बग्छ यहाँ एकपटक परिवर्तनको खोला', (राई, २०४७), 'चेतनाको प्रवाहलाई रोक्न सकिन्न', (तमोट, २०४७), 'देशमै भए प्रजातन्त्र कसले लुका छ ?', (खतिवडा, २०४७), 'इन्क्लाबको नारा लाग्दा हामी मुठ्ठी कस्छौँ,' (वान्तवा, २०४७), 'ब्युँझ है ब्युँझ शोषित पीडित आन्दोलन हाँक्नलाई', (प्रसाई, २०४७), 'आउ मिलाउँ हाम्रा स्वरहरू', 'राष्ट्रियता र स्वतन्त्रताका लागि', (हमाल, २०४७), 'मजदुर, किसान, विद्यार्थी हामी जुट्दैछौँ,' (सुब्बा २०४७) भन्ने गीतहरूले मानिसहरूलाई राजनीतिक परिवर्तनको आन्दोलनमा सहभागी हुन प्रेरित गरेका थिए । जनआन्दोलन २०४६ मा प्रगतिशीलहरूले राजनीतिक परिवर्तनका निम्ति गाइएका उल्लिखित गीतहरू सँगै अर्को एउटा गीतको नमुना यस्तो छ -

एकजुगमा एकदिन एकचोटी आउँछ, उलटपुलट उथलपुथल हेरफेर ल्याउँछ
सहे भनी सम्झिएका ईख फेर्न उठ्दछन, गए भनी नदेखिएका फर्की फर्की आउँदछन्
खरानी हुन्छ भर्भराउँदो हुरी चल्न थाल्दछ, कायर पनि वीर हुन्छ बेग चल्छ जोशको
हाहाकार मच्छ यहाँ पाप खुल्न थाल्दछ, हाहाकार मच्छ यहाँ पाप खुल्न थाल्दछ, (रिमाल, पृ १)

यस्ता जनआन्दोलनलाई लक्षित गरी गाइएका गीतहरूले जनतामा राजनीतिक चेतना सँगै सामाजिक जागरण र जनतालाई गोलबन्द गर्ने काम गऱ्यो, जनआन्दोलनमा जनताको मनोबल उठाउने, उत्साही तुल्याउने, क्रान्ति जोश उमार्ने, आन्दोलनप्रति अभिप्रेरित गर्ने कामहरू गऱ्यो । राजनीतिलाई जनतासँग भावनात्मक र वैचारिकरूपमा जोड्ने एक विश्वाशिलो सांस्कृतिक कडीका रूपमा जनआन्दोलनमा ती गीत देखा परे । गीत साहित्यीक-सांस्कृतिक हुँदै राजनीतिक उद्देश्यका निम्ति जनआन्दोलनको साझा उद्देश्यमा रूपान्तरित हुन पुग्दा बीसको दशकदेखि प्रगतिशील गीतले आर्जनको गरेको जनशक्ति, जनविश्वास र प्रभावले समेत जनआन्दोलनको शक्तिलाई थप बलियो बनायो ।

**उपलब्धि उद्देश्य १**

प्रगतिशील गीतको विकास राणा शासनकालदेखि नै सुसुप्तरूपमा हुँदै आएको थियो । गोपालप्रसाद रिमाल, केवलपुरे किसान, युद्दप्रसाद मिश्र लगायतले २००७ को क्रान्तिताका नै क्रान्तिकारी साहित्य र गीत लेखेका थिए । नेपाली साहित्यको कतिपय स्वच्छन्दवादी धाराका कविता र त्यसबाटै हुर्किएको प्रगतिवादी कवितामा समेत क्रान्तिकारी विचारले स्थान पाएको थियो । त्यही विन्दुबाट सुसुप्त रूपमा प्रगतिशील गीतको पनि उद्भव हुन गयो । २००७ - २०१७ मा गोकुल जोशीले त्यस किसिमका गीतलाई प्रगतिशील गीतकै रूपमा अघि बढाए । २०१७ को राजनीतिक घटना पछि रेडियो नेपालसँगको अन्तर्विरोध र गीति प्रतिबन्धले राल्फा जन्मायो । त्यसले प्रगतिशील गीतलाई

संस्थागतरूपमा अघि बढायो ।देशभरी त्यस्ता गीत सुन्नेको संख्या बढेर गयो । ग्रामीण भेगमा ती गीत लोकप्रिय बने । एउटा नविन जागरण ल्याए । तर खासगरी नेकपा वैचारिकरूपमा विभाजित हुँदा त्यसको प्रभाव राल्फाका कलाकारहरूमा पर्न गयो । उनीहरू पनि विभाजित भए । २०३९ को पार्टी अन्तर्विरोधमा अल्पमतमा परेका सङ्कल्पका कलाकारहरू समेत विभाजित भए । केही वर्षको अन्तरालमा स्वतन्त्ररूपमा आस्था निर्माण गरे । मूलरूपमा उनीहरूका गीतका शब्द, बोल, र विचारहरूले पञ्चायत व्यवस्था विरोधी भावनाको विकासमा सहयोग पुऱ्यायो । प्रगतिशील गीत प्रगतिशील साहित्यको एउटा रुप थियो । उनीहरुका गीतले पञ्चायत व्यवस्था विरूद्ध प्रहार गर्दै गयो । व्यवस्थालाई निशाना बनायो । उनीहरूको प्रभावमा देशमा अनेकन उपसमूहहरू जन्मिए । तिनले गाउँलाई आधार बनाई कम्युनिष्ट पार्टीको सङ्गठन निर्माण र जनमत निर्माणमा सहयोगी भूमिका खेले । जनआन्दोलनमा प्रगतिशील कलाकारहरु कति जेल परे । कतिलाई कष्टडीमा राखियो । उनीहरूका गीत जनआन्दोलन गीतका रूपमा आन्दोलनकारीहरूले गाए । जनतालाई गोलबन्द गर्ने, सचेत र सूचित पार्ने, चेतना भर्ने काम गरे । जनतालाई अपिल गर्ने र क्रान्तिकारी भावना निर्माण गर्ने कार्यमा वैचारिक र प्रत्यक्षरूपमा सहयोग पुऱ्याए । प्रगतिशील गीतको इतिहास, विकास र अभियानहरूले नेपालको कम्युनिष्ट राजनीति र पार्टी प्रति जनविश्वास बढाउने र उनीहरूले लिएको विचार अनुरूपको व्यवहारले व्यवस्था विरोधी अवधारणालाई बल पुऱ्यायो । जनआन्दोलनको सांस्कृतिक शक्तिका रूपमा व्यवस्था विरूद्ध तिनले निरन्तर भूमिका खेले । गीतले नयाँ व्यवस्था खोजेको तर उक्त व्यवस्था कस्तो हुने भन्ने प्रारूप किटान नभएको अवस्था देखा पर्न गयो ।

**उपलब्धि उद्देश्य २**

विभिन्न कम्युनिष्ट घटकहरू मिल्दै गएपछि कम्युनिष्ट आन्दोलनको एउटा धारा २०३५ मा नेपालको सबैभन्दा ठू लो कम्युनिष्ट घटक नेकपा (माले) बन्न पुग्यो । अर्को धारा चौथो महाधिवेशनबाट, ने.क.पा. मशाल-मसाल, ने.क.पा. (एकता केन्द्र), ने.क.पा. (माओवादी), ने.क.पा. (माओवादी केन्द्र) हुँदै अगाडि बढ्यो । तीसको दशकदेखि नेपाली कम्युनिष्ट आन्दोलन मुख्यतया कम्युनिष्ट राजनीति यिनै दुई धारामा ध्रुवीकृत हुँदै गयो । प्रतिबन्धित अवस्थामा धेरै जसो नेताहरू समेत जेल र निर्वासनमा हुँदा नेकपा (माले) ले राजनीतिक गतिविधि गर्ने वैकल्पिक माध्यम प्रगतिशील गीति कार्यक्रमहरूलाई बनायो । विश्व कम्युनिष्ट सांस्कृतिक आन्दोलनको अनुभव लिएर जनमत सङ्ग्रहताका नेकपा (माले) सङ्कल्प गीति कार्यक्रम लिएर गाउँगाउँमा पुग्यो । पार्टी पकड क्षेत्र कमजोर भएका ठाउँमा योजनाबद्ध ढङ्गले गीति कार्यक्रम गर्दै गयो । गीतमा रूझान भएकाहरूलाई मार्क्सवादी साहित्यिक पत्रपत्रिका पढ्न दिँदै त्यसमा रूची राख्नेलाई क्षमताका आधारमा जनसङ्गठनको जिम्मेवारी, त्यसबाट खारिएकाहरूलाई पार्टी सङ्गठनमा आबद्धता दिँदै गयो । यसरी नेकपा (माले) को सङ्गठन, जनशक्ति र पार्टी पंक्ति निर्माण हुँदै गयो ।

गीत क्रान्तिको आधारभूमि निर्माणको हतियार बन्न पुग्यो । गीति अभियानबाट प्रभावित भएर कयौं मानिस पार्टीमा सङ्गठित बने ।दलीय जनशक्ति निर्माणमा पनि गीतको भूमिका देखा पऱ्यो । ती व्यक्तिहरू नेता, सांसद्, हुँदै पार्टी नेतृत्वमा र राष्ट्रका महत्वपूर्ण जिम्मेवारीमा पुगे । गीतले एकातिर जनचेतना जगाउने र राजनीतिक चेतना भर्ने काम गरे भने अर्कातिर त्यसैको आडमा पार्टी सङ्गठन विस्तार हुँदै जाँदा सामाजिक-सांस्कृतिक र राजनीतिक तिनै क्षेत्रको विकासमा सहयोग पुग्दै गयो । गीतको प्रभावले नेकपा (माले) ले पार्टी आधार इलाका र जनाधारको जग बसाउने, जनमत सिर्जना र सङ्गठनात्मक शक्तिको आर्जन गर्ने कामहरू गऱ्यो । गीतले जनवर्गीय सङ्गठनको आन्दोलनलाई जिल्ला जिल्लामा विस्तार गर्नमा सघाउ पुऱ्याउँदा मालेको राजनीतिप्रति जनविश्वास बढ्यो । व्यक्तिगत, सामूहिक र भावनात्मक सम्बन्धसँगै पार्टी सङ्गठनमा आबद्धता लिनेहरुको सङ्ख्या बढ्दै गयो । अन्ततः सोही शक्ति गुणात्मकरूपमा विकसित हुँदै जनआन्दोलनको एक प्रभावशाली सहयोगी शक्ति बन्न पुग्यो । गीतले प्राप्त गरेको लोकप्रियता र शक्तिको उपयोगले मालेले सङ्गठनात्मक र प्रतिरोधात्मक क्षमता बढायो । प्रगतिशील गीति चेतनाको प्रभावले उठेका, पार्टीले प्रशिक्षण दिएका मानिसहरू प्रजातन्त्रको पुनर्स्थापनाको आन्दोलनमा विभिन्न मोर्चाबाट समाहित बने । जनआन्दोलनको निर्णायक शक्ति नेपाली काङ्ग्रेस र संयुक्त वाममोर्चा लगायतका शक्तिहरू नै हुन् भन्नेमा दुई मत छैन । गीत साधन मात्र हो, साध्य राजनीति नै हो । गीतले जनतासँग आत्मीय, व्यक्तिगत र भावनात्मक सम्बन्धमार्फत सामाजिकीकरणको प्रक्रिया हुँदै राजनीतिक सम्बन्धको रूपमा स्थापित सांस्कृतिक शक्तिले जनतालाई सचेत गराउने, राजनीतिक दलप्रतिको जनविश्वास बढाउँने र दलमा सङ्गठित हुन प्रेरित गऱ्यो । तर

कलाकारहरूले राजनीतिक नेतृत्वको भूमिका भने निर्वाह गरेनन् । प्रत्यक्ष राजनीति भने राजनीतिक दलले नै गरेका हुन् । गीतले राजनीतिक दलको जनशक्ति निर्माणमा योगदान दिएका हुन् । जनतालाई सङ्गठित गर्ने, राजनीतिमा क्रियाशील गराउने काम पार्टीले नै गरेको हो । यसरी प्रगतिशील गीतको योगदान प्रजातन्त्र प्राप्तिको साझा उद्देश्यमा रुपान्तरित हुन पुगी प्रजातन्त्रको पुनर्स्थापनाको आन्दोलनमा सफलता प्राप्त हुन गयो । तर परिवर्तन पछि कम्युनिष्ट आन्दोलन संसदीय राजनीतिमा मिसिएपछि वर्गविहीन समाजको परिकल्पना गरिएका गीति मुद्दाहरू ओझेलमा पर्न पुगे । गीति मुद्दाहरूलाई राजनीतिक उपलब्धिले मात्र सम्बोधन गर्न सकेन । त्यसो हुँदा उनीहरूले गीतमा उठाएका कतिपय प्रश्नहरूले स्वयम् उनीहरूलाई नै प्रश्न गर्ने अवस्था सिर्जना गर्‍यो । ती स्रष्टाहरुमा नेतृत्वसँग असन्तुष्टि बढ्न गयो । प्रजातान्त्रिक समाज व्यवस्थामा उनीहरूको सहभागिता नहुँदा उनीहरू अलमलिन पुगे । फलतः परिवर्तन पछि पार्टी संसदीय राजनीतिमा अघि बढ्यो, ती स्रष्टाहरु पछि नै छोडिए ।

**उपलब्धि उद्देश्य ३**

नेपालको राजनीतिक परिवर्तनमा संस्थागतरूपमा राल्फा सङ्कल्प र आस्थाको योगदानलाई हेर्दा राल्फाले व्यवस्थाका अनेकन दमनहरूलाई चिर्दै नेपालमा गीत मार्फत राजनीतिक चेतनाको नयाँ अभ्यासको थालनी गर्‍यो । उनीहरूका गीतहरू विद्रोही स्वभावका भएता पनि खासगरी सामन्तवाद, शोषण, उत्पीडन, असमानता, अन्धविश्वास र रूढिवादका विरुद्धमा थिए । तात्कालीन समाज व्यवस्था ठिक छैन त्यसलाई बदल्नु पर्छ भन्ने उनीहरूका मूल गीति सन्देशले व्यवस्था विरोधी चेतनाकै विकास गर्ने काम र त्यस अनुसारको जनमत सिर्जना गर्ने काम गर्‍यो । सङ्कल्पले बहुदलीय व्यवस्थाको पक्षमा जनमत सिर्जना र मालेको पार्टी सङ्गठन निर्माण प्रक्रियालाई सघायो । उक्त गीति आन्दोलनबाट प्रभावित भएर असंख्य मानिसहरू वामपन्थी राजनीतिमा होमिए । कम्युनिष्ट विचारधारा निर्माणको आधार गीत बन्न पुग्यो । उक्त अभियानबाट जन्मिएका कतिपय व्यक्तिहरू प्रजातन्त्र प्राप्ति पछि राजनीतिक नेतृत्वमा पुगे । यसबाट राजनीतिक नेतृत्वको विकासमा गीतको भूमिका देखा पर्न गयो । यसले जन आन्दोलनको भावभूमि र आधार निर्माण गर्ने काम गर्‍यो । त्यसबाट गीत राजनीतिक परिवर्तनको महत्वपूर्ण सांस्कृतिक शक्तिको रूपमा स्थापित भयो । आस्थाले जन आन्दोलन (२०४६) मा राल्फा, सङ्कल्पकालीन गीतहरू र आफ्नै नयाँ गीतहरू गाएर राजनीतिक परिवर्तनको आन्दोलनलाई सघाउने काम गर्‍यो । नेतृत्वले सर्वहारा वर्गीय क्रान्तितर्फ आन्दोलनको विकास गर्ने भन्दा पनि पछिल्ला दिनमा उदारवादी पुँजीवादी संसदीय राजनीतितर्फ आन्दोलनलाई डोर्‍याउन पुगे । नेतृत्वको गन्तव्यलाई प्रगतिशील कलाकारहरुले बुझ्न सकेनन्, बरू उनीहरूले राजनीतिक नेतृत्व माथिनै विश्वास गरे । कलाकारहरूले समाज र राजनीतिलाई निरन्तरता दिँदै गए । तर नेतृत्व अर्को दिशामा हिँड्न थालिसकेको थियो । परिणामस्वरूप सङ्गठन विस्तार, जनशक्ति उत्पादन र जन चेतनाका लागि कलाकारहरू लागि रहे । यही माध्यमबाट पञ्चायत व्यवस्था विरूद्ध र संसदीय व्यवस्था स्थापनामा महत्वपूर्ण योगदान दिए । तर नेपालको खासगरी कम्युनिष्ट राजनीति भित्र  राजनीतिक नेतृत्वले राजनीतिक दिशा परिवर्तन गर्दा राजनीतिक दिशाहीनताको अवस्था निर्माण हुन गयो । संसदीय व्यवस्था स्थापना पछि मार्क्सवादी राजनीतिमा आस्था राख्ने गीति समुदायका सर्जकहरू प्रायः निष्क्रिय रहन पुगे । राजनीतिले उनीहरूमा वितृष्णा जन्मायो । उक्त गीति अभियान २०४६ पछि उत्साहित सक्रियतामा रहेको पाइँदैन । संसदीय व्यवस्थामा गएपछि पार्टी नेतृत्व सामाजिक रूपान्तरण देशभक्तिको मुद्धा, वर्गसङ्घर्षको अभियानबाट कलाकारहरूको दृष्टिमा बिमुख हुन गयो, जुन कुराबाट प्रगतिशील कलाकारहरू खासगरी सङ्कल्प र आस्था परिवारका कलाकारहरूको पार्टी नेतृत्व सँग विस्तारै सम्बन्ध खुकुलिँदै गयो र अहिलेको नेतृत्व अवस्थामा वैचारिक विचलन आएको भनि स्वयम् ती कलाकार, गीति अभियन्ताहरू नेतृत्वप्रति सन्तुष्ट देखिंदैनन् ।

**सैद्धान्तिक प्राप्ति**

राजनीतिक परिवर्तनको एउटा गन्तब्य देखाएर समाजको सचेत समुदायलाई प्रयोग गरी राजनीतिलाई अर्को दिशामा लगेर बिसर्जन गर्ने राजनीतिक नेतृत्वको कार्यले राजनीतिमा अवसरवादलाई जन्माउँदछ भन्ने ठहर हुन गएको छ । यस्ता राजनीतिक गतिविधिले सचेत समुदायलाई गीति संवेदनाको प्रयोगमार्फत गरिएको जनविश्वास र राजनीतिक शक्तिको निर्माणमा राजनीतिक नेतृत्वमा देखिएको सैद्धान्तिक विचलनले समाजमा निराशा, निष्क्रियता तथा दिशाहीनताको अवस्था जन्मन्छ भन्ने सिद्धान्तको अभिलेख राख्न मद्दत गरेको छ ।

**निष्कर्ष**

पञ्चायती व्यवस्था विरूद्ध निरन्तर सङ्घर्ष गर्दै राजनीतिक परिवर्तनका निम्ति गीतले वर्गीय भावना उराल्ने र सामन्तवादका विरूद्ध जनतालाई उकास्ने, सामाजिक-राजनीतिक अन्तर्विरोधहरू चर्काउने, सामन्तवर्गका विरूद्ध वितृष्णा र घृणा पैदा गर्ने काम गरे । वर्गसङ्घर्षका गीतले वर्गीयरूपमा पञ्चायतलाई कमजोर बनाउने काम गर्‍यो । त्यसका निम्ति कलाकारहरू जेल बसे, यातना खेपे र कतिले मृत्युबरण समेत गरे । गीतको प्रभावले मालेको जनमत बढ्नु र जनसङ्गठन विस्तार हुनुले दलीय व्यवस्थाको सबलीकरण र पञ्चायती व्यवस्थाको क्षयीकरणमा सघाउ पुग्यो । कलाकारहरूले संस्कार र चलन परिवर्तनमा जोड दिए, सुरुवात आफैँबाट गरे । मानिसको संवेदनालाई समाउँदै विचारको कोठासम्म पुर्‍याउने काम गरे । प्रगतिशील गीतलाई जनतामा पुग्ने माध्यमका रूपमा अपनाउनुले राजनीतिक शक्ति निर्माणमा गीतको योगदान देखा पर्दछ । उक्त शक्ति मालेको सङ्गठन निर्माण प्रक्रिया हुँदै २०४६ को जनआन्दोलनमा मिश्रित हुन पुग्दा प्रजातन्त्रको पुनर्स्थापना गीतको योगदान देखा पर्न गयो । कम्युनिष्ट पार्टीको सङ्गठन कमजोर भएका ठाउँमा गीति कार्यक्रम गरी जनतालाई गीत सुनाएर पार्टी सेल्टर निर्माण गर्ने र त्यसमा अभिरूचि राख्नेहरूलाई क्षमता हेरेर क्रमिकरूपमा पार्टीमा जिम्मेवारी दिने गरिएबाट गीतले मालेको सङ्गठनात्मक प्रभाव विस्तारमा योगदान पुर्‍याएको तथ्य स्थापित हुन्छ । मार्क्सवादी सिद्धान्तअनुसार परिवर्तनको प्रक्रिया वर्गसङ्घर्षको निरन्तरताका रूपमा मात्रात्मकबाट गुणात्मक अवस्थामा रूपान्तरण हुँदै मानिसको अनुभूतिको तहमा, चेतनामा, चेतनाबाट व्यवहार हुँदै राजनीतिक जीवनमा प्रकट हुन पुग्यो । जातीय विभेदको जड माथिको प्रहारले दलितहरूप्रतिको दृष्टिकोणमा केही परिवर्तन ल्यायो । गीतले जनतासँग आत्मीयता, त्यसपछि सामाजिक चेतना, जागरण, सङ्गठनात्मक विकास र दलीय राजनीतिमा संलग्नताको प्रक्रिया हुँदै राजनीतिक परिवर्तनको दिशा समातेको स्पष्ट हुन्छ । प्रगतिशील गीतले वर्गचेतना दिँदै राजनीतिक चेतनामा प्रवेश गरी सांस्कृतिक-राजनीतिक मिश्रणसहितको शक्तिमार्फत राजनीतिक परिवर्तनको आन्दोलनमा योगदान पुर्‍याएको देखिन्छ । समाजलाई चेतना र विचारको माध्यमबाट जनमत निर्माण गर्दै त्यसको बलमा नेपालमा राजनीतिक परिवर्तनको आन्दोलनमा योगदान पुगेको तथ्य देखा पर्दछ । गीत क्रान्तिको निर्णायक तत्व होइन । लोकप्रिय सहयोगी सांस्कृतिक शक्ति हो । क्रान्तिको कार्यभार राजनीतिक शक्तिले मात्र पुरा गर्दछ । गीत, सङ्गीत राजनीतिक परिवर्तनको साधन, क्रान्तिको पृष्ठाधार निर्माण गर्ने तत्व हुन् । गीतले जनतालाई राजनीतिक क्रान्तिको कार्यभार पुरा गर्न सघाउँदछ । क्रान्तिका लागि जनशक्ति उत्पादन गर्ने, समाजको चेतना वृद्धि गर्ने, जनता, समाजलाई बाटो देखाउने मात्र काम गीत सङ्गीतले गर्दछ । राल्फा, सङ्कल्प र आस्थाका गीतले आन्दोलनमा खेलेको भूमिकाको दृष्टिकोणबाट हेर्दा राल्फाले सामाजिक चेतनामा वृद्धि, व्यवस्था विरोधी जनमत बढाउन मद्धत गर्‍यो भन्ने देखाउँछ भने सङ्कल्पले बहुदलको निम्ति जनमत निर्माण, राजनीतिक चेतना र जनशक्ति उत्पादनमा वृद्धि गर्‍यो भन्ने देखाउँछ । आस्थाले स्वतन्त्र, पार्टी निरपेक्ष रही जनआन्दोलनमा जनतालाई गोलबन्ध गर्ने, क्रान्ति उर्जा भर्ने र व्यवस्थाको क्षयीकरणलाई मद्धत पुर्‍याउने कार्य गरेको देखा पर्दछ । सैद्धान्तिक दृष्टिकोणबाट हेर्दा प्रगतिशील गीतले वैचारिकरूपमा मार्क्सवादी सिद्धान्तबाट प्रेरित वर्गसङ्घर्षलाई सहयोग पुर्‍याएको, त्यसखाले अन्तर्विरोध र अन्तरसङ्घर्ष चर्काउन भूमिका खेलेको देखाउँदछ । अनुसन्धान विधिको दृष्टिकोणबाट अध्ययनका सत्ता मिमांसीय, ज्ञान मिमांसीय र मूल्य मिमांसीय तत्वहरूलाई संश्लेषण गरेर हेर्दा सत्तामीमांसाका रूपमा प्रयुक्त गीत, तिनका शब्द, सङ्गीत, स्वर, संवेदनाले मानिसलाई राजनीतिक आन्दोलनमा लाग्न प्रेरित गरेको, यो मात्रात्मकबाट गुणात्मक शक्तिका रूपमा रुपान्तरित हुँदै आन्दोलनको प्रभावशाली औजारका रूपमा भूमिका खेलेको देखा पर्दछ । र राजनैतिक दृष्टिकोणबाट हेर्दा देशको मुलभूत राजनैतिक उपरीसंरचनाको परिवर्तनमा सहयोग पुर्‍यायो भन्ने देखिन्छ ।

गीतको कमजोरीको कुरा गर्दा, प्रगतिशीलहरू कतिपय वामपन्थीहरू बाटै आलोचित थिए । अस्तित्ववादी, अराजकतावादी सोच, व्यक्तिगत स्वतन्त्रताको उग्रधारणा, भावुकतापूर्ण आक्रोश, विद्रोही भावनाले राल्फामा केही विचलन देखा पर्‍यो । समयक्रमसँगै प्रगतिवादी चेतनाले राल्फालाई वैचारिकरूपमा सङ्गठित बनायो, तर नेकपाको विभाजन सँगै विभाजित हुन पुगे । राल्फा, सङ्कल्प पार्टी विवादले विभाजित हुनु, कलाकारहरूमा मतभेत सिर्जना हुनुले राल्फा र सङ्कल्पको शक्तिमा क्षयीकरणको अवस्था देखा पर्दछ । आस्था स्वतन्त्रढंगबाट अगाडि आयो, तर आफूलाई राष्ट्रव्यापी तुल्याउन सकेन । प्रजातन्त्र पछि उनीहरूले उठाएका आमूल परिवर्तनका अपेक्षाहरू पुरा हुन नसक्दा गीतले उठाएका प्रश्न स्वयम् उनीहरू तिरै उठान थाले । त्यसले गीति अभियान कमजोर बनायो, स्रष्टाहरूको क्रियाशीलतामा सिथिलता उत्पन्न हुन गयो । प्रजातन्त्र पछि केही स्रष्टाहरू प्रतिनिधि सभा, संविधान सभा, सङ्गीत तथा प्रज्ञा प्रतिष्ठान, नेपाल प्रज्ञा प्रतिष्ठान लगायतका राज्यको पूर्ण निकाय पुगे तर गीतले उठाएका मागहरूका

सम्बन्धमा प्रभावकारी सम्वोधन गर्न सकेनन् । गीतहरू कालजयी र बदलिँदो परिस्थितिअनुरूप नयाँ ढाँचामा रूपान्तरित हुन सकेनन् । उनीहरूका मुद्दाहरू जनआन्दोलन पश्चात् ओझेल पर्दा गीति आन्दोलनको शक्ति र प्रभाव तुलनात्मकरूपमा क्षीण हुँदै गयो । कलाकारहरूको निरिहतालाई राजनीतिक नेतृत्वले बुझ्न सकेन, जसले गर्दा कम्युनिष्ट पार्टीको सङ्गठन निर्माण र जनआन्दोलनमा प्रभावशाली भूमिका खेलेका उनीहरू पार्टीले संसदीय बाटो रोजे सँगै राजनीतिक नेतृत्वविहीन अवस्थामा पुगे । हाम्रो मुलुकमा भएको संसदीय अभ्यास मार्क्सवादी सिद्धान्त र विचारका दृष्टिकोण र प्रगतिशील गीतको भावले खोजेको आमूल सामाजिक परिवर्तनको दृष्टिले हेर्दा नेतृत्व दिशाहीनताको अवस्थामा रहन पुगेको छ । सम्बन्धित कलाकारहरूले समेत नेतृत्वसँग असन्तुष्ट रहँदै नेतृत्वको कार्यशैली परिवर्तनको आवाज उठाउन थालेको पाइन्छ । प्रगतिशीलहरूले खेपेका चुनौती र उनीहरूका कमजोरीका बाबजुत पनि नेपालको राजनीतिक परिवर्तन २०४६ (२०१७-२०४६) मा प्रगतिशील गीत, राल्फा, सङ्कल्प र आस्थाका योगदानहरू थिए भन्ने कुरा शोध अध्ययनका तथ्यहरूले देखाउँदछ । प्राप्त विवरण, विश्लेषण, तथ्य र सिद्धान्तहरूले आधारमा २०४६ को राजनीतिक परिवर्तनसम्मको प्रगतिशील गीतको योगदान भने अभिलेखीकरण गर्न योग्य ऐतिहासिक योगदानका रूपमा देखा पर्दछ ।

**ज्ञानको योगदान**

गीतले मुलुकको सामाजिक-सांस्कृतिक र राजनीतिक तिनै उद्देश्यका परिपूर्तिका निम्ति योगदान दिन्छ । गीत, सङ्गीतले मानिसमा विभिन्न खालका शारीरिक, मनोवैज्ञानिक, भावनात्मक, मानसिक र व्यावहारिक आचरण आदिमा सकारात्मक प्रभाव पार्दछ । समाजको सचेत समुदायलाई प्रयोग गरी राजनीतिक परिवर्तनको एउटा गन्तव्य देखाएर राजनीतिलाई अर्को दिशामा लगेर विसर्जन गर्ने राजनीतिक नेतृत्वको कार्यले राजनीतिमा अवसरवादलाई जन्माउँदछ भन्ने ठहर हुन गएको छ । गीति संवेदनाको प्रयोगमार्फत प्राप्त जनविश्वास उपर राजनीतिक शक्तिको निर्माणमा राजनीतिक नेतृत्वमा देखिएको सैद्धान्तिक विचलनले समाजमा निराशा, निष्क्रियता तथा दिशाहीनताको अवस्था जन्मन्छ भन्ने सिद्धान्तको अभिलेख राख्न मद्दत गरेको छ । राजनीतिक नेतृत्वले नीति सिद्धान्त विचार अनुरूपको व्यवहार प्रदर्शन गर्न सकेन भने राजनीतिक सहयोगीहरू सँगको सम्बन्धमा क्रम भङ्गताको अवस्था देखा पर्छ । त्यसले सरोकारवाला पक्षहरूमा निराशा, निष्कृयता, र असन्तुष्टि जन्माउँछ भन्ने कुराको अभिलेख राख्न सकिन्छ । राजनीतिक नेतृत्वले राजनीतिक परिवर्तनको एउटा गन्तव्य देखाएर राजनीतिलाई अर्को दिशामा मोड्ने प्रयत्नले राजनीतिक सहयोगी अङ्गहरू बीचको सन्तुलनमा अस्थिरता उत्पन्न हुने गर्दछ । प्रस्तुत अध्ययन प्रगतिशील गीतको अध्ययन गर्न चाहने जो कोहीका लागि उपयोगी छ ।

**भविष्यमा गर्न सकिने अनुसन्धानका विषयहरु**

नेपालको राजनीतिक परिवर्तनमा प्रगतिशील सांस्कृतिक संस्थाहरूको योगदान ।
वेदना, इसास, रक्तिम परिवार, सामना परिवार, आदिका योगदानका विषयहरू ।
२०५२-६२ को माओवादी सशस्त्र विद्रोहको कालखण्डमा प्रगतिशील गीतको योगदान ।

## References


Afanasyev, V. G. (1980). *Marxist philosophy.* (Translated by David Fidlon). Moscow: Progress Publishers.

Brown, T. L., and W. Reaper. (1996). *The challenge to democracy in Nepal: A political history.* London: Routledge.

Grandin, I. (1996). To change the face of the country: Nepalese progressive songs under Panchayat democracy. *Journal South Asian Literature*. 29(1): 175-189

Pokharel, R. K. (2007), *The communist movement in Nepal: A historical study on the communist party of Nepal (ML-UML).* Kathmandu: Unpublished Ph.D dissertation. Tribhuvan University

Stir, A. (2017). *Singing across divides: Music and intimate politics in Nepal*. Oxford: Oxford University Press.

# अध्याय : एक

# अनुसन्धानको परिचय

## १.१ पृष्ठभूमि

नेपालको राजनीतिक प्रणालीमा विभिन्न समयमा परिवर्तनहरू हुँदै आएका छन् । २००७, २०१७, २०४६, २०६३ मा नेपालमा विभिन्न राजनीतिक परिवर्तनहरू भए । २०१७ को परिवर्तनलाई छोडेर हेर्ने हो भने ती परिवर्तनहरूमा राजनीतिक दलहरूको निर्णायक भूमिका रह्यो । २०१७ को राजनीतिक परिवर्तन कुनै जनआन्दोलन वा क्रान्तिद्वारा नभई राजाको इच्छामा भएको थियो । यसर्थ, २०१७ बाहेकका राजनीतिक परिवर्तनहरूमा समाजका विभिन्न वर्ग तह, तप्का, समुदाय, संस्था, व्यक्ति र नागरिकहरूको उल्लेख्य भूमिका रह्यो । त्यसै भूमिका भित्र नेपालका लेखक, कलाकार र साहित्यकारहरूको समेत योगदान रहेको पाइन्छ । विशेष गरी नेपालको राजनीतिक परिवर्तन (२०४६) मा मार्क्सवादी विचारधाराबाट प्रेरित नेपालका प्रगतिशील कलाकार र तिनका गीतहरूको योगदान निकै महत्त्वपूर्ण मानिन्छ । नेपालमा २९ वर्ष शासन चलाएको निर्दलीय पञ्चायती व्यवस्था विरूद्ध जनतालाई जागृत गर्ने र व्यवस्था विरोधी जनमत निर्माण गर्ने काममा प्रगतिशीलहरूले आफ्ना सिर्जनात्मक शक्तिको प्रयोगमार्फत के कस्तो योगदान पुऱ्याएका थिए भन्ने कुरालाई यस अध्ययनले अनुसन्धानको मूल विषयवस्तु बनाएको छ । उक्त समस्याको निरूपणका निम्ति "नेपालको राजनीतिक परिवर्तनमा प्रगतिशील गीतहरूको योगदान" अध्ययनको मूल शीर्षक तय गरिएको छ । यस अध्ययनका मुलभूत चरहरू, पञ्चायती व्यवस्था, राजनीतिक परिवर्तन र प्रगतिशील गीत हुन् । नेपालको कम्युनिस्ट आन्दोलनसँग जोडिएको यो अध्ययन मूलतः राजनीति शास्त्रको अन्तर्विषयक अध्ययन हो । यस अध्ययनले कम्युनिस्ट आन्दोलनमा विभक्त अनेक कम्युनिस्ट घटकहरूमध्ये २०२८ को झापा विद्रोह र त्यसको भावभूमिमा निर्माण भएको मार्क्सवादी लेनिनवादी साहित्यिक सांस्कृतिक गीति धारको प्रतिनिधित्व गरेको छ । भूमिगत कम्युनिस्ट पार्टी नेकपा (माले) निकट गीति सङ्घटक संस्थाहरू (राल्फा, सङ्कल्प र आस्था) ले नेपालमा पञ्चायती व्यवस्था प्रादूर्भाव भएदेखि प्रजातन्त्रको पुनर्स्थापना (२०१७-२०४६) सम्मका विभिन्न कालखण्ड र जनआन्दोलन २०४६ मा पुऱ्याएको योगदानलाई हेर्ने प्रयत्न गरिएको छ । यस अध्ययनका प्रमुख चरहरू-पञ्चायती व्यवस्था, राजनीतिक दल नेकपा (माले), राजनीतिक परिवर्तन र प्रगतिशील गीतहरू हुन् ।

नेपालमा 'पञ्चायत' भन्ने बित्तिकै मानिसहरू पञ्चको व्यवस्थालाई बुझ्ने गर्छन् । २०१७ बाट सुरु भएको राजनीतिक व्यवस्थालाई पञ्चायती व्यवस्थाका रूपमा बुझ्ने गरिन्छ । वास्तवमा 'पञ्चायत' शब्द नेपालको इतिहासमा २०१७ सँग मात्र जोडिँदैन । नेपालको इतिहासमा प्राचीन, मध्यकालीन तथा आधुनिक तीनै कालखण्डमा पञ्चायतको चलन रहेको देखिन्छ । प्राचीन लिच्छवीकालीन नेपाल, मध्यकालीन नेपाल र त्यसको वरपरको नेपालमा पनि पञ्चायत भन्ने कुरा

ग्रामीण झगडाको मिलापत्र गर्ने, गराउने, पञ्चायतको ठुलो पदमा मुखिया छानिने, आदि अनेकौं कुरा ग्रामीण न्याय प्रशासनसँग सम्बन्धित थियो । "न्याय प्रशासनको तल्लो तहमा पञ्चायत वा पञ्चकचहरी' हुन्थ्यो र तिनका सदस्यहरू 'पञ्चप्रधान' कहलिन्थे," (बज्राचार्य, २०३०, पृ. १३१) । गाउँको प्रशासन तल्लो प्रशासन थियो, त्यसलाई 'पञ्चाली' भनिन्थ्यो । त्यही पञ्चालीलाई पञ्चायत भन्ने गरिन्थ्यो । "ग्रामपञ्चालीको सदस्य स्थानीय पाँच बूढापाकाले स्थानीय विवाद समाधान गर्ने, कर उठाउने, चोरी, डकैती, हत्या, व्यभिचार र विवाह विच्छेद जस्ता पञ्चपराध हेर्थे," (अधिकारी, गोरखापत्र, बैशाख १४, २०७८) । तसर्थ पञ्चायत शब्द नेपालको सन्दर्भमा आफैंमा नयाँ भने थिएन । तर प्राचीन तथा मध्यकालीन नेपालमा केन्द्रीय शासन व्यवस्थाको रूपमा भने यो परिचित थिएन । राजा महेन्द्रले २०१७ पुस १ गतेको राजनीतिक कदम उठाएपछि पञ्चायतलाई केन्द्रीय व्यवस्था प्रणालीअनुरूप परिचित गराइयो । यसबारेमा चौथो अध्यायको प्रारम्भमै केही विस्तृत अध्ययन गरिएको छ ।

नेपालको राजनीतिक इतिहासलाई नियाल्दा, राजा पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्नु अघि बाइसे चौबिसे राज्यहरू थिए । एकीकरणको क्रममा पृथ्वीनारायण शाहले नुवाकोट (१८०१), मकवानपुर (१८१९), कीर्तिपुर (१८२२, चैत ३) हुँदै १८२५ मा काठमाडौँ उपत्यका विजयप्राप्त गरेको पाइन्छ । १८३१ मा पृथ्वीनारायण शाहको निधन पछि एकीकरणको अधुरो कामलाई उनका कान्छा छोरा बहादुर शाहले पूरा गर्दै गएका थिए । नेपालको सीमाना पूर्वमा टिष्टा पश्चिममा काँगडासम्म फैलियो । बहादुर शाहको निधनपछि भीमसेन थापाका सेनाले नेपालको सीमाना पश्चिममा सतलजसम्म पुऱ्याएको पाइन्छ । सन् १८१५ मा नेपाल अङ्ग्रेज बीचको सुगौली सन्धिमा नेपालले करिब एक तिहाई भूभाग गुमाउनु परेको थियो । राजनीतिक विकासक्रममा कोतपर्व (१९०३ आश्विन १) पछि शक्ति हत्याउँदै जङ्गबहादुर देशको प्रधानमन्त्री तथा प्रधानसेनापति बन्न पुगे । तर उनको शासनकालमा देशमा त्यस्तो कुनै राजनीतिक परिवर्तनका प्रयासहरू हुन सकेको देखिँदैन । २००७ को क्रान्तिको परिवेशमा शासकीय शोषण, उत्पीडन र अन्यायका विरूद्ध स्रष्टाहरूले निरन्तर शासकहरूको खबरदारी गरेको पाइन्छ । "क्रान्तिविना शान्ति हुँदैन' भन्ने कविता लेखेका कारण ६ वर्ष बन्दी जीवन बिताएका सिद्धिचरण श्रेष्ठले राणा विरोधी आन्दोलनमा राणाहरूको सामन्ती सत्ता पल्टाउने कार्यमा योगदान गरे," (बज्राचार्य, सन् २०१७) । प्रजापरिषद् (१९९४), नेपाली नागरिक अधिकार समितिको स्थापना र शहीद पर्व, (१९९७), २००४ को विराटनगर मजदुर हड्ताल, २००६ मा नेपाल कम्युनिस्ट पार्टी र नेपाली काँग्रेसको स्थापनाआदि २००७ को क्रान्तिका राजनीतिक पृष्ठभूमिका रूपमा रहेका छन् । यिनै राजनीतिक घटनाहरू र क्रान्तिमा जनताको अभूतपूर्ण सहभागिताको कारण २००७ फागुन ७ गते जहानिया राणा शासन ढल्यो र नेपालमा प्रजातन्त्रको स्थापना हुन पुग्यो । तर २००७ को क्रान्तिपछि पनि राजनीतिक स्थिरता भने हुन सकेन । यस दिशामा २००८ मा प्रगतिशील लेखक सङ्घको स्थापना प्रगतिवादी प्रगतिशील साहित्यिक

आन्दोलनको एक महत्त्वपूर्ण घटनाको रूपमा रहेको पाइन्छ । राजनीतिक विकासक्रममा २०१५ मा भएको आमचुनाव पछि दुई तिहाइको बहुमतसहित नेपाली काँग्रेसको सरकार बन्यो । तर, राजतन्त्रतर्फ फर्काउने राजाको अप्रजातान्त्रिक कदमले मुलुक एकात्मक र निर्दलीय पञ्चायती व्यवस्थातर्फ अग्रसर हुन पुग्यो ।

यस अध्ययन समस्याको प्रारम्भ २०१७ को राजनीतिक घटनाबाट सुरु हुन्छ । राजाले २०१७ पुस १ गते संसदीय प्रजातन्त्र अपदस्त गरे पछि दलविहीन पञ्चायत व्यवस्थाको प्रादुर्भाव भयो । राजाको उक्त कदम र पञ्चायत व्यवस्थाका विरूद्ध अनेकन सङ्घर्षका प्रयासहरू भए । “२०२८ को झापा विद्रोह, २०३५-०३६ सालको विद्यार्थी आन्दोलन, २०४६ को जनआन्दोलनलाई सफल बनाउन कविहरूले भूमिका खेलेका थिए,” (सुवेदी, २०६२, पृ. ३१) । २०४२ मा रामराजाप्रसाद सिंहले गरेको राजतन्त्र विरूद्धको सशस्त्र सङ्घर्ष लामो समय टिकेन । राष्ट्रिय पञ्चायतमा समेत बहुदलको माग उठ्यो । यस्तो परिस्थितिमा निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापनाको माग लिएर २०४६ फागुन ७ बाट नेपाली काँग्रेस, वाममोर्चा र अन्य वामशक्तिहरू मिलेर पञ्चायत विरुद्ध जनआन्दोलन अघि बढाए । ३ चरणको सशक्त आन्दोलनको दबाब खेप्न नसकेका राजाले चैत्र २६ गते नेपाली काँग्रेस र वाममोर्चाका प्रतिनिधिसँग वार्ता गरे । उक्त वार्ताले संविधानबाट निर्दलीयता शब्द हटाई दलमाथिको प्रतिबन्ध खारेज गऱ्यो र ३० वर्षे दलीय प्रतिबन्ध हट्न पुग्यो । जनआन्दोलनले पञ्चायती व्यवस्थाको अन्त्य गरायो र मुलुकलाई प्रजातान्त्रिक संसदीय व्यवस्था सुम्पियो । उक्त जनआन्दोलनमा प्रगतिशील विचारधारामा आस्था राख्ने मूलतः मार्क्सवादी विचारधाराबाट प्रेरित साङ्गीतिक घटकहरू राल्फा, सङ्कल्प र आस्थाका प्रगतिशील गीतहरूले महत्त्वपूर्ण सहयोग गरेको पाइन्छ । खासगरी जातीय, वर्गीय तथा लैङ्गिक शोषण, उत्पीडन र सामाजिक विभेदका विरूद्ध राजनीतिक चेतनाको विस्तार, नेपाल कम्युनिस्ट पार्टी (माले)को पार्टी सङ्गठन विस्तार, जनमत निर्माण र मुलुकको प्रजातान्त्रिकीकरणको अभियानलाई मद्धत गरेको पाइन्छ ।

प्रगतिशील गीत मार्क्सको द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादमा आधारित छ । मार्क्सवादी-लेनिनवादी पार्टीको विश्व-दृष्टिकोण द्वन्द्वात्मक भौतिकवाद हो, जसले प्रकृतिका घटनाहरूप्रति द्वन्द्वात्मक दृष्टिकोण अपनाएको हुन्छ । श्रमप्रति आस्था जगाउने, सर्वसाधारण जनताको पृष्ठपोषण गर्ने, तुलनात्मक रूपमा सुधार गर्ने वा परिवर्तनको विचारसँग सहमत रहने, त्यसलाई अँगाल्ने वा प्रयत्न गर्ने, प्रोत्साहन गर्ने खालका गीतलाई प्रगतिशील गीत भन्ने गरिएको पाइन्छ । उक्त सिद्धान्तले उत्पादनका माध्यमहरूमा सामाजिक स्वामित्वबाट वर्गविहीन समाज स्थापना गर्ने सङ्कल्प प्रस्तुत गर्दछ, जसलाई सामान्यतया कम्युनिस्ट विचारधाराका रूपमा लिइने गरिन्छ ।

रसियन अक्टुबर क्रान्ति, (सन् १९१७), चिनियाँ नौलो जनवादी क्रान्ति (सन् १९४९), पेरिस कम्युन (१८७१, मार्च १८- १८७१, मे २८), भियतनाम र क्युबाका युद्धहरू, भारतीय स्वतन्त्रता सङ्ग्राम (१९४७, अगस्त १५) आदिको प्रभावले नेपालमा प्रगतिशील गीत, साहित्य, सिर्जनाको भावभूमि निर्माणमा सहयोग गरेको पाइन्छ । प्रगतिशील गीत सैद्धान्तिक रूपमा मार्क्सवादी विचार दर्शन, सिद्धान्तमा आधारित साहित्यको एउटा रूप हो । यसर्थ, मार्क्सवादलाई विचार दर्शनका रूपमा स्वीकार गर्ने, आफ्नो साङ्गीतिक कला, सिप र सिर्जनालाई मूलतः सर्वहारावर्गको मुक्तिका लागि प्रयोग गर्ने सङ्गीतकर्मीहरूलाई प्रगतिशील र उनीहरूले गाएका गीतहरूलाई प्रगतिशील गीत मानिएको छ । प्रगतिशील गीतको मूल प्रवृत्ति भनेको जनताको अधिकारलाई व्यक्ति-व्यक्तिसम्म पुऱ्याई सबै किसिमका विभेदको अन्त्यका लागि जनतालाई सचेत तुल्याउनु रहेको पाइन्छ ।

पञ्चायती व्यवस्थाको प्रादुर्भाव भए पछि राजनीतिक दलहरूमाथि प्रतिबन्ध लागे । जनताका वाक् स्वतन्त्रता र मौलिक अधिकारहरू समेत खोसिन पुगे । यस्तो अवस्थामा मुलुकमा पञ्चायत व्यवस्थालाई हुर्काउनु पर्छ र त्यसलाई फाल्नु पर्छ भन्ने दुई विचारका बीच राजनैतिक ध्रुवीकरण सुरु भयो । संसदीय प्रजातन्त्रको पुनर्स्थापनाका निम्ति अनेकन खाले सङ्घर्ष र आन्दोलनहरू भए । प्रजातान्त्रिक र वामपन्थी शक्तिहरूले भूमिगतरूपमै पञ्चायत विरोधी गतिविधि सुरु गरे । तर धेरै जसो राजनीतिक नेताहरू जेल र निर्वासनमा भएकोले व्यवस्था विरोधी गतिविधिले प्रभावकारी रूप लिन सकेन । राजाले 'फुटाउ र शासन गर' को नीति लिए पछि राजनीतिक दल र तिनका कतिपय नेताहरूलाई प्रलोभनमा परे । पञ्चायत विरोधी शक्तिहरू कमजोर रहेको अवस्थामा साहित्यिक, सांस्कृतिकरूपमा प्रगतिशील गीत गाउने क्रम सुरु भयो । यही क्रममा रेडियो नेपालमा पूर्व राल्फाका गायक सङ्गीतकारहरूका गीत प्रतिबन्ध र सेन्सरमा परेको पाइन्छ । २०२४ मा राल्फा स्थापना हुनु अघि उक्त समूहका कलाकारहरूलाई यस शोधमा पूर्वराल्फा भनिएको छ । रेडियो नेपालमा आर्थिक शोषणमा परेका रामेश रायनहरूले विद्रोह गरेको देखिन्छ । खासगरी उनीहरूले गाएका गीतहरूको पारिश्रमिक मेलोमेतोमा अन्य केही कर्मचारीले किर्ते गरी खाइदिएकोमा रेडियो नेपाल उपर मुद्दा समेत हालेर त्यहाँबाट विद्रोह गरी बाहिरिएका थिए । सोही विद्रोही युवाहरूले २०२४ मा राल्फा नामक एक साहित्यिक, सांस्कृतिक संस्थाको स्थापना गरे । मञ्जुलका अनुसार राल्फा २०२४ सालमा गठन भएको थियो । यसको उद्देश्य- "अहिले समाजमा राम्रो छैन, यसलाई परिवर्तन गर्नुपर्छ भन्ने थियो," (२०७६, व्यक्तिगत कुराकानी) । "कतिपय समालोचकहरूले राल्फाको गर्भाधान रेडियो नेपालमै भएको थियो," (धाइबा, २०७३ चैत ८ गते) भनेका छन् । यसर्थ, रेडियो नेपालसँगको असन्तुष्टि र अन्तर्विरोधका कारण राल्फा गठनको भावभूमि तयार भएको थियो भनेर मान्न सकिन्छ ।

पश्चिमा विद्रोही कवि, साहित्यकार र गायकहरूबाट प्रभावित उनीहरू आफूलाई 'राल्फा सन्तती' भन्दथे । 'राल्फा' शब्दको व्युत्पत्ति कुनै खास अर्थका साथ भएको थिएन । उनीहरूका

नामहरू नौला थिए-*रामेश, रायन, अरिम, मञ्जुल, रसिक, सिसाल, सिरोज सोनोभ, सिमोस, रेमन राकेला, नोरेम निगेसा, निरन, विमल* आदि (मञ्जुल, व्यक्तिगत कुराकानी, २०७६, १२/२०) । त्यस्मा मूल कलाकारहरू - रामेश, मञ्जुल, रायन, अरिम चार जना थिए । वर्तमानमा चलिरहेको सङ्गीतको शैली भन्दा भिन्न प्रकारका साहित्यिक गीत, लोकगीत, मौलिक गायनले उनीहरू पारिजात, भूपि शेरचन, गोविन्द भट्ट, आनन्ददेव भट्टदेखि प्रजातान्त्रिक खेमाका अनेकन् व्यक्तित्वहरू समेत राल्फाबाट प्रभावित भए र प्रेरणा थपिदिए । २०२५ सालतिर महेन्द्र पुलिस क्लबमा आयोजित 'निलो जून' शीर्षकको गीति कार्यक्रमबाट राल्फाले आफ्नो साङ्गीतिक अभियानको थालनी गरेको थियो," (चक्रपथ, ३२ असार २०७९) । उनीहरू देशमा व्याप्त अन्याय, अत्याचार, असमानता र सामन्ती प्रथाको विरोध गर्थे ।

मार्क्सवादीहरूबाटै आउनसक्ने सम्भावित प्रश्नहरूको उत्तर खोज्नेक्रममा उनीहरूले मार्क्सवादको अध्ययन गर्दै जानेक्रममा उनीहरू कम्युनिस्ट विचारप्रति आकर्षित हुँदै गएका थिए । सुरुको अवस्थामा अस्तित्ववादी चिन्तन, अराजकतावादी सोच, व्यक्तिगत स्वतन्त्रताको उग्रचाहना, भावुकतापूर्ण आक्रोश, सामाजिक असन्तुष्टि, परिवर्तनको चाहना मिश्रित राल्फाको लोकप्रियता बढ्दै जाँदा २०३० मा राल्फा कम्युनिस्ट घटक कोअर्डिनेसन केन्द्र (कोके) को निकट पुगेको पाइन्छ । पुर्वाञ्चलका गाउँघरमा उनीहरूका गीतहरू गुञ्जन थालेपछि उनीहरूलाई फकाएर काठमाडौँ नै फर्काउन खोजेका थिए । उनीहरू मानेनन् । उनीहरूलाई धम्क्याइयो । त्यसलाई पनि वास्ता गरेनन् । जस्तो सुकै प्रतिकुल अवस्थामा पनि उनीहरू आफ्नो यात्रामा अविचलित बनेको अवस्था देखापर्दछ । प्रशासनका अनेक चुनौती सहँदै गाउँमा चेतनाको लहर ल्याउँदै गए । २०३१-३२ तिर झापा आन्दोलनबाट अघि बढ्दै गरेको अवस्थामा अखिल नेपाल कम्युनिस्ट क्रान्तिकारी कोअर्डिनेसन कमिटी (माले), कोकेले ताप्लेजुङ इलामका गाउँहरूमा राल्फालाई पुऱ्याएको पाइन्छ । उक्तक्रममा प्रशासनले पक्राउ गर्ने, तारिखमा छोडिदिने, दुःख दिने गरेको देखिन्छ ।

राल्फाले मूलतः श्रमजीवी र सर्वहारावर्गको पक्षमा गीत गाएको थियो । उनीहरूका कतिपय गीतमा उपनिवेशवाद, सामन्तवाद, साम्राज्यवाद विरोधी भावना समेत थियो । २०३१ मा राल्फा विभाजित भयो । नेकपा (चौम) को मातहत वेदना र अखिल नेपाल कम्युनिस्ट क्रान्तिकारी कोअर्डिनेसन कमिटी (माले) को मातहतमा राल्फा अगाडि आयो । २०३५ मा विभिन्न कम्युनिस्ट घटकहरूसँग एकीकरणसहित कोके (माले), नेकपा (माले) का रूपमा नेपालको सबैभन्दा ठुलो कम्युनिस्ट पार्टी बनेर नेपाली राजनीतिमा उदायो । "नेकपा (माले) ले आफ्नो स्थापनासँगै विघटित राल्फाका मूल कलाकारहरूलाई समेटेर सङ्कल्पलाई पार्टी जिल्ला कमिटी बराबरको मान्यता समेत दिइएको थियो," (सुब्बा, २०७६, व्यक्तिगत कुराकानी) । रामेश, मञ्जुल, शम्भु राई लगायतका कलाकारहरू जनमत सङ्ग्रहको केही खुकुलो अवस्थाको उपयोग गर्दै गाउँगाउँमा सङ्कल्प गीति

कार्यक्रम गर्दै हिँडे । गाउँमा सङ्कल्प गीतले समाजमा विद्यमान शोषण उत्पीडन, अन्याय, अत्याचार, असमानता, विभेदहरूका विरूद्ध जनतालाई सचेत र जागृत गरे । 'यसपालीको चुनावमा निर्दल चुन्नु हुन्न' जस्ता बहुदलीय व्यवस्थाको प्रचारका गीतहरू समेत गाएर बहुदलीय व्यवस्थाको समर्थनमा जनमत निर्माण गर्ने काम गरेको पाइन्छ । सङ्कल्पले मालेको पार्टी सङ्गठन विस्तार गर्न र जनशक्ति निर्माणमा योगदान दिएको देखिन्छ । सङ्कल्पले २०३६ साउन महिनामा विराटनगरको हिमालय टाकिजमा पहिलो सङ्कल्प गीति कार्यक्रम प्रस्तुत गऱ्यो । उक्त कार्यक्रमको गीति क्यासेट तयार गरी देशका अधिकांश स्टेशनरी पसलमा गोप्यरूपमा बिक्रीमा राखिएपछि ती गीतको लोकप्रियता र प्रभाव देशव्यापीरूपमा बढेर गएको पाइन्छ । "पञ्चायती प्रशासनले गीत गाउने कलाकारहरूलाई थुनछेक गर्ने, कार्यक्रममा आक्रमण र हस्तक्षेप गर्ने, पक्रिने यातना दिने र गीति क्यासेट बेच्ने बिक्रेताहरूलाई समेत पक्राउ गर्न थाल्यो," (कार्की, २०७६, व्यक्तिगत कुराकानी) । सुन्ने स्रोतालाई पनि धम्क्याउन थालेपछि ती गीतहरू झन्झन् फैलँदै त्यसबाट नेकपा (माले) को समेत लोकप्रियता बढेर गएको देखिन्छ । यसले मालेलाई गाउँमा सङ्गठन शक्ति विस्तार गर्न सहयोग पुग्यो । पञ्चायत विरोधी जनमत बढ्दै गयो । मालेले पार्टी सङ्गठन कमजोर भएका ठाउँमा सङ्कल्प गीति कार्यक्रमगरी त्यसको प्रभावमा आधार इलाका, पार्टी युनिट र सङ्गठकहरू तयार गर्दै जाँदा मुलुकको वामपन्थीकरणमा सहयोग पुगेको पाइन्छ ।

२०३९ मा नेकपा (माले) को आन्तरिक जीवनमा राजनीतिक विवाद देखापरेको पाइन्छ । पार्टी स्वतन्त्रता कि राजनीतिक स्वतन्त्रता ? भन्ने कार्यनीतिक विवादमा पार्टी स्वतन्त्रताको पक्ष लिएका सङ्कल्पका कलाकार रामेश, मञ्जुल पार्टी कारबाहीमा परेपछि सङ्कल्प परिवारको विघटन हुन पुग्यो । उनीहरूले २०४४ मा आस्था परिवार गठन गरे । २०४४ मै पार्टीले राष्ट्रिय जनसांस्कृतिक मञ्च नामक सांस्कृतिक संस्था स्थापना गऱ्यो । रामेश र मञ्जुल बीचमा पनि मनमुटाव हुँदा मञ्जुलले आफूलाई स्वतन्त्र बनाए । रामेशले नयाँ पुराना कलाकारहरू सङ्गठित गरेर *आस्था* मार्फत गीति कार्यक्रमहरू अघि बढाए । आस्था परिवार, राल्फा, सङ्कल्पका पुराना र नयाँ कलाकारहरू मिलेर बनेको स्वतन्त्र गीति अभियान थियो । *'स्वस्थ, सुन्दर र सार्थक गीत सङ्गीतको सिर्जना'* मूल परिचय बोकेको आस्थामा रामेश, अरिम, ओम श्रेष्ठ, आभास, गोविन्द, भरत, अविरल, भीव, सौरभ, टीका आदि कलाकार संलग्न थिए । उनीहरूले *'हाम्रा स्वरहरू'* (२०४६), *'क्षितिजको अङ्गालोमा'* (२०४६), लगायत दर्जनौं कार्यक्रम प्रस्तुत गरे । जनताको जीवन, सांस्कृतिक मूल्य, सङ्घर्ष र परिवर्तन झल्काउने नयाँ साङ्गीतिक रचना, सिर्जना गरी राजनीतिक परिवर्तनप्रति जनताको आशा जगाउने काम गरेका थिए । "जनआन्दोलनमा पक्राउ परेका कवि कलाकारमध्ये आस्थाका रामेश, शार्दूल भट्टराई सबैभन्दा बढी समय प्रहरी हिरासतमा राखियो । जनता भाँड्ने गीत गाउने भन्दै प्रहरीले उनीहरूलाई धम्क्याएका थिए," (रामेश, २०७६) । व्यवस्थाले सिर्जना गरेका निरङ्कुश र एकदलीय चरित्रको अन्त्य र प्रजातन्त्रको पुनर्स्थापनाका निम्ति जनआन्दोलनमा जुटिरहन

जनतालाई आह्वान गरेका थिए । आस्थाका गीतमा परिवर्तनको आग्रह, सार्थक जीवनको चित्रण, एकताको निम्ति अपिल, परिवर्तनप्रतिको व्यग्रता, युवा विद्रोहको आह्वान, देशभक्ति भावना उद्‌बोधन, क्रान्तिबोध जस्ता विषयवस्तु रहेको पाइन्छ ।

आस्था परिवारका गीतले जनआन्दोलन २०४६ मा जनतालाई निर्दलीय पञ्चायती व्यवस्था विरूद्ध लड्न प्रेरित गर्दै क्रान्तिकारी भावना पैदा गर्ने काम गरेका थिए । उनीहरूले केही अन्तर्राष्ट्रिय समाजवादी आन्दोलनका समेत गीत गाएर आफूलाई राजनीतिक परिवर्तनको हिमायतीका रूपमा चिनाएका थिए । पुरानाको ठाउँमा नयाँको प्रतिस्थापनमा जोड दिएका थिए । व्यवस्था विरुद्ध गीत गाउँदा राल्फा, सङ्कल्प, आस्थाका कलाकारहरूले जेलनेल र यातनासमेत भोगेका थिए । प्रशासनका हस्तक्षेप र विभिन्न आक्रमणहरू सहेका थिए । जुनसुकै रूपमा रहे पनि जिउ ज्यानको पर्वाह नगरी तिसौँ वर्ष व्यवस्था विरोधी सङ्घर्षमा लागिरहे । उनीहरूले गाएका गीतमा के त्यस्ता विषयवस्तु थिए, जसको कारण व्यवस्थामाथि निरन्तर दबाब सिर्जना गऱ्यो, उनीहरू माथि सत्ता निरङ्कुश दमनमा उत्रियो र पञ्चायती सत्ताले निरन्तर हस्तक्षेप, आक्रमण, जेलनेल, ज्यादतिका घटनाहरूको पुनरावृत्ति गरिरह्यो । प्रगतिशील गीत सुनेर मानिसहरूमा वैचारिक धारणाको विकास हुनु र गीतले आत्मसात् गरेको विचार र भावले उनीहरूमा वैचारिक रूपान्तरण हुनु र गीतको विचार पछ्याउँदै कम्युनिस्ट पार्टी र सङ्गठनमा असङ्ख्य मानिसहरू आवद्ध हुनुले प्रगतिशील गीतमा वैचारिक चेतना अन्तर्निहित रहेको कुरा स्पष्ट हुन जान्छ । ती गीत सुनेर मानिसले कम्युनिस्ट विचारधारालाई पछ्याउनु, कम्युनिस्ट पार्टीको सङ्गठनमा प्रवेश गरेर दलीय प्रणालीमा भूमिका खेल्नु र पञ्चायतकालीन गीतका अन्तर्वस्तुले राजनीतिक परिवर्तनमा भूमिका खेल्नुले नेपालको राजनीतिक परिवर्तनमा प्रगतिशील गीतको योगदान राजनीतिक प्रश्नका रूपमा उठान हुन पुग्दछ । यसै प्रश्नलाई यस अध्ययनले समस्याका रूपमा ग्रहण गरेको छ । प्रगतिशीलहरूका गीत र उनीहरूका अभियानहरू कसरी नेपालको कम्युनिस्ट आन्दोलन र खासगरी नेकपा (माले) को पार्टी सङ्गठन विस्तारका आधारहरू बने, तिसौँ वर्ष उनीहरूले उठाएका गीति मुद्दाहरूले नेपालको राजनीतिक परिवर्तनमा के कस्तो योगदान पुऱ्याएका थिए भन्ने प्रश्नहरूको आधारमा यस अनुसन्धानका उद्देश्य र प्रश्नहरू निर्माण गरिएका छन् । प्रस्तुत अध्ययनले सोही समस्याको निरूपणका निम्ति नेपालको राजनीतिक परिवर्तन ( २०४६) मा राल्फा, सङ्कल्प र आस्था गीतहरूको योगदानको अध्ययन गर्ने प्रयास गरिएको छ ।

## १.२ समस्याकथन

समस्याकथन अध्ययन अनुसन्धानको एक महत्त्वपूर्ण कार्य हो । यस अनुसन्धानमा अनुसन्धान समस्यालाई अनुसन्धेय समस्यागत विषयको रूपमा ग्रहण गरिएको छ । समस्याकथनलाई अनुसन्धान विषयका रूपमा सङ्क्षिप्तमा प्रस्तुत गरिएको छ । अनुसन्धान समस्या अनुसन्धानकर्ताले अध्ययनका क्रममा सैद्धान्तिक तथा व्यावहारिक रूपमा देखापरेका केही कठिनाई र समस्याहरूको

समाधान पहिल्याउनका लागि गरिने खोजी कार्य हो । समाधानका लागि प्रस्तुत गरिने प्रस्तावित प्रश्न समेत हो । यो अध्ययन किन गरियो भन्ने विषयलाई समेत स्पष्ट पारिएको छ । यसरी समस्याको छनौट गर्दा केही रुचिको विषयवस्तु, केही समाजमा योगदान दिन सक्ने विषयवस्तु, केही मौलिक विषयवस्तुमा ध्यान पुऱ्याइएको छ । समस्या छनौटलाई अध्ययनको प्रस्थान विन्दु मानिएको छ ।

राजनीतिक परिवर्तन (२०४६) मा प्रगतिशील गीतको योगदानमा केन्द्रित रहेर अध्ययन अनुसन्धान गर्नुपर्ने मूलकारण यस क्षेत्रमा देखिएको ज्ञानको रिक्तता नै हो, जुन रिक्तताबाटै यो अध्ययनको आवश्यकता महशुस हुन पुगेको हो । जहाँ ज्ञानको रिक्तता हुन्छ, त्यहाँ प्रवेश गरी नयाँ ज्ञान उद्घाटित गर्नु अनुसन्धाताको मूल कार्य हो, त्यसैका लागि नै यो अध्ययन आवश्यक भएको हो । उद्देश्यअनुरूप समस्या समाधानका हेतु प्राप्त प्रमाण, तथ्यगत ज्ञान र हिजोको यससम्बन्धी अस्तित्वमा रहेको ज्ञानमा ठुलो अन्तर महसुस गरिएको छ । यस अध्ययनको क्षेत्रमा पद्धतिगत अन्तर, अनुभवजन्य अन्तर, सैद्धान्तिक विषयवस्तुको अन्तर, व्यावहारिक अन्तरहरू विद्यमान छन्, जुन ज्ञान अन्तरको खाडल पुर्ने कामलाई यस अध्ययनले पुरा गरेको छ । सुझावका रूपमा प्रस्तुत गरिएका सम्भावित अध्ययनका विषय क्षेत्रको भावी अध्ययनले राजनीति शास्त्रको अध्ययनको क्षेत्रलाई अझ विस्तारीत गर्ने छ । यस क्षेत्रमा गरिने भावी अध्ययनमा ज्ञानको व्यावसायिक विशिष्टीकरणको क्षेत्रमा यस अध्ययनले योगदान पुग्ने छ । राजनीति र सङ्गीत मात्र नभई बहु-अनुशासनात्मक अध्ययनको परिपाटी विकसित हुँदै जाने कुरालाई समेत यस अध्ययनले प्रभाव पार्ने हुँदा यो अध्ययन औचित्यपूर्ण छ । प्राप्त नयाँ ज्ञानले सरोकारवालाहरूलाई कार्यक्षेत्रको अभ्यास सुधार गर्न सहयोग पुग्नेछ ।

नेपालमा २०१७ पुस १ गतेको राजनीतिक घटना पछि पञ्चायती व्यवस्थाको प्रादुर्भाव हुन पुग्यो । ती व्यवस्था लागू भएपछि नेपालका राजनीतिक दलहरू प्रतिबन्धित भए । “प्रजातान्त्रिक एवम् साम्यवादी शक्तिलाई दबाउन सञ्चार माध्यमबाट आफ्नो कुरा मात्र जनतामा पुगुन् भन्ने मनसाय राखी बहुदलीय व्यवस्थाका समर्थकहरूको विचार, अभिव्यक्तिमा अङ्कुश लगाउन कडा सेन्सर लागु गरियो,” (चौहान, सन् १९७१, वन्त, पराजुली, २०६०) । धेरै जसो नेताहरू जेलमा, निर्वासनमा थिए । यस्तो नेकपा (माले) ले जनतामा पुग्ने वैकल्पिक माध्यमका रूपमा २०३५ मा सङ्कल्प परिवारको स्थापना गरी गीति कार्यक्रमका लागि देशका विभिन्न ठाउँहरूमा पठायो । “जनमत सङ्ग्रहको केही खुकुलो अवस्थालाई उपयोग गर्दै रामेश मञ्जुललगायत सङ्कल्पका कलाकारहरूले तात्कालीन नेकपा (माले) को नेतृत्वमा गाउँ-गाउँ पुगेर व्यवस्थाका विरुद्धमा राजनीतिक परिवर्तनको सन्देश प्रवाह गरे । ती गीतले आगोमा घिउ थपेझैँ भयो । त्यसले जनतामा नयाँ चासो र उत्सुकता जागृत गरायो,” (पोखरेल, सन् २००७) । यसरी ग्रामीण क्षेत्रमा गीति कार्यक्रमहरू गर्दै जाँदा गीति कार्यक्रमको आडमा नेकपा (माले) ले पार्टी सङ्गठन विस्तार गर्दै गयो । ग्रान्डिन (सन् १९९६) का अनुसार-
“प्रगतिशील गीत सांस्कृतिक मोर्चाको एक हिस्सा थियो । सङ्गीत प्रदर्शनसँगै सांस्कृतिक

कार्यक्रमहरू- नाटक, नृत्य र मिश्रण हुन्थ्यो । यो सांस्कृतिक कार्य जनताको ज्ञानको पहिलो चरणको रूपमा परिकल्पना गरिएको थियो, (हट, सन् १९९१), जसमा प्रगतिशील गीतहरू सबैभन्दा महत्त्वपूर्ण घटक थिए," । यसबाट नेपालको परिवर्तित राजनीतिक-चक्रभित्र साहित्य कला, सङ्गीतको भूमिका रहेको देखिन्छ ।

गाउँगाउँमा जनचेतना र जागरण फैलाएका ती गीतले जनआन्दोलनमा जनतालाई क्रान्ति जोश र उर्जा भर्ने काम गरे । सङ्गठित र गोलबन्द हुन प्रेरित गरे । "जनचेतनाको गर्भाधान गर्ने र जनचेतना बढाउने सांस्कृतिक अङ्गहरू नाटक, नृत्य, कविता आदि मध्येमा प्रगतिशील गीतले सबैभन्दा प्रभावकारी भूमिका रहेको थियो," (ग्रान्डिन, सन् १९९६), राजनीतिक परिर्तनका प्रभावशाली सांस्कृतिक औजारका रूपमा भूमिका खेलेका थिए । यसरी फुटकर रूपमा अनेकन् लेख-रचना, केही पुस्तकहरूमा अनुसन्धानमा समेत प्रगतिशील गीतका बारेमा उल्लेख भएको पाइन्छ । यसले यसक्षेत्रमा ज्ञानको अभाव छ र उक्त अभावलाई पूरा गर्न प्राज्ञिक अनुसन्धान अध्ययन आवश्यक छ भन्ने कुरा अनुभूत गरायो ।

यस अध्ययनका निम्ति सबैभन्दा पहिला अनुसन्धान रिक्तता पत्ता लगाउन यस समस्याले छोएका निकटतम विषय सामग्री, पुस्तक र अन्य सहायक सामग्रीहरूको खोज र सङ्कलन गर्ने कार्य गरिएको थियो । विषयवस्तु मौलिक भएकोले यस सम्बन्धमा लेखिएका एउटा मात्रै पनि सग्ला पुस्तकहरू थिएनन् । तर छापा माध्यममा भने यस बारेमा प्रशस्तै लेखहरू प्रकाशित भएको पाइयो । शोध उद्देश्यले माग गरेका विवरणहरू तिनमा निकै कम छन् । ती सामग्रीहरू अनुसन्धान नगरी अनुभव र अनुभूतिका आधारमा आत्मगत रूपमा मात्र लेखिएका छन् । त्यसरी प्राप्त भएका सामग्रीहरूको अध्ययन गर्दा मूलतः नेपालको राजनीतिक परिवर्तनका आन्दोलनहरूमा प्रगतिशील साहित्य, कथा, कविता, वर्ग साहित्यका विधामा विभिन्न अध्ययनहरू हुँदै आएको, व्यवस्था विरोधी आन्दोलनमा विभिन्न राजनीतिक पार्टीहरूको भूमिका, सामाजिक -सांस्कृतिक रूपान्तरणका विषय, प्रगतिशील साहित्य र राजनीतिक व्यक्तित्वहरूको योगदानका विषयमा अध्ययनहरू भएको देखा पर्न गयो । प्रगतिशील सांस्कृतिक संस्थाहरूको योगदान, नेपालको प्रजातान्त्रिक आन्दोलनमा प्रगतिशील गीति संस्थाहरू जस्तै : राल्फा, सङ्कल्प, आस्था, वेदना, रक्तिम आदिका राजनीतिक योगदानहरूका विषयमा कुनै प्राज्ञिक अध्ययन भएको पाइएन । उक्त रिक्तताको अनुभूतिले गर्दा, आधिकारिक र सार्थक शोधकार्यका निम्ति यो अध्ययन आवश्यक हुन पुगेको हो ।

अध्ययन प्रयोजनका निम्ति प्राथमिक स्रोतका रूपमा समूहगत छलफल, अन्तर्वार्ता र क्षेत्रगत अवलोकन गरिएको थियो । अनुसन्धेय विषयवस्तु धेरै पुरानो भएकोले तत्सम्बन्धी जानकार, भुक्तभोगी, तिनका दर्शक, स्रोता र विज्ञ व्यक्तिहरूलाई समूहगत छलफलमा सहभागी गराउने कार्य चुनौतीपूर्ण रह्यो । ५० वर्ष भन्दा माथिका उमेर समूहका सहभागी जुटाउन व्यावहारिक रूपमा

समस्या थियो । उक्त चुनौतीहरूको सामना गर्दै घटनासँग सम्बन्धित स्थानहरूमा पुगेर अवलोकन गरी सम्बन्धित व्यक्तिबाटै जानकारी लिने कार्य गरिएको थियो । यसले अनुसन्धानको क्षेत्रमा देखापरेको ज्ञानको अभाव र त्यसको दायरालाई बढाउन भूमिका खेल्न सक्छ भन्ने अनुसन्धातालाई लाग्यो र मौलिक प्रकृतिको अनुसन्धान प्रतिवेदन तयार गर्ने कुरालाई त्यसले प्रेरित गऱ्यो । उक्त समस्या समाधान गर्न सके त्यसबाट नयाँ ज्ञान उत्पादन गर्न सकिन्छ भन्ने कुराले समेत यो अध्ययन गर्न प्रेरणा दियो । शोध समस्याका सम्बन्धमा वर्तमान ज्ञानको अवस्था र अनुसन्धानले राखेको लक्ष्य बीचको बुझाइमा गहिरो अन्तरलाई पूरा गर्न विश्वविद्यालय स्तरमा गरिने शोध-अनुसन्धान सबैभन्दा उत्तम विकल्प हो भन्ने कुराले समस्याको प्राज्ञिक समाधान खोज्न यो अध्ययन अघि बढाइएको हो । अध्ययन सन्दर्भमा प्राप्त भएका सूचना तथ्यहरूलाई सिद्धान्तसँग जोडेर हेर्न समस्या देखा पर्न गयो । किनकि कुनै निश्चित सिद्धान्तको आधारमा तथ्य सङ्कलन गरिएको थिएन । प्राथमिक तथा सहायक सामग्रीहरूको सङ्कलन पछि यसलाई आगमनात्मक विधिद्वारा सैद्धान्तिक अवधारणा तयार गरिएको थियो । तथ्यहरूको आवश्यक सङ्कलन पछि उद्देश्यलाई मूल आधार बनाई मार्क्सवादी वर्गसङ्घर्षको सिद्धान्त, वर्गसङ्घर्षको गीत सिद्धान्त, प्रगतिवाद र आलोचनात्मक यथार्थवादी सिद्धान्तको आलोकमा अध्ययनलाई अगाडि बढाइयो । अनुसन्धान बौद्धिक, प्राज्ञिक उन्नयनको अविच्छिन्न साधना र अभ्यास पनि हो भन्ने महसुस गरी अनुसन्धानले वर्तमान अस्तित्वमा रहेको यससम्बन्धी ज्ञानको साँघुरो घेरालाई फराकिलो पार्न, यस भित्रका जिज्ञासाहरू पुरा गर्न र ज्ञानको अपूर्णतालाई पूर्णता दिन प्रस्तुत समस्याको समाधानार्थ अनुसन्धान गरिएको हो । अतः उक्त उद्देश्यका साथ अनुसन्धानलाई सहीरूपमा निर्दिष्ट गर्न र अनुसन्धानलाई वस्तुगत र वैज्ञानिक पद्धतिबाट पुरा गर्न समस्या कथनको मूल मर्म र ज्ञान अन्तरले निर्देशित गरेको अनुसन्धानको मार्गचित्रलाई समेत ख्याल राख्दै प्रस्तुत अनुसन्धानका निम्ति निम्न प्रश्नहरू निर्माण गरिएको छ -

**अनुसन्धान प्रश्नहरू-**

१. पञ्चायतकालीन समयमा प्रगतिशील गीतको उद्भव र विकास के कसरी भयो ?

२. नेपाल कम्युनिस्ट पार्टी (माले) को सङ्गठन विस्तारमा प्रगतिशील गीतले के योगदान पुऱ्यायो ?

३. नेपालको राजनीतिक परिवर्तन (२०४६) मा प्रगतिशील गीत (राल्फा, सङ्कल्प र आस्था) ले कस्तो योगदान पुऱ्यायो ?

## १.३ अनुसन्धान उद्देश्य

प्रस्तुत अनुसन्धानको मूल ध्येय पञ्चायतकालीन प्रतिबन्धित राजनीतिक अवस्थामा घटेका घटना वा तथ्यहरूलाई आत्मसात् गर्दै प्रस्तुत शोधसम्बन्धी समस्याको वैज्ञानिक पद्धतिद्वारा समाधान खोज्नु हो । तत्सम्बन्धमा नयाँ ज्ञान प्राप्त गर्नु, ज्ञानको वृद्धि गर्नु, हालसम्म प्राप्त भएका ज्ञानको

परीक्षण समेत गर्नु हो । अध्ययनका क्रममा फुट्‌कररूपमा प्राप्त भएका अपूरा र विज्ञानसम्मत नदेखिएका ज्ञानको परीक्षण समेत गर्दै पूर्व अध्ययनहरूले परिपूरण गर्न नसकेको ज्ञान अन्तर मेटाउने लक्ष्य अध्ययनले राखेको छ । राजनीतिक परिवर्तनमा प्रगतिशील गीतको योगदान विषयक समस्याको वैज्ञानिक निरूपणले नयाँ तथ्यहरू निर्माण गर्ने र तत्सम्बन्धमा समाजलाई सत्य, तथ्य र वास्तविकतासँग साक्षात्कार गराएको छ । यस अर्थमा अनुसन्धानमा विषयकेन्द्रित हुन सकियोस् भन्ने हेतुबाट निर्दिष्ट भई अनुसन्धानका मूल प्रश्नहरू निर्माण गरिएका हुन् । अनुसन्धान उद्देश्यले नै शोध समस्या निरूपणका लागि तथ्यहरूको खोजी गर्ने प्रक्रियालाई अगाडि लिएर जाने हुँदा वस्तुपरक ढङ्गबाट सामाजिक यथार्थको धरातलमा उभिएर नै तत्अनुरूपको उद्देश्य निर्माण गरिएको छ । अनुसन्धानका क्रममा प्राप्त नयाँ तथ्यहरूको जगमा अनुसन्धानको मूल उद्देश्यलाई सैद्धान्तिक तथा व्यावहारिक दुवै कोणबाट हेर्ने काम गरिएको छ । नागरिकका हक अधिकार र स्वतन्त्रता हनन् गरेर राजकीय सत्ता टिकाउने उद्देश्यमा लागि परेको शासन व्यवस्थाका विरूद्धका सङ्घर्ष, आन्दोलन र जनआन्दोलनमा प्रगतिशील गीतका स्रष्टा-सर्जकहरूले गरेका काम, निर्वाह गरेका भूमिका, क्रियाशीलता र त्यसले नेपालको राजनीतिक परिवर्तनको आन्दोलनमा पुऱ्याएको योगदानका बारेमा विवेचना गर्नु र प्रगतिशील गीतिको विकास र नेपाल कम्युनिस्ट पार्टी (माले) को सङ्गठन विस्तारमा प्रगतिशील गीतको योगदानको विश्लेषण गर्नु यस अध्ययनको मूल उद्देश्य रहेको छ । नेपालको राजनीतिक परिवर्तनमा प्रगतिशील गीतको योगदान विषयक शोध अनुसन्धानका लागि मूल ३ वटा उद्देश्य निर्धारण गरिएको थियो, जो यसप्रकार छन् -

१. नेपालमा पञ्चायतकालीन समयमा प्रगतिशील गीतहरूको उद्‌भव र विकासक्रमको अध्ययन गर्नु ।

२. नेपाल कम्युनिस्ट पार्टी (माले) को सङ्गठन विस्तारमा प्रगतिशील गीतको योगदानको विश्लेषण गर्नु ।

३. जनआन्दोलन (२०४६) मा प्रगतिशील गीत (राल्फा, सङ्कल्प र आस्था) को योगदानको विवेचना गर्नु ।

## १.४ अध्ययनको औचित्य

पञ्चायतकालीन कालखण्डमा प्रगतिशील गीत सामाजिक शोषण, उत्पीडन, अन्याय र विभेद विरूद्ध गाउने गरिथ्यो । लोकजीवनका दुख, पीर, शासकीय दमन र सङ्घर्षका नालिबेलीहरू लाई गीतको माध्यमबाट व्यक्त गर्ने गरिन्थ्यो । यस्ता गीतबाट मानिसले केही सूचना, केही शिक्षा, केही चेतना, केही जागृतिका कुराहरू प्राप्त गर्दथे । तिनै गीतको माध्यमबाट भूमिगत कम्युनिस्ट पार्टीहरूले आफ्नो सङ्गठन विस्तार र जनमत निर्माण गर्ने गर्दथे । पार्टी र सङ्गठनलाई जोड्ने माध्यमका रूपमा ती गीतको प्रयोग भए । ती विषयहरू सामाजिक, राजनीतिक, सांस्कृतिक, साहित्यिक र

विद्यमान विसङ्गत अवस्थाहरूका विरूद्ध पृथक् पृथक् विषयवस्तुका आधारमा सिर्जना हुने गर्दथे । यस्ता सिर्जनाहरूले नेपाली समाजमा सामाजिक, राजनीतिक जागरण ल्याउन, राजनीतिक परिवर्तनका आन्दोलनहरूमा खेलेका भूमिकाहरूका बारेमा अहिलेसम्म कुनै प्राज्ञिक अध्ययनहरू हुन सकेका छैनन् । प्रस्तुत अध्ययन तिनै गीतहरूले नेपालको राजनीतिक परिवर्तनमा पुऱ्याएको योगदानका बारेमा गरिएको एक मौलिक प्रकृतिको अध्ययन हो । अध्ययनले प्रगतिशील गीतको योगदानलाई राजनीति र सङ्गीतको अन्तर्विषयक कोणबाट हेर्दै समाधानको बाटो पहिल्याउने कोशिस गरेको छ । यसले विद्यमान प्रगतिशील गीतको बारेमा देखिएका समस्याहरूको पहिचान गरी समाधान गर्ने उद्देश्यलाई पूरा गरेको छ । यस अघिका कृतिहरूले प्रगतिशील सङ्गीतको प्राज्ञिक अध्ययनलाई समेट्न नसकेको परिप्रेक्ष्यमा गरिएको यस अध्ययनले ज्ञानको नयाँ क्षेत्र पहिचान गरेको हुँदा यो अध्ययन महत्त्वपूर्ण छ ।

यस अध्ययनको मूल शिर्षक "नेपालको राजनीतिक परिवर्तनमा प्रगतिशील गीतहरूको योगदान" हुनुको मूल कारण पूर्वकार्यको अध्ययन गर्दा नेपालको राजनीतिक परिवर्तनका सन्दर्भमा जनआन्दोलनमा सहयोग पुऱ्याउने विषय क्षेत्रमध्ये प्रगतिशील गीतको योगदानका बारेमा हालसम्म कुनै प्राज्ञिक अध्ययन हुन नसकेको कुरा थाहा हुन पुग्यो । उक्त समस्याको वैज्ञानिक समाधानका हेतु उक्त शीर्षक चयन हुन गएको हो । उक्त शिर्षकको चयन गर्नु पर्ने मूल कारण नेपालको सबैभन्दा ठुलो वामपन्थी राजनीतिक दल नेकपा (माले) ले मुख्य गरेर प्रगतिशील गीतहरूको प्रयोग र अभ्यासमार्फत आफ्नो दलको पार्टी सङ्गठन विस्तार गरी २०४६ को जनआन्दोलनमा निर्णायक भूमिका खेलेको र प्रगतिशील गीति कार्यक्रमहरूबाट आधार इलाकाहरू निर्माण गर्ने कार्य गरी गीति प्रयोजनबाटै पार्टीको निर्माण र विस्तार जस्ता कार्यहरु गरेको हुनाले यो अध्ययनको विषय बन्न पुगेको हो । प्रगतिशील गीतहरू मूलतः मार्क्सवादको वर्गसङ्घर्षको सिद्धान्तमा आधारित रहेर रचना गरिएका हुनाले वर्गसङ्घर्ष, वर्गसङ्घर्षको गीत सिद्धान्त, आलोचनात्मक यथार्थवाद र प्रगतिवादको प्रयोग गरियो । नेपालको प्रगतिशील साहित्यमा आलोचनात्मक यथार्थवादी सिद्धान्तको प्रयोग हुँदै आएको हुँदा उक्त सिद्धान्तको आँखाबाट गीति विषयवस्तु र मूलप्रवृत्तिहरूलाई राजनीति विज्ञानसँग जोडेर हेर्नु परेको हो । यो अध्ययन गुणात्मक अनुसन्धान चरहरूको समस्यासँग सम्बन्धित रहेको छ । यसमा राजनीतिक घटनाहरूको व्याख्या गर्नुपर्ने, व्यक्तिको मनोवृत्ति, विश्वास, धारणाहरू बुझ्नुपर्ने, सामाजिक वास्तविकतासँग साक्षात्कार हुनु पर्ने र प्राकृतिकरूपमा घटनालाई स्पष्ट पार्नु पर्ने भएकोले गुणात्मक ढाँचाअनुरूपको कथानात्मक तथ्य सङ्कलन विधि यस अध्ययनका निम्ति सबैभन्दा उपयुक्त हुन गयो । कथानात्मक सोधपूछ र विश्लेषणद्वारा निष्कर्षमा पुग्न गुणात्मक विधि, पद्धति र नैतिक मूल्य सिद्धान्तको प्रयोग गरी तथ्य सङ्कलनका सन्दर्भमा सहायक स्रोतहरूको मात्र भर नपरी समूहगत छलफल, अवलोकन र अन्तर्वार्ताको प्रयोग गरिएको हुँदा पनि अनुसन्धान विधिको दृष्टिबाट समेत यो अध्ययन औचित्यपूर्ण छ ।

राजनीतिक परिवर्तनका महत्त्वपूर्ण सन्दर्भमा गाइएका यस्ता राजनीतिक प्रकृतिका गीतहरू भावी दिनमा तयार हुने शैक्षिक पाठ्यक्रमहरूमा समेत समावेश हुन सक्ने सम्भावनालाई सार्थक तुल्याउन यसबाट मद्दत पुग्ने छ । यस अध्ययनले मूल्य र सिद्धान्तहरूका आधारमा सत्यको खोज गर्ने काम गरेको हुँदा सत्ता मीमांसीय, ज्ञान, नैतिक मूल्य सिद्धान्तको जगमा सामाजिक-सांस्कृतिक मुद्दाहरू समेत अन्तर्विषयकरूपमा विश्लेषणमा आएका छन् । राजनीति र राजनीतिक आन्दोलनसँग गीतको सम्बन्ध र त्यसले आन्दोलनमा पुऱ्याएको योगदानका विषयमा अहिलेसम्म कुनै अध्ययन अनुसन्धान नभएको परिप्रेक्ष्यमा अध्ययन नवीन प्रकृतिको छ । अध्ययनले प्राज्ञिक जगत्मा एक नयाँ विषय क्षेत्रको खोजबिन गरेको छ । राजनीति र सङ्गीतलाई जोडेर गरिएको अध्ययनले नेपालमा राजनीतिक विषयवस्तु र त्यसको क्षेत्र विस्तार गर्नमा टेवा पुग्ने छ । राजनीतिलाई प्रभावित तुल्याउने सामाजिक-सांस्कृतिक विषयवस्तुहरूको ज्ञानको अभावले राजनीति शास्त्रीय अध्ययन आफैँमा अधूरो हुन जान्छ । समाजका ती क्षेत्रहरूको गहनरूपमा अध्ययन हुन वाञ्छनीय रहेको परिप्रेक्ष्यमा यो अध्ययनले त्यसतर्फ नयाँ पाइला अघि सारेको छ ।

राजनीतिक परिवर्तन निम्ति भएको जनआन्दोलनमा प्रगतिशील कलाकारहरूले सक्रिय भूमिका खेलेका थिए । प्रमुख राजनीतिक दलहरूसँगै कलाकार, बुद्धिजीवी, कवि, साहित्यकार, लेखक, पत्रकार र पेसाकर्मीहरूको उल्लेख्य सहभागिता र सक्रियताले संयुक्त जन-आन्दोलनलाई ठुलो सहयोग पुगेको हुँदानै जन-आन्दोलनले सफलता प्राप्त गरेको हो । जन-आन्दोलनमा प्रगतिशील कलाकारहरूले जेल नेल भोगे, यातना पाए, प्रशासनिक दमनको शिकार भए, तर व्यवस्था नढलुन्जेल विश्राम लिएनन् । उनीहरूका कतिपय आन्दोलनकै नारा बनाइए । गीतहरू क्रान्ति जोश उमार्ने र मानिसहरूलाई अभिप्रेरित गर्ने काममा प्रयोग भए । विभिन्न कालखण्डमा भएका सङ्घर्ष र आन्दोलनमा उनीहरूले जातीय, वर्गीय, लैङ्गिक र सामाजिक, राजनीतिक विसङ्गति विरुद्धका मुद्दाहरू उठाएका थिए । त्यसले राजनीतिक परिवर्तनको भावभूमि तयार पार्नमा खेलेको भूमिकाका सम्बन्धमा विधिसम्मत ढङ्गले तथ्य निरूपण गरिएको हुँदा यो अध्ययन औचित्यपूर्ण छ । प्रगतिशील गीतको बारेमा अध्ययन गर्न चाहने भावी शोधकर्ता तथा सरोकारवालाहरूलाई समेत शोधको उपयोगिता महत्त्वपूर्ण रहने छ । प्रगतिशील गीति योगदानका सवालहरूको गहन र सूक्ष्म अध्ययन विश्लेषण गरिएको हुँदा सम्बन्धित सरोकारवाला र जो कोहीका लागि यो अध्ययन प्राज्ञिक र व्यावहारिक रूपमा समेत सान्दर्भिक हुने हुँदा यो अध्ययन मौलिक र औचित्यपूर्ण रहेको छ ।

## १.५ शोधको सीमाङ्कन

अनुसन्धानको उद्देश्य, समस्या र आवश्यकताको परिपूर्ति गर्न व्यापक र विस्तृत् क्षेत्र, पक्षलाई समेट्न कठिन हुने हुँदा प्रस्तुत अध्ययन-अनुसन्धानका निम्ति केही निश्चित सीमाहरू तय गरिएका

छन् । नेपालको 'राजनीतिक परिवर्तनमा प्रगतिशील गीतहरूको योगदान' मूल अध्ययन शीर्षक तय गरिएको छ । प्रस्तुत शोधकार्यमा पञ्चायती व्यवस्थाको प्रादुर्भाव भएदेखि व्यवस्थाको अन्त्य भई प्रजातन्त्रको पुनर्स्थापना भएसम्मको पञ्चायती कालखण्ड (२०१७-२०४६) मा नेपालको राजनीतिक परिवर्तनमा प्रगतिशील गीतले पुऱ्याएको योगदानलाई मात्र हेरिएको छ । २०१७ पौष १ गते प्रजातान्त्रिक संसदीय व्यवस्था समाप्त पारि पञ्चायती शासन व्यवस्था लागु गरिए पछिको अवस्थामा व्यवस्था विरुद्ध क्रियाशील गीति आन्दोलनको मार्क्सवादी धारका प्रगतिशील सङ्गीत समूहहरू मध्ये २०२८ को झापा विद्रोहले स्थापित गरेको सांस्कृतिक सङ्घटक अङ्गहरू राल्फा, सङ्कल्प र आस्थाको अध्ययनलाई हेरिएको छ । यस अध्ययनका मुलभूत चरहरू- नेपालमा २९ वर्ष शासन व्यवस्था सञ्चालन गरेको निर्दलीय पञ्चायती व्यवस्था, नेकपा (माले), राजनीतिक परिवर्तन (२०१७-२०४६) र राल्फा, सङ्कल्प र आस्थाका प्रगतिशील गीत हुन् । यो अध्ययन नेपालको कम्युनिस्ट आन्दोलनसँग जोडिएको हुँदा मार्क्सवादी लेनिनवादी साहित्यिक सांस्कृतिक गीति धारको मात्र अध्ययन गरिएको छ । भूमिगत कम्युनिस्ट पार्टी नेकपा (माले) निकट गीति सङ्घटक संस्थाहरू (राल्फा, सङ्कल्प र आस्था) ले पञ्चायतको प्रादुर्भाव भएदेखि प्रजातन्त्रको पुनर्स्थापना (२०१७ - २०४६) सम्मका विभिन्न कालखण्ड र जनआन्दोलन २०४६ मा पुऱ्याएको योगदानलाई हेरिएको छ । राल्फा, सङ्कल्प र आस्था सैद्धान्तिक रूपले मार्क्सवादबाटै प्रेरित समूहहरू भएकोले र राल्फा उत्तरार्द्धतिर र सङ्कल्प (२०३६-३९) तात्कालीन कम्युनिस्ट पार्टीको मातहतमा समेत रही साम्यवादी आन्दोलनको प्रचार प्रसारमा सङ्लग्न रहेकाले सन्दर्भ र प्रसङ्गअनुसार ती समूहका एकीकरण र विभाजनको अवस्थालाई पुष्टि गर्न तत्तत् सन्दर्भमा मात्र कम्युनिस्ट पार्टीको विभाजनको सन्दर्भलाई हेरिएको छ । यस अध्ययनमा प्रयोगमा आएका प्रगतिशील गीतहरू मुलभूतरूपमा यिनै प्रगतिशीलताका मानकहरूमा आधारित रहेका छन् । यस शोध अध्ययनमा प्रयोग भएका गीतहरू सँस्थागत रूपमा यस अध्ययनको एक घटक आस्था परिवारले पैरवी प्रकाशनको सहयोगमा २०४७ मा प्रकाशन गरेका गीतहरू हुन् । यी गीतहरू पाँच भागमा प्रकाशित छन् । गीत सङ्कलन तथा प्रकाशन रामेशले गरेका हुन् । उनले राल्फा, सङ्कल्प हुँदै आस्थाको समूहको नेतृत्व गरेका थिए । उक्त गीति पुस्तकको भाग-१ मा ८८ वटा, भाग २ मा ९२ वटा, भाग ३ मा ७२, भाग ४ मा ९६, भाग पाँचमा ८९ वटा गरी ४३७ वटा गीत, राष्ट्रिय जन सांस्कृतिक मञ्च, वेदना परिवार, रक्तिम परिवार, इसास, सामना परिवार र अन्तर्राष्ट्रिय समाजवादी आन्दोलनका १०३ वटा गीत गरी कुल ५४० वटा गीतको अध्ययन गरिएको छ । ज्ञान अन्तरको पहिचान गरी हालसम्म कुनै प्राज्ञिक अध्ययन हुन नसकेका प्रगतिशील संस्थाहरूमध्ये नेपालको साम्यवादी आन्दोलनका विभिन्न धारहरू मध्ये २०२८ को झापा आन्दोलनको वैचारिक धारको प्रतिनिधित्व गर्ने तीनवटा प्रगतिशील गीति संस्थाहरू राल्फा, सङ्कल्प र आस्था (२०१७ -२०४६) ले नेपालको राजनीतिक परिवर्तन २०४६ मा पुऱ्याएको योगदानका बारेमा शोध अध्ययन अघि बढाउन तत्अनुरूपको विषयवस्तुको छनौट गर्ने कार्य गरिएको छ ।

## १.६ शोधप्रबन्धको सङ्गठन

शोधप्रबन्धलाई यसप्रकार विभाजन गरी विश्लेषण प्रस्तुत गरिएको छ-

अध्याय - एक : शोधपरिचय

अध्याय - दुई : पूर्वकार्यको समीक्षा

अध्याय - तीन : शोधविधि

अध्याय - चार : पञ्चायती शासन प्रणालीमा प्रगतिशील गीतहरूको उद्भव र विकास

अध्याय - पाँच : नेपाल कम्युनिस्ट पार्टी (माले) को सङ्गठन विस्तारमा प्रगतिशील गीतको योगदान

अध्याय - छ : जन-आन्दोलन (२०४६) मा प्रगतिशील गीतको योगदान

अध्याय - सात : निष्कर्ष

परिशिष्ट

तस्वीरहरू

सन्दर्भसूची

## अध्याय : दुई

# पूर्वकार्यको समीक्षा

पूर्व कृतिहरूको विस्तृत् अध्ययन गरी ज्ञान अन्तर पत्ता लगाउनु र नयाँ विषयको खोजी गर्नु पूर्वकार्य समीक्षा हो । यो अघिल्ला अध्ययन अनुसन्धानहरूको एक बृहत् सारांश हो । यसको मूल उद्देश्य अनुसन्धेय विषयको वरिपरि अवस्थित ज्ञानको मूल्याङ्कन र सङ्क्षिप्तीकरणबाट अनुसन्धानको उद्देश्यमा आफूलाई केन्द्रित गराउनु हो । यस समीक्षाले सही अनुसन्धान दृष्टिकोणहरू पत्ता लगाउन, अनुसन्धानका लागि विषयवस्तुको सिफारिस प्राप्त गर्न, तत्सम्बन्धी महत्त्वपूर्ण चरहरूको खोजी गर्नमा मद्दत पुऱ्याउँदछ । अनुसन्धान कार्यको पुनरावृत्ति हुन नदिन, शोध समस्या छनोट र सीमाङ्कन गर्न, शोधकार्यलाई सकेसम्म त्रुटिरहित, स्तरीय बनाउन र विषयवस्तुको दायरालाई फराकिलो तुल्याउन पनि यस पूर्वकार्यको अध्ययनले सघाउ पुगेको छ । उक्त कुराहरूलाई ध्यानमा राखी यस अघि भएका अध्ययन र नभएका अध्ययन बीचका सम्भावित अन्तरहरू पहिचान गर्ने कार्य गरिएको छ । यस्ता अध्ययनहरूलाई मूलरूपमा सैद्धान्तिक, आनुभविक, आलोचनात्मक, तर्कपूर्ण, पद्धतिगत दृष्टिविन्दुबाट हेरिएको छ । सैद्धान्तिक अध्ययनअन्तर्गत खासगरी अनुसन्धानका लागि उपयुक्त सिद्धान्त र अवधारणाको समीक्षा गरिएको छ । आनुभविक अध्ययनअन्तर्गत यस शोधसँग केही मिल्ने खालका अनुभवजन्य विषयवस्तुमा आधारित शोध वा अनुसन्धान लेखहरूको समीक्षा गरिएको छ ।

पुर्व कार्यको अध्ययन कृतिमाथिको समीक्षात्मक कथन भएकोले यस अध्ययनको मूल उद्देश्य नेपालको राजनीतिक परिवर्तन (२०४६) मा प्रगतिशील गीतको योगदानको विश्लेषण गर्नु रहेको हुँदा पञ्चायतको प्रादुर्भावदेखि जनआन्दोलन (२०४६) सम्मका घटनाहरूको अध्ययन गरिएको छ । सामाजिक, राजनीतिक, सांस्कृतिक घटनाक्रमहरू र त्यसका परिणामहरूलाई हेरिएको छ । प्रगतिशील, प्रगतिवादी साहित्यहरू र प्रगतिशील गीति आन्दोलनका अनुभवहरू, अन्तर्राष्ट्रिय क्षेत्रमा भएका राजनीतिक परिवर्तन र महत्त्वपूर्ण राजनीतिक क्रान्तिका घटनाहरूमा साहित्य, गीत र कलाकारहरूले पुऱ्याएका योगदानका विषयहरूको अध्ययन गरिएको छ । विश्वमा खासगरी युरोप, अमेरिका, सोभियत सङ्घ, चीन, भियतनाम, इटाली आदि देशका साम्यवादी धारका गीतले राजनीतिक आन्दोलनका बेला खेलेका भूमिका र लेखिएका साहित्यिक कृतिहरूको अध्ययन गरिएको छ । यस पूर्वकार्य अध्ययनमा- पुस्तक, अनुसन्धानात्मक लेख, विभिन्न प्राज्ञिक संस्थाका शोधपत्र, शोधग्रन्थ र शोधप्रबन्ध, यात्रा संस्मरण, दैनिक पत्रपत्रिकाहरू, क्यासेट, सिडी, इन्टरनेटका सामग्रीहरू प्रयोग भएका छन् । यसरी यस अध्ययनसँग मेल खाने गरी चुनिएका अनुसन्धेय विषयक्षेत्र केन्द्रित कृतिहरूको अध्ययन गरी ज्ञान अन्तर पहिचान गर्न र त्यसअनुसार अनुसन्धान उद्देश्यको निर्माण गर्न निम्नलिखित कृतिहरूको अध्ययन गर्ने काम गरिएको छ -

मञ्जुल (२०४४) ले २०२७-२८ मा नेपालको पूर्वी भेगमा राल्फा गीति अभियानका क्रममा भोगेका अनुभव र घटनाहरू प्रस्तुत गरेका छन् । उनले नयाँ क्षितिजको अङ्गालोमा हाम फाल्दै, उकाली ओरालीहरूमा पैतालाका डोबहरू छोड्दै, बाढी बोकेर आएका खोलाका वेगहरूसँग बेगिँदै, जनताको घर पिँढीमा बास बस्दै, जनताको स्नेहमा लुट्पुटिँदै, सयपत्री र मखमली फूलका मालाहरू भिरेर देउसी खेल्दै जस्ता शीर्षकमा राल्फा गीति सङ्घर्षका घटनाहरू प्रस्तुत गरेका छन् । उक्त यात्राका क्रममा तात्कालीन शासकहरूद्वारा गरिएका अवरोध, हस्तक्षेप, त्यसको कारणले झेलेका समस्या र तत्उपरका अनुभूतिहरू उजागर गरिएका छन् । शासकहरू जतिसुकै अन्यायी र अत्याचारी किन नहुन्, जनताको साथ र समर्थन रहेमा उनीहरूका जस्तोसुकै प्रतिरोधात्मक र प्रतिशोधात्मक कार्यलाई पनि जनताको शक्तिले परास्त गरेरै छोड्छन भन्ने उक्त कृतिको मूल विचार रहेको छ ।

राल्फा यस अध्ययनको एक प्रमुख गीति घटक हो । प्रगतिशील गीतको औपचारिक थालनी यसै संस्थाबाट सुरुवात भएको परिप्रेक्षमा उक्त लेखकका विचारहरूबाट राल्फा गीतहरूको प्रवृत्ति बुझ्न, गीतले सम्प्रेषण गरेका मुद्दाहरूको पहिचान गर्न, गीतप्रति जनताको समर्थन र विरोधको अवस्था बुझ्न, ती गीतको जनप्रभाव समेत थाहा पाउन यस अध्ययनलाई सघाउ पुगेको छ । राल्फाको जनाधार, लोकप्रियता, शासकहरूसँगको द्वन्द्वात्मक अवस्था र तात्कालीन राजनीतिप्रतिको धारणासमेत बुझ्न मद्दत पुगेको छ । राल्फा गीतले राजनीतिक परिवर्तनको आधार तयार पार्नमा खेलेको भूमिकाबाट आनुभविक ज्ञान प्राप्त गरिएको छ । राल्फा गीत कसरी सामाजिक-सांस्कृतिक मुद्दाहरूमा केन्द्रित हुँदै राजनीतिक परिवर्तनको तहसम्म पुग्यो भन्ने कुराको वास्तविकता बुझ्न लेखकका विचारहरूले अध्ययनलाई सघाएको छ । नेपालको राजनीतिक परिवर्तन (२०४६) मा प्रगतिशील गीतको योगदानको सन्दर्भलाई पूरा गर्न प्रगतिशील गीतको विकासमा राल्फा आन्दोलन, यसले प्रचलनमा ल्याएका गीतहरूको प्रवृत्ति र ती गीतहरूको वर्गीय अवस्थाको विश्लेषण गर्नमा राल्फाका बारेमा स्वयम् राल्फा गीति यात्राकै एक प्रमुख स्रष्टाद्वारा व्यक्त भएका विचार र अनुभवहरूले यस शोधकार्यलाई सहयोग पुऱ्याएको छ ।

ओक्ली (सन् १९८३) ले दार्शनिकहरूले संसारलाई विभिन्न तरिकाले व्याख्या मात्र गरे तर मुख्य कुरा त यसलाई परिवर्तन गर्नु रहेको भन्ने तर्कसङ्गततालाई विशेषाधिकार दिएर 'परम्परागत' सिद्धान्तका सामाजिक वर्चस्वमाथि चुनौती खडा गरे भन्दै मार्क्सको सिद्धान्तको आलोचना गरेका छन् । उनले यसरी आलोचनात्मक दृष्टि राख्ने क्रममा राजनीतिक दर्शन, मार्क्सवाद र साम्यवाद, मार्क्सका राजनीतिक र सामाजिक सिद्धान्तहरू, सामाजिक वर्ग र वर्ग सिद्धान्त, आलोचनात्मक सिद्धान्त, इतिहास, मानवशास्त्र र अन्तर्राष्ट्रिय सम्बन्धको विकास अध्ययन, सामाजिक कार्य, समाज शास्त्र, समाज नीति र समाज विज्ञानका सिद्धान्तहरू, सामाजिक असमानता जस्ता विषयहरूको गहनरूपमा विश्लेषण गरेका छन् । उनले मार्क्सको महत्त्वपूर्ण सिद्धान्तहरूको जटिल कालक्रमिक र

विकसित भइरहेको मूल संरचनाका सम्बन्धमा तर्कहरू पेश गर्दै मार्क्सको जीवनका अप्रकाशित केही सामग्री समेत यस कृतिमा प्रकाशित छन् । ढाँचा सङ्क्षिप्त, पहुँचयोग्य छ र आलोचनात्मक सिद्धान्तको प्रत्येक चरणलाई रेखाचित्रमा सङ्क्षेपमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत अध्ययन कार्लमार्क्सको वर्गसङ्घर्षसम्बन्धी सिद्धान्तमा आधारित छ । लेखकले यस सम्बन्धमा सैद्धान्तिकरूपमा विश्लेषण गरी उक्त सिद्धान्तको व्यावहारिक प्रयोजन, उपयोग र अभ्यासका बारेमा समेत बताएका छन् । यसले अध्ययनमा वर्गसङ्घर्षका गीतहरूको अभ्याससँग जोड्न सहयोग पुगेको छ । जबरजस्ती वा दमनकारी सामाजिक र राजनीतिक सम्बन्धहरूमाथि उत्पीडितहरूले विजय हासिल गर्न निर्देशित गरिएको दार्शनिक ज्ञानलाई कृतिले पृष्ठपोषण गरेको छ । म्याक्सिम गोर्की, बाल्जाक, थोमस मेन, लिओ टोल्स्टोय, रोय भास्कर आदि विद्वानहरू लगायत अमेरिकी दार्शनिकहरूद्वारा विकसित आलोचनात्मक यथार्थवादलाई समाजको यथार्थलाई चित्रण गर्ने सन्दर्भमा उपयोग गरिएको छ । उक्त सिद्धान्तका आधारमा मार्क्सको वर्गसङ्घर्षको सिद्धान्त, अन्य प्रयुक्त सिद्धान्तहरूलाई समेत आलोचनात्मक दृष्टिविन्दुबाट हेर्न र दमनकारी सामाजिक राजनीतिक सम्बन्धहरूबारे आलोचनात्मकरूपले अध्ययन गर्नमा सहयोग पुगेको छ ।

मार्क्स र एङ्गेल्स (सन् १९८७) ले कला सङ्गीतमा वर्गसङ्घर्ष, वर्गीय विचारधारा चर्चा गर्दै कुनै पनि राजनीतिक क्रान्ति वा राजनीतिक परिवर्तनमा कला र कलाकार वैचारिक सङ्घर्षको सशक्त हतियारका रूपमा प्रयोग हुन सक्छ भन्ने कुरा प्रष्ट पारेका छन् । भौतिकवादी सैद्धान्तिक अवधारणा प्रस्तुत गर्ने क्रममा उनले कलाको सिद्धान्त, ऐतिहासिक पक्ष, समाजको प्रगतिशील विकास, कला र साम्यवाद, वर्गसङ्घर्ष, वर्गीय विचारधाराको वैज्ञानिक र सौन्दर्यात्मक पक्ष, पुँजीवादी समाजमा कला र कलाकारको अवस्था साथै राजनीति र सङ्गीतबीचको सम्बन्धका बारेमा विवेचना गरेका छन् । उनको तर्क छ- सङ्गीतले पनि समाज परिवर्तनका निमित्त वैचारिक हतियारका रूपमा यथार्थवादी कलात्मक प्रतिविम्बनमार्फत योगदान दिन सक्छ र त्यस्तो वैचारिक हतियारको प्रयोगले शोषक, सामन्तहरूको सत्तालाई संरक्षण गर्न मात्र नभई त्यसलाई हल्लाउन पनि सक्छ र सत्ता परिवर्तनमा त्यसको भूमिका रहन्छ उनको तर्क रहेको छ ।

१९ औँ शताब्दिताका युरोपमा साम्यवादीहरूको उदय भइरहेको अवस्थामा त्यहाँ प्रगतिशील सङ्गीत, साहित्यले राजनीतिक आन्दोलनमा पुऱ्याएको योगदानको सन्दर्भ प्रस्तुत शोधअध्ययनसँग तुलना योग्य देखिन्छ । दुवै सन्दर्भमा प्रगतिशील गीत, सङ्गीतको योगदान परिवर्तनका निम्ति भएको देखापर्दछ । प्रस्तुत अध्ययन समस्याको निरूपणमा उक्त विश्व परिप्रेक्ष्यका केही दृष्टान्तले वस्तुतः केही तथ्यगत आधार र सान्दर्भिकता प्रदान गर्दछ । यस कृतिबाट सामाजिक प्रणालीका आधारमा प्रगतिशील गीतको राजनीतिक योगदानको तुलनात्मकरूपमा अध्ययन गर्न सहयोग पुगेको छ । उक्त

कुराले गीत, सङ्गीतले सामन्त र पुँजीपतिहरूका विरूद्ध जनतालाई आफ्नो हक, अधिकार, राजनीतिक हितको पक्षमा कसरी वकालत गर्दछ भन्ने कुराको अनुभव लिइएको छ ।

पोखरेल (२०४७) ले जनमत सङ्ग्रहताका नेकपा (माले) ले सङ्कल्प परिवारका गायक सङ्गीतकारहरूलाई गाउँगाउँमा पठाएर सङ्कल्प गीति कार्यक्रमका माध्यमबाट राजनीतिक चेतना विस्तार गर्ने र पार्टी सङ्गठनको पक्षमा जनमत सिर्जना गर्ने कार्य गरेको बताएका छन् । नेपालमा वामपन्थी शक्तिको उद्‌भव र विकासको ऐतिहासिक पृष्ठभूमि, संयुक्त वाममोर्चाका घटकहरूको परिचय, संयुक्त वाममोर्चाको निर्माण र संयुक्त जनआन्दोलनको तयारी, संयुक्त जनआन्दोलन (२०४६) बारेमा पोखरेलले अनुसन्धानात्मक अध्ययन गरेका छन् । संयुक्त वाममोर्चाको निर्माण र संयुक्त जनआन्दोलनको तयारी विषयक शोध अध्यायमा संयुक्त वाममोर्चाको निर्माण र संयुक्त जनआन्दोलन तयारीका दुई आलेखहरू प्रस्तुत गरिएका छन् । नेपालको प्रजातान्त्रिक आन्दोलन (२०४६) सफल पार्न संयुक्त वाममोर्चाले खेलेको भूमिकालाई अनुसन्धानात्मक तरिकाले हेरिएको छ । यससँगै नेकपाको इतिहासलाई खोजमूलक ढङ्गबाट उजागर गरेका छन् । यसक्रममा उनले नेपाल कम्युनिस्ट पार्टीको प्रारम्भिक अवस्था, पार्टी गठनपछिको अवस्था, कम्युनिस्ट घटकहरूका पार्टी निर्माणका अवस्थाहरू, पार्टी एकता र विभाजनका घटनाहरू, पार्टी सङ्गठन निर्माण र सङ्घर्षका प्रयत्नहरू, कतिपय नेताका क्रान्तिकारी र प्रतिक्रान्तिकारी कदमहरू, पार्टी निर्माणमा देखापरेका अवरोधहरू, राजा र पञ्चायती व्यवस्था विरुद्धका गतिविधिहरू, ती घटकबीचका कार्यगत एकता र एकीकरणका पहलकदमीआदिका बारेमा समेत गहनरूपमा विश्लेषण गरेका छन् ।

नेपालको साम्यवादी आन्दोलनका कम्युनिस्ट घटकहरू बीचको अन्तरपार्टी विवाद र फुटको अवस्थाको वस्तुपरक विश्लेषण गर्ने क्रममा ती कम्युनिस्ट घटकहरू बीचको मतभेदका कारणहरू खोज्ने प्रयत्न गरेका छन् । विश्लेषणका क्रममा झापा विद्रोह (२०२८), उक्त विद्रोहमाथि पञ्चायती दमन, हत्या र गिरफ्तारी, नक्खु जेल ब्रेक घटनालगायतका घटनाहरूको सूक्ष्म विवेचना गरिएको छ । तात्कालीन नेकपा (माले) को पार्टी निर्माण प्रक्रिया, सा-साना कम्युनिस्ट घटकहरूको उक्त समूहमा विलय र एक सशक्त वामपन्थी शक्तिको उदय हुनु पछाडिका राजनीतिक कारणहरूको खोज गरेका छन् । तात्कालीन नेकपा (माले) मा २०३९ सालमा पार्टी भित्र आएको कार्यनीतिक विवाद- पार्टी स्वतन्त्रता कि राजनीतिक स्वतन्त्रता ? भन्ने सन्दर्भको घटनालाई समेत मसिनुरूपमा पहिल्याएका छन् । उक्त कृतिमा संयुक्त वाममोर्चाको निर्माण, त्यसको प्रक्रियागत थालनी, मोर्चा निर्माण, वामपन्थी एकता प्रक्रियाको पृष्ठभूमि, संयुक्त जनआन्दोलनको तयारी, बहुदल (पार्टी स्वतन्त्रता) एजेण्डामा सातै घटकको साझा प्रतिबद्धता, ती घटकहरूको सत्याग्रह (२०४२) मा भूमिका, पञ्चायती चुनावको उपयोग, काँग्रेससँगको कार्यक्रमिक एकता, जनआन्दोलनको पूर्वतयारी हुँदै संयुक्त जनआन्दोलनमा वाममोर्चाको भूमिकाको समीक्षा समेत गरिएको छ ।

पोखरेलका विचारहरूबाट प्रस्तुत शोधका निम्ति प्रजातान्त्रिक आन्दोलन २०४६ मा व्यवस्था विरूद्धका दलीय प्रयासहरू, प्रजातन्त्रको पुनर्स्थापनाका निम्ति काँग्रेस र संयुक्त वाममोर्चाको जनआन्दोलनमा भूमिका, व्यवस्था विरुद्ध चरणबद्धरूपमा भएका आन्दोलनका कार्यक्रमहरूका बारेमा जानकारी प्राप्त गरिएको छ। प्रस्तुत अध्ययनका घटकहरू मध्ये राल्फा र सङ्कल्पमा आएका विभाजनहरूको अवस्थालाई हेरिएको छ। राजनीतिक कारणबाट भएका उक्त घटनाहरू बुझ्न, पञ्चायत इतरशक्तिसँगको सम्बन्ध थाहा पाउन, शोधसन्दर्भ र प्रसङ्गमा आएका तत्सम्बन्धी प्रश्नहरूको जिज्ञासा मेटाउन उक्त विचारहरूले केही सहयोग पुगेको छ। प्रस्तुत कृति मूलरूपमा प्रजातान्त्रिक आन्दोलनका क्रममा भएको संयुक्त जनआन्दोलन (२०४६) संयुक्त वाममोर्चाको भूमिका विषयमा केन्द्रित रहेकाले यस शोध कृतिबाट नेपालको राजनीतिक परिवर्तनका सन्दर्भमा भएका समग्र अवस्था र घटनाहरूको बारेमा विवरण प्राप्त गर्न सकिन्न। कृतिमा कम्युनिस्ट पार्टीमा आएको विभाजन, एकताको प्रयास र कार्यगत एकताको अवस्थाको मात्र चित्रण गरिएको छ। प्रस्तुत कृतिबाट उक्त आन्दोलनमा प्रगतिशील गीतको योगदान आंशिकरूपमा मात्र थाहा पाउन सकिन्छ। गीतमार्फत राजनीतिक चेतना, वर्गचेतना, सामाजिक चेतना, जनमत निर्माणलगायत दलीय उद्देश्य परिपूर्तिमा प्रगतिशील गीतले पुऱ्याएको योगदान आदिका बारेमा कृति मौन छ। त्यसैले उक्त कृतिबाट काँग्रेस र वाममोर्चाको सहकार्यको अवस्था र कम्युनिस्ट पार्टीहरूको भूमिका बारेमा मात्र जान्न अध्ययनका लागि उपयोगी छ। गीत र तिनीहरूको योगदान बुझ्न अन्य स्रोतहरूको प्रयोग गरिएको छ।

आस्था (२०४९) ले आफ्ना सिर्जनात्मक गीतहरूले पञ्चायती शासनकालमा व्यवस्थाका विरूद्ध वैचारिकरूपमा नै योगदान पुऱ्याएको उल्लेख गरेको छ। आस्थाले रेडियो नेपालका केही कर्मचारीहरूको असहयोग र विरोध शैली र प्रवृत्तिहरूसँगको सङ्घर्ष र त्यहाँ अट्न नसकिने स्थितिपछि रेडियोमा गीत गाउन छोडेर 'राल्फा' समूहका नामबाट देशका विभिन्न भागहरूमा सङ्गीत यात्रा चलाएको विचार प्रस्तुत गरेको छ। यस्तै २०३६ सालको राजनीतिक जनउभारताका 'सङ्कल्प परिवार' का प्रगतिशील गीतहरूले तात्कालीन व्यवस्था विरूद्धमा व्यापक जनलहर स्थापित गरेको विचार प्रस्तुत गरेको छ। आस्था परिवारका कलाकारहरू द्वारानै प्रकाशित गीतहरू मूलतः ६ भागमा विभाजित गरिएका छन्। प्रथम भागमा आस्था परिवारको परिचय, दोस्रो भागमा आस्थाका सङ्गीत शृङ्खलाहरू र तिनको विवरण, तेस्रो भागमा आस्थाका प्रगतिशील कलाकारहरूको नामावली, पाँचौं भागमा आस्थाका कार्यक्रम र गतिविधिहरू, छैठौं भागमा आस्थाका प्रकाशित कृतिहरू समावेश गरिएका छन्। राज्यप्रदत्त सेवासुविधा भन्दा टाढा रहेर जनचेतना, जागरण र परिवर्तनका निम्ति उक्त साङ्गीतिक समूहले आन्दोलनका मोर्चाहरूमा गाएका कुल ३१ वटा प्रगतिशील गीतहरू पाश्चात्य स्टाफ नोटेसनसहित पुस्तकमा प्रकाशित छन्। आस्थाका गीतहरू अर्थ, प्रेरणा, सन्देश र जनजागरण दिने उद्देश्यबाट लेखिएको र गाइएको उल्लेख गरिएको छ। उक्त समूहले विचारलाई प्रधानता दिने अर्थपूर्ण एवम् सामाजिक-राजनीतिक सरोकारसँग नजिकिएको वैचारिक, कलात्मक, सार्थक गीत

सङ्गीतको मात्र पक्षपोषण गर्ने गरेको उल्लेख गरेको छ । आस्थाले २०४६ को जनआन्दोलनमा प्रजातान्त्रिक आन्दोलनका लेखक कलाकारहरूसँग मिलेर पञ्चायती व्यवस्थाका विरुद्ध आफ्नो गीति अभियानलाई सक्रिय तुल्याएको, गीतको माध्यमबाट स्वस्थ, सुन्दर र सुसंस्कृत जीवनको पक्षपोषण गरेको पाइन्छ । आस्थाले गीति रचना, सङ्गीत र गायनको माध्यमबाट जनचेतना अभिवृद्धि गर्दै जनसमुदायबीचको एकता, जागरुकता र गतिशीलताका लागि समेत सक्रिय भूमिका खेलेको पनि उल्लेख गरेको छ ।

आस्था परिवार प्रस्तुत अध्ययनको एक मूल घटक हो । उक्त संस्थाले गरेका मुलभूत कार्यहरूको फेहरिस्त प्रस्तुत गरिएको कृति यस अध्ययनका निम्ति उपयोगी रहेको छ । उक्त कृतिबाट आस्था परिवारका गीतहरूको योगदानका सन्दर्भमा विवेचना गरिएको छ । जागरणका निम्ति आस्था सङ्गीत शृङ्खला प्रस्तुत गरेको आस्थाले चेतना विस्तारमा भूमिका खेलेका सन्दर्भहरू यस अध्ययनका निम्ति सहयोगी बनेका छन् । सङ्कल्प परिवारदेखि आस्थासम्म क्रियाशील रहेका कलाकारहरू रामेश श्रेष्ठ, अरिम श्रेष्ठ, ओम श्रेष्ठ, आभास, भरत नेपाली, प्रतिमाराज भण्डारी, कुमार कार्की, चन्द्र भण्डारी, प्रमोद हमाल, श्याम तमोट, पवित्रा सुब्बा, धिरेन्द्र प्रेमर्षी लगायतका प्रगतिशील कलाकारहरूसँगै जागरण अभियानमा सहयोग गरेका स्रष्टाहरूको योगदानले यस शोधलाई परिष्कृत गर्नमा सहयोग पुगेको छ । पञ्चायतकालीन समयमा आस्था परिवारले खेलेका भूमिकाहरू प्रगतिशील गीतको विकासबारेमा अध्ययन गर्नमा प्रयोगमा आएका छन् । आस्थाका कलाकारहरूका भूमिकाहरू थाहा पाउन, राजनीतिक आन्दोलनमा ती गीतको योगदानको मूल्याङ्कन गर्न सहायकसिद्ध हुने देखिएकोले यस कृतिको अध्ययन गरिएको हो । आस्था परिवारले यस पुस्तकमा प्रकाशित गरेका गीतहरू प्रतिबन्धित राजनीतिक अवस्थामा लेखिएका जनसमक्ष गाइएका हुनाले हरेक गीतमा कुनै न कुनै रूपमा शोधका विषय सन्दर्भहरू जोडिएर आएका छन् । उनीहरूले प्रत्यक्ष अप्रत्यक्षरूपमा तात्कालिन व्यवस्था बदल्ने उद्देश्यबाट गाएका गीत, गीति विषय, तिनले राजनीतिक परिवर्तनमा दिएको योगदान, भूमिका लगायतका विषयहरू नेपालको राजनीतिक परिवर्तनका सन्दर्भमा उपयोगी मानिएका छन् ।

बस्याल (२०४९) ले साहित्यकार मेघराज मञ्जुलको जीवनी र व्यक्तित्व, कृतित्वको विश्लेषण गर्ने क्रममा प्रगतिशील प्रगतिवादी साहित्यिक आन्दोलनमा राल्फा र मञ्जुलले महत्त्वपूर्ण भूमिका खेलेको कुरा उल्लेख गरेका छन् । राल्फा मञ्जुलका भूमिकाहरू सामाजिक-सांस्कृतिक र साहित्यिक रूपमा रहेको उनको विश्लेषण छ । उनले राल्फा आन्दोलन माथि सरकार, सरकार विरोधी समूह र तिनका विचारका मानिसहरूले आक्रमणका निशाना बनाउन थालेपछि राल्फाले आफ्ना गीतमार्फत आन्दोलनको घोषणा गरेको बताएका छन् । त्यसले साहित्यिक, साङ्गीतिक क्षेत्रमा प्रभाव पारेको देखिन्छ । राल्फाका योगदानहरूलाई प्रस्तुत गर्ने क्रममा उनले राल्फाको वैचारिक चिन्तन,

विकास, उनीहरूका गीतको जनप्रभावको मूल्याङ्कन, राल्फा जन्मनुका आन्तरिक र बाह्य कारणहरूको समीक्षा प्रस्तुत गरेका छन् । समाजमा व्याप्त शोषण, उत्पीडन विकृति, विसङ्गीतका विरूद्ध गीत सङ्गीतको माध्यमबाट यस किसिमका प्रवृत्ति र परम्पराप्रति विद्रोह गरी जनतालाई सचेत तुल्याउँदै परिवर्तनका पक्षमा मानिसहरूलाई उभ्याउनु जस्ता विषयहरूलाई राल्फा गीति अन्तर्वस्तुको रूपमा प्रस्तुत गरिएको छ ।

यस कृतिबाट राजनीतिक आन्दोलनमा राल्फाका गीतहरूको भूमिका थाहा पाउन, त्यसबीच भएका घटनाहरूबारे तथ्यहरू प्राप्त गर्न सहयोग पुगेको छ । राजनीतिक दलहरू प्रतिबन्धित अवस्थामा राल्फाका सदस्यहरूले प्रशासनबाट पाएका दुःख, कष्ट, यातना, हस्तक्षेप र अतिक्रमणहरूका अनुभवहरू यस शोध यस अध्ययनका निम्ति सान्दर्भिक बनेका छन् । उक्त अध्ययनबाट प्रगतिशील गीतको विकास र पञ्चायती व्यवस्थासँगको द्वन्द्वको क्रममा कलाकारहरूले सामना गरेका चुनौतीको लेखाजोखा गर्न शोधग्रन्थ सहयोगी बनेको छ । राल्फामाथि पञ्चायत समर्थकहरूले गरेको व्यवहार, शासकहरूका कार्य, शोषण र विभेदको अवस्था हेर्न कृतिले सहयोग पुऱ्याएको छ । यसका साथै राल्फाको प्रारम्भिक अवस्था, राजनीतिक चिन्तनको प्रभावको सुरुवाती अवस्था, राल्फा उदय हुने परिस्थितिजन्य अवस्था, उनीहरूमा विद्रोही भावना आउनाको अवस्था आदि बारेका समेत सूचनाहरू सान्दर्भिक छन् । मूलतः राल्फा दुई जना गायकहरूको अनुभवमा केन्द्रित भएता पनि यसबाट राल्फाको सन्दर्भलाई प्रगतिशील गीतको विकासको सन्दर्भमा चित्रण गर्न केही उदाहरणहरू उक्त ग्रन्थबाट सहयोगी छन् ।

ग्रान्डिन (सन् १९९६) ले पञ्चायतकालमा राजनीतिक दलहरू प्रतिबन्धित रहेको बेला प्रशासनबाट प्रगतिशील गीत, स्रष्टाहरू माथि भएको दमन र प्रतिरोधको अवस्थाको विश्लेषण गरेका छन् । उनले पञ्चायतको तीन दशकको अवधिमा दलहरूले भूमिगत रूपमा काम गर्ने, विद्यार्थी युनियनहरूको आडमा लुकेर बस्ने र प्रगतिशील गीतले भूमिगत प्रकृतिका अभियानमार्फत जनचेतनामा सकारात्मक सहयोग पुऱ्याएको उल्लेख गरेका छन् । क्रान्तिकारी सङ्गीतका प्रवृत्तिगत पक्षहरूको उल्लेख गर्दै उनले प्रगतिशील देशभक्ति र प्रतिपक्षी संस्कृतिको अवस्थाको चित्रणसहित प्रगतिशील गीत र पञ्चायतबीचको वैचारिक भिन्नताहरू समेत केलाएका छन् । उनले राजनीतिक दलहरू प्रतिबन्धित रहेको अवस्थामा प्रगतिशील गीतले खेलेको चुनौतीपूर्ण भूमिका, त्यसले उमारेको वैचारिक चेतना, निर्माण गरेको जनएकता, सामाजिक विद्रोह, र व्यवस्था विरोधी सङ्घर्षको अवस्थाबारेमा चित्रण गरेका छन् । नेपाल, नेपाली कला, संस्कृति, प्रकृति विविध विषयको चर्चाबीच नेपालमा प्रगतिशील गीतको अभ्यास वर्गीय, लैङ्गिक र राजनीतिक चेतनाका निम्ति भएको उनको ठहर छ । प्रगतिशील सांस्कृतिक मोर्चाहरूले जनतासम्म पुग्न विचार, चेतना र सङ्गीतलाई सम्मिश्रण गरेर व्यवस्था विरोधी भूमिका खेलेको भन्ने उनको विवेचना रहेको छ । त्यसबेला गाउँघरमा आयोजना

हुने पिकनिक, बिहे, ब्रतबन्ध, तिज, मेलापर्व, जमघट र राजनीतिक जन-बैठकहरूमा ती गीतले मानिसहरूलाई वैचारिक रूपमा प्रभाव पार्दै तिनका परिस्कृत विचारहरू परिस्कृत हुँदै राजनीतिक आन्दोलनको तहसम्म पुगेको कुरालाई विवेचनात्मक ढङ्गले प्रस्तुत गरिएको छ ।

विदेशी अध्येता नेपालमा आई मौलिक विषयवस्तुको अध्ययन गर्ने क्रममा प्रगतिशील गीतको बारेमा गहन अध्ययन गरी लेखिएको महत्त्वपूर्ण अनुसन्धानात्मक उक्त कृतिका माध्यमबाट समाजका विभिन्न वर्ग, तह र समुदायका मानिसहरूसँगको सम्बन्ध, गीति परिचालन, तिनका विचारहरूको एक सुसङ्गत संरचनाबारे थाहा पाउन यस सन्दर्भको अध्ययनले प्रस्तुत अध्ययनलाई मद्दत पुऱ्याएको छ । प्रगतिशील गीत राजनीतिक परिवर्तनको आन्दोलनसँग कसरी एकाकार हुन पुगे भन्ने बारेमा जानकारी प्राप्त गर्न यस सन्दर्भले सघाएको छ । प्रजातन्त्रपछि पनि गीति मुद्दाहरूको सम्बोधन हुन नसक्दा पञ्चहरूले जस्तै प्रगतिशीलहरूले पनि आफ्नै बोली र स्वरहरूको सामना गर्नुपर्ने अवस्था आउन सक्ने सम्भावित अवस्था समेत लेखकले औँल्याएका छन् । प्रगतिशीलहरूले चाहेको राजनीतिक व्यवस्था लागू भएता पनि उनीहरूका गीतले परिकल्पना गरे जस्तो समानतायुक्त शोषणरहीत न्यायपूर्ण समाज निर्माण हुन नसकेको कमजोरी समेत दर्शाएका छन् । प्रजातन्त्र पछि पनि ती गीतको भाव र सार अनुसार नेपालमा शोषणरहीत समाजको खाका प्रस्तुत हुन नसकेको विषयहरूलाई समेत हेरिएको प्रस्तुत कृतिले प्रगतिशील गीतको समग्रतालाई भने बोक्दैन । नेपालको राजनीतिक परिवर्तनमा गीतको योगदान बारेमा आंशिक कुराहरूलाई मात्र अनुसन्धानमा समेटिएको छ । गीति पुस्तकमा भएका न्यून गीतहरूको मात्र विश्लेषण केन्द्रित भएकोले यसबाट गीति विषयवस्तुको प्रस्तुति र प्रभावलाई मात्र हेर्न सहयोग पुगेको छ ।

ब्राउन र रैपर (सन् १९९६) ले परम्परागत राणाकालीन नेपालदेखि प्रजातान्त्रिक नयाँ नेपालसम्मका राजनीतिक घटनाक्रम र त्यसभित्रका महत्त्वपूर्ण राजनीतिक चरहरूका बारेमा गहिरो विश्लेषण गरेका छन् । परम्परागत नेपाल, २००७ को क्रान्ति, राजतन्त्रको पुनरूत्थान, पञ्चायतमा समाज र राजनीति, राजा वीरेन्द्र र सुधारिएको पञ्चायती व्यवस्थाको राजनीतिक विकासक्रमलाई नजिकबाट हेरिएको छ । यसैगरी जनआन्दोलन, अन्तरिम सरकार, लोकतान्त्रिक नेपाल र नेपालमा लोकतन्त्रको सम्भावनाहरूका बारेमा ब्राउनले महत्त्वपूर्ण सवालहरूको विवेचनात्मक बहस चलाएका छन् । नेपालको राजनीतिक विकास र त्यसका चुनौतीसँग केन्द्रित विश्लेषणमा विकासोन्मुख देशहरूमा लोकतान्त्रिकीकरणको प्रक्रियामा रहेका चुनौतीहरूलाई मसिनु ढङ्गबाट केलाएका छन् । राणाशासन अघिको नेपालको अवस्थाको चित्रण गर्दै उनले २००७ को क्रान्ति पछिको प्रजातान्त्रिक सुधारका प्रयासहरू, राजनीतिक अस्थिरता, सक्रिय राजतन्त्रको अभ्यास, निर्दलीय पञ्चायती व्यवस्थाका कमजोरीहरू, प्रतिबन्धित राजनीतिक दलहरूका सङ्घर्ष, आन्दोलन, अन्तर्विरोध हुँदै काँग्रेस

कम्युनिस्ट सहकार्यबाट नेपालको प्रजातन्त्रको पुनर्स्थापनाका विषयहरूलाई गहनरूपमा विश्लेषण गरिएको उक्त कृतिको उद्देश्य नेपालको लोकतान्त्रिकीकरणको प्रयासलाई सघाउनु रहेको देखापर्दछ ।

ब्राउनले राष्ट्रका महत्त्वपूर्ण व्यक्तित्वहरू तात्कालीन प्रधानमन्त्री मनमोहन अधिकारी, माधवकुमार नेपाल, गणेशमान सिंह कृष्णप्रसाद भट्टराई, मदनकुमार भण्डारी, पद्मरत्न तुलाधर, निर्मल लामा, बाबुराम भट्टराई, सहाना प्रधान, गजेन्द्रनारायण सिंह, तात्कालीन विश्वनाथ उपाध्यायसँग अन्तर्वार्ता लिएको देखिन्छ । यसर्थ, राजनीतिक परिवर्तनका घटनाहरूसँग जोडिएका उनका विचारहरूलाई यस शोधको आधिकारिक र विश्वसनीय सामग्रीका रूपमा लिइएको छ । मूलरूपमा पञ्चायती व्यवस्थाका कमि-कमजोरीका बारेमा जानकारी लिन, आन्दोलनमा राजनीतिक दल र जनताको सहभागिताको अवस्थाको मूल्याङ्कन गर्न, प्रजातन्त्र प्राप्तिका निम्ति जनताको त्याग, बलिदानबारे सुसूचित हुन र जनआन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गरेका नेता तथा प्रजातन्त्रवादी विभिन्न व्यक्तित्वका विचार र विश्लेषण बुझ्न सहयोग पुगेको छ । यस शोधले उठान गरेको नेपालको राजनीतिक परिवर्तनमा प्रगतिशील गीतहरूको योगदानका सन्दर्भमा उक्त कृतिकारका विचारहरूबाट केही राजनीतिक घटना, उदाहरणहरू आदि प्रासङ्गिकरूपमा समेट्न सहयोग पुगेको छ ।

राई र राई (२०५३) ले प्रगतिशील गायक शम्भु राइको चुङ्गवाङदेखि काठमाडौंसम्मको जीवनयात्रा प्रस्तुत गरेका छन् । त्यसक्रममा गायक राई र उनी सम्बद्ध सङ्कल्प परिवारका गीति कार्यक्रममाथि पञ्चायती शासक र तिनका पृष्ठपोषकहरूबाट भएका अनेकन आक्रमण, हस्तक्षेप र ज्यादतीहरूको बारेमा सबिस्तार उल्लेख गरेका छन् । चेतनाका गीत गाउने कलाकारहरूलाई हतोत्साहित तुल्याउन प्रहरी प्रशासनले पुलिस थानामा लगेर केरकार गर्ने, कहिले स्टेजमै आएर साङ्घातिक आक्रमण गर्ने, कहिले फकाउने, नमाने धम्क्याउने, कुटपिट गर्ने कार्यहरूको विवरण प्रस्तुत गरेका छन् । निश्चित उद्देश्य र लक्ष्य लिएका मानिसहरू जतिसुकै ठुला चुनौतीहरूको समेत सामना गर्न सक्छन् भन्ने अनुभवजन्य विचारहरूलाई स्रष्टा शम्भु राई, उनले त्यसबेला अङ्गालेको प्रगतिशील विचार र ती गीतले ल्याएको चेतनासँग जोडेका छन् । सङ्कल्प परिवारले जनमत सङ्ग्रहताका २०३६ साउनमा विराटनगरको हिमालय टाकिजमा आयोजना गरेको सङ्कल्प गीति कार्यक्रमको क्यासेटको माध्यमबाट तात्कालीन नेकपा (माले) को विचार डँढेलो झैँ गाउँ-गाउँ, बस्ती-बस्तीसम्म पुग्न सफल भएको सम्पादकद्वयको मूल्याङ्कन रहेको छ । पञ्चायती व्यवस्थाका विरुद्ध जनताको चेतनालाई उठाउन विचार र चेतनाको तहमा धारिलो हतियारको रूपमा ती गीतले काम गरेको बताएका छन् । उक्त कृतिमा मूलरूपमा राल्फा, सङ्कल्प र आस्थासँग विभिन्न कालखण्डमा जोडिएका कलाकारहरू र राइले नेपालको गीति आन्दोलनमा पुऱ्याएको योगदान, राजनीतिक-सामाजिक रूपान्तरण र परिवर्तनका पक्षमा खेलेको भूमिकाका बारेमा समेत चर्चा गरिएको छ ।

भूमिगत राजनीतिक अवस्थामा पञ्चायत विरोधी राजनीतिक चेतनाका गीत गाउने गायक राई र सङ्कल्पले राजनीतिक परिवर्तनका निम्ति देशमा जागरण र चेतना ल्याउन खेलेका भूमिकाहरू प्रस्तुत शोधअध्ययनका निम्ति प्रासङ्गीक विषयवस्तु हुन् । २०३६ को जनमत सङ्ग्रहताका सङ्कल्प परिवारले जनमत निर्माण गर्न खेलेको भूमिका, नेकपा (माले) को पार्टी सङ्गठन विस्तार गर्न ती गीतले पुऱ्याएका योगदान, यस अध्ययनको दोस्रो उद्देश्य- नेकपा मालेको सङ्गठन विस्तारमा प्रगतिशील गीतको योगदानको समस्या समाधान गर्ने कार्यमा उपयोगमा आएका छन् । यस प्रसङ्गको अध्ययनले जनमत सङ्ग्रहमा प्रगतिशील गीतको योगदानलाई विश्लेषण गर्न समेत मद्दत पुगेको छ । प्रगतिशील गीतको विकास र योगदानका विषयको विश्लेषणलाई परिष्कृत गर्नमा यसले सघाएको छ । देशमा जनवादी शासन व्यवस्था स्थापना गर्ने भन्दै गाउँ-गाउँ घुमेका राईको क्रान्तिकारी विचार, सङ्कल्प गीति कार्यक्रमसँग जोडिएका घटनाहरू यस अध्ययनका विश्लेष्य विषयवस्तु हुन् ।

हफ्टम र रेपर (सन् १९९२), भन्छन् - सन् १९९० को राजनीतिक परिवर्तन नेपालका घरेलु शक्तिहरूबाट मात्रै भएको थिएन । अन्तर्राष्ट्रिय शक्तिहरूको समेत महत्वपूर्ण भूमिका थियो । घरेलु राजनीतिकक्रमको परिपक्वतासँगै बाहिरी संसारको प्रभाव पछि नै पञ्चायतकालमा लोकतन्त्रको पुनर्स्थापना भएको थियो । उनले यस सम्बन्धमा आफ्नो तर्कलाई स्थापित गर्ने क्रममा मूलरूपमा नेपालका दुई ठूला छिमेकीहरू भारत र चीनसँगको नेपालको सम्बन्धलाई मुख्यरूपमा जोड दिएका छन् । यद्यपि त्यसका कारक तत्वहरूमा पश्चिमी मुलुकहरूको भूमिकालाई समेत कृतिकारहरूले उत्तिकै महत्व दिएका पनि छन् । नेपालको राजनीतिलाई प्रभाव पार्ने कारक देशहरू, जस्तै- बेलायत, अमेरिका आदि र अन्य युरोपियन देशहरूको समेत भूमिका रहेको विश्लेषण गरेका छन् । नेपालको सन् १९९० को संविधान निर्माण गर्दा समेत ती शक्तिहरूको प्रष्ट प्रतिविम्बन भएको उनको तर्क छ । यस्ता बाह्य भूमिकाहरू मूलतः नेपाली राजनीतिमा राजा वा दरबारको निर्णायक भूमिकाको विरुद्धमा लक्षित रहेको उनको ठम्याई रहेको छ । लेखकहरूले २००७ को राणा शासन विरोधी क्रान्ति, त्यसले ल्याएको परिवर्तन, शासकीय सुधार, राजनीतिक अस्थिरताको अवस्था, राजा महेन्द्रको उदय र त्यसपछिको राजनीतिक अवस्था, दलहरू माथिको प्रतिबन्ध, प्रजातान्त्रिक तथा वामपन्थीहरूको प्रतिरोधात्मक आन्दोलन, २०३६ को विद्यार्थी आन्दोलन र जनमत सङ्ग्रहको मञ्चन्, नेपाली काँग्रेसको २०४२ को सत्याग्रह हुँदै २०४६ को प्रजातान्त्रिक आन्दोलनको उपलब्धिसम्मका विषयवस्तुलाई तार्किकरूपमा प्रस्तुत गरेका छन् ।

उक्त कृतिबाट नेपालको राजनीतिक आन्दोलनलाई नजिकबाट बुझ्न, राजनीतिक आन्दोलनमा भूमिका निर्वाह गर्ने राजनीतिक दलहरूबारेको दृष्टिकोण बुझ्न, प्रजातान्त्रिक तथा वामपन्थी पार्टीहरूको संयुक्त आन्दोलनको कार्यदिशा र रणनीतिबारे थाहा पाउन, जन-आन्दोलनमा

घटेका घटनाहरूको वास्तविकता जान्न र काँग्रेस कम्युनिस्ट एकताबाट प्राप्त भएको जन-आन्दोलनका परिणामहरूबारे स्पष्ट हुन मद्दत पुगेको छ । उक्त कृतिको अध्ययनबाट जन-आन्दोलन सुरु हुनु अघिको राजनीतिक परिवेश, पञ्चायती व्यवस्था र प्रजातान्त्रिक राजनीतिक दलहरू बीचको सम्बन्धको अवस्था र राजनीतिक परिवर्तनको एजेण्डा स्थापित गर्न दलहरूका भूमिकाहरू थाहा पाउन सहयोग पुगेको छ । यस कृतिले नेपालको प्रजातान्त्रिक आन्दोलनमा सांस्कृतिक भूमिकाहरूको पनि चर्चा गर्दै त्यसमा विभिन्न राजनीतिक पार्टीहरूको भूमिका, जनमत सङ्ग्रह र २०४६ को जन-आन्दोलनको अध्ययन विश्लेषण गरिएको हुँदा कृतिका उक्त पक्षहरूको अध्ययन गरी प्रस्तुत अध्ययनमा सन्दर्भ, प्रसङ्ग र आवश्यकतानुसार विश्लेषण गर्न सहयोग पुगेको छ ।

श्रेष्ठ (२०५८) ले प्रगतिशील गीतकार तमोटले भूमिगत समयमा सामाजिक, राजनीतिक परिवर्तनमा गीति सिर्जनाको माध्यमबाट पुऱ्याएको योगदानबारे विवेचना गरेका छन् । पञ्चायतीकालमा शासकहरूका विरुद्ध जनतालाई चेतनशील तुल्याउन र व्यवस्थाका विरूद्ध जागरण फैलाउन तमोटका गीत आन्दोलनका विभिन्न मोर्चाहरूमा जागरणको माध्यम बनेको चर्चा गरिएको छ । प्रगतिशीलहरूले सङ्गीतबद्ध गरेका ७५ वटा गीतहरू उक्त सङ्ग्रहमा सङ्ग्रहित छन् । प्रस्तुत पुस्तकमा सङ्गीतकार श्रेष्ठले तमोटको गीतिकारिता र राजनीतिक परिवर्तनप्रतिको समर्पणको बारेमा समीक्षा गरेका छन् । श्रेष्ठले २०३५-३६ तिरको भूमिगतसमयमा सामाजिक-राजनीतिक विद्रोहको अवस्था सिर्जना गर्नमा तमोटले सङ्घर्षशील भूमिका निभाएको चर्चा गरेका छन् । भूमिगतकालीन समयको सम्झना गर्दै श्रेष्ठले एउटा सानो बन्द कोठामा सानो कसौंडीमा भात पकाएर खाएको, सरकारका आँखा छल्दै सङ्कल्प पत्रिका चलाएको, सामाजिक, राजनीतिक परिवर्तनका लागि गीत गाउँदै गाउँगाउँ हिँडेको, ठाउँ-ठाउँमा पञ्चायती पक्षधरहरूले खुकुरी उज्याएको, पञ्चायती जासुसहरूले जासुसी जालोभित्र पार्न अनेक हर्कत गरेको र पुलिसहरू बन्दुक ताक्दै हिँड्ने गरेका घटना दृष्टान्तहरूको समेत कृतिमा चर्चा गरेका छन् । गाउँगाउँमा प्रगतिशील गीत गाउँदै हिँड्दा पञ्चायतको अनेकन हस्तक्षेप, आक्रमण र बाधा व्यवधानहरू खेप्नु परेता पनि आमजनताको साथ, समर्थन पाएको, खासगरी २०३० देखि २०४६ सम्म ती गीतहरू जनताको शक्तिको स्रोतनै बनेको र गीति शक्तिले राजनीतिक शक्ति निर्माणमा सहयोग पुगेको उनको तर्क छ । लेखमा पञ्चायती कालखण्डको चुनौतीपूर्ण सङ्घर्ष, त्यो सङ्घर्षले आर्जन गरेको उर्जाशील शक्ति र समाजमा पारेको सकारात्मक प्रभावका बारेमा समेत विवेचना प्रस्तुत गरिएको छ ।

उक्त कृतिबाट तात्कालीन जनविरोधी शासन व्यवस्था विरुद्ध राजनीतिक उद्देश्य प्राप्त गर्न प्रगतिशील स्रष्टाहरूले गरेका त्याग, समर्पण र योगदानहरू थाहा पाउन सहयोग मिलेको छ । एउटा स्रष्टाबाट राजनीतिक परिवर्तन, सत्तासिनहरूलाई फाल्न गरिएका प्रयत्नहरूमा कती सङ्घर्षशील रहनु पर्छ, कति चुनौतीहरूको सामना गर्नु पर्छ भन्ने चेतना उक्त गीतहरू, विश्लेषण र घटना

दृष्टान्तहरूको जानकारी उक्त कृतिबाट मिलेको छ । त्यो बेला राज्यद्वारा सञ्चालित रेडियो नेपाललगायत अन्य माध्यमद्वारा स्थापित भएको मूलधारको संस्कृति भन्दा पृथक्‌रूपमा रहेर स्वतन्त्र संस्कृति निर्माण गर्ने कार्यको अनुभव उक्त कृतिबाट प्राप्त गरिएको छ । २०४६ को संयुक्त जन-आन्दोलन सफल पार्न तमोटका गीति भूमिकाको बारेमा केन्द्रित कृति नभएता पनि तमोटका गीतहरूको राजनीतिक अभ्यासहरू बारेमा थाहा पाउन र पञ्चायती व्यवस्था विरूद्ध उनका गीतले जनचेतना विस्तार गर्न खेलेका भूमिका थाहा पाउन उक्त कृतिबाट सहयोग मिलेको छ ।

सेल्स (सन् २००३) ले मानिसहरूलाई जगाउन, चेतना भर्नका लागि सङ्गीतको शक्ति कसरी प्रयोग हुन सक्छ भन्ने बारेको बहसमा एक क्रान्तिकारी सङ्गीत समूह रक्तिम परिवारको दृष्टान्त प्रस्तुत गरेका छन् । शक्तिशाली रगतको अवधारणा प्रयोग गर्दै उनले रक्तिमका गीतले समाजमा समानुभूति सिर्जना गर्न र वर्ग शत्रुहरूको विनाश गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका खेलेको कुरा व्यक्त गरेका छन् । उनले हामी को हौं ? शत्रु को हो ?, केन्द्रीय मण्डलको रूपमा भूगोलको क्षेत्र, प्राकृतिक रूपकहरू जस्ता केही दार्शनिक विषयवस्तुहरूको उठान गरेका छन् । उनले *बलिदानका लागि बलिदान* पाँच विषयहरूमा कलम चलाउँदै रक्तिम परिवारको क्रान्तिकारी चेतना, सामन्ती वर्गसँगको वर्गसङ्घर्षका क्रान्तिकारी गीतहरूले समाजमा पारेको प्रभाव, जनमैत्री गीति यात्रा आदिका बारेमा रक्तिमका विभिन्न गीतहरूको दृष्टान्तहरू प्रस्तुत गरेका छन् । खासगरी पुनरावर्ती रूपक चित्रणद्वारा गीतको शक्तिलाई प्रष्ट पार्ने कोशिस कृतिकारको रहेको छ । रक्तिमले शत्रुहरूबाट पनि शैली र प्रविधि उधारो लिन सकिन्छ, प्रविधिका सवालमा शत्रुहरू अगाडि छन् भन्ने कुरालाई प्रधानता दिएर उनले लेखेका छन् । माओवादी प्रचारमा संलग्न कलाकारहरू शहरमा भन्दा गाउँहरूमा बढी लोकप्रिय रहेका, उनीहरूका गीतमा लोकगीतको बढी छाप रहेको, केही रचनामुखी र केही मार्च प्रदर्शन गर्ने, मानिसलाई उत्प्रेरणा जगाउने र प्रेरित गर्ने खालका मौलिक विशेषताहरू थिए भनेका छन् । गीतको प्रसङ्गमा माओवादी विद्रोहको समेत चर्चा गर्दै उनीहरू मर्न, मार्न तयार थिए । तर विचारको एउटै साझा वैचारिक केन्द्रित मण्डल थियो भनेका छन् । युद्धमा काठमाडौंले रूकुम, रोल्पालाई चरम बेवास्ता गर्‍यो, तर आज देशको राजनीतिक केन्द्र, काठमाडौं क्रान्तिको केन्द्र बनेको छ । रोल्पा र रुकुम जिल्ला हरेक दिनका प्रायः राष्ट्रिय पत्रिकाको पहिलो पृष्ठमा रहन्छन्, त्यसैले आत्मा बलिदान खेर गएको छैन भन्ने रक्तिमका विचारहरूलाई सेल्सले विश्लेषणको केन्द्रमा राखेका छन् । नेपालको राजनीतिक परिवर्तनमा प्रगतिशील गीतको योगदानमा मानिसहरूलाई जगाउँनको लागि सङ्गीतको शक्तिको प्रयोग, ती गीतले समाजलाई दिएको चेतना, पारेको प्रभाव, राजनीतिक परिवर्तनमा गीतको भूमिकाका कुराहरू हेर्न सेल्सका विचारहरू उपयोगी छन् । मूलतः यो अध्ययन २०५२-६२ को भएता पनि २०४६ को जन-आन्दोलनसँग जोडिएका विषयहरू भने यस अध्ययनका निम्ति सान्दर्भिक छन् । लेखकका कतिपय विचारहरूलाई रक्तिम परिवारको इतिहास र योगदान बारेमा यस अध्ययनमा

सामेल गर्न सहयोग पुगेको छ। यसले रक्तिम परिवारको गीति पाटोको अध्ययन गर्न समेत मद्धत पुगेको छ।

ब्रायन्ट् (सन् २००४) ले चिनियाँ सांस्कृतिक क्रान्ति (सन् १९६६-७६) को कालखण्डका कम्युनिस्ट क्रान्तिकारी गीतहरूले चिनियाँ समाजमा खेलेको भूमिकाका बारेमा गहिरो अनुसन्धानात्मक विश्लेषण गरेका छन्। ब्रायन्ट्ले क्रान्तिको समयमा तात्कालीन चिनियाँ शासक च्याङ्काई शेक र उनको सरकारका विरुद्ध क्रान्ति गीतहरूले बलिदानी भाव पैदा गराउने, जनसहभागिता बढाएर राज्यविरुद्ध लड्न उक्साएको कुरा उल्लेख गरेका छन्। जनस्तरमा र युद्धका मैदानमा गीतहरूले खेलेका भूमिकाहरूको विवेचना गर्ने क्रममा चीनमा माओत्सेतुङको नेतृत्वमा रहेका क्रान्तिकारीहरू माथि गरिएका बर्बरतापूर्ण दमन, जेल, नेल, यातना, हत्या, बन्धकीका प्रतिशोधात्मक कारवाहीहरूको समेत नालीबेली प्रस्तुत गरेका छन्। उक्त अवस्थामा क्रान्तिमा सैन्य शक्तिसँगै सङ्गीतको शक्तिलाई पनि क्रान्तिको हतियारका रूपमा उपयोग गरिएको र त्यसले चिनियाँहरूलाई क्रान्तिकारी उर्जा भर्न, क्रान्ति सन्देश प्रवाह गर्न, क्रान्तिकारी भावनात्मक विचार, जोश पैदा गर्न योगदान दिएको कुरा उल्लेख गरेका छन्। गीत क्रान्तिको महत्त्वपूर्ण हतियारका रूपमा प्रयोग हुन सक्छ र नयाँ सत्ताको प्रतिस्थापन र पुरानो सत्ताको बहिर्गमनलाई त्यसले सघाउ पुऱ्याउन सक्छ भन्ने तर्क प्रस्तुत गरेका छन्। सांस्कृतिक क्रान्तिका क्रान्तिकारी गीतहरूको रचना, सम्पादन, सङ्कलन, विषयवस्तु, ग्रन्थ र सङ्गीतका विशेषताहरू सहित चिनियाँ समाजमा ती गीतको प्रभावका बारेमा उनका विषयवस्तुहरू केन्द्रित देखिन्छन्।

चिनियाँ सांस्कृतिक क्रान्ति चीनको राजनीतिक परिवर्तनकै निम्ति भएको क्रान्ति भएको हुँदा त्यहाँको अनुभवसँग नेपालको राजनीतिक परिवर्तन (२०४६) लाई तुलनात्मकहरूले जोड्न उक्त सन्दर्भलाई एक आनुभविक स्रोतका रूपमा लिइएको छ। यस प्रकृतिका अध्ययन नेपालमा मात्र हैन, नेपाल बाहिर पनि भएका छन् र यस मार्क्सवादी विचारका क्रान्तिकारी गीतहरू क्रान्ति वा राजनीतिक परिवर्तनका सहयोगी अङ्ग हुन् भन्ने कुरालाई समेत यसले समर्थन गरिदिएको छ। कुनै पनि राजनीतिक परिवर्तनमा गीति सांस्कृतिक उपकरणले आन्दोलन र जनतालाई जोड्दछ, वर्गीय विचार र चेतना निर्माणमा सहयोग पुऱ्याउँछ भन्ने कुरालाई उक्त शोधले प्रस्तुत गरेको निष्कर्षले गीतको राजनीतिक योगदानका सन्दर्भहरूलाई परिष्कृत गर्नमा यस अनुसन्धानलाई सहयोग पुऱ्याएको छ। सामाजिक-ऐतिहासिक सन्दर्भमा प्रस्तावित शोध र उक्त अध्ययन सम्पन्न भइसकेको शोध दुवैका गीति आयाम र प्रकृतिहरू केही मिल्दोजुल्दो प्रकृतिको भएको हुँदा उक्त अनुभवसँग प्रस्तुत शोधका गीतहरू र तिनको भूमिकालाई तुलनात्मक रूपमा जोड्न सहयोग पुऱ्याएको छ। दुवै अध्ययनका परिवेश, विषयवस्तु, समस्या र उद्देश्य फरक भएता पनि नेपालको अनुभवलाई बाह्य अनुभवसँग तुलनायोग्य बनाउन खोजिएको हो। यसर्थ, यस कृतिलाई अन्तर्राष्ट्रिय अनुभवका रूपमा जोड्दै यस

शोधसामग्रीबाट आंशिक तथ्य प्राप्त गरेर बाँकी प्राप्त हुन नसकेका तथ्यहरू अन्य स्रोत माध्यमबाट खोजीनीति गरी अनुसन्धान पूरा गरिएको छ ।

पोखरेल (सन् २००७) ले मार्क्सवादी लेनिनवादी (माले) को सामाजिक, राजनीतिक र सांस्कृतिक तीनैवटा अभियानमा गीतको प्रयोगले जनमत निर्माणमा सहयोग पुगेको भनेका छन् । नेपालको कम्युनिस्ट आन्दोलनको २३ वर्ष र एकीकृत मार्क्सवादी लेनिनवादी (माले) को इतिहासलाई प्रस्तुत गर्ने क्रममा उनले नेपालमा वामपन्थी शक्तिको उद्भव र विकासको ऐतिहासिक पृष्ठभूमि, संयुक्त वाममोर्चाका घटकहरूको परिचय, संयुक्त वाममोर्चाको निर्माण र संयुक्त जन-आन्दोलनको तयारी, संयुक्त जन-आन्दोलन (२०४६) र वाममोर्चाको भूमिकालाई प्रस्तुत गरेका छन् । नेपालको प्रजातान्त्रिक आन्दोलन (२०४६) सफल पार्न संयुक्त वाममोर्चाले खेलेको भूमिकालाई नजिकबाट विश्लेषण गरेका उनले ने.क.पा.को गठन, पार्टी गठनपछिको अवस्था, कम्युनिस्ट घटकहरूको निर्माणका अवस्था, पार्टी एकता र विभाजनका घटना, सङ्घर्षका प्रयत्न, कतिपय नेताका प्रतिक्रान्तिकारी कदम, पार्टी निर्माणका अवरोध, राजा र पञ्चायती व्यवस्था विरुद्धका गतिविधि, ती घटकबीचका कार्यगत एकता र एकीकरण प्रयास आदिका बारेमा समेत गहन विश्लेषण गरेका छन् । कम्युनिस्ट घटकहरू बीचको अन्तरपार्टी विवाद, फुटको अवस्था र कम्युनिस्ट घटकहरू बीचका मतभेदका कारणहरू खोज्ने प्रयत्न गरिएको पाइन्छ । विश्लेषणका क्रममा झापा विद्रोह (२०२८), पञ्चायती दमन, हत्या र गिरफ्तारी, नख्खु जेल ब्रेक घटनाहरूको नालीबेली सहित ने.क.पा. (माले) को पार्टी निर्माण प्रक्रिया, सा-साना कम्युनिस्ट घटकहरूको मालेमा विलय र एउटा ठुलो दलका रूपमा उदय हुनु पछाडिका राजनीतिक घटनाहरूको विवेचना गरिएको छ । वामपन्थी एकता प्रक्रिया, संयुक्त जनआन्दोलनको तयारी, बहुदल (पार्टी स्वतन्त्रता) एजेण्डामा सातै घटकको साझा प्रतिबद्धता, पञ्चायती चुनावको उपयोग, काँग्रेससँगको कार्यक्रमिक एकता, जन-आन्दोलनको पूर्व तयारी हुँदै संयुक्त जन-आन्दोलनमा वाममोर्चाको भूमिकालाई समीक्षात्मकढङ्गले प्रस्तुत गरेको पाइन्छ ।

प्रस्तुत शोधका निम्ति पोखरेलका कृतिगत विश्लेषणबाट मूलतः सङ्कल्प गीति कार्यक्रमका अभ्यासहरू, प्रजातान्त्रिक आन्दोलन (२०४६) मा व्यवस्था विरूद्धका दलीय प्रयासहरू, प्रजातन्त्रको पुनर्स्थापनाका निम्ति काँग्रेस र संयुक्त वाममोर्चाको आन्दोलनको भूमिका, व्यवस्था विरूद्ध चरणबद्ध रूपमा भएका आन्दोलनका कार्यक्रमहरूका बारेमा जानकारी प्राप्त गरिएको छ । प्रस्तुत अध्ययनका घटकहरूमध्ये राल्फा र सङ्कल्पमा आएका विभाजनहरूका राजनीतिक घटनाहरू बुझ्न, राजनीतिक परिवर्तन र त्यसभित्र गीतको भूमिका, योगदानका बारेमा पञ्चायत इतर शक्तिसँगको सम्बन्धबारे थाहा पाउन, शोध सन्दर्भ र प्रसङ्गमा आउने तत्सम्बन्धी प्रश्नहरूको समाधानमा पोखरेलका विचारहरूले सहयोग पुगेको छ । प्रस्तुत कृति मूलरूपमा प्रजातान्त्रिक आन्दोलनका क्रममा भएको संयुक्त जनआन्दोलन (२०४६) संयुक्त वाममोर्चाको भूमिकामा केन्द्रित रहेकाले यस शोधकृतिबाट

नेपालको राजनीतिक परिवर्तनका सन्दर्भमा भएका अवस्था र घटनाहरूको बारेमा सूचनाहरू लिन सहयोग पुगेको छ ।

बर्मा (सन् २००८) का अनुसार कुनै पनि आधुनिक राजनीतिक प्रणालीमा सिद्धान्त, आयाम, विधि, चरण, मापन, भूमिका र कार्यहरूको महत्त्वपूर्ण भूमिका रहन्छ । २१ औँ शताब्दीमा राजनीतिक प्रणालीमा देखिएका समस्या र चुनौतीहरूको समाधानमा राजनीतिक सिद्धान्त, निर्माण प्रक्रिया, भूमिका र कार्यहरूको विज्ञानसम्मत प्रयोग तथा अभ्यासहरूको बारेमा चर्चा गरेका छन् । एक्काइसौँ शताब्दीको प्रजातन्त्र, राजनीतिक विचारधाराहरू र राजनीतिक संस्कृति, विश्वव्यापीकरणको दृष्टिकोण र सिद्धान्त आदि पक्षका बारेमा सैद्धान्तिक रूपमै उनले छलफल चलाएका छन् । बर्माले राजनीतिक प्रणाली र त्यसका परिवर्तनका सम्बन्धमा डेभिड स्टनको राजनीतिक प्रणाली सम्बन्धि अवधारणाहरूको व्याख्या समेत व्याख्या गरेका छन् । उनले राजनीतिक प्रणालीलाई प्रणाली भित्र परस्परमा अन्तरक्रियाशील भूमिकाहरू, संरचनाहरू र उप-प्रणालीहरूको योग मानेका छन्, जसको अन्तरक्रियालाई प्रणाली-उपप्रणाली भित्र क्रियाशील मनोवैज्ञानिक सहज प्रवृत्तिहरूले प्रभाव पार्ने बताएका छन् । ईस्टनको डाइनामिक मोडल अफ पोलिटिकल सिस्टम, राजनीतिक विश्लेषणात्मक ढाँचाले राजनीतिक प्रणालीको वातावरणसँगको अन्तरक्रिया र त्यसको प्रतिक्रिया कसरी हुन्छ भन्ने उल्लेख गरेका छन् । जसअनुसार प्रणालीमा आगत (इनपुट्स) अन्तर्गत माग र समर्थन, राजनीतिक प्रणाली अन्तर्गत राजनीतिक सँस्था र संरचनाहरू पर्दछन् । कन्वर्सन प्रक्रिया अन्तर्गत माग र समर्थनलाई निणर्यमा बदल्न गरिने छलफल वार्ता र निणर्य पर्दछन् । यसैगरी निर्गत (आउटपुट्स) अन्तर्गत कानुन, नियम र नीतिहरू रहन्छन् । फिडब्याक अन्तर्गत आगत कार्यान्वयन पछिका परिणाम र प्रभावहरू पर्दछन् । प्रणालीमा अवस्थित स्थिरता र अनुकुलनले समाजमा आउने र परिवर्तित हुँदै जाने माग र समर्थनलाई समायोजन गर्ने गर्दछ । एउटा स्थिर राजनीतिक प्रणालीले अन्तरिक र बाह्य दबाबलाई सन्तुलनमा राख्ने र प्रणालीमा स्थिरता कायम गर्ने र समाजको विकासमा ध्यान पुऱ्याउने कार्य गर्नु पर्ने उनको तर्क रहेको छ ।

बर्माको डेभिड ईस्टनको प्रणाली सिद्धान्तका मूल तत्वहरूका आधारमा नेपालको राजनीतिक परिवर्तनको सन्दर्भ र त्यसको परिवर्तनमा प्रयोग भएका गीतहरूको सन्दर्भलाई विश्लेषण गर्ने कार्यलाई सहयोग पुगेको छ । प्रगतिशील गीतहरूले आफ्ना मागका रूपमा उठाएका जातीय, वर्गीय र लैङ्गिक मुद्धाहरू उपर जनताको समर्थनको स्थिति अध्ययन गर्न, गीतमा प्रणालीका नीति, नियम र कानुनमा त्यसको कुनै प्रभाव बुझ्न र प्रणालीको आगत र निर्गत प्रक्रिया बीचको सन्तुलन हेर्न यसले सघाउ पुगेको छ । राजनीतिक दलहरूका अभिव्यक्ति, माग र समर्थनलाई समायोजन र सन्तुलनको अवस्थाबारे विश्लेषण गर्न यसले सहयोग गरेको छ । यस अध्ययनमा बर्माको प्रणाली सिद्धान्त, प्रणालीको दृष्टिकोण, शक्ति, प्रभाव, अधिकार र राजनीतिक विचारधारा र राजनीतिक संस्कृतिका

विषयवस्तुहरूको उपयोग गरिएको छ । विभिन्न सिद्धान्तहरूको औचित्य र आवश्यकता बारेमा बुझ्न, आधुनिक राजनीतिक सिद्धान्तको भूमिका र कार्यहरूबारे सुसूचित हुन, राजनीतिक प्रणाली सिद्धान्तहरूबारे जानकारी लिन, राजनीतिक प्रणालीमा तथ्य, मूल्य, सिद्धान्त र विधिको प्रयोगका बारेमा अनुभव लिन, राजनीतिक विचारधाराहरूको बारेमा ज्ञान हासिल गर्न यस उनका विचारहरूबाट सहयोग पुगेको छ । यसले नेपालको राजनीतिक प्रणालीबारे बुझ्न र सैद्धान्तिक ज्ञानको क्षेत्रलाई विस्तार गर्न मद्दत गरेको छ ।

कर-विलकोक्सन (सन् २०१०) ले भनेका छन्- गीत राजनीतिक मुद्दाहरूको उठानमा निकै प्रभावकारी साधन हो । यसले शान्तिपूर्णरूपमा हिंसात्मक आन्दोलनका विरुद्धमा शान्तिपूर्ण जनमत तयार गर्न र युद्ध विरोधी भावना निर्माण गर्नमा मनोवैज्ञानिक रूपमा भूमिका खेल्दछ । उनले अमेरिकाले भियतनाममाथि गरेको आक्रमणको अवस्थामा युद्धको विरोधी भावना पैदा गर्न सङ्गीतको महत्त्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै उनले गीति कोणबाट भियतनाम युद्धलाई परिभाषित र वर्णन गर्ने प्रयास गरेका छन् । युद्धताका विभिन्न लोकप्रिय विरोध गीतहरूको भूमिकाको चर्चा गर्ने क्रममा भियतनाम युद्धको बेला विरोध सङ्गीतको भूमिका, भियतनाम युद्धको सङ्क्षिप्त चर्चा, सन् १९६५ देखि युद्धको सुरुवात, युद्धको अवस्था (सन् १९६५-६८), युद्धको उच्चतम अवस्था र अन्त्य (सन् १९६९-७५) लगायत भियतनाम युद्धको सारांश प्रस्तुत गरेका छन् । उक्त आन्दोलनमा प्रयोग भएका गीतहरूको वर्गीकरणका साथ तत्उपरको राजनीतिक विवेचना प्रस्तुत गर्दै उनले हिंसात्मक, शान्तिपूर्ण विरोध र आन्दोलनको पनि चर्चा गरेका छन् । यस प्रकारका युद्धजन्य अवस्थामा राजनीतिक चेतनाका गीतहरूको सम्मिश्रणलाई प्रतिरोधात्मक शक्ति आर्जनको अवस्था भनी चित्रण गरेका छन् ।

राजनीतिक आन्दोलनमा चेतनाका गीतहरूको सम्मिश्रण, आन्दोलनमा गीतको भूमिका, राजनीति र सङ्गीतबीचको सम्बन्ध, त्यस अभियानमा लागेका विश्व लोकप्रिय रक समूह *द विटल्स, जोन लेनन, लोक गायकहरू द विटल्स, पीटर यारो, पोल स्टोल्की, जोन वेज, पीट सीगर'* लगायतका गायकहरूले भियतनाम र सिङ्गो विश्वमै मानव विनासकारी युद्ध विरुद्ध जनचेतना जागृत गर्न पुऱ्याएको योगदानलाई बाह्य अनुभवजन्य स्रोतका रूपमा लिइएको छ । प्रगतिशील गीतले साम्राज्यवादको विरोध गर्ने हुँदा निजले प्रयोग गरेको साम्राज्यवाद विरोधी गीतहरूले भियतनामी जनतामा जगाएको जागृतिसँग नेपालको राजनीतिक परिवर्तन (२०४६) को तुलना गर्न त्यसको प्रयोग गरिएको छ । भियतनाममा हिंसात्मक युद्धको विरोधमा गीतको प्रयोग र नेपालमा शान्तिपूर्ण आन्दोलनको पक्षपोषणमा गीतको प्रयोगको परिस्थितिमा भिन्नता भए पनि ती गीतका प्रकृतिमा केही समानता पाइएको हुँदा यसलाई तुलनायोग्य विषयवस्तुका रूपमा ग्रहण गरिएको छ । त्यसैले विश्वप्रसिद्ध गायक पीट सीगरको *'वी श्याल ओभर कम सम डे'* जस्ता केही भियतनाम युद्धताका

गाइएका गीतहरू नेपाली प्रगतिशील गायकहरूले पनि नेपाली अनुवाद गरी पञ्चायतकालभरि नेपालमा गाएबाट पनि यस्ता गीतको सन्दर्भलाई विश्व कम्युनिस्ट आन्दोलनमा गीतको प्रयोग र अभ्यासको विश्लेषण गर्नमा सहयोग पुगेको छ ।

चापागाइँ (२०६७) ले मार्क्सवादी सङ्गीत दृष्टिकोण प्रस्तुत गर्दै मजदुर आन्दोलनमा क्रान्तिकारी सङ्गीत, सङ्गीतको रूप र अन्तर्वस्तु, सोभियत सङ्गीतको आकर्षण र सर्वहारा क्रान्तिकारी रचनाका समस्याहरूको बारेमा आफ्नो दृष्टिकोण अघि सारेका छन् । उनले सङ्गीत, मानव बोलीको आरोह अवरोह, साङ्गीतिक विम्बको आधार, गीतको संवेगात्मक अवस्थाहरू प्रस्तुत गरेका छन् । युरी बोरेभ, ह्यानको आइस्लर, जर्ज थम्पसन, शोपेनहाउर, यारुतोव्स्कीहरूका मार्क्सवादी सङ्गीतसम्बन्धी धारणाहरू प्रस्तुत गर्दै उनले गीत सङ्गीतले उमार्ने अनुभूतिजन्य विचारभावलाई उद्वेलित गर्ने क्षमता र गीति विम्बहरूको माध्यममार्फत अचेतन मनलाई विचार चेतनाले पार्ने प्रभाव, विषयवस्तुको संयोजनमार्फत वर्गीय र वर्गविरोधी अनेकन् प्रतिक्रियामा रूपान्तरित गर्ने कुराहरूको विश्लेषण गरिएको छ ।

वोरेभको गीतसम्बन्धी मार्क्सवादी विश्लेषणले यस शोधले अघि सारेको राजनीतिक परिवर्तनमा प्रगतिशील गीतको योगदानको सैद्धान्तिक अवधारणालाई सहयोग पुगेको छ । मूलतः कृति गीतमार्फत वर्गीय चेतना र विचार प्रवाहको माध्यम अपनाउने प्रगतिशील सर्जकहरूको सैद्धान्तिक विचारसँग मिल्दोजुल्दो देखिन्छ । यसले शोधको सैद्धान्तिकीकरण गर्नमा मद्दत पुगेको छ । यस शोधले उठान गरेको राजनीतिक परिवर्तनमा योगदान पुऱ्याएका प्रगतिशील गीतहरूको मार्क्सवादी सिद्धान्त आधारहरू पहिल्याउन उनका विचारहरूले सहयोग पुगेको छ । प्रगतिशील गीतका भाव, विचार, चेतना, दृष्टिकोण, राजनीतिक, सामाजिक, सांस्कृतिक विषयवस्तुको बन्देजहरू थाहा पाउन सघाउ पुगेको छ । उनका विचारहरू प्रगतिशील गीतको सैद्धान्तिक पक्षमा उपयोग गरिएको छ ।

कार्की (सन् २०१२) ले गुणात्मक र मात्रात्मक विधिहरूको संयोजनमार्फत कार्यकर्ताहरूको 'मोटिभेसनल फ्याक्टरहरू' (अभिप्रेरणादायी तत्त्वहरू) निर्माण हुन्छन् र ती एक अर्काको पूरकको रूपमा काम गर्दछन् भन्ने तर्क पेश गरेका छन्, जुन कुरा सामाजिक-राजनीतिक कार्यकर्ता भर्ती प्रक्रिया अध्ययनको एक महत्त्वपूर्ण हिस्सा मध्येको एक हो भनेका छन् । फरक आस्था वा विचारविहीन मानिसहरू कम्युनिस्ट विचारतर्फ कसरी आकर्षित हुन पुग्छन् भन्ने कुराको उनले एक दृष्टान्त प्रस्तुत गरेका छन् । कुनै एक विद्यालयमा पढ्ने विद्यार्थी उक्त विद्यालयमा जनवादी गीत 'आमा दिदी बैनी हो कति बस्छौ दासी भई सुखको सधैँ प्यासी बनेर' सुन्छिन् । उनि उक्त गीतको भावबाट प्रभावित हुन्छिन् र उक्त पार्टीको वकालत गर्ने तहसम्म पुग्छिन् । कुनै सैद्धान्तिक विचार वा पार्टीको सदस्य नभएता पनि सोही पार्टीका उम्मेदवारहरूलाई समेत भोट हाल्छिन् । अन्ततः त्यही नै उनको जीवनको विचारधारा निर्माणको प्रेरणादायी स्रोत बन्न पुग्छ । कार्कीले यसलाई

सामाजिकीकरण र राजनीतिकरणको प्रक्रियामा अभिप्रेरणादायी तत्त्वहरूको भूमिका भनेका छन् । कार्कीले सन् २००३ देखि सन् २००५ सम्म नेपालका तीन जिल्लाहरूबाट सङ्कलन गरिएका पाँच दर्जनभन्दा बढी जीवन इतिहास र आठ सय सर्वेक्षण तथ्याङ्कहरूलाई कार्यकर्ताहरू भर्तीको पाँच प्रेरणाका आधारका रूपमा उल्लेख गरेका छन् । मानिसको विचारधारा, विद्यमान सामाजिक विकृतिहरू (कुरीति, विकृति) विरुद्धको प्रतिरोध उत्पन्न गर्ने माध्यमका रूपमा प्रेरणा तत्त्वलाई प्रमुख मानेका छन् । सामाजिकीकरण, आत्म जागरूकता र समाज सेवा तीन महत्वपूर्ण कार्यमा कोर्बिन र स्ट्रसको ग्राउण्डेड थ्योरीलाई प्रयोग गर्दै उनले मध्यमस्तरको अवधारणाले ग्राउन्ड लेभल प्रतिक्रिया र उच्च स्तरीय अवधारणाहरू विकसित हुने बताएका छन् । सामाजिक लेनदेनको सम्बन्धमा कार्यकर्ताहरूको प्रतिक्रिया र धारणाहरू राजनीति, संस्कृति, घटना, पारस्परिक लेनदेन आदिलाई विश्लेषणका एकाइका रूपमा लिएका छन् । यसबाट एउटा राजनीतिक चेतनाको गीतले कसरी मानिसलाई प्रभावित गरेर राजनीतिक पार्टीको निकट पुऱ्याउन मद्धत गर्छ भन्ने कुरा थाहा पाउन मद्दत पुगेको छ । उनले आफ्नो जीवनका मानक वा पुरातात्त्विक प्रक्रियाहरू समावेश गरी एक व्यक्ति एक विशेष प्रकारको कार्यकर्ता बन्छ र प्रत्येक समूहको विशिष्ट भर्तीका प्रेरणाहरू विभिन्न ऐतिहासिक अवधि र कार्यकर्ताहरूको प्रकारहरूमा समेत भिन्नता हुन्छ भन्ने तर्क प्रस्तुत गरेका छन् ।

उक्त विचारबाट समाजमा विद्यमान रहेका प्रेरणादायी तत्त्वहरूको बारेमा जानकारी लिन सहयोग पुगेको छ । उक्त अनुसन्धानात्मक अध्ययनबाट अनुभवजन्य रूपमा प्राप्त सामाजिक-राजनीतिक प्रक्रियामा क्रान्तिकारी गीतले प्रभावमा पारी सङ्गठनको कार्यकर्ता बनाउँने र समाजको कुरीति र विकृति सुधार गर्न भूमिका खेल्ने खालका व्यक्तिको सामाजिकीकरणको प्रक्रियासँग जोडिएका कुराहरूलाई राजनीतिक परिवर्तनमा गीतको योगदानमा नयाँ अनुभव दृष्टान्तका रूपमा लिइएको छ । कुनै पनि सैद्धान्तिक विचार वा राजनीतिक आस्था नभएका वा फरक आस्था भएका मानिसहरू क्रान्तिकारी गीतको प्रभावले कम्युनिस्ट राजनीतिमा भाग लिन पुगेका दृष्टान्तले यस अध्ययनको प्रगतिशील गीतको प्रभावसँग जोड्न मद्दत पुगेको छ । राजनीतिक-सामाजिकीकरणको प्रक्रियामा गीत, गीतले दिने सन्देश, त्यसका अन्तर्वस्तुको मानिसको जीवनमा पार्ने प्रभाव र त्यस अनुरूपको विचार, धारणाको निर्माणका विषयहरू यस अध्ययनका निम्ति सहयोगपूर्ण छन् ।

ह्विटली (सन् २०१२) ले सन् ६० को दशकमा अमेरिकाबाट सुरु भएको प्रति-संस्कृति सङ्गीतले नागरिक अधिकारको आन्दोलनलाई स्थानीयता, समुदाय र सामूहिक पहिचानको भावनासँग जोड्ने र समुदाय अभिव्यक्तिको साझा सम्बन्ध स्थापना गर्ने कार्यमा प्रमुख भूमिका खेलेको थियो भन्ने तर्क पेश गरेकी छिन् । गीत सङ्गीतले सामाजिक-सांस्कृतिक-राजनीतिक पृष्ठभूमि निर्माण गर्ने काम गर्दा प्रतिसांस्कृतिक समूहहरू स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय तिनै स्तरहरूमा लोकप्रिय बनेको उनको ठम्याई छ । राजनीतिक प्रकृतिका गीत सङ्गीतको सैद्धान्तिक विवेचना, प्रतिपक्षी सङ्गीतको

प्रयोग र अभ्यास, राजनीतिक- सामाजिक रूपान्तरणमा गीतको प्रयोग, सन् ६० को दशकको मूलधारको सङ्गीत र प्रगतिशील रक सङ्गीत, इटालीमा प्रतिपक्षी सङ्गीतले ल्याएको सामाजिक-सांस्कृतिक प्रभाव, कट्टरपन्थी वामपन्थीहरूको गीति सैद्धान्तिक प्रयोग र अभ्यास, गीतको सङ्घर्ष र सामाजिक सङ्घर्ष, उप-संस्कृति र प्रति-संस्कृति बीचको सम्बन्ध लगायतका विषयको विश्लेषण गर्ने क्रममा उक्त कुरा व्यक्त भएको हो । अमेरिकामा सम्पन्न नागरिक अधिकार आन्दोलन (सन् १९५४-१९६८) मा गीत सङ्गीतको भूमिकालाई केन्द्रीय विषयका रूपमा चर्चा गर्दै उनले प्रति-संस्कृति र सङ्गीतको बारेमा प्रकाशित २१ वटा लेखहरू सङ्कलन गरी उक्त अनुसन्धान लेख तयार पारेकी हुन् । जागरणका गीत सङ्गीतले र त्यसका विभिन्न उपसमूहहरूलाई एकीकृत गर्न सक्छ र स्थानीय सामाजिक-आर्थिक-राजनीतिक र सांस्कृतिक रूपमा त्यसले समाजमा ठुल्ठुला परिवर्तनलाई सघाउन भूमिका खेल्छ भन्ने उनको तर्क रहेको छ ।

खासगरी अमेरिकामा भएको नागरिक अधिकार आन्दोलन (सन् १९६०) मा गीतले आन्दोलनमा खेलेको भूमिका र त्यसको अनुभव जान्न ह्विटलीको विचारले सहयोग पुगेको छ । अमेरिकी समाजको मूलधारको संस्कृतिको विरोधी सङ्घटना र वैकल्पिक उप-संस्कृतिका रूपमा लिइएको उक्त आन्दोलनले नागरिक अधिकार आन्दोलन बढ्दै जाँदा अमेरिकी सरकारको सैन्य हस्तक्षेप बाबजुत केही अराजक, केही प्रगतिशील र केही क्रान्तिकारी विचारसहित ‘गीति काउन्टर कल्चर’ आन्दोलन सुरु गरिएको र त्यसले सामाजिक रूपमा विश्वमा पारेको प्रभाव नेपालको राजनीतिक परिवर्तन (२०४६) मा प्रगतिशील गीतको योगदानको विषयसँग तुलनायोग्य देखिन्छ । त्यहाँ गीत अधिकार आन्दोलनको एक महत्त्वपूर्ण हिस्साका रूपमा विकसित हुन पुगेको र क्रमशः विस्तारीत हुँदै जाँदा राजनीतिक-सामाजिक-सांस्कृतिक मुद्दाहरूमा केन्द्रित हुन पुगेको विषयगत प्रवृत्तिहरू नेपालको प्रगतिशील गीति आन्दोलनसँग मिल्दोजुल्दो छ । उक्त गीति आन्दोलनको प्रभाव संयुक्त राज्य अमेरिकासँगै विश्वका अन्य प्रजातान्त्रिक समाजका युवाहरूमा समेत परेको र निकै ठुलो आकर्षण बनेको प्रसङ्गलाई यस शोध सन्दर्भमा बाह्य अनुभवका रूपमा लिइएको छ ।

प्रस्तुत कृतिले राजनीति र सङ्गीतको सम्बन्धलाई स्पष्ट पारेको छ, जसले यस शोधको सैद्धान्तिकीकरणमा मद्दत गरेको छ । राजनीति र सङ्गीत सम्मिश्रण हुन सकेको खण्डमा परिवर्तनका एजेण्डाहरूलाई स्थापित गर्न, शासकहरूलाई परिवर्तनको पक्षमा दबावमूलक अवस्था सिर्जना गर्न, पुराना संस्कृतिको विकल्पका रूपमा नयाँ संस्कृतिको निर्माण गर्न, चलनमा रहेका सामाजिक-सांस्कृतिक मूल्य, मान्यताहरू परिष्कृत गर्न ह्विट्लीको उक्त दृष्टिकोणले विषयगत समानता समेत रहेको यस सन्दर्भलाई नयाँ अनुभव र ज्ञान दिन्छ । पार्टी सङ्गठनहरूको आवाजलाई सबलीकृत गर्न, उपेक्षित, दलित, आवाजविहीन उत्पीडित वर्गका आवाजलाई राष्ट्रको मूलधारमा ल्याउन महत्त्वपूर्ण कार्य गर्न सक्दछ भन्ने कुरालाई प्रस्तुत शोधको तुलनात्मक अध्ययनमा निम्ति उपयोग गरिएको छ ।

लेखले राजनीति र सङ्गीतको उपयुक्त सम्मिश्रणबाट राजनीतिक परिवर्तनका मुद्दाहरू जनतामा स्थापित गर्न, मूलधारको संस्कृति र त्यसका विकृतिजन्य कार्यहरू उपर दबाव सिर्जना गर्न, औचित्य समाप्त हुँदै गएका परम्परागत संस्कृतिको विकल्पका रूपमा नयाँ संस्कृतिको निर्माण गर्न, युगौंदेखि प्रचलनमा रहेका अवैज्ञानिक र अव्यावहारिक कुरीति र विकृतिजन्य सामाजिक-सांस्कृतिक मूल्य, मान्यताहरू परिष्कृत गर्न सकिन्छ भन्ने ज्ञान दिन्छ । राजनीतिक दल र तिनका पार्टी सङ्गठनहरूको विचारलाई जनसमक्ष लैजान र सामाजिकरूपमा पछाडी परेका उपेक्षित, दलित, सिमान्तकृत तथा उत्पीडित वर्गका दमित आवाजहरूलाई राष्ट्रको मूलधारमा ल्याउन महत्त्वपूर्ण भूमिका खेल्न सक्दछ भन्ने कुरालाई नेपालको राजनीतिक परिवर्तनका घटनाहरूसँग जोडेर तुलनात्मक रूपमा हेरिएको छ ।

श्रेष्ठ (सन् २०१३) ले जनमत सङ्ग्रहताका मोरङ जिल्लाको विराटनगरमा आयोजित सङ्कल्प गीति कार्यक्रमको श्रव्यसामग्रीलाई युटुब सामग्रीका रूपमा अपलोड गरेका छन् । उक्त सामग्री नेकपा (माले) ले सञ्चालन गरेको ४ महिना लामो प्रगतिशील गीति अभियान र तत् अभियानमा सङ्कल्प परिवारको भूमिकामा केन्द्रित छ । गायक मञ्जुलले उदघोषण गरेको उक्त कार्यक्रममा २-३ वटा ६ तारे नाइलन स्ट्रिङस् गिटार, मादल, बाँसुरी र सारङ्गी लगायतका साजबाजकासाथ मौलिक रूपमा गीतहरू गाइएको पाइन्छ । सङ्कल्पले उक्त कार्यक्रममा प्रस्तुत गरेका गीतहरू क्यासेटमा रेकर्ड गरी गाउँगाउँ पुऱ्याएको थियो । ती गीतहरूमा सामाजिक अन्याय, अत्याचार, शोषण उत्पीडनको विरोध, तात्कालीन राजनीतिक व्यवस्थाप्रतिको असन्तोष, आक्रोश, विद्रोह र प्रतिरोधात्मक विचारहरू प्रवाह गरिएको छ ।

प्रस्तुत शोधले त्यसबेला प्रगतिशील गीतले राजनीतिक परिवर्तनको मुद्दा स्थापित गर्न, जनमत सिर्जना गर्न, प्रजातान्त्रिक पक्षधरता निर्माण गर्न, पञ्चायती चुनौतीहरूको बारेमा केही महत्त्वपूर्ण सूचनाहरू प्राप्त गरेको छ । उक्त कार्यक्रममा तात्कालीन समाजको विसङ्गत पक्षमाथि प्रहार गरिनु, व्यवस्था विरूद्ध उभिन आमजनतालाई गीतमार्फत अपिल गरिनु, एकीकृत रूपमा आन्दोलनलाई अघि नबढाएसम्म पञ्चायती व्यवस्थाको अन्त्य हुन नसक्ने कुरा उद्घोषणमा अभिव्यक्त हुनुले राजनीतिक परिवर्तनमा प्रगतिशील गीतको योगदानका विषयलाई नै सङ्केत गरेको देखिन्छ । जनतालाई राजनीतिक परिवर्तनमा स्वतःस्फुर्तरूपमा सरिक बन्ने वातावरण तयार गर्नु, पञ्चायती शासकहरूप्रति जनतालाई भावनात्मक रूपमा सङ्गठित र लक्षित गराउँदै गीतको माध्यमबाट प्रतिक्रियावादी शासकहरू उपर निर्मम प्रहार गर्नुलाई ती गीतका राजनीतिक पक्षका रूपमा ग्रहण गर्न सकिन्छ । उक्त सन्दर्भको अध्ययनले त्यसबेलाको सामाजिक-सांस्कृतिक परिवेशमा प्रगतिशील गीतको भूमिका र योगदानबारे बुझ्न सघाउ पुगेको छ । यसलाई अध्ययनको आनुभविक स्रोतका रूपमा लिइएको छ । प्रगतिशील गीति आन्दोलनको कुनै एक घटना र त्यसमा सङ्लग्न

पात्रहरूको भूमिका, सङ्कल्प परिवारका गीत, तिनले प्रक्षेपण गरेका मुद्दाहरूले राजनीतिक परिवर्तनमा गीतको योगदानमा हेर्न सहयोग पुगेको छ ।

स्टर (सन् २०१३) भन्छिन् - गीतले जनतासँग आत्मीय सम्बन्ध जोड्दै व्यक्तिगत सम्बन्धको माध्यमबाट भावनात्मक रूपमा सामाजिक, सांस्कृतिक र राजनीतिक भूमिका खेल्न सक्छ । नेपालका कम्युनिस्ट गीत र त्यसले सामाजिक रूपान्तरणमा खेलेको भूमिकाको बारेमा विश्लेषण गर्दै स्टरले नेपाली प्रगतिशील गीतलाई वर्गीय प्रेमको समकालीन समाजसँग जोडेर हेरेकी छिन् । सन् ६०-७० को दशकमा मञ्जुल, माओवादी आन्दोलनमा खुशीराम पाखिनको गीति भूमिकाको पनि विश्लेषण गर्दै माओवादी सशस्त्र विद्रोहकालमा प्रगतिशील गीति चेतना र त्यसले नेपालको साम्यवादी राजनीतिक आन्दोलनमा पारेको प्रभावको मूल्याङ्कन गरेकी छिन् । उनले नेपाल अध्येता ग्रान्डीनको भनाइसमेत पेश गर्दै पञ्चायती व्यवस्थाका विरुद्ध लक्षित प्रगतिशील गीतहरू तात्कालीन समाजमा जनताको दृष्टिकोणमा समेत जनताकै हितका निम्ति सिर्जना भएका र सामाजिक- राजनीतिक परिवर्तनका पक्षमा ती गीतहरूको भूमिका रहेको चर्चा गरेकी छिन् । स्टरले राज्यको पृथक्धारका प्रतिपक्षका भावनाहरूलाई समेत समेट्दै सामाजिक शोषण, उत्पीडन विरूद्ध न्यायपूर्ण समाज निर्माणका निम्ति गीतले भूमिका खेलेको बताएकी छिन् । नेपालमा सक्रिय राजतन्त्र राजतन्त्रात्मक शासन सत्ता कायम रहेको अवस्थामा राजनीतिक वृत्तलाई तरङ्गित बनाएका ती गीतले बहुसङ्ख्यक जनतामा एकता, त्याग, सङ्घर्ष र बलिदानी भावनाको समेत विकास गराएको भन्ने उनको तर्क रहेको छ ।

पञ्चायतकालमा राल्फा आन्दोलनको प्रभाव, व्यवस्था लक्षित गीत, त्यसउपर व्यक्त विचार, गीति विश्लेषण यस अध्ययनका सान्दर्भिक विषयवस्तु हुन् । उक्त विचारहरू राजनीतिक परिवर्तनमा गीतको योगदान, खासगरी राल्फा सङ्कल्पका गीतहरूको विश्लेषणमा यस अध्ययनलाई यसले सघाउ पुगेको छ । २०५२ पछिको जनयुद्धकालमा ती गीतले जनतामा ल्याएको रूपान्तरणको पक्षमा केन्द्रित अनुसन्धान लेख भएता पनि उक्त गीति आन्दोलनका प्रवृत्ति, चरित्र, पात्रहरू र वैचारिक धरातल समेतमा एकरूपता देखिएकोले पनि अध्येता स्टरका गीति विषयवस्तुहरू यस अध्ययनमा उपयोगमा आएका छन् ।

चैतन्य (२०६९) ले मार्क्सवादी सौन्दर्यशास्त्रका विषयवस्तु र प्रणाली, कलाको अन्तर्वस्तु र रूपको एकता, सौन्दर्य कलाका नियमहरू जस्ता सैद्धान्तिक विषयवस्तुमा कलम चलाएका छन् । प्रगतिवादको सङ्क्षिप्त अध्ययन गर्ने क्रममा कलाकार, कलाकृति, सिर्जना र कलाग्राही बीचको त्रिकोणात्मक सम्बन्धको बारेमा समेत प्रकाश पारेका छन् । मार्क्सवादी दर्शन र सौन्दर्यका आधारभूत नियम, कला र सिर्जनासँग वर्ग सङ्घर्षका नियमको सम्मिश्रण र कलाको सौन्दर्यानुभूतिका बारेमा उनका दृष्टिकोणहरू कृतिमा विश्लेषणात्मक रूपमा प्रकट भएका छन् । उनले मार्क्सवादी सौन्दर्य' सौन्दर्य तथा साहित्यसम्बन्धी सिद्धान्त तथा प्रयोगका पक्षको विश्लेषण गर्ने क्रममा विविध साहित्यिक

रचनाहरूको सङ्ग्रहसमेत गरेका छन् । नेपालको कला, साहित्य, सङ्गीत सन्दर्भमा मार्क्सवादी सौन्दर्य चिन्तनको विश्लेषण गरिएको उक्त कृतिमा विभिन्न साहित्यकारहरूद्वारा लेखिएका र विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका लेखहरू सङ्ग्रहित छन् । पुस्तकमा प्रगतिशीलता र प्रगतिवादबीचको सम्बन्ध र भिन्नता छुट्याउने कार्य समेत गरिएको छ । प्रगतिशील कलालाई सैद्धान्तिक तवरमा परिभाषित गर्ने काम गरिएको छ ।

प्रगतिशील गीतको सैद्धान्तिक रूप प्रस्तुत गर्ने क्रममा सामाजिक जीवन र कलामा वैचारिकता, भावनात्मक एवम् सांस्कृतिक रूपान्तरण, परिवर्तन, आन्दोलन र त्यसमार्फत मानवमुक्तिलाई सौन्दर्य शास्त्रको आँखाबाट व्याख्या हेरिएको छ । यस दृष्टिविन्दुबाट हेर्दा प्रगतिशीलहरूले गाएका गीतहरूले पनि सामाजिक, राजनीतिक रूपान्तरणमा भूमिका खेलेको र त्यसको अन्तर्यमा विचारधारात्मक सङ्घर्षलाई नै सहयोग पुगेको देखिन्छ । ती गीतमा वर्गीयता, वर्ग पक्षधरता र प्रेम, साथै वर्गसङ्घर्षका आवाजहरू मुखरित हुनुले पनि प्रगतिशील गीतको सैद्धान्तिकीकरणमा मार्क्सवादी सौन्दर्य चिन्तनको अध्ययनले सहयोग पुर्‍याएको छ । यस शोधले उठाएका प्रश्नहरूको समाधान गर्न प्रगतिशील र प्रगतिवादी सिर्जनाहरूको मूल स्रोत प्रायः एउटै भएकोले पनि प्रगतिशील सिर्जनाहरूको विकास सन्दर्भमा यसका केही दृष्टान्त यस अध्ययनका निम्ति उपयोगी रहेका छन् ।

नेपाल (२०७१) ले राजनीतिज्ञ मदन भण्डारीको साहित्यिक जीवनलाई नजिकबाट हेरेका छन् । २०२५ देखि २०३३ सालसम्म प्रगतिशील साहित्य लेखनमा मात्र आफूलाई केन्द्रित गरेका भण्डारीको वैचारिक झुकाव कम्युनिस्ट आन्दोलनतिर भए पनि कार्यगत सक्रियता साहित्यतिर रहेको उल्लेख गरेका छन् । मदन भण्डारीका कविता र गीतमा केन्द्रित कृतिमा राजनीतिक परिवृत्तका शासकीय परिवर्तनका निम्ति लेखिएका केही गीतहरूको समीक्षा गरिएको छ । उक्त गीतहरू मूलरूपमा सामाजिक- सांस्कृतिक एवम् राजनीतिक परिवर्तनका निम्ति जागृतिमूलक भाव प्रस्तुत गरिएका छन् । नेपालले भण्डारीद्वारा लेखिएका केही गीतहरूको प्रसङ्ग उल्लेख गर्दै पञ्चायतकालीन दमन उत्पीडनलाई चिर्न ती गीतले खेलेको भूमिकालाई समेत केही प्रष्ट पारिएको छ । पञ्चायती शासन व्यवस्थाप्रतिको विरोध, आक्रोश र तत्सम्बन्धी मोर्चावन्दीलाई ती गीतले चेतना र उर्जा भरेको र गीतिले जनतामा जागरण ल्याएको उल्लेख गरिएको छ । ती गीतहरू मध्ये 'शहीदको रगत सुक्दैन बैरीको हुकुमले क्रान्तिको गति रूक्दैन कहिल्यै हत्या र दमनले' गीतले निरङ्कुश पञ्चायती शासकहरू विरुद्ध विद्रोह भाव प्रस्फुटन गरेको छ । गीतले शासकहरूद्वारा सिर्जित हत्या, हिंसा, आतङ्क र क्रूर दमनचक्र माथि प्रहार गर्दै पञ्चायत शासन व्यवस्था माथि नै राजनीतिकरूपमा निशाना केन्द्रित गरेको पाइन्छ । पञ्चायती शासन व्यवस्थाका पृष्ठपोषकहरूलाई सामन्तीको संज्ञा दिँदै त्यसउपर कडा प्रहार गरिएको देखिन्छ । 'साह्रै नै थिचोमिचो छ नेपाली नारीलाई' बोलको गीतले

आम नेपाली महिला माथिको शोषण, उत्पीडन, विभेद, पुरुष अत्याचार, हिंसाको विरोध गर्दै महिला मुक्तिको जोडदार माग गरेको देखिन्छ । 'ए किसान दाई ए युवक भाई आज सामन्ती कहाँ छ, 'देश भित्रको चेतना जगाउँदै, 'जनताले माया गर्छ गर्छ, जाँड रक्सी छोडिदेउ' जस्ता गीत र कविताले मूलरूपमा तात्कालीन निरङ्कुश राजनीतिक व्यवस्थाप्रति कडा विरोध र राजनीतिक वितृष्णा जगाएको छ । भण्डारीले २०३६ सालको विद्यार्थी आन्दोलनलाई लक्षित गरी लेखेका गीतबाट २०३६ सालको विद्यार्थी आन्दोलनलाई शक्ति ऊर्जा भर्न, विचार सन्देश प्रवाह गर्न साथै बहुदलीय शासन प्रणालीप्रति जनताको समर्थन बटुल्न भावनात्मक विचार ऊर्जा प्रवाह गरेको देखिन्छ । 'विद्यार्थीले बजाए विगुल, किसान मजदुर भैगए सामेल' २०३६ सालको विद्यार्थी आन्दोलनताका निकै चर्चित थियो भन्ने कुरा शान्ता मानवीले बताएको कुरा समेत उनले त्यहाँ उल्लेख गरेका छन् ।

प्रस्तुत शोधका क्रममा यिनै गीतहरूको गुणात्मक व्याख्या विश्लेषणमा आधारित अध्ययन भएकोले भण्डारीका गीतहरू सन्दर्भअनुसार विभिन्न उपशीर्षक भित्रका विश्लेषणमा उपयोग भएका छन् । वर्गीय आन्दोलन, महिला मुक्ति, युवा विद्यार्थी, श्रमिक र निम्नवर्गीय जीवनलाई केन्द्रमा राखेर लेखिएका गीतहरू सन्दर्भ र प्रसङ्गअनुसार विश्लेष्य सामग्रीका रूपमा यस शोध सन्दर्भमा आएका छन् । नेपालको राजनीतिक परिवर्तनमा ती गीतले कसरी योगदान दिए भन्ने कुरालाई हेरिएको छ । पुस्तक केवल मदन भण्डारीको काव्यिक चेतना र गीतिकारितामा मात्र केन्द्रित भएता पनि प्रगतिशील गीतका विषयगत मुद्धाहरू उठानमा उक्त कृतिगत विचारहरूले सहयोग पुगेको छ । नेपालको राजनीतिक परिवर्तनको सन्दर्भमा कृतिमा व्यक्त हुन नसकेका कुराहरूको उत्तर अन्य स्रोतबाट लिएर शोधकार्य पूरा गरिएको छ ।

एबेल (सन् २०१६) ले सन् ६० को दशकको बेलायतको सङ्गीत र त्यसबेलाको राजनीतिबीचको सम्बन्धलाई मार्क्सवादी दृष्टिविन्दुबाट विश्लेषण गरेका छन् । श्रव्य-दृश्य माध्यमबाट प्रस्तुत गरिएको उक्त आलेखमा मार्क्सवादीहरूको सङ्गीतलाई हेर्ने दृष्टिकोण, राजनीतिक विचार र सङ्गीतको सम्बन्ध, राजनीतिक आन्दोलनमा गीतको प्रयोगको बारेमा जानकारी प्रस्तुत गरिएको छ । सङ्गीतले आन्दोलनमा कसरी भूमिका खेल्छ र त्यसले कसरी जनप्रभावमा मनोवैज्ञानिक रूपमा कस्तो रूपमा प्रभाव पार्दछ भन्ने कुराको गहिरो विश्लेषण प्रस्तुत गरिएको छ । राजनीतिक आन्दोलनको समर्थनमा गाइएका र प्रचारात्मक भूमिकामा रहेका गीत र त्यस सम्बद्ध कलाकारहरूद्वारा सञ्चालित विभिन्न साङ्गीतिक आन्दोलनले विश्वमा राजनीतिक स्वतन्त्रता र विचारको आन्दोलनलाई सघाएको थियो भन्ने उनको तर्क रहेको छ । सन् १९६० को राजनीतिक जागरण र स्वतन्त्रताको आन्दोलनसँग जोडिएका, विश्वविख्यात गायकहरू *'वुडी गुथ्री, पीट सीगर'* मार्क्सवादी विचारबाट प्रभावित भई त्यसै अनुरूपका सिर्जनामार्फत राजनीतिक परिवर्तनका निम्ति गाएका गीतले जनमानसमा गहिरो प्रभाव पारेको चर्चा गरिएको छ । त्यसबेलाका राजनीतिक

उद्देश्यबाट सञ्चालित साङ्गीतिक प्रदर्शनमा ती गायकहरूले मानिसको मनोभाव परिवर्तन गर्ने विभिन्न प्रकारका गीतहरू प्रस्तुत गरेको र सिङ्गो विश्वलाई त्यसले प्रभाव पारेको भन्ने तर्क अघि सारेका छन् । अमेरिकी पुनर्जागरण र पुनरूत्थानको अभियानसँग समेत जोडिएका छन् । सन् १९५८ मा एल्डमार्मन मार्चको भिडियो फुटेजलगायत त्यसका ऐतिहासिक गीतहरूको विश्वमा अध्ययन अनुसन्धान हुनुले गीतको राजनीतिक महत्त्व दर्शाउँछ ।

प्रस्तुत कृतिबाट शोधप्रयोजनका लागि सन् ६० को दशकमा प्रगतिशील, क्रान्तिकारी र नयाँ शैलीका गीतले समाजलाई पारेको प्रभाव, गीतको राजनीतिक महत्त्व, बाह्य अनुभवका रूपमा ग्रहण गरिएको छ । नेपालको राजनीतिक परिवर्तनमा प्रगतिशील गीतको योगदानका विषयवस्तुलाई यसले अन्तर्राष्ट्रिय अनुभवहरूसँग जोड्दछ । अमेरिकी पुनर्जागरण र पुनरूत्थानको अभियानसँग समेत जोडिएका गीतहरूको अध्ययनबाट अनुभव लिएर प्रगतिशील गीतको राजनीतिक योगदानलाई विस्तारित गर्न यसले सहयोग पुगेको छ । कुनै गीत सङ्गीत मार्क्सवादी विचारधाराबाट अभिप्रेरित भएर निर्माण गरिन्छ भने त्यसले त्यस देशको राजनीति र राजनीतिक परिवर्तनसँग प्रत्यक्षरूपमा सरोकार राख्दछ भन्ने मान्यतालाई शोध विश्लेषणमा प्रासङ्गिक रूपमा जोडिएको छ । प्रस्तुत कृतिले यस अध्ययनका लागि केही सैद्धान्तिक आधार समेत प्रदान गरेको छ । सन् ६० को दशकमा प्रगतिशील क्रान्तिकारी ज्याज गीतहरू आन्दोलनमा जोडिएझैँ नेपालको राजनीतिक परिवर्तन ( २०४६) मा समेत प्रगतिशील गीतको योगदानका विषय खोज्न यसले सघाएको छ । राजनीतिक परिवर्तनमा प्रगतिशील गीतको योगदान विषयक प्रस्तुत शोधकार्यसँग उक्त सामग्रीको केही तुलना गर्दै कृतिबाट प्राप्त ज्ञानलाई प्रस्तुत शोधमा समावेश गरिएको छ ।

सिलवाल (२०७४) ले प्रगतिवादी र प्रगतिशील कविताको इतिहास उतार्दै प्रगतिवादी कविताका विविध प्रवृत्तिगत पक्षहरू-प्रगतिवाद, प्रगतिवादी सौन्दर्य, प्रगतिवादी सौन्दर्यशास्त्रका सन्दर्भमा कविता र इतिहास, प्रगतिवादी इतिहास दृष्टि, नेपाली प्रगतिवादी कविताको पृष्ठभूमि र विकासका बारेमा चर्चा गरेका छन् । सामन्तवादी शासन, संस्कारको विरोध, वर्गसङ्घर्षमार्फत समाजवादी राज्यव्यवस्था, सर्वहारावर्गको पक्षपोषण, अन्याय, अत्याचार, शोषण, उत्पीडन, लैङ्गिक विभेद र असमानताको विरोध, कलाका माध्यमबाट वैचारिक विद्रोह, नयाँ समाज र परिवर्तनका निम्ति सामाजिक जागरण, आशावादी र जीवनवादी स्वरको माध्यमबाट संसारका हुकुमी, विस्तारवादी, साम्राज्यवादी र पुँजीवादी संस्कृतिका बारेमा लेखिएका सिर्जनालाई प्रगतिशील मानेका छन् । उनले समाजमा विद्यमान रुढिवाद, अन्याय, अत्याचारको विरूद्ध मानवता, उदारता र विकासको पक्षमा लेख्ने, गाउनेलाई प्रगतिशील सर्जकको कोटीमा राख्दै प्रगतितर्फ उन्मुख द्वन्द्वात्मक भौतिकवादी समाज विज्ञानको मार्क्सवादी वैचारिक पक्षपोषण गर्ने, उदार दृष्टिले मानवजीवनलाई स्वीकार गरिएका साहित्यिक रचना त्यसभित्र पर्छन् भन्ने भाव प्रस्तुत गरेका छन् ।

प्रगतिवादी साहित्यिक रचनाका रूपमा प्रगतिशीलहरूले गाएका गीत, प्रगतिवाद र प्रगतिशीलताको निकटता, नेपालमा सामन्ती शासनको विस्थापन र नयाँ समाजको निर्माण गर्ने सन्दर्भमा प्रगतिशील गीतहरूको भूमिका, प्रगतिवादी लेखक कलाकारहरूको पञ्चायती शासन विरुद्धको अभियानका बारेमा सिलवालका विचारहरूबाट जानकारी प्राप्त गरिएको छ। प्रगतिशील कवि, कलाकारहरूले जेलनेल, यातना र चरम दमन खेप्दै क्रान्तिकारी भावनाका साथ व्यवस्था परिवर्तनमा समेत भूमिका खेलेका दृष्टान्तहरू यस शोधमा निम्ति उपयोगी छन्। प्रगतिशील गीतको विवेचना, त्यसका प्रवृत्तिगत पक्षहरू, प्रगतिवादसँगको सम्बन्ध, प्रगतिशील रचना र मार्क्सवादी सौन्दर्यशास्त्रका बारेमा समेत यस शोधअध्ययनका निम्ति चर्चा योग्य विषयवस्तु हुन्।

स्टर (सन् २०१७) ले नेपालमा दोहोरी गीतको संवादमूलक गायन, विचारको तार्किक आदानप्रदानबाट मनोरञ्जनसँगै सामाजिक रूपान्तरण र सांस्कृतिकीकरण भइरहेको भन्ने विचार प्रस्तुत गरेकी छिन्। मूलतः समाज, संस्कृति र राजनीतिमा समेत मौलिक सङ्गीत संस्कृतिको गहिरो प्रभाव रहेको तर्क पेश गर्दै सङ्गीत, प्रस्तुति, बसाइँसराइ र परिसञ्चरणको अध्ययनलाई गहिरो विश्लेषणका साथ प्रस्तुत गरेकी छिन्। स्टरले नेपाली सङ्गीत र समाजका सन्दर्भमा पञ्चायती साङ्गीतिक राष्ट्रवादको विरासत, प्रगतिशील सङ्गीत माथिको सत्ताको हस्तक्षेप, गीतभित्रका राजनीतिक पक्ष, आत्मीयता र सामाजिक भिन्नता, जनता र आत्मीयता, गीतहरूको विकास हुँदै सँगै प्रगतिशील गीतहरूले प्रेम, एकता र सामाजिक, राजनीतिक परिवर्तनमा खेलेको भूमिकाका बारेमा समेत सङ्क्षेपमा उल्लेख गरेकी छिन्।

प्रगतिशील गीतको जनतासँगको वैचारिक तथा भावनात्मक सम्बन्ध, गीति प्रभावमा भएको सामाजिक रूपान्तरण र सांस्कृतिकीकरण, पञ्चायतको प्रगतिशील गीतप्रतिको दृष्टिकोण, पञ्चायत समर्थक गीति संस्कृतिप्रतिको संरक्षणवाद र विरोधी सङ्गीतप्रतिको विरोधात्मक अवस्था र राजनीतिक परिवर्तनमा प्रगतिशील गीतको योगदान विषयलाई सङ्केत गरिएका स्टरका केही विचारहरूले यस शोधलाई परिष्कार गर्नमा सहयोग पुऱ्याएको छ। नेपालको राजनीतिक परिवर्तन (२०४६) अघिको प्रगतिशील गीतको योगदानलाई हेरिएको भएतापनि सामाजिक-राजनीतिक अवस्थामा गीतको प्रयोग सम्बन्धका चर्चाहरू ग्रहण योग्य छन्। पञ्चायती सङ्गीत-संस्कृतिका बारेमा आंशिकरूपमा आएका चर्चाहरूले मूलधारको सङ्गीतका प्रवृत्तिहरू बुझ्न सघाउ पुगेको छ। गीतले पञ्चायतकालमा सामाजिक-राजनीतिक परिवर्तनमा खेलेको भूमिका यस शोधले उठाएको सवालहरूमा उनका वैचारिक, सैद्धान्तिक र व्यावहारिक विषयवस्तुहरूले यस अध्ययनलाई सहयोग मिलेको छ।

आफ्नाशयेभ (२०७५) मार्क्सवादी दर्शन सिद्धान्तलाई परिवर्तनको शक्तिशाली सैद्धान्तिक अस्त्रका रूपमा लिन्छन्। उनले भौतिकवादी द्वन्द्ववादका मूल नियमहरू, परिवर्तनको चरित्र, द्वन्द्वात्मक भौतिकवादको ज्ञान सिद्धान्त, ज्ञान प्राप्ति, त्यसको प्रक्रिया, वैज्ञानिक ज्ञानको विधि र पद्धतिबारेमा

मार्क्सवादी विश्वदृष्टिअनुरूप प्रस्तुत गरेका छन् । शोषणमूलक समाजमा राज्यको अवस्था, समाजवादी क्रान्ति र समाजको विकास, राष्ट्रिय मुक्ति क्रान्तिको चरित्र, राष्ट्रिय मुक्ति क्रान्तिहरूको बारेमा गहिरो विश्लेषण प्रस्तुत गर्दै उनले सामाजिक मनोभावना, चेतना र विचारधारा, सामाजिक चेतनाको रूप कला, विकासको प्रगतिशील चरित्रको बारेमा समेत विश्लेषण प्रस्तुत गरेका छन् ।

सोभियत रूसको अक्टुबर क्रान्ति पछिको विश्वलाई द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणअनुरूप हेर्दै उनले दर्शनशास्त्रका आधारभूत प्रश्नहरूमाथि बहस सिर्जना गरेका छन् । मास्केले भौतिकवाद र अध्यात्मवादको प्रतिपक्षता, मार्क्सवादी दर्शनशास्त्रको विषयवस्तु, दर्शन शास्त्रमा मार्क्सवादले गरेको क्रान्तिको सार तत्त्व, मार्क्सवादी द्वन्द्ववाद र समाजवादी समाजका अन्तर्विरोधहरूबारे समेत गहनरूपमा विवेचना प्रस्तुत गरेका छन् ।

यस शोध अध्ययनका लागि क्रान्ति र परिवर्तनको सारतत्त्व, परिवर्तनको चरित्र थाहा पाउन, समाजमा क्रान्तिकारी परिवर्तनबारे ज्ञान हासिल गर्न, ज्ञान प्राप्तिको प्रक्रिया र विधिबारे बुझ्न, सामाजिक क्रान्तिबारे समेत सुसूचित हुन सहयोग पुगेको छ । उल्लिखित विषयवस्तुहरू दर्शनशास्त्रको क्षेत्रका ज्ञानयोग्य विषयहरू भएकोले तिनीहरूको अध्ययनले यस शोधलाई सहयोग पुगेको छ । प्रस्तुत शोधलाई सैद्धान्तिकीकरण गर्ने सन्दर्भमा मार्क्सको सामाजिक द्वन्द्व सिद्धान्तको आँखाबाट समेत हेर्नुपर्ने देखिएकोले पनि मास्केका विचारहरू यस अध्ययनका निम्ति प्रासङ्गिक मानिएका छन् । प्रस्तुत कृति मार्क्सवादी दर्शन र ज्ञान सिद्धान्तमा आधारित भएकोले मार्क्सवादी विश्वदृष्टिकोणअनुरूप विश्लेषण गर्न यसले सघाउ पुगेको छ । यस अध्ययनको सैद्धान्तिक अवधारणा तयार पार्ने क्रममा मार्क्सको द्वन्द्वको सिद्धान्त, वर्गसङ्घर्ष मार्क्सवादी सौन्दर्य सिद्धान्त, क्रान्ति र परिवर्तनका बारेमा यसका ज्ञानहरूको उपयोग गरिएको छ ।

गिरी (२०७५) ले नेपाली कवितामा वर्गद्वन्द्वसम्बन्धी मार्क्सवादी मान्यता प्रस्तुत गरेका छन् । एउटा कलाकारले आफ्ना सोचाई र विचारहरूलाई विम्बको माध्यमबाट कसरी प्रसार गर्दछ, स्रष्टाले कला माध्यमबाट आफ्नो वर्गसँग मिलेर वर्गकै हितको निम्ति लड्ने वातावरण कसरी सिर्जना गर्दछ भन्ने विषयहरूलाई गहिरो ढङ्गबाट विश्लेषण गरेका छन् । प्रत्येक वर्गले आफ्ना वर्गीय हीत एवम् सौन्दर्यात्मक आवश्यकतानुसार कलाको सिर्जना गर्दछ, त्यसै अनुरूपका सिर्जनाहरू समाजमा सिर्जित हुन्छन् र तिनले सामाजिक परिवर्तन गर्ने क्षमता राख्दछ भन्ने उनको मान्यता रहेको छ । गिरीको कृतिमा वर्गको परिभाषा, वर्गद्वन्द्वको अर्थ, स्वरूप, वर्गद्वन्द्वका प्रमुख कारण र मानव समाजको विकासमा वर्गद्वन्द्वको भूमिका आदिका विषयमा विश्लेषण प्रस्तुत गरिएका छन् । उनले कविताको उत्पत्तिसम्बन्धी प्रगतिवादी मान्यता, प्रगतिशीलता, प्रगतिवाद, कविता र यथार्थ, साहित्यमा वर्गद्वन्द्व, कला, अन्तर्वस्तु र रूप, कवितामा वर्गद्वन्द्वको अभिव्यक्तिको स्वरूप र प्रक्रियाका बारेमा नै अनुसन्धान समेत गरेका हुन् । प्राज्ञिक साहित्यिक पुस्तक, शोध लेख तथा अनुसन्धानात्मक स्रोत सामग्रीहरूको

गहिरो अध्ययन गरी तयार पारिएको उक्त कृतिमा कवितामा वर्गद्वन्द्वसम्बन्धी सैद्धान्तिक दृष्टिकोण र अवधारणा प्रस्तुत गरिएका छन् ।

प्रगतिशील गीतको वैचारिक पक्षधरता, विचारधारात्मक अवस्था, गीतले अघि सारेको वर्गद्वन्द्वको अवस्था, गीति अभिव्यक्तिको अन्तर्वस्तु र रूपको पहिचान गर्न, प्रगतिशीलता र प्रगतिवादको भेद छुट्याउन, कलाकारका सिर्जनाहरूको क्रान्तिकारी उपयोगिता, सोचाई र विचारहरूको विम्बको माध्यमबाट प्रसार, कला माध्यमबाट वर्गको हितको निम्ति लड्ने वातावरणको सिर्जनाका बारेमा बुझ्न, कृति प्रस्तुत शोधका निम्ति उपयोगी छ । प्रगतिशील गीतको उत्पत्ति, प्रारम्भ र विकास खास अर्थमा वर्गसङ्घर्ष मार्फत भएको र त्यसमा स्रष्टाहरू सक्रियरूपमा सहभागी भएर पञ्चायती शासन सत्ता विरुद्ध वर्गसङ्घर्ष चर्काउन भूमिका खेलेको, योगदान पुऱ्याएको विषय क्षेत्रको अनुसन्धान भएकोले सांस्कृतिक रूपान्तरणमार्फत राजनीतिक क्रान्तिका पक्षमा गीत कसरी आमूल परिवर्तनको माध्यम बन्न सके भन्ने सैद्धान्तिक विचारको विश्लेषण गर्न यस पुस्तकका विषयसापेक्ष पक्षहरूले प्रस्तुत शोधलाई सहयोग पुऱ्याएका छन् । उक्त पुस्तकबाट यस शोधलाई कला, सङ्गीत र संस्कृतिका विषयलाई विचारधारात्मक अधिरचनाका रूपमा परिभाषित गर्न, गीति चेतनाको वर्गीय र पक्षधर चरित्र हेर्न सघाउ पुगेको छ ।

## अनुसन्धान रिक्तता

प्रस्तुत शोधकार्यका निम्ति सैद्धान्तिक, आनुभविक, आलोचनात्मक, आधिकारिक, वर्णनात्मक आदि कोणबाट विषयगतरूपमा अनुसन्धानसँग मेलखाने पूर्व कृतिहरूको समीक्षात्मक अध्ययन गर्दा नेपालको राजनीतिक परिवर्तन (२०४६) मा प्रगतिशील गीतको योगदानसम्बन्धी विषयहरू न्यूनरूपमा प्राप्त हुन सके । अध्ययनमा समेटिएका विषयवस्तुहरू धेरै जसो प्रजातान्त्रिक आन्दोलनसँग सम्बन्धित भएता पनि राजनीतिक व्यक्ति र संस्थामा केन्द्रित भएको पाइयो । केही शोधकर्ताले साहित्यिक कोणबाट प्रगतिवादी साहित्यको अध्ययन गरेको तर त्यहाँ प्रगतिशील गीतको चर्चा सामान्य चर्चा मात्र भएको पाइयो । प्रगतिवादको चर्चा हुने क्रममा राल्फाको बारेमा साहित्यिक आलोकमा मात्र अध्ययन भएको देखिन्छ, गीतलाई छोएका छैनन् । अन्तर्राष्ट्रिय क्षेत्रमा यस प्रकृतिका गीतहरूले राजनीतिक सामाजिक परिवर्तनमा खेलेको भूमिका र योगदानका बारेमा केही अध्ययन भएको भएता पनि ती सन्दर्भहरूले नेपालको राजनीतिक परिवर्तनमा प्रगतिशील गीतको योगदानको सन्दर्भलाई आंशिक रूपमा मात्र छोएका छन् । राजनीतिक प्रकृतिका केही ऐतिहासिक सन्दर्भका शोधहरूमा प्रगतिशील गीतको योगदानलाई सङ्क्षेपमा, फुटकर रूपमा मात्र सम्बोधन गरेको देखियो, यस शोधको मूल समस्यालाई हेरेको देखिएन । यस सम्बन्ध विभिन्न पुस्तक तथा पत्रपत्रिकामा प्रकाशित भएका लेखरचनामा पनि आ-आफ्ना आस्थागत हिसाबमा विचारहरू प्रकट भएको, सतहीरूपमा लेखहरू

प्रकाशन भएको, गीतको योगदान भन्दा साहित्यिक रचनाहरूको बारेमा लेखहरू बढी केन्द्रित भएको र प्रगतिशील गीतको योगदानका सन्दर्भमा लेखकहरूको खासै ध्यान नपुगेको पाइयो ।

प्रगतिशील गीतको विकासका सन्दर्भहरू, नेकपा (माले) को पार्टी सङ्गठन विस्तारमा प्रगतिशील गीतको योगदान र २०४६ को जनआन्दोलनमा प्रगतिशील गीतको योगदानका विषयहरू आंशिक रूपमा, फुट्कर रूपमा मात्र पत्रपत्रिकाहरूमा प्रकाशित भएको देखियो । यस विषयमा सग्ला कृतिहरू देखा परेनन् । यस्ता मौलिक विषयमा अध्येताहरूले अनुसन्धानात्मक रूपमा कलम नचलाइनु र त्यस्ता विषयहरू गौणरूपमा मात्र प्रकट हुनु, यस क्षेत्रमा देखापरेको ज्ञान रिक्तताको प्रश्न नै हो । बरू यस सम्बन्धमा केही विदेशी अध्येताहरूले केही अनुसन्धानात्मक रूपमा लेखेको पाइयो । यसै प्रकृतिका अध्ययनहरू विश्व परिवेशमा भएको पाइयो । तिनलाई प्रस्तुत अध्ययनमा तुलना योग्य मात्र बनाउन सकियो । त्रिविबाट अध्ययन सम्पन्न भएका केही शोधपत्रमा प्रगतिवाद, प्रगतिशीलताको चर्चा भएको छ तर प्रगतिशील गीतको बारेमा भने कुनै चर्चा भएको पाइएन ।

माथिका अध्ययनहरूबाट निम्नलिखित विषयहरू अध्ययन भएको प्रगतिशील कथा, कविता, वर्गसापेक्ष साहित्यका विषयमा, नेपालको साम्यवादी आन्दोलनको उद्भव, विकासका सम्बन्धमा, पञ्चायती व्यवस्था विरोधी आन्दोलनमा पार्टीहरूको भूमिकाको सम्बन्धमा, २०४६ को आन्दोलनमा आमसञ्चार र बौद्धिक वर्गले खेलेको भूमिका सम्बन्धमा, पञ्चायती कालखण्डमा राजनीतिक व्यक्तित्वहरूको योगदानका सम्बन्धमा, नेपालमा माओवादी विद्रोह र क्रान्तिकारी गीतका आदि विषयमा देखिन्छ । निम्नलिखित विषयहरू : नेपालको राजनीतिक परिवर्तनमा सामाजिक, सांस्कृतिक रूपान्तरणको विषय, नेपालको राजनीतिक परिवर्तनमा प्रगतिशील साहित्यको विषय, नेपालको राजनीतिक परिवर्तनमा प्रगतिशील सांस्कृतिक संस्थाहरूको योगदान, नेपालको प्रजातान्त्रिक आन्दोलनमा प्रगतिशील गीति संस्था जस्तैः राल्फा, सङ्कल्प, आस्था वेदना, रक्तिम परिवार आदिको योगदानको विषय आजसम्म अध्ययन नभएको जानकारी पाइन्छ ।

पूर्वकार्यको अध्ययनबाट नेपालको राजनीतिक परिवर्तनका सन्दर्भमा नयाँ र मौलिक विषयको खोजी कार्य गरिएको छ । अनुसन्धान रिक्तताको पहिचान गर्दा प्राप्त नतिजाको उपयोग हुन सक्ने विषयको चयनमा ध्यान दिइएको छ । अनुसन्धानकर्ताले अनुसन्धान रिक्तता मार्फत प्राज्ञिक अध्ययनको महत्व र आवश्यकताअनुसार विषयको प्राथमिकता निर्धारण गरेको छ । अनुसन्धानको परिणामबाट अन्य व्यक्ति, संस्था वा देश लाभान्वित हुने छ भन्ने विश्वास गरिएको छ । अनुसन्धान रिक्तताको वास्तविक पहिचान गरी विषय नवीनतामा समेत ध्यान दिँदै नेपालको राजनीतिक परिवर्तनमा प्रगतिशील गीति संस्थाहरू राल्फा, सङ्कल्प र आस्थाको योगदानलाई यस अध्ययनका निम्ति छनौट गरिएको छ । यस अनुसन्धानले उक्त रिक्तता पूर्ति गर्दै अनुसन्धानलाई तार्किक निष्कर्षमा पुऱ्याउने कार्य गरिएको छ ।

# अध्याय : तीन

# अनुसन्धान विधि

## ३.१ अनुसन्धान दर्शन

प्रस्तुत अध्ययन मार्क्सवादी दर्शनमा आधारित छ । अध्ययनले यस सिद्धान्तलाई अँगाल्नुको मूल कारण यस अध्ययनको एक मूल चर प्रगतिशील गीतले अँगालेको मार्क्सवादी दर्शन, सिद्धान्त हो । प्रस्तुत अध्ययनको सत्ता मीमांसा द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद हो । द्वन्द्वात्मक भौतिकवादले प्रकृति, समाज र चिन्तनमा रहेका गतिका नियमहरूको अध्ययन गर्दछ र त्यसै आधारमा समाज र संसारलाई परिवर्तन गर्नका लागि दुनियाँलाई प्रेरित गर्दछ, यही नै सर्वहारावर्गको विश्वदृष्टिकोण समेत हो । यसले सिद्धान्तलाई व्यवहारमा जोड्नु पर्ने कुरामा जोड दिन्छ । यो अधिभुतवादी चिन्तनको विरोधी विचार हो । अधिभूतवादीहरूले पदार्थलाई जड मान्दै हरेक वस्तुको निर्माण भित्री कारणले नभई बाहिरी कारणले भएको मान्दछन् । बाहिरी तत्त्वको रूपमा ईश्वर, परमात्मा वा अन्य कुनै अलौकिक शक्तिलाई मान्दछन् । द्वन्द्वात्मक भौतिकवादीहरूले अधिभुतवादको ठीक उल्टो पदार्थलाई गतिशील मानी हरेक वस्तुको विकासमा आन्तरिक कारणलाई प्रधानता दिन्छन् । उनीहरू कुनै अलौकिक शक्तिमा विश्वास गर्दैनन् । कुनै पनि वस्तुलाई स्थायी वा परिवर्तहीन मान्दैनन् । कुनै पनि वस्तुको विकास ऐतिहासिक आधारमा हुने कुरामा जोड दिई मात्रात्मकबाट गुणात्मक परिवर्तनको कुरा गर्दछन् । प्रतिशील गीतको प्रगतिशीलता यसै मान्यतामा आधारित रहेको पाइन्छ । द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण समाजलाई भौतिकवादी ढङ्गले हेर्ने, बुझ्ने, व्याख्या गर्ने र बदल्नका निम्ति मार्गनिर्देश गर्ने विश्व दृष्टिकोण अनुरूपको दर्शन सिद्धान्त भएकोले यस सिद्धान्तलाई यस अध्ययनको सत्ता मीमांसीय दर्शन बनाइएको हो । यसअनुसार त्यसबेलाका भुक्तभोगी व्यक्ति, घटना, सम्बन्धित पात्र, विषयवस्तु, घटनात्मक कथाहरू, द्वन्द्व, सङ्घर्ष र आन्दोलनका विषयवस्तुलाई द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादका सिद्धान्तअनुसार हेरिएका छन् । ऐतिहासिक भौतिकवादले ऐतिहासिक नियमहरूसँग मात्र सम्बन्ध राख्ने हुँदा सोहीअनुसार यथार्थ घटनामा आधारित रहेर वस्तुपरक ढङ्गबाट विश्लेषण गरिएको छ । यसले मूलतः पदार्थलाई मानव समाज र इतिहासको आदि तत्त्व मानेको छ । यसले मानव चेतनालाई पदार्थको उपजको रूपमा ग्रहण गर्दै इतिहासका निर्माता जनतालाई मानेको छ । मानव इतिहास वर्गसङ्घर्षको इतिहास हो भन्ने कुरालाई आत्मसात् गर्दै भौतिक जीवनको समग्र उत्पादन पद्धतिलाई समाज र इतिहासको स्रोत मानेको छ । त्यसबेलाका घटना सम्वद्ध सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक र बौद्धिक प्रक्रियाहरू अध्ययनका सत्ता मिमांसीय ऐतिहासिक स्रोतहरू हुन् । यस सिद्धान्त अन्तर्गत यस अध्ययनमा विपरीतहरूको एकरूपताको नियम, वर्गसङ्घर्षको नियम, सामाजिक सत्ता र सामाजिक चेतनाको एकरूपताको नियम, उत्पादन शक्ति र उत्पादन सम्बन्धको एकरूपताको नियम तथा आधार र

अधिरचनाको एकरूपताको नियमका आधारमा प्रगतिशील गीतले उठाएको राजनीतिक सामाजिक चेतना र त्यसका माध्यमबाट भएका आन्दोलनका विश्लेष्य विषयवस्तुहरूको सैद्धान्तिक तथा दार्शनिक नियमसङ्गत ढङ्गबाट सूक्ष्मतवरमा व्याख्या, विश्लेषण गरिएको छ । प्रत्यक्ष इन्द्रियबाट वस्तुका बारेमा प्राप्त गरिएका ज्ञानलाई यथार्थ मान्दै र ऐतिहासिक यथार्थवादको आलोकमा ऐतिहासिक भौतिकवादी यथार्थवादलाई सत्ता मिमांसीय स्रोतका रूपमा उपयोग गरिएको छ ।

ऐतिहासिक भौतिकवादको मूल प्रश्न समाज विकाससम्बन्धी पदार्थको गतिको नियम हो, ऐतिहासिक भौतिकवाद समाज परिवर्तनको मार्गनिर्देशक सिद्धान्त हो । "मानिसको चेतनाले उनीहरूको अस्तित्व निर्धारण गर्दैन, तर सामाजिक अस्तित्वले उनीहरूको चेतनालाई निर्धारण गर्छ । विकासको निश्चित चरणमा, समाजका भौतिक उत्पादक शक्तिहरू विद्यमान उत्पादन सम्बन्धहरूसँग द्वन्द्वमा आउँछन्," (मार्क्स, सन् १८५९) । मार्क्सको उक्त विचार प्रगतिशील गीतको सैद्धान्तिक आधार हो । किनकि प्रगतिशीलहरूले सामाजिक अस्तित्वको उपज गीतलाई मानेका थिए भने त्यसले उत्पन्न गर्ने चेतनालाई परिवर्तनको मूल आधार बनाएका थिए । गीति अन्तर्भाव र दृष्टिमा पदार्थलाई पहिलो र चेतनालाई दोस्रो मानेका थिए । उनीहरूले मार्क्सले भनेझैँ पुँजीवादी सम्बन्धको आधार सर्वहारा वर्गको अलगाव र शोषणले मजदुर वर्गलाई पुँजीपति वर्ग विरुद्ध विद्रोह गर्न र उत्पादनका साधनहरूमाथि कब्जा जमाउन आह्वान गरेका थिए । क्रान्तिको नेतृत्व सर्वहारा वर्गले गर्नेछन् भन्नेमा उनीहरूको विश्वास थियो, जुन मार्क्सवादी दर्शनकै मूल अन्तर्य हो । यसै सिद्धान्तको जगमा उनीहरूले सामाजिक जागरुकता सिर्जना गर्दै वर्गीय चेतनामार्फत श्रमजीवी वर्गलाई एकताबद्ध गर्ने प्रयत्नहरू गरेका थिए । भौतिक जीवनको उत्पादन पद्दति सामाजिक, राजनीतिक र बौद्धिक जीवनको सामान्य प्रक्रिया हो । उत्पादन सम्बन्धहरूको समग्रताले समाजको आर्थिक संरचना, वास्तविक आधार बनाउँछ, जसमा कानुनी र राजनीतिक अधिरचना उत्पन्न हुन्छ र जससँग सामाजिक चेतनाका निश्चित रूपहरू मेल खान्छ भन्ने मार्क्सवादी दार्शनिक पक्षसँग प्रगतिशील गीतको दर्शन जोडिएको पाइन्छ । ऐतिहासिक भौतिकवादको नियमअनुसार मात्रात्मकबाट गुणात्मक परिवर्तनको नियम मात्रात्मक र गुणात्मक परिवर्तनहरू सँग अन्तर्सम्बन्धित छ, जसले एक अर्कोलाई निर्धारित गर्दछ । समाजमा भएका अन्याय, अत्याचार, असमानता र विभेदको विरोध गर्नु र त्यसले मानिसमा नयाँ चेतना भर्नु, यथास्थितिबाट परिवर्तनतर्फ उन्मुख गराउनु चेतनामा आएको मात्रात्मक परिवर्तन हो भने त्यसलाई परिणाममा पुऱ्याउनु, प्रतिफल दिनु गुणात्मक परिवर्तन हो । प्रगतिशील गीतले व्यवहारमा यी कुरा नै गर्दै आए । उनीहरूले सामाजिक जीवनमा अङ्गीकार गरेको विपरीतहरूको एकता र सङ्घर्षको नियमले प्रत्येक वस्तुमा विपरीतहरू हुन्छन्, जसमा अविच्छिन्न एकता हुन्छ, जसले विभिन्न सन्दर्भहरूमा मात्र होइन, बरु एउटै सन्दर्भमा पनि एकले अर्कोलाई वर्जित गर्दछन् र परस्पर अन्तरप्रवेश गर्दछन् र विपरीतहरूबिना एकता हुँदैन भन्ने कुरामा जोड दिन्छ । विपरीतहरूको एकता सापेक्ष, अस्थायी हुन्छ र तिनीहरूको सङ्घर्ष भने निरपेक्ष हुन्छ भन्ने मान्दछ । यसैगरी

निषेधको निषेधको नियमले एउटा वस्तुको अर्को वस्तुमा रूपान्तरण हुन पहिलो वस्तु उन्मूलन हुनु पर्छ भन्दछ । अन्तर्विरोधको समाधान विषयको गतिबाट हुन्छ, जसको अर्थ दुई विपरीतहरूको सम्बन्धमा कुनै तेस्रो चीजको उत्पत्ति हो भन्ने मान्दछ । प्रगतिशील गीतले "थोत्रे घरको ठाउँमा नयाँ बनाउने" घोषणा गरे, त्यसका निम्ति वर्गीय चेतनाको शक्तिले वर्गीय एकताको आधार निर्माण गर्दै त्यसलाई सङ्घर्षमा रुपान्तरण गर्नमा सहयोग गरे । गीति सचेतनाले अचेतनालाई, पुरानो विचारलाई नयाँ विचारले, र सामन्तवादलाई नयाँ वा समाजवादले निषेध गर्दै नयाँ समाजको प्रतिस्थापनमा जोड दिएको सन्दर्भलाई जोडेर हेरिएको छ ।

प्रस्तुत अध्ययनमा मार्क्सवादी वर्गसङ्घर्ष, अतिरिक्त मूल्यको सिद्धान्त, क्रान्ति, सर्वहारा वर्गको अधिनायकवाद र साम्यवाद मुलभूत दार्शनिक सिद्धान्तहरूलाई उद्देश्यमूलक ढङ्गबाट प्रगतिशील गीतका सन्दर्भहरूसँग सान्दर्भिक रूपमा जोड्दै अनुसन्धान रणनीतिका रूपमा आगमनात्मक विधिको प्रयोगबाट तार्किक निष्कर्षमा पुग्ने काम गरिएको छ । गीतको उद्भव र विकास, नेकपा (माले) को सङ्गठन विस्तारमा प्रगतिशील गीतको योगदान र राजनीतिक परिवर्तन (२०४६) मा प्रगतिशील गीतको योगदानलाई मार्क्सवादी दर्शनको केन्द्रमा राखेर अध्ययन गरिएको छ ।

### ३.१.१ व्याख्यावाद

पञ्चायतकालीन समयका राजनीतिक-सांस्कृतिक रूपमा घटेका विभिन्न घटनाहरूका बारेमा व्यक्तिका बुझाई र त्यस सम्बन्धी तथ्य, मूलतः दुई प्रकारका सुचनाहरू यस अध्ययनको अवलोकन र अन्तर्वार्ताका क्रममा लिइएको छ । त्यसरी प्राप्त भएका विभिन्न व्यक्तिका बुझाई र तथ्यहरूलाई अनुसन्धानको नैतिक मूल्य प्रणालीमा आधारित रही व्याख्यावादी सिद्धान्तअनुसार व्याख्या गर्दै तार्किक निष्कर्षमा पुग्ने काम गरेको छु । कुनै व्यक्तिको बुझाइलाई उसको वास्तविक अनुभवबाट मात्र बुझ्न सकिने र व्यक्तिका बुझाई ऐतिहासिक वा सामाजिक परिप्रेक्ष्यमा फरक-फरक हुने हुँदा त्यसरी निर्मित बुझाइलाई यथार्थपरक ढङ्गबाट व्याख्या गर्ने काम गरिएको छ । यसका निम्ति गुणात्मक अनुसन्धान विधिमार्फत प्राप्त गुणात्मक तथ्याङ्कहरूको व्याख्या गरिएको छ । व्याख्यावादी दृष्टिकोणको मुख्य उद्देश्य मानव व्यवहारको पछाडिको अर्थको खोजी गर्नु, व्यक्तिका बुझाइमा ध्यान केन्द्रित गर्नु, व्यक्तिको भावना र अनुभवहरूको समानुभूतिपूर्ण बुझाई प्राप्त गर्नु हो । यसअनुसार यस अनुसन्धानका व्याख्याहरू पञ्चायतकालीन राजनीतिक, सामाजिक, सांस्कृतिक घटनामा संलग्न सहभागीहरूका भाषा, शब्द, सङ्केत र अर्थहरूमा केन्द्रित गरिएका छन् । यसो गर्दा शब्द, भाषा वा वाक्यको अर्थसँगै त्यसभित्रको लुकेको वा जोडिएको अर्थ केलाई तथ्य खोज्ने प्रयत्न गरिएको छ । त्यसक्रममा व्यक्तिका अनुभव, बुझाई, ज्ञान, सोच, क्षमता आदिअनुसार फरक-फरक बुझाइहरू प्राप्त भएको हुँदा मानिसको आ-आफ्ना हेराई र बुझाईको भिन्नतालाई सैद्धान्तिक रूपले परीक्षण र तथ्यहरूको क्रशचेक गर्दै व्याख्यात्मक विश्लेषण गर्ने काम गरिएको छ । यसक्रममा तात्कालीन

वास्तविक अवस्था, व्यवहार, प्रयोग र यथार्थतामाथि विशेष ध्यान पुऱ्याइएको छ । नेपालको राजनीतिक परिवर्तनमा प्रगतिशील गीतको योगदानसँग सम्बन्धित गीति भूमिका, कार्य र तत् सम्बन्धित घटनालाई नजिकबाट बुझेका व्यक्तिहरूको बुझाई र उनीहरूबाट प्राप्त तथ्यहरूको आधारमा विश्लेषण गरिएको छ । घटनामा संलग्न व्यक्तिहरुले पञ्चायतकालीन राजनीतिक द्वन्द्वहरूलाई कसरी बुझे, कसरी अनुभव गरे भन्ने कुरालाई निश्चित व्याख्यात्मक स्वरूप दिन व्याख्यावादी दर्शनले सघाएको छ । यसका निम्ति व्याख्यात्मक अनुसन्धान विधिअन्तर्गत तथ्याङ्क सङ्कलनका निम्ति गहन अन्तर्वार्ता, समूहगत छलफल र अवलोकन विधिलाई रणनीतिकरूपमा प्रयोग गरिएको छ । "व्याख्यावादले तर्क गर्दछ- सत्य र ज्ञान व्यक्तिपरक, सांस्कृतिक र ऐतिहासिकरूपमा जीवित अनुभवहरू तिनीहरूको बुझाइमा आधारित हुन्छ । एक शोधकर्ता कहिल्यै पनि आफ्नो मूल्य र मान्यताबाट पूर्णतया अलग हुन नसक्ने हुँदा उसले तथ्य सङ्कलन, व्याख्या र विश्लेषण गर्ने तरिकालाई अनिवार्य रूपमा आत्मसात् गर्नु पर्दछ," (ब्लाकवेल, सन् २०१८, पृ. ९) । यसैले विविध मत, विचार, अनुभवहरूलाई अध्ययनमा जोड्न अध्ययनको उद्देश्यअनुसार प्राप्त तथ्यहरूलाई व्याख्यावादले निश्चित स्वरूप प्रदान गर्दै सामाजिक सिद्धान्तहरूलाई समेत व्याख्यावादका आधारमा हेरिएको छ । व्याख्यावादले मानिसका विश्वास, विचार र तथ्यहरू व्यक्तिमुखी, बहुमुखी र सामाजिकरूपमा निर्मित हुन्छ भन्ने मान्दछ । वास्तविकता मानिसहरूको व्यक्तिगत दृष्टिकोण र तिनीहरू अवस्थित समाजको सांस्कृतिक मान्यता र विश्वासद्वारा निर्धारण गरिन्छ । अनुसन्धानका विषयवस्तु र घटना सम्बन्धि व्यक्तिका बुझाईलाई व्यक्तिका विश्वास, मान्यता र मूल्यहरूको आधारमा शब्दहरूको संश्लेषणद्वारा विश्लेषण गरिएको छ । यसरी व्याख्यावादको प्रयोग गर्दा ऐतिहासिक घटनाक्रम र प्रगतिशील गीति आन्दोलनका क्रममा भएका घटनाहरूलाई द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादी तरिकाले हेर्ने, बुझ्ने, र यथार्थलाई ठम्याउने कार्य गरिएको छ । पञ्चायती कालखण्डमा राजनीतिक व्यवस्था विरुद्ध क्रियाशील रहेका कलाकारहरूले, त्यसबेलाका भुक्तभोगीहरूले राजनीतिक परिवर्तनका सन्दर्भमा प्रगतिशील गीतले कसरी भूमिका खेलेको देखे, बुझे भन्ने कुराहरू व्याख्यावादी विवेचनामा आएका छन् । मूलरूपमा तात्कालीन व्यवस्था विरूद्ध गाइएका प्रगतिशील गीत भित्रका चेतनाका पक्षहरूमा उत्पादन, उत्पादन सम्बन्ध, उत्पादनका साधन र स्वामित्वमा भएको परिवर्तन, राजनीतिक चेतनाको विकास, वर्गसङ्घर्षको स्थिति, शोषणको अवस्था, अन्तर्विरोधका अवस्थाहरूको मात्रात्मक परिवर्तनबाट गुणात्मक परिवर्तनको नियमअनुसार द्वन्द्वात्मक भौतिकवादी र ऐतिहासिक भौतिकवादी दृष्टिकोणबाट व्याख्या विश्लेषण गरिएको छ ।

### ३.१.२ आगमनात्मक विधि

प्रस्तुत अध्ययनमा आगमनात्मक विधिको प्रयोगबाट तथ्यहरू सङ्कलन गरेर ज्ञान प्राप्त गरिएको छ । तर्क निर्माण प्रक्रियामा विभिन्न उदाहरणात्मक तथ्यहरू जोडेर स-साना तथ्यगत इकाइहरूको सूक्ष्म विश्लेषण गर्दै आगमनात्मक विधिको प्रयोगद्वारा सामान्यबाट विशिष्ट तहमा पुगेर

मात्र तार्किक निष्कर्ष निकालिएको छ । कुनै निश्चित विशिष्ट सिद्धान्तका आधारमा अध्ययन सम्भव नभएको हुँदा विभिन्न अवलोकन, अन्तर्वार्ता र समूहगत छलफलबाट प्राप्त भएका विभिन्न तथ्यहरूको आधारमा परिस्थितिलाई आत्मसात् गर्दै सिद्धान्त र नियमहरूको पहिचान गरिएको हो । त्यसैले सिद्धान्त पहिल्याउनु अघि तथ्य सङ्कलन गर्ने कार्य गरिएको थियो । यस विधिलाई "तल-माथि" विधि समेत भन्ने गरिन्छ, जस अनुसार विशिष्ट अवलोकनहरूबाट सुरु गरेर थप सामान्य सिद्धान्तहरू निर्माण गरी निष्कर्षमा पुग्ने काम गरिएको छ ।

**तालिका नं. ३.१ दर्शनशास्त्र**



| सत्तामीमांसा | ज्ञानमीमांसा | उपागम | रणनीति | विधि |
|---|---|---|---|---|
| प्रकृति र अस्तित्व | ज्ञान तत्त्व | व्याख्यावाद | आगमनात्मक | गुणात्मक |

(क्रिज्वेल, सन् २००३, गोट्सचक, सन् १९६९ र शाफर, सन् १९८० को आधारमा तयार गरेको)

## क. सत्तामीमांसा

यस अध्ययनको सत्तामीमांसा द्वन्द्वात्मक भौतिकवादी तथा ऐतिहासिक भौतिकवादी सिद्धान्त हो, जसअनुसार तात्कालीन सामाजिक अवस्था, प्रकृति र गुणहरूको अध्ययन गरिएको छ । भौतिक अस्तित्वको प्रतिविम्ब चेतनालाई मानिएको छ, जुनकुरा त्यसबेलाको सामाजिक जीवनसँग प्रत्यक्ष रूपमा गाँसिएको कुरा हो । त्यसबेलाको वर्गीय भौतिक समाजमा चेतनाको चरित्र वर्गीय थियो, जसको कारण वर्गसङ्घर्षका अनेकन रूपहरू देखापरेका थिए । पदार्थमा निहित गतिका कारण पुराना वस्तुहरू ढल्छन् र नयाँ वस्तुको उदय हुन्छ भन्ने सैद्धान्तिक दृष्टिकोणलाई विश्वासमा लिँदै प्रगतिशील गीतले राजनीतिक परिवर्तनका सङ्घर्षहरूलाई आत्मसात् गरेका थिए । प्रगतिशीलहरूले पञ्चायतकालमा गाएका वर्गसङ्घर्षका गीतहरूले सामन्ती सत्ता ढाल्न र नयाँ समाजको स्थापना गर्नमा सहयोग पुऱ्याएका थिए भन्ने कुरालाई सैद्धान्तिक रूपमा सत्ता मीमांसाको अधिनस्थ राखी हेरिएको छ । ऐतिहासिक भौतिकवादलाई आत्मसात् गर्दै ऐतिहासिक कालका श्रव्यदृष्य, आवाज, तत् सम्बन्धि मत, तर्क, विचारआदिलाई सत्तामीमांसीय स्रोतका रूपमा ग्रहण गरी विश्लेषण गरिएको छ । त्यसबेलाको समाज, जीवन र जगत्लाई हेर्ने, बुझ्ने, व्याख्या गर्ने र बदल्ने वैज्ञानिक एवं भौतिकवादी विश्वदृष्टिकोण ऐतिहासिक भौतिकवाद भएकोले समाज र प्रकृतिलाई नै सत्ता मिमांसाको स्रोत बनाउनु परेको हो । वस्तुभित्रको विपरीत पक्षहरूबीचको एकत्व द्वन्द्वात्मकतामा रुपान्तरित भई परिर्वतन सम्भव भएको हो भन्ने विद्वानहरूका ठम्याई यस अध्ययनका आधारमा बनेका छन् । प्रस्तुत अध्ययनमा पञ्चायती व्यवस्थाको अवसानमा योगदान पुऱ्याउने प्रगतिशील गीतहरूको शब्द, स्वर,

सङ्गीत, वाद्यवादनहरूबाट सिर्जना भएको यथार्थपरक संवेदना र अनुभूति सबै तत्त्वहरू यस अध्ययनको सत्तामीमांसा हुन् ।

### ख. ज्ञानमीमांसा

यस अध्ययनले अवलम्बन गरेको ऐतिहासिक भौतिकवादी सिद्धान्तले सत्यको खोज गरी तत् सम्बन्धि वास्तविक ज्ञान उजागर गर्नमा सहयोग गरेको छ । ज्ञानको प्रकृति र ज्ञानका स्रोतका प्रकारहरूको बारेमा सूचित गरेको छ । ज्ञानमीमांसालाई प्रस्तुत अनुसन्धानले केन्द्रीय दार्शनिक अनुशासनको रूपमा ग्रहण गरी व्याख्यावादी ढङ्गबाट विश्लेषण गरिएको छ । यस अनुसन्धान ज्ञानमीमांसाले नैतिक मूल्यको पहिचान गर्ने, र अनुसन्धान प्रश्नहरूको उत्तर खोज्ने कामलाई प्रक्रियाको साँचोमा ढाल्ने काम गरेको छ । नेपालको राजनीतिक परिवर्तनमा प्रगतिशील गीतको योगदान विषयक सत्तामीमांसीय प्रश्नको जिज्ञासा र विश्वासलाई सत्यापन गर्ने ज्ञानमीमांसीय स्रोतहरू- प्रगतिशील गीति आन्दोलनसँग प्रत्यक्ष परोक्षरूपमा जोडिएको सामाजिक अस्तित्व, त्यसभित्रको समाज र त्यसका अनुयायीहरू नै हुन् ।अध्ययनका ज्ञानका स्रोतहरूमा अनुभवजन्य ज्ञान, तार्किक ज्ञान, अन्तर्दृष्टि ज्ञान र आधिकारिक ज्ञानहरूको प्रयोग गरिएको छ । कलाकारहरूले जनसमुदायबीच विषय सम्प्रेषण गर्दा प्रस्तुत गरिएका शब्द, विचार, दृष्टिकोण, तर्क र त्यसले सामाजिक जीवनमा पारेको प्रभाव ज्ञानका आधार स्रोत हुन् । यसप्रकारका ज्ञानहरू प्रगतिशील कलाकारहरूले राजनीतिक परिवर्तनका लागि देखाएको त्याग, सङ्घर्षमा देखाइएका दृढ अडानबाट र शास्वत घटनाहरूसँग साक्षात्कार गर्ने विभिन्न आधिकारिक व्यक्तिहरू, विज्ञहरू र संस्थाहरूबाट प्राप्त गरिएको छ ।

### ग. मूल्यशास्त्र

यस अध्ययनले नैतिक मूल्य शास्त्रका मानकहरूलाई आत्मसात् गरेको छ । नैतिक मूल्यशास्त्रले अनुसन्धानकर्ताको नैतिक मूल्यमान्यता र अनुसन्धानमा उनीहरूको भूमिकाको बुझाइलाई दर्शाउँछ । मार्क्सवादी विचारधारात्मक आदर्श प्रगतिशील गीतहरूले बोकेको अनिवार्य नैतिक मूल्य हो। त्यो भनेको गीतको भनाइ र गराइबीचको एकरूपता हो । नैतिक मूल्यले नैतिक मूल्यहरू जाँच्छ, सही, गलत, मूल्यको स्तर र अवधारणात्मक पूर्वाग्रहहरूको मापन गर्दछ । यस अर्थमा, अनुसन्धानलाई सन्तुलित र वस्तुवादी तुल्याउन विषयवस्तुको चयन, प्रस्तुतिमा मूल्य सौन्दर्यको सिद्धान्त र व्यवहारमा नैतिक मूल्यहरूमा ध्यान पुऱ्याइएको छ । भावनात्मक, आत्मगत कुराहरूलाई स्थान नदिई नैतिक मूल्यमा आधारित रहेरनै व्यवस्थितरूपमा वर्णन, विश्लेषण गर्दै तार्किक आधारमा निष्कर्ष दिने कार्य गरिएको छ । विभिन्न स्रोतहरूबाट प्राप्त विचार र तथ्याङ्कहरूलाई नैतिक मूल्यका आधारमा सत्य तथ्य छुट्याउने कार्य गरिएको छ । अनुसन्धान प्रतिवेदन लेखन र नतिजा निर्माणमा अनुसन्धानकर्ताले आफ्नै मूल्य चेतनालाई समेत मन मस्तिष्कमा

राखेको छ । त्यसमा वस्तुनिष्ठता, जवाफदेहिता, निष्पक्षता, विश्वसनीयता र सन्तुलन कायम राख्न प्रयत्न गरिएको छ । आफ्नो नैतिकता र सामाजिक प्रतिष्ठालाई समेत ख्याल गर्दै सत्य तथ्यमा आधारित, यथार्थ कुराहरूलाई मात्र शोधमा समावेश गरिएको छ । शोधका आवश्यक अङ्गहरूको पालना गर्दा नैतिक मूल्यवेष्ठित भई शोधको निर्धारित ढाँचा र सङ्गठनको मातहतमा रहेरनै विश्लेषण गर्ने काम गरिएको छ । यद्यपि कुनै संवेदनशील मूल्य प्रणालीमा जानु परेको अवस्थामा मूल्य प्रणालीको दायरा मै रही त्यसलाई कारणसहित जोड्ने र त्यसको औचित्य प्रकाश पार्ने कार्य गरिएको छ । गुणात्मक मापनका कुराहरूलाई समेत यसै आधारमा हेरिएको छ । प्राप्त गुणात्मक तथ्यहरूलाई कुनै किसिमको तोडमोड नगरी, विचार, अर्थ, आशय र अन्तर्यमा कुनै भिन्नता नआउने गरी दुरूस्त प्रस्तुत गरिएको छ । नेपालको प्रतिलिपि अधिकार नियमावली २०६१ को प्रतिकूल नहुने गरी बौद्धिक सम्पत्तिहरूको प्रयोग गरिएको छ । अध्ययनको प्रकृतिअनुसार श्रव्य-दृश्यध्वनिका रूपहरूको विश्लेषण आवश्यक पर्ने हुँदा विद्युतीय सञ्चार माध्यमबाट प्राप्त भएका गीत सङ्गीतका श्रव्य-दृश्य स्रोत सामग्रीको समेत प्रयोग गर्दा नैतिक मूल्यमा ध्यान पुऱ्याइएको छ । नेपालको राजनीतिक परिवर्तनमा प्रगतिशील गीतहरूको योगदान विषयक प्रस्तुत शोध अध्ययनको लागि गुणात्मक विधि अपनाइएको छ । गुणात्मक दृष्टिकोणको प्रयोगले अनुसन्धानलाई ठुलो दायरामा लैजान, वैज्ञानिक तुल्याउन र परिणामहरूलाई समग्रतामा वैध र विश्वसनीय तुल्याउन मद्दत पुगेको छ । अन्तर्वार्ता, समूहगत छलफललगायत सहायक स्रोत सामग्रीमार्फत विचार, दृष्टिकोण, आदिका पक्षहरू ग्रहण गर्दा नैतिक मूल्य प्रणालीलाई ध्यानमा राखिएको छ । तथ्यउपर कुनै प्रश्न सिर्जना भए त्यसको समाधानका लागि अन्य तथ्यहरूबाट हेर्ने काम गरिएको छ । कुनै एउटा घटना विवरणमा दुई वा त्यो भन्दा बढीले समर्थन वा त्यो अनुरूपको तथ्यमा अन्यमा समेत एकरूपता भएमा मात्र त्यसलाई तथ्यको रूपमा लिइएको छ । एक अर्कासँग बाझिने, भ्रम सिर्जना गर्ने, प्रमाणित हुन नसक्ने खालका भनाइहरूलाई अध्ययनमा समावेश गरिएन । निश्चित नियमको परिधिमा रही निर्धारित विधि र तर्कका आधारमा खोज गर्दा मात्रै सत्य र ज्ञान प्राप्त हुन्छ । उक्त प्रक्रियाबाट प्राप्त भएको निष्कर्ष नै मूल्यको सिद्धान्तमा आधारित, वैध र विश्वसनीय हुने हुँदा अध्ययनले अङ्गीकार गरेको मूल्य सिद्धान्तले भविष्यमा हुने यस प्रकारका अध्ययनबाट समाजलाई फाइदा पुग्ने विश्वास समेत गरिएको छ । यसै आधारमा सत्तामीमांसा, ज्ञानमीमांसा र मूल्यमीमांसाको दर्शनले अध्ययनको सार्थक विश्लेषणमा सघाउ पुगेको छ ।

## ३.२ सैद्धान्तिक अवधारणा

प्राथमिक विश्लेष्य सामग्रीहरूलाई विश्लेषण गर्न केही मुलभूत सैद्धान्तिक आधारहरू लिइएको छ । सैद्धान्तिक अवधारणा पूर्वस्थापित सिद्धान्तका आधारमा निर्माण हुन्छ । किनकि शोधमा पूर्वस्थापित सिद्धान्तलाई यथावत् रूपमा प्रयोग गर्न सकिँदैन । आवश्यकताअनुसार तिनको ग्रहण गरिन्छ । यस

अघि निर्मित विभिन्न सिद्धान्तहरूको सहयोग लिई प्रस्तुत अध्ययनमा निम्नलिखित सिद्धान्तहरूको आधारमा सैद्धान्तिक अवधारणा तयार गरिएको छ ।

### ३.२.१ मार्क्सवादी वर्गसङ्घर्षको सिद्धान्त

यो अध्ययन मूलतः मार्क्सवादी सिद्धान्तमा आधारित छ । मार्क्सवादी दर्शन सर्वहारा वर्गको विश्व-दृष्टिकोण हो, जसलाई द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद भनिन्छ । मार्क्सद्वारा प्रतिपादित वर्गसङ्घर्षको सिद्धान्तलाई त्यसैको एउटा सङ्घटक अङ्ग मानिन्छ । "आजसम्म अस्तित्वमा रहेको समाजको इतिहास वर्गसङ्घर्षको इतिहास हो । स्वतन्त्र र दास, धनी र गरिब, भू-स्वामी र भू-दास, उत्पीडक र उत्पीडित सधैँ एक अर्काका विरुद्ध मोर्चाबन्दी गरिरहन्छन्, कहिले लुकेर र कहिले प्रकट भएर सङ्घर्ष चलाइरहन्छन्," (मार्क्स, एङ्गेल्स, सन् १८४८, पृ. २४) । प्रगतिशील गीतले उठान गरेका सामन्ती समाजमा विद्यमान धनि र गरिब, शोषक र शोषित, उत्पीडित र उत्पीडकबीचका अन्तर्विरोधहरूलाई उक्त विचारले विश्लेष्य मत प्रकट गर्दछ । "वर्ग सामाजिक उत्पादन प्रणालीको निश्चित ऐतिहासिक क्रममा आ-आफ्नो स्थानको दृष्टिले, उत्पादनका साधनहरूप्रति आफ्नो सम्बन्धको दृष्टिले, श्रमको सामाजिक सङ्गठनमा आफ्नो भूमिकाको दृष्टिले र फलतः सामाजिक सम्पत्तिको जुन हिस्साको उनीहरू मालिक हुन्छन्, त्यसको परिणाम तथा त्यसलाई प्राप्त गर्ने पद्धतिको दृष्टिले एक अर्कोबाट भिन्न हुन्छन्," (आफनाशयभ, सन् १९८०, पृ. २९१) । यस सिद्धान्तका आधारमा आर्थिक आधारमा विभाजित नेपाली समाजको उत्पादन सम्बन्ध, उत्पादन शक्ति र उत्पादन वितरणसँग सम्बन्धित सवालहरूलाई हेरिएको छ । उत्पादनका साधन हातमा हुनेहरू र उत्पादनका साधन नहुने दुई अन्तर्विरोधी वर्ग विभाजित पञ्चायतकालीन समाजको विश्लेषण गरी तार्किक निष्कर्षमा पुग्ने काम गरिएको छ । मार्क्सवादी दार्शनिक माओत्सेतुङले अर्धसामन्ती र अर्धऔपनिवेशिक समाजमा जमिन्दार, दलाल पुँजीपति, राष्ट्रिय पुँजीपति, मध्यम वर्ग, पेटी बुर्जुवा वर्ग, अर्ध-सर्वहारावर्ग र सर्वहारावर्ग हुन्छन् र ती वर्ग मध्ये जमिन्दार र दलाल पुँजीपति क्रान्तिका आधारभूत दुश्मन हुन्छन्, उक्त वर्ग क्रान्तिकारी नभएपनि क्रान्तिका लागि तटस्थ राख्नु पर्ने र अन्य वर्गलाई क्रान्तिमा सामेल गरिनु पर्ने, क्रान्तिको मूल वर्ग भनेको सर्वहारा वर्ग नै हो र मध्यमवर्ग भने सधैँ अस्थिर र ढुलमूले हुन्छ र क्रान्तिका लागि भरपर्दो हुँदैन," (माओत्सेतुङ, सन् १९२६) भनेका थिए । उक्त विचारलाई नेपाली समाजको वर्ग विश्लेषणमा जोडिएको छ । त्यसै अनुसार पञ्चायतकालीन सामन्तीसमाजको अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थाको चित्रण गरिएको छ । प्रगतिशील गीतले क्रान्तिको मूल शक्तिका रूपमा सर्वहारा वर्गलाई लिएको हुँदा माओले उल्लेख गरेको सर्वहारा वर्ग र त्यसका विरोधी शक्तिका बारेमा विश्लेषण गर्ने सन्दर्भमा उक्त सिद्धान्त अध्ययनमा सान्दर्भिक हुन आएको हो । यस अध्ययनमा प्रगतिशील गीतभित्रका वर्गीय तत्वहरू र विचारहरूको यसै सिद्धान्तका आधारमा अध्ययन गरिएको छ । तात्कालीन वर्गविभाजित समाजमा सामन्ती तथा पुँजीपति वर्ग र श्रमजीवी सर्वहारावर्ग

दुई आधारभूत वर्गहरू बीचको द्वन्द्व, अन्तर्विरोध र सङ्घर्षलाई उक्त सिद्धान्तअनुसार विश्लेषण गरिएको छ । यस्ता असङ्ख्य वर्गसङ्घर्षका गीतले गोप्य तथा खुला, स्वतःस्फूर्त, मात्रात्मकरूपमा सुस्त, तीव्र, वैचारिकदेखि लिएर ठुल्ठुला सङ्घर्ष र आन्दोलनसम्मलाई के कसरी पृष्ठपोषण गर्ने काम गरे भन्ने कुरालाई यसै सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । यस्ता गीतहरू मूलतः वर्गसङ्घर्षका तीन स्वरूपहरू- आर्थिक, राजनीतिक र विचारधारात्मक तिनै पक्षसँग सम्बन्धित भएकोले यो सिद्धान्त यस अध्ययनको मूल सिद्धान्तका रूपमा रहन गएको हो ।

### ३.२.२ वर्गसङ्घर्षको गीत सिद्धान्त

गीतले जनतासँग आत्मीय, व्यक्तिगत र भावनात्मक सम्बन्धमार्फत सम्बन्ध बनाउँछ । यो सम्बन्ध व्यक्तिबाट परिवार हुँदै सामाजिकीकरणको प्रक्रिया हुँदै राजनीतिक सम्बन्धको रूपमा स्थापित हुन पुग्छ । अन्ना स्टरका अनुसार- "विचारको तार्किक आदानप्रदानबाट सामाजिक रूपान्तरणलाई बल पुऱ्याउँछ । र त्यसको एक्यबद्ध र एकीकृत सांस्कृतिक शक्तिले राजनीतिक सङ्घर्ष र वर्गीय सङ्घर्षलाई सहयोग पुऱ्याउँछ र त्यो सङ्घर्षले नै राजनीतिक परिवर्तनलाई सघाउँदछ," (सन् २०१७, पृ. १७५-८५) । पञ्चायती साङ्गीतिक राष्ट्रवादको विरासत, पञ्चायती संरक्षणवाद, प्रगतिशील सङ्गीत माथिको हस्तक्षेपलाई चुनौती दिन, सामाजिक राजनीतिक परिवर्तनका मुद्दामा प्रगतिशील गीतले जनतालाई गोलबन्द गर्ने सङ्गठित तुल्याउने र शासकहरूलाई दबाब दिने कार्यमा त्यसबेला भूमिका खेलेका थिए भन्ने स्टरको तर्क रहेको छ । उक्त सिद्धान्तलाई प्रगतिशील स्रष्टाहरूको जनतासँगको आत्मीय सम्बन्ध, व्यक्तिगत र सामूहिक सम्बन्धमार्फत सामाजिक र राजनीतिक सम्बन्ध विस्तार, पार्टी सङ्गठन विस्तारसँग जोडेर अध्ययन गरिएको छ । वर्गीयरूपमा सङ्गठित सांस्कृतिक शक्तिले राजनीतिक शक्ति उत्पादनमा के कसरी भूमिका खेल्न सक्छ र त्यो शक्ति कसरी राजनीतिक परिवर्तन उद्देश्यमा रूपान्तरित हुन पुग्छ भन्ने कुरालाई स्टरको वर्गसङ्घर्षको गीति दृष्टिकोणसँग जोडेर अध्ययन गरिएको छ ।

### ३.२.३ आलोचनात्मक यथार्थवाद

यस अध्ययनले आलोचनात्मक यथार्थवादलाई अंगालेको छ । यो यथार्थवादकै एक शाखा हो । आलोचनात्मक यथार्थवादले ज्ञानको सिद्धान्त (ज्ञानशास्त्र) को सम्बन्धमा दृष्टिकोणहरूको एक विस्तृत दायरा प्रस्तुत गर्दै सामाजिक यथार्थको उद्घाटन गर्दछ । प्रतिनिधित्वपूर्ण रचनाको उक्त मान्यतालाई "एउटा वर्ग विशेषका अनेक व्यक्तिहरूका सर्वाधिक विशिष्ट वर्ग लक्षणहरू, बानी ब्यहोराहरू, रुचि, भावभङ्गिमा, मान्यता, बोलीचाली, रहनसहन आदिलाई वर्गविशेषका कुनै एउटा व्यक्तिमा सारभूत रूपमा प्रस्तुत गर्नुलाई गोर्कीले आलोचनात्मक यथार्थवाद मानेका छन्" (मिश्र, सन् १९७३ : २५८) । यसले आलोचनात्मक दृष्टिकोणबाट समाजलाई हेर्दछ, मानव शोषण र शोषकप्रति वितृष्णा उत्पन्न गर्दछ । यस सिद्धान्तका आधारमा आलोचनात्मक रूपमा विश्लेष्य विषयवस्तुको वस्तुपरकता र

सत्यता जाँच्ने, मूल्याङ्कन गर्ने, र विश्लेषण गरिएको छ । यस सिद्धान्तले विद्रोह, सङ्घर्ष, परिवर्तनको मूल कारण खोज्न सघाउँने हुँदा यसलाई अध्ययनमा सैद्धान्तिक आधार बनाइएको हो । आलोचनात्मक यथार्थवादले "पुँजीवादी समाजले परिकल्पना गरेका समानता, स्वतन्त्रता, नागरिक अधिकारमाथि भएका वञ्चना र अधिकार विहीनताका विरुद्ध तिनको आलोचना एवं विद्रोह प्रकट हुन्छ र नै आलोचनात्मक यथार्थवादी साहित्य चिन्तन अभिव्यक्त हुन्छ । यसले अवसानतिर लम्किरहेको पुरानो व्यवस्था र जन्मँदै गरेको नयाँ व्यवस्थाका विषमताहरूको विश्लेषण गर्दछ," (उपाध्याय, सन् २०१२) । उक्त सिद्धान्तको मातहतमा रही श्रमजीवी वर्गको मुक्ति, परिवर्तन, सुख र स्थायी शान्तिका लागि भएका सङ्घर्षका अवस्थाहरूको आलोचनात्मकरूपमा विश्लेषण गरिएको छ । विद्यमान गतिहीनता, अन्याय, अत्याचार, निरङ्कुशता आदिलाई प्रस्तुत गर्नु उक्त सिद्धान्तको लक्ष्य हो । यसै आधारमा यथार्थ विश्लेषण गर्ने प्रयत्न गरिएको छ । विश्व साहित्यमा बाल्जाक, टाल्स्टाय, टमस म्यान, स्टेन्थाल, गोगाल, फ्लुबर्ट, डिकेन्स, दोस्तोब्स्की, पुस्किन जस्ता प्रसिद्ध स्रष्टाहरूका सिर्जनाले यस प्रवृत्तिलाई विकसित तुल्याएको देखिन्छ । यस सिद्धान्त अनुसार राजनीतिक परिवर्तनका सन्दर्भमा देखापरेका अनेकन विद्रोह, सङ्घर्ष, सामाजिक शोषण, उत्पीडनका अवस्थाहरूको बारेमा आलोचनात्मक विश्लेषण गर्नमा सहयोग पुगेको छ । राजनीतिक परिवर्तनमा प्रगतिशील गीतले पुऱ्याएको योगदानका सन्दर्भमा उठेका तर्कहरूको आलोचनात्मक विश्लेषण गरी तथ्य-निरूपणमा सहयोग पुगेको छ ।सामाजिक यथार्थवादको आलोकमा तात्कालीन शासन व्यवस्था, पञ्चायती वर्गव्यवस्था, असमानता, विभेद, र शोषण अन्यायलाई  आलोचनात्मक रूपले हेर्ने काममा उक्त सिद्धान्तको आधार लिइएको छ ।

### ३.२.४ प्रगतिवाद

प्रस्तुत अध्ययनले प्रगतिवादलाई सैद्धान्तिक पर्याधारका रूपमा ग्रहण गरेको छ । प्रगतिशील गीतको मूल सैद्धान्तिक आधार मार्क्सवादी सिद्धान्त हो । प्रगतिवाद मूलतः मार्क्सवादी साहित्यको अवतरण हो । प्रगतिवाद द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको आधारमा निर्मित छ । यसले समाजको आमूल परिवर्तनको पृष्ठपोषण गर्दछ । मार्क्सवादले समाजको मात्रात्मक तथा गुणात्मक परिवर्तन चाहने हुनाले प्रगतिवाद र मार्क्सवाद एकअर्काका पूरकका रूपमा रहेको पाइन्छ । यही मान्यताको प्रभाव र त्यस्का छनकहरू प्रगतिशीलता र प्रगतिशील गीतहरूमा पनि देखा पर्दछन् । प्रगतिशील गीतको सैद्धान्तिक आधार समेत मार्क्सवाद नै भएकोले प्रगतिवादका आधारभूत मूल्यहरूलाई आत्मसात् गर्नु वान्छनीय हुन गयो । यसै सिद्धान्तका आधारमा तात्कालीन वर्गविभाजित समाजमा परस्परविरोधी वर्गहरूका बीचमा चल्ने वर्ग सङ्घर्षलाई गीतले समाज परिवर्तनको आधार मानेका हुन् । "समाज र जीवनको यथार्थलाई स्वीकार गरेर त्यसलाई यथावत् प्रस्तुत गर्नु सामाजिक यथार्थवाद हो भने त्यस यथार्थलाई क्रान्तिकारी विकासका सन्दर्भमा चित्रण गर्नु समाजवादी यथार्थवाद हो र यही समाजवादी यथार्थवादलाई नै साहित्यमा प्रगतिवाद भनिन्छ," (जोशी, २०६६, पृ.

५७) । उक्त सिद्धान्तका आधारमा यस अध्ययनले तात्कालीन समाज र जीवनको यथार्थ चित्रण, समाजलाई प्रगतिसँग जोड्ने, प्रेरित गर्ने मानक तत्त्वहरू, न्याय, समानता र मुक्ति, जाति, वर्ग र तिनी माथि हुने विभेद विरुद्ध जागृत हुन प्रेरित गर्ने पक्षहरूको अध्ययन विश्लेषण गरिएको छ । यसै आधारमा मानिसद्वारा मानिस माथि गरिने गरिने सबै किसिमका शोषण, उत्पीडन, दमन, सामाजिक विसङ्गतिको अध्ययन गरिएको छ । वर्गविहीन समाज निर्माणका लागि लेखिएका सिर्जनशील गीतहरूको विश्लेषण प्रगतिवादी विचार दृष्टिकोण र मूल्यहरूको आधारमा अध्ययन गरिएको छ । प्रगतिशील गीतहरूले वर्गसङ्घर्ष, उत्पादक शक्ति र श्रमजीवी वर्गको पक्षधरता, सामन्तवाद र साम्राज्यवादको विरोध र न्यायपूर्ण समाज व्यवस्थाको वकालत गरेको पाइन्छ भने प्रगतिवादले त्यसलाई साहित्यको क्षेत्रमा राजनीतिक सिद्धान्त र विचारसँग जोड्ने काम गरेको पाइन्छ । यस अर्थमा, प्रगतिशील गीतहरूको सैद्धान्तिक र राजनीतिक सम्बन्धको अन्तर्यमा पुग्न पनि प्रगतिवाद यस अध्ययनमा सान्दर्भिक बन्न पुगेको हो ।

### ३.२.५ गीत, सङ्गीत र राजनीतिको सम्बन्ध

साहित्य र कला राजनीतिभन्दा मौलिक रूपमै भिन्न मानिन्छन् । गीत साहित्यकै एउटा रूप हो । यी दुईको अभिव्यक्तिका रूपहरू फरक छन् । तर चिन्तन र चेतनाका आधारमा गीत, सङ्गीत र राजनीतिको बीचमा अन्योन्याश्रित सम्बन्ध रहेको पाइन्छ । मुल्तानका अनुसार- “अरस्तुले पनि मानिस स्वभावैले सामाजिक प्राणी भएको हुँदा राजनीतिबाट टाढा रहन नसक्ने विचार राखेका छन्,” (सन् १९७७) । राजनीति सत्तासँग र कला, साहित्य सौन्दर्यात्मक भूमिकासँग सम्बन्धित मानिन्छ । तर जब विचारको सन्दर्भ आउँछ, यिनीहरू एकठाउँमा आउँछन् । राजनीति सिधारूपमा र कला, साहित्य सौन्दर्यात्मक विधानद्वारा व्यक्त हुन्छ । मार्क्सवादका अनुसार वर्गीय समाजमा साहित्य, कला अधिरचनाको वैचारिक रूप हो । कला चेतनाका रूपहरूमाथि वर्गीय राजनीतिले प्रभाव पार्दछ । गीतको प्रगतिशीलता भनेको पनि जनपक्षीय र जनतामै समर्पीत राजनीतिक चेतना हो । राजनीतिक उद्देश्य पूर्ति गर्न प्रगतिशील गीतको प्रयोग हुँदै आएको देखिन्छ । प्रगतिशील गीतलाई विचारधाराले निर्देशित गरेको हुन्छ । तर गैर मार्क्सवादी प्रगतिशीलहरूमा भने यो कुरा लागू नहुन पनि सक्छ । गैर मार्क्सवादीहरूले ‘कला कलाका लागि’ भन्ने चिन्तनको पक्षपोषण गर्दछन् भने प्रगतिशीलहरू ‘कला जीवनका लागि’ भन्ने विचार अघि सार्दछन् । कला साहित्यलाई क्रान्तिको दाँती र पेचकिलाका रूपमा, क्रान्ति औजारको रूपमा ग्रहण गर्ने विचार सर्वप्रथम लेनिनले ल्याएका हुन् । वर्गीय समाजमा साहित्य पनि वर्गीय हुन्छ । राजनीतिले आर्थिक, सामाजिक संरचनामा प्रभाव पार्छ । ती संरचनामा हुने परिवर्तनहरूले नै सङ्गीतमा पनि प्रभाव पार्छ । “मार्क्सवादी दृष्टिकोणले हेर्दा आर्थिक सामाजिक संरचना समाजको प्रमुख आधार हो र साहित्य तथा कला आधारमाथि उभिएको अधिरचनाको वैचारिक रूप हो । समाजको आधारमा हुने परिवर्तनले साहित्यिक, सामाजिक-सांस्कृतिक पक्षमा

परिवर्तन ल्याउँछ भने साहित्य-कला र सांस्कृतिक पक्षमा भएको परिवर्तनले आधारमा परिवर्तन ल्याउँछ," (बराल, २०४९, पृ. ५३) । मार्क्स, एङ्गेल्सले सङ्गीतको जरा मानिसको जीवनमै हुन्छ, जो समाज र जीवनबाट निसृतः हुन्छ, यो सामाजिक चेतनाको अभिव्यक्ति हो भन्ने विचार राखेको पाइन्छ । प्रगतिशील सङ्गीत पनि वर्गसङ्घर्षकै एक रूप हो र वर्गसङ्घर्षबाटै साहित्य सङ्गीत पनि निर्देशित हुन्छ भन्ने कुरा मार्क्सवादले गरेको पाइन्छ ।

क्ला, सङ्गीतलाई मार्क्स र एङ्गेल्सले गतिशील यथार्थको सक्रिय प्रतिविम्बन भन्ने गरेको पाइन्छ । समाज परिवर्तन गर्ने शक्ति विचार हो । विचारलाई यथार्थपरक चेतनाले बोक्छ, सार्थक कलाले मात्र त्यसलाई उजागर गर्न सक्छ, जुन कला वर्गसङ्घर्षको महत्त्वपूर्ण हतियारका रूपमा सर्वहारा वर्गको हीतमा प्रयोग भएको हुनु पर्छ भन्ने विचार रहेको पाइन्छ । मार्क्स, कलाले शोषक सामन्तको सत्तालाई बलियो पार्ने भन्दा बढी असहयोग पुऱ्याउँदछ भन्दछन् । यस मान्यताअनुसार प्रगतिशील गीतले सत्तासिनहरूले स्थापना गरेका राजनीतिक-सांस्कृतिक मूल्य मान्यताहरू भन्दा बाहिरै रहेर आफूलाई परिवर्तनको संवाहक शक्तिका रूपमा प्रस्तुत गरेको पाइन्छ । गीतले सामाजिक यथार्थलाई आत्मसात् गरी समाज परिवर्तनको ध्येय अनुरूप सर्वहारा वर्गीय जीवन शैली, चेतना, व्यवहार, मूल्यमान्यताहरू व्यक्त गरे, त्यसले साहित्यिक, सांस्कृतिक र वौद्धिकरूपमा तात्कालीन अवस्थामा वर्गसङ्घर्षलाई सहयोग गर्ने काम गरेको देखिन्छ, जुन चेतनाको विशिष्ट रूप हो भन्न सकिन्छ । यही सिद्धान्त र मान्यताअनुरूप नै प्रगतिशील गीतले पञ्चायतकालमा समाजको वास्तविकताको उद्घाटनमा जोड दिएको र राजनीतिक परिवर्तनका मुद्दाहरूको उठान गर्नमा भूमिका खेलेको पाइन्छ । ती सिर्जनाले समाजको प्रतिविम्बनलाई यथार्थरूपमा उतार्दै केन्द्रीय विचारका रूपमा वर्गसङ्घर्षको भावनालाई स्वस्थ, सार्थक र समाजोपयोगी सन्देशसँग जोड्दै न्यायपूर्ण समाजको निर्माणमा योगदान दिएको पाइन्छ । लेनिनले 'पार्टी सङ्गठन र साहित्य' मा साहित्य, सङ्गीत सर्वहारा वर्गको हितमा क्रान्तिको राजनीतिक साधन बन्नु पर्नेमा जोड दिए भने म्याक्सिम गोर्कीले स्रष्टाले वर्गप्रेम र वर्गघृणालाई आफ्ना सिर्जनाहरूमा प्रतिबिम्बित गर्नु पर्ने कुरामा जोड दिएका छन् । "गोर्कीले साहित्यमा सामन्त, पुँजीपति वर्ग र तिनीहरूले श्रमिकहरूमाथि गरेका ज्यादतीप्रति तीव्र आक्रोशको भाव पैदा गर्नु पर्ने र शोषितपीडित जनताप्रति प्रेमभाव पैदा गर्नु पर्ने अभिमत राख्दै रचनामा वर्गीय विशेषता भएको चरित्र तथा परिवेशको चयन गर्नु पर्ने मौलिक विचार प्रकट गरेका छन्," (जोशी, २०५७, पृ. ६१) । उक्त विचारले उक्त विचारहरूले प्रगतिशील गीतको उद्देश्य वर्गीय चेतना जागृत गर्ने कार्यमा केन्द्रित हुनु पर्ने भन्ने बुझ्न सकिन्छ । पुष्पलालले पनि राजनीतिबाट अलग रहेर स्वतन्त्र साहित्यको रचना हुन नसक्ने धारणा प्रकट गरेका छन । प्रगतिशीलहरूले रूसी *म्याक्सिम गोर्की*, चिनियाँ *लू-सुन* लगायत विश्वप्रसिद्ध साहित्यकारहरूका साहित्य दृष्टिकोण र मार्क्स, एङ्गेल्स, लेनिन, माओका साहित्यसम्बन्धी प्रगतिशील दृष्टिकोणलाई आत्मसात् गरेका थिए । "राजनीतिक गीतहरूले लडाइँमा इन्धनको रूपमा काम गर्दछ । छरिएका समूहलाई राजनीतिक जागरणको

एकताबद्ध शक्तिमा परिणत गर्दछ, व्यक्तिहरुबीच सम्बन्ध गाँस्न प्रेरित गर्छ र अवज्ञाका निर्णायक क्षणहरूलाई अमर बनाउने क्षमता राख्दछ," (पि.र आर.आर., २४ मार्च, सन् २०२४)। उक्त भनाइले गीत राजनीतिक शक्तिको प्रभावशाली पूरक शक्ति हो भन्ने स्पष्ट हुन्छ। नेकपा (माले) का नेता मदन भण्डारी, जीवराज आश्रित, मोदनाथ प्रश्रितले प्रगतिशील गीतको शक्तिलाई बुझेरै प्रगतिशील सांस्कृतिक अभियानलाई पार्टी निर्माणको आधार बनाएको पाइन्छ। प्रस्तुत सैद्धान्तिक अवधारणाले यस विचारलाई अझ परिष्कृत गर्दछ।

**टेवल नं. ३.२ : सैद्धान्तिक अवधारणा**




## ३.३ अनुसन्धान ढाँचा

अनुसन्धान एक जटिल कार्य भएको हुँदा वैज्ञानिक योजनाको आवश्यकता पर्दछ। यसो भएमा मात्र तथ्य सङ्कलन, अध्ययन र परीक्षणबाट ठोस निष्कर्षमा पुग्न सकिन्छ। अनुसन्धानलाई विश्वासयुक्त, यथार्थ, र वैद्य बनाउन निश्चित योजना बनाई, अनुसन्धान प्रक्रिया समेत निर्माण गरी

सिलसिलेवार ढङ्गबाट यो अध्ययन गरिएको छ । अनुसन्धान ढाँचा अनुसन्धान प्रश्नहरूको जवाफ दिन प्रयोग गरिने रणनीतिक योजना हो । अनुसन्धानमा उठाइएका प्रश्नहरूको सही उत्तर प्राप्त हुने गरी अनुसन्धान ढाँचाको अवलम्बन गरिएको छ, जसले आफ्नो उद्देश्य पूरा गरेको छ । उपयुक्त स्रोत सामग्रीको चयन गर्न, तथ्याङ्क सङ्कलन गर्न उपयुक्त विधिकै प्रयोग गरिएको छ । यो अनुसन्धान व्याख्यात्मक ढाँचामा आधारित भएको हुँदा सोही विधिका आधारमा आगमनात्मक विधिको प्रयोगद्वारा वर्णन र विश्लेषण गर्ने प्रयास गरिएको छ । अध्ययनले अवलम्बन गरेको अनुसन्धान ढाँचाले प्रगतिशील गीतको योगदानका बारेमा विभिन्न खोज गरी नयाँ र महत्त्वपूर्ण तथ्य र तथ्याङ्कहरू प्राप्त गर्न सहयोग पुगेको छ । अनुसन्धान ढाँचा अनुसन्धानको समग्र रणनीति र विश्लेषणात्मक दृष्टिकोण, विस्तृत अवधारणा र एक वैज्ञानिक अध्ययनको खाका हो । यसले अनुसन्धान समस्या समाधानका निम्ति विभिन्न पक्षहरूलाई तार्किक रूपमा एकीकृत गर्ने बाटो देखाउँछ । ऐतिहासिक स्रोत सामग्रीहरूको सहयोगमा विश्लेषण गरी निष्कर्ष निकाल्ने काम गरिएको छ । प्रस्तुत अध्ययनका विषयवस्तुहरू गुणात्मक प्रकृति र प्रवृत्तिका रहेको हुँदा व्याख्यात्मक र वस्तुवादी तरिकाले समस्याको समाधान निकाल्ने प्रयत्न गरिएको छ । अनुसन्धान आफैँमा एक कला समेत भएकोले विज्ञान र कलाको उपयुक्त संयोजनबाट कलात्मक ढङ्गबाट प्रस्तुत गर्ने प्रयास गरिएको छ । तथ्याङ्कको स्रोत व्यक्ति, घटना, आवश्यक सामग्रीको चयन गर्दा तथ्याङ्क छनौटका आधार, सङ्कलनका विधि आदिको निश्चिततामा जोड दिइएको छ । ऐतिहासिक तथा कथात्मक शोधखोज गरी रणनीतिक आधारमा नेपालको राजनीतिक परिवर्तनबारे उल्लेख गरिएका, विभिन्न पुस्तक, लेख, रचना, पत्रपत्रिका, अनलाइन सामग्री, अनुसन्धान तथा अप्रकाशित शोधग्रन्थहरू आदिको प्रयोग गर्दा आधिकारिक र वस्तुगत तथ्यहरूलाई आधार बनाइएको छ । घटना र तथ्यहरूको क्रमबद्धतामा ध्यान पुऱ्याइएको छ । प्रगतिशील गीतको विकासक्रममा देखापरेका द्वन्द्वपरक घटना र राजनीतिक परिवर्तनको पृष्ठाधार निर्माण गर्ने क्रममा भएका अनेकन घटना र राजनीतिक द्वन्द्वहरूलाई अनुसन्धान दार्शनिक दृष्टिकोणअनुरूप नै हेर्ने काम गरिएको छ । उक्त सैद्धान्तिक अवधारणाबाट प्राप्त ज्ञानलाई मूल्य सिद्धान्तका आधारमा वस्तुपरक विश्लेषण, गीतको योगदानलाई सत्तामीमांसा, ज्ञानमीमांसा र मूल्य सिद्धान्त आँखाबाट हेरी तर्कसङ्गत, सैद्धान्तिक र विज्ञानसम्मत तुल्याइएको छ । प्रस्तुत अध्ययन कथानात्मक शोधढाँचामा आधारित रहेको हुनाले त्यसैअन्तर्गत रही उपयुक्त स्रोत सामग्रीको चयन, उपयुक्त विधि छनौट, तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण र निष्कर्ष निकाल्ने काम गरिएको छ ।

## ३.४ सामग्री सङ्कलन विधिहरू

सामग्री सङ्कलन विधि, अनुसन्धान उद्देश्यका निम्ति आवश्यक पर्ने सान्दर्भिक जानकारी तथा सूचना सङ्कलन गर्ने पद्धतिगत प्रक्रिया हो । कुनै पनि अनुसन्धानमा अनुसन्धानकर्ताले अनुसन्धानका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्रीहरू जुटाउने कार्य तथ्याङ्क सङ्कलन कार्य हो भने त्यसलाई उपयुक्तढङ्गबाट प्राप्त गर्ने तौरतरिका त्यसको विधि हो । यस प्रकारका स्रोतहरूको

सङ्कलन गर्न अनुसन्धाताले विभिन्न प्रकारका स्रोत र माध्यमहरूको प्रयोग गरेको छ । यस्ता सामग्रीहरू अध्ययन सान्दर्भिक चरहरूका बारेमा सही, विश्वसनीय र अनुसन्धान निर्दिष्ट जानकारी प्राप्त गर्ने उद्देश्यबाट सङ्कलन गर्ने गरिन्छ । यस अध्ययनमा प्रयोग भएका सामग्रीहरूलाई तथ्य, तथ्याङ्क, विवरण, आधार सामग्री आदि नामहरूबाट समेत उल्लेख गरिएको छ । यसको मूल ध्येय अध्ययन विषयसँग सम्बन्धित आनुभविक विश्लेषणका लागि सामग्री उपलब्ध गराउनु हो । यसरी सामग्रीहरू सङ्कलन गरिसकेपछि शोध समस्यामा आधारित मेलखाने, प्रासङ्गिक सिद्धान्त चयन गरी यस अध्ययनलाई अघि बढाइएको थियो । प्रत्यक्षदर्शीको मौखिक वा लिखित बयानलाई प्राथमिक स्रोतका रूपमा र अनुसन्धान प्रतिवेदन, समालोचनात्मक पाठ्य लेख लगायतका सामग्रीलाई द्वितीयक स्रोतका रूपमा प्रयोग गरिएको थियो । अध्ययन गुणात्मक विधिमा आधारित रहेको हुँदा गुणात्मक तथ्यहरूको सङ्कलनमा जोड दिइएको छ ।

प्रस्तुत अध्ययन राजनीति विज्ञान र त्यससँग अन्तर्विषयक रूपमा जोडिएका प्रगतिशील गीति आन्दोलनहरूसँग सम्बन्धित भएकाले तथ्य सङ्कलन गर्दा उद्देश्यमूलक नमुना छनौट प्रयोग गरी खुला संरचित प्रश्नावलीको आधारमा बृहत् अन्तर्वार्ता लिइएको छ । प्रत्यक्ष-अप्रत्यक्ष दुवै रूपमा अवलोकन कार्य गरिएको छ । योङ्गका अनुसार “जे वास्तवमा घट्छ, त्यही नै तथ्याङ्क हो,” (योङ्ग, सन् १९७५) भन्ने आधारमा यस सम्बन्धी घटेका घटनाहरूका बारेमा जानकारी लिन केही जिल्लाहरूमा समेत पुगी उद्देश्य केन्द्रित समूहगत छलफल चलाइएको छ । समूहगत छलफल एक गुणात्मक विधि हो । यो पूर्वनिर्धारित र नियोजित छलफल हो, जसमा एक मध्यस्थकर्ताद्वारा आयोजित मानिसहरूको विभिन्न सा-साना समूहहरूसँग अन्तर्वार्ता गरिन्छ । सहभागीहरूलाई अध्ययन जनसङ्ख्याको नमूना मानिन्छ । यसरी विभिन्न स्रोतहरूबाट प्राप्त भएका सामग्रीहरू प्राथमिक र सहायक स्रोतहरू यस शोधमा रहेका छन् ।

### ३.४.१ प्राथमिक स्रोत सङ्कलन

कुनै पनि अनुसन्धानमा प्राथमिक स्रोत सामग्रीलाई सबैभन्दा भरपर्दो र उपयुक्त स्रोत मानिन्छ । प्राथमिक स्रोतहरू मौलिक सामग्रीहरू हुन्, जसले विषय वा घटनाको बारेमा प्रत्यक्ष प्रमाण वा प्राथमिक विचार र भनाइहरू प्रदान गर्दछ । माध्यमिक स्रोतहरूको तुलनामा सिधा सम्पर्कद्वारा प्राप्त गरिने प्राथमिक स्रोतहरू नै अनुसन्धानमा बढी विश्वसनीय मानिने र त्यसले तर्क निर्माणमा बढी विश्वसनीयता थप्ने हुँदा विश्लेष्य सामग्रीको छनौट गर्दा प्राथमिक तथ्याङ्क सङ्कलनमा जोड दिनुपरेको हो । यस अनुसन्धाताले यसै प्रकारका ताजा जानकारी र तथ्याङ्कहरू प्राथमिक स्रोत माध्यमहरूबाट सिधै प्राप्त गरेको छ । अनुसन्धानको उद्देश्यलाई ध्यानमा राखेर प्रामाणिक विचारहरू, विशिष्ट प्रकृतिका अनुभवहरू र विषय उपर अद्यावधिक जानकारीहरू हासिल गरिएको छ । दोस्रो कुरा, प्राथमिक सामग्री सिधै अनुसन्धानका मूल प्रश्न केन्द्रित भएर लिइने हुँदा पनि द्वितीय स्रोतको

तुलनामा प्राथमिक स्रोतमा बढी भरपर्दो र विश्वासनीय हुन्छ । अनुसन्धान समस्या सम्बद्ध स्रष्टा, विज्ञ, बुद्धिजीवी र अभियन्ताहरूलाई प्राथमिक स्रोतका रूपमा लिइएको छ । राजनीतिक परिवर्तनका निम्ति गीत गाउँदै हिँडेका तथा घटना भोगेका व्यक्तिहरूसँग अन्तर्वार्ता लिइएको छ । शोधविधि प्रयोग गर्दा यसका नीतिगत पक्षमा ध्यान पुऱ्याइएको छ । प्राथमिक स्रोत सामग्रीहरू अनुसन्धानको प्रमाणको रूपमा रहने र यसैका आधारमा शोध विश्लेषणका लागि तपसिल बमोजिमका प्राथमिक स्रोतहरू अपनाइएको छ-

**(क) अन्तर्वार्ता**

यस अध्ययनमा प्राथमिक तथ्याङ्क सङ्कलन गर्ने विधिहरूमध्ये अन्तर्वार्तालाई एक प्रमुख माध्यमका रूपमा लिइएको छ । प्रस्तोता र उत्तरदाता प्रत्यक्षरूपमा सहभागी भई गरिने उद्देश्यमूलक अन्तर्वार्तालाई व्यक्तिगत अन्तर्वार्ता भनिन्छ । अनुसन्धानमा यस प्रक्रियाद्वारा अनुसन्धाताले अनुसन्धेय प्रश्न अनुसारको उत्तर प्राप्त गरेको छ । त्यसको श्रव्य रेकर्ड राखिएको छ । अन्तर्वार्ता विधिद्वारा मानिसहरूसँग आमनेसामने बसेर प्रत्यक्षरूपमा सूचना, तथ्याङ्क, अनुभव तथा धारणाहरू प्राप्त गरिएको छ । प्रश्नको माध्यमबाट उद्देश्यको निष्कर्षमा पुग्ने प्रयत्न गरिएको छ । अन्तर्वार्ता लिँदा उद्देश्यमूलक नमुना छनौट प्रयोग गरी खुला संरचित प्रश्नावलीका आधारमा बृहत् अन्तर्वार्ता लिएर तथ्याङ्क सङ्कलन गरिएको छ । उद्देश्यपूर्ण नमुना अन्तर्वार्ता लिँदा प्रगतिशील गीति क्षेत्रसँग सम्बन्धित व्यक्ति, समूहका प्रमुख सरोकारवालाहरू, मुद्दाको ज्ञान वा विशेषज्ञता भएका व्यक्तिहरूको एक बृहत् रोस्टर तयार गरी तीमध्ये अध्ययनको उद्देश्यसँग सान्दर्भिक र मेलखाने २० जना आधिकारिक र विश्वसनीय व्यक्तिहरूसँग सम्पर्क गरी अन्तर्वार्ता लिइएको थियो, जसको नामावली र विवरण परिशिष्टमा राखिएको छ । अनुसन्धानका क्रममा सरोकारवालाहरू सँगै बसेर कथनात्मक सोधपूछ विधिबाट उत्तरहरू प्राप्त गरिएको छ ।

गहन अन्तर्वार्ता सहभागीहरूको व्यक्तिपरक अनुभवका आधारमा तथ्य सङ्कलन कार्यमा प्रयोग गरिने गुणात्मक अनुसन्धान विधिहरू मध्येको एक विधि हो । एफ.एन. कर्लिङ्गर (सन् १९८३) का अनुसार अन्तर्वार्ता अन्तर्व्यक्तिगत र सम्मुख भूमिकाको स्थिति हो, जसमा साक्षात्कारकर्ता अर्को व्यक्ति वा उत्तरदातासँग यस्तो प्रश्न गर्छ, जो अनुसन्धान समस्याको उद्देश्यको लागि उपयुक्त हुन्छ । यस अनुसार एक विशेष विषय, मुद्दा, घटना वा प्रक्रियाको बारेमा गहनरूपमा विस्तृत जानकारी प्राप्त गर्न, गुणस्तरीय तथा विस्तृत रूपमा तथ्य सङ्कलन गर्न अन्तर्वार्ताले मद्दत मिलेको छ । यसबाट उत्तम सम्भावित उत्तरहरूको खोजी गरिएको छ । अन्तर्वार्तामा 'खुला समाप्त' प्रश्नहरूको मात्र प्रयोग गरी प्रश्न र प्रतिप्रश्न गरिएको थियो, ताकि उत्तरदाताले आफ्नो विचार सजिलै प्रकट गर्न सकुन् । अन्तर्वार्ताको प्रश्न, तयारी, प्रस्तुती, शैली, विधि आदिका सम्बन्धमा निर्देशिका तयार गरिएको थियो । कतिपय मानिससँग पुनः अन्तर्वार्ता समेत लिइएको थियो । वस्तुगत ढङ्गबाट लिइएका अन्तर्वार्तामा

सचेतता अपनाई सत्य, तथ्य, विश्वसनीय र आधिकारिक विचार प्राप्त गर्न हरसम्भव प्रयत्न गरिएको थियो । अन्तर्वार्ता गर्दा प्रश्नको चेक लिस्ट समेत बनाई विज्ञहरूसँग पहिल्यै सम्बन्ध स्थापित गरेर दृष्टिकोण र वस्तुगत स्थितिसमेत थाहा पाउने कार्य गरिएको थियो । अनुसन्धान अन्तर्वार्ताका लागि ५० जना अन्तर्वार्तादाताको सम्भावित सूची तयार गरिएको थियो । त्यसमध्येबाट २० जना व्यक्तिहरूसँग अन्तर्वार्ता लिइएको थियो । सबै अन्तर्वार्ताहरू लिखतमा उतारिएको छ । टेलिफोनबाट प्राप्त तथ्यहरूबारे यकिन गर्ने काम गरिएको छ । नेपालको राजनीतिक परिवर्तनका आन्दोलनहरूमा विभिन्न समय कालखण्डमा सक्रिय भूमिका निर्वाह गर्ने राजनीतिककर्मी र संस्कृतिकर्मी, गीतकार, सङ्गीतकार, गायक, गायिकालाई छनौट गरी अन्तर्वार्ता लिइएको थियो । यसरी प्राप्त गरिएका सूचनाहरूले विषयवस्तुको व्याख्या, विश्लेषण गरी निष्कर्षमा पुग्ने कार्यमा सहयोग पुऱ्याएका थिए ।

**(ख) समूहगत छलफल**

अनुसन्धानको विशिष्ट उद्देश्यका लागि समूहगत छलफलको प्रयोग गरिन्छ । एकै समयमा विभिन्न व्यक्तिहरूको धारणा बुझ्न यसप्रकारको छलफल विधिको प्रयोग गरिन्छ । सामूहिक छलफलको मुख्य विशेषता भनेको अनुसन्धानका निम्ति गरिएको प्रश्न/समस्याका बारेमा सम्बन्धित सरोकारवालाहरूको एकसाथ प्रतिक्रिया, धारणा, समस्याप्रतिको सोच थाहा पाउनु हो । यही कारण यस खालको छलफललाई छनौट गरिएको विषयको प्रभावकारिता पृष्ठभूमिप्रति व्यक्त गरिने सामूहिक धारणाको अभिलेख भनिएको हो । समूहगत छलफल एक संरचित संवाद हो, जसले एक विशेष विषयको अन्वेषण गर्न, तत् सम्बन्धमा मानिसहरूको दृष्टिकोण बुझ्न मद्दत गर्दछ । समूहगत छलफलबाट विशेषज्ञहरू वा सरोकारवालाहरूलाई एकठाउँमा ल्याउने कार्य गरियो ।

प्रस्तुत अनुसन्धानका निम्ति झापा र मोरङ जिल्लामा समूहगत छलफल सञ्चालन गरिएको थियो । राल्फा, सङ्कल्पको साङ्गीतिक अभियानको प्रारम्भ, ती गीतको सङ्घर्षको उत्कर्ष, प्रभावका कारण उक्त क्षेत्र छनौट गरियो । त्यस क्षेत्रमा व्यक्तिहरूको चयन गर्दा निष्पक्षता, सन्तुलन, विश्वसनीयता र आधिकारिकतामा ध्यान पुऱ्याइएको थियो । उपलब्ध गराइएको विषयउपर गहनरूपमा छलफल गरिएको थियो । छलफलमा सबै राजनीतिक विचारधाराका सरोकारवाला, पक्ष, विपक्ष, समर्थक, विरोधी, तात्कालीन प्रधानपञ्च, पञ्चायती व्यवस्थाका जनप्रतिनिधि, भूमिगत राजनीतिक दलसम्बद्ध नेता, कार्यकर्ता, घटनाका प्रत्यक्षदर्शी, प्रत्यक्ष सहभागी सांस्कृतिक अभियन्ता, व्यवस्था पीडित, बुद्धिजीवी, पेसाकर्मी, राजनीतिक परिवर्तनमा महत्त्वपूर्ण भूमिका खेलेका कलाकार, सांसद्, नेता तथा अग्रज आमसञ्चारकर्मीको सहभागिता रहेको थियो । जिल्लाको सुविधाजनक स्थानमा गरिएको उक्त छलफलका सहभागीहरूको चयन गर्दा लिङ्ग, उमेर, जात, भूगोल, समावेशिता मिलाइएको र महिला पुरुषको समान सहभागितामा जोड दिइएको थियो । छलफल सुरु गर्नु अघि औसतमा १० समूहमा ९-९ व्यक्तिहरू समावेश गरी ९०-९० मिनेट छलफल चलाइएको

थियो । १० वटै समूहलाई अनुसन्धानको मूल उद्देश्य जानकारी गराइ हरेक समूहमा एक-एक मध्यस्थकर्तामार्फत सहभागीहरूको सहजीकरण गर्ने कार्य गरिएको थियो । सहभागी सबैलाई समान महत्त्व र व्यवहारमा तटस्थता अपनाइएको थियो । सामग्रीको अडियो वा भिडियो दुवै माध्यमबाट रेकर्ड गरिएको थियो । छलफलमा सहभागीहरूलाई स्टेशनरी सामग्री उपलब्ध गराइएको थियो । छलफलमा सबै राजनीतिक दल र आस्था विचारका व्यक्तित्वहरूलाई सहभागी गराइ तथ्याङ्क सङ्कलन गरिएको थियो ।

### (ग) स्थलगत अवलोकन

शोधशीर्षकसँग सम्बन्धित विषयलाई सम्बन्धित ठाउँमा अनुसन्धाता स्वयम् उपस्थित भएर प्रत्यक्षरूपमा हेरी सूचना सङ्कलन गर्ने विधिलाई स्थलगत अवलोकन भनिन्छ । अनुसन्धान विषय केन्द्रित घटनाका प्रत्यक्षदर्शीहरू र उक्त घटनासँग जोडिएका स्रष्टा-कलाकारहरूबाट घटनाबारे यथार्थ विवरण प्राप्त गरिएको थियो ।

स्थलगत अवलोकनका क्रममा प्राप्त भएका तथ्यहरू यसप्रकार रहेका छन्: २०१६-१७ तिर गोकुल जोशीले पूर्वमा प्रगतिशील गीत लेखन र गायनको प्रारम्भ गरे । त्यसको प्रभाव मोरङ जिल्लामा पनि पुग्यो । प्रगतिशील लेखक कलाकार सङ्घ, नेपाल किसान सङ्गठन समेतको सहयोगमा झापामा २०२८ को झापा विद्रोहकालबाट प्रगतिशील गीतले सङ्गठित रूपमा मोरङ जिल्लामा प्रवेश पायो । झापा आन्दोलनको प्रभावसँगै रामेश, मञ्जुल, शम्भु राई लगायतको सङ्कल्प परिवारले मोरङ जिल्लाको विराटनगरमा २०३६ साउनमा गीति कार्यक्रम गरे । पछि उक्त कार्यक्रमका चक्काहरू मोरङ जिल्लाका गाउँ-गाउँमा पुगे । शम्भु राइको नेतृत्वमा बेलबारी, पथरी, लेटाङ, उर्लाबारी, इटहरा, भौँडा, विराटचोक, आदि क्षेत्रहरूमा कार्यक्रम गरी जनचेतना बढाउने काम भयो । कलाकार जेबी टुहुरेको नेतृत्वमा राजघाट, पथरी, बेलबारी, उर्लाबारी लगायतका स्थानमा कार्यक्रम भए । 'सुन्दरपुर सांस्कृतिक समूह सुन्दरपुर' मोरङले गुरु बरालको संयोजकत्वमा देउसी भैलो कार्यक्रमलाई माध्यम बनाएर गाउँघरमा चेतना फैलाउने काम गरे । अनेरास्ववियुले छुट्टै सांस्कृतिक टोली परिचालन गरी स्कुल कलेजमा कार्यक्रम गर्दै गयो । जिल्लामा भएका आन्दोलनका मोर्चाहरूमा प्रगतिशील गीत गाउने चलन सुरू भयो । २०३७ मा मोरङ बेलबारीको नक्सालमा जनज्योति पुस्तकालय मार्फत प्रगतिशील गीत सङ्गीतलाई छुट्टै रूपमा अघि बढाइयो । विराटनगरमा २०४१ मा खेम नेपाली, गोपाल नेपाल, प्रदीप लम्साल, प्रदीप भट्टराई, कोमल खतिवडा लगायतका प्रगतिशील कलाकारहरूले जिल्लाव्यापी प्रगतिशील गीति कार्यक्रम सञ्चालन गरे । २०४२ मा मदन भण्डारीको पहलमा मोरङमा अनिल पौडेलको नेतृत्वमा 'मोरङ सांस्कृतिक फूलबारी' गठन गरी कलाकार गोपाल नेपाल, अनिल धिमाल, गोपाल श्रेष्ठ आदिले जिल्लामा विभिन्न प्रगतिशील कार्यक्रम सञ्चालन गरे । २०४४ पौष १९ गते हर्कमान तामाङको संयोजकत्वमा राष्ट्रिय जनसांस्कृतिक मञ्च, मोरङ गठन भए

पछि जिल्लामा प्रगतिशील गीति अभियानले अझ तीव्रता पायो । जिल्लामा जेबी टुहुरे, लव प्रधान, गणेश धिमाल जस्ता साहित्य तथा सङ्गीत सर्जकहरूले मोरङ जिल्लाका गाउँहरू- मधुमल्ला, जाँते, टाँडी जस्ता ठाउँहरूमा प्रगतिशील गीति कार्यक्रम गरी चेतना फैलाउने काम गरे । २०३५-४० को कालखण्डमा प्रगतिशील कलाकारहरू जेबी टुहुरे, जीवन शर्मा, मञ्जुल, रामेश, सीमा पोखरेल, गोविन्द गौतम लगायतको गीति टोलीले मोरङ जिल्लाका विभिन्न स्थाहरूमा किसान मजदुरहरूको हक, हित र अधिकारका प्रगतिशील गीत गाएर जिल्लामा राजनीतिक चेतना भर्ने काम गरेका थिए ।

यसैगरी स्थलगत अवलोकनका क्रममा झापा जिल्लामा भएका प्रगतिशील गीति कार्यक्रमका विवरणहरू पनि प्राप्त भएका थिए । २००८ मा नै झापा जिल्लामा झापा कम्युनिस्ट पार्टीको जिल्ला कमिटी बने पछि गाउँ, टोल र बस्तीमा प्रगतिशील गीतहरू भूमिगतरूपमा गाउने क्रमको भएको थियो । २०२८ को झापा विद्रोह पछि रामेश, मञ्जुल सम्मिलित राल्फाका गीतहरू मोरङ जिल्लाका गाउँ गाउँमा पुगे । २०३६ जनमत सङ्ग्रहताका शम्भु राईको नेतृत्वमा सङ्कल्प परिवारले झापा जिल्लाका प्रमुख स्थानमा कार्यक्रम गरी बहुदलीय व्यवस्थाप्रति जनमत जुटाउने, जनचेतना भर्ने काम गरेको थियो । सङ्कल्पले झापा जिल्लाका धुलाबारी, दुवागडी, चारआली, झिलझिले, गोलधाप, बुधबारे, शनिश्चरे, अनारमनी, गौरादह, पृथ्वीनगर लगायतका विभिन्न स्थानमा गीति कार्यक्रम गरी पञ्चायती व्यवस्था विरोधी जनमत निर्माण गर्ने काम गऱ्यो । अनेरास्ववियुले सुरु गरेको कलेज र स्कुलस्तरीय प्रगतिशील गीति कार्यक्रमहरूले प्रगतिशील गीततर्फ विद्यार्थी वर्गको आकर्षण बढायो । जिल्लामा राल्फा, सङ्कल्प परिवार प्रेरित प्रगतिशील संस्थाहरू निर्माण हुन थाले पछि त्यसले राजनीतिक पृष्ठभूमि निर्माणमा भूमिका खेल्यो । मेचीनगर धुलाबारीमा सयपत्री सरगम लगायतका संस्थाहरूले बाहुनडाँगी, तेलपानी, शान्तिनगर, बुधबारे, होक्से, धाइजन, तेलपानी लगायतका गाउँहरूमा प्रगतिशील गीति कार्यक्रम गरेर सामाजिक जागरण ल्याउने काम गरे । गाउँगाउँमा सामूहिक कार्यक्रम मञ्चन गर्ने, देउसी, भैलो, मेलापात, बिहे, व्रतबन्ध आदिमा प्रगतिशील गीत गाउने कार्यले जनतामा प्रभाव विस्तार गर्दै लग्यो । खासगरी झापाका दमक, विर्तामोड, अनारमनी, गौरादह, पृथ्वीनगर, गोलधाप, शान्तिनगर, धुलाबारी, बाहुनडाँगी, तेलपानी, हल्दिबारी, शनिश्चरे, तोपगाछी, लगायतका स्थानहरूमा जनसांस्कृतिक समूहका कार्यक्रम झापा जिल्लामा भएको कुरा अवलोकनका क्रममा जानकारीमा प्राप्त भएका थिए ।

यस शोधमा तथ्याङ्क तथा सूचना सङ्कलन गर्दा तात्कालीन समाजको समग्र राजनीतिक-सांस्कृतिक पक्षमा ध्यान दिई सर्वपक्षीय ढङ्गले सूचना लिने काम भएको थियो । अवलोकन विधिले वैध, प्रामाणिक र विश्वासयोग्य सूचनाहरू सहज रूपमा प्राप्त भएको थियो । यसरी अनुसन्धाताबाट मोरङ र झापा जिल्लामा स्वयं उपस्थित भई, हेरी, बुझी, विवरण प्राप्त गरी जानकारी लिने कार्य गरिएको थियो । यसक्रममा नेपालको राजनीतिक परिवर्तनका क्रममा प्रगतिशील कलाकारहरूले

राल्फा र सङ्कल्प र आस्थाका गीतहरू गाउँदै जनतालाई राजनीतिक परिवर्तनमा सहभागी बन्न प्रेरित गरेका घटनाहरूका साक्षीहरू सँगैबाट उल्लिखत तथ्यहरू प्राप्त गरिएको थियो ।

### ३.४.२ द्वितीय स्रोत सङ्कलन

यस अनुसन्धानमा विभिन्न लेखक तथा अनुसन्धाताहरूबाट लेखिएका, यसअघिका अध्ययनहरूमा प्रयोग भएका अनुसन्धानमा टिप्पणी वा विश्लेषण गर्ने शोधग्रन्थ, शोधप्रबन्ध, अनुसन्धान लेख, पुस्तक, राजनीतिक विश्लेषण, टिप्पणी, जीवनी, संस्मरण, अखबारका सम्पादकीय, राष्ट्रिय छापामाध्यमका लेख, श्रव्य-दृश्य सामग्री, वेभ सामग्री, विषयगत, सैद्धान्तिक, नीतिगत तथा आनुभविक सामग्रीहरूलाई सहायक/गौण स्रोतका रूपमा लिइएको छ । प्राथमिक स्रोत सामग्रीको सङ्कलन र प्रयोगबाट मात्र अनुसन्धेय विषयवस्तु र तत् उपरका सामग्रीहरूको पर्याप्तता नहुने हुँदा द्वितीयक स्रोत सामग्रीहरू समेत प्रयोग गर्नु परेको हो । नेपालको राजनीतिक परिवर्तन र प्रगतिशील गीतको योगदानलाई गहन एवम् सूक्ष्मढङ्गबाट व्याख्या विश्लेषण गर्न सघाउ पुऱ्याउने पूर्वप्रकाशित, अप्रकाशित, विषयवस्तुसँग मेल खाने सामग्रीहरू सहायक स्रोत सामग्रीका रूपमा रहेका छन् । यस्ता सामग्रीहरू विश्वविद्यालय पुस्तकालय, प्रतिष्ठित पुस्तकालयहरू, पुस्तक पसलहरू र व्यक्तिगतरूपमा महत्त्वपूर्ण व्यक्तित्वहरूबाट समेत प्राप्तगरी अध्ययन गरिएको थियो ।

#### (क) पुस्तक

कुनै पनि शोध प्रश्नबाट सुरु हुन्छ, उत्तर पुस्तकबाट सुरु हुन्छ । अनुसन्धाताले सत्य स्थापित गर्न, समस्या निरूपण गर्न ज्ञानको स्रोतका रूपमा पुस्तकलाई लिइएको हुन्छ । यसर्थ यस शोधप्रक्रियामा आधिकारिक पुस्तकहरूलाई ज्ञानमीमांसाको स्रोत बनाइएको थियो । पुस्तकहरूको प्रामाणिकता, विश्वसनीयता ख्याल गर्दै आधिकारिक लेखक, प्रकाशक, विक्रेता, तथ्यपूर्ण स्रोत सामग्री भएको लेखन विधामा लामो अनुभव र ख्याति आर्जन गरेका बुद्धिजीवीहरूबाट लेखिएका तथा प्रकाशित भएका सामग्रीहरूको अध्ययन गरिएको थियो । प्राज्ञिक विद्वान्हरूद्वारा लिखित पुस्तकहरूले आधिकारिक विचारहरू प्रदान गर्ने भएकाले विषयवस्तु/विषयहरूमा विशेषज्ञहरूका वस्तुपरक विचारहरूको मात्र अध्ययन गरिएको थियो । यस शोध कार्यका लागि खोजमूलक अनुसन्धानात्मक कृति, केही नवीनतासमेत भएका पुस्तक, आफ्नो विषयसँग मेल खाने पुस्तकहरू सङ्कलन गरिएको थियो । प्रस्तुत शोधमा जनआन्दोलनमा सक्रिय भूमिका खेलेका प्रगतिशील गीति अभियन्ता, स्रष्टा, सर्जक र सङ्गीतकर्मीहरूले लेखेका, उनीहरूको बारेमा अन्य प्रसिद्ध लेखक, तथा कलाकारहरूले सम्पदान गरेका पुस्तकहरूको अध्ययन गरिएको छ । मूलतः नेपालमा प्रगतिशील गीतको, उद्भव, इतिहास र विकासक्रम, नेपालको राजनीतिक परिवर्तनमा प्रगतिशील गीतको योगदान मूल शोधप्रश्नमा आधारित रहेर उक्त अभियानमा प्रत्यक्ष वा परोक्षरूपमा संलग्न स्रष्टा, कलाकार र अभियानकर्ताहरूका अनुभव छापिएका लेख, अन्तर्वार्ता, आधिकारिक विज्ञ लेखकहरूद्वारा लिखित पुस्तकहरूको अध्ययन गरिएको

थियो । यस शोधमा ऐतिहासिक एवम् आनुभविक ज्ञान, भावपरक ज्ञान, सैद्धान्तिक ज्ञान र अन्तर्दृष्टि ज्ञानको समेत आधार बनाइएको छ । शोधलाई सैद्धान्तिक आधार र विषयगत आधार प्रदान गर्न सक्ने पुस्तकहरूलाई अध्ययनको आधार बनाइएको छ । प्रतिलिपिसम्बन्धी कानूनी प्रावधानहरूमा सतर्कता अपनाइ प्रतिलिपि अधिकार दावी हुन सक्ने त्यस्ता पुस्तकहरू समावेश गरिएको छैन ।

**(ख) शोधपत्र**

अनुसन्धान आफैँमा एक जटिल कार्य हो । अनुसन्धानको मूल उत्पादन नै उत्कृष्ट प्रशोधन सहितको शोधपत्र हो । यो लक्षित समुदायलाई केन्द्रमा राखेर लेखिन्छ । अनुसन्धानको क्रममा सङ्कलन सूचना, वर्गीकरण सहितको विश्लेषण, अन्वेषणसहितको विधिवत व्याख्याको लिपिबद्ध सार नै शोधपत्र हो । शोधपत्र चरणबद्ध व्यवस्थित लेखाई भएकोले तर्कपूर्ण विश्लेषणका साथ सरल भाषा र वस्तुगत शैलीमा लेखिएको हुन्छ । यस शोधमा त्यस्ता आधिकारिक र विश्वसनीय शोधपत्रहरूको प्रयोग गरिएको छ ।

**(ग) लेखरचना**

अनुसन्धानात्मक लेख, जर्नल, पत्रिका र अन्य प्रकाशन माध्यममा प्रकाशित रचनाहरू प्रस्तुत शोधमा प्रयोग भएका छन् । दैनिक, साप्ताहिक, पाक्षिक, मासिक र वार्षिक रूपमा प्रकाशित लेखरचनाहरू प्रयोग भएका छन् । साथै विद्युतीय सञ्चार माध्यमबाट प्रकाशित आधिकारिक तथा तथ्यपूर्ण लेखहरूलाई अनुसन्धानमा उपयोगी तथ्य मानिएको छ । यस्ता लेखरचनाहरूबाट घटनाका प्रत्यक्षदर्शीहरूका अनुभव, विचार, अन्तर्वार्ता, सर्वेक्षणहरू समेत सङ्कलन गरिएको छ । सैद्धान्तिक, विश्लेषणात्मक वा वैचारिक लेखहरू, पद्धतिगत लेख, समाचार लेख, फीचर लेख, नियमितरूपमा प्रकाशित पत्र पत्रिकाका लेखहरू र अखबारका लेखहरूको अध्ययन गरिएको छ । पुस्तकालयहरूबाट राष्ट्रिय स्तरका केही मूल पत्रपत्रिकाहरू-गोरखापत्र, कान्तिपुर, राजधानी आदिलाई समग्र पत्रपत्रिकाको प्रतिनिधिमूलक पत्रिका मानी प्रस्तुत शोधविषयसँग सान्दर्भिकता राख्ने लेखहरूको खोज-अन्वेषण गर्ने कार्य गरिएको थियो । यसरी सन्दर्भ सामग्रीको खोजी गर्दा प्रगतिशील गीत र राजनीतिक परिवर्तनसँग जोडिएका, प्रगतिशील गीतको सामाजिक, राजनीतिक उपादेयताको बारेमा लेखिएका सामग्रीहरू सङ्कलन गरिएको थियो । यस्ता सामग्रीहरू सङ्कलन गर्दा अनुसन्धान उद्देश्यलाई केन्द्रमा राखी मूलरूपमा लेखकको गुणस्तर, प्राज्ञिक मूल्य र विशिष्टताको आधार पहिल्याइएको छ ।

## ३.५ स्रोत सामग्रीको विश्लेषण

शोधसमस्याको वस्तुगत, प्रामाणिक एवम् प्राज्ञिक समाधान पहिल्याउनका लागि अनुसन्धेयविषय सम्बन्धित सामग्रीको खोज र सङ्कलन शोध सामग्री सङ्कलन हो । प्रस्तुत शोधकार्यमा प्रयोग भएका सामग्रीहरूको विश्लेषण गुणात्मक पद्धतिमा आधारित छ । गुणात्मक

व्याख्या विश्लेषणद्वारा निष्कर्षमा पुग्ने कार्य गरिएको छ । सामग्रीको विश्लेषण पाठ्य विश्लेषण विधिमै आधारित रहेको छ । सामग्री विश्लेषणको सैद्धान्तिक ढाँचा मार्क्सको द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद, वर्गसङ्घर्ष, स्टरको वर्ग सङ्घर्षको गीत सिद्धान्त र अमेरिकन दार्शनिकहरूद्वारा मानकिकरण गरिएको आलोचनात्मक यथार्थवाद, प्रगतिवादको सिद्धान्त र दृष्टिकोणमा आधारित छ । गुणात्मक तथ्याङ्कहरू प्राप्त गरिसकेपछि त्यसलाई विश्लेषणयोग्य बनाउन सर्वप्रथम तथ्याङ्क प्रशोधन, तथ्याङ्कको विश्लेषण, तथ्याङ्कको वर्गीकरण, स्तरीकरण, तालिकीकरण र तुलनायोग्यसमेत बनाउने कार्य गरिएको थियो । अनुसन्धानको उत्तर प्राप्त गर्न आँकडालाई स्तरीकरण, निर्धारण, क्रम हेरफेर र सङ्क्षिप्तमा प्रस्तुत गरिएको छ । सङ्कलित तथ्याङ्कहरूलाई श्रेणीबद्ध र व्यवस्थित गर्दै अनुसन्धेय विषय प्रष्ट्याउने प्रयास गरिएको छ । अनुसन्धानका स्रोतहरू प्रायः प्राथमिक स्रोतहरू र द्वितीयक स्रोतहरूको रूपमा रहेका छन् । प्रिन्ट मिडिया जस्तै : पुस्तक, ब्रोसर, जर्नल, पत्रिका र अन्य विद्युतीय सञ्चारका स्रोतहरू अनुसन्धानका स्रोतहरू हुन् । यस प्रकारका लेखलाई विज्ञसमीक्षित लेख वा सन्दर्भ लेख पनि भनिन्छ । प्रसिद्ध विद्वान्हरूका लेखहरूलाई स्रोतहरूको सबैभन्दा उत्तम स्रोत मध्येको एक स्रोत मानिन्छ । उनीहरूका विचारहरूलाई अनुसन्धाताले अनुसन्धानमा समावेश गर्दा अध्ययनमा नवीनता आएको महशुस गरेका हुन्छन् । विद्वान्हरूका लेखहरू उल्लिखित विभिन्न माध्यमबाट र 'डाटा बेस' मा समेत खोज्ने कार्य गरिएको छ । उल्लिखित स्रोतहरूको प्रयोगगर्दा मान्यताप्राप्त विश्वविद्यालय, प्राज्ञिक एवम् बौद्धिक व्यक्ति, सङ्घ, संस्था, प्रकाशन आदिको सहयोग लिइएको थियो । प्राथमिक र द्वितीयक स्रोत सामग्रीहरूको प्रयोग गर्दा विषयको प्रासङ्गिकता, शुद्धता, वस्तुवादिता, अनुसन्धान उद्देश्य र लक्षित वर्गको सान्दर्भिकतामा ध्यान पुऱ्याइएको थियो । लेखकको पाठबाट सिधा उद्धरण गर्दा ३९ अक्षरमा नबढ्ने गरी चिन्ह अङ्कित गरी राखिएको छ । स्रोत सामग्री प्रयोग गर्दा लेखकको शिक्षा, अनुभव, विषय विशेषज्ञता, संस्थागत वा सङ्गठनात्मक सम्बन्ध, योगदान र अनुभवलाई समेत हेरिएको थियो । गुणका आधारमा पत्रिका, पुस्तक र सामग्रीहरूको चयन गरिएको छ । जर्नल वा पत्रिकाहरूको समेत आधिकारिता र विश्वसनीयता हेर्ने काम गरिएको थियो । स्रोतहरू अनुसन्धान उद्देश्यका लागि उपयुक्त भए नभएको यकिन गर्न शोधनिर्देशक, सहशोधनिर्देशक र अन्य जानकार प्राध्यापकहरूको समेत सुझाव लिइएको थियो । शोधमा प्रमाणित गर्न सकिने तथ्यहरूलाई मात्र समेटिएको थियो । प्राथमिक सामग्रीका रूपमा डायरीहरू, समसामयिक लेखहरू, वैज्ञानिक अनुसन्धान रिपोर्टहरूको र द्वितीयक स्रोतका रूपमा अनुसन्धान लेखहरू, पुस्तकहरू, विश्वकोशहरूको समेत अध्ययन गरिएको थियो । सबै अनुसन्धानका क्रममा आएका जवाफमा केवल तीन स्रोतबाट पुष्टि भएमा मात्र त्यसलाई तथ्यगत आधार मानिएको थियो । स्रोत सामग्रीहरूको प्रयोग गर्दा एपिए सातौं संस्करणअनुसार गरिएको छ ।शोधसमस्याको प्राज्ञिक समाधान पहिल्याउनका लागि आवश्यक वस्तुगत तथ्य, प्रमाण, अनुभव, बुझाइ, पूर्वज्ञान आदिलाई यस सन्दर्भमा प्राथमिकतामा राखिएको छ ।

## ३.६ अध्ययनको विश्वसनीयता

अध्ययनको विश्वसनीयता र वैधता अनुसन्धानका अनिवार्य शर्त हुन् । कुनैपनि दार्शनिक अध्ययन विश्वासमै अडेको हुन्छ । विश्वासयोग्य विधि, प्रक्रियासम्मत अध्ययनले समाजबाट विश्वास र वैधता प्राप्त गर्दछ । यस शोधप्रबन्धले प्रस्तुत गरेको निष्कर्षलाई पुनः परीक्षण गरी परिणामहरू हेर्न सकिनेछ । यसको मूल आधार अनुसन्धानमा प्रयोग भएका भरपर्दा र स्वीकारयोग्य तथ्याङ्कहरू हुन् । अध्ययनले निकालेको निष्कर्ष शुद्ध र विश्वसनीय छ, किनकि अनुसन्धानमा विश्वसनीय स्रोतहरूको माध्यमबाट जानकारी लिइएको छ । शोधप्रबन्धलाई उत्कृष्ट बनाउन कुनै कसर राखिएको छैन । विश्वसनीयता, प्रमाणिकता, योग्यता र गुणात्मक जस्ता नैतिक मूल्यका मानकलाई ध्यानमा राखी त्यसतर्फ सचेतता अपनाइएको छ । शोधको विश्वसनीयता सुनिश्चित गर्न तथ्याङ्क एकीकृत र सङ्गठित गर्ने कार्य गरिएको छ । यी सबै कार्यहरू गर्दा सत्य, तथ्य र वास्तविकतामा ध्यान पुऱ्याइएको छ । अनुसन्धानमा प्रयोग भएका तथ्याङ्कप्रतिको विश्वास कायम गर्न तथ्याङ्कका स्रोतसन्दर्भहरूलाई परिशिष्टमा खुलाइएको छ । विभिन्न घटना वा परिघटनाहरूको यथार्थ जाँचपड्ताल गरिसकेपछि मात्र तथ्याङ्कको रूपमा ग्रहण गरिएको छ । अनुसन्धानको क्षेत्र, उत्तरदाताको पृष्ठभूमि, तिनीहरूको चयन, अनुसन्धानमा प्रयोग भएका माध्यम, प्रश्नका ढाँचा, घटना, परिणाम आदिको विस्तृतिकरण र सामान्यीकरण गर्दा वैधतामा ध्यान पुऱ्याएको छ । अनुसन्धान अध्ययन विधिका आचारसंहीता र अनुशासन पालना गरिएको छ। अनुसन्धान स्थलमै पुगी तथ्याङ्क सङ्कलनको विधि प्रक्रियाअनुरूप तथ्य सङ्कलन गर्ने काम गरिएको छ । तथ्याङ्क, प्रमाण, र तर्कहरू जाँच्न वा विश्लेषण गर्नका लागि उत्तम स्रोतहरूसँग भर पर्ने काम भएको छ । सहायक स्रोतका रूपमा प्राज्ञिक व्यक्तिहरूद्वारा लेखिएका आधिकारिक पुस्तक, राष्ट्रियस्तरका पत्रपत्रिकाहरू, मुख्यमुख्य समाचार पत्रहरूको प्रयोग गरिएको छ ।

## ३.७ प्रस्तुतीकरण

अनुसन्धान लेखन बौद्धिक एवम् प्राज्ञिक कार्य भएको हुँदा सिद्धान्त र विधिमा आधारित भएर सुगठित अनुच्छेद रचना, उद्धरणको प्रयोगमा सचेतता, सन्दर्भ स्रोतको प्रयोगमा इमानदारी र भावहरणप्रति सचेतता, वस्तुपरक भाषाको प्रयोगमा विशेष ध्यान दिँदै त्यसको औपचारिक लेखनशैली र त्यस अनुसारको प्रस्तुतिमा नै ध्यान पुऱ्याइएको छ । अनुसन्धान प्रतिवेदन लेखन अनुसन्धानको महत्त्वपूर्ण र अन्तिम चरण भएको हुँदा सङ्कलित सामग्रीहरूको सङ्गठित व्यवस्थापन र विश्लेषणपछि मात्र प्रतिवेदन तयार गर्ने काम गरिएको छ । शोधप्रबन्ध लेखनमा सन्दर्भ सङ्केत गर्ने विधिको सावधानीपूर्वक प्रयोग गरिएको छ । सङ्क्षिप्त रूप, वर्ण विन्यास, तिथिमिति, संख्याङ्कन, क्रमाङ्कन जस्ता पक्षमा ध्यान पुऱ्याइएको छ । अनुसन्धानमा प्रयोग गरिएका मिति, पद्धति, एपीए सातौं संस्करणको शैलीमा आधारित छन् । भाषालाई वस्तुगत र स्पष्ट तुल्याइएको छ । सामाजिक

मर्यादामा आघात पुऱ्याउने खालका भाषाको प्रयोग गरिएको छैन । स्रोत सामग्रीहरूको विश्लेषण गुणात्मक ढाँचामा गरिएको छ । अनुसन्धानका अध्याय, शीर्षक, उपशीर्षक, प्रकरण र वाक्य प्रबन्धमा सान्दर्भिकता अनुसार मौलिकरूपमा प्रयोग गरिएको छ । सङ्कलित तथ्यहरूलाई एकत्रित, सङ्गठित र शुद्धिकरण गरेपछि तालिकीकरण गरेर विश्लेषण गरिएको छ । कथनात्मक र विश्लेषणात्मक प्रस्तुति पद्धति अपनाइएको छ । पूर्व प्रकाशित कृतिहरूका सम्बन्धमा सैद्धान्तिक, आनुभविक, आलोचनात्मक साहित्यलाई हेरिएको छ । आवश्यकतानुसार अङ्ग्रेजी भाषाका पूर्व साहित्यहरूको समेत अध्ययन गरिएको छ । राजनीतिक परिवर्तनका विभिन्न मोडहरूमा प्रगतिशील गीतहरूको योगदान, सामाजिक, राजनीतिक परिवर्तन प्रक्रियाका विभिन्न रूपहरूसँगै विकसित बन्दै गएकाले त्यसलाई चरणबद्धरूपमा वर्णन गरिएको छ । प्रस्तुत अनुसन्धानमा विक्रम सम्वत् (वि.सं.,साल) उल्लेख गरिएको छैन, इस्वी सम्वत् मात्र उल्लेख गरिएको छ । राजनीतिक परिवर्तनका क्रममा भएका विभिन्न सङ्घर्ष, आन्दोलनसँग जोडिएका प्रसङ्गहरूलाई सिलसिलेवार रूपमा वर्णन गरिएको छ । आगमनात्मक विधिबाट तथ्यहरूको सङ्कलन र विश्लेषण गर्दै तार्किक निष्कर्षमा पुग्ने कार्य गरिएको छ । यसले भविष्यमा हुने अन्य अध्ययनहरूलाई मार्ग प्रशस्त गर्ने समेत विश्वास लिइएको छ । अनुसन्धानको निष्कर्ष निकाल्ने कार्य अनुसन्धान विधिका सम्पूर्ण चरणहरूबाट पार गरिसके पछि मात्र गरिएको छ । सन्दर्भ सामग्रीहरू वर्णानुक्रमअनुसार राखिएका छन् । अनुसन्धानको विधि र धारणाहरूको स्पष्टसँग व्याख्या गरिएका छन् । शोधप्रबन्धमा सङ्क्षेपीकरण, अनुसूची, तालिका आदि समावेश गरिएका छन् । शोधनिर्देशक, सहनिर्देशक तथा विशेषज्ञहरूले दिएका सबै सुझावहरूको इमान्दारीपूर्वक पालना गरिएको छ । द्वितीयक स्रोत सामग्रीको सङ्कलन तथा प्रयोगमा सान्दर्भिकता अनुसार विविधता अपनाइएको छ । पुस्तकहरू, अनुसन्धानात्मक लेखहरू, गोष्ठी, सम्मेलन र सेमिनारका कार्यपत्रहरू, सरकारी र संस्थागत प्रतिवेदनहरू, विभिन्न संस्थाका शोधपत्र, शोधग्रन्थ र शोध प्रबन्धहरू, दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, द्वैमासिक, वार्षिक पत्रपत्रिकाहरू, क्यासेट, सिडी, युटुब, इन्टरनेट र वेभ साइडका सामग्रीहरू, गीति पुस्तिकाहरू आदिको प्रयोग गरिएको छ । अनुसन्धान प्रतिवेदनमा अनुसन्धानको परिचयदेखि अनुसन्धान पद्धति र प्राप्त उपलब्धि निष्कर्ष पद्धतिगत ढङ्गबाट राखिएका छन् । समग्रतामा भन्नु पर्दा, शोधप्रबन्ध प्रतिवेदन प्रस्तुतिमा शोध निर्धारित अङ्गहरूको उचित व्यवस्थापन गरिएको छ । सैद्धान्तिक ढाँचाअनुसारको बाह्य तथा आन्तरिक सङ्गठन र समग्र पक्षहरूको सचेत पालना गरिएको छ । अनुसन्धानउद्देश्य भन्दा बाहिर जाने कार्य गरिएको छैन । कुनै कारणबस विषयक्षेत्र वा सन्दर्भ बाहिर जानु परे त्यसको स्पष्ट कारण खुलाइएको छ । शोधकार्यमा आन्तरिक तथा बाह्य मूल्याङ्कनबाट प्राप्त भएका, विज्ञहरूका सुझावहरू र मौखिक परीक्षाबाट प्राप्त भएका हरेक सुझावहरूलाई शोधप्रबन्धमा समेट्ने कार्य गरिएको छ । अन्तिम प्रतिवेदनको *ड्राफ्ट* बुझाए पछि त्यस उपर आएका विज्ञ सुझावहरूलाई समेत इमान्दारीपूर्वक ग्रहण गरी शोधकार्यको अन्तिम चरणसम्म आवश्यक संशोधन तथा परिमार्जन गर्ने कार्य गरिएको छ ।

टेवल नं. ३. ३ : अनुसन्धान प्रक्रिया अवधारणा




स्रोतः Gottschalk, L. 1969, Shafer, R.J. 1969 को Research Methodology को आधारमा आफैंले तयार गरेको

# अध्याय - चार

# पञ्चायती शासन प्रणालीमा प्रगतिशील गीतको उद्भव र विकास

## ४.१ राजनीतिक प्रणालीका रूपमा पञ्चायती व्यवस्था

नेपाल अधिराज्यको प्रजातान्त्रिक संविधानद्वारा शासन व्यवस्था अगाडि बढाउन राजसंस्था तयार हुन सकेन । परिणामस्वरूपः जन निर्वाचित संसदीय सरकारको १८ महिना पनि नबित्दै राजा महेन्द्रले संसद् भङ्ग गरे । २०१७ पुस १ गते राजाले गरेको सम्बोधनले नेपालको राजनीतिमा ठुलो तरङ्ग ल्यायो । उनले शाही घोषणामा भनेका थिए- “निर्वाचन पछि बनेको यो मन्त्रिमण्डलले शान्ति सुरक्षा कायम गर्ने जस्तो हरेक सभ्य सरकारको प्राथमिक कर्तव्य पनि पूरा गर्न सकेन...राजनीतिक दलहरू र दलगत राजनीतिक उद्देश्यले प्रेरित भएका वर्गीय सङ्गठनहरूलाई समेत अवैध घोषित गरी हाललाई यही घोषणाद्वारा प्रतिबन्ध लगाइबक्सेका छौँ,” (शिखरटिभी, सन् २०२०, अप्रिल ९) । उक्त शाही घोषणाबाट राजनीतिक दलहरू प्रतिबन्ध हुनुका साथै नागरिकहरू समेत वाक् तथा अभिव्यक्ति स्वतन्त्रताबाट वञ्चित हुन पुगे । उक्त घोषणासँगै नेपालमा पञ्चायती व्यवस्था लागु हुन पुग्यो । “पञ्चायती व्यवस्थाको पुरा रूप ‘दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणाली’ हो,” (२०१९ को संविधान) । उक्त प्रणाली उक्त संविधानबमोजिम गाउँ, नगर, जिल्ला र राष्ट्रिय पञ्चायत आदिका क्रमले गठन तथा परिचालन भएको थियो । “कार्यकारिणी अधिकारको प्रयोगका सम्बन्धमा संविधानको भाग ७ को (१) मा नेपालको कार्यकारिणी अधिकार श्री ५ बाट यो संविधान र तत्काल प्रचलित अन्य कानून बमोजिम स्वयं वा मन्त्रीहरूद्वारा वा मौसूफको मातहतका अन्य कर्मचारीहरूद्वारा प्रयोग गरिबक्सनेछ भनिएको थियो,” (२०१९ को संविधान : १३-१४) । उक्त संवैधानिक प्रावधानले राजालाई सर्व शक्तिशाली, राजनीतिक दल र जनतालाई कमजोर बनायो ।

वाक् तथा अभिव्यक्ति स्वतन्त्रताको हरण, दलमाथिको प्रतिबन्ध र मन्त्रीहरू श्री ५ प्रतिनै उत्तरदायी हुने व्यवस्थाका कारण पञ्चायत प्रजातान्त्रिक व्यवस्था रहेन, दलहरूले यसैका आधारमा निरङ्कुश राजतन्त्र भने । नेपाली काँग्रेसले उक्त संविधानलाई राजालाई सर्वशक्तिमान र निरङ्कुश बनाएर जनताबीच फाटो पार्ने, राजालाई असीमित अधिकार दिएको र राजामा सम्पूर्ण शक्ति केन्द्रित गरिएको भनी मूल्याङ्कन गरेको पाइन्छ । राजाको अध्यक्षतामा मन्त्रिपरिषद् रहने, राजाले जुनकुनै धारा निलम्बन गर्न सक्ने, राजाका कार्यबारे अदालतमा प्रश्न उठाउन नपाइने प्रबन्धले पञ्चायत निरङ्कुश व्यवस्था हो भन्नेहरूको तर्कलाई बलियो बनायो । यसबाट राजाले सक्रिय राजतन्त्रको अभ्यास गर्न चाहेको स्पष्ट हुन्छ । “२०१७ को शाही ‘कू’ पछि नेपालको राजनीतिमा देखापरेका २०१८ को ‘नेपाली काँग्रेसको सशस्त्र सङ्घर्ष’, २०२८ को झापा विद्रोह, २०२९ को नेपाली काँग्रेसको सशस्त्र सङ्घर्ष, २०३० को हर्रेवर्रे सङ्घर्ष, २०३५/०३६ को ‘विद्यार्थी आन्दोलन र जनमत सङ्ग्रह’,

२०४२ को नेपाली काँग्रेसको सत्याग्रह, जनवादी मोर्चाको 'बमकाण्ड' २०४६ को 'जनआन्दोलन', महत्वपूर्ण प्रजातान्त्रिक आन्दोलनहरू हुन्," (अधिकारी, सन् १९९८) । २०४६ अघिका आन्दोलनहरूको जगमा नै २०४६ को आन्दोलनले सफलता प्राप्त गरेको देखापर्दछ ।

राजनीतिक प्रणालीहरूको परिभाषासहित संसारमा उदारवादी लोकतन्त्र, आकस्मिक लोकतन्त्र, साम्यवाद, राष्ट्रवादी समाजवाद, सैन्य अधिनायकवाद, इस्लामिक राष्ट्रवाद र निरपेक्षवाद गरी डर्बीशायर र डर्बीशायर, (सन् १९९९) ले मूलरूपमा ७ किसिमका राजनीतिक प्रणालीहरूको उल्लेख गरेको पाइन्छ । पञ्चायती व्यवस्था निरपेक्षवाद भित्र पर्दछ । यही निरपेक्षवादबाट आकस्मिक प्रजातन्त्रमा परिवर्तन हुने क्रममा नेपालमा जनआन्दोलन (२०४६) हुन पुगेको हो । निरपेक्षवादको अर्थ समाजमा अस्तित्वमा रहेका अन्य राजनीतिक विचारधारा वा राजनीतिक दलहरूको अस्तित्व अस्वीकार गरिएको अवस्था हो । एकदलीय चरित्र अनुरूपका राजा सरकारका तीनै अङ्गको सर्वेसर्वा भई उनलाई अङ्कुश लगाउने कुनै संवैधानिक व्यवस्था नभएकोले राजनीतिक प्रणालीगत रूपमै तात्कालीन निर्दलीय पञ्चायती व्यवस्थालाई '*निरङ्कुश व्यवस्था*' भनियो । पञ्चायती व्यवस्था गाउँ पञ्चायत, नगर पञ्चायत, जिल्ला पञ्चायत, अञ्चलसभा, अञ्चल समिति र राष्ट्रिय पञ्चायत गरी ६ वटा तहमा आधारित थियो । अञ्चलमा अञ्चलाधिश र अञ्चल प्रशासन, जिल्लामा प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन, वर्गीय सङ्गठनहरूमा नेपाल युवक सङ्गठन, महिला सङ्गठन, किसान सङ्गठन, नेपाल मजदुर सङ्गठन र भूतपूर्व सैनिक सङ्गठनहरू थिए । आवधिक निर्वाचनमा वर्गीय सङ्गठनको सदस्यता ग्रहण गरेर मात्र सहभागी हुन पाउने व्यवस्थाले नागरिक स्वतन्त्रता खोसिँदा निरङ्कुशताको अभ्यासतर्फ मुलुक अघि बढेको स्पष्ट हुन गयो ।

राज्यका तीनै अङ्गमा राजा सर्वेसर्वा भएकोले कम्युनिस्ट तथा काँग्रेसले त्यसलाई निरङ्कुश राजतन्त्र भन्यो, र त्यस विरुद्ध विरोध कार्यक्रम अघि बढायो । "भूमिगत काम गरिरहेका राजनीतिक दलहरूले संविधान जारी भएको दिन पौष १ गतेलाई 'कालो दिवस' भनी विरोध कार्यक्रम सञ्चालन गरे," (रेग्मी, २०७४) । "प्रजातान्त्रिक एवम् साम्यवादी शक्तिलाई दबाउन सञ्चार माध्यमबाट आफ्नो कुरा मात्र जनतामा पुगुन् भन्ने मनसाय राखी उनका समर्थकहरूको सहयोगमा बहुदलीय व्यवस्थाका समर्थकहरूको विचार, अभिव्यक्तिमा समेत अङ्कुश लगाउन कडा सेन्सरसिप लागु गरियो," (चौहान, सन् १९७१ र वन्त २०६०) । राजनीतिक दलका नेताहरूलाई मात्र होइन यसक्रममा कवि, कलाकारहरूलाई धरपकड गर्ने, जनपक्षीय सामग्रीहरू माथि प्रतिबन्ध लगाउने कामहरू भए । कवि, साहित्यकारहरूले प्रतीकात्मकरूपमा पञ्चायत विरोधी भावना जागृत गराउने साहित्य सिर्जना गरी प्रकाशन गर्न थाले । पञ्चायतका विरुद्ध नेपाली काँग्रेस, सात वामपन्थी दलहरू (संयुक्त वाममोर्चा) र अन्य वामपन्थी दलहरू मिलेर संयुक्त जनआन्दोलन गरी नेपालमा प्रजातन्त्रको पुनर्स्थापना भयो । २०४६ को जनआन्दोलन पञ्चायतका विरुद्ध प्रजातन्त्रको पुनर्स्थापनाका निम्ति भएको निर्णायक आन्दोलन थियो । उल्लिखित पृष्ठभूमिमा पञ्चायतको प्रारम्भदेखि नै प्रगतिशील गीतले विभिन्न वर्ग

समुदायलाई सचेत र जागरूक तुल्याउँदै र प्रजातान्त्रिक आन्दोलनलाई सघाउँदै आयो । मूलतः यो आन्दोलन नेपालको मार्क्सवादी कम्युनिस्ट आन्दोलनको सबैभन्दा ठुलो दल नेकपा (माले) सँग जोडिएको थियो । उक्त संस्थाहरू राल्फा परिवार, सङ्कल्प परिवार र आस्था परिवार थिए । आस्था स्वतन्त्र रूपमा जनआन्दोलनमा सहभागी भएको थियो । आस्था प्रत्यक्ष रूपमा कुनै दलसँग आवद्ध थिएन । तर आस्था वैचारिकरूपमा मार्क्सवादी वैचारिक चिन्तन भन्दा पर थिएन । आस्थाका कलाकारहरू नेकपा (माले), राल्फा र सङ्कल्पकै स्कुलिङबाट आएका थिए ।

## ४.२ प्रगतिशीलता, प्रगतिवाद र प्रगतिशील गीत

नेपालमा प्रगतिशीलता र प्रगतिवादलाई हेर्ने, बुझ्ने सम्बन्धमा केही फरक मत र बुझाइहरू रहेको पाइन्छ । तर नेपाल भारत बाहेकका देशहरूमा प्रगतिशीलता र प्रगतिवादलाई *'प्रोग्रेसिभिज्म'* एउटै शब्दले अर्थापन गरिएको पाइन्छ । यसबाट प्रगतिवाद र प्रगतिशीलताको प्रयोगका सम्बन्धमा केही भिन्नता, धेरै समानताहरू छन् भन्ने बुझ्न सकिन्छ । प्रगतिवादीहरू द्वन्द्वात्मक भौतिकवाद, ऐतिहासिक भौतिकवाद र सर्वहारा वर्गको एकाधिपत्यलाई स्वीकार गर्दछन् तर सबै प्रगतिशीलहरूले त्यो नमान्न पनि सक्छन् । प्रगतिशीलहरू समाजको आमूल परिवर्तनका निम्ति समाजमा भएका अन्याय, अत्याचार, उत्पीडन, जातिवाद, वर्गविभेद, असमानता, शोषणका सबैखाले प्रवृत्तिहरू र सामन्ती निङ्कुश व्यवस्थाको विरोध गर्दछन् । यसर्थ, प्रगतिशीलहरू साम्यवादी विचारधारा र नीति, कार्यक्रमहरूसँग असहमत, सहमत दुवै पनि हुन सक्छन् । उनीहरू प्रगतिवादीहरू उपर सकारात्मक धारणा राख्दछन् । किनकि पुँजीवाद र सामन्तवादका विरुद्ध यी दुवै अडिग छन् । यसो हुँदा प्रगतिवादी र प्रगतिशीलहरू बीच प्रसस्त मेलहरू पनि छन् । यसै कारण सबै प्रगतिवादी प्रगतिशील हुन सक्छन् तर सबै प्रगतिशील प्रगतिवादी नहुन पनि सक्छन् भन्ने गरिएको पाइन्छ । प्रगतिशीलहरू प्रगतिवादी प्रगतिशीलहरू पनि हुन सक्छन् । नेपालमा भइरहेको जनवादी साहित्य र प्रगतिशील गीतको अभ्यासलाई नियाल्दा यी दुईको समरूपताको चर्चा गर्न सकिन्छ । प्रगतिशील गीत र प्रगतिवाद दुवैले वर्गसङ्घर्ष र सामाजिक क्रान्तिलाई सघाएका छन् । प्रगतिवादी राजनीतिक पार्टीमा आबद्ध भएको विचार, प्रगतिशीलतामा त्यो नहुन पनि सक्छ तर प्रगतिवादका मान्यताहरू प्रगतिशीलहरू भन्दा धेरै पर छन् भन्ने तर्कहरूलाई प्रगतिशील गीतका अन्तर्वस्तु गीति छनकहरूले नकार्दछन् । प्रगतिशील गीतले सत्यप्रति अविचलित रही सत्य निष्ठाका साथ अन्धविश्वास, रूढिवाद र कुसंस्कारका विरुद्ध सामाजिक यथार्थको आलोकमा सत्यपरक घटना र सामाजिक मुद्दाहरूकै चित्रणमा आफ्नो सम्पूर्ण जीवन खर्च गरेका छन् । प्रगतिवादीहरूले झैं आफ्ना सिर्जनामा विश्वदृष्टिकोणको प्रतिविम्बन गर्दै आएका छन् । गतिशील यथार्थलाई कलात्मक प्रतिविम्बन गर्ने कार्य प्रगतिशील गीतमा पनि प्रसस्तै देखा पर्दछन् । पञ्चायतकालीन अनुभव र अभ्यासलाई हेर्दा मूलतः सामाजिक उत्पीडनमा परेका वर्गको पक्षमा गाइएका गीतहरूनै प्रगतिशील गीतहरूको मूल धारमा देखा पर्दछन् ।

कलाकारले जीवन र जगत्को यथार्थलाई आत्मसात् गरी विचार र कलात्मक सीपको संयोजन र संस्लेषणबाट यथार्थ रूपमा गीत सिर्जना गर्दछ, जुन कुरा प्रगतिवादी साहित्यमा पनि देखा पर्दछ । यसैकारण प्रगतिशील गीतको सैद्धान्तिक पर्याधार प्रगतिवादलाई बनाइएको छ । प्रगतिशील गीतहरूको राजनीतिक चेतनाको मूल स्वरूप प्रगतिवादमा आधारित रहेको पाइन्छ । समाजवादी यथार्थवादको साहित्यिक रूप प्रगतिवाद हो, जसमा समाज र जीवनको यथार्थलाई स्वीकार गरी त्यसलाई क्रान्तिकारी विकासका सन्दर्भमा यथावत् रूपमा चित्रण गरिन्छ र प्रगतिवाद त्यसैको साहित्यिक अवतरण हो । प्रगतिवादलाई समाजवादी यथार्थवाद र मार्क्सवादी दर्शनमा आधारित साहित्यसिद्धान्त मानिन्छ । उक्त कलासाहित्यले समाजमा भएका सबै किसिमका थिचोमिचो, शोषण, दमनको विरोध, जनताका दुस्मनप्रति घृणा र त्यस विरोधी भावना र चेतना जागृत गर्न सिकाउँदछ, र मित्रहरूप्रति प्रेमभाव जगाउँदछ । "समाजवादी यथार्थवादी कलासाहित्यले वर्गचेतना जागृत गराउने, जनताको रुचि, भावना र संस्कार बदल्ने तथा उनीहरूको वैचारिक तथा भावनात्मक रूपान्तरण गर्ने काममा मद्दत पुऱ्याउने, जीवन र क्रान्तिको भविष्यप्रति आशावादी दृष्टि अवलम्बन गर्न प्रेरित गर्ने, सामूहिक भावधाराको सृष्टि गर्ने, सौन्दर्य चेतना जगाउने, समाज रूपान्तरणका लागि जनतामा सचेत एवं क्रियाशील बनाउने जस्ता उद्देश्य राख्दछ," (चैतन्य, २०६४, पृ. १४) । यसको अर्थ प्रगतिशील गीत प्रतिवादबाट टाढा छैन बरू अझ फराकिलो दायरामा छ भन्ने बुझ्न सकिन्छ । साहित्यका क्षेत्रमा प्रगतिवादले समाजको आमूल परिवर्तनको पक्षमा वर्गीय हितको पक्षपोषण गर्दछ । मार्क्सवादलाई राजनीतिक क्षेत्रमा साम्यवाद, सामाजिक क्षेत्रमा समाजवाद, दर्शनमा द्वन्द्वात्मक भौतिकवाद र साहित्यमा प्रगतिवादका नामले चिनाइएको पाइन्छ र गीतका सन्दर्भमा प्रगतिशील गीत त्यसैको एक साहित्यिक रूप हो । यी सबैको स्रोत अन्ततः मार्क्सवाद नै हो भन्ने सारभूतरूपमा बुझ्न सकिन्छ ।

पञ्चायतकालीन समयमा प्रगतिशीलहरूले सर्वहारा वर्गलाई सामाजिक शक्तिका रूपमा आफ्ना सिर्जनाको केन्द्रमा राखे । गीतले धनी र गरिब, शोषक र शोषितबीचको आर्थिक असमानता समाप्त पार्ने उद्देश्य राखेका थिए, जुन कुरा प्रगतिवादका सिर्जनात्मक अन्तर्वस्तु हुन् । प्रगतिशील कलाकारहरूले समाजवाद र समाजवादी व्यवस्थाको समर्थन प्रशस्तै गीतहरू गाएबाट उनीहरूमा प्रगतिवादी-प्रगतिशील चिन्तन देखा पर्दछ । प्रगतिशील गीतले क्रान्तिकारी समुदायलाई प्रोत्साहित गर्ने सिर्जनाहरू समाजसामु पेश गर्नु, सामन्तवाद तथा पुँजीवादको आलोचना गर्नु, पुँजी र श्रमबीचको समस्यामा वैज्ञानिक समाधानको उपाय पेश गर्नु प्रगतिवादी-प्रगतिशीलताका दृष्टान्त हुन् । प्रगतिशीलता समाजको विकासशिलतामा आस्था राख्ने रचनादृष्टि भएको हुँदा नै त्यसले आमूल परिवर्तनको पक्षमा भूमिका खेलेको हुन्छ । त्यसको वास्तविक प्रतिविम्बन प्रगतिवादी-प्रगतिशील गीतका विशेषता हुन् । प्रगतिशील गीतले समाजमा हुने सबै प्रकारका असमानता, अन्याय, अत्याचार, शोषण, उत्पीडनका विरूद्ध जनतालाई समाजको आमूल परिवर्तनमा लाग्न जोड दिँदै सामन्तवाद

विरुद्ध देशभक्तिपूर्ण भावना, राष्ट्रिय स्वाधीनता र स्वाभिमानका पक्षमा परिवर्तनका हरेक आन्दोलनहरूलाई सघाएको पाइन्छ ।

प्रगतिशीलता र प्रगतिवादको समरूपतालाई हेर्दा, दुवैले द्वन्द्वात्मक भौतिकवादलाई दार्शनिक आधार मान्दै समाजको आमूल परिवर्तन चाहन्छन् । कतिपयले प्रगतिशीलतालाई आन्दोलनका रूपमा बुझ्ने गर्दछन् । प्रगतिवादी र प्रगतिशील दुवैले सौन्दर्य-कलालाई सामाजिक वास्तविकताका रूपमा लिने गरेका छन् । भिन्नतालाई हेर्दा, प्रगतिवाद सिद्धान्त हो भने प्रगतिशीलता सिद्धान्त वा वाद होइन, यसले सामाजिक अस्तित्व र त्यसको उपज चेतनालाई आधार मान्छ । यसर्थ, प्रगतिवाद र प्रगतिशीलता राजनैतिक, सामाजिक, सांस्कृतिक चेतनासँगै उत्पन्न भएका विचार हुन् भन्न सकिन्छ । प्रगतिशील र प्रगतिवादी दुवैले समाजको गतिशील यथार्थ र चाहनालाई कलात्मकरूपमा विम्बन गर्ने, जीवन र जगत्को गतिशीलतामा आस्था राख्ने, र प्रतिक्रिया दिने जस्ता कार्य गरेको पाइन्छ ।

समाजमा अग्रगामी र पश्चगामी दुई शक्ति, संस्कार, परम्परा हुन्छन् । त्यस्मा अग्रगामी शक्ति र संस्कारको पक्षमा लेखिएको साहित्य प्रगतिशील साहित्य, गीत हो, जुन युगानुकुल हुने गर्दछ । आदिम युग भन्दा दाश युग, दाश युग भन्दा सामन्तवाद, सामन्तवाद भन्दा पुँजीवाद र पुँजीवाद भन्दा समाजवाद, साम्यवादलाई सबै भन्दा प्रगतिशील युग मानिन्छ । यसर्थ पुँजीवादमा सबैभन्दा प्रगतिशील, क्रान्तिकारी मजदुर वर्ग हुन्, जसको हितको प्रतिनिधित्व गर्ने गीत/साहित्य सबैभन्दा प्रगतिशील हो भन्ने बुझ्नु पर्ने हुन्छ । प्रगतिशील गीतको उद्देश्य मानव जीवनको समृद्धि हो । समाज र जीवनको यथार्थलाई स्वीकार गरेर त्यसलाई यथावत् प्रस्तुत गर्ने कलादृष्टि प्रगतिशील गीतमा देखिन्छ । बज्राचार्यको विचारमा- “विश्व प्रगतिशील साहित्यका चर्चित प्लेखानोव, गोर्की, माओत्सेतुङ, हावर्ड फास्ट, इलिया एरेनबुर्ग, क्रिस्टोफर कडवेल, राल्फ फाक्स, जोसेफ स्टालिन आदिलाई मार्ग निर्देशनको रूपमा प्रगतिवादी र प्रगतिशील दुवै साहित्यले अपनाएको पाइन्छ । दुवै शब्दको सैद्धान्तिक विचारधारा मूलतः एउटै छ तर हेराइ बुझाइमा मात्र फरक छ,” (सन् २०१७) । यसर्थ, यस अध्ययनमा प्रगतिशीलता र प्रगतिवादको समानता र असमानताको चर्चा गरिएको छ ।

प्रगतिशील गीत, साहित्य विचारधारात्मक अधिरचना हो । प्रगतिशीलहरू आफूलाई समाज सुधार गर्ने व्यक्तिको रूपमा हेर्दछन, समाजमा राम्रो परिवर्तन गर्न, रुढिवादीहरूको विरोध गर्दछन् । बीबीसीका राजनीतिक न्युज रिपोर्टर ब्रेन ह्विलरको विचारमा- “मार्क्सवादी प्रगतिशीलहरू राजनीतिक, सामाजिक व्यवस्थालाई बदल्न चाहने, सामाजिकरूपमा केही उदारवादी, महिला, र अल्पसङ्ख्यकहरूले बढी अधिकार प्राप्त गरुन् भन्ने चाहने, समाजको आधुनिकीकरण, प्रविधिगत प्रगतिमा विश्वास गर्ने खालका हुन्छन्,” (सन् २०१०) । प्रगतिशीलहरू निराशा, कुण्ठा, निस्क्रियता र उदासिनता जस्ता जीवनलाई निरर्थक तुल्याउने मृत्युतुल्य सिर्जना कार्य गर्दैनन् र आशा, उर्जा,

उत्साह, गतिशिलता र अग्रगामी सोचसहित समाजको आमूल परिवर्तनका निम्ति सिर्जना गर्न रुचाउँछन् भन्ने आशय हो ।

प्रगतिशील साहित्य/गीत जीवन र जगत्को विकाशीलतामा विश्वास राख्दछ । खासगरी यो द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादलाई समाज विकासको सत्ता मीमांसीय आधार मान्ने मार्क्सवादी दर्शन र चिन्तनबाट प्रभावित छ । प्रगतिशील सिर्जना जीवनको गति, चेत र चाहनाको जगमा निर्मित हुन्छ । प्रगतिवादी सिर्जनाले गति, चेत र चाहनालाई सामाजिक प्रक्रियाको सापेक्षतामा हेर्दछ । सामाजिक यथार्थमा प्रगति खोज्नु प्रगतिशील गीतको मूल प्रवृत्ति हो भने समाजवादी यथार्थवादमा आधारित रही समाजको आमूल परिवर्तन खोज्नु प्रगतिवादको मूल प्रवृत्ति हो । साधारणरूपमा प्रगति गर्नमा तत्पर, श्रमप्रति आस्था जगाउने, श्रमजीवी, शोषित, पीडित जनताको पक्ष लिने, जनहीतका राजनीतिक आन्दोलनको पक्षपोषण गर्ने, आमूल परिवर्तनको विचारसँग वैरभाव र विमती नराख्ने, त्यसलाई प्रोत्साहन गर्न मन पराउने, अरूलाई उक्त विचार अङ्गाल्न प्रेरित गर्ने, मार्क्सवादको सामाजिक सिद्धान्तनुसार सामाजिक प्रगतिमा विश्वास राख्ने सिर्जनालाई प्रगतिशील गीत भन्ने गरिएको छ । नेपाली बृहत् शब्दकोशका अनुसार प्रगतिशीलको अर्थ- "समाजको उत्तरोतर विकासमा विश्वास गर्ने, मार्क्सवादी सिद्धान्तअनुसार सामाजिक प्रगतिमा विश्वास गर्ने, प्रगतिशीलताको अर्थ प्रगतिशील हुने गुण, स्वभाव, प्रक्रिया र प्रगतिवादको अर्थ साहित्यलाई समाजको उपज मान्दै सामाजिक यथार्थको अभिव्यक्तिमा महत्त्व दिने, वैयक्तिक आनन्दलाई भन्दा समाजको भौतिक विकासमा जोड दिने मार्क्सवाद प्रभावित साहित्य सिद्धान्त," (पराजुली, २०७५, पृ. ८१३) भनिएको छ । "फ्रान्सेली दार्शनिक तथा कवि ज्याँ मारी गुयाउ (सन् १८१४- १८५४) ले साहित्य, सङ्गीत कलालाई सामाजिक संयन्त्रको कार्यभारका रूपमा प्रस्तुत गरेका छन् । रूसका बेलिन्सकी (सन् १८११- ४८) चेर्नीशेभ्सकी (सन् १८२८-८९) र दोब्रोल्युबोभ (सन् १८३६-६१) जस्ता प्रगतिशील क्रान्तिकारी चिन्तकहरूले कला सङ्गीतलाई समाज र जीवनसँग जोड्ने भरपुर प्रयत्न गरेको देखिन्छ," (चापागाइँ, २०६७) । उक्त भनाईले पनि प्रगतिशील कला-सङ्गीतको उद्देश्य मूलतः मानव जीवनको समृद्धि र विकास नै हो भन्ने देखा पर्दछ । मार्क्सवादीहरूले सिर्जनामा जतिसक्दो समाज सापेक्ष हुनुपर्ने, समाजको यथार्थ चित्रण गर्नुपर्ने कुरामा जोड दिनुपर्ने कार्य नै सच्चा कलाकारको मूल कर्तव्य हो भन्ने विचार रहेको पाइन्छ । एउटा सङ्गीतकार, गायकले सङ्गीतको भाषा मात्र बुभ्दछ उसले समाज र राष्ट्र बुझेको हुँदैन, क्रान्ति बुझेको हुँदैन भन्ने मान्यता राख्नु पुँजीवादी सोच भएको फिशरको विचार रहेको देखिन्छ । एउटा कुराको ज्ञानले अर्को कुराको ज्ञानलाई निषेध गर्छ भनेर सोच्नु मुर्खतापूर्ण हुने उनको भनाइ छ । यो त सामाजिक सांस्कृतिक हुँदै अर्थ राजनीतिक व्यवस्थासँग समेत अन्तर्घुलन भएको हुन्छ भन्ने कुरालाई यस सन्दर्भमा प्रासाङ्गिक मान्न सकिन्छ । "प्रगतिशीलताले मार्क्सवाद र गैरमार्क्सवादसम्मत दुवै अर्थ र अभिप्रायलाई आफूभित्र समेट्दछ," (वैद्य, २०६७) । उक्त भनाईले सबै प्रगतिशील प्रगतिवादी नै हुन्छन् भन्ने हुँदैन भन्ने कुरालाई थप प्रष्ट पार्दछ । |

प्रगतिशील गीत प्रगतिशील साहित्यकै एउटा रूप हो । अन्तर्राष्ट्रिय क्षेत्रमा यस्ता गीतको अघिल्तिर प्रचलनअनुसार *लेफ्टिस्ट, रिभलुशनरी, कम्युनिस्ट, प्रोटेस्ट, प्रोग्रेसिव, वार, सोसलिष्ट सङ* (गीत) आदि पर्यायवाची शब्द जोडिएको पाइन्छ । "सबै प्रकारका पद्यात्मक वा लयात्मक रचना र सामान्यतया छन्द, गीत, मुक्तक, हाइकु, आदि अनेक प्रकारले रचना गरिएका फुटकर पद्यात्मक वा लययुक्त रचनालाई कविता भनिन्छ," (त्रिपाठी, पराजुली २०४०, पृ. २१५) । यसलाई प्रगतिशील गीतका सन्दर्भमा जोडेर हेर्दा समाजमा विद्यमान रुढिवाद, अन्याय, अत्याचारका विरुद्ध मानवता, न्याय, स्वतन्त्रता, विकास र मानवजातिको समुन्नत समृद्धिको पक्षमा लेख्नु, गाउनु र त्यसलाई सामाजिक अभियानका रूपमा विस्तारित र विस्तृतीकरण गर्नु, तर त्यसभन्दा अझ माथि उठेर मार्क्सवादी विचारधारामा प्रतिबद्ध भई सर्वहारा वर्गको पक्षमा रचना गर्नु, त्यसको सामूहिकीकरण र सांस्कृतिकीकरण गर्नु प्रगतिशीलता हो । "द्वन्द्वात्मक भौतिकवादमा आस्था नराख्ने विधि, व्यक्ति, व्यवहार पनि देशकाल परिस्थितिअनुरूप प्रगतिशील हुन्छन्," (प्रश्रित, व्यक्तिगत कुराकानी, २०७६) । यसको अर्थ, प्रगतिशीलता प्रगतिवाद भन्दा अझ फराकिलो छ भन्ने दर्शाउँदछ । श्रेष्ठ भन्छन्- "हामी प्रगतिवादी, प्रगतिशील हौं । हाम्रा गीत मार्क्सवादी विचारकै उपज हुन् । हामीले देशलाई माया गर्ने, आमूल परिवर्तनको पक्षमा हिँड्ने प्रगतिशील, जनवादी तथा देशभक्तहरूलाई समेत सँगै लिएर हिँडेका थियौँ," (व्यक्तिगत कुराकानी, २०७६, १२/१२) । यस अध्ययनको मूल उद्देश्य यो विवादलाई टुङ्गोमा पुऱ्याउनु होइन । प्रगतिशील र प्रगतिवादको सिर्जनात्मक प्रयोगमा केही भिन्नता छ तर दुवैको सैद्धान्तिक स्रोत मार्क्सवाद, लेनिनवाद र दर्शन द्वन्द्वात्मक भौतिकवादी नै हो । प्रगतिशील र प्रगतिवादका साहित्यिक प्रयोग र अभ्यासका मानकहरूमा भिन्नता देखिँदैन । प्रगतिशील र प्रगतिवादी साहित्यका मापदण्डहरू साझा रूपमा यसरी उल्लेख गरिएको पाइन्छ -

> वर्तमान समाज व्यवस्थाप्रति असन्तोष र विद्रोह, समाजको यथार्थवादी चित्रण, शोषितहरूप्रति सहानुभूति र जागृतिको सन्देश, पुरातन परिवर्तन र नयाँ युगको निर्माणको प्रबल आकाङ्क्षा, भाग्यवाद, पुरोहितवाद र ईश्वरवादप्रति विद्रोह र मानव शक्तिमा विश्वास, नारीप्रति नयाँ दृष्टिकोण, समाजवादी शासन व्यवस्थाप्रति प्रशंसा, राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रेमको उद्भावना, साम्राज्यवाद, नव-सामन्तवाद र पुँजीवाद विरुद्ध विद्रोहको भावना, सामाजिक र धार्मिक रूढीहरूको विरोध, जनक्रान्तिको आह्वान, मानवतावादको प्रतिष्ठा, नेपालको सार्वभौमिकता माथि विदेशी हस्तक्षेपको विरोधलाई प्रगतिशीलताको मूल सिद्धान्तको रूपमा लिन सकिन्छ, (बज्राचार्य, सन् २०१७, पृ. उल्लेख नगरिएको) ।

यिनै मानकहरूका आधारमा यस अध्ययनमा प्रगतिशील गीतहरूको विश्लेषणात्मकरूपमा विवेचना गरिएको छ । उल्लिखित मानकहरू बाहेक पनि प्रगतिशील गीतको प्रयोग र अभ्यासका आधारमा- जीवन र जगतको गतिशीलतामा आस्था, सामाजिक वास्तविकताको प्रतिविम्बन,

वर्गसङ्घर्षमा विश्वास, आमूल परिवर्तनको चाहना, समाजलाई परिवर्तनको निकास दिने चाहचेतना, जस्ता कुराहरू यस अध्ययनमा मानकका रूपमा प्रयोगमा आएका छन् ।

### ४.२.१ मार्क्सवादी द्वन्द्ववाद, प्रेम, वर्गीय प्रेम र गीत

नेपाली बृहत् शब्दकोशमा प्रेम शब्दलाई कुनै विषय, वस्तु वा व्यक्तिका स्वभाव एवं गुण प्रति मनमा उत्पन्न हुने आकर्षण वा आत्मीयता, अनुराग, रूप, गुण, सामीप्य अथवा कामवासना आदिका कारण स्त्री-पुरुषमा परस्पर हुने अनुराग, प्यार, प्रीति, कृपा, दया, माया भनेर परिभाषित गरिएको छ, (पराजुली, २०७५ पृ. ८४३) । यसबाट कुनै व्यक्ति, विषय वा विचार प्रतिको आकर्षण नै प्रेम हो भन्न सकिन्छ । नेपाली समाजले विद्यमान अवस्थामा सामन्ती प्रथा, जातपात, वर्ग, लिङ्ग र धर्मले निर्माण गरेको सामूहिक सत्ता भन्दा माथि उठेर सामन्तवाद मुक्त समाज निर्माणको उद्देश्यका साथ श्रमजीवी वर्ग, खासगरी कामदार वर्गलाई प्रेम गर्नुलाई प्रगतिशील प्रेम मान्यो । त्यसलाई प्रगतिशील गीतले वर्गीय प्रेमको नाम दिएको थियो । यसको अर्थ श्रमजीवी वर्गको पक्ष्यधरता हो । नेपाली साहित्यमा गीत कविताकै रूप मानिन्छ । मार्क्सका अनुसार भौतिक पदार्थ नै संसारको आधार हो भने कला, साहित्य समाजको आधार माथि उभिएको अधिरचनाको वैचारिक रूप हो । उनका अनुसार पदार्थ मस्तिष्कको उपज होइन, बरु मस्तिष्क नै स्वयं पदार्थको उच्चतम उपज हो । “चेतनाले मानिसको अस्तित्व निश्चित गर्दैन, बरु मानिसको चेतना उसको सामाजिक अस्तित्वद्वारा निर्धारित हुन्छ । मानिसको मस्तिष्क, आत्मा आदि सबै पदार्थका अति विकसित रूप हुन्,” (मार्क्स, सन् १९८७) । मस्तिष्कबाट विचार र पदार्थ तत्त्वबाट स्वयम् मस्तिष्क बन्दछ । मार्क्सद्वारा प्रतिपादित द्वन्द्ववाद नै अन्तर्विरोधहरूको अध्ययन र विकास विरोधी कुराहरूको आपसी सङ्घर्षको प्रतिफल हो । “गतिशील भौतिक तत्त्वहरूबीच एकता, सङ्घर्ष, कुनै एकमा आएको परिवर्तनबाट अर्कोमा परिवर्तन हुन्छ भन्ने सिद्धान्त नै द्वन्द्वात्मक भौतिकवाद हो,” (शिवाकोटी, २०७०) । पदार्थमा गतिशीलता, परिवर्तनशीलता र विरोधी तत्त्वहरूबीच एकता हुन्छ । प्रगतिशीलता र प्रगतिवाद जन्माउँछ । “प्रगतिशीलता जीवनको गति, चेत र चाहनामा उभिएको हुन्छ भने प्रगतिवादी साहित्य त्यो चेत, चाहना र गतिलाई सामाजिक सम्बन्ध, न्याय र शासकीय प्रक्रियाको सापेक्षतामा हेर्दछ । प्रगतिवाद मार्क्सवादी दर्शनको विशिष्ट विचारधारामा आधारित भएकाले यसलाई मार्क्सवादकै साहित्यिक शाखाका रूपमा हेरिन्छ,” (जोशी, २०५७) । यस आधारमा प्रगतिशील गीत प्रगतिवादी साहित्य र प्रगतिशीलता कै उपज हो भन्न सकिन्छ ।

प्रगतिशील गीत हुन् या गैर प्रगतिशील दुबैमा मानवीय अनुभूति र गेयात्मकता हुन्छ । अनुभूतिको प्रबलता हुने भएकाले साहित्यको एक अङ्गका रूपमा गीत कविताकै लघुरूप भित्र पर्दछ । बराल (२०६०, पृ. २१) ले गीतलाई “गीत गाउन तयार पारिएको रचना विशेष, एउटै वक्ताको मनस्थिति चित्रण गरिएको अआख्यानात्मक तथा लयात्मक सङ्क्षिप्त रचना, लयमा आबद्ध

अवर्णनात्मक तथा आत्मपरक रचना," भनेका छन् । उक्त भनाइबाट गीतलाई आख्यानरहित, आवेगपूर्ण, अनुभूतिप्रधान सङ्क्षिप्त र गेय रचना भनी बुझ्न सकिन्छ । ग्रिसमा 'लायर' नामक बाजासँग गाइने निजात्मक गेय रचनालाई 'लिरिक' भनिएको पाइन्छ । 'ऋग्वेद'को प्रस्तुति गायनबाट सुरु भएको र 'सामवेद'ले सङ्गीतलाई मूल परिचय बनाई 'सामवेद' बाट नै सङ्गीतको उत्पत्ति भएको मानिन्छ । न्यु इन्साइक्लोपेडिया ब्रिटानिकाले गीतलाई "एक्लै वा सामूहिकरूपमा बाजाहरूसँगै वा तिनको अभावमा पनि गाइएको वा गाउनका लागि तयार गरिएको रचनाविशेष" (बराल, २०६०, पृ. २१) भनी परिभाषित गरेको छ भने डब्ल्यु.एच. हड्सनले एउटै वक्ताको एउटै मनस्थिति तथा भावना संवेगात्मक रूपमा व्यक्त भएको रचना नै गीत हो भनेका छन् । प्रगतिशील गीत रचना सिद्धान्त र मानकका आधारमै निर्मित रहेको र गीति भावमा भने समाजको आमूल परिवर्तनका आग्रहहरू सम्मिश्रण गरिएको पाइन्छ ।

गीत अनुभूतिजन्य, छन्दबद्ध, लय, सुरबद्ध, सङ्गीतबद्ध भाव अभिव्यक्तिको सम्प्रेषण हो । उनले वर्गचेत भएको, सर्वहाराका निमित्त राष्ट्रिय गौरवको भावना भएको, आफ्नो भाषा, देश र श्रमशील जनताप्रति प्रेमको भावना भएको, समाजवादी चेतना उठाउने वैचारिक सिर्जना प्रगतिशील गीत हो । ब्लुनडेन ए., (सन् १९७६) मार्क्स र एङ्गेल्सको भनाई उदृत गर्दै भन्छन् - "साहित्य वर्ग-वर्गहरु वीचको वैचारिक सङ्घर्षको महत्त्वपूर्ण हतियार हो । कला साहित्यले शोषक सामन्तीहरुको सत्ता वलियो वनाउने मात्र होइन त्यसलाई धरासायी वनाउन पनि सक्छ," । त्यस्ता गीतले वर्गीय उत्पीडनको संरक्षण अथवा त्यसको विपरित शोषित सर्वहाराको हीत, श्रमजीवी जनताको मुक्ति र आत्मचेतनाको विकासमा पूर्णतया सहयोग पनि पुऱ्याउन सक्छ । उक्त भनाइबाट प्रगतिशील गीतको प्रमुख दायित्व वर्गीय चेतना निर्माणमा भूमिका खेल्नु रहेको थियो भन्ने बुझिन्छ । मानवजातिको इतिहास वर्गसङ्घर्षको इतिहास भएको र सामाजिक अस्तित्वको आधार आर्थिक प्रणाली भएकाले गीति अधिरचना पनि यसैमा आधारित रहेको छ बुझ्नुपर्ने हुन्छ । यसैकारण प्रगतिशीलहरूले गीतमा वर्गीय समाजमा वर्गीय प्रेमका कुरा, वर्गीय प्रेममा स्नेह फुल्ने कुरा, धनीको मात्र मुख हैन गरिबले पनि खानु पर्छ भन्ने समानताका कुरा, र एउटाले अन्न छर्ने अर्कोले उठाउने जस्ता वर्गीय शोषणका कुराहरू उठाएका थिए । यसप्रकारका प्रगतिशील गीतले वर्गीय चेतनाका आधारमा श्रमजीवी, सर्वहारा वर्गको पक्षधरता निर्माण र पृष्ठपोषण, असमानता र विभेदहरूको विरोध र न्यायपूर्ण समतामूलक समाज निर्माणका लागि सङ्घर्षमा सहभागी हुन उत्प्रेरित गरेको कुरा बुझ्न गाह्रो पर्दैन ।

लेनिनले साहित्य, कलालाई कम्युनिस्ट पार्टी र क्रान्तिको सहयोगी साधनका रूपमा लिएका थिए । कला साहित्य सर्वहारा वर्गीय र समाजवाद निर्माणको दिशातर्फ केन्द्रित हुनु पर्ने, साहित्यलाई जनतासँग जोड्नुपर्ने र जनहितमा उपयोग गर्नुपर्ने कुरामा उनले जोड दिएका थिए । उनीहरू कलावादी धाराहरूको खुलेर विरोध गर्ने, कला कलाका लागि भन्ने दृष्टिकोणलाई अस्वीकार गरी कला

समाज र जीवनका लागि हो भन्ने मार्क्सवादी चिन्तन र विचार अघि सार्दथे । यस आधारमा हेर्दा, विचारधारात्मक रूपमा प्रगतिशील गीतले द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोणलाई नै पच्छ्याएको अनुभूत हुन्छ । जनतालाई एकजुट बनाउँदै समाजको आमूल परिवर्तनको चाहनु, देश र जनताको सेवामा समर्पित रहनु यसको दृष्टान्त हो । यसै आधारमा राल्फा, सङ्कल्प र आस्थाका गीतले मूलतः समाजको यथार्थको चित्रण, सामाजिक अस्तित्वको स्वीकार, गीतमा सामाजिक चेतना, समाजमा भएका शोषण, उत्पीडन, अन्याय र सबै किसिमका विभेदको विरोध गर्दै परिवर्तनका आन्दोलनहरूलाई सघाउने र वर्गचेतनाको प्रवाहमार्फत वर्गविहीन समाज निर्माण यात्राको सहयोगी बन्ने खालका विचार बोकेको पाइन्छ । यस्ता गीत राजनीतिक परिवर्तनका आन्दोलनहरूमा गाइएको देखिन्छ ।

मार्क्सले महिला र पुरुष बीचको सम्बन्धलाई व्यक्ति र व्यक्तिको प्रत्यक्ष, प्राकृतिक र आवश्यक सम्बन्ध मानेका छन । मार्क्स र उनकी श्रीमती जेनीबीचको प्रेम कठिन समयमा पनि अटल रह्यो । यो नै प्रेमको एउटा सार्थक उदाहरण हो । पुरुष र महिलाको प्रेम सम्बन्धलाई मार्क्सले प्राकृतिक र एक सामाजिक प्रक्रियाको रूपमा व्याख्या गरेका थिए । उनी भन्छन् - "प्रेमले वास्तवमा मानिसलाई आफू बाहिरको वस्तुगत संसारमा विश्वास गर्न सिकाउँछ । यसले मानिसलाई वस्तु मात्र होइन, वस्तुलाई मानिस बनाउँछ । मायाले प्रेमिकालाई पनि बाहिरी वस्तु बनाउँछ," (मार्क्स, सन् १८४५) । उक्त भनाईको आशय पुँजीवादीहरूले शाश्वत प्रेमलाई पुँजीवादको लेनदेन र भोगविलासको साधनका रूपमा बुझ्ने गर्दछन् भन्ने हो । मार्क्सले प्रेमलाई राजनीतिक पनि माने, वर्गीय प्रेमको शक्तिले समाजवादको निर्माणमा भूमिका खेल्न सक्छ भन्ने उनको विश्वास थियो । निजी सम्पत्ति सम्बन्ध र सञ्चय सम्बन्धि मार्क्सको तर्कले प्रेम सम्बन्धलाई अझ स्वरूप प्रदान गर्दछ । उनले प्रेमलाई चेतनाको एक रूप माने । उनले यौन, आदर्श र जिम्मेवारी प्रेमका तीन आधारभूत तत्त्वहरू हुन् भनी व्याख्या गरे । उक्त विचार प्रेरित प्रगतिशीलहरूले आफ्ना गीतमा पुँजीवादीहरूले महिलालाई भोगविलासको साधन बनाएको प्रति खरो आलोचना गर्दै लैङ्गिक विभेद विरुद्ध निरन्तर आवाज उठाएका थिए । महिला मुक्तिका गीत यसैका दृष्टान्त हुन् । रेग्मीका अनुसार- "वर्ग, जातभात, धर्म, लिङ्गले निर्माण गरेको साँघुरो प्रेमबाट मुक्त भएर मानिसलाई प्रेम गर्नु, विभेदका घेरा तोडेर प्रेम गर्नु, आफूले रोजेको मान्छेसँग प्रेम गर्नु, मान्छेलाई मान्छेका रूपमा देख्ने समाजसँग प्रेम गर्नु, वर्गविहीन समाज निर्माणको यात्रासँग प्रेम गर्नु नै मार्क्सवादी प्रेम हो," (२०७७, फागुन २८) । उक्त भनाइबाट प्रगतिशील गीतमा देखा पर्ने वर्गीय, जातीय मुक्ति, धार्मिक अन्धविश्वास र रूढिवादको विरोध, विभेद, असमानता र अन्यायको विरोध, सर्वहारा वर्गको पक्षधरता, न्यायपूर्ण समाजवादी व्यवस्थाको पक्षधरधरता नै वस्तुतः मार्क्सवादी प्रेमकै वैचारिक प्रभाव हो भन्न सकिन्छ । मार्क्सवादी प्रेमको अर्थ, समाज र जीवनलाई यथार्थरूपमा स्वीकारेर त्यसलाई क्रान्तिकारी विकासका सन्दर्भमा गतिशील समाजसँग प्रेम गर्नु, वर्गविहीन समाज निर्माणको अभियानसँग प्रेम गर्नुलाई बुझिन्छ । यसैकारण मार्क्स-एङ्गेल्सले वर्गलाई उत्पादन पद्दतिमा उत्पादनका साधनसँग समान सम्बन्ध भएका

मानिसहरूको समूहहरू सँगको प्रेमलाई वास्तविक प्रेम मानेको पाइन्छ । यसै आधारमा पञ्चायतकालमा सामन्तवादका विरूद्ध प्रगतिशील गीतले पञ्चायतको वर्ग समन्वय र नेकपा (माले) को वर्गसङ्घर्षको द्वन्द्ववाद भित्र साहित्य र सङ्गीतको माध्यमबाट प्रवेश गरेर सामन्त वर्गप्रति घृणा उत्पन्न गराउँदै वर्गीय प्रेमको माध्यमबाट वर्गसङ्घर्ष चर्काउन भूमिका खेलेको स्पष्ट हुन्छ । समाजका विकृतिलाई अन्त्य गर्ने सर्वहारावर्गीय प्रेमलाई नै मार्क्सवादी प्रेम भनिएको थियो भन्ने स्पष्ट हुन्छ । यसै वैचारिक सैद्धान्तिक दृष्टिकोणअनुरूप गीतले पञ्चायत विरूद्ध वैचारिक अन्तर्विरोध तथा द्वन्द्वको स्थिति निर्माण गर्नमा भूमिका खेलेको देखिन्छ । समाजमा वर्गको अस्तित्व रहेसम्म प्रेमको चरित्र पनि वर्गीय हुने र त्यसले वर्गसङ्घर्षलाई प्रेरित गरिरहन्छ भन्ने नै प्रगतिशील गीति विचार सार हो । यसरी प्रगतिशील गीतभित्रको प्रेम, वर्गीयप्रेम र मार्क्सवादी द्वन्द्ववादको अध्ययनलाई संश्लेषण गरेर भन्नु पर्दा, वर्गीय चेतका कारण वर्गीयप्रेम उत्पन्न हुन्छ र प्रेममा पनि वर्गीयता हुन्छ, जसले वर्गीय अन्तर्विरोध र सङ्घर्षमा विरोधी शक्ति प्रति घृणा पैदा गर्नमा भूमिका खेल्यो भन्ने बुझ्न सकिन्छ । यसर्थ मार्क्सवाद वर्ग विरोधी विचारधारा भएकोले गीतले वर्गीय प्रेमको माध्यमबाट वर्ग विरोधी चिन्तनको विकासमा योगदान दिएको देखा पर्दछ ।

### ४.२.२ प्रगतिशील गीतको उद्भवकाल

प्रगतिशीलताको उद्भवलाई हेर्दा, राजा रणबहादुर शाह (१८३४-१८६३) को पालामा गाइएको *'बाखं म्ये'* गीतलाई नेपाल भाषामा प्रगतिशील गीत मानिएको पाइन्छ । उक्त गीतिकथामा राजाहरूबाट हुने महिला अपहरणको चित्रणको विरोधाभासबीच यस गीति कथाकी नायिकाले गरेको प्रतिरोधको प्रगतिशील अर्थ र जनमुखी मूल्य उल्लेखनीय छ, (महर्जन, सन् २०२०) । प्रगतिशील काव्य रचना गरिएको एक गीतिकथा 'सितला माजु' हो । "राजा रणबहादुर शाहकालीन गीत *सितला माजु* अर्थात् सितला माई नेपालभाषा साहित्यको चर्चित प्रगतिशील गीत हो," (बज्राचार्य, सन् २०१७) । सितला माजु *स्वहुने परजाया गथिन हवाल, न्यना मदु खना मदु कचिमचा तय मदु, महाराजया हुकुम जुल* (महर्जन, सन् २०२०), अर्थात्, 'हेर्नुस् सितला माजु प्रजाको कस्तो दुःखको हालत, कहिल्यै नसुनेको, कहिल्यै नदेखेको, नहुर्केको शिशु राख्न नहुने महाराजको हुकुम आयो । सिपाहीले घेरेर बच्चाहरूलाई घरबाट घिसारेर निकालियो । "आफ्नी श्रीमती कान्तिमति र छोरा गीर्वाणयुद्ध वीरविक्रमलाई बिफर रोग सर्ने आशङ्काले राजा रणबहादुरले बिफर आएका सबै बाल-बच्चाहरूलाई नेपाल खाल्डोबाट जबर्जस्त धपाउने कार्य गरे । राजाको बहुलापन र स्वेच्छाचारी शासनको विरोधमा अज्ञात गीतकारले उक्त गीत लेखेका थिए । यस गीतलाई नेपालभाषाको पहिलो प्रगतिशील गीत मानिन्छ," (बज्राचार्य, सन् २०१७) । राणाहरूको चरम दमनका कारण त्यस्ता गीतहरू धेरै चर्चामा भने आउन सकेनन् । योगमाया न्यौपानेले चन्द्रसम्शेरको पालामा "महाराज् छन् दर्बारमा हेर्न आउँदैनन्, दुःखीजन्ले नियाँ निसाफ सिधा पाउँदैनन्" (बराल, २०७९: १५४) भन्दै

गीतमा अन्याय विरूद्ध आवाज उठाएकी छिन् । त्यसबेला योगमायाले आफ्ना सिर्जनामा क्रान्तिका कुराहरू व्यक्त गरेको हुँदा उनी जेल समेत परेको पाइन्छ । प्रथम विश्वयुद्धमा जानु पर्दाको पिढा सम्भँदै गोर्खाली जवानहरूले बाटोमा गाउँदै हिँडेका कतिपय गीतहरू मित्रसेनको स्वरमा सुनिएका छन् । ती गीतमा परिवार र देशप्रेमको माया देखा पर्दथ्यो भनिएको पाइन्छ ।

नेपालमा प्रगतिशील गीतहरूमा विश्व कम्युनिस्ट आन्दोलनको प्रभाव जोडिएर आएको देखा पर्दछ । प्रयोगवाद, पुनःसंरचनावाद, परिस्कारवाद, स्वच्छन्दतावादको विकास हुदै गई प्रगतिवाद, प्रगतिशीलता र प्रगतिशील गीतको अभ्यास सुरु भएको पाइन्छ । मार्क्सवादी दर्शन समाजको आमूल/गुणात्मक परिवर्तनका लागि मार्गदर्शन गर्ने क्रान्तिकारी दर्शन भएकोले उक्त दर्शनसँग प्रगतिशील गीतको सम्बन्ध जोडिएको देखिन्छ । यही क्रममा समाजवादको उद्देश्यप्रति प्रतिबद्ध विचार सहित राजनीतिक चेतनाको सौन्दर्यात्मक अभिव्यक्तिका रूपमा प्रगतिशील गाउन थालिएको पाइन्छ । प्रगतिवादी गीत लेखनको क्षेत्रमा २००७ को क्रान्ति अघिनै गोकुलप्रसाद जोशी, केवलपुरे किसान, श्यामप्रसाद शर्मा, भूपि शेरचन, मोदनाथ प्रश्रित आदिले सामाजिक शोषण, अन्याय विरुद्ध समाजमा राजनीतिक चेतनाको बिऊ रोप्ने काम गरेको पाइन्छ । यसैगरी अलिमियाँ, धर्मराज थापा, कलानाथ अधिकारी, गोविन्द शर्मा 'विमल' तारिणीप्रसाद कोइरालाआदिका राणा शासन विरोधी गीति जागरण ल्याएका थिए । कलानाथ अधिकारीले सिधै क्रान्तिको माग गर्दै "क्रान्ति चाहियो क्रान्ति चाहियो क्रान्ति चाहियो, नेपालमा शान्ति ल्याउन क्रान्ति चाहियो," (बराल, २०७९: १४२) भन्ने गीत लेखेका थिए । जोशीले "क्रान्तिको राँको बालेर जाऊ, मानिसको हक खोसेर लेऊ," (सन् १९५५: ६), गीत लेखेर शोषण उत्पीडनबाट मुक्ति पाउन क्रान्ति आवश्यक रहेको क्रान्तिकारी भावना व्यक्त गरे । यसबाट २००७ कै सेरोफेरोमा प्रगतिशील साहित्यसँगै प्रगतिशील गीत गाउने आधारहरू सिर्जना हुन थालेको देखा पर्दछ । त्यसमा मार्क्स र एङ्गेल्सका आधारभूत मान्यता, लेनिन र माओका विचार, गोर्की र लू सुनका सिर्जना, लगायतका दर्जनौं सर्जकहरूको प्रभावसमेत प्रगतिशीलहरूमा देखा पर्दछ । जहानिया सामन्तवादी संरचनाबाट प्रभावित नेपाली समाजको अवस्थानै प्रगतिशील गीत उद्भवको आधार हो । त्यसबेला दार्जिलिङका कवि अगमसिंह गिरीले नौ लाख तारा उदाए (सन् १९५७) मा एउटै आमाका सन्तान घरवास र प्रवासमा छुट्टिनुको पिढा व्यक्त गर्दै शासकहरूमाथि कडा व्यङ्ग्य गरेका थिए । उक्त गीत नेपाल भारत दुवै देशमा प्रतिबन्धमा परेको थियो । "१९९२ फागुन १६ मा गोपालप्रसाद रिमालको 'कविको गान', १९९५ 'एक जुगमा एकदिन' २००३ मा 'रातो र चन्द्र सूर्य, जस्ता कविता र गीतले नेपालमा विद्रोह ल्यायो । रिमालबाटै प्रगतिवादी नेपाली कविताधाराको सुरुवात भएको मान्न सकिन्छ," (भण्डारी, २०५५) । यस्ता चेतनाका गीत, प्रगतिशील गीति अभियानका प्रस्तुतिमा क्रममा सुनिनुले प्रगतिशील गीति धारा पनि उठान हुँदै गएको बुभ्न सकिन्छ । २००७ को क्रान्ति अघि नै रिमालले 'नाश गरौं यो राणाशाही, ध्वस्त गरौं यो तानाशाही, जाऔं क्रान्ति गरौं,' (प्रजातन्त्र सङ्घको परेड गीत), 'म क्रान्तिको भोको छु, जस्ता गीतहरू समेत लेखेको

पाइन्छ । यस सन्दर्भमा योगमायाका कविता, गीत, श्लोक आदिका पनि भूमिका छन् । "क्रान्तिको सन्देश दिएर कविता लेख्ने कवि सिद्धिचरण श्रेष्ठले 'क्रान्ति बिना थन दई मखु स्वच्छ शान्ति, शान्ती बिना थन हनं छु मज्वीगु भ्रान्ति' यी दुई वाक्य सहितको 'वर्षा' नामक कविता प्रकाशित हुँदा सिद्धिचरणले ६ वर्षसम्म राणाहरूको जेल सजाय भोग गर्नु परेको थियो," (प्रलेस कार्यपत्र, २०७२) । "१९९० पछि राणा शासनको विगविगी बढ्दै गएको सन्दर्भमा यस दिशामा लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल, सिद्धिचरण श्रेष्ठ, तारिणीप्रसाद कोइराला आदिको योगदान रह्यो । आफ्ना सिर्जनामा देवकोटाले व्याप्त असमानताको चित्रण गरे । सिद्धिचरणले 'आमा म बहुलाएको होइन' लेखेर राजनीतिक चिन्तनप्रति रोष प्रकट गरे," (बराल, २०५९, पृ. ९) । मित्रसेनले गाएका बहादुरसिंह बरालका गीतमा केही सामाजिक सुधारका कुराहरू पाइन्छ । २००६ देखि नेकपाका जनवर्गीय सङ्गठनहरूले सांस्कृतिक कार्यक्रम गरी प्रगतिशील धारका गीतहरू गाएको पाइन्छ । उल्लिखित घटनाबाट प्रगतिशील गीतको उठान २००७ साल अघि देखिकै हो भनेर ठम्याउन सकिन्छ ।

नेपाली काँग्रेस, नेकपा, नेपाल प्रजा परिषद् लगायतका भर्खरै उदाएका राजनीतिक दलहरूको सांस्कृतिक जागरणका कार्यक्रमहरूमा प्रस्तुत हुने क्रान्तिकारी गीतहरूलाई प्रगतिशील गीतका आधार मान्न सकिन्छ । सन् १९१७ मा सम्पन्न अक्टुबर क्रान्ति, चीनमा जनवादी आन्दोलन र भारतमा स्वतन्त्रता आन्दोलन नेपाली जनतालाई सांस्कृतिक रूपमा प्रभाव पार्ने स्रोत बने । सत्ताको स्तुति र प्रशंसाका ठाउँमा अन्याय, अत्याचार विरोधी सिर्जनाहरू लेखिन थाले । त्यसबेला गोपालप्रसाद रिमालको 'एकजुगमा एकदिन एकचोटी आउँछ,' युद्धप्रसाद मिश्रले 'हाम्रो अदम्य क्रान्ति रोकेर रोकिँदैन' देवकोटाको 'सुनको दिन एक उदाउँछ रे', गीतहरूको रचना गरेका थिए । गोकुल जोशी र धर्मराज थापाको संयुक्त गीतियात्रा त्यसको एउटा दृष्टान्त मानिन्छ । यसैगरी श्यामप्रसाद शर्मा, अलिमियाँ, युद्धप्रसाद मिश्र, केवलपुरे किसानहरूले २००७ सालकै परिवेशमा प्रगतिशील गीतहरूको रचना गरेका थिए । "प्रगतिवादी गीतिधारामा गोकुलप्रसाद जोशी, भूपि शेरचन, युद्धप्रसाद मिश्र, केवलपुरे किसान, मोदनाथ प्रश्रितजस्ता प्रखर गीतकारहरूले जनताका मुक्तिका गीतहरू रचेर गीतिसाहित्यमा एउटा छुट्टै गीतिप्रवृत्तिको अगुवाई गरे," (पहाडी, १ जनवरी, २०२३) । ती स्रष्टाहरूले समाजको सामन्ती संस्कार, निरङ्कुशता, गरिबी, अन्याय, शोषण आदिको चित्रणगरी जनतालाई परिवर्तनका पक्षमा लाग्न अपिल गरेको देखिन्छ । क्रान्तिका निम्ति तारिणीप्रसादका रचना, रानुदेवीका यस्ता स्वरहरूले पनि परिवर्तनमा योगदान दिएका थिए । तारिणीप्रसादले 'आज क्रान्तियुद्धमा हाम्रो एक पुकारा होस्, लड्दा लड्दै मरे मरौँला यो एउटा नारा होस्' भन्दै प्रजातान्त्रिक क्रान्तिमा गोलबन्द हुन नेपालीलाई आह्वान गरे । "२००७ मै श्यामप्रसाद शर्मा जेलभित्रको उकुसमुकुसलाई चित्रण गर्दै धनी गरिबको भेदभाव नगरी समाजवादतिर पाइला चाल्नु पर्ने कुरा ज्वाला पत्रिका मार्फत व्यक्त गरे," (बराल, २०५९ : ९) । यसरी २००७ अघि नै क्रान्तिको परिवेशमा प्रगतिवाद, प्रगतिशीलता र प्रगतिशील गीतको मोटामोटी खाका निर्माण हुन पुगी सानै रूपमा भए पनि प्रगतिशील गीतको

विकास अघि बढ्दै गयो । त्यसले प्रगतिशील गीति अभियानमा अनेकन सङ्गीत समूह र संस्थाहरू जन्मायो । विभिन्न वामपन्थी तथा प्रजातान्त्रिक दलले आ-आफ्ना सांस्कृतिक मोर्चा स्थापना गरेर सांस्कृतिक गतिविधि अगाडि बढाए । विश्लेष्य प्रमुख सन्दर्भमा रहेका संस्थाहरु बाहेक वेदना परिवार, शिखर सांस्कृतिक परिवार, अखिल नेपाल जनकलाकार सङ्घ, जनसांस्कृतिक परिवार, रक्तिम सांस्कृतिक अभियान, सामना परियार, इन्द्रेणी सांस्कृतिक समाज (इसास), जनसांस्कृतिक मञ्च, सार्थक जनसङ्गीत प्रतिष्ठान, नेपाल, आदि गीति अभियानमा सक्रिय रहे । यसरी पञ्चायतकालीन परिवेशमा प्रगतिशील साहित्य र गीतको विकास प्रक्रिया अगाडि बढ्दै गयो ।

### ४.२.३ प्रजातन्त्रको दशक र सिर्जना (२००७-२०१७)

२००७ को क्रान्तिपछि प्रगतिशील साहित्यको क्षेत्रमा नयाँ लहर आयो । केवलपुरे किसान, श्यामप्रसाद शर्माहरूले २००८-२००९ सालतिर केही प्रगतिशील गीतहरू लेखे । "सन् १९५०-६० को दशकमा गोकुल जोशीले गरिबहरूको समर्थनमा आफ्ना गीतहरू प्रस्तुत गर्दै जनगायकहरूलाई प्रेरणा दिए," (स्टर, सन् २०१७) । गोकुल जोशी दोस्रो विश्वयुद्धमा आफैँ भाग लिएर आएकोले गोर्खाभर्ती केन्द्र विरूद्ध र साम्राज्यवादी हैकमका विरूद्धमा थुप्रै प्रगतिशील गीतहरू लेखेका थिए । भूपि शेरचनले २०११ तिरै लेनिन र माओको पार्टी साहित्यमा आधारित केही गीतहरू लेखेको कुरा बराल (२०७९) ले उल्लेख गरेका छन् । ती गीतमा शेरचनले नेपालमा साम्यवादी शासन आएरै छोड्ने दृढविश्वास व्यक्त गरेका छन् । "उठौँउठौँ किसान मजदुर रातो झन्डा काँधमा बोकेर," (शेरचन, नयाँ झ्याउरे, २०११: ११), "फर्केर गरौँ नेपालमा कायम, जनवादी सरकार," (पूर्ववत, पृ. ३०), "धनवाद तिम्रो जनवाद हाम्रो, एकदिन त दाजौँला," (पूर्ववत, पृ. ८) आदि शेरचनका गीतहरूमा राजनीतिक परिवर्तनको आग्रह र प्रगतिशील विचारका छनकहरू पाउन सकिन्छ । २०१२ मै डा. के.आई. सिंह 'नेपाल आउन देऊ' लाई मानिसहरूले लय हालेर गाए । धर्मराज थापाले २०१५ तिर "रगतका महल सबै भुइँचालाले हल्ले, हाम्रा उनै क्रान्तिकारी शहीदका बल्ले, नबिर्सिदेऊ तन्नेरी हो क्रान्ति अधुरो छ," (थापा, २०१५ : १) भन्दै पुनः नयाँ क्रान्ति गर्नु पर्ने कुरा गीतमार्फत व्यक्त गरे । २०१५ तिरनै गोकुल जोशी र धर्मराज थापाले स्वदेश तथा प्रवासमा जागरणमूलक गीतियात्रा सञ्चालन गरी जागरण ल्याउने काम गरे । विद्रोही स्वभावका जोशी सामाजिक चेतनाका गीत गाउँदै पूर्वी नेपाल हुँदै सिलाङ-आसाम, देहरादूनसम्म पुगे । केवलपुरे किसानले 'बाघ आयो', 'नेपाल नछो', 'समातेर पछार', 'छिःछिः', 'सङ्घर्षको ठीक गर', लगायत कविता सङ्ग्रह प्रकाशित गरे । २०१५ तिर उनले लेखेको झ्याउरे गीत- 'जतातते अँध्यारो छायो नेपालको सुनौलो छातीमा, चुडिएन हुकुमी साङ्लो यो नेपाली रुँदैछ पाटीमा, नमिलेको रीति थीति नमिलेको चाँजो, नेपालको यो गरिबी कस्तो रैछ आँधो,' (किसान, छिः छिः, २०१५) निकै चर्चित रह्यो । उक्त गीतमा गरिबको समस्या र यथास्थितिको विरोध गर्दै सामाजिक जागरणका निम्ति आह्वान गरेका छन् ।

### ४.२.४ प्रलेस र प्रलेक सङ्घ

प्रलेसको पूर्ण रूप प्रगतिशील लेखक सङ्घ हो । प्रलेकको पूर्ण रूप प्रगतिशील लेखक कलाकार सङ्घ हो । प्रलेस वैचारिक रूपमा मार्क्सवाद र समाजवादी यथार्थवादलाई अङ्गाल्ने लेखक साहित्यकारहरूको साझा संस्था हो । "प्रगतिशील लेखक सङ्घ धेरै देशमा क्रियाशील वामपन्थी लेखकहरूको सङ्गठन हो। यसको स्थापना फ्रान्सको पेरिसमा भएको हो। सन् १९३४ मा पेरिसमा भेला भएका लेखकहरू म्याक्सिम गोर्की, रोमा रोला, थोमस मुन लगायतले विश्वव्यापी सङ्गठित साहित्यिक आन्दोलन सुरु गरेका थिए, जसलाई नाम दिइएको थियो-प्रोग्रेसिभ राइटर्स एसोसिएसन," (कान्तिपुर, २०७५ चैत्र १९) । २००९ असोज ५ वीरगञ्जमा गठित प्रलेसका पहिलो अध्यक्ष लेखक, साहित्यकार श्यामप्रसाद शर्मा थिए । नेपालजस्तो अर्धसामन्ती, अर्धऔपनिवेशिक, नवऔपनिवेशिक मुलुकमा सामन्तवाद तथा साम्राज्यवाद, विस्तारवादको विरोध र राष्ट्रियता, जनतन्त्र तथा वैज्ञानिक संस्कृतिको पक्षमा सङ्घर्षरत रहनु नै प्रलेसको उद्देश्य रहेको पाइन्छ । यसै आधारमा तत् अनुरूपको प्रगतिशील साहित्यको विकास नेपालमा हुँदै गयो । २०१६ चैत्र २० मा धर्मराज थापाको राजीनामा, २०१७ माघ ७ गते तेस्रो कार्यसमितिबाट कृष्णचन्द्रसिंह प्रधानको अध्यक्षमा चयन प्रलेस इतिहासका घटना हुन् । २०१७ को राजनीतिक घटना पछि कतिपय सदस्यहरूमा वैचारिक विचलन देखा पर्दा प्रलेस विघटन हुन पुग्यो । त्यतिबेला श्यामप्रसाद शर्मा, गोविन्द भट्ट, शक्ति लम्साल लगायतको सक्रियता रहेको पाइन्छ । प्रलेसको इतिहास केलाउँदा "मेची अञ्चल स्तरीय साहित्य सम्मेलन (२०२५), गण्डकी अञ्चलस्तरीय साहित्य सम्मलेन (२०२९) र धरान प्रगतिशील लेखक सङ्घको स्थापना (२०२९), पुष्पलाल समूहको पहलमा निर्मित नयाँ जनवादी सांस्कृतिक दस्तावेज (२०२८) प्रलेसका केही महत्त्वपूर्ण घटना हुन्," (चैतन्य, २०६४ : १८३) । २०३६ मंसिर ७ मा पद्मरत्न तुलाधरको सभापतित्वमा 'प्रगतिशील लेखक कलाकार सङ्घ' को पुनर्गठन गरिएको देखिन्छ । पुनर्गठित समितिको संयोजक रघु पन्त थिए । गिरीबाट प्राप्त जानकारी अनुसार- "प्रगतिशील लेखक, कलाकारहरू सँगै मिलेर जानुपर्छ भनेर प्रलेक बनाइयो तर त्यसरी अघि बढ्न सम्भव भएन र त्यसलाई पुनः सच्याइयो, त्यो प्रलेसकै रूपमा अघि बढ्यो," (व्यक्तिगत कुराकानी, २०८०, १२/२) । २०३६-३७ को आन्दोलनदेखि २०४४ सम्मको अवधिमा प्रगतिशील तथा प्रगतिवादी साहित्य तथा कलाको विकास तीव्रत्तर रूपमा भयो । प्रलेसको विधान (२०३९) मा "प्रगतिशील लेखक-कलाकार सङ्घ सामन्तवाद तथा साम्राज्यवादविरोधी सम्पूर्ण लेखक कलाकारहरूको साझा र स्वतन्त्र सङ्गठन प्रलेस " भनिएको पाइन्छ । वैचारिक रूपमा प्रलेकले मार्क्सवाद, लेनिनवाद वा मार्क्सवाद-लेनिनवाद-माओवाद विचारलाई पथप्रदर्शक सिद्धान्त मान्दै नयाँ जनवाद, बहुदलीय जनवाद, राष्ट्रिय प्रजातन्त्र वा समाजवादलाई स्वीकार्ने विभिन्न प्रकारका राजनीतिक दलसँग सम्बद्ध वा स्वतन्त्र लेखकहरू मिलेर प्रलेस बनेको थियो । प्रगतिशील लेखक सङ्घमा- गोविन्द लोहनी, पूर्णप्रसाद ब्राह्मण, हृदयचन्द्रसिंह प्रधान, श्यामप्रसाद शर्मा, केवलपुरे किसान, गोकुल जोशी, कृष्णचन्द्रसिंह प्रधान, गोपालप्रसाद रिमाल,

रत्नदास वैद्य, भीमनिधि तिवारी जनकप्रसाद हुमागाईं, मोदनाथ प्रश्रित, भैरव अर्याल, आनन्ददेव भट्ट, भवानी घिमिरे, रविलाल अधिकारी, घनश्याम राई, गोविन्द भट्ट, रामचन्द्र कँडेल, खग्रेन्द्र सङ्ग्रौला, पारिजात, श्यामप्रसाद शर्मा, हरिभक्त कटुवाल, कृष्णप्रसाद पराजुली, विष्णुराज आत्रेय, वासुदेव शर्मा लुईटेल, पृथ्वी शेरचन, भूपि शेरचन आदि रहेको पाइन्छ । प्रारम्भमा प्रगतिशीलता, प्रगतिवाद, यथार्थवाद, समाजवादी यथार्थवादबारे स्पष्ट नरहेको प्रलेसमा प्रगतिशील र प्रतिध्रुवीय धारका बारेमा पनि केही भ्रम रहेको थियो । मूलभूत रूपमा प्रलेसले त्यसबेला भएका राजनैतिक सङ्घर्ष र आन्दोलनहरूमा प्रगतिशील साहित्यको माध्यमबाट व्यवस्था विरुद्ध जनचेतना जागृत गर्न भूमिका खेलेको पाइन्छ ।

## ४.३ नेपाली काँग्रेसको सशस्त्र सङ्घर्ष

२०१७ मा राजा महेन्द्रको 'कु' पछि राजाको कदम सच्याउन जनस्तरबाट विरोधका कार्यक्रमहरू सुरु भए । 'हान र भाग'को नीतिमा सत्ता पक्षमाथि आक्रमण गर्ने क्रममा सुवर्ण शम्शेरको नेतृत्वमा अनेक ठाउँमा सशस्त्र कारबाहीहरू सुरु भए । सत्तापक्षसँग भएका मुठभेडमा विद्रोही पक्षको ठुलो क्षति समेत भयो । यस्तो अवस्थामा राजा सङ्कटमा परी सम्झौता गर्ने मनस्थितिमा पुगेका थिए । तर ठिक त्यही बेला भारत र चीनबीच युद्ध छेडिएकाले परिस्थितिले अर्कै मोड लियो । "नेपालका राजामाथि दुश्मनी साँध्नुको साटो भारतले अब चीनसँगको युद्धका कारण उनलाई हात लिने नीति अपनायो," (हप्टम र रैपर, सन् १९९२) । राजासँगको सम्बन्धको अर्को अर्थ नेपाली काँग्रेसको राजा विरोधी सङ्घर्षमा असहयोग गर्नु रहेको थियो । यसै क्रममा नेपाली काँग्रेसले सङ्गठन निर्माण गर्न आवश्यक आर्थिक बन्दोबस्तीका लागि भन्दै विमान अपहरण समेत गऱ्यो । योजनाअनुसार भारतबाट आएको विमानलाई बिहारको फार्बिसगञ्ज पुऱ्याई ३० लाख भा.रू. लुटिएको थियो । उक्त घटनाहरूको बाहिरीरूपमा जे जस्तो अवस्था देखिएपनि अन्तर्यमा आर्थिकरूपमा पार्टीलाई सबल बनाई पञ्चायत विरोधी सशस्त्र सङ्घर्षलाई बलियो बनाउनु र त्यसको बलमा राजनीतिक परिवर्तनको आन्दोलनलाई अझ सुदृढ तुल्याउनु नै रहेको देखिन्छ । यसक्रममा कम्युनिस्ट र काँग्रेसबीच बहुदलीय प्रजातन्त्रका लागि सहकार्य गर्ने समझदारी भएको पाइन्छ । यस निर्णयले कम्युनिस्ट पार्टीहरूमा अन्तर्विरोधहरू सिर्जना गऱ्यो । जसको कारण कम्युनिस्ट आन्दोलनको प्रभावमा नेपालको प्रजातान्त्रिक आन्दोलनहरूमा समेत अनेकन उतारचढावहरू देखा परे । व्यवस्थाले चरम दमन नीति अपनाएको कारण नेपाली काँग्रेसद्वारा सञ्चालित सशस्त्र सङ्घर्षले राजनीतिक परिवर्तनका निम्ति खासै परिणाम दिन सकेन । राणा शासन विरूद्ध २००७ सालमा पहिलो पटक हतियार उठाएको काँग्रेसले प्रजातन्त्रको पुनःस्थापनाका निम्ति २०१८ र २०२८ गरी तीन पटक सशस्त्र क्रान्ति गऱ्यो । पछिल्ला दुई ओटा सशस्त्र क्रान्ति असफल भएपछि संस्थापक नेता बीपी कोइरालाले शान्तिपूर्ण राजनीतिको बाटो लिएका थिए ।

## ४.४ प्रगतिशील गीतको प्रारम्भकाल

२०१७ पछि पञ्चहरूले व्यवस्थाको प्रचार गर्ने माध्यम गीतलाई बनाएको पाइन्छ । त्यो बेला लक्ष्मण लोहनीले "पञ्चै हो, यो देश बनाइदेउ," विश्वबन्धु थापाले "नेपाल गौरव हाम्रो यो राम्रो पञ्चको सरकार," प्रेमप्रकाश मल्लले "पञ्चायतनै सबै नेपाली अटाउने चौतारी हो" (बराल, २०७९: ४४०) जस्ता गीतहरू लेखेका थिए । ती गीत दिनहुँ रेडियो नेपालबाट बज्थे । त्यसको प्रत्युत्तरमा अर्कातिर प्रगतिशीलहरूले, "पञ्चेहरुले गरिबलाई मारेको, देशको धन विदेश तारेको" जस्ता गीतहरू गाइएको पाइन्छ । २०२४ तिर लेकाली समूहले पनि परिवर्तनप्रति केही आशा प्रकट गरिएका गीतहरू गाए । १३/१४ वर्षकै कलिलो उमेरमा 'लाहुर' गएर मातृभूमिको मायाले स्वदेश फर्किएपछि जोशी २०१० मा नेकपाको पार्टी सदस्य भए । स्टर (सन् २०१७) ले जोशीलाई नेपालमा प्रगतिशील गीतको जग बसाउने प्रगतिशील गीतका संस्थापक कलाकार भनेकी छिन् । सिमानाको गीत, बाँच र बाँच्न देऊ, एसियाको फूलबारी नेपाल जस्ता केही छोटा कविता सङ्ग्रह निकालेका जोशीले २०१६ तिरै "नमार गरिबलाई नजाऊ अँग्रेजी पल्टनमा" (जोशी, २०४७, भाग १: ४९), "भोकभोकै मर्न लागे कवि कलाकार, तड्पाएर नमारिदेउ झुन्ड्याएर मार' बोलको गीत गाएको पाइन्छ," (गोरखापत्र, २०८१, जेठ ७) । देशमा पञ्चायती व्यवस्था लागु गरिएपछि साहित्यिक क्षेत्रका कवि, कलाकारहरू माथि पनि धरपकड, सामग्रीहरू माथि अघोषित प्रतिबन्ध, निगरानी, धम्क्याउने, प्रलोभनमा पार्ने कार्यहरू भए । यस्तो चुनौतिका वावजुद् पनि प्रगतिशील साहित्य विकसित हुँदै गयो । "प्रगतिशील साहित्यमा भूपि शेरचन र रमेश विकलजस्ता साहित्यकारहरूको भूमिका प्रकट भएर आए । निरङ्कुश एकदलीय शाहवंशीय शासनको सूत्रपात हुन पुगे पछि सच्चा देशभक्त, प्रजातन्त्रवादी र कम्युनिस्टहरूले त्यसको विरोधमा आवाज उठाउन सुरु गरे," (पौडेल, २०६५) । प्रगतिशील सङ्घ-संस्थाहरू खोली गोष्ठी, जमघट, छलफल, अन्तरक्रिया आदि गरी प्रगतिशील लेखनसँगै गीति अभ्यासहरू पनि सुरू भए । प्रश्रित भन्छन् - "२०१८ तिर प्रगतिशील विचार लिएर रेलिमाई सांस्कृतिक परिवार बुटवलतिर उदायो । पचास रूपैयाँको तमसुक नाटक र प्रगतिशील गीतको सम्मिश्रणले देशव्यापीरूपमा चेतना लहर ल्यायो । सम्भवतः यो नै पहिलो प्रगतिशील संस्था थियो," ( २०७६, मङ्सिर २६) । पञ्चायत विरोधी भावना जागृत गराउने स्रष्टाहरूमा उपाध्याय (सन् २०१२) का अनुसार- "प्रगतिवादी कविहरु युद्धप्रसाद मिश्र, पारिजात, मोदनाथ प्रश्रित, नेत्रलाल अभागी, विमल निभा, रविलाल अधिकारी, पूर्णविराम, रामचन्द्र भट्टराई, मञ्जुल, अग्नीशिखा, श्यामल, घनश्याम ढकाल, गोविन्द विकल, जगदिशचन्द्र भण्डारी, विक्रम सुब्बालगायतका कविताहरुले राजनीतिक परिवर्तनका लागि भूमिका निर्वाह गरेको पाइन्छ" ।यसैगरी रामेश, रायन, इस्माली, बम देवान, सञ्जय थापा, हरिहर खनाल, कुन्ता शर्मा, मिनबहादुर विष्ट, रघुजी पन्त, मोहनविक्रम सिंह, स्नेह सायमी, शार्दूल भट्टराई, अमर गिरी, ताराकान्त पाण्डेय, ऋषिराज बराल, देवीप्रसाद गौतमलगायतले प्रगतिवादी साहित्यको माध्यमबाट राजनीतिक परिवर्तनमा क्रियाशील भूमिका खेलेको पाइन्छ ।

### ४.४.१ रेडियो नेपालसँग अन्तर्विरोध

देशमा पञ्चायती व्यवस्था लागु भएपछि त्यसका प्रभावहरू सञ्चार क्षेत्रमा देखिन थाले । देशभरिका कलाकारहरू गीत रेकर्ड गर्न, प्रतियोगितामा भाग लिन रेडियो नेपाल नै पुग्नु पर्थ्यो । रेडियो नेपालले नयाँ नीतिहरू तर्जुमा गरेको थियो, जसमा पाँच बुँदे एजेण्डा रहेका थिए । पञ्चायतका प्रचारकहरूले भनेका कुराहरूलाई कसैले सङ्क्षेपमा यसरी उल्लेख गरेका छन्-

क. बहुदलीय व्यवस्थाका नेताहरूलाई दलगत र व्यक्तिगत स्वार्थमा डुबेर देशको हीत विपरीत राजनीति गरेको आरोप लगाइ सो खालको व्यवस्था लादिएकोले नेपाललाई सुहाउँदो छैन भन्नुपर्ने भयो ।

ख. बहुदलीय व्यवस्थाले जन्माएको अशान्तिबाट देशको एकता र राष्ट्रियता खतरामा परेको तथ्य औँल्याएपछि त्यस्तो खतराबाट देशलाई मुक्त गरी राष्ट्रिय एकताको प्रवर्द्धन गर्ने काम राजा महेन्द्रको नेतृत्वमा हुँदैछ भनेर पञ्चायतका प्रचारकहरूले भन्नुपर्ने भयो ।

ग. राष्ट्रको सर्वतोमुखी विकासको बखान गर्नु पर्ने भयो ।

घ. यस्तो विकासको मूल फुटाउने राजनीतिक व्यवस्था नेपालको हावापानी सुहाउँदो पञ्चायत पद्धति हो भन्नुपर्ने भयो ।

ङ. राष्ट्रिय एकता र विकासलाई सम्भव बनाउने राजा महेन्द्रको सर्वतोमुखी व्यक्तित्वको पनि प्रचारबाजी गर्नुपर्ने भयो, (वन्त, पराजुली, हुमागाईं र अधिकारी, २०६१ : १६७) ।

उक्त घोषणाले पञ्चायती प्रशंसाका गीत, सङ्गीत र कार्यक्रमलाई मात्र प्रोत्साहित गर्ने उद्देश्य राखेको देखिन्छ । २०१९ मा ओखलढुङ्गाका रायन र रामेश्वर श्रेष्ठ राष्ट्रव्यापी लोकगीत सम्मेलनमा गीत गाउन रेडियो नेपाल आए । सम्मेलनमा 'गाई चर्नेमा भैँसी चर्‍यो वनको सेखी झर्‍यो, वनको राजा कुसुन्डालाई हजुर भन्नुपर्‍यो' भन्ने गीतलाई राजालाई 'कुसुन्डा' भनेको भन्दै उक्त गीत संशोधन गर्न लगाइ कुसुन्डाको सट्टा 'मै हूँ भन्ने सान्नानीले हजुर' भन्न लगाए पछि उनीहरूले रेडियो नेपालले विभेद गरेको महसुस गरे । उनीहरूले २०१९ देखि २०२३ सम्म रेडियो नेपालमा गीत गाएर पृथक कलाकारहरूको पहिचान समेत बनाएका उनीहरूले त्यहाँ आर्थिक शोषणको मुद्दा पनि झेले । "रेडियो नेपालमा हामीले गाएका गीतहरुको पारिश्रमिक रेडियो नेपालकै कसैले किर्ते गरेर पारिश्रमिक लिइरहेको थाहा पायौँ, र रायन, अरिम र मैँले सबुत प्रमाणसहित भ्रष्टाचार विभागमा मुद्धा दर्ता गरेपछि हामी रेडियो नेपालको शत्रु भइसकेका थियौँ । त्यहाँ हामीलाई गीत गाउनका लागि ढोका बन्द गरियो," (रामेश, २०७९: १४) । यसबीचमा उनीहरूले अनेकन धम्कीहरू पनि झेले । उनीहरूको निवेदनको आधारमा विशेष प्रहरीले रेडियो नेपालमा छापा मार्‍यो । त्यसपछि उनीहरू रेडियो नेपाल छोड्न बाध्य भएको पाइन्छ । यसरी पूर्वराल्फाका कलाकारहरूको

पारिश्रमिक खोसिनु, त्यसको कारण मुद्दा झेल्नु, गीत सेन्सरमा पर्नुले रेडियो नेपालसँग उनीहरुको असन्तुष्टि बढ्दै गएको पाइन्छ । त्यसबेला रेडियो नेपालमा माया, प्रेम र पञ्चायती राष्ट्रवादका गानहरू बज्ने गर्दथे । रेडियो नेपालको जनवादी गीतहरूप्रति हेर्ने दृष्टिकोण सकारात्मक थिएन । “बहुदलीय व्यवस्थाका प्रवर्तक र समर्थकहरू माथि कडा सेन्सर लगाइयो,” (चौहान, सन् १९७१) । सेन्सरका संयन्त्र सरकारको अधिनमा राखी रेडियो नेपाल बाहिरका व्यक्ति चुनेर गीत सेन्सर गर्ने परम्परा थियो । उपनिर्देशक राममणि रिसाल, ईश्वरवल्लभ जस्ता स्रष्टाबाट यो काम सुरु भएको पाइन्छ । ठटाल भन्छिन् - “मैंले बोल्नै भएन’ भन्ने मैंले गाएको गीतलाई रेडियो नेपालमा प्रतिबन्ध लगाइयो र प्रतिबन्ध हुनाको कारण गीतमा ‘साँचो कुरा भनिदिँदा सबै कान थुन्छन् ...यस्तै-यस्तै शब्दहरू थिए,” (२०७६) । अञ्चलाधीश कार्यालयले सेन्सर गरेपछि मात्र काठमाडौँको रङ्गभवनमा नाटक, प्रहसन, गीत प्रस्तुत गर्ने अनुमति दिइन्थ्यो । सायमीका अनुसार- “अञ्चलाधीश कार्यालयको अनुमति पाउन र अनुमति पाइसकेपछि पनि प्रदर्शन स्थलमै कलाकार गिरफ्तार भएका र प्रदर्शनमा रोक लागेका थुप्रै घटना देखापरेका थिए,” (२०७५) । राजाले २०१९, चैत्र २० मा रेडियो नेपाललाई दिएको सन्देशमा रेडियो नेपालले विद्यमान व्यवस्थाअनुसारनै कार्यक्रम निर्माण गनुपर्ने भन्ने जिम्मेवारी तोकेका थिए । उक्त भनाइबाट सञ्चार क्षेत्रमा पञ्चायतले आफ्ना कुराहरू मात्र जनतामा पुऱ्याउने, विपक्षीहरूलाई निषेध गर्ने नीति लिएको स्पष्ट हुन्छ । टुहुरे भन्छन् - “मैंले २०१९ मा स्वर परीक्षा उत्तीर्ण गरी गीत रेकर्ड गर्न थालेपछि हाम्रा सिर्जना सेन्सरमा पर्न थाले । पछि त त्यहाँ गीत रेकर्ड गर्ने बाटोनै बन्द भयो र हाम्रो झुकाव प्रगतिशील गीततिर हुन थाल्यो,” (व्यक्तिगत कुराकानी, २०७६, ०९/२६) । त्यसपछि उनीहरू प्रगतिशील गीतहरू गाउन थाले । यसरी पञ्चायतको प्रारम्भतिरै प्रगतिशील कलाकारहरूका सिर्जना माथि सेन्सर र प्रतिबन्धको अवस्था सिर्जना हुन गएको देखिन्छ । यिनै घटनाहरू पछि पारिजातले रामेश, मञ्जुल, रायनहरूलाई भेट्न चाहिन् । पारिजातसँगको भेट पछिनै राल्फा युग सुरु हुन पुग्छ ।  “२०२६ मा पारिजातको अगुवाइमा राल्फा कार्यक्रम पाल्पा पुग्यो । तर त्यहाँ प्रशासनले कार्यक्रम गर्न दिएन । अन्ततः मोहनकन्या स्कुलमा सानो कार्यक्रम आयोजना भयो तर राल्फा कलाकारहरूलाई जनताले ठुलो सम्मान गरे,” (रामेश, २०७५ माघः ११) । रेडियो नेपालसँगको विद्रोहले राल्फाको स्थापना हुन पुग्दछ र पारिजातको अभिभावकत्वमा राल्फा गीति यात्रामा जुट्न थाल्दछ । रेडियो नेपालसँगको सम्बन्धको कुरा गर्दा, एकदिन पारिजातले नारायण गोपाल र गोपाल योञ्जनलाई राल्फाका गीत सुन्न आफ्नै घरमा निम्ता गरिन् । उनीहरूले आफ्ना उत्कृष्ट आधा दर्जन गीतहरू दुबै स्रस्टालाई सुनाए । तर त्यहाँ कुनै प्रतिक्रिया आएन । मानौँ उनीहरू कुनै कलाकार नै थिएनन् । तर पछि गोपाल योञ्जनले राल्फाको महत्व बुझेर दार्जिलिङसम्म पुऱ्याएको पाइन्छ भने राल्फाका दुई वटा गीतहरू नारायण गोपालले गाउने चाहना व्यक्त गरेको पाइन्छ । तर त्यो संयोग नजुरेको रामेश (२०७९) ले उल्लेख गरेका छन् । २०२४ बैशाख १ गते गोपाल योञ्जन नाइटमा राल्फाले आफ्ना गीतहरू समेत गाएको पाइन्छ ।

## ४.५ प्रगतिशील गीतको राल्फाकाल

राल्फा सुरुवातीचरणमा कुनै सुस्पष्ट राजनीतिक विचारधारा वा दर्शन बोकेको आन्दोलन थिएन । तर व्यवस्थाका आँखामा भने उनीहरू डरलाग्दा कम्युनिष्ट जन्माउने क्रान्तिकारीका रूपमा थिए । त्यो बेला समाजमा अन्याय, शोषण, उत्पीडन विरूद्ध आवाज उठाउने र सर्वहारावर्गको पक्ष्यमा बोल्ने मानिस कम्युनिष्ट गनिन्थ्यो, कतिपयको बुझाइमा त्यसको प्रतिनिधित्व राल्फाले गरेको मानिन्थ्यो, तर त्यो वास्तविकता थिएन । उनीहरू स्वतस्फुर्तनै थिए । गीतमा व्यक्त विचारहरूले उनीहरूलाई कम्युनिष्ट नै भएको अनुमान लगाइएको पाइन्छ ।

वास्तवमा राल्फा के थियो ? भन्ने प्रश्न उठ्छ । राल्फा कुनै खास अर्थका साथ भएको थिएन र 'राल्फा' त्यसबेलाको शब्दकोशमा पनि थिएन । पछिल्ला संस्करणहरू (उप्रेती र अन्य २०७० : ७४८) मा राल्फाइज्म् : एन आइडिया अर अर्गनाइजेसन देट एम्ड टु डिस्टब्लाइज लेखिएको छ । यसको नेपाली अनुवाद, राल्फावादः एउटा विचार वा सङ्गठन, जसले ध्वंश पार्ने, विद्रोह गर्ने उद्देश्य राख्छ भन्ने बुझिन्छ । राल्फा शब्दको उत्पत्ति कसरी भयो ? भन्ने सम्बन्धमा, रामेशले मञ्जुललाई 'गिटारमा सलबलाउँदो धून बाटै *'राल्फा'* को नाम प्रस्ताव गरेको भनेका छन् भने मञ्जुलको भनाई उदृत गर्दै नोरेमले - "राल्फा अचानक मेरो दिमागमा उब्जिएको शब्द थियो, जसको कुनै अर्थ थिएन। त्यसताका नौलो र अनौठो शब्द सृजना गर्ने र तिनलाई कविता लेखनमा प्रयोग गर्ने मेरो सोख नै थियो। रामेश, रायन र अरिमसँग मेरो साङ्गीतिक सामीप्य बढेपछि र तात्कालीन परिस्थितिले त्यो समूहको नाम नै राल्फा राख्ने हाम्रो सहमति भयो," (श्रावण १२, २०७५) भनेका छन् । यसबाट रामेश, मञ्जुलको सहमतिबाटै राल्फा नामाकरण गरिएको देखा पर्दछ । राल्फा सदस्यका नामहरू पनि प्रचलन भन्दा पृथक् थिए । रामेश्वर श्रेष्ठ (रामेश), नारायणभक्त श्रेष्ठ (रायन), अरुण-ऋषि-मनोज श्रेष्ठ (अरिम) र मेघराज नेपाल (मञ्जुल) राल्फाका मुख्य सदस्य थिए । राईको भनाइमा- "राल्फामा पछि गणेश रसिक, केदार न्यौपाने (सिसाल), प्रदीप नेपाल (सिरोज सोनोभ), खगेन्द्र बस्नेत (सिमोस), लक्ष्मी कोइराला (रेमन राकेला), हरि श्रेष्ठ (नोरेम निगेसा), निरन सापकोटा, विमल चापागाइँ आदि पनि सम्मिलित थिए," (२०७९) । मञ्जुलका अनुसार- राल्फाको उद्देश्य- "अहिले समाजमा राम्रो छैन, यसलाई परिवर्तन गर्नुपर्छ भन्ने थियो," (२०७६) । भनाइबाट राल्फाको प्रतीकात्मक थियो भन्ने बुझिन्छ । राल्फा स्थापनापछि कलेज, होस्टल, टोल हुँदै गाउँगाउँ पुग्न थाल्यो । चलिरहेको सङ्गीतशैली भन्दा भिन्न प्रकारका गीत, लोकसाहित्यको छनक, सरल मौलिक गायन-वादन र सङ्गीतका कारण उनीहरू बौद्धिक समुदायको आँखामा पर्न थाले । भूपि शेरचन, गोविन्द भट्ट, आनन्ददेव भट्टदेखि प्रजातान्त्रिक खेमाका अनेकन व्यक्तित्वहरूले उनीहरूलाई उत्साह थपिदिए । २०२५ मा महेन्द्र पुलिस क्लबमा आयोजित 'निलो जून' गीति कार्यक्रमबाट राल्फाले साङ्गीतिक थालनी गर्‍यो । त्यसपछि वीरगञ्ज, विराटनगर, पोखरा, पाल्पा, दार्जिलिङ, कालेम्पोङ, सिलाङआदि

विभिन्न ठाउँहरूमा कार्यक्रम गर्दै गए । चापागाइँका अनुसार- "सुरुको अवस्थामा अस्तित्ववादी चिन्तन, अराजकतावादी सोच, यौन स्वतन्त्रतालगायत व्यक्तिगत स्वतन्त्रताको उग्रधारणा, भावुकतापूर्ण आक्रोश, सामाजिक असन्तुष्टि, परिवर्तनको चाहना र विद्रोही भावना यी सबैको राल्फामा मिश्रण जस्तो थियो," (व्यक्तिगत कुराकानी, २०७५, ०७/०९) ।

रेडियो नेपालसँगको असन्तुष्टि, र विद्रोहकै परिणाम मात्र थियो त राल्फा ? भन्ने प्रश्न यहाँ उठ्दछ । सन् ६० को दशकमा विश्वमा चलेको नागरिक अधिकार आन्दोलन, भियतनाम युद्ध र युद्ध विरोधी प्रतिसांस्कृतिक आन्दोलनसँगै उदियमान पुस्ताको असन्तुष्टि चर्किँदै गएको थियो । युरोप अमेरिकामा *काउन्टर कल्चर जेनेरेसन* मा लागेका युवाहरू सामाजिक मान्यताहरूको अस्वीकार गर्दथे । मूलधारको संस्कृतिको प्रतिरोध र अन्यायहरूप्रति असन्तुष्टि जाहेर गर्दथे । त्यसको प्रभावबाट राल्फा पनि अछुतो रहेन । किनकि, राल्फामा विश्वविख्यात गायक बिटल्सको प्रभाव थियो, जस्तैः बिटल्समा पनि चार सदस्य थिए । राल्फाका सदस्यहरू विटल्सजस्तै गिटार बोकेर हिँड्ने, कपाल लर्काउने गर्थे । उनीहरू परम्परागत मूल्यहरूको अस्वीकार गर्थे । उनीहरूका कतिपय गीतमा जोन लेनन र बब डिलनको पनि छाप परेको देखिन्छ । सन् १९६८ मे (२०२५) को फ्रान्सेली आन्दोलन, सामाजिक क्रान्तिले संसारभरका कवि, साहित्यकार, कलाकारहरूलाई प्रभाव पार्‍यो । राल्फा पनि त्यसबाट प्रभावित रह्यो । अन्तर्राष्ट्रिय परिवेश, तात्कालीन व्यवस्था र त्यसले सिर्जना गरेका विसङ्गत अवस्थाहरू, आर्थिक शोषण र सिर्जना माथिका प्रतिबन्धले राल्फा स्थापनामा सघाएको देखा पर्दछ । "त्यो बेला युरोप अमेरिकामा उदाएको *विट् जेनेरेशन* र भारतमा उदाएको *'हङ्ग्री जेनेरेशन'* को प्रभाव राल्फामा पनि परेको थियो," (राई, २०७९, असार ३२) । तिनका प्रवृत्ति र प्रभावहरु नेपालको घरेलु प्रति-सांस्कृतिक जीवनमा राल्फामा पर्न गए । भट्टराई (२०७५) का अनुसार- "नेपाली साहित्यमा कवितामा केन्द्रित भएर '२०२३ देखि राल्फा आन्दोलन' गरियो । उनीहरू राजा महाराजाको विषयमा केन्द्रित साहित्यको विरुद्धमा लागेका थिए," । उक्त भनाइले राल्फाका गीतको मूल निशानामा राजा र राजतन्त्र थियो भन्ने बुझ्न सकिन्छ । उनीहरूले आफूलाई *'राल्फा सन्तती'* भनेको पाइन्छ ।

२०२७-२८ तिर धरान, विराटनगरलाई केन्द्र बनाएर रामेश, मञ्जुल र अरिमको समूह नेपालको पूर्वी भेगमा केन्द्रित भयो । श्रेष्ठ भन्छन्- "बनेपा, साँघुटार, ओखलढुङ्गा, तेह्रथुम हुँदै भोजपुरका विभिन्न गाउँहरूमा गीत गाउँदै हिँड्यौँ । गाउँलेहरू टाढा-टाढाबाट खोलाखोल्सी तरेर पुल्ठो बाल्दै राति-राति हाम्रा गीत सुन्न आउँथे, उनीहरूको ठुलो जमातमाझ राति तीन बजेसम्म गीत सुनाएको पत्तै हुँदैनथ्यो," (व्यक्तिगत कुराकानी, २०७६, १२/१२) । राल्फाका गीतमा खासगरी क्रान्ति, युद्ध, सङ्घर्ष, आन्दोलन, परिवर्तन, मुक्ति, चेतना, अधिकार, स्वाभिमान, साहस जस्ता शब्दकुञ्जीहरूको प्रयोग गरिएको हुन्थ्यो । जस्तैः "विद्रोहका मोहरीहरू- राल्फा हामीहरू, ओँठै ओँठका टापुहरू- राल्फा हामीहरू," (मञ्जुल, २०४४: ३०) । हरेक गीतको अघिल्तिर भूमिका बाँध्ने र गीतको

अर्थ भूमिकाबाट बुझाउने गरिन्थ्यो । उनीहरू गीतले जगाएको भावना र अनुभूतिलाई पक्रँदै समाजले राल्फालाई कम्युनिस्ट भनेर बुझ्ने हुँदा पञ्चायतको कोपभाजनको शिकार हुन नपरोस् भन्ने ध्येयले प्रतीकात्मक अर्थमै रहन चाहन्थे । राल्फा गाउँमा लोकप्रिय थियो । रामेश भन्छन् - "त्यसबेला एउटा गाउँमा गीत गाउँदै गर्दा अर्को गाउँमा मानिस हाम्रो गाउँमा पनि गीत सुनाउनु पर्छ भन्दै लिन आइसकेका हुन्थे । लिन आउनेले खाना खाई सक्यो होला भन्ने ठान्थे । यो क्रममा धेरै ठाउँमा भोकभोकै पनि पर्थ्यौं । भोकै मर्ने अग्रज कवि कलाकारहरूको प्रेरणाले त्यसबेला चेतना थप्थ्यो," (व्यक्तिगत कुराकानी २०७६, १२/१२) । गाउँलेका आँगन-आँगन, चोकचोकमा गीत गाउँदा ठुलो सङ्ख्यामा स्थानीयहरू जम्मा हुन्थे, कलाकारहरूको दुःखसुख र गाह्रो, साह्रोमा साथ दिन्थे । "रामेश र मञ्जुलले जनताबाट पाएको अपार माया र स्नेहले शोषक सामन्त वर्गको विरोध झन् उग्र हुन्थ्यो । यी दुई युवाको जनता एकोहोऱ्याउन सक्ने गुण र शोषण संस्कृति विरोधी गीतमा बोल्ने विचारदेखि त्रस्त उनीहरू आफ्नो पराजय देख्न थाल्थे," (विकल २०४४: घ) । मानिसले राल्फाको विभिन्न अर्थ लगाउँथे । कसैले रोयल फायर (राजतन्त्र नास गर्ने समूह) भनेका थिए त कसैले राजतन्त्र विरोधी । आफ्नै सहयात्रीहरूले समेत राल्फाको अर्थ लगाउन सकेका थिएनन् । "राल्फा अभियानका क्रममा धनेन्द्र लगायतका साथीहरूले राल्फाको अर्थ *'राल्फा-रिभलुशनरी एक्टिभ लेफ्टिस्ट फ्रेण्ड अफ एसिया* भन्दै सुनाएका थिए । त्यो सुनेर हामी मुसुक्क हाँस्यौं मात्र," (मञ्जुल, २०४४, पृ. २४२) । यहाँनेर विद्रोही राल्फाहरू कसरी कम्युनिस्ट विचारधारातर्फ मोडिए भन्ने प्रश्न देखा पर्दछ । एकजना '*सन्ड्रा जेडिस्टेन'* नाम गरेकी अमेरिकन महिलाले पारिजातको 'शिरिषको फूल' उपन्यासको अङ्ग्रेजी अनुवादको सम्पादन गर्ने क्रममा राल्फालाई विभिन्न स्पेनिस, जापानी र अफ्रिकन सङ्गीतहरू सुन्ने अवसर मिलाइदिएकी थिइन् । तिनका राम्रा पक्षहरू राल्फाले अनुसरण गर्ने गर्थ्यो । पश्चिमा विद्रोही कवि, साहित्यकार, गायकहरू- *पिट सीगर, पाउल साइमन, आर्ट गार्फुन्केल, बब मार्ली , जोन वाइज, पाउल साइमन, एलेन गिन्सबर्ग, बिटल्सहरू*को आदिका कृतिहरूका प्रभावले पुरातन नेपाली समाजको विरूद्धमा राल्फाले आफूलाई उभ्याएको थियो । फ्रान्सको छात्र विद्रोह, त्यसका नेता *चेग्वेभारा, रेजिस डेब्रे, कास्ट्रो* आदिको आध्ययनले राल्फा बिस्तारै मार्क्सवाद-लेनिनवादतर्फ आकर्षित हुन थालेको पाइन्छ । रामेश भन्छन् - "२०१७ पछिको पञ्चायती व्यवस्था हामीलाई राजावादी शासनको आतङ्क झैं लाग्यो । हामी विस्तारै चेग्वेभारा, फिडेल क्यास्ट्रोको क्रान्तिकारिता, अनि पछि मार्क्स, लेनिन, माओत्सेतुङ, किम इल सुङ, होचिमिन्हका क्रान्तिकारी कम्युनिस्ट विचारधाराले हामीलाई प्रभाव पाऱ्यो, र कोही नेकपा (माले) मा र कोही चौथो महाधिवेशनतिर लाग्यौं," (२०७९: २१०) । राल्फाको विभाजनपछि राल्फा राल्फाका रूपमा रहेन, एउटा समूह सङ्कल्प र अर्को वेदना परिवारको रूपमा अघि बढ्यो । नेकपाको विभाजनले निम्त्याएको यो गहिरो वैचारिक विभाजन थियो । यसपछि अनेकन सांस्कृतिक समूहहरू देखा पर्दै गए । राल्फाको वैचारिक रूपान्तरण र मार्क्सवादी अवतरणका बारेमा निनु चापागाइँ यसरी आफ्नो धारणा राख्छन् -

फ्रान्सको छात्र विद्रोह, त्यसका नेता चेग्वेभारा, रेजिस डेब्रे, क्यास्ट्रोआदिको आध्ययनले राल्फाका महत्वाकांक्षामा हिर्काउन थाले । विस्तारै उनीहरू क्युबाली क्रान्तिकारी युद्धका संस्मरणहरू चेग्वेभारा डायरीबाट मार्क्सवाद-लेनिनवादतर्फ आकर्षित हुन थाले । चेग्वेभारालाई आफ्नो नायक माने पनि मार्क्सवादलाई सहजै स्वीकार गर्न सकेका भने होइनन् । आफूलाई भिन्न प्रमाणित गर्ने र जनताबीच जाँदा मार्क्सवादीहरूबाट आउन सक्ने सम्भावित प्रश्नहरूको उत्तर खोज्ने र उनीहरूलाई नै आक्रमण गर्ने उद्देश्यले गरिएको मार्क्सवादको मूलतः माओत्सेतुङको अध्ययनले राल्फा भित्रका चिन्तक हूँ भन्नेहरूको विचारलाई परास्त गर्न थाल्यो र उनीहरू कम्युनिस्ट विचारप्रति आकर्षित हुन थाले, (२०७५, पृ. १५८-१६३) ।

चीनमा सांस्कृतिक क्रान्ति (सन् १९६६ -७६) को समयमा प्रगतिशील साहित्य नेपालमा गोप्यरूपमा पढिन्थे र सन् १९६६ बाटै सुरू भएको राल्फा विद्रोह त्यसको संयोग मात्र थिएन । यसरी अन्तर्राष्ट्रिय घटनाक्रमको प्रभावहरूको आधारमा हेर्दा, राल्फा मार्क्सवादसँग नजिकिँदै जाँदा उनीहरूका गीतमा विद्रोहसँगै क्रान्ति, सङ्घर्ष र राजनीतिक परिवर्तनका विषयवस्तुले स्थान पाउन थालेको देखिन्छ । समाज परिवर्तन गर्नुपर्छ, व्यवस्था फेर्नु पर्छ भन्ने भावना उनीहरू भित्र गढेको पाइन्छ । उनीहरूले उठाइरहेका गीति मुद्दाहरू त्यसबेलाका क्रान्तिकारी कम्युनिस्ट पार्टीहरूका लागि समेत आकर्षणका विषय थिए । कम्युनिस्ट विचारभन्दा पनि आफूलाई असल बनाउने सोचले उनीहरू मार्क्सवादतिर उन्मुख हुन थालेको पाइन्छ । नेपालका अनुसार- "राल्फा गीतमा विद्रोह, असन्तुष्टि मात्र थिएन, पछिल्लो समयमा चेतना र क्रान्तिकारिता पनि थियो । राल्फा टोलिसँग गोविन्द भट्ट, पारिजात जोडिएपछि राल्फाले राजनीतिक प्रशिक्षण पायो र राजनीतिक विचार, चिन्तन आत्मसात् गर्न थालेपछि विचारसहित राष्ट्रिय दौडमा लागेको थियो," (व्यक्तिगत कुराकानी, २०७६, ०९/२२) । राल्फा सैद्धान्तिक विचार निकट हुँदै जाँदा राल्फा माथि शासन व्यवस्थाको दमन र चुनौती पनि बढ्दै जान थाल्यो । श्रेष्ठ भन्छन्- "जनताका गीत गाउँदा हामीलाई मार्नसमेत खोजियो । स्टेजबाटै प्रहरीले पक्रेर लान्थ्यो, स्टेज भत्काइन्थ्यो, छापामार शैलीमा कार्यक्रम गर्थ्यौं । लुकेर, भागेर, भूमिगत भएर क्रान्तिका गीतहरू गाउँथ्यौं," (व्यक्तिगत कुराकानी, २०७६, १०/२६) । राल्फा विद्रोही मात्र नभई उनीहरूमा क्रान्ति चेत थियो भन्ने कुरा चापागाइँ, नेपाल, श्रेष्ठलगायतको भनाइबाट स्पष्ट हुन्छ । राल्फा अभियानका क्रममा शासकहरूबाट आक्रमण बढ्दै जाँदा राल्फाले आफूलाई वैचारिक रूपमा स्पष्ट र बलशाली तुल्याउनु पर्ने आवश्यकता बोध गऱ्यो । विसङ्गतिवादी-अस्तित्ववादी-अराजकतावादी शैलीबाट सुरु भएको राल्फा आन्दोलन मार्क्सवादी धारामा फड्को मार्न पुग्यो । सुब्बाका अनुसार- "परम्परागत गीति संस्कृतिमाथि राल्फाले निकै प्रभाव पार्दै गएको थियो । राल्फाका गीतहरूले जनताको मन छोएको थियो । त्यो अभियान नेपालको पूर्वीक्षेत्र हुँदै देशव्यापीरूपमा विस्तारित भएको थियो, (व्यक्तिगत कुराकानी, २०७६, ११/२८) । राल्फा अभियानका क्रममा पञ्चायती आक्रमणबाट जोगाउन र राल्फाको केही अपरिपक्वतालाई सच्याउन तात्कालीन केदार

राई, वासु शाक्य, महेश्वरमान श्रेष्ठ, गोविन्द न्यौपाने आदिले भूमिका खेलेका थिए । उक्त सम्बन्धले २०३१ मा राल्फा कम्युनिस्ट घटक अखिल नेपाल कम्युनिस्ट क्रान्तिकारी कोअर्डिनेसन कमिटी (माले) को निकट पुगेपछि कोकेसँग मिलेर ताप्लेजुङ इलामका गाउँहरूमा राल्फा झन्झन् गुञ्जन थाल्यो । त्यो बेला रत्नकुमार बान्तवा, बिक्रम सुब्बाहरू प्रगतिशील जनवादी गीतहरू गाएर इलाम, पाँचथर, ताप्लेजुङ धनकुटातिर कार्यक्रम गर्दै हिँडेका थिए । राल्फाको मार्क्सवादी रुपान्तरणका क्रममा कोअर्डिनेशन कमिटी (कोके) ले *गरिब, दुःखी, श्रमशील जनताका पक्षमा सम्पूर्ण कलाकर्म* भन्ने सिद्धान्त राल्फाको मनको जरासम्म पुऱ्याएको थियो । *मजदुर, किसान र लालसेनाका लागि कला साहित्य* भन्ने माओत्सेतुङका पुस्तकहरू पढ्न लगाइएको थियो । राल्फाका सदस्यहरू निम्न मध्यमवर्गीय बुर्जुवा घरानाबाट आएका हुनाले सर्वहारावर्गमा रूपान्तरण हुन अनेक मार्क्सवादी लेख र पुस्तकहरु अध्ययन गर्न प्रेरित गरिएको थियो । निरङ्कुश व्यवस्थालाई उल्ट्याएर नौलो जनवादी व्यवस्था ल्याउन मृत्युलाई समेत वेवास्ता गर्दै उनीहरू राल्फा गीति अभियानमा लागेको पाइन्छ ।

गीत सङ्गीतमा जस्तै साहित्यमा पनि राल्फाको योगदान थियो । विमलको सम्पादनमा *विद्रोह* र नोरेमको सम्पादनमा *यन्त्रणा* नामक साहित्यिक पत्रिका पनि प्रकाशन गरेको थियो । राल्फाकै वैचारिक धारणाअनुरूप पारिजातको जीवन कथामा आधारित *छोकु डोल्मा* उपन्यास मञ्जुलले र *महत्ताहीन* उपन्यास पारिजातले लेखेको पाइन्छ । उनीहरूले मादक पदार्थ नखाने, मायाप्रेमका गीत नगाउने र सादा जीवन बिताउने जस्ता सर्वहारावर्गीय आचारसंहिताहरू बनाएका थिए, जसको कडाइका साथ पालना गर्दथे । उनीहरू आफूलाई कम्युनिस्ट बनाउन हदैसम्म मिहनत गर्दथे । असल कम्युनिस्ट कसरी बन्ने ?, कम्युनिस्टको प्रमुख लक्ष्य, उद्देश्य के हो ?, कम्युनिस्टको जीवनशैली कस्तो हुनु पर्छ ?, पार्टी सदस्य बन्न कति योगदान र बलिदान दिनु पर्छ ? त्यो योग्यता प्राप्त गर्न कति सैद्धान्तिक र व्यावहारिक अध्ययन हुनु पर्छ?, जनता नै निर्णायक शक्ति हुन् भनी बुझ्न कति जरूरी छ ? भन्ने विषयहरूमा राल्फाका सदस्यहरू व्यापक बहस, छलफल गर्दथे र सोही अनुसार नै उनीहरूले आफ्नो जीवनशैली र विचार बदल्दै गएको पाइन्छ । त्यो बेला गीत र कलाकारहरू बीच नङ्-मासुको अभिभाज्य सम्बन्ध रहेको पाइन्छ । यसरी विभिन्न दृष्टिविन्दुबाट संश्लेषितरूपमा हेर्दा कम्युनिस्ट आन्दोलन र राजनीतिक परिवर्तनमा राल्फाको भूमिका देखापर्दछ ।

### ४.५.१ राल्फा गीतका प्रवृत्ति

राल्फाले सुरुवाती चरणमा विद्रोहका र पछि क्रान्तिका गीत समेत गाएको पाइन्छ । उनीहरूका गीतमा विषयगतरूपमा श्रम, श्रमिक, वर्गीयता, गरिबी, अभाव, सङ्घर्ष, बलिदान, क्रान्ति, परिवर्तन, गोर्खाभर्ती, विरोध जस्ता गीतमा प्रयुक्त शब्दकुञ्जीहरू बाटै उनीहरू विद्रोही प्रवृत्ति मात्र थिएनन्, क्रान्तिकारी पनि थिए भन्ने कुरा स्पष्ट हुन्छ । सुरुवाती चरणका केही प्रयोगवादी, स्वच्छन्दतावादी गीतहरूलाई छोडेर हेर्ने हो भने राल्फाले गाएका गीतहरूमा- सामन्ती हैकमवाद, साम्राज्यवाद, विस्तारवादको विरोध, तिनका शोषण र राजनीतिक हस्तक्षेपहरूको विरोध, सामाजिक-आर्थिक उत्पीडन र थिचोमिचोमाथि तिव्र प्रहार र प्रश्न, समाज परिवर्तनको आग्रह, सामाजिक

विकृतिमाथि प्रहार, जातीय, लैङ्गिक विभेद र उत्पीडनको विरोध, आमूल परिवर्तनको स्वप्न चित्रण, वर्गीय प्रेमप्रतिको आशक्ति, देशप्रेमको तीव्र भावना, भविष्यप्रति आशा र आस्था, शहीदहरूप्रति उच्च सम्मान, प्रकृति र जीवन प्रेम जस्ता प्रवृत्तिहरू मूलरूपमा देखा पर्दछन् । यसबाट राल्फा सामाजिक-राजनीतिक परिवर्तनकै निम्ति थियो भन्ने देखा पर्दछ । मूलरूपमा त्यस्तै प्रकारका शब्दहरूलाई रूप र अन्तर्वस्तुका रूपमा प्रयोग गर्दै सामाजिक असन्तुष्टिहरूको जगमा टेकेर राल्फाले राजनीतिक व्यवस्थामाथि तीव्र प्रहार गरेको पाइन्छ । प्रशासनका अनेकन बाधा अड्चन, धाक धम्की र तिरस्कारहरू झेल्नुपरेका घटनाले उनीहरूका गीतले व्यवस्था माथि पारेका दबाब महसुस गर्न सकिन्छ । न्याय समानताको पक्षपोषण, गरिब, दुःखी, श्रमजीवी वर्गको पक्षधरता, ज्यामी, भरिया, खेताला, असहाय, निमुखा, अपहेलित र तिरस्कृत वर्गप्रति सहानुभूति र तिनको पक्षपोषण राल्फा गीतमा पाइन्छ । राल्फा गीतलाई नमुनाका रूपमा लिँदा उल्लिखित विषय भाव र अन्तर्वस्तु प्रकट भएको पाइन्छ-

**तालिका नं. ४.१ : राल्फाका गीतको प्रवृत्ति**

| **राल्फा अभियानका गीत** | **गीतको अन्तर्वस्तु** | **स्रोत** |
|---|---|---|
| विद्रोहका मोहरीहरू, हामी राल्फाहरू | विद्रोही चेत | मञ्जुल, २०४४, पृ. १६ |
| हामीले गाउने गीत मजदुरहरूको | सर्वहारावादी चेतना | मञ्जुल, २०४७, पृ.२ |
| बाबाले सोध्लान् नि खै छोरा | गोर्खाभर्तीको विरोध | गन्धर्व, २०४७, पृ. ५२ |
| भाइ त मऱ्यो विदेशी साइँलौ राजालाई | विदेशिनुको पिडाबोध | मञ्जुल, २०४४, पृ. ६८ |
| बजाउन बाँसुरी कान्छा | भविष्य-दृष्टि | मञ्जुल, २०४७, पृ. ६१ |
| सामन्तीलाई खत्तम पार्न मार्छु अब फेरो | सामन्तवादको विरोध | लोकलय, २०४७, पृ. ७३ |
| गरिबलाई नगर हेला | गरिब दुःखीको पक्षधरता | मञ्जुल, २०४४, पृ. १०४ |
| गावैं खायो गाउँघरको जालीले | सामन्तवादको विरोध | मञ्जुल, २०४४, पृ. १८५ |
| नजाउ अङ्ग्रेजी पल्टनमा | गोर्खाभर्तीको विरोध | जोशी, २०४७, पृ. ४९ |

स्रोत : *जनताका गीतहरू* (२०४७) ।

उल्लिखित गीतहरूलाई प्रवृत्तिगत रूपमा हेर्दा, मानिसमा विद्रोही चेत जगाउने, श्रम र श्रमजीवी वर्गप्रति आस्था जागृत गर्ने, सामन्तवाद विरोधी मानसिकता निर्माण गर्ने, गोर्खा भर्ती विरूद्ध जनतालाई जागृत गर्ने, समाजमा व्याप्त शोषण, अन्याय, विकृति र विसङ्गति विरुद्ध विद्रोह गर्ने,सामाजिक राजनीतिक चेतनाको संवाहकका रूपमा आफूलाई प्रस्तुत गर्ने गीति प्रवृत्तिहरू राल्फाका गीतमा देखा पर्दछन् । सुरुवातमा केही उद्दण्ड, अहमी, बहसी बानी व्यहोरा र स्वभावका प्रयोगवादी राल्फालीहरूले समाज बुझ्दै गएपछि गीत लेखनमा परिवर्तन गरी जनजीवनको मर्मअनुसार जनताका दुःख र स्वप्नशील सरल गीतहरु गाउन थालेको पाइन्छ । गीतमा लोकलयको

प्रचुर्यता, सरलतामा गहनता, गरिब, दुःखीहरुको कथा-व्यथा केन्द्रित झर्रो भाषा शैली, वर्गीय प्रेममा आधारित यथार्थवादी सुबोध र सरल रचनाहरू गाउन थालेको पाइन्छ ।

### ४.५.२ राल्फा गीतको प्रभाव

प्रारम्भदेखि नै राल्फाले आफूलाई मूलधारको संस्कृतिको प्रतिरोधी धाराका रूपमा विकसित गर्दै जाँदा त्यसका प्रभावहरू समाजमा देखिन थालेका थिए । गाउँघरमै पुगी जनताले भोगिरहेका दुःख, पीर सुनाइदिने, साहु महाजनका शोषणका कुराहरू प्रकाश पार्ने कार्य गर्दा त्यसको प्रभाव मानिसको मनोभाव, र संवेदनामा पर्न गयो । गाउँमा राल्फालाई पछ्याउनेहरूको संख्या दिनप्रतिदिन बढ्न थाल्यो । उनीहरूका गीत कम्युनिस्ट विचारधारासँग मिल्दोजुल्दो हुन पुग्दा कम्युनिस्ट विचारको चर्चा गाउँमा हुन थाल्यो । उदाहरणका लागि गाउँमा आएका राल्फाको एउटा गीति कार्यक्रम हेरेका श्याम तमोटले राल्फाका ती गीत सुनेर त्यहीबेला जीवनमा कम्युनिस्ट बन्ने निष्कर्ष निकालेका थिए । तमोट भन्छन् - "राल्फाका गीति कार्यक्रम जहाँ-जहाँ हुन्थे, त्यहाँ-त्यहाँ वामपन्थी राजनीतिप्रति मानिसको चासो बढ्न थाल्दथ्यो । परिवर्तनका मुद्दाहरूतर्फ मानिसहरू गोलबन्ध हुन प्रेरित हुन्थे । म आफैं नै त्यसको एउटा उदाहरण हूँ । म जस्तै सयौं, हजारौं युवाहरू राल्फाका गीत सुनेर कम्युनिस्ट आन्दोलनमा समाहित बने," (व्यक्तिगत कुराकानी, २०७६, १०/११) । उक्त भनाइले राल्फाका गीतले समाजलाई वामपन्थीकरण गर्नमा योगदान पुऱ्याएको महसुस गर्न सकिन्छ । यसरी राल्फाका गीतले गाउँ गाउँमा तमोटजस्तै हजारौं युवाहरूलाई राजनीतिक परिवर्तनको अभियानमा लाग्न प्रेरित गरे । समूहगत छलफलका सहभागीहरूले आफ्नो टिप्पणीमा भनेका छन्-

> झापामा, कम्युनिस्टहरूले मान्छेको टाउको काट्छन्, साठी वर्षभन्दा माथिका वृद्धलाई गोली ठोक्छन् र महिला, छोरीचेली भन्दैनन् भन्ने जस्ता आरोपहरू लाग्ने गरेका थिए । जिल्लामा राल्फाका गीतहरू गुञ्जन थालेपछि ती आरोप आफैं खारेज हुँदै गए । कम्युनिस्टहरूप्रति हेर्ने दृष्टिकोणमै परिवर्तन आयो । गीतको प्रभावले मानिस सामन्त विरुद्ध जागृत भए । झापा जिल्लाको वामपन्थीकरणमा राल्फा गीतले योगदान दिए,(२०७५, समूहगत छलफल,झापा) ।

उक्त भनाइले राजधानीमा मात्र नभई जिल्ला र गाउँमा समेत राल्फाका गीतले जनमानसमा वर्गीय, जातीय, लैङ्गिकरूपमा, साम्यवादी विचार निर्माण, पञ्चायत विरोधी भावनाको विकास र सामाजिक जागरणको क्षेत्रमा प्रभाव पारेको देखिन्छ । "रामेश, रायन, अरिम र मञ्जुलले राल्फाको नेतृत्व गर्दा रामेशको गला, रायनको कला, अरिमको बाँसुरी र मञ्जुलको शब्द भन्ने खुब चर्चा सुनेको हो । यो शक्ति उनीहरूमा एकाएक कहाँबाट आयो ? देशप्रेम वा जनभावना, काँडा उम्रिन्छन् शरीरभरि," (पौडेल, २०७९) । उक्त भनाइले राल्फाको प्रभाव सहजै अनुमान गर्न सकिन्छ । प्रगतिशील गीत, सङ्गीत, चेतना र जागरणको पैरवीले सङ्ख्यात्मक, गुणात्मक दुवैरूपमा प्रभाव पारेको देखिन्छ । "नेपालको राजनीतिमा पञ्चायती शासनको दमन बढेको अवस्थामा राल्फाले

साङ्गीतिक क्रान्ति नै ल्यायो र उक्त क्रान्तिले नेपालकै राजनीतिमा हलचल ल्याइदियो," (सायमी, २०६६, पृ.३३) । सायमीको भनाइबाट मार्क्सवादी चेतनाबाट प्रवाहित हुँदै जाँदा उनीहरूका गीतले नेपालको राजनीतिमा प्रभाव सिर्जना गरेको थियो भन्ने बुझ्न सकिन्छ । श्रेष्ठ भन्छन्-

> २०२५ तिर राजा महेन्द्रले अमेरिका भ्रमणको बेला विश्व विख्यात गायक प्रत्यक्षरूपमा विटल्सको गीत सुन्ने क्रममा सांस्कृतिक संस्थानका महाप्रबन्धक महेन्द्रनाथ खनालसँग राल्फाको चर्चा भएछ । राजाले अबको कार्यक्रममा बोलाउनु भन्ने आदेश दिएछन् । काठमाडौँ आएपछि खनालले रामेश रायनलाई सम्पर्क गरेछन् । खनालको कुरा सुनेर रायन, म अलिक हच्कियौँ । तर खनालले बिन्ती नै बिसाए, 'लौ न मलाई जोगाई देओ केटा हो ! यसले राल्फामा ठुलो बहस निम्त्यो । अन्ततः राजाको अघिल्तिर कुनै सम्बोधन नगरी, राजासँग भेटसमेत नगरी ४ वटा गीत सुनायौँ, (व्यक्तिगत कुराकानी, २०७६, १२/१२) ।

राल्फा गीतको प्रभाव जनतामा मात्र नभई शासक, प्रशासक र राजासम्म पुगेको थियो भन्न सकिन्छ । राल्फाको प्रभाव रेडियो नेपालका कलाकार र व्यवस्थामा समेत परेको पाइन्छ । एक प्रसङ्गमा रामेशले भनेका छन् -"भूपी शेरचन दाईसँग बारम्बार पारिजात भनिरहनु हुन्थ्यो - के कुरामा राल्फाका गीतहरू कम छन् ? गीतका शब्दरचना, भाव, विचार सङ्गीत, रचना, गायन हर पक्षमा । यीनीहरू नेपाली सङ्गीतको क्षेत्रमा आउलान् र हाम्रो अस्तित्वमा धक्का लाग्ला भन्ने डर, ईर्श्या शायद धेरैलाई छ । हुन सक्छ, कालो व्यवस्थामाथिको साङ्गीतिक आक्रमणको डर सरकारलाई पनि छ, त्यसैले राल्फालाई उठ्न र फैलन दिदैनन् यहाँ," (श्रेष्ठ, २०८१ बैशाख : १३१) । उक्त भनाइमा राल्फाप्रतिको पारिजातको धारणा र राल्फाको लोकप्रियताप्रतिको राल्फाइतर कलाकारहरू र व्यवस्थामा परेको प्रभाव देखा पर्दछ । पार्टी सङ्गठन निर्माणमा राल्फा गीतको प्रभाव निकै प्रभावशाली थियो । गीतै गीतले भिजाएको मलिलो माटोमा पार्टी सङ्गठनको विरुवा बढ्दै, झाँगिदै जान्थ्यो । पार्टीले बोल्नु पर्ने विचारहरू स्वयम् गीतहरूले बोलि दिन्थे । पार्टी सङ्गठनमा त्यसले गुणात्मक योगदान दिएको पाइन्छ । राल्फाका गीत सुनेर मानिसहरू कम्युनिस्ट विचारधारातर्फ आकर्षित हुनु, गीति चेतनाले समाजमा कम्युनिस्टहरूप्रतिका भ्रमहरू खारेज हुँदै जानु, पार्टीका नेता कार्यकर्ता जन्माउन लोकप्रिय भूमिका खेल्नु, पार्टी सङ्गठन विस्तारको वैकल्पिक माध्यम बन्नु, भूमिगत वामपन्थी राजनीतिलाई आम राजनीतिक जीवनमा प्रवेश गराउन योगदान दिनु, र श्रमजीवी वर्गलाई क्रान्तिको मूल धारमा ल्याउन मद्धत गर्नु राल्फाको गीति प्रभावसँग जोडिएका विषयहरू हुन्

## ४.६ वेदना परिवार

मोहनविक्रम सिंह र निर्मल लामाले २०३१ मा नेकपा चौथो महाधिवेशन गरे पछि नेकपामा विभाजन आयो । पार्टी विभाजन पछि चौथो महाधिवेशन निकट रहेर वेदना परिवार गठन भयो । त्यो बेला 'वेदना' प्रगतिशील विचारधाराको एउटा साहित्यिक पत्रिका थियो । रायन लगायतका

कलाकारहरूले त्यसैको नामबाट 'वेदना सांस्कृतिक परिवार' को गठन गरी वेदना जनसांस्कृतिक अभियान अघि बढाए । रायन, सुसन मास्के, शरद पौडेल, शक्ति बल्लभ, शान्तकुमार राई, मोहन घिसिङ, रञ्जित लामा, रमेश लामा, वीरबहादुर भन्सारी, शरद सिमान्त आदि कलाकारहरू वेदनामा सिक्रिय भएको पाइन्छ । राल्फामा २०२९ देखिनै अन्तर्विरोधहरू देखापर्न थालिसकेको थियो । रामेश मञ्जुलहरू पूर्वी यात्राबाट काठमाडौँ फर्किनु अघि नै कोअर्डिनेशन केन्द्र (कोके) को निकट पुगिसकेका थिए । उनीहरू काठमाडौँ आइपुग्नु अघिनै काठमाडौँमा पनि पारिजात, निनु, रायनहरूले चौथो महाधिवेशनसँग निकटता बढाइसकेका थिए । त्यसपछि विवादको क्रम सुरु भएको पाइन्छ । राई भन्छन्- "रामेश र मञ्जुल २०२९ तिर काठमाडौँ फर्केपछि रायन र रामेशहरूबीच रेडियो नेपाललाई प्रयोग गर्ने वा नगर्ने भन्ने विषयमा विवाद भयो । यसले उनीहरू बीचको दुरीलाई मात्र बढाएन, यसपछि राल्फाको अस्तित्वनै समाप्त हुने अवस्थामा पुग्यो," (व्यक्तिगत कुराकानी, २०७५, ०९/१४) । तात्कालिक रूपमा रेडियो नेपालको प्रयोग गर्ने सवालमा विवाद देखिएता पनि अन्तर्यमा चौथो महाधिवेशन र कोअर्डिनेसन कमिटी दुई कम्युनिस्ट धारसँगको मित्रतानै राल्फा फुटको कारण थियो भन्ने कुरा ती धारका नेताहरूसँगको सङ्गत, सम्बन्ध, प्रशिक्षण र अभिव्यक्ति समेतले देखाउँछ । विभाजन पछि राल्फाका रायन र रामेशबीच झन्डै १६-१७ वर्ष बोलचालै भएन । श्रेष्ठ भन्छन्- "हामी अरू कुनै कारणले नभई राजनीतिक रूपमा नै विभक्त भएका थियौँ । म वेदना सांस्कृतिक समूह बनाएर जनता माझ गएँ । देशभित्र र प्रवासमा समेत थुप्रै कार्यक्रमहरू गर्यौं । पछि इन्द्रेणी सांस्कृतिक समाज (इसास) को स्थापना गरेर कार्यक्रम गर्दै गयौं," (व्यक्तिगत कुराकानी २०७६, १०/२६) । उक्त भनाइबाट वेदना परिवार वैचारिक सुझबुझका साथ स्थापना भएको बुझ्न सकिन्छ । स्टर ( सन् २०१७) का विचारमा वामपन्थी राजनीतिको जग निर्माण गरेका दुई मोर्चाहरू राल्फा र वेदनाबीच समुद्रजस्तै फराकिलो विभाजन हुन पुग्यो । वेदनाले साहित्य, गीत, नाटकलाई जनचेतना र जागरणको माध्यम बनायो । देशका गाउँ बस्तीमा कार्यक्रमहरू गरेर परिवर्तनको सङ्घर्षमा लाग्न जनतालाई आह्वान गरे । २०३७ मा रायनको सङ्गीतमा 'सिम्मा' गीति नाटक मञ्चन भयो । वेदना परिवारका केही चर्चित गीतहरूमा 'गाउँमा त सरकार थिएन', ' ढुङ्गाको सालिक ढल्दैमा हाम्रो छाती ढल्दैन', ' मजदुरको भन्नु के हुन्छ र साथ बरिलै', सुगौलीको सन्धि हाम्लाई मान्नु कर छैन, सन् पचासको सन्धि पनि हाम्लाई मान्य छैन, जस्ता देशभक्तिपूर्ण क्रान्तिकारी गीतहरूले राजनीतिक परिवर्तनप्रति आशा जगाउँदै जनतामा जनचेतना ल्याएका थिए ।

## ४.७ रक्तिम सांस्कृतिक अभियान (रक्तिम परिवार)

रक्तिम परिवार नेपालको साम्यवादी आन्दोलनको एक साङ्गीतिक घटकका रूपमा रहेको पाइन्छ । नेकपाको चौथो महाधिवेशन पछि देश र प्रवासमा खुशीराम पाखीन, राजेश विक, मणि थापा, जीवन शर्मा र रेम रानाहरूको सांस्कृतिक टोलीहरू सक्रिय भए । नेकपा (मसाल) को

सांस्कृतिक मोर्चाका रूपमा अखिल नेपाल जनसांस्कृतिक सङ्गठनले काम गर्दथ्यो । त्यसको इन्चार्ज मोहन वैद्य 'किरण' थिए । संयोजक राजेश विक र सदस्यहरूमा मणि थापा र जीवन शर्मा थिए । यसै सिलसिलामा जीवन शर्माको नेतृत्वमा २०४३ चैत्र २६ गते काठमाडौंको घन्टाघरमा रक्तिम अभियान नामक सांस्कृतिक मोर्चाको गठन भयो । उक्त मोर्चाका सदस्यहरूमा सुजाता गुरुङ, झोकेन्द्र थापा, राधा बुढाथोकी, सिता लामा, कृष्ण अर्याल आदि रहेको पाइन्छ । सुरुमा रक्तिम परिवारको नामबाट र पछि रक्तिम सांस्कृतिक अभियानको रूपमा रक्तिमका कार्यक्रमहरू हुन थाले । पार्टीको सांस्कृतिक मोर्चाका रूपमा रक्तिमले पार्टीको सांस्कृतिक मोर्चाको मान्यता प्राप्त गर्‍यो । "रक्तिमले मातृपार्टीको नीति, सिद्धान्त तथा कार्यक्रम र जनताको सर्वहारावादी गीति दर्शनलाई साहित्यकलाको माध्यमवाट जनताको बीचमा लैजाने गर्दथ्यो," (आश्रम, २०८०) । पञ्चायतकालमा नेताको भाषणले भन्दा गीतले मान्छेलाई छिटो तान्थ्यो । हज्जारौंलाई आन्दोलनको मोर्चामा सामेल गराउँथ्यो, (शर्मा, व्यक्तिगत कुराकानी २०७६) भनाइले रक्तिमका गीतको शक्तिको प्रकटीकरण हुन्छ ।

नेकपा (मसाल) र एकताकेन्द्र बीचमा पार्टी एकता हुँदा इन्द्रेणी सांस्कृतिक परिवार र रक्तिम परिवार मिलेर इन्द्रेणी-रक्तिम सांस्कृतिक समाज बन्यो, जसमा निनु चापागाइँ अध्यक्ष र जीवन शर्मा उपाध्यक्ष थिए । "न्याय स्वतन्त्रता र समानताको निम्ति आफूलाई समर्पित गर्ने र गीत सङ्गीतको माध्यमबाट जनतालाई सचेत बनाउँदै मानव मुक्तिको सुनौलो यात्रातर्फ पाइला अघि बढाइरहेको सँस्था हो रक्तिम," (पाण्डे, २०७६) । रक्तिमले पञ्चायतको उत्तरार्धमा जनपक्षीय नाट्य विधालाई अघि बढायो । गायनको क्षेत्रमा जीवन शर्मा, नारायण शर्मा, रेम राना, दलबहादुर वि.क, नारायण योगी, पुष्पा श्रीस, झोकेन्द्र थापा, नामबहादुर थापा र ध्रुव ज्ञवाली, नवीन सुब्बा, धनकाजी गुरूङ, सचित्र के.सी., चिरन पुन, मणि थापा, निलिमा पुन, जगदिश श्रीस, एम प्रधान, दलबहादुर भण्डारी जस्ता थुप्रै कलाकर्मीहरूले योगदान दिए । रक्तिमले सर्वहारा वर्गको पक्षमा मार्क्सवाद, लेनिनवाद, माओत्सेतुङ विचारधारालाई बोकेर हिँडेको थियो । पार्टी एकीकरण लामो समयसम्म टिक्न नसक्दा पुरानै रक्तिम परिवार पुनर्गठन भयो । उनीहरूका केही गीतहरू- "सिमली छायाँमा बसी भरिया लामो सास फेरेको, सहरका मजदुरहरू उठ अब उठ, न्युयोर्क र पेरिस सहर हामीले उठायौं, चन्द्रमा र पृथ्वीलाई हामीले जुटायौं," (शर्मा, कुराकानी, २०७६) थिए । यस्ता गीतहरूले आर्थिक शोषण, अन्याय, उत्पीडन  विभेद र सामन्ती संस्कृतिका विरुद्ध जनतालाई चेतना भर्ने गरेको थियो । "पञ्चायतकालमा गाइएका ती गीतहरूलाई 'रक्तिम झोला' मा सङ्ग्रहित गरियो । आफ्नो स्कुले झोलादेखि रक्तिम झोलासम्मको इतिहास प्रगतिशील, जनवादी गीति आन्दोलन पनि इतिहास हो," (शर्मा, २०८०, १०/७) । रक्तिमका महिला लामाले रक्तिमको गीत यसरी गाएका छन् -

कम्मरमा खुकुरी काँधैमा बन्दुक,<br>
आँधीसँगै भिड्दै जाऊ बीचमै नरुक,<br>
न्यायपूर्ण युद्धलाई कसले रोक्न सक्छ, (आधीबाटो हिँडे पछि, पृ. १२) ।

## ४.८ इसास र सामना परिवार

निर्मल लामाको नेतृत्वमा रहेको चौथो महाधिवेशनको निकटमा रहेर २०४४ मा 'इन्द्रेणी सांस्कृतिक समाज' (इसास) को निर्माण भयो । नेकपा (मोटो मसाल) अर्थात् नेकपा माओवादीको निकट रहेर 'सामना परिवार' को स्थापना गरिएको पाइन्छ । ने.क.पा मसालको पहलमा रक्तिमको गठनभन्दा हुनु अगाडि खुशीराम पाखिनको नेतृत्वमा सामना परिवार थियो । इसासका प्रमुख कलाकारमा रायन, सुसन मास्के, नायक, वीरप्रसाद, हरि दर्शनधारी, वदन शर्मा, रञ्जित लामा, शरद पौडेल रहेका थिए । पछिल्लोकालमा आएर इन्द्रेणी सांस्कृतिक समाजमा पनि फुट आयो । एकातिर रायन, हरिगोविन्द लुईटेल, हरि दर्शनधारीहरू कीर्तिपुर इसास गठन गरी कार्यरत रहे भने अर्कातिर निनु चापागाइँ, सुसन मास्के, शरद पौडेलहरू सहितको समूह इन्द्रेणी रक्तिम सांस्कृतिक सङ्गठनमा रहेर काम गरेका थिए । २०४४ सालमा कीर्तिपुरमा रायनको नेतृत्वमा इन्द्रेणी सांस्कृतिक समाज स्थापना हुँदा रायनसँगै हरिकृष्ण दर्शनधारी, वदन शर्मा, अमरराज राजोपाध्याय, सुसन मास्के, टेकबहादुर बलम्पाकी, मोहन घिसिङ लगायतका कलाकारहरू आबद्ध थिए । उनीहरूले देशका विभिन्न ठाउँमा गीत, नाटक, नृत्य प्रस्तुत गरेका थिए । उक्त संस्थामा वेदना परिवारसँगै क्षितिज परिवार, मिब्वाला-ललितपुर, जनसांस्कृतिक दबु कीर्तिपुर, जुनेली भक्तपुर पाँचवटा सांस्कृतिक संस्थाहरू विलय भएका थिए । खुशीराम पाखिन, मणि थापा, ऋषिराज बरालको सक्रियतामा सामना परिवारको स्थापना भएको थियो । यस संस्थामा माइला लामा, ध्रुव ज्ञवाली, अन्जना गुरुङ, कन्हैयासिंह, धनकाजी गुरुङ, जुजु गुरुङ लगायतका कलाकारहरू संलग्न थिए । सामना परिवारका गीतहरू मूलतः क्रान्ति सम्बद्ध थिए । सशस्त्र सङ्घर्षका क्रममा जनताबीच गाइएका ती गीतले गाउँमा पार्टी सङ्गठन विस्तार गर्न, जनमत निर्माण गर्न र भावनात्मक एकताको वातावरण सिर्जना गर्न बल पुऱ्याएको थियो । गीत क्रान्तिको एक सहयोगी हतियार, सांस्कृतिक चेतना र विचार प्रवाहको माध्यम थियो । सामना परिवारले गाएका केही प्रगतिशील गीतहरू यस प्रकारका थिए । "कसले भन्छ क्रान्ति यहाँ सफल हुँदैन' (सामना) 'यात्रा हाम्रो लामो छ है, हिँडौं साथी नथाकेर', 'सिस्नेको चुचुरोमा रातो झण्डा फहराउँदैछ' 'हामी राता मान्छे जनमुक्तिका मान्छे," (सामना परिवार, सन् २०२२), जस्ता गीतहरूले सशस्त्र विद्रोहलाई जनजनमा पुऱ्याउन, क्रान्तिलाई वैचारिक रूपले माथि उठाउनमा सहयोग पुऱ्याएका थिए । सामना परिवारले शान्ति समृद्धि र समानताका लागि वैज्ञानिक समाजवाद, वैज्ञानिक समाजवादका लागि सामना जनसङ्गीत अभियान भन्ने मूल भावका साथ विभिन्न साङ्गीतिक कार्यक्रम गर्दै आएको थियो । पछिल्लो समयमा सामना परिवारले "माग अझै रगत दिन्छौ, पसिना दिन्छौ, माग बरु ज्यानै दिन्छौ, तर देश र जनतालाई गद्दार नगर," (गुरुङ, २०७६ भाद्र १) जस्ता शासकहरू उपर खबरदारी गरिएका बलिदानी भावनाका क्रान्तिकारी गीतहरू समेत गाएर राजनीतिक परिवर्तनका निम्ति योगदान दिएको देखा पर्दछ । इसास र सामनाले राज्य र राजनीतिक नेतृत्वलाई जनताका पक्षमा काम गर्न दबाब सिर्जना गर्ने काम गरेका छन् ।

## ४.९ प्रगतिशील गीतको सङ्कल्पकाल

प्रतिबन्धित नेकपा (माले) ले राजनीति र साहित्य, संस्कृतिलाई सँगै लिएर अघि बढेको थियो । सङ्कल्प परिवारको स्थापना २०३५ मा नेकपा (माले) को स्थापना पछि पार्टी निर्देशनमा भएको थियो । सङ्कल्प, राल्फाकै वैचारिक रूपान्तरण थियो । "२०३०-३२ देखि विकसित हुन थालेको नेपालको प्रगतिवादी सांस्कृतिक आन्दोलनमा सङ्कल्प परिवारको विशिष्ट स्थान छ । पञ्चायती कालरात्रीमा नेपालको प्रगतिवादी सांस्कृतिक आन्दोलनले पुऱ्याएको योगदानलाई विशिष्ट रूपमा मूल्याङ्कन गर्न सकिन्छ," (न्यौपाने, २०७०, भाद्र ३१: ८१) । तीसको दशकको सुरुवातमा अ.ने.क.क्रा.को.क. (माले) सँग राल्फाको निकटता बढ्दै मालेकै निर्देशनमा राल्फाले पूर्वी क्षेत्रमा गीति कार्यक्रम गर्दै गएको थियो । यस आधारमा राल्फाको एउटा समूह कसरी नेकपा (माले) सँग जोडिन पुग्यो भन्ने कुरालाई हेर्न नेकपा (माले) सँगको सम्बन्धलाई समेत केलाउनु पर्दछ । नेकपा (माले) को राजनीतिक प्रस्थान र सङ्कल्पको उठान नेपालको राजनीतिक परिवर्तनको आन्दोलनसँग प्रत्यक्षरूपमा जोडिएको विषय भएको हुँदा त्यसको छोटो चर्चा गरिएको छ । पोखरेल भन्छन्-

> जीवराज आश्रित, वामदेव गौतम, मोदनाथ प्रश्रित र मदन भण्डारीलगायतका शीर्ष नेताहरू रहेको मुक्ति मोर्चासहित २०७६ भदौ ३० मा समन्वय केन्द्र, ११ गते रातो झण्डा र 'सन्देश समूह' ले डिसेम्बर १२, १९७८ मा पार्टी एकीकरणको वार्तालाई टुङ्गोमा पुऱ्याउँदै जनवरी १, १९७९ मा पार्टीको राष्ट्रिय सम्मेलन सम्पन्न गरी सीपी मैनालीको नेतृत्वमा राष्ट्रव्यापी पार्टी र त्यसको केन्द्रीय कमिटी गठन गरे । उक्त पार्टीको नाम नेपाल- मार्क्सवादी-लेनिनवादी वा नेकपा (माले) राखियो, (पोखरेल, सन् २००७, पृ. ७९) ।

सा-साना कम्युनिस्ट पार्टीहरू बीचको एकताले नेकपा (माले) देशको सबैभन्दा ठुलो कम्युनिस्ट घटक बन्न पुग्यो । नेकपा (माले) को योजनामा जिल्ला कमिटी बराबरको मान्यता दिएर सङ्कल्प परिवार अगाडि बढेको देखिन्छ । धरानबाट निस्कने कुन्ता शर्मा सम्पादक/प्रकाशक रहेको पत्रिका सङ्कल्पका नामबाट २०३५ मा सङ्कल्प परिवारको नामाकरण हुन गयो । २०३८ मा विजय सुब्बा, लोकराज कार्की, ध्रुव प्रधान सदस्यहरू सहितको सङ्कल्पको उपसमिति समेत गठन गरिएको थियो, जसको पार्टीगत मान्यता इलाका कमिटी बराबरको थियो । पन्तबाट प्राप्त जानकारीअनुसार- "२०३६-३७ मा नेकपा (माले) का नेता जीवराज आश्रितले जिल्ला कमिटी तहको पार्टीगत सङ्गठनात्मक स्तर प्रदानगरी सङ्कल्प परिवार निर्माण गरिएको थियो, जसको सचिवमा रघु पन्त र सदस्यमा रामेश, मञ्जुल र श्याम तमोट थिए," (व्यक्तिगत कुराकानी, २०७६, ०९/२६) । मञ्जुललाई मालेले सांस्कृतिक फाँट हेर्ने जिम्मेवारी दिएको थियो । सङ्कल्पले विभिन्न समूह निर्माण गरी देशव्यापीरूपमा कार्यक्रमहरू सञ्चालन गर्ने गरेको थियो । पार्टी दृष्टिकोण अनुरूपका जनवादी साहित्यिक पत्रिकाहरू र पार्टीको मुखपत्रका रूपमा वर्गसङ्घर्ष र मुक्ति मोर्चा प्रकाशित हुन्थे । पार्टी

मातहतका सङ्कल्पका कलाकारहरू सामन्ती र पुँजीवादी संस्कृतिउपर आक्रमण गर्ने र पार्टीले लिएको वर्गसङ्घर्षको नीतिलाई प्रोत्साहित गर्ने गर्दथे । ती पत्रिकामा छापिएका गीत, कविता, लेख, रचना, चाइनिज र रसियन युद्धका योद्धाहरूका जीवनी, चिनियाँ नौलो जनवादी क्रान्ति, अक्टुबर क्रान्तिका अनुभव, माओत्सेतुङका जीवनीहरू पढेर उनीहरू आफूभित्र क्रान्ति चेतना पैदा गर्थे ।

त्यसबेला मालेको कला संस्कृतिलाई हेर्ने छुट्टै नीति थियो । नेकपाले अगाडि सारेको साहित्य, कला र संस्कृतिलाई सामन्तवाद र साम्राज्यवाद विरोधी वा नयाँ लोकतान्त्रिक, अर्को शब्दमा नयाँ जनवादी पनि भनिन्थ्यो । नेकपा (माले) ले पार्टी सङ्गठन विस्तारको नीतिअनुरूप नै पार्टी विचार र राजनीति फैलाउन सङ्कल्पलाई अघि बढाएको पाइन्छ । २०३६ को विद्यार्थी आन्दोलनमा सडकमा, कलेज कलेजमा पुगेर प्रशासनिक चुनौती झेल्दै गीत गाएका उनीहरूले २०३६ को जनमत सङ्ग्रह घोषणापछि मालेकै निर्देशनमा सङ्कल्प गीति कार्यक्रम लिएर देश दौडाहामा निस्किए । विराटनगरको हिमालय टाकिजमा साउन महिनामा आयोजित सङ्कल्पको पहिलो कार्यक्रम पछि सङ्कल्पका गीति क्यासेट देशव्यापी रूपमा पुगे । त्यसले जनचेतनाको लहर सिर्जना गरेको थियो । यही क्रममा जेबी टुहुरे पनि सङ्कल्पमा जोडिन पुगे । धरानबाट शम्भु राई र लोचन भट्टराईलगायत पूर्वी नेपालको विभिन्न भागतिरबाट अरू नयाँ कलाकारहरू पनि सङ्कल्प गीति अभियानमा जोडिए ।

पञ्चायती दमनको पर्वाह नगरी उनीहरू राति-राति सङ्कल्प गीति कार्यक्रम गर्थे, हस्तक्षेप र आक्रमणहरू झेल्थे । साना कोठे कार्यक्रमदेखि चालीस-पचास हजार जनतासामु समेत कार्यक्रमहरू गरेको पाइन्छ । त्यसबेला सङ्कल्पमा रामेश, मञ्जुल, जेबी टुहुरे, अरिम, बम देवान, रामकृष्ण दुवाल, हरिलाल थापा, गोविन्द थापा, गणेश थापा आदिको प्रस्तुति रहन्थ्यो । "सङ्कल्प नेकपा (माले) ले निर्दिष्ट गरेको तीन-आठ नियमद्वारा निर्देशित थियो," (पोखरेल, सन् २००७) । उक्त तीन-आठ नियममा जनताबाट सियो र धागोसम्म पनि उधारो नलिने प्रतिबद्धता व्यक्त गरिएको थियो । उक्त तीन-आठ नियम परिशिष्ट ६ मा हेर्न सकिन्छ । सङ्कल्पका गीतहरूले वर्ग चेतनासँगै राजनीतिक परिवर्तनको आन्दोलनलाई गुणात्मक सहयोग पुऱ्याएका थिए । व्यवस्था विरोधी मनस्थिति, मनोभाव र विचार परिवर्तनमा सघाएका थिए । अन्ततः उनीहरूले आर्जन गरेको जनशक्ति मालेको पार्टी सङ्गठन विस्तारसँगै संयुक्त जनआन्दोलन (२०४६) मा मुखरित हुन पुगेको थियो ।

### ४.९.१ जनमत सङ्ग्रहको घोषणा र सङ्कल्प गीति कार्यक्रम

नेपालमा प्रगतिशील गीतको विकासमा २०३६ को विद्यार्थी आन्दोलन र जनमत सङ्ग्रहको घोषणा एक महत्त्वपूर्ण घटनाका रूपमा जोडिएको पाइन्छ । जनमत सङ्ग्रहको घोषणाका सन्दर्भमा प्रवेश गर्दा, २०३५ चैत्र २२ मा पाकिस्तानी प्रधानमन्त्री जुल्फिकर अलि भुट्टोलाई त्यहाँको सैन्य शासकद्वारा फाँसी दिएको विरोधमा पाकिस्तानी दूतावासलाई विरोधपत्र बुझाउने कार्यक्रममा विद्यार्थी जुलुसमाथि प्रहरी हस्तक्षेप भयो । अन्ततः त्यो आन्दोलन राजाको निरङ्कुशता अन्त्य गरी प्रजातन्त्र

प्राप्तिको आन्दोलनमा रूपान्तरण भयो । नेपाल विद्यार्थी सङ्घका बेनुपराज प्रसाई, बलबहादुर केसी तथा वामपन्थी विद्यार्थीबाट शरणविक्रम मल्ल, कैलाश कार्कीलगायत अग्रिम मोर्चामा थिए । देशका विभिन्न भागमा सशक्त रूपमा विद्यार्थी आन्दोलनहरू भए । त्यसको दबाबमा राजाले २०३६ जेठ १० गते जनमत सङ्ग्रहको घोषणा गरेको पाइन्छ । २०३६ जेठ २५ गते टुँडिखेलमा वीपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई लगायतका नेताहरूबाट बहुदलको पक्षमा प्रचार अभियान सुरु भयो । नेकपा (माले) ले निर्वाचनको निष्पक्षतासम्बन्धी पाँच पूर्व सर्तहरू पुरा नभएसम्म जनमत सङ्ग्रह बहिष्कार गरे पनि केही पछि जनमत सङ्ग्रहको बहिष्कार र उपयोगको नीति लियो । बहिष्कार आन्दोलनमा सयौं नेता कार्यकर्ताहरू पक्राउ परे । कार्की भन्छन्- “हाम्रो पार्टी मालेले जनमत सङ्ग्रह बहिष्कार गर्ने निर्णय गर्‍यो । हामीले त्यो निर्णयको प्रतिवाद गर्दै उपयोग गर्नुपर्छ भन्ने धारणा अघि सार्‍यौं । पछि हाम्रो सुझावलाई मध्यनजर गर्दै नीतिगत हिसाबले मात्रै बहिष्कार गर्ने भन्दै पार्टीले निर्णय फेर्‍यो,” (व्यक्तिगत कुराकानी, २०७६, १०/२३) । उक्त शर्तअनुसार बहुदलका पक्षमा, पञ्चायतको विरोधमा जनसङ्गठनको उपयोग गर्ने हदसम्म पार्टीले अनुमति दिएको देखिन्छ । मालेले व्यवस्था विरूद्ध राजनीतिक चेतना फैलाउने उद्देश्यका निम्ति सङ्कल्प गीति कार्यक्रमलाई गाउँगाउँ पुर्‍यायो । “जनमत सङ्ग्रहको केही खुकुलो अवस्थालाई उपयोग गर्दै रामेश मञ्जुललगायत सङ्कल्पका कलाकारहरू तात्कालीन नेकपा (माले) को नेतृत्वमा गाउँ-गाउँ पुगेर व्यवस्थाका विरुद्धमा राजनीतिक परिवर्तनको सन्देश प्रवाह गरे, ती गीतले आगोमा घिउ थपे झैं भयो, त्यसले जनतामा नयाँ चासो र उत्सुकता जागृत गरायो,” (पोखरेल, सन् २००७) । २०३६ असारमा ध्रुवनारायण श्रेष्ठको पहलमा विराटनगरको हिमालय टाकिजमा भएको ‘सङ्कल्प गीति कार्यक्रम’ मा रामेश, मञ्जुल, अरिम, जेबी टुहुरे र शम्भु राईले गीत गाएका थिए, जसका गीति क्यासेटहरू स्टेशनरी पसलहरु मार्फत देशव्यापी बने । मालेले सांस्कृतिक अभियानको सञ्चालन र संयोजन गर्न गठन गरेको सांस्कृतिक कमिटीमा मञ्जुल, रामेश, मोहन श्रेष्ठ र रघु पन्तआदि रहेको पाइन्छ । विराटनगरको कार्यक्रमपछि रामेश, मञ्जुल, अरिमसहित रामकृष्ण दुवाल, श्याम तमोट, विक्रम सुब्बा, प्रमोद हमाल, माधव प्रधान, उदय श्रेष्ठ, सन्तोष श्रेष्ठ, निलिमा राई, प्रतिमा तुलाधर आदि कलाकार राजधानीमा केन्द्रित भए भने पूर्वाञ्चलमा धरान-विराटनगरलाई केन्द्र बनाएर शम्भु राईको अगुवाइमा जेबी टुहुरे, लोचन भट्टराई, चेतनारायण राई, निशान भट्टराई, गणेश उदास, सरू सुब्बा, सीमा पोखरेल, विद्या केसी, टङ्क भट्टराई, जीवन राई, श्याम सुवेदी आदि संलग्न टोली धरान, धनकुटा हुँदै तेह्रथुम, पाँचथर, इलाम, झापा मोरङका विभिन्न स्थानहरूमा सङ्कल्प अभियानमा सक्रिय रहेको देखिन्छ । कम्युनिस्ट विचारधारासँग निकट रहेका रामेश मञ्जुललगायतका सङ्कल्पका कलाकारहरूले नेकपा (माले) को नेतृत्वमा गाउँ-गाउँ पुगेर निरङ्कुश पञ्चायती शासन व्यवस्थाका विरुद्धमा गीति चेतना र जागरणका माध्यमबाट देशमा राजनीतिक परिवर्तनको सन्देश प्रवाह गरेको देखिन्छ । सङ्कल्पले देशव्यापी प्रभाव सिर्जना गर्दै व्यवस्था विरोधी भावना निर्माणमा सघाउ पुर्‍याएको थियो ।

उक्त अभियानमा गाइएको एउटा गीतको पंक्ति यस्तो छ- "गल्ति गर्नु हुन्न अब आउने निर्वाचनमा, निर्दल चुन्नु हुन्न, पञ्चहरूले खाए हाम्रो मासु, जनताका गहभरि हेर ताता आँसु," (मञ्जुल, २०५३ : ६२) । त्यो बेला तराइका जिल्लाहरूमा सङ्कल्पको एउटा छुट्टै समूहले जनचेतना, जागरण र राजनीतिक परिवर्तनका मुद्दाहरूलाई गीतमार्फत गाउँगाउँमा पुऱ्याएको थियो । त्यसबेला गाउँमा कम्युनिस्टहरू प्रतिको हेराई, बुझाई निकै भ्रमपूर्ण थियो । कम्युनिस्टहरूलाई बदनाम गर्ने काम राणाकालबाटै सुरु भएको थियो, पञ्चायतमा अझ धेरै भयो । श्रेष्ठको बुझाइमा त्यसबेलाका मानिसहरू कम्युनिस्टलाई यसरी बुझ्दथे -"बुढा बुढीलाई मार्ने, धर्मकर्म, देविदेउता नमान्ने, बिहे गरेर परिवार नबसाउने, जसले जोसँग पनि सम्बन्ध राख्ने, छोराछोरीले बाबु आमा नचिन्ने, लडाईं झगडा गरेर मारामार मच्चाई रहने, मान्छेको टाउको काट्ने, सधैँ काममा मात्र लगाउने, नगरे मारिदिने जस्ता भ्रामक कुराहरूले गाउँ पिटेको थियो," (श्रेष्ठ २०८१: २११) । तर जब राल्फा, सङ्कल्पका गीतले गाउँगाउँमा जनचेतना जगाउन थाले, ती भ्रमहरू विस्तारै हट्दै जान थालेको पाइन्छ । कम्युनिस्ट भनेका जनताका असल मान्छे हुन् भन्ने भावनाको विकासमा राल्फा, सङ्कल्पका गीतहरूले भूमिका खेलेको देखिन्छ । उक्त गीति जागरण अभियान अनेरास्ववियुका सुनसरी जिल्ला अध्यक्ष भवानी बरालको नेतृत्वमा चेतनारायण राई, लोचन भट्टराई, सरू सुब्बा, सीमा पोखरेल, हरिलाल थापा, राजु थापा, पृथ्वी राई तथा कृष्ण श्रेष्ठलगायतका कलाकारहरूका साथ शम्भु राई थिए । यसक्रममा कलाकारहरू गिरफ्तारीमा समेत परे । तमोट भन्दछन् - "सङ्कल्प गीति कार्यक्रमका क्रममा २०३८ र २०४५ मा पनि गिरफ्तारीमा परेँ । पञ्चायत विरोधी गीत लेखेको भनेर प्रहरीले दिनदिनै सोधपुछ गर्थे । हामी लुकेर, भागेर, भूमिगत भएर परिवर्तनका गीतहरू गाउँथ्यौँ," (२०७६, १०/११) । "सङ्कल्पका गीतमा आफ्नै खाले तर्क हुन्थे र यस तर्कमा चेतना, काम, एकता, विद्रोह र सङ्घर्षबाटै आमूल परिवर्तन हुन्छ भन्ने ध्येय प्रकट हुन्थ्यो र ती तर्कले आमूल परिवर्तनलाई नै तार्किक निष्कर्षका रूपमा प्रस्तुत गर्थे," (ग्रान्डिन, सन् १९९६) । उनको भनाइबाट सङ्कल्पका गीतले अन्याय, अत्याचार र शोषण विरूद्ध लड्न र समाज परिवर्तनका निम्ति जनतालाई सङ्गठित र जागृत गर्नमा सहयोग पुऱ्याएको थियो भन्ने अर्थमा बुझ्न सकिन्छ । "२०३९ जेठ १ गते सुधारिएको पञ्चायती व्यवस्थालाई पञ्चायतइतर शक्तिहरूले बहिष्कार गरे," (श्रेष्ठ, २०६०) । तर त्यो अवस्था व्यवहारमा देखा परेन । पञ्चायतको विजय घोषणापछि पुष १ गतेको संविधानको तेस्रो संशोधनप्रति विभिन्न दल तथा व्यक्तिहरूबाट असन्तुष्टि व्यक्त भयो । अन्ततः आन्दोलनको उपलब्धिका रूपमा स्वतन्त्र विद्यार्थी युनियन उपलब्धिका रूपमा गठन हुन गयो ।

### ४.९.२ सङ्कल्प कार्यक्रम माथिका हस्तक्षेप

आन्दोलनमा दमन, अवरोध र प्रतिरोध सँगसँगै देखा पर्दछ । जनमत सङ्ग्रहताका सङ्कल्पका गीति कार्यक्रममाथि पञ्चायती प्रशासनद्वारा गीतको प्रभाव निस्तेज पार्न थुप्रै हस्तक्षेप र आक्रमणहरू भएको पाइन्छ । उनीहरूले त्यसको प्रतिवाद वैचारिक र सिर्जनात्मक रूपमा गरेको पाइन्छ । रामेशको

भनाइलाई उद्धृत गर्दै राई र राईले लेखेका छन् - "शासकहरूले कलाकारहरूलाई हतोत्साही तुल्याउन अनेकन प्रपञ्च रचे । कहिले पुलिस थानामा लगेर केरकार गर्ने, कहिले साङ्घातिक आक्रमण गर्ने, कहिले धम्क्याउने जस्ता कुराहरू भए । तर अप्ठ्यारा चुनौतीहरूलाई सजिलै परास्त गरेर कलाकारहरूले आफ्नो अभियान जारी राखेका थिए," (२०५३) । सत्ताको आडमा बसेका केही व्यक्तिहरूले सङ्कल्प गीति कार्यक्रमलाई निशाना बनाए । देशका विभिन्न ठाउँमा प्रगतिशील गीति कार्यक्रमहरूको लहर नै चलेको थियो । कार्कीका अनुसार- "सङ्कल्पका गीतहरू जनतामा लोकप्रिय बनेका थिए । शासकहरू त्यसबाट शासन सत्ता नै उड्ने हो कि भन्ने भय राखी देशैभरका सम्पूर्ण पत्रिका पसलहरूमा प्रहरीद्वारा छापा मारेर बिक्री गर्न राखेका सङ्कल्पका गीति क्यासेटहरू लुटेर लैजान्थे," (व्यक्तिगत कुराकानी, २०७६, १०/२६) । उक्त भनाइले कलाकारहरू माथि मात्र नभई ती गीत बेच्ने विक्रेता र सुन्ने स्रोता माथि पनि प्रशासनको निगरानी राखेको देखा पर्दछ । नेपाल, (२०५३) का अनुसार- कलाकारहरू माथि प्रशासनिक आक्रमण हुन्थ्यो, उनीहरू थुनिन्थे र यातनाको शिकार हुन्थे । यसको प्रमाणको रूपमा पाँचथर, ताप्लेजुङमा सङ्कल्प गीति कार्यक्रम माथि पनि आक्रमण गरिएको थियो भने झापा र मोरङका केही ठाउँहरूमा खुकुरी प्रहार गरिएको थियो । कार्कीको दाबीलाई नेपालको भनाइले थप सम्पुष्ट गर्दछ । श्रेष्ठका अनुसार- "नुवाकोटमा गीति कार्यक्रम हुँदै गर्दा प्रहरी हस्तक्षेप भयो । स्टेजमै प्रहरीहरूले बन्दुक ताके । 'मेरो छातीमा गोली ठोक' भनेर एक कलाकारले सर्टको टाँक खोलेपछि प्रहरीहरू केही हच्किएका थिए । तर प्रहरीले कार्यक्रम स्थल कब्जा गरेपछि कलाकारहरू स्टेज छोडेर भाग्न बाध्य भए," (व्यक्तिगत कुराकानी, २०७६) । तमोटका अनुसार- पञ्चायती प्रशासनले घर परिवारलाई समेत धम्क्याउने, सम्झाउने, नसम्झिए बदला लिने जस्ता कार्यहरू गरेका थिए ।

प्रगतिशील गीतलाई माया गर्ने, साथ समर्थन दिनेहरूलाई समेत शासकहरूले थुनछेक गर्ने, हुर्मत लिने काम गरेका थिए । भोजपुरको दिल्पामा आयोजना भएको प्रगतिशील गीतको कार्यक्रममा स्टेज समेत भत्काइदिएका थिए । उनका अनुसार त्यहाँ कार्यक्रम गर्न रोक लगाएका थिए । शम्भु राइको नेतृत्वमा अघि बढेको नेपालको पूर्वी जिल्लाका कार्यक्रमहरूमा विभिन्न आक्रमणहरू भएका थिए । फिदिम बजारमा प्रहरी प्रशासनले हस्तक्षेप गरेको थियो । प्रहरीले पक्रिन खोज्दा प्रहरीलाई छक्याएर कलाकारहरू ताप्लेजुङतर्फ भागेका थिए । ताप्लेजुङ बजारमा भएको कार्यक्रममा पनि प्रहरीहरूले आक्रमण गरेका थिए । राई भन्छन् - "स्टेजमा आई बन्दुक ताके, हल्ट भने । कार्यक्रम तत्काल रोक्न भने । तर जनताको साथ पाएकोले ज्यानको पर्वाह नगरी हामीले हस्तक्षेपबीच केही गीत गायौँ, त्यसपछि कार्यक्रम अवरुद्ध भयो," (अन्तर्वार्ता, २०७५, ९/१४) । २०२४ सालमा झापाको शनिश्चरेमा पूर्वाञ्चल क्षेत्रीयस्तरीय प्रगतिशील साहित्यिक सेमिनारमा, झापाकै गरामुनी, २०३६ मा पृथ्वीनगरमा, २०४३ को तिहारमा झापाकै चकचकीमा प्रगतिशील गीतको कार्यक्रम हुँदै गर्दा प्रहरी हस्तक्षेप भयो । "जनता भाँड्ने वामेहरूलाई भेटे गोली ठोक्नु" भन्ने आदेश दिएका थिए । रामेशका

अनुसार- परिवर्तनका गीत गाउँदै हिँड्दा, ठाउँ-ठाउँमा पञ्चायतीहरूले खुकुरी उज्याएका थिए । पञ्चायतीहरूले जासुसी जालोभित्र पार्न अनेक हर्कत गर्ने गर्दथे । त्यसरी गाउँदै हिड्दा पञ्चायतको आँखाको कसिङ्गर नै बन्नु परे पनि ती कलाकारहरूलाई आम जनताको साथ समर्थन थियो । जनताको शक्तिले परिवर्तनकामी जनताका गीत र विचारहरू मर्न दिएन, झन्झन् बलशाली हुँदै गएको थियो । टुहुरेका अनुभवमा- "कलाकारहरूलाई मात्र हैन ती सङ्कल्पका गीति क्यासेट र प्रगतिशील गीतका पुस्तिकाहरू बेच्ने कतिपय पत्रिका विक्रेताहरूलाई समेत उनीहरूले जेल हाले," (व्यक्तिगत कुराकानी २०७६, ९/२६) । तथापि, क्रुर दमन, उत्पीडनका बावजुत पनि विभिन्न बाधा अवरोधहरू झेल्दै प्रगतिशील गीति यात्रा पञ्चायती व्यवस्था विरुद्ध सङ्गठित रूपमै निरन्तर चलिरह्यो ।

पञ्चायतकालमा मानिसहरू अभिव्यक्ति स्वतन्त्रताबाट वञ्चित थिए । प्रगतिशील गीतहरूले त्यसको सशक्त प्रतिवाद गरेकोले प्रगतिशील गीत र पञ्चायतको सम्बन्ध प्रतिशोधपूर्ण रहेको देखा पर्दछ । ज्ञवालीका अनुसार- "पिकनिक गए वापत, तीजमा दिदी बहिनीहरूसँग जम्मा भएर गीत गाए वापत, देउसी भैली खेले वापतसमेत पनि दण्डित हुनुपर्थ्यो । सामाजिक जीवनमै अनेकन किसिमका हस्तक्षेपहरूको सामना गर्नु पर्दथ्यो । यसले गर्दा पञ्चायत र प्रगतिशील गीतबीच वर्गीय अन्तर्विरोधको अवस्था देखापरेको थियो," (व्यक्तिगत कुराकानी, २०७६, १०/२३) ।

त्यसबेला सङ्कल्पका गीति क्यासेटहरू पत्रिका पसलहरूमा पाइन्थ्यो । ती गीत मानिसहरू विदेशबाट ल्याएका लाहुरेहरूका क्यासेट प्लेयरमा हालेर गाउँभरिका मानिस एकै ठाउँमा भएर सुन्ने गर्दथे । ३५-३६ सालतिर सङ्कल्पका गीतहरू खेतबारी, मेलापात, दिदीबहिनी, आमाहरू ढिकीजाँतो गर्दा, कलकारखानामा बढी गुञ्जन्थे । प्रगतिशील गीतले समाजका अत्यन्त स-साना समुदायमा राजनीतिक चेतना विस्तारमा भूमिका खेल्दै व्यवस्थामाथि निरन्तर दवाव दिइरहेको थियो । गीतको प्रभावले जनता व्यवस्था विरोधी बन्दै गएको र त्यसलाई दबाउन नसके व्यवस्था माथि खतरा उत्पन्न हुने भन्ने मनोवैज्ञानिक डर, त्रास पञ्चायतमा रहेको बुझ्न सकिन्छ । "प्रगतिशील गीतहरू शासकहरूबाट पक्राउ पर्ने डरले लुकीलुकी भागीभागी गाउनुपर्ने, उनीहरूका आँखा छलेर जनताबीचमा पुग्नुपर्ने अवस्था थियो । जोखिमपूर्ण अवस्थामा ती गीतले देशका कुन कन्दराका मस्तिष्कबीचमा चेतना छरेका थिए," (भौकाजी, २०७४) । उक्त भनाइले सङ्कल्पले लिएको चुनौतीपूर्ण गीति सङ्घर्षको पाटो उजागर हुन्छ, गीत राजनीतिक चेतनाको माध्यम बनेका थिए भन्ने थाहा हुन्छ । नेपालका अनुसार- "झापा र मोरङका केही स्थानहरूमा सांस्कृतिक कार्यक्रम भइरहेको ठाउँमा खुकुरी आक्रमण समेत भयो, कार्यक्रम सकेर घर फर्किरहेका बेला कलाकारहरू माथि सङ्गठित र नियोजित हमला भयो । वास्तवमा पञ्चायती दमन उपर मानिसहरूको प्रतिशोधनै प्रगतिशील गीतको लागि नेपाल उर्वर अवस्था बन्न पुगेको हो," (व्यक्तिगत कुराकानी, २०७६, ०९/२२) । झापाको चारआली, झिलझिलेमा खुकुरी आक्रमण समेत भएको थियो । २०३६ सालमा

झापाको पृथ्वीनगर, यस्तै गोल्धापमा भएको प्रगतिशील गीतको कार्यक्रममा निर्ममतापूर्वक प्रहरी हस्तक्षेप भएको थियो । सुरुङ्गामा पनि कार्यक्रममाथि प्रहरी हस्तक्षेपका घटनाहरू भएको पाइन्छ । चार महिनासम्म निरन्तर सञ्चालन भएको उक्त कार्यक्रमले पूर्वाञ्चलमा राजनीतिक जागरण, चेतना ल्याउन, पञ्चायत विरुद्ध जनमत निर्माण गर्न र राजनीतिक परिवर्तनका मुद्दाहरूलाई जनजनमा पुऱ्याउनमा भूमिका खेलेको पाइन्छ । सङ्कल्प जनताबीच गएर पञ्चायतको भण्डाफोर गर्ने, पञ्चायत त्यसलाई निष्तेज पार्न खोज्ने क्रममा सत्ता र शासकबीच अन्तर्संसङ्घर्षको अवस्था देखा पर्दछ ।

२०३६ मा मोरङ विराटनगरमा आयोजीत कार्यक्रमको क्यासेटको प्रचारले पूर्वमा जनउभार ल्याएपछि प्रहरीले धेरै ठाउँमा कार्यक्रम रोकिदिने, बिजुली बत्ति निभाइदिने, बाटो छेक्ने र सोझै आक्रमण समेत गरेको पाइन्छ । मोरङ जिल्लाको मधुमल्ला, सुरुङ्गा, झिलझिले, बेलबारीआदि स्थानमा प्रहरीहरूलाई छक्याएर कार्यक्रम गरेको देखिन्छ । कलाकारहरूका पछाडि सिआइडी खटाउने, सुराकी गर्ने, आक्रमण गर्ने कार्यहरू भएको देखिन्छ । भण्डारीका अनुसार- "जनमत सङ्ग्रहताका झापा धाइजनको मङ्गली भन्ने ठाउँमा शम्भु राई गीत गाइरहेको बेला पञ्चायती समर्थकले स्टेजमै खुकुरी प्रहार गरे । २०३६ मै झापा गरामुनिको एक कार्यक्रममा पनि प्रहरीहरूले कार्यक्रमस्थललाई चारैतिरबाट घेरा हाली हठात् आक्रमण गरे । भागदौडमा रक्ताम्य भएका मानिसहरूमाथि चरम ज्यादती गरियो । आक्रमणकारीहरूले दर्शकलाई समेत छोडिएन," (व्यक्तिगत कुराकानी, २०७५, ०७/१५) । त्यस समयका सोही कार्यक्रमका एक सहभागी कलाकारका अनुसार सङ्कल्पको ताप्लेजुङको कार्यक्रममा शम्भु राईले दुईवटा गीत गाउनासाथ सिधै हस्तक्षेप गरियो, स्टेजमा आएर गितारहरू फुटाइदिने, पिट्ने, धम्क्याउने, लछारपछार गर्ने, स्टेज भत्काइदिने, बाजागाजा लुटेर लगिदिने जस्ता अमानवीय हर्कतहरू भए (प्रधान, व्यक्तिगत कुराकानी, २०७६, ०९/२२) । उल्लिखित भनाइहरूबाट अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गरिएको, सत्ताको दुरूपयोग भएको अवस्था देखापर्दछ । २०३८ सालको अन्त्यतिर त्रिचन्द्र कलेजमा सांस्कृतिक कार्यक्रम गर्दै गर्दा कुमार कार्की लगायतका कलाकारहरूलाई पक्रेर हनुमान ढोकामा लगेर थुनियो । उनीहरूलाई डेढ महिना कष्टडीमै राखिएको थियो । तात्कालीन अनेरास्ववियुका अध्यक्ष कार्की भन्छन् - "२०३८ तिर ताप्लेजुङस्थित मेरो घरमा पञ्चहरूले आगो लगाइदिए । त्यसपछि मलाई काठमाडौँमा खर्च धान्न निकै धौ-धौ परेको थियो । त्यसअघि म घरबाट पठाइएको खर्चबाटै दैनिकी गुजार्थें," (कार्की, २०७६) । उक्त भनाइले पनि शैक्षिक क्षेत्रमा प्रगतिशील गीतप्रति पञ्चायतको ज्यादती र दमन रहेको स्पष्ट हुन्छ । काठमाडौँ बाहिर पनि पञ्चायतले अनेकन ज्यादती गरेको पाइन्छ ।

प्रतिबन्धित राजनीतिक दलहरूले शैक्षिक क्षेत्रलाई आफ्ना गतिविधिको केन्द्र बनाएका थिए । कलेज-कलेजमा हुने सङ्कल्पका गीति कार्यक्रमहरू माथि समेत प्रहरी हस्तक्षेप र आक्रमणहरू भएको पाइन्छ । त्रिचन्द्र कलेज, अमृत साइन्स कलेज, शङ्करदेव क्याम्पसआदिमा गीति कार्यक्रम हुँदै गर्दा पञ्चायतीहरूले विद्यार्थी माथि अन्धाधुन्द लाठि बर्साए, स्टेज तोडफोड गरे, क्याम्पस भित्रै प्रहरीहरू

छिरेर कलाकार र विद्यार्थीलाई लछारपछार पारेका थिए । नेपालका अनुसार- “महेन्द्ररत्न क्याम्पसमा अनेरास्ववियुको सम्मेलनमा गीति कार्यक्रम हुँदै गर्दा रामेश, मञ्जुलहरूलाई प्रहरीले निकै समस्यामा पारे । राष्ट्रवादी विद्यार्थी मण्डलका मान्छेहरूले हस्तक्षेप गरे । ठाउँठाउँमा त्यस्ता प्रतिरोधहरू भएका थिए । उनीहरूलाई पञ्चायती शासकहरूले सञ्चालन गरेका थिए । पुलिसलाई अगाडि सारिएको थियो,” (कुराकानी, २०७६) । राष्ट्रवादी मण्डलका मानिसहरू अघि सारेर देशका विभिन्न ठाउँहरूमा त्यस खालका अवरोधपूर्ण कामहरू भएको पाइन्छ । त्यसबेलाको द्वन्द्वात्मक अवस्था चित्रण हुन पुग्छ । यसबाट पञ्चायती प्रशासनमाथि गीतले दिएको दबाब अनुभूत गर्न सकिन्छ । “२०३६ सालमा झापा पृथ्वीनगर हिमाली माध्यमिक विद्यालयमा भएको कार्यक्रममा प्रहरीहरूले घेरा हाले । हजारौँका बीचमा उद्घोषण गरिरहेको मैँले एकजना प्रहरीको राईफल नै खोसेर बहादुरीका साथ दर्शक भएतिर फाल्दिएँ । त्यो बन्दुक रातभरि कब्जामै राखि भोलिपल्ट सम्झौता गरी प्रहरीलाई सुम्पियौँ,” (भण्डारी, व्यक्तिगत कुराकानी, २०७५, ७/१५) । यसबाट प्रगतिशील गीत र त्यसले उठाएको राजनीतिक चेतना जागरणप्रतिको दृष्टिकोण उजागर हुन्छ । प्रगतिशील गाउनेहरूलाई मात्र हैन, सुन्ने स्रोता दर्शकहरूलाई समेत पञ्चायतीहरूले तारो बनाएका थिए । प्रगतिशील जनवादी गीत सुन्ने सुनाउने कार्यले ६ महिना जेल बसेका भट्टराईले घटनाको बारेमा यसरी सङ्क्षिप्त विवरण सुनाएका छन् -

> २०४५ सालमा तत्कालीन राजा वीरेन्द्र धनकुटा भ्रमणको बेला हामी चारजना तारा, कृष्ण र म र दाइ वासुदेवलाई पञ्चायतले हत्कडी लगायो । छोरी पार्वती अखिलको राजनीतिमा भर्खरै प्रवेश गरेकी थिइन् । उनी जनवादी गीतमा राम्रो नाच्ने गर्थिन् । मोदनाथ प्रश्रित उपस्थित हुने महेन्द्र मोरङ क्याम्पस विराटनगरको एक कार्यक्रममा उनलाई पठाइदिनु भन्ने एउटा चिट्ठी वासुदेव दाइको नाममा मैँले लेख्नु ठुलो अपराध बन्न पुग्यो । बाटैमा त्यो चिठी प्रहरीको खानतलासीमा फेला परेपछि गाउँबाटै पक्राउ गरियो । मुद्दा फैसलाको सिलसिलामा विराटनगर लगिएको थियो । पुलिसले अघिल्लो रात मलाई यातना दियो । कन्सिरीका रौँ उखेलेर निर्घात पिटिएकोले म बोल्न सक्ने अवस्थामा थिइनँ । हामीलाई राजकाज ऐनअन्तर्गत ६ महिनाका लागि विराटनगर जेल चलान गरियो, (भट्टराई, २०७८) ।

एउटा चिट्ठी लेख्नु पनि अपराध गनिनु र राजकाजमा जेल बस्नु पर्ने कार्यले त्यसबेलाको प्रशासनिक दमनको हद बुझ्न र प्रगतिशील गीति कार्यक्रमप्रति पञ्चायती भयको स्थिति बुझ्न सघाउँछ ।  त्यसबेला पञ्चायतले विद्यार्थीहरूलाई अनिवार्य रूपमा कक्षा गीत गाउनु पर्ने चलन चलाएको थियो । धेरै जसो कक्षा गीतहरू राजारानीको प्रशंसाका थिए । ती गीतको प्रत्युत्तरमा प्रगतिशीलहरूले बालबालिकालाई प्रोत्साहित गर्ने जागरणका गीतहरू स्कुल-स्कुलमा गाउन सिकाउन थालेका थिए । दुवाल (२०७६) का अनुसार- “राजारानी र व्यवस्थाको स्तुतिगान विद्यार्थीले मन पराएका थिएनन् तर प्रगतिशील गीतमा सामाजिक यथार्थ भएकोले ती गीत खोजी खोजी सुनेर,

सिकेर स्कुलमा गाउँथे । विद्यालयमा प्रगतिशील गीत सिकाउँदा हस्तक्षेप गरिन्थ्यो । ती गीतले जनतालाई पञ्चायत विरोधी बनाएको, मानिसहरूलाई उचालेको, विद्यार्थी भड्काएको भन्दै हामीलाई अनेकन आरोपहरू लगाउँथे," । यसैक्रममा राष्ट्रिय मावि कीर्तिपुर, लेबोरोटरी मावि, थानकोटको मंगलोदय मावि, प्रभात मावि लगायत देशभरका थुप्रै विद्यालयहरूमा प्रगतिशील गीत नगाउन, नसिकाउन दबाब दिइएको पाइन्छ । विद्यालयमा कार्यक्रम गर्दा अभियानलाई तेजोबध गर्ने जस्ता अनेक उपाय अवलम्बन गर्ने गरिएको पाइन्छ । यसैगरी झापाको गोल्धापको जनता माध्यमिक विद्यालयमा २०३८ फागुन १२ गते शिक्षा दिवसका दिन भएको प्रगतिशील गीति कार्यक्रममा प्रहरीद्वारा आक्रमण गरियो । उक्त कार्यक्रम पूरा गर्न दिइएन । कलाकारहरूलाई आइन्दा यस्ता गीतहरू नगाउनु, गाए जेल हाल्ने भन्दै धम्क्याइएको थियो," (समूहगत छलफल, २०७५, ०६/२७) ।

प्रगतिशील गीत र कलाकार माथि पञ्चायतको कडा नियन्त्रण थियो । कलाकारहरूलाई राजनीतिक रूपमा नै व्यवहार गरिएको थियो । उनीहरूका गीतहरू पञ्चायतइतरका विद्रोही आवाजभित्र पर्दथे । ती गीत माथि रेडियो नेपालले प्रतिबन्ध लगाएको थियो । सेन्सरमा परेका थिए । उनीहरू माथि अराष्ट्रिय तत्त्व (अ.त), विद्रोही, समाज भँडुवा, अनेक आरोपहरू लगाइएका थिए । कतिपय प्रगतिशील अगुवा कलाकारहरूले व्यवस्था विरोधी गीत गाएको आरोपमा जेल, नेल, यातना भोग्नुपरेको थियो । उनीहरूलाई झुटा मुद्दामा समेत फसाइएको थियो । ठाउँठाउँमा प्रहरीसँगको मुठभेडमा घाइते हुनुपरेको थियो । यस्ता अराजक र उच्छृङ्खल कार्यहरूमा धेरैजसो राष्ट्रवादी विद्यार्थी मण्डलका विद्यार्थीहरूको हात रहने गरेको पाइन्छ, त्यस्ता अराजक समूहलाई *मण्डले* भन्ने गरिन्थ्यो । पञ्चायती व्यवस्था समर्थक ती विद्यार्थी मण्डलका विद्यार्थीहरूले सुनियोजित रूपमा गीति कार्यक्रम माथि आक्रमण गर्ने गरेका थिए । राना भन्छन् -"पञ्चायती शासकहरूले विद्यार्थी क्षेत्रलाई नियन्त्रण गर्न २०२५ मा २ वर्ष अघिको विद्यार्थी सङ्गठनकै सदस्यहरू थपघट गरेर *राष्ट्रवादी विद्यार्थी मण्डल* नामक विद्यार्थी सङ्गठनको स्थापना गरेका थिए । यो सङ्गठनको गतिविधि सञ्चालन सिधै सिडिओ र अञ्चलाधिसहरूबाट हुने गर्दथ्यो र यस सङ्गठनको मूल उद्देश्य पञ्चायती व्यवस्था विरोधीहरू माथि जाइलाग्नु थियो," (राना, २०५०: २२३) । विद्यार्थी मण्डल विद्यार्थी क्षेत्रमा काम गर्ने गरी स्थापना गरेको भएता पनि यसले समग्र राजनीतिमा हस्तक्षेपकारी भूमिका खेल्ने गरेको थियो । नेपाली बृहत् शब्दकोशमा समेत मण्डले भनेको नकारात्मक अर्थमा छुल्याहा, बद्नाम, उद्धत उच्छृङ्खल, अरूको अहित चिताउने र उपद्रवी, (पराजुली, २०७५ : ९८९) भनी परिभाषित गरिएको छ । यसैले पनि उनीहरूको चरित्र स्पष्ट पार्दछ । उक्त शब्दार्थबाट पनि त्यसबेला पञ्चायतद्वारा निर्मित विद्यार्थी मण्डलको प्रगतिशीलहरू माथिको अराजक शैली प्रदर्शन हुन्थ्यो भन्ने कुरालाई जाहेर हुन्छ । यसबाट पञ्चायतले योजनाबद्ध रूपमै प्रगतिशील गीत र तिनका प्रस्तुति माथि नियन्त्रण गर्न चाहेको देखिन्छ । यसबाट प्रगतिशीलहरू माथिको पञ्चायती व्यवस्थाको दृष्टिकोण समेत स्पष्ट बुझ्न सकिन्छ । भण्डारी भन्छन्- "क्याम्पस-क्याम्पसमा स्ववियुद्वारा आयोजना हुने

सङ्कल्प गीति कार्यक्रम भाँड्न, विद्यार्थीहरूमाथि कुटपिट गर्न, धम्क्याउन, आन्दोलन दबाउन, विद्यार्थी नेताहरूको जासुसी गर्न र सशस्त्र प्रहरीलाई हस्तक्षेपका लागि बल पुऱ्याउने काम तिनै 'मण्डले' हरूद्वारा हुने गरेको थियो," (व्यक्तिगत कुराकानी, २०७५, ७/१५) । उक्त भनाइबाट प्रगतिशील गीत माथि राजनैतिक रूपमा र छद्मरूपमा दुवै किसिमबाट हस्तक्षेप र आक्रमण हुने गरेको यथार्थ प्रकट हुन्छ । प्रजातन्त्रवादी र प्रगतिशीलहरूको शक्ति र तिनको प्रभावलाई निस्तेज गर्न र दमनको माध्यमबाट पञ्चायती व्यवस्थाको संरक्षण गर्न चाहेको देखिन्छ । २०३६ को जनमत सङ्ग्रहपछि नेपाली राजनीतिमा सुधारिएको पञ्चायतको नामबाट भूमिगत गिरोह प्रकट भएको थियो । पञ्चायती शासनमा निरङ्कुशताको सर्वाधिक प्रयोग भएको त्यस समयमा उक्त गिरोहले पञ्चायत प्रणाली भन्दा बाहिर रहेर प्रणालीमाथि समेत हस्तक्षेप गर्ने गर्दथ्यो । त्यसले सत्तालाई अझ निरङ्कुश बन्न प्रेरित गरेको थियो । मञ्जुलका अनुसार- "राल्फा, सङ्कल्पले कार्यक्रम गर्नु अघि सामग्री सिडियो, अञ्चलाधिस कहाँ लगेर सेन्सर गराउनु पर्दथ्यो । जिल्लातिर जाँदा जिल्लामै सेन्सर गराउनु पर्दथ्यो । सामग्री सेन्सर गराए पछि पनि कार्यक्रम स्थलमा हस्तक्षेप र आक्रमण हुने गर्थ्यो," (व्यक्तिगत कुराकानी, २०७६, १२/२०) । गीति सामग्री सेन्सर गरिदिने तर हस्तक्षेपका लागि प्रहरी पठाउने कार्यले पञ्चायतको दोहोरो भूमिका देखा पर्दछ । जनवादी गीत गाएकै कारण धेरै कलाकारले जेल, नेल, भोग्नु पऱ्यो । जेलभित्र मानसिक तथा शारीरिक यातना समेत दिइएको पाइन्छ । "कोही कोही प्रहरीहरू राम्रै कुरा पनि गर्थे, कोही धम्क्याउँथे, कोहिले मार्दिन्छु, सिध्याइदिन्छु समेत भने । ती शासकहरूले प्रगतिशील कलाकारहरू माथि चरम दमन गरे । कस्टडी भित्रै पनि यातना दिने काम समेत गरेका थिए," (शर्मा, व्यक्तिगत कुराकानी, २०७५,०९/१८) ।

जहाँ-जहाँ प्रगतिशील गीतका कार्यक्रमहरू हुन्थे, ती निकै प्रभावकारी हुन्थे । किनकि त्यहाँ शोषण, अन्याय, असमानता, विभेद, दमन, हस्तक्षेपको विरोध हुन्थ्यो । धनकुटाको छिन्ताङ, सिन्धुपाल्चोकको पिस्कर घटना तिनै गीतकै कारणले भएका थिए । त्यहाँ चरम दमन भयो, तर त्यसले सिङ्गो देशमा परिवर्तनको सन्देश प्रवाह गरेको पाइन्छ । राजनीतिक परिवर्तनमा गीतको शक्ति कति हुन्छ भन्ने कुरा त्यसैबाट पनि मापन गर्न सकिन्छ," (व्यक्तिगत कुराकानी, २०७५,०७/०९) । उक्त घटनाहरूमा प्रगतिशील गीतहरूले विद्यमान व्यवस्था ठिक छैन, त्यसलाई जसरी पनि बदल्नु पर्छ, नयाँ व्यवस्था ल्याउनु पर्छ भन्ने भावलाई मन छुने तरिकाले अभिव्यक्त गरेको पाइन्छ । त्यसले मनोरञ्जनसँगै सूचना, शिक्षा, राजनीति, दर्शन र चेतना प्रवाह गर्ने काम गरेको थियो भन्ने कुरा स्पष्ट हुन जान्छ । पन्त भन्छन्- "२०३६ मा प्रलेक गठन भएपछी त्यसको संयोजकको रूपमा म पहिलो पाल्पा जिल्ला सम्मेलन रिडीमा भाग लिन गएँ, त्यहाँ प्रदीप नेपाललाई प्रहरीले अप्ठ्यारोमा पाऱ्यो । प्रहरीले हामीलाई भेटे गोली ठोक्नु भन्ने आदेश पाएका रहेछन् । प्रहरीहरूसँग बाटोमा हाम्रो जम्काभेट भयो तर संयोगबस बटुवा ठानेर नचिनेकोले हाम्रो ज्यान जोगियो," (२०७६, व्यक्तिगत कुराकानी, ०९/२६) । ठाउँठाउँमा प्रगतिशील स्रष्टाहरू माथि

पञ्चायतले आक्रामक व्यवहार गरेको थिए । उनीहरूलाई पञ्चायत विरुद्ध गतिविधि गरिरहेको निहुँ बनाएर सिध्याउन खोजेको देखिन्छ । प्रशासनका यस्ता प्रतिशोधपूर्ण कार्यहरूको कारण नै पञ्चायती व्यवस्थासँग सङ्कल्पका कलाकारहरूले गीति कार्यक्रमका सन्दर्भमा अनेकन सङ्घर्ष, हस्तक्षेप, आक्रमण र जेलनेलका घटना समेत हुने गरेको थाहा हुन्छ । उल्लिखित घटना, तथ्यका आधारमा सङ्कल्पले चुनौतीपूर्ण अवस्थामा राजनीतिक उद्देश्य परिपूर्तिका निम्ति जनचेतना जागृत गर्ने काम गरेको र राजनीतिक दलहरूले उठान गरेको व्यवस्था विरोधी आन्दोलनलाई नै सघाउँदा नै उक्त घटनाहरू भएको देखापर्दछ । पञ्चायती व्यवस्थालाई धराशायी तुल्याउँन र जनतालाई राजनीतिक परिवर्तनमा सहभागी हुने वातावरण तयार गर्नमा सङ्कल्पका गीतले भूमिका खेलेको यसबाट स्पष्ट हुन पुग्छ । राजनीतिक जागरणका सङ्कल्पका गीतहरूको प्रकृति यसप्रकार रहेको थियो –

**तालिका नं. ४.२ : सङ्कल्पकालीन गीति प्रवृत्ति**

| गीतको स्थायी बोल | गीतको अन्तर्वस्तु | स्रोत |
|---|---|---|
| मानिस छुत अछुत हुन्छ म भन्दै भन्दिन | छुवाछुत विरोधी चेतना | मञ्जुल, २०४७, पृ. १५ |
| बसाई हिँड्नेको ताँतीले | ठालुहरूको शोषण | टुहुरे, २०४७, पृ. ८० |
| जुत्ता सिउँछौ सार्कीहरू | श्रमको मूल्य | मञ्जुल, २०४७, पृ. ३४ |
| अन्तिम विजय हाम्रै हो | क्रान्ति विजय शङ्खघोष | भण्डारी, २०४७, पृ.४२ |
| गल्ति गर्नु हुन्न अब निर्दल चुन्नु हुन्न | जनमत सङ्ग्रह विशेष | राई, २०७६, पुष १४ |
| समयको हुरी ल्याउने हामी विद्यार्थी हौं | विद्यार्थी चेतना | राई, २०४७ पृ. ३३ |
| पाँचवटा पहाड पन्छाउँन भनि एक भई | साम्राज्यवाद विरोधी चेतना | सुब्बा, राई, २०४७, पृ. ३९ |
| मार्क्सवाद यो, अजेय हतियार | मार्क्सवादी चेतना | मञ्जुल, २०४७, पृ. १ |
| अदबका तीन नियम मान्दछौं | अनुशासन | जनताका गीत, २०४७: ३१ |
| बन्दी छन् हाम्रा हातहरू | राजबन्दीको मुक्ति चेतना | (राई, २०४७ पृ.२०) |

स्रोत : *जनताका गीतहरू* (२०४७) ।

सङ्कल्पका गीतहरूको वर्ग चेतनाको प्रवृत्तिलाई नियाल्दा मुलभूत रूपमा श्रमकार वर्गको पक्षपोषण, वर्गद्वन्द्वको चित्रण, वर्गसङ्घर्षको आह्वान, वर्गीय प्रेम र वर्गीय पक्षधरता, सामन्ती शोषण, उत्पीडनको विरोध, साम्राज्यवाद, विस्तारवादको विरोध, राजनीतिक विसङ्गति र विकृति अन्त्यको चाहना, लैङ्गिक असमानताको विरोध र अन्त्यको चाहना, राष्ट्रप्रेमको भावना, दलितमाथिको उत्पीडनको विरोध र मुक्तिको चाहना र समाजको आमूल परिवर्तनका आशा र स्वप्नहरूको चित्रण देखा पर्दछन् । गीतहरूले न्यायपूर्ण वर्गविहीन समाजको स्थापनालाई लक्षित गरेको पाइन्छ । अन्याय अत्याचार, सामाजिक विषमता, कुरीति र विभेदको विरोध, राष्ट्रिय स्वाभिमान, विश्वशान्ति, मानवता र अन्तर्राष्ट्रिय सर्वहारावादको पक्षपोषण, जीवनलाई सार्थक तुल्याउने, वर्गीय चेतना भर्ने देशभक्तिपूर्ण

गीतहरूनै मूलतः सङ्कल्पका वर्ग चेतनाका गीतका प्रवृत्तिगत विशेषता हुन् भन्न सकिन्छ । सङ्कल्पका वर्ग चेतनाका गीतहरूको केही प्रवृत्तिगत गीति दृष्टान्तहरू यस प्रकार रहेको पाइन्छ -

**तालिका नं. ४.३ : सङ्कल्पका गीतको वर्ग चेतनाको प्रवृत्ति**

| **गीतको स्थायी बोल** | **गीतको अर्थ र भाव** | **स्रोत सामग्री** |
|---|---|---|
| चिम्नी माथि धुवाँ हुन्छ | मजदुर अधिकार | सुब्बा, २०४७, पृ. १९ |
| ब्युँझ है शोषित पीडित | क्रान्ति उद्घोष | प्रसाई, २०४७, पृ. ३२ |
| जोत्नेको यो भूमि हो | भूमि हक खोस्न अपिल | भण्डारी, २०४७, पृ. १५ |
| खान बस्न नपाउँदा झोडा फाँड्न | झोडावासीको जीवन चित्रण | पोखरेल, २०४७, पृ. ३९ |
| म धर्तिको सपूत हूँ किसान हूँ | श्रमकार वर्गको पक्षपोषण | प्रश्रित, २०४९, पृ. १९ |
| अनिकाल लाग्यो भन्छन् | सर्वहारा वर्गको आक्रोश | तमोट, २०४७, पृ. १४ |
| वर्गीय समाजमा वर्गीय प्रेम | वर्गसङ्घर्षको अभिव्यक्ति | मञ्जुल, २०४७, पृ. ७ |
| ए देशका गरिव हो, किसान हो | श्रमिकको अपिल | प्रश्रित, २०४९, पृ. ७ |

स्रोत : *जनताका गीतहरू (२०४७)* ।

वर्गचेतना झल्किने सङ्कल्पका प्रतिनिधिमूलक गीतहरूको अध्ययन गर्दा गीतले मूलरूपमा मजदुर, किसान वर्गदेखि, गरिब, सुकुम्वासी र श्रमिकलाई लक्षित गरेको देखिन्छ । जमिन्दार र सामन्तहरूबाट जमिनको हक खोस्न सबैखाले श्रमिक वर्गलाई अपिल गरिएको पाइन्छ । गीतले सर्वहारा वर्गको पक्षपोषण, अधिकार प्राप्तिको सङ्घर्षमा होमिन आग्रह र वर्गीय प्रेमको सञ्चारमार्फत अन्तर्विरोध चर्काउँदै सामन्त वर्ग विरूद्ध आन्दोलन गर्न उत्साहित तुल्याइएको देखिन्छ । मार्क्सवादी वर्गचेतना र वर्गसङ्घर्षको माध्यमबाट समाज परिवर्तनको भावधारालाई पछ्याउँदै राजनीतिक प्रणाली परिवर्तनका निम्ति अघि बढ्न प्रेरित गरेको देखिन्छ ।

### ४.९.३ सङ्कल्पका महिला अधिकारका गीत

नेपाली समाजले उपभोग गरिरहेका सबै मौका र अवसरहरूमा महिला पूरुष दुबैको बराबरी हक स्थापित हुनु लैङ्गिक समानता हो । मानव अधिकारको अवधारणाअनुसार- महिला, पुरुष समान छन् । लिङ्गको आधारमा भेदभाव गरिनु लैङ्गिक विभेद हो । पञ्चायतकालीन पितृसत्ताले घरधन्दा, शृङ्गार, सरसफाइजस्ता काम ‘महिलाकै लागि’ भनेर परिभाषित गरेको थियो । ‘पोथी बस्नु हुन्न’ भन्ने रूढिवादी भाष्य सिर्जना गरिएको थियो । सामन्तवादी महिला अवधारणा र समाजवादी अवधारणाबीचको द्वन्द्वमा सङ्कल्पका गीतले महिला मुक्ति नै मानव मुक्तिको पूर्वशर्तका रूपमा अघि सार्‍यो । निरङ्कुश राजनीतिक व्यवस्था र पितृसत्तात्मक शक्ति-सम्बन्धको अन्त्य गर्ने गरी राजनीतिक वैचारिकी निर्माण प्रक्रियाको थालनी गीतबाटै सुरू भयो । त्यसको सांस्कृतिक नेतृत्व सङ्कल्पका

महिला अधिकार र मुक्तिका गीतहरूले गरे । सङ्कल्पले नारी बन्धन र मुक्ति, अधिकार र सशक्तिकरणका विषयहरूलाई गीति सिर्जनात्मक अन्तर्वस्तुका रूपमा अन्तर्घुलन गरी नारीलाई समाज विकासको आधा शक्तिका रूपमा परिभाषित गर्दै नारी मुक्तिका सवालहरू उठाएका थिए । उनीहरू मार्क्सको 'जनतामाथि मुट्ठीभर परिवारको शासन र शोषणको अन्त्यसँगै महिला समुदायको पनि मुक्ति हुने छ' भन्ने विचार सिद्धान्तबाट प्रेरित थिए । जसअनुसार सङ्कल्पका महिलामुक्तिका गीतको प्रकृति यसप्रकार रहेको पाइन्छ -

**तालिका नं. ४.४ : सङ्कल्पका महिलामुक्तिका गीतको प्रवृत्ति**

| गीतको स्थायी बोल | गीतको अर्थ र भाव | स्रोत सामग्री |
|---|---|---|
| नहेप नारीलाई यी हुन् दासी भनी | दासत्व विरोधी चेतना | अनिल, २०४७, पृ. २४ |
| नसम्झ तुच्छ नारीलाई विश्वको आमा | मातृत्वबोध | लामा, २०४७, पृ. २९ |
| ब्युँझी उठ दिदी हो, ब्युँझी उठ बैनी | नारी जागृतिको आह्वान | राई, २०४७, पृ. २ |
| बगाई आँसु दबियौं हामी सहेर बस्नाले | शोषण विरोधी चेतना | निरौला, २०४७, पृ. ३ |
| एउटा माइती दुर देश | पिडाबोध | सुब्बा, २०४७, पृ. ३३ |
| चेलीको मन रून्छ बुझिदेउन माइती | चेलीको क्रन्दन | सुब्बा, २०४७, पृ. २२ |
| आमा दिदी बैनी हो | लैङ्गिक समानता | टुहुरे, २०४७ पृ. १८ |
| आमाहरूको आँशु झारे अन्यायीले | अन्याय विरुद्धको आक्रोश | (हमाल, २०४७ पृ. १२) |

उक्त गीतहरूको मूल प्रवृत्तिलाई नियाल्दा लैङ्गिक असमानता, र दासत्ववादी चेतना उपर निशाना बनाइएको पाइन्छ । महिलाहरूलाई घर धन्दाको साँघुरो जीवनबाट माथि उकास्ने बाटो देखाउँदै नारी स्वाभिमानबोधका विषय उठाइएको छ । नारी सृष्टिको उत्पत्ति जैविक आधारमा भएको हुँदा नारी पुरुष समानताको दृष्टिकोणबाट अगाडि बढ्नु पर्ने जिकिर गर्दै महिला माथिका विभेद खतम पार्ने प्रतिज्ञा गरिएको छ । सारमा, महिला र पुरुषबीच एकत्व, सम-व्यवहार, समानताको अपेक्षा, पुँजीवादी रीतिथिति, र रूढ चिन्तनको विरोध, समाधिकारका सन्दर्भहरू उठाई विश्वदृष्टि अनुरूपको सभ्य समाज निर्माणका निम्ति राजनीतिक प्रणालीप्रति खबरदारी गरिएको पाइन्छ ।

### ४.९.४ सङ्कल्पको प्रभाव

पञ्चायतकालीन नेपाली समाजले सामन्त र शासकहरूबाट भोगेका शोषण, उत्पीडन, अन्याय र त्यसबाट उत्पन्न विकृत परिस्थितिहरूको चित्रण र यथार्थको उद्घाटन त्यसले निर्माण गरेको चेतना नै सङ्कल्पका गीतको प्रभाव हो । खरेल (२०७७) का अनुसार- "२०२८ को झापा विद्रोहताका नै झापाली युवाहरूले भूमिगत शैलीमा क्रान्तिकारी गीतहरू गाएर पञ्चायत विरुद्ध गरिब किसानहरूलाई गोलबद्ध गर्ने गरेका थिए," । उक्त भनाइको तात्पर्य झापा विद्रोहको भावभूमि निर्माण

गर्ने कार्यमा क्रान्तिकारी जनवादी गीतको प्रभाव थियो भन्ने नै हो । पन्तका अनुसार- "पञ्चायत विरोधी जनमत निर्माण गर्ने काम सांस्कृतिक आन्दोलनमार्फत भएको थियो, जसको प्रभावमा असङ्ख्य समर्थक, शुभेच्छुक, कार्यकर्ताहरू नेकपा (माले) को वरिपरी गोलबन्द भए । त्यसबाट विकसित भएका मानिसहरू पार्टी सङ्गठनमा सक्रिय भए । तिनै प्रगतिशील गीतहरू पार्टीमा विभिन्न तहका नेता, सांसद् जन्माउने बलियो आधार बने," (व्यक्तिगत कुराकानी, २०७६, ०९/२६) । उक्त भनाइले नेकपा (माले) को पार्टी सङ्गठन विस्तारमा सङ्कल्पका गीतको प्रभाव देखिन्छ । त्यो भनेको दलीय सबलीकरणमा गीतको प्रभाव देखा पर्नु हो । नेपाल (व्यक्तिगत कुराकानी, २०७६, ०९/२२) का अनुसार- "पञ्चायतकालमा महिला अधिकारका सङ्कल्पका गीतको सबैभन्दा ठुलो प्रभाव थियो । गाउँघरमा ती गीतहरूले पारिवारिक र सामाजिक विद्रोह समेत ल्याएका थिए । ती गीतले उठाएका मुद्दाहरू समातेर कतिपय महिलाहरूले घर-परिवारमै विद्रोह गरेका थिए," । उक्त विचारबाट सङ्कल्पका गीत सुनेर महिलाहरू अ.ने.म. सङ्घ हुँदै पार्टीमा, आन्दोलनमा समेत महिला क्रियाशील सहभागिताको अवस्था देखा पर्दछ । उक्त विचारबाट सङ्कल्पका गीतले लैङ्गिक चेतनाको विकासमा भूमिका खेल्दै त्यसको प्रभावमा पञ्चायत विरोधी प्रगतिशील महिला दबाब समूह निर्माण गर्ने कार्यमा सहयोग पुगेको देखिन्छ । चापागाइँ का अनुसार- "प्रगतिशील सांस्कृतिक मोर्चाहरूको प्रभाव यहाँसम्म थियो कि पार्टीको निर्माण विस्तार कार्य नै तिनै कार्यक्रमहरूका आधारमा हुने गरेका थिए," (कुराकानी, २०७५, ०७/०९) । उक्त भनाइले पार्टी निर्माणमा मुलभूत रूपमा प्रगतिशील गीत सङ्गीतको प्रभाव देखा पर्दछ । त्यो भनेको नेकपा (माले)को शक्ति सुदृढिकरणमा  गीतको प्रभाव देखा पर्नु हो । मञ्जुल (२०७६) का अनुसार- "प्रगतिशील गीतहरूको सबैभन्दा ठुलो प्रभाव समाजका शोषित पीडित जनतामा पर्न गयो । गीत सुनेर मानिसले राजनीतिक विचार बदले । विचारमा समाहित भए, असङ्गठितहरू सङ्गठित भए, त्यसैले ती गीतलाई कम्युनिस्ट जन्माउने कारखाना समेत भनियो," । उक्त विचारले सङ्कल्पका गीतले समाजमा राजनीतिक चेतना बढाएको, वैचारिकता प्रदान गरेको, कम्युनिस्ट विचारधारालाई लोकप्रिय बनाउने कार्यमा भूमिका खेलेको देखा पर्दछ । यस आधारमा सङ्कल्पका गीतले मुलुकको वामपन्थीकरणको प्रयासलाई सघाएको देखा पर्दछ । सुब्बा (व्यक्तिगत कुराकानी, २०७६,७/२५) ले पनि मञ्जुलको भनाइमा सहमति जनाउँदै सङ्कल्पका गीतले मानिसहरू राजनीतिक रूपमा सचेत र जागृत हुँदै गएको, पार्टी गाउँगाउँमा प्रवेश गरी पार्टी सङ्गठन निर्माण गर्न सफल भएको थियो भनेका छन् । उल्लिखित भनाइहरूलाई संश्लेषण गर्दा, सङ्कल्पका गीतका प्रभावहरू मूलरूपमा ग्रामीण भेगमा देखापरेको, गीतको माध्यमबाट नेकपा (माले) का आधार इलाकाहरू निर्माण भएको देखिन्छ । पार्टी जनशक्तिको उत्पादन गीति संस्कृतिकै प्रचारप्रसारका दौरानमा हुँदै गई पार्टी जनजनमा पुग्न सफल भएको देखिन्छ । समाज र संस्कृति एक आपसमा परिपूरक भएकोले सामाजिक अन्तर्क्रियाले कुनै पनि व्यक्ति, सँस्था वा समुदायको परिवर्तनमा प्रभाव पार्छ । सांकृतिक आदानप्रदानको सिद्धान्त अनुसार- "मानिसको प्रत्येक व्यवहार,

क्रियाकलाप तथा सोचाई र गराईमा संस्कृतिले गहिरो छाप पार्दछ । संस्कृतिले मानिसलाई सामाजिक प्राणी बनाएको हो । सांस्कृतिक आदान प्रदानबाट नै सामाजिक परिवर्तन हुन्छ," (आचार्य, २०५७ : १४४) । सोही प्रक्रियाद्वारा मानिसहरू कम्युनिस्ट विचारप्रति आकर्षित हुने क्रम बढ्दै गएको देखिन्छ । २०३६ को जनमत सङ्ग्रहताका बहुदलीय व्यवस्थाका पक्षमा जनमत जुटाउने कार्यमा समेत गीति सामाजिक-सांस्कृतिकीकरणको प्रक्रियाले योगदान पुऱ्याएको पाइन्छ । समाजका भएका अन्धविश्वास, रुढिवाद, जातभात, छुवाछुत आदिका विरूद्धमा मानिसमा प्रगतिशील चेतना उत्पन्न गर्ने काम ती गीतले गरेका थिए । यसलाई राजनीतिक परिवर्तनको संक्रमणकालीन अवस्था मान्नु पर्दछ । गीतले वैज्ञानिक सामाजिक विश्वासहरूको निर्माण गरेको, गीतकै प्रभावमा गाउँमा सामन्तवाद विरोधी भावना र पञ्चायत विरोधी मानसिकताको विकास हुँदै गएको देखिन्छ । सङ्कल्पका गीतको प्रभावमा गाउँ-गाउँमा नयाँ नयाँ उप-सांस्कृतिक समूहहरू जन्मिए । स्थानीयरूपमा त्यसले सांस्कृतिक जागरण ल्यायो, र देशव्यापीरूपमा सांस्कृतिक आन्दोलनको विस्तृतिकरण हुँदै राजनीतिक आन्दोलनसँग जोडिन गयो । सामाजिक मुद्दाहरू गीतकै माध्यमबाट बहसका विषय बन्न पुगे । गीति चेतनाले व्यवस्था माथि दबाब सिर्जना गर्दा ठाउँ-ठाउँमा प्रतिरोधहरू भए । त्यसले व्यवस्था विरोधी प्रतिरोधात्मक क्षमताको विकास गरायो । अन्ततः नेपालको राजनीतिक परिवर्तनसँग नै यी सबै उपलब्धिहरू जोडिँदै गए । मात्रात्मकबाट गुणात्मक परिवर्तनका सन्दर्भमा दलीय रूपमा नेकपा (माले) को राजनीतिक कार्यदिशा र शासकीय रूपमा प्रजातान्त्रिक पद्धतिमा गीति आन्दोलनले उक्त उपलब्धिहरूलाई २०४६ को जनआन्दोलनमा साझा बनाएको देखिन्छ ।

### ४.९.५ छिन्ताङ काण्ड र प्रगतिशील गीत

२०३६ देखि २०४० सम्म धनकुटा जिल्लाका पञ्चनेता सूर्यबहादुर थापा मुलुकको प्रधानमन्त्री थिए । नेकपा (माले) का के.क. सदस्य मदन भण्डारीले कोशी अञ्चल हेर्ने भएकोले धनकुटा उनकै पार्टी सङ्गठनात्मक जिम्मेवारीमा पर्दथ्यो । कम्युनिस्ट नेता बम देवान र गोबिन्द विकललाई त्यहाँ शिक्षक बनाएर पार्टीको भूमिगत काममा खटाइएको थियो । शम्भु राइको नेतृत्वको सङ्कल्प टोलीले गाउँगाउँमा जागरण ल्याएको थियो । भक्त बोलना राइको अध्यक्षतामा दलबहादुर खत्री र अन्य मिलेर लालीगुराँस नामको पुस्तकालय स्थापना गरी मार्क्सवादी अध्ययन चिन्तन र कम्युनिस्ट राजनीतिको विस्तार गर्ने अभियानलाई अगाडि बढाइएको थियो । सांस्कृतिकरूपमा कम्युनिस्ट पार्टीको गतिविधि दिनहुँ बढिरहेको कुरा थापा र पञ्चायतलाई सैह्य भएन । यिनै परिवेशमा छिन्ताङमा अभाव, चर्को कर, शोषण आदिको रूपमा उठेको जनविद्रोह चर्किँदै गएको थियो । "पञ्चायतकालमा मझिया (जमिन्दार) हरूले त्यहाँका किसानहरूलाई भीषण दमनचक्र चलाउँदै आए । किसानले वर्षमा दुई हप्ता निःशुल्क झारा (खेतालो) तिर्नु पर्दथ्यो । त्यसका विरूद्ध सन् १९७८ मा किसानहरू सङ्गठित भए । त्यसले किसान आन्दोलनको रूप लियो । त्यसलाई दबाउन छिन्ताङ काण्ड रचियो," (रेग्मी, २०७४, पृ.४३१) । उक्त घटनामा खोकु, छिन्ताङ र खाल्सा क्षेत्रमा कुटपिट, लुटपाट, धरपकड,

आगजनी, बाली-नाली नाश र घर भत्काउने जस्ता घटना भएका थिए। शासकहरूले प्रहरी र सैन्य शक्ति बटुलेर घरघरमा पुगेर गोली ठोकेका थिए। यसलाई 'छिन्ताङ हत्याकाण्ड' भनेर चिनियो। त्यहाँ १६ सर्वसाधारणले ज्यान गुमाए, ३१ जनालाई डाँका मुद्दामा ८ वर्षसम्म कारावासको सजाय दिइएको पाइन्छ। उक्त घटना पछि प्रगतिशील गीतको प्रभाव देखा पऱ्यो। "रेख ब्लोन गिटार बजाउँदै छिन्ताङ काण्डबारे धनकुटाको एक कार्यक्रममा गीत गाउँदै थिए। साथीहरू सँगै उनी जेल परे। तीमध्ये मोहन शङ्करलाई दुई-तीन दिनमैं छाडे। उनी जासुसको काम गर्दा रहेछन् र उनैको कारण साथीहरू पक्राउ परे भन्ने पछि मात्र थाहा भयो। ब्लोनलाई राजकाज ऐनअन्तर्गत जेल हालियो," (दिक्पाल, सन् २०१८)। उनीहरू लामो समय जेल बसे तर उनका गीतले धनकुटामा ठुलो परिवर्तन ल्यायो। त्यसबेलाका प्रगतिशील गीतकार ब्लोनको 'गड्याङ र गुडुङ मेघ पनि हैन आकाश सफा छ, छिर्का र छिर्की पानी त हैन रगतको टाटा छ' भन्ने गीतले छिन्ताङ काण्डपछि पञ्चायती व्यवस्था विरूद्ध घृणा पैदा गर्न थाल्यो। गीतबाट पञ्चायती बर्बरताको विरोध गर्दै शासकहरूलाई समाप्त पार्ने, शहीदहरूको सङ्कल्प पुरा गर्ने अठोट व्यक्त गरियो। विद्रोहका निम्ति उठ्न आह्वान गरियो। सत्ता झन् दमनमा उत्रियो। गायक प्रदीप देवानको भनाई अनुसार - "२०३६ धनकुटामा तात्कालीन सत्ताको निरङ्कुशता विरूद्ध आवाज उठाउने १६ युवालाई खाल्डो खनेर एउटै चिहान पारियो। त्यसैको सेरोफेरोमा ब्लोनको उक्त गीत लेखिएको हो," (श्रेष्ठ, २०७७, माघ ५)। सो समयमा थुप्रै प्रगतिशील गीतहरू पञ्चायती व्यवस्थाका विरुद्धमा गाइए। "खोकु छिन्ताङ दुख्यो कि अरुण सुसाउँदा, रगत यहाँ सस्तो छ साथी पानीको अकाल छ, प्रण गर्दै भन्छौं, हामी तानाशाहलाई जनताको अदालतमा उभ्याउने छौं, वीर शहीद तिम्ले जुन बाटो दियौ, त्यही बाटो लाग्दैछौं" जस्ता अनेकन प्रगतिशील गीतले व्यवस्था विरोधी मानसिकता निर्माण गर्न र नेकपा (माले) ले लिएको राजनीतिक विचारलाई उकास्न र राजनीतिक परिवर्तनको आन्दोलनको आधारभूमि तयार पार्नमा सहयोग पुऱ्याएको थियो भन्न सकिन्छ।

### ४.९.६ पिस्कर काण्ड र प्रगतिशील गीत

पिस्कर सिन्धुपाल्चोक जिल्लामा पर्छ। २०४० माघ १ गते माघे सङ्क्रान्तिका दिन हजारौं मानिस पिस्करको महादेवस्थानमा मेला भर्न आएका थिए। त्यहाँ नेकपा (माले) को आयोजनामा मिरा थामी, आइतमाया थामी, जगतबहादुर थामी, मीनबहादुर थामी, चतुरमान थामी, चनमाया थामीलगायतका कलाकारहरू गीत गाइरहेका थिए। "सशस्त्र प्रहरीले अचानक चारैतिरबाट घेरा हाली आक्रमण गर्दा इरी थामी, वीरबहादुर थामी र पल्कमाया थामीको मृत्यु भयो। अरू थप पाँचजनाले त्यहाँ ज्यान गुमाए। नौजनालाई घटनास्थलबाटै पक्राउ गरियो र ६० भन्दा बढीलाई राजकाज तथा राज्य विप्लवको मुद्दा लगाइ जेल हाले," (डाँगी, २०५२, भाद्र ५)। "कलाकारहरूले गाएका गीतहरू कम्युनिस्ट विचारधारा (प्रगतिशील, देशभक्ति) का थिए। अचानक डीएसपी देवीप्रसाद पाण्डेको

नेतृत्वमा गएको सशस्त्र समूहले भीडमा गोली प्रहार गर्न सुरु गरेको थियो," (पोखरेल, सन् २००७) । उक्त घटनालाई पिस्कर काण्डका रूपमा चिनिन्छ । कलाकारहरूले जिल्लाका चोकती, धुस्कुन, टोकनपुर, फापरचौर, राम्चे पलाति, कर्थली, तौथली, पाग्रेटारआदि ठाउँहरूमा यस अघि नै प्रस्तुति दिएर त्यसको जनप्रभावमा उक्त क्षेत्रमा मालेको सङ्गठनविस्तार हुँदै गएको थियो । नेकपा (माले) को भूमिगत नेत्री अष्टलक्ष्मी शाक्यको अनुभव यस्तो छ-

> म पिस्करमा भूमिगतरूपमा पार्टी काम गर्दै थिएँ । त्यो बेला रामेश, मञ्जुल, रायन, जेबी टुहुरेले गाएका जनताका गीतहरू सुनाउँथैं र सिकाउँथें । ती गीतहरूबाट शत्रुसँग लड्नु पर्ने तथा जनताका सुखका दिन आउने कुरा बताउँथें । सबै गीतहरूले वर्ग शत्रुप्रति घृणा पैदा गरिदिन्थे । पिस्करमा पञ्चायतको आँखा छल्दै पनि पार्टीका भेला, बैठक, तालिम र प्रशिक्षण हुँदै गए । यसले पार्टी कामलाई विस्तार गर्‍यो । सो बेला फूलमाया थामी, आइतमाया थामी, चनमाया थामी जस्ता थुप्रै पार्टी सङ्गठनमा आबद्ध भए, (२०७१, पृ. ९१) ।

उक्त भनाइ र भोगाइका दृष्टान्तले भूमिगतकालमा प्रगतिशील गीत पार्टी सङ्गठकहरूको जनता बीचमा जाने मूल कडीका रूपमा देखापर्दछ । मालेका सोही क्षेत्रका नेता अमृत बोहोराको भनाइलाई उद्धृत गर्दै गोरखापत्रमा लेखिएको छ - "२०४० माघ १ गते राति महादेवस्थानमा 'गणतन्त्र घोषणाका निमित्त देशभरिका उग्रवादी नेताहरू' को जमघट भएको भनी अन्धाधुन्द गोली बर्साइयो । उक्त घटना पछि तत्काल काठमाडौँमा नेकपा (माले) को राजनीतिक व्यूरोको बैठकले पिस्करको वास्तविकता जनसमक्ष पुर्‍याउन पत्रकारहरूको टोली पिस्कर पठाउने निर्णय गर्‍यो," (२०७६ माघ ११) । मातृभूमि पत्रिकाका सम्पादक गोविन्द वियोगीको अगुवाइमा माघ १३ गते ३१ जना पत्रकारको पिस्कर गए । पत्रकार वियोगीको रिपोर्टमा भनिएको थियो - "जागृतिका गीतको स्वरलहरी भिक्ने र मादलको चिरपरिचित ताल गम्काउने दृश्यमा उग्रवादको कीटाणु खोज्नेहरूले पिस्करमा सामन्ती जगजगीको रक्षा निम्ति नै नवजागरणको मिर्मिरे उज्यालो फैलिएला भन्ने डरले बीभत्स हत्याकाण्डको संरचना गरेको देखियो," (बोहरा, २०७६ माघ ११) । उक्त भनाइले पिस्करका गाउँगाउँमा चेतनाको लहर ल्याउने, राजनीतिक जागरण ल्याउने काम प्रगतिशील गीतहरूले गरेका थिए भन्ने कुरालाई स्पष्ट पार्दछ । सो घटना पछि नेकपा (माले) का थुप्रै नेताहरू झुट्टा मुद्दाको आरोपमा जेल परे । उक्त घटना पछि सोको प्रतिरोधमा थुप्रै गीतहरू गाइए । "दुई हजार चालिस माघे सक्रान्तिमा, बन्दुकको गोली हजुर छाती भित्र गयो, देउताको मन्दिर हजुर रणभूमि भयो," (कार्की, २०४७, पृ. ७२) आदि गीतहरू केही उदाहरणका रूपमा लिन सकिन्छ । बोहराका अनुसार उक्त कार्यक्रम बिथोल्न सरकारबाट दमन भयो । नेकपा (माले) का थुप्रै नेताहरू झुटा मुद्दाको आरोपमा जेल परे । पिस्करको उक्त घटना पछि उक्त घटनाको प्रतिरोधमा थुप्रै गीतहरू गाइए । यसरी गीतहरूबाट सङ्कल्पका कलाकारहरूले पिस्करमा भएको निर्मम दमनको विरोध गरेको थिए । कलाकारहरूले पिस्करका शोषित, पीडित जनताको बलियो साथ र समर्थन पाएका थिए । उल्लिखित घटना, त्यस उपरका साक्षीहरूका अनुभव र दृष्टिकोणहरूलाई संश्लेषण गर्दा सिन्धुपाल्चोक जिल्लामा

प्रगतिशील गीतले नेकपा (माले) को सङ्गठन विस्तारमा महत्वपूर्ण सहयोग पुऱ्याएको थियो भन्न सकिन्छ । यसरी गीतहरूबाट सङ्कल्पका कलाकारहरूले पिस्करमा भएको निर्मम दमनको विरोध गरेका थिए । कलाकारहरूले पिस्करका शोषित, पीडित जनताको बलियो साथ र समर्थन पाएका थिए । आफ्नो जिउ ज्यान र व्यक्तिगत हीतको पछाडि नलागि नेकपा (माले) को पार्टी सङ्गठन र मुलुकको राजनीतिक परिवर्तनका निम्ति खेलेका यस प्रकारका बलिदानी भूमिकाले सङ्कल्प परिवारले मुलुकको राजनीतिक परिवर्तनमा योगदान पुऱ्याएको देखापर्दछ ।

### ४.९.७ २०३९ को कार्यनीतिक विवाद र प्रभाव

२०३९ मा नेकपा (माले) को पार्टी जीवनमा आन्तरिक विवाद सुरु भयो । "विवादका विषयहरू- प्रधान अन्तर्विरोध, पार्टीको राजनीतिक कार्यक्रम, शान्ति क्षेत्रको प्रस्तावसम्बन्धी धारणा, राजनीतिक नारा र ठोस कार्यक्रमको सवालमा उत्पन्न भएका थिए । तीमध्ये राजनीतिक स्वतन्त्रता कि पार्टी स्वतन्त्रता भन्ने नारामा बढी विवादमा रह्यो," (पोखरेल, सन् २००७) । झापामा आयोजित २०४० असार १२ गतेको अनेरास्ववियुको चौथो जिल्ला सम्मेलनले पार्टी स्वतन्त्रताको नारालाई अनुमोदन गरे पछि उक्त विवाद पार्टी तहमा देशव्यापी बन्न पुग्यो । उक्त विवाद पछि रामेश र मञ्जुलहरू पार्टी स्वतन्त्रता पक्षधर भए । सो समयमा अनेरास्ववियुको मध्यमाञ्चल क्षेत्रीय कमिटीले सांस्कृतिक टोलीलाई निरन्तरता दिन काठमाडौँ उपत्यका सांस्कृतिक समन्वय कमिटी गठन गरेको थियो । "उक्त विवादले पार्टीले सञ्चालन गरेका सांस्कृतिक कमिटीहरू २०४० मा भङ्ग भए । विवादपछि रामेश र मञ्जुलगायत केही प्रमुख कलाकार पार्टी बाहिरै रहे । २०४४ मा हामी जनसांस्कृतिक मञ्चमा आबद्ध भयौँ," (प्रधानसँगको व्यक्तिगत कुराकानी, २०७६, ९/२२) । रामेशले राम्रा कामलाई समर्थन र नराम्रो कामको विरोध भन्दै सामन्त र पुँजीपतिहरूसँग पार्टीका नेताहरूको उठबस गरेको भन्ने आरोप लगाए भने अर्कातिर उनीहरूमाथि पनि पार्टी आचारसंहिता र अनुशासन उल्लङ्घन गरेको आरोप लाग्यो । रामेश पार्टी कारबाहीमा परे, र २०३९ मा उनले पार्टीबाट स्वतन्त्र भएको घोषणा गरे । रघु पन्त, टङ्क कार्की, मञ्जुल लगायत कारबाहीमा परेका नेताहरू पार्टीमा फर्किए तर रामेश स्वतन्त्ररूपमा जनताका गीत गाउँदै हिँडे । उक्त भनाइले माले भित्रको आन्तरिक विवादका कारण प्रगतिशील गीतको विकासमा अवरुद्धता आएको र उनीहरूको यात्रा नयाँ बाटो पहिल्याएको पाइन्छ । पार्टीका राजनीतिक स्वतन्त्रता पक्षधरहरूले २०४० मा कीर्तिपुर अडिटोरियम हलमा राखेको 'हाम्रो गीत हाम्रो आवाज' नामक कार्यक्रममा सङ्कल्पका रामेश मञ्जुलगायतको सहभागिता थिएन । "२०३९ को पार्टीभित्रको सैद्धान्तिक विवादमा म राजनीतिक स्वतन्त्रताको पक्षधर भएँ । विशेषगरी सङ्कल्प परिवार पार्टी स्वतन्त्रताको पक्षमा छ भन्ने सुन्यौँ । कलाकारहरूमा एक खालको निष्क्रियता आएको थियो । त्यो निष्कृयतालाई चिर्न र सङ्कल्प परिवारको सेखी झार्नलाई पार्टीले पूर्वाञ्चलका कलाकारहरूलाई राजधानी निम्त्यायो," (सुब्बा, २०५३) । उक्त अन्तर्विरोधले प्रगतिशील कलाकारहरूमा निराशा ल्यायो । सङ्कल्पको आचारसंहिता उल्लङ्घन गरेको आरोपमा शम्भु राई र लोचन भट्टराई पनि कारबाहीमा परे । नेपालको साम्यवादी राजनीति संसदीय धारतर्फ अग्रसर हुँदै जाँदा प्रगतिशील केही कलाकारहरूमा पनि रेडियो नेपालमा गीत गाएर व्यवसायिकतातर्फ

मोडिने अवस्था सिर्जना भएको देखापर्दछ । त्यही मेसोमा ती दुई कलाकार रेडियो नेपालमा गीत गाउन पुगे । उनीहरूलाई नै पछ्याउँदै कलाकारहरू राजन राई, निशान भट्टराई, सीमा पोखरेल आदिले पनि रेडियो नेपालमा गाउन थाले । राई भन्छन् - "हाम्रो लडाईं पञ्चायत विरूद्ध थियो । तर यो पनि हो, सङ्कल्प एउटा विचार समर्थित समूह थियो र मलाई वैचारिक रूपमा सीमित घेरा भित्र रहेर मात्र गीत गाउन उपयुक्त लागेन र सम्पूर्ण नेपालीहरूकै कलाकार हुने चाहनाले मलाई रेडियो पुऱ्यायो," (व्यक्तिगत कुराकानी, २०७५, ०९/१४) । पार्टी भित्रको आन्तरिक विवादले सङ्कल्प परिवार विभाजित हुन पुग्यो । त्यसपछिका दिनमा रामेश, मञ्जुलहरू स्वतन्त्र रूपले अघि बढे । २०४० माघको अन्त्यतिर आइपुग्दा पार्टीभित्र पुनः एकताको वातावरण देखा पऱ्यो । पार्टीले हटाएकाहरूलाई पुनर्स्थापन, पार्टी स्वतन्त्रता पक्षधरहरूलाई 'गुटगत गतिविधि गरेको' आरोप फिर्ता, अबदेखि त्यो समयावधिलाई 'असामान्य परिस्थिति' भनिने र अल्पमत बहुमतको निणर्यमा रहनुपर्ने भन्ने पार्टीगत निणर्य भयो र पार्टीबाट छुटेका नेता कार्यकर्ताहरू पुनः पार्टीमा जोडिने स्थिति बन्यो । तर रामेश मञ्जुलहरू आफ्नै अडानमा रहिरहे, पार्टीमा फर्कन मानेनन् ।

प्रगतिशील गीतको इतिहासलाई नियाल्दा २०२३ देखि २०३० सम्म राल्फा अभियान, २०३० मा राल्फा विभाजन, नेपाल कम्युनिस्ट पार्टी, झापाली हुँदै २०३२ मा कोअर्डिनेसन केन्द्रमा क्रियाशीलता, २०३६ देखि पुनः सङ्कल्पमा सक्रिय हुँदै २०३९ मा आइपुग्दा सङ्कल्पका मूल कलाकारहरू पार्टीबाट बाहिरिन पुगे । पार्टी कारबाही पछि उनीहरू आस्था परिवार (२०४४) मार्फत अगाडि बढे । पार्टी, राष्ट्रिय जनसांस्कृतिक मञ्च (२०४४) स्थापना गरेर अघि बढ्यो । यसरी २०३९ को पार्टीको आन्तरिक विवादले सङ्कल्प गीति यात्रालाई पूर्ण विराम लगाएको पाइन्छ । त्यसपछि सङ्कल्पकालीन दुई गीति यात्री रामेश र मञ्जुलबीच पनि मतभेद सुरु भयो । मञ्जुलले स्वतन्त्र बस्ने निणर्य गरे भने रामेशले अझ क्रियाशील भएर अघि बढ्ने निणर्य गरे । फलतः यी दुईको सहयात्रामा पूर्णविराम लाग्यो । उल्लिखित घटनाहरूबाट २०३९ मा माले भित्रको विवादले सङ्कल्पको विघटन, त्यसका केही सदस्यहरूको स्वतन्त्र बस्ने निर्णय, केही रेडियो नेपाल प्रवेश, केही निष्क्रिय र केही अझ सक्रिय भिन्दाभिन्दै रूपमा अघि बढेको अवस्थाले प्रगतिशील गीति आन्दोलनलाई घाटा पुऱ्याएको देखापर्दछ ।

### ४.१० राष्ट्रिय जनसांस्कृतिक मञ्च, नेपाल

२०३९ को अन्तरपार्टी सङ्घर्षले सङ्कल्प परिवार विघटन हुन पुगेपछि नेकपा (माले) को पार्टी जीवनमा संस्थागत रूपमा सांस्कृतिक रिक्तता (ग्याप) उत्पन्न हुन पुग्यो । उक्त रिक्ततालाई भर्न छरिएर रहेका सांस्कृतिक समूहहरूलाई एकीकृत गर्ने, जनसांस्कृतिक आन्दोलनलाई एकीकृत रूपमा अघि बढाउने उद्देश्य राखी २०४४ पुस १९ गते 'राष्ट्रिय जनसांस्कृतिक मञ्च, नेपाल (राजसा मञ्च) को स्थापना गरिएको पाइन्छ । राष्ट्रिय जनसांस्कृतिक मञ्चको स्थापना नेपालका अनेकन प्रगतिशीलसंस्थाहरूको पृष्ठभूमिमा भएको थियो । राई (२०६९ चैत्र) का अनुसार- त्यस्ता संस्थाहरूमा

साहित्य सङ्गम आठराई (२०२३), नेपाल साहित्य परिषद धरान (२०२३ ), रेलिमाई सांस्कृतिक मण्डल, बुटवल (२०२४), राल्फा, सङ्कल्प परिवार, वेदना परिवार, प्रलेक, आदि थिए । नेपालको भनाईलाई उद्धृत गर्दै सुब्बाले लेखेका छन्- "राजसा मञ्च सङ्कल्प परिवारझैँ एक साङ्गीतिक समूह मात्र नभएर नेकपा (माले) अन्तर्गतका सम्पूर्ण प्रगतिवादी साहित्यकार, चित्रकार र सङ्गीतकर्मी सहित सम्पूर्ण सांस्कृतिककर्मीलाई एकीकृत रूपमा राष्ट्रव्यापी जनसांस्कृतिक आन्दोलनका साथ अघि बढाउने एकीकृत संस्थाको रूपमा गठन भएको थियो," (सुब्बा, २०७६) । मोदनाथ प्रश्रित अध्यक्ष र रघुजी पन्त महासचिव रहेको उक्त समितिमा जेबी टुहुरे, विजय सुब्बा, रामचन्द्र भट्टराई, रामप्रसाद प्रदीप, प्रचण्डबहादुर बुढाथोकी, रविलाल अधिकारी, विष्णु प्रभात, नारायण ढकाल, त्रिरत्न शाक्य, श्यामलाल दिवाकर, मोहन श्रेष्ठ र रेख ब्लोनलगायत रहेका थिए । संस्थाका कलाकारहरूले जनआन्दोलनमा मालेलाई जनस्थापित गराउन र पार्टी सङ्गठनविस्तार गर्नमा सघाएका थिए । २०४० देखि २०४४ सालसम्मको अवधिमा काठमाडौँका अधिकांश सांस्कृतिक कार्यक्रमहरू अनेरास्ववियुको 'उपत्यका सांस्कृतिक कमिटी' मार्फत सञ्चालन गरिएको थियो । "२०४४ सालपछि भने तिनै विद्यार्थी फाँटबाट आएका कलाकारलाई लिएर 'जनसांस्कृतिक परिवार', 'कोरस परिवार' जस्ता अनेकौँ समूहको गठन भएको थियो," (राई, २०८०) । मञ्चले स्थापना पछि भूमिगत रूपमै संस्कृतिका कामहरू गऱ्यो । उनीहरूका गीतहरू मूलत: जातीय, वर्गीय र लैङ्गिक उत्पीडन विरोधी र प्रत्यक्षरूपमा व्यवस्था विरोधी भावनाका थिए । उनीहरू कतिपय अवस्थामामा राल्फा र सङ्कल्पका गीतहरू समेत पनि कार्यक्रममा प्रस्तुत गर्ने गर्दथे । उक्त संस्थाका कार्यक्रममा अशोक राई, माधव प्रधान, उदय श्रेष्ठ, रामकृष्ण दुवाल, चेतनारायण राई, भरत नेपाली, डम्बर पहाडी, सानु पहाडी लगायतका कलाकारहरूको प्रस्तुति रहने गरेको पाइन्छ । गीत, सङ्गीत, नाटक, नृत्य र अन्य क्षेत्रबाट राष्ट्रव्यापी रूपमा समाजमा चेतना फैलाउने मञ्चका काममा पञ्चायतले कडा निगरानी राख्यो । उनीहरूमाथि हस्तक्षेप र धरपकड गर्ने कामहरू गर्दथ्यो । "२०४६ माघ १८ मा जनआन्दोलनलाई सहयोग पुऱ्याउन मञ्चले आयोजना गरेको 'जनआन्दोलनमा लेखक, कलाकार र बुद्धिजीवीहरूको भूमिका' विषयक बहस गर्दै गर्दा प्रहरीले कार्यक्रम स्थल घेरा हाली तितरवितर पाऱ्यो," (राई, २०६९) । त्यसक्रममा युद्धप्रसाद मिश्र, मोहन कोइराला, वासु शशी, अशेष मल्ल, खगेन्द्र सङ्ग्रौला, मोदनाथ प्रश्रित, मञ्जुल, रामचन्द्र भट्टराई, रघुजी पन्त आदिले हस्ताक्षर अभियान सञ्चालन गरी व्यवस्था विरोधी जनमत बढाउने काम गरेका थिए । मञ्चले विभिन्न सांस्कृतिक कार्यक्रम गरेर जनआन्दोलनलाई सहयोग पुऱ्याएको थियो । यसले नेकपा (माले) को सङ्गठन विस्तारमा जागरण र जनचेतनामूलक भूमिकाहरू खेलेको देखिन्छ । सो बेलाको उनीहरूले संस्थागत गीतको प्रकृति यस प्रकारको रहेको थियो- "लेखक कलाकर्मी हौँ भ्रान्तिको भाषा बुझ्दैनौँ, कलम कुची भाँचेर, क्रान्तिको भ्रान्ति बुझ्दैनौँ, राजसा मञ्चले यै भन्छ, त्यो रातो झण्डा यै भन्छ," (प्रश्रित, भट्टराई, २०५१, पृ. १) । यो गीत राष्ट्रिय जनसांस्कृतिक मञ्चको

शीर्षक गीत थियो । गीतले नेपाली राष्ट्रियताको भावना, नेपाली इतिहास, संस्कृति र गौरव जस्ता संस्कृतिका गुणहरूलाई क्रान्तिकारी जीवन र राजनीतिक परिवर्तनका आन्दोलनसँग जोडेको थियो ।

## ४.११ प्रगतिशील गीतको आस्थाकाल

२०४४ मा आस्था परिवारको गठन भएको थियो । *'स्वस्थ, सुन्दर र सार्थक गीत सङ्गीतको सिर्जना'* आस्थाको मूल गीति परिचय थियो । उनीहरू सङ्गीत सिर्जना, सङ्कलन र प्रस्तुतिमा जोड दिन्थे र आफ्ना गीतलाई अन्तर्राष्ट्रियकरण गर्न समेत प्रयत्नशील थिए । उनीहरूले अङ्ग्रेजी अनुवाद र तिनको नोटेसनसहित गीति पुस्तक *'जीवनको नाम'* सार्वजनिक गरेका थिए । उक्त समूहमा रामेश, अरिम, ओम श्रेष्ठ, आभास फुयाल, गोविन्द थापा, भरत नेपाली, अविरल राई, भीव नेपाली र सौरभ श्रेष्ठ आदि थिए । सुरुमा मञ्जुल पनि यस समूहमै थिए तर पछि रामेश र मञ्जुलबीचको सम्बन्धमा दरार आएकोले मञ्जुल आस्था बाहिरै रहे । "२०२३ मा रेडियो नेपालको विकृत प्रवृत्तिहरूसँगको सङ्घर्षले राल्फा बन्यो । २०३६ सालको जनउभार पछि 'सङ्कल्प परिवार' को रूपमा अगाडि आयो र २०४४ मा तिनै नयाँ पुराना कलाकारहरू मिलेर 'आस्था' को गठन गरेका हौँ," (श्रेष्ठ, व्यक्तिगत कुराकानी, २०७६) । उक्त भनाइबाट आस्था, राल्फा र सङ्कल्पकै नयाँ संस्करण र संस्थागत क्रमभङ्गता पछिको निरन्तरता थियो भन्न सकिन्छ । उनीहरूले त्यसताका *'हाम्रा स्वरहरू'* (२०४६), *क्षितिजको अङ्गालोमा'* (२०४६), लगायत दर्जनौँ कार्यक्रम प्रस्तुत गरे, जसमा राल्फा र सङ्कल्पका गीतहरू भेटिन्छन् । यसरी नै आस्थाले फ्रान्सीसी सांस्कृतिक केन्द्रसँगको सहकार्यमा पनि गीति शृङ्खला प्रस्तुत गरेका थिए । सङ्कल्प नेकपा (माले) को मातहतमा थियो भने आस्था स्वतन्त्र गीति अभियान रहेको पाइन्छ । "आस्था- राम्रा पुरातन कला संस्कृतिलाई जोगाउँदै राम्रा उपयोगी नवीनतम परम्परा र संस्कारको स्वागत र निर्माणमा सहभागी बन्न चाहन्छ । सामाजिक विषमता र विसङ्गतिको विरोध गर्दै स्वस्थ र न्यायिक सामाजिक संरचनामा सहयोग पुऱ्याउन चाहन्छ । देशको राष्ट्रियता, सार्वभौमिकता र प्रजातान्त्रिक हक अधिकारको रक्षार्थ सदैव आवाज उठाउन चाहन्छ," (आस्था, २०४९, पृष्ठ : परिचय खण्ड) । उक्त घोषणा परिशिष्ट बाह्रमा हेर्न सकिन्छ । जनआन्दोलन २०४६ मा लेखक कलाकारहरूसँग मिलेर पञ्चायती व्यवस्थाका विरूद्धका अभियानमा सक्रिय हुँदा जनआन्दोलनमा पक्राउ गरिएका १५८ जना कवि कलाकारमध्ये आस्थाका केही कलाकारलाई बढी समय कष्टडीमा राखिएको थियो र ज्यादती गरिएको थियो । उक्त घटनाले व्यवस्था माथि आस्थाको दबाब रहेको बुझ्न सकिन्छ । "चैत्र ३ को कार्यक्रममा सबैभन्दा बढी कठोर व्यवहार शार्दूल भट्टराई र रामेशप्रति गरियो । बयान दिएको ठाउँमा बिना बर्दीका सुराकीहरू चर्को स्वरमा कराउँथे र यही हो भन्थे," (सायमी, २०७५) । यसै प्रसङ्गमा आन्दोलनमा प्रकाउ परेका आस्थाका एक सदस्य रामेश भन्छन्- "मलाई पञ्चायत विरोधी गीत गाएर सडकमा मान्छे उचाल्ने तिमीहरू नि हैन ! शार्दूललाई- "पर्चा किन छरेको भन्दै राति १ बजेसम्म अनेक आरोप लगाउँदै बयान लिए, कागज गराउन खोजेका थिए तर हामीले मानेनौँ, हामीले

कागज गर्न नमान्दा मानसिक तनाव दिन खोजे," (व्यक्तिगत कुराकानी, २०७६, १२/१२) । उक्त भनाइले आस्थाका कलाकारहरू जनआन्दोलनमा पञ्चायतको निशानामा रहेको स्पष्ट हुन्छ । उनीहरूका गीतको सारमा परिवर्तनको अपेक्षा र त्यसप्रतिको विचार प्रस्तुत हुन्थ्यो । ती गीतमा वर्गीय शोषण, अन्याय, उत्पीडन, असमानता, विभेद, अपमान जस्ता अनेकन विषयहरू थिए । पञ्चायती व्यवस्थाले सिर्जना गरेका निरङ्कुश र अप्रजातान्त्रिक व्यवहार र एकदलीयताको अन्त्य नभएसम्म र राजनीतिक अधिकार प्राप्त नभएसम्म जनतालाई सर्वशक्तिमान् बनाउने आन्दोलनमा लागिरहन र पञ्चायती शासकहरूका विरूद्ध सङ्घर्षहरूमा जुटिरहन आह्वान गरेको देखिन्छ । विश्व लोकतान्त्रिक आन्दोलनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने गायकहरू *एनोक सन टोङ्गा, जुरे कास्टेलन, होजर मार्टिन* आदिका जागरण गीतहरू समेत उक्त अभियानका गाइएका पाइन्छन् । गीति अभियानमा अङ्ग्रेजी, जापानी, फ्रेन्च, अफ्रिकी, स्पेनिस' भाषाका प्रगतिशील गीतहरूसमेत प्रयोग भएका थिए । आस्थाका प्रस्तुत गीतहरूले व्यवस्था परिवर्तनको आग्रहपूर्ण सङ्केत र त्यसप्रतिको व्यग्रता प्रस्तुत गरेका थिए । साथै व्यवस्था विरूद्ध लड्न हौस्याएका थिए । गीतमा प्रजातन्त्रको पुनर्स्थापना भई छाड्ने दृढ विश्वास प्रकट गरेका थिए । गीतले शासक वर्ग विरूद्ध विद्रोहको निम्ति अपिल गर्दै क्रान्तिकारी जागरणभाव पैदा गरिदिन्थे । गतिशील जीवनको अपेक्षासहित राजनीतिक परिवर्तनको आशा जागृत गर्दै देशभक्तिपूर्ण भावनाहरू प्रस्फुटन गर्दथे । वामपन्थी बाहेकका कवि, साहित्यकार र कलाकारहरूसँग पनि आस्थाको सहकार्य थियो । लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, भूपि शेरचन, झलकमान गन्धर्व, चन्द्रकला शाह, रमण घिमिरे आदिका रचनाहरूलाई समेत आस्थाले आन्दोलनका स्वरमा मिसाएको थियो ।यसले गैर मार्क्सवादीहरूलाई समेत आफ्ना गीति अभियानहरूमा प्रगतिशीलहरूले सामेल गराएको देखा पर्दछ ।खासगरी आस्थाले आफ्ना सिर्जनालाई गैरमार्क्सवादी कवि, कलाकारहरूसँग सहकार्य गरी सिर्जात्मकरूपमा व्यापकता दिएको पाइन्छ ।

**तालिका नं. ४.५ : आस्थाका गीतको प्रवृत्ति**

| **गीतको स्थायी बोल** | **अन्तर्वस्तु** | **सामग्री/स्रोत** |
|---|---|---|
| थोत्रो घरको ठाउँमा नयाँ बनाउने | आमूल परिवर्तनको आग्रह | तमोट, २०४७, पृ. ७९ |
| आउ मिलाउँ हाम्रा हातहरू | एकताको निम्ति अपिल | हमाल, २०४९, पृ. ४९ |
| एक जुगमा एकदिन एकचोटी आउँछ | परिवर्तनप्रतिको व्यग्रता | रिमाल, २०४९, पृ. ८९ |
| रक्तक्रान्तिको ज्वालामुखीमा | युवा विद्रोहको आह्वान | मिश्र, २०४९, पृ. ९५ |
| विहानीको आभासमा मानिस जुर्मुराउँदै | भविष्यदृष्टि | हमाल, २०४९, पृ. ११३ |
| मुट्ठी उचाली लड्छौं बढ्छौं | देशभक्तिको उद्‌बोधन | भण्डारी, २०४९, पृ. १४१ |
| एक भइ जुट्नेछौं | क्रान्तिबोध र एकता | विकल, २०४९, पृ. १३६ |
| सङ्घर्ष हो जीवन, जीवन सङ्घर्ष हो | जीवनप्रतिको आस्था | तमोट, २०४९, पृ.४९ |

स्रोत : जनताका गीतहरू (२०४७) ।

यस सन्दर्भमा केही गीति हरफहरूलाई उदाहरणहरूका रूपमा प्रस्तुत गर्न सकिन्छ । जस्तै- “भाइ फुटे गँवारै लुटे, भाइ जुटे पहरा फुट” (गन्धर्व, शाह, २०४९, पृ. १५७), “मेरो प्यारो ओखलढुङ्गाा” (श्रेष्ठ, २०४७, भाग ५: ३३), “बाबाले सोध्लान् नि खै छोरा भन्लान्, रण जित्दैछ भन्दिएस्” (गन्धर्व र गन्धर्व, २०४७, भाग १: ५२) । यसैगरी केही अन्तर्राष्ट्रिय गीतहरू पनि गाएको पाइन्छ । “हामी जित्नेछौँ हामी जित्नेछौँ एकदिन” (हब्सि लोकगीत, २०४७, भाग २: २७), “सङ्घर्षको मैदानबाट रित्तै घोडा फर्के” (जुरेकास्टेलान, २०४७, भाग २: २४), “निकै नि टाढा पुग्नु छ राता सिपाहीहरूले” (माओत्सेतुङ, २०४७, भाग २: १७), उक्त गीतहरूमा मूलतःसङ्घर्षशील जीवन रूपान्तरणको अपेक्षा र पुरानोको ठाउँमा नयाँको प्रतिस्थापनमा जोड दिइएको पाइन्छ । जनआन्दोलनको परिवेशमा प्रगतिशील साहित्यको ठुलो योगदान रह्यो । यस आन्दोलनमा प्रत्यक्ष र परोक्षरूपमा प्रगतिशील तथा प्रगतिवादी कवि र साहित्यकारहरूको पनि योगदान रहेको पाइन्छ । प्रगतिशील कवि तथा साहित्यकारहरूमा जस्तै युद्धप्रसाद मिश्र, दुर्गालाल श्रेष्ठ, पूर्णबहादुर वैद्य, पारिजात, रामचन्द्र भट्टराई, मोदनाथ प्रश्रित, रामविनय, कुन्ता शर्मा, बूँद राना, नरेश शाक्य, यज्ञराज प्रसाई, लीला उदासी, त्रि-रत्न शाक्य, बिक्रम सुब्बा, विमल निभा, पुरुषोत्तम सुवेदी, मीनबहादुर विष्ट, इच्छुक, शोभा गौतम, राजभाइ जकःमि, श्यामल, उमेश उपाध्याय, महेश मास्के, हरिगोविन्द लुइँटेल, ईश्वरचन्द्र ज्ञवाली, ताराकान्त पाण्डेय, अनिल पौडेल, गोविन्द वर्तमान, मित्रलाल पंज्ञानी, अमर गिरी, लिखत पाण्डे, शार्दूल भट्टराई, जगदीशचन्द्र भण्डारी, मञ्जुल, आहुती, वासुदेव अधिकारी, बलभद्र भारती, दिल साहनी, कैयौँ आख्यानकार, निबन्धकार, नाटककार, समालोचक आदिले प्रगतिशील साहित्यमा योगदान दिए । उनीहरूको साहित्यिक र सांस्कृतिक चेतनाको बलले समेत प्रजातन्त्रको पुनर्स्थापना र नेपालको राजनीतिक परिवर्तनको उद्देश्यलाई सघाएको थियो भन्न सकिन्छ ।

## ४.१२ २०४६ को राजनीतिक परिवर्तन

नेपाली काँग्रेसको २०४६ कार्तिक २०-२२ सम्म बसेको बैठकले राजनीतिक प्रस्ताव पारित गर्दै एक शान्तिपूर्ण जनआन्दोलन गर्ने निर्णय गऱ्यो । सबैभन्दा ठुलो वामघटक नेकपा (माले) लगायत अन्य छ वामघटकका बीच औपचारिकरूपमा एकता भई २०४६ माघ २ गते नै सहाना प्रधान र तुलसीलाल मानार्थ अध्यक्ष रहेको सात वामपन्थी समूहहरू सम्मिलित १९ सदस्यीय संयुक्त वाममोर्चाको गठनको घोषणा गरियो । २०४६ माघ ५-७ सम्म नेपाली काँग्रेसले चाक्सीबारीमा अन्तर्राष्ट्रिय अतिथिहरूलाई समेत सहभागी गराएर एक ऐतिहासिक सम्मेलनको आयोजना गऱ्यो । त्यो दिन गणेशमान सिंहले भनेका थिए- “प्रजातन्त्र कुनै देशको पेवा होइन । प्रजातन्त्रको आन्दोलनलाई समर्थन दिन प्रत्येक देश कृत-सङ्कल्पित हुनुपर्छ । म समस्त मित्र देश र प्रजातन्त्रप्रेमी विश्व समुदायलाई हाम्रो आन्दोलनमा समर्थन र ऐक्यबद्धता जनाउन अपिल गर्दछु,” (अधिकारी, २०७८: २८०) । वाममोर्चाको अध्यक्ष सहाना प्रधानले भनेकी थिइन्- “प्रजातन्त्रप्रतिको कटिबद्धता र

समर्पणलाई नेपाली जनताको साझा आकाङ्क्षा बनाउने दिशामा 'संयुक्त वाममोर्चा' द्वारा सञ्चालित हुने आन्दोलन र तपाइँहरूको नेतृत्वमा हुने भावी जनआन्दोलनबीच मोर्चागत एकताको सूत्र कायम गर्नमा महत्त्वपूर्ण भूमिका खेल्ने छ," (अधिकारी, २०७८) । बृहत् छलफलपछि २०४६ माघ १७ गते प्रजातान्त्रिक आन्दोलन समन्वय समिति गठन गरी फागुन ७ र ८ गतेको कार्यक्रमलाई संयुक्त बन्यो । सम्मेलनले २०४६ फागुन ७ गतेदेखि जनआन्दोलन गर्ने निर्णय गऱ्यो । फागुन ७ गतेदेखि जनआन्दोलनका तीन चरणका कार्यक्रमहरू अघि बढे ।

### ४.१२.१ संयुक्त वाममोर्चाको भूमिका

नेपालका कम्युनिस्ट समूहहरूमा बीचमा भावी आन्दोलनको स्वरूप बारेमा मतभेद थियो । राजतन्त्र फालेर सिधै कम्युनिस्ट शासन ल्याउनुपर्छ भन्ने र अभिव्यक्ति स्वतन्त्रता र राजनीतिक खुलापनको लागि पञ्चायत फाल्नुपर्ने भन्ने स्पष्ट दुई धार थियो । सामन्तवाद र सामन्ती निरङ्कुश राजतन्त्र विरूद्धको लोकतान्त्रिक क्रान्तिका आरम्भिक चरणहरूमा कम्युनिस्ट तथा वाम पार्टीहरूको नेतृत्व हुन नसक्दा ती आन्दोलनहरू पूर्णतामा पुग्न सकेनन् । २०४६ को नेकपा साझा घोषणा पत्र अनुसार कम्युनिस्ट आन्दोलनको शक्ति र प्रभाव विस्तारसँगै लोकतान्त्रिक क्रान्तिमा नेपालका वामपन्थीहरूले क्रमशः निर्णायक भूमिका निर्वाह गरेको पाइन्छ । मदन भण्डारी नेतृत्वमा आएपछि प्रजातान्त्रिक आन्दोलनका बारेमा बहस सुरु भयो । पुष्पलालको पञ्चायत विरुद्धमा नेकासँग मिलेर संयुक्त आन्दोलन गर्नुपर्छ भन्ने विचार र वी.पी. कोइरालाको पनि मेलमिलापकै नीति, काँग्रेससँग सहकार्य हुन सक्छ भन्ने दुई आधारहरू थिए । सोही आधारहरूलाई दरिलो गरी पक्रँदै काँग्रेस-कम्युनिस्ट नमिलेसम्म नेपालमा प्रजातन्त्र आउन सक्दैन भन्ने निष्कर्षमा भण्डारी पुगेका थिए । सोही निष्कर्षले 'वाममोर्चा' को निर्माणमा भूमिका खेलेको देखिन्छ । अन्ततः विभिन्न सात वाम घटकहरूका बीचमा एकता कायम भई संयुक्त वाममोर्चाको निर्माण हुन पुग्यो । भण्डारीले सहाना प्रधानलाई वाममोर्चाको नेतृत्व गर्न अघि सारे । उक्त मोर्चामा मार्क्सवादी लेनिवादी, मार्क्सवादी, चौथो महाधिवेशन, मानन्धर समूह, रोहित समूह, वर्मा समूह र तुलसीलाल समूह सम्मिलित भएका थिए । संयुक्त जनआन्दोलनमा ने.क.पा. (मशाल), ने.क.पा. (मसाल), सर्वहारा श्रमिक सङ्गठन, ने.क.पा. (चौम) लगायत मिलेर संयुक्त जनआन्दोलन संयोजन समिति बनाएका थिए । २०४६ सालको जनआन्दोलन सञ्चालनबारे नेपाली काँग्रेस र संयुक्त वाममोर्चाबीच कार्यगत एकता कायम भई संयुक्तरूपमा जनआन्दोलन अघि बढ्यो ।

### आन्दोलनको पहिलो चरण

जनआन्दोलन २०४६ निरङ्कुश निर्दलीय पञ्चायती शासन व्यवस्थालाई समाप्त गरी बहुदलीय संसदीय प्रजातन्त्रको पुनर्स्थापना गर्ने मूल उद्देश्यमा केन्द्रित थियो । यसका निम्ति विभिन्न वर्ग, तह, तप्का, र सर्वसाधारण जनताको अभूतपूर्ण सहभागितामा जनआन्दोलनका तीन चरणका

कार्यक्रमहरू अघि बढेका थिए । काँग्रेसका कार्यवाहक सभापति कृष्णप्रसाद भट्टराई तथा संयुक्त वाममोर्चाकी अध्यक्ष सहाना प्रधानले २०४६ माघ २७ मा संयुक्त हस्ताक्षर गरी सार्वजनिक गरिएको आन्दोलनको पहिलो चरणका साझा कार्यक्रमहरू यसप्रकारका रहेका थिए -

१. २०४६ फागुन ७ का दिन देशव्यापी रूपमा दुवैले आ-आफ्ना झण्डाका साथ आफ्नो बल लिएर जुलुस प्रदर्शन र आमसभा गरी पार्टीहरू उपर विगत २९ वर्षदेखि लागेको प्रतिबन्धलाई तोड्ने ।

२. फागुन ८ गतेका दिन नेपाल बन्दको कार्यक्रमअन्तर्गत यातायात, शिक्षण संस्था, कलकारखाना, उद्योगधन्दा र पसलहरू बन्द गर्ने ।

३. फागुन १४ गतेका दिन सारा देशभरि पञ्चायती व्यवस्थाको विरोधमा कालो दिवस मनाउन कालो झण्डा, कालोपट्टी बाँधी आमसभा र प्रदर्शन गर्ने ।

४. फागुन १९ गतेका दिन पुनः राष्ट्रव्यापीरूपमा नेपाल बन्द गर्ने साथै स्थानीय परिस्थितिअनुसार दिनको समयमा पनि कार्यक्रम सञ्चालन गरिरहन आह्वान गरियो, (पोखरेल, सन् २००७) ।

उक्त कार्यक्रमको घोषणा हुनासाथ पञ्चायतले फागुन ६ गते नै काँग्रेस र वाममोर्चाका मूल नेताहरूलाई पक्राउ गऱ्यो । फागुन ७ गते प्रतिबन्धित नेपाली काङ्ग्रेस र वामपन्थी दलहरूले संयुक्तरूपमा प्रदर्शन गरे । "जनआन्दोलनमा बहुदलीय व्यवस्था जिन्दावाद, प्रजातन्त्र अमर रहोस्, बहुदलीय व्यवस्था ल्याउँछौं, ल्याउँछौं" भन्ने नारा लगाएका थिए," (गौतम, २०७६, पृ.७) । जनकपुरबाट जनआन्दोलनको सुरूवात भयो । काठमाडौँमा तीसौँ हजारको जुलुस प्रदर्शन, नेपाल बन्दको कार्यक्रम सफल भयो । विद्यार्थीहरूले पनि आन्दोलनका कार्यक्रम अघि बढाए । पहिलो दिनै सशक्त रूपमा प्रस्तुत भएका आन्दोलनकारीले काठमाडौँका प्रमुख ठाउँहरूमा कब्जा जमाए । राजधानी बाहिर र भित्रका प्रमुख नगरहरूमा क्रान्तिकारीहरूले काँग्रेसका झण्डा फहराएर नारावाजी गर्दै प्रदर्शन गर्ने, प्रहरीहरू दमनमा उत्रिए पछि भिडन्त नै गर्ने, सहादत स्वीकार गर्ने तर पछि नहट्ने स्थिति सिर्जना गरेर निरङ्कुशता फाली छाड्ने अठोट प्रकट गरे । स्वतःस्फूर्त उत्रिएका जनताको बलले काठमाडौँ बन्द सफल भयो, चितवन, जनकपुर, सिराहा, बुटवलमा आम हड्ताल सफल भयो, तर विराटनगरमा आंशिक प्रभाव पर्न गयो । रेडियो टिभीबाट मुट्ठीभर तत्त्वको पछि नलाग्न भन्दै आह्वान गरियो । आन्दोलनकारीहरूलाई सकेसम्म नै नराम्रो देखाउने प्रयत्न भयो । तर सत्य छोप्न गाह्रो थियो । "बी.बी.सी., भारतीय सञ्चार माध्यम, *सि.एन.एन., भ्वाइस अफ अमेरिका* लगायतका अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले जनआन्दोलनको यथार्थ रिपोर्ट प्रस्तुत गरे," (गौतम, २०७६) । फागुन ९ गते जदुकुहामा सरकारले हत्याकाण्ड नै मच्चायो । त्यसको सशक्त प्रतिरोध भयो । यसरी एक निर्दिष्ट योजना, कार्यक्रमका साथ प्रजातन्त्रको पुनःबहालीलाई नै जन आन्दोलनले मूल लक्ष्य

बनायो । काँग्रेस-कम्युनिस्टबीचको ऐतिहासिक सहकार्यबाट त्रस्त बनेको दरबार र पञ्चहरू 'व्यवस्था जोगाउन' दमनको सहारा लिन पुगे । फागुन ७ को कार्यक्रमलाई निष्प्रभावी तुल्याउन राज्यले फागुन ६ गतेदेखि नै धरपकड सुरु गऱ्यो । तर कुनै सफलता हात लागेन । उच्च शिक्षाको केन्द्र त्रि.वि. कीर्तिपुर आसपास नयाँ बजार, पाँगा क्षेत्रमा फागुन ६ गते मध्यराति दङ्गाग्रस्त क्षेत्रमै जस्तो गरी प्रहरी परिचालन गरेर पढिरहेका र सुतिरहेका करिव ७०० विद्यार्थीहरूलाई कोठा-कोठाबाटै गिरफ्तार गरेर महेन्द्र पुलिस क्लबमा पुऱ्याएको थियो । उक्त धरपकडले आन्दोलनमा घिउ थप्ने काम गऱ्यो । समाजका विभिन्न वर्ग, तह, तप्का आन्दोलनमा ऐक्यबद्धता जनाउन थाले । बुद्धिजीवी, प्राध्यापकलगायत आमसञ्चार जगतले पनि आन्दोलनमा भूमिका खेल्यो । दमन र प्रतिरोध पेचिलो बन्दै गयो । अन्तर्राष्ट्रिय सञ्चार माध्यमसमेत खुलेर प्रजातन्त्रको पक्षमा समाचार दिन थाले । प्रथम चरणका कार्यक्रम उत्साहपूर्ण तरिकाले सफल भए ।

**आन्दोलनको दोस्रो चरण**

फागुन महिनाको तेस्रो साताको अन्त्यतिर संयुक्त वाममोर्चा र नेपाली काँग्रेसले आन्दोलनको दोस्रो चरणको कार्यक्रम अघि साऱ्यो । कार्यक्रम यस प्रकारका थिए-

१. फागुन २६ गते देशका विभिन्न स्थानहरूमा पञ्चायतको पुत्ला जलाउने ।
२. फागुन २७, २८ र २९ मा आन्दोलनसम्बन्धी प्रचारात्मक कार्यक्रमहरू तथा झण्डा प्रदर्शन ।
३. फागुन ३० मा प्रचार सभा र जुलुस प्रदर्शन ।
४. चैत्र १ गते नेपाल बन्द (शिक्षण संस्था, यातायात, कलकारखाना र अन्य ।
५. चैत्र १० मा जनएकता दिवस मनाउने, (पोखरेल, सन् २००७) ।

चैत्र १ गते देशका प्रमुख शहरहरूमा नेपाल बन्दको कार्यक्रम ऐतिहासिक रूपमा सफल भयो । चैत्र ३ गते प्रजातान्त्रिक, प्रगतिशील एवम् स्वतन्त्र तथा लेखक, साहित्यकार र कलाकारहरूले सडकमा आन्दोलनमा सक्रिय भूमिका खेले । २०० जना भन्दा बढी लेखक, कलाकारहरूद्वारा राज्यद्वारा अभिव्यक्ति स्वतन्त्रतासमेत खोसेको विरोधमा मुखमा कालोपट्टी बाँधेर प्रदर्शन गरिएपछि १५८ जनालाई पक्राउ नै गरियो । "बग्गीखानामा खाना त के पानी पिउनसमेत पनि दिइएन । उक्त दिन युद्धप्रसाद मिश्र, पारिजात, डायमण्ड शमशेर, भूवनलाल प्रधान, सत्यमोहन जोशी, वाशु शशी, कमलमणि दीक्षित, कृष्णचन्द्रसिंह प्रधान, मोहन कोइराला, शक्ति लम्साल, आनन्ददेव भट्ट, दुर्गालाल श्रेष्ठ, निनु चापागाइँ, खगेन्द्र सङ्ग्रौला, रामेश, रायन, महजोडी, एकसय पचहत्तरजना कवि, लेखक र कलाकारले मुखमा कालोपट्टी बाँधेर बस्दा आन्दोलनको माहोल नै अर्कै भएको थियो," (भण्डारी, २०७७) । अन्ततः राति भिडीओ क्यामेरा अगाडि राखेर बयान लिने क्रममा प्रगतिशील लेखक शार्दुल भट्टराई र आस्था परिवारका गायक रामेश प्रहरीको मूल निशाना बने । उनीहरू माथि राजतन्त्र विरूद्ध पर्चा छरेको आरोप लगाइएको थियो । निभा भन्छन्- "बग्गीखानामा लेखक र कलाकारलाई क्रूर

व्यवहार गरियो । तँ आतङ्ककारी हो, अराष्ट्रिय तत्त्व हो भनेर फोटो खिचियो । तेरो बाउको नाम के ? तिमीहरू सरकारी भवन जलाउन आएका हौ ? भन्ने प्रश्न सोधिए । लगभग ३ घण्टापछि फोटो खिचेर धम्की दिँदै छाडियो," (निभा, २०७६, चैत्र ३) । यसरी जनआन्दोलनमा पनि आस्थाका कलाकारहरू बढी निशानामा परेका देखिन्छन् ।

**आन्दोलनको तेस्रो चरण**

जन-आन्दोलनको पहिलो र दोस्रो चरण चरणको आन्दोलनले दलहरूलाई एउटा जागृत आत्मविश्वास र एकताको परिस्थिति सिर्जना गर्नमा बल पुऱ्यायो । संयुक्त वाममोर्चा र नेपाली काँग्रेसले चैत्र ७ गतेकै दिन तेस्रो चरणको कार्यक्रम अघि सारे । जस अनुसार- चैत्र १६ गते बेलुका ७ बजेदेखि ७.१० सम्म बत्ति निभाउने, चैत्र २२ गते धार्मिक स्थलहरूमा जनशहीदहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्न शोक सभाको आयोजना गर्ने र चैत्र २७ गते पञ्चायतको संविधान जलाउने कार्यक्रम तय भयो । शैक्षिक क्षेत्रका आन्दोलनहरूले सरकारलाई थप दबाब पुऱ्यायो । सशस्त्र प्रहरीले घरघरमा पसेर जनतालाई कुट्न पिट्न थाले पछि पाटनवासीले आक्रोश व्यक्त गर्दै चैत्र १७ गते ६० हजार भन्दा बढीको जुलुस निकाले । सशस्त्र प्रहरीले जुलुस माथि आक्रमण सुरु गरे पछि प्रदर्शनकारीहरूले जनतालाई यातना दिने मङ्गलबजारको प्रहरी थाना र नगर पञ्चायतमा आगो लगाइदिए । जनताले त्यहाँ पाटन, कीर्तिपुरलाई पञ्चायत मुक्ति क्षेत्रसमेत घोषणा गर्न पुगेका थिए । यसरी गाउँ शहर जताततै पञ्चायत विरूद्ध जनलहर सिर्जना भइसके पछि सरकार केही पछि हट्न बाध्य भयो । चैत्र २४ गते राजाले तात्कालीन प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दलाई हटाएर वार्ता गर्ने घोषणा गरे, जसलाई जनआन्दोलनकारी शक्तिले पुरै खारेज गरिदिए । जनताले उक्त घोषणालाई झुक्याउने चालबाजीका रूपमा बुझे । यसले अन्तर्राष्ट्रिय रूपमा समेत तीव्र प्रतिक्रिया जन्मायो । राजाको चाललाई बुझेर काँग्रेस र वाममोर्चाले पञ्चायतको अन्त्य र बहुदलीय व्यवस्थाको स्थापना नभएसम्म आन्दोलन जारी राख्ने घोषणा गऱ्यो । व्यवस्थालाई टिकाउने षड्यन्त्र गर्न चाहेको बुझी सडकमा राजाको घोषणाको खुलेआम विरोध भयो । 'राष्ट्रिय संयुक्त जनआन्दोलन' ले पनि उक्त कार्यप्रति कडा विरोध जनायो । अझै पनि षडयन्त्र हुनसक्ने भएकोले राजनीतिक दलको प्रतिबन्ध फुकुवा भइसक्यो भन्ने भ्रममा नपर्न भन्दै चैत्र २७ गते गणेशमान सिंहले जनतालाई आग्रह गर्दै प्रजातन्त्रको पूर्णप्राप्ति नभएसम्म अविचलित रहन आह्वानसमेत गरे । उक्त आह्वान परिशिष्ट छ मा हेर्न सकिन्छ । "परिस्थिति सत्ताको नियन्त्रण भन्दा बाहिर पुगिसकेको थियो । त्यो दिन राजदरबारतर्फ परिलक्षित हुने क्रममा आन्दोलनकारी समूहले राजदरबार सन्मुख रहेको महेन्द्रको शालीक ढाल्न खोज्दा आन्दोलनकारीहरू भागदौड हुँदा गोली लागेर केही शालिक छेउमै ढल्न पुगे," (भौकाजी, २०७४, चैत्र २६) । लगत्तै साँझमा प्रशासनले अनिश्चितकालीन निषेधाज्ञा जारी गऱ्यो, जनताले सहासपूर्वक निषेधाज्ञाको अवज्ञा गरे । आन्दोलनमा धेरैले मृत्युवरण गरे, अङ्गभङ्ग भए । बहुदलीय व्यवस्थाको लागि भएको शान्तिपूर्ण आन्दोलनमा जीवन गुमाउनुले पञ्चायती दमनको अवस्था जाहेर हुन्छ ।

### ४.१२.२ २०४६ को राजनीतिक परिवर्तनमा प्रगतिशील गीत

२०४६ को जनआन्दोलनका क्रममा गाइएका गीतहरूले राजनीतिक परिवर्तनलाई नै मुख्यरूपमा लक्षित गरेको पाइन्छ। जनअधिकारको सु-निश्चितताको माग गर्दै अन्याय र निरङ्कुशताको विरोध गरी व्यवस्था परिवर्तनको आग्रह प्रस्तुत गरेको पाइन्छ। प्रगतिशील गीतहरूले पनि राजतन्त्रको अन्त्य गरी नयाँ समाज स्थापना गर्नुपर्ने माग गरेका थिए। राजनीतिक परिवर्तनमा पञ्चायत प्रमुख बाधकशक्तिका रूपमा रहेकोले व्यवस्थाप्रति कडा आक्रोश र घृणा व्यक्त हुन गएको थियो। आन्दोलनमा दलहरूले राजनीतिक भूमिका र कलाकारहरूले सांस्कृतिक भूमिका निर्वाह गरे। आस्थाका कलाकारहरूले लेखक-कलाकारसँग मिलेर स्वतस्फूर्त रूपमा जनतालाई उत्साही तुल्याउने काम गरे। कतिपय कलाकारलाई पञ्चायतले बन्दी बनायो। तर जिउज्यानको पर्वाह नगरी उनीहरू दिनहुँ झैँ सशरीर आन्दोलनमा खटेका थिए। पञ्चायती निरङ्कुशतामा प्रहार गर्दै आएका उनीहरूले गीति चेतनाको बलमा नै जनतालाई आन्दोलनमा होमिने मनस्थितिमा पुऱ्याए। उनीहरूका गीतले पञ्चायतको अन्त्यसँगै सामन्ती राज्यव्यवस्था र राजतन्त्रलाई समेत समाप्त पार्ने सन्देश दिएका थिए। सडकबाट सांस्कृतिक रूपमा पञ्चायत फाल्ने उद्घोष गरे, गाउँगाउँ पुगेर जनतालाई जागृत गराए। पञ्चायत ढाल्नलाई गीतसङ्गीत एक महत्त्वपूर्ण परिवर्तनको औजार बन्यो," (श्रेष्ठ, २०७६)। पञ्चायती निरङ्कुशता विरूद्ध आवाज सशक्त गर्दै व्यवस्थाविरूद्ध 'गाउँगाउँका नागरिकमा जागरण भर्न मैदानमा उत्रिए। गाउँबस्तीका अधिकारविहीन श्रमिक वर्गको आवाजलाई गीतमार्फत सुनाए। प्रगतिशील गीतहरू त्यसबेला राजनीतिक आन्दोलन एवम् क्रान्तिको पर्याय जस्तै बनेका थिए। प्रगतिशीलहरूले पञ्चायतको अन्त्य र प्रजातन्त्रको प्राप्ति भएको खुशीयालीमा आयोजित पचासौँ हजारको जनसहभागिता बीच खुलामञ्चमा "गाउँगाउँबाट बस्तीबस्तीबाट उठ, यो देशको मुहार फेर्नलाई उठ" (तमोट, २०४७, भाग ५: १४) गीत गाउँदै सामूहिक आवाजमा प्रस्तुत गरेका थिए। उक्त गीतलाई १७ भाषा (नेवारी, तामाङ, मगर, गुरुङ, भोजपुरी, मैथिली आदि) मा अनुवाद गरी जनआन्दोलनका हरेक कार्यक्रमहरूमा गाइएको थियो। उल्लिखित अध्ययनका आधारमा तात्कालीन पञ्चायती शासकहरूसँग अनेकन चुनौतीहरूको सामना गर्दै राजनीतिक परिवर्तन र त्यसमार्फत राजनीतिक स्वतन्त्रता सहितको न्याय, समानता, मुक्तिको दिन ल्याउन, प्रजातान्त्रिक व्यवस्था स्थापित गर्न प्रगतिशील गीतले योगदान पुऱ्याएको देखिन्छ। उल्लिखित व्यक्तिहरूद्वारा प्रस्तुत विचारहरूका आधारमा समेत नेपालको राजनीतिक परिवर्तनमा प्रगतिशील गीतको योगदान रहेको थियो भन्ने स्पष्ट आधार प्राप्त हुन्छ।

२०४६ को जनआन्दोलनले देशमा ठुलो राजनीतिक परिवर्तन ल्यायो। "राजनीतिक दलमाथि लगाएको प्रतिबन्ध ३० वर्ष पछि राजा विरेन्द्रले २०४६ चैत्र २६ (८ अप्रिल सन् १९९०) का दिन अन्तर्राष्ट्रिय वातावरण र नेपालीको एकतालाई मध्यनजर राखी नेपालीहरूको चाहना अनुसार नै संविधान २०१९ मा रहेको 'दलविहीन' शब्द हटाई राजनीतिक दलमाथि लागेको प्रतिबन्ध हटाएका

थिए," (गौतम, २०७६ : ४२३) । पञ्चायती निरङ्कुशताको कोपभाजन बनाइएका वामपन्थी र प्रजातान्त्रिक राजनीतिक व्यक्तित्वहरू कष्टकर भूमिगत वा जेल जीवनबाट मुक्त मात्र भएनन्, उनीहरू आफैँ संविधानका रचनाकार बने । त्यसबेला धेरैजसो कार्यक्रमहरूमा गाइएका गीतहरूले किसान, मजदुर, महिला लगायतलाई राजनीतिक परिवर्तनको निर्णायक आन्दोलनमा सामेल हुन अपिल गरे । ती गीतमा सामाजिक चेत, क्रान्ति र परिवर्तनको दृढ अभिव्यक्ति अनुभूत हुन्छ । प्रतिध्रुवीय वैचारिक सङ्घर्षमा सबैले अन्तिम धक्का दिनुपर्ने भन्ने जस्ता अभिव्यक्ति गीति भावमा भेटिन्छन् । प्रगतिशील गीत निरङ्कुशता विरोधी आन्दोलनको एक विचारधारात्मक हतियारका रूपमा प्रयोग भयो, जसबाट नेपालको राजनीतिक परिवर्तनलाई सहयोग पुगेको अनुभूत गरिन्छ ।

### ४.१२.३ निर्दलीयताको अन्त्य र प्रजातन्त्रको पुनर्स्थापना

२०४६ चैत्र २६ गते गोकर्ण दरबारमा गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, सहाना प्रधान, मनमोहन अधिकारी, निलाम्बर आचार्य, आर.के. मैनालीसँग राजा वीरेन्द्रबाट वार्ता भई सोही दिन राति संविधानबाट दलविहीन शब्द हटाइएको, पार्टी माथिको प्रतिबन्ध फुकुवा गरी संविधान सुधार आयोग गठन गर्ने र राष्ट्रिय पञ्चायत भङ्ग गरिने खबर रेडियो, टिभीबाट सुनाइयो । २६ गते काँग्रेसबाट कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइराला तथा वाममोर्चाबाट सहाना प्रधान र राधाकृष्ण मैनाली राजदरबार गई सङ्क्षिप्त वार्तापछि मध्यरातमा शाही घोषणा भयो । जनआन्दोलन ४९ औँ दिनमा आइपुग्दा निर्दलीयताको अन्त्य भई प्रजातन्त्रको पुनर्स्थापना भई जनआन्दोलन २०४६ पश्चात्को अन्तरिम मन्त्रिमण्डलमा नेका र वाम घटकको संयुक्त सरकार बन्न पुग्यो । शान्तिपूर्ण जनआन्दोलनमार्फत मुलुकमा २०४६ चैत २६ गते राजनीतिक परिवर्तन भयो ।

## ४.१३ निष्कर्ष

प्रगतिशील गीतको उद्भवदेखि अनुसन्धानले तोकेको सीमाको कालखण्डसम्मका तत् सम्बन्धि विशिष्ट घटनाहरूको वर्णन गर्दै यस अध्यायमा प्रगतिशील गीतको उद्भव र इतिहासलाई समयक्रम अनुसार उल्लेख गरियो । संसारमा भएका कुनै पनि वस्तु नष्ट हुँदैनन्, आपसमा द्वन्द्व सिर्जना हुँदै परिवर्तन हुन्छन् । पहिलाको रुप परिवर्तन भई नयाँ रूपमा जान्छ र यो क्रम निरन्तर चलिरहन्छ भन्ने सिद्धान्तलाई प्रगतिशील गीतले अङ्गालेको तथ्यलाई यस अध्यायमा स्पष्ट पारियो । पुरानो व्यवस्था र अवस्थामा आमुल परिवर्तन ल्याउन सहयोग गर्नु प्रगतिशील गीतहरूको मूल ध्येय थियो । यसक्रममा परिस्कारवाद, स्वच्छन्दतावाद, प्रगतिवाद, प्रगतिशीलताको इतिहास हुँदै त्यसैको एउटा रूप प्रगतिशील गीतको विकास हुँदै आयो भन्ने तथ्य अध्ययनले फेला पारेको छ ।

राणाकालमा परोक्ष आलोचनाका शब्दले राणा शाही आतङ्कित जनतामा चेतना वृद्धि प्रगतिवादी साहित्यको उठान भयो । आंशिकरूपमा प्रगतिशील साहित्य देखापऱ्यो । २०१७ पछि वाक् स्वतन्त्रता कुण्ठित रहेको अवस्थामा नेकपा जनवादी राज्यसत्ता प्राप्तिको दिशामा अघि बढ्यो ।

नेकपाकै विचार प्रवाहमा प्रगतिशील गीत रचना हुन थाले । ती गीतले अन्धविश्वास र रुढिवादका विरुद्ध विश्व-दृष्टिकोण अनुरूपको वैज्ञानिक र वस्तुपरक चेतना दिन थाल्यो । २०२८ को झापा विद्रोहसँगै राल्फाका गीत गाउँगाउँमा गुञ्जन थाले । जनमत सङ्ग्रहकालीन केही खुकुलो वातावरणलाई उपयोग गर्दै सङ्कल्पले देशव्यापीरूपमा जनचेतना र जागरण ल्यायो । साम्यवादी आन्दोलनका कार्यकर्ताको उत्पादनमा र पञ्चायत विरोधी भावनाको निर्माणमा सघाउ पुऱ्यायो । २०४६ को जनआन्दोलन राजनीतिक दलहरूकै नेतृत्व र संयुक्त आयोजनामा भयो तर त्यसको पृष्ठभूमि, जनशक्ति निर्माण, सचेतना र राजनीतिक चेतना भर्न गीतको योगदान रहन गयो । त्यसले पनि आन्दोलनको सङ्ख्यात्मक र गुणात्मक सहभागितालाई प्रोत्साहित गऱ्यो । जनआन्दोलन २०४६ मा आस्थाका गीत आन्दोलनकारीका नाराका रूपमा समेत प्रयोग भए । प्रगतिशील गीतको प्रवृत्तिगत पक्षको अध्ययन गर्दा मुलभूतरूपमा ती गीतमा द्वन्द्वात्मक अवस्था, वर्गीयता, क्रान्ति, जीवनवादी भाव, सङ्घर्ष, शोषण र अनेक प्रकारका अन्याय, अत्याचारको विरोध जस्ता वैचारिक अभिव्यक्तिहरू देखा परे । मूलतः प्रगतिशील गीतले प्रगतिशील-प्रगतिवादी वैचारिक अन्तर्वस्तुलाई केन्द्रीय कथ्य बनाएको तथ्य प्राप्त हुन गयो । गीतको वैचारिकता मार्क्सवादी विचारधाराबाट प्रभावित भएको पाइयो । राल्फा, सङ्कल्प र आस्थाका गीतमा सामाजिक, सांस्कृतिक र राजनीतिक विषयवस्तुहरू मूलरूपमा देखा परे । ती गीतले जनतामा वर्गीय, लैङ्गिक र जातीय समानताको चेतना उठाउने काम गरेको देखिन्छ । राल्फा प्रगतिशील गीतको पहिलो पुस्ता भए पनि क्रान्तिकारी र विद्रोही भावना मुखरित गर्ने कार्यलाई प्रोत्साहित गरेको पाइयो । सुरुवातमा कुनै विचार सिद्धान्तमा आबद्ध नभएता पनि राल्फाका गीतले जनतामा व्यवस्था विरोधी भावनाको विकासमा मद्दत पुऱ्यायो । सङ्कल्पले तात्कालीन कम्युनिस्ट पार्टी (माले) को सङ्गठनात्मक विकास, जनशक्ति निर्माणसँगै जनमत सङ्ग्रहमा निर्दलका विरूद्ध बहुदललाई जिताउन राजनीतिक प्रचार-प्रसार गरेर जनमत निर्माण गर्ने कार्यमा सहयोग पुऱ्यायो । आस्थाले जनआन्दोलनमा सक्रियरूपमा भूमिका खेलेको देखियो । नेपालको कम्युनिस्ट आन्दोलनमा विभाजन समयसमयमा देखा परेका विभाजन र एकीकरणको अवस्थामा राल्फा, सङ्कल्प पनि विभाजित हुन पुग्दा त्यसले क्षति व्यहोरेको अवस्था देखा पर्न गयो । त्यसले सम्बद्ध कलाकारहरूमा विभाजनको अवस्था निर्माण गरेको देखिन्छ ।

गीत आफैँ परिवर्तनको निर्णायक शक्ति हैन, सहयोगी औजार हो । यस्तै सहयोगी शक्तिहरूको संयोजनबाटै जनआन्दोलनको मूल शक्ति निर्माण भएको हो । मार्क्सवादी क्रान्तिकारी विचारका गीत, कला, कलाकारहरू त्यसै उद्देश्य प्राप्तिका निम्ति दलहरूसँग एकाकार भएका हुन् । समाजमा सामाजिक, आर्थिक, मानवीय शोषण र विभेद विरूद्धको आवाज लिएर उठेको प्रगतिशील गीतका मर्महरू प्रजातन्त्रको पुनर्स्थापना पछि समेत ओझेलमा पर्ने हो भने ती गीतको इतिहास र योगदान प्रति नै अन्याय हुने देखिन्छ । त्यसैले सही गन्तव्य पहिचान गरेर अगाडि बढ्न राजनीतिक शक्तिको विचार, विवेक प्रयोग र दिशानिर्देशमा निर्भर गर्दछ ।

## अध्याय : पाँच

# नेकपा (माले) को सङ्गठन विस्तारमा प्रगतिशील गीतको योगदान

राजनीतिक क्षेत्रमा साझा उद्देश्य प्राप्तिका निम्ति निर्माण गरिएको स्थायी प्रकृतिको वैधानिक मान्यतायुक्त सामाजिक राजनीतिक समूह, सङ्गठन हो, सङ्गठनात्मक कामको समष्टिगत स्वरूप हो । सङ्गठन विस्तार पार्टीको नीति सिद्धान्त अनुरूपको लक्ष्य प्राप्त गर्न सङ्ख्यात्मक, गुणात्मक व्यापकताको निम्ति आवश्यक मानिन्छ । नेकपा (माले) को जीवनमा प्रगतिशील गीत पार्टी सङ्गठन विस्तारको यसै प्रक्रियामा जोडिएर आएको पाइन्छ । राजनीतिक दलहरू प्रतिबन्धित रहेका बेला नेकपा (माले) ले साम्यवादी राजनीतिलाई जनता माझ पुऱ्याउन, पार्टी सङ्गठनप्रति जनविश्वास बढाउन, सामूहिक र भावनात्मक सम्बन्ध स्थापना गर्न र शक्ति सुदृढीकरण गर्न सामाजिक सांस्कृतिकीकरणको प्रक्रिया अवलम्बन गर्ने क्रममा प्रगतिशील गीतको प्रयोग र अभ्यास गरेको थियो । उक्त सन्दर्भमा नेकपा (माले) को सङ्गठन विस्तारमा प्रगतिशील गीतहरूले कसरी योगदान पुऱ्याए भन्ने कुरालाई विश्व कम्युनिस्ट आन्दोलनका अनुभवहरू सँग जोड्दै मालेको पार्टीको सङ्गठन विस्तारमा प्रगतिशील गीतले पुऱ्याएको योगदानको बारेमा यस अध्यायमा व्याख्या गरिएको छ ।

## ५.१ कम्युनिस्टको अर्थ

सामान्यरूपमा कम्युनिस्टको अर्थ साम्यवादी हुन्छ । तर आमरूपमा कम्युनिस्टलाई वामपन्थी शब्दद्वारा सम्बोधन गर्ने गरिएको पाइन्छ । वामपन्थी शब्द प्रयोगको सुरुवात फ्रान्सेली क्रान्तिसँगै भएको पाइन्छ । वामपन्थी, राजनीतिमा त्यस्तो पक्ष वा विचारधारा, जो समाजलाई बदलेर अधिक आर्थिक तथा जातीय समानता ल्याउन परिवर्तन चाहन्छ भन्ने बुझिन्छ । "कम्युनिस्ट, ल्याटिन भाषाको *कम्युनिस* बाट उत्पत्ति भएको मानिन्छ । यो शब्द *कम* र *म्युनिस* शब्दको मेलबाट बनेको छ, जसको अर्थ सेवा गर्ने, सँगै मिलेर काम गर्ने, एक अर्काको हितमा मिलेर काम गर्ने भन्ने जनाउँछ," (गिरी, २०६७) । "कम्युनिस्ट शब्दको प्रयोग सर्वप्रथम जुलाई राजतन्त्रकाल (सन् १८३०-१८४८) मा कम्युनैटेका रूपमा भयो । त्यतिबेला गोपनीयतावादीहरूले आफूलाई कम्युनैटे भन्ने गर्दथे," (के.सी., २०५६) । सन् १८२३ मा रोबर्ट ओवेनले आयरल्याण्डमा गरिब र पीडितहरूको सामूहिक बस्ती बसाल्ने योजना पेश गरे । उक्त बस्तीलाई कम्युनिस्ट भन्ने गर्दथे । फ्रान्सका जोन गुडविन वारामवीले बेलायतबाट प्रकाशित हुने *'न्यू मोरल वर्ल्ड'* पत्रिकामा *कम्युनिस्टे* शब्द उल्लेख गरेका थिए र यसैबाट सर्वप्रथम इङ्ल्याण्डमा कम्युनिस्टे शब्द देखापऱ्यो । कम्युनिस्ट शब्दको औपचारिक प्रयोग सन् १८४८ मा मार्क्स एङ्गेल्सद्वारा रचित कम्युनिस्टको घोषणा पत्रमा भयो र त्यसको पहिलो प्रयोग मजदुर वर्गको पहिलो सङ्गठन *'कम्युनिस्ट लिग'* मा भयो । वीपी कोइराला भन्छन् - "कम्युनिज्म पुँजीको सामाजिकीकरण हो । अर्थतन्त्रलाई खुला छाडिदियो भने पुँजीवाद हावी

हुन्छ र राजनीतिलाई नियन्त्रण गरियो भने अधिनायकवाद जन्मन्छ । तसर्थ राज्य व्यवस्थाका अभिन्न अङ्ग अर्थ र राजनीति नियन्त्रण र फुकुवाबीच निरन्तर अन्तर्विरोध भइरहन्छ," (पोखरेल, २०७८, माघ १५) । कोइराला कम्युनिज्ममा राजनीतिलाई नियन्त्रण गर्दा अधिनायकवाद जन्मन सक्ने खतराप्रति थोरै सशङ्कित देखिन्छन् । तर लेनिन- "पुँजीपतिवर्गलाई हराउनु र उसको हातबाट सत्ता छिन्नु नै कम्युनिस्टको निर्णायक र निर्देशक लक्ष्य हो," (सन् १९१७, पृ. १४१) भन्छन् । लेनिनको *अप्रिल थेसिस* (सन् १९१७, पृ. १९) मा 'समाजवादी' राख्ने भनिएको थियो, अन्त्यमा कम्युनिस्ट प्रस्ताव गरियो, जसले वर्गीय मुक्तिलाई मानव मुक्तिको पहिलो आधार मान्छ ।

### ५.१.१ मार्क्सवादको अर्थ

मार्क्सवादलाई दर्शनको क्षेत्रमा द्वन्द्वात्मक भौतिकवादी दर्शन र सिद्धान्तको क्षेत्रमा सर्वहारा वर्गको मुक्तिको सिद्धान्त मानिन्छ । मार्क्सवादलाई सामाजिक क्रान्तिको विज्ञान पनि मानिन्छ । "द्वन्द्ववादको अर्थ वादविवाद हो । विरोधी विचारहरूबीचको वादविवादबाट नै सत्य उद्घाटित हुन्छ भन्ने दार्शनिक मान्यता नै द्वन्द्ववाद हो,"(थेरबर्न, सन् २०१८) । भौतिकवाद पदार्थ नै अन्तिम सत्य हो भन्ने दार्शनिक चिन्तन हो । द्वन्द्वात्मक भौतिकवादका अनुसार पदार्थमा आउने परिवर्तन त्यसको आन्तरिक स्थितिबाट निर्धारित हुन्छ । यो दार्शनिक, वैचारिक र अर्थशास्त्रीय विज्ञान हो, जसले विश्वका सर्वहारा, श्रमजीवी वर्गको मुक्तिको उद्देश्य राख्दछ । वर्गसङ्घर्षको उठानलाई हेर्दा थोमस हब्स (सन् १५८८-१६७९), जोन लक (सन् १६३२-१७०४), जीनज्याक रूसो (सन् १७१२-१७७८) जस्ता दार्शनिकहरूले सामाजिक असमानता र सामाजिक श्रेणी-विभाजनबारे वैचारिक बहसको थालनी गरेको पाइन्छ । उक्त बहसलाई कार्ल मार्क्स (सन् १८१८-१८८३) ले गहिरो व्याख्या गरेर उन्नत स्तरमा पुऱ्याए । हेगेलको द्वन्द्ववादी र लुडविग फायरवाखको भौतिकवादी दर्शन र अस्तित्वमा रहेका अन्य दर्शनहरूको विश्लेषण, संश्लेषण र नकारात्मक कुराहरूको आलोचना गर्दै मार्क्स, द्वन्द्वात्मक भौतिकवादी दर्शन नै सही दर्शन भएको निष्कर्षमा पुगे । उनले *'दास क्यापिटल'* मार्फत वर्गविभेद, वर्गसङ्घर्ष र वर्गचेतनाको नयाँ विचार समाजलाई दिएका थिए । यसले मूलरूपमा दार्शनिक नृविज्ञान, इतिहासको सिद्धान्त, आर्थिक र राजनीतिक कार्यक्रमसहित तीन सैद्धान्तिक विचारहरू अगाडि सारेको थियो, जसलाई सर्वप्रथम सोभियत सङ्घमा लेनिनले प्रयोग गरे । स्टालिनले त्यसलाई परिमार्जन गरे । माओत्सेतुङले मार्क्सवाद-लेनिनवादको चिनियाँरूपमै विकास गरे । अन्य देशहरूले आ-आफ्नै ढङ्गबाट मार्क्सवादको अभ्यास गर्दै गए । भौतिकवादको व्याख्या गर्दै वर्मा लेख्दछन् - "मार्क्सको विचारमा भौतिकवाद वैज्ञानिक र गतिशील छ, जसले आत्मा, ईश्वर वा सृष्टिकर्तालाई कुनै स्थान दिँदैन । भौतिकवाद गतिमा चल्ने पदार्थ हो, जुन प्रक्रिया *थेसिस, एन्टिथेसिस र सेन्थेसिस* को प्रक्रियाबाट सञ्चालन हुन्छ । आर्थिक उत्पादन वा सामाजिक अस्तित्वले आधारभूत आर्थिक संरचना बनाउँछ, बाँकी *सुपरस्ट्रक्चर* हो," (सन् २००८, पृ. ३०४) । भौतिक

जीवनको उत्पादन प्रणालीले जीवनको सामाजिक, राजनीतिक बौद्धिक प्रक्रियालाई निर्धारित गर्ने र सामाजिक अस्तित्वले नै चेतनालाई निर्धारित गर्ने कुरा उक्त भनाइको सारतत्वमा भेटिन्छ । भौतिकवादी सिद्धान्तलाई आधार लिँदै लेनिनले वर्गमुक्त साहित्य-सङ्गीत वर्गविहीन समाजमा मात्र सम्भव हुन्छ भन्ने धारणा अघि सारे । यसै सिद्धान्तले वर्गसङ्घर्ष र क्रान्तिको सिद्धान्त प्रस्तुत गऱ्यो । जसअनुसार क्रान्तिको परिणामस्वरूप उत्पादनका साधनहरूको निजी स्वामित्वलाई पहिले समाजवाद र मानव विकासको अन्तिम चरणमा साम्यवाद अर्थात् वर्गविहीन समाजको निर्माण हुन्छ भन्ने विचार स्थापित गराएको पाइन्छ । "द्वन्द्वात्मक भौतिकवाद, ऐतिहासिक भौतिकवाद, अतिरिक्त मूल्यको सिद्धान्त, वर्गसङ्घर्ष तथा इतिहासमा बल प्रयोगको भूमिका र वैज्ञानिक समाजवाद तथा साम्यवाद मार्क्सवादका आधारभूत मान्यता हुन्," (स्टालिन, सन् १९३८) । उक्त सिद्धान्तले मानव जातिलाई सबै किसिमका शोषण, उत्पीडन र विभेदबाट मुक्त हुने बाटो देखाउँछ । स्टालिनका अनुसार साहित्यकार र कलाकारहरू मानव आत्माका इन्जिनियर हुन् । सर्वहारा क्रान्ति विज्ञानलाई साहित्य संस्कृतिको क्षेत्रमा डोऱ्याउन त्यही इन्जिनले काम गर्छ। सोभियत सङ्घ, चीन, भियतनाम र क्युबा जस्ता देशहरूले कम्युनिस्ट समाज निर्माण गर्ने प्रयास गरे तर व्यक्तिगत सम्पत्ति र वर्गप्रणालीलाई पूर्णरूपमा उन्मूलन गर्न सकेनन् भन्ने आलोचना खेपे । सङ्गठन निर्माण र राजनीतिक परिवर्तनमा गीतको सन्दर्भमा मार्क्सवादका तीन सङ्घटक अङ्गको सैद्धान्तिक अवस्थाको चर्चा यहाँ गरिएको छ ।

### ५.१.२ मार्क्सवादका तीन सङ्घटक अङ्ग

मार्क्सवादमा दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवाद तीन सङ्घटक अङ्गका रूपमा मानिन्छ । मार्क्सवादको दर्शन द्वन्द्वात्मक भौतिकवादी दर्शन हो, जसलाई जनताको दर्शन भन्ने गरिन्छ । द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद सबै खाले आदर्शवाद र अधिभूतवादका विरुद्ध रहेको पाइन्छ । अधिभूतवादलाई द्वन्द्ववाद विरोधी, अति पूरातन, प्रकृतिको रचनात्मकता विरोधी, जडता र यान्त्रिकता पक्षधर दर्शन मानिन्छ । मार्क्सवादी राजनीतिक अर्थशास्त्र, अतिरिक्त मूल्यको सिद्धान्तमा आधारित छ । वैज्ञानिक समाजवाद वर्गसङ्घर्ष, इतिहासमा बलप्रयोगको भूमिका, र्सवहारावर्गको अधिनायकत्वमा आधारित छ । यसको मूल उद्देश्य आदर्श साम्यवाद हो, जसलाई लेनिन र माओले विकसित तुल्याएको पाइन्छ । मार्क्सले सृष्टिको मूल तत्वको केन्द्र पदार्थलाई माने । संसारका सबै समस्याको समाधान र परिवर्तन द्वन्द्वात्मक प्रक्रियाद्धारा हुन्छ भन्ने दृष्टिकोण नै मार्क्सवादी दृष्टिकोणका रूपमा रहेको पाइन्छ ।

प्रगतिवादी-प्रगतिशीलहरू द्वन्द्ववाद र भौतिकवादको सम्मीश्रणबाट द्वन्द्वात्मक भौतिकवाद बन्दछ भन्ने मान्दछन् । द्वन्द्ववाद अन्तर्विरोधी तत्वहरूको अध्ययन गर्ने पद्धति हो । द्वन्द्ववादको पहिलो सिद्धान्तकार हेगेलका अनुसार- विचारको विकास भएर बस्तुजगत् बन्दछ र बस्तुजगत् पुनः विकसित हुदै परमात्मामा पुग्दछ', जसलाई समाज निरपेक्ष आदर्शवादी विचार मानियो । "मार्क्सले टाउकोले

टेकेर उभिएको उक्त द्वन्द्ववादलाई खुट्टाको भरमा टेकाउने काम गरे । अर्थात् यो ब्रम्हाण्ड र सारा संसार पदार्थबाट बन्यो र पदार्थ वा प्रकृति नै पहिलो हो, दुनियाँमा ईश्वर छैन, ब्रम्हाण्डको निर्माण कुनै विचार वा परमात्माको कृपा हैन," (स्टालिन, सन् १९३८) भन्ने विचार अघि सारे, जसलाई भौतिकवाद भनियो । फायरबाखले द्वन्द्ववादको व्याख्या गरे तर पदार्थलाई दुनियाँ परिवर्तन गर्ने परिवर्तनशील कुरा बनाउन सकेनन् । मार्क्सले तिनै दार्शनिक पक्षमा देखिएका कमी कमजोरी हटाई भौतिकवादलाई द्वन्द्ववादसँग जोड्ने काम गरे, जसको एङ्गेल्स, लेनिन र माओले थप विकास गरे । यसैमा जोड दिँदै कर्नफोर्थ भन्छन् - "भौतिकवादी द्वन्द्ववादले पदार्थलाई गतिशील मान्दछ र हरेक वस्तुको विकासमा आन्तरिक कारणलाई प्रधानता दिन्छ, कुनै अलौकिक शक्तिमा विश्वास गर्दैन," (सन् १९६८) । यसैको समग्र विकास मार्क्सवादी-लेनिनवादी दर्शनका रूपमा द्वन्द्वात्मक भौतिकवाद प्रकृति, समाज र चिन्तनमा विद्यमान गतिका आम नियमहरूको अध्ययनका आधारमा संसारलाई फेर्न प्रेरित गर्ने सर्वहारावर्गको विश्वदृष्टिकोण निर्माण हुन पुगेको पाइन्छ ।

मार्क्सवादका केही नियमहरू छन् । पदार्थ र गतिको नियम पदार्थ र गतिको एकताको मान्यतामा आधारित देखिन्छ । यसले भौतिक पदार्थलाई भौतिकवादको मूल तत्व मान्दछ, र ब्रम्हाण्डका सबै वस्तु गतिशील र सापेक्ष छन् भन्दछ । "द्वन्द्ववादको विपरीत एकत्व र सङ्घर्षको नियमले दुई विपरीत तत्व नभएसम्म कुनै पनि वस्तु अस्तित्व रहँदैन र त्यो एकता नै सङ्घर्ष हो भन्दछ । भौतिकवादी दर्शनको पक्षधरता सर्वहारा एवम् श्रमजीवी वर्ग हो, यस दर्शनको पद्धति द्वन्द्ववाद हो," (तिमल्सिना, २०७७) । "मात्राबाट गुणको रूपान्तरणसम्बन्धी नियमले कुनै पनि वस्तुको द्वन्द्व सुरुमा मात्रात्मक र अन्त्यमा मात्रात्मक परिणामले गुणमा बदलाव ल्याउने र मात्रा, गुण दुवै बदलिन्छ भन्छ," (मार्क्सिष्ट अर्काइभ, सन् १८८३) । तर मार्क्सवादीहरू क्रान्ति अकस्मात हुँदैन, यसले निश्चित समयको अपेक्षा राख्दछ भन्दछन् । मार्क्सवादको आधारभुत सिद्धान्त वर्गसङ्घर्ष हो । "पुँजीवादमा मजदुर र पुँजीपति बीचको सङ्घर्ष हुन्छ । त्यो कहिले मन्द गति त कहिले तीव्र गतिमा हुन्छ । अन्त्यमा मजदुरहरूले पुँजीवादलाई परास्त गरेर समाजवाद स्थापना गर्दछ," (लेनिन, सन् १९१३) । निषेधको निषेधको नियमले हरेक पुरानो वस्तुलाई नयाँले निषेध गर्दछ । आदिम साम्यवादी समाजलाई, दाशयुगले, दाशयुगलाई सामन्तवादी समाजले, सामन्तवादी समाजलाई, पुँजीवादी समाजले निषेधको निषेध गर्दै गयो र पुँजीवादी समाजलाई समाजवादी समाजले निषेध गर्छ, र एकदिन समाजवादी समाजलाई पनि साम्यवादी समाजले निषेध गर्नेछ भन्ने विश्वास मार्क्सवादले गरेको पाइन्छ । ऐतिहासिक भौतिकवादले सत्ता र चेतनाको प्रश्नमा सत्तालाई प्राथमिक र चेतनालाई द्वितीय मान्छ । मार्क्सवादको नियम आधार र उपरी संरचनाका अनुसार- उत्पादन शक्ति र उत्पादन सम्बन्धको एकीकृत रूप उत्पादन पद्धति हो र उत्पादन पद्धति नै समाजको आर्थिक आधार हो । "यो श्रम विभाजनसँग सम्बन्धित छ । उत्पादनका साधन हातमा रहेकाहरू र नभएकाहरू वर्गका रूपमा विभाजित हुने समाज नै वर्गीय समाज हो, जो एकअर्काको निरन्तर विरोधमा निर्बाध उभिन्छन्,"

(अफानास्येभ, सन् १९८०, पृ. २३९) । यस आधारमा अधिरचना भन्नाले आर्थिक आधारमा खडा भएको राजनीतिक र दार्शनिक छानो हो, जसले माथिल्लो तहबाट आधारको निगरानी राख्दछ । अदालत, कानून, सरकार, सेनाआदि अधिरचना हुन् । "मार्क्स, लेनिनले कला र साहित्यलाई पनि अधिरचना मानेका छन् । "विश्वभरि नै गीत सङ्गीतको शक्ति भूराजनीतिक परिवर्तन, सामाजिक, सांस्कृतिक, राजनीतिक आन्दोलन, चेतना विस्तार र प्रचारमा प्रयोग हुँदै आएको देखिन्छ । खासगरी साम्यवादीहरूले गीत सङ्गीतलाई राजनीतिक हतियारको रूपमा प्रयोग गर्दै आएका छन्," (क्लोनेन, सन् २०१३, ७-८) । राजनीतिक परिवर्तनका लागि क्रान्तिकारीहरूको सङ्गठनको विकास र विद्रोहको वातावरण तयार पार्ने काममा कला र सङ्गीतको महत्त्वपूर्ण भूमिका रहन्छ । "विद्रोहका गीतले हाम्रो शरीर, दिमाग, सम्झना, इतिहास, विचारहरू, निर्माण हुने प्रक्रियालाई मद्दत पुऱ्याउँछ, जसले परिवर्तनको निम्ति मानसिकरूपमा पनि तयार पार्दछ," (केरिल्लो, सन् २०१४) । उल्लिखित विश्लेषणका आधारमा प्रगतिशील गीत सामाजिक चेतनाको एउटा रूप भएकोले नेकपा (माले)को सङ्गठन विस्तारमा प्रगतिशील गीतको योगदान थियो भन्ने आधार सिर्जना भएको हो ।

## ५.२ समाजवादी गीतहरूको अन्तर्राष्ट्रिय अभ्यास

विश्व कम्युनिष्ट आन्दोलनको निर्देशक मूल विचारधारा मार्क्सवाद-लेनिनवाद, सैद्धान्तिक आधार द्वन्द्वात्मक भौतिकवाद र आन्दोलनको स्वरूप अन्तर्राष्ट्रियवाद हो । कम्युनिस्ट घोषणा पत्र सन् १८४८ मा समेत अन्तर्राष्ट्रिय साम्यवादमा जोड दिइएको छ । कम्युनिष्टहरूले संसारभर गाउने गरेको अन्तर्राष्ट्रिय गीतमा अब मानिसको अन्तर्राष्ट्रिय जाति हुनेछ हुनेछ (पोत्तर र डिगेटर, सन् १८८९) भन्ने उद्घोष गरिएबाट पनि उक्त कुरा स्पष्ट हुन्छ । उनीहरू 'दुनियाँको व्याख्या गर्ने मात्र हैन यसलाई बदल्ने' मूल उद्देश्यबाट निर्देशित छन् । मार्क्सवादी दर्शनमा पुँजीपति वर्गको अधिनायकत्व विरूद्ध सर्वहारावर्गको अधिनायकत्व स्थापित गर्ने कुरालाई प्रधानता दिइने गरेको पाइन्छ । द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादलाई मार्गदर्शक सिद्धान्त मान्दछन् । यसैअनुसार संसारका समाजवादी मुलुकहरूमा कम्युनिस्टहरूले साझा गीत गाउँछन् । इन्टरनेसनल (अन्तर्राष्ट्रिय गीत) त्यसको एक उदाहरण हो । यस गीतलाई नेपाल लगायत विश्वका समाजवादी सङ्घसंस्था र राजनीतिक पार्टीले गाउने गरेका छन् । यसैअनुसार नेपालको प्रगतिशील गीतको उद्भवका रूपमा रहेका अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका गीतहरूलाई यहाँ नजिकबाट हेरिएको छ ।

### ५.२.१ पेरिस कम्युन र गीत

पेरिस कम्युन एक फ्रान्सेली क्रान्तिकारी सरकार थियो, जसले पेरिसमा २८ मे १८७१ सम्म ७२ दिन सत्ता कब्जा गरेको थियो । कम्युन, समाजद्वारा राज्यसत्ताको विलयन हो, जसमा नियन्त्रणकारी शक्तिहरूको स्थानमा आफ्नै शक्तिलाई स्थापित गरिन्छ । सा-साना राज्यमा विभाजित फ्रान्समा २८ मार्चमा विश्वको पहिलो सर्वहारा समाजवादी राज्य पेरिस कम्युनको निर्माण भयो ।

(मार्क्स, सन् १८७१) का अनुसार- "कम्युन वर्गीय आन्दोलन र सङ्घर्षको उपजका रूपमा एउटा श्रमजीवी सरकार थियो । अन्ततः यसले राजनीतिक रूप लियो, जसअन्तर्गत श्रम र उत्पादनद्वारा आर्थिक मुक्तिको कामलाई अघि बढाएको थियो" । कम्युनले जनहीतमा आर्थिक सुधार र विकासको एजेण्डालाई उठाएको हुँदा विश्व समाजवादी आन्दोलनको यो नयाँ प्रस्थान विन्दु थियो । तर यो लामो समयसम्म यथास्थितिमा रहिरहन सकेन । सन् १८७१, मे २१, मा पेरिसमा पुनः सैन्य हमला भयो र मजदुरहरू पनि कम्युन बचाउनका लागि लडे । तर उनीहरूसँग हतियारको कमी र आर्थिक नाकाबन्दी लगायतका समस्यासँग लामो समयसम्म जुझिरहन सकेनन् । अन्ततः मे २८ मा सरकारी सेनाले पेरिस कब्जा गऱ्यो । उक्त लडाइँमा २० हजार मजदुरहरू मारिए भने ३८ हजार गिरफ्तारीमा परे । यसैगरी ७ हजारलाई देश निकाला गरियो । ९५ जनालाई फाँसी दिइयो । बाँकी रहेका मजदुरहरू देश छोडी छिमेकी मुलुक भागे । यसरी भाग्दा भाग्दै युजे पोतरले "द इन्टरनेसनल ...भन्ने गीत लेखेका थिए र त्यस गीतलाई पियरे डेगेटरले सङ्गीत गरेका थिए । यसै गीतलाई सङ्कल्प परिवारका रामेश र मञ्जुलले नेपालीभाषा भावानुवाद गरी "उठ जाग ए भोका नाङ्गा ...अब मानिसको अन्तर्राष्ट्रिय जाति हुनेछ," भन्दै गाएका थिए (पोतर, २०४७, भाग १: १) । अहिले पनि कम्युनिस्टहरूले यस गीतलाई निरन्तर रूपमा आफ्ना महत्त्वपूर्ण कार्यक्रममा गाउँदै आएका छन । यसले के स्पष्ट पार्दछ भने सङ्कल्प र नेपालको साम्यवादी आन्दोलन एक आपसमा जोड्दिै आएको छ भने अन्तराष्ट्रिय मजदुर आन्दोलनले पनि नेपाली प्रगतिशील गीत र नेपालको साम्यवादी आन्दोलनलाई जोड्ने कडीको रूपमा काम गरेको देखिन्छ ।

### ५.२.२ रुसी अक्टोबर क्रान्तिमा गीत

सोभियत रूसमा सन् १८६५ देखि सन् ९० को दशकसम्म पुँजीवादको विकास भयो । उक्त समयमा सामन्ती भूदास प्रथाको शोषणमा परेका किसान र मजदुरहरू एक भएर जारशाही विरूद्ध आन्दोलन गरे । सन् १८८१ देखि सन् १८८६ सम्ममा ४८ पटक मजदुर हड्तालहरू भए । त्यसको जगमा कम्युनिस्ट आन्दोलन सोभियत रूसमा विकास हुँदै गयो । परिणामतः उक्त आन्दोलनहरूले मजदुरहरूले दैनिक १५ घण्टा काम गर्नु पर्ने अवस्थालाई सुधार गरी ११:३० घण्टामा ओराल्यो । उक्त आन्दोलनले लोकवादीहरूलाई समेत कमजोर बनाउँदै लग्यो । यसले औद्योगिक सङ्कट पनि ल्याउन सुरु गऱ्यो  र औद्योगिक सङ्कटले रूस कमजोर बन्न पुग्यो । जसको उदाहरण सन् १९०३ सम्ममा ३ हजार बढी कल कारखाना बन्द भएका थिए । विद्यार्थीलगायत अन्य वर्ग पनि आन्दोलनमा मिसियो । जार शाही विरोधीले जेल भरिए । यसबीचमा बोल्सेभिक र मन्सेभिक दुई लाइनको सङ्घर्षले पार्टी फुट्ने स्थितिमा पुग्यो । पार्टी बचाउन लेनिनले इस्क्राको सम्पादन मण्डलबाट राजिनामा दिए, तर पनि पार्टीगत गुटको अस्तित्व मेटिएन ।

रूसको इतिहासमा सन् १९०५ र सन् १९०६ को मजदुर आन्दोलनलाई एक ऐतिहासिक आन्दोलनको रूपमा लिइन्छ । यस आन्दोलनमा १० लाख मजदुरहरूले भाग लिएको पाइन्छ । तर यसै बीचमा मन्सेभिक र बोल्सेभिक बीचको सङ्घर्षले मजदुर आन्दोलनलाई कमजोर बनायो । पार्टी भित्रको दुईधारको विभाजनको फाइदा उठाउँदै जारशाहीले अधिनायकवादी कदम उठाउँदै गए । एकता र फुट, क्रान्ति विरुद्धका सङ्घर्ष, विदेशी हस्तक्षेप, जारशाहीको दमन, प्रतिरोध आदिलाई चिर्दै अघि बढेको रसियन कम्युनिस्ट आन्दोलन अन्ततः निर्णायक अवस्थामा पुग्यो । मार्चमा पेट्रोग्राड सोभियतको नेतृत्वमा रहेका क्रान्तिकारीहरूले तीन शताब्दीभन्दा बढी समयदेखि रुसमा शासन गरिरहेका राजा जार निकोलस द्वितीयलाई सत्ताच्युत गरे," (ट्राटस्की, सन् १९३२) । उक्त रूसी समाजवादी क्रान्तिमा *प्लेखानोव, ए.वी. लुनाचास्की, अलेक्जेन्डर वरोब, अलेक्जेन्डर करागर्नावु, अलेक्सी सुरकोव, सरविना रोदीम, निकोलाई गेई, लिनाई लेविसेको, जार्जी लोभिदाज* जस्ता थुप्रै लेखक, साहित्यकारहरूको योगदान रहेको पाइन्छ ।

रूसमा 'नयाँ युगले नयाँ धुनको माग गर्छ' भन्ने रसियन उखान पाइन्छ । यसले पनि त्यहाँका मानिसहरूमा सङ्गीतप्रतिको अन्तरसम्बन्धलाई दर्शाउँछ । औद्योगिक क्रान्तिताका सोभियत रूसमा दुई खाले सङ्गीतका प्रवृत्तिहरू बीच तिखो सङ्घर्ष थियो । एउटाले स्वस्थ र प्रगतिशील सिद्धान्तहरूको प्रतिनिधित्व गर्थ्यो भने अर्कोले त्यसलाई अस्वीकार गर्दै सोभियत कलाको रूपवादको प्रतिनिधित्व गर्थ्यो । *'वार्सजाविआन्का'* (खतराको आँधी) समाजवादी क्रान्ति गीत सन् १९१७ को अक्टुबर क्रान्तिमा गाइएको पाइन्छ । यो रूस नियन्त्रित पोलेन्डको पनि क्रान्तिकारी गीत थियो । अन्य समाजवादी राष्ट्रहरूले समेत उक्त गीतको प्रयोगमार्फत क्रान्तिकारी विचार र भावनात्मक एकताको सन्देश प्रवाह गरेका थिए । 'फेयरवेल टु स्लाभियान्का' सन् १९१७ को युद्धमा गाइएको रेड आर्मी क्रान्ति परेड गीत थियो । यसलाई कम्युनिस्ट समूहहरूले गाउने गर्दथे, जुन रूसको सैन्य अर्केष्ट्रा नै बन्न पुग्यो । गीतले क्रान्तिजोश, बलिदानीपूर्ण वीरत्व, एक्यबद्धता र राष्ट्रप्रेमलाई उठाएको थियो । द इन्टरनेसनल, (उठ जाग ए भोका नाङ्गा) सन् १९१८ देखि सन् १९४४ सम्म सोभियत सङ्घको राष्ट्रगान थियो ।

अक्टोबर क्रान्तिको प्रभाव नेपालको प्रगतिशील गीत र साहित्यमा समेत पर्न गयो । मिश्र (२०७८) का अनुसार- "नेपालमा कम्युनिस्ट विचारधारा बढाउनुमा गीत, अनूदित रसियन र चिनियाँ साहित्यको ठुलो योगदान थियो । नेपालका करिब ५० प्रतिशत मान्छेहरू कि गीत सुनेर कि साहित्य पढेर कम्युनिस्ट भएका थिए," । उक्त भनाइले कम्युनिस्ट पार्टीको सङ्गठन निर्माणमा प्रगतिशील गीतको योगदान रहेको देखिन्छ । अक्टोबर क्रान्तिपछि मजदुर वर्ग सम्बन्धी मुक्तिको गीतको प्रभावले नेपाली साहित्य, गीत सङ्गीतमा वर्गीयता कुराहरू झल्किन थाले । नेपालको प्रगतिवादी र प्रगतिशील साहित्य र सङ्गीत अक्टोबर क्रान्तिले स्थापना गरेको मूल्य र परम्परामाथि आधारित रहन पुग्यो ।

### ५.२.३ क्युवाको क्रान्ति र स्वतन्त्रता गीत

बाटिस्टा सरकारको क्रूर शासनविरूद्ध सन् १९५३ मा फिडेल क्यास्ट्रोको नेतृत्वमा क्युवामा सशस्त्र सङ्घर्ष सुरु भयो । अमेरिका समर्थित बाटिष्टा सरकारले पक्राउ परेका क्रान्तिकारीका लासहरू टुक्राटुक्रा पारी सडकपेटी तथा समुद्र किनारमा फाल्ने काम गऱ्यो । चरम दमन विरूद्ध क्रान्तिकारीहरूले जुलुस, प्रदर्शन, र हडताल तीव्र बनाउँदै लगे । दमन गर्न सरकार असफल भयो र भाग्न विवश भयो । सन् १९५९ जनवरी १ मा फिडेल क्यास्ट्रो र चे-ग्वेभाराको नेतृत्वमा अमेरिका समर्थित बाटिस्टा सरकार पराजित भयो र त्यहाँ जनवादी गणतन्त्र कायम भयो । क्यास्ट्रोले क्युवाली क्रान्तिको आगमनलाई स्वागत गर्ने क्रममा सान्टियागोबाट राष्ट्रका नाममा पहिलो साङ्केतिक सम्बोधन गर्दै पुर्खाहरूले भोग्नुपरेको अपमानलाई सम्झिए र उनले अमेरिकालाई अब इतिहास नदोहोरिने भन्दै चेतावनी दिएका थिए । क्यास्ट्रो सन् १९६१ मा क्युवाली कम्युनिस्ट पार्टीका प्रथम महासचिव बनेका थिए । क्युवामा जनवादी सरकार बने पछि अमेरिकाले त्यहाँ अनेकौँपटक आक्रमण गऱ्यो, तर, सफल हुन सकेन । क्युवा समाजवादको बाटोतर्फ अग्रसर हुँदै गयो । अन्ततः क्युवामा वामपन्थी सरकार बन्न पुग्यो ।

क्यास्ट्रोले क्युवा स्वतन्त्रताका सम्बन्धमा व्यक्त गरेको '*पाट्रीया ओ मुरार्ते*' 'मातृभूमि वा मृत्यु' विचारभावलाई समाउँदै 'मातृभूमि र जीवन' भन्ने गीत क्युबान कलाकारहरूले स्वतन्त्रता आन्दोलनमा प्रस्तुत गरेका थिए । "मातृभूमि र जीवन गीतले दमन र गम्भीर आर्थिक सङ्कटको विरुद्धमा आवाज उठाएको थियो," (लोपेज जे., सन् २०२१) । यही गीतलाई नै क्रान्ति पछि राष्ट्रगान बनाइएको थियो । गीतले मानिसलाई मातृभूमिको रक्षा, प्रेम र जीवनको सुरक्षा गर्न अपिल गरेको थियो । क्युबा र चिलीमा गीति आन्दोलनको उदय हुँदै गर्दा 'नुएभा ट्रोभा क्युबाना' र 'नुएभा क्यान्सियन चिलेना', दुवै विरोध गीत पहिलो *इन्टरनेस्नल प्रोटेस्ट सङ, मिटिङ* (सन् १९६७) मा प्रस्तुत गरिएका थिए । ती गीतले क्युबाको क्रान्तिकारी इतिहासलाई जीवित राख्न मानिसमा सामूहिक ऐक्यबद्धताको भावना उमारेका थिए । क्युबामा कलाकारहरूलाई सङ्घर्षको हतियारका रूपमा चिनिन्थ्यो । अमेरिकामै सिर्जना भएको 'कासा डे लास' गीतले साम्राज्यवाद विरोधी भावना बढाउने काम गरेको थियो । गीतले ल्याटिन अमेरिकी मुलुकहरूमा समेत चेतनाको लहर ल्यायो र यसले हजारौँ मानिसहरूलाई साम्राज्यवाद विरोधी आन्दोलनमा तान्ने काम गऱ्यो । वास्तवमा यसले विश्व कम्युनिस्ट आन्दोलनको पक्षमा जनमत सिर्जना गर्ने काम गरेको थियो । त्यसको प्रत्यक्ष परोक्ष प्रभाव नेपालमा पर्न जाँदा नेपालको कम्युनिस्ट आन्दोलनको विकासमा सकारात्मक योगदान पुग्न गयो । सर्वहारा वर्गको अधिनायकत्व कायम गर्ने आशयको कम्युनिस्ट अन्तर्राष्ट्रिय गीत र वर्गीय हितको पक्षपोषण गर्ने प्रगतिशील जनवादी गीतहरू नेपालमा कम्युनिस्ट पार्टीको सङ्गठन निर्माणको आधार बन्न पुगे ।

### ५.२.४ चिनियाँ जनवादी क्रान्तिमा गीत

सन् १९१२ मा चीनमा गणतन्त्र स्थापना भयो, तर त्यसले चीनलाई राजनीतिक दिशा र स्थायित्व दिन सकेन । माओत्सेतुङको नेतृत्वमा १९४९, अक्टुबर १ मा चीनमा नयाँ जनवादी क्रान्ति सम्पन्न भयो । च्याङकाइसेकको अदूरदर्शीता, विरोधीहरूलाई दमन गर्ने नीति र कोमिन्ताङलाई साम्यवादी विरोधी दलका रूपमा विकास गरी साम्यवादी विचारका मानिस माथिका कारबाहीहरू क्रान्तिका मूल कारण थिए । अन्ततः अमेरिका समर्थित कोमिन्ताङलाई लखेटेर ताइवान पुऱ्याए । १९४९ अक्टोबर १ मा जनवादी गणतन्त्र चीनको स्थापना भयो । सोही क्रममा साहित्य र कलाबारे येनान गोष्ठीमा माओत्सेतुङले भनेका थिए- "चिनियाँ जनताको मुक्तिको लागि सङ्घर्षमा कलम र बन्दुकका मोर्चाहरू, सांस्कृतिक र सैन्य मोर्चाहरूको आवश्यकता पर्छ । शत्रुलाई परास्त गर्न बन्दुकको सेनामा भर पर्नु पर्छ, तर यो सेना मात्र पर्याप्त हुन्न, सांस्कृतिक सेना पनि पर्याप्त हुनुपर्छ, जुन जनएकता गर्न र शत्रुलाई परास्त गर्न बिल्कुलै अपरिहार्य छ," (सन् १९४२, मे २) । गोष्ठीमा माओले साहित्य र कलालाई सम्पूर्ण क्रान्तिकारी मेसिनको एक घटकको रूपमा शक्तिशाली हतियार मान्दै *वर्गीय समाजमा वर्गीय प्रेम मात्र हुन सक्छ* भनेका थिए । त्यसै विचारको उधारो लिएर नेपालमा सङ्कल्प परिवारले २०३६ तिरका अभियानमा "वर्गीय समाजमा वर्गीय प्रेम मात्रै न्यानो र चोखो हुन्छ," (मञ्जुल, २०४७) भन्ने गीत गाउने गरेका थिए । सर्वहारावादी साहित्य र कला सम्पूर्ण सर्वहारावादी क्रान्तिकारी उद्देश्यका अंश हुन् । यसको प्रभाव विश्वका कम्युनिस्ट देशहरूमा पऱ्यो । ती देशहरूले कला, सङ्गीत साहित्यलाई समाजवाद निर्माणमा उपयोग गरे । 'लि यु-साइको गीत *द राइम अफ लि यु-साइ* र *सनसेट अफ द साङकन रिभर*' (साङकन नदीको सूर्यास्त) द हुरिकन (आँधीबेहरी) आदिले चीनमा ठुलो राजनैतिक चेतना ल्याएको थियो ।

चिनियाँ समाजबाट पुँजीवादी र परम्परागत तत्त्वहरूको आक्रमणबाट चिनियाँ कम्युनिज्मलाई बचाउने लक्ष्यका साथ सन् १९६३ देखि १९७३ सम्म चीनमा माओकै नेतृत्वमा सांस्कृतिक क्रान्ति भयो । "राज्यसत्ता बन्दुकको नालबाट निस्कन्छ तर बन्दुकले मात्र क्रान्ति सम्पन्न गर्न सकिन्न र कलमवीरहरू पनि उत्तिकै सक्रिय हुनुपर्छ," (मार्क्सिष्ट ओआरजी, सन् १९३८, मे ४) भन्ने माओको मान्यता थियो । त्यसको प्रभाव नेपालको कम्युनिस्ट आन्दोलनमा परेको थियो । यसको ज्वलन्त उदाहरणका रूपमा अ.ने.क.क्रा.को.क.(माले) को आन्तरिक परिपत्रमा भनिएको थियो "माओलाई क्रान्तिका विश्व अधिकार मान्ने र माओत्सेतुङ विचारधारालाई वर्तमान समयको मार्क्सवाद-लेनिनवादको सर्वोच्चरूपमा ग्रहण गर्ने तथा त्यसलाई निशर्तरूपले क्रान्तिको ठोस व्यवहारमा लगाउन स्वीकार गर्ने, स्थानीय राज्यसत्ता कब्जा गर्ने सङ्घर्षको राजनीतिलाई स्वीकार गर्ने," (पोखरेल, २०४७, पृ. ४३१) । यसैगरी लेखक र कलाकारहरूले आफ्ना सिर्जना मार्फत जापानी आक्रमणको विरोध गरेर जनचेतना जागृत गर्ने काम गरे । यसरी नै साहित्यले चिनियाँ जनतामा

देशभक्तिको भावना जागृत गरायो," (भण्डारी, २०७४) । कवि तियान हानले लेखेको 'जाग हे दास हुन अस्वीकार गर्नेहरू, हाम्रा रगत र आँसुले अर्को एउटा विशाल पर्खाल निर्माण गर्नुछ' भन्ने गीत जनवादी क्रान्ति सम्पन्न भए पछि चीनको राष्ट्रिय गीत बनेको थियो । सीसीपी गीतकारहरूद्वारा थप परिवर्तनहरू गरी 'द इस्ट इज रेड' हुन गयो । यो माओत्सेतुङ विचारपथको अपरिहार्य अंश बन्न पुग्यो (हान, २०८०) । उन अझ अगाडि लेख्दछन् जनताको सेवा गर, *'नर्मन बेथ्युनको स्मृतिमा' र 'एउटा मूर्ख बूढाले कसरी पहाड हटायो'* शीर्षकका माओका तीन चर्चित रचनाहरूबारे प्रशिक्षित गर्न चिनियाँ कलाकारहरू जनताका घरघर पुग्थे । ती रचनाहरूले भन्न खोजेका कुराका गाउँलेहरूलाई प्रष्ट पारिदिन्थे । जनमुक्ति सेना फर्केपछि हानजस्ता थुप्रै स्कुले केटाकेटीहरूले गाउँलेहरूलाई माओका कृतिहरू पढाउन सुरु गरेका थिए । सांस्कृतिक क्रान्तिका बेला नयाँ खाले कलाको बाढी आयो । प्रत्येक गाउँका किसान कलाकारहरूको समूह हुन्थ्यो । उनीहरू बाजागाजा बजाउँथे र क्रान्तिकारी गीत गाउँथे । नाच्थे र नाटकहरू देखाउँथे । वास्तवमा चिनियाँ क्रान्तिका लागि जनप्रशिक्षणका साधन बनेका थिए । कार्यक्रम मार्फत क्रान्तिकारी विचार प्रवाह हुन्थ्यो र यो ज्यादै शक्तिशाली हुन्थ्यो ।

लू-सुनले लेखेका क्रान्तिकालका गीत र कविता नेपालका प्रगतिशीलहरूले समेत गाएका थिए । प्रगतिशील गायकहरूमा लू-सुनको प्रभाव उनीहरूले गाएका गीतहरूबाट समेत थाहा पाउन सकिन्छ । जस्तै- "लूसुन तिम्रो सम्झनाले तान्यो बेसरी, (मञ्जुल, २०४७, भाग ३: ५), "प्यारो लू-सुन बाँच्यौ सधैं उज्यालो छर्दै," (पन्त, २०४७, भाग ३: ६), "लू-सुनको सम्झनामा एउटा गीत गाउँछौं," (गाउँले २०४७, भाग ४: २२) यस्का केही दृष्टान्त हुन् । उक्त गीतहरू सङ्कल्प परिवारले सार्वजनिक मञ्चहरूमा त्यसबेला गाउने गर्दथे । *'चिनियाँ आकाशमा रातो तारा'* लेख्ने अमेरिकी पत्रकार *एड्गर स्नो,* चिनियाँ क्रान्तिको सेवा गर्ने क्यानाडेली डाक्टर *नर्मन बेथ्युन,* माओको अन्तर्वार्ता लिएर विश्वमा प्रचार गर्ने अमेरिकी पत्रकार *अन्ना लुइसस्ट्रङ* आदिले समेत चिनियाँ क्रान्तिमा महत्त्वपूर्ण योगदान दिए ।

ब्रायन्ट, (सन् २००४) का अनुसार- *"एज द सन् कम्स् आउट, द माउन्टेन इज कभर्ड विथ रेड सन् साइन्, वर्कर्स एण्ड पिजेन्ट लेट्स आर्म आवर सेल्फ्स्, कम टुगेदर फिलो स्टुडेन्टस्, मिलियन्स् अफ पिपल अल अफ वान माइन्ड, इन्टरनेस्नाले* जस्ता विभिन्न बोलका गीतहरू युद्ध मैदानका गीतहरू थिए," । ती गीतहरूले चिनियाँ कम्युनिस्ट पार्टीको प्रसंशा, क्रान्तिको महत्त्व, युद्ध मैदानको चित्रण, राजनीतिक चेतनाको प्रवाह, नैतिक मूल्य, महिला र बालबालिकाका मुद्दा र सर्वहारा क्रान्तिका मुद्दाहरू उठाएका थिए । शार्दूल भट्टराईको भनाइलाई उद्धृत गर्दै सर्वहारी (२०७६) लेख्दछन्- "एउटा समय थियो- माओ र उनका रेडबुकको । माओका रेडबुक हातमा बोक्ने, पढ्ने वा पढेजस्तो गर्ने र तिनलाई कोठामा सजाएर राख्ने लहर नै चलेको थियो । विशेषगरी कम्युनिस्ट बन्न आतुर नेपाली नवयुवाहरूमा त्यसको प्रभाव बढी थियो । म पनि त्यस्तै थिएँ," । स्नेह सायमीका अनुसार

२०३२-३३ सालतिर काठमाडौंको भोटाहिटीमा निरञ्जनगोविन्द वैद्यले प्रगति पुस्तक पसल चलाएका थिए । १०-१२ रूपैयाँमा चिनियाँ सेटको किताब पाइन्थ्यो । सस्तो भएकाले विशेषगरी युवा विद्यार्थीहरू ती किताब खोजीखोजी पढ्थे । माओका भनाई- क्रान्तिकारीहरूको मृत्यु पहाडजत्तिकै गह्रौं हुन्छ भने प्रतिक्रियावादीहरूको मृत्यु प्वाँखभन्दा हलुका हुन्छ,' 'प्रतिक्रियावादीहरूले इतिहासको पाङ्ग्रालाई पछाडि धकेल्न जतिसुकै प्रयास गरे पनि क्रान्तिले विजय पाइछाड्छ' मञ्जुलका सङ्कल्प गीति उद्घोषणमा गुञ्जने गर्थे । विश्वसाहित्यका क्रान्तिकालीन रचनाहरू मूलतः 'गोर्की', 'राहुल सांकृत्यायन', लू-सुन, माओका पाँच सङ्कलित रचनाहरू, माओको 'स्टालिन चिनियाँ जनताका साथी' आदि, साहित्यकारहरू बाल्जाक, भोल्टेयर, रोलाँ, गोर्की, निकोलाई भलादिमिरो, मायाको भस्की, जुलियस फ्युचिक, चिनियाँ युद्धकालीन नाटक र गीतहरूको प्रेरणा र प्रभावहरू नेपाली प्रगतिशील गीतहरूमा परेको थियो । यस्तै *चुक्याङ्, चीइङ फ़ीइङ, टिङ् लिङ्, ह्यु फ़ेङ्, चाऊ चाङ्,* युआनआदिका चिनीयाँ साहित्यकारहरूको प्रभाव पनि नेपाली प्रगतिशील गीत र साहित्यमा पनि गहिरोरूपमा परेको थियो । यसबाट चिनियाँ क्रान्तिकारी गीतले चेतना निर्माणमा योगदान पुऱ्याएको र त्यसको प्रभाव नेपालका प्रगतिशीलहरूमा परेको बुझ्न सकिन्छ ।

### ५.२.५ भियतनाम युद्धमा गीत

सन् १९४१ सम्म भियतनाम, लाओस र कम्बोडिया फ्रान्स अधिनस्थ थिए । यसलाई फ्रेञ्च इण्डोचाइना भनिन्थ्यो । जापानसँग पराजित भएपछि फ्रान्सको साम्राज्य ढल्यो । सम्पूर्ण भियतनाम कम्युनिस्ट बनेको खण्डमा आसपासका देशमा पनि त्यस्तै लहर आउने भयले अमेरिका उक्त युद्धमा तानियो । अमेरिकी आक्रमणले जापानको साम्राज्य ढल्यो । त्यसपछि एक दशकसम्म चलेको उक्त युद्धमा लाखौँले ज्यान गुमाए । होचिमिन्हको नेतृत्वमा रहेको भियतनाम साम्राज्यवाद विरूद्ध सशस्त्र युद्धमा गयो । "सन् १९५४ मा फ्रान्स पराजित भयो र भियतनामलाई छोड्ने जेनेभा सन्धिमा हस्ताक्षर गऱ्यो । त्यसपछि भियतनाम औपचारिकरूपमै विभाजित भयो । सन् १९७२ को पराजयपछि चारैतिरबाट असफलता बेहोरेको अमेरिका भियतनाम युद्ध समाप्त गर्न बाध्य भयो । २७ जनवरी सन् १९७३ मा पेरिसमा शान्ति सम्झौता सम्पन्न गरियो," (यु.एन., सन् १९७३) । आठ वर्षको लडाइँमा अमेरिका उत्तरी भियतनामका छापामारहरूसँग पराजित बन्न पुग्यो । "सन् १९७३ को मार्च २९ मा अमेरिकी फौजहरूको अन्तिम समूह भियतनामबाट फिर्ता भएको थियो," (बीबीसी, सन् २०२३, अप्रिल १) । उक्त युद्धकै क्रममा भियतनाम कम्युनिस्ट पार्टीको जन्म भई स्वतन्त्रता प्राप्त गरे । युद्ध समाप्तिपछि सफलतापूर्वक भियतनामको एकीकरण भयो । युद्धमा उत्तर भियतनामलाई सोभियत सङ्घ, चीन र अन्य कम्युनिस्ट मित्रराष्ट्रको सहयोग थियो । सन् १९७५ मा तीनै देशहरूमा कम्युनिस्ट शासन व्यवस्था सुरु भयो ।

सन् १९६० विश्व सङ्गीतमा 'पप कल्चर' को प्रवेशको दशक थियो । अमेरिकामा भियतनाम युद्ध विरोधी प्रदर्शनहरू हुँदा हिप्पीहरूले युद्ध विरोधी गीतहरू गाएर जनतामा प्रभाव पारे । सन् १९७० को सुरुमा सङ्गीतकारहरूले भियतनाम युद्ध विरूद्ध राजनीतिक अडान प्रस्तुत गरे । भियतनामी सङ्गीत अमेरिकी इतिहासको समेत एक हिस्सा बन्यो । *कन्ट्री जोय एण्ड द फिश, फिल लाइक आइ एम फिक्सिन टु डाइ* वुडस्टकमा प्रस्तुत भएका त्यस्तै गीतहरूमध्ये एक थियो । न्युयोर्क शहर नजिकैको वुडस्टकमा चलेको तीन दिने सङ्गीत महोत्सवमा हिप्पी युवाहरू सहभागी थिए । १५ अगस्त सन् १९६९ मा सुरु भएको वुडस्टक सङ्गीत महोत्सव पप संस्कृतिको इतिहासमा साठीको दशकको सबैभन्दा ठुलो प्रतिसंस्कृति आन्दोलनको प्रतीकको रूपमा चिनिन्छ, वुडस्टकमा भियतनाम युद्धका विरूद्ध विश्व प्रसिद्ध युवा गायकहरूले शान्तिका गीत गाएर विश्वमा शान्ति सन्देश फैलाएका थिए । ४ लाख युवाहरू सहभागी भएको उक्त कार्यक्रममा विश्वप्रसिद्ध गायकहरूले विवादास्पद भियतनाम युद्धको कडा विरोध गर्दै गीत गाएका थिए । "ती गीतले युद्ध विरोधी भावना फैलाउनुका साथै विश्वभर शान्ति र प्रेमको सन्देश फैलाएका थिए," (रेमसे, सन् २०१९) । बीटल्सको प्रसिद्ध गीत *'एभ्रिबडीज् टकिङ अबाउट रिभलुसन, इभलुसन' गिभ पिस अ चान्स'* भियतनाम माथि अमेरिकी आक्रमणको विरोधमा गाइएको थियो । त्यसले शान्ति स्थापना कार्यमा विश्वका जनतामा भावनात्मक बल पुऱ्याएको थियो । भियतनाम युद्धको विरोधमा *'क्रुअल वार', 'गेट टुगेदर', द योङ ब्लड', 'टर्न टर्न टर्न', जुडी कोलिन्स्, 'युनिभर्सल सोल्जर',* डनोभन, *'द लेटर द बक्स टप', 'अन क्याम्पस', डिक्की गुड मेन, इभ अफ डिष्ट्रक्सन्, बेरी एमसीग्वार* आदि गीतहरू गाइएका थिए । कार-विल्कक्सन, (सन् २०१०) को भनाइमा- "गीतहरूले भियतनाममा युद्ध विरोधी भावना जागृत गर्न, क्याम्पसहरूमा विरोध प्रदर्शनमा विद्यार्थीहरूलाई उत्साही तुल्याउन, सांसद्हरूलाई त्यसतर्फ आह्वान गर्न, युवा र जनसाधारणलाई प्रोत्साहित गर्ने भूमिका खेलेका थिए," । यसैगरी जोन लेननले लेखेको *'इम्याजिन'* ले धेरैको मन-मस्तिष्क छोयो । जोन लेननमा हिन्दु ग्रन्थ 'भागवत गीता' र जीवन, मृत्यु र पुनर्जन्ममा आधारित पश्चिमामाभ्रु लोकप्रिय बौद्ध दर्शनसम्बन्धी पुस्तक *'टिबेटन बुक अफ द डेड'* को गहिरो प्रभाव, भियतनाम युद्धप्रतिको विमति र राजनीतिक-सामाजिक वृत्तमा उनको बढ्दो प्रभावले पश्चिमा युवा पुस्ताहरूमा पूर्वीय अध्यात्मलाई हेर्ने दृष्टिकोणमा समेत परिवर्तन ल्याएको हो । उक्त गीतमा विश्वका सबै राष्ट्र विघटन हुनुपर्ने, सबै धर्म खारेज हुनुपर्ने, व्यक्तिगत सम्पत्ति खारेज हुनुपर्ने, आर्थिक-सामाजिक असमानताको अन्त्य जस्तो विद्रोही आह्वानसँगै पृथ्वीका सबै समुदाय एकै परिवार हुन् भन्ने पूर्वीयमान्यताका आधारहरू प्रतिविम्बित थिए । यसले धेरै मानिसमा प्रभाव पारेको थियो । नेपालको घरेलु राजनीतिक, सामाजिक परिस्थितिसँगै विश्व कम्युनिस्ट आन्दोलनका विकसित हुँदै गएका यिनै समाजवादी आन्दोलनका मुलभूत ऐतिहासिक घटनाहरूबाट प्रेरित हुँदै, त्यसबाट शिक्षा लिएर नेपालमा कम्युनिस्ट पार्टी निर्माणको सोच अघि बढेको पाइन्छ । नेकपाको स्थापनासँगै प्रगतिशील गीतको समेत पृष्ठभूमि तयार हुँदै गएको देखा पर्दछ ।

## ५.३ नेपालमा कम्युनिस्ट पार्टीको स्थापना

भारतको कलकत्ताको श्याम बजारमा २००६ वैशाख १० मा नेकपाको स्थापना भएको थियो । पुष्पलाल श्रेष्ठको नेतृत्वमा निरञ्जनगोविन्द वैद्य, नरबहादुर कर्माचार्य, नारायणविलास जोशी र मोतीदेवी श्रेष्ठ संस्थापक रहेर कलकत्ताको श्यामबजार इलाका २८ मा उक्त पार्टीको स्थापना गरिएको थियो । पोखरेलका अनुसार- "१२ सूत्रीय कार्यक्रम र अन्य विभिन्न तह वर्गका जनसमुदायलाई जनसङ्गठनको माध्यमबाट कम्युनिस्ट पार्टी वरिपरि गोलबन्द पार्ने उद्देश्यका साथ नेकपाको स्थापना भएको थियो," (सन् २००७) । यसलाई छोटो रूपमा ने.क.पा. भन्ने गरिथ्यो । ने.क.पा. स्थापना गर्ने प्रेरणास्रोत रूसी क्रान्ति, चिनियाँ क्रान्ति, राणा शासन विरूद्धको जनसङ्घर्ष र अन्य घरेलु परिस्थिति आदि थिए । २००८ मा प्रतिबन्ध लागेता पनि नेकपाले २००९ देखि २०१३ सम्म सामन्तविरोधी आन्दोलनमा सक्रिय भूमिका खेलेको पाइन्छ । नेकपा संस्थापक महासचिव पुष्पलाललाई पहिलो महाधिवेशन अगावै नेतृत्वबाट हटाइएपछि पार्टीमा वैचारिक र सङ्गठनात्मक विचलन सुरु भयो । दोस्रो महाधिवेशनका महासचिव केशरजङ्ग रायमाझीको गणतन्त्रको कार्यक्रम बदल्ने प्रयास सफल भएन । रायमाझीले कम्युनिस्ट आन्दोलनलाई दरबारमा बुझाउने कोसिस गर्दा दरभङ्गा प्लेनमले उनलाई नै महासचिवबाट हटायो र तेस्रो महाधिवेशनमा पार्टीबाट निष्कासित भए । त्यहीबेला पुष्पलालको पहलमा २०१७ फागुन २८ गते भारतको दरभङ्गामा पार्टीको विस्तारित बैठक बस्यो, जसलाई दरभङ्गा प्लेनम भनेर चिनिन्छ । "२०१७ सालको कालो काण्डपछि तत्काल त्यस्का विरूद्ध प्रभावकारी सङ्गठित प्रतिरोध हुन सकेन । उक्त कदमलाई प्रगतिशील कदम मान्ने केशरजङ्ग रायमाझी कारवाहीमा परे," (गिरी, २०६७ : १०५) । तर पनि नेकपाले सुसङ्गत कार्यनीति तय गर्न सकेन । कम्युनिस्टहरू विभाजित हुने क्रम सुरु भयो । क्रियाशील ने.क.पा.का विभिन्न घटकहरू- "ने.क.पा. (माले), नेकपा मार्क्सवादी, ने.क.पा. (चौ.म.), ने.क.पा. (अमात्य), ने.क.पा. मानन्धर, ने.क.पा. (बर्मा), ने.क.पा. (मसाल), नेकपा मसाल, ने.म.कि.सं., नेपाल कम्युनिस्ट लिग, सर्वहारावादी श्रमिक सङ्गठन, संयुक्त जनता मोर्चा, ने.मा.ले.पा., ने.क.पा. (छैठौं महाधिवेशन), नेपाल कम्युनिस्ट सङ्गठन, नेपाल तराई कम्युनिस्ट पार्टी, इन्टरनेसनल डेमोक्रेटिक पार्टी रहेका थिए," (पोखरेल, सन् २००७) । बाह्य साम्यवादी आन्दोलनको प्रभाव, राणा शासनको दमन, शासकहरू बीचको अन्तर्विरोधहरूको बीचमा सङ्घर्षपरस्त र सम्झौतावादी नीति विरूद्ध ने.क.पा.को स्थापना भएको देखिन्छ । नेपालको ठुलो राजनीतिक शक्ति हुने अवसरलाई विभाजित नेकपाको अस्तित्वले चुनौती सिर्जना गरिदिँदा समग्र कम्युनिस्ट आन्दोलनलाई ठुलो क्षति पुग्यो भन्ने भनाइसमेत रहेको पाइन्छ । नेपालको कम्युनिस्ट आन्दोलन खासगरी आत्मगत राजनीतिक विश्लेषण र सङ्कीर्णताका कारण टुटफुट हुँदै गएको देखिन्छ भने समय-समयमा एकजुट हुँदै आएका पनि छन् । २०४६ को जनआन्दोलन त्यसको एक दृष्टान्त थियो । कम्युनिस्ट पार्टीहरूका घोषणापत्रका विचारहरू मार्क्सवाद, लेनिनवाद वा माओवाद केन्द्रित नै देखिन्छ । तर मार्क्सवाद, लेनिनवादको सिद्धान्तलाई

बुझ्ने दृष्टिकोणमा भिन्नता रहेको पाइन्छ । मार्क्स र लेनिनका राजनीतिक, आर्थिक सिद्धान्त र अभ्यासहरू नै सबै कम्युनिस्ट पार्टीहरूका मार्गदर्शक सिद्धान्त समेत हुन् । तर त्यसभित्रै आरोप-प्रत्यारोपमै लामो समय बितेको पाइन्छ । कहिले पार्टी स्थापना मितिका सन्दर्भमा, कहिले व्यक्तिवादी र महत्त्वकाङ्क्षी भएको आरोप, कहिले संसदीय मोर्चामा सक्रिय भूमिका खेल्न नसकेको, कहिले राजाको पिछलग्गु भएको, कहिले काँग्रेसपन्थी भएको त कहिले संसदीय धार कि गणतन्त्र भन्नेमा बहस भएको देखिन्छ । चीन-सोभियत सङ्घलाई हेर्ने दृष्टिकोणमा समेत विभाजनको स्थिति देखा परेको पाइन्छ । देशमा भएको राजनैतिक परिवर्तनसँग कसरी सम्बन्ध राख्ने भन्ने मतभेद पनि विभाजनको कारण बनेको पाइन्छ । नेपालका उल्लिखित कम्युनिस्ट पार्टीहरूले विश्व कम्युनिस्ट आन्दोलनका कमजोरीहरूबाट पाठ सिकेको देखिँदैन । यस्ता विभाजनहरूले नेपालको कम्युनिस्ट आन्दोलनलाई पछाडि धकेलेको देखिन्छ ।

## ५.४ वर्गसङ्घर्ष र प्रगतिशील गीत

वर्गसङ्घर्ष मार्क्सवादको एक महत्त्वपूर्ण अङ्ग हो । कम्युनिस्ट घोषणा पत्रमा मार्क्सले लेखेका छन् - "आजसम्म विद्यमान समाजको इतिहास वर्गसङ्घर्षको इतिहास हो । स्वतन्त्र मानिस र दास, अभिजातवर्ग र साधारण जनता, सामन्त र किसान, पुँजीपति र मजदुर, एक शब्दमा भन्ने हो भने शोषक र शोषितले सधैँ एकअर्काका विरुद्धमा कहिले खुलेर र कहिले लुकेर निरन्तर युद्ध गरेका छन्," (मार्क्स र लेनिन, सन् १९७६) । अर्थात् मानवजातिको इतिहासमा सदैव समाज दुई परस्पर विरोधीवर्गमा बाँडिएको छ र हरेक पुरानो युगको समाप्ति र नयाँ युगको सुरूवात विरोधीवर्गका बीचमा भएको सङ्घर्षकै कारण भएको पाइन्छ । "त्यसबेला वर्गसङ्घर्ष बिना राजनीतिक सामाजिक परिवर्तन असम्भव छ भन्ने मान्यता रहेको थियो," (चापागाईं, २०७०, भाद्र ३१) । मार्क्सले वर्गसङ्घर्षको सिद्धान्त पूँजीपतिवर्गले श्रमिकवर्गमाथि चलाएको शोषण र दमनचक्रको व्याख्या गर्नका लागि अघि सारेका हुन् । वर्गचेतनासम्बन्धी सिद्धान्तलाई मार्क्सवादी दर्शनको एक हिस्सा र वर्गसङ्घर्ष सम्बन्धी मान्यताका रूपमा मानिएको पाइन्छ । "लेनिनले साहित्यलाई सर्वहारा वर्गको साझा हित र जनवादी सामाजिक क्रान्तिको अभिन्न अङ्ग हुनुपर्ने भन्दै कलासाहित्यलाई क्रान्तिरूपी मेसिनको दाँती र पेचकिला मानेका छन्," (पौडेल, सन् २०१७) । लेनिनको यस दृष्टिकोणमा साहित्य सर्वहारा वर्गको हित र जनवादी क्रान्तिको साधन बन्नुपर्दछ भन्ने विचार पाइन्छ ।

जबसम्म अन्तर्विरोधी सामाजिक वर्गीय संरचनामा कायम रहन्छ, तबसम्म वर्गसङ्घर्षको अवस्था सिर्जना हुन्छ र त्यसै अनुसार समाजको विकास अघि बढ्दै जान्छ । वर्गविभाजित समाज विद्यमान रहुन्जेलसम्म नै वर्गसङ्घर्ष निरन्तरता कायम भई नै रहन्छ भन्ने ती दार्शनिकहरूको मान्यता रहेको पाइन्छ । मार्क्सद्वारा प्रतिपादित अतिरिक्त मूल्यको सिद्धान्त यसको मूल कारण हो । मार्क्सका अनुसार अतिरिक्त मूल्य मजदुरहरूले वस्तुकृत बनाएको श्रम हो, जो उसले श्रम गरेबापत

श्रमशक्तिको मूल्यका रूपमा प्राप्त हुन्छ । अतिरिक्तमूल्य वस्तुको विनिमयमूल्य र मजदुरहरूले पाएको ज्याला बीचको भिन्नता हो, त्यो मजदुरको श्रमको शोषण हो । यस अर्थमा गरिब र धनी, गरिखाने वर्ग र ठगि खाने, हुनेखाने र हुँदाखाने, शोषक र शोषित, पुँजीपति र मजदुर, जमिन्दार र किसान आदि वर्गहरू बीचमा यस प्रकारका अन्तर्विरोध र अन्तरसङ्घर्षहरू हुने गर्दछन्, जुन सोही अतिरिक्त मूल्यको कारणले हुने गर्दछ ।

पञ्चायतकालमा परस्पर विरोधी वर्गको टकरावका कारण शोषित र शोषकहरूबीच थुप्रै सङ्घर्षहरू भए । उक्त सङ्घर्षले सामन्ती वर्गको सत्तालाई समाप्त पार्न भूमिका खेल्यो । "वर्गसङ्घर्ष मार्क्सवादी विचारधाराको प्रमुख तत्त्व हो । दर्शनकोशमा विपरीत वर्गहरू बीचको सङ्घर्षलाई वर्गसङ्घर्ष भनिएको छ," (फरलोभ, सन् १९८८) । आफ्नासयेभ (सन् १९७७, पृ. ५७७) ले "दुई प्रमुख सामाजिक वर्गहरूका बीचमा हुने सङ्घर्ष नै वर्गसङ्घर्ष हो," भनेका छन् । मार्क्सले वर्गसङ्घर्षबाटै समाजको विकास भएको औँल्याएका छन् । मार्क्सका अनुसार कुनै पनि व्यवस्था दुई वर्गमा बाँडिएको हुन्छ । पुँजीवादी व्यवस्थामा पुँजीवाद (थेसिस) हुन् भने त्यसको विरोधी शक्ति सर्वहारा वर्ग प्रतिवाद (एन्टीथेसिस) हुन् र दुवैबीचको सङ्घर्षको परिणाम पुँजीवाद नष्ट भई समाजवादी समाज स्थापना हुन पुग्छ । लेनिन- सशस्त्र क्रान्तिबिना सर्वहारा राज्यद्वारा पुँजीवाद राज्यलाई स्थानापन्न गर्न सकिन्न भन्छन् । मार्क्स- एङ्गेल्स (२०६५, पृ. ४६)- "वर्ग सङ्घर्ष हिंसात्मक वा अहिंसात्मक हुने भन्ने कुरा सर्वहारा वर्गले गर्ने आन्दोलनप्रति पुँजीवादीहरूले गर्ने व्यवहारमा निर्भर रहन्छ," भन्छन् । उनीहरूको विचारमा वर्गसङ्घर्षको रूप कस्तो हुने भन्ने कुरा परिस्थितिमा निर्भर गर्दछ । वर्ग विभाजनको वस्तुगत एवम् वैज्ञानिक आधार कार्ल मार्क्स (सन् १८१८-८३) ले प्रस्तुत गरेका थिए । उनीभन्दा धेरै पहिले नै वैज्ञानिकहरूले अवधारणा ल्याएको मानिन्छ । "समाज विकासको इतिहासमा आदिम दासप्रथात्मक समाजमा दास र स्वामी, सामन्तवादमा किसान र सामन्त अर्थात जमिन्दार, पुँजीवादी समाजमा सर्वहारा र पुँजीपति वर्ग नै मुख्य हुन्," (आफनास्येभ, सन् १९८५: १९३) । विपरीत वर्गहरूबीचको सङ्घर्षको परिणामस्वरूप सामाजिक सम्बन्धमा परिवर्तन आउँछ ।

२०२८-२९ को झापा सङ्घर्ष वर्गसङ्घर्षको विचारको एक उपजको रूपमा देखा पर्दछ । झापा सङ्घर्ष नेपालको साम्यवादी आन्दोलनमा क्रान्तिकारीहरूले गरेको चरम दुःख, यातना, त्याग र बलिदानको सङ्घर्षको रूपमा रहेको पाइन्छ । र उक्त सङ्घर्षले व्यक्ति हत्या गलत थियो भन्ने आलोचना समेत खेपिरहेको पाइन्छ । २०२८ को उत्तरार्धमा, भारतको पश्चिम बङ्गाल राज्यको नक्सलवाडीमा कानू सल्यान र चारू मजुमदारको नेतृत्वमा भारतीय कम्युनिस्ट पार्टी (भाकपा) ले सशस्त्र विद्रोह गऱ्यो । त्यसको प्रभावमा झापामा पनि 'वर्गशत्रु खतम अभियान' सुरु भयो । रामनाथ दाहाल, नेत्र घिमिरे, कृष्ण कुइँकेल, नारायण श्रेष्ठ र वीरेन राजवंशीलाई २०२९ फागुन २१ गते जेल सार्ने बहानामा सत्ताले इलामको सिमानामा पर्ने सुखानी जङ्गलमा गोली हानी

हत्या गऱ्यो । उक्त सङ्घर्षलाई कतै 'झापा विद्रोह' र कतै 'झापा वर्गसङ्घर्ष' को सङ्ज्ञा दिइएको पाइन्छ । "घटनामा जीवनकुमार मगर, हर्कबहादुर खड्का, डिगेन्द्र राजवंशी, गेटला राजवंशी, रामदुलार चौधरी, मुलम राजवंशी, टङ्कप्रसाद चौधरी, प्रेमप्रसाद उप्रेती, धर्मप्रसाद घिमिरे, केपी ओली, भोगेन राजवंशी, मोहनप्रसाद उप्रेती, काले भन्ने भीमबहादुर खड्का हेमबहादुर खड्कालगायतलाई कैद र जरिवाना भएको अभिलेखमा पाइन्छ । झापा विद्रोहले सामन्ती राज्यसत्तालाई समाप्त गरी नयाँ जनवादी राज्यसत्ता स्थापना गर्ने लक्ष्य राखेको थियो । उक्त विद्रोहमा मोहनचन्द्र अधिकारी, राधाकृष्ण मैनाली, सीपी मैनाली, जीवन मगर, नारद वाग्ले, प्रदीप नेपाल, सीता खड्का, मोहन उप्रेती, भीष्म धिमाल, नरेश खरेल, धर्म घिमिरे, दधिराम उप्रेती, हर्क खड्का, सानो दुर्गा अधिकारी, ठुलो दुर्गा अधिकारी, मनकुमार गौतम लगायत संलग्न थिए । विद्रोहका राधाकृष्ण मैनाली, मोहनचन्द्र अधिकारी लगायतका युवकहरूलाई सर्वस्वसहित जन्मकैदको सजाय सुनाइयो । केपी शर्मा ओली र मोहनचन्द्र रौतहटबाट गिरफ्तारीमा परी १४ वर्ष जेल जीवन भोगे । "झापा सङ्घर्षको सुरूवाती अवस्थामा धेरै उग्रवामपन्थी सोच र मान्यताहरू विद्यमान भए पनि वर्गसङ्घर्षको विकासको दौरान अध्ययन र व्यवहारिक अनुभवहरूका आधारमा अपेक्षाकृत सहजताका साथ तिनीहरूलाई सच्याउने कार्य भयो," (नेकपा माले, २०७३) । २०२९ फागुनमा झापा जिल्ला कमिटीले अब उप्रान्त कुनै जमिन्दार वा वर्ग शत्रुलाई खत्तम गर्दा जिल्ला कमिटीबाट अनुमोदन गराउनु पर्ने निणर्य गऱ्यो र सोही अनुसारको निर्देशन जारी गऱ्यो । त्यसपछि व्यक्ति हत्याको शृङ्खला रोकियो, नक्सलवादीहरूको अनावश्यक हस्तक्षेपकारी कुराको विरोध गर्नु पर्ने र स्वतन्त्र ढङ्गले क्रान्तिको बाटो अपनाउनु पर्ने र क्रान्तिकारी लाइनलाई चारू मजुमदारको लाइन नभनिनु पर्ने जस्ता विषयमा बहस भएको थियो । उक्त क्रान्तिकारी गीतले वर्ग शत्रु र सामन्ती सत्ता नष्ट गरी नयाँ जनवादी सत्ता स्थापना गर्ने लक्ष्य लिएको थियो । भारतको नक्सलबारीमा सशस्त्र किसान सङ्घर्ष सुरु भएपछि त्यसको प्रभाव झापामा पनि पऱ्यो । नेकपाले २०२८ देखि हिंसात्मक 'वर्ग शत्रु खतम' को सङ्घर्षलाई प्राथमिकता दियो । विद्रोहले राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा तरङ्ग ल्याएको थियो । झापा विद्रोह मूलतः सामन्तवाद केन्द्रित रहेको पाइन्छ । २०२८ मा पूर्व कोशी प्रान्तीय कमिटी अन्तर्गतको झापा जिल्ला कमिटीले सशस्त्र सङ्घर्ष गर्ने निर्णय गरेको थियो । त्यसैले यसलाई किसान विद्रोह भनियो । उक्त विद्रोहले निरङ्कुश राजतन्त्रमा गम्भीर धक्का लागेको अवस्था देखा पर्दछ । आन्दोलन चारु मजुमदारको लाइन, मार्क्सवाद, लेनिनवाद र माओ विचारधाराबाट प्रभावित रहेको देखिन्छ । रामनाथ दाहाल, नेत्र घिमिरे, कृष्ण कुइकेल, विरेन राजवंशी, नारायण श्रेष्ठ, सीपी मैनाली, आर.के. मैनाली, केपी शर्मा ओली, मोहनचन्द्र अधिकारी, नरेश खरेल, सानु दुर्गा अधिकारी, ठुलो दुर्गा अधिकारी, भीष्म धिमाल, मनकुमार गौतम, रामप्रसाद प्रधान, लीला कट्टेल, सीता खड्का लगायतका युवाहरू उक्त विद्रोहमा सहभागी भएको पाइन्छ । विद्रोहले राजतन्त्रलाई प्रधान शत्रु र भारतीय विस्तारवादलाई बाह्य शत्रु मानेको थियो । पञ्चायतले २०२९ फागुन २१ गते जेल सार्ने बहानामा

सुखानी जङ्गलमा रामनाथ दाहाल, नेत्र घिमिरे, कृष्ण कुइँकेल, विरेन राजवंशी र नारायण श्रेष्ठको गोली हानी हत्या गरी विद्रोहलाई दमन गऱ्यो तर त्यसको प्रतिरोधमा उठेको आन्दोलनले नेपालमा कम्युनिस्ट आन्दोलनलाई नै उठाएको थियो । २०३२ जेठमा अ.ने.क.क्रा.को.क.(माले) को गठन गरेर कम्युनिस्ट आन्दोलनको क्रान्तिकारी धारलाई अघि बढाउने कोशिस थालियो ।२०३१ जेठ १४ मा झापा, मोरङ, सुनसरी जिल्ला कमिटीले समन्वयका लागि अपील गऱ्यो । २०३२ जेठ २४-२५ मा सम्मेलन गरी अखिल नेपाल क्रान्तिकारी कोअर्डिनेसन कमिटी (माले) को गठन भयो । त्यसलाई अघि बढाउँदै २०३५ पुस ११ गते मोरङको इटहरामा राष्ट्रिय सम्मेलन गरी नेकपा (माले) को स्थापना गरियो, जुन कालान्तरमा नेपालको कम्युनिस्ट आन्दोलनको मूलधारका रूपमा विकसित भयो । खरेल (२०७७) का अनुसार- "नेकपाले भूमिगत समयमा क्रान्तिकारी गीतको प्रयोगलाई समेत महत्त्व दिँदै गयो । सामन्तलाई नगिँडे, सैनिकसँग नभिडे, आउँदैन जनवाद, छमछम् नाचेर, झोली थापेर, गीत गाउँदै २०२८ मा झापाका क्रान्तिकारी कम्युनिस्ट युवाले वर्ग सङ्घर्ष सुरु गरेका थिए," । उक्त गीत गाएर क्रान्तिकारी कम्युनिस्ट युवाहरूले पञ्चायत विरुद्ध गरिब किसानहरूलाई गोलबन्द गरेका थिए । २०२८ को झापा विद्रोहलाई उठाउन व्यवस्था विरूद्ध गाइएका गीतहरू यसप्रकार रहेको पाइन्छ-

> रिङ्गे रेचे आर लाङ्टा बेरे वाङ्वा रेचे हाचिवनोवा, *सतार भाषा,*
> युगयुग जिओ चेयरमेन माओ, लिन प्याओ जिन्दावाद, *हिन्दी भाषा,*
> पुक दिक लाल सूर्य उगे, चीन दिलो पृथ्वी के माओत्सेतुङ, *बङ्गला भाषा,*
> लाल सलाम दङ्गालीलाई, हामी झापालीलाई, (समूहगत छलफल, मोरङ, २०७५) ।
> सामन्तलाई नगिँडे, सैनिकसँग नभिडे, आउँदैन जनवाद, (समूहगत छलफल, झापा, २०७५)

यी गीतहरू राल्फा, सङ्कल्प, आस्थाले गाएका गीत भने होईनन् । कम्युनिस्ट पार्टीका नेता कार्यकर्ताले भूमिगत रूपमा गाउने गरेका गीतहरू हुन् ।वर्गसङ्घर्षको सन्दर्भमा जोडिएर आएको हुनाले यहाँ उल्लेख गरिएको हो । विभिन्न भाषामा गाइएका उक्त गीतहरू बन्द कोठामा गाइन्थे । गीतले जनतालाई क्रान्तिमा सामेल हुन र माओत्सेतुङको क्रान्तिकारितालाई पछ्याउन र क्रान्तिमा सहभागी हुन, झापाली र दङ्गालीहरूलाई एकीकृत हुन प्रेरित गरेका थिए । समग्रतामा ती गीतले कम्युनिस्ट पार्टीले अङ्गीकार गरेको वर्गसङ्घर्षलाई जनतामा पुऱ्याउनमा योगदान पुऱ्याएका थिए । पार्टी सङ्गठकहरूका सहयोगी माध्यम बनेका थिए ।

## ५.५ नेपाल कम्युनिस्ट पार्टी (माले) को परिचय

नेपालको साम्यवादी आन्दोलनमा विभिन्न कम्युनिस्ट घटकहरूको एकीकरणसहित बनेको नेकपा (माले) सबैभन्दा ठुलो वामपन्थी दलको रूपमा रहेको पाइन्छ । झापा जिल्ला कमिटी र नेपाल क्रान्तिकारी सङ्गठन, मोरङसहित विभिन्न कम्युनिस्ट प्रतिनिधिहरूले २०३२ जेठमा अखिल नेपाल कम्युनिस्ट क्रान्तिकारी कोअर्डिनेसन कमिटी (माले) गठन गरे । मालेमा मुक्तिमोर्चा, पूर्वको रातो

झण्डा, पश्चिमको रातो झन्डा (सन्देश) लगायत अन्य समूहहरू पनि मिसिँदै गए । २०३५ पुस ११ मा मोरङ इटहरा स्थित टेकबहादुर राईको घरमा राष्ट्रिय सम्मेलन गरी नेकपा (माले) गठन भएको पाइन्छ । नवगठित उक्त पार्टीमा सिपी मैनाली महासचिव, प्रदीप नेपाल, जीवराज आश्रित पोलिटब्युरो सदस्य, मदनकुमार भण्डारी लगायत केन्द्रीय सदस्यका रूपमा देखिन्छन् । एकातिर मार्क्सवादी लेनिनवादी क्रान्तिकारी कम्युनिस्ट दल, कम्युनिस्ट क्रान्तिकारीहरू, मार्क्सवादी लेनिनवादी अध्ययन समूह जस्ता अनेक सङ्गठनहरू मालेमा मिल्दै गएको देखिन्छ भने अर्कोतिर कम्युनिस्ट आन्दोलनमा अर्को धारा केन्द्रीय न्युक्लियसबाट विकसित हुँदै चौथो महाधिवेशन, मशाल-मसाल, नेपाल कम्युनिस्ट पार्टी (एकता केन्द्र) तथा नेपाल कम्युनिस्ट (माओवादी) र अन्ततः नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) हुँदै अगाडि बढेको पाइन्छ । तीसको दशकदेखि नेपाली कम्युनिस्ट आन्दोलन मुख्यतया यिनै दुई धारामा ध्रुवीकृत रहँदै आएको देख्न सकिन्छ ।

नेकपा (माले)ले जनआन्दोलन र बहुदलीय प्रतिस्पधासम्बन्धि आफ्नो धारणा भने चौथो महाधिवेशनबाटै स्पष्ट पारेको थियो । "२०४६ भदौ ९ गतेदेखि १४ गतेसम्म सिरहाको विष्णुपुरकट्टी, सर्रे अम्बासमा नेकपा सम्पन्न (माले) को चौथो राष्ट्रिय महाधिवेशनले संयुक्त जनआन्दोलनसम्बन्धी सुस्पष्ट दृष्टिकोण अघि सार्नुका साथै नयाँ जनवादमा बहुदलीय प्रतिस्पर्धाको मान्यतालाई अंगीकार गर्ने नीति अघि सार्‍यो," (नेकपा माले, २०४६ भदौ, ९-१४, सिराहा) । महाधिवेशनले महासचिव झलनाथ खनाललाई बिदा गरी मदनकुमार भण्डारीलाई नयाँ महासचिवका रुपमा चयन गर्‍यो । जनताको बहुदलीय जनवाद (जबज) मार्क्सवादी दर्शन, नेपाली क्रान्तिका अनुभव र विश्व कम्युनिस्ट आन्दोलनको शिक्षामाथि आधारित थियो । यसै महाधिवेशनले बहुदलीय शासन प्रणाली र उदारवादी संसदीय राजनीतिक अभ्यासलाई अघि बढायो । २०३२ मा कोअर्डिनेसन केन्द्र (कोके), २०३५ सालमा नेपाल कम्युनिष्ट पार्टी (माले) र त्यसैको विकसित रूप नेकपा (एमाले) हो ।

नेकपा (माले) को पार्टी सङ्गठन विस्तारमा प्रगतिशील गीतको योगदान के कस्तो थियो भन्ने कुरा हेर्न उक्त पार्टीको सङ्गठन सम्बन्धि नीति बारे चर्चा गर्न आवश्यक हुन्छ । कम्युनिस्ट पार्टीले सिद्धान्त, सङ्गठन र सङ्घर्षलाई सँगै अघि बढाउन सङ्गठनात्मक संरचनाहरूको विस्तार गर्दै लैजान्छ । विचारलाई व्यवहारमा लैजाने साधन सङ्गठन भएको हुँदा समाजका विभिन्न अवयवहरूलाई साधन बनाउँछ र विचारलाई भौतिक शक्तिमा बदल्ने प्रक्रिया सुरु गर्छ । सी (२०७९) को भनाइमा- "सङ्गठन भनेको क्रान्ति गर्नुभन्दा अगाडि क्रान्ति सम्पन्न गर्ने भौतिक साधन हो भने क्रान्ति सम्पन्न भएपछि समाज-व्यवस्था सञ्चालन गर्ने वा अधिनायकत्व लागू गर्ने साधन हो," । यस सम्बन्धमा नेकपा (माले) ले सङ्गठन-सङ्गठन, समूह-समूह, पार्टी र जनता, नेता र कार्यकर्ता, तलका कमिटी र माथिका कमिटीका बीचमा समन्वय र एकता हुनु पर्ने कुरामा जोड दिएको पाइन्छ । लेनिनले सङ्गठन सञ्चालनको विधि 'जनवादी केन्द्रीयता' को विकास गरेका थिए । जसअनुसार मालेमा जनवाद तलबाट अभ्यास गरिन्थ्यो भने केन्द्रीयता माथिबाट लागु हुन्थ्यो । नेकपा (माले) ले

२०३६, जेठ १३ गते व्यक्ति सङ्गठनको अधिनमा रहन्छ, अल्पमत बहुमतको अधिनमा रहन्छ, तल्लो कमिटी माथिल्लो कमिटीको अधिनमा रहन्छ र सम्पूर्ण सङ्गठनहरू, सदस्यहरू, केन्द्रीय कमिटीको अधिनमा रहन्छन् भन्ने उल्लेख गरेको थियो । जनवाद र जनवादी केन्द्रीयता भित्र मूल ३ कुराहरू - पहिलो, विचार अभिव्यक्त गर्न पाउने स्वतन्त्रता र त्यसको ग्यारेन्टी, दोस्रो-मत सुरक्षित राख्न पाउने अधिकार, तेस्रो- चुन्न र चुनिन पाउने अधिकारको ग्यारेन्टी गरिएको थियो । केन्द्रीयताका पाँच महत्त्वपूर्णमा शर्तहरू- पहिलो-अल्पमत बहुमतको अधिनस्त, दोस्रो-तल्ला कमिटीहरू उपल्लो कमिटीको मातहतमा, तेस्रो, व्यक्ति सङ्गठनको मातहत, चौथो, सम्पूर्ण सदस्य केन्द्रीय कमिटीको मातहतमा र अन्तिम शर्त- केन्द्रीय कमिटी महाधिवेशनको मातहतमा रहने, पार्टी जीवनलाई व्यवस्थित गर्ने थिए । "कम्युनिस्ट पार्टीको सङ्गठनमा केन्द्रीकरणको अर्थ परम्परागत र यान्त्रिक केन्द्रीकरण होइन, यो त एक त्यस्तो किसिमको नेतृत्वको निर्माण गर्नु हो, जुन नेतृत्व युद्धका लागि पनि तयार रहन्छ र जस्तोसुकै परिस्थितिमा पनि आफूलाई तद्अनुरूप परिवर्तन गर्दै त्यसको सामना गर्ने क्षमता राख्दछ," (लेनिन, सन् १९२१, जुलाई १२) । जनवादी केन्द्रीयताका सवालमा लेनिनद्वारा व्यक्त विचारले नेकपा (माले) को कमिटी र बाह्य जनसङ्गठनहरूको समेत अनुशासनात्मक अवस्थाको चित्रण गर्दछ । त्यसलाई मालेको वैचारिक कार्यदिशा जबजले अझ परिष्कृत गरेको थियो । प्रतिकूल अवस्थामा समेत नेपाली कम्युनिस्ट आन्दोलनलाई अगाडि बढाउन, प्रतिक्रान्तिकारी हमलाबाट आन्दोलनको रक्षा गर्न, पार्टीलाई जनतामाझ लोकप्रिय र सुदृढ जनाधारसहित स्थापित गर्न एवम् वैधानिक ढङ्गबाट आन्दोलनलाई अगाडि बढाउन जबजको उल्लेखनीय योगदान रहेको पाइन्छ । जबजलाई केवल राजनीतिक प्रणाली वा कार्यक्रमको रूपमा मात्र नभई समाजको रूपान्तरणको समष्टिगत अवधारणाका रूपमा लिइन्छ । यसै सन्दर्भमा कम्युनिस्ट पार्टी (माले) को सङ्गठन निर्माण र विस्तार गर्ने कार्यमा प्रगतिशील गीतले के कसरी सहयोग पुऱ्याएको थियो भन्ने विचार दृष्टिबाट गीतले पुऱ्याएको योगदानलाई हेरिएको छ ।

## ५.६ पार्टी सङ्गठन विस्तारमा प्रगतिशील गीत

समाज, संस्कृति, राजनीति र गीत एकापसमा जोडिएका विषयवस्तु हुन् । राजनीतिक दलले आफ्नो हीत प्रवर्द्धन गर्न दलको विचारधारा, दर्शन र कार्यक्रमप्रति समर्थन प्राप्त गर्न विभिन्न जनसङ्गठन तथा उपसमूहहरू निर्माण गर्दै जान्छ । राजनीति र गीत मौलिक रूपमा भिन्न छन् । तर दुईबीचको सम्बन्ध अन्योन्याश्रित पनि छ । गीत समाजको आधार माथि उभिएको अधिरचनाको वैचारिक रूप भएको हुँदा साम्यवादी आन्दोलनसँग प्रगतिशील गीतको गहिरो सम्बन्ध रहेको हुन्छ । यसैकारण नेकपा (माले) ले प्रगतिशील गीतलाई पार्टी सङ्गठन विस्तारको आधार बनाएको थियो । भूमिगत अवस्थामा जनतामा सिधै जन सम्पर्क स्थापित गर्न निकै कठिनाई देखिएको हुँदा वैकल्पिक माध्यमका रूपमा प्रगतिशील गीतहरू त्यसमा सहयोगी बनेका थिए । कुनै पनि क्षेत्रमा पार्टी सङ्गठन

विस्तार गर्नु पर्दा सबैभन्दा पहिला गीति कार्यक्रम गर्ने, त्यो क्षेत्रमा ती गीतहरूमा रुझान प्रकट गर्नेहरूलाई जनवादी साहित्यिक पत्रपत्रिका, पुस्तकहरू उपलब्ध गराउँने, त्यसमा अभिरूची राख्नेहरूलाई पार्टी जनसङ्गठन र पार्टीमा आवद्धता दिने गरिएको पाइन्छ । यसबाट पार्टी सङ्गठन निर्माणको प्रारम्भिक पाठशालाका रूपमा प्रगतिशील गीति चेतनालाई माध्यम बनाएको देखा पर्दछ । त्यो बेला पार्टी सङ्गठन र प्रगतिशील गीतहरू एकसाथ जनताबीच पुगेका थिए । पार्टी सङ्गठन निर्माणको भावभूमि तयार गर्ने काम सङ्कल्प गीति कार्यक्रमले गरेको थियो । यस्ता कार्यक्रममा स्वयम् पार्टीका नेताहरू खट्ने गरेका थिए । सङ्गठन विस्तार, प्रारम्भिक कमिटीहरूको निर्माण आदिमा समेत गीति कार्यक्रमलाई मूल आधार बनाइने गरेको पाइन्छ । त्यसले निर्माण गरेको जनमतमा आधारित रहेर सङ्गठनहरू निर्माण हुन्थे । उक्त प्रक्रियाबाट पार्टीका कार्यकर्ताहरू र नेता जन्मन्थे, समर्थक र सुभेच्छुकहरूको पंक्ति निर्माण हुन्थ्यो । त्यो बेला मार्क्सवाद पढेर, पार्टीका सिद्धान्तहरू हेरेर, पार्टीका दस्तावेजहरू अध्ययन गरेर कम्युनिस्ट बन्ने भन्ने कुरा कठिन कार्य थियो । कार्की भन्छन्- “हाम्रा गीत त सबैले सुन्थे । सरल हुन्थे, सबैले बुझ्थे । पार्टी दस्तावेज त धेरै पछि मात्र प्राप्त हुने कुरा थियो । त्यसकारण जनताको पहिलो कम्युनिस्ट पाठशाला त तिनै गीतहरू नै थिए । त्यसबाट पास भए पछि मात्र पार्टीका अन्य स्कुलमा पुगिन्थ्यो,” (व्यक्तिगत कुराकानीमा आधारित, २०७६) । उनको भनाइमा घन्टौंको प्रवचनद्वारा जगाउन नसकिएका जनता एउटा गीतबाट जिउ ज्यान नै अर्पेर अन्यायविरुद्ध लडाइँ लड्न तयार हुन्थे । उक्त भनाइबाट ती गीत भाषण र प्रवचन भन्दा बलशाली थिए भन्ने बुझिन्छ । “२०२७-२८ तिर शोषण दमनविरूद्ध कविहरू कविता, गीतकारहरू गीत लेख्थे, गायकहरू गाउँथे । झापा सङ्घर्षको पृष्ठभूमि तयार गर्न ती गीतहरूले महत्त्वपूर्ण भूमिका खेलेका थिए,” (खरेल, २०७७) । “आइपुग्यो हाम्रो एकीकृत माले जनतालाई जगाउन, आइपुग्यो हाम्रो कम्युनिस्ट पार्टी जनतालाई ब्युँझाउन,” पार्टी कार्यकर्ताहरूलाई उत्साह र उर्जा भर्ने पार्टी गीत थियो । देशको माटो छोएर हामी सपथ लिँदैछौँ,” (राजेश, २०४७, भाग २ : ६७), नेकपा (माले) लाई शिरमा छोएको थियो,” (सुब्बा, २०४९: १), “निक्कै नि टाढा पुग्नु छ राता सिपाहीहरूले,” (माओत्सेतुङ, २०४७, भाग २ : १७), “मार्क्सवाद यो अजय हतियार सर्वहारा मुक्तिको,” (मञ्जुल, २०४७, भाग ४: १), आदि गीतहरूले राजनीतिक चेतना उमार्ने काम गरेका थिए । यसप्रकारका गीतहरूले समाजका सिमान्तकृत जनता र सर्वहाराहरूप्रति सहानुभूति दर्शाउँदै भावनात्मकरूपमा मानिसको मन जित्ने कार्य गर्दथ्यो । त्यसबाट प्रभावित उनीहरू वामपन्थी विचार खोज्दै नेकपा (माले) को जन सङ्गठनहरूमा क्रियाशील हुन पुग्थे । त्यसले सामन्ती सत्तालाई विस्थापन गर्ने प्रतिरोधी शक्तिको निर्माणमा भूमिका खेल्थ्यो । यस सन्दर्भमा बुझ्नु पर्ने कुरा के छ भने नेकपा (माले) प्रगतिशील गीतले नै सबैथोक गरेको थियो भन्न खोजिएको हैन । तर त्यसबेलाको अवस्थामा पार्टी सङ्गठन निर्माणको आधा शक्ति प्रगतिशील गीतबाट पार्टीले प्राप्त गरेको थियो भन्ने अध्ययनमा देखा पर्दछ । त्यसै अनुसारको विश्लेषण हो यो ।

### ५.६.१ जनशक्ति निर्माणमा प्रगतिशील गीत

त्यसबेला नेकपा (माले) ले पार्टी सङ्गठन निर्माणका सम्बन्धमा, पार्टीलाई दह्रो बनाउन खुला रही गुप्त ढङ्गले काम गर्न सक्ने र गुप्त भूमिगत कार्यको सञ्चालन गर्न सक्ने क्षमता र गोपनीयताको अनुशासन भएकाहरूलाई मात्र पार्टीको आन्तरिक सङ्गठानात्मक जनशक्तिका रूपमा लिएको पाइन्छ । पोखरेलका अनुसार - "पार्टीको लाइन, नीति, सिद्धान्त, कार्यक्रम तथा धारणाहरूलाई आत्मसात् नगरिसकेको र भर्खरै चाख जगाएको व्यक्तिलाई तुरुन्तै खास कामको जिम्मा दिनु हुँदैन, केही समयको अनुभवका आधारमा नीति, कार्यक्रमबाट दीक्षित र सिद्धान्त परिपक्व सङ्गठित जीवन बिताई सङ्घर्षमा परेका जनसेवी क्रान्तिकारीहरूलाई मात्रै कार्यकर्ता बनाउनु पर्छ, भन्ने थियो," (सन् २००७) । त्यसमा पार्टी सङ्गठकहरू पर्दथे, जसको निर्माणमा, कार्यकर्ता उत्पादनको प्रक्रियामा प्रगतिशील गीत र साहित्यको महत्वपूर्ण भूमिका रहन्थ्यो । गीत र साहित्यको चेतनाले पार्टी जनसङ्गठनमा गुणात्मक रूपमा प्रभाव पार्ने गर्थ्यो । मदन भण्डारी र मोदनाथ प्रश्रित जस्ता प्रभावशाली नेताहरू समेत नेकपा (माले) सँग जोडिने मूल कडी प्रगतिशील साहित्य र गीत रहेको पाइन्छ । त्यसको एक दृष्टान्तको रुपमा- २०२९ को पुस-माघतिर बनारसमा आयोजित समस्यापूर्ति कविता सम्मेलनमा युद्धप्रसाद मिश्र, मोदनाथ प्रश्रित, दामोदर भारद्वाजहरू निर्णायक थिए । "सम्मेलनमा भण्डारी प्रथम भए । साहित्यिक गतिविधिकै क्रममा मदनले दुइवटा गीत गाए -गएर भन्देउन ती हाम्रा दिदीबैनीलाई ....र हे हली दाइ, गोरू फुकाई बाँधेर ल्याओ सामन्ती साँढेलाई...., हली दाइको चर्चा सँगै पुष्पलालले मदनलाई 'हली दाइ' सम्बोधन गर्न थाले," (राई, २०७८ पृ. ३९) । त्यसपछि नै मदनको अनेकन भूमिगत नामहरू मध्ये एउटा नाम 'हली दाइ' पनि रहेको पाइन्छ । यस दृष्टान्तबाट मदन भण्डारीको राजनीतिक जीवनको सुरूवात गीत, कविताबाटै भएको देखिन्छ । कविता वाचनमा प्रथम भएका उनले विद्यार्थीहरूका माझ 'गर्जन्छन् जो महलहरूमा क्रान्ति नेता शिकारी', 'ए राजा ल तँलाई बल्ल मजले जाने दलाहा रछस्', 'गएर भन्देउन ती हाम्रा दीदी र बैनीलाई,' 'ए है हलिदाई गोरू फुकाई बाँधेर ल्याओ सामन्ती साँढेलाई' आदि आफनै गीतहरू सुनाएका थिए । उनका गीत सुन्नेहरूलाई भावनात्मक रूपले बाँध्थ्यो, जनआत्मियता बढाउँथ्यो । प्रश्रित भन्छन् - "सांस्कृतिक भूमिकाकै कारण म कम्युनिस्ट पार्टीमा तानिएँ । मैंले मदन भण्डारीलाई पार्टीमा सङ्गठित गर्न बनारसमै भूमिका खेलेको हूँ । यसरी नै हजारौं मानिसहरू कम्युनिस्ट पार्टीमा सङ्गठित हुँदै आएका हुन्," (व्यक्तिगत कुराकानी, २०७६, ०८/२६) । गीत र कवितामा नाम कहलाएका भण्डारीलाई बनारसमा पुष्पलालले सांस्कृतिक मोर्चामा आबद्ध गरेका थिए । भण्डारी आफैं गीत लेख्थे, गाउँथे । भूमिगत सेल्टरमा त्यसले जनतामा भिज्न मदनलाई अझ सहज हुन्थ्यो । नेपाल, (२०७१) को भनाइमा जीवनको पछिल्लो चरणमा पूर्णरूपमा राजनीतिमा सक्रिय भए पनि २०२५ देखि २०३३ सम्म भण्डारीको प्रमुख चिनारी साहित्यकार नै थियो । त्यस समयमा लेखिएका कविता, गीत तथा अन्य सामग्रीहरू मदन भण्डारीका कविता र गीतहरू थिए । यस भनाइले पनि

भण्डारी साहित्य र गीतको पृष्ठभूमिबाटै राजनीतिमा प्रवेश भएको देखिन्छ । राईका अनुसार- "सांस्कृतिक मोर्चाको सदस्यमा क्रियाशील रहँदा मदनले लेखेका गीत थुप्रै कार्यकर्ताले देउसी भैलोमा गाउँदै हिँडे । मदनका गीत हुन् भन्ने धेरैलाई थाहै थिएन । किनकि मदन भूमिगत नामहरू सागर, भीष्म, बर्बरिक आदिबाट चिनिन्थे," (२०७८) । गीत सङ्गीतको प्रभाव सङ्गठनमा पर्छ र गीत सङ्गीतले राजनीतिले भन्दा छिटो मानिसलाई विचारसँग जोड्छ भन्ने चेत भण्डारीमा रहेको देखिन्छ । देउसी, भैलो र सांस्कृतिक कार्यक्रमहरूमा भण्डारीका प्रगतिशील गीत, साहित्यहरू सङ्गठन विस्तारको साधन बनेका दृष्टान्तहरूले विश्लेष्य सन्दर्भलाई अझ दरिलो तुल्याउँछ । प्रश्रित भन्छन् - "सांस्कृतिक फाँटबाट गइयो भने अरूहरूलाई पनि ल्याउन सकिन्छ भनेर लागिरहेको बेला मदनलाई सङ्गठित गरिएको थियो," (व्यक्तिगत कुराकानी, २०७६, ०८/२६) । उक्त भनाइबाट सांस्कृतिक र साहित्यिक चेतना भएकै कारण पुष्पलालको छनौटमा मदन र प्रश्रितलाई पार्टीमा ल्याइएको देखिन्छ । के.सी. भन्छन् - "२०३४ मा पुष्पलाल समूहका सक्रिय कार्यकर्ता जीवराज आश्रित, मोदनाथ प्रश्रित र मदन भण्डारीहरूले समूहबाट विद्रोह गरी मुक्ति मोर्चामा गठन गरेका थिए," (२०६०, पृ. ६४-६५) । सोही क्रममा मदन, आश्रित, प्रश्रित मुक्तिमोर्चा हुँदै पछि नेकपा (माले) को राजनीतिमा आएको पाइन्छ । यसबाट प्रभावशाली नेताहरू समेत मालेको राजनीतिमा जोडिनुमा प्रगतिशील साहित्य, गीतको योगदान समेत देखापर्दछ, जुन कुरा मालेको सङ्गठन विस्तारको नै एउटा मूल कडी थियो भन्ने देखिन्छ ।

जनवादी प्रगतिशील गीतमा एकखालको वैचारिक शक्ति थियो । तिनै गीति विचारको प्रभावले लोकतन्त्र पछि कतिपय प्रगतिशील सांस्कृतिककर्मीहरू नेता, मन्त्री, मुख्य मन्त्री समेत बनेका थिए । "जीवन शर्मा एकलसाँझ' कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले जनवादी गीतहरुले नै आफू मुख्यमन्त्री भएको हूँ भनेका थिए । प्रगतिशील लेखक सङ्घ मकवानपुरको आयोजनामा हेटौँडामा उक्त कार्यक्रम भएको थियो," (रासस, २०७९ असार २९) । पाण्डेले कम्युनिस्टले जनता जगाउने क्रममा जनवादी गीतको प्रयोग गरेको र तिनै गीतले जनता जाग्दै व्यवस्था परिवर्तनसम्मको अवस्था सिर्जना हुँदा सोही क्रममा आफू मुख्यमन्त्री भएको जनाएका थिए । जनताको वास्तविकता बोक्ने जनवादी गीतहरुले सामाजिक र सांस्कृतिक क्रान्ति भएको उनको भनाइबाट प्रगतिशील गीतको प्रेरणाबाट थुप्रै कम्युनिस्ट नेताहरू नेपाली राजनीतिमा आएको देखा पर्दछ । पार्टी सेल्टरमा गीत गाउने र जनतालाई भावनात्मक रूपले जोड्ने काम गरिन्थ्यो । चिनियाँ मुर्ख बुढोको कथालाई गीत बनाएर भूमिगत सेल्टर गाइन्थ्यो । जसलाई २०२९ तिर भूमिगत कम्युनिस्ट नेता मुकुन्द नेउपानेले अनुवाद गरी यसरी गाएका थिए- "एउटा थियो मुर्ख बुढो चीनको उत्तरमा, दुई ठूला पहाड थिए उसको घर सामुमा, यति भनी मुर्ख बुढो पहाड खन्न थाल्यो, जवाफ दिने ठाउँ नभै सज्जन बुढो भाग्यो," (२०७१, पृ. ११०) । उक्त गीत सुनाएर मणिकलाल दाइको सहयोगमा श्रीपुरा पलट चौधरी, सिताराम चौधरी ४, ५ जनालाई पार्टी सङ्गठनमा जोडेका थिए ।

विद्या चौधरी स्कुलमा प्रगतिशील गाएको आरोपमा जेल चलान भइन् । यसरी भूमिगत सेल्टरमा बनाइएका गीतले समेत पार्टी सङ्गठन विस्तारमा सहयोग पुगेको थियो ।

बम देवान सङ्कल्प परिवारका गीतकार थिए । प्रगतिशील गीतको माध्यमबाट देवान मालेको राजनीतिमा प्रवेश गरेका थिए । "२०३६ मा भएको निर्वाचनमा धरानमा 'जनपक्षीय' उम्मेदवार बम देवानले जितेपछि धरानमा कम्युनिस्ट पार्टीको पकड बलियो बनेको थियो," (बीबीसी, सन् २०१९, डिसेम्बर २) । कम्युनिस्ट पार्टीका नेताहरू भूमिगत पार्टी सङ्गठन गर्थे । ती गीतहरू एक अर्को व्यक्तिबाट समाजमा पुग्दथे । त्यसले मार्क्सवादबारे रुझान बढाउनमा भूमिका खेल्दथ्यो । पन्त भन्छन् - "पञ्चायत विरूद्ध परिवर्तनको मूल आधार निर्माण गर्ने काम सांस्कृतिक आन्दोलनमार्फत गरिएको थियो । त्यही सांस्कृतिक अभियानबाट प्रभावित भएर कयौँ कार्यकर्ता सङ्गठित भएका थिए, तिनीहरू नै प्रजातन्त्रको पुनः स्थापना पछि विभिन्न तहका नेता, सांसद र पार्टी नेतृत्वमा पुगे । म नै त्यसको एउटा उदाहरण हूँ," (व्यक्तिगत कुराकानी, २०७६, ०९/२६) । प्रदीप नेपाल, वामदेव गौतम, रविन्द्र अधिकारी, सीता खड्का, अष्टलक्ष्मी शाक्य, प्रदीप ज्ञवाली, जेबी टुहुरे, मधु गुरुङ, रघुजी पन्त, विजय सुब्बा, डम्बर सम्बाहाम्फे, गौरा प्रसाई, रविन कोइराला, पवित्रा निरौला घिमिरे, गोपाल ठाकुर, खगेन्द्र नेपाली लगायत अन्य थुप्रै कम्युनिस्ट पार्टीका नेताहरू सुरुवातिचरणमा प्रगतिशील गीत, साहित्य, सांस्कृतिक अभियानहरूबाट प्रेरित हुँदै नेकपा (माले) को पार्टी जीवनसँग जोडिएको देखापर्दछ । त्यसपछि सङ्गठन विस्तारका क्रममा विभिन्न जन सङ्गठनमा जिम्मेवारी सम्हाल्दै मूलधारको राजनीतिमा आएको पाइन्छ । झापामा महिला आन्दोलनको नेतृत्व त्यसबेला पवित्रा निरौलाले गरेकी थिइन् । गीतले लैङ्गिक चेतनामार्फत सङ्गठन विस्तारमा पुऱ्याएको योगदानका बारेमा नेपाल (व्यक्तिगत कुराकानी, २०७६, ०९/२२) आफ्नो विचार यसरी राख्छन्-

> म भूमिगत कालमा दमकमा शिक्षक शिक्षिका भएको पार्टी सेल्टरमा थिएँ । समानताको गीत गाउने तर काम सबै मैँले गर्नुपर्ने भन्दै श्रीमान-श्रीमती बीच झगडा नै भयो । अन्ततः दुवैले बराबरी काम गर्ने भन्ने समझदारीमा झगडा टुङ्गियो । समाजमा त्यसको ठुलो प्रभाव पऱ्यो । अ.ने.म.सङ्घका इकाइहरू बने । लुम्बिनीमा पनि गीति जागरण त्यस्तै देखेँ । ती गीतहरू सुनेर महिलाहरू अनेम सङ्घमा, पार्टीमा, आन्दोलनमा होमिन्थे । यसले झापा दमककी पवित्रा निरौला जस्ता थुप्रै नेत्रीहरू, व्यक्तिहरू जन्मायो, त्यसको एक साक्षी म हूँ ।

उक्त भनाइ प्रगतिशील गीतहरू सामाजिक विद्रोहको कडीका रूपमा प्रयोग भएका थिए भन्ने कुराको एक दृष्टान्त हो । यसरीनै गीति चेतनाले पारिवारिक र सामाजिक विद्रोह गर्दै विभिन्न क्षेत्रबाट मानिसहरू नेकपा (माले) को राजनीतिमा जोडिन आए । उनीहरू प्रगतिशील गीतले नै मात्र त्यहाँ पुगे भन्न खोजिएको होइन, उनीहरूलाई कम्युनिस्ट पार्टीसँग जोड्ने माध्यम प्रगतिशील गीत र साहित्य थियो भन्न खोजिएको हो । मेची कोशी पार्टी सङ्गठन हेर्ने नेकपा (माले) केन्द्रीय कमिटी

सदस्य रत्नकुमार बान्तवा प्रगतिशील गीत सुनाउँदै गाउँगाउँ हिँड्थे । गीत, कविता, गितार, हार्मोनियम, मादल, बाँसुरी उनका राजनीतिक चेतनाका हतियार थिए । बाँसुरीका धुन सुनाएर जनतालाई भावनात्मक रूपले बाँध्थे । गीत गाएर व्यवस्था विरूद्ध घृणा उमार्दथे । ईश्वर पोखरेल भन्छन् - "रात छिप्पिँदै गएपछि कोठाको झ्याल खोलेर रत्न बाँसुरी बजाउन थाल्नुहुन्थ्यो । सुन्नेहरू मन्त्रमुग्ध हुन्थे, ताली बजाउँथे र कति त नाँच्थे पनि । उहाँका मुक्तिका गीत र कविताहरूले आङ नै सिरिङ्ग बनाउँथ्यो," (२०७५, चैत्र २७) । उनको भनाइले बान्तवाका गीत, कविता र वाद्यवादनले जनतालाई भावनात्मक रूपले बाँध्थ्यो र त्यसकै भावभूमिमा सङ्गठन विस्तारको काम अघि बढ्थ्यो भन्ने अर्थबोध हुन्छ । बान्तवाको कविता 'एउटै ताँदोबाट छुटेका हामी तीरहरूले तात्कालीन प्रधान शत्रु 'निरङकुश पञ्चायती राजतन्त्र' लाई जनक्रान्तिबाट उन्मूलन गर्नुपर्दछ भन्ने अर्थमा व्यक्त भएको सन्दर्भले यस सन्दर्भलाई अझ बलियो गरी समाउँदछ । यसप्रकारका सिर्जनाहरूले मानिसलाई कम्युनिस्ट विचारधारामा समेट्ने र त्यसको प्रभावले पार्टी सङ्गठन निर्माण र जनशक्ति उत्पादनमा मद्दत पुगेको थियो । २०३७ देखि विद्यार्थी राजनीतमा प्रवेश गरेका कम्युनिस्ट नेता रविन्द्र अधिकारी कास्कीको शान्ति उदय मा.वि. भरतपोखरीमा कक्षा ८ मा पढ्दादेखि नै गायनमा लागेका थिए । गायन, नृत्य हुँदै २०४५ मा पिएन क्याम्पसको अखिलका अध्यक्ष, विद्यार्थी राजनीति हुँदै राष्ट्रिय राजनीतिक जीवनमा प्रवेश गरे । अधिकारी (२०७४) बाट प्राप्त जानकारी अनुसार- "जोमसोमै बजारमा, बाह्र बजे हावा सरर, घर हाम्रो पोखरा' नेपथ्यले गाएको गीत मौलिकरूपमा स्वयम् अधिकारीले नै लेखेका थिए, जुन गीत सुरुमा तयार गर्दा क्रान्तिकारी उद्देश्य थियो । तर त्यसलाई पछि नेपथ्यले मायाप्रेममा ढालेको थियो," । उक्त भनाइबाट रविन्द्रको राजनीतिक चेतनाको अङ्कुरण क्रान्तिकारी गीतबाटै भएको देखा पर्दछ । प्रधान भन्छन् - "त्यो बेला मानिसहरू पार्टीको दर्शन, सिद्धान्त, हेरेर भन्दा पनि प्रगतिशील गीत र गीतका विचार मनपराएर, त्यसलाई विश्वास गरेर स्रोत पहिल्याउँदै पार्टीका अनुकूल फोरमहरूमा जोडिन पुगेका थिए," (व्यक्तिगत कुराकानीमा आधारित, २०७६, ०९/२२) । उक्त भनाइले पनि पन्त र प्रश्रितको भनाइको समर्थन गर्दछ । पञ्चायतकालमा धेरै मानिसहरू मालेमा सैद्धान्तिक रूपले भन्दा पनि गीति संवेदना र त्यसको चेतना प्रभावले आबद्ध भएका थिए भन्न सकिन्छ । चापागाइँ, भन्छन् - "सांस्कृतिक मोर्चाहरू नभई पार्टीको निर्माण विस्तार हुदैन थियो । वास्तवमा पार्टी सङ्गठन विस्तारमा ३०-४० प्रतिशतसम्म योगदान रहेको थियो भन्ने लाग्छ, म यही बारेमा लेख्ने गर्छु," (व्यक्तिगत कुराकानी, २०७५, ०७/०९) । उक्त भनाइले उपरोक्त भनाइहरूलाई परिपूरण गर्दछ । तत्तत् ठाउँहरूमा जनताहरूलाई प्रभावित गरेर पार्टी निर्माण गर्ने आधार बनाइन्थ्यो भन्ने थाहा हुन्छ । ज्ञवालीका अनुसार- "२०४६ को आन्दोलन सफल भएर प्रजातन्त्रको पुनर्स्थापना भई पार्टी खुला हुँदासम्म देशभर हजार भन्दा पनि कम पार्टी सदस्यहरू थिए । त्यो अवस्थामा २०४८ सालको निर्वाचनमा एक तिहाइ भन्दा बढी सिट सहितको बृहत् जनमत हासिल गर्नमा प्रगतिशील गीत, साहित्यको महत्त्वपूर्ण योगदान रहेको थियो," (व्यक्तिगत

कुराकानी, २०७६, १०/२३) । उनका अनुसार कुनै ठाउँमा नयाँ कम्युनिस्ट कार्यकर्ताहरू निर्माण गर्नुपर्‍यो भने त्यहाँ पार्टीको संयोजनमा प्रगतिशील सांस्कृतिक कार्यक्रम गरिन्थ्यो । त्यसले एक खालको राजनीतिक तरङ्ग ल्याउँथ्यो । त्यही तरङ्गको जगमा पार्टी सङ्गठन निर्माण प्रक्रिया सुरु गरिन्थ्यो । यसबाट प्रगतिशील गीतहरूले वामपन्थी पार्टीहरूको जनाधार निर्माण गर्ने र जनचेतनाको अभिवृद्धि गर्ने, सङ्गठन निर्माण भन्दा अगाडि चाहिने उत्सुकता, विद्रोहको हुट्हुटी, केही नयाँ कुराको जिज्ञासा जन्माउने काम सङ्कल्पका गीतहरूले गरेका थिए भन्न सकिन्छ । मञ्जुल भन्छन् - "हाम्रा गीतहरू अन्य विचारका मानिसहरूलाई समेत मन पर्थ्यो । हाम्रा गीत सुन्न कम्युनिस्ट नै हुनुपर्छ भन्ने थिएन," (२०७६, व्यक्तिगत कुराकानी) । यसको अर्थ, गैर कम्युनिस्टहरू लाई समेत कम्युनिस्ट बनाउने काममा ती गीतले प्रेरित थिए भन्ने हो । उक्त कार्यले एकातिर कम्युनिस्ट पार्टीको सङ्गठन विस्तार अर्कातिर राजनीतिक चेतनाको नयाँ लहर सिर्जना हुँदै गयो । यस किसिमका भूमिकाहरूबाट पञ्चायती व्यवस्थालाई कमजोर तुल्याउने, र त्यस विरूद्ध राजनीतिक परिवर्तनका आन्दोलनहरूको पृष्ठभूमि तयार पार्ने काममा प्रगतिशील गीतको योगदान रहन पुगेको थाहा हुन्छ ।

सुब्बाका अनुसार- "राजनीतिक दलहरू प्रतिबन्धित रहेको अवस्थामा आम जनतामा पार्टी सिधै प्रवेश गर्न अति जोखिमयुक्त भएकोले राजनीतिक चेतना निर्माण गर्ने उद्देश्यका साथ गीति चेतनामार्फत पार्टी गाउँमा प्रवेश गरी पार्टी सङ्गठनका सेलहरू निर्माण गर्दथ्यो," (व्यक्तिगत कुराकानी, २०७६,७/२५) । उक्त भनाइबाट कम्युनिस्ट पार्टीमा आबद्ध हुन सक्ने र हुन चाहने व्यक्तिहरूको खोजी प्रारम्भको सरल, सहज र लोकप्रिय माध्यमका रूपमा प्रगतिशील गीतको प्रयोग भएको भन्ने बुझ्न सकिन्छ । नेपाल भन्छन्- "पार्टी सङ्गठनमा कुनै क्षेत्रमा ५ जना थिए भने प्रगतिशील गीतको लहरले ५० पुऱ्याइदियो, ५० थिए भने ५०० पुऱ्याइदियो । हाम्रो पार्टी सङ्गठनले भन्दा बढी गीतले प्रभाव पाऱ्यो," (व्यक्तिगत कुराकानी, २०७६, ०९/२२)।

त्यसबेला मार्क्सवाद र कम्युनिस्ट पार्टीको बारेमा धेरैले बुझेका थिएनन् । पार्टी दस्तावेजहरू पढ्न चुनौती थियो । नेताहरूलाई चिन्ने कुरा हुँदैन थियो । यस्तो अवस्थामा राजनीतिक चेतनाका निम्ति पार्टी जनतामा पुग्ने सबैभन्दा सहज माध्यम गीत बन्न पुगेको देखिन्छ । ज्ञवाली सम्झन्छन् - "टाढै छ छोरो भन्दिनु दाजै आमालाई नरोऊ भन्दिनु, त्यो नयाँ गीत सुनिसके पछि मलाई बिजुलीको झट्का लागे जस्तै नै भयो । आहा जिन्दगी त्यो पो हो त ! त्यस्तो कार्यकर्ता हुन पाए, जो टाढैबाट आमालाई सम्झन्छ । वास्तवमा अब म भूमिगत भइहाल्छु भन्ने हुट्हुटी त्यही गीतले जगायो,"

(व्यक्तिगत कुराकानीमा आधारित, २०७६, १०/२३) । यसरी प्रगतिशील गीतको प्रभावले नयाँ उर्जाशील मानिसहरू कम्युनिस्ट पार्टीमा जोडिँदै गए । कम्युनिस्ट पार्टीको तात्कालीन उद्देश्य राजतन्त्र फालेर प्रजातन्त्रको पुनर्स्थापनासँग जोडिन पुगेको हुँदा गीतको शक्ति र प्रभाव पनि प्रजातान्त्रिक आन्दोलनसँग जोडियो र गीत आन्दोलनको सहयोगी अस्त्र बन्न पुग्यो । भण्डारीका अनुसार- "पार्टी

सिधै जनताबीच जाने अवस्था नहुँदा विकल्पका रूपमा गाउँमा पहिला एउटा घर समात्ने, त्यो घरलाई सेल्टर बनाउने, त्यहाँ गीत सुनाएर मान्छे भेला पार्ने, मानिसलाई प्रभावित तुल्याउने र हजारौँको सङ्ख्यामा पार्टी शुभेच्छुकहरू जन्माउने काम हुन्थ्यो," (व्यक्तिगत कुराकानी, २०७५, ०७/१५) । उक्त भनाइबाट पनि कम्युनिस्ट पार्टीको सङ्गठन विस्तारको जग प्रगतिशील गीतका स्वरहरू हुन् भन्ने स्पष्ट हुन्छ । एउटा विचारको मानिसलाई अर्को विचारमा रूपान्तरित गर्ने, जनतालाई विचारले लेश गर्ने र त्यसैको जगमा पार्टी सङ्गठन निर्माणको आधारशिला निर्माण गर्दै कम्युनिस्ट पार्टीमा आबद्ध गराउने काममा प्रगतिशील गीतले सहयोग गरेको देखिन्छ । उल्लिखित सन्दर्भमा आएका भनाइहरू र प्रगतिशील गीतहरूको योगदानलाई परिमाणात्मक रूपमा संस्लेषण गर्दा नेकपा (माले) को सङ्गठन विस्तारमा पार्टी र गीतको भूमिका त्योबेला आधा-आधा रहेको तथ्य स्थापित हुन पुग्दछ । नेकपा (माले) को पार्टी सङ्गठन निर्माण र त्यसको गुणात्मक विकास स्वरूप प्रगतिशील गीतको योगदानको प्रभाव जनआन्दोलनको तहसम्म आइपुगेको हो भन्ने कुरा यस सन्दर्भको अध्ययनले देखाउँदछ ।

### ५.६.२ शैक्षिक क्षेत्रको सङ्गठन विस्तारमा गीत

पञ्चायतकालमा विद्यार्थी सङ्गठन पार्टीको विचार प्रवाहको सशक्त माध्यम थिए। शैक्षिक, सामाजिक, जनजीविका र राष्ट्रिय मुद्दा लिएर विद्यार्थीहरूले व्यवस्था माथि नै चुनौती सिर्जना गरिदिन्थे । पार्टीको विचार, सिद्धान्तबाट शैक्षिक क्षेत्र प्रभावित थियो । विद्यार्थीहरूले शैक्षिक मुद्दामा विश्वविद्यालय र राज्यलाई नै सम्झौतामा ल्याउने सम्मका आन्दोलनहरू गरेका थिए । जनमत सङ्ग्रह २०३६-३७, र स्ववियु निर्वाचनको उपलब्धि त्यस्का दृष्टान्त हुन् । सङ्गठनका मुख्य चार आयामहरू- विचारधारा, दर्शन, सङ्गठन र कार्यक्रममा कार्यक्रमको हिसाबले विद्यार्थी सङ्गठनहरू केही स्वतन्त्र थिए । दलहरूलाई जनतासँग जोडिराख्न विद्यार्थी सङ्गठनको सशक्त भूमिका हुन्थ्यो । नेकपा संयुक्तको भातृ सङ्गठन नेराविफेले २००७ असार १७ मा र अनेरास्ववियुले २०२२ मा आधिकारिकता पाएको थियो । राप्रपा निकट विद्यार्थी सङ्गठन (राप्रविसं), नेकपा-माओवादी निकट अनेरास्ववियु क्रान्तिकारी, राष्ट्रिय जनमोर्चा निकट अखिल छैटौं विद्यार्थी क्षेत्रमा क्रियाशील थिए । नेपाली काँग्रेसको विद्यार्थी सङ्गठन ने.वि.सङ्घ थियो । यसको पहिलो महाधिवेशन (२०२७) बाट विपिन कोइराला, दोस्रो महाधिवेशन (२०२८) बाट शेरबहादुर देउवा, तेस्रो महाधिवेशन (२०३६) बाट विमलेन्द्र निधि, २०३९ को तदर्थ समितिबाट ज्ञानेन्द्र कार्की, चौथो महाधिवेशन (२०४०) बाट बलबहादुर केसी, पाँचौं महाधिवेशन (२०४४) बाट बालकृष्ण खाँण सभापति छानिएका थिए । तिनले विद्यार्थी राजनीतिबाटै राजनीतिको मूलधारमा नै सक्रिय भूमिका खेले । देशको सबैभन्दा ठुलो वामपन्थी दल नेकपा (माले)को विद्यार्थी सङ्गठन अनेरास्ववियु (पाँचौ) थियो । उक्त सङ्गठनको पहिलो महाधिवेशन (२०२२) बाट सुजन खरेल, दोस्रो महाधिवेशन (२०२५) बाट विश्वकान्त मैनाली,

तेस्रो महाधिवेशन (२०२६) बाट गोविन्दमान श्रेष्ठ, चौथो महाधिवेशन (२०२९) बाट मुकुन्दबहादुर श्रेष्ठ, पाँचौं महाधिवेशन (२०३६) बाट टङ्क कार्की, छैटौं महाधिवेशन (२०३८) बाट पुनः टङ्क कार्की र सोही कार्यकालमा गौरी प्रधान (संयोजक), सातौं महाधिवेशन (२०४०) बाट रामप्रसाद ज्ञवाली, आठौं महाधिवेशन (२०४२) बाट चन्द्र भण्डारी, नवौं महाधिवेशन (२०४४) बाट तुलबहादुर गुरुङ अध्यक्ष भएका थिए। २०३५ मा सम्पन्न अनेरास्ववियुको पाँचौं राष्ट्रिय सम्मेलनबाट अध्यक्ष टङ्क कार्की भए। उनीहरू सबैले आ-आफ्नो नेतृत्वमा प्रगतिशील गीति कार्यक्रमलाई विद्यार्थी क्षेत्रमा आफ्नो सङ्गठनसँगै सम्मिश्रण गरेर लगेका थिए। राष्ट्रिय सम्मेलनमा विवाद भएपछि लीलामणि पोखरेल अध्यक्ष र बलराम बास्कोटा महासचिव भएर अखिल (छैठौं) स्थापना भयो। अनेरास्ववियु ( पाँचौं) र अनेरास्ववि (छैठौं) बीच वैचारिक प्रतिस्पर्धा थियो। यी सङ्गठनहरूले विद्यार्थीहरूको अधिकारका लागि मात्र नभएर सिङ्गो मुलुकको राजनीतिलाई प्रभाव पारेका थिए। ती मध्ये धेरै जसो नेकपा (माले) को राजनीतिमा स्थापित भएका थिए। त्यसको अन्तर्वस्तुमा पार्टी सङ्गठन विस्तार, जनशक्ति उत्पादन, नेतृत्वको विकासको उद्देश्य रहेको देखिन्छ। मालेले क्याम्पसहरूमा अनेरास्ववियुको प्रा.क., सहप्रा.क. को निर्माण, तिनका अधिवेशन, नवआगन्तुक विद्यार्थी स्वागत, विदाई कार्यक्रम, स्ववियु चुनावहरूमा प्रगतिशील गीतको कार्यक्रमलाई प्राथमिकतामा राख्ने गरेको थियो। अनेरास्ववियुले हरेक कार्यक्रममा यसरी विद्यार्थीहरूलाई स्वागत र आह्वान गर्दथ्यो -

> विहानीको घाम जस्तै रातो लेकाली गुराँस जस्तै रातो
> अनेरास्ववियुको झण्डा हो रगतले रंगिएको रातो
> साम्राज्यवाद र विस्तारवादको नेपाल खाने दाउ
> यो दाउलाई उल्टाई दिन जुटौं सबै आऊ
> उम्लिएको रगत बोकी प्रण हामी गर्छौं
> मर्ने परोस् तर यो देश बनाइकन छाड्छौं (जन गीतिमाला, खण्ड ३, २०५१, पृ. ३७)।

उक्त गीतमा विद्यार्थी वर्गलाई चेतनाका संवाहकका रूपमा प्रस्तुत गर्दै अनेरास्ववियुलाई परिवर्तन र क्रान्तिको पर्यायका रूपमा प्रस्तुत गरेका छन्। तात्कालीन परिस्थितिमा पार्टी नीति अनुरूप नै अमेरिकालाई साम्राज्यवाद र भारतलाई विस्तारवादका रूपमा चित्रण गरिएको छ। गीतले विद्यार्थी शक्तिलाई परिवर्तनको शक्तिका रूपमा अर्थ्याउँदै व्यवस्था विरोधी आन्दोलनमा बलिदानी भावनाका साथ अग्रसर हुन विद्यार्थीहरूलाई आह्वान गरिएको छ। अनेरास्ववियुको पक्षमा विद्यार्थी मत जुटाउन र उनीहरूलाई नेकपा (माले) को विचारधारामा गोलबन्द गर्ने काममा यस्ता गीतको भूमिका देखा पर्दछ। विद्यार्थीहरूको बीचमा गुप्त रेड गार्ड सङ्गठनहरू बनाउने र त्यसलाई बलियो पार्दै आवश्यक परेको ठाउँमा विद्यार्थी सङ्गठन निर्माण गर्ने भन्ने नीति नेकपा (माले) को थियो। राईका अनुसार- "विद्यार्थी क्षेत्रमा क्षेत्रीय कमिटी, जिल्ला कमिटी, अञ्चल कमिटी निर्माण गर्दा पहिला

प्रगतिशील गीतको कार्यक्रम गरिन्थ्यो । त्यसबाट विकसित भएका विद्यार्थीहरू नै युवा क्षेत्रमा पार्टी सङ्गठनको बलियो आधार बन्थे । त्यहीँबाट मालेका नेता, कार्यकर्ताहरू जन्मिन्थे," (व्यक्तिगत कुराकानी, २०७५, ०९/१४/। विद्यार्थी राजनीतिमा प्रगतिशील गीत र विद्यार्थी नेताका भाषणको सम्मिश्रणले स्ववियुको चुनावमा समेत प्रभाव परेको थियो । प्रगतिशील गीति कार्यक्रमलाई जनमत निर्माणको आधार बनाइएको थियो । थापा भन्छन् - "विद्यार्थी नेताका रौं ठाडा पार्ने भाषण अनि जनवादी गीतहरू मेरा लागि संसार चिन्ने माध्यम बने । क्याम्पसका कार्यक्रममा गाइने आमा दिदी बहिनी हो र फोक्ल्याण्डको टापुबाट जस्ता गीतले अत्यन्तै उत्तेजित बनाउँथे," (सन् २०२१) । विद्यार्थी राजनीतिमा प्रभाव विस्तार गर्ने क्रममा नव आगन्तुक विद्यार्थीहरू प्रगतिशील गीति कार्यक्रममा गाइएका गीत सुनेर अनेरास्ववियुको राजनीतिमा सक्रिय हुने गरेको अध्ययनले देखाउँछ । कार्कीले यस सन्दर्भमा यसरी विचार राखेका छन्-

> पद्मकन्या क्याम्पसमा कहिलै पनि अनेरास्ववियुले विद्यार्थी चुनाव नजित्ने । २०३८ को चुनावमा गायिका लोचन भट्टराई र हामी कलाकारहरूले महिला अधिकारका थुप्रै गीत गायौं त्यहाँ । छात्रा विद्यार्थी साथीहरू यति धेरै प्रभावित भए कि जनमत नै उल्ट्याइ दियो त्यहाँको । प्रगतिशील गीतले त्यहाँ विद्यार्थी जनमत बढायो । पहिलो पटक गीतको शक्ति र प्रभावले अनेरास्ववियुले त्यहाँ चुनाव जित्यो, (व्यक्तिगत कुराकानी, २०७६, १०/२६) ।

विचार र सङ्गठन निर्माण लक्षित अखिलका हरेक कार्यक्रमहरू जनवादी गीतमय बन्थे । ती गीतहरू सुनेर विद्यार्थीहरू अखिलमा समाहित हुन्थे । गीतले सांस्कृतिक राजनीतिक चेतनाको बाटोबाट कम्युनिस्ट पार्टीसम्म पुऱ्याउँथ्यो । श्रेष्ठका अनुसार- "२०३६ को विद्यार्थी आन्दोलनमा अनेरास्ववियुका अध्यक्ष टङ्क कार्कीको नेतृत्वमा एक सांस्कृतिक संयोजन समिति नै बनाइएको थियो । उक्त समितिले विद्यार्थी आन्दोलन र जनवादी गीत सङ्गीतलाई सम्मिश्रण गरेर व्यवस्था विरूद्ध एउटा शक्तिशाली अभियानकै रूपमा अघि बढाइएको थियो," (व्यक्तिगत कुराकानी, २०७६, ०८/२२) । उक्त अभियान २०३५-३६ को विद्यार्थी आन्दोलनसम्म आइपुग्दा आन्दोलनकारीहरूका वैचारिक अस्त्र बन्न पुगे । भण्डारीका अनुसार- "आन्दोलनमा विद्यार्थीलाई भाषण भन्दा गीतले बढी प्रभावित तुल्याएको थियो । भाषण भन्दा गीतमै विद्यार्थीको बढी आकर्षण थियो । तिनै गीति चेतनाले विद्यार्थी आन्दोलनलाई जनतासम्म पुऱ्याउन भूमिका खेलेको थियो । यस्ता धेरै जसो गीति कार्यक्रममा विद्यार्थीहरूको उल्लेख्य सहभागिता रहने गर्दथ्यो," (२०७५, व्यक्तिगत कुराकानी) । त्यसको प्रभावमा विद्यार्थी सङ्गठनले गुणात्मक रूपमा आफूलाई विकास गर्दै लगेको देखापर्दछ । विद्यार्थी राजनीतिमा प्रगतिशील गीतको प्रभावका सम्बन्धमा मेची क्याम्पसको उदाहरण पेश गर्न सकिन्छ । मेची क्याम्पसको २०३६/०३७ को स्ववियु निर्वाचनमा अनेरास्ववियुका (एकताको पाँचौ), नेविसङ्घ र रास्वविम (पञ्चायत पक्षधर) बीचको त्रिपक्षीय प्रतिष्पर्धामा अनेरास्ववियुको पुष्पराज पोखरेलको पुरै

प्यानलले नै जित्नुमा प्रगतिशील गीति कार्यक्रमको प्रभाव रहेको देखिन्छ । भण्डारीका अनुसार- "हरेक अनेरास्ववियुका कार्यक्रमहरूमा प्रगतिशील गीति कार्यक्रम गर्ने र त्यसको माध्यमबाट सङ्गठनको प्रभाव बढाउने र जनमत सिर्जना गर्ने गरेका थियौँ," (२०७६) । पूर्वाञ्चलका महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर, महेन्द्र बहुमुखी क्याम्पस, धरान, पिण्डेश्वर विद्यापीठ (क्याम्पस), हात्तिसार क्याम्पस, धनकुटा बहुमुखी क्याम्पसमा अनेरास्ववियुले गीति कार्यक्रमको बलमा स्ववियु चुनाव जित्ने गरेको पाइन्छ । शैक्षिक क्षेत्रमा गीति कार्यक्रमले अनेरास्ववियुको जनमत बढ्थ्यो र कलेजमा पार्टी जनसङ्गठन विस्तार हुन्थ्यो । जब ती विद्यार्थी गाउँमा पुग्थे गाउँमा मालेको सङ्गठन विस्तारमा सहयोग पुग्थ्यो । कलेजमा प्रगतिशील गीत सुनेर धेरै विद्यार्थीहरू अखिल बन्न पुग्थे, छानिँदै नेता बन्न पुग्थे र विद्यार्थी राजनीति पछि सक्रिय राजनीतिमा प्रवेश गरी शासन सत्तामा नेतृत्व गर्न पुग्थे । यहाँ झापा जिल्लाको मा.वि. स्तरीय सङ्गठन विस्तारको एउटा दृष्टान्त प्रस्तुत गरिएको छ । २०४० माघमा सम्पन्न अनेरास्ववियुको पाचौँ जिल्ला सम्मेलनमा प्रस्तुत प्रतिवेदन अनुसार - २०३८ मा झापा जिल्लामा अनेरास्ववियुको २ प्रावि, २८ निमावि र ४५ माविमा प्रारम्भिक कमिटी (प्रा.क.) गठन प्रगतिशील गीति कार्यक्रमकै माध्यमबाट गरिएको थियो । किनकि प्रावि, निमावि, माविका विद्यार्थीलाई राजनीति बुझाउन सजिलो थिएन । गीतले राजनीतिलाई त्यहाँ सजिलै बुझाउँदथ्यो । राजधानीका क्याम्पसहरूमा गीति कार्यक्रमको माध्यमबाट माले समर्थित अनेरास्ववियुले पाटन, त्रिचन्द्र, शङ्करदेव, पद्मकन्या, रत्नराज्य, ल, अमृत साइन्स, सरस्वती, मिनभवन क्याम्पसहरू लगायतका अधिकांश क्याम्पसहरूमा स्ववियु चुनाव जितेको थियो । २०३८ को विद्यार्थी युनियनको चुनावमा त्रिचन्द्र कलेजबाट गोपीकृष्ण घिमिरे, नन्द कन्दङवा, अच्युत गौतमलगायत, शङ्करदेव क्याम्पसबाट ठाकुरचन्द्र श्रेष्ठ, पद्मकन्या क्याम्पसबाट शशी श्रेष्ठ अनेरास्ववियु (पाँचौं) बाट विजयी भएका थिए । ती क्याम्पसहरूले सङ्कल्पका गीति कार्यक्रमलाई विद्यार्थीलाई आकर्षित गर्ने माध्यम बनाएका थिए । त्यस अघि उक्त कलेजमा ने.वि.सङ्घले चुनाव जित्ने गरेको थियो । त्रिवि, कीर्तिपुरमा भीम नेउपानेको अखिलको प्यानलले जित हासिल गरेको थियो । प्रगतिशील गीतको लोकप्रियता यहाँसम्म रहेको पाइन्छ कि २०३७ मा झापाको महेन्द्ररत्न माविमा ३ महिनासम्म राष्ट्रगान *श्रीमान् गम्भीर नेपाली'* को ठाउँमा विद्यार्थीहरूले अनेरास्ववियुको गीत गाएका थिए । त्यसबेला क्याम्पसहरूमा गाइएको एउटा नमुना गीत यस्तो छ - "सयौँ फूलहरूलाई फूल्न दिनुपर्छ, सिर्जनाका ढोका सबै खुल्न दिनुपर्छ, खबरदार ! मार्ने जाल बुन्न पाइँदैन देश बचाउने प्रतिभालाई थुन्न पाइँदैन," (सुब्बा, २०४७, भाग १, पृ. ११) । पन्तका अनुसार - "गीतले जन्माएका धेरै विद्यार्थीहरू अनेरास्ववियुको नेतृत्वमा पुगे, महिलाहरू अ.ने.म.सं.मा आबद्ध भए । कतिपय मानिसहरू पनि पार्टी कार्यकर्ताका रूपमा परिणत भए, कम्युनिस्ट आन्दोलनको त्यो बलियो जग थियो । अन्ततः त्यो शक्तिले राजनीतिक परिवर्तनका आन्दोलनहरूको आधार तयार गर्ने काम गर्दथ्यो," (व्यक्तिगत कुराकानी, २०७६, ०९/२६) । उक्त भनाइले नेकपा (माले) को सङ्गठन विस्तारमा, विद्यार्थी जनमत

बढाउन प्रगतिशील गीतको योगदान देखापर्दछ । "सङ्घर्ष गर्दै अघि बढ्ने बाटो हाम्रो एउटै," (श्रेष्ठ, २०४७, भाग १, पृ. ६), "तपाइँहरूकै मायाले नै गीत हामी गाउँछौँ," (सुब्बा, २०४७, भाग ५, पृ. ३) आदि जस्ता एकता, सङ्घर्ष, स्वाभिमान र राष्ट्रप्रेमका गीतहरू शैक्षिक क्षेत्रहरूमा गाउने गरिन्थ्यो । यसरी हेर्दा विद्यार्थीहरूलाई सचेत र जागृत तुल्याउन त्यस्ता सांस्कृतिक कार्यक्रमहरू पार्टी सङ्गठन निर्माणको प्राथमिक कार्य बन्न पुगेको देखिन्छ ।

राजनीतिक परिवर्तनमा शैक्षिक क्षेत्रको चर्चा गर्दा नेपाल राष्ट्रिय शिक्षक सङ्गठनको भूमिकालाई छोड्न सकिँदैन । २०३६ जेठ २ गते मकवानपुर जिल्लाको भुटनदेवी माविबाट शैक्षिक तथा पेसागत माग लिएर शिक्षक सङ्गठनको आन्दोलन सुरु भएको थियो । २०३६ फागुन २२ गते शिक्षक सङ्गठनको राष्ट्रव्यापी आम-हड्ताल सुरु भयो । त्यसको दबाबमा परेर २०३६ चैत्र २९ गते सरकारले विधानलाई औपचारीक मान्यता दियो र विधान स्वीकृत भयो । तर सरकारसँगको सम्झौता कार्यान्वयन भएन । झनै सरकार शिक्षक दमनमा, शिक्षकहरू प्रतिरोधमा उत्रिए । "नेपाल राष्ट्रिय शिक्षक सङ्गठन केन्द्रीय समितिको आह्वानमा २०३६, २०३७, २०३८ र २०४१ मा शिक्षक आन्दोलनहरु उत्कर्षमा पुगे । ती आन्दोलनहरु राष्ट्रव्यापी रुपमा फैलिए," (शर्मा, सन् २०१५) । तीमध्ये २०३८ र २०४१ सालका आन्दोलनहरुमा थुप्रै शिक्षकहरूको हत्या, जेल चलान, धरपकड, अवकाश, सरुवा स्पष्टिकरण लिने जस्ता कामहरू भए । अन्ततः १५ बुदे सम्झौता भई आन्दोलनको समाप्त भयो । २०४० मा दोस्रो महाधिवेशन जनकनाथ प्याकुरेल अध्यक्ष बने । अघिल्लो सम्झौता विपरीत शिक्षकहरू माथि दमन धरपकड भयो । २०४१ पौष ४ र २०४२ जेठ ६ मा नेपाल बन्द भयो । २०४४ आषाढ ११ गते तेस्रो महाधिवेशनबाट देवीप्रसाद ओझा सङ्गठनको अध्यक्ष बने । २०४६ को जनआन्दोलनमा थुप्रै शिक्षकहरू जेल परे, शिक्षक सङ्गठनले जनआन्दोलनमा महत्त्वपूर्ण भूमिका खेल्यो । नेकपा (माले) को शैक्षिक क्षेत्रमा जनसङ्गठन विस्तारका सम्बन्धमा व्यक्त भएका विचारहरूलाई संस्लेषण गर्दा विद्यार्थी आन्दोलन र जनवादी गीत सङ्गीतको सम्मिश्रणबाट नेकपा (माले) ले विद्यार्थी क्षेत्रमा पार्टी सङ्गठन विस्तार गर्दै गएको देखा पर्दछ । त्यसले शक्ति आर्जन गर्दै नेपालको राजनीतिक परिवर्तन २०४६ मा समेत योगदान दिएको थियो भन्ने स्पष्ट हुन आउँछ ।

### ५.६.३ नारी क्षेत्रको सङ्गठन विस्तारमा प्रगतिशील गीत

पञ्चायतकालीन समाजमा वर्गीय विभेदसँगै लैङ्गिक विभेद पनि थियो । सामन्ती समाजले महिलामाथि अनेकन सामाजिक बन्देजहरू लाधेको थियो । त्यसै उपर विषयकेन्द्रित गरी नारी हक र अधिकारका आवाज उठाइएका र नारीको स्वतन्त्रताका निम्ति गाइएका नारी मुक्तिका गीतहरूलाई नारीमुक्तिका प्रगतिशील गीत भनिएको पाइन्छ । राजनीतिक आन्दोलनहरूमा महिलाहरूले भोगेका विभेद, आर्थिक असमानता, घरेलु तथा सामाजिक शोषण विरूद्ध नारीमुक्तिका प्रगतिशील गीतहरू गाइएका छन् । मार्क्सवादी सिद्धान्तले महिला माथिको विभेद, शोषण, दमन, जस्ता कार्य पितृसत्ता र

पुँजीवादी संरचनाबाट भएको मान्दछ । यस्ता लैङ्गिक विभेदहरू कुनै जैविकीय पक्षको कारणबाट नभई सामाजिक-आर्थिक कारणबाट हुन्छ भन्ने मान्दछ । यसै कारण महिला मुक्तिका गीतहरूले पितृसत्तात्मक प्रणाली र पुँजीवादी पुरुषप्रभुत्व विरोधी विचार अघि सारे । त्यसलाई अभियानका रूपमा लिएर गाउँगाउँमा महिला जागरण भर्दै गीति कार्यक्रम गर्दै हिँडे । विद्यमान सामन्ती संरचनामा सुधार ल्याउन गीतले महिला पुरुष ज्यालामा एकरूपता, काममा समानता, कार्यको उचित मूल्याङ्कन र समानतामूलक श्रम विभाजनमा बढी जोड दिएका थिए । मार्क्सवादका अनुसार- महिलामाथि हुने पुरुषको एकाधिकार पुँजीवादी समाजकै उपज हो । महिलाहरूको यसप्रकारको पराधिनता समाजको उत्पादन सम्बन्धको कारण हो । यसै कारण महिला मुक्तिका प्रगतिशीलहरूले महिलामाथिका शोषण, अन्याय, लैङ्गिक विभेदलाई वर्गीय उत्पीडनका आधारमा हेरेका हुन् । यसबाट लैङ्गिक असमानताको मूलकारण पुँजीवादी व्यवस्था हो भन्ने उनीहरूको ठम्याई रहेको थाहा हुन्छ । उनीहरूले महिला वर्गलाई राजनीतिक, आर्थिक अधिकार र राजनीतिक चेतनाबाट वञ्चित गराउने सामन्ती व्यवस्था नै हो भन्ने गरेका थिए ।

पञ्चायतकालीन पुरातन रुढिवादी समाजमा महिलालाई विज्ञापनको साधन र शृङ्गार वस्तुका रूपमा लिइने गरिन्थ्यो । छाउपडी, देउकी, हलिया, कमैया, बोक्सी, कुमारीप्रथा, बाल विवाह, बहु विवाह लगायतका प्रथाहरूबाट उनीहरू पीडित थिए । राज्यको हरेक सुविधा र अवसरहरूबाट बन्चित हुँदा महिलाहरूमा विद्रोह र चरम असन्तुष्टिको अवस्था सिर्जना भएको थियो । महिलालाई चुल्हो चौकोबाट बाहिर निकाल्न, पुरुष सरह काम गर्न सक्छन् भन्ने बोध गराउन ती गीतले महिलाहरूलाई प्रेरणा दिएका थिए । भण्डारी भन्छन्- “अ.ने.म.सं.को आन्दोलनलाई माथि उठाउन ती गीतहरूको महत्त्वपूर्ण भूमिका थियो । साँच्चिकै नजिकबाट हेर्ने हो भने प्रगतिशील गीति आन्दोलनबाट उठेका महिलाहरू अ.ने.म.सं. को नेतृत्वदायी भूमिका हुँदै सांसद्, संविधान सभाका सदस्य, महिला नेतृ, नेता तथा समाजको विभिन्न महत्त्वपूर्ण पदहरूमा समेत पुगे,” (अन्तर्वार्ता, २०७५, ७/१५) । उक्त भनाई पार्टीको जनशक्ति निर्माणसँग सम्बन्धित छ । उक्त कुरा सङ्गठन विस्तारकै अझ परिष्कृत अवस्था हो । यसबाट महिला क्षेत्रमा जनशक्तिको निर्माण प्रक्रियाको प्रारम्भ प्रगतिशील गीतको चेतनाबाट भएको, महिलाहरूलाई राजनीतिक रूपमा प्रशिक्षित गराउने कार्यमा गीतको भूमिका राजनीति प्रवेशको पहिलो पाठशालाका रूपमा रह्यो भन्ने कुरा बुझ्न सकिन्छ ।

मार्क्सवादी चिन्तनअनुरूप वर्गीय चेतनासँग गीति मुद्दाहरूलाई जोड्दै नारी उत्पीडनलाई वर्गीय चेतना र वर्गद्वन्द्वसँग अन्तर्घुलन गरी वर्गसङ्घर्षको भावभूमि तयार गर्नमा ती गीतले भूमिका खेल्ने गरेका थिए । त्यो बेलाको समाजमा सङ्कीर्ण सामन्तवादी सोच, विचार र नारीलाई अपमान गर्ने भनाइहरू गाउँमा सुनिन्थे । उदाहरणका लागि जस्तै : *पोथी बासेको राम्रो हुँदैन, महिलाले हाँस्नु हुँदैन, चल्ला कोरल्ने पोथीको जात, छोरीचेली माइत जाने जात, छोरी मरी गालै टरी’ बच्चा*

*जन्माउने मिसिन'* जस्ता रुढिवादी चिन्तनले प्रश्रय पाएका थिए । त्यसका विरूद्ध नारीवादी गीतहरूले विद्रोह गरेर विज्ञानसम्मत विचारहरू प्रवाह गरे । नारीहरूको दासतापूर्ण जीवनको यथार्थ समाज सामु प्रकट गर्दै नारी पूरुष सह-अस्तित्व, समानता र अधिकारका विषयमा प्रशिक्षण दिने काम गरे । नारीलाई गृहिणीको सङ्कुचित घेरा भित्र मात्र राख्ने पुरुषप्रधान चेतनालाई चुनौती दिए । यसै सन्दर्भमा नारी मुक्तिका निम्ति भन्दै जे.बी.टुहुरेले ज्ञवाली (२०४७) को गीत यसरी गाएका छन् -

आमा दिदी बैनी हो कति बस्छौ दासी भै, सुखको सधैँ प्यासी बनेर
पूर्णिमाको तिम्रो चन्द्र कुल्ची सके मानिसले, तिम्रै कुनै सन्तानले
तिमी जस्तै दिदी बैनी रकेटमा उडिसके, आफ्नो शक्ति चिनिसके
तिमी भने मझेरीमा छुन्मुनाउँछ्यौ दङ्गपरि, जीवनभरि कैदी बनेर, (२०४७, भाग २: १९)।

उक्त गीतले पितृसत्तात्मक लैङ्गिक उत्पीडनको साङ्ला चुडाल्ने प्रतिबद्धता गर्दै सामन्ती समाजले सिर्जना गरेका नारी उत्पीडनबाट मुक्तिको बाटो देखाइदिने काम गरेको छ । यस्ता नारीवादी प्रगतिशील गीत गाउने कतिपय स्रष्टालाई झुटा मुद्दामा फसाउने प्रयास गरिएको पाइन्छ । त्यसको एक दृष्टान्त प्रस्तुत गर्न सकिन्छ । रायमाझीका अनुसार- “२०२९ मा टुहुरे, गणेश उदास, एनबी राई, कृष्ण राई आदिसँग मिलेर ‘नयाँ लहर’ नामक सांस्कृतिक कार्यक्रम गर्दै थिए । सरकारले त्यसका मूल कलाकार टुहुरेलाई फसाउने प्रपञ्च रच्यो । त्यही बेला मोरङको कानेपोखरीमा एकजना प्रहरीको हत्या भएको थियो । सो हत्यामा टुहेरेलाई फसाउने नियत राखी प्रहरी-वारेन्ट जारी भयो,” (२०७८, भदौ १०) । बाध्यतावस उनी भूमिगत भए । २०३२ मा काठमाडौँ विशेष अदालतबाट मुद्दा जिती सार्वजनिक भएर गीत गाउन थाले । उक्त घटना दृष्टान्तले नारी जागरणको अभियानमा कलाकारहरूमाथि शासकहरूको दमन र प्रतिशोध उजागर हुन पुग्छ । उनी जस्तै थुप्रै कलाकारहरूलाई यस प्रकृतिमा फर्जी मुद्दामा फसाउने गरिएको थियो । त्यसबेला सङ्कल्पले अनेकन यस्ता चुनौतीका बाबजुत पनि महिला मुक्तिका गीत गाउँदै गाउँमा जागरण ल्यायो । केही गीतहरूलाई उदाहरणका रूपमा प्रस्तुत गरिएको छ- “जीवन बग्छ आँशुको हेर आँशुको नदीमा, (पन्त, २०४७, भाग २: २१), गीतले महिला दलनविरूद्ध विद्रोह माग गर्दछ । “चेलीको मन रून्छ बुझिदेउन माइती हो” (सुब्बा, २०४७, भाग ३: २२) गीतले छोरी चेलीको मनलाई कमजोर तुल्याउने कार्यलाई सच्याउन आग्रह गरिएको छ । “नहेप नारीलाई यी हुन् दासी भनी,” (अनिल, २०४७, भाग ३: २४) गीतले महिलालाई दासी, कमारीका रूपमा प्रयोग गर्ने सामन्ती चिन्तन विरूद्ध प्रहार गरेको छ । “ब्युँझी उठ दिदी हो, ब्युँझी उठ बैनी हो समानताको दियो जलाउन” (राई, २०४७, भाग ३: २) आदि महिला जागरणका गीतमा महिलाप्रतिको पुरातन दृष्टिउपरको खबरदारी, तत् अनुरूपको विश्वदृष्टिकोण, महिलामुक्तिका स्वप्न, र आशावाद प्रस्फुटन भएका छन् । महिलालाई सन्तान पैदा गर्ने साधनको रूपमा मात्रै लिने, घर बाहिरको संसारबाट विमुख राख्ने जस्ता मध्ययुगीन दाश प्रथाको

विरूद्धमा गीतले विद्रोह गरेका छन् । नारीलाई वस्तुकरण गरी पशुसरह जिउन वाध्य बनाउने सामन्ती प्रचलनका विरूद्ध प्रश्रितले यसरी प्रहार गरेका थिए -

कल्ले भन्छ छोरीको हारेको जुनी
बल्ल बुझैँ सङ्घर्ष नगरी नहुने
मान्छे बनि ज्यूनलाई सङ्घर्षमा डटौँ
दासताको साङ्लोलाई तोडी अघि बढौँ, (२०४७, भाग २, पृ. ३६) ।

उक्त गीतमा नारीलाई गाईवस्तुलाई झैँ बिक्रीको वस्तु ठान्ने, नारी अस्तित्वलाई कुल्चने जस्ता सामन्ती परिपाटीको विरोध गर्दै मुक्तिको निम्ति सङ्घर्ष गर्न आह्वान गरिएको छ । यस्ता गीतहरू अ.ने.म.सं.का संगठनात्मक उद्देश्यबाट सञ्चालित कार्यक्रमहरूमा गाइन्थे । अ.ने.म.सं.ले पनि सङ्कल्पका कार्यक्रम हुँदा कलाकारहरूलाई सहयोग गर्थे । यो प्रक्रियाबाट धेरै महिलाहरू पार्टीमा आएका थिए । शर्माका अनुसार - “जो महिलाहरू पुस्तक पढ्ने क्षमताका थिए, ती पार्टीको सिधा सम्पर्कबाटै आएका थिए, तर अधिकांश महिलाहरू गीत सुनेर, ती गीतले उठाएको विचार मन पराएर सङ्गठन पहिल्याउँदै कम्युनिस्ट पार्टीमा र पार्टीबाट प्रशिक्षित हुँदै आन्दोलनमा आएका हुन्,” (व्यक्तिगत कुराकानी, २०७५, ०९/१८) । त्यसरी आएका महिलाहरू सुरुमा सांस्कृतिक आन्दोलनमा, त्यसपछि अ.ने.म.सं. हुँदै पूर्णकालीन पार्टी सदस्य समेत भएको देखिन्छ । वैचारिक रूपमा परिस्कृत हुँदै पार्टी नेतृत्वमा समेत पुगेको पाइन्छ । सामाजिक रूपले महिलाहरूलाई सशक्तिकरण गर्नमा नारीमुक्तिका गीतले भूमिका खेलेको पाइन्छ । गीति चेतनाले परिवार र समाजबाट विद्रोह गरेका कतिपय महिलाहरू जनआन्दोलन २०४६ मा अग्रपंक्तिमै रहेर सशक्त रूपमा आन्दोलनमा होमिएका थिए । यसरी घर परिवारदेखि समाज, समाजदेखि सङ्गठन, सङ्घर्ष हुँदै नारी मुक्तिका गीतले जन-आन्दोलन २०४६ को प्रजातन्त्र पुनः प्राप्तिको आन्दोलनसम्म नै मात्रात्मकबाट गुणात्मक परिवर्तनको प्रक्रिया मार्फत योगदान पुऱ्याएको स्पष्ट हुन्छ ।

पञ्चायतकालमा पार्टी सङ्गठन निर्माणका निम्ति महिला क्षेत्रलाई नेकपा (माले) ले एक शक्तिशाली क्षेत्र मानेको थियो । अनेमसंका हरेक कार्यक्रमहरू प्रगतिशील गीतमय हुन्थे । २०२८, जेठ २ गतेको झापाको वर्गसङ्घर्षमा समेत महिलाहरू सक्रिय भएका थिए । लीला कट्टेल, सीता खड्का, गौरा प्रसाईं त्यसमा सक्रिय भएका थिए । २०३७ चैत्र १४ गते अनेरास्ववियुको आम हडतालमा प्रगतिशील महिलाहरू लक्ष्मी मानन्धर, कृष्णा सुवेदीलगायत दर्जनौं गिरफ्तार भए । झापा विद्रोह, २०३६ को आन्दोलन, छिन्ताङ, पिस्कर आन्दोलनमा महिला मुक्तिका गीतहरूको भूमिका थियो । प्रगतिशील गीति आन्दोलनमा लोचन भट्टराई, निलिमा पुन, विद्या केसी, सुसन मास्के, सीमा पोखरेल, प्रतिमाराज भण्डारी, मधु गुरुङ, सानु पहाडी, जयन्ती राई, सरू सुब्बा, सरला श्रेष्ठ आदि गायिकाहरूले नेकपा (माले) को सांस्कृतिक गतिविधिबाट पार्टी सङ्गठन विस्तारमा योगदान पुऱ्याएका

थिए । जेबी टुहुरे, मोदनाथ प्रश्रित, मञ्जुल, विक्रम सुब्बा आदिले लेखेको जागरणका गीतले महिला राजनीतिक सहभागिता बढाउन भूमिका खेलेको थियो । पारिजात र कुन्ता शर्माका साहित्यले महिला मुक्ति आन्दोलनमा जागृति ल्याएका थियो । ज्ञवाली भन्छन् - “हाम्रो गीति आन्दोलनले महिला क्षेत्रमा सहभागिता धेरै नै बढ्यो । हाम्रो साहित्य, गीत, सङ्गीतले उनीहरूलाई चेतनशील तुल्याउन, परिवर्तनको मूलधारमा ल्याउन भूमिका खेल्यो । पार्टी सङ्गठनमा पनि धेरै महिलाहरू गोलबन्द भए । पार्टी सेल्टर भएको ठाउँहरूमा उनीहरूको भूमिका निकै सहयोगी थियो,” (अन्तर्वार्ता, २०७६, १०/२३) । गीतमा महिलाहरूका पिडाहरू व्यक्त हुन्थे । समानताको सन्देश प्रवाह हुन्थे । महिलाहरू आफ्ना अधिकारका, पितृसत्तात्मक समाजका लैङ्गिक मुद्दाहरू उजागर गर्थे । नेकपा (माले)का कोही पुरुष नेताहरू जेलमा, कोही भूमिगत र निर्वासनमा रहेको बेला अ.ने.म.सं.ले महिला मुक्तिका गीतलाई आफ्ना कार्यक्रमको कार्यसूचीमा राख्ने गरेको थियो । “महिलाहरूको राजनीतिक यात्राको प्रस्थान प्रगतिशील गीतबाटै हुन्थ्यो । हामीले गाएका महिला मुक्तिका गीतले आन्दोलनमा महिला सहभागिता धेरै बढ्यो । उनीहरूलाई चेतनशील तुल्याउन भूमिका खेल्यो । गीतबाटै पार्टीमा पनि धेरै महिलाहरू गोलबन्द भए । खासगरी पार्टी सेल्टर भएको ठाउँहरूमा उनीहरूको भूमिका सहयोगी थियो,” (मञ्जुल, अन्तर्वार्ता, २०७६, ११/२०) । उक्त भनाइबाट पञ्चायतकालमा धेरै जसो महिलाहरूको राजनीतिक क्षेत्रमा प्रवेश गीति प्रभावबाट हुने गरेको देखिन्छ । त्यसले महिलाहरूमा राजनीतिक चेतना भर्ने, पार्टीमा गोलबन्द गर्ने प्रक्रियालाई सहजीकरण गरिदिएको बुझ्न सकिन्छ । यसरी गीतको प्रभावबाट पार्टीमा आएका महिलाहरूलाई सुरुवातमा सङ्कल्प पत्रिका, म्याक्सिम गोर्कीको आमा, देवासुर सङ्ग्राम लगायतका केही खुला पुस्तकहरू पढ्न दिइने गरिएको थियो ।

विचार परिवर्तन गर्ने कुरा नै त्यो बेला सबैभन्दा पेचिलो थियो । महिला क्षेत्रका विद्यमान समस्याहरू कम्युनिस्ट पार्टीहरूले अनुभूत गरेका थिए । त्यो अनुभूतिलाई गीतसँगै जोडेर अनेमसं क्रियाशील बन्दै गयो । “हामीले मानिसका बीचमा समानताको कुरो, जातीय समानताको कुरो, वर्गीय, लैङ्गिक समानताका कुराहरू उठायौं । कोही जन्मदैमा अर्बपति, कोही जन्मदैमा सडकपति हुन्छ भन्ने हुँदैन, यो परिवर्तन गर्नुपर्छ भन्यौं, जुन मान्यता नेपालको संविधानले स्वीकार गऱ्यो, त्यो हाम्रो उसबेलाकै सङ्घर्षको परिणाम हो,” (पन्त, अन्तर्वार्ता, २०७६, ९/२६) । गीति मुद्दाहरूको प्रभावबाट महिलाहरूको राजनीतिक विश्वास प्रणाली बदलिँदै जाँदा नेकपा (माले) ले त्यसको आधारमा पार्टी सङ्गठन विस्तार गर्ने, जनशक्ति उत्पादन गर्ने, त्यसरी परिस्कृत हुँदै आएकाहरूलाई पार्टी कामको जिम्मेवारी दिने गरेको थियो भन्ने कुरा यसबाट स्पष्ट हुन्छ । “समाजको सबैभन्दा पिँधमा रहेको वर्ग सधैं शोषित, पीडित र सामाजिक विभेदको शिकार भइरह्यो । पञ्चायतले त्यसलाई आफ्नो सत्ता निरन्तरताको स्वार्थ र भऱ्याङका रूपमा मात्र उपयोग गऱ्यो । हामीले त्यसलाई भत्काउन चाह्यौं । महिलामुक्तिका गीत पनि त्यही उद्देश्यले गाइए । तिनले सामाजिक चेतनामार्फत राजनीतिक चेतनाको आधार निर्माण गरेका थिए,” (रायन, अन्तर्वार्ता, माघ २६, २०७६) । उक्त भनाइले सामाजिक

चेतना अभिवृद्धि गर्ने उद्देश्यबाट प्रगतिशील गीतका अभियानहरू सञ्चालन भएको बुझ्न सकिन्छ। पञ्चायती व्यवस्थामा महिलाले भोट दिन पाउने भएपनि सामाजिक जीवनमा उनीहरूको सहभागिता निकै तल थियो। शर्मा भन्छन्- "२०३६ पछिका सबै राजनीतिक-सांस्कृतिक आन्दोलनमा गाइएको यो गीत महिला मुक्तिको 'माइलस्टोन' साबित भइसकेको थियो," (अन्तर्वार्ता, २०७६, ५/१०)। उक्त आलेखमा उक्त गीतका गायक टुहुरेलाई कम्युनिस्ट उत्पादन गर्ने अभियन्ता, कम्युनिस्टका कारखाना, युवालाई क्रान्तिमा लाग्न प्रेरणा दिने व्यक्ति भनिएको छ। उक्त भनाइले पनि महिला मुक्तिका गीतहरूले जनशक्ति उत्पादनमा समेत ती गीतको योगदान देखा पर्दछ। टुहुरे भन्छन् - "माले भूमिगत हुँदा यिनै गीतमार्फत पार्टीका सन्देश र विचार समेत जनतामा पुग्थे। यसक्रममा कैयौँ पटक जेलमा पुगेँ। सामाजिक राजनीतिक चेतना र परिवर्तनका पक्षमा ती गीतले निकै ठुलो भूमिका खेलेको अनुभव छ," (टुहुरे, अन्तर्वार्ता, २०७६, ९/२६)। उक्त भनाइबाट तात्कालीन कम्युनिस्ट पार्टी (माले) को प्रभाव विस्तार गर्न, राजनीतिक फैलाउन कलाकारहरूले जेलनेल खेप्दै शासन सत्तालाई ठुलो दबाब दिएको र सामाजिक परिवर्तनमा ती गीतले भूमिका खेलेको प्रष्ट हुन्छ। महिला मुक्तिका गीत महिला मुक्तिका दर्शनको रूपमा थिए। उक्त दर्शनले नै महिलाहरू घरको चौघेरा नाघ्न चेतनशील विचार दिएको पाइन्छ। नारी मुक्तिका गीतले सामन्ती तथा पूँजीवादी सामाजिक संरचना र चिन्तनको विरूद्धमा महिलाहरूलाई जागृत र प्रेरित गर्ने प्रक्रियाबाट वैचारिक रूपमा उठेका महिलाहरू नेकपा (माले) र उक्त पार्टीका विभिन्न जन सङ्गठनहरूमा आवद्ध हुनुले उक्त कुरा स्पष्ट हुन्छ। तिनले गुणात्मकरूपमा राजनीतिक परिवर्तनका आन्दोलनहरूमा सक्रिय योगदान पुऱ्याएका थिए। यस विश्लेषणबाट गीति चेतनाबाट उठेका महिलाहरूको ठुलो तप्काले नेकपा (माले) को वरिपरि महिलाहरूको ठुलो पंक्ति निर्माण गरेको, त्यसले पार्टीको सङ्गठन विस्तारमा सघाएको र त्यो गीतबाट आर्जन भएको समग्र महिला शक्ति अन्ततः नेपालको राजनीतिक परिवर्तन (२०४६) मा मात्रात्मकबाट गुणात्मक रूपमा रूपान्तरित भई जनआन्दोलनलाई सघाएको थियो भन्ने तथ्य उद्घाटित हुन पुग्दछ। प्रस्तुत सन्दर्भबाट समाजवादी क्रान्तिले नै महिला वर्गको पनि मुक्ति हुन्छ भन्ने मार्क्सवादी चिन्तनको प्रभाव तीव्र रूपमा प्रगतिशील गीतमा देखा पर्न गएको थियो भन्ने बुझ्न सकिन्छ। प्रगतिशील गीतले नै वामपन्थी महिलाहरूको जीवनमा सबैथोक प्राप्त भयो भन्न खोजिएको हैन। महिलाहरूलाई विचारको बाटो देखाउने काम प्रगतिशील गीतले गऱ्यो भन्न खोजिएको हो।

### ५.६.४ वर्ग चेतनाका गीत र सङ्गठन विस्तार

नेपालमा कम्युनिस्ट आन्दोलनको सुरूवात समाजको वर्ग चरित्र र सर्वहारा वर्गीय राजनीतिक चेतनाको जगमा टेकेर भएको पाइन्छ। पञ्चायती समाजमा वर्गद्वन्द्व थियो, त्यसको प्रतिविम्बन प्रगतिशील गीतहरूमा परेको थियो। गीतले मुलतः सर्वहारा शोषित पीडित वर्गको पक्ष्यधरता लिँदै राजनीतिक चेतना भर्ने काम गरेका थिए। गीतले उत्पीडक र उत्पीडित वर्गबीचको

अन्तर्विरोध र अन्तर्सङ्घर्षलाई गीतका मूल कथ्य बनाएका थिए । यस्ता गीतले उत्पीडित वर्गलाई शोषणबाट मुक्तिको बाटो देखाउने, उत्प्रेरणा दिने काम गरेका थिए । मानिसको चेतनाले उसको अस्तित्वलाई निर्धारित गर्दैन, यसको ठिक उल्टो सामाजिक अस्तित्वले उसको चेतनालाई निर्धारित गर्छ भन्ने मार्क्सवादी चेतनालाई प्रगतिशील गीत भित्र अन्तर्घुलन गरिएको थियो । यसको ज्वलन्त उदाहरण यस अध्ययनमा प्रयोग भएका अधिकांश प्रगतिशील गीतहरूमा वर्गद्वन्द्व र वर्गचेतनालाई प्रधानता दिइएको पाइन्छ । गीतले धनीहरूको शोषण विरूद्ध सङ्घर्ष गर्न, शोषण, अन्याय विरूद्ध अधिकारको आवाज उठाउन प्रेरित गरेका थिए । नरसिंहको गीतलाई उदाहरणका रूपमा रुपमा यसरी पेश गरिएको छ -

हली दाई तिमी चिर्दछौ बाँझो पसिना बगाई
त्यो तिम्रो पसीना फूल्दछ सुन्दर पृथ्वी रमाई
ए दाइ तिमी छुन है नदेउ त्यो तिम्रो कमाई
जसले रोप्छ उसले काट्छ बुझ है यो भनाई
उब्जाउँछौ तिमी संसारलाई पुग्ने अन्नका ती बाली,
तिमी नै भोका तिमी नै नाङ्गा यो सब कसरी ?
तिमीले जोते जोतिन्छ सब कालो पत्थर
तिमीले हाँके हाँकिन्छ यो सब संसार, (२०४७, भाग १, पृ. २७ ) ।

उक्त गीतले हली दाइलाई समाजको उत्पादन सम्बन्धमा उत्पादन शक्तिको प्रतिक मान्दै हली दाई जस्तै बहुसङ्ख्यक श्रमजीवी किसानहरूको पक्षपोषण गरी वर्गप्रेम र वर्गघृणालाई एकसाथ प्रस्तुत गरेका छन् । यसले शोषित पीडित किसानहरूप्रति प्रेमभाव पैदा गर्ने र उनीहरूलाई भोको नाङ्गो अवस्था सिर्जना गर्ने शोषक सामन्तहरू प्रति तीव्र आक्रोश पैदा गरेको छ । प्रगतिशीलहरू किसानहरू जस्तै मजदुरहरूको क्षेत्रमा समेत आफैँ पुग्दथे । औद्योगिक क्षेत्रमै पुगेर मजदुरहरूका बीचमा गीति कार्यक्रम गर्दथे । तिनै चेतनाले श्रमिकहरू आफ्ना मालिकहरूसँग र शासकहरूसँग समेत पनि असन्तुष्ट भएर अधिकारको माग दाबी गर्ने अवस्थामा पुगेको पाइन्छ । त्यसको प्रभावमा मजदुरहरू वामपन्थी विचारधारामा समाहित बन्दै जान्थे । मञ्जुलले वर्ग चेतनाको गीतका माध्यमबाट यसरी वर्गीय प्रेमलाई प्रस्तुत गरेका छन्  -

वर्गीय समाजमा वर्गीय प्रेम मात्रै न्यानो र चोखो हुन्छ,
बाहुनको छोराले बाहुनकै छोरालाई ठग्छ
नेवारको छोराले नेवारकै छोरालाई ठग्छ,
एउटै जातिका हौँ हामी भनि गरिने प्रेम व्यवहारमा झुटो हुन्छ
यौटै ठाउँमा बस्ने हामी भनि गरिने प्रेम व्यवहारमा झुटो हुन्छ, (२०४७, भाग १ : पृ. ७) ।

उक्त गीतले लिङ्ग, वर्ण, जात, धर्म, आदिको आधारमा हुने वर्गीय शोषणको विरोध गर्दै वर्गीय प्रेमको वकालत गरी सामन्तवादी वर्गीय चरित्र र संरचनाको विरोध गरेको छ । त्यसको कारण, एउटै वर्गका मानिसमा परस्पर प्रेम र एकता हुनु हो । वर्गीय मुक्तिका चाहनाहरू, सपनाहरूले वर्गीय प्रेमलाई वर्गीय हीतमा बाँध्ने काम गर्नु हो । वर्गीय प्रेम, एकता, मुक्तिका चाहनाहरूले वर्गीय उत्पीडनका विरुद्ध सङ्घर्ष गर्ने, समाज परिवर्तनको चाहनालाई पूरा गर्ने काम गर्दछ । अन्य केही गीतका दृष्टान्तहरू, जस्तै : "ए देशका गरिब हो, किसान हो, दस्ताकार हो, ए ज्यामी हो, सिपाही हो," (प्रश्रित, २०४९, पृ. ७), "दुनियाँका श्रमिकहरू एकजुट भए, सबै मिली सङ्घर्षमा अघि बढ्दै गए," (सुब्बा, २०४७, भाग २: १९), "पुस्तौं पुस्ता महाजनको गोठालो बनि," (शर्मा, २०४७, भाग ४: २५), "आरा काट्न गाको मेरो जेठा दाइ, रूख ढली किची मऱ्यो," (राई, २०४७, भाग ४: ४१) आदि गीतहरूले मजदुरहरू शाश्वत पिढा बोल्दछन् । न्युनतम ज्यालाको भरमा जीवन बिताउनु पर्ने, कठोर परिश्रममा बाँच्नु पर्ने, श्रमशोषण, गरिबी, अभाव र उनिहरू माथिको राज्यको दृष्टिदोष उपर प्रश्न उठाएका छन् । गीतहरूले श्रमजीवी वर्ग माथिको शोषणजन्य अवस्थाको यथार्थिकरण गर्दै श्रम शोषणबाट उत्पन्न वर्गीय समस्या र शोषणको चित्रण गरी शोषक वर्ग विरुद्ध सङ्घर्ष/क्रान्तिका निम्ति सामाजिक, राजनीतिक र वैचारिकलगायतको भावभूमि निर्माण गर्ने कार्यलाई प्रोत्साहित गरेका छन् । उक्त कार्यहरूबाट वर्गीय अन्तरसङ्घर्षको अवस्था सिर्जना गर्दै नेकपा (माले) को पार्टी सङ्गठन विस्तार र राजनीतिक परिवर्तनको आन्दोलनमा वर्गचेतनाका गीतले योगदान पुऱ्याएको देखा पर्दछ ।

### ५.६.५ युद्धजन्य वैचारिकताका गीत र सङ्गठन विस्तार

युद्धजन्य वैचारिकतामा वर्गीयता हुन्छ । परस्पर विरोधी दुई विचारका बीचमा एकले अर्कालाई दमन गर्ने, हराउने, सिध्याउने आदि उद्देश्यले गरिने आक्रमण, लडाइँ, सङ्ग्राम, कटक, (पराजुली, २०७५, पृ. १०४८) जस्ता शब्दबाट युद्धलाई परिभाषित गरिएको पाइन्छ । राजनीति विज्ञानमा, युद्ध शब्दले समाजका सामाजिक वर्गहरूबीच रहेको राजनीतिक, आर्थिक विरोध र एक विचारले अर्को विचारलाई हराउने सङ्घर्ष बुझाउँछ । सामाजिक वर्गहरू धनी र गरिब बीच स्रोतहरूको उपयोगका सन्दर्भमा हुने सामाजिक-आर्थिक प्रतिस्पर्धाले युद्धको अवस्था सिर्जना गर्दछ । दुई वर्गबीचको युद्ध चर्काउन वर्गीय घृणाका रूपहरूको आवश्यकता पर्दछ । प्रगतिशील गीतले पुँजीपति-सामन्त वर्गप्रति घृणा जगाउन, शासक र शासन विरोधी भावना जागृत गर्न युद्धजन्य वैचारिकताका गीतहरूको सहारा लिएका थिए । वर्गविभक्त समाजमा अन्तर्विरोध अन्तर्सङ्घर्ष, युद्धमार्फत व्यक्त हुने गर्छ र त्यसले समाजलाई गतिशील बनाउँछ । त्यसैले, स्टालिनले वर्गसङ्घर्षलाई *'समकालीन सामाजिक जीवनको नाभी'* को संज्ञा दिएका थिए । युद्धजन्य वैचारिकताको चित्रण गरिएका गीतले मूलरूपमा वर्ग विभेद समाप्त पार्ने, सामन्ती सत्ताको अन्त्य गर्ने, क्रान्ति सम्पन्न गर्ने, सामन्तहरूका विरूद्ध किसानहरूलाई जागृत गर्ने, मजदुर र श्रमजीवीहरूको पक्षपोषण गर्ने,

शोषकहरूका विरूद्ध शोषितहरूलाई गोलबन्द गर्ने र तिनलाई वैचारिक प्रशिक्षण गर्ने आदि कामहरूलाई प्रोत्साहित गरेका थिए । एउटा प्रगतिशील गीतको उदाहरण हेर्न सकिन्छ -

हाम्रो अदम्य क्रान्ति रोकेर रोकिँदैन
कङ्गाल भित्र भ्रान्ति पारेर पारिँदैन
युगका पिला खटिरा पाकेर गल्किँदैछन्
राँकाहरू अनन्त हुर्केर सल्किँदैछन्
एउटा कुटाई खान्छ हामी हज्जार जुट्छौँ
एउटा मरेर जान्छ, हामी हजार हुन्छौँ
गतिशील यो जमाना कोल्टे अवश्य फेर्छ (भट्टराई, २०४७, भाग १: २३) ।

सामन्तवाद र राजतन्त्र विरूद्धको क्रान्ति, परिवर्तनको यात्रा कसैले रोकेर नरोकिने, त्यस उपरका आक्रमणहरूलाई निष्तेज पार्ने, मक्किएको शासन व्यवस्था फालेरै छोड्ने प्रतिवद्धता व्यक्त गरिएको छ । मक्किएको सामन्ती समाज र शासकहरूलाई पिला खटिरा (घाउ) को संज्ञा दिँदै त्यसको विनास भएरै जाने चेतावनी दिइएको छ । युद्धमा मानिस मर्न सक्छन् तर जनताको विजय निश्चित हुन्छ भन्ने सङ्केत गर्दै क्रान्तिपछि हुने शक्तिको रूपान्तरण र परिणामको आशा देखाइएको छ । क्रान्तिको अनिवार्यता, क्रान्तिप्रतिको विश्वास र आशाको सञ्चय गीतको अन्तर्यमा देखा पर्दछ । प्रतिरोध र प्रतिशोध मिश्रित उक्त गीतको 'एउटा मरेर जान्छ, हामी हज्जारौँ हुन्छौँ' भन्ने पंक्तिले मात्रात्मकबाट गुणात्मक परिवर्तनतर्फ क्रान्ति अघि बढिरहेको सङ्केत गरेको छ । उक्त तर्कलाई अझ प्रष्ट पार्न अन्य केही गीतहरूलाई समेत उदाहरण रूपमा पेश गर्न सकिन्छ । जस्तैः "नयाँ घर बनाउन चाहने जवानले, पुरानो थोत्रो घर भत्काउनु पर्छ," (सुब्बा, २०४७, भाग ५: ५), जब उठे वीरहरू शिरमाथि कात्रो बाँधेर, (शिखा, २०४७, भाग ५: ५), "सुखानीको रगतले भन्छ हामीलाई, सही बाटो हिँड्दै छौ कि भुल्यौ दाजुभाइ" (भट्टराई, २०५१, खण्ड ३: ४) आदि गीतहरूले युद्धजन्य प्रतिक्रिया र बलिदानी भावना साथ तत् अनुरूपको मानसिकता प्रकट गर्दै क्रान्तिद्वारा पुरानो व्यवस्थाको विस्थापन गर्न क्रान्तिप्रतिको तीव्र व्यग्रतालाई प्रस्तुत गरेको छ ।

मानिसले मानिस माथि गर्ने शोषण र त्यसको अन्त्यका निम्ति गरिने युद्धजन्य सङ्घर्ष, क्रान्ति र परिवर्तनकै निम्ति हुने गर्दछन् । उक्त भावना र विचारलाई गीतले समाजसँग जोड्ने काम गरेका थिए । उत्पादन प्रक्रियामा श्रमजीवी वर्ग, उत्पादन शक्तिको श्रमको अतिरिक्त मूल्यको शोषण हुनु नहुने कुरा ती गीतले उठाएका थिए । गीतले इतिहासका निर्माणकर्ताका रूपमा जनतालाई स्थापित गर्दै वर्गसङ्घर्षको अन्तर्यलाई साङ्केतिक रूपमा गीतमा मुखरित गरेको पाइन्छ । वर्गसङ्घर्ष नै सामाजिक, राजनैतिक परिवर्तनको समाधान होइन, त्यसलाई बहुसङ्ख्यक जनताको हीत हुने

कार्यसँग जोड्नु पर्छ भन्ने भावनाको प्रतिविम्बन ती गीतमा देखा पर्दछ । युद्धजन्य भावका गीतले जनतालाई मुख्य र निर्णायक शक्ति मान्दै क्रान्ति चेतनाले प्रशिक्षित गर्दै जाँदा त्यसको प्रभाव नेकपा (माले) को पार्टी सङ्गठन विस्तारमा देखा पर्न गयो । जनतालाई सङ्गठित हुन अपिल गर्ने कार्यले आन्दोलनले बल प्राप्त गर्दै गयो । उनीहरूले लिएको सिद्धान्त र विचारधारा अन्ततः राजनीतिक परिवर्तन (२०४६) को आन्दोलनमा पनि देखा पर्न गयो । युद्धजन्य गीतहरू परिवर्तनकै निम्ति गाइएका हुनाले ती गीतहरूले मानिसलाई पञ्चायत फाल्ने मानसिकतामा डोहोऱ्याउनमा भूमिका खेलेका थिए भन्ने तथ्यको नजिक पुऱ्याउँदछ । यी र यस्तै प्रकारका गीतहरू नै नेकपा (माले) सङ्गठन विस्तारका आधारहरू बनेका थिए । यसरी वर्गसङ्घर्ष र वैचारिकतासँग जोडिएका गीतले नेकपाको पार्टी सङ्गठन विस्तारमा योगदान पुऱ्याएको र त्यसले अन्ततः राजनीतिक परिवर्तन २०४६ को उद्देश्यलाई सघाएको थियो भन्न सकिन्छ ।

### ५.६.६ जातीय छुवाछुत र अन्धविश्वास विरोधी चेतना

पञ्चायतकालीन समाजमा दलितलाई न्याय भन्दा भेदभाव बढी थियो । जातीय भेदभाव तथा छुवाछुतले दलितहरूको सम्मानपूर्वक बाँच्न पाउने अधिकार खोसिएको थियो । ठुलो जात र सानु जातका नाममा विभाजित त्यसप्रकारको समाजमा प्रगतिशील गीतहरूले जातीय समानता, र सम्मानपूर्वक बाँच्न पाउने अधिकारको पक्षमा पक्षपोषण गर्ने काम गरेका थिए । मार्क्सवादको द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादले पदार्थ, प्रकृति वा सामाजिक सत्तालाई पहिलो र चेतना, विचार वा सामाजिक चेतनालाई दोस्रो स्थानमा राख्दछ । चेतनालाई वस्तुजगत्को आत्मिक प्रतिविम्बन मान्दछ । यस्को अर्थ, धर्म, संस्कृति, जात, र सामाजिक संरचनाका आधारमा हुने विभेदलाई अस्वीकार गर्नु पनि हो । “कुनै पनि मानिस जन्मदै कुनै जात लिएर जन्मदैन, मानिसको जात केवल मानिस नै हो, जातलाई विज्ञानले चिन्दैन, जातभात कृतिम कुराहरू हुन् भन्ने हाम्रो विचार थियो,” (राई, व्यक्तिगत कुराकानी, २०७५) । मार्क्सवाद प्रेरित चेतनालाई वस्तुजगत्को आत्मिक प्रतिविम्बन मान्दै जातभात छुवाछुत समाजको कलङ्क मेटाउन जातीय विभेद र छुवाछुत विरूद्ध सामाजिक चेतना ल्याएका थिए । जातीय भेदभाव विरूद्ध गाइएको प्रगतिशील गीत यस्तो छ -

> मानिस छुत अछुत हुन्छ म भन्दै भन्दिन
> जाति र पाति छुट्याउने रीतलाई म मान्दै मान्दिन
> ठुलो र सानु यो भेदभाव धनीले बनाए
> गरिबको श्रम लुटेरा खाने चलन चलाए
> काम ठग्नेलाई पूज्ने यो चलन जालीले बनाए
> काम गर्नेलाई हेप्ने यो चलन दुष्टले चलाए
> काम ठग्ने ठुलो काम गर्ने सानो म भन्दै भन्दिन, (मञ्जुल, २०४७, भाग १: १५) ।

उक्त गीतले सबै मानिस समान छन्, मानिस छुत अछुत भन्ने हुँदैन भन्ने कुराको जिकीर गर्दै दलितहरूले भोग्नुपरेको जातीय विभेदको विषयलाई सामाजिक यथार्थको आलोकमा प्रस्तुत गरेको छ । मानिस जन्मसिद्ध अधिकारमाथि भेदभाव गर्न हुन्न, जातीय विभेद अपराध हो भन्ने भाव उक्त गीतको अन्तर्वस्तुको रूपमा देखा पर्दछ । गीतले काम ठग्ने ठुलो काम गर्ने सानो भनिने रुग्ण चेतना र भेदभावका विरूद्ध कर्ममा विश्वास गर्ने मानवतावादी समाजको स्थापनामा जोड दिएको छ । यस्ता गीतहरूले जातभात र वर्ण व्यवस्थाका विरुद्ध दलित मुक्तिको आन्दोलनमा समेत सघाएका थिए । सदियौँदेखि समाजमा गढेर बसेका कुरीति र कुसंस्कार तत्कालै परिवर्तन गर्न सम्भव थिएन । तर पनि धर्म, जात, संस्कृति र परम्पराका नाममा हुने अन्याय र विभेदका विरुद्धका अमानवीय कार्यहरू रोक्ने प्रक्रियाको थालनीमा गीतले सघाउ पुगेको थियो । समाजका अवैज्ञानिक र अव्यावहारिक कार्यहरूका विरुद्ध प्रगतिशीलहरूले अभियान चलाएपछि त्यस्ता सामाजिक अवरोधहरू पन्छाउन सहज भएको थियो । केही गीतहरूलाई उदाहरणका रूपमा हेर्न सकिन्छ - जस्तैः “कुसुले, कामी, सार्की, च्यामे, साई, दमाई, तमाम, किन भो दलित तिरस्कृत हेलित हाम्रै नाम ?,” (श्रेष्ठ, २०४७, भाग १: ९), “रगत चल्छ रे तर पानी चल्दैन,” (प्रश्रित, २०४९: १९) जस्ता जातभात छुवाछुत विरोधी गीतहरू राजनीतिक चेतनाको महत्त्वपूर्ण कडी बनेका थिए । यस्ता गीतहरूले राजनैतिक सङ्घर्ष र आन्दोलनमा जनताको मन जित्ने काम गरेका थिए, जसले गुणात्मक रूपमा पार्टी सङ्गठन विस्तार र त्यसको माध्यमबाट नेपालको राजनीतिक परिवर्तन (२०४६) मा योगदान पुऱ्याएको देखा पर्दछ । “छोडिदेउ धर्म कर्म शोषणको जालो, तोडिदेऊ दुवै हातले, समाजको कालो, पोलिदेऊ कालो मैलो, खरानी त्यो पारि, रोपिदेऊ सुन्दर फूल बिरूवा त्यो सारि,” (छिरिङ, २०४७, भाग २: ६२), “परम्पराका साङ्लाहरू छन् हाम्रा हातहरूमा, अन्यायका जालहरू छन् हाम्रा समाजमा” (राई, २०४७, भाग २: ८) आदि गीतहरूले ईश्वरवादी दर्शनको खिलाफमा, अन्धविश्वास, रुढिवाद, भाग्यवाद, स्वर्ग, नरक आदि धारणा विरूद्ध वस्तुवादी एवम् वैज्ञानिक तर्क अघि सारेका छन् । प्रश्रित भन्छन् - “सदियौँदेखि समाजमा गढेर बसेका कुरीति र कुसंस्कार परिवर्तन गर्न सजिलो थिएन । कसैले त त्यसको सुरुवात गर्नै पर्ने भएकोले प्रगतिशील गीतले त्यो भूमिका निर्वाह गऱ्यो । रुढ चिन्तनलाई भत्काएर नयाँ चिन्तन स्थापना गर्न गीतको भूमिका थियो,” (व्यक्तिगत कुराकानी, २०७६, ०८/२६) । भण्डारी (२०६८) का अनुसार- “जातपातसम्बन्धी धारणा सुरुमा सम्पत्ति र अधिकार सम्पन्न वर्गहरूको हतियारको रूपमा पेसा र कर्ममा आधारित थियो, सामाजिक जटिलता र अन्तर्विरोधको विकासले प्रतिगामी तत्त्वहरूलाई सङ्कटमा पार्दै लगे पछि उनीहरूले कर्ममा आधारित जातपातको मान्यतालाई रगत, रङ, कुल र अपरिवर्तनीय पेसामा आधारित दैवी विधानको स्वरूप प्रदान गरिदिए,” । जातपात र वर्ण सङ्कीर्णताहरूका विरूद्ध ठुल्ठुला सुधार आन्दोलनहरू भए । तिनीहरू विरूद्ध सङ्घर्ष गर्ने क्रममा कतिपय हेरफेर परिवर्तन हुँदै हिन्दुवादले आकार लिन पुग्यो । पञ्चायतले यसलाई संस्थागत रूपमै हुर्कायो, संरक्षण दियो । राजनीतिको प्रभाव भनेको शासन, सत्ता, पद, भोट आदि भएपनि तर

गीत-सङ्गीत र संस्कृतिले भने मानिसको अन्तस्करणदेखि नै बलियो बनाउने काम गरेको थियो । भण्डारी र प्रश्रितद्वारा व्यक्त विचार पहिल्याउँदा प्रगतिशील गीतले दलितमाथि भएको सामाजिक उत्पीडन र अमानवीय कार्यका विरुद्ध जनचेतना जागृत गराउने कार्य गरेको देखिन्छ । मार्क्सले अन्धविश्वासी वर्ग र वैज्ञानिक विचारधारा राख्ने दुई खाले विचार र दर्शनबीचको अन्तर्विरोधलाई पनि वर्गसङ्घर्ष कै एक रूप मानेका छन् । यस्ता गीतले समाजमा जनचेतना, जागरण र विश्वदृष्टि अनुरूपको वैज्ञानिक समाज निर्माणमा योगदान पुऱ्याएको देखिन्छ । यस्ता गीतहरूको माध्यमबाट जनतालाई आकर्षित गर्दै दलित, उत्पीडित समुदाय बीच नेकपा (माले) को जातीय मुद्दा स्थापित गर्नमा ती गीतहरूले योगदान पुऱ्याएको देखिन्छ ।

नेपाली समाजको हिन्दु वर्ण व्यवस्थामा माथिल्लो तहमा ब्राह्मण वा पुरोहित, दोस्रो तहमा क्षत्रीय, तेस्रो तहमा वैश्य र सबैभन्दा तल शुद्र भनी राखिएको छ । यी मध्ये 'अछूत' भनिएका समुदायलाई दलित भनिएको पाइन्छ । दलितको अर्थ शोषणमा परेको या पिल्सिएको भन्ने बुझिन्छ । दलित शब्दको अर्थ, भावले नै दलितहरूलाई संरचनागत रूपमै दलनमा पारिएको देखिन्छ । यसको मूल कारण सामाजिक संरचना नै हो । त्यसबेलाको समाज रूढिवादी चिन्तन र संस्कारमा आधारित थियो । त्यसलाई सामन्तवादले प्रोत्साहित गरेको थियो । दुवालका अनुसार- "नेवार समुदायमा जातिपाती छुवाछुत र अन्धविश्वासले जरो गाडेको थियो । जाति भनेको माथिल्लो वर्गले तल्लो वर्गलाई कँज्याएर राख्न, शोषण र विभेदमा पारि राख्न सिर्जना गरेको दासत्वपूर्ण सामाजिक बन्धन हो भन्ने विचारहरू जनतामा पुग्दै जान थालेपछि नै कुरीति र कुसंस्कारहरूको जालो तोडिन थालेको हो," (व्यक्तिगत कुराकानी, २०७६, १०/०३) । ती गीतको गहिरो प्रभावका कारण दलितहरूलाई मठ-मन्दिर जानलाई समेत फुकुवा गराइएको थियो । कलाकारहरू स्वयंले पनि गीतले उठान गरेका विषयहरूलाई आफ्नो व्यवहारमा समेत उतार्ने गरेका थिए । उनीहरू जातीय विभेद विरूद्ध गीति शब्द प्रहार गर्दथे । मान्छेले मान्छेलाई पशुवत व्यवहार गर्ने, उसको श्रम चल्ने, सीप चल्ने, रगत चल्ने, सबथोक चल्ने तर उसले छोएको पानी नचल्ने नेपाली समाजमा अनौठो परिपाटी थियो । चरम विभेदले जीर्ण भइसकेको सामन्ती पर्खाल भत्काउन प्रगतिशील गीतले धेरै सङ्घर्ष गर्नु परेको थियो । श्रेष्ठका अनुसार- "सबै मानिस समान छन्, उँच-निच छैनन्, जातका आधारमा हुने सबै किसिमका शोषण, विभेदहरू सामाजिक अपराध हुन् भन्ने कुरा हामीले जनतालाई बुझायौं," (व्यक्तिगत कुराकानी, २०७६, ८/२६) । जातिपाती छुवाछुत विरोधी प्रगतिशील गीतले नेपाली समाजमा विद्यमान जातीय छुवाछुत र विभेदका विरूद्ध निरन्तर आवाज उठाए । धर्म, संस्कृति, कानून र सामन्ती राज्यसत्ताका आडमा गरिएका यस्ता गैरमानवीय मूल्यका सामाजिक कार्यहरूको उत्खनन् गरे । यसले सामाजिक कुरीति, कुसंस्कार र अन्धविश्वासले ग्रसित समाजलाई विश्वदृष्टि अनुरूपको नयाँ चेतना दियो । उक्त सार्बभौम चेतनाले जनतालाई प्रशिक्षित गर्ने कार्य गऱ्यो । जाति, उपजाति भनी विभाजित समाजले उपेक्षामा पारेको, अपहेलित तुल्याएको, शोषित पीडित वर्गको उत्थानमा त्यसले योगदान दियो । जातिवादका नाममा गरिने सबै प्रकारका शोषणका रूपहरूबारे समाजलाई चेतना

दिने कार्यले दलित वर्गको सामाजिक प्रतिष्ठा बढ्न गयो । जातिगत रूपमा हेपिएका, दबाइएका वर्गहरूको आत्मसम्मान बढेर गयो । यसबाट मानिसका अधिकार र कर्तव्यहरू वंशाणुगत रूपमा विभाजित हुन सक्दैनन्, सबै जाति जन्मसिद्ध रूपमै समान छन् भन्ने नयाँ दियो । ती गीतले कृत्रिम रूपमा निर्माण गरिएका यसखाले सामाजिक विरासतहरूलाई कमजोर पार्नमा, सामन्ती सत्तालाई धराशायी तुल्याउनमा योगदान रहेको देखा पर्दछ । गीतहरूले वर्ण व्यवस्थाद्वारा सिर्जित जातीय उत्पीडनका विषयलाई गाउँघर समाजदेखि राजनीतिको केन्द्रसम्म पुऱ्याए । जातीय छुवाछुत नेपाली समाज र राष्ट्रको प्रगतिको बाधक हो भन्ने कुरा जनजनमा पुऱ्याए । गीतको प्रभाव विस्तार भएसँगै पार्टी सङ्गठनको प्रभाव पनि सोहीरूपमा विस्तार हुँदै गयो । यस्ता गीतहरूले एकातिर जातीय विभेद र उत्पीडन विरुद्ध जनमत तयार पार्दै लैजान्थ्यो भने अर्कातिर त्यो जनमतले नेकपा मालेको पार्टी सङ्गठन विस्तारमा सहयोग पुग्दथ्यो । यसको सारभूत अवस्थाले मात्रात्मकबाट गुणात्मक राजनीतिक परिवर्तनतर्फको यात्रालाई नै सहयोग पुग्दथ्यो । यसता जातीय उत्पीडन विरोधी भावनाको सञ्चारले राजनीतिक चेतना विस्तार गर्ने हुँदा त्यसको माध्यमबाट नेपालको राजनीतिक परिवर्तनको आन्दोलनमा गीतले सहयोग पुगेको थियो भन्ने आधार सिर्जना हुन पुग्दछ ।

### ५.६.७ यथास्थितिको विरोध र सङ्गठन विस्तार

यथास्थिति, विद्यमान जे छ त्यही ठिक छ, बदल्नु हुँदैन, बदल्ने ठाउँ छैन, जे छ पूर्ण छ भन्ने समाज निरपेक्ष विचार चिन्तनबाट प्रेरित छ । पञ्चायतकालमा प्रगतिशील गीतहरूले त्यसको ठिक उल्टो, समाज गतिशील छ, परिवर्तनशील छ, परिवर्तन आफैँ बाहेक अन्य सबै कुरा परिवर्तनशील छन् भन्ने विचारका साथ समाजको आमूल परिवर्तनलाई मूल विषय बनाएका थिए । उनीहरूका गीतको मूल उद्देश्य नै समाजको आमूल परिवर्तन थियो । समाजमा व्याप्त कुरीति, कुसंस्कार, रुढिवादी प्रथाहरू, भ्रम र अन्धविश्वासहरूको यथास्थितिबाट जनतालाई मुक्त गरेर परिवर्तनकारी विचार र प्रगतिशील मूल्य मान्यता स्थापित गर्न प्रगतिशील गीतले जनचेतना जगाउने र जागरण भर्ने काम गरेका थिए । एउटा गीतको उदाहरण यस्तो छ । क्षेत्रीले यसरी आफ्नो गीति भाव प्रस्तुत गरेका छन्-

यहाँको हाल यस्तै छ साथी बेहाल बेहाल छ
रगत यहाँ सस्तो धेरै पानीको अकाल छ
खुनको रक्सी पिएर सधैँ मस्त छ महल
झुपडी भित्र चिहाइ हेर आँशुको टलपल
एकले बाँच्ने सयले मर्ने यो नियम कहाँको
यसरी हुन्न बदल्नु पर्छ यो रीति यहाँको, (२०४७, भाग २, पृ. १६) ।

उक्त गीतले सामाजिक विषमता, पानी भन्दा रगत सस्तिएको अवस्था, र मानव जीवनसँग खेलबाड गर्ने दानवी प्रवृत्तिको चित्रण गर्दै बहुसंख्यकले सास्ती पाउने, दुःख, पिढा र अभावमा पिल्सिनु

पर्ने र मुट्ठीभरले मात्र सुखसयलमा बाँच्न पाउने समाजद्वेशी व्यवस्थाको खारेजीका निम्ति परिवर्तन आवश्यक भएको जिकिर गरेको छ। गीतले यथास्थितिप्रति विद्रोह गर्दै जनतालाई परिवर्तनप्रति आशावादी हुन आग्रह गरेको छ। समाजमा व्याप्त शोषण, उत्पीडन विरूद्ध न्यायपूर्ण समाज निर्माणका लागि आग्रह प्रस्तुत गरिएका अन्य केही गीतलाई हेर्न सकिन्छ, जस्तैः थिचोमिचो गर्नेलाई सधैँ सबैले विरोध गर्नु, (राई, २०४७, भाग १: ३९), "नेपाल आमा उदायो घाम, भैसक्यो आधा दिन, लगातार हिडौं, मजदुर किसान नभुलौं एकछिन्," (राई, २०४७, भाग ३: २२), "गतिशील यो जमाना कोल्टे अवश्य फेर्छ, पिपिरो भए नि भोलि रातो गुराँस फुल्छ," (भट्टराई, २०४७, भाग १: २३), "विहानीलाई बादलले छेकिन्न आउने युगलाई रोकेर रोकिन्न," (राई, २०४७, भाग १: २४), आदि गीतमा यथास्थितिको विरोध र सङ्घर्षरत जनताको मुक्ति र सुन्दर भविष्यको चाहना प्रकट भएका छन्। परिवर्तन सानो, ठुलो, क्रमबद्ध, रणनीतिक अवस्थाको हुने हुँदा त्यसले राजनीतिक संरचनामा बदलाव ल्याउँन मात्रात्मक प्रकृतिको भूमिका खेलेको पाइन्छ।

पञ्चायती यथास्थितिवादी चिन्तनले सीमान्त वर्गको पहुँच, प्रतिष्ठा, अधिकार, न्याय र समानताका मुद्दाहरूको उपेक्षा गरेको थियो। लैङ्गिक विभेद र मानवीय श्रममाथिको शोषणलाई निरन्तरता दिइरहेको थियो। अन्धविश्वास, जन्म, पुनर्जन्मसम्बन्धी मान्यताले समाज विकासको प्रक्रियालाई अवरुद्ध गर्ने, बहुसंख्यक जनताको हीतलाई वेवास्ता गर्ने, श्रमजीवी वर्गलाई कँन्ज्याई राख्ने, कार्यलाई प्रोत्साहित गर्दै गयो। त्यसैको आडमा शासक वर्गले आफ्नो अधिकारलाई झन्झन् मजबुत बनाउँदै लगे। उनीहरू आफ्नो भोगविलासको जीवनमा कसैले हस्तक्षेप नगरोस् भन्ने चाहन्थे। विकृति र विसङ्गतिपूर्ण अवस्था माथि भएका आलोचनालाई अस्वीकार गर्दथे। यिनै यथास्थितिवादी विसङ्गत सामाजिक-राजनीतिक अवस्थाहरूका विरूद्धमा प्रगतिशील गीत समाजिक चेतनाको माध्यम बनेर प्रस्तुत भए। यथास्थितिका विरूद्ध समाजलाई जागृत गर्ने, सचेत पार्ने र सूचित गर्ने भूमिका खेल्यो जसले यथास्थितिका विरूद्ध अग्रगमन र परिवर्तनका पक्षमा जनमत निर्माण गर्‍यो। यसै आधारमा न्यायपूर्ण समाज निर्माणको पक्षमा जनाधार तयार हुँदै गयो। यथास्थितिवादीहरू र प्रगतिशीलहरू बीच अन्तरसङ्घर्षको अवस्था सिर्जना हुँदा परिवर्तनका चाहने प्रतिरोधी शक्तिको विकास हुँदै गयो र नेकपा (माले) लिएको पार्टी सङ्गठन विस्तारको नीतिसँगै यथास्थिति विरोधी चेतनाको विकासमा सहयोग पुग्यो। अन्ततः तिनै गीतहरू जनआन्दोलनका आधार बने। यथास्थितिले मानिसलाई यथावस्थामै रमाएर बस्ने र अतीतजीवी बनाउँने हुँदा सामाजिक यथास्थिति बदल्न भुइँतहका मानिसको परिवर्तनप्रतिको छटपटी र अग्रगमनतर्फको हुटहुटीलाई प्रगतिशील गीतले आफ्ना गीति मुद्धा बनाएका थिए। त्यस्ता यथास्थिति विरोधी गीतले पार्टी सङ्गठन विस्तार र त्यसको विकासबाट नेपालको राजनीतिक परिवर्तन (२०४६) मा योगदान पुर्‍याएको प्रष्ट हुन जान्छ।

### ५.६.८ क्रान्ति आह्वान र सङ्गठन विस्तार

मार्क्सले कम्युनिस्ट घोषणापत्रमा पुँजीवादी समाजमा वर्गसङ्घर्ष र क्रान्तिको कुरा गरेका छन् । क्रान्तिमा सर्वहारावर्गले सम्पूर्ण राष्ट्रबाट बुर्जुवा वर्गलाई सत्ताबाट हटाएर समाजवादी व्यवस्था स्थापना गर्नेछन् भन्ने विचार व्यक्त गरेका छन् । क्रान्ति मार्क्सको विचारको मियो, परिवर्तनको अन्तर्य थियो । क्रान्ति र सङ्गठन एक अर्काका पूरक हुने हुँदा सङ्गठन शक्तिकै आधारमा क्रान्ति उद्देश्य अनुरूपका क्रान्तिका कार्यक्रमहरूलाई अघि बढाउन दरिला सङ्गठनहरू निर्माण गर्ने चलन नेपालमा भूमिगतकालमा पनि चल्यो । त्यो बेला प्रगतिशील गीत त्यसैको एक अङ्गका रूपमा समाजको यथार्थलाई क्रान्तिसँग जोड्ने कडि बन्न गयो । मार्क्स र एङ्गेल्सका अनुसार- “समाजका दुई वर्ग, उत्पादनका साधनमा स्वामित्व भएका र स्वामित्व नभएका बीचको प्रतिस्पर्धाको सबैभन्दा उपल्लो अवस्था नै क्रान्ति हो,” (सन् १८४८) । यसको अन्तर्य, उत्पादनको नियन्त्रण गर्ने वर्गलाई शोषित क्रान्तिकारी वर्गले चुनौती दिँदाको परिणामस्वरूप नयाँ राजनीतिक र आर्थिक अधिरचना निर्माण हुन पुग्छ, उत्पादन शक्ति र उत्पादन सम्बन्धको टकरावबाट नै क्रान्तिको विजारोपण हुन्छ भन्ने बुझिन्छ । सोही विचारधारालाई अङ्गीकार गरी पञ्चायती तन्त्र विरूद्धको प्रजातन्त्र पुनर्स्थापनाको क्रान्तिमा प्रगतिशील गीतले राजनीतिक परिवर्तनका निम्ति चाहिने बलिदानी भावनाको सिर्जना गरिदिने काम गरेका थिए । जुन कुरा यस नमुना गीतले यसरी दर्शाउँदछ -

रगतको टीका लगाउँदै शहीद हामी त उठ्ने छौँ,  
पूर्व र पश्चिम उत्तर दक्षिण एक भै जुट्ने छौँ  
को शत्रु हाम्रो को मित्रु हाम्रो बेलैमा चिन्ने छौँ,  
चाहिएमा हामी देशको लागि हतियार भिर्ने छौँ (विकल, २०४९, पृ. २९) ।

उक्त गीतमा देशको लागि जुनसुकै मूल्य चुकाउन तयार रहेको अभिव्यक्तिले राष्ट्रप्रतिको त्याग, बलिदान, र क्रान्तिकारी भावनाको प्रकटीकरण गर्दछ । देशको लागि बलिदान दिन्छौँ भन्नु शहादत प्राप्त गर्न तयार रहनु हो । त्यो भनेको क्रान्तिले माग गर्ने सबैभन्दा मूल्यवान् वस्तु हो । सङ्घर्षको मैदानबाट रित्तै घोडा फर्के, (सुब्बा, २०४७, भाग २: २५), सामु छन् हाम्रा शत्रुहरू, होसैले सम्हालुँ औजारहरु, बन्दी हो बन्दी, (राई, २०४७, भाग २: २०), बेरोकटोक अघि बढ्छन् यी ज्यूँदा मानिस, लक्ष्यमा आफ्नो पुगेर छाड्छन् यी राता मानिस, (माओत्सेतुङ, २०४७, भाग २: १७), युगका पिला खटिरा पाकेर गल्किँदैछन्, राँकाहरू अनन्त हुर्केर सल्किँदैछन्, हाम्रो अदम्य क्रान्ति, (भट्टराई, २०४७, भाग १: २३), शत्रुले हाम्रो, रगतको खोलो, बगाउँदा तरतरी, ढुंगा झैँ बनी चुपचाप लागी सहन्छौँ कसरी ?,(मञ्जुल, २०४७, भाग ३: १४), आदि गीतहरू नेपाली क्रान्तिप्रति समर्पित छन् । ती गीतहरूले सामन्त र शासकहरूका विरूद्ध क्रान्तिको आवश्यकता महसुस गर्दै क्रान्तिकारी चेतनाले आफूलाई सुसज्जित गर्न जनतालाई आग्रह गरेका छन् । यसप्रकारका राजनीतिक, एवं वैचारिक मूल्य

चेतनाको विकासमा जोड दिने, त्यसप्रति विद्रोह जन्माउने, परिवर्तनको आह्वान गर्ने, प्रतिक्रियावादी सामन्ती राज्यसत्ताको संरक्षकका रूपमा रहेको राजतन्त्रका विरूद्ध निरन्तर प्रहार गर्ने गरेको पाइन्छ। यस्ता प्रगतिशील गीत क्रान्ति, सङ्घर्ष, आमूल परिवर्तनको मूल अभिव्यक्तिका रूपमा देखा पर्दछन्। एउटा अर्को गीतलाई उदाहरणका रूपमा हेर्न सकिन्छ।

रक्तक्रान्तिको ज्वालामुखीमा, आज उठेको यो बलिदान
श्री नढलेका युवा युवतीको हृदय हृदयको यो स्वाभिमान
सानो एक झिल्कोबाट, बन्दै जान्छौँ लाखौँ जवान
न्याय बचाउन देश उचाल्छौँ, गर्दै जान्छौँ अर्पण प्राण
क्रुर दमनलाई धक्का मार्छौं, काला कानूनलाई धुस्नो पार्छौं
रक्तक्रान्तिमा जीवन चढाउने, युवा रगतको शान, (मिश्र, २०४९, पृ. १३६)।

उक्त गीतमा पञ्चायती दमन र उसका कानुनलाई पुरातनको जड मानिएको छ भने रक्तक्रान्तिलाई नै जनक्रान्तिको पर्याय ठानिएको छ। जनआन्दोलनका निम्ति कलाकारहरूले थुप्रै हस्तक्षेप, आक्रमण, जेल, नेल, यातना र दमन खेपेका थिए। सिर्जनामार्फत् चेतना फैलाएर र भौतिक सक्रियतामार्फत् जनआन्दोलनलाई ऊर्जा र गति दिएका थिए। उनीहरूले निरङ्कुशताविरुद्ध जनमत सिर्जना गर्ने अनि शब्द र कर्मबीच मेल गराएर वैचारिक शक्तिलाई भौतिक शक्तिमा बदल्ने काम गरेका थिए। "यसरी आन्दोलनमा उत्रने स्रष्टाहरूको उद्देश्य निरंकुश राजतन्त्र र त्यसको आडमा विकसित सामन्ती सामाजिक संरचनालाई भत्काएर लोकतान्त्रिक र वैज्ञानिक संस्कृतिको निर्माण गर्नु थियो," (नागरिक २०७१, चैत्र १८)। उक्त भनाइले पञ्चायत विरूद्धको सङ्घर्ष र राजनीतिक परिवर्तनका अभियानमा प्रगतिशील कलाकारको योगदान देखापर्दछ। २०४६ को जनआन्दोलनमा आस्था गीतले जोखिमपूर्ण चुनौतीहरूको सामना गरेको यथार्थ प्रस्तुत गर्दछ। २०४६ को आन्दोलनलाई ऊर्जावान् तुल्याउन सडकमा उत्रिएर ती सर्जकहरूले बुलन्द स्वर नगुञ्जाएका भए सायदै जनआन्दोलनले सार्थक दिशा समात्थ्यो होला भन्ने भनाइले पनि आस्थाका गीतरूको योगदानलाई परिस्कार पर्दछ। होर्ड्सको *'सङ्गीत राजनीतिक अभिव्यक्तिको माध्यम'* (रोडेज, सन् १९६२, पृ. १४) भन्ने विचार, भट्टराई (२०७६) को नेपालमा जनवादी गीत पञ्चायती व्यवस्थाविरुद्धको सशक्त हतियार मानिन्थ्यो भन्ने जस्ता विचारहरूले उल्लेखमा आएका कुराहरूको परिपूरणमा पुरातन चेतना विरूद्ध राजनीतिक परिवर्तन (२०४६) मा आस्थाका गीतको योगदान थियो भन्ने कुरालाई थप आधार दिन्छ। यसलाई स्पष्ट पार्दा गीतले उठान गरेका प्रश्नहरूले व्यवस्थामाथि दबाब सिर्जना गरिदिन्थ्यो, आन्दोलनमा लाग्न सबैलाई उर्जा मिल्थ्यो र परिवर्तनका निम्ति उठ्न र गोलबन्द हुन हौसला र प्रेरणा प्रदान गर्दथ्यो भन्ने बुझ्न सकिन्छ। "शक्ति अजेय हाम्रो मारेर मारिँदैन," (प्रश्रित, २०४९, पृ. १४), "जाग है वीर साथी हो, वीरहरूको बलिदान सम्झेर," (साङ्ग्सोन्, २०४७, भाग ४:

पृ. ९), गीतहरूले विश्वलाई एउटै साझा घरको रूपमा चित्रण गर्दै मार्क्सवादी सौन्दर्य चेतनाको बोध गराएको छ । प्रगतिशीलहरूले गाएका क्रान्तिकारी गीतहरूले उत्पादक शक्ति र उत्पादन सम्बन्ध बीचको अन्तर्विरोधलाई चर्काउँदै सामन्तवादलाई परास्त गर्ने सङ्कल्प प्रस्तुत गरेका छन् । यस्ता गीतहरूले मानिसलाई क्रान्तिबोध गराउँदै नेपाली समाजमा क्रान्ति/परिवर्तनप्रति मानिसहरूको आशा जागृत गरेको थियो । व्यवस्थालाई निरन्तर खबरदारी गर्दै परिवर्तनको आन्दोलनमा सहभागी हुन भावानात्मकरूपले बाँधेको थियो । यी कुराहरू राजनीतिक परिवर्तनको दिशातर्फ अघि बढिरहेको मुलुकका लागि सहयोगपूर्ण कार्य थियो ।

क्रान्ति समाजको आमूल परिवर्तनका निम्ति गरिने कार्य हो । यसमा जनताको सार्थक, उद्देश्यमूलक र प्रतिबद्ध सहभागिता रहन्छ । उक्त भूमिकाका रूपहरूमा जनसहभागिता, सक्रिय जनसमर्थन, एक्यबद्धता, गोलबन्दिकरण, सूचनाको प्रचार प्रसार र त्यसको विस्तृतीकरण पर्दछन्, जुन भूमिकाहरू प्रगतिशील गीतले जनचेतनाको प्रवाह मार्फत खेलेका थिए । गीतहरूले जनतामा क्रान्ति उर्जा भर्ने काम गरेका थिए । यस्ता भूमिकाहरूको जनआन्दोलनमा छुट्टै महत्त्व राख्यो । राजनीतिक दलहरू जनआन्दोलनका निर्णायक शक्तिका रूपमा थिए तर उक्त निर्णयमा पुग्न यसप्रकारका हीत अभिव्यक्ति र सांस्कृतिक समूहहरूको योगदान रह्यो । जन आन्दोलनको निश्चित लक्ष्य पूरा गर्न त्यसले सहयोगी भूमिका खेल्यो । त्यो भनेको पञ्चायतको अन्त्य र प्रजातन्त्रको पुनर्स्थापनामा प्रगतिशील क्रान्ति गीतको योगदान हो, जुन लक्ष्य २०४६ को जनआन्दोलनले पूरा हुन गयो । यसरी क्रान्तिको आह्वान गरिएका गीतले मात्रात्मक रूपमा पार्टी सङ्गठनको विस्तारलाई सहयोग पुऱ्यायो भने गुणात्मक रूपमा मानिसलाई परिवर्तनको दिशातिर मार्गप्रशस्त गर्ने कामलाई सघायो । यसबाट नेकपा (माले) *'क्याडर वेस पार्टी'* भएकोले कार्यकर्ता उत्पादन र सङ्गठन विस्तार गर्ने र राजनीतिक परिवर्तनको दिशातिर डोऱ्याउने मूल कडी गीत बनेको थियो भन्न सकिन्छ । यस आधारमा राजनीतिक परिवर्तनमा क्रान्ति आह्वान गरिएका गीतले योगदान पुऱ्याएको थियो भन्ने नै आधार निर्माण हुन्छ ।

### ५.६.९ राजनीतिक चेतनाका गीत र सङ्गठन विस्तार

गीत र राजनीति शैली, विषय र व्यवहारका दृष्टिले फरक-फरक विषय मानिन्छन् । राजनीति विज्ञान राजनीतिक संस्था, प्रक्रिया, सरकार, शक्ति र शासनमा केन्द्रित मानिन्छ भने गीत मानिसको संवेदना र भावनासँग जोडिएको मानिन्छ । तर विचार र दर्शनको प्रश्नमा राजनीति र गीत दुबैको सामञ्जस्यता र सम्मिश्रण हुने गर्दछ । गीत राजनीति निरपेक्ष हुन्छ भन्ने सोच निकै पुरातन मानिन्छ । गीत र राजनीति बीचको सम्बन्ध सापेक्षिक हुन्छ । विचार, दर्शन र अनुशासन गीतसँग पनि गाँसिएर आउँदछ । यसो भनिरहँदा राजनीतिक विकृति विसङ्गतिबाट भने गीत अलग बस्नु श्रेयस्कर हुन्छ । गीतले राजनीतिक चेतना बोक्दछ । मीलरका अनुसार- “राजनीतिक चेतना एउटा औजार र उद्देश्य दुवै हो । एक औजारको रूपमा, राजनीतिक चेतनाले धेरै तहमा शक्ति गतिशीलताको

आलोचनात्मक विश्लेषणलाई उत्प्रेरित गर्छ । राजनीतिक चेतनाको विकासले दिगो राजनीतिको आधार प्रदान गर्दछ । नागरिकको हीतलाई जवाफदेही बनाउन सचेत नागरिकको सहभागिता बढाउँछ," (सन् २००२) । सङ्गठन केही वा धेरै व्यक्ति सम्मिलित, साझा स्वार्थ, उद्देश्य र मान्यता' सहितको विचार पैरवी समूह हो । सामाजिक-आर्थिक, राजनीतिक तथा सांस्कृतिक परिवेशमा निर्माण हुने यस्ता सङ्गठनहरू साझा उद्देश्य लिएर अघि बढ्छन् । राजनीतिक दर्शनशास्त्र समाज, राजनीति र अर्थतन्त्रलाई हेर्ने, बुझ्ने विश्व दृष्टिकोण भएको हुँदा तिनै दृष्टिकोण र विचारका आधारमा राजनीतिक पार्टी र सङ्गठनहरू निर्माण गरी राजनीतिक-वैचारिक रुपमा आफूलाई सुसज्जित गर्दछन् । पञ्चायतकालमा विभिन्न वर्गीय हित प्रवर्द्धन गर्ने वैद्य, अवैद्य दुबैरूपमा सङ्गठन निर्माण भएका थिए । नेकपा (माले) ले पनि राजनीतिक जन सङ्गठनहरू निर्माण गरेको थियो । ती जन सङ्गठनहरूले कार्य क्षेत्र विभाजन गरी सदस्यहरू बीच कार्य समन्वय गर्ने काम गरेका थिए । त्यसैको एक अङ्गका रूपमा प्रगतिशील गीतहरू सङ्गठन विस्तार गर्ने एक औजारको रूपमा प्रयोगमा आएका थिए । प्रगतिशीलहरू मार्क्सवादी दर्शनबाट प्रेरित भएको हुँदा उनीहरूले गाएका राजनीतिक चेतनाका गीतमा मूलतः व्यवस्था विरूद्धका आक्रोश, आपत्ति र कटाक्षहरू भेटिन्छन् र प्रजातन्त्रको पुनर्स्थापनालाई मूल उद्देश्य बनाएको एक गीतमा प्रजातन्त्रको बारेमा यस्तो भाव छ-

प्रजातन्त्र के हो, अहिले कसको हातमा छ ?
प्रजातन्त्र जन्तु हो कि कस्तो आत्मा छ ?
जे भए नि प्रजातन्त्र हाम्ले कहिले पाउने हो
कहिले हाम्ले प्रजातन्त्र चिन्न पाउने हो ?, (खतिवडा, २०४७, भाग ५: १७) ।

उक्त गीतमा प्रजातन्त्रको अस्तित्व हराएको प्रति व्यङ्ग्य कस्दै प्रजातन्त्रको महत्त्व र आवश्यकता बोध गराइएको छ । प्रश्नहरू प्रजातन्त्र नष्ट गर्ने निरङ्कुश पञ्चायती शासकहरूप्रति लक्षित छन् । प्रजातन्त्र प्राप्त भएरै छाड्ने विश्वास र प्रतिबद्धता गीतमा व्यक्त भएको छ । प्रगतिशीलहरूले विश्व सर्वहारावर्गको पक्षपोषण गर्दै पुँजीवादी र साम्राज्यवादी कार्यका विरुद्ध अन्तर्राष्ट्रिय राजनीतिक विषयवस्तुलाई गीतमा यसरी प्रस्तुत गरेका छन्-

रसियाको खुट्टा माथि नाच्न लाग्यो भियतनाम
शान्ति भन्ने नाम लिँदै थाल्यो मिच्ने काम
सानो कम्पुचिया माथि गोलाबारी गऱ्यो
जानी जानी बाघ थुन्ने खोरमा आफैं पऱ्यो ।
विश्व जनताको मित्र समाजवादी चीन
कहिले किन पछि पर्थ्यो, त्यसलाई दण्ड दिन, (तमोट, २०४७, भाग १, पृ. ४०) ।

उक्त गीतले तात्कालीन अमेरिकी साम्राज्यवाद र रुसी सामाजिक साम्राज्यवादको प्रभुत्ववादी नीति विरूद्ध प्रहार गरेको छ । दुई महाशक्ति अमेरिका र सोभियत सङ्घबीचको शीत युद्ध, उच्च तनाव र शत्रुताको अवस्था, कम्पुचेआ (कम्बोडिया) मा भियतनामी आक्रमण, कब्जा र त्यहाँको कम्युनिस्ट पार्टीको सरकारको अपदस्तीकरणलाई गीतले मूल विषयवस्तु बनाएको छ । यसैगरी पहिलो शीतयुद्धको अवस्थामा सन् १९६९ मा सोभियत सङ्घले चीनमाथि गरेको आक्रमणको विरोध र सीमा युद्धमा चीन नहारेको प्रति प्रशंसा गरिएको पाइन्छ । मूलतः अन्तर्राष्ट्रिय राजनीतिका समाजवादी पक्षधर देशहरूको समर्थन र पुँजीवादी भनिएका राष्ट्रहरूको विरूद्धमा उक्त गीत गाइएको देखिन्छ । यस्ता गीतले समाजवादी राष्ट्रहरूको पक्षमा जनमत सिर्जना गर्न, त्यसको आधारमा सङ्गठन विस्तार गर्नमा मद्दत पुऱ्याएको देखिन्छ । यसले प्रगतिशील गीत भित्रको राजनीतिक चेतनालाई उद्घाटित गर्दछ । राजनीतिक चेतनाको सन्दर्भमा एउटा अर्को गीतको उदाहरणलाई यसरी हेर्न सकिन्छ-

हातमा लिई बन्दुक नाल गर्दछौँ वन्दना, शहीद !
तातो रगतले तिम्रो गर्दछौँ अर्चना
करोडौँ बज्र मुट्ठीले गर्छन् शहीद तिमीलाई
सगरमाथा चढेर लाल सलाम तिमीलाई, (प्रश्रित, २०४९, पृ. २८) ।

पञ्चायतकालीन समयमा भूमिगत रूपमा गाउने गरिएको उक्त गीतले राजनीतिक परिवर्तनका निम्ति देश र जनताको स्वार्थका लागि आफ्नो अमूल्य ज्यान गुमाएका शहीदहरूप्रति समर्पण र श्रद्धाभाव प्रस्तुत गरेको पाइन्छ । गीत प्रत्यक्षरूपमा राजनीतिक चेतनाका निम्ति सिर्जना भएको देखिन्छ । प्रश्रितका अनुसार उक्त गीत झापामा वर्गसङ्घर्ष चलिरहेको अवस्थामा २०२९ को जेठ महिनामा त्यसैको भावभूमिमा उनले लेखेका थिए । ती गीतले मानिसहरूलाई क्रान्तिमा होमिन उर्जा र उत्साह प्रदान गर्दथ्यो । गीतमा सशस्त्र सङ्घर्षको अभिव्यक्ति पाइन्छ । जीवन र मृत्युको दोसाँधमा सशस्त्र सङ्घर्षको अभियानमा जुटिरहेका झापाली कम्युनिस्ट युवाहरूलाई यस्ता गीतहरूले क्रान्ति उर्जा भर्ने काम गरेका थिए । गीतमा शहीदहरूले देखाएको बाटोमा हिँड्न सबैलाई आग्रह गर्दै देश र जनताको स्वार्थका निम्ति वीरगति प्राप्त गर्ने शहीदहरू नै वर्तमान र भविष्यका निम्ति समेत प्रेरणाका स्रोत र पथप्रदर्शकका रूपमा रहिरहने विश्वास सहितको विचारभावको संश्लेषण रहेको पाइन्छ ।

संसारका हरेक राजनीतिक परिवर्तनहरूको सुरुवात निराशा र आक्रोशबाटै हुँदै गएको अनुभव नेपालमा पनि लागु भयो । त्यो बेलाका सामाजिक असन्तुष्टि र आक्रोशलाई मुद्दा बनाउँदै गीतले गाउँगाउँमा जागरण फैलाए । त्यसले समाजको भित्रितहमा विरोधी मत निर्माण गर्दै गयो । त्यसलाई पार्टीले सङ्गठन निर्माण र राजनीतिक परिवर्तनको कार्य दिशा दुवैलाई सहयोग पुग्न गयो भन्ने यसबाट थाहा हुन आउँछ । आजसम्म विश्वमा जे जति क्रान्ति र आन्दोलनहरू भएका छन् ती सबै

राजनीतिक चेतनाको बलमै भएका हुन् । २०४६ को राजनीतिक परिवर्तनको आन्दोलन पनि राजनीतिक चेतनाकै आडमा भएको थियो । यस अर्थमा, राजनीतिक चेतनाका निम्ति भूमिका खेल्ने सबै वैचारिक अवयवहरू राजनीतिक परिवर्तनका हिस्सेदार हुन् । जनताको चेतना उठे पछि शासकहरूको कुनै पनि शक्तिले नियन्त्रण गर्न सक्दैन भन्ने कुराको एक दृष्टान्त २०४६ को आन्दोलन बन्न पुग्यो । राजनीतिक चेतना राजनीतिक परिवर्तनको एक शक्तिशाली माध्यम भएकोले नै त्यसले शासन सत्तालाई झुकाएको थियो । यस्तो चेतना दलहरूको कार्यक्रमिक तौरतरिकाले मात्र भएको थिएन । यसमा समाजका बहुआयामिक भूमिकाहरूसँगै गीतको पनि ठुलो योगदान रहेको थियो भन्ने कुरा यस प्रसङ्गको अध्ययनबाट अझ स्पष्ट हुन्छ । किनकि प्रगतिशील गीतले समाजको आमूल परिवर्तनलाई नै मूल उद्देश्य बनाएको थियो । त्यसका निम्ति राजनीतिक चेतनालाई उनीहरूका गीतले मूल आधार बनाएको देखापर्दछ । चेतनाको जगमा समाजलाई अग्रगामी दिशातर्फ अग्रसर बनाउँदै यसले तात्कालीन नेकपा (माले) को पार्टी सङ्गठन विस्तारसँगै मुलुकको राजनीतिक परिवर्तनको कार्य दिशालाई समेत सघाउने काम गरेका थियो भन्ने कुरा ती गीतहरूले अङ्गालेका सिद्धान्त, उनीहरूका विचार, दृष्टिकोण, गीतका अन्तर्वस्तु र तिनको व्यावहारिक जीवनमा गरिएका प्रयोग र अभ्यासका दृष्टिले समेत भन्न सकिन्छ ।

### ५.६.१० सर्वहारा अन्तर्राष्ट्रियवाद र सङ्गठन विस्तार

प्रगतिशील गीतमा सर्वहारा शब्दको प्रयोग अधिक हुने गर्दछ । समाजको तल्लो श्रेणिमा रहेको शोषित वर्ग, जो साधारणतया शारीरिक श्रमबाट जिविका चलाउँछन्, लाई सर्वहारा भन्ने गरिन्छ । सर्वहारा वर्गको स्वरुप अन्तर्राष्ट्रिय भएकोले सर्वहारा मानवतावाद सर्वहारा अन्तर्राष्ट्रियतावादमा आधारित रहेको हुन्छ । अन्तर्राष्ट्रियतावाद मजदुर वर्ग तथा उसको पार्टीको विचारधारा र नीतिको आधारभूत सिद्धान्त हो । मार्क्सवादीहरू संसारमा सर्वहारा वर्गको विजय भएपछि राज्यहरू विलोप हुन्छन् र सर्वहारा वर्गको अन्तर्राष्ट्रियतावाद लागु हुन्छ, त्यसपछि संसार एक विश्व एक देशको रूपमा परिणत हुने छ भन्ने विचारदृष्टिबाट प्रेरित रहेका पाइन्छन् । त्यो भनेको समाजको विकास वैज्ञानिक समाजवाद र साम्यवाद हुँदै अन्तर्राष्ट्रियवादमा रूपान्तरण हुन्छ भन्ने विश्वास हो । सन १८४८ देखि अन्तर्राष्ट्रिय सर्वहारावाद सर्वहारा वर्गको मुक्तिको सिद्धान्त बनेको पाइन्छ । मार्क्सले *विश्वका मजदुरहरू एक होऔँ, सर्वहारावर्गका सामु जिते संसार, हारे हत्कडी* जस्ता विश्व सर्वहारावादी विचार अघि सारेका थिए । अलग-अलग स्थानीयकृत घटनाहरू समेत विश्वव्यापी वर्गसङ्घर्षकै हिस्सा भएकोले यसलाई साझा धारणाको रूपमा लिइन्छ । प्रगतिशीलता मार्क्सवादको द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादमा आधारित सिद्धान्त असमान विश्वलाई सामन्विकरण गर्ने विश्वदृष्टि अघि सार्दछ । उक्त सिद्धान्त अनुसारनै प्रगतिशीलहरूले “कालाको जीत विश्वको, गोराको जीत विश्वको, समानताको लागि हो भने,

संसार राजधानी हो सत्यको," (शेलि, २०४७, भाग २, पृ.४७) भन्दै अन्तर्राष्ट्रिय सर्वहारावादको पक्षमा वकालत गरेका थिए। एक अर्को सङ्कल्प परिवारको गीतलाई उदाहरणका रूपमा लिन सकिन्छ -

मार्क्सवाद यो अजय हतियार
विश्व सर्वहाराको, मुक्तिको,
मार्क्सवाद यो अजय हतियार, (मञ्जुल, २०४७, भाग ४: १)।

उक्त गीतले मार्क्सवादलाई विश्वसर्वहारा वर्गको मुक्तिको अस्त्र मान्दै अन्तर्राष्ट्रियवादलाई विचारधाराका रूपमा अङ्गाल्न प्रेरित गरेको छ। मार्क्सवादमाथि भएका अनेकन आक्रमणहरूलाई परास्त गर्दै यसले विश्वव्यापी चेतना प्रवाह गऱ्यो र मानवमुक्तिको बाटो देखायो भन्ने विश्वास प्रकट गरिएको छ। प्रगतिशीलहरूले यसै विचारधाराअनुरूप विश्व-दृष्टिकोण तयार गर्ने र वैज्ञानिक चिन्तन अङ्गाल्ने गरेको र यसै सिद्धान्तको जगमा आफ्ना सिर्जनाहरू गरिएको प्रष्ट हुन्छ। संसारका सबै मानव जातिलाई स्वतन्त्र र सामाजिक उत्पीडनबाट मुक्त गर्नु नै उनीहरूको लक्ष्य रहेको देखिन्छ। यसै कारण उनीहरूले त्यसबेला विश्वका हरेक घटनालाई लिएर गीत निर्माण गरेका थिए। जस्तैः "कालो अफ्रिकाको काला खानीहरूबाट चम्चम् चम्किने हिरा ...नेल्सन मण्डेला," (आभास २०४७, भाग ५: १९), उठ जाग ए भोका नाङ्गा, जाग ए संसारका दुःखी...मानिसको अन्तर्राष्ट्रिय जाति हुनेछ, (पोत्तर, २०४७, भाग १: १), विश्वको कुना काप्चामा मानवको विजय, (जोशी, २०४७, भाग ५: ४), यो विश्वको सबै हाम्रो मित्र देश हुन् भन्ने, (बुढाथोकी, २०४७, भाग १: ५५) आदि गीतहरूले मातृभूमिको रक्षा, औपनिवेशिकताबाट राष्ट्रहरूले मुक्ति, साम्राज्यवाद विरोधी राष्ट्रिय क्रान्तिको समर्थन, र एक्यवद्धता, क्षेत्रीय अखण्डता, राष्ट्रियता, स्वाधीनता, स्वतन्त्रताको सम्मान, र देशभक्तिको भावनाको सञ्चार गर्दै जनतालाई विश्व सर्वहारा अन्तर्राष्ट्रियवादको पक्ष्यमा उभिन आग्रह गरेका छन्।

पूर्वी युरोपमा, सोभियत सङ्घमा, साम्यवादी आन्दोलन पतन भइ सकेको अवस्थामा नेपालमा यस प्रकारको अन्तर्राष्ट्रियवादी विचारधाराको अध्ययन कति औचित्यपूर्ण हुन सक्ला ? भन्ने प्रश्न पनि उठ्ने गर्दछ। यसमा प्रष्ट हुनु पर्ने के छ भने नेपाल र पूर्वी युरोप, वा सोभियत सङ्घको राजनीतिक अवस्था पूर्णरूपमा भिन्न देखिन्छ। नेपालमा ३० वर्षसम्म निरङ्कुश शासन व्यवस्था चलाएको निर्दलीय पञ्चायती व्यवस्थालाई अन्त्य गरेर मुलुकमा बहुदलीय संसदीय प्रजातन्त्रको पुनर्स्थापना गर्ने महत्त्वपूर्ण कार्यमा नेपाली काँग्रेस, नेकपा (माले) लगायतको संयुक्त वाममोर्चा र राष्ट्रिय संयुक्त जनआन्दोलन लगायतका साम्यवादी घटकहरूको योगदान इतिहासमा दर्ज भइसकेको छ। पूर्वी युरोप, सोभियत सङ्घमा साम्यवादी आन्दोलन पतन भए पनि नेपालको सन्दर्भमा साम्यवादी विचारको आन्दोलनले ठुलो धक्का खाएको छैन। पूर्वी युरोपको घटना पछि संसदीय निर्वाचनको माध्यमबाट नेपालमा साम्यवादीहरू प्रायः समय सत्ताको वरिपरि र सत्तारुढ अवस्थामा रहेका छन्। २०४८ को निर्वाचनमा साम्यवादीहरू प्रमुख प्रतिपक्ष, २०५१ साल पछि सत्तारुढ, २०५६ को निर्वाचनमा थोरै

समय प्रतिपक्ष हुँदै त्यसपछिको लामो समय सत्ता वरिपरि भन्दा बाहिर छैनन् । त्यसैले पूर्वी युरोपका घटनासँग नेपालको साम्यवादी राजनीतिको तुलना गर्न सकिन्न । बरू नेतृत्व पंक्तिमा सुधार हुनुपर्ने भन्ने असन्तुष्टि र स्वयम् अध्ययनमा रहेका कलाकारहरूबाट पनि आवाजहरू उठ्न थालेछन् । यसबारेमा नेपालका साम्यवादीहरूले आफ्ना कार्यक्रमहरूको स्वमूल्याङ्कन र स्वविवेकपूर्ण सिंहावलोकन गर्न आवश्यक देखिन्छ । आज पनि नेपालका कम्युनिस्ट पार्टीहरूको मूल कार्यक्रमहरूमा सर्वहारा अन्तर्राष्ट्रियवादलाई झल्काउने ‘द इन्टरनेसनल’ गीत प्राथमिकताका साथ गाउने गरिएको पाइन्छ । युंजे पोत्तरले लेखेको उक्त गीतलाई रामेश मञ्जुलले छाया अनुवाद गरी यसरी गाउने गरिएको पाइन्छ -

उठ जाग ए भोका नाङ्गा, जाग संसारका दुःखी,  
सुन्दर संसार रचना गर्न, न्यायको निम्ति गर्जी  
बाँध्नेछैन परम्पराको साङ्लोले, जाग ए श्रमिक हो  
नयाँ जगमा पृथ्वी उठ्ने छ, संसार हाम्रो हुनेछ  
यो अन्तिम युद्ध हो, आ-आफ्नो ठाउँमा डटौं  
अब मानिसको अन्तर्राष्ट्रिय जाति हुने छ, (२०४७, भाग १: पृ. १)  ।

सन् १८७१ मा मजदुरवर्गले विद्रोह गरी स्थापना गरेको क्रान्तिकारी सरकारमाथि ७२ दिन पछि सन् १८७१ मे २१ मा पेरिसमा पुनः सैन्य हमला भयो । एक सातासम्म मजदुरहरू लडे । अन्ततः मे २८ मा सरकारी सेनाले पेरिस कब्जा गऱ्यो । त्यहाँ मजदुरहरूको हत्या, गिरफ्तारी, देश निकाला, मृत्युदण्ड जस्ता घटना हुँदै गर्दा बाँकीरहेका मजदुरहरू आफ्नो देश छोडी छिमेकी देशतर्फ भागे । भाग्दा भाग्दै युंजे पोतरले अन्तर्राष्टिय गीत लेखेका थिए, उक्त गीत त्यसबेला देखी आजसम्म पनि प्रायः सबै समाजवादी देश र कम्युनिस्ट पार्टीका कार्यक्रमहरूमा गाउने गरिन्छ । ‘द इन्टरनेसनल’, विश्वको पहिलो आधिकारिक समाजवादी र कम्युनिस्ट गीत थियो । सन् १९१८ देखि १९४४ सम्म सोभियत सङ्घको राष्ट्र गानका रूपमा रह्यो । *‘देब्युट, लेस डेम्नेस डे ल टेरे’* (*अराइज, यु रेच्ड अफ द अर्थ*) सन् १८७१ मा पेरिस कम्युनका बेला युंजे पोत्तरले कविताका रूपमा लेखेका थिए, त्यहीँका औद्योगिक मजदुर पियरे डेगेटरले सङ्गीत गरे, जसलाई पहिले ‘स्टालिनको गीत’ पनि भनिन्थ्यो । यसलाई विश्वका कम्युनिस्ट पार्टीहरूले आफ्ना कार्यक्रममा अनुवाद गरी गाउने गर्दछन् । “कालाको जीत विश्वको, जीत गोराको जीत विश्वको, संसार राजधानी हो सत्यको,” (हमाल २०४७, भाग २: पृ. ४७) गीतले सर्वहारा अन्तर्राष्ट्रिय राष्ट्रवादलाई प्रकट गरेको छ । जुनसुकै भूगोल, रङ, देश भए पनि पुँजीपतिवर्गको अधिनायकत्व विरूद्ध उभिने सामाजिक-आर्थिक स्थितिमा मार्क्सवाद अनुकूल मानिसहरू एकै विचारधारा, एकै वर्गका हुन् भन्ने विश्व विश्वदृष्टिकोणलाई गीतले उजागर गरेको छ ।

प्रगतिशील गीतले विद्रोहको आधार सामाजिक असमानता, विभेद र त्यसबाट उत्पन्न द्वन्द्वलाई मानेको पाइन्छ । क्रान्ति, सङ्घर्ष, आन्दोलन, जनआन्दोलन र सामाजिक परिवर्तनका जुनसुकै घटनालाई साम्यवादकै मान्यताका आधारमा भाव व्यक्त गरेको पाइन्छ । "संसारका न्यायप्रेमी राष्ट्रबीच पनि, सानै राष्ट्रको पनि स्वाभिमान हुन्छ," (हमाल, २०४७, भाग ३: पृ. ३१) बोलको गीतले सर्वहारा मानवतावादी विचारकै पक्षपोषण गर्दै साना राष्ट्रको राष्ट्रिय स्वाभिमानलाई उजागर गरेको छ । "संसारका सारा न्यायका प्यारा मानिस जाग्दैछन्, पाँचवटा पहाड पन्छाउन भनि एकभइ लाग्दैछन्," (सुब्बा, २०४७, भाग २: पृ. ३९) बोलको गीतले विश्वलाई गाँजिरहेका वादहरूलाई सङ्केत गरेको छ । "न्यायपूर्ण बनाउन संसार, एकभइ उठ्छौं विश्वकै मजदुर," (शर्मा, २०४७, भाग २: ७४), "विश्वको कुनाकुनामा मानवको विजय, नभइकन छोड्दैन हिम्मत कस निश्चय, (जोशी, २०४७, भाग ५: ४), "यो विश्वको सबै हाम्रो मित्र देश हुन् भन्ने, आत्मा बेची उनी माथि किन शत्रु बन्ने," (बुढाथोकी, २०४७, भाग १: ५५), "संसारका वीरकर्मी हो उठ अब मिर्मिरे भो," (प्रभात, २०४७, भाग २: ६३), "संसार राजधानी हो सत्यको," (सेलि, २०४७, भाग २: ६७), "हामी जित्नेछौं एकदिन," (हब्सी लोकगीत, २०४७, भाग २: २७), जस्ता प्रगतिशील गीतहरूले अन्तर्राष्ट्रिय द्वन्द्वहरूमा समाजवादी राष्ट्रहरूको पक्षपोषण गर्ने, स्वाधीनता र मुक्ति आन्दोलनहरूप्रति एक्यबद्धता जाहेर गर्ने, त्यसका निम्ति विश्व जगत्लाई आह्वान गर्ने, सर्वहारा वर्गको विजय सुनिश्चित रहेको आशाभाव प्रकट गर्ने काम गरेको देखिन्छ । मार्क्सवादी दर्शनले चेतनालाई वस्तुजगत्को आत्मिक प्रतिविम्बन मान्दै मार्क्सवादी दर्शनअनुरूप नै विश्वलाई बोधगम्य बनाउने र विश्वदृष्टिकोण अनुरूप सर्वहारा वर्गको अधिनायकत्व स्थापित गर्ने कार्य गर्दछ भन्ने कुराको दृष्टान्तको रूपमा उल्लिखित गीतहरूलाई लिन सकिन्छ ।

नेपालको कम्युनिस्ट आन्दोलन विश्व कम्युनिस्ट आन्दोलनकै एक हिस्सा हो । प्रगतिशील गीत त्यसैको साहित्यिक रूप हो । मार्क्सवाद संसारभरिका मानिसले ऐतिहासिक वर्ग-सङ्घर्षको बारेमा अध्ययन गर्ने विधि भएको हुँदा यसले विश्व सर्वहारावादी चिन्तनलाई घरेलु राजनीतिमा पनि प्रोत्साहित गर्दछ, विकास गर्दछ । तर विचार आफैं हिँड्दैन त्यसलाई सङ्गठनले बोक्दछ । यस अर्थमा उक्त विचारलाई नेकपा (माले) ले सैद्धान्तिक र नीतिगतरूपमा जनता बीचमा ल्यायो । त्यसको प्रतिविम्बन प्रगतिशील गीतमा रहन गयो । गीतले अन्तर्राष्ट्रिय सर्वहारावादलाई जोगाउँ, उठाउँ भनेन तर त्यसको भावभूमि निर्माण गर्ने, मानिस अन्तर्राष्ट्रिय जाति हो भन्ने कुरा बुझाउने, अन्तर्राष्ट्रिय क्षेत्रमा भएका शोषण, दमन, उत्पीडनका विरूद्धमा आवाज उठाउने, स्वतन्त्रता आन्दोलनको समर्थनमा गीत गाउने, विश्व पुँजीवादको विरोध गर्ने काम गर्‍यो । पार्टीले निर्धारण गरेको वर्गसङ्घर्ष र क्रान्तिपछिको रूपान्तरण प्रक्रियामा सहयोगी भूमिका खेल्यो । त्यसमा प्रगतिशील गीतले विश्वदृष्टिलाई नै आधार बनाए । यसका आधारमा मार्क्सवादको मूल विचार सिद्धान्त पार्टीले अङ्गीकार गरेता पनि त्यसलाई समाजसँग जोड्ने काम गीतले गरेका हुन् । यसर्थ, उक्त विचारलाई जनजनमा पुर्‍याउन गीतको

भूमिका आधारमा अन्तर्राष्ट्रिय सर्वहारावादी गीतको कोणबाट समेत प्रगतिशील गीतको योगदान देखा पर्दछ । यसबाट ती गीतहरू श्रमजीवी जनताको अन्तर्राष्ट्रिय आन्दोलनबाट प्रभावित भएको पाइन्छ ।

## ५.६.११ मानवीय मूल्यप्रतिको आस्था र सङ्गठन विस्तार

मानवीय मूल्यलाई मानव जातिको अस्तित्व, गरिमा, मूल्य, अर्थ, महत्त्व आदिसँग जोड्ने गरिएको पाइन्छ । भाववादीहरूले 'मानवीयमूल्य' सर्वमान्य, अपरिवर्तनीय र शाश्वत हुन्छ भनेको पाइन्छ भने, समाजवादीहरूले भाववादीहरूको ठिक विपरित मानवीयमूल्य देश, काल, परिस्थिति अनुसार ऐतिहासिक विकासको क्रमसँगै निरन्तर परिवर्तनशील हुन्छन् भन्ने गरेको पाइन्छ । साम्यवादीहरूले मानवीय मूल्यसँग स्वतन्त्रता न्याय र मुक्तिको अपेक्षा राखेको पाइन्छ । प्रकृति प्रदत्त सबै वस्तुहरूमा मानव जातिले समान अवसर र समान अधिकार पाउनु पर्छ भन्ने कुरामा उनीहरूको विश्वास रहेको पाइन्छ । नेपालमा प्रगतिशील जनवादी संस्कृतिमा त्यसको प्रभावका छनकहरू रहेको देखापर्दछ । प्रगतिशील संस्कृतिमा आधारित मानवीय मूल्यमा-प्रगतिशील व्यवहार, श्रमजीवी जनतासँग एकाकार, तीन/आठ नियमको पालना, पारस्परिक सद्भाव र सर्वहारावर्गीय जीवनशैली त्यस्का दृष्टान्तहरू हुन् । तिनै कुराहरूनै उनीहरूका गीतहरूमा प्रतिविम्बन भएको पाइन्छ । प्रगतिशील गीतले असङ्ख्य गीतहरू गाएर जनतालाई मानवीय मूल्यप्रति सचेत तुल्याएका थिए । वर्गीय समाजमा मानवीय मूल्य पनि वर्गीयरूपमा नै हुन्छ, तर सामन्त, शोषक र पुँजीपतिले त्यसलाई आफ्नो स्वार्थअनुसार प्रयोग गर्दछन् भन्ने विचारदृष्टि अनुरूपका गीति विचारहरू प्रगतिशीलहरूले अघि सारेको पाइन्छ । प्रगतिशीलहरूले कुनै पनि जातजातिलाई रङ, वर्ण र वर्ग आदिमा आधारमा भेदभाव गर्नु हुन्न, त्यसमा सामाजिक एकरूपता हुनु पर्छ, त्यसो भएमा मात्र वास्तविक अर्थमा मानव जीवनको सच्चा मूल्य स्थापित हुन्छ भन्ने कुरा गीति अन्तर्वस्तुमा उठाएका थिए । त्यस्ता गीतहरूले मानवीय मूल्यबोध गराउने काम गरेका थिए । गीतले सदाचार, नैतिकता र आदर्श जीवनका आधारभूत गुणहरू जनतालाई सिकाएका थिए । समाजमा धर्म, संस्कृतिको नाममा गरिने शोषण विरूद्ध सार्थक र सुन्दर जीवनका आधारभुत गुणहरूको विकास गर्न ती गीतले मानिसलाई उत्प्रेरित गरेका थिए । खासगरी गीतले मानवमा भएको इमान्दारी, प्रेम, दया, सद्भाव, विश्वास, सुन्दरता, निप्पक्षता, बौद्धिकता, सहयोगीपन जस्ता कुराहरूलाई मानवीय मूल्यका रूपमा सिर्जना गरेका थिए । सामन्तवादी र पुँजीवादी समाजमा मानवीय मूल्य माथि अनेकन् प्रहारहरू हुने गर्दछन्, उनीहरूले स्वार्थका लागि अर्कालाई शोषण र दमन गरेका हुन्छन् । कतिपय उनीहरूले उठाएका मानवीय मूल्यबोधका सवालहरू विरोधीहरूको निशाना समेत परेका थिए । मूलरूपमा प्रगतिशील गीतले समतामूलक समाजको निर्माण गरी मानवीय मूल्यको खोजीद्वारा मानवीय मूल्यमा विकसित गर्दै श्रमपूर्ण जीवन निर्माणमा सहयोग गरेका थिए । एउटा गीतलाई उदाहरणका रूपमा हेर्न सकिन्छ -

फूलहरू फूले पछि एकदिन पक्कै झर्छन्
अजम्बरी कोही छैन सबैजना मर्छन्
अत्याचारीहरूलाई दिनु हुन्न टेवा
जति सक्दो गर्नु पर्छ जनताको सेवा, (सुब्बा, २०४७, भाग ३: पृ. २८)।

उक्त गीतमा फूल जस्तै एकदिन माटोमा सुन्दर जीवन बिसाउनु पर्ने हुँदा फूलसँग जीवनको तुलना गरी अन्याय, अत्याचार विरूद्ध उभिन आग्रह गर्दै स्वाभिमानी सार्थक जीवनको मूल्यबोध गराइएको छ। गीतमा जन्म र मृत्यु मानिसको हातमा नभए पनि वर्गीय हीत गर्ने कुरा मानिसको हातमा हुन्छ, यसर्थ श्रम गर्नेहरूको पक्षमा लागेर सार्थक जीवनको मूल्य प्राप्त गर्न सकिन्छ भन्ने आग्रह गरिएको छ। सुरुवाती चरणका गीतहरूमा गीतका भावहरूप्रति स्वीकार र अस्वीकार गरेको अवस्था समेत देखापरेको थियो। तर गीतको वास्तविक अर्थ बुझ्दै जाँदा ती गीतहरू समाजमा स्वीकारयोग्य बनेका थिए। "एकदिन फूल झरे झैं जीवन पनि मासिएर जान्छ" भन्नु त्यसैको द्योतन हो। अन्य केही प्रगतिशील गीतहरूको उदाहरणलाई हेर्न सकिन्छ। "पौरखी तिम्रा हातहरूले रोपेका चियाका बुटाहरू, कलिला तिम्रा नानीहरूले फाँडेका भस्मे र पाखाहरू, खै भन मजदुर ? रगत र पसिना कहाँ छन् तिम्रा जीवनहरू," (भण्डारी, २०४७, भाग ४: ३४) बोलको गीतले श्रम मूल्यको खोजीद्वारा मजदुरहरूको जीवनको मूल्यबोध गराएको छ। श्रमको उचित मूल्य प्राप्त गर्ने दिशामा अघि बढ्न प्रेरित गर्दै गीतले श्रमिकवर्गलाई श्रमको अर्थ र अधिकार खोज्न आग्रह गरेको छ। मजदुरहरूको जीवन मूल्यबोध गराउँदै उनीहरूको सुखको दिन आउनु पर्छ भन्ने विचार व्यक्त गरेको छ। मानवीय मूल्यआधारित एक अर्को गीतका केही हरफहरूलाई हेर्न सकिन्छ।

आँधी बताससँग जुझेर, फुलेको सुन्दर फूल जस्तो
सुक्खा असिनादेखी बचेर, झुलेको धानको बाला जस्तो
साह्रै माया लाग्ने, ज्यादै साहसिलो, यो जिन्दगी हाम्रो खेर नजाओस्
किरणपुञ्ज बनी अन्धकारसँग जुझ्ने
दियो जस्तो धप्प बली जागृतिको ज्योति छर्ने
शहीदहरूको बाटो पक्री जनताको हुलभित्र
यो जिन्दगी असल काममा हराओस्, (तमोट, २०४९, पृ. ७८)।

उक्त गीतले जटिल चुनौतीसँग जुझ्ने सार्थक मानव जीवनको चित्रण गर्दै समाजको समृद्धिमा समर्पित रहन मानिसलाई आग्रह गरेको छ। गीतले शहीदको जस्तो जीवनमूल्यको बोध गराउँदै शहीदहरूले निर्माण गरिदिएको अग्रगामी चेतनाको मार्ग पहिचान गर्न निर्देश गरेको छ। यसै प्रकारका अन्य केही नमुना गीतका हरफहरूलाई उदाहरणका रूपमा लिन सकिन्छ। जस्तै : "उठौं न अब बोकौं न खुर्पा, हँसिया र कँचिया, खुर्पाले हानी पल्टाउनु पर्छ शोषक बजिया, उठौं न अब कसौं न कम्मर नारी हो देशभरका," (छिरिङ, २०४७, भाग १: २८)। उक्त गीतले देशभरका सम्पूर्ण नारीहरूलाई नारी

बन्धन चुडाउन सामन्ती शासन विरूद्ध उठ्न नारी शक्तिको मूल्यबोध गराएको छ । नारी शक्तिको मूल्य केवल घरधन्दा मात्र सीमित छैन । यस प्रकारका अनेकन प्रकारका जीवन मूल्यका गीतहरू प्रगतिशीलहरूले गाएको पाइन्छ । "दश बजे घन्टी लाग्छ घन्टीले के भन्छ स्कुल कापी च्यापेर स्कुल जाउ भन्छ," (श्रेष्ठ, २०४७, भाग ४: पृ. ६३) । उक्त गीतले सा-साना बालबालिकाहरूलाई समेत समयको मूल्यबोध गराएको छ । बालबालिकालाई परिवारमा असल व्यवहार र असल चरित्र निर्माण गर्ने खालको पारिवारिक वातावरणको निर्माणमा ती गीतले सहयोग गरेका थिए । बालबालीकाको मूल्यप्रणालीमा परिवर्तन ल्याउन ती गीत सहयोगी बने । मालेको राजनीतिलाई विस्तार गर्नमा ती गीतले योगदान दिए । गीतहरू पार्टी सङ्गठन विस्तारको साधन बने । यस्ता प्रगतिशील गीतले जनविरोधी वर्गहरूका विरुद्ध जनपक्षीय मूल्यको प्रयोग गर्दै सङ्घर्ष चर्काउन भूमिका खेलेका थिए । किनकि प्रगतिशील कलाकारहरू मानवीयमूल्य इतिहास, समाज, युगसापेक्ष र प्रगतिशील हुन्छन् भन्ने कुरामा विश्वास र शाश्वत, सर्वमान्य, अपरिवर्तनीय हुँदैनन् भन्ने कुरामा अविश्वास गर्दथे । मार्क्सले पनि यसै अनुरूप मानवीयमूल्यको द्वन्द्वात्मक/ऐतिहासिक भौतिकवादको व्याख्या प्रस्तुत गरेको पाइन्छ । यस अर्थमा मानवीय मूल्यबोधका प्रगतिशील गीतहरूले समाजमा मूल्यबोधी चेतनाको विकास गर्दै नेकपा (माले) को सङ्गठन विस्तार र त्यसमार्फत राजनीतिक चेतनाको विकास गरी राजनीतिक परिवर्तनप्रति जनताको विश्वास जित्ने काम गरेको देखा पर्दछ ।

### ५.६.१२ एकताको सञ्चार र सङ्गठन विस्तार

समाजका हरेक व्यक्तिलाई एकअर्कासँग जोड्न, एकताबद्ध गर्न र सामूहिकताको विकास गर्न प्रगतिशील गीतले भूमिगत समयमा ठुलो मेहनत गरेको पाइन्छ । त्यस्ता गीतले जनसम्बन्ध स्थापना गरी जनएकता कायम गर्नमा प्रभावकारी भूमिका खेलेका थिए । गिरी भन्छन् -"उत्पीडनका समस्त रूपहरूका विरुद्ध उभिएर र स्वतन्त्रता, समानता, सामाजिक न्याय, मानवीय मूल्य, सद्भाव, सहिष्णुता र सहअस्तिोवलाई केन्द्रमा राखेर नै स्रष्टाले एकता र सामूहिक भावनाको निर्माणमा योगदान दिन सक्छन्," (गिरी, २०८१, पुस २७) । उक्त भनाई अनुसार उन्नति-प्रगति, र परिवर्तनका लागि एकाकार भएर जीवनलाई सामूहिक स्वार्थका निम्ति अगाडि बढाउनु एकताको अवस्था सिर्जना गर्नु हो भन्ने बुझिन्छ । मार्क्सवादका त्रि-आयाम एकता-सङ्घर्ष र रूपान्तरण हुन् । त्यसबेला नेकपा (माले) ले जनसङ्घर्षको विकास, जनशक्तिको सुदृढीकरण, एकीकृत कम्युनिस्ट सङ्गठन, एकीकृत पार्टी र नौलो जनवादी क्रान्तिको लक्ष्य निर्धारण गरेको थियो । नौलो जनवादी क्रान्तिको सोही लक्ष्य अनुसारका एकता र एकीकरणका प्रतिविम्बनहरू प्रगतिशील गीतमा देखापरेका थिए । ती गीतले छरिएर रहेका अनेक रूपमा विभक्त विचारहरूलाई मार्क्सवादी वर्ग चेतनाको आलोकमा एकताबद्ध गर्नमा सघाउ पुऱ्याएका थिए । यो भनेको वर्गीयताको आधारमा मानिसहरूलाई एकताको सूत्रमा बाँध्ने कार्यमा गीतले मद्धत पुऱ्याउनु नै हो । उदाहरणका रूपमा सुब्बाको एउटा गीत प्रस्तुत गर्न सकिन्छ -

दुई हात मिले पछि ताली बज्ने गर्छ
दुई पाउ मिलेपछि कदम अघि सर्छ
हामी फुट्यौं भने साथी शत्रु रमाउँछन्
हामी जुट्यौं भने साथी बैरी डराउँछन्
आपसमा हामीहरू बाभ्नु यहाँ किन
हामी मिले ल्याउँछौं पक्कै चाहेको त्यो दिन, (२०४७, भाग २: ४१) ।

उक्त गीतले एकताको आग्रह र विभाजन, फुट्को विरोध गरेको छ । छरिएर रहेका कम्युनिस्ट घटकहरू प्रति गीत लक्षित देखिन्छ । सबै एकजुट भएर अघि बढे मात्र परिवर्तन सम्भव छ भन्ने कुराको सङ्केत गरेको छ । मार्क्सले जबसम्म सामाजिक उत्पीडनमा रहेका वर्गहरू सामन्ती पुँजीपति वर्गका विरूद्ध एक हुँदैनन् तबसम्म उनीहरूको शोषणयुक्त वर्चश्व कायम रहिरहन्छ । जति आफू भित्रको एकता शक्ति बलियो हुँदै जान्छ त्यतिनै छिटो आफ्ना विरोधी शक्तिको विनाश हुँदै जान्छ । एकता नै श्रमजीवी वर्ग सबैभन्दा ठुलो हतियार हो भनेका छन् । त्यसैले उनले संसारभरका मजदुरहरूलाई आह्वान गरेका थिए । एकताको शक्तिलाई बुझेका प्रश्रित (२०७६) ले २०२८ मा उनी वाराणसी मै हुँदा कम्युनिस्टहरू बीच एकताका निम्ति आह्वान गर्दै थुप्रै एकताका गीतहरू लेखेका थिए । एउटा गीतको उदाहरण यसप्रकार रहेको छ -

अघि बढौं झ्याप्प झ्याप्प तालमा ताल मिलाउँदै
डरर डङ्ङ् डरर डङ्ङ् विजय गीत गाउँदै
शोषिएका नेपाली हो, हेपिएका नेपाली हो
मन र पेट एक भई अघि बढौं
आज एउटै लक्ष्य निम्ति अघि बढौं, (प्रश्रित, २०४९, पृ. २५) ।

उक्त गीतमा एकता श्रमजीवी वर्गको एकतामा जोड दिँदै शोषित पीडितहरू एकभई आफ्नो लक्ष्य तर्फ अघि बढ्न आह्वान गरिएको छ । मानवजातिको हीतका निम्ति बृहत् लक्ष्य पूरा गर्न श्रमिक वर्गबीच बृहत् एकता हुनु पर्ने कुरामा जोड दिइएको छ । प्रतिक्रियावादीहरूले जनताको शक्तिलाई टुटाउन, फुटाउन अनेक लोभ, लालचमा पार्न सक्छन् भन्दै त्यस्ता कार्यमा नफस्न सचेत गरिएको छ । सामन्त, शोषकहरूले जातीय, वर्गीय, लैङ्गिकरूपमा जनताको शक्तिलाई कमजोर पार्ने अनेकन फुटपरस्त षडयन्त्रका तानाबाना बुन्दछन्, त्यसबाट सचेत रहँदै श्रमिकहरूको मुक्तिका निम्ति एकताको बाटो रोज्न आग्रह गरिएको छ । शहीदहरूको स्वतन्त्रता र स्वाभिमानप्रतिको बलिदानीपूर्ण भूमिकाको स्मरण गराउँदै शहीदहरूले देखाएको बाटो हिँडे मात्र मात्र क्रान्तिलाई लक्ष्यमा पुऱ्याउन सकिन्छ भन्ने विश्वास व्यक्त गरिएको छ । कम्युनिस्टहरू विभाजित हुँदा राजतन्त्रको आयु लम्बिरहेको, जनताको

पराजय भइरहेको, सामन्त र शोषकहरूले देशमा मोजमस्ती गरिरहेको र जनताले दुःख पाइरहेको भावनाहरू त्यस्ता गीतमा व्यक्त हुने गरेका थिए । अन्य नमुना गीतहरू जस्तैः "हामी मिले दुश्मनको सातो हराउँछ, बिहान हुन अघि रातो भाले कराउँछ," (सुब्बा, २०४७, भाग २: ५९) बोलको गीतले एकतामा शक्ति हुन्छ, एकीकृत आन्दोलनको विजय सुनिश्चित भने भाव प्रदर्शित गरेको छ । "यो हाम्रो दुःख भाग्यले होइन, शोषणको काम हो, एक भइ उठौं मुट्ठी उचाली देशका जवान हो," (भण्डारी, २०४७, भाग ३: २५), बोलको गीतले अनेकताका नै दुःख र उत्पीडनको कारण हो, यसकारण एकताबद्ध भई उठे मात्र परिवर्तन सम्भव छ भन्ने कुरा बोध गराइएको छ । यसैगरी "एक थुकी नि सुकी जाने, सय थुकी नदी हुने, भाइ फुटे गँवारै लुटे, भाइ जुटे पहरा फुटे पुर्खाले भनेको," (सुब्बा, रामेश, २०४७, भाग ५: ७३), बोलको गीतले गुट फुटले हार र एकताले जीत हुने भन्ने सन्देश प्रवाह गरिएको छ । "एक एकले सय हुन्छ, हजार हुन्छ लाख हुन्छ, एकले गरे के पो हुन्छ, मिली गरे जे पो हुन्छ," (तमोट, २०४७, भाग १: ४५) बोलको गीतले एकताको शक्तिलाई कसैले पनि पराजित गर्न नसक्ने विश्वास व्यक्त गरिएको छ । यस्ता गीतले जनता-जनता बीचको एकता, श्रमजीवी वर्गबीचको एकता, स-साना कम्युनिस्ट घटकहरू बीचको एकताको सङ्गठित शक्तिद्वारा मात्र परिवर्तन सम्भव हुने आशय व्यक्त गरेको पाइन्छ । पार्टी सङ्गठनको नीति एकता, एकीकरण, सो अनुरूपका एकताका गीतले एकातिर पार्टी एकतालाई समेत सघाएको थियो भने स्वयम् कलाकारहरूले भने विभाजनको अवस्था भोगेका थिए । यस सन्दर्भमा गीत र व्यवहारमा भने एकरूपता देखा परेन । मार्क्सवादको विपरीतहरूको एकता तथा सङ्घर्षको नियम यहाँनेर आकर्षित हुन पुग्छ । त्यसले एकताको शक्तिद्वारा व्यवस्था विरोधी सङ्घर्ष र परिवर्तनको आन्दोलनलाई बलियो पार्ने तर्क प्रस्तुत गर्दछ । तिनको उद्देश्य भनेको राजनीतिक परिवर्तनमा एकताको बल र एकीकृत शक्ति माथिको विश्वास हो । एकता, क्रान्ति वा राजनीतिक परिवर्तनको सबैभन्दा ठुलो शक्ति हो । विभाजनले विनाश र एकताले निर्माण गर्दछ । कम्युनिस्ट पार्टीको जीवनमा एकताको धेरै ठुलो महत्त्व हुने गर्दछ । किनकि नेपालका कम्युनिस्टहरूले विभाजनका धेरै कहरहरू भोगे । जनतासँग पार्टीलाई जोड्ने काममा एकताका प्रगतिशील गीतको भूमिका यसकारणले पनि महत्त्वपूर्ण रह्यो । क्रान्ति र निर्माणका निम्ति जनता निर्णायक शक्ति हुन्छन् र तिनलाई भावनात्मक रूपले बाँध्ने काम तिनै गीतहरूले गरेका थिए । जनतालाई सङ्गठित गर्न, आन्दोलित बनाउन, देशप्रति, पार्टीप्रति समर्पित बनाउनमा गीतको गहिरो भूमिका रहेको अध्ययनबाट देखा पर्दछ । नेकपा (माले) ले एकता, एकीकरण, सङ्गठन सुदृढिकरण र सङ्गठन विस्तारमा सबैभन्दा धेरै अभ्यासहरू गरेको देखिन्छ । त्यसैको कारण नेकपा (माले) पञ्चायतकालमा र त्यसपछिका समयमा समेत नेपालको कम्युनिस्ट आन्दोलनको सबैभन्दा ठुलो दल थियो । गीत आफैँमा पूर्ण होइन, त्यसमा निश्चित सिद्धान्त र विचारधाराको समेत प्रमुख महत्त्व हुन्छ । उक्त सिद्धान्त र विचारधाराको व्यवहारिक प्रयोगमा गीतले भूमिका खेलेका थियो भन्न सकिन्छ । पार्टीका नेता, कार्यकर्ता, जनता सबैमा एकताको भावना उमार्ने कार्यमा ती गीतको योगदान देखा पर्दछ । उल्लिखित विचार,

दृष्टिकोणहरूलाई झापा, मोरङमा भएका समूहगत छलफलबाट प्राप्त विचारहरूसँग समेत जोडेर हेरिएको छ ।

**तालिका नं. ५.१ : झापा जिल्लामा नेकपा (माले) को सङ्गठन विस्तारमा प्रगतिशील गीत**

| सहभागी मत | राल्फा | सङ्कल्प | आस्था |
|---|---|---|---|
| अत्यधिक | सर्वहारा वर्ग लक्षित गीत गाउँदा त्यसको प्रभाव झापाको आन्दोलन र सङ्गठनमा पऱ्यो । | जनमत सङ्ग्रहका बेला वामपन्थी राजनीतितर्फ जनलहर ल्याउन सफल रह्यो । | जनआन्दोलनमा प्रभाव पाऱ्यो । |
| थोरै मत | पार्टी सङ्गठन विस्तारमा मध्यम प्रभाव पऱ्यो । | मालेका कार्यकर्ता र शुभेच्छुकहरूको सङ्ख्या बढायो । | सङ्कल्प जस्तो प्रभावशाली भएन । |
| समग्र मत | वामपन्थी आकर्षण बढायो । नयाँ विचार स्थापित गऱ्यो । पार्टी सङ्गठनको आधार तयार गऱ्यो । | प्रगतिशील गीतनै मालेको पार्टी सङ्गठन निर्माणको आधार बन्यो । नेकपा (माले) प्रति जनलहर ल्यायो । | सङ्गठन विस्तार भन्दा पनि आन्दोलनलाई सहयोग पुऱ्यायो । |

स्रोत : समूहगत छलफल तथा स्थलगत अवलोकन, झापा- (२०७५, ०६/२५)

**तालिका नं. ५.२ : मोरङ जिल्लामा नेकपा (माले) को सङ्गठन विस्तारमा प्रगतिशील गीत**

| सहभागी | राल्फा | सङ्कल्प | आस्था |
|---|---|---|---|
| अधिक मत | झापा आन्दोलनसँगै आएका गीतले चेतना र जागरणको माध्यमबाट पार्टी सङ्गठन निर्माणमा मद्धत पुऱ्याए । | सङ्गठन विस्तारको आधार नै सङ्कल्पका गीतहरू थिए । जहाँ जहाँ कार्यक्रम भए त्यहाँ मालेको प्रभाव देखियो । | मोरङमा आस्थाका गीतले सामाजिक राजनीतिक जागरण ल्याउन योगदान पुऱ्याए । |
| थोरै मत | कम्युनिस्टका गीत भन्थे । कम्युनिस्टहरूले पार्टी निर्माणमा गीतबाट सहयोग लिए । | सङ्कल्पले कम्युनिस्ट पार्टीलाई जिल्लामा चिनाउने काममा मद्दत पुऱ्यायो । | आस्थाका गीत भनेर सुनिएन । सङ्गठन निर्माणमा प्रत्यक्ष भूमिका रहेन । |
| समग्र मत | राल्फाले वामपन्थी विचारलाई प्रोत्साहित गऱ्यो । सङ्घर्षलाई प्रेरित गऱ्यो । त्यसको आधारमा सङ्गठन निर्माणमा सहयोग पुग्यो । | नेकपा (माले)को राजनीतिलाई गाउँगाउँ गाउँमा पुऱ्यायो । पार्टीको प्रभाव विस्तार, पार्टी सङ्गठन निर्माणमा धेरै प्रभाव पाऱ्यो । | प्रत्यक्षरूपमा जिल्लाका कार्यक्रममा सहभागी भएन । तर जनतालाई गोलबन्द गर्ने काम गरेका थिए । |

स्रोत : समूहगत छलफल, मोरङ (२०७५, ०६/२७)

झापा जिल्लामा शोध विषय र उद्देश्यसँग सरोकार राख्ने विभिन्न वर्ग, क्षेत्र, विधा, पेशाका ९० जना सर्वसाधारण व्यक्तिहरूलाई सहभागी गराई समूहगत छलफल चलाइएको थियो । उक्त

छलफलबाट प्राप्त लिखित र मौखित दुवै प्रकारका विचारहरूको विषयगत एकरूपता र अनेकरूपता छुट्याई, त्यसको आधारमा प्राप्त समग्र मतको अवस्थालाई विश्लेषण गर्दा राल्फाका गीतले वामपन्थी आकर्षण बढाएको, सङ्कल्पले पार्टी सङ्गठन निर्माणको आधार तयार गरेको थियो । नेकपा (माले) प्रति जनलहर सिर्जना गरेको र आस्थाका गीतले प्रजातान्त्रिक आन्दोलनलाई बढी सहयोग पुऱ्याएको भन्ने मत प्राप्त हुन गयो । यसबाट पनि नेकपा (माले) को सङ्गठन विस्तारमा प्रगतिशील गीतको योगदान रहेको अवस्था देखा पर्दछ । मोरङ जिल्लामा लिइएको समूहगत छलफलका समूह नेता गुरू बरालको प्रतिवेदनमा भनिएको छ- "प्रगतिशील गीति चेतनाका कारण पार्टी सङ्गठन तिब्ररूपमा जनजनमा पुग्न सजिलो भयो । परिणामस्वरूप नेकपा मोरङले प्रतिनिधि सभामा ६ मध्ये ५ जना १२ प्रदेश सभा सदस्य मध्ये ७ जना र स्थानीय तह प्रमुखमा १७ मध्ये ६ जना र उपप्रमुख १७ मध्ये १० जना तथा ठुलो सङ्ख्यामा वडाध्यक्ष र वडासदस्यहरू निर्वाचित गराउन सफल भयो । मोरङमा नेकपाको ३५ हजार सदस्य हुनुमा पनि पञ्चायतकालीन प्रगतिशील गीतहरूको प्रभाव हो," (समूहगत छलफल, मोरङ, २०७५) । उल्लिखित परिणाम नेकपा (माले) को सङ्गठन विस्तारसँग जोडिएर आएको हुँदा यहाँ सन्दर्भ टुङ्ग्याउन मात्र प्रस्तुत गरिएको हो । मोरङ जिल्लामा भएको समूहगत छलफलको समग्रतालाई हेर्दा २०२८ को झापा विद्रोहलाई समेत राल्फाका गीतले प्रभाव पारेको, गीतले चेतना, जागरण ल्याएको र सङ्गठन निर्माणमा मद्दत पुऱ्याएको, सङ्कल्पका गीत पार्टी सङ्गठन विस्तारको आधार बनेको र आस्थाले पनि राजनीतिक जागरण ल्याउन योगदान पुऱ्याएको देखा पर्दछ । प्रस्तुत अध्यायमा वेष्ठित हुन पुगेका, विश्लेषणमा आएका सबैका विचार दृष्टिकोण र भनाइहरूलाई संश्लेषण गर्दा नेकपा (माले) को सङ्गठन विस्तारमा प्रगतिशील गीतले तपशील बमोजिम योगदान पुऱ्याएको देखा पर्दछ ।

**तालिका नं. ५.३ : नेकपा (माले) को सङ्गठन विस्तारको प्रवृत्ति**

| | |
|---|---|
| पहिलो चरण | नयाँक्षेत्र, नयाँठाउँ, नयाँ पार्टीसेल |
| दोस्रो चरण | प्रगतिशील गीति कार्यक्रम |
| तेस्रो चरण | प्रभाव मूल्याङ्कन |
| चौथो चरण | रुझान भएकाहरूको छनौट |
| पाँचौं चरण | प्रगतिशील साहित्यको उपलब्धता |
| छैठौं चरण | क्षमता, भूमिकाका आधारमा जिम्मेवारी |
| सातौं चरण | क्षमताको आधारमा पार्टी सङ्गठनमा आबद्धता |
| **सङ्गठित शक्ति परिचालन** | |
| **सङ्घर्ष/आन्दोलन** | |
| **जन आन्दोलन (२०४६)** | |

स्रोत : सुब्बा, ज्ञवाली, नेपाल, तमोट, प्रधान, अन्तर्वार्ता, २०७६ का आधारमा अनुसन्धाताले तयार गरेको

नेपालमा २०१७ देखि २०४६ सालसम्म ३० वर्ष पञ्चायती व्यवस्था कायम रह्यो । उक्त व्यवस्थामा राजनीतिक दलहरूको भूमिका प्रत्यक्षरूपमा शासन प्रणालीमा कुनै भूमिका रहेन । दलका

नेताहरू कतिपय जेलमा, कतिपय निर्वासनमा, कति भूमिगत अवस्थामा कठिन जीवन व्यतित गरे । दलहरूले भूमिगत रूपमै देशव्यापी राजनीतिक, सामाजिक, सांस्कृतिक र साङ्गठनिक कार्यक्रमहरू सञ्चालन गरे । त्यसबेला नेकपा (माले) ले आफ्ना जन सङ्गठनहरू मार्फत पार्टीका नीति कार्यक्रमहरूलाई क्रियाशील बनायो । यसमा जन सङ्गठनहरूकै एक प्रभावकारी अङ्गका रूपमा प्रगतिशील गीत र गीति कार्यक्रमहरू सञ्चालन भए । सङ्गठनका मुख्य आयामहरू- विचारधारा, दर्शन, सङ्गठन र कार्यक्रममा तुलनात्मक रूपमा प्रगतिशील गीति सङ्गठनहरूले केही स्वतन्त्र रूपमा काम गरेका थिए । शैक्षिक क्षेत्रको सङ्गठन विस्तारमा गीति कार्यक्रमले विचार निर्माणको कार्य गऱ्यो । विद्यार्थी सङ्गठनबाट धेरै विद्यार्थीहरू नेकपा (माले) को राजनीतिमा आए । २०४६ को राजनीतिक आन्दोलनमा गीतले उठाएका, प्रभावित तुल्याएकाहरूको भूमिका प्रखर रूपमै देखा पऱ्यो । महिला क्षेत्रको सङ्गठन विस्तारमा गाइएका गीतहरूले महिला मुक्तिको आन्दोलनमा असंख्य महिलाहरूलाई विचारको राजनीतितर्फ तान्ने र विचार सङ्गठनसम्म पुऱ्याउने काम गऱ्यो । अन्ततः त्यो शक्ति पनि जन आन्दोलन २०४६ को महत्त्वपूर्ण शक्ति बन्न पुग्यो । त्यसरी गीतको प्रभाव र चेतनाले उठेका महिलाहरूले महिला क्षेत्रलाई जन आन्दोलनमा सघाउने काम गरे । वर्ग चेतनाका गीतले वर्गीय रूपमा मानिसलाई मालेको राजनीतिमा उराल्ने काम गऱ्यो । सर्वहारा वर्गका पक्षमा र सामन्तवादका विरुद्ध सचेतरूपमा मानिसहरू सङ्गठित भएर जनआन्दोलनमा साथ दिन आए । यसले मात्रात्मकबाट गुणात्मक परिवर्तनको आन्दोलनलाई सघायो । युद्धजन्य वैचारिकताका गीतले क्रान्तिकारी भावनाको विकास गर्दै परिवर्तनको आन्दोलनलाई जीवन दिने काम गऱ्यो । क्रान्तिकारी साहस र विरत्वको भावना उमार्ने काम गऱ्यो । जातीय छुवाछुत र अन्धविश्वास विरोधी चेतनाका गीतले समाजलाई जातीय भेदभाव र छुवाछूतको अन्त्यका निम्ति जातीय आधारमा हुने सबै प्रकारका विभेद, कुरीति, अन्धविश्वास, बहिष्करण, वञ्चितीकरणका विरूद्ध समाजलाई सङ्गठित तुल्याउन भूमिका खेल्यो । सामाजिक रूपमा जातीय मुद्दाहरू पनि राजनीतिक आन्दोलन उठाउनु पर्ने एक प्रमुख कारक मुद्दा बन्न पुग्यो, जुन राल्फा, सङ्कल्प र आस्थाले गीति आन्दोलनको एक महत्त्वपूर्ण मुद्दा नै बनाएका थिए । नेकपा (माले) र जनता बीचको सम्पर्क सूत्रको रूपमा काम गरेर सङ्गठन विस्तारमा सहयोग गर्दै बहुदलीय संसदीय प्रजातन्त्र पुनर्स्थापनाका निम्ति ती गीतले काम गरे । २०४६ को जन आन्दोलनमा ती गीतको भूमिका लैङ्गिक चेतनाको आड र आधारमा समेत भएको अध्ययनहरूले देखा पर्दछ । यसैगरी यथास्थितिको विरोधमा गाइएका गीत, क्रान्ति आह्वान गरिएका गीत, राजनीतिक चेतनाका गीत, सर्वहारा अन्तर्राष्ट्रियवादका गीत मानवीय मूल्यप्रतिको आस्थाका गीत, एकीकृत भावनाको सञ्चार गर्ने गीतहरूले नेकपा (माले) को सङ्गठन विस्तार सँगै पार्टी मातहतमा रहेर र स्वतन्त्ररूपमा समेत रहेर जन आन्दोलनमा योगदान दिएको देखा पर्दछ ।

यहाँनेर स्मरणयोग्य कुरा के छ भने तात्कालीन नेकपा (माले) ले आर्जन गरेको सम्पूर्ण सङ्गठन र प्राप्त गरेको सम्पूर्ण शक्ति नै प्रगतिशील गीतले मात्र गरेको भने होइन । यसबाट २५-५०

प्रतिशत सङ्गठनात्मक शक्ति त्यसबेलाको नेकपा (माले) को प्रगतिशील गीतको माध्यमबाट प्राप्त गरेको थियो भन्ने कतिपय सम्बन्धित व्यक्तित्वहरूका भनाइले पनि गीतको भूमिका र योगदान थियो भन्ने आधार प्राप्त गरिएको हो । बाँकी भूमिका पार्टीका अन्य सङ्गठन विस्तारका कार्यनीति, रणनीति र कार्यक्रमका प्रभावका रूपमा थिए । कम्युनिस्ट पार्टीले गीतको माध्यमबाट जनतालाई सचेत तुल्याउँदै पार्टीकै नीति, सिद्धान्त र तत्अनुरूप नै तात्कालीन कम्युनिस्ट पार्टी मालेको राजनीतिक र सङ्गठनात्मक विस्तारमा योगदान पुऱ्याएको देखिन्छ । उक्त शक्ति नेपालको २०४६ को आन्दोलनमा प्रत्यक्ष रूपमा सहभागी हुन पुगी त्यसले जनआन्दोलनमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ । यसबाट तात्कालीकरूपमा प्रगतिशील गीतले नेपाल कम्युनिस्ट पार्टी (माले) को सङ्गठन विस्तार र गुणात्मक रूपमा प्रजातान्त्रिक आन्दोलनमा सहयोग पुऱ्याएको तथ्यहरूबाट स्पष्ट हुन्छ ।

## ५.७ निष्कर्ष

पञ्चायतकालीन प्रगतिशील गीतहरू मुलभूत रूपमा मार्क्सवादी सिद्धान्तमा आधारित गीतहरू थिए । ती गीतले प्रगतिशील र प्रगतिवादी वैचारिक धारालाई अङ्गालेका थिए । वैचारिक शक्तिलाई भौतिक शक्तिमा रूपान्तरण गर्ने उपकरणका रूपमा सङ्गठनको विस्तार, पार्टीको विचार, दर्शन र उद्देश्यलाई व्यवहारमा रुपान्तरण गर्नमा प्रगतिशील गीतहरूले मद्धत गर्दै गए । लेनिनवादी सङ्गठनात्मक सिद्धान्तमा आधारित कम्युनिष्ट नेकपा (माले) लाई लडाकु, रचनात्मक र क्रान्तिकारी बनाउन गीतले वैचारिक भूमिका समेत खेल्यो । गीत क्रान्तिको पेच किला र दाँतीका रुपमा वर्गसङ्घर्षको अभिन्न अङ्ग बन्न पुगे । प्रगतिशील गीत समाजको आधार माथि उभिएको अधिरचनाको वैचारिक रूप भएको हुँदा गीतले नेकपा (माले) को नौलो जनवादी क्रान्तिको कार्य दिशालाई समेत बोकेर हिँडे । यसै अनुरूप नेकपा (माले) ले प्रतिबन्धित अवस्थामा पार्टी सङ्गठन विस्तारको प्रक्रियामा प्रगतिशील गीतलाई जनसमक्ष पुग्ने माध्यम बनाएको स्पष्ट देखा पर्दछ । नेकपा (माले) कै निर्देशनमा नेपालका गाउँगाउँमा गीति कार्यक्रमहरू सञ्चालन हुँदै जाँदा पार्टी जनताको विश्वास जित्न र जनाधार निर्माण गर्ने कार्यमा सफल हुँदै गयो । त्यसै आधारमा जनस्तरमा पार्टी सङ्गठन विस्तार गर्न प्रगतिशील गीत एक महत्त्वपूर्ण साधन र कडीका रूपमा अभ्यास भएको देखा पर्दछ । सङ्कल्प परिवारले जनमत सङ्ग्रहका समयमा गाउँगाउँमा सङ्कल्प गीति कार्यक्रम गरी गीतहरूको आड र प्रभावमा नेकपा (माले) को पार्टी सङ्गठन विस्तार हुँदै गयो । कुनै ठाउँमा पार्टी सङ्गठन निर्माण गर्नुपर्दा सङ्कल्पका गीति कार्यक्रम पार्टीको प्राथमिकतामा रहन पुग्यो । गीति कार्यक्रमले पार्टी सङ्गठन विस्तार गर्ने कार्यमा अनुकूलता र सहजता थप्दै गयो । सङ्कल्प गीति कार्यक्रमले मालेको पार्टी सङ्गठन मात्र विस्तार भएन, नेकपा (माले) को पक्षमा जनमतको समेत सिर्जना हुँदै गयो । जनमत गुण र मात्रा दुवैमा अभिव्यक्त हुने हुँदा गुणात्मक रूपमा पार्टीको शक्तिमा वृद्धि हुन गयो भने मात्रात्मक रूपमा त्यसले नेकपा (माले) को सङ्गठनात्मक रूपमा बदलाव ल्याउनमा मद्दत पुग्न गयो । त्यो बदलावले नेकपा (माले) किसान, मजदुर,

युवा, महिला, विद्यार्थी क्षेत्र हुँदै विभिन्न वर्गलक्षित गीतहरूले तत्तत् वर्ग क्षेत्रमा पार्टी सङ्गठन बनाउन उक्त पार्टीलाई सहजता मिल्दै गयो, पार्टी सङ्गठनको प्रभाव विस्तार हुँदै गयो । गाउँघरमा जतिजति प्रगतिशील गीति कार्यक्रमको लहर बढ्दै गयो, त्यतिनै मात्रामा मालेको राजनीतिप्रति जनविश्वास बढ्दै गयो । त्यसको प्रभावमा मालेका कार्यकर्ताहरूको सङ्ख्या बढ्न पुग्यो । राल्फा, सङ्कल्प लगायतका संस्थाहरूले त्यसलाई सामूहिकीकरण र विस्तारीकरण गर्नमा सघाए । प्रगतिशील गीत तात्कालीन व्यवस्था विरूद्ध जनवादी प्रगतिशील विचार र संस्कृतिका निम्ति थिए । यसले यथास्थितिलाई चुनौती दिँदै मार्क्सवादी चेतनाद्वारा समाजलाई परिवर्तनको दिशामा अग्रसर बनायो । प्रगतिशील मूल्य चेतनाले समाजलाई प्रेरित गऱ्यो । नेकपा (माले) ले लिएको शक्ति सुदृढिकरणको अवधारणालाई प्रगतिशील गीतको चेतनाले सहयोग पुग्दा नै जनसङ्गठन, पार्टी सङ्गठन शक्ति वृद्धि हुँदै गयो । आस्था पार्टी स्वतन्त्र भए पनि त्यसले जनआन्दोलनमा खेलेको भूमिकाले प्रजातन्त्र प्राप्तिको साझा उद्देश्यलाई नै सहयोग पुग्न गयो । तात्कालिक रूपमा प्रगतिशील गीतले पार्टीको हीतमा काम गरेको भएता पनि त्यसको लाभ समग्र मुलुकको प्रजातान्त्रिक अभ्यास र त्यसको विकासमा नै उपयोग हुन पुग्यो । यसबाट प्रगतिशील गीतको नेपालको राजनीतिक परिवर्तन (२०४६) मा गुणात्मक प्रकृतिको योगदान रहेको थियो भन्न सकियो ।

अन्तर्राष्ट्रिय समाजवादी आन्दोलनमा गीतले खेलेको भूमिकाहरूको अनुभवद्वारा नै नेकपा (माले) ले घरेलु राजनीतिमा गीति शक्तिको प्रयोग उपलब्धिपूर्ण बनाउन सक्यो । गीतहरू सैद्धान्तिक र व्यावहारिक रूपमै प्रयोग, अभ्यास हुँदै जाँदा पार्टीले जनशक्ति निर्माणमा समेत सहयोग प्राप्त गऱ्यो । गीतका राष्ट्रवादी, सामन्तवाद विरोधी स्वरहरू, राजनीतिक चेतना, क्रान्ति, सङ्घर्ष र परिवर्तनका निम्ति राजनीतिक उद्देश्यका आधारहरू बने । समग्रतामा वर्गीय चेतनाका गीतहरूको संश्लेषणद्वारा नेकपा ( माले) को पार्टी सङ्गठन, जनशक्ति, पार्टी पंक्ति, वैचारिक र सङ्गठनात्मक शक्तिको निर्माण हुँदै गयो । विभिन्न कोणबाट पञ्चायत विरूद्ध प्रगतिशील गीतको अभ्यास हुँदै जाँदा अनेकन दमन र हस्तक्षेपहरू हुँदै गए । त्यसले प्रतिरोधात्मक शक्तिको विकास हुँदा जनआन्दोलन (२०४६) मा त्यो शक्ति अझ सशक्त रूपमा देखा पर्न गयो । राजनीतिक आन्दोलनको मुख्य कार्यभार राजनीतिक दलहरूले नै पुरा गर्ने हुन् । २०४६ अघिका आन्दोलनहरूको नेतृत्व राजनीतिक दलहरूले नै गरेका हुन् । प्रजातन्त्रको पुनर्स्थापनाको आन्दोलनमा नेकपा (माले) संयुक्त वाममोर्चाको सबै भन्दा ठुलो साम्यवादी दलका रूपमा राजनीतिक आन्दोलनको नेतृत्वदायी भूमिका निभाएको थियो । वर्गीय स्वार्थ पूरा गर्न सङ्गठन निर्माण गर्ने परम्परा भूमिगतकालमा चल्यो । उपयोग गर्नेहरू र उपयोग हुने दुबैको योगदान सङ्गठन निर्माणमा उत्तिकै हुन्छ । यस सन्दर्भको अध्ययनले प्रगतिशील कलाकारहरूले आफ्ना सिर्जना मार्फत उठाएको राजनीतिक चेतना, दुई शक्तिबीचको अन्योन्याश्रित सम्बन्धको परिणाम नै पार्टीले शक्ति आर्जन गर्दै राजनीतिक परिवर्तनका आन्दोलनहरूलाई तार्किक निष्कर्षमा योगदान पुऱ्याएको देखा पर्दछ ।

# अध्याय : छ

# जनआन्दोलन (२०४६) मा प्रगतिशील गीतको योगदान

## ६.१ २०४६ को जनआन्दोलनको पृष्ठभूमि

नेपालमा ३० वर्ष चलेको निर्दलीय पञ्चायती व्यवस्था राजाको सक्रिय नेतृत्व निर्दलीयता, वर्ग-समन्वय, विकेन्द्रीकरणको आधारमा टिकेको थियो । देशको सार्वभौमिकता राजामै निहित थियो । राष्ट्रको सम्पूर्ण शक्तिको स्रोत राजालाई मानिएको थियो । सरकारको संस्थागत केन्द्रविन्दुका रूपमा राजतन्त्रलाई मानिएको थियो । प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहीत समाजको सृजना गर्ने व्यवस्थाको मूल उद्देश्य, (गाउँफर्क राष्ट्रिय अभियान, २०३१) भनिएता पनि निर्दलीयताको अवस्थामा प्रजातान्त्रिक व्यवस्थाको कल्पना सम्भव हुन सक्ने कुरा थिएन । विरोधी र विपक्षीहरूमाथि भएका दमन, अन्याय, शोषण राजनीतिक प्रतिशोधजन्य कार्यले न्यायपूर्ण समाजका आधारहरू कमजोर भएका थिए । नेपाली वर्ग समाजमा वर्ग समन्वयको प्रक्रियाबाट शोषणरहीत समाज स्थापना हुने कुरा असम्भव थियो । विकेन्द्रीकरणले नीति निर्णयमा दलीय तथा जन सहभागिताको अपेक्षा राख्दछ, दलविहीनताको अवस्थामा विकेन्द्रीकरण प्रजातान्त्रिक व्यवस्था भएको देखाउने नीति मात्र बन्न पुगेको थियो । वर्गीय रूपमा समाजमा सामन्तवाद हावी थियो, जहाँ जमिनदारले किसानहरू माथि शोषण गर्दथे । वंशज या कुलका आधारमा शासन गर्ने परिपाटीलाई सामन्तवाद भनियो । जमिनदारहरूको संरक्षण गर्ने हुँदा शासकहरूलाई सामन्त भनियो ।त्यसैको आधारमा राज्यको शासन प्रणालीको संरचना समेत तयार भएको थियो ।

संसारका कुनै पनि राजनीतिक प्रणाली अपरिवर्तनशील छैनन् । समय परिवर्तनसँगै मानिसका आकाङ्क्षाहरू परिवर्तन हुँदै जाँदा त्यसको प्रभाव राजनीतिक प्रणालीमा पनि पर्दछ । राजनीतिक प्रणालीले जनचाहना र भावनालाई आत्मसात् गर्न नसक्दा जनता स्वयम् राजनीतिक प्रणाली परिवर्तनका निम्ति अग्रसर हुन्छन् । २०४६ को राजनीतिक परिवर्तन यसैको एक ज्वलन्त दृष्टान्त थियो । २०१७ पौष १ गते राजा महेन्द्रले हठात् संसदीय व्यवस्था अपदस्त गरेपछि राजनीतिक प्रणालीको वैधानिकतामाथि नै प्रश्न उठ्न थाल्यो । २०१९ को संविधानले वैधानिकता प्राप्त गरे पछि भूमिगत दलहरूलाई त्यसले झनै चिढ्यायो । नेपाली काँग्रेसले प्रजातन्त्र पुनर्स्थापनाका निमित्त २०१८ को क्रान्ति दिवसदेखि "हान र भाग" को नीतिअन्तर्गत सशस्त्र सङ्घर्षको सुरुवात गऱ्यो । त्यसको प्रभाव तराईका जिल्लाहरूमा बढी पऱ्यो । २०२८ देखि झापाका कम्युनिस्ट क्रान्तिकारीहरूले 'सामन्त सफाया अभियान' सुरु गरे । झापाका विभिन्न स्थानमा एरिया कमिटी र अन्य स्क्वाड गठन भए। स्क्वाडको आक्रमणका कारण बुटन चौधरी, उद्रकान्त राजवंशी, ईश्वरीप्रसाद चुँडाल, ज्ञानबहादुर बस्नेत, विष्णुप्रसाद विमली, धर्मप्रसाद ढकाल र उनका छोरा ज्ञानेन्द्रप्रसाद ढकाल मारिए।

झापा विद्रोहमा विद्रोही पक्षबाट ८ जना र सरकारी पक्षबाट ७ जना गरेर १५ जना झापालीले ज्यान गुमाएका थिए भने एक जना बेपत्ता भएका थिए । विद्रोहपछि पञ्चायती सरकारले गरेको दमनमा परेर झापाली क्रान्तिकारीहरूले १० देखि १७ वर्षसम्म जेल जीवन भोगेका थिए । मोहनचन्द्र अधिकारी, केपी शर्मा ओली लगायतले १४ वर्ष जेल जीवन बिताएका थिए । "जनताका नाउँमा एक मुट्ठी मान्छेले आफ्नो रहर निर्देशित/प्रायोजित अथवा अरु प्रकारका रहरहरू लाध्न खोज्यो भने देशले अस्वीकार गर्छ र बाटो बदल्नुपर्छ, मैँले पनि झापा आन्दोलनताका जुन नीतिहरू लिएको थिएँ, त्यो सही नीति भएनछ । बदलियो," (ओली, शिलापत्र, २०८१) । झापा विद्रोहका क्रममा गठन गरिएका स्क्वार्डहरूले वर्गसत्रु खतम अभियानअन्तर्गत लिइएको एक्सन गलत भएको उक्त पार्टीले पछि स्वीकार गरेको थियो । "झापा विद्रोहलाई उत्प्रेरित गर्ने मूलतः तीनवटा कारण थिए- राजाको तानाशाहीले सिर्जना गरेको उकुसमुकुसको अवस्था र मुक्त हुने हुटहुटी, सामन्ती शोषणविरुद्ध किसानहरूको असन्तुष्टि तथा कम्युनिस्ट आन्दोलनमा उत्पन्न शिथिलता, अकर्मण्यता र नेतृत्वको लाचारीप्रति युवा क्रान्तिकारीहरूको आक्रोश," (ज्ञवाली, २०७८) । त्यस्का मूल नेताहरूलाई अदालतले कारावासको सजाय सुनायो । २०३० मा अर्घाखाँचीको बर्रेमा सामन्तीहरूको सम्पत्ति खोस्ने कारबाहीमा पञ्चायतले दमन गर्‍यो । प्रतिरोध हुँदै गयो । २०३३ मा नक्खु जेल विद्रोह गर्दै १४ जना झापाली वामपन्थीहरू सुरुङ खनी जेलबाट भागेर शासकहरूलाई चुनौती दिए ।

२०३६ मा विद्यार्थी आन्दोलन उठ्यो, त्यसैको दबाबमा २०३६ जेठमा जनमत सङ्ग्रहको घोषणा भयो । निर्दलको पक्षमा ल्याइएको नतिजालाई बहुदलवादीहरूले धाँदली भने । २०४२ जेठ १ गते देखि नेपाली काँग्रेस शान्तिपूर्ण सत्याग्रह सुरु गर्‍यो । वामपन्थीहरूले पनि एक्यबद्धता जनाए । २०४२ असार ६ मा रामराजाप्रसाद सिंहले काठमाडौँमा राजतन्त्र लक्षित बम विष्फोटन गरे । विस्फोटनमा ५ जना राष्ट्रिय पञ्चायतका कर्मचारीको पनि मृत्यु भयो । उक्त सशस्त्र सङ्घर्ष लामो समय टिकेन । २०४३ मा सम्पन्न राष्ट्रिय पञ्चायतको निर्वाचनलाई उपयोग गर्ने नीतिअनुरूप नेकपा (माले) समर्थित जनपक्षीय उमेदवार पद्मरत्न तुलाधर काठमाडौँबाट सूर्य चिह्न लिएर विजयी भए । सोही पार्टीबाट द्रोणचार्य क्षेत्री, जागृतप्रसाद भेटवाल, सोमनाथ प्यासी, पर्शुराम खापुङ, नवलकेमी राई, नेकपा (माले) का ६ जना र अन्य वामपन्थी गरी १० जनाले चुनाव जिते । उक्त चुनावी उपयोगले नेकपा (माले) र काँग्रेसलाई केही निकट तुल्यायो । २०४३ असार १७ गते पद्मरत्न तुलाधरले राष्ट्रिय पञ्चायतको बैठकमा बहुदलको माग गरे ।

पञ्चायती व्यवस्था विरूद्ध साझा मोर्चा बनाएर जाने बारेमा २०४६, कार्तिक २०, २१, २२ मा बसेको काँग्रेसको कार्य समितिको बैठकले एक शान्तिपूर्ण र अहिंसात्मक जनआन्दोलन गर्ने निर्णय गर्‍यो । माघ १७ गते नेका र वाममोर्चाका प्रतिनिधिबीच शीर्षस्थ वार्ता भई निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय प्रजातन्त्रको स्थापनाको मागलाई अघि बढायो । काँग्रेस कार्यबाहक

सभापति कृष्णप्रसाद भट्टराई तथा संयुक्त वाममोर्चाकी अध्यक्ष सहाना प्रधानले २०४६ माघ २७ मा संयुक्त हस्ताक्षर गरी एक साझा कार्यक्रम सार्वजनिक गरे । राजनीतिक बहुमार्गी मतहरूलाई सामूहिकीकरण गर्नमा उक्त एजेण्डाले बल पुऱ्यायो । त्यसअघि नै जनआन्दोलन गर्ने बारेको राजनीतिक प्रस्ताव नेपाली काँग्रेसबाट आएको थियो, जसलाई परिशिष्ट २ मा हेर्न सकिन्छ । राष्ट्रिय जनआन्दोलनका निम्ति साझा आह्वान (परिशिष्ट ३) ले बहुदलवादीहरूलाई आशाको सञ्चार गरायो । सात वाम बाहेकका कम्युनिस्ट घटकहरूले 'संयुक्त राष्ट्रिय जनआन्दोलन' निर्माण गरे । जनआन्दोलनका ३ चरणका कार्यक्रमहरू सार्वजनिक भए ।

पहिलो चरणका कार्यक्रममा देशव्यापी जुलुस प्रदर्शन, आमसभा र बन्दका कार्यक्रम, दोस्रो चरणमा जुलुस प्रदर्शन, पञ्चायतको पुत्ला जलाउने, प्रचारात्मक कार्यक्रम र झण्डा प्रदर्शन, नेपाल बन्द जस्ता कार्यक्रम थिए । फागुन २७, २८ र २९ गतेको आन्दोलन सम्बन्धी प्रचारात्मक कार्यक्रमहरू सञ्चालन हुनु पूर्व नै जनआन्दोलनका सर्वोच्च नेता गणेशमान सिंहले देशवासीका नाममा एक अपिल जारी गरे, जसलाई परिशिष्ट ४ मा राखिएको छ । तेस्रोचरणको कार्यक्रममा आइपुग्दा जनआन्दोलनमा निरन्तर बढ्दो जनसहभागिता, जन उभारले प्रशासनिक नियन्त्रण र शासकीय सक्षमता गुमाउँदै जाँदा पञ्चायतले दमन र प्रतिशोधलाई व्यवस्था बचाउने एक मात्र सहारा बनाउन पुग्यो ।

आन्दोलनमा दमन र प्रतिरोध एकसाथ देखा पर्दछ । यसमा पाटनवासी जनताले देखाएको पचासौं हजारको जुलुस प्रदर्शन, प्रहरी बिटमा आगजनी, पाटन मुक्ति क्षेत्रको घोषणा र केहीको बलिदान समेत जनआन्दोलनका उल्लेख्य पक्ष हुन् । जनआन्दोलनको दबाब खेप्न नसकेका राजाले चैत्र २४ गते लोकेन्द्रबहादुर चन्दलाई नयाँ प्रधानमन्त्री घोषणा गरे । उक्त घोषणाले आन्दोलनलाई झनै उग्र बनायो, राजाको घोषणालाई आन्दोलनकारीले अस्वीकार गरे । चैत्र २४ गतेको कार्यक्रममा धेरै हताहत भए, घरबाट ननिस्कन निषेधाज्ञा जारी भयो । राजनीतिक व्यक्तिहरूलाई रिहा गरियो । चैत्र २६ गते राति राजासँग ने.का. र वाममोर्चाका प्रतिनिधिबीचको वार्तामा कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, सहाना प्रधान र राधाकृष्ण मैनाली सामेल भए । वार्ताले संविधानबाट निर्दलीयता शब्द हटाई दलमाथिको प्रतिबन्ध हटाइएको उल्लेख गऱ्यो । ३० वर्षे प्रतिबन्ध हट्न पुग्यो । यसको खुशियाली जुलुसमै पनि सेनाले गोली चलाउँदा ५ जना नागरिकको ज्यान गयो । चैत्र २७ गते काठमाडौंको खुलामञ्चमा लाखौं जनता सहभागी कार्यक्रममा काँग्रेस र वाममोर्चाका मूल नेताहरूले सम्बोधन गरे । २८ गते पुनः प्रज्ञाभवन कमलादीमा वार्ता भई बैशाख ३ गतेको घोषणामा राजाले राष्ट्रिय पञ्चायत, पञ्चायत नीति जाँचबुझ समिति, वर्गीय सङ्गठनहरू भङ्ग मात्र गरेनन्, लोकेन्द्रबहादुर चन्दलाई समेत राजिनामा दिन लगाए । यसरी पचास दिनसम्म चलेको जनआन्दोलनले

निर्दलीय व्यवस्था ढल्न पुग्यो । निरङ्कुश शासनको अन्त्य भई मुलुक बहुदलीय प्रजातान्त्रिक संसदीय राजनीतिमा प्रवेश गऱ्यो ।

राजनीतिक परिवर्तन भनेको राजनीतिक संस्था, सङ्गठन संरचना, पद, भूमिका आदि सहित शासकीय स्वरूपमा आउने परिवर्तन हो भने सांस्कृतिक परिवर्तन मानवीय व्यवहार, मूल्य, मान्यता, जीवनशैली, संस्कृति, चिन्तन र चेतनामा आउने अभौतिक परिवर्तन हो । यी एक अर्काका पूरक हुन् । मार्क्सवादी दर्शनअनुसार कला, साहित्य, सङ्गीत जस्ता अभौतिक कुराहरूले अधिरचनाका रूपमा राजनीतिक परिवर्तनको गुणात्मक विकासमा महत्त्वपूर्ण रूपमा सघाइरहेका हुन्छन् । जनआन्दोलनमा प्रगतिशील गीतले सुरुवात देखिनै जनतालाई क्रान्ति चेत भर्ने र हौसला प्रवर्द्धन गर्ने काम गरे । जनतालाई आन्दोलनमा उराल्न, गोलबन्द र सङ्गठित हुनमा मद्दत पुऱ्याए । गीतले राजनीतिक चेतना प्रवाह गर्दै आन्दोलनको पृष्ठभूमि तयार पार्न र क्रान्ति मनोदशाको निर्माणमा सहयोग पुऱ्याए । कलाकारहरू पटकपटक जेल परे । त्यस अधिका विभिन्न समयमा रामेश, मञ्जुल, शम्भु राई, जेबी टुहुरे, श्याम तमोट, कुमार कार्की, रेख ब्लोन लगायतका अनेकन प्रगतिशील कलाकारहरू गीति अभियानका क्रममा जेल र कष्टडीमा बसे, अनेकन यातना पाए । जेबी टुहुरे गीति अभियानको क्रममा ३ पटक जेल र कष्टडीमा बसेका थिए । कष्टडीमा बस्दा कुटपिट र यातना दिने काम भयो । आस्थाले आन्दोलन अवधिभर "क्रुर दमनलाई धक्का मार्छौं, काला कानुनलाई धुस्नो पार्छौं," (मिश्र, २०४९: ९५) जस्ता तात्कालीन व्यवस्था विरोधी गीत गाएर सत्ताको खबरदारी गऱ्यो ।

केही विद्वान्हरूका अनुसार- "गीत सङ्गीतको शक्ति विश्वमा मानव पहिचान, राष्ट्रियताको अभिवृद्धि, भूराजनीतिक परिवर्तन, सामाजिक, सांस्कृतिक, राजनीतिक आन्दोलन, चेतना विस्तार र त्यसको प्रचारमा प्रयोग हुँदै आएको छ । त्यसमा पनि खासगरी साम्यवादीहरूले गीत सङ्गीतलाई राजनीतिक हतियारको रूपमा प्रयोग गर्दै आएका छन्," (क्लोनेन् र हेल्म्स सन् २०१३, पृ.७) । क्रान्ति वा राजनीतिक परिवर्तनका लागि क्रान्तिकारीहरूको सङ्गठनको विकास, बाह्य वातावरणको प्रेरणा र अनुकूलतालगायत उपयुक्त परिस्थिति र विद्रोहको वातावरण तयार पार्ने काममा कला-सङ्गीतको महत्त्वपूर्ण भूमिका देखा पर्दछ । यसै सन्दर्भमा साम्यवादी आन्दोलनकै पृष्ठभूमिबाट प्रगतिशीलहरूले जनचेतना, अभिप्रेरणा, जागरण, जनसङ्घर्ष र जनआन्दोलनमा जन सहभागितामूलक गोलबन्दीकरणका निम्ति प्रजातन्त्रको पुनर्स्थापनालाई केन्द्र भागमा राखेर गाएका केही गीतहरू दृष्टान्तका रूपमा प्रस्तुत गर्न सकिन्छ । उनिहरूले जनआन्दोलनका समयमा र त्यस अधिका "आन्दोलनमा देशभरी नारा घन्क्यो प्रजातन्त्र जिन्दावाद, दुधे ओठमा गुञ्ज्यो तानाशाही मुर्दावाद," (शिखा, २०४७, भाग ५: ५) गीति नारा लगाएका थिए । "नेपाली उठेको 'वी वान्ट डेमोक्रेसी' भनेको, आगो बालेर छातीमा गोली थापेर" (रामेश, २०४७, भाग १: ८२) भन्दै प्रजातन्त्रको माग गरेका थिए । बग्छ यहाँ एकपटक परिवर्तनको खोला, व्यक्ति स्वार्थमा अल्झिदिँदा भावी सन्तान रोला," (राई,

२०४७, भाग १: २४) भन्दै राजनीतिक परिवर्तन नभए जनताको भविष्य अन्धकार हुने कुरामा जनतालाई सचेत गराएका थिए । "चेतनाको प्रवाहलाई रोक्न सकिन्न, जति छोप्न खोजे पनि सत्य छोपिन्न" (तमोट, २०४७, भाग १: १६) जस्ता गीतको माध्यमबाट जनताको परिवर्तनको तीव्र चाहनालाई चेतावनीका रूपमा प्रकट गरेका थिए । "प्रजातन्त्र के हो ? अहिले कसको हातमा छ, देशमै भए प्रजातन्त्र कसले लुका छ," (खतिवडा, २०४७, भाग ५: १७) भन्ने प्रश्न गर्दै प्रजातन्त्र मास्ने शासकहरूप्रति खबरदारी गरेका थिए । "इन्क्लाबको नारा लाग्दा हामी मुट्ठी कस्छौं, घुँडा घसी माइती लड्दा हामी बारूद बोक्छौं," (वान्तवा, २०४७, भाग ५: ३८) भन्दै महिलाहरूले पुरुषहरू सँगसँगै अघि बढ्ने प्रण गरेका थिए । "उठ है उठ मजदुर किसान पहाड खन्नलाई, ब्युँझ है ब्युँझ शोषित पीडित आन्दोलन हाँक्नलाई," (प्रसाई, २०४७, भाग ३: ३२ । ) गीतबाट श्रमजीवी वर्गलाई आन्दोलनमा सहभागी हुन आग्रह गरेका थिए । "आउ मिलाउँ हाम्रा स्वरहरू, राष्ट्रियता र स्वतन्त्रताका लागि," (हमाल, २०४७, भाग २: २६) भन्ने गीतबाट स्वतन्त्रताको आन्दोलनमा एकढिक्का भई अघि बढ्न अपिल गरेका थिए । "बन्दी छन् हाम्रा हातहरू चुडाउँ हत्कडीहरू, बन्दी छन् हाम्रा पाउहरू, चुडाउँ नेलकडीहरू" (राई, २०४७, भाग २: २०) भन्ने गीतबाट अन्यायपूर्ण ढङ्गबाट बन्दी जीवन बिताउन वाध्य पारिएका साथिहरूको रिहाइको माग गर्दै निरङ्कुशता विरूद्ध जनमत जुटाउन र राजनीतिक परिवर्तनको आन्दोलनमा सहभागी हुन प्रेरित गरेका थिए ।

पञ्चायतकालमा गाइएका ती गीत तात्कालीन व्यवस्था विरूद्ध प्रजातन्त्रकै निम्ति थिए भन्ने कुरा गीति पंक्तिहरूले नै बोल्दछन् । ती गीतमा निरङ्कुश शासन सत्ता विरूद्ध तीव्र विरोध र असन्तुष्टि जाहेर गर्दै आन्दोलनमा जनसहभागिता र सक्रियताको अपेक्षा राखेको पाइन्छ । कतिपय गीत राजनीतिक परिवर्तनको भावभूमि तयार पार्ने क्रममा २०३६ को आन्दोलन र त्यस अघिदेखि नै ती कलाकारहरूले गाउँदै आएका थिए । २०४६ कै परिवेशमा गाइएका कतिपय गीतहरूले यथास्थितिको विरोध र परिवर्तनप्रतिको तीव्र आकाङ्क्षा प्रस्तुत गरेको पाइन्छ । यस्ता गीतले आन्दोलनका पक्षमा जनमत सिर्जना गर्न, जनचेतना फैलाउँन, देशभक्तिको भावना जगाउनमा योगदान पुऱ्याएका थिए । "कम्युनिष्ट पार्टीहरु प्रतिबन्धित भएका बेला साहित्यिक र सांस्कृतिक कार्यक्रमहरु जनताका माझमा पुग्ने प्रमुख माध्यम थिए । यस्ता कार्यक्रमहरुले जनतामा जागरण ल्याउन र उनीहरुलाई सङ्गठित गर्न योगदान दिन्थे । त्यस बखत सांस्कृतिक कार्यक्रमहरुका माध्यमबाट संस्कृतिकर्मीहरुले दिएको योगदान निकै महत्वपूर्ण छ," (गिरी, २०७८, भदौ १९) । उक्त भनाइले प्रगतिशील गीतको राजनीतिक भूमिका, स्रष्टाहरूको त्याग र बलिदानीको चित्रण गर्दछ । जेलनेल, सङ्घर्ष, घर परिवारसँगको विछोड, निर्वासन र बलिदानका विषयहरू कुनै पनि राजनीतिक परिवर्तनको आन्दोलनका निम्ति अमूल्य योगदान मानिन्छ । लामो समयदेखि सञ्चित हुँदै गएको सांस्कृतिक शक्तिले राजनीतिक शक्तिसँग लय मिलाउँदै क्रान्तिकारी भावना पैदा गर्ने कार्यले राज्य सत्तालाई गलाउनमा भूमिका खेल्दै गयो । खड्गी ( सन् २०२१) का अनुसार- "विरोध प्रदर्शनको

क्रममा तमोटले लेखेको 'गाउँगाउँबाट उठ, यो देशको मुहार फेर्नलाई उठ,' गीतलाई आन्दोलनरत विद्यार्थीहरूले 'आन्दोलन गान' बनाए। उक्त गीतले जनआन्दोलनमा लाग्नेहरूलाई थप उर्जा, क्रान्ति, जोश पैदा गर्ने र जनताको विश्वास जित्ने काम गरेको थियो। माओले भनेका थिए- "शत्रुलाई परास्त गर्न बन्दुकधारी सेनामात्र पर्याप्त हुँदैन, सांस्कृतिक सेना पनि हुनुपर्दछ," (ज्ञवाली, २०७७, पुष १३)। उक्त भनाइले पनि राजनीतिक परिवर्तनमा प्रगतिशील सांस्कृतिक अभियानको महत्त्व देखा पर्दछ। त्यही विश्वासको परिणाम आन्दोलनकारीहरूले गीतलाई आन्दोलनको माहोल तयार गर्ने काममा प्रयोग गरेका थिए। यिनै भावनाबाट प्रशिक्षित प्रगतिशील कलाकारहरूको राजनीतिक परिवर्तन (२०४६) मा भूमिका देखा पर्‍यो, सोही भूमिकाका आधारमा २०४६ को जनआन्दोलनमा ती गीतको योगदानका बारेमा यहाँ विश्लेषण गरिएको छ।

### ६.१.१ जनचेतना र राजनीतिक परिवर्तन

युद्धको समर्थनमा, युद्धको विरुद्धमा गाइएका गीत र राजनीतिक परिवर्तनका निम्ति गाइएका गीतहरू नै संसारमा धेरै वर्षसम्म चर्चामा रहिरहनुले गीत राजनीतिक विचार व्यक्त गर्ने बलियो हतियार हो भन्ने कुरालाई आधार दिन्छ, जस्को चर्चा चौथो अध्यायमै गरिसकिइएको छ। जनचेतना, हक अधिकारका निम्ति सचेत, जागरुक र जागृत रहने अवस्था हो। राजनीतिक परिवर्तनको निर्णायक शक्ति राजनीति र राजनीतिक दलहरू भएता पनि सामाजिक, आर्थिक प्रणाली र सांस्कृतिक मूल्य पद्धतिहरूले पनि कसिलो रूपमा त्यसभित्र भूमिका खेलिरहेका हुन्छन्। "जनचेतनाले जनमत निर्माण गर्न, सामूहिक कार्य सञ्चालन गर्न र समाजमा सकारात्मक परिवर्तन ल्याउनमा महत्त्वपूर्ण भूमिका खेल्छ, जनचेतनाले विभिन्न व्यक्ति, समूहहरू बीच समानुभूति, समझदारी र संवादलाई बढावा दिएर सामाजिक एकता बढाउँछ," (थोमस रिश, सन् २०२३)। सामाजिक चुनौतिहरू सम्बोधन गर्न र सकारात्मक परिवर्तनलाई प्रोतासहित गर्न जनचेतनाको भूमिका महत्त्वपूर्ण हुन्छ। समाजका जटिल मुद्दाहरू बुझ्न र त्यसमा संलग्न हुन, गराउन, सूचित गर्न, लोकतान्त्रिक प्रक्रियाहरूमा सहभागी गराउन, अधिकार र चासोहरूको बारेमा वकालतको पक्षधरता निर्माण गर्न यसले मानिसलाई सक्षम बनाउँछ। यसले व्यवहार परिवर्तनको लागि उत्प्रेरकको रूपमा पनि काम गर्दछ, र सामाजिक न्यायसँग सम्बन्धित कार्यहरूलाई प्रभाव पार्छ। यो समाजको बहुआयामिक गतिशिलतासँग जोडिएको हुन्छ। सोही बहुआयाम भित्रको एउटा शक्ति सङ्गीत हो। दुङ्गरवालका अनुसार- "सङ्गीतले धेरै महत्त्वपूर्ण विचारहरूको अन्वेषण गर्दछ र केही ठोस विचार र मुद्दाहरूको निर्माणमा मानिसको दिमागलाई प्रभाव पार्छ, समाजलाई प्रेरित गर्दछ। यसका प्रभावहरू राजनीतिक मुक्ति, अभिमुखीकरण, अभिसरण र अग्रगामी सांस्कृतिक विश्वासको निर्माण तथा सामाजिक विश्वासको पुनर्स्थापनालाई समाजको चारैतिर फैलाउनमा सूक्ष्मरूपमा भूमिका खेल्न सक्छ," (फेब्रोअरी २०, सन् २०२३)। यसैकारण मार्क्सले सर्वहारा सङ्गीतको द्वन्द्वात्मक संरचना बन्द होइन, खुला हुन्छ, त्यसको

गतिशिलताले भविष्योन्मुखी दिशाको द्योतन गर्दछ र यसले परिवर्तनको एक बलशाली हतियारका रूपमा काम गर्छ भनेका थिए ।

त्यो बेला, प्रजातान्त्रिक तथा साम्यवादी दलका आ-आफ्ना उद्देश्य थिए । तात्कालीन नेकपा (माले) ले मार्क्सवाद लेनिनवादमा आधारित नयाँ जनवादलाई परित्याग नगरी अन्तरिम जनवादी सरकारको कार्यक्रमलाई न्यूनतम कार्यक्रमका रूपमा अगाडि बढाएको थियो । "नेपाली काँग्रेसले औपचारिक रूपमा प्रजातान्त्रिक समाजवादलाई आफ्नो सिद्धान्त मानेको थियो," (डेसेन र वन्त, सन् २००४) । नेपाली काँग्रेसले पार्टी निर्माण सङ्गठन विस्तारमा सांस्कृतिक शक्तिको उपयोग धेरै गरेन तर कम्युनिस्ट पार्टीहरूले त्यसैलाई जनतामा पुग्ने, जनाधार निर्माण गर्ने र गीति कार्यक्रमले निर्माण गरेको प्रभाव क्षेत्रलाई आधार इलाका बनाउने काम गरे । त्यसैको जगमा सङ्गठन निर्माण गर्ने कार्यलाई अघि बढाए । त्यसलाई राजतन्त्रले अवरोध पुऱ्याएको थियो । किनकि कला, साहित्य आदिलाई राजा र राजतन्त्रको वरिपरि सीमित गर्ने प्रयत्न गरिएको थियो । त्यसलाई राष्ट्रिय संस्कृतिको रूपमा प्रचार गरिएको थियो । यस अर्थमा, पञ्चायती व्यवस्थाले सामन्तवाद र पुँजीवादको मात्र रक्षा गर्ने हुँदा नयाँ जनवादी संस्कृतिले मात्र जनतामा क्रान्तिकारी प्रेरणा र हौसला सिर्जना गर्न सक्छ भन्ने पुष्पलालले तर्क अघि सारेका थिए । यस सन्दर्भमा "नेकपाले राष्ट्रको चेतना र क्रान्तिकारी जीवनमा विष सिर्जना गर्ने सामन्तवादी, पुँजीवादी र साम्राज्यवादी संस्कृतिको अन्त्य गर्नेछ । नयाँ लोकतान्त्रिक संस्कृतिले बहुजातीय नेपाली संस्कृतिमा राष्ट्रियता र क्रान्तिकारी भावनालाई बढावा दिनेछ र सबै जातजातिको भाषा, बोली, लोकगीत, गायन, नृत्य, वाद्ययन्त्र आदिको विकास गरिनेछ भन्ने सांस्कृतिक अवधारणा र प्रतिबद्धता अघि सारेको थियो," (पोखरेल, सन् २००७, १६०-६६) । यसबाट मालेले सांस्कृतिक क्षेत्र, त्यसमा पनि प्रगतिशील गीति क्षेत्रलाई महत्त्व दिएको देखापर्दछ । उक्त भनाइबाट गीत राजनीतिक परिवर्तनको एक महत्त्वपूर्ण क्रान्तिसाधनका रूपमा रहेको थियो भन्ने देखापर्दछ । फ्रान्स, सोभियत सङ्घ, चीन, भियतनाम, क्युबा, आदि देशहरूमा राजनीतिक चेतना फैलाउन, जनमत निर्माण गर्नमा देशभक्तिका गीतले योगदान पुऱ्याएका दृष्टान्त यस अघिको अध्यायमा चर्चा भइसकेका छन् । यहाँ २०४६ को जनआन्दोलन र त्यसको पृष्ठभूमि तयार पार्नमा प्रगतिशील गीतले पुऱ्याएको योगदानका बारेमा विश्लेषण गरिएको छ । राजनीतिक परिवर्तन राजनीतिक क्रियाशीलताको गुणात्मक नतिजा भएकोले यसलाई मार्क्सको नियम मात्रात्मकबाट गुणात्मक परिवर्तनलाई पछ्याउँदै पञ्चायती व्यवस्थाको प्रादुर्भाव भए देखिको राल्फा, सङ्कल्प हुँदै आस्था सम्मका गीति योगदानहरूको विश्लेषण गरिएको छ ।

कुनै पनि राजनीतिक आन्दोलन जनचेतनाको जगमा हुने गर्दछ । जनचेतना राजनीतिक उद्देश्यसँग जोडिएपछि राजनीतिक चेतना बन्दछ । "राजनीतिक चेतना एक औजार र उद्देश्य दुवै हो, एक औजारको रूपमा राजनीतिक चेतनाले धेरै तहमा शक्ति गतिशीलतालाई उत्प्रेरित गर्छ ।

राजनीतिमा नागरिकको सहभागिता बढाउन, नागरिकको हीतलाई जवाफदेही बनाउन दिगो आधार प्रदान गर्दछ," (मीलर, सन् २००२, मे ३१) । मार्क्सवादी दृष्टिकोणले हेर्दा आर्थिक, सामाजिक संरचना समाजको प्रमुख आधार हो र साहित्य तथा कला आधारमाथि उभिएको अधिरचनाको वैचारिक रूप हो । त्यसै आधारमा राजनीतिक परिवर्तन (२०४६) मा प्रगतिशील गीतका योगदानहरू जिकिर गरिएका हुन् ।

पञ्चायतको प्रादुर्भाव भएपछि व्यवस्था विरोधी सङ्घर्षका प्रयासहरू हिंसात्मक र शान्तिपूर्ण दुवै रूपमा नै सुरु भए । राल्फा एउटा झोला, केही पुस्तक, डायरी, दुई जोर कपडा, एक एक वटा गिटार बोकेर सर्वहारा जीवनशैलीमा गाउँ पसेको थियो । सुरुवातकै चरणमा कुनै सिद्धान्त, विचारधारा नअँगालेका उनीहरू सामन्तवाद, अन्धवाद, रुढिवाद, महिला शोषण, जातभात छुवाछूतको विरोध गर्थे र राष्ट्रियता र देशभक्तिको भावना प्रस्फुटन गर्थे । समतामूलक समाजको निर्माणको चाहना प्रकट गर्दै अल्पसङ्ख्यक र सिमान्तकृत वर्गप्रति सहानुभूति व्यक्त गर्दथे । गाउँगाउँमा जनचेतना र राजनीतिक चेतना पैदा गर्ने गर्थे । राल्फा यसरी आफ्ना विद्रोही आवाजहरू गुन्जाउँथ्यो -

धानै खायो गाई तारी मालीले
गावैं खायो दाइ गाउँघरको जालीले
चरी मऱ्यो व्याधाको पासैले
थिचोमिचो दाइ नसहौं कसैले, (मुगिटारको लोकलय, २०४७, भाग १: ७०) ।

त्यसबेला उक्त गीत गाउँघरका सामन्त, जमिन्दार र शोषक पञ्चहरू प्रति लक्षित गरी गाइएको थियो । गीतमा एकातिर गरिबी र दुःखको चित्रण गरिएको छ भने अर्कातिर गाउँघरका जालीझेली, बैमानी, घुस्याहा, मिचाहाहरू विरुद्ध आक्रोश व्यक्त गरिएको छ । गीतले शोषण, अन्याय र विभेदका विरुद्धमा न्यायपूर्ण र समतामूलक समाज निर्माणको आग्रह र तर्क प्रस्तुत गर्दै सामन्ती थिचोमिचोका विरुद्ध न्यायको आवाज बुलन्द गरेको छ । "साहित्य, गीतले राजनीतिलाई मानिसको अन्तस्करणसम्म, त्यति मात्र होइन हड्डी भित्र-भित्र मासीसम्म र रगतका कोश कोशसम्म पुऱ्याउन भूमिका खेल्छ," (गिरी, २०७४, साउन ४) । उक्त विचारले यस्ता शोषण उत्पीडन विरोधी गीतको प्रभाव जनताको जीवन, उनीहरूको अन्तस्करण र अझै पर परिवर्तनका सङ्घर्ष र आन्दोलनहरू सम्मै पुग्यो भन्न खोजेको छ । "त्यसबेला राल्फाले गाएका गीतहरूको मूल उद्देश्य पञ्चायत विरुद्ध जनतालाई सचेत पार्नु र सामन्ती शोषण विरुद्ध जनतालाई गोलबन्ध पार्नु थियो," (राई, व्यक्तिगत कुराकानी, २०७५, ०९/१४) । उक्त भनाइले राल्फाले व्यवस्थाउपर खबरदारी गर्दै सामन्ती शोषण विरुद्ध जनतालाई उराल्ने काम गरेको थियो भन्ने बुझिन्छ । "राल्फाका गीतहरू समाजमा लोकप्रिय बने, जनजनले गाए, कम्युनिस्ट पार्टीका कति नेताहरू उनीहरूकै गीत सुनेर 'माले' बने, कम्युनिस्ट बने, नेपालको राजनीतिक परिवर्तनको आन्दोलनलाई उचाइमा पुऱ्याए," (पाठक, सन् २०१७) । उक्त

भनाइले नेकपा (माले) को सङ्गठनात्मक विस्तार, जनशक्ति निर्माण र राजनीतिक परिवर्तनको आन्दोलनलाई माथि उठाउनमा राल्फाका गीति जनचेतनाले काम गरेको पाइन्छ । समाज परिवर्तन भनेको मानिसको व्यवहार, ज्ञान, क्षमता, विश्‍वास, आस्थासँगै सामाजिक संरचना र संस्कृतिमा समेत परिवर्तन आउनु हो । यस अर्थमा, राल्फा गीतले उमारेको चेतनाले राजनीतिक परिवर्तनकै निम्ति जनमत तयार गरिरहेको थियो भन्न सकिन्छ । राल्फाका गीत सुनेर मानिस कम्युनिष्ट बने, मालेको पोलिटब्युरो सदश्य बने भन्नुले राल्फा नेकपा (माले) को जनशक्ति उत्पादन गर्ने माध्यम बनेको, र राल्फाले सामाजिक-राजनीतिकरण र परिवर्तनको प्रक्रियालाई सघाएको स्पष्ट हुन्छ ।

नेकपा (माले) को स्थापनासँगै पार्टीको योजना अनुसारनै सङ्कल्प परिवारको स्थापना भयो । पार्टीको निर्देशन अनुसारनै सङ्कल्पले आफूलाई देशव्यापीरूपमा जनतासँग आत्मीय ढङ्गमा जोडेको थियो । झापा सङ्घर्ष, पिस्कर, छिन्ताङ काण्ड र अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका विभिन्न घटनाहरूका बारेमा गीत गाएर कम्युनिस्ट आन्दोलनको सहयात्री बनेको थियो । पोखरेलका अनुसार- “नेकपा (माले) को नीति, कृषि मजदुर, गरिब तथा निम्नमध्यम किसानहरू र मजदुरहरूमा सबभन्दा बढ्ता ध्यान र शक्ति लगाउँदै गाउँ र शहरहरूका अरू वर्ग र तप्काहरूका जनसमुदायहरू अनि सांस्कृतिक क्षेत्रमा पनि काम गर्दै जाने भन्ने थियो,” (सन् २००७)। मालेको उक्त नीति अनूरुप नै सङ्कल्पका कलाकारहरूले सर्वहारा वर्गलाई गीति कार्यक्रमको केन्द्रमा राख्दै राजनीतिक जागरण ल्याएका थिए । त्यस्ता गीतले मानिसको संवेदना, अन्तर्चेतना हुँदै विचार, चिन्तनमा समेत प्रभाव पार्थ्यो । प्रधान भन्छन् -“भूमिगत अवस्थामा गीत सुनेर नै सचेत, जागृत हुने राजनीतिक रूपान्तरणको प्रक्रियाले कम्युनिस्टहरूलाई मात्र नभई समाजका सबै वर्ग र दलका उद्देश्य र अभियानलाई समेत छोएको थियो,” (२०७६) । उक्त भनाइबाट दलहरूले उठाउनु पर्ने सामाजिक मुद्दा गीतले उठाइदिएर दलहरूलाई सहयोग पुगेको देखिन्छ । कतिपय सामाजिक मुद्दाहरू जस्तैः जातीय, लैङ्गिक सँगै समाजका साझा समस्याका रूपमा थिए । दलित, उत्पीडित, सिमान्तकृत जातजाति, किसान, मजदुर, कर्मीहरू र सर्वहाराहरूको पक्षमा यसरी प्रगतिशील गीत गाएको पाइन्छ -

जुत्ता सिउँछौ सार्कीहरू खालिछन् तिम्रा गोडाहरू
लुगा सिउँछौ दर्जीहरू तर नाङ्गा छन् तिम्रा आङहरू
तिम्रो श्रमको मूल्य लुट्ने लुटेराहरूको विरोध गर्न जाग
जागरणको राँको लिएर जाग
आफूबाट खोसिएको संसार जित्न जाग, (मञ्जुल, २०४७, भाग १: ३४)

उक्त गीतले श्रमजीवी वर्ग माथि हुने आर्थिक विभेदीकरण, श्रम र श्रमिक वर्गको अवमूल्यनको सार्थक चित्रण गर्दै श्रमजीवी वर्गलाई त्यसबाट मुक्त हुने बाटो देखाएको छ । पञ्चायती समाजको अस्तित्व श्रमको शोषणद्वारा भौतिक उत्पादन प्रणालीमा टिकेको थियो । आर्थिक दोहन र

वितरण प्रणालीमा चरम असमानता थियो । धनी र गरीबबीच गहिरो खाडल थियो । यस यथार्थलाई प्रगतिशील गीतले प्रतिविम्बन गऱ्यो । सामाजिक यथार्थको जगमा उभिएर क्रान्ति गर्न जनतालाई आह्वान गऱ्यो । गीतले आफ्ना मुद्धाहरूलाई नेकपा (माले) ले लिएको सर्वहारावर्गको नेतृत्व र अधिनायकत्वमा मजदुर किसानहरूको मुक्ति र वर्गसङ्घर्षद्वारा राजनैतिक सत्ता कब्जा गरी वर्गविहीन समाज निर्माण गर्ने उद्देश्यसँग जोड्न पुग्यो । गीतले सिङ्गो समाजलाई प्रभावित पार्ने हुँदा त्यसले तात्कालीन वर्गसङ्घर्ष र राजनीतिक परिवर्तनको कार्यदिशालाई समेत सघायो । त्यो भनेकै राजनीतिक परिवर्तनका निम्ति शक्ति आर्जनको अवस्थालाई सहयोग गर्नु हो, त्यो राजनीतिक परिवर्तनप्रतिको गीतको योगदान हो । समाजवाद समानतामा आधारित राजनैतिक सिद्धान्त भएकोले यसप्रकारका विचार र भावनाहरू राजनीतिक परिवर्तनका आन्दोलन, जन-आन्दोलनहरूमा मुखरित हुँदै गए । मानिसको मनोभाव परिवर्तन गर्ने, फरक आस्थाका मानिसहरूलाई प्रभावित तुल्याउने जस्ता कुराहरू राजनीतिक परिवर्तनका निम्ति चाहिने मुलभूत पक्ष हुन् । गीतले मानवीय संवेदनालाई प्रभाव पार्ने, संवेदनाले चेतनालाई र चेतनाले विचारलाई निर्देशित गर्ने हुँदा तिनै समुन्नत विचारहरू नै राजनीतिक परिवर्तनको प्रक्रियामा प्रकट भएका थिए भन्न सकिन्छ । पञ्चायतकै एउटा उदारवादी तप्काले समेत ती गीतहरू मन पराउने गरेको पाइन्छ ।

नेकपा (माले) ले राजतन्त्रलाई प्रधान शत्रु मानेर मुख्य प्रहार केन्द्रित गरेको थियो । मालेले २०४० कात्तिक ११ गतेको सङ्गठनात्मक परिपत्रमा राजतन्त्रलाई उन्मूलन गरेर नयाँ जनवादी क्रान्ति पूरा गर्ने लक्ष्य उल्लेख गरेको पाइन्छ । पञ्चायतकालमा कुनैपनि बेला स्रष्टाहरू पक्राउ पर्थे, जेलनेल र यातना दिइन्थ्यो । प्रशासनको दमन र आक्रमणहरू झेल्ने, हस्तक्षेप र आक्रमणको प्रतिरोध गर्ने काम प्रगतिशील स्रष्टाहरूबाट भएको थियो । “२०३६ मै झापा गरामुनिमा सङ्कल्पको गीति कार्यक्रम चल्दै गर्दा हठात् प्रहरीले आक्रमण गरे । भागदौडमा रक्ताम्य मानिसहरूमाथि ज्यादती समेत गरियो । झापा अन्तर्गतको माईको गैँडेमा सङ्कल्पको गीति कार्यक्रमका सिलसिलामा कलाकार माथि कुटपिट भयो । दुधे, झिलझिलेमा गीत गाउँदा गाउँदै गर्दा खुकुरी प्रहार भयो,” (भण्डारी, व्यक्तिगत कुराकानी, २०७५/०७/१५) । यस्ता सत्ताका दमन र प्रतिरोधका कार्यले राजनीतिक परिवर्तनका निम्ति चाहिने प्रतिरोधात्मक क्षमताको विकास हुँदै गएको देखा पर्दछ ।

राष्ट्रिय स्वार्थको सर्वोच्चता अन्तर्राष्ट्रिय शक्ति सन्तुलनमा निर्भर गर्दछ । सोही कारण “नेकपा (माले) ले राजतन्त्र, निरङ्कुश पञ्चायती व्यवस्था, अति महाशक्ति प्रभुत्ववाद, साम्राज्यवाद, विस्तारवाद तथा आधुनिक संशोधनवादको विरोध गर्दै जनताका सङ्घर्षको समर्थन, जनवादी हक, अधिकार तथा देशको सार्वभौमिकता र स्वतन्त्रताको पक्षपोषण गरेको थियो,” (पोखरेल, सन् २००७) । उक्त नीतिको प्रभाव सङ्कल्पका गीतहरूमा देखा पर्दछ । केही गीतहरूलाई उदाहरणका रूपमा हेर्न सकिन्छ । जस्तै : “साम्राज्यवादी शक्तिहरू विश्व खाउँ भन्छन्, विश्व जनता छिटो क्रान्ति ल्याउँ

भन्छन्, अमेरिकी साम्राज्यवाद युद्ध चर्काउँछ, साम्राज्यवाद र विस्तारवादको नेपाल खाने दाउ, त्यो दाउलाई उल्टाइदिन जुटौं सब आऊ," (जनगीत माला, २०५१ : ३५), "कति मरे नि हाम्रा सन्तान पहिलो युद्धमा, कति मरे नि हाम्रा सन्तान दोस्रो युद्धमा... नजाऊ नजाऊ दाजु भाइ हो भारत, बर्मा, मलाया, सिठो खाई लडौं है स्वदेशमा," (टुहुरे, २०४७, भाग १: ४८), गीतहरूले उपनिवेशवाद, साम्राज्यवादको विरोध गर्दै देशप्रेम र देशभक्तिको भावना जगाउने काम गरेको छ । यसैगरी छिरिङ (२०४७, भाग २: ६२) ले 'पूर्व दिशा क्षितिजमा लाली अब छायो, मास्नै पर्छ पाँचै पहाड अब बेला आयो' भन्दै साम्राज्यवादको विरुद्धमा विम्बात्मक रूपमा जनतालाई सुसूचित गरेका छन् ।

नेकपा (माले) ले घरेलु सामन्तवाद, नोकरशाह दलाल पुँजीवाद, अन्तर्राष्ट्रिय राजनीतिमा विस्तारवाद भनिएको भारत, साम्राज्यवाद भनिएको अमेरिका, सामाजिक साम्राज्यवाद भनिएको सोभियत रूस र क्षेत्रीय प्रभुत्ववादी शक्ति विरोधी सङ्घर्षलाई अझ तिब्र, व्यापक र गहिरो बनाउने नीति लिएको थियो, जसको सिधा प्रतिविम्बन प्रगतिशील गीतहरूमा देखापरेको थियो । गीतले पाँच पहाडको विम्ब प्रस्तुत गर्दै ती पहाडहरू पन्छाउने उद्घोष गरेका थिए । त्यसबेला दुई अति महाशक्तिको प्रतिस्पर्धाको केन्द्र रणनीतिक रूपमा युरोपमा भएता पनि त्यसले सिङ्गो विश्वलाई गाँजेको थियो । चीनको समाजवादी क्रान्तिप्रति गीतले एक्यबद्धता जनाएर त्यसअनुरूपको भावना विकास गर्नमा मद्दत गरेका थिए । राजनीतिक परिवर्तनको प्रक्रिया स्वतःस्फुर्त नभई जनचेतना र सामाजिक गतिशीलतामा आधारित हुन्छ । सामाजिक गतिशीलता जनचेतनामा निर्भर रहन्छ । सोही जनचेतनाको जगमा राजनीतिक परिवर्तनका आधारशिलाहरू निर्माण हुन्छन् । यसर्थ, राजनीतिक जनचेतनाको आधार पनि सामाजिक चेतना नै हो । यहींनेर नेपाली समाजको जडवादी चेतनाका जगहरू भत्काउने काम राल्फा, सङ्कल्प र आस्थाले गरेका हुन् । चेतना सिधै संस्कारमा जाने वस्तु भएको हुँदा सामन्ती संस्कार परिवर्तन गर्न, रुढ चिन्तनलाई कमजोर बनाएर व्यवस्थालाई कमजोर पार्नमा ती गीतहरूको योगदान रहेको देखिन्छ । त्यो भनेको राजनीतिक परिवर्तनको मूल बाधक शक्तिको क्षयीकरणको अवस्था हो । गीतले सूक्ष्म रूपमा मानिसको संवेदनालाई समायो, जसको परिणाम आन्दोलनमा देखा पऱ्यो । यसरी गीती चेतना मानिसको विचारमा र विचारबाट प्रशिक्षित हुँदै राजनीतिक सङ्गठन र आन्दोलनसम्म पुगेको देखिन्छ । राल्फा, सङ्कल्प र आस्थाको सबै भन्दा ठुलो चुनौती भनेको त्यो बेलाको प्रतिबन्धित राजनीतिक अवस्था नै हो । गिरी भन्छन् - "३० बर्षको शासन अवधिमा प्रगतिशील, प्रगतिवादी साहित्य, सङ्गीतले सबैभन्दा बढी दमनको सामना गर्नु पऱ्यो । लेखेकै नाउँमा स्रष्टाहरू समातिए, जेल हालिए । पत्रिका प्रकाशन, गोष्ठीहरूको आयोजना प्रतिबन्धित जस्तै भए । राज्यका साहित्यिक सांस्कृतिक निकायहरूबाट बहिस्कृत नै रहे," (गिरी, नोभेम्बर २७, सन् २०१६) । उक्त भनाइले पञ्चायतकालमा प्रगतिशील जनवादी गीति जनचेतना नै राजनीतिक चेतनामा रुपान्तरित हुँदै नेकपा (माले) ले आत्मसात् गरेको राजनीतिक परिवर्तनको मार्गदिशालाई अझ विस्तारित गर्नमा र त्यसको गुणात्मक प्रभाव २०४६ को राजनीतिक परिवर्तनमा योगदानका रूपमा देखा पर्दछ ।

## ६.२ राल्फाको योगदान

राल्फा यथास्थितिवाद र परम्परागत रुढीप्रति वितृष्णा र विरोध जनाउने दमित आकाङ्क्षाको एक सशक्त विद्रोही अभिव्यक्ति थियो । राल्फाका गीतहरू त्यसै अनुसारका थिए । उसको नामले नै परम्परावादी सोचबाट माथि उठ्न चाहेको स्पष्ट हुन्छ । त्यसका प्रतिविम्बनहरू गीतमा देखा पर्थे । अन्याय, अत्याचार, शोषण र जातपातलाई सहनै नसक्ने उनीहरूको चिन्तन प्रबृत्ति थियो । त्यसबेला विश्व राजनीति, प्रगतिशील साहित्य र सङ्गीतमा यस्ता विचारहरू मार्क्सवादी विचार निकटस्थ मानिन्थे । उनीहरुलाई प्रभाव पार्ने विश्वका गायक सङ्गीतकारहरूमा समेत सोही प्रवृत्ति थिए । जुन अध्याय चारमा चर्चा भै सकेको छ । मार्क्सले कलासाहित्यलाई वर्गीय रूपमा हेर्नुपर्छ भन्ने दृष्टिकोण अघि सारेका थिए । राल्फाले सुरुवातिचरणमा आफूहरू कुनै विचार सम्बद्ध नभएको स्वतन्त्र साहित्यिक सांस्कृतिक समूह बताएता पनि उनीहरूका कतिपय गीतमा मार्क्सवादी विचारको प्रभाव देखा पर्दछ । उनीहरूका गीतले सामन्ती र पुँजीपतिको सेवा होइन, मजदुर, किसान, निमुखा र उत्पीडनमा परेका वर्गको सेवा गर्नुपर्छ भन्ने विचार राखेका थिए । त्यो भनेको सामन्तवाद विरोधी विचार नै हो । राल्फाले परिवर्तनको अर्थ समेत बोक्दथ्यो । राल्फा सामन्ती सत्ताको विरोधी थियो, व्यवस्था विरोधी गीत र साहित्यहरू उत्पादन गर्दथ्यो । छोटै समयमा मार्क्सवादी राजनीतिबाट प्रेरित भएको थियो । साहित्य र राजनीतिलाई सँगै लिएर हिँड्ने उनीहरूले पञ्चायती शासन व्यवस्थाका विरूद्ध सामाजिक राजनीतिक परिवर्तनका निम्ति प्रतीकात्मक गीतहरू गाएका थिए । वाक् तथा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित पारिएको अवस्थामा व्यवस्था विरोधी स्वतन्त्रताका गीतहरू गाएका थिए । प्रतिकूल राजनीतिक अवस्थामा अनेकन चुनौतीहरू झेल्दै जिउ ज्यानको पर्वाह नगरी गाउँगाउँमा जागरण र चेतनाको सन्देश छर्ने काम गरेका थिए । राल्फा समूह संस्थागतरूपमा अस्तित्वमा थिएन, तर राल्फाका जीवित स्रष्टाहरु तिनै राल्फाका गीत गाउँदै २०४६ को आन्दोलनमा होमिएका थिए । त्यस आधारमा राल्फाहरूले गाएका गीति विषयवस्तु, विचार, गीति सार, अन्तर्वस्तु, र अभिव्यक्तिका कोणबाट राजनीतिक परिवर्तनमा (२०४६) मा राल्फाको योगदानलाई हेरिएको छ ।

### ६.२.१ श्रमको सम्मान र श्रमिक वर्गको उत्थान

राल्फाले गरिखाने वर्गको भविष्य उज्ज्वल हुनुपर्छ भन्ने ध्येयका साथ शोषित, पीडित वर्गका लागि गाएका गीतले आन्दोलनलाई उर्जाशील प्रेरणा दिएको थियो । त्यसले श्रमिक वर्गलाई एकजुट र ऐक्यबद्ध गर्नमा भूमिका खेलेको थियो । श्रमिकहरूको पक्षमा उठाइएका राल्फाका विषयले जनतालाई प्रभाव पारेका थिए । मजदुरहरूलाई आन्दोलनमा सहभागी हुन भावनात्मक उर्जा मिलेको थियो । पञ्चायतकालमा मजदुरले उत्पादन गरेको मूल्य, उसको श्रमशक्तिको मूल्य र अतिरिक्त मूल्य बीच गहिरो अन्तर थियो । श्रमिकका हकहीत र अधिकारहरू कुण्ठित थिए । उनीहरू माथि विभेद, शोषण र अन्याय थियो । मार्क्सवादले समाजमा शासक र शोषित, पुँजीपति र श्रमिकबीच सम्बन्ध हुन्छ भन्ने

मान्दछ । पुँजीवादको अस्तित्वलाई स्पष्ट पार्न अतिरिक्त मूल्यको सिद्धान्तद्वारा श्रमको मूल्य तय गर्दछ । सोही विचार राल्फा गीतमा प्रतिविम्बन भएका थिए । राल्फाले पुँजीपतिहरू द्वारा गरिएका आर्थिक दोहन विरूद्धको सङ्घर्षलाई आफ्नो सिर्जनामा यसरी मूल कथ्य बनाएको पाइन्छ-

हामीले गाउने गीत मजदुरहरूको, किसानहरूको
रगत सुकाइ काम गर्ने श्रमिकहरूको
दुनियाँको निर्माण गर्ने कर्मीहरूको
स्कुलमा भोकभोकै आउने साना नानीहरूको
दिनभरि कामगरी, रातभरि भोकै सुत्ने गरिब खेतालाको
पेट भर्नेगरी, खान पाए हुन्थ्यो
आङ ढाक्नेगरी, लाउन पाए हुन्थ्यो भनेर
भोकभोकै नाङ्गा-नाङ्गै मर्ने गरिब जनताको
हामी बाँचिरहेको देशको, (मञ्जुल, २०४७, भाग १: पृ. २) ।

उक्त गीतले समाजका भोका, नाङ्गा, निमुखा र असहायहरूप्रति उच्च सम्मान प्रकट गर्दै उनीहरूको आत्मसम्मानपूर्ण जीवनको अपेक्षा राखेको छ । शोषकीय प्रवृत्तिको विरोध गरेको छ । राल्फाका अनुसार राल्फा गीत मूलतः श्रमजीवी वर्गको हीतमा थियो । तिनलाई नै जागृत गर्न परिवर्तनका निम्ति आह्वान गर्ने गर्दथे । राल्फाका गीतले तात्कालीन शासन व्यवस्थामाथि दबाब सिर्जना गर्दै समाजको मनस्थिति र मनोविज्ञानमा प्रभाव पार्नमा योगदान दिएका थिए । राल्फा कर्मशील र मेहनती जनताको भविष्य उज्ज्वल देख्थ्यो, वर्गीय प्रेमलाई प्रधानता दिन्थ्यो, श्रमजीवीहरूको अवश्य जित हुन्छ भन्ने भविष्यदृष्टि प्रवाह गर्दथ्यो । जस्तै, “गरिबलाई नगर हेला, छेउको सियो माझैमा कोई बेला,” (मञ्जुल, २०४४: १०४) बोलको गीतले गरिबको आत्मसम्मान र हीतको पक्षपोषण गरेको छ । यसैगरी बहादुर (२०४७, भाग १: ६७) को गीत - “धनीले खाने मसिनो चामल, तीनपल्ट साँइलौ फलेको, गरिबलाई छैन कोदाको दानो, जाँतोमा साँइलौ दलेको, उज्यालो जीवन ल्याउनु छ छिट्टै,” गीतमा व्यक्त उज्यालो जीवन ल्याउनु छ भनी राजनीतिक परिवर्तनको अपेक्षा राखेको पाइन्छ । गीतमा गरिबहरूप्रति सहानुभूति प्रकट गर्दै गरिखाने वर्ग प्रतिको सामाजिक दृष्टिमा सुधार गरी उनीहरूको वर्गीय मुक्तिको परिकल्पना गरिएको छ । “भोकै मर्ने महाकविका पेटका सारङ्गीहरू, हाम्रा गीतहरू, नाङ्गै हिँड्ने गाइने दाइका झुत्रा लुगाहरू, हाम्रा गीतहरू,” ( मञ्जुल, २०४७, भाग १: ७८ ) गीतले समाजमा गरिबीको चरम अवस्थाको बोध गराउँदै महाकविले बेहोरेको चरम गरिबी र उत्पीडनका प्रवृत्तिहरूका विरूद्ध उठ्न, जागृत हुन जनताहरूलाई आह्वान गरेको छ । यस्ता गीतहरूले मानिसलाई विद्यमान शोषकीय अवस्थाबाट बाहिर निकाल्न, वर्गीय अन्तर्विरोध चर्काउन, धनी वर्ग विरूद्ध घृणा पैदा गर्न, सर्वहारा वर्गको हीतको पक्षपोषण गर्नमा

सहयोग पुऱ्याएको देखापर्दछ । ती विचारहरू समाजको आमूल परिवर्तनका निम्ति नै रहेको प्रष्ट बुझ्न सकिन्छ । “२०३० ताका रामेश, रायनहरूले आफ्ना गीत-सङ्गीत लोकतन्त्रका लागि जनजागरण ल्याए । म जेल पर्दाताका रामेश, रायनका गीतले एकदिन हामी जित्नेछौँ भन्ने आशा जगाउँथ्यो । नभन्दै आज हामीले जित्यौँ र अब उहाँहरूको गीतमा भनिएझैँ देशलाई समृद्ध बनाउनु छ । नेपाली राजनीतिक आन्दोलनमा रामेश, रायन सहित राल्फाको साङ्गीतिक आन्दोलनको महत्त्वपूर्ण योगदान छ,” (ओली, रिपोर्टर्स क्लब, २०७५, जेठ २०) । उक्त भनाइले समेत उल्लिखित तथ्यलाई समाउँदछ । उल्लिखित गीतहरूले समाजवादको आधारभूत सिद्धान्त सामूहिक स्वामित्वको भावनाअनुरूप सर्वहारा वर्गीय चेतनाको आधारमा दबित, शोषित, उत्पीडितको मुक्तिको परिकल्पनालाई प्रस्तुत गरेको थाहा हुन्छ । त्यो भनेको राजनीतिक परिवर्तनको आधार निर्माणको अवस्था हो । राल्फाले सर्वहारा वर्गीय चेतनाको माध्यमबाट देशमा नौलो जागरण र परिवर्तनको आशा जागृत गराएको, त्यसको प्रभावमा राजनीतिक परिवर्तनका निम्ति चाहिने राजनीतिक जागरणको स्थितिलाई अनुकूलन गर्दै गएको देखिन्छ । यसरी राल्फाका गीतले श्रम र श्रमिक वर्गको सम्मान गर्दै वर्गीय चेतना, चेतनाले सङ्गठन, सङ्गठनले सङ्घर्षको परिस्थिति जन्माउँदै र त्यसको विस्तार हुँदै जाँदा त्यसले राजनीतिक क्रान्ति/परिवर्तन (२०४६) मा गुणात्मक रूपमा सघाउ पुगेको थियो भन्ने आधार सिर्जना हुन्छ ।

### ६.२.२ सामन्तवाद र पुँजीवादको विरोध

पञ्चायतकालीन ३० को दशकमा अर्धउपनिवेशवाद र सामन्तवाद विरुद्ध क्रान्ति गरी राजनीति, नयाँ अर्थनीति र नयाँ संस्कृति निर्माण गर्ने कार्यलाई ‘नौलो जनवाद’ भनिएको थियो । यसमा जनताको जनवादी अधिनायकत्व स्थापित गर्ने उद्देश्य रहेको थियो । नौलो जनवादी क्रान्ति नै समाजवादी मार्क्सवादी दर्शन र नेपालको राजनीतिक परिवर्तनका निम्ति क्रान्तिको आवश्यक तयारीका रूपमा थियो । २०४६ को जन आन्दोलनको सबैभन्दा ठुला विरोधी शक्ति भनेका सामाजिक रूपमा सामन्त, जमिन्दार, पुँजीपति वर्ग, र राजनीतिक रूपमा तिनको संरक्षक निरङ्कुश पञ्चायती व्यवस्था नै थियो । नेकपाले सामन्त, पुँजीपति, जमिन्दार वर्गको विरोध गर्दै साम्राज्यवाद, सामन्तवाद, पुँजीवादका आधारहरू नष्ट गर्ने नीति लिएको थियो । राल्फाका गीतमा त्यसका प्रतिविम्बनहरू थिए । सामन्तीहरूले अन्धविश्वासी, रुढिवादी धर्म, संस्कृतिमार्फत प्रशिक्षित गरी बहुसङ्ख्यक जनतालाई शोषण तथा उत्पीडनमा पार्ने काम गरेका छन् भनी राल्फा उद्घोषक मञ्जुल गीति कार्यक्रममा उद्घोषण गर्थे । सामन्तवादलाई पञ्चायतले सरंक्षण गरेको हुनाले राल्फा पञ्चायत विरोधी देखिन आयो । सामाजिक क्षेत्रमा सामन्तवाद भूमि व्यवस्थाका आधारमा निर्माण भएको सामाजिक व्यवस्था थियो भने राजनीतिक क्षेत्रमा सामन्तवाद राजनीतिक प्रणालीका रूपमा थियो, र आर्थिक व्यवस्था र सांस्कृतिक संरचनामा त्यसको प्रत्यक्ष प्रभाव थियो । पुँजीवादलाई एक आर्थिक प्रणालीको रूपमा रहेको हुँदा सामन्त र पुँजीपतिहरूले आफ्नो स्वार्थअनुसार सम्पत्तिमा एकाधिकार जमाएका थिए । मार्क्सले

पुँजीवादले असमानता, शोषण बढ्ने र अतिरिक्त मूल्यको शोषणले श्रमिक-वर्ग पुँजीपतीहरूका विरूद्ध निस्कन्छन् र एउटा क्रान्तिमा पुऱ्याउनेछ भन्ने तर्क स्थापित गरेका थिए । उत्पादन साधनको भूमिमाथिको स्वामित्व र भूमि तथा वास्तविक किसानहरूबीचको नयाँ सम्बन्धनले सामन्तवादले जरा फैलाउँदै गएको त्यसबेलाको अवस्थासँग राल्फाका गीतहरूको संयोजन गर्दा राज्यशक्ति दुरूपयोग गरी केही व्यक्तिले भूमि दोहन गर्ने, किसानहरूको शोषण गर्ने, राज्यले तिनै भूसामन्तहरूको सेवा गर्ने जुन प्रथा नेपालमा चल्यो त्यसैलाई राल्फाले सामन्तवाद भनेको बुझ्न सकिन्छ, जसका विरूद्ध समाजलाई वैज्ञानिक, न्याय एवम् गतिशील बनाउन सामन्ती शोषणको अन्त्य हुनुपर्ने जिरह राल्फाले प्रस्तुत गरेको देखिन्छ । एउटा नमुना गीत यसप्रकार प्रस्तुत गरिएको छ -

हो हो दाजु ठिकै भन्यौ चित्त बुझ्यो मेरो
सामन्तीलाई खतम पार्न मार्छु अब फेरो
धरानको कैयाँ बजार सुर्जेमारका टिन
ल्याउनै पर्छ सोझा निर्धा गरिबका दिन
चरी बोल्यो चिउँ चिउँ भमरा बोल्यो भुन्न
जनताका दुश्मनलाई दया गर्नु हुन्न
माली गाईको झुली बाच्छो घुमी घुमी चर्छ
सोसी खाने सामन्तीले शरण पर्न मर्छ, (ऐसेलुखर्कको लोकलय, २०४७, भाग १: ७३) ।

सामन्तीलाई खतम पार्ने, सोझा निर्धा गरिबका दिन ल्याउने, जनताका दुश्मनलाई ठेगान लगाउने जस्ता केही विद्राही भावनाहरू राल्फाका गीतमा देखिन्छन् । सामन्तीलाई खतम पार्ने चेतना सामन्तवाद विरोधी चेतना नै हो । समाजका सीमित व्यक्तिमा पुँजी नियन्त्रित भएको र गरिब जनता सधैं अन्यायमा परेकाले गीतले त्यस किसिमका प्रवृत्तिको विरोध गरेको हो । समाजमा प्रभुत्व जमाउने, गरिबलाई ठग्ने, शोषण गर्ने परिपाटीको सामन्ती व्यवस्थाप्रति घृणा उत्पन्न गर्दै सामन्तवादका विरूद्ध सङ्घर्ष गर्न गीतले आह्वान गरेको पाइन्छ । उत्पादन, पुँजी लगानी र सर्वहारा श्रमजीवी वर्गसँगको आर्थिक सम्बन्ध र अर्थतन्त्रको व्यावहारिक वितरण प्रणालीमा भएका असमानता र विभेदलाई चर्काउँदै उनीहरूले सङ्घर्षलाई प्रोत्साहित गर्ने गरेको देखिन्छ । समाजमा जिमिदारी प्रथा कायमै थियो । जनताहरू जिमिदारहरूबाट ठगिएका थिए । "जिमिदार भनेको पटवारी, तालुकदार, जिम्मावाल, मुखिया, द्वारे वा अन्य कुनै नामबाट एजेन्ट खडा गरी निजद्वारा कानून बमोजिम मालपोत असुल तहसिल गरी श्री ५ को सरकारमा दाखिला गर्ने व्यक्ति," (भूमि सम्बन्धी ऐन २०२१, पृ. १) भन्ने बुझिन्थ्यो । ब्याज मराउनी, अधिया, मोहियानी आदि गरी कमाएको अन्नले नपुग्दा ६ महिना भोकभोकै पर्नु पर्थ्यो । जिमिदार, ठुलाठालू, पटवारीहरूको शोषणका विरूद्ध सङ्घर्ष गर्न, क्रान्ति अघि बढाउन प्रगतिशील गीतहरूले अपिल गरेका थिए । गीतले जिमिदारहरू विरूद्ध *'जसको जोत उसकै पोत'* भन्ने आवाज उठाएको थियो । "पानी पऱ्यो दर्केर रूखमुनि लागौं ओत, नगरी भएन जसको जोत उसकै पोत,"

(कार्की, २०४७, भाग ५: ६०) भन्ने गीतलाई उदाहरणका रूपमा पेश गर्न सकिन्छ । उक्त गीतले जमिनका मालिकहरू विरुद्ध विद्रोह गर्न किसानहरूलाई उक्साएको छ । “हरेक साल अनिकाल छ यहाँ किसान दाइलाई,” (राई, २०४७, भाग ४: ३९) गीतले जनताको श्रमबाट धनी भएका त्यसप्रकारका गाउँका जिमिदारहरूको विभेदलाई प्रस्तुत गर्दै तिनका विरूद्ध उठ्न जुट्न आह्वान गरेको छ । “दुःखी दाइ किसान भाइ अघि बढौं, हामी नै जोतौं हामी नै खाउँ हकको निम्ति लड्दै जाऔं,” (अज्ञात, २०४७, भाग १: ३३) गीतले शोषण र अन्यायको अवस्थाबाट किसान वर्गलाई मुक्त गर्न र सामन्तीलाई गाउँबाट विस्थापित गर्न उक्साएको छ । ती गीतहरूले श्रमजीवी वर्गको पक्षपोषण गर्दै उत्पादन शक्तिको भूमिकामा जोड दिएको छ । सामन्त र पुँजीपतिको विरोध गर्दै सर्वहारा श्रमजीवी वर्गको नेतृत्वमा समाज अघि बढ्नु पर्ने धारणा व्यक्त गरिएको छ । “नेपालमा शासन व्यवस्था परिवर्तनका लागि गीत-सङ्गीतले उल्लेख्य भूमिका निर्वाह गर्दै आएको छ । रामेश, रायन, मञ्जुल, तमोटहरूका गीतले व्यवस्था परिवर्तनका लागि जनमानसको अभिमत तयार पार्न गहन भूमिका खेलेका थिए । गीत आन्दोलनको हतियार बनेको थियो भन्नेमा कुनै शङ्का छैन, यो तथ्यले देखाएको कुरो हो,” (भण्डारी, २०७५) । उल्लिखित शासन व्यवस्था परिवर्तनका लागि जनमानसको अभिमत तयार पार्नमा रामेश, मञ्जुलहरूको भूमिकाको सन्दर्भलाई गीति दृष्टान्त र गीतले सम्प्रेषित गरेको सारभूत पक्ष सामन्तवादको अन्त्य, त्यसलाई हुर्काउने पुँजीवादको अन्त्यसँग जोड्दा राजतन्त्रात्मक व्यवस्थाको अन्त्य गर्न राल्फाले चाहेको थियो भन्ने तर्कमा पुग्न सकिन्छ । पञ्चायती समाजमा यस्ता अन्तर्विरोधहरू सामन्त र किसानबीच, पुँजीपति वर्ग र सामन्ती वर्गबीच, पुँजीपति वर्ग र मजदुर वर्गबीच, धनी किसान र मध्यम वर्गीय किसानबीच अनेकन रूपहरू प्रकट भए । ती भन्दा अझै मसिना अन्तर्विरोधहरू खोजीखोजी गीतमा प्रस्तुत गर्नु राल्फा गीतका विशेषता थिए । मुलभूत रूपमा सामन्ती व्यवस्थाको पृष्ठपोषक राजतन्त्र र जनताबीचको अन्तर्विरोधलाई उचाल्ने कामलाई ती गीतले सघाएका थिए । यसले राज्यका सारा पुराना संरचना भत्काई नयाँ संरचना निर्माण गर्न, राजनीतिमा मात्र नभई सामाजिक जीवन र संरचनामा नै परिवर्तन ल्याउन ती गीतले समाजलाई प्रेरित गरेका थिए भन्ने कुरा देखापर्दछ । यो नै राजनीतिक परिवर्तनका निम्ति राल्फाको योगदान थियो ।

पञ्चायती प्रणाली मूलतः सामन्तवादमा आधारित थियो । समाज विकासको आधार उत्पादन प्रणालीमा सामन्तहरूको एकछत्र राज थियो । परम्परागत मूल्य मान्यताको आडमा श्रमजीवीहरू शोषण, उत्पीडनमा थिए । सामन्तहरूले उत्पादनका साधनमा एकाधिकार जमाएर मजदुरहरूको शोषण गरेका थिए । किसान मजदुरहरूको आफ्नो श्रम, सिप र परिश्रम लुटिएको, खोसिएको अवस्था थियो । अतिरिक्त मूल्यमा सामन्त र पुँजीपतिहरूकै हैकम थियो । यसलाई मार्क्सले अतिरिक्त मूल्यको शोषण मानेका छन्, जस विरूद्ध राल्फा गीतले विद्रोह गऱ्यो । शोषित, पिडीत जनतालाई गाउँका जालीझेलीहरूबाट मुक्ति दिलाउने राजनीतिक परिवर्तनको बाटो देखायो । सामाजिक शोषणका वास्तविकताहरू गीतमार्फत खुलस्त पार्ने कामले सामन्तहरू नैतिक रूपमा उदाङ्गो हुँदै गए । शासक वर्गमा समेत नैतिक सङ्कट पर्दै गयो । फलस्वरूपः ग्रामीण भेगमा सामन्तवादका सम्बन्धहरू निरन्तर कमजोर हुँदै गए । गाउँका सामन्तहरू कमजोर बन्दै जाँदा त्यसको प्रभाव शासक वर्गमा

पनि पर्न गयो । त्यसले सामन्तवादको आडमा टिकेको पञ्चायत व्यवस्थालाई नै धराशायी तुल्याउन भूमिका खेल्यो । यस आधारमा मार्क्सको मात्रात्मकबाट गुणात्मक परिवर्तनको नियमको आलोकमा संश्लेषण गर्दा नेपालको राजनीतिक परिवर्तन २०४६ मा राल्फा गीतले सामन्तवाद र पुँजीवाद विरोधी चेतना मार्फत योगदान दिएको थियो भन्ने कुराको स्पष्ट आधार सिर्जना हुन पुग्दछ ।

### ६.२.३ विद्रोही अभिव्यक्ति र क्रान्ति चेतना

विद्रोह, क्रान्ति दुवै सङ्घर्षको शब्दार्थ परिवर्तन हो । यसको अन्तिम सत्य शान्ति र विकास नै हो । स्वस्थ समाजमा विद्रोह हुन्छ । जब कुनै वर्ग, समूह, समाजमाथि अत्याचार हुन्छ, आफ्नो अस्तित्व रक्षाका निम्ति त्यसले विद्रोहको जन्म दिन्छ । नेपालमा ठूलाठूला राजनीतिक आन्दोलनहरू विद्रोहकै जगमा टेकेर हुँदै आएका हुन् । अनेकन् विद्रोहहरूकै परिणामस्वरूप २०४६ को जनआन्दोलनले सही दिशा समातेको हो । राल्फा सुरुवातमा विद्रोही समूहका रूपमा चिनिएको थियो । “राल्फा विद्रोही थियो, पञ्चायतविरोधी । खानदानी सामन्ती शाहीशासनको अन्त्य गर्न कला-संस्कृतिको फाँटबाट उत्रेका कटिबद्ध, प्रतिबद्ध कलाकारहरू । हामी कम्युनिस्ट विचार र दर्शनको राम्रो ज्ञाता नभए पनि त्यही दर्शन र विचारधारातिर बढी आकर्षित थियौँ,” (श्रेष्ठ, २०८१ असोज १२) । उक्त भनाईले राल्फा कम्युनिस्ट विचारधारा तर्फ आकर्षित हुँदै गएको तात्कालीन व्यवस्था विरोधी एक विद्रोही समूह थियो भन्ने कुरा स्पष्ट हुन्छ । तात्कालीन समाज व्यवस्थालाई अस्वीकार गरी यथास्थितिप्रति विरोधी भावना फैलाउनुलाई राल्फा विद्रोह भनियो । विद्रोह सफल भए क्रान्ति, असफल भए विद्रोहमै सीमित हुन पुग्छ । राल्फाले समाजको रुढिवादी परम्परागत संरचना, आर्थिक विभेद, असमानता, शोषण, उत्पीडन, ठुलो देशले साना देशहरू माथिको औपनिवेशिक हस्तक्षेप जस्ता पक्ष माथि गीति कथ्य बनाउँदै प्रतिरोधात्मक विद्रोही भावना प्रकट गरेको थियो । विद्रोह नयाँ चीजको स्थापनाका निम्ति हुने हुँदा पुरानो व्यवस्थाले समाजको प्रगति भएन नयाँ व्यवस्था ल्याउँ भन्नु शासकहरू विरूद्धको राल्फा विद्रोह हुन गयो । उनीहरूका गीतहरूले जनतालाई सङ्घर्षशील तुल्याउँदै सङ्घर्षबाटै परिवर्तन हुन्छ भन्ने कुरामा विश्वस्त तुल्याउन चाहेका थिए । यस्ता गीतहरूले कान्तिप्रति आस्था र जीवनप्रति आशावादलाई प्रकट गरेका थिए । यसबाट समाजले क्रान्ति, परिवर्तनलाई प्रोत्साहित गर्ने कुराहरू कुराहरू राल्फाबाट प्राप्त गऱ्यो । राल्फाले गाएको एउटा गीतलाई उदाहरणका रूपमा लिन सकिन्छ -

> के पाटीमा लेखेका हामी खरी अक्षर हौँ ?,
> हामीलाई जति पनि लेखेर मेटे हुन्छ ?
> तर हामी त्यस्ता अक्षर होइनौँ
> जसलाई जति पनि लेखेर मेटे हुन्छ
> हाम्लाई यस्तो लाग्छ हाम्रा आँखा बमहरू हुन्
> हाम्लाई यस्तो लाग्छ हाम्रा हातहरू बन्दुक हुन्
> बारूदका भण्डार हाम्रा मस्तिष्कहरू हुन्
> विद्रोहका ढुकढुकी हाम्रा मुटुहरू हुन्, (सापकोटा, २०४७, भाग १: पृ. २०) ।

प्रस्तुत गीत तात्कालीन समसामयिक राजनैतिक व्यवस्थाप्रतिको विद्रोह हो । गीतमा सामाजिक, राजनीतिक संस्थाप्रति आलोचनात्मक दृष्टि राख्दै शासनव्यवस्थाको हेपाहा र दमनकारी प्रवृत्तिको विरोध गर्दै जनताको शक्तिलाई कमजोर नठान्न चेतावनी दिइएको छ । उक्त गीतमा वर्गसङ्घर्षका छनकहरू देखा पर्छन् । श्रेष्ठ भन्छन् - "यो गीत तात्कालीन शासकहरू विरूद्ध लक्षित थियो । दमन र अत्याचार धेरै भएमा जनता हतियार उठाउन पनि सक्छन् भन्ने आशय हो । त्यो भनेको वर्गसङ्घर्ष नै हो," (व्यक्तिगत कुराकानी, २०७६, १२/१२) । मार्क्सवादले समाजमा विपरीत वर्गको अस्तित्व रहन्छ तर सङ्घर्षको अवस्था विद्यमान हुन्छ भन्छ । मार्क्सवादको निषेधको निषेध नियमले हरेक पुरानो वस्तुलाई नयाँले निषेध गर्दछ ।यो गीतले पनि पञ्चायती परतन्त्रता र पराधिनतालाई निषेध गर्न चाहेको छ । "विद्रोहका गीतले विचारहरू निर्माण हुने प्रक्रियालाई मद्दत पुऱ्याउँछ, जसले परिवर्तनको निम्ति मानसिक रूपमा तयार गर्दछ," (होभ र मुकुरूङ्गी (२०१४, जुन) । उक्त भनाइले राजनीतिक परिवर्तनका निम्ति मनोदशा निर्माण गर्नमा राल्फाका गीतले सहयोग गरेको थियो भन्ने बुझ्न सकिन्छ । "राल्फा गीतमा विद्रोह, असन्तुष्टि मात्र थिएन, पछिल्लो समयमा राजनीतिक चेतना र क्रान्तिकारिता पनि थियो," (नेपाल, व्यक्तिगत कुराकानी, २०७६, ०९/२२) । क्रान्तिकारिता भनेको विद्यमान समाजमा आमूल परिवर्तन ल्याउन गरिने सङ्गठित प्रयास हो । समाजवादी क्रान्तिलाई बुझ्ने, प्रयोग र विकास गर्ने क्रान्तिको कार्यदिशा समेत हो । रायन भन्छन् - "त्यो बेला हाम्रा गीति चेतनाले मानिसमा परिवर्तनप्रति एकखालको हुट्हुटी र छट्पटी जागृत गराउने काम गऱ्यो । सामाजिक उत्पीडनलाई जनसमक्ष उजागर गरी व्यवस्थाप्रति वितृष्णा जागृत गऱ्यो । अन्याय, अत्याचार र शासक सामन्तहरूका विरुद्ध जनता उठ्नु पर्छ र आवश्यकता परे मार्न, मर्न तयार हुनु पर्छ भन्ने क्रान्तिचेत त्यहीँबाट अङ्कुरण भएको हो," (व्यक्तिगत कुराकानी, २०७६, १०/२६) । उक्त विचारले क्रान्ति र निर्माणका निम्ति जनतालाई मुख्य र निर्णायक शक्ति मान्दै राल्फाले जनतालाई सङ्गठित र आन्दोलित हुन आह्वान गरेको थियो भन्ने बुझ्न सकिन्छ । त्यसले मानिसमा विद्रोह र व्यवस्था विरोधी भावना उमार्दै गयो र उनीहरू व्यवस्था विरुद्ध जागृत हुन थाले भन्ने बुझिन्छ ।

श्रेष्ठका अनुसार "ढुङ्गा बर्साऊन् बादलका थोपाहरू, आगो फुलाऊन् गुराँसका नरम थुङ्गाहरू, भाँचिऊन् यहाँका प्रत्येक कैदी सडकहरू, मेरो बुढो हिमालको देशभित्र आदिम पशुको राज, तिम्रो नाममा विज्ञापित हुन हामीलाई स्वीकार छैन," (व्यक्तिगत कुराकानी, २०७६, १२/१२) गीतले व्यवस्था विरूद्ध विद्रोहको आधार सिर्जना गर्नमा मद्दत गरेको थियो । "हाम्रो अदम्य क्रान्ति रोकेर रोकिँदैन, कङ्गाल भित्र भ्रान्ति पारेर पारिँदैन," भट्टराई, (२०४७, भाग १: २३), गीतले विद्यमान स्थितिलाई परिवर्तन गर्ने एक मात्र विकल्पको रूपमा क्रान्तिलाई अघि सारेको छ । त्यसलाई संसारको कुनै पनि शक्तिले परास्त गर्न नसक्ने चेतावनीभाव प्रकट गरेको छ । "ज्यूँदो मुटु कलेजोमा क्रान्ति फूल

फूल्छ, नेपालको नौलो हावा संसारमा डुल्छ," (मञ्जुल, २०४४), गीतले क्रान्तिलाई इतिहासको चालक शक्ति मान्दै पुरानो व्यवस्था र सत्ताको पूर्ण विस्थापनबाट मात्रै क्रान्ति सफल हुने कुरा प्रकाश पारेको छ। लेनिनले क्रान्तिको प्रमुख काम भनेको राज्यसत्ता प्राप्त गर्नुलाई मानेका थिए, सोही कुराहरू नै राल्फाका गीतमा प्रतिविम्बन भएको देखा पर्दछ। "आँधी आयो उडाई के लेर आयो, असम्भव ठानेको जम्मै सम्भव भएर आयो," (मञ्जुल, २०४४: १८५), बोलको गीतले क्रान्ति भ्रान्तिमा सीमित नहोस भन्ने कुरामा सजग तुल्याउँदै क्रान्तिले समाजका राजनीतिक, सामाजिकलगायत विसङ्गत फोहरहरू बढारेर लैजाने दृढ विश्वास प्रकट गरेको छ। राल्फाका यस्ता धेरैजसो गीतहरूमा क्रान्ति, विद्रोह, बलिदान, मुक्ति, समानता, न्याय, प्रेम, प्रगति, सुन्दर जीवन र समानता जस्ता शब्दकुञ्जीहरूको प्रयोग हुनुले राल्फाले नयाँ सामाजिक व्यवस्था ल्याउन चाहेको देखिन्छ। तर राल्फाले कुन खालको व्यवस्था ल्याउन चाहेको थियो भन्ने स्पष्ट पारेको भने देखिँदैन। यस्ता गीतहरूले सामन्तवाद र पुँजीवादका सीमानाहरू भत्काई समुन्नत समाजको निर्माणका निम्ति अघि बढ्न मानिसलाई प्रेरित गर्ने काम गरेको पाइन्छ। त्यसलाई राजनीतिक परिवर्तनको पृष्ठभूमि मान्न सकिन्छ। राल्फाका गीतमा यसप्रकारका विद्रोही भावनाहरू देखा पर्दछन् -

> सुतेकालाई उठाइदिन्छु, मरेकालाई ब्युँझाइदिन्छु
> गएकालाई फर्काइदिन्छु, टाढाकालाई बोलाइदिन्छु
> गोरेटोलाई बाटो दिन्छु, हावालाई हुरी दिन्छु
> पानीलाई उराल्दिन्छु, आगोलाई दन्काइदिन्छु
> अन्धालाई आँखा दिन्छु, बहिरालाई कान दिन्छु,
> लङ्गडालाई गोडा दिन्छु, लाटालाई बोली दिन्छु
> डढेलोलाई राप दिन्छु, बाढीलाई पानी दिन्छु
> घामलाई चर्काइदिन्छु, भुइचालोलाई हल्लाइदिन्छु, (मञ्जुल, २०४७, भाग २: ५०)।

उक्त गीतमा राल्फाले प्रयोग गरेका शब्दहरू नयाँ सुरको शिर्षकमा प्रस्तुत गरेका हुन्। समाजमा अन्याय भएको नदेख्नेहरू, जनताका पिढाहरू सुने पनि नसुने झैं गर्नेहरू, दु:खहरू देखे पनि नदेखे झैं गर्नेहरू, बोली भएर पनि बोल्दै नबोल्ने, सत्यसँग डराउने कायर, डरपोक र लाछिहरू, साररूपमा सामाजिक यथार्थबाट टाढा रहन खोज्ने दास प्रवृत्ति विरूद्ध विद्रोहात्मक चेतावनी प्रस्तुत गरेको छ। यसको अर्थ, जिर्ण सामाजिक परिपाटीको अन्त्य गर्दै नयाँ समाज स्थापना गरौं भन्ने नै हो। राल्फा विद्रोही सँगै क्रान्तिकारी पनि थिए भन्ने उक्त गीतबाट पनि स्पष्ट हुन्छ। पश्चिमा विद्रोही कवि, साहित्यकार, गायकहरूको गहिरो छाप र विश्व कम्युनिस्ट आन्दोलनका क्रान्तिकारीहरूको जीवनबाट प्रेरित उनीहरूमा विद्रोह भाव पैदा हुनु अस्वाभाविक थिएन। राल्फाको विद्रोह सत्ताका लागि चुनौतीको रूपमा रहेको भएता पनि राजनीतिक परिवर्तनका निम्ति सांस्कृतिक आन्दोलनको सुरुवात थियो। स्वस्थ समाजको नैसर्गिक स्वभावका रूपमा साहित्य र सङ्गीतमार्फत व्यक्त भएको विद्रोही भावनाले बौद्धिक

जमातलाई प्रभाव पारेको थियो । यसले नेपालको वामपन्थी क्षेत्रलाई मात्र नभई प्रजातान्त्रिक कवि साहित्यकारहरूलाई समेत प्रभावित तुल्यायो । तात्कालीन व्यवस्थाको विरोधमा कसैले पनि खुलेर बोल्न नसकिरहेको समयमा पञ्चायती व्यवस्थाले गरेका अनेकन् विसङ्गत र उत्पीडनकारी अवस्थाहरूलाई उनीहरूले जनसमक्ष उदाङ्गो पार्दिए । त्यसले मनोवैज्ञानिक रूपमा समाजलाई व्यवस्था विरोधी बनाउनमा भूमिका खेलेको थियो भन्न सकिन्छ । तिनै गीत सुनेर असङ्ख्य मानिसहरू कम्युनिस्ट पार्टीको समर्थक, शुभेच्छुक, सङ्गठकको रूपमा विकसित हुँदै गएर नेतृत्व तहमा पुगेका अनेकन दृष्टान्तहरूलाई समेत राजनीतिक परिवर्तनमा राल्फाको योगदानका रूपमा जोड्न सकिन्छ ।

राल्फाको विद्रोहले क्रान्तिको मार्गदिशालाई स्पष्टरूपमा सङ्केत गरेको थियो । उनीहरूकै भाषामा उक्त क्रान्ति देश र जनताका निम्ति थियो । यस अर्थमा उनीहरूका विद्रोहका गीत राजनीतिक परिवर्तनका निम्ति थिए भन्न सकिन्छ । क्रान्ति सशस्त्र वा शान्तिपूर्ण, रक्तपातपूर्ण र रक्तहीन क्रान्ति पनि हुन्छ । राल्फाका विद्रोहका गीतले शान्तिपूर्ण क्रान्तिको वकालत गरेका थिए । कतिपय उनीहरूका गीतहरू वर्गसङ्घर्षको समयमा समेत गाइएका हुन् । उनीहरूका गीतले स्वतन्त्रता, समानता र मुक्तिका सन्देशहरू फैलाएका थिए । त्यो भनेको राजनीतिक परिवर्तनको निम्ति चाहिने यथार्थ चेतनाको प्रकटीकरण नै हो । त्यस्ता गीतहरूले राजनीतिक परिवर्तनको आन्दोलनलाई उठाउनमा भावनात्मक र क्रान्ति उर्जाका स्रोतका रूपमा काम गरेका थिए । विद्रोह असाधारण कुरा हो । त्यसमा चरम प्रतिकूल राजनीतिक अवस्थामा बिना दिशा निर्देशको विद्रोह गर्ने कुरा झनै चुनौतीपूर्ण कार्य हो । यस अर्थमा राल्फाका उल्लिखित र अन्य थुप्रै गीतहरूले राजनीतिक परिवर्तनको आन्दोलनलाई सघाएको यथार्थ प्रकट हुन पुग्दछ ।

### ६.२.४ राष्ट्रिय स्वाधीनता र स्वाभिमानको स्वर

राष्ट्रियता र देशभक्ति भन्दा समुन्नत चेतना राष्ट्रिय स्वाभिमान हो । स्वाधीनता, राष्ट्रियता र देशभक्तिपूर्ण भावको समुच्चता हो । स्वतन्त्रता, स्वाभिमानको पक्षमा आवाज उठाउनु, त्यसमा आँच पुऱ्याउने पक्षहरूको विरोध गर्नु, तत् सम्बन्धमा जनचेतना जागृत गर्नु, जस्ता प्रवृत्तिहरू राल्फा गीतमा अन्तर्वस्तुका रुपमा देखा पर्दछन् । नेपाल कसैको अधिनमा नरही स्वतन्त्ररूपमा सार्वभौमिक अधिकार प्रयोग गर्न सक्षम स्वाधिन राष्ट्र हो भन्ने राष्ट्रिय स्वाभिमानी भावना राल्फा गीतमा भेटिन्छन् । त्यही भावनाको उद्बोधन राष्ट्रिय स्वाधीनता हो । भूपि शेरचनले लेखेका थिए- "जहाँका स्वतन्त्र आमाहरूले, छोरा होइन लाहुरे मात्र जन्माउँछन्," (मैनाली, मङ्सिर १७) । यो आम मानसिकता हो । उपनिवेशवाद एक राजनीतिक र सैन्य प्रभुत्वको प्रणाली हो, जसबाट एक शक्ति राष्ट्रले अर्को क्षेत्रमा प्रत्यक्ष रूपमा नियन्त्रण गर्दछ, अर्को क्षेत्र वा देशको इलाकामा प्रभुत्व जमाउँछ, नयाँ विजय प्राप्त क्षेत्रमा उपनिवेशको बस्ती बसाउँछ, आर्थिक स्रोतको दोहन र व्यवस्थापन गर्छ । सुगौली सन्धिपछि शक्ति राष्ट्रको हितमा गोर्खाली युवाहरूलाई भारत र बेलायती सेनामा राखिएका

थिए । राल्फाले सुरुदेखि नै त्यसका विरूद्धमा गीतहरू गाएर गोर्खा भर्ति गलत छ भन्ने कुरा जनतालाई सूचित गरेका थिए । सन् १९४७ मा भएको नेपाल, भारत र बेलायत बीचको गोर्खाहरूको अधिकारसम्बन्धी त्रिपक्षीय सन्धिको विरोध राल्फाका गीतमा भेटिन्छ । २००६ मा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएपछि उक्त पार्टीले ब्रिटिश भर्ती केन्द्रको विपक्षमा आवाज उठाएको पाइन्छ । राल्फा सुरुवातमा कम्युनिस्ट पार्टीमा आबद्ध थिएन तर कम्युनिस्ट पार्टीसँग राल्फाको विचार समान देखा पऱ्यो । "नेपाल, भारत र बेलायत सरकारबीचको सन्धिमा गोर्खा सैनिकहरूलाई नेपालका मित्रराष्ट्रका विरुद्ध युद्धमा प्रयोग गरिने छैन भन्ने उल्लेख थियो । तर, भारतले पाकिस्तान र चीनसँग भएका युद्धमा गोर्खाली सेना प्रयोग गऱ्यो भने बेलायतले पनि विभिन्न युद्धमा गोर्खाली सेनाकै प्रयोग गऱ्यो," (रिसाल, २०७७, जेठ १०) । सुरुमा कुमाउ-गढवालतिर गोर्खा सेनामा लिइएका गोर्खाहरू मलाया, सिङ्गापुर लगायतका देशमा पनि प्रयोग हुँदै गए । राल्फाले त्यसको विरोध जनायो । राल्फाले गोर्खा भर्ति र उपनिवेशवाद विरुद्ध राष्ट्रिय स्वाधीनता र स्वाभिमानको पक्षमा गाएको एउटा गीतलाई उदाहरणका रूपमा प्रस्तुत गरिएको छ -

युरोपका चुसाहाको थुक किन चाट्छौ ?
मलायाका गरिबको शिर किन काट्छौ
नमार गरिबलाई नजाउ अङ्ग्रेजी पल्टनमा, (जोशी, २०४७, भाग १: पृ. ४९) ।

उक्त गीतले गोर्खाली विरूद्ध गोर्खालीलाई नै प्रयोग गर्ने, मित्र राष्ट्र विरुद्ध पनि गोर्खालीको प्रयोग गर्ने र नेपाली जातिको गरिबीको दोहन गरेर उपनिवेशवाद खडा गर्ने चरित्रको सशक्त विरोध गरेको देखिन्छ । "दिक्तेल बुइपामा आयोजित राल्फाको एक गीति कार्यक्रममा 'युरोपका चुसाहाको थुक किन चाट्छौ ?, मलायाका गरिबको शिर किन काट्छौ भनी सक्दा नसक्दै एकजनाले दर्शकदीर्घाबाट खुकुरी तेर्स्याए । हामीलाई काट्न खोजे । हाम्रा छोराछोरीले विदेशमा धन कमाएकोमा किन विरोध गऱ्यौ भनी उनले हुलदङ्गा मचाए । उनले गीतको आशय नै बुझेनन्, तर हामीले सम्झाउनु परेन, जनताले नै तिनलाई ठेगान लगाए," (श्रेष्ठ, व्यक्तिगत कुराकानी, २०७६, १२/१२) । गीतको भाव नबुझेर त्यसरी आक्रोशमा आएको र गीतको वास्तविकता बुझे पछि आफ्नो गल्ति भएको महशुस गरेको पाइन्छ ।

शक्ति राष्ट्रको उपनिवेशवादी चरित्र र गोर्खा भर्तिको विरोधमा गाएका अरू केही गीतहरूलाई पनि दृष्टान्तको रूपमा लिन सकिन्छ । जस्तैः "जान्न मत गोर्खा भर्ति मलाया छाउनीमा पापी मोरो कुइरेको देशैमा, नजाउ नजाउ दाजु भाइ हो भारत बर्मा मलाय, सिठो खाइ लडौं है स्वदेशमा," (टुहुरे, २०४७, भाग १: ४८), गीतले नेपाली राष्ट्रियता, राष्ट्रिय स्वाधीनता र स्वाभिमानबाटै निशृत हुन्छ भन्ने कुरालाई गीतमा विम्बित गर्दै गोर्खा भर्तीको विरोधमार्फत देशभक्तिको भावना उजागर

गरेको छ । “भाडाका सिपाही जन्माउने देश नेपाललाई नपार, न्यायका प्यारा नेपालीलाई जिउँदै नमार,” (मञ्जुल, २०४७, भाग १: ५३), “लाहुरे हुन नजाउ दाइ अब त, खेर गयो नेपाली रगत,” (बुढाथोकी, २०४७, भाग १: ५५), गाई त मऱ्यो बनको बाघलाई, भाइ त मऱ्यो विदेशी साइँलौ राजालाई, गाउँको माया छ भने गाउँलेलाई फर्क भन विदेशमा साइँलौ जानेलाई,” (हलेसीको लोकलय, २०४७, भाग १: ७२), बोलका गीतहरूले मूलतः राष्ट्रियता, राष्ट्रिय स्वाधीनता र स्वाभिमानका पक्षमा अभिमुखीकरण र अभिसरण गर्ने काम गरेको पाइन्छ । राल्फाले गाएका उक्त गीतहरू मूलतः गोर्खा भर्ती, नेपालीलाई भाडाका सिपाही बनाउने लाहुरे संस्कृति, युवाहरूको पलायन र औपनिवेशवादी, साम्राज्यवादी प्रवृत्ति र चरित्रका विरूद्ध लक्षित थिए । गोर्खा भर्तिको प्रस्तावलाई भीमसेन थापा, माथवरसिंह थापालगायत अन्य थापाहरूले मानेनन् तर राणाहरूले कानुनी मान्यता दिए । भारतमा गोर्खा पल्टन चलाइयो । अङ्ग्रेज भारतबाट पलायन भएपछि गोर्खा पल्टन झनै सक्रिय तुल्याइयो । सन् १९५० को सन्धिमा नेपालले समर्थन गऱ्यो । नेपालीलाई बेरोजगार बनाएर युवाहरूलाई पलायन गराइयो । शासकहरूले विदेशीहरूको इसारामा नेपाललाई भाडाका सिपाही उत्पादन गर्ने देशका रूपमा लिए भन्ने कुरालाई लक्षित गरेर त्यसका विरूद्ध गीत गाइएको देखापर्दछ । राल्फा गीति अभियानका क्रममा गाइएका यसप्रकारका गीतहरूबाट घरेलु सामन्तवाद र विश्व साम्राज्यवादका विरूद्ध राष्ट्रिय स्वाधीनता र स्वाभिमानको पक्षमा जनमत सिर्जना गर्ने कार्य भएको देखिन्छ । राजनीतिक परिवर्तनको बाधक रहेका त्यस्ता शक्तिहरूको विरोध र त्यसबाट प्राप्त गुणात्मक उपलब्धिले नेपालको राजनीतिक परिवर्तनलाई सहयोग पुग्न गएको देखापर्दछ ।

राजनीतिक परिवर्तनको प्रक्रिया आफैँ अघि बढ्दैन । यसका लागि जनतामा उच्च देशभक्ति, राष्ट्रियता, स्वाधीनता र स्वाभिमानको भावना हुन आवश्यक पर्दछ । २०४६ को जन-आन्दोलन यसको उदाहरण थियो । राल्फाले पञ्चायतको प्रादुर्भाव पछिनै राष्ट्रभक्तिका गीतहरू गाएर मानिसमा देशप्रेमको भावना जागृत गराए । राजनीतिक परिवर्तनका निम्ति देश र जनतालाई केन्द्रमा राखी महिनौँ घरवास छोडेर गाउँगाउँ र दुर-दुरका बस्तीसम्म गीत गाउँदै हिँडे । उपनिवेशवाद विरूद्ध स्वाधिनता, स्वाभिमानका पक्षमा लड्न मानिसलाई प्रेरित गरे । सामन्तवादलाई निशाना बनाएका कारण राजनीतिक परिवर्तनका आन्दोलनमा उनीहरूका प्रतिनिधि गीतहरू गाउँदै मानिस होमिए । उनीहरूका देशप्रेमका गीतहरू जनआन्दोलनका स्वर बनेर गुञ्जिए । त्यसबाट मानिसले क्रान्ति उर्जा र उत्साह शक्ति प्राप्त गरेका थिए ।

राजनीतिक परिवर्तन बृहत् राजनीतिक चेतनाको जगमा हुने गर्दछ । त्यस्तो चेतनाले राष्ट्रिय स्वाधीनता र स्वाभिमानको उच्च भावना उमार्न भूमिका खेल्छ । यस सन्दर्भमा आएका राल्फाका गीत सोही अर्थमा गाइएको देखापर्दछ । ती गीतहरूले देशभक्तिको भावनालाई आत्मसात् गर्दै स्वाभिमान र स्वाधिनताको रक्षा गर्नमा प्रेरित गरेको देखिन्छ । देशभित्र हुने सबै किसिमका बाह्य हस्तक्षेप, दबाब र

घुसपैठहरूको विरोधमा ती गीत गाइएको पाइन्छ । उनीहरूले देशको स्वाधीनता र स्वाभिमानलाई कमजोर तुल्याउने, अवमूल्यन गर्ने, प्राकृतिक स्रोत, साधनहरू विदेशीको हातमा सुम्पने कार्यहरूको विरोध गरेका थिए । देश सानो होला तर नेपालको सार्वभौम अधिकार सानो छैन भन्ने भावना उजागर गरेका थिए । नेपालका विभिन्न जातजाति, समुदायलाई स्वार्थपरक ढङ्गबाट विभाजित गर्ने कार्यहरूको विरोध तथा जनता-जनताबीचको एकताका जोड दिँदै एकताका गीतहरू गाएका थिए । देशको स्वाभिमानमा आघात पुऱ्याउने, नेपालीको देशभक्तिलाई कमजोर तुल्याउने विचारहरूको गीतले खण्डन गरेका थिए । राल्फाका गीति अन्तर्वस्तुहरू देशको स्वतन्त्रता, सार्वभौमसत्ता, अखण्डता, स्वाधिनता, स्वाभिमान र समृद्धिको भावनासँग जोडिएको पाइन्छ । त्यो भनेकै वास्तविकरूपमा सच्चा देशभक्ति हो । विदेश नजाउ, आफ्नै देशमा श्रम गर, ब्रिटिश सेनामा होइन आफ्नै देशको सेनामा भर्ति होऊ, अरू देशको विरूद्धमा प्रयोग नहोऊ, कुनै पनि देशको खातिर ज्यान नफाल जस्ता विचारहरू राल्फाका राष्ट्रिय स्वाधीनता र स्वाभिमानका स्वरका रूपमा देखा पर्दछन् । राल्फाका यस्ता गीतले शासन सत्ता विरूद्ध राष्ट्रिय स्वाधीनता र स्वाभिमानका पक्षमा व्यवस्था विरोधी मानसिकता निर्माण गर्नमा योगदान दिएको पाइन्छ । यस अर्थमा, राष्ट्रिय स्वाधीनता र स्वाभिमानका गीतको दृष्टिविन्दुबाट समेत राल्फाले राजनीतिक परिवर्तनमा योगदान पुऱ्याएको देखापर्दछ ।

### ६.२.५ समानतामूलक समाज निर्माणको आग्रह

समानता भनेको समान पहुँच प्रदान गर्नु हो । अवसर र स्रोतहरूको समान वितरण गरिएको समाज समानतामूलक समाज हो । यसले जात, धर्म, लिङ्ग, वर्ण आदि कुनै पनि आधारमा दिइने अवसर, स्रोत र अधिकारको बाँडफाँडलाई अस्वीकार गर्दछ, समानता र न्यायपूर्णपूर्ण समाजको वकालत गर्दछ । मार्क्सवादले समाजमा सबै किसिमका विभेद र असमानताहरूको अन्त्य हुनु पर्ने मान्यता राख्दछ । मार्क्सको अन्तिम लक्ष्य साम्यवादी समाज व्यवस्था अर्थात् पूर्ण समानतामूलक समाजको निर्माण हो । वर्गीय असमानता, जातीय, लैङ्गिक विभेद, र सामन्ती समाज व्यवस्थाप्रति असन्तुष्टि र विरोध हुनुले राल्फाका गीतहरूमा पनि मार्क्सवादको स्पष्ट प्रभाव देखा पर्दछ । प्रस्तुत गीतलाई एक उदाहरणका रूपमा पेश गरिएको छ -

गाइत बाँध्यो ढुङ्ग्रोमा मोई छैन,  
गरिबको चमेली बोल्दिने कोई छैन  
रातो भाले धुरीमा करायो,  
गरिबको चमेली निसाफै हरायो  
धनीलाई धनमाथि धनै छ,  
गरिबलाई चमेली रिन माथि रिनै छ ...  
हुनु पर्छ चमेली सबैलाई बराबर, (मुगिटारको लोकलय, २०४७, भाग १: ८२)

उक्त गीतले धनी गरिब बीचको आर्थिक असमानता र विभेदपूर्ण समाजको चित्रण गरी उक्त परिपाटी विरुद्ध जनतालाई सचेत र जागृत गर्ने काम गरेको देखिन्छ । यो भनेकै सामाजिक, आर्थिक समानताको मार्क्सवादी विचार सौन्दर्यको पक्षपोषण हो । मार्क्सवादको वैज्ञानिक सामाजिक सिद्धान्तले सामाजिक असमानतालाई बदलेर समानताको माग गर्दछ । "निकै जोखिम मोलेर जनताबीचमा पुग्नुपर्ने अवस्था थियो, जोखिमपूर्ण राज्य व्यवस्थामा राल्फा गीतले देशका कुन कन्दराका मस्तिष्कबीचमा चेतना छरे, चेतनाको माध्यमबाट राजनीतिलाई जन जनमा पुऱ्याए," (भौकाजी, २०७४, पृ.घ) । भनाइले राजनीतिक चुनौतीहरू सामना गर्दै राजनीतिक परिवर्तनका विचारहरूलाई दूरदराजका जनतामा पुऱ्याउनमा राल्फाको भूमिका रहेको बुझ्न सकिन्छ । राल्फाको अर्को एक गीतमा यस्तो भाव व्यक्त गरिएको छ -

कोइ त भने जहाजमा हरर
कोइ त भने पसिना तरर हाम्रो नेपालमा
कोइको घरमा डाक्टरको चाकडी
कोइ त मर्छन् अस्पताल नहेरी हाम्रो नेपालमा...
यस्तो चलन धेरै दिन टिक्दैन हाम्रो नेपालमा, (रामेश र मञ्जुल, २०४७, भाग १: ७५) ।

उक्त गीतले लोकोक्तिलाई समाउँदै असमानपूर्ण नेपाली समाजको चित्रण गरेको छ । निम्न वर्गप्रति सहानुभूति दर्शाउँदै धनि गरिबबीचको विरोधाभासको प्रकटीकरणद्वारा निम्न वर्गीयहितको पक्षपोषण गरेको छ । 'यस्तो चलन धेरै दिन टिक्दैन हाम्रो नेपालमा' भन्ने गीति अन्तर्वस्तु र सारभावले राजनीतिक परिवर्तनप्रतिको तीव्र आकाङ्क्षालाई विम्बन गरेको छ । यस्ता विचारहरूले राजनीतिक परिवर्तनमा राल्फा समाज परिवर्तनका निम्ति थियो भन्ने देखाउँदछ । परिवर्तन चेतनाको जगमा निर्मित हुने हुँदा परिवर्तनको आवश्यकता महशुस गराउने काममा राल्फाको भूमिका रहेको बुझ्न सकिन्छ । "राल्फाले सूक्ष्मरूपमा ग्रहण गरेको मार्क्सवादी चेतना अनुरूपका गीति प्रयोग गऱ्यो, आफूलाई गाउँ-गाउँमा पुऱ्यायो, राल्फा समूह होइन सन्तति हो भन्ने बारेमा व्यापकता दियो र सङ्गीतमार्फत मार्क्सवादी चिन्तनलाई अघि बढायो," (रसिक, २०५८, पृ. ६५) भन्ने भनाइबाट राल्फा मार्क्सवादी चेतनाले परिष्कृत हुँदै सोही चेतनाले समाज परिवर्तन गर्न चाहेको महसुस गर्न सकिन्छ । झापामा लिइएको समूहगत छलफलका सहभागीहरूले राल्फाको बारेमा यसरी विचार राखेका थिए-

> २०२८ को झापा किसान विद्रोहताका राल्फाका गीत बन्द कोठामा गाउने गरिन्थ्यो । ती गीतमा समानता, न्याय र मुक्तिका कुराहरू हुन्थे । मेला, पर्वहरूमा जनताले ती गीत गाउन थाले पछि राल्फाप्रति मानिसहरूको चासो बढ्यो । ती गीत जिल्लाका सङ्घर्षका कार्यक्रममा निकै उपयोगी थिए । झापा कम्युनिस्ट आन्दोलनदेखि प्रजातन्त्र ल्याउने आन्दोलनसम्म चेतना र जागरण ल्याउने काममा सहयोगी रहे, (२०७५, समूहगत छलफल, झापा) ।

यसैगरी मोरङ जिल्लाका सहभागीहरूले भनेका थिए- “राल्फाका गीतले समाजमा असमानता र चरम विभेद छ भन्ने कुरा बुझाइदियो । तिनै विषयहरू उठाउँदै जिल्लामा कम्युनिस्ट पार्टी बलियो हुँदै गयो । सङ्कल्प आइसके पछि ती गीतहरूले राजनीतिक परिवर्तनप्रति मानिसको चासो बढाउने काम गरे, मोरङ जिल्ला मालेको किल्ला भनेर चिनाउनमा प्रगतिशील गीतहरूको ठुलो हात छ,” (२०७५, समूहगत छलफल) । दुई जिल्लामा भएका विचार टिप्पणीले समेत राजनीतिक चेतना अभिवृद्धिमा, कम्युनिस्ट आन्दोलनदेखि प्रजातान्त्रिक आन्दोलनहरूमा समेत राल्फाले योगदान पुऱ्याएको स्थिति देखा पर्दछ । उक्त विचारलाई विभिन्न अन्तर्वार्ताहरूबाट प्राप्त भएका विचारहरूसँग संयोजन गर्दा राल्फाका गीत सांस्कृतिक स्वरूपमा राजनीतिक चेतनामा आधारित भएकोले राजनीतिक चेतना अभिवृद्धि गर्ने, समाज र जीवन रूपान्तरण गर्ने सङ्कल्प उद्देश्यका पूरक थिए भन्न सकिन्छ । “युग बोल्ने यी गीत ठुला-ठुला क्रान्तिको साक्षी बने । ती गीतले जुनसुकै विचार बोकेका विद्यार्थीलाई उचाल्थ्यो । विचारलाई एकातिर पन्छाउने हो भने ती गीतले हरेकलाई क्रान्तिचेत भर्थ्यो,” (खनाल, २०७५) भन्ने विचारहरूका आधारमा पञ्चायत फाल्न जन्मिएको राल्फा जस्ता विचारहरूले राल्फा राजनीतिक परिवर्तनको एक सक्रिय सहयोगी अङ्ग भएको बुझ्न सकिन्छ । विकल भन्छन् - “जब कुनै जनताको समर्थक, जनताको हक र इन्साफमा बोल्ने मानिस गाउँघरमा पसेर जनताको साँचो सेवामा उद्धत हुन थाल्दछ, त्यसको ठाउँका माथ्लो वर्गका सामन्त र तिनैका प्रतिनिधि शासक वर्गको पेट पोल्न थाल्छ,” (२०४४, पृष्ठ : ज) । विकलको भनाइबाट पञ्चायत र राल्फाबीचको वर्गद्वन्द्वको अवस्था चित्रण हुन्छ ।

राल्फाका गीतले मानिसलाई परिवर्तनको आन्दोलनमा लाग्न अभिप्रेरणा र उर्जा दिनु, भावनात्मक र वैचारिक सञ्चारको माध्यम बन्नु, राजनीतिप्रति चासो बढाउँदै विचारको नजिक पुऱ्याउन भूमिका खेल्नुले राजनीतिक चेतनाको विकासमा राल्फाका गीतको योगदान रहेको थियो भन्न सकिन्छ । मार्क्सवादी सिद्धान्तको आधार लिएर, अन्य विचारहरूसँग जोडेर हेर्दा शासकहरूको अन्याय र अत्याचार विरूद्ध राल्फाले पञ्चायत विरोधी चेतना, राजनीतिक चेतना अभिवृद्धिमा योगदान पुऱ्याएको र राजनीतिक परिवर्तनको आग्रहलाई सघाउ पुऱ्याउने काम गरेको थियो भन्ने आधार निर्माण हुन पुग्दछ । उल्लिखित आधारमा राल्फाका गीतले समाजमा जनचेतना, जागरण पैदा गर्दै सामन्तवाद, साम्राज्यवादको विरोध, राष्ट्रिय स्वाधीनता र स्वाभिमानको पक्षपोषण, सामाजिक असमानताको विरोधद्वारा राजनीतिक परिवर्तनका निम्ति व्यवस्था विरोधी भावनाको निर्माणमा भावनात्मक र कार्यात्मक योगदान पुऱ्याएको थियो भन्ने आधार निर्माण हुन्छ । यसरी समग्रता हेर्दा राल्फाको योगदान श्रम, श्रमिक वर्गप्रति लक्षित सिर्जना मार्फत खासगरी सामन्तवाद र पुँजीवाद विरुद्ध केन्द्रित रहेको पाइन्छ । सुरुवातीचरणमा विद्रोही समूहका रूपमा यसले आफ्नो परिचय बनाएता पनि यसका सिर्जनामा क्रान्ति र बलिदानका विषयवस्तुले प्रसस्त ठाउँ पाएका छन् । क्रान्तिकारी चेतनाका गीतहरूले जनतालाई क्रान्तिकारी भावना उमार्नमा भूमिका खेलेको देखिन्छ ।

समग्रमा विश्लेश्य विषयवस्तु माथि दृष्टि पुऱ्याउँदा राल्फाले समाजको आमुल परिवर्तनको उद्देश्यमा टेकेर बहुसङ्ख्यक श्रमजीवी जनतालाई शोषणबाट मुक्त गर्न न्याय समानतायुक्त शोषणविहीन समाजको निर्माणखातिर जनतालाई जागरुक बनाउने, विश्वशान्ति, मानवता र भातृत्वको भावना जगाउने, राष्ट्रिय स्वभिमान र देशभक्तिको भावनालाई उजागर गर्ने, जीवनलाई सार्थक, सभ्य र गतिशील बनाउन उत्प्रेरणा प्रदान गर्ने, समाजमा विद्यमान शोषण, अन्याय र अत्याचार विरोधी भावनाको विकास विस्तार गर्ने, सामाजिक विषमता र कुरितीहरूको विरुद्ध चेतनाको विगुल फुक्ने, पञ्चायती निरङ्कुशताको विरुद्ध जागरण ल्याउने, श्रमको सम्मान गर्ने, समाजमा व्याप्त अन्याय, शोषण र विसङ्गतिहरूविरुद्ध चेतना भर्ने, कम्युनिष्ट पार्टी र जनताबीच सम्बन्ध निर्माण गरिदिने, पञ्चायती 'राष्ट्रवाद' विरुद्ध घृणा पैदा गर्ने, श्रमजीवी गरीब जनताको पक्षपोषण गर्दै सामाजिक र सांस्कृतिक मूल्यको निर्माण गरी नेपालको राजनीतिक परिवर्तनको आन्दोलनलाई मात्रात्मकबाट गुणात्मक परिवर्तन तर्फ विकास गर्ने कार्यमा राल्फाले योगदान पुऱ्याएको देखिन्छ ।

## ६.३ सङ्कल्प परिवारको योगदान

सङ्कल्प मार्क्सवादी सिद्धान्तद्वारा प्रशिक्षित थियो । सङ्कल्पका कलाकारहरू माओद्वारा लिपिवद्ध गरिएका अनुशासनका तीन नियम र ध्यान दिनुपर्ने आठ कुराहरु पालना गर्दथे । त्यसलाई पार्टी अनुशासनका लागि नेकपा (माले) ले अपनाएको थियो । सङ्कल्पका गीतहरूको राजनीतिक परिवर्तनमा योगदानको अवस्थालाई गीति तथ्यहरू र त्यस उपरका विज्ञ व्यक्तित्वहरूका विचारहरू र उनीहरूले परिवर्तनका निम्ति खेलेका भूमिकाका आधारमा विभिन्न कोणबाट हेरिएको छ । मार्क्सवादी दर्शनमा कलाको सिर्जन, पुनर्सिजन र त्यसको प्रयोगमा अन्तर्वस्तु र रूपको भूमिका हुने हुँदा गीतका अन्तिम हरफमा सार रूपमा व्यक्त विचार गीतका अन्तर्वस्तु र अघिल्ला पंक्तिहरूमा व्यक्त विचारहरू गीतका रूप पक्ष हुन् । रूप पक्षले विद्यमान अन्तर्विरोध वा समस्या उजागर गर्दछ । अन्तर्वस्तुलाई व्यक्त गर्न रूप पक्षको आवश्यकता पर्दछ ।

### ६.३.१ वर्गसङ्घर्ष र वर्गीयप्रेममा विश्वास

समाजको संरचना नै वर्गीय हुने गर्दछ । आर्थिक कारणबाट हुने शोषण, दमन, अन्यायकै पृष्ठभूमिबाट समाजमा वर्गहरू निर्माण भएका हुन्छन् । मूलतः तिनै वर्गहरू मध्ये बहुसङ्ख्यक मानिसहरूको प्रतिनिधित्व गर्ने श्रमजीवी सर्वहारा वर्गको पक्ष लिँदै, त्यसै आधार र पृष्ठभूमिबाट सङ्कल्पका गीतहरू जन्मेका थिए । ती गीतहरूले एकातिर वर्ग चेतना, वर्ग पक्षधरता, र वर्गीय प्रेमको भावनाहरू उमार्ने काम गरेका थिए भने अर्कातिर वर्ग दुश्मनप्रति घृणा र वितृष्णा पैदा गर्ने काम गरेका थिए । त्यो बेलाको वर्गीय समाज भित्र वर्गसङ्घर्ष र वर्गीयप्रेम एक अर्काका पुरकका रूपमा थिए । वर्गीयप्रेमको अर्थ, समाज र जीवनलाई यथार्थ रूपमा प्रेम गर्नु, श्रमजीवी वर्गको पक्षधरता लिनु,

वर्गविहीन समाज निर्माणको अभियानलाई प्रेम गर्नु भनेर बुझिन्थ्यो । मार्क्स-एङ्गेल्सले वर्गीयप्रेमलाई 'उत्पादन पद्दतिमा उत्पादनका साधनसँग समान सम्बन्ध भएका मानिसहरूको समूहहरू सँगको प्रेम भनेका छन् । लुकास, (२०६९) अनुसार - "मार्क्सवादी साहित्यले श्रमजीवी वर्गीय पक्षधरता लिँदै वर्गसङ्घर्षको लागि अभिप्रेरित गर्दछ । त्यसले वर्गीय शोषण उत्पीडनका विरुद्धमा सचेत वर्गीय चेतना, वर्गपक्षधरताका साथ क्रान्तिकारी, आशावादी विचारहरू सम्प्रेषण गर्दै प्रतिक्रियावादी राज्यसत्ताको अन्त्य गराई वर्गविहीन सुन्दर समाज निर्माण गर्ने परिकल्पना प्रस्तुत गर्दछ," । यसै दृष्टिविन्दुबाट पञ्चायतकालमा सङ्कल्पका गीतहरू पञ्चायतले लिएको वर्गसमन्वयको नीति र नेकपा (माले) ले लिएको वर्गसङ्घर्षको नीति भित्र साहित्य र सङ्गीतको माध्यमबाट प्रवेश गरेर वर्गीय प्रेमको भावनामार्फत वर्गसङ्घर्ष चर्काउन भूमिका खेलेको देखिन्छ । यसमा समाजका विकृतिलाई अन्त्य गर्ने सर्वहारावर्गीय प्रेमलाई नै वर्गीय प्रेम भनियो । मार्क्सवादी साहित्यमा सर्वहारा वर्गीय पक्षधरता हुन्छ र वर्गीय पक्षधरताले वर्गीय प्रेमको भावना विचार निर्माणमा सहयोग पुग्दछ । पञ्चायती दमन र क्रुरता विरुद्धमा जनमत निर्माण गर्ने क्रममा राजनीतिक परिवर्तनको अपेक्षा गरी सङ्कल्पका गीतहरू गाइएका थिए । ती गीतले वर्गीय प्रेमको माध्यमबाट  समाजका लैङ्गिक र वर्गीय उत्पीडनहरूको चित्रण, सामाजिक, राजनीतिक, आर्थिक विसङ्गतिहरूका विरूद्ध जनतालाई जागृत गर्ने काममा त्यसले सहयोग गरेको पाइन्छ । समाजमा जनचेतना ल्याउने र जागरण जगाउने उद्देश्यले गाइएका ती गीतहरुले श्रमजीवी वर्गको पक्षमा शासन व्यवस्था विरोधी भावना जगाउनमा समेत भूमिका खेलेको पाइन्छ ।

वर्गसङ्घर्ष मार्क्सवादी विचारधाराको प्रमुख तत्व हो । मार्क्सका अनुसार आजसम्मको इतिहास भनेको वर्ग सङ्घर्षको इतिहास हो । मार्क्सले वर्ग सङ्घर्षलाई हिंसात्मक, शान्तिपूर्ण सडक सङ्घर्ष, छापामार युद्ध, विरोध प्रदर्शन, हड्ताल, विद्रोहका दृश्यरूपलाई मात्र होइन, अन्तर्विरोधी वर्गहरूका बीचको निरन्तर अन्तरसङ्घर्षको वस्तुगत अवस्थालाई पनि मानेका छन् । यो प्रत्यक्ष, अप्रत्यक्ष दुवै रूपमा चलिरहेको हुन्छ भन्ने मानिन्छ । उक्त सिद्धान्त र मान्यतालाई पहिल्याउँदै सङ्कल्पका गीतले विपरीत तत्वहरूको एकता र सङ्घर्षमा जोड दिएको पाइन्छ । बल प्रयोगद्वारा वर्गीय शासनको परिवर्तन, सर्वहारा वर्गको अधिनायकत्व, निरन्तर क्रान्ति जस्ता विषयहरू नेकपा (माले) ले उठाउँदै आएको थियो । तर सङ्कल्पका गीतमा बल प्रयोग गर्ने कुरा, हिंसात्मक कुराहरू निकै नरम तरिकाले मात्र व्यक्त भएको पाइन्छ । "को शत्रु हाम्रो को मित्र हाम्रो बेलैमा चिन्नेछौँ, चाहिएमा हामी देशका लागि हतियार भिर्ने छौँ," (विकल, २०४९, पृ. १३६) गीतलाई उदाहरणको रूपमा लिन सकिन्छ । उनीहरूले जनताको बल माथि विश्वास गरेको पाइन्छ । सामान्यतयाः समाजका विविध वर्गहरू, मुख्यतः दुई वर्ग शोषक र शोषित वर्गहरूबीच चल्ने सङ्घर्ष, लडाइँ वा युद्धलाई राजनीतिक भाषामा वर्गसङ्घर्ष भनिएको छ । मार्क्सवादी सौन्दर्यशास्त्रलाई नै प्रेम सौन्दर्यको व्याख्या गर्ने वस्तुनिष्ठ शास्त्र मानेको पाइन्छ, जसअनुसार सौन्दर्य निरपक्ष हुँदैन, वर्गीय हुन्छ भन्छन् । त्यो भनेको श्रमिकको परिश्रमलाई नै सौन्दर्यको रूपमा हेर्नु, त्यसलाई संसार निर्माण गर्ने कार्यको रूपमा बुझ्नु र परिश्रमलाई प्रेम, माया, सम्मान गर्नु हो भन्ने बुझिन्छ । उक्त दृष्टिकोणअनुसार नै

सङ्कल्प परिवारले व्यक्तिमा हुने चेतनाले सौन्दर्यलाई निर्धारण गर्दछ, जीवनमा उपयोगी हुने चेतना नै सौन्दर्य हो र सुन्दरतालाई जीवनसँग जोडेर लैजानु पर्छ भन्ने मान्यताहरू आफ्ना सिर्जनामा मुखरित गरेको पाइन्छ । लेनिनको अनुसार- "वर्ग मानिसहरूका ती समूह हुन्, जसमा एउटा समूह सामाजिक अर्थव्यवस्थाको निश्चित पद्धतिमा आफ्नो स्थानको आधारमा अर्को समूहको श्रम हत्याउन प्रयत्न गर्छन्," (लेनिन, सन् १९८२) । भनाइबाट मानिसका चाहना र स्वार्थहरू एकअर्कासँग अन्तर्सम्बन्धित हुन्छन्, सामाजिक उत्पादनमा हुने फरक फरक स्थान विशेषले गर्दा नै तिनीहरूका सामाजिक अवस्था पृथक् -पृथक् हुन जान्छन् भन्ने बुझ्न सकिन्छ ।

प्रत्येक समाज सामाजिक वर्गहरूमा विभाजित हुन्छ, जसका सदस्यहरू अन्य सामाजिक वर्गका सदस्यहरूभन्दा एकअर्कासँग बढी समान हुन्छन् । त्यसबेलाको घरेलु राजनीतिमा तात्कालीन नेकपा (माले) ले 'राजनीतिक सत्ताको जन्म बन्दुकको नालबाट हुन्छ' भन्दै वर्गसङ्घर्षको धारणा प्रकाश पारेको थियो । "देशका अनेक भागहरूमा जनकार्य र वर्गसङ्घर्षलाई सशस्त्र सङ्घर्ष र राजनीतिक सङ्घर्षका रूपमा गोप्य र खुलारूपमा सञ्चालन गर्ने, उक्त सङ्घर्षको उद्देश्य जनतालाई गोलबन्द गर्ने, पार्टी सङ्गठनहरू बनाउने, अगाडि बढेको शक्तिलाई मजदुर किसानहरूको बीचमा पठाउने, जमिन्दार माथि आक्रमण र दमनकारी शत्रुहरूका विरूद्ध जाइलाग्दै सशस्त्र सङ्घर्ष चलाउने," (पोखरेल, २०४७, परिशिष्ट, पृ. ४५३-५६) भनिएको पाइन्छ । उक्त सशस्त्र सङ्घर्षलाई रक्षात्मक रणनीति भित्रको आक्रमणात्मक कारबाही भनिएको थियो । उक्त सिद्धान्त विचार निर्देशनबाट प्रेरित सङ्कल्पका गीत वर्गचेतनाको आलोकमा वर्गसङ्घर्षको भावभूमिमा तयार गरिएका थिए । ती गीतले वर्गीय चेतनाका आधारमा वर्ग शत्रु र वर्ग मित्रको पहिचान गर्ने गरेका थिए । यसो हुनाको मूल कारण क्रान्तिको स्थायी वर्ग (सर्वहारा) लाई समाउँदा वर्गसङ्घर्ष चर्काउँन सजिलो हुनु हो । सोही दृष्टिकोणअनुसार नै गीतले किसान, मजदुर, श्रमिक, सुकुम्वासी, शोषित, पीडितहरूलाई चेतना भर्ने काम गरेको देखिन्छ । मानिसहरू तिनै गीतको प्रभावमा वैचारिक रूपमा राजनीतिक दल र सङ्गठनमा आबद्ध भएका थिए । गीतले वर्गीय चेतनाको आधार निर्माण गर्ने क्रममा धनीहरूको शोषण विरूद्ध गरिबलाई, जमिन्दारहरूको शोषण विरूद्ध किसानहरूलाई, पुँजीपतिहरूका विरूद्ध श्रमिकहरूलाई, शोषकका विरूद्ध शोषितलाई, शासकहरूको दमन् विरूद्ध तात्कालीन राजनीतिक प्रणालीमाथि प्रहार गरी वर्गीय चेतना र वर्गसङ्घर्षको पक्षपोषण गर्ने काम गरेका थिए । सङ्कल्पको एउटा गीतमा उक्त विचार यसरी प्रतिविम्बन भएको पाइन्छ-

पुस्तौँपुस्ता महाजनको गोठालो बनी
निसास्सिइ अन्यायलाई सहि बस्दा पनि
भोकभोकै पर्ने हामी बगाइ रगत आँशु,
खटी काम गर्ने हामी बसी खान्छन् ठालु
लुटी खाने फटाहाको बल्ल बुझ्यौँ चाला,
हक हाम्रो खोस्नै पर्छ ज्यान गए जाला, (शर्मा, २०४७ भाग ४: २५) ।

प्रस्तुत गीतमा गोठालो शोषित वर्गको प्रतिनिधि पात्र बनाई साहु महाजनको अत्याचार, ठग्ने, चुस्ने प्रवृत्ति, श्रमको अवमूल्यन, शोषणमा पर्दाको पिडा आदिको चित्रणद्वारा वर्गीय शोषणको यथार्थ प्रकट गरिएको छ । त्यस विरूद्ध श्रमजीवीहरू चुप लागेर बस्न नहुने भन्दै उनीहरूको हातबाट हक खोस्न एकजुट हुनु पर्ने आग्रह गरिएको छ । यसरी प्रस्तुत भएका गीतले श्रमजीवी वर्गलाई मिलाउने, एकीकृत गर्ने काम गरेका थिए । किनकि वर्गसङ्घर्षमा समाजका मानिसहरू कोही पनि तटस्थ रहन सक्दैनन् । उनीहरू समयक्रममा आ-आफ्नो वर्गसँग मिल्न पुग्छन् । यसरी मिल्ने क्रमसँगै वर्ग-वर्गका बीचको सङ्घर्ष झनै पेचिलो बन्दै जान्छ, जसको फलस्वरूप समाजका विभिन्न वर्गहरू-शासकका विरुद्ध शासित वर्ग, शोषकका विरूद्ध शोषित वर्ग, सामन्तका विरूद्ध सर्वहारा वर्गले वर्गसङ्घर्षको बाटो लिन पुग्छन् र पुँजीपति वर्ग पनि सङ्गठित हुँदै जान्छ । यो नै वर्गसङ्घर्षको अवस्था हो । गीतमा उक्त सङ्घर्ष परिपक्व भए पछि त्यसले क्रान्तिको रूप लिन्छ र पुरानो शोषणमुखी व्यवस्थालाई विस्थापन गरी श्रमिकहरूको न्यायपूर्ण व्यवस्था स्थापना हुन्छ भन्ने आशाको सञ्चार गरिएको पाइन्छ । यहाँ गीतले श्रमजीवी वर्गको प्रतीक बनाएको 'गोठालो' उत्पादक शक्ति हो भने महाजन उत्पादन सम्बन्ध हो । यी दुई वर्गका बीचमा निरन्तर सङ्घर्ष चर्काउनु पर्छ भन्ने कुरा मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादी चेतना हो, सोही चेतनाले शोषक वर्गप्रति घृणा उमार्ने प्रयत्न गरिएको छ । वर्गीय मुक्ति सुनिश्चित छ भन्ने दृढभाव गीतमा संस्लेश्य छ ।

सङ्कल्पका गीतले सामाजिक, आर्थिक, सांस्कृतिक विषमता, विकृति र वर्गीय उत्पीडनको उत्खनन् गर्दै मुक्ति र समृद्धिको बाटो देखाएका छन् । अन्य केही गीतका दृष्टान्तहरूलाई हेर्न सकिन्छ । जस्तै : "श्रमकार किसान अघि बढ," (शर्मा, २०४७, भाग ४: ७१), सोही कृतिबाट, "सामन्तीलाई मास्न नउठी नहुन्या भैगो," (थापा, २०४७, भाग ३: ४६), "शोषित जनता जुटौं अब सब" (कुमार, चक्र, २०४७, भाग २: ७३), "आफूबाट खोसिएको संसार जित्न जाग," (मञ्जुल, २०४७, भाग १: पृ. ३४), 'गरिबले पनि खानु नै पर्छ, धनीको मात्र मुख हैन, उज्यालो जीवन ल्याउनु छ छिट्टै,' (राल्फा, २०४४, पृ. २७८) आदि गीतले श्रम तथा पुँजीबीचको अन्तर्निहित वर्गसङ्घर्षको जरा पहिल्याउँदै श्रमिक वर्गलाई पुँजीपति वर्ग विरुद्ध विद्रोह गर्न अपिल गरेका छन् । उठौँ, जुटौँ, जागौँ, लागौँ, अघि बढौँ जस्ता आग्रहपूर्ण विचारहरूले वर्गचेतनाको अन्तर्घुलनद्वारा वर्गीय मुक्तिको चाहना प्रकट गरिएको छ । त्यसले मानिसहरूलाई राजनीतिक परिवर्तनको आन्दोलनतर्फ केन्द्रित तुल्याउनमा योगदान पुऱ्याएको देखिन्छ । २०३६ को विराटनगरको पहिलो सङ्कल्प गीति कार्यक्रममा मञ्जुल (२०७६) ले उद्घोषण गरेका थिए- "हामी तिनै मजदुरहरूको गीत गाउँछौँ । बाँध बनाउने, कुलो बनाउने, पैनी बनाउने, ठुल्ठुलो कलकारखाना निर्माण गर्ने, मुरीका मुरी अन्न फलाउने किसानहरूको, भोका नाङ्गाहरूको गीत गाउँछौँ" । यसरी उनीहरू आफूलाई पूर्णरूपमा सर्वहाराकरण गर्दथे । अभिव्यक्ति र व्यवहारमा समेत एकरूपता देखा पर्दथ्यो । २०३७ सालसम्म तात्कालीन नेकपा (माले) ले वर्गसङ्घर्षको

कठोर नीति अख्तियार गऱ्यो । त्यसपछि सङ्कल्पका गीतमा पनि क्रमशः राजनीतिक स्वतन्त्रताका आवाजहरू मुखरित हुन सुरु गरेको देखिन्छ । उक्त भनाइलाई स्टरको भनाइसँग जोड्न सकिन्छ । “वर्गचेतना शोषणको कच्चा भावनाबाट उत्पन्न हुन्छ र ग्रान्डीनले पनि उल्लेख गरे जस्तै, पञ्चायत युगले वर्ग प्रेम, एकता उत्पीडित वर्गको लागि मात्र हो भन्ने ठान्यो र ती आधिपत्यहरूलाई नष्ट गर्न उन्मुख भयो,” (स्टर, सन् २०१३, पृ. २८३-२९८) । उक्त भनाइले पञ्चायती व्यवस्थाले वर्ग समन्वयको नीति अख्तियार गरी वर्गीय प्रेमको भावनालाई वेवास्ता गर्दा नै सङ्कल्पले वर्ग चेतना र वर्ग सङ्घर्षका गीतको अभ्यास सुरु गरेको बुझ्न सकिन्छ । “हाम्रो जीवन बित्दै जाँदा गीत हामी गाउँछौँ, खान बस्न नपाउँदा झोडा फाँड्न आउँ छौँ, हक हाम्रो पनि थियो खाने बस्ने यहाँ, भोकै फेरी रुवाई लानु बालबच्चा कहाँ,” (पोखरेल, २०४७, भाग ३: पृ. ३९) । उक्त गीत झोडावासीहरू विरूद्ध शासकहरूको निर्मम उत्पीडनको प्रतिरोधपूर्ण उजागरण हो । शासकहरूले सुकुम्वासी बस्तीहरू हात्ती लगाई घर भत्काइएपछि त्यसबाट उत्पन्न आक्रोशपूर्ण भावको चित्रण हो ।

सामन्तवाद त्यसको मूल समस्या भएको हुँदा त्यसबाट जनतालाई मुक्त गर्न सङ्कल्पका गीतले वर्गचेतनाको सहारा लिएको बुझ्न सकिन्छ । यस आधारमा सामाजिक–राजनीतिक परिवर्तनप्रति जागरूक तुल्याउँदै राजनीतिक परिवर्तनको आशा जागृत गराउने, आन्दोलनका निम्ति चाहिने मनोदशा तयार पार्नमा सङ्कल्पका गीतले भूमिका खेल्यो भन्न सकिन्छ । सङ्कल्पका गीतहरूले वर्गीय शोषण, उत्पीडनमा परेका जनतालाई मुक्तिको बाटो देखाउँथे । सामन्तवादका विरुद्ध उठ्न र गोलबन्द हुन सिकाउँथे । हाम्रै गीतहरूको प्रभावले असङ्ख्य किसान, मजदुर र श्रमिकहरू आन्दोलनमा जोडिएका थिए (टुहुरे, २०७६) भन्ने आशयले राजनीतिक परिवर्तनमा सङ्कल्पका गीतको भूमिका स्पष्ट रूपमा देखा पर्दछ । “शम्भु राई, रामेश, मञ्जुलहरूले शोषण, उत्पीडन र वर्गीय असमानताका विरूद्धमा जनता उराले । जनतालाई जुरुक्जुरुक् पारे,” (घिमिरे, २०५३, पृ. ७१) भन्ने भनाइले सङ्कल्पका गीत वर्गीय आन्दोलनको बलशाली हतियार थिए, जसले व्यवस्था विरोधी जनमत निर्माणमा योगदान पुऱ्याएको देखापर्दछ । “नेपालमा वर्ग विभेद र वर्ग चेतनाको राजनीतिक भाका टिप्ने काम वामपन्थी कलाकारहरूले गरे । जेबी टुहुरे, खुसीराम पाखिन, रामेश, रायन, मञ्जुल, जीवन शर्मा जस्ता ‘प्रगतिशील’ स्वरजीवीहरूले गीत-सङ्गीत मार्फत सामाजिक विभेद र वर्ग चेतनाको आवाज उराल्ने काम गरे,” (दुरा २०७८, मंसिर २५) । उक्त भनाइले वर्ग चेतनाका गीतमार्फत समाजमा प्रगतिशील गीतले व्यवस्था विरुद्ध वर्गचेतनालाई भावनात्मक र वैचारिकरूपमा प्रशिक्षणसँग जोड्दै मनोवैज्ञानिक रूपान्तरणमार्फत राजनीतिक परिवर्तनमा भूमिका खेलेको देखिन्छ । “गाउँहरूको छाप्रोबाट आज यहाँ देश बोल्छ, भोकाएका किसानसँगै आज युग बोल्छ, जुट भोका हो, उठ नाङ्गा हो,” (राई, २०४७, भाग २: ८) गीतले वर्ग चेतनाको माध्यमबाट किसानहरूलाई गोलबन्द हुन आह्वान गरेको छ । (राई, २०४७, भाग ४: ४९) को गीत- “हरेक साल छ अनिकाल” ले गरिबी र अभावमा अनिकालग्रस्त जीवन बाँचिरहेका मानिसहरूप्रति वर्गीय प्रेम र सहानुभूति दर्शाउँदै किसानहरूलाई अधिकारको

सङ्घर्षमा लाग्न आह्वान गरेको छ । (सुब्बा, २०४७, भाग २: १९) को "दुनियाका श्रमिकहरू एक जुट भए," बोलको गीतले श्रमिकहरूलाई एकताको अपिल गरेको छ । पुस्तौँपुस्ता महाजनको गोठालो बनी (शर्मा, २०४७, भाग ४: २५) गीत पनि वर्ग चेतनामा आधारित छ । यसप्रकारका गीतहरूले नेपाली समाजको चरित्र र सर्वहारा वर्गीय राजनीतिक चेतनामा टेकेर समाजको राजनीतिक चेतना उठाउन योगदान दिएको देखा पर्दछ ।

पञ्चायत र प्रगतिशील गीत सैद्धान्तिक रूपमै एक एर्कामा भिन्न थिए । पञ्चायतले वर्गसमन्वय भन्थ्यो, मालेले वर्गसङ्घर्षको नीति लिएको थियो । पञ्चायतले निर्दलीयताको परिपाटीलाई नै बलियो बनाउन राजनीतिक दल र दलीय राजनीतिलाई निषेध गरेको थियो । नेपाली राष्ट्रवादको नाममा एकल जातीय राष्ट्र-राज्य निर्माणका नाममा बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक आचारविचार माथि दमन गरेको थियो । एउटा भाषा, एउटा भेषको नीति अवलम्बन गर्ने नाउँमा राजा सर्वेसर्वा र संविधान भन्दा माथि थिए । पञ्चायतले काँग्रेस र कम्युनिस्टहरूलाई अराष्ट्रियतत्व (अ.त) घोषणा गरेको थियो । वर्ग समन्वयको नीति अनुरूप वर्गीय सङ्गठनहरूको व्यवस्था मिलाई क्रियाशील गराइएको थियो । शोषणरहीत समाजको परिकल्पना र सो समाज प्राप्तिका लागि वर्ग समन्वयको नीति अख्तियार गर्ने नारा व्यापक गरिएको थियो ।

नेकपा (माले) ले सैद्धान्तिक रूपमा समाजका सर्वहारा वर्गलाई एकीकृत गरी पञ्चायतसँगको अन्तर्विरोध चर्काउँदै न्यायपूर्ण नयाँ जनवादी समाज व्यवस्था स्थापना गर्ने परिकल्पना प्रस्तुत गरेको थियो । सोही नीतिअनुरूप प्रगतिशील गीतका जनचेतनामूलक सांस्कृतिक कार्यक्रमहरू देशव्यापी रूपमा सञ्चालन भएका थिए । यस्ता कार्यहरूबाट पञ्चायत र प्रगतिशील गीत बीचमा सङ्घर्षपूर्ण अवस्था सिर्जना भएको थियो । उक्त सङ्घर्षमा प्रगतिशीलहरूले जनताको साथ पाएका थिए । रामेश भन्छन्- "परिवर्तनका गीत गाउँदै हिँड्दा-हिँड्दा पञ्चायतको आँखाको कसिङ्गर नै बन्नु परे पनि आम जनताको साथ, समर्थन र शक्तिले परिवर्तनकामी जनताका गीत र विचारहरू मर्न दिइएन, वर्ग समन्वय उनीहरू नारा मात्र थियो व्यवहार ठिक उल्टो थियो, उनीहरूको वर्ग चरित्र सामन्तवादमा आधारित थियो," (रामेश, व्यक्तिगत कुराकानी, २०७६, १२/१२) । कलाकारहरूलाई मात्र हैन ती सङ्कल्पका गीति क्यासेट बिक्रेताहरूलाई समेत उनीहरूले जेल हालेका थिए । क्रूर दमन, उत्पीडनका बावजुत बाधा अवरोधहरू झेल्दै सङ्कल्प गीति यात्रा निरन्तर चलिरह्यो । व्यवहारमा पञ्चायतले लिएको उद्देश्य भन्दा मुलुकमा त्यसबेला घटेका घटनाहरूले व्यवहारमा फरक अवस्था थियो । पञ्चायतकालमा मानिसहरू सबैखालका राजनीतिक अभिव्यक्ति स्वतन्त्रताहरूबाट वञ्चित गरेका कारण प्रगतिशील गीतले त्यसको प्रतिवाद गर्दा प्रगतिशील गीतसँग पञ्चायतको वर्गसङ्घर्ष पेचिलो बन्यो ।

पञ्चायतको सिद्धान्त र व्यवहारमा एकरूपता नहुँदा वर्ग समन्वयका नाममा आफ्नो राजनीतिक स्वार्थ भन्दा बाहिरका जो सुकैलाई विरोधीका रूपमा व्यवहार गर्ने गरेको थियो । राई भन्छन्

- "दुई शक्तिका बीचमा कहिलेकाहीँ मार्ने, मर्ने अवस्था समेत सिर्जना हुन्थ्यो । पञ्चायतीहरू गोलीले, लठ्ठीले मार्ने, जेल, नेलमा पारेर मार्ने काम गर्थे भने हामीहरू प्रगतिशील गीत र त्यसभित्रको विचार, चेतनाले कहिलै नउठ्ने गरी मारिरहेका हुन्थ्यौं । एकले अर्कालाई प्रतिरोध गर्ने क्रममा अनेकन सङ्घर्ष र आन्दोलनहरू भए, कयौं बर्बरतापूर्ण ढङ्गबाट मारिए," (अन्तर्वार्ता, २०७६, ९/१४) । उक्त भनाइले एकातर्फ, पञ्चायत र प्रगतिशील गीतबीचको प्रतिशोधपूर्ण सम्बन्ध उजागर हुन्छ । अर्कातर्फ, ती गीतले अनेकन राजनीतिक, प्रशासनिक चुनौतीका बाबजुत राजनीतिक परिवर्तनका निम्ति उठाएको जोखिम प्रकट हुन्छ । पञ्चायत र प्रगतिशील गीत दुवै पक्षले त्यसबेला आ-आफ्ना विचार र राजनीतिक अभिष्ट प्राप्तिलाई जोड दिँदा अन्तरसङ्घर्षको अवस्था सिर्जना भएको देखिन्छ । "पञ्चायतको नीति नै हस्तक्षेपकारी थियो, पञ्चायत हाम्रो सम्बन्ध कहिलै राम्रो हुन सकेन, निकै कटुतापूर्ण रह्यो," (कार्की, अन्तर्वार्ता, २०७६, १०/२६) । तात्कालीन सत्तामा भएका व्यक्तिहरूले कतिपय कार्यक्रममा स्टेज भत्काइदिन्थे । कतिपय स्थानमा स्थानीयले स्टेज बनाउन सहयोग पनि गर्थे । त्यसबेला हाम्रा गीत सुन्न मानिसहरू १२ कोष टाढाबाट सातु सामल नै बोकेर ठुलो सङ्ख्या आउने गर्थे । उक्त भनाइबाट प्रगतिशील गीतप्रति पञ्चायतको दृष्टिकोण बुझ्न सकिन्छ । र पञ्चायतप्रतिको प्रगतिशील कलाकारहरूको मनोभाव पनि बुझ्न सकिन्छ ।

अनेरास्ववियुले आयोजना गरेको गीति कार्यक्रममा महेन्द्ररत्न क्याम्पसमा रामेश, मञ्जुलहरूलाई प्रहरीले निकै समस्यामा पारेको, ठाउँठाउँमा त्यस्ता प्रतिरोधहरू भएको, कहीँ राष्ट्रवादी विद्यार्थी मण्डलका मान्छेहरूले हस्तक्षेप गरेको, उनीहरूलाई पञ्चायती शासकहरूले सञ्चालन गरेको देखिन्छ । पञ्चायतले आफूलाई सिद्धान्ततः आफूलाई वर्ग समन्वयको पक्षधर र प्रजातन्त्रवादी भनेता पनि उसको व्यवहारमा भने एकदलीयता, निरङ्कुशता र स्वेच्छाचारिता रहेको देखा पर्दछ । माथिका उल्लिखित केही घटनाहरूको अध्ययनबाट पञ्चायतको देखावटी वर्गसमन्वयको नीति र प्रगतिशील गीतले लिएको वर्गसङ्घर्षको नीति नै सङ्घर्षको मूल कारण बन्न पुगेको देखिन्छ । पञ्चायत व्यवस्थाको सिद्धान्त र व्यवहारमा एकरूपता नहुनुले उक्त कुरा अभिव्यक्त गर्दछ । यसरी प्रगतिशील गीतले पञ्चायतको वर्ग समन्वयको प्रतिकूल परिस्थितिमा नेपालमा राजनीतिक चेतना अभिवृद्धि, सामाजिक जागरण र राजनीतिक परिवर्तनको दलीय कार्य दिशातर्फ जनतालाई उत्प्रेरित गर्दै गयो । सङ्कल्पका गीतहरूले वर्गीय एकता र वर्गसङ्घर्षको पक्षमा, सामन्ती शोषणको विपक्षमा, तर्क र विचार प्रस्तुत गरे । यसर्थ, २०४६ को जनआन्दोलन पनि वर्गसङ्घर्ष कै एउटा रूप थियो भन्न सकिन्छ । किनकि त्यहाँ शासित वर्गले शासक वर्ग विरूद्ध, समाजका निम्न र मध्यम वर्गहरूले वर्गीय प्रेमलाई व्यवहारमा उतार्दै सामन्तवाद र राजतन्त्र विरूद्ध लडिरहेका थिए । श्रमजीवी वर्ग र पुँजीपती वर्ग पेचिलो ढङ्गमा अन्तर्विरोधी शक्तिका रूपमा विभाजित अवस्थामा देखापरेका थिए । गीतले अन्तर्विरोधी वर्गहरूकाबीचको निरन्तर अन्तरसङ्घर्षमा सापेक्ष प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा पञ्चायत विरोधी भावनाको विकासमा सहयोग गरिएको अवस्था देखापर्दछ । यस अर्थमा, सङ्कल्पले वर्गीय

प्रेममा विश्वास जागृत गर्दै वर्गसङ्घर्षका गीतको माध्यमबाट जनआन्दोलन (२०४६) मा समेत महत्त्वपूर्ण योगदान पुऱ्याएको थियो भन्ने आधार सम्पुष्ट हुन पुग्छ ।

### ६.३.२ सामन्तवाद र साम्राज्यवाद विरोधी भावनाको विकास

मार्क्सले मानवजातिको विकास आदिम साम्यवादबाट दास युग, सामन्तवाद हुँदै पुँजीवाद, समाजवाद र साम्यवाद भनेर प्रष्ट्याए । समाज विकासको चरणमा राजनीतिक चिन्तनका रूपमा सामन्तवाद एक प्रणाली हो भने आर्थिकरूपमा व्यवस्था र सांस्कृतिक आधारमा संरचनाको रूपमा देखा पर्दछ । सामन्तवाद मानवीय शोषणको रूप हो । साम्राज्यवाद एउटा देशले अर्को देशको सीमा भित्र गएर हस्तक्षेप र साम्राज्य स्थापित गर्ने नीति हो । नेकपा (माले) ले त्यसबेला सामन्तवाद र साम्राज्यवाद विरोधी नीति लिएको थियो, जसको प्रतिविम्बन सङ्कल्पका गीतहरूमा थियो । पञ्चायतकालमा जमीन र उत्पादनका साधनमा सामन्त वर्ग एकाधिकार माथि जमाई भूमिपतिहरूले किसानहरूको रगत र पसिनाको शोषण गर्ने गर्दथे । सङ्कल्पका गीतले त्यसैलाई मूल अन्तर्विरोधको मुद्दा बनायो । नेकपा (माले) ले घरेलु सामन्तवादलाई प्रमुख दुश्मन मान्दै विश्व साम्राज्यवाद र उत्पीडित राष्ट्रहरूका बीच, पुँजीवाद र समाजवादका बीच, पुँजीवादी मुलुकहरूमा मजदुर वर्ग र पुँजीपती वर्गका बीचको अन्तर्विरोध नै विश्वको आधारभूत अन्तर्विरोध मानेको थियो । "देशभित्र सामन्तवाद, नोकरशाह दलाल नोकरशाही पुँजीवाद, देश बाहिर रुसी सामाजिक साम्राज्यवाद, अमेरिकी साम्राज्यवाद तथा भारतीय विस्तारवाद नेपाली जनताका काँधमा रहेका पाँच ठुला पहाड हुन्, यिनै पाँच ठुला पहाडहरूलाई आफ्नो काँधबाट फालेर नेपाली जनताले मुक्ति पाउन सक्छन्," (को.क.माले, २०३२, असार ७) । यी विचारहरू दुई अतिमहाशक्ति भनिएका अमेरिका र रूस बीचको विश्वव्यापी प्रभुत्व प्राप्तिको बढ्दो प्रतिस्पर्धा, शसस्त्रीकरणको होडबाजी, कम विकसित राष्ट्रहरूमाथि उपनिवेशको प्रतिस्पर्धा, शोषण उत्पीडनको कारणले एसियामा बढ्दो अशान्ति, असुरक्षा, भारतको नेपाललगायत दक्षिण एसियामा विस्तारवादी नीतिको प्रभावले नेपालको सार्वभौमिकता र राष्ट्रिय स्वतन्त्रतामाथिको खतरा पैदा भएको भन्ने बुझाइका साथ पाँच पहाडको अवधारणा नेकपा (माले)ले अघि सारेको पाइन्छ । पाँच पहाडहरू पन्छाउने उद्देश्यका साथ सङ्कल्प परिवारले यसरी गीत गाएको पाइन्छ -

संसारका सारा, न्यायका प्यारा, मानिस जाग्दैछन्
पाँचवटा पहाड, पन्छाउन भनी, एक भै लाग्दैछन्
जीवनको सच्चा उपयोग हुन्छ, वीर भै ज्यूँदा नै
खोजेको कुरा पाइन्छ यहाँ, सङ्घर्ष गर्दा नै (सुब्बा, २०४७, भाग २: पृ. ३९) ।

उक्त गीतले क्रान्ति, परिवर्तन, नवनिर्माणको अवरोधका रुपमा रहेका पुँजीवादी विचारधाराका प्रतिक्रियावादहरू विरोधी भावनाको सञ्चार गरेको थियो । देशको सामन्ती, अर्ध सामन्ती, औपनिवेशिक र अर्ध औपनिवेशिक समाजलाई पल्टाउने दृढता व्यक्त गरेको थियो । "पाँचै पहाडको बोझले गर्दा गल्नै लागे हाड," (छिरिङ २०४७, भाग २: ६२), साम्राज्यका पुँजीवादी जनता ढाँट्दै छन्, शोषक शासक मिठो मानी विष चाट्दै छन्, (बराल, २०५१, खण्ड ३: १०) आदि गीतहरूले तिनै जनविरोधी तथा राष्ट्रविरोधी पाँचवटा प्रतिक्रियावादलाई पन्छाउने उद्‌घोष गरेका छन् । त्यस्ले संसारका उत्पीडित जनताको मुक्ति र स्वतन्त्रता सङ्ग्रामहरूको समर्थन गर्दै जनतालाई सचेत र जागृत गर्न भूमिका खेलेको र तिनका विरूद्ध जनतामा विरोधी भावना जागृत गरेको देखापर्दछ । तात्कालीन नेकपा (माले) ले घरेलु राजनीतिमा सामन्तवादलाई नेपाली क्रान्तिको आधारभूत दुश्मन मानेको थियो भन्ने कुरा सङ्कल्पका गीतमा प्रतिविम्बन भएका विषयहरूबाट थाहा पाउन सकिन्छ । "सामन्ती समाजको बन्धनले भाग्य र कर्मको जालोले दबायो दिदी र बैनीलाई दासी र कमारी प्रथाले," (भण्डारी, २०४७, भाग ४: ५१) गीतले महिला वर्ग माथिको सामन्ती हैकमको विरोध गरेको छ । सङ्कल्प परिवारका कतिपय गीतमा साम्राज्यवादी, विस्तारवादी राष्ट्रको हीतमा प्रयोग नहुन र मातृभूमिको स्वतन्त्रता, स्वाधिनता बचाई राख्न आग्रह गरिएको छ । "जान्न मत नि गोर्खा भर्ति मलाया छाउनीमा पापी मोरो कुइरेको देशैमा," (टुहुरे, २०४७, भाग १: ४८), सुगौली सन्धिको धोखा देखिनै मुक्तिको आवाज घन्केको छ, (सुब्बा, २०४७ भाग २: ६०), सुगौली सन्धिको पालादेखि विदेशी धपाउने नेपाली, (राई, २०४७, भाग २: ४०), गीति अंशहरू त्यसका केही दृष्टान्तहरू हुन् । उक्त गीतहरूले नेपाल र नेपाल जस्ता स्वतन्त्र, सार्वभौम राष्ट्रहरूको पक्षमा जनमत सिर्जना गर्ने र सामन्तवाद र साम्राज्यवाद विरोधी भावनाको विकास गर्ने कार्यमा सहयोग पुऱ्याएको देखा पर्दछ । गीतमा स्वाधिनताको रक्षार्थ पुँजीवादी विस्तारवादी राष्ट्रहरूको विरोध प्रबृत्तिगत अन्तर्वस्तुका रूपमा रहेको पाइन्छ । ती गीतले समाजलाई सामन्तवाद र साम्राज्यवाद विरोधी चेतना दियो, त्यस विरुद्ध विद्रोह गर्न, मानसिकता तयार पार्नमा मद्दत पुऱ्यायो । पार्टी नीतिको प्रभाव गीतमा पर्दा त्यसले जनसङ्घर्ष र राजनीतिक परिवर्तनका आन्दोलनमा समेत त्यसका प्रभावहरू गुणात्मक रूपमा देखा पर्दै गए ।

तात्कालीन नेकपा (माले) ले सामन्तवाद र साम्राज्यवादलाई वर्गदुश्मन मानेको थियो । एकाधिकारवादी सामन्तवाद, पुँजीवाद तथा साम्राज्यवादको घृणापूर्वक विरोध गरेको थियो । त्यसको प्रतिविम्बन प्रगतिशील स्रष्टाहरूका सिर्जनाहरूमा पर्न गएको देखिन्छ । त्यसैको प्रभावस्वरूप प्रगतिशील गीतले जनतामाथि भएका घरेलु, क्षेत्रीय र विश्वव्यापी शोषण, उत्पीडन र थिचोमिचोहरूको विरोध गऱ्यो । शोषणका रूप र तरिकाहरू अनेक थिए । घरेलु रूपमा पुँजीवादी सामन्तवादका शोषणका रूपहरूलाई सामाजिक मुक्तिका अभियानमा जोड्ने र समाजलाई चेतना दिँदै जनमत निर्माण गरिदिने काम प्रगतिशील गीतले गऱ्यो । सामन्तवादको उन्मूलन गर्ने कार्यमा गीत

बलिया आधारका रूपमा रहन पुगे । साम्राज्यवाद र सामन्तवाद एक अर्काका पूरकका रूपमा थिए । उक्त दुई वादले आपसी मिलोमतोमै जनतामा अनेकन किसिमका शोषण उत्पीडन गरिरहेको छ भन्ने त्यसबेला उनीहरूको बुझाई रहेको थियो । तिनै दुई वादहरूको मलजलमा दलाल तथा नोकरशाही पुँजीवादी वर्गको उदय भएको थियो । त्यसका विरूद्धमा गीतले प्रतीकात्मक सन्देशहरू प्रवाह गरेका थिए । यसप्रकारका शोषणहरूलाई समाप्त पार्नु नै ती गीतको मूल कार्य बन्यो । उत्पादनका साधनमा रहेको निजी स्वामित्वलाई समाप्त पार्न गीतले वर्ग शोषणका मुद्दाहरू उठाएका थिए, जसले समाजलाई प्रभावित तुल्यायो ।

प्रगतिशीलहरूका गीति अभिव्यक्तिहरू राष्ट्रियरूपमा मात्र सीमित रहेनन्, अन्तर्राष्ट्रिय सामन्तवाद र पुँजीवादका विरूद्ध समेत लक्षित रहे भन्ने उक्त घटनाहरू उपरका विश्लेषणले स्पष्ट देखापर्दछ । जनवादी क्रान्तिको सहयोगी बन्ने क्रममा गीतहरूले क्रान्तिको नेतृत्व सर्वहारा श्रमजीवी वर्गले मात्र सम्पन्न गर्ने कुरामा विश्वास गर्दै उक्त विचारलाई जनजनमा स्थापित गर्नमा भूमिका खेलेको पाइन्छ । यही कारण सामन्तवाद-साम्राज्यवाद विरोधी सम्पूर्ण वर्ग, तहका जनताको भावनाको प्रतिनिधित्व गर्दै समाजवादतर्फको कार्यदिशालाई सघाउने कार्यमा ती गीतले जनताको मन जितेको देखिन्छ । त्यसले जनताको भावनालाई समाउँदै सामाजिक क्रान्ति आधार तयार पार्नमा समेत योगदान दिएको देखापर्दछ । यस आधारमा सामन्तवादलाई परास्त गर्ने कार्यमा गीति प्रयोजनहरू सहयोगी बने भन्न सकिन्छ ।

समाजमा वर्गहरू रहेसम्म वर्गीय स्वार्थ रहने हुँदा वर्गीय शासन र शोषणको उपकरण बनेको सामन्तवादलाई गीतले निशाना बनाए । जबसम्म वर्गहरू रहन्छन्, तबसम्म प्रत्येक वर्गका अलगअलग स्वार्थ, सिद्धान्त र दृष्टिकोणहरू हुनु पनि स्वभाविक हो । यही वास्तविकता अनुरूप सामन्तवाद-साम्राज्यवादका पक्षधर शक्तिहरूलाई परास्त गर्नमा गीतका योगदानहरू देखा परे । मार्क्सवाद सर्वहारा श्रमजीवी उत्पादक शक्तिको मुक्ति र समृद्धिको सिद्धान्त भएकोले मूलतः गीतहरूले उत्पादक शक्तिकै पक्षपोषण गरे । अन्ततः आर्थिक दोहन र शोषणमा टिकेको सामन्तवादका विरुद्ध राजनीतिक परिवर्तनका निम्ति क्रान्ति गरी जनताकै साझा शक्तिले सामन्तवादको परास्त हुन पुगेको थियो । सामन्तवादको ठाउँमा पुँजीवादको स्थापना हुन गयो । राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सबै शक्तिको बलले आन्दोलन अघि बढेको हुँदा नै नेपालमा २०४६ को राजनीतिक परिवर्तन सम्भव बनेको हो । गीतमा माथि उल्लेख भएका 'पाँच पहाड' का सन्दर्भ हुन्, या 'पुँजीवादले जनता ढाँट्ने' कुरा हुन्, चाहे सामन्ती शोषकका थिचोमिचोका प्रसङ्ग हुन् या 'साम्राज्यवादी शक्तिका विश्व खाने दाउहरू' हुन्, ती सबै सामन्तवाद, साम्राज्यवाद विरोधी चेतनाकै उपज थिए । त्यस विरूद्ध नै ती गीतको भूमिका देखापरेका हुन् ।यस्ता गीतले सामन्तवाद र साम्राज्यवाद विरोधी भावना बढाउनमा भूमिका खेल्यो । त्यसले जनतामा मनोवैज्ञानिक प्रभाव पार्ने काम गऱ्यो । गीतले व्यक्त कुराहरूले नेपाली समाजमा सामन्त र पुँजीवादीहरूको चरम शोषण, दमन र थिचोमिचोको अवस्थाको उजागर गर्दै त्यसको सशक्त विरोध गरेका छन् । ती घरेलु तथा बाह्य

प्रतिकृयावादका विचार र प्रवृत्तिहरूको अन्त्यबाट मात्रै समाजको आमूल परिवर्तन सम्भव हुने कुरा गीति अडानका रूपमा प्रस्तुत गरेका छन् । यस अर्थमा, साम्राज्यवादकै पालनपोषणमा सामन्तवाद हुर्कने र त्यो आर्थिक-सामाजिक राजनीतिक परिवर्तनको मूल अवरोधका रुपमा रहेको हुँदा सङ्कल्पका गीतले तात्कालीन सामन्तवाद र साम्राज्यवाद विरोधी राजनीतिक चेतना निर्माण गर्ने कार्यमा नेपालको राजनीतिक परिवर्तन (२०४६) मा योगदान पुऱ्याएको थियो भन्ने आधार सिर्जना हुन पुग्छ ।

### ६.३.३ अग्रगामी चेतनाको प्रवाह

पुरातनवादी यथास्थितिवाद भन्दा माथि राष्ट्रलाई राखेर चेतना र विवेकले देश र समाजलाई परिवर्तन उन्मुख बनाउने लक्ष्य राख्नुलाई अग्रगमन मानिन्छ । अग्रगमन र प्रजातन्त्र एकअर्काका पर्यायका रूपमा बुझ्ने गरिन्छ । हरेक राजनीतिक परिवर्तन पुरानोको विसङ्गतता र विकृतताको विपरीततामा अग्रगमनका निम्ति हुने गर्छ । साम्यवादीहरू संसारलाई बुझ्ने, व्याख्या गर्ने र बदल्ने विश्व-दृष्टिकोण मार्क्सवादलाई नै आजसम्मको सबैभन्दा वैज्ञानिक र अग्रगामी चिन्तन मान्दछन् । त्यसैका आधारमा प्रगतिशील गीतलाई त्यसैको सिर्जनात्मक प्रतिविम्बन मान्न सकिन्छ । उनीहरूका बीच कतिपय सवालमा आन्तरिक मतभेत रहेता पनि सैद्धान्तिक विचार भने परिवर्तन गरेका होइनन् भन्ने कुरा त्यस पछि प्रस्तुत भएका गीतहरूबाट थाहा पाउन सकिन्छ ।

रोक्ने को हो दुरदर्शी विचारका धारा ?
को हो नयाँ नेपालको बोक्ने अभिभारा ?
नेपालको टाकुरामा घाम उदाएन
अझै हाम्रो पर्वतमा भाले कराएन
नौलो नयाँ समाजको सङ्केत बारम्बार
सभ्यताको जग राख्ने कवि कलाकार
मानवता छट्पटायो व्यथा के हो बोल ?
समाजको थोत्रिएको मिल्काइदेउ खोल, (जोशी, २०४९, पृ. ८४) ।

'समाजको थोत्रिएको मिल्काइदेउ खोल' भन्ने गीति सार पंक्तिले राल्फाको यथास्थितिसँगको पूर्ण असन्तुष्टि र त्यसलाई बदल्नु पर्छ भन्ने अग्रगामी चेतभाव प्रकट हुन्छ । "२०१७ को सेरोफेरोमा लेखिएको - 'रोक्ने को हो दूरदर्शी विचारका धारा ?, को हो नयाँ नेपालको बोक्ने अभिभारा ? यो गीतले नयाँ समाजको परिकल्पना गरेको छ । यस अर्थमा गोकुलप्रसाद जोशीलाई पहिलो गणतन्त्रवादी कवि भन्न सकिन्छ । समाजमा व्याप्त शोषण, अन्याय र अत्याचारको सक्दो विरोध गरिएको छ," (सुब्बा, २९ पुस २०८१) । तात्कालीन व्यवस्थाको अन्त्य हुनु पर्छ भन्ने भावना नै राल्फाको अग्रगामी चेतनाको रूपमा देखापर्दछ । उक्त गीतले सामाजिक, राजनीतिक अवस्थाको चित्रण गर्दै परिवर्तनप्रतिको तीव्र व्यग्रतालाई प्रकट गरेको छ । एकातिर दासत्व स्वीकार गर्नुपर्ने दानवताको अवस्था, अर्कातिर नयाँ

समाज व्यवस्था निर्माण गर्ने मानिसहरूको क्रान्तिकारी गतिशिलता, बीचको द्वन्द्वलाई देशभक्तिको भावना र हितसँग जोड्दै कवि कलाकारहरू लाई राजनीतिक परिवर्तनका लागि अघि बढ्न आग्रह गरिएको छ ।

तात्कालीन समयका लागि २०४६ को राजनीतिक परिवर्तन सबैभन्दा अग्रगमन थियो । उक्त आन्दोलन अग्रगमन र पश्चगमन बीचको द्वन्द्वात्मक सङ्घर्ष थियो । सङ्कल्पका गीतले पश्चगमनका विरुद्ध समाजलाई अग्रगामी चेतनाले प्रशिक्षण दिँदै गएको थियो । उनीहरूले सामाजिक यथार्थवादलाई प्रश्रय दिएका थिए । द्वन्द्वात्मक भौतिकवादलाई जीवन दर्शनका रूपमा अँगाल्दै न्यायपूर्ण समाज स्थापनामा जोड दिएका थिए । त्यसले परिवर्तनका मुद्दाहरूलाई समाजमा स्थापित गर्नमा सहयोग पुऱ्यायो । गीतमार्फत पुरातन सामन्ती प्रणालीको खारेजी र प्रजातन्त्रका निम्ति आशायुक्त भविष्यदृष्टि प्रस्तुत गरेका थिए । विषयवस्तुको प्रष्टताका निम्ति अन्य केही गीतहरूको उदाहरणलाई पनि हेर्न सकिन्छ । “बत्ति भइ बल्नेलाई मार्न पाइँदैन, माथि बढ्नेलाई तल झार्न पाइँदैन,” (सुब्बा २०४७, भाग २: ११), “सत्यको जीत हाम्रो न्यायको जित,” (सुब्बा, २०४७, भाग २: ४१) ले जनताले मुक्ति पाउने छन् पक्कै सङ्घर्ष गरेर, आदि बोलका गीतहरू लेखेका छन । ती गीतले पुरातन समाजको अन्त्य गरी वैज्ञानिक र उन्नत समाज निर्माण गर्ने प्रतिज्ञा व्यक्त गरेका छन् । त्यो भनेको अग्रगामी चेतनाकै उपज नै हो । गीतहरूमा व्यक्त नौलो नेपाल, आशा, मुक्ति, न्यायको जीत, नयाँ दिन, स्वतन्त्र नेपालको चाहना, विश्वको सामुमा पुग्ने सपना आदि अग्रगमनका निम्ति राजनीतिक परिवर्तन सहितको प्रजातान्त्रिक राज्य व्यवस्थाको परिकल्पना नै हो । “सङ्कल्प गीति कार्यक्रम नामक साङ्गीतिक कार्यक्रम गर्दै माले कार्यकर्ताहरू मध्येका सङ्गीतकार, गायकहरू देशभर घुमे र गीतले देशभरि राजनीतिक, सामाजिक, सांस्कृतिक जागरण फैलाउने काम गरे । कार्यक्रमले मानिसहरूको दिमागलाई आगोमा घिउ थपे झैँ बनायो,” (पोखरेल, सन् २००७, पृ. १६०) । उक्त भनाइले चेतना र जागरणको माध्यमबाट सङ्कल्पको गीति कार्यक्रमले मानिसलाई गहिरो प्रभाव पारेको थियो भन्ने बुझ्न सकिन्छ । राजनीतिक परिवर्तनका निम्ति सक्रिय भावनात्मक उर्जाको समेत महत्त्वपूर्ण भूमिका हुने गर्दछ, जुन कुरा सङ्कल्पको गीति योगदानका रूपमा रह्यो । उक्त भनाइबाट सङ्कल्पका गीतले कम्युनिस्ट पार्टीप्रति तीव्र रूपमा जनचासो बढाएको र व्यवस्थासँगको अन्तर्विरोधलाई झनै चर्काउने काम गरेको थियो । जनमत सङ्ग्रहमा बहुदलीय व्यवस्थाको पक्षधरता निर्माण गर्न, त्यसप्रति जनमत जुटाउन र नेकपा (माले) को प्रभाव विस्तार गर्नमा सङ्कल्पका गीतको योगदान रहेको थियो । रामेश (२०७६) का अनुसार- “पञ्चायती दमनको पर्वाह नगरी सङ्कल्पका कलाकारहरूले राति-राति झापा जिल्लाका मधुमल्ला, उर्लाबारीतिर ठुल्ठुला गीति कार्यक्रम आयोजना गर्दा चालिस-पचास हजार जनता सामु प्रहरी प्रशासन निरीह जस्तै बन्न पुगेको थियो,” । पञ्चायतको दमनका बाबजुत कार्यक्रममा गीत सुन्न ठुलो सङ्ख्यामा मानिसहरू सहभागी भएका दृष्टान्तहरूबाट सङ्कल्पका गीतप्रति मानिसको बढ्दो चासो र राजनीतिक चेतना विस्तार भइरहेको अवस्था चित्रण

हुन्छ । यसप्रकारको चेतनाले राजनीतिक परिवर्तनको आधार निर्माण र भावभूमि तयार पार्नमा भूमिका खेलेको देखिन्छ ।

समाजको अग्रगमन आर्थिक, सामाजिक र सांस्कृतिक पक्षहरूसँग सम्बन्धित हुने गर्दछ । राजनीतिले मात्र राजनीतिक परिवर्तनलाई निष्कर्षमा पुऱ्याउने हैन । त्यसमा सामाजिक अवयवहरूको भूमिका पनि हुने गर्दछ । तर राजनीतिक परिवर्तनको निर्णायक शक्ति भने राजनीतिक दलहरू नै हुन् । त्यसमा राजनीतिक परिवर्तनको मुद्दालाई निष्कर्षमा पुऱ्याउन सामाजिक, सांस्कृतिक शक्तिको सहयोग अपरिहार्य बन्दछ । गुणात्मक रूपमा सांस्कृतिक चेतनाले सक्रिय भूमिका खेल्छ । यसका निम्ति समाजका सबै वर्ग तह, तप्का, जनसमुदायमा अग्रगामी चेतनाको आवश्यकता पर्दछ । जहाँ अग्रगामी शक्तिको चर्चा हुन्छ, त्यहाँ राजनीतिक परिवर्तनलाई नचाहने वा परिवर्तनको उपलब्धिलाई उल्ट्याउने प्रतिगामी शक्ति पनि चर्चा हुने गर्दछ । प्रगतिशील गीतले पुरातन सबैखाले चिन्तन प्रवृत्ति विरूद्ध जनतालाई चेतना र ज्ञान दिने काम गरेका थिए । पश्चगामी चिन्तन विरूद्ध तिसौं वर्ष सङ्घर्ष गरेका थिए । तिनको खबरदारी गरेका थिए । समाजलाई परम्परागत मानसिकताबाट उठाउन अग्रगामी चिन्तनअनुरूप नै सामाजिक मुद्दाहरू सम्प्रेषण गर्ने गरेका थिए । राजनीतिक परिवर्तन पुरानोको विकृतपनको विरोध र प्रतिरोधमा हुने हुँदा उक्त कार्यमा शासन व्यवस्थालाई नै कमजोर तुल्याउनमा ती गीतहरूले भूमिका रहन गएको देखापर्दछ । जनताको परिवर्तनको चाहनालाई आफ्ना सिर्जनामा मुखरित गर्दै जनआन्दोलनमा सांस्कृतिक अनुकूलनमार्फत परिवर्तनका पक्षमा निरन्तर गीतहरू गाएबाट उक्त कुराको सम्पुष्टि हुन पुग्दछ । निर्दलीयता भन्दा बहुदलीयता, पराधीनता भन्दा स्वतन्त्रता, राजतन्त्र भन्दा प्रजातन्त्र र एकात्मकता भन्दा बहुलता, बन्द प्रणाली भन्दा खुला प्रणाली स्वाभाविक रूपमै अग्रगमनका पक्ष हुन्, जुन कुराहरू नै प्रगतिशील गीतका मूल विषयवस्तु बनेका देखिन्छन् । त्यसले समाजलाई अग्रगमनतर्फ अघि बढाउनमा प्रेरित गऱ्यो । प्रणाली परिवर्तनमा सहयोग पुऱ्यायो । यस दृष्टिविन्दुबाट हेर्दा अग्रगमनका गीतहरू मार्फत समेत प्रगतिशील गीतले राजनीतिक परिवर्तनमा योगदान पुऱ्याएको थियो भन्ने तथ्य स्थापना हुन पुग्दछ ।

### ६.३.४ शोषितहरूप्रति सहानुभूतिको स्वर

शोषक वर्गका विरूद्ध विद्रोह र शोषित वर्गका प्रति सहानुभूति नै प्रगतिशील गीतको मूल स्वर हो । मार्क्सले धनी र गरिब, हुने-खाने र हुँदा खाने, शोषक र शोषित वर्गहरूका बारेमा वर्ग विश्लेषण गर्ने क्रममा उत्पादनका साधनमाथि नियन्त्रण गरिरहेको वर्गले मजदुर वर्गको श्रम शोषण गर्ने र श्रमिक वर्ग सधैं शोषण र अन्यायमा पर्ने कुरालाई महत्त्व दिएर शोषित वर्गको पक्षमा आफ्ना विचारहरू अघि सारे । त्यसै अनुसार प्रगतिशील गीतले परिवर्तनका आन्दोलनमा शोषित, पीडित र श्रमजीवी वर्ग निर्णायक हुन्छन् भन्ने माने । माओत्सेतुङले पनि क्रान्तिको निम्ति सबैभन्दा भरपर्दो र स्थायी वर्गका रूपमा सर्वहारा वर्ग हुन् भनेका छन् । शोषित वर्ग समाजको उत्पादक शक्ति हो, जसले उत्पादनका काम गर्छन् । सङ्कल्पका गीतले मार्क्स र माओत्सेतुङको उक्त विचारलाई आफ्ना

सिर्जनामा सम्मिश्रण गरेको पाइन्छ । श्रमकार उत्पादन शक्ति र विभेदकारी उत्पादन सम्बन्धहरू बीचको अन्तरसङ्घर्षलाई नै वस्तुगत आधारमा सङ्कल्पका गीतमा प्रस्तुत गरिएको पाइन्छ । ती गीतले सोही वर्गलाई नै क्रान्तिको मूलशक्तिका रूपमा अर्थ्याउँदै आर्थिक परिवर्तनको परिणामस्वरूप नै सामाजिक परिवर्तन र त्यसको जगमा राजनीतिक परिवर्तन हुन्छ भन्ने विश्वास गरेको पाइन्छ । यसैकारण शोषित वर्ग प्रति सहानुभूति प्रकट गर्दै उत्पादन शक्तिका मालिक शोषक वर्गका विरूद्धमा श्रमिक वर्गलाई एकजुट बनाउन सङ्कल्पका गीतले प्रेरित गरेको देखिन्छ । गीतले उत्पीडित वर्गप्रति सहानुभूतिको भाव दर्शाएर उत्पीडकहरू प्रति घृणाभाव उत्पन्न गराउने र त्यसको आधारमा वर्गीय आन्दोलनलाई चर्काउने काममा यसले सहयोग पुऱ्याएको देखापर्दछ । उक्त कार्यले राजनीतिक परिवर्तनको कार्यदिशामा टेवा पुगेको थियो भन्न सकिन्छ । नेकपा (माले) ले पनि सैद्धान्तिक रूपमै श्रमजीवी वर्गको पक्षपोषण गरेको थियो । मालेले जमिन्दारहरूले लुकाएर राखेको जमिन अधिग्रहण गरी किसानहरूलाई वितरण गर्नुपर्ने, सामन्त, साहु महाजनहरूको गैरकानुनी शोषण, सुदखोरीको अन्त्य गर्नुपर्ने माग राखेको थियो । पोखरेल (२०४७) का अनुसार- "सुकुम्बासीहरूको गाँसबासको व्यवस्था हुनुपर्ने, सानाकिसानहरूको ऋण मिनाहा गर्नुपर्ने, मोहीको स्वामित्व बढाउने, कृषकलाई सस्तो ब्याजदरमा ऋण दिनुपर्ने, कृषि उब्जनीको कृषकको हक हितमा ध्यान दिनुपर्ने, कृषि मजदुरहरूको जीवनयापनको व्यवस्था गरिनु पर्ने जस्ता मागहरू नेकपा (माले) ले त्यसबेला अघि सारेको थियो," । अनिकाल भोगिरहेको कृषि समाजमा उक्त मागहरू मूलतः सामन्तवादका विरूद्ध श्रमजीवी वर्गको पक्षपोषणका निम्ति थिए । त्यसको नीतिगत प्रभाव त्यसबेलाका प्रगतिशील गीतहरूमा थियो । ती गीतहरूले समकालीन आर्थिक अव्यवस्था भित्रका विकृति, विसङ्गतिको विरोध गर्दै अन्तर्विद्रोही चेतनालाई प्रस्तुत गरी जागृतिको सन्देशमार्फत नयाँ समाज व्यवस्थाको आग्रहका रूपमा अघि सारेका थिए । शोषितहरूप्रति सहानुभूति दर्शाउँदै परिवर्तनको सन्देश प्रवाह गरिएको तमोटको गीतमा यस्तो भनिएको पाइन्छ -

> अनिकाल लाग्यो भन्छन्, खै कसलाई लाग्यो
> जसले खेती गरेको छ उसैलाई लाग्यो
> खेती गर्ने भोकै पर्ने गहिरो छ कुरा
> साँचो कुरा बुझ्फेपछि भोका हुन्छन् सुरा
> वर्षौंदेखि दबिएको आँधीबेरी चल्छ
> नयाँ ज्योति चेतनाको घरघरमा बल्छ
> तात्नलाई बेर लाग्छ उम्ले पछि भक्कै
> विष छर्ने किराहरू मर्छन् सबै पक्कै, (२०४७, भाग २: १४) ।

प्रस्तुत गीतमा सामन्तवादी समाजले भोग्नुपरेको भोकमरी, अनिकाल, गरिबी र अभावको पीडालाई व्यक्त गरिएको छ । नेपाली समाजमा खेति गर्ने भोकै पर्ने विरोधावासपूर्ण अवस्थाको

उत्खनन् गर्दै 'विष छर्ने किराहरू मर्छन् सबै पक्कै' भन्ने गीति उद्धृतांशले त्यस्तो शोषणमुखी परिपाटीको अन्त्य भइछाड्ने दृढविश्वास प्रकट गरेको छ । अनिकाल, भोक र गरिबीलाई प्रतीक बनाउँदै नेपाली ग्रामीण समाजको यथार्थ प्रकट गरिएको गीतमा श्रमिक किसान माथिको शोषण, गरिबी र उत्पीडनको अवस्थाको चित्रण, श्रम शोषणको पीडा गीतका केन्द्रभागमा गुञ्जिएका छन् । केही अन्य गीतहरूको उदाहरणका रूपमा हेर्न सकिन्छ । बुढाथोकीले "खेतबारीमा हलो नचाउने, हौं किसान दुनियाँ बचाउने," (२०४७, भाग ५: ५६), कुमार र चक्रले "शोषित जनता एक भई जुटौं सब अब, हाम्रा गाउँका जालीफेली मास्नु पर्छ" (२०४७, भाग २: ७३) भन्ने गीतहरूले शोषित वर्गप्रति सहानुभूति प्रकट गरेका छन् । ती गीतले किसानहरूको पक्ष लिँदै सामन्तहरू माथि  खबरदारी गरेका छन् । "गर्ने हामी भर्ने त अर्कै छ, मर्का हाम्रो अति नै चर्को छ, जागौं अब," (प्रभात, २०४७, भाग २: ८२) गीतले शोषक सामन्तको अन्याय विरुद्ध सङ्घर्ष आह्वान गरिएको छ । "लुटी खाने फटाहाको बल्ल बुझ्यौं चाला, हक हाम्रो खोस्न पर्छ ज्यान गए जाला," (शर्मा, २०४७, भाग ४: २५), "काम गर्ने जनताको जमात, ठगी खाने शत्रुलाई समात, ए गरिब किसान सामन्तीलाई बनाउँ निशान," (परिश्रमी, २०४७) आदि गीतहरूले शोषितहरूप्रति वर्गीय सहानुभूति प्रकट गर्दै श्रमजीवीवर्गलाई आफ्नो हक अधिकार लिन र परिवर्तनको आन्दोलनमा सरिक हुन आह्वान गरेका छन् । यसरी शोषितहरूप्रति वर्गीय सहानुभूति प्रकट गरिएका सङ्कल्पका गीतले राजनीतिक परिवर्तनप्रति आशा जागृत गराउने काम गरेको हुँदा त्यसलाई सङ्कल्प गीतको योगदानका रूपमा ग्रहण गर्न सकिन्छ ।

२०४६ को राजनीतिक परिवर्तन शासकीय रूपमा निरङ्कुश राजतन्त्रको अन्त्यगरी बहुदलीय प्रजातन्त्रका पुनर्स्थापनाका निम्ति भएको थियो । तर नेकपा (माले) का लागि त्यो श्रमजीवी वर्गको मुक्तिका निम्ति अघि बढेको समाजवादी यात्रातर्फको एक महत्त्वपूर्ण उपलब्धि पनि थियो । किनकि नेकपा (माले) मौलिक रूपमै शोषित वर्गको सङ्गठित पार्टी थियो, जसको उद्देश्य न्यूनतम कार्यक्रम निरङ्कुश राजतन्त्रका विरूद्ध एकता र सङ्घर्ष गरेर जनतालाई सचेत, सङ्गठित, अनुशासित र आन्दोलित तुल्याउँदै राज्यसत्ता शोषितवर्गको हातमा पार्नु र समाजवाद र साम्यवादको निम्ति वर्गसङ्घर्षको कामलाई अगाडि बढाउनु थियो । त्यसलाई पुरा गर्न पार्टीले सैद्धान्तिक रूपमा द्वन्द्वात्मक भौतिकवाद, ऐतिहासिक भौतिकवाद र वर्गसङ्घर्षका नियमलाई कडाईका साथ पालना गरेको थियो । विरोधी पक्षबीचको एकता र सङ्घर्षका नियम, मात्रात्मक परिवर्तनबाट गुणात्मक रूपान्तरण गर्ने नियम र निषेधको निषेध नियमको कडा रूपमा पालना गरेको थियो । यी नियमहरू राजनीतिमा मात्र होइन मानव जीवनका हरेक ठाउँमा लागू हुन्छ भन्ने कार्ल मार्क्सको दृष्टिकोण थियो । सोही दृष्टिकोण अनुरूप उक्त पार्टीले लिएका विचार सिद्धान्तहरूको साहित्यिक-सांस्कृतिक रूपमा पनि प्रयोग हुन गयो । ती विचार, सिद्धान्तहरू प्रगतिशील गीतमा प्रतिविम्बित भएर देखा परे । 'तिम्रो रगत चुस्नेलाई खबरदार भन' 'हाम्रा गाउँका जालीफेली मास्नु पर्छ', 'हक हाम्रो खोस्न पर्छ ज्यान गए जाला', 'श्रमिकलाई सधैं छ अन्याय, 'मुट्ठी उज्याउँदै, मुक्तिको सङ्घर्ष अघि बढाउँदै', जस्ता

असङ्ख्य गीतमा पार्टीका उक्त सिद्धान्त र विचारहरू देखा परे । पुरातनलाई भत्काएर नयाँ स्थापना गर्न जोड गरिएका यस्ता गीतमा समेत मार्क्सको निषेधको निषेधको नियमको प्रतिविम्बन देखापर्दछ । मुक्तिको सङ्घर्ष अघि बढाउने कुराले मात्रात्मकबाट गुणात्मक परिवर्तनको सङ्केत गरेको छ । हाम्रो हक खोस्नेलाई मास्नु पर्छ भन्ने भावहरूले वर्गसङ्घर्षको छनक देखाउँछन् । वर्गसङ्घर्ष र राजनीतिक परिवर्तनका आन्दोलनमा शोषित पीडित वर्गको भूमिका महत्त्वपूर्ण रहने हुँदा शोषितहरूप्रति सहानुभूति प्रकट गरिएका गीतले व्यवस्था विरोधी जनमत निर्माणमा सहयोग पुऱ्याउँदै राजनीतिक परिवर्तन (२०४६) लाई निष्कर्षमा पुऱ्याउनमा योगदान दिएको थियो भन्ने आधार देखापर्दछ ।

### ६.३.५ प्रतिरोधी भावना र प्रतिसंस्कृतिको निर्माण

राजनीतिक परिवर्तनमा गीतले सांस्कृतिक हतियारका रूपमा काम गर्छ । यसले व्यवस्था विरोधी र प्रतिरोधी भावनाको विकासमा मानिसलाई चेतना र उत्प्रेरणा दिने काम गर्दछ । सङ्कल्पका गीतहरूले न्यायपूर्ण भविष्यतर्फ सङ्केत गर्दै तत् अनुरूपको आशा जगाउँदै काम गरेका छन् । यसको मूलकारण गीतहरूको जरा समाजवादी यथार्थवादमा सम्म पुग्नु हो । विरोध र प्रतिरोध मानव समाजको स्वभाविक प्रतिक्रिया र उत्पीडनका विरूद्ध असन्तुष्टि जनाउने एक विधि हो । "प्रतिरोध भनेको समाजमा रहेका वर्गहरूले शासकीय सम्बन्धमा कुनै कुराको स्थापना र विरोधका लागि गरिएको प्रतिकारको चेतना वा सोच र त्यसको कार्यरूप हो । समाजमा कुनै वर्गको पहिचान र प्रतिनिधित्वका आधारमा पनि प्रतिरोधको निर्क्यौल हुन्छ । चेतनाको तह सबल भएको पात्रमा प्रतिरोधी चेतना र कार्य पनि स्थूल हुन्छ," (पौडेल, सन् २०२३) । जहाँ शासकहरूको दमन हुन्छ त्यहाँ जनताको प्रतिरोध पनि हुने गर्छ । जहाँ असमानता, पराधिनता, गरिबी हुन्छ त्यहाँ विद्रोह, क्रान्ति, परिवर्तन हुने गर्छ । प्रतिरोध विद्यमान चुनौतीलाई झेल्ने जनताको शक्ति हो । राजनीतिमा त्यसले सामाजिक, आर्थिक, राजनीतिक परिवर्तनहरूको माग गर्दछ । सङ्कल्पका गीतले शासकहरूबाट जति जति दमन हुन्थ्यो, त्यति नै मात्रामा प्रतिरोधका द्वन्द्वात्मक गीति अभिव्यक्तिहरू प्रस्तुत गर्ने गरेका थिए । शासकहरूका दमन विरूद्ध डटेर सामना गर्ने, क्रान्तिकारी जीवनशैली निर्माण गर्न समाजलाई प्रोत्साहित गर्ने उनीहरूको प्रवृत्ति थियो । रामेश भन्छन् -

> पञ्चायती सरकार नाङ्गो रूपमा उत्रिन्थ्यो । कार्यक्रम हेरिरहेका हजारौँ जनतामाथि प्रशासनले आक्रमण गर्थ्यो । बालक, वृद्धहरू भिड मुनी पर्थे, महिलाहरूको बिजोक र अपमान हुन्थ्यो, लाठि प्रहारबाट युवतीहरू रक्ताम्य हुन्थे । माइक लुटिनु, बाजाहरू फोरिनु, कलाकारहरू चुटिनु, थुनिनु, सामान्य कुरा थियो । हुँदा हुँदा त गीत गाउँदा पनि देशद्रोह र राजद्रोहको मुद्दा समेत लगाइयो, (जनताका गीत, २०४७, पृ. घ) ।

उक्त भनाइमा सङ्कल्पप्रति तात्कालीन शासकहरूको दमनको अवस्था देखापर्दछ । यस्ता अनेकन दमनहरूलाई झेल्दै तिनका विरुद्ध दृढतापूर्ण ढङ्गबाट लागिरहनुले उनीहरूभित्रको प्रतिरोध

क्षमताको समेत परीक्षण हुन पुग्छ । चुनौती उठाउन सक्ने र जोखिम मोल्न सक्ने प्रतिरोधी क्रान्तिकारी जीवनशैलीले गर्दा नै उनीहरू जनता माझ लोकप्रिय बन्दै गएका थिए । त्यसले जनताबाट झनै सहानुभूति र समर्थन प्राप्त गर्दै गयो, उनीहरूप्रति जनसमर्थन बढ्दै जाँदा सामाजिक जागरण र राजनीतिक चेतना ल्याउनमा मद्दत पुऱ्यायो ।

सङ्कल्पका गीतहरूले समाजमा प्रतिध्रुवीय संस्कृतिको निर्माणमा योगदान पुऱ्याएको देखिन्छ । सन् ६० को दशकमा अमेरिका र पश्चिमी मुलुकहरूबाट फैलिएको प्रति-संस्कृतिको लहर भारतको कलकत्ताको हङ्ग्री जेनेरेशन हुँदै नेपालसम्म आइपुग्यो । प्रति-संस्कृति सत्ताको आडमा हुर्किएको संस्कृतिको विकल्पमा उदाएको साहित्य सङ्गीतको एउटा रूप थियो । राल्फामा यसको बढी प्रभाव थियो भने सङ्कल्पले पनि त्यसलाई केही परिष्कार गरी पछ्याएकै थियो । "सङ्कल्पका गीतहरू पञ्चायती व्यवस्थाका विरूद्ध लक्षित थिए । त्यसबेला एकातिर राष्ट्रिय रेडियोबाट आधुनिक तथा लोकगीतहरू प्रसारण हुन्थे भने, अर्कातिर प्रतिध्रुवीय संस्कृतिका रूपमा राज्यको मूलधार बाहिर उत्पीडित पक्षका भावनाहरूलाई समेट्दै प्रगतिशील र क्रान्तिकारी चेतनाका गीत चर्चामा थिए," (स्टर, सन् २०१७, पृ. १७५) । त्यो बेला सङ्कल्पले राज्य अधिनस्थ रहेको रेडियो नेपाल मान्दैन थियो । बुर्जुवाहरूको अखडा भन्ने गर्दथ्यो । तात्कालीन व्यवस्थालाई समाप्त गरी बहुदलीय समाजको निर्माण चाहिरहेको सङ्कल्पले रेडियो नेपालभन्दा पृथक् जनवादी संस्कृतिलाई गाउँगाउँमा पुऱ्याएको थियो, जसको बारेमा चौथो अध्यायमा विस्तृत चर्चा गरिसकिएको छ । यसले एकातिर व्यवस्थाको क्षयीकरणमा मद्दत पुऱ्याइरहेको थियो भने अर्कातिर प्रतिध्रुवीय संस्कृतिको विकासमा टेवा पुऱ्याइरहेको थियो । रेडियो नेपाल राजा, राजतन्त्र र व्यवस्थाको हित हुने सामग्रीको प्रसारमा जोड दिन्थ्यो । पञ्चायतइतर विचार सामग्रीमा सेन्सर र प्रगतिशील सिर्जनामाथि प्रतिबन्ध लगाउँथ्यो । "पञ्चै हो यो देश बनाइदेऊ, 'हटी हैन डटी लड्ने...त्यहाँ राजा रानी हुन्छ, चौतारीमा राजा भेटियो, जस्ता अनेकन राजभक्ति गानहरू पञ्चायती व्यवस्थाका राजनीतिक हतियार थिए," (टुहुरे, २०७६ व्यक्तिगत कुराकानी) । राजा-रानीको स्तुति गीतलाई स्कुलहरूमा कक्षा गीतका रूपमा गाउन लगाइन्थ्यो । सङ्कल्पले त्यसको प्रत्युत्तरमा स्कुल, कलेजका विद्यार्थीहरूलाई लक्षित गरी जनवादी गीतहरू गाउने प्रचलनको सुरुवात गरेका थिए । "देश बचाउन चेतना छर्ने हामी विद्यार्थी हौँ, समयको विगुल फुक्ने हामी विद्यार्थी हौँ," (राई, २०४७, भाग ४: ३३), "स्कुल नै हो तिम्रो निम्ति प्राण समान समाज, फाल्नै पर्छ तिमीले यसका थोत्रा रीतिरिवाज," (श्रेष्ठ, २०४७, भाग ४: पृ. ५४), "बोल्न सिक भाइ बहिनी न्यायपूर्ण आवाज, खेल्न सिक भाइ बहिनी स्वाधीनताको कवाज," (राई, २०४७, भाग ४: पृ. ५६), जस्ता गीतहरूले व्यक्ति प्रशंसा, राजा, राजसंस्थाको स्तुति गानलाई अस्वीकार गर्दथे र गीति प्रति-संस्कृतिको निर्माणमा भूमिका खेल्थे । त्यस्ता गीतले सबै बालबालिकाहरूको सर्वाङ्गीण विकास, समाज र देशको विकास हुने खालका चेतना प्रवाह गर्दथे । बालबालिकाहरूलाई ज्ञान दिने, गुरू, गुरूआमा र मातापिताको सम्मान गर्ने, देशलाई माया गर्ने चेतना दिएका थिए ।

जब शासन सत्ताले विरोधीहरू माथि दमनचक्र चलाउँछ, तब प्रतिरोधको सिलसिला सुरु हुन्छ । २०१७ को राजनीतिक घटनाक्रम पछि यही सिलसिला सुरु भएको थियो । पञ्चायती सत्ताले पञ्चायतइतर शक्तिलाई दमन गर्न सुरु गऱ्यो, त्यसपछि प्रतिरोधी भावनाको पनि विकास हुँदै गयो । सत्ताले विरोधीहरूलाई उपेक्षा गर्ने, दमन गर्ने, विभिन्न हस्तक्षेप र आक्रमणहरू गर्ने, जनताको अधिकार खोस्ने कार्यहरू गर्न थाले पछि जनस्तर र दलीयस्तरबाट समेत प्रतिरोधात्मक कारबाहीहरू हुन थाले । यसैक्रममा २०३५-२०३६ को राजनीतिक सङ्घर्षको अवस्थामा सङ्कल्प परिवारले पनि व्यवस्था विरोधी प्रतिरोधी भावनाका गीतहरू गाउन सुरु गरेको देखा पर्दछ । त्यसले व्यवस्थाका विचारहरू माथि हस्तक्षेप गर्न सुरु गरेको पाइन्छ । पञ्चायतले शैक्षिक क्षेत्रमा जस्तै हरेक क्षेत्रमा आफ्नो प्रचारप्रसार गर्न खोज्दा अन्तर्विरोध र अन्तरसङ्घर्षहरू बढेर गएका थिए । त्यसक्रममा यथास्थिति चाहने वर्गलाई प्रतिरोधका गीति आवाजहरूले केही दबाब दियो भने राजनीतिक परिवर्तन चाहने वर्गलाई उत्साहित तुल्यायो । यस पछि पञ्चायत विरूद्ध झन् झन् प्रतिरोधात्मक र प्रति-सांस्कृतिक भूमिकाहरू बढेर गए । त्यो भनेको प्रति-संस्कृतिको निर्माणमा प्रगतिशील गीतको योगदान नै हो र राजनीतिक परिवर्तनका सन्दर्भमा पञ्चायती व्यवस्थालाई कमजोर तुल्याउने कार्य नै हो । यस कोणबाट हेर्दा सङ्कल्प परिवारका गीतले राजनीतिक परिवर्तनका निम्ति प्रतिरोधी र प्रति-सांस्कृतिक गीतहरूले समेत योगदान पुऱ्याएको देखिन आउँछ । प्रतिरोधी भावना र प्रतिसंस्कृतिको विचारले राज्य र समाजका पुराना संरचना भत्काइ नयाँ संरचना निर्माण गर्ने कार्यलाई प्रोत्साहित गर्ने हुँदा राजनीतिक व्यवस्थामा परिवर्तन ल्याउँनमा यसप्रकारका गीतले भूमिका खेलेको देखिन्छ ।

### ६.३.६ सामाजिक मुक्तिको सन्देश प्रवाह

कुनै पनि जात, वर्ग, लिङ्ग, वर्ण, धर्म, भूगोल आदिका आधारमा गरिने विभेदीकरणबाट छुट्कारा पाउने कुराको ग्यारेन्टी नै सामाजिक मुक्ति हो । मार्क्सवादको मुख्य ध्येय सामाजिक र आर्थिक उत्पीडनबाट सर्वहारा तथा श्रमजीवी वर्गको मुक्ति हो, जसलाई मानवजातिको विकास र सुख समृद्धिको अपरिहार्य शर्त मानिन्छ । सङ्कल्पका गीतले वर्गीय, जातीय मुक्तिका विषयहरूलाई आफ्ना गीतमा उतारेका थिए । "अछूत वर्गविहीन, शोषण मुक्त समाज, त्यै हो हाम्रो पुग्ने ठाउँ, त्यै हो हाम्रो धाम," (श्रेष्ठ, २०४७, भाग १: ९), गीतले जातभात छुवाछुत विहीन समतामूलक समाज निर्माणका निम्ति आह्वान गर्दै सामाजिक क्रान्तिबाट मात्रै जातीय मुक्ति सम्भव हुने जिकिर गरेको छ । "जनतालाई दुःख दिने रीत सारा तोड, शोषणबाट दमनबाट देशलाई मुक्त पार," (देवान, २०४७, भाग १: १०), गीतमा शोषण उत्पीडन र दलनमा पारि राख्ने, थिचोमिचो गरिराख्ने परिपाटी अन्त्य गर्नुपर्ने आवश्यकता वोध गर्दै त्यसप्रतिको तीव्र आकाङ्क्षा प्रकट गरिएको छ । "साँचो आखिर साँचो नै हो त्यसको जीत हुन्छ, स्वाभिमानी कम्पुचिया एकदिन मुक्त हुन्छ," (तमोट, २०४७, भाग १: ४४), बोलको गीतमा भियतनामी आक्रमणबाट आफ्नो स्वतन्त्रता बचाउन आफ्ना एक चौथाई नागरिक गुमाएको

कम्पुचिआ (तात्कालीन कम्बोडिया) को स्वतन्त्रता र मुक्तीको माग गरिएको छ । स्वतन्त्रतालाई मानव जीवनको साँचो अर्थको मुक्ति मान्दै दासता, पराधीनता, र उपनिवेशवादलाई अस्वीकार गर्न आह्वान गरिएको छ । वास्तवमा त्यसबेला ती गीतहरू वर्गीय, जातीय मुक्तिसँगै राष्ट्रिय स्वाधीनताका गीतहरू नै थिए । समग्रतामा उल्लेखमा आएका गीति पंक्तिहरूले शोषण दमन, अन्याय, जातीय विभेद, उपनिवेशवाद र अन्धकारबाट मुक्तिको आशा, विश्वास, व्यग्रता प्रकट गरिएको छ । सङ्कल्पले गाएको मुक्तिको गीतमा यस्तै भाव पाइन्छ -

ए है नि शोषित जनता एक भई जुटौँ अब सब
ए है नि हाम्रा गाउँका जालीझेली मास्न पर्छ अब
ए है नि हामी मिली दुष्ट मास्ने निकालौँ न जुक्ति
ए है नि जालीझेली मासे पछि अनि पाउँछौँ मुक्ति, (कुमार र चक्र, २०४७, भाग २ : ७३)।

उक्त गीतमा सामाजिक, आर्थिक शोषण र भेदभावबाट मानिसलाई मुक्त गर्ने चाहना प्रकट गर्दै सामाजिक मुक्तिको आशा र त्यसप्रतिको व्यग्रता प्रकट गरिएको छ । जबसम्म समाजमा वर्ग, जात जस्ता कुराहरूको वर्चश्व रहिरन्छ, तबसम्म वर्गीय शोषणको समस्या समाधान भई हाल्ने भन्ने हुँदैन । यो एउटा सामाजिक प्रक्रियाको रूपमा रहन्छ नै । त्यसैको अन्त्यका निम्ति तात्कालीन नेकपा (माले) ले वर्गसङ्घर्षको नीति अख्तियार समेत गरेको थियो । त्यसका निम्ति सङ्कल्पले मानसिकरूपमा आफूलाई तयार पारेको थियो । "सामाजिक मुक्ति सजिलो बाटोबाट हुँदैन । सुन्दर, समुन्नत एवं भेदभावरहित समाज स्थापनाका खातिर जस्तासुकै अप्ठ्यारा पनि फाल्न तयार रहने सङ्कल्प सहित हामी लागेका थियौँ । देश र जनताको मुक्तिको सपनाले नै चुनौतीसँग जुध्ने शक्ति प्रदान गर्दथ्यो," (हमाल, २०७०, भाद्र ३१) । पञ्चायती समाजका सामन्ती पूरातन संरचनाहरूले चुनौती बढाउने काम गरेका थिए । यसरी सामाजिक मुक्ति निम्ति गाइएका गीतहरूले दलित, उत्पीडित समुदायको राजनीतिक चेतना उकास्ने काम गऱ्यो । तिनको मानसिकतामा बदलाव ल्यायो । राजनीतिक परिवर्तन २०४६ को अवस्थासम्म आइपुग्दा राजनीतिक चेतना उकास्नमा भूमिका खेल्यो र जनआन्दोलनलाई थप बलशाली बनायो ।

### ६.३.७ क्रान्तिबोधी सञ्चेतना र नवयुगको आह्वान

उन्नत वैचारिक चेतना क्रान्तिको पूर्वाधार मानिन्छ । चेतनाको निर्माण र प्रवाहमा गीतको भूमिका रहन्छ । मार्क्सका अनुसार- "विकासको एक निश्चित चरणमा पुगेपछि उत्पादन सम्बन्धसँग उत्पादक शक्तिहरूको द्वन्द्व सुरु हुने गर्दछ र उत्पादक शक्तिहरू उत्पादक सम्बन्धसँग असन्तुष्ट भई विद्रोही बन्न पुग्दछन्, तिनले सामाजिक क्रान्ति युगको सूत्रपात गर्दछन्," (स्टालिन, सन् १९३८) । क्रान्ति र निर्माणमा जनता नै निर्णायक शक्ति हुने हुँदा जनतालाई सङ्गठित गर्न, आन्दोलित गर्न, आह्वान गर्न ती गीत गाइएको देखा पर्दछ । सङ्कल्पका गीतमा उत्पादनका साधन हुने र नहुने

बीचको अन्तर्विरोधलाई चर्काएर क्रान्तिबोधी सञ्चेतना पैदा गर्नमा ती गीतले भूमिका खेलेको देखिन्छ । उदाहरणका रूपमा सङ्कल्पले गाएको माओत्सेतुङको गीतलाई हेर्न सकिन्छ -

निक्कै नै टाढा पुग्नु छ राता सिपाहीहरूले,
गाह्रो र साह्रो भन्दैनन् आँटी छोरा छोरीले
हज्जार नदी हज्जार पहाड, अगाडि तेर्सिउन्
लडाइँ खेल्ने मान्छेको सामु ती केही होइनन्
नदी र नाला पर्वतमाला पानीका जलौरा
वीरका निम्ति हिमाल बन्छन् माटाका फुलौरा
पौरखीहरू अगाडि बढ्छन आनन्द छर्कदै, (२०४७, भाग २: १७) ।

उक्त गीतमा माओत्सेतुङले क्रान्तिको परिभाषा गरेझैं क्रान्तिलाई लक्ष्यमा पुऱ्याई छाड्ने दृढताभाव व्यक्त गर्दै शासकहरूका विरूद्ध क्रान्तिको आह्वान गरिएको छ । गीत चिनियाँ नयाँ जनवादी क्रान्तिताका हो तर त्यसलाई छायानुवाद गरी सङ्कल्पले क्रान्ति सञ्चेतनाका निम्ति गाएर जनतामा क्रान्तिकारी भावना पैदा गरेको थियो । क्रान्तिकारीहरू परिस्थितिका जस्तोसुकै चुनौतीसँग पनि सामना गर्न सफल हुन्छन् भन्ने गीति अन्तर्य हो ।

गीतले मानव समाज र जीवनलाई प्रतिविम्बित गर्दछ । प्रगतिशील गीतमा समाजका उज्याला, अँध्यारा पक्षहरू सम्प्रेषित हुन पुगे । शोषित, उत्पीडित जनतालाई सङ्घर्ष गर्न प्रेरित गरे । जनताका छरिएका विचारहरूलाई, वर्गीय मुक्तिका चाहनाहरूलाई एकीकृत गरे, जसलाई राजनीतिक दलले सङ्गठित तुल्याए । जब गीत, साहित्य, सिर्जनाले राजनीतिक व्यवस्था माथि निरन्तर प्रहार गर्न सुरु गर्दछ, व्यवस्थाको क्षयीकरण सुरु गर्दछ, त्यसको शासकहरूबाट दमन हुन सुरु गर्दछ र त्यसलाई निस्तेज बनाउन शासन शक्तिको प्रयोगको विकल्प अघि सार्दछ । त्यसले प्रतिरोधात्मक शक्ति पनि पैदा गर्दै जान्छ । सङ्कल्पले पञ्चायत विरूद्ध राजनीतिक चेतनाको अभिवृद्धि गरेको हुँदा नै उनीहरू माथि आक्रमण, हस्तक्षेप र अनेकन् अवरोधहरू हुन पुगेका हुन् । टुहुरे भन्छन्- “सङ्कल्प गीति कार्यक्रमको मूल ध्येय प्रगतिशील जनवादी देशभक्तहरूलाई गोलबन्द गर्नु, पञ्चायत विरूद्ध जनमत सिर्जना गर्नु, देशमा व्यवस्था विरूद्ध राजनीतिक जागरण र चेतना ल्याउनु थियो । पञ्चायतलाई त्यो मन परेन । त्यहीक्रममा हामीले जेल, नेल र क्रूर दमन खप्यौं, तर पनि हाम्रो यात्रा रोकिएन,” (व्यक्तिगत कुराकानी, २०७६, ९/२६) । उक्त भनाइबाट सङ्कल्पका क्रान्ति सञ्चेतनाका गीतले व्यवस्थामाथि चुनौती सिर्जना हुँदा नै पञ्चायतले सङ्कल्पमाथि प्रतिशोधपूर्ण व्यवहारहरू गरेको स्पष्ट हुन्छ । यसर्थ, जोखिमपूर्ण चुनौतीको सामना गरी व्यवस्थालाई कमजोर तुल्याउन खेलिने भूमिकालाई राजनीतिक परिवर्तनका आन्दोलनहरूमा योगदानका रूपमा लिनुपर्ने हुन्छ । किनकि चुनौतीको सामना र तत्परताबाटै क्रान्तिले सही गन्तव्य समाउने हो । यस सम्बन्धमा श्रेष्ठले आफ्नो विचार यसरी अभिव्यक्त गरेका छन्-

पञ्चायतकालमा शासकहरू विपक्षी कुनै शक्तिसँग धेरै डराउँथे भने त्यो प्रगतिशील गीत नै थियो । यिनीहरूका गीत गोली बारूद भन्दा पनि खतरनाक छन्, जनता एकोहोऱ्याएका छन्, लठ्याएका छन्, विद्रोही बनाएका छन्, यिनीहरू समाज विरोधी हुन्, गीत सुनाएरै यिनीहरू गाउँमा कम्युनिस्ट जन्माउँछन्, कम्युनिस्टका कारखाना हुन् यिनीहरू । त्यसैले यिनीहरूको कारखाना नै बन्द गर्नु पर्छ, भन्दै प्रहरीलाई आदेश दिन्थे, (व्यक्तिगत कुराकानी, २०७६, १२/१२)।

सङ्कल्पका गीतले नेपालमा कम्युनिस्ट कार्यकर्ता र शुभेच्छुकहरू जन्माइरहेको भन्ने कुराले सङ्कल्प गीतको प्रभाव पञ्चायतभित्र सहजै अनुमान लाउन सकिन्छ । गीतसँग शासकहरू डराउनुको अर्थ गीतमा अन्तर्निहित चेतना शक्ति नै हो । पञ्चायती व्यवस्थालाई धराशायी तुल्याउन ती गीतले भूमिका खेलेको हुँदा नै त्यसप्रकारका त्रासपूर्ण विरोधी अभिव्यक्ति आए । ती गीतले समाजमा राजनीतिक चेतना नल्याएको भए, नेपालमा कम्युनिस्ट आन्दोलन यति छिटो स्थापित थिएन होला भन्ने भनाइसँग पनि जोडेर हेर्दा नेपालमा पञ्चायती व्यवस्था विरूद्ध राजनीतिक चेतना ल्याउन राजनीतिक परिवर्तनको पृष्ठभूमि तयार पार्नमा सङ्कल्पका त्यस्ता गीतहरूको योगदान देखापर्दछ । सङ्घर्ष र परिवर्तनको उपलब्धि भनेको प्रजातन्त्र हो, जसको प्राप्तिका निम्ति २००७ को क्रान्तिदेखि २०४६ को जनआन्दोलनसम्म नै निरन्तर राल्फा, सङ्कल्प र आस्थाले गीतहरू निरन्तर गएको पाइन्छ । “एक जुगमा एकदिन एकचोटी आउँछ, उलटपुलट उथलपुथल हेरफेर ल्याउँछ,” (रिमाल, २०४७, भाग १:१) गीतले जनताको क्रान्ति र बलिदानबाट नै युगान्तकारी परिवर्तन हुन सक्छ र परिवर्तन अवश्यम्भावी छ भन्ने भावका साथ क्रान्ति व्यग्रता, उत्सुकता र सङ्कल्प प्रकट गरेको छ । “हामी मरे खतम हुने बाटो हाम्रो हैन, हामीलाई जेलनेलले रोक्न सक्ने हैन, जनता हुन् शक्ति हाम्रा तिनकै लागि लड्छौं, जनताको हितको लागि मर्नु परे मर्छौं,” (ब्लोन, २०४७, भाग २: ४८), “फेरि पनि निर्माणको विश्व पनि आउला, फेरि पनि नेपालीले क्रान्ति गीत गाउला, ज्युँदो मुटु कलेजोमा क्रान्ति फूल फूल्छ, नेपालको नौलो हावा संसारमा डुल्छ,” (जोशी, २०४७, भाग ३: १३) जस्ता गीतहरूले क्रान्तिको तयारीका निम्ति आवश्यक पर्ने क्रान्तिकारी भावनाको सञ्चार गर्ने क्रान्तिकारी भावना निर्माण गर्ने काम गरेको पाइन्छ । यस्तै- “शत्रुले हाम्रो रगतको खोलो, बगाउँदा तरतरी, ढुङ्गा झैँ बनी चुपचाप हामी सहन्छौं कसरी ?, जनता छन् साथमा अजय किल्ला गर्जेर उठ्दछौं, बदलाको दृढ भावना लिइ अगाडि बढ्दछौं,” (मञ्जुल, २०४७, भाग ३: १४) जस्ता गीतले क्रान्तिकारी भावनालाई बलियो बनाउने र सामन्तवाद विरुद्ध लड्न प्रेरित गर्दै क्रान्तिकारी सङ्घर्षको आवश्यकता बोध गराउने, प्रगतिशील सङ्घर्षमा डट्ने, खट्ने, समर्पित हुने र जीवनप्रति आशावादी हुने जस्ता क्रान्ति सञ्चेतनाका महत्त्वपूर्ण काम गरेको देखिन्छ । त्यस्ले नेपालको राजनीतिक परिवर्तन (२०४६) को भावभूमि तयार पार्नमा गुणात्मक रूपमा मद्दत गरेको पाइन्छ । यस कोणबाट हेर्दा प्रगतिशील गीतले राजनीतिक परिवर्तनमा योगदान दिएको थियो भन्ने आधार मिल्दछ । यस सम्बन्धमा नेपाल भन्छन्- “पार्टी राजनीतिको मूल पृष्ठभूमि तयार गर्ने काम सङ्कल्पले गरेको थियो, जसमा पार्टी धेरै हदसम्म सफल पनि रह्यो । मेरो विचारमा नेकपा (माले) को पार्टी सङ्गठन विस्तारमा सङ्कल्पका गीतले

एक तिहाइ भूमिका खेलेको थियो भन्ने मेरो मूल्याङ्कन छ," (व्यक्तिगत कुराकानी, २०७६, ०९/२२) । उक्त भनाई पहिल्याउँदा जनतालाई गोलबन्द गर्ने, पार्टीलाई जनस्तरमा पुऱ्याउने, जनाधार निर्माण गर्ने र पार्टी राजनीतिको मूल आधारभूमि तयार गर्ने काम सङ्कल्पका गीतको माध्यमबाट गरिएको थाहा हुन्छ ।

क्रान्ति गीतले मूलतः राजनीतिक, सामाजिक र वैचारिक क्रान्तिको सन्दर्भको उठान गर्दछ । जब सामाजिक चेतनाको उन्नत विकास हुन्छ, तब क्रान्तिको सम्भावना रहन्छ । राजनीतिक, सामाजिक चेतनाको अभावमा क्रान्ति र ठुला राजनीतिक परिवर्तन प्रायः सम्भव हुँदैन । राजनीतिक क्रान्तिले मात्र पनि समाज परिवर्तन हुँदैन, राजनीतिकसँगै सामाजिक, सांस्कृतिक क्रान्ति र रूपान्तरण पनि सँगै हुन आवश्यक हुन्छ । सङ्कल्पले गीतमार्फत उठाएका मुद्दाहरू केवल राजनीतिक मात्र थिएनन् । सामाजिक सांस्कृतिक मुद्दाहरू पनि प्रसस्तै थिए । क्रान्ति/परिवर्तन राजनीतिक सञ्चेतनाको जग र भावभूमिमा हुने गर्दछ, जुन कार्य तिसौं वर्षसम्म गरे । यस अर्थमा क्रान्तिवोधी चेतनाका गीतबाट प्रेरित हुँदै मानिसहरू राजनीतिक दलहरूसँगै आन्दोलनमा मिसिएका हुन् । त्यसको आधारमा राजनीतिक परिवर्तनमा प्रगतिशील गीतले पुऱ्याएको योगदान मान्न सकिन्छ ।

### ६.३.८ देशभक्तिको उद्बोधन

देशभक्ति सङ्कल्पका गीतको मूल अन्तर्य हो । त्यस्ता धेरै जसो गीतहरूमा देश र जनताप्रतिको गहिरो आस्था, सम्मान, उच्च एवं उदात् भावना प्रस्फुटन भएको पाइन्छ । गीतहरूमा देशप्रेमको प्रगाढ भावना देखा पर्दछ । देशभक्ति मातृभूमिप्रतिको प्रेम, सच्चा समर्थन र रक्षा, निष्ठायुक्त भावना हो, देशप्रतिको गौरवानुभूति र राष्ट्रियता भन्दा उँचो चेतना हो । सङ्कल्पका राष्ट्रियताको देशभक्तिका गीतले बहुजातिय विविधतालाई एकताको शूत्रमा जोड्ने प्रयास गरेका थिए । कम्युनिस्टहरू स्वभावैले देशभक्त मानिन्छन् । मार्क्सवादी सिद्धान्त अनुसार समाजमा हुने असमानता, सबै किसिमका विभेद, शोषण, अन्याय, वैदेशिक हस्तक्षेपका विरूद्ध र राष्ट्रिय स्वाधिनताको पक्षमा देशभक्तिको भावनाले मानिसलाई एकीकृत तुल्याउने तागत राख्दछ । मार्क्सले बहुसंख्यक जनताको हीतको लागि देशको आर्थिक, राजनीतिक र सांस्कृतिक विकासका नीति अवलम्बन गर्ने निर्णय अधिकार जनतामा हुनुपर्ने र अन्य मानिस र राष्ट्रहरूको तत्सम्बन्धी अधिकारलाई समर्थन गर्नुलाई देशभक्ति मानेका छन् । सङ्कल्पका गीतहरूमा मार्क्सको उल्लिखित विचारको प्रतिविम्बन भएको पाइन्छ । किनकि सङ्कल्पले देशभक्तिलाई भावनासँग मात्र सीमित नराखी राष्ट्रिय स्वार्थलाई विश्व समाजवादी विचारसँग जोडेका थिए । सोहीकारण मुलुकको भौगोलिक अखण्डता वा सार्वभौमसत्तामाथि कतैबाट आँच पुग्नु हुँदैन भन्ने दृढ अडानका साथ सङ्कल्पका गीतमा प्रगतिशील, जनवादी तथा देशभक्तहरूको साझा स्वरका रूपमा गुञ्जने गरेका थिए । गीतमा देशलाई अघिल्तिर राखे पछि फरक विचारका मानिसले पनि ती गीतको विरोध गर्ने अवस्था रहँदैन थियो । गीतमा सच्चा देशभक्तले देशका निम्ति प्राण दिन तयार रहनु पर्छ भन्ने त्यागपूर्ण भावना व्यक्त भएका छन् । देशलाई ठगी खाने, लुटिखाने

वर्गप्रति घृणा जागृत गर्दथ्यो । कतिपय उनीहरूका गीतले देश कुनै वर्ग विशेषको नभई सबैको साझा हो भन्ने भावना प्रस्तुत गर्दै राष्ट्रियता, स्वाधिनता, स्वाभिमान र देशभक्तिको भावना जागृत गर्ने काम गरेका थिए । सङ्कल्पले देशभक्तिको भावनालाई यसरी प्रस्तुत गर्ने गरेको पाइन्छ-

तिमीलाई तिम्रो कविता प्यारो लाग्छ कि देश,
यसरी तिम्ले हाम्रो देशको कविलाई सोधे
रिसले आँखा रातो पार्दै तिमीलाई उसले भन्ने छ,
मुर्ख यस्तो प्रश्न गर्न तँलाई लाज लाग्दैन
तिमीलाई तिम्रो नानी प्यारो लाग्छ कि देश,
यसरी तिम्ले हाम्रो देशको आमालाई सोधे
रिसले आँखा रातो पार्दै तिमीलाई भन्नेछिन्,
मूर्ख तँलाई यस्तो प्रश्न गर्न लाज लाग्दैन, (मञ्जुल, २०४७, भाग १ः पृ. ६) ।

उक्त गीत मातृभूमिप्रतिको प्रेम, उच्च समर्पण, त्यागको भावना र त्यसबाट उत्पन्न प्रतिक्रियाहरूको अनुभूतिजन्य संश्लेषण हो । गीतमा देशभक्तिलाई उच्च स्थानमा राख्दै राष्ट्र, राष्ट्रियताप्रतिको श्रद्धाभाव र मातृभूमिको प्रतिको उच्च निष्ठा व्यक्त गरिएको छ । “मेरो सानो मूरलीमा मेरो देश नअट्ला,” (मञ्जुल, २०४७, भाग ३ः १०), “स्वाभिमानी जनताहरूको मेरो देश,” (सुवेदी, २०४७, भाग ३ः पृ. ३), “मेरो देश खोज्दै जाँदा देश मैंले देखें,” (देवान, २०४७, भाग १ः १०), “गोठाला दाइलाई सोध मुक्तकण्ठले, उनीहरू भन्ने छन् कति सुन्दर छ यो देश, कति प्यारो छ यो देश,” (मञ्जुल २०४७, भाग ३ः ६३), “यो देश तिम्रो, यो देश हाम्रो, यो देश जनताको, हुँदैन पेवा, देश कसैको, यो देश जनताको,” (कार्की, २०४७ भाग ४ः ११), जस्ता सङ्कल्पका गीतहरूले देशभक्तिको भावनालाई अझ प्रखर रूपमा प्रकट गरेका छन् । सिन्धुपाल्चोकको पिस्कर र धनकुटाको छिन्ताङमा भएका सङ्घर्षहरूमा यिनै देशभक्तिका गीतले जन जागरण ल्याएका थिए । विशेषतः यस्ता गीतहरू सङ्घर्ष र आन्दोलनका कार्यक्रममा गाउने गरिन्थ्यो । त्यसले परिवर्तनप्रतिको आशा र बलिदानको भावना जगाउँथ्यो । गीत सुनेर देशप्रतिको कर्तव्यबोधले मानिसहरू आन्दोलनमा होमिन्थे । देशभक्ति बिना परिवर्तन/क्रान्ति सम्भव हुँदैन । यस अर्थमा, जन-आन्दोलनमा गाएका देशभक्तिका प्रगतिशील गीतले राजनीतिक परिवर्तनमा योगदान दिएका थिए भन्ने आधार निर्माण हुन्छ । राजनीतिले राजनीतिक विषयवस्तुहरूको छिनोफानो गर्न सक्छ तर संस्कृतिले राजनीतिले छोडेका असङ्ख्य कुराहरूलाई सामाजिकीकरणको प्रक्रियामा सामेल गराउँदछ । ती गीतले जनआन्दोलन २०४६ मा जनतालाई क्रान्ति जोश, उर्जा पैदा गर्ने, बलिदानी भावना उमार्ने कार्य गरेर सङ्गठन र आन्दोलन दुवै क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेलेको देखापर्दछ । यस्ता गीतमा राष्ट्रप्रेमको जागरण, देशको सांस्कृतिक विशिष्टताप्रति गौरव, स्वतन्त्रता, स्वाभिमानको पक्षपोषणका भावनाहरू प्रस्फुटन भएका पाइन्छन् । त्यसले देशप्रेम र राष्ट्रियताको भावनालाई मजबुत पार्नमा मद्धत गरेको पाइन्छ ।

### ६.३.९ वैचारिक रूपान्तरण

राजनीतिक परिवर्तन प्रक्रियाको सबैभन्दा जटिल कार्य वैचारिक रूपान्तरण हो । विचार बदल्न, विचार निर्माण गर्न राजनीतिक चेतनाका गीतले प्रभावकारी भूमिका खेल्दछ । फेञ्जल, गलको विचार उदृत गर्दै भन्छन् - "सङ्गीतले मानवताको स्तरमा मानिसलाई परिवर्तन गर्ने क्षमता राख्छ । मानिसको संसारलाई हेर्ने दृष्टिकोणमा परिवर्तन गर्न मद्दत गर्न सक्छ, तिनीहरूको दृष्टिकोण, विश्व दृष्टिकोणमा, र सम्भावित रूपमा व्यक्तिको सोच्ने र कार्य गर्ने तरिकामा परिवर्तन ल्याउन सक्छ," (अक्टुबर ३०, सन् २०२३) । उक्त भनाइले सङ्कल्पका गीतहरूले मानिसको विचारमा परिवर्तन ल्याउनमा र परिवर्तनका निम्ति हुटहुटी जगाउने काम थियो भन्ने कुरालाई आधार दिन्छ । हरेक समाजको गठन निश्चित सामाजिक चेतनाको जगमा हुने हुँदा फरक विचारका मानिसहरू सङ्कल्पका गीत सुनेर उनीहरूको चेतना र विचारमा परिवर्तन ल्याउँदै पार्टी सङ्ठनमा आएका थिए भन्ने देखिन्छ । टुहुरे (२०७६) का अनुसार- "सङ्कल्प परिवार एउटा विचार समूह थियो, त्यसले राजनीतिक विचार दर्शन बोकेको थियो । सोही विचारबाट प्रेरित भएर मानिसहरू आफ्ना पुराना विचार परिवर्तन गर्दथे । गैर कम्युनिस्टहरू कम्युनिस्ट बन्न पुग्थे, कम्युनिस्ट पार्टीको समर्थक शुभेच्छुक बन्न पुग्थे, अनि ती समर्थक शुभेच्छुकहरू नै पार्टी जीवनमा सक्रिय हुन्थे, सङ्गठित हुन्थे," । उक्त भनाइबाट एउटा विचारको मानिसलाई अर्को विचारमा रूपान्तरित गर्ने, अचेतलाई सचेत पार्ने, विचारले लेश गर्ने र कम्युनिस्ट पार्टीको राजनीतिक विचारधारामा आबद्ध बनाउने काममा सङ्कल्पका गीतले सहयोग गरेको थियो भन्ने बुझ्न सकिन्छ । तात्कालीन नेकपा (माले) ले सङ्गठन विस्तारको आधार सङ्कल्प गीति कार्यक्रमलाई बनाएको हुँदा राजनीतिक चेतनाको अभिवृद्धि र सङ्गठन निर्माण गर्ने कार्यमा सङ्कल्पका गीतहरू सहयोगी बन्न पुगेको देखिन्छ । राई र राई, गायक श्रेष्ठको भनाई उदृत गर्दै भन्छन् - "त्यतिबेला हाम्रो आसपासमा हुने मानिसहरूको क्रान्तिप्रति ज्यादै ठुलो विश्वास थियो । परिवर्तनप्रति आकर्षण थियो । गीतको पछिल्तिर अन्याय, अत्याचारबाट देशलाई मुक्त गर्न हिँड्नेहरूको ठुलै लाम थियो । हाम्रो पछिल्तिर पनि ठुलो जनमत तयार भइसकेको थियो," (२०५३) । उक्त भनाइले उल्लिखित चर्चामा आएका भनाईहरूलाई थप समृद्ध तुल्याउँदछ । सङ्कल्पका गीत, ती स्रष्टाहरूको लोकप्रियताले परिवर्तनका पक्षमा जनमत निर्माण गर्दै गएको दर्शाउँदछ । त्यो भनेको सङ्कल्पका गीतले निर्माण गरेको वैचारिक रूपान्तरण र परिवर्तनको अवस्था नै हो । "त्यसबेला पार्टीकै पहलमा जनवादी सांस्कृतिक कार्यक्रमहरू हुन्थे । पार्टी सूत्रका आधारमा त्यसको प्रभावमा हामी त्यहाँ पार्टी निर्माणको काम आरम्भ गर्थ्यौं । कार्यक्रमको असर हेरेर हामी कतिपय ठाउँमा पार्टी विस्तार गरिरहेका हुन्थ्यौं," (नेपाल, २०५३, पृ. ४०) । उक्त भनाइको अर्थ भूगोलको कुनै नयाँ क्षेत्रमा सङ्कल्प गीति कार्यक्रमले ल्याएको चेतना, जागरण र जनप्रभावले पार्टी सेल, पार्टी सङ्गठन निर्माण हुँदै जान्थे भन्ने बुझिन्छ । यस आधारमा हेर्दा सङ्कल्पको गीति चेतनाले पार्टी सङ्गठक, जनशक्ति र समर्थक शुभेच्छुकहरूको पंक्ति निर्माण हुँदै गएको देखिन्छ । यो भनेको

सङ्कल्पका गीतले ल्याएको वैचारिक परिवर्तन नै हो । "नेपालमा कम्युनिस्ट विचारधारा बढाउनुमा गीत र अनुदित रसियन र चिनियाँ साहित्यको ठुलो योगदान छ । नेपालका करिब पचास प्रतिशत मान्छेहरू कि गीत सुनेर त कि साहित्य पढेर कम्युनिस्ट भएका थिए," (मिश्र, २०७८, पुष २४) । उक्त भनाइले समेत वैचारिक रूपान्तरणमा प्रगतिशील गीतको योगदान देखा पर्दछ । यसरी वैचारिक रूपान्तरणले प्रतिरोधी भावनाको विकास, प्रतिध्रुवीय संस्कृतिको निर्माण हुँदै मानिसहरू राजनीतिक परिवर्तनको दिशातर्फ मुखरित भएको पाइन्छ ।

विचार र व्यवस्था समयानुकूल परिवर्तन हुन्छन् । मार्क्सले स्थापित पुरातन सामाजिक-सांस्कृतिक धरोहरलाई नयाँ विचार र व्यवहारले प्रतिस्थापन गर्छ भन्ने मान्यता स्थापित गरेका थिए । दुवाल भन्छन् - "हाम्रा गीतले राजनीतिक चेतना नदिएको भए, विचार नदिएको भए, गीत सुनेर मानिसहरू कम्युनिस्ट बन्ने थिएनन्, गीत सुनेर कम्युनिस्ट पार्टीमा आबद्ध हुने थिएनन्, न हामी नै कम्युनिस्ट हुन्थ्यौँ होला । ती गीतले असङ्ख्य मानिसको विचार परिवर्तन गरायो । यसको प्रभाव देशैभरि फैलिएको थियो," (दुवाल, व्यक्तिगत कुराकानी २०७६, १०/३ ३) । उक्त भनाइले सङ्कल्प परिवारका गीतले वैचारिक र सैद्धान्तिक विचार निर्माणको तहमा समेत धेरै मानिसहरूलाई प्रभावमा पारेको देखापर्दछ । गीतले राजनीतिक चेतना नदिएको भए, धेरै मानिसहरू कम्युनिस्ट बन्ने थिएन न् भन्ने भनाइले सङ्कल्पका गीतहरूकै प्रभावका कारण मानिसहरू कम्युनिस्ट पार्टी, खासगरी तात्कालीन नेकपा (माले) को राजनीतिक आस्थासँग जोडिएको पाइन्छ । सुब्बाका अनुसार- "राजनीतिक दलहरू प्रतिबन्धित रहेको अवस्थामा आमजनतामा पार्टी सिधै प्रवेश गर्न अति जोखिम भएकोले राजनीतिक विचार दिने कामको माध्यम प्रगतिशील गीत बनेका थिए । गीतले उठाएको विचार खोज्दै मानिसहरू गाउँमा नेकपा (माले) का पार्टी सङ्गठनमा जोडिन पुगे," (व्यक्तिगत कुराकानी, २०७६, ७/२५) । उक्त भनाइबाट विचार निर्माणको प्रारम्भिक कार्य प्रगतिशील गीतहरूले गरेका थिए भन्ने बुझिन्छ । कम्युनिस्ट पार्टीमा आबद्ध हुन सक्ने र हुन चाहने व्यक्तिहरूको खोजीको प्रारम्भको सहज माध्यमका रूपमा प्रगतिशील गीतको प्रयोग हुन गएको देखिन्छ ।

वैचारिक रूपान्तरण जटिल प्रक्रिया हो । जबसम्म कुनै विचारप्रति गहिरो विश्वास पैदा हुँदैन, तबसम्म मानिस कुनै विचार अँगाल्ने मनस्थितिमा पुग्न सक्दैन । त्यो बेला नेकपा (माले)को सिद्धान्त उद्देश्यका बारेमा खुला बहस गर्न, पार्टी दस्तावेजहरूको अध्ययन गर्न सहज नभएको अवस्थामा प्रगतिशील गीत माध्यम बनेको पाइन्छ । उल्लिखित आधारहरूमा नेकपा (माले) को वैचारिक रूपान्तरणको प्रक्रिया मार्फत राजनीतिक परिवर्तन २०४६ मा सङ्कल्पका गीतहरूले योगदान पुऱ्याएको देखापर्दछ । त्यसरी गीति संवेदनाले उठेका धेरै जसो सादा जीवनका कम्युनिस्टहरूले आफ्नो पार्टीमा जब अवसरवादी चरित्रका कतिपय नवधनाढ्यहरूको हैकम र विलाशी जीवन देख्न थाल्छन्, त्यसले उनीहरूमा निराशा, निस्कृयता र विचलन समेत देखा पर्न गएको देखिन्छ ।

## ६.४ आस्था परिवारको योगदान

राजनीतिक परिवर्तनमा राजनीतिक दल, विभिन्न तह तप्कासँगै प्रगतिशील जनवादी साहित्य सङ्गीतको भूमिका रहँदै आएको पाइन्छ । इग्मार ग्रान्डिन (सन् १९९६) को भनाइलाई आधार मान्ने हो भने २०४६ को जन आन्दोलनमा प्रयोग भएका साहित्य, नाटक, गीत, नृत्य, लगायतका विधाहरू मध्ये सबै भन्दा प्रभावकारी भूमिका प्रगतिशील गीतहरूको थियो र पञ्चायतकालीन समयमा ती गीत वामपन्थी विचारको गर्भाधान गराउने कम्युनिस्ट विचारधाराको प्राथमिक पाठशालाका रूपमा थिए । आस्था परिवारको स्थापना २०४४ मा भएता पनि उनीहरूका गीतहरूको योगदानलाई २० को दशकदेखिनै जोडेर हेर्नु पर्ने हुन्छ । किनकि आस्थाका कलाकारहरू राल्फादेखि सङ्कल्प हुँदै आस्थामा आइपुगेका हुन्, जुन पार्टी आवद्ध नभई स्वतन्त्र रह्यो । यसर्थ, उनीहरूले राल्फा, सङ्कल्पका गीतलाई समेत आस्थाकै गीत भनेर गाएका हुन् । ती गीतहरूको पाश्चात्य नोटेशन पुस्तक (जीवनको नाम, २०४९) तयार गरी केही अन्तर्राष्ट्रियकारण गर्ने समेत प्रयास गरेका थिए । जनआन्दोलन २०४६ मा प्रजातान्त्रिक लेखक, कवि, साहित्यकार, संस्कृतिकर्मीहरुसँगै आस्थाका कलाकारहरूले साङ्गीतिक मोर्चा सम्हालेका थिए । उक्त क्रममा आस्थाका कलाकारहरूले कस्टडीमा मानसिक यातना भोगे, सडकमा प्रशासनको दमन खेपे । आन्दोलनमा गीत गाएर क्रान्ति उर्जा भर्ने, राजनीतिक चेतना स्तर उकास्ने काम गरे । जनआन्दोलनको कार्यसूचि बाहेक आस्थाले जनआन्दोलनको पूर्व तयारीमा विभिन्न ठाउँमा गीति कार्यक्रमहरू गरी जनचेतना बढाउने काम गरेको थियो । आस्थाका अनुसार -२०४५ असार ४ मा अडिटोरियममा, सोही वर्ष साउन २२ गते, प्रलेक सङ्घको आयोजनामा पद्मोदय मावि, कार्तिक २४ गते काठमाडौं, मङ्सिर २ ठहिँटी खुला डबली, जाउलाखेल, फागुन १६ मा सभागृहमा कार्यक्रमहरू गरिएको पाइन्छ । यसैगरी २०४६ मा स्वयम्भुमा, खिचापोखरी, आलापोट, सभागृह र कीर्तिपुरमा विविध कार्यक्रमहरू गरेको देखिन्छ । नेपाल भाषा मंका खलः, कागेश्वरी पुस्तकालय, बालकोशेली परिवार, स्वर्णिम स्कुल, भुरूङखेल, इसास, जनसांस्कृतिक मञ्च, मैत्री परिवार, अनेरास्ववियु, साहित्य सन्ध्या परिवार, जुगल सांस्कृतिक परिवार सिन्धुपाल्चोक, आरोहण समूह, नेपाल अपाङ्ग संस्था, न्हयजा खलः ठिमी, प्रप्रायुसङ्घ दोलखा, बालमजदुर सरोकार केन्द्र, खोटाङ सांस्कृतिक परिवार, इटहरी मञ्च, सुस्लिङटार जनसमुदाय, एम्नेष्टी इन्टरनेशनल, फ्रान्सिसी सांस्कृतिक केन्द्र, वामपन्थी अध्ययन समूह टक्सार पाल्पा, धवल पुस्तकालय पाल्पा, शान्ति आन्दोलन नेपाल, अनेरास्ववियु झापा, (जीवनको नाम, फागुन २०४९) लगायतका संस्थाहरूको आयोजनामा आस्थाले विविध कार्यक्रमहरू गरी जनचेतना जगाउने काम गरेको पाइन्छ, । फ्रान्सिसी सांस्कृतिक केन्द्रको आयोजनामा शृङ्खलाबद्ध कार्यक्रमहरू समेत गर्ने गरेको पाइन्छ । आस्थाले सशरीर र गीति श्रव्य क्यासेटहरू उत्पादन वितरण गरी देशव्यापी राजनीतिक जागरण ल्याएको पाइन्छ । यसै आधारमा राजनीतिक परिवर्तनका निम्ति आस्थाले पुऱ्याएको योगदानलाई विभिन्न दृष्टिविन्दुबाट हेरिएको छ -

### ६.४.१ विपरीतको एकता र सङ्घर्षमा जोड

पञ्चायत शान्ति र सिर्जनाको नारा लाउँथ्यो, आस्था रक्तक्रान्तिको गीत (मिश्र, २०४९, पृ. ९५) गुञ्जाउँथ्यो । पञ्चायत आफूलाई जगैदेखि बलियो बनाउने कुरा गर्थ्यो, आस्था "सबको हातले सबको साथले घर भत्काउने, थोत्रे घरको ठाउँमा नयाँ बनाउने," (तमोट, २०४९: ७१) भन्दै प्रतीकात्मक अर्थमा मक्किएको पञ्चायती व्यवस्था फालेर नयाँ व्यवस्था ल्याउने दृढता व्यक्त गर्दथ्यो । पञ्चायत राष्ट्र निर्माणमा राजालाई केन्द्रमा राख्दथ्यो, आस्था जनतालाई राष्ट्रको मूल शक्ति मान्दथ्यो । पञ्चायत "भञ्ज्याङमा राजा भेटियो, चौतारीमा रानी भेटियो" भन्ने खालका राजारानीका स्तुति गान सुनाउँथ्यो, आस्था "सागर जस्तो विशाल छाती बोकी हामी हिँड्छौँ, हजार वर्ष लागोस् शिखरमा पुगी छाड्छौँ," (भण्डारी, २०४९: १४१) भन्दै व्यवस्थालाई लल्कार्दथ्यो । पञ्चायत आफ्नो कानुनी राज्य सर्वोपरि जनताको हितमा रहेको कुरा बताउँदथ्यो, आस्था "काला कानुन धुस्नो पाछौँ," (मिश्र, २०४९: ९५) भन्दै व्यवस्थालाई खुला चुनौती दिन्थ्यो । पञ्चायत वर्ग समन्वयको पक्षपोषण गर्थ्यो, आस्था वर्गविहीन समाजको परिकल्पना, वर्गीय प्रेम र वर्ग पक्षधरताको वकालत गर्दथ्यो । यसको अर्थ विद्यमान पुँजीवादी सामन्ती चरित्रको सत्ता विरुद्धको सङ्घर्षमार्फत प्रजातन्त्रको पुनर्स्थापनाको एजेण्डालाई विपरीतहरूको एकता मार्फत बलियो पार्नु भनेको समकालीन राजनीतिमा विपरीतताको स्थिति हो । त्यसको अन्तर्यमा राजनीतिक मूल्य प्रतिस्थापन गर्ने उद्देश्य अन्तर्निहित थियो । यसले आस्थाका गीत र पञ्चायती व्यवस्थाका बीच वर्गीय अन्तर्विरोध र राजनीतिक द्वन्द्व नै विचारको मूल समस्याका रूपमा थियो भन्ने देखाउँछ । यसबाट आस्थाले पञ्चायती व्यवस्थाको उत्पीडन र दमनकारी नीतिका विरूद्ध प्रश्न उठाउँदै त्यसको दबाबमा व्यवस्थाको क्षयीकरणमा योगदान दिइरहेको थियो भन्ने बुझ्न सकिन्छ ।

मार्क्सवादी द्वन्द्ववादले विपरीतहरूको एकता, सङ्घर्ष र रूपान्तरणमा जोड दिन्छ । मार्क्सले विज्ञानसम्म पुग्न बनिबनाउ राजमार्ग हुँदैन, वर्गसङ्घर्षले आफ्नो बाटो आफैँ निर्माण गर्दै अघि बढ्छ भनेका थिए । नेपाली समाजको वर्गसङ्घर्ष कहिले हिंसात्मक र कहिले शान्तिपूर्ण रह्यो । जनआन्दोलन पनि नेकपा (माले) ले प्रयोग गरेको वर्गसङ्घर्षका अनेक रूपहरूमध्ये शान्तिपूर्ण वर्गसङ्घर्षको एक रूप थियो । गीतले सिधा रूपमा वर्गसङ्घर्षको वकालत गर्दैन, विम्ब र प्रतीकको माध्यमबाट त्यसलाई व्यक्त गर्दछ । त्यस्का पनि आस्थाका गीतहरू केही शालीन प्रकृतिका थिए । आस्थाले मुलुकको राजनीतिलाई मात्रात्मकबाट गुणात्मक परिवर्तन गर्ने कार्यमा राजनीतिक दलहरूको आन्दोलनलाई यसै आधारमा सघाएको थियो । उनीहरूले प्रतिगामी शक्तिका विरूद्ध प्रजातान्त्रिक अग्रगामी शक्तिलाई सहयोग गरेका थिए । २०४६ चैत्र ३ गतेको कवि, साहित्यकार, कलाकार, लेखकहरूको व्यवस्था विरोधी आन्दोलनमा आस्थाका कलाकार रामेश र शार्दूल भट्टराई प्रशासनले सबैभन्दा ठुलो निशाना बनाएको थियो । राजनीतिक व्यवस्थाले दिएको परिणाम र जनताले गरेको अपेक्षा बीचको फराकिलो अन्तर र असमानताले प्रतिवादी र प्रतिपक्षीय विचारहरू जन्माउँदछ र

विरोधी विचारहरूलाई एकीकृत गराउँदछ, जुन कुरा विपरीत एकताको अवस्था नै हो । आस्थाले पञ्चायती व्यवस्थाले स्थापित गरेका मूल्य-मान्यता विपरीत नयाँ समाज व्यवस्थाको स्थापनामा जोड दिने गरेको थियो । त्यो बेला पञ्चायत र पञ्चायतइतर भन्ने चलन थियो । पञ्चायतसँग आस्थाको विचार र व्यवहारमा टकराव थियो । पञ्चायतका विपरीत भनिएकाहरू खासगरी काँग्रेस, कम्युनिस्ट व्यवस्था विरूद्धमा रहँदा स्वतन्त्र भए पनि आस्थाको स्वार्थ मिल्न पुग्यो । उनीहरू आन्दोलनमा मिसिए । किनकि २०४६ को जनआन्दोलन विपरीत विचारहरूको एकता पछिको संयुक्त सङ्घर्ष थियो । उनीहरू शोषकका विरूद्ध शोषितका पक्षमा, उत्पीडकका विरूद्ध उत्पीडितका पक्षमा र शासकका विरूद्ध शासितहरूका पक्षमा, अन्यायका विरूद्ध न्याय, पश्चगमनका विरूद्ध अग्रगमन र दमनका विरूद्ध प्रतिरोधका गीत गाउँथे । पञ्चायत आफ्नो सत्तालाई निर्दलीय प्रजातान्त्रिक व्यवस्था भन्दथ्यो । आस्था पञ्चायतलाई निरङ्कुश व्यवस्था मान्दथ्यो ।

आस्थाको घोषणा (आस्था परिवार, २०४९) मा स्वस्थ सुन्दर सुसंस्कृत जीवनको पक्षपोषण गर्दै आस्था देशको राष्ट्रियता, सार्वभौमिकता र प्रजातान्त्रिक हक अधिकारको रक्षार्थ सदैव आवाज उठाउन चाहन्छ भनिएको छ । उक्त घोषित विचारले आस्था तात्कालीन सामाजिक, राजनीतिक व्यवस्थाको विरूद्धमा उभिएको प्रगतिशील आवाज रहेको स्पष्ट गर्दछ । यसबाट विपरीतता र मूल्य प्रतिस्थापनकै भूमिकामार्फत आस्थाले पञ्चायती राज्य र समाजका पुराना संरचना भत्काइ नयाँ संरचना निर्माण गर्न, राजनीतिक क्रान्तिको कार्य दिशालाई उन्नत तुल्याउनमा सहयोग पुऱ्याएको थियो भन्न सकिन्छ । यसरी जनआन्दोलनमा विरोधी मतलाई एकीकृत गर्न र जनमत बढाउन खेलेको भूमिकाको आधारमा आस्थाका गीतले राजनीतिक परिवर्तन २०४६ को जनआन्दोलनमा सहयोग पुऱ्याएको थियो भन्ने अर्थमा पुग्न सकिन्छ ।

### ६.४.२ जीवनमुखी र आशावादी विचार

जनताको जीवनलाई समृद्ध तुल्याउने, अधिकार सम्पन्न तुल्याउने, शोषण उत्पीडनबाट मुक्ति दिलाउने, मिहिनेती जनताको पक्षमा गाइएका गीतलाई जीवनमुखी गीत र सो अनुरूपका अभिव्यक्तिलाई जीवनमुखी अभिव्यक्ति भनिएको पाइन्छ । आस्थाका गीतहरूको विशेषता भनेको जीवनवाद र आशावाद हो । उनिहरूका गीतले समाजका निराशा र कुण्ठालाई चिर्ने काम गरेका थिए, आशावादी चिन्तनलाई प्रोत्साहित गरेका थिए । “गीत सङ्गीतले निराशा, कुण्ठा, विसङ्गति र विकृति जगाउने हैन, स्वस्थ मनोरञ्जन र स्वस्थ जीवन दिन सकोस्, जीवन जगतका विविध पक्ष र परिवेशलाई समेट्दै केही अर्थ प्रेरणा, सन्देश, जागरण दिन सकोस्” (जीवनको नाम, २०४९) भन्ने आस्थाको विचार थियो । यही कारण नै आस्थाले जीवनका चुनौतिपूर्ण र चरम दमनका अवस्थाहरूमा समेत आशावादी जीवन बाँच्ने कला सिकाएका थिए । आशावादी जीवन दृष्टिलाई उनीहरूले विश्वदृष्टिसँग जोडेका थिए । जीवनको सार्थक बुझाइले मात्र मानिसको जीवनलाई सार्थक तुल्याउन

सक्छ भन्ने जीवनवादी चेतना आस्थाका गीति सौन्दर्य थिए । जीवनोपयोगी कार्यात्मक विचारले, असल सामाजिक भूमिकाहरूलाई अनुसरण गरी असल समाजिक संरचना निर्माण गर्दछ भन्ने मान्यता राख्छ । तत् अनुरूपको ज्ञान, सीप र चेतनाको विकासमा जोड दिन्छ । त्यसका निम्ति आस्थाका गीतहरूले मान्छेलाई अनुशासित बन्न, असल बाटोमा हिँडाउन, सभ्य र मर्यादित जीवन जिउन प्रेरित गरेका थिए । जनताको श्रम र सीपप्रति, कामदार वर्गप्रति सम्मान दर्शाउने, त्यसलाई प्रोत्साहित गर्ने, मानवीय र वस्तुवादी चिन्तनलाई मलजल गर्ने र तत्अनुरूपको विचार उत्पन्न गराउने सिर्जनाहरू जीवनमुखी अभिव्यक्तिका स्रोत हुन् । आस्थाले राल्फा, सङ्कल्प भन्दा आफूलाई सिर्जनात्मकरूपमा केही बदलेको थियो । उनीहरू आफूलाई *'स्वस्थ र सार्थक गीत' वा 'जीवनवादी'* गीतका हिमायती मान्दथे । जीवनलाई ब्युँझाउने, जीवनको सार्थकता बोध गराउने गीत आस्थाका जीवनवादी गीतका कोटीमा पर्दथे । जीवनविमुख गीतले निद्रितलाई ब्युँझाउन नसक्ने उनीहरूको दाबी थियो । त्यसैले आस्थाका गीतले जीवनदायी शक्ति प्रवल गराउने, जीवन भर्ने विचार, चेतना सम्मिश्रण गरेका थिए । श्रम र श्रमिक वर्गको सम्मान गर्दै मानवता, भातृत्व, राष्ट्रिय स्वभिमान र देशभक्तिको भावनाले जीवनलाई सार्थक र गतिशील बनाउन आस्थाका गीतले चेतना भर्ने काम गरेका थिए । सृजनात्मक र उत्पादनशील क्षमताले आफूलाई बदल्दै संसार बदल्ने प्रयत्नमा रहेको आस्थाले सार्थकरूपमा जीवनको मूल्यबोध गराउने प्रयत्न गरेको देखिन्छ । "निराशा, कुण्ठा, सस्तो मायाप्रीति, निरर्थक जीवनका अभ्यासहरूले जीवन झनै निरर्थक बन्छ । त्यसका विरूद्ध स्वस्थ, सुन्दर र सुसंस्कृत जीवनले मात्र आफू र समाजलाई बदल्न भूमिका खेल्छ," (आस्था घोषणा, २०४९, पृ. प्राकथन) भन्ने विश्वासलाई आस्थाले समाजमा स्थापित गर्न चाहेको देखिन्छ । यसका निम्ति आस्थाले आफूलाई सङ्घर्षमा उभ्याउँदै तत् अनुरूपको बाटो हिँड्न अरूलाई प्रेरित गरेको पाइन्छ । त्यो भनेको मार्क्सले भने जस्तै आफूलाई बदल्दै दुनियाँ बदल्ने प्रक्रियामा क्रियाशील गराउनु हो । आस्थाको जीवनमुखी र आशावादी विचार सिर्जनाको एउटा उदाहरण यस्तो छ-

देश जनताको नाम हो, जनता सङ्घर्षको नाम हो,
सङ्घर्ष बलिदानको नाम हो, बलिदान मुक्तिको नाम हो
मुक्ति देशको नाम हो
तिमी जुनसुकै नाम चुन
देश, जनता, सङ्घर्ष वा मुक्ति सबै प्रेमको नाम हो
प्रेम, चेतना, प्रगति वा न्याय सबै जीवनको नाम हो, (निभा, २०४९, पृ. ४४) ।

उक्त गीतमा आस्थाले जीवनको व्यापक अर्थ सम्प्रेषण गर्दै देशलाई जीवनको पर्यायका रूपमा प्रस्तुत गरेको छ । उक्त गीतको केन्द्रीय तत्त्व देशप्रेम हो । गीतमा आस्थाको देशप्रेम राष्ट्र, जनताप्रतिको लगाव र प्रतिबद्धतापूर्ण सेवाको रूपमा प्रकट भएको छ । चेतना, प्रगति, न्यायलाई

जीवनको शाश्वत अङ्ग मान्दै आस्थाले जीवनलाई गतिशील यथार्थका रूपमा प्रस्तुत गरेको छ । यस्ता अन्य केही आस्थाका गीतलाई उदाहरणका रूपमा पेश गर्न सकिन्छ । जस्तै- “यो जिन्दगी हाम्रो खेर नजाओस्, शहीदको बाटो पक्री जनताको हुल भित्र, यो जिन्दगी असल काममा हराओस्,” (तमोट, २०४९, पृ. ७८), गीतमा व्यक्त शहीदको बाटोले राजनीतिक परिवर्तनको बाटोको सङ्केत गर्छ । “सङ्घर्ष हो जीवन, जीवन सङ्घर्ष हो,” (तमोट, २०४९, पृ. ६५) ले सङ्घर्षको महत्त्ववोध गराउँदै सङ्घर्षशील जीवन ज्युन र परिवर्तनका निम्ति अघि बढ्न प्रेरित गर्दछ । “सभ्यताको जग राख्ने कवि कलाकार,” (जोशी, २०४९, पृ. ८४) ले असल बानीको निर्माण गर्न प्रेरित गर्छ । “ऊ हेर्नोस् श्रमको नयाँ फूलबारीमा उनीहरू नयाँ फूल रोप्दैछन्,” (हमाल, २०४९, पृ. ११३), श्रमको मर्म र महत्त्वलाई बुझ्न सके श्रमले बाँच्न सिकाउँछ, सङ्घर्षले नै जीवन सार्थक बनाउँछ भन्ने भाव उत्पन्न गरेको छ । “शोषित पीडित जिन्दगीसँग पिरती लगाउँछौं,” (विकल, २०४९, पृ. १३६) ले हजार बाजी मुर्दा बनें हजार बाजी जागें, आदि गीतहरूले अर्थपूर्ण जीवनको खोज गर्दै जीवनको वास्तविकता पहिल्याउन प्रेरित गरेका छन् । सार्थक जीवनको लागि स्वार्थ त्यागेर देशप्रतिको त्याग र समर्पणको भावना उजागर गर्दै जीवनको सही मूल्य प्राप्त गर्न सङ्घर्ष गर्न सिकाउँछ । सङ्घर्ष परिवर्तनको द्योतक हो । यी गीतहरूको सारभूत तत्त्व परिवर्तन नै हो । यी गीतले मानिसमा उमार्ने चेतना भनेको राजनीतिक परिवर्तन भएमा मात्र जीवनको सार्थकता रहन्छ भन्ने देखापर्छ । सोही अन्तर्चेतनाले आस्था जनआन्दोलनमा मिसिएको थियो । श्रेष्ठ भन्छन्- “जनआन्दोलनमा आस्थाले अन्य संस्कृतिकर्मीहरूसँग मिसिएर पञ्चायती व्यवस्थालाई धराशायी तुल्याउन भूमिका खेलेका थियौं । कष्टडीमा बसेर पञ्चायतको अन्त्य हुने दिन हेर्न आतुर थियौं । त्यो दिन टाढा रहेन छिट्टै आयो,” ( २०७६, ८/२२) । उक्त भनाइबाट जनआन्दोलनमा आस्थाको भौतिक उपस्थिति मात्र नभएर शारीरिक, मानसिक रूपमै व्यवस्थाको प्रतिरोधमा उत्रिएको र व्यवस्थाको दमनमा परेको अवस्था देखापर्दछ । राजनीतिक परिवर्तनको उद्देश्य फगत शासकीय मात्र नभई मानिसको व्यवहार, संस्कार, विचार तथा मानिसको जीवन र संस्कृतिमा समेत परिवर्तन गर्नु हो । यस अर्थमा, विचार तथा मानिसको जीवन र संस्कृतिलाई जीवनको पर्याय मानेको आस्थाका गीतले सैद्धान्तिक रूपमा समेत मार्क्सवादी विचारद्वारा प्रभावित भई मानिसको व्यवहार, संस्कार, विचार परिवर्तन गर्ने कार्यमा जनताको ठुलो अभिमत प्राप्त गरेकोले जीवनमुखी र आशावादी गीति सिर्जनाको माध्यमबाट राजनीतिक परिवर्तन (२०४६) को जनआन्दोलनलाई सघाएको थियो भन्न सकिन्छ ।

### ६.४.३ यथास्थितिप्रतिको विद्रोह, नवयुगीन चेतना

आस्थाका गीतहरू पञ्चायतले सिर्जना गरेको सामाजिक, राजनीतिक यथास्थितिका विरूद्ध परिवर्तनका निम्ति नवयुगीन चेतनाको स्वर बनेर आन्दोलनहरूमा गुञ्जिएका थिए । सामाजिक विकृति र यथास्थिति माथि प्रहार गर्दै आमूल परिवर्तनका पक्षमा ती गीतले चेतना भर्ने काम गरेका

थिए । आस्थाका गीतहरूले समाज वर्गीय, जातीय, लैङ्गिक यथास्थितिवादी अनेकन प्रकारका परम्परागत चिन्तनबाट ग्रसित छ, त्यस विरूद्ध न्याय र विवेकलाई आत्मसात् गर्ने सुसंस्कृत समाज व्यवस्थाको निर्माण गर्नु पर्छ भन्ने चाहना राखेको र त्यसमा जोड दिइएको पाइन्छ । चेतना भनेको मानिसको मनभित्रको जागरण हो । चेतना र विचार पदार्थले निर्माण गर्छ भने सामाजिक संरचनाको आधारमा विचार बन्दछ भन्ने चेतना नै नवयुगिन चेतना हो । यसले सूर्य, चन्द्र, पृथ्वी, तारा, ग्रह, जीव, जन्तु आदि चेतनाले नभई पदार्थको उपज मान्दछ । संसारको चालक शक्ति पदार्थ हो र पदार्थले नै चेतना निर्माण हुन्छ भन्ने मान्दछ । त्यसप्रकारका उक्त मार्क्सवादी चेतनाहरू आस्थाका गीतमा देखा पर्दछन् । राजनीतिक रूपले अत्यन्त प्रतिकूल परिस्थितिमा वैचारिक निष्ठाका साथ नौलो संसार निर्माण गर्ने चेतनाका गीत यसरी गाइएका थिए -

मुट्ठी उचाली लड्छौं बढ्छौं, देशका निम्ति उठ्छौं
मुक्तिका लागि जुझिरहने प्रण गरेर उठ्छौं
सागर जस्तो विशाल छाती बोकी हामी हिँड्छौं,
हजार वर्ष लागोस् शिखरमा पुगी छाड्छौं
नौलो संसार निर्माण गर्नलाई चट्टान जस्तै दृढ हामी हुन्छौं, (भण्डारी, २०४९, पृ. १४१) ।

प्रस्तुत गीतमा मानव स्वतन्त्रता खोसिएकोमा विरोध भाव व्यक्त गर्दै नयाँ समाज व्यवस्था निर्माण गरिछाड्ने दृढताभाव प्रकट गरिएको छ । देशलाई केन्द्रमा राखी पराधिनता र मुक्तिको चाहना बीच वैचारिक द्वन्द्व सिर्जना गर्दै यथास्थिति विरूद्ध नव समाज निर्माणको चाहनालाई अडानका साथ प्रस्तुत गरिएको छ । त्यो भनेको पुरातन समाज व्यवस्थाबाट अग्रगामी समाज व्यवस्था तर्फ अघि बढ्ने नवयुगिन चेतनाको प्रवाह र परिवर्तनप्रतिको आग्रह हो । उक्त गीतले जनता भनेको अजेय शक्ति हो । त्यो कहिल्यै मारेर मारिंदैन, मासेर मासिंदैन । चट्टान जस्तो दरिलो, खँदिलो मुटु बोकेर जनताको मुक्तिको निम्ति हिंडेका उनिहरू हज्जारौं मायलको यात्रा गरेर भए पनि एकदिन लक्षमा पुगी छाड्ने छन् भन्ने प्रतिज्ञा गरेका छन् । उक्त कुरा वर्तमान ठिक छैन यसलाई फेर्नु पर्छ भन्ने यथास्थिति विरूद्धको चेतनाको प्रकटीकरण नै हो । सङ्कीर्ण एवं जडवादी चेतनाको प्रभाव रहेसम्म सामाजिक, राजनीतिक संरचनाको परिवर्तन हुन सक्दैन भन्ने आस्थाका गीति अन्तर्वस्तु र सार हुन् । उक्त विचारले समाजमा राजनीतिक चेतना उठाउनमा सघाउ पुऱ्यायो । राजनीतिक परिवर्तन नवयुगीन चेतनाकै उपज र उपलब्धि थियो । यस दृष्टिबाट हेर्दा प्रगतिशील गीतले पञ्चायतको यथास्थितिका विरुद्ध जनतालाई जागृत तुल्याएको हुँदा राजनीतिक परिवर्तनमा आस्थाको योगदान देखिन आयो ।

### ६.४.४ जनआन्दोलनको स्वर

शाब्दिक रूपमा जनआन्दोलन, कुनै उद्देश्यले प्रेरित भएर वा आफ्ना मौलिक अधिकारको प्राप्तिका लागि जनताद्वारा चलाइने आन्दोलन, अभियान वा जनक्रान्ति, (पराजुली, २०७५: ४३९) हो ।

२०४६ मा भएको शान्तिपूर्ण जनआन्दोलनले नेपालमा निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य गरी संवैधानिक राजतन्त्रात्मक बहुदलीय व्यवस्थाको पुनर्स्थापना गरेको थियो । जनआन्दोलनमा जोडिएका अनेकन स्वरहरू मध्ये गीत सङ्गीतको विशेष भूमिका थियो । आस्थाका गीतले आन्दोलनमा क्रान्तिजोश भर्ने र आमजनतालाई पञ्चायत विरुद्धको अभियानमा लाग्न प्रेरित गरेका थिए । आन्दोलनकारीहरू हजारौं झण्डाहरू एकसाथ फर्फराउँदै, गाउँगाउँबाट उठ बस्तीबस्तीबाट उठ गीत गाउँदै, सिठी बजाउँदै, मुट्ठी कस्दै निषेधित क्षेत्रतर्फ जाइलाग्थे। प्रजातन्त्रको निम्ति आन्दोलनकारीहरूको गर्जनसँगै सडकमा गुञ्जिएका आस्थाका देशभक्तिका गीतहरूले जनतामा चेतना ल्याउने काम गरेका थिए । गीतले ग्रामीण परिवेशलाई आधार बनाउँदै सम्पूर्ण शोषित, पीडित सर्वहारा वर्गलाई राजनीतिक परिवर्तनका निम्ति शासन व्यवस्था विरूद्ध लड्न आह्वान गरेका थिए । २०४६ सालको जनआन्दोलनमा आन्दोलनकारीहरूले गाएको आस्था परिवारको एउटा गीत यसप्रकार रहेको थियो-

> गाउँगाउँबाट उठ, बस्तीबस्तीबाट उठ
> यो देशको मुहार फेर्नलाई उठ
> हातमा कलम हुनेहरू कलम लिएर उठ
> बाजा बजाउन जान्नेहरू बाजा लिएर उठ
> हातमा औजार हुनेहरू औजार लिएर उठ
> साथमा केही नहुनेहरू आवाज लिएर उठ, (तमोट, २०४७, भाग १: ३)

सबै आ-आफ्नो ठाउँबाट उठेमा देश बन्छ । देश निर्माणमा सबैको साथ र हात चाहिन्छ । शासन व्यवस्था ठिक नभएको हुँदा त्यसलाई परिवर्तन गर्न सबै वर्ग आ-आफ्नो ठाउँबाट उठ्नु पर्छ, जुट्नु पर्छ, खोसिएका अधिकार र जनताको शक्ति पुनः स्थापित गर्नु भन्ने सन्देश उक्त गीतले दिएको थियो । उक्त गीतले जन आन्दोलनमा ठुलो जागरण ल्याएको थियो । गीति जागरणको अर्थ- गीतमार्फत जनजागरुकता, जनचेतना, होस, साक्षीभाव र दृष्टिभाव उत्पन्न गर्नु हो, जसले मानिसको ध्यानलाई अरूतिर भङ्ग गराएर आन्दोलनसँग जोड्ने कार्य गर्दछ । खड्गी (सन् २०२१) का अनुसार “गाउँगाउँबाट उठ” गीत *जनआन्दोलन गान* समेत बनेको थियो” । यसको अर्थ जनआन्दोलनमा सबैले उक्त गीतबाट उर्जा शक्ति प्राप्त गरेका थिए र त्यसले जनआन्दोलनलाई सार्थक बनाउन भूमिका खेलेको थियो भन्ने बुझिन्छ । उक्त भनाइबाट आस्थाका गीतले जनआन्दोलनमा एकता, एक्यबद्धता, गोलबन्दीकरण र क्रान्ति उर्जा प्रदान गरेका थिए भन्ने देखापर्दछ । भण्डारी (व्यक्तिगत कुराकानी, २०७५) भन्छन्- “गीति चेतनाले मानिसहरू जनआन्दोलनमा उठे, जुटे । यसर्थ राल्फा र सङ्कल्पको योगदानलाई समेत जनआन्दोलनको भावभूमिमा राखेर हेर्नु पर्छ । आस्थाको योगदानलाई बाहिर राखेर जनआन्दोलनको सफलताको इतिहास अधुरो हुन्छ,” । आस्थाको चर्चा बेगरको

जनआन्दोलनको चर्चा अधुरो हुने भन्ने सन्दर्भले समेत जनआन्दोलनमा आस्थाका गीतको योगदान देखा पर्दछ । तमोट भन्छन्- "त्यतिबेला प्रतिबन्धित अवस्थामा ती गीत प्रभावशाली थिए । अँध्यारोमा सानो दियो पनि निकै उज्यालो हुन्छ । दिनको उज्यालोमा पेट्रोलमेक्स पनि फिका हुन्छ," (गोरखापत्र, २०७६, भाद्र ३१) । उक्त भनाइको अर्थ निरङ्कुशताको अँध्यारो विरूद्ध प्रजातन्त्रको उज्यालोको प्रतिविम्बन ती गीतमा रहेको थियो भन्ने अनुभूति हो । टुहुरे भन्छन्- "हाम्रो उद्देश्य- राजनीतिक चेतना राजनीतिक परिवर्तन र जनवादी शासन थियो । जनवादी शासन त आएन तर प्रजातन्त्र आयो, जनआन्दोलनका निम्ति लेखक-कलाकारहरू मिलेर आस्था र हामी सक्रिय थियौँ," (व्यक्तिगत कुराकानी, २०७६, ०९/२६) । उक्त भनाइबाट आस्था राजनीतिक परिवर्तनकै निम्ति जनआन्दोलनमा जुटेको देखिन्छ । २३-२४ तिरको राल्फादेखि त्यसपछि ३५-३६ मा आइपुग्दा सङ्कल्प हुँदै २०४४ मा आइपुग्दा अघिल्ला साङ्गीतिक विरासतहरूलाई सम्हाल्दै आस्थाले २०४६ को प्रजातान्त्रिक आन्दोलनमा राजनीतिक परिवर्तनको बोध गराउने काम गऱ्यो । मानिसलाई प्रजातान्त्रिक आन्दोलनको आन्दोलनमा सरिक गरायो । यसलाई आस्थाको योगदानका रूपमा लिन सकिन्छ । गीतले कुनै युग, कुनै सत्ता, कुनै समय, कुनै आन्दोलन वा कुनै परिवर्तनको प्रतिनिधित्व गर्ने सामर्थ्य राख्दछ । आस्थाका गीत त्यसैका प्रभावशाली गुञ्जन थिए भन्न सकिन्छ ।

नेकपा (माले) ले २०३७ देखि लिँदै आएको वर्ग शत्रु खतम गर्ने वर्गसङ्घर्षको कार्यनीति परिवर्तन गऱ्यो । वर्गसङ्घर्षको कार्यनीतिलाई संयुक्त जनआन्दोलनको कार्यदिशामा रूपान्तरण गर्दै लग्यो । सशस्त्र सङ्घर्षको कार्य नीति (एक एरिया, एक युनिट, एक स्क्वाड र एक एक्सनमा आधारित वर्गशत्रु खतम लाइन) थियो, त्यसलाई हटायो । २०४६ भदौ ९-१४ मा सम्पन्न नेकपा (माले) को चौथो राष्ट्रिय महाधिवेशनबाट पार्टीको नेपाली क्रान्तिको कार्यक्रम 'नौलो जनवाद' को ठाउँमा 'बहुदलीयता' को अवधारणा ल्याइएको पाइन्छ । अन्ततः सोही नीतिको विकसित रूप 'जनताको बहुदलीय जनवाद' बन्न पुगेको पाइन्छ । नेकपा (माले) ले लिएको नयाँ कार्यनीति र नयाँ कार्यदिशासँगै प्रगतिशील गीतका विषयवस्तुमा पनि क्रमशः परिवर्तनहरू देखापर्न थाले । नेकपा (माले) मा आएका परिवर्तनहरूको प्रभाव त्यसबेलाका प्रगतिशील गीतहरूमा पर्न गयो । वर्गसङ्घर्षका ठाउँमा प्रजातन्त्र पुनर्स्थापनाका विषयहरू आउन थालेको पाइन्छ । 'प्रजातन्त्र ल्याउँछौँ' 'तानाशाही मुर्दावाद', 'पञ्चायतको के छ र भर', 'वी वान्ट डेमोक्रेसी', 'रक्तक्रान्तिको ज्वालामुखीमा', 'उठ दाजुभाई सङ्घर्ष गर्नलाई हक लिनलाई' आदि जस्ता गीतहरूले राजनीतिक परिवर्तनप्रति मानिसको चासो बढाएका थिए । आस्थाले त्यसरी सडकमा उत्रेर स्वयम् स्रष्टाहरूहरूले नै सत्ता माथि उठाएका गीति प्रश्न, सत्ता माथि गरिएका गीति खबरदारी, सत्ताको विरोध र ती गीतमा व्यक्त प्रजातन्त्र पुनर्स्थापनाको आह्वानको बेग्लै महत्त्व र गहिरो जनविश्वास रहेको पाइन्छ । उल्लेखमा आएका गीतहरू, तिनका राजनीतिक परिवर्तनका सन्देश, जन-आन्दोलनमा ती गीत र स्रष्टाहरूले खेलेका भूमिका र त्यसको जनप्रभाव, गीतले बटुलेको जनमत, ती गीतप्रति जनताको साथ, समर्थन,

एक्यवद्धता, जागृत गरेको विश्वास, त्यसले उठाएको चेतना र जागरण र जनतालाई गोलबन्द गर्ने शक्ति आदिका आधारमा आस्थाका गीतले २०४६ को जनआन्दोलनमा र सारभूत रूपमा नेपालको राजनीतिक परिवर्तन २०४६ मा योगदान पुऱ्याएको थियो भन्ने आधार निर्माण हुन पुग्दछ ।

### ६.४.५ पुरातनको विरोध र परिवर्तनको आह्वान

पुरातन विचारले वैज्ञानिक विचार र भौतिक यथार्थलाई नअपनाई धर्मको आडमा रुढिवादी विचारलाई प्रोत्साहित गर्दछ । पञ्चायतकालीन समाजको संरचना सामन्तवादमा आधारित थियो । अन्धविश्वास रुढिवाद, जातीय छुवाछुत र विभेदहरूले समाजलाई नराम्ररी गाँजेको थियो । नेपालीहरूको जीवन जडता, धार्मिक सङ्कीर्णता, जातीय श्रेष्ठतामा आधारित रुग्ण चिन्तन, सामन्ती सोच, संस्कार, र संस्कारहरूले घेरिएको थियो । यथास्थितिवादीहरू त्यसैलाई यथास्थितिमै राखिरहन चाहन्थे । आस्थाका गीतहरूले पुरातनका नाममा रहेका कुसंस्कार, कुसंस्कृति, अन्धविश्वास, रूढीवादलगायत जातीय, वर्गीय र लैङ् गिक शोषण र भेदभावहरूका विरुद्ध जनमत सिर्जना गर्दै नवयुगिन चेतनाको सशक्त पैरवी गरेका थिए । आस्थाकाले आफ्ना सिर्जनामार्फत त्यस्ता पुरातन चिन्तन र मान्यताहरू उपर निरन्तर प्रहार गर्दै वैज्ञानिक समाज व्यवस्थाको स्थापनामा जोड दिएका थिए । आस्थाको एउटा गीतलाई दृष्टान्तका रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ-

छोडिदेउ धर्म कर्म शोषणको जालो,<br>
तोडिदेऊ दुवै हातले समाजको कालो, (छिरिङ, २०४७, भाग १: ६२) ।

उक्त गीतले धर्मको आडमा हुने शोषण, उत्पीडन र धार्मिक सङ्कीर्णताप्रति तीव्र प्रहार गरी अन्धविश्वास, रूढिवाद विरुद्ध वैज्ञानिक समाजव्यवस्थाको निर्माणमा लाग्न जनतालाई प्रेरित गरेको छ । मार्क्सले सन् १८४४ मा लेखेको- "हेगेलको न्यायिक दर्शनको आलोचनामाथि टिप्पणी' नामक पुस्तकमा धर्म हृदयविहीनको हृदय, आत्माविहीन दुनियाँको आत्मा, पीडितहरूको राहत, धर्म मानिसहरूको अफिम हो भनेका थिए । मार्क्सको विचारमा धर्म विज्ञान र प्रगति विरोधी छ । अनुपयोगी र अनर्थकारी छ," (उपाध्याय, २०७९) । उक्त गीतमा मार्क्सको उक्त विचारको प्रतिविम्बन देखापर्दछ । अर्को एक गीतलाई उदाहरणका रूपमा लिन सकिन्छ-

धर्मको साङ्लाले शोषण सिकाउँछ<br>
नारी भन्दा पुरूषलाई ठुलो भन्ने ठान्छ (मञ्जुल, २०४७)<br>
छूतअछूत, वर्गविहीन शोषणमुक्त समाज,<br>
त्यै हो हाम्रो पुग्नेठाउँ, त्यै हो हाम्रो धाम, (श्रेष्ठ, २०४७, भाग १: ९)

उक्त गीतले धर्मको आडमा हुने सामाजिक पुरातनको विरोध गर्दै समाजको आमूल परिवर्तनको आग्रह प्रस्तुत गरेको छ । सामाजिक-सांस्कृतिक उत्पीडनको चित्रण गर्दै त्यसबाट मुक्त

हुने बाटो देखाएको छ । नारीपुरूष बीचको असमानता र पितृसत्तात्मक चिन्तन र तत् अनुरूपको सामाजिक व्यवहारको विरोध गरेको छ । गीतले उत्पादनशीलतामा भन्दा भाग्यवादमा विश्वास राख्ने सामाजिक परिपाटीको विरोध गर्दै धार्मिक अन्धविश्वास, रूढिवाद र अन्धपरम्पराका विरूद्ध वैज्ञानिक एवं वस्तुवादी चेतनाको विकल्पलाई अघि सारेको छ । यस्ता कुरीति र विभेदपूर्ण पुरातन चिन्तनहरूले समाजको प्रगतिको बाटो अवरूद्ध गरेकोतर्फ समाजलाई खबरदारी गरेको छ । सारमा गीतले, शोषणमुक्त समाजको अपेक्षा राख्दै लैङ्गिक, जातीय र वर्गीय मुक्तिको परिकल्पना प्रस्तुत गरेको छ । त्यो भनेको सामाजिक परिवर्तनप्रतिको तीव्र आशा र व्यग्रताको मनस्थिति हो, राजनीतिक परिवर्तनप्रतिको उत्कट् आकाङ्क्षाको प्रकटीकरण समेत हो । किनकि राजनीतिक परिवर्तन बिना सामाजिक समस्याहरू हल हुँदैनन् । यस्ता गीतहरूले पुरातन सामन्ती समाज विरूद्ध जनतालाई उठाउने, जागृत गर्ने, सामाजिक राजनीतिक चेतना प्रवाह गर्ने, भाग्यवादबाट कर्मवादतर्फ डोहोऱ्याउने, परम्परागत मूल्य मान्यताबाट आधुनिकतातर्फ र अन्यायपूर्ण समाज व्यवस्थाबाट न्यायपूर्ण समाज व्यवस्थातर्फ डोहोऱ्याउने कार्य गरेको पाइन्छ । उल्लिखित आस्थाका गीति सिर्जनाका अन्तर्वस्तुहरू केलाउँदा, गीतले सामन्ती पुरातनको अन्त्यगरी राजनीतिक परिवर्तनको आधार निर्माण गर्ने कार्यलाई प्रधानता दिएको देखापर्दछ । त्यो भनेको सामाजिक परिवर्तनको मुख्य आधार उत्पादनका पुरातन साधनमा हुने परिवर्तनमा सहयोग गर्नु नै हो, जसले सामन्ती संरचनालाई कमजोर तुल्याई राजनीतिक परिवर्तनको आधारलाई बलियो बनाउँदछ । जबसम्म उत्पादनको पद्धतिमा उत्पादन सम्बन्धमा परिवर्तन आउँदैन, तबसम्म राजनीतिक परिवर्तन पनि सम्भव हुँदैन भन्ने तर्क उनीहरूका गीतमा व्यक्त भएको देखिन्छ । अधिकांश गीतमा पुँजीवादी शोषणद्वारा पुँजीको सञ्चय र पुरातन समाजका विद्यमान श्रम शोषणका प्रवृत्ति माथि ती गीतले निरन्तर प्रहार गर्नुले उक्त कुरालाई सम्पुष्ट गर्दछ । सामन्ती पुरातनको आडमा शक्तिशाली वर्गले कमजोर वर्गका स्रोतसाधन हडप्ने, थिचोमिचो गर्ने प्रवृत्ति माथि गीतका विषयवस्तु केन्द्रित रहनु सोही चेतनाको ध्योतन हो भन्न सकिन्छ । जसरी मार्क्सले पूँजीवादी समाजमा श्रमिकहरूलाई क्रान्तिको सबैभन्दा शक्तिशाली वर्गको रूपमा स्थापित गरेका थिए, त्यसैगरी प्रगतिशील गीतले पनि सर्वहारा वर्गलाई आफ्ना सिर्जनाको केन्द्रमा राखी आर्थिक प्रणालीको विभेदीकरण, असमानतायुक्त र शोषणमुखी अवयवहरू माथि प्रहार गर्दै राजनीतिक परिवर्तनका आधारहरू निर्माण गर्नमा भूमिका खेलेको देखिन्छ । गीतका रूप पक्षमा अन्धविश्वास, रूढिवाद र पुरातनका मुद्दाहरू देखापरेता पनि त्यसको सार पक्षमा भने राजनीतिक परिवर्तनको मूल अवरोधका रूपमा आर्थिक शोषण र असमानता नै प्रमुख रूपमा देखापर्दछ । सारमा भन्नु पर्दा, गीतका सामन्ती पुरातनको विरोध र परिवर्तनको आग्रह प्रस्तुत गरिएका गीतहरूको अन्तर्यमा सामन्तवादको विरोध र त्यसको अन्त्य गर्ने प्रतिबद्धता मूलरूपमा देखापर्दछ । गीतका अन्तर्वस्तुहरू समेत राजनीतिक परिवर्तनको चेतना र चाहनासँग जोडिएका छन् । सामन्तवादको संरक्षक पञ्चायती व्यवस्था र राजतन्त्र भएकोले परोक्षरूपमा गीतका

प्रहारहरू पञ्चायत केन्द्रित देखिन्छन् । उल्लिखित विश्लेषणका आधारमा, पुरातनको विरोध र परिवर्तनको आग्रह पेश भएका आस्थाका प्रगतिशील गीतहरूले राजनीतिक परिवर्तन (२०४६) को जन-आन्दोलनको भावभूमि निर्माण गर्नमा योगदान पुऱ्याएका थिए भन्ने आधार सिर्जना हुन जान्छ ।

### ६.४.६ सङ्घर्ष र गतिशीलताको पैरवी

मार्क्सवादीहरू स्वभावैले पुरानो मान्यताका विरोधी हुन् । उनीहरू पुरानो व्यवस्था फालेर नयाँ व्यवस्था चाहन्छन् । त्यसका निम्ति सङ्घर्षका विभिन रूपहरूको प्रयोग गर्दछन् । क्रान्तिको माध्यमबाट मात्र आमुल परिवर्तन सम्भव छ भन्ने कुरामा उनीहरूको विश्वास अडिएको हुन्छ । त्यसका निम्ति गतिशील जीवनको पैरवी उनीहरूको विशेषता हो । राजनीतिक परिवर्तन २०४६, २०६२-६३ का जनआन्दोलन त्यसका दृष्टान्त हुन् । पञ्चायतमा सामन्त र श्रमजीवी दुई विपरीत वर्गको बीचमा सङ्घर्ष थियो । राजनीतिक दलको सफलता तिनले गर्ने सङ्घर्षमा निर्भर रहन्छ । "दुई वा दुई भन्दा बढी व्यक्ति, दल वा शक्ति बीच हुने स्पर्धा, टक्कर, मौलिक हकका निम्ति गरिने विद्रोह प्रयास," (पराजुली, २०७५, पृ. १२२८) सङ्घर्ष हो । मार्क्सवाद प्रेरित आस्थाका गीतले जनताको अधिकारका निम्ति सङ्घर्ष र गतिशीलताको पैरवी गरेका थिए । जनतामा आत्मसम्मान जगाउने लोकतान्त्रिक शासन पद्धतिको स्थापनामा जोड दिएका थिए । यसले राजनीतिक परिवर्तनप्रति जनतालाई आशावान तुल्याउने, आन्दोलनमा लोकतान्त्रिक स्रष्टाहरूका सहकार्य गरी जनतालाई भावनात्मक रूपमा जोड्ने र निरङ्कुशताका विरोधमा जनमत सिर्जना गर्ने कार्यमा योगदान दिएको पाइन्छ । प्रस्तुत सन्दर्भमा, आस्थाको एउटा गीतलाई उदाहरणका रूपमा पेश गर्न सकिन्छ -

> सङ्घर्ष हो जीवन, जीवन सङ्घर्ष हो
> जीवनदेखि थाकेर बस्छु नभन
> जीवनदेखि हारेर मर्छु नभन ।
> चेतनाको प्रवाहलाई रोक्न सकिन्न
> जति छोप्न खोजे पनि सत्य छोपिन्न, (तमोट, २०४७, भाग १: १६) ।

उक्त गीतले मानव जीवनको सम्पूर्ण प्रगति र समृद्धिको कारण र परिणाम सङ्घर्षलाई मानेको छ । सङ्घर्षशील र गतिशील जीवनले मात्र जीवनलाई सफलताको टुङ्गोमा पुऱ्याउँछ भन्ने आशय बोकेको छ । गीतले मानिसको सम्पूर्ण सफलताको कारण सङ्घर्षलाई मानेको छ । गीतले मागेर होइन लडेर, सङ्घर्ष गरेर प्राप्त गरेको सफलताले मात्र जीवनलाई सार्थक तुल्याउँछ र त्यस्तो जीवन मात्रै सार्थक जीवन हो भन्ने भाव प्रस्तुत गरेको छ । उक्त गीतले सङ्कल्पकालीन अवस्था देखि जनआन्दोलनसम्म सङ्घर्षशील, जुझारु एवम् गतिशील जीवनको पक्षमा वकालत गरिरहेको देखिन्छ । आस्थाका यस्ता गीतहरूले जनआन्दोलनमा शासकहरूको पराजय र जनताको विजय सुनिश्चितताको भाव प्रकट गर्दथे । राजनीतिक चेतना उमार्ने, शासकहरूलाई खबरदारी गर्ने, आन्दोलनकारीलाई प्रेरित

गर्ने काम गर्दथे । सोही कारण आस्थाका कलाकार जनआन्दोलनमा दमनमा परेका थिए । निभाका अनुसार- "बग्गीखानामा लेखक र कलाकारलाई थुन्ने क्रममा आस्थाका कलाकार रामेश, शार्दूललाई आतङ्ककारी, अराष्ट्रिय तत्त्व भनियो, त्यसका स्रष्टाहरूलाई सबैलाई छोडी सकेपछि अन्त्यमा मात्र छोडिएको थियो," (२०७६, चैत्र ३) । २०४६ को आन्दोलनले सफलता पाउनुमा कलाकारहरूको साथ र सहयोग रहेको देखापर्दछ । प्रस्तुत सन्दर्भका विविध घटना र त्यसउपरको प्रभावलाई अध्ययन गर्दा आस्थाका गीतले जनतालाई राजनीतिक परिवर्तनको बाटो देखाएको, त्यसप्रति हुट्हुटी जागृत गरेको, त्यसका निम्ति जनतालाई जागरूक र गोलबन्द गर्न सघाएको अवस्था देखा पर्दछ । त्यसले विभेद, भोक, गरिबी, अभाव, सामाजिक अपमान विरुद्ध जनतालाई विद्रोह गर्न उत्प्रेरित गरेको महसुस हुन्छ । जातिपाती, छुवाछूत, धार्मिक अन्धविश्वास, रूढिवाद जस्ता सामाजिक कुरीति, कुसंस्कार विरूद्ध जनचेतना जागृत गरेको देखिन्छ । जनआन्दोलनका कार्यक्रममा उनीहरू माथि प्रहरी दमन हुनु र गिरफ्तारीमा समेत पर्नु र उनीहरू माथि कडा निगरानी राखिनुले आस्थाका गीतको प्रभाव तात्कालीन शासन व्यवस्थामा समेत परेको मूल्याङ्कन गर्न सकिन्छ ।

२०४६ को जनआन्दोलनमा व्यवस्थाका विरूद्ध सक्रिय हुनु राजनीतिक परिवर्तनको आन्दोलनमा उनीहरूका गीतहरू आन्दोलनको नाराका रूपमा प्रयोग हुनु, आन्दोलनका क्रममा ती गीत सडकमा आन्दोलनकारीहरूले समेत गुञ्जाउनु, जनतालाई अभिप्रेरित गर्नु राजनीतिक नेताहरूलाई झैँ उनीहरू माथि प्रशासनिक दमन र जेलनेल समेत हुनुले जनआन्दोलनमा आस्थाका गीत र तिनका स्रष्टाको प्रत्यक्ष संलग्नता, सक्रिय भूमिका र क्रियाशीलता रहेको स्पष्ट हुन्छ । आस्थाले राल्फा र सङ्कल्पकालीन गीतहरूको समेत स्वामित्व लिएको थियो । आफूलाई सङ्घर्षमा गाँस्न चाहान्छौँ, (सुब्बा, २०४७, भाग २ : ७), बाँच्दा हामी सङ्घर्षको ज्वाला चर्काउँछौँ, (मञ्जुल, २०४७, भाग १, : ११), बल्ल बुझेँ सङ्घर्ष नगरी नहुने, (प्रश्रित, २०४७, भाग २ : ३६), सङ्घर्ष गर्दै अघि बढ्ने बाटो हाम्रो एउटै हो, (श्रेष्ठ, २०४७, भाग २ : ६) आदि गीत र गीति पङ्तिहरूमा जनतालाई तात्कालीन सामाजिक राजनीतिक व्यवस्था र अवस्थाका विरूद्ध सङ्घर्ष गर्न आह्वान गरिएको छ । जनआन्दोलनमा आस्थाका गीतले उठाएका विचारप्रति जनताको साथ, समर्थन, एक्यबद्धता, जनसहभागिता, सक्रियता, भावनात्मक एकताको अवस्था, उनीहरूले त्यसक्रममा पाएका शारीरिक मानसिक कष्ट, विगतमा पाएका अनेकन जेलनेल र यातनाहरू, मुलुकको राजनीतिक परिवर्तनका निम्ति खर्चिएको समग्र जीवन र त्यस अनुरूपका सङ्घर्षहरू, सामाजिक-राजनीतिक चेतना उमार्न खेलेका भूमिकाहरू मात्रात्मक अवस्थाबाट गुणात्मक रूपमा जनआन्दोलनको सफलता जोडिन पुग्दछन् । ती सबै राल्फा, सङ्कल्प हुँदै आस्थामा जोडिएका राजनीतिक योगदानका आधारहरू हुन् ।

आस्था परिवारका कलाकार वैचारिक थिए । आस्थाको उद्देश्य पञ्चायती शासन व्यवस्थाको अन्त्य र समुन्नत लोकतान्त्रिक राज्यव्यवस्था निर्माणका लागि जनपक्षीय गीत सङ्गीतमार्फत

जनताको सेवा गर्नु रहेको थियो । आस्थाले आफ्नो घोषणामा- "सामाजिक विसङ्गति र विषमताको विरोध, स्वस्थ र न्यायिक समाज निर्माण, शान्ति, निःशस्त्रीकरण, मानव अधिकार, नारी जागरण, बाल अधिकार आदि विषयमा आफ्नो प्रतिबद्धता रहेको जनाएको देखिन्छ," (२०४९ : परिचय खण्ड) । जनआन्दोलनका समयमा उनीहरू तिनै दृष्टिकोण सहित खुलेर सडकमा आएका थिए । जनआन्दोलनको मनस्थिति, परिस्थिति र पृष्ठभूमि तयार पार्न, क्रान्ति उर्जा र चेतना भर्नमा उनीहरूका गीतले भूमिका खेलेका थिए । गीत सङ्घर्ष र आन्दोलनका पर्याय थिए भन्ने कुरा केही अन्य गीति दृष्टान्तहरूलाई हेर्न सकिन्छ । जस्तैः गीतकार शिखा (२०४७, भाग ५: ५) को गीत- "जब उठे वीरहरू शिरमाथि कात्रो बाँधेर, जब जुटे हातहरू आजादीको झण्डा बोकेर, हुरी चल्यो आन्दोलनको तानाशाही किल्ला तोडेर" गीतले पञ्चायती शासकहरूलाई तानाशाहको संज्ञा दिँदै आन्दोलनको हुरीले तिनलाई उडाउने चेतावनी दिएको पाइन्छ । "सुनको दिन एक उदाउँछ रे, यस देश खुलिकन आउँछ रे," देवकोटा (२०४९, पृ. ३९) को गीतले प्रजातन्त्र अवश्यम्भावी रहेको उद्घोष गरेको छ । "घण्टीको भरमा जीवन बित्यो अर्काको शासन, ल्याउनु पर्छ सुदिन तिम्रो घरको दलानमा," भण्डारी (२०४९ : १०१) को गीतले जनताको शासन व्यवस्था ल्याएर छोड्ने प्रतिज्ञा गरेको थियो । यसैगरी गतिशील जीवनको पैरवी गरिएको गीत, "बगरभरि काँस फूल्छन् साउन बिर्सिएर, जीवन गतिशील बन्छ मृत्यु बिर्सिएर," घिमिरे, (२०४९ : १३०) को गीतले राष्ट्रिय स्वाभिमानका लागि परिआउँदा मृत्यु बिर्सन समेत आह्वान गरेको छ ।

सङ्घर्षलाई स्वस्थ समाजको सकारात्मक उर्जाका रूपमा लिइन्छ । सफलता सार्थक सङ्घर्षमा आधारित हुने गर्दछ । २०४६ को जन-आन्दोलन अनेकन सङ्घर्षहरूको परिणाम थियो । सङ्घर्ष र आन्दोलनलाई एक अर्काका पर्याय मानिन्छ । मार्क्सवादी दृष्टिकोणमा कुनै पनि समाज व्यवस्थाको आर्थिक आधार र त्यसको उपल्लो ढाँचामा हुने समग्र परिवर्तन नै वास्तविक सङ्घर्ष हो, त्यो एउटा क्रान्तिकै रूप हो । प्रगतिशील गीतले त्यसैलाई आमूल परिवर्तन मानेको पाइन्छ । जबसम्म समाजमा वर्गीय समानता हुँदैन तबसम्म सङ्घर्ष भइरहन्छ भन्ने दृष्टिविन्दुबाट आस्थाले गीति सिर्जना गरेको पाइन्छ । पञ्चायतकालीन समयमा भएका विभिन्न सङ्घर्षहरू र त्यसकै भावभूमिमा २०४६ को जन-आन्दोलनको पृष्ठभूमि तयार पार्ने काममा ती गीतहरूले जनतालाई जगाउने काम गरेका थिए । केही गीतहरूको दृष्टान्तबाट उक्त कुरा थाहा पाउन सकिन्छ । जस्तैः "सबै मिलि सङ्घर्षमा अघि बढ्दै गए" (सुब्बा, २०४७, भाग २: १९) बोलको गीतमा स्वतन्त्र र न्यायपूर्ण समाज प्राप्तिको सङ्घर्ष कठिन हुन्छ, यसर्थ, शोषित पीडित जनता एकजुट भएर अघि बढ्नु पर्छ भन्ने भावना व्यक्त भएको छ । "बल्ल बुझेँ सङ्घर्ष नगरी नहुने" (प्रश्रित, २०४७, भाग २: ३६) बोलको गीतमा महिलाहरू माथिको सामन्तवादी दासत्वपूर्ण शोषण र उत्पीडन विरुद्ध महिलाहरू सङ्गठित आन्दोलनमा लाग्न सके महिलामुक्ति सम्भव हुन्छ भन्ने कुरा प्रकट गरिएको छ । "चुलोमा आगो सल्काउने हामी, सङ्घर्षको ज्वाला चर्काउँछौँ," (सुब्बा, २०४७, भाग २: ४५) बोलको गीतमा

महिलावर्गको शक्ति परीक्षण गर्ने कोशिस गरिएको छ । गीति अन्तर्वस्तुमा मानव जीवन रथका दुई पाङ्ग्रामध्ये एक महिलाहरू नै हुन्, महिलाको अभावमा सृष्टिको नियम चल्न सक्दैन र समाजमा पुरुषको जत्तिकै भूमिका महिलाहरूले पनि पूरा गर्न सक्छन् भन्ने विश्वास व्यक्त गरिएको छ । "सङ्घर्ष निरन्तर उठ्दो छ" (राई, २०४७, भाग २, पृ. ५७) बोलको गीतमा समाजको वर्चस्वशाली शोषकीय सामन्ती वर्गलाई विस्थापित गर्न सङ्घर्ष उठिरहेको तर्फ जनतालाई सचेत र सूचित गराइएको छ । "सङ्घर्षमा वीरहरूको हात माथि हुन्छ" (मञ्जुल, २०४७, भाग २ : ६४), बोलको गीतमा सत्य र र असत्यबीचको सङ्घर्षमा सत्यको तात्कालिक रूपमा हार भइहाले पनि अन्ततः सत्यको नै जीत भएरै छोड्छ भन्ने सङ्घर्षप्रतिको दृढविश्वास प्रकट गरी समाज परिवर्तनका निम्ति सङ्घर्ष गर्न अभिप्रेरित गरिएको छ । "ह्यामर उठाउँदै, मुक्तिको सङ्घर्ष अघि बढाउँदै" (शर्मा, २०४७, भाग २ : ७४), बोलको गीतमा कल-कारखानामा औजार चलाउने मजदुरहरूले पनि शासन सत्ता चलाउन पनि सक्छन् भन्ने ध्येयबाट शोषित, पीडित मजदुर वर्गलाई त्यो दिन ल्याउनका निम्ति आफ्ना औजारसहित सङ्घर्षमा उत्रन आह्वान गरिएको छ । "शोषणको पहाड फोर्छौं, सङ्घर्षमा आफूलाई जोड्छौं," (सुब्बा, २०४७, भाग ३ : १९) बोलको गीतमा मजदुर वर्गलाई पशुतुल्य जीवन जिउन बाध्य पार्ने सामन्ती व्यवस्थाका विरूद्ध सङ्घर्षमा होमिन मजदुरवर्गलाई आग्रह गरिएको छ । यस्ता अनेकन प्रगतिशील गीतमा सङ्घर्षलाई प्रधानता दिइएको छ । उल्लिखित गीतहरूले समग्रतामा सार्थक र उद्देश्यपूर्ण सङ्घर्षले नै सामाजिक क्रान्तिलाई लक्ष्यमा पुर्‍याउँछ, सङ्घर्षले नै राजनीतिक परिवर्तन र मुक्तिको गन्तव्यमा पुर्‍याउन सक्छ भन्ने मार्क्सवादी विचार र तत् अनुरूपको सन्देश प्रवाह गरेको पाइन्छ । गीतको रूपात्मक पक्षमा सीमान्तकृत, बहिष्कृत, उत्पीडित, वर्गमाथिका शोषण, अन्याय र विभेदको चित्रण गरिएको छ भने गीतको अन्तर्वस्तुमा गीति सन्देशका रूपमा सङ्घर्षको अपरिहार्यता प्रष्ट्याइएको छ । विपरीत तत्त्वहरूको बीचमा हुने एकता र द्वन्द्वले सामाजिक नियमितता र गतिशिलता थप्छ र त्यो शक्तिको रूपमा रूपान्तरित हुन पुग्छ भन्ने मार्क्सवाद नियमलाई आत्मसात् गर्दै राजनीतिक परिवर्तन (२०४६) का निम्ति गीतहरूको माध्यमबाट योगदान दिएको उल्लिखित दृष्टान्तले बताउँदछ ।

समग्रतामा आस्थाले स्वस्थ, सार्थक र सिर्जनशील प्रगतिशील गीतहरूको माध्यमबाट जनताको एकतामा जोड दिँदै व्यवस्था विरोधी आन्दोलनलाई सघाएको देखिन्छ । जीवनमुखी विचारहरूसहितका गीतले आफूलाई बदल्ने र समाजलाई बदल्ने दिशामा भूमिका खेलेको देखा पर्दछ । यथास्थितिलाई चुनौती दिँदै अग्रगमन र राजनीतिक परिवर्तनका पक्षमा जनमत निर्माण गर्नमा योगदान पुर्‍याएको देखिन्छ । जनआन्दोलनमा प्रत्यक्षरूपमा सहभागी भएर पञ्चायत विरूद्ध खेलेका भूमिकाहरूले आस्था राजनीतिक परिवर्तनको एक सशक्त सांस्कृतिक हिस्सा रहेको थियो भन्ने आधार मिल्छ । उनीहरूले जनआन्दोलनमा साम्यवादी विचारहरूलाई मात्र आधार नबनाई लोकतान्त्रिक मूल्य मान्यता अनुरूप दलका साझा एजेण्डाहरूलाई नै आत्मसात् गरेका कारण नै उनीहरूका गीतहरू

पनि जनआन्दोलनका साझा नाराका रूपमा प्रयोग हुन गएको देखा पर्दछ । यसलाई राजनीतिक दृष्टिकोणबाट हेर्दा आस्था राजनीतिक परिवर्तनको निम्ति थियो भन्ने प्रष्ट हुन्छ, जुन कुरा आस्थाको घोषणा (२०४४) मा स्पष्ट रूपमै उल्लेख छ । आस्थाका गीतले राजनीतिक परिवर्तनलाई सघाउने, त्यसतर्फ आम जनताको ध्यान आकर्षित गर्ने, जनतालाई त्यसतर्फ सचेत र सूचित गर्ने र जनतालाई आन्दोलित तुल्याउने, जनआन्दोलनकै विषय र मुद्दाहरूको उठान मार्फत राजनीतिक उद्देश्य प्राप्त गर्ने दिशामा महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । उल्लिखित विषयवस्तु, गीतमा प्रयुक्त तथ्यगत आधारमा आस्था परिवारले सङ्घर्ष र गतिशीलताको पैरवीमार्फत नेपालको राजनीतिक परिवर्तन (२०४६) मा योगदान पुऱ्याएको थियो भन्ने तथ्यमा पुग्न सकिन्छ ।

## ६.५ सामाजिक परिवर्तनमा प्रगतिशील गीत

प्रगतिशील गीतहरू समाज, जीवनको गति, चेतना र चाहनामा आधारित छन् । ती गीतहरूले सामाजिक यथार्थलाई आत्मसात् गरी यथास्वरुपमा प्रस्तुत गरेका छन् । उद्देश्य र विचारसहित सामाजिक यथार्थलाई प्रतिविम्बन गर्नु मार्क्सवादीधाराका प्रगतिशील गीतहरूको विशेषता पनि हो । प्रगतिशीलहरूले मानिसको सोचाई, चिन्तन, चेतना, व्यवहार र सामाजिक संरचनामा आउने आमूल परिवर्तनलाई समाज परिवर्तन भनी बुझ्ने गरेको पाइन्छ । मूलतः यसको स्वरूप राजनीतिक, सामाजिक र सांस्कृतिक रूपको हुने गरेको देखिन्छ । परिवर्तन र विकास प्राकृतिक एवं निरन्तर चलिरहने बहुआयामिक प्रक्रिया भएकोले उक्त प्रक्रिया गीतहरूले खासगरी जातीय, वर्गीय र लैङ्गिक तीन किसिमका मुद्धाहरू उठाएको पाइन्छ । ती गीती मुद्धाहरूले समाजको भित्रि तहमा चेतनाको बिज उमार्ने काम गरिरहेका थिए । शोषण, अन्यायका विरुद्ध समाजको भित्रि तहमा गुम्सिएको असन्तुष्टिलाई मलजल गरिरहेका थिए । राजनीतिक परिवर्तनको परिणाम तत्काल देखिने कुरा हो तर यस किसिमका मुद्धाहरूले समाजमा पारेको प्रभाव परिमाणात्मक रूपमा मात्र देखा पर्दछ। त्यसमा गीतले राजनीतिक परिवर्तनको उत्प्रेरकको शक्तिका रूपमा योगदान दिने क्षमता राख्दछ ।

प्रगतिशीलहरूले श्रमजीवी वर्गको वर्गीय अधिकारका गीतहरू गाए । समाजका सामन्त, जमिन्दार र पुँजीपतिहरूले श्रमिक वर्गको अतिरिक्त मूल्यको शोषण गरेका छन् भन्ने उनीहरूको बुझाई थियो । यस सन्दर्भमा, उनीहरूका गीतहरूमा श्रमशोषण र अतिरिक्त मूल्यका सन्दर्भहरू जोडिएर आएका छन् । मजदुरले आफ्नो श्रमबाट वस्तु उत्पादन गर्दछ । पुँजीपतिले ती वस्तु महँगो दाममा बिक्री गरेर त्यसबाट पूरै नाफा आर्जन गर्छ । त्यसबाट बढी फाइदा पुँजीपतिले लिई कम पारिश्रमिक मजदुरलाई दिन्छ । पुँजीपतिले वस्तु उत्पादन गर्दा र बिक्री गर्दा जुन नाफा हुन्छ, त्यो नै मार्क्सका अनुसार अतिरिक्त मूल्य हो । पुँजीपतिहरूले मजदुरहरूको श्रमबाट नाफा आर्जन एक तरिका हो । मार्क्स, एङ्गेल्सका अनुसार- "अतिरिक्त मूल्य शोषणको पूँजीवादी रूपको एक विशिष्ट अभिव्यक्ति हो, जसमा अतिरिक्त उत्पादनले अतिरिक्त मूल्यको रूप लिन्छ । अतिरिक्त मूल्यको उत्पादन र विनियोजन

पुँजीवादको मौलिक आर्थिक नियमको सार हो," (सन् १८७१)। मार्क्सले जस्तै प्रगतिशील गीतहरूले वस्तु उत्पादनमा मजदुरको प्रमुख भूमिका हुने हुँदा अतिरिक्त मूल्यको हकदार पुँजीपति होइन, मजदुर हुनुपर्छ भन्नेमा जोड दिएको देखा पर्दछ। कुनै वस्तुको मूल्यमा श्रमको भूमिका भएको हुनाले त्यो वस्तु उत्पादनमा लाग्ने व्यक्तिले श्रम अनुसारको पारिश्रमिक पाउनु पर्छ। तर त्यो काम गर्ने कृषक मजदुर आदिले पाउँदैनन्। त्यसमा श्रमको शोषण भएको हुन्छ। यसै विचार दृष्टिकोणअनुसार प्रगतिशील गीतले- "खै भन मजदुर कहाँ छन् तिम्रा रगत पसिना जीवनहरू," (भण्डारी, २०७६) भन्दै श्रम मूल्यसम्बन्धी अनेकन प्रश्नहरू उठाएर मजदुरहरूलाई जागृत र सचेत तुल्याएका थिए। श्रमिकहरू माथिका शोषण बारे जनतालाई बुझाउँदै श्रमिकहरूलाई आफ्नो हक अधिकारका लागि एकजुट हुन आह्वान गरेका थिए। उदाहरणका रूपमा - "दुनियाँका श्रमिकहरू एकजुट भए सबै मिली सङ्घर्षमा अघि बढ्दै गए," सुब्बा, (२०४७, भाग २: १९) को गीतले संसारभरका श्रमिकहरूलाई सङ्गठित हुन प्रेरित गरेका छन्। खेत हिँड्यो किसान हलो बोकी काँधमा गोरू खेद्दै अगाडि खेत हिँड्यो किसान, प्रभात, (२०४७, भाग २: ६८), को गीतले किसानहरूलाई अधिकारका निम्ति उकास्ने काम गरेको छ। "डुल्दै आयो गाइने दाइ हाम्रो आँगनीमा," मञ्जुल, (२०४७, भाग १: १७), को गीतले गन्धर्वहरूप्रति सहानुभूति प्रकट गरेको छ। यस्ता गीतहरूले साहित्यिक विम्ब र प्रतीकको सहारा लिँदै श्रमिक वर्गलाई समाज निर्माणको मूल उत्पादन शक्तिका रूपमा पेश गरेको पाइन्छ र श्रमिकवर्गले श्रमको उचित मूल्य पाउनुपर्छ भन्ने जिकिर गरेको पाइन्छ। यस्ता गीतहरू सुनेर मानिसले धनी वर्गले गरिब वर्ग माथि गरेको शोषणको वास्तविकता बुझ्दै गए। पुँजीपतिहरूको श्रमिक वर्ग माथिको अतिरिक्त मूल्यको दोहन र शोषकीय प्रवृत्ति विरोधी भावहरू समाजमा पलाउँदै गयो।श्रमिकहरू त्यस्तो कार्यलाई संरक्षण दिने व्यवस्था विरोधी बन्दै गए। वर्गीय आधारमा हुने शोषणको विरोध गर्न थाले। सामन्तहरूले गर्ने थिचोमिचो माथि प्रश्न गर्न र अधिकारका बारे बोल्न थाले। यसलाई प्रगतिशील गीतले ल्याएको चेतनाका रूपमा बुझ्न सकिन्छ।

प्रगतिशील गीतले सामाजिक उत्पीडनहरूको उत्खनन् गरी सामन्ती व्यवस्था विरुद्ध समाजमा अग्रगामी चेतना र जागृतिको लहर सिर्जना गर्न भूमिका खेलेको पाइन्छ।त्यो बेला सामान्यतः जमीनदारलाई सामन्त भनिन्थ्यो। जमीन र उत्पादनका साधनमा एकाधिकार हुने व्यवस्थालाई सामन्तवाद भन्ने चलन थियो। सामन्ती व्यवस्था विरुद्ध गाइएका- "संसारका वीरकर्मी हो, उठ अब मिर्मिरे भो," (प्रभात, २०४७, भाग २: ६३), "उठ जाग मानव हो मुखको विष उकेल," (जोशी, २०४७, भाग ५: ३) गीतले सामन्ती सत्ताको विरोध गर्दै जनतालाई राजनीतिक परिवर्तन र क्रान्तिबोध गराइएको छ। गीतले जनविरोधी गतिविधि माथि आक्रोश पोख्ने, जनचेतना जागृत गराउने, क्रान्तिको अनिवार्यता प्रकट गर्ने र सामन्ती सत्ताका विरूद्ध विद्रोह ओकलेका छन्। यस्ता सामन्ती शोषणविरोधी गीतहरूका केही गीति पंक्तिहरू हेर्न सकिन्छ। जस्तै- "कोही त भने जहाजमा हरर, कोही त भने पसिना तरर  हाम्रो नेपालमा," रामेश र मञ्जुल, (२०४७, भाग १: ७५) गीतले आर्थिक असमानताको

चित्रण गरेको छ। "सामन्ती र शोषकले जनतालाई पाऱ्यो हैरान, न्याय निसाफ हरायो, लौन उत्र मैदानमा," श्रेष्ठ, (२०४७) को गीतले न्यायपूर्ण समाज निर्माणका निम्ति उठ्न, जुट्न र तिनका विरुद्ध सङ्घर्ष गर्न आह्वान गरेको छ। यस्ता गीतहरूमा द्वन्द्वात्मक भाव प्रकट हुनुले ती गीतका मूल अन्तर्वस्तु मार्क्सवादी वैचारिक चेतना र चिन्तन नै हुन् भन्न सकिन्छ। उल्लिखित विषय बाहेक प्रगतिशीलहरूले हली, खेताला, मजदुर, विद्यार्थी, बालबालिका, प्रवासी, शहीद, कवि, कलाकारका गीत, जीवन दर्शन, अनुशासनसम्बन्धी गीत, राजबन्दीका गीत र विभिन्न व्यक्तित्वहरू जस्तै, नेल्सन मन्डेला, लू सुन, माओत्सेतुङका गीत, क्रान्ति योद्धाका गीत, अन्तर्राष्ट्रिय गीत, विभिन्न वर्ग समुदायका गीत गाइएको पाइन्छ। ती गीतले समाजका वर्गीय मुद्धाहरूलाई उनीहरूले भोगिरहेको शोषणयुक्त जीवन र कर्मसँग जोड्दै त्यसकै भावभूमिमा चेतना, जागरण, सङ्घर्ष, वर्गसङ्घर्ष र जनआन्दोलनका भावनाहरू पैदा गर्ने काम गरेको पाइन्छ। गीतले मूलतः श्रमजीवीहरूको सामाजिक यथार्थलाई एकता र सङ्घर्षमा रूपान्तरण गर्नमा जोड दिएको पाइन्छ। मार्क्सवादी सिद्धान्तबाट प्रेरित भएर त्यसअनुरूप क्रान्ति र परिवर्तनमा लाग्न मानिसलाई यथेष्ट उर्जा दिने प्रयत्न गरिएबाट राजनीतिक परिवर्तन नै उनीहरूका सिर्जनाको मूल ध्येय रहेको स्पष्ट हुन्छ। यसबाट समाजको तल्लो वर्गलाई परिवर्तनको आन्दोलनमा सहभागी हुने वातावरण र भावभूमि तयार पार्नमा ती गीतले मद्दत गरे भन्न सकिन्छ। सामाजिक निराशा, कुण्ठा, शून्यतामाथि प्रहार गर्दै परिवर्तनप्रतिको आशा सञ्चार गर्ने कार्यले पुराना मूल्य मान्यता र संरचनाहरू खण्डित गर्न, सचेतना बढाउनमा ती गीतले भूमिका खेलेको देखिन्छ।

प्रगतिशीलहरूले जातीय रूपमा उठान गरेको दोस्रो गीति मुद्धा जातभात र छुवाछुत सम्बन्धि रहेको पाइन्छ। पञ्चायती संविधान २०१९ ले नागरिकलाई कानूनी दृष्टिमा समान अधिकार दिएको थियो तर व्यवहारमा जातीय विभेद र छुवाछूत थियो। ने.क.पा. (माले) र अन्य दलहरूले समेतले जातीय विभेद र छुवाछूतका मुद्दाहरू उठाएका थिए। "कम्युनिस्ट पार्टीहरूले मात्र होइन, नेपाली काँग्रेसलगायतका प्रजातान्त्रिक दलहरू समेत जातभात छुवाछूतको विरोधमा थिए। हामी कम्युनिस्ट पार्टीबाट प्रशिक्षित भयौं र हाम्रा गीतले जातीय छुवाछूत विरूद्धमा प्रशिक्षण दिने काम गऱ्यो," (शर्मा, व्यक्तिगत कुराकानी, २०७५, ०९/१८)। दलहरूले समेत उठाउँदै आएको छुवाछूत विरोधी विचार गीतमा समेत सम्मिश्रण हुँदा त्यसले राजनीतिक दलको उद्देश्यको पनि सेवा गऱ्यो। प्रजातन्त्र पछि वामपन्थी पार्टीहरूले ती कुरा नीतिगत रूपमा ल्याए, गीतले त्यस बारेमा जनतालाई सूचित गर्ने र विचारमा बदलाव ल्याउन प्रेरित गर्ने काम गरे। प्रश्रित (२०७६) का अनुसार- "समाजमा विद्यमान छुवाछूत र जातीय विभेद हटाउन मोदनाथ प्रश्रित लगायत प्रगतिशीलहरूले २०२३ मै अर्घाखाँचीका कामी, दमाई, सार्कीहरूलाई सहभागी गराई सामूहिक 'वनभोज' को कार्यक्रम सञ्चालन गरेका थिए। यसले छुवाछूतको पिडा भोगिरहेका दलितहरूलाई जातीय दलन विरुद्ध विद्रोह गर्न सिकायो,"। मानिसको मनोभाव परिवर्तन गर्ने कुरा परिवर्तनको सबैभन्दा जटिल प्रक्रिया हो। गीतले चेतना निर्माण गर्ने, त्यसका आधारमा विचार निर्माण हुँदै जाने र त्यो राजनीतिक परिवर्तनको प्रक्रियामै गएर मिस्सिने

हुँदा अन्ततः त्यसले राजनीतिक परिवर्तनको उद्देश्यलाई नै सहयोग पुऱ्यायो । ज्ञवाली भन्छन्- “पञ्चायती समाज व्यवस्था सामन्तवादमा आधारित थियो । सामाजिक विभेद, कुरीति र अन्धविश्वासहरूको जगमा अडेको थियो । जब गीतले ती कुराहरू उठाउन थाले, त्यसबारे मानिसहरूले बुझ्दै गए । परम्परागत रूपमा भोग्दै, पढ्दै, पढाउँदै, बुझ्दै, बुझाउँदै आएका कुराहरू गलत र विभेदपूर्ण रहेको कुराहरू दलितहरूले पनि थाहा पाए । त्यसको मानिसको व्यवहारमा परिवर्तन देखिन थाल्यो,” (व्यक्तिगत कुराकानी, २०७६, १०/२३) । उक्त कुराले गीतले सामाजिक रूपान्तरणमा परेको प्रभावको यथार्थीकरण र समाजमा दलितहरूको अवस्था उद्घाटित गर्दछ । “जो अलि हुनेखाने थिए, तिनीहरू ठुलो जातका भए, जो अलि दुःखी र दरिद्र थिए, उनीहरूलाई सानो जातको बनाइयो । उनीहरूलाई बढी काम गर्न लगाइयो, दास बनाइयो । तर मान्छे जन्मैले समान हुन् । त्यही कुराको सन्देश हामीले गीतमार्फत दियौं,” (राई, व्यक्तिगत कुराकानी, २०७५, ९/१४) । उक्त भनाइले जातीय खण्डिकरण र अवैज्ञानिक वर्णविभाजनको यथार्थ प्रकट गरेको छ । यसबाट प्रगतिशील गीतले जातीय छुवाछूत वा भेदभावलाई प्रोत्साहन गर्ने कार्यलाई अपराधजन्य मानेको देखा पर्दछ । “मानिस छूत अछूत म भन्दै भन्दिनँ, जाति र पाती छुट्याउने रित म मान्दै मान्दिनँ,” गीतले वर्णाश्रम प्रणालीमाथि प्रहार गरेको थियो । त्यस्ता गीतले युवाहरू र दलितवर्गलाई राजनीतिमा तान्न र राजनीतिक जागरण ल्याउनमा सहयोग गरेको थियो । नेपाल भन्छन्- “इलाममा एकदिन एक जना ठुलाठालुले अनेरास्ववियुका एक विद्यार्थी नेतालाई तँ कम्युनिस्ट हो भने गोरुको मासु खा भने । गीतको अर्थ नबुझेर त्यसरी आक्रोश व्यक्त गर्ने मानिसहरू नै गीतको आशय बुझ्दै जान थालेपछि हाम्रै अभियानमा सामेल भए । पछि त जातपात र छुवाछुतको विरोध गर्न थाले । यही नै प्रगतिशील गीतले ल्याएको परिवर्तन हो,” (व्यक्तिगत कुराकानी, २०७६, ०९/२२) । यसबाट तात्कालीन समाजमा छुवाछूत विरोधी गीत गाउन चुनौतीपूर्ण अवस्था विद्यमान अवस्था रहेको अवस्थामा प्रगतिशीलहरूले छुवाछूत विरुद्ध जनतालाई सचेत पार्न कठिन सङ्घर्ष गर्नु परेको अवस्थाको चित्रण हुन्छ । दुवाल भन्छन्- “नेवार समुदायमा जातभात छुवाछूत र अन्धविश्वासले निकै जरो गाडेको थियो । त्यसका विरुद्ध गीति अभियान नै सञ्चालन गऱ्यौं । जातपात माथिल्लो वर्गले तल्लो वर्गलाई कज्याएर राख्न, शोषण र विभेदमा पारी राख्न सिर्जना गरेको सामाजिक बन्धन हो भन्ने कुरा बुझायौं । ती विचारहरू गीतमार्फत आम जनतामा पुग्दै गएपछि विस्तारै कुरीति र कुपरम्पराहरूको जालो तोडिन थाल्यो,” (व्यक्तिगत कुराकानी, २०७६, १०/०३) । गीति चेतनाले छुवाछूत अन्त्यको वातावरण तयार गर्ने काम हुँदै गयो । सुरुवाती दिनमा ती कुराहरू केही अनौठो मानियो, तर कुरा बुझ्दै गएपछि ती गीतका विरोधीहरूले गीतका सन्देश मन पराउन थालेको पाइन्छ । नेवार समुदायमा त्यसको प्रत्यक्ष प्रभाव देखियो । सदियौंदेखि अछूत भनिएका जातिहरूको मुक्तिका लागि गाइएका गीतहरूले जातीय मुक्ति, समानता, स्वतन्त्रताको चेतना उमार्ने काम गऱ्यो भन्न यसले आधार दिन्छ । मानिसहरू गीति चेतनाबाट विचार पहिल्याउँदै वामपन्थी विचारतर्फ र वामपन्थी

विचारधारा मार्फत राजनीतिक परिवर्तनका आन्दोलनमा जोडिन पुगेबाट प्रगतिशील गीतहरू आन्दोलनका निम्ति जनशक्ति उत्पादन गर्ने माध्यम बनेका थिए भन्ने तर्कलाई पुष्टि गर्ने थप आधार दियो । सुब्बा भन्छन्- "धारो बनाउनेले धाराको पानी छुनु नहुने, मन्दिर बनाउनेले मन्दिर भित्र पस्नु नहुने, जस्ता प्रश्नहरूको उत्तर समाज सामु थिएन, त्यस सम्बन्धमा समाजलाई सोच्न बाध्य तुल्यायो," (व्यक्तिगत कुराकानी, २०७६, ११/२८) । सोचाइमा आउने रूपान्तरणले नै विचार परिवर्तन गर्दछ । सोच्न बाध्य तुल्याउनु भनेकै परिवर्तनका निम्ति वैचारिक आधार तयार पार्नु हो । यस अर्थमा "पञ्चायतले कम्युनिस्टहरूले जातभात मान्दैनन्, अछूतहरूलाई घरमा ल्याएर हुलिदिन्छन्" भनेर लगाउने गरेका नारालाई समेत प्रगतिशीलहरूले चिर्ने काम गरेको देखिन्छ । जातपात र छुवाछूत बारेमा जनतामा रहेको भ्रम, अन्धविश्वास र रुढिवादको जरा काट्ने काम गरेको देखिन्छ । तमोट (व्यक्तिगत कुराकानी, २०७६, १०/११) भन्छन्- "प्रगतिशील गीतहरूले आन्दोलनलाई उर्जा दिने, चेतना दिने, उत्साह र भरोसा दिने, जनलहर सिर्जना गर्ने कार्य गरेका थिए । सदियौँदेखि जकडिएर बसेको जातभात छुवाछूत अन्त्य गर्ने राजनीतिक दलहरूको एजेन्डा र लोकतान्त्रिक आन्दोलनको राजनीतिक परिवर्तनको एजेन्डालाई समेत त्यसले बलियो बनायो," । उक्त भनाइलाई आधार मान्दा पञ्चायतले संरक्षण गर्दै आएको सामन्ती चिन्तन र विचारलाई छुवाछूत विरोधी गीतहरूले चेतनाको नयाँ अवस्थामा पुऱ्याएको बुझ्न सकिन्छ । प्रगतिशील गीतहरूले उठाएका मुद्दाहरू तात्कालीन नेकपा (माले) र अन्य साम्यवादी दलहरूले पनि उठाएको देखिन्छ । जातीयता बारेमा, जातभात र छुवाछूतका विषयमा केन्द्रितभएर दलित मुक्ति आन्दोलन यसैको एउटा उदाहरण बन्न पुगेको थियो । दलितहरू माथिको विभेद, तिरस्कार, अपमान, घृणा र जातीय उत्पीडनबाट मुक्त गरी तिनलाई न्याय दिलाउन, दलित मुक्ति आन्दोलनका आवाजहरू ती गीतका आवाजहरूमा सम्मिश्रण भएर आएका थिए । तमोटले भने जस्तै राजनीतिक दलहरूको एजेन्डा र लोकतान्त्रिक आन्दोलनका एजेन्डासँगै ती गीतहरू आन्दोलनका कार्यक्रममा गुञ्जिन थाले ।यसबाट प्रगतिशील गीतले राजनीतिक परिवर्तनको आन्दोलनको सहयोगी बनेर आन्दोलनमा योगदान पुऱ्याएको देखिन्छ । पन्तका अनुसार- "प्रगतिशील संस्कृतिले जातपात विरूद्ध समाजलाई सङ्गठित गर्दै, सचेत गर्दै लग्यो । दलित वर्गको भूमिकालाई सशक्त बनाउँदै लग्यो । गीतले जातीय विभेद र असमानता उपर विद्रोह गर्दै राजनीतिक परिवर्तनका आन्दोलनलाई समेत निष्कर्षमा पुऱ्याउन समेत भूमिका खेल्यो," (व्यक्तिगत कुराकानी, २०७६, ०९/२६) । उक्त भनाइले जातीय उत्पीडनमा परेका मानिसहरूलाई गीति चेतनाले आन्दोलनका कार्यक्रममा सहभागी गराउन अभिप्रेरित गरेको थियो भन्न सकिन्छ । प्रगतिशील गीतहरूले तात्कालीन सामाजिक राजनीतिक परिस्थितिको बोध गराउँदै जनताको मनोभाव परिवर्तन गर्न सघाएको देखिन्छ । उल्लिखित भनाई र तिनको विश्लेषणबाट प्रगतिशील गीतले जातपात छुवाछूतका विरुद्धमा भूमिका खेल्दै नेपालको राजनीतिक परिवर्तन (२०४६) को जनआन्दोलनमा योगदान पुऱ्याएको थियो भन्ने बलियो आधार तयार हुन पुग्छ ।

प्रगतिशील गीतले सामाजिक चेतनामा पुऱ्याएको योगदानलाई द्वन्द्ववादको नियम- मात्रात्मकबाट गुणात्मक परिवर्तनको आधारमा हेर्नुपर्ने हुन्छ । परिवर्तन शुरूमा मात्रात्मक हुन्छ र त्यसपछि गुणात्मक हुन्छ । जब मात्रामा ठूलो भिन्नता हुन्छ, तब गुणमा पनि ठूलो भिन्नता हुन्छ । सामाजिक चेतनाको विकास पनि यही नियमअनुसार हुने गर्दछ । प्रगतिशील गीति चेतनाको जातभात र छुवाछूत विरोधी भावना निर्माण गर्ने प्रक्रिया परिष्कृत हुँदै जाँदा त्यसले समाजलाई परिमाणात्मकरूपमा प्रभाव पार्दै गयो । त्यसको प्रभाव जातीय हुँदै लैङ्गिक र वर्गीय मुद्दाहरूसँग पनि जोडिन पुगे, जसले समाजमा एकस्तरमा जागरण र चेतना ल्यायो । त्यसैको परिणामस्वरूप समाजमा जातीय समीकरण, समभाव र सद्भाव बढ्न गयो । दलित र गैर दलितबीच सामाजिक हेलमेलको अवस्था सिर्जना सिर्जना हुन गयो । दलितहरू ब्राह्मण क्षेत्रीका घरमा पस्न थाले, खाना खान थाले, ब्राह्मण क्षेत्रीहरू पनि दलितको भोजमा सरिक हुन थाले । यी परिवर्तनहरू परिमाणात्मक परिवर्तन थिए । २०४६ मा जन आन्दोलन निष्कर्षमा पुग्यो, त्यो शासकीय व्यवस्थामा आएको गुणात्मक परिवर्तन थियो । जब गीतले उठाएका यस सम्बन्धि केही मुद्धाहरू परिवर्तन पछि संविधानमा लिपिवद्ध भए, त्यो गुणात्मक परिवर्तन थियो । त्यसलाई स्पष्ट महसुस गर्न सकियो । यसलाई जातभात छुवाछुत जस्ता कुरीतिको अन्त्य गर्ने प्रयत्नमा प्रगतिशील गीतले पुऱ्याएको परिमाणात्मक परिवर्तनबाट गुणात्मक परिवर्तनमा योगदान हो भन्न सकिन्छ ।

प्रगतिशील गीतहरूले समाजमा अन्तर्जातीय विवाहलाई प्रोत्साहित गरेको थिए । अन्तर्जातीय विवाहका कारण समाजमा अपमान र परिवारबाट घृणा भोग्नु पर्‍यो । "हाम्रा कैयन साथीहरूले अन्तर्जातीय विवाह गर्दा त्यसले समाजमा सकारात्मक परिवर्तन ल्यायो । त्यसपछि नै अन्तर्जातीय विवाह समाजमा सहज बन्दै जान थालेको हो," (राई, २०७५) । प्रगतिशील चेतनाको कारण अन्तर्जातीय विवाहहरू भए । पञ्चायतकालमा अन्तर्जातीय विवाह गर्ने कुरा सामान्य थिएन । पारिवारिक तथा सामाजिक बहिष्करणको अवस्था झेल्नु पर्‍यो त कतिले मृत्युवरण समेत गर्नुपरेको थियो । यस्तो अवस्थामा सामाजिक चुनौतीहरूको सामना गर्दै प्रगतिशील गीतले यो क्षेत्रमा योगदान पुऱ्याएको पाइन्छ । ती गीति चेतनाले मगर, गुरुङ, राई लिम्बुहरूले बाहुन क्षेत्रीका छोरीहरूसँग विहे गर्न थाले । नेवार र बाहुन, क्षेत्रीबीच विवाहको लहर नै चल्यो । त्यसको सुरुवात प्रगतिशीलहरूले गरेको पाइन्छ । "कम्युनिस्ट आन्दोलनमा, प्रगतिशील गीति अभियानमा हिँडेका प्रायःले अन्तर्जातीय विवाह गरेका थिए । केपी शर्मा ओली, अमृतकुमार बोहोरा, शङ्कर पोखरेल, उदय श्रेष्ठ, शम्भु राई र हामी दुई नै उदाहरण हौं," (नेपाल, अन्तर्वार्ता, पौष २२, २०७६) । पञ्चायतकालमा लामो समय प्रगतिशील गीति आन्दोलनको नेतृत्व गर्दै हिँडेका नेपालले आफू र आफू जस्तै अभियानमा संलग्न असङ्ख्य जोडीहरूको अन्तर्जातीय विवाह उदाहरण रूपमा दृष्टान्त प्रस्तुत गर्नलाई प्रगतिशील विचारले अन्तर्जातीय अन्तर्घुलनमा पुऱ्याएको योगदानका रूपमा लिन सकिन्छ । प्रगतिशील चेतनाको प्रभावका

कारण नै समाजमा थुप्रै अन्तर्जातीय विवाहहरू समेत भएको देखिन्छ । त्यसले समाज सुधारको पाटोमा महत्त्वपूर्ण रह्यो ।

विल्टरडिङ्क र फोर्म, मार्क्सवादी सिद्धान्तको विश्लेषण गर्दै "सामाजिक परिवर्तन, सामाजिक संरचना भित्रको संयन्त्रको परिवर्तन, सांस्कृतिक प्रतीकहरू, व्यवहारका नियमहरू, सामाजिक सङ्गठनहरू वा मूल्य प्रणालीहरूमा आउने परिवर्तन हो भन्छन्," (सन् २०२४, डिसेम्बर १६) । उक्त भनाइका आधारमा विश्लेष्य सन्दर्भ माथि दृष्टि पुऱ्याउँदा, प्रगतिशील गीतहरूले मानिसको सोचाई, बुझाईमा, व्यवहारमा र सामाजिक मूल्य प्रणालीहरूमा परिवर्तन ल्याउन भूमिका खेलेको देखा पर्दछ । "समाजलाई समतामूलक समाज बनाउने एउटा बलियो र दिगो आधार स्तम्भ भनेको अन्तरजातीय विवाह नै हो । फरक-फरक भाषा, संस्कृती र संस्कारले एक आपसमा जोड्नुका साथै अपनत्व समेत महशुस गराउँछ । एकअर्का प्रतिको हिन भावनालाई दूर गर्नुका साथै अन्तर-सम्बन्धलाई अझ प्रगाढ बनाउँछ," (आचार्य, २०८१, पुस १३) । प्रस्तुत सन्दर्भमा प्राप्त भएका तथ्य, प्रमाण, भनाई, भुक्तभोगीहरूका अनुभव, समूहगत छलफलको निचोडमा भन्न सकिन्छ कि उपर्युक्त व्याख्या विश्लेषणबाट समाज परिवर्तनमा महत्त्वपूर्ण योगदान राजनीतिक दलकै भए पनि प्रत्यक्ष परोक्षरूपमा त्यसलाई सघाउने समाजका अवयवहरू मध्ये प्रगतिशील गीतहरूले पनि तत्तत् विषयक्षेत्रमा महत्वपूर्ण योगदान दिएका थिए भन्ने तथ्यमा पुग्न सकिन्छ । २०४६ को राजनीतिक परिवर्तन यस्तै सामाजिक परिवर्तनहरूको परिमाणात्मक रूपको शक्ति सञ्चयबाट नै राजनीतिक रुपको शासकीय संरचनाको परिवर्तनको अवस्थामा पुग्नमा सहयोग पुगेको थियो भन्न सकिन्छ ।

प्रगतिशील गीतले तेस्रो महत्वपूर्ण मुद्धाका रूपमा महिला मुक्तिका सवालहरू उठाएका थिए । पितृसत्ताले महिलाको वस्तुकरण गरेको थियो । महिलालाई शारीरिक, मानसिकरूपले कमजोर पारिएको थियो । चुल्हो चौको, घाँस, दाउरा, मेलापात, सन्तान र पुरुषको स्याहार सुसार गर्ने भन्दा बाहिरको जीवनमा प्रवेश गर्न बन्देज सरह थियो । प्रगतिशीलहरूले *'आधा आकाश महिला आधा आकाश पुरुष'* भन्ने समानताको मान्यता अघि सार्दै त्यसलाई सामाजिक न्याय र मुक्तिको बलियो आधार बनाएका थिए । मार्क्स र एङ्गेल्सले मानव समाजबाट असमानताका चार कुराहरु हटाउनु पर्ने विषयहरू मध्ये 'महिला र पुरुषबिचको असमानताको अन्त्य' गर्ने कुरा उल्लेख गरेका थिए, उनीहरूले महिलालाई वर्गसङ्घर्षको आधार र वर्गसङ्घर्षलाई महिला मुक्तिको आधारका रूपमा व्याख्या गरेका थिए (मार्क्स-एङ्गेल्स, कम्युनिस्ट पार्टीको घोषणापत्र-सन् १८४८) । त्यसको प्रतिविम्बन तात्कालीन नेकपा (माले)का नीति र प्रभाव महिला मुक्तिका गीतमा थियो । टुहुरे (२०७६) भन्छन् - "पार्टीका प्रशिक्षणले हामीलाई राजनीतिक चेतना दियो । त्यसलाई हामीले व्यवहारमा ल्यायौं । हाम्रा गीतले महिलाहरुलाई पारिवारिक घेराबाट माथि उठाउन, उनीहरूका हक अधिकारका लागि सङ्गठित हुन वातावरण सिर्जना गरिदिएका थियौं," । टुहुरेले गाएको "आमा दिदी बहिनी हो बस्छौ दाशी भई सुखको सधैं प्यासी बनेर," जस्ता गीतहरुले महिलाहरुलाई घर गृहस्थीको जीवनबाट विद्रोह गरी

राजनीतिको मुलधारमा ल्याउन योगदान दिएको थियो । श्रेष्ठ भन्छन् - "महिला मुक्तिका गीतहरु सुनेर नै गाउँघरका धेरै महिलाहरु नेकपा (माले) मा सङ्गठित भए, आन्दोलनहरुमा आए । ती अधिकाँस महिलाहरु तिनै प्रगतिशील गीत सुनेर, गीतले बोकेको विचार खोज्दै, पार्टी सङ्गठनमा, आन्दोलनमा आएका थिए," (२०७६, अन्तर्वार्ता) । यस प्रकारका गीतहरुवाट प्रक्षिक्षित हुँदै, प्रभावित हुँदै कम्युनिस्ट पार्टीमा गोलबन्द भएको देखिन्छ । प्रश्रित (२०७६) को विचारमा- "त्यसबेलाका महिलाका प्रगतिशील गीतको मर्म, भाव, अर्थ, सार र विचारको भेदनले उनीहरूको जीवनलाई सुक्ष्म रूपमा समाउँदा त्यसको अन्तर्चेतनाले महिला मुक्तिको आन्दोलन सहज बन्दै गयो । परोक्षरुपमा राजनीतिक परिवर्तनको आधार निर्माण हुँदै गयो," । राजनीतिको प्रभाव भनेको सत्ता, शक्ति, प्राप्त गर्ने तर गीत सङ्गीत र संस्कृतिले मानिसको अन्तस्करणदेखि नै बलियो बनाउने भएकोले र उक्त कुरा त्यो बेला महिला गीतहरुले पनि गरेको पाइन्छ । ज्ञवालीका अनुसार- "आम सामाजिक मुक्ति सन्दर्भमा आम महिलाहरुलाई अधिकार, मुक्तिको अभियानमा सामेल गरायो र त्यसले राजनीतिक परिवर्तनको यात्रालाई सहज बनाउँदै लग्यो," (२०७६, अन्तर्वार्ता) । महिला मुक्तिका गीत र त्यसले उठाएको चेतनाले महिलाहरू सामन्ती समाजका रुढिग्रस्त पर्खालहरु भत्काउन तयार भए । गीतले पहिला मनलाई तान्ने, विचार सङ्गठनको कोठा तिर लैजाने, अन्ततः उनीहरुलाई राजनीतिक परिवर्तन र मुक्तिका आन्दोलनहरुमा सहभागी काम गरेको पाइन्छ । प्रजातन्त्र पछि नेपालमा महिला राष्ट्रपति, सभामुख र मन्त्री सांसदहरु बने । उक्त परिवर्तनमा पञ्चायतकालमा कुनै न कुनै रुपमा प्रगतिशील गीतले त्यस क्षेत्रमा पुऱ्याएको योगदानले समेत अर्थ राख्दछ भन्न सकिन्छ । त्यसले महिला मुक्तिका आन्दोलनहरुमा महिला सहभागिता बढ़ेको, चेतना बढेको, महिला नेतृत्वको विकास गर्नमा मद्धत गरेको देखियो । नेपाल भन्छन्- "म सांस्कृतिक इञ्चार्जका रुपमा देशका विभिन्न भागमा पुग्दा महिला मुक्तिका गीतले समाजमा पारिवारिक विद्रोहहरु भएको देखेँ । महिला अधिकारका प्रश्नहरू उठेको देखेँ । मानिसहरुले आफ्नो व्यवहार परिवर्तन गरेको पाएँ । खासगरी अखिल नेपाल महिला सङ्घ र अनेम सङ्घका युनिटहरु निर्माणमा ती गीतको योगदान थियो," (२०७६, अन्तर्वार्ता) । उक्त भनाइबाट तात्कालीन नेकपा (माले) ले लिएको वैचारिक धारालाई समाउँदै प्रगतिशीलहरूले महिला उत्पीडनका साङ्ला चुँडाल्ने र सामाजिक चेतनाको नयाँ आयाम थप्ने, सामाजिक यथार्थवादको आलोकमा विश्वदृष्टि अनुरूप समाजलाई एकताबद्ध हुन प्रेरित गर्ने, लाहुरे संस्कृतिलाई निरूत्साही तुल्याउने, सीमान्तकृत र उत्पीडितहरूप्रति सहानुभूति दर्शाउने कार्यले समाजमा सकारात्मक योगदान पुगेको देखिन्छ । उल्लिखित सन्दर्भमा आएका घटनाहरू, तत् उपरका विभिन्न व्यक्तिका भनाई र विचारहरूलाई केलाउँदा, पञ्चायतकालमा प्रगतिशील गीतहरूले जातीय, वर्गीय, लैङ्गिक आधारमा राजनीतिक, सामाजिक चेतना र जागरण पैदा गरेको र त्यसरी प्रगतिशील गीतहरूले उमारेको जातीय, वर्गीय र लैङ्गिक चेतना अन्ततः राजनीतिक परिवर्तन २०४६ को जनआन्दोलनमा सम्मिश्रण हुन पुगी त्यसले परिमाणात्मकबाट गुणात्मक परिवर्तन गर्नमा सघाउ पुगेको पाइन्छ ।

## ६.६ आलोचनात्मक पक्ष

आलोचनात्मक यथार्थवादी दार्शनिकहरूले मत र विचारहरूलाई यथार्थता र वस्तुगतताको जगमा आलोचनात्मक यथार्थवादी सिद्धान्तको दृष्टिविन्दुबाट हेर्न सुझाएका छन् । प्रगतिशीलहरूले गाएका गीतहरूका बारेमा अनेकन प्रतिक्रियाहरू समाजमा देखा परेको पाइन्छ । त्यसलाई प्रष्ट पारिएको छ । राल्फा, सङ्कल्प, आस्थाले उग्र-राजनीतिक चिन्तनका प्यारोडी गीतहरू समेत गाएर समाजमा घृणा फैलाएका थिए भन्ने समेत गरिएको पाइन्छ । दृष्टान्तका रूपमा -भारतमा छ प्रजातन्त्र, बास्ना चल्यो नेपालमा, यसैगरी गणेशमान सिंह र गिरिजाप्रसाद कोइरालालाई गालीगलौज गरिएका त्यसप्रकारका गीतहरू क्षणिक राजनीतिक उद्देश्यबाट प्रेरित कोही कसैले गाएको, त्यस्ता गीतको कुनै आधिकारिक रचनाकार, सङ्गीतकार समेत नभएको देखा पर्छ । अभिलेखीकरण समेत भई प्रकाशनमा आएका प्रगतिशील गीतहरूमा व्यक्ति विशेषलाई लक्षित गरी व्यक्ति उपर घृणा फैलाउने जस्ता गीतहरू देखिएनन् । यस अध्ययनमा ती आरोपहरू गलत भएको देखापर्दछ । अझ स्पष्ट हुनुपर्ने कुरा के पनि छ भने प्रगतिशील गीति आन्दोलन प्रगतिशील जनवादी साहित्यको जगमा भएको हुँदा त्यसले त्यसबेलाको निरङ्कुश व्यवस्थाका विरूद्ध प्रतीकात्मक, विम्बात्मक र लाक्षणिक रूपमा गीति शब्दहरूको प्रयोग भएको देखिन्छ । व्यक्ति केन्द्रित गीतहरू अध्ययनमा देखा परेनन् ।

प्रगतिशील गीति आन्दोलनका क्रममा केही गीतहरू प्रत्यक्षरूपमा पञ्चायती व्यवस्था विरूद्ध पार्टीको हीतमा गाइएका गीतहरू देखा परे । ती गीत भूमिगत शैलीमा भूमिगत कार्यक्रममै गाइन्थे । दृष्टान्तका रूपमा -"सामन्तलाई नगिंडे, सैनिकसँग नभिडे आउँदैन जनवाद छमछम नाचेर, झोली थापेर, बन्दुकहरू रगत पिउन भुकेको दिन पहरा पर्वतहरू रोएको थियो नेकपा (माले) लाई शिरमा छोएको थियो, यसैगरी "लालसलाम झापालीलाई हामी दङ्गालीलाई", युगयुग जिओ चेयरमेन माओ, लिन प्याओ जिन्दावाद," (खरेल, २०७७) गीतहरूलाई लिन सकिन्छ । यी गीतहरू वर्गसङ्घर्ष सुरू गर्दाताका खासगरी झापाका कम्युनिस्टहरूले प्रयोगमा ल्याएका थिए । स्पष्ट पार्नु पर्ने कुरा के छ भने राल्फा, सङ्कल्प र आस्थाका आधिकारिक गीति पुस्तकहरूमा, उक्त संस्थाद्वारा प्रकाशित भएका क्यासेट तथा सङ्कलित गीति पुस्तिकहरूमा ती गीतहरू समावेश छैनन् ।

नेपालको राजनीतिक परिवर्तनमा प्रगतिशील गीतको योगदानको सन्दर्भमा आलोचनात्मक रूपमा आएका केही फरक मत र विचारहरूलाई सोही आधारमा हेरिएको छ । राजा महेन्द्रले २०१७ पौष १ को शाही घोषणामै पञ्चायतइतर शक्तिहरूलाई अराष्ट्रिय तत्त्व (अ.त.) को संज्ञा दिएका थिए । उनीहरूले निर्दलीय पञ्चायती व्यवस्थाका विरूद्ध बहुदलीय शासन व्यवस्थाको विकल्प अघि सारेको र राजाको शासनलाई निरङ्कुश व्यवस्था मानेको हुँदा उनले दुराशययुक्त ढङ्गबाट पञ्चायतइतर शक्तिमाथि प्रतिशोधको भावना राखी उक्त आरोप लगाएको देखिन्छ । प्रगतिशीलहरूले चलाएका गीति अभियानहरू गैरकानुनी ठान्नु त्यसैको द्योतक हो । पूर्व राल्फाले गाएका गीतहरू

२०१९-२० तिर रेडियो नेपालमा सेन्सरमा परेबाट उनीहरूका गीतप्रति पञ्चायतको नीतिगत मत भिन्नता जाहेर हुन्छ । "कतिपय वामपन्थी युवाहरूले समेत राल्फाका गीत नरुचाउने र खरो आलोचना गर्ने गरेकाले उनीहरूले आफ्ना गीतको धार बदल्दै जनपक्षीय बनाएका थिए" (फरकधार, २०७६) भन्ने भनाइबाट उनीहरू केही वामपन्थीहरूबाट समेत आलोचित थिए भन्ने देखिन्छ । "सुतेकालाई उठाइदिन्छु, मरेकालाई ब्युँझाइदिन्छु, आगोलाई सल्काइदिन्छु' 'मर्न मन लाग्छ मायालु' जस्ता गीत गाउँदा उनीहरू वामपन्थीहरूबाटै पनि आलोचनाको शिकार भए । कम्युनिस्ट भएर यस्तो गीत गाउने ? हामीले मर्ने कुरा गर्ने होइन, जगाउने पो भन्दै उनीहरूलाई सम्झाइएको थियो" (बानियाँ, २०७५) भन्ने भनाइले राल्फामा केही विचलन थियो भन्ने देखापर्दछ । पश्चिमा मुलुकमा चलेको अस्तित्ववाद र नयाँ चिन्तन प्रणालीको प्रभावका कारण राल्फा पुरातन चिन्तन प्रणाली भन्दा धेरै पर पुगेको महशुस हुन्छ । उनीहरूले भने जस्तो तात्कालीन सामन्ती विरासत भत्किहाल्ने, ढलिहाल्ने अवस्था नरहेको र वैचारिक अस्पष्टताको कारण समय-समयमा राल्फा विवादको घेरा भित्र समेत रहन पुगेको देखिन्छ । यसलाई उनीहरू स्वयंले यसरी स्वीकारेका छन् -

> हामी अन्याय, अत्याचार र शोषण, दमनको विरोध गर्ने विचार हामीले नै जन्माएको दाबी गर्थ्यौं । इतिहास मान्दैनौं भन्थ्यौं, (इतिहासविनाको अग्रगति कस्तो होला ?) सम्पूर्ण परम्परा, संस्कार र मान्यता भत्काइदिन्छौं भन्थ्यौं, परम्पराभित्रको असल पक्ष देख्दैनथ्यौं । फ्री सेक्स अथवा खुला यौनसम्बन्धको पक्षमा कुरा गर्थ्यौं (यथार्थमा हामी यौन सम्बन्धलाई कडा र सतर्क रूपले हेर्थ्यौं) । महिलाको शरीरमा कसैले स्पर्शसम्म गरेको हामी मन पराउदैनथ्यौं । एक किसिमले वैचारिक रूपमा दश ठाउँ गुजुल्टिएर गाँठो परेको धागोको डल्लाजस्तै थियौं हामी । तर साँचो कुरा के थियो भने, हामी त्यो क्रूर, अविवेकी, खुङ्खार र अपराधी पुरानो समाज व्यवस्थालाई डाङडुङ पारेर भत्काइदिन चाहन्थ्यौं, (मञ्जुल, २०४४, पृ. २०५) ।

उक्त भनाइले राल्फाभित्रको विद्रोही चिन्तन, वैचारिक असन्तुलन र अस्पष्टता चित्रण हुन पुग्छ, राल्फा भित्रको उग्र चिन्तनमा अढेको उग्रवाद समय-समयमा आलोचना हुनुको मूल कारणलाई प्रष्ट पार्दछ । आशावाद र निराशावादमा विभक्त हुँदै जाँदा उनीहरू भित्र विकसित प्रगतिवादी चेतनाले राल्फालाई वैचारिक रूपमा सङ्गठित त बनायो तर स्वयम् उनीहरू भने विभाजित हुन पुगे । समाजको एउटा वर्गले उनीहरूलाई विभिन्न आरोप समेत लगाउने गरेको देखिन्छ । "यी गीत गाएर गाउँका छोरी बुहारी भाँड्न, बिगार्न आएका गुण्डाहरू हुन् राल्फा भन्ने एक खाले हिप्पी केटाहरू हुन् । यिनले हाम्रा छोराछोरीलाई भाँड्छन्, अनुशासनहीन तुल्याउँछन् भन्नेहरूले पछि त पश्चाताप समेत गरे," (विकल, २०४४, पृ. ६) । सरकारी खर्चमा हिँडेका सिआइडी, चिनियाँ एम्बेसीले यिनीहरूलाई खर्च पेलेका जस्ता आरोपहरू (मञ्जुल, २०४४, पृ. १४६) ले राल्फाप्रति सत्ता र सत्ता समर्थकहरूको प्रतिशोधपूर्ण भावना रहेको बुझिन्छ । सङ्कल्प पार्टी भित्रको आन्तरिक

विवादले विघटन हुनु, केही कलाकारहरू पार्टी मातहतमै क्रियाशील देखिनु, केही स्वतन्त्र रूपमा क्रियाशील बन्नु, केही निष्क्रिय रहनु, केही रेडियो नेपाल प्रवेश गर्नु, सङ्कल्पका रामेश मञ्जुलमा मतभेत सिर्जना हुनु, सहयात्रा टुङ्गिनुले राल्फा र सङ्कल्पको शक्तिमा क्षयीकरण र जनविश्वासमा आँच पुग्न गएको देखापर्दछ । आस्था सङ्कल्पकै निरन्तरताको रूपमा स्वतन्त्र ढङ्गबाट अगाडि आयो, तर आस्थाले राल्फा सङ्कल्पले जसरी आफूलाई राष्ट्रव्यापी तुल्याउन सकेन ।

प्रगतिशील गीतहरूले गोर्खा भर्तीको विरोध, वर्गीय असमानताको विरोध, राष्ट्रियताको हीत प्रवर्द्धन, सीमा सुरक्षा जस्ता विषयवस्तुको समेत उठान गरे, ती कुराहरूमा केही सुधारहरू भए तर समाजको आमूल परिवर्तन, शोषणरहीत समाजको स्थापना लगायतका अपेक्षाहरू पूरा हुन सकेनन् । प्रजातन्त्रले समेत पूरा गर्न नसकेका गीति अपेक्षाहरू अरू कुनै व्यवस्थाले गर्ला भनेर मानिसहरूले सोचेनन् । त्यसले प्रगतिशील गीति आन्दोलन कमजोर बन्दै गयो । प्रजातन्त्र पछि पनि प्रगतिशील गीत उत्पादन र प्रसारण भइरहे तर सञ्चार माध्यमले ती गीतलाई कलाको विचार सौन्दर्यका रूपमा हेरेन । राजनीतिक सिर्जनाका रूपमा मात्र ग्रहण गरिदियो । त्यसले स्रष्टाहरूको गीति क्रियाशीलतामा केही शिथिलता उत्पन्न हुन गयो । प्रजातन्त्र पछि चुनावका बेला जनता गोलबन्द गर्ने र निर्वाचन जित्ने प्रयोजनमा प्रगतिशील गीतको प्रयोग गर्ने क्रम बढ्यो । संस्कृतिकर्मीहरूको उचित मूल्याङ्कन, इतिहासको संरक्षण गर्ने दिशामा पहलकदमी उठाइएको देखिएन । केही स्रष्टाहरू प्रतिनिधि सभा, संविधान सभा, सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, नेपाल प्रज्ञाप्रतिष्ठान लगायतका राज्यको महत्त्वपूर्ण निकाय पुगे तर उनीहरूले समेत गीतले उठाएका मागहरूका सम्बन्धमा प्रभावकारी सम्बोधन गर्न सकेनन् । निष्क्रिय रहेका स्रष्टाहरूको खोजीनीति हुन सकेन । कतिपयले दयनीय आर्थिक अवस्था भोगे । कम्युनिस्ट आन्दोलनले खुला राजनीतिमा सांस्कृतिक आन्दोलनको दूरगामी महत्त्वबोध गर्न सकेन । गीति आन्दोलन एक ढिक्का भएर अघि बढ्न नसक्नु अर्को कमजोरी हो । त्यसो नहुँदा यसको सान्दर्भिकता माथि प्रश्न उठ्न सक्छ भन्ने कुराको हेक्का राखेको पाइएन । "कतिपय गीतको पहिलेको प्रभावले राम्रो नतिजा दिएको छ । हाल ती गीतहरू ओझेलमा परेजस्तो देखिएका छन् । यसको सार्थक विश्लेषणको आवश्यकता छ," (तमोट, २०७६) । यथार्थवादी साहित्य सङ्गीतको ढप ढाँचा सधैं एक नासको नहुने हुँदा उनीहरूका सिर्जनामा कालजयीकरणको अभाव रह्यो । नयाँ संरचनाको खोजी गर्न नसक्दा नयाँ परिवेशमा प्रगतिशील गीतहरू कालजयी हुन सकेनन्, बदलिँदो परिस्थितिअनुरूप नयाँ ढाँचामा रूपान्तरित हुन सकेनन् । नयाँ पुस्ता आकर्षित हुन नसक्दा पुस्तान्तरणको अभाव देखा पर्न गयो ।

नेपालको साम्यवादी आन्दोलनको एउटै धारा छैन । राल्फा, सङ्कल्प, आस्था, वेदना, रक्तिम, राष्ट्रिय जनसांस्कृतिक महासङ्घ, नेपाल आदि वैचारिक रूपमा विभक्त एउटा धाराका आँखामा अर्को संशोधनवादी गनियो, उग्रवादी देखियो । विभिन्न धारामा विभक्त हुँदै जाँदा प्रगतिशील गीतको शक्ति

क्षीण हुँदै गयो । २०४६ को जनआन्दोलनपश्चात् दलहरू राजनीतिक मुद्दाहरूमा केन्द्रित हुन पुगे भने प्रगतिशील गीति मुद्दाहरू ओझेल परे । ती गीतले उठाएका विषयहरू राजनीतिक कार्यसूचिमा नपर्दा प्रगतिशील गीति आन्दोलन तुलनात्मक रूपमा कमजोर बन्दै गयो । सिङ्गो जीवन परिवर्तनका निम्ति खर्चेका कलाकारहरू निरिह अवस्थामा पुगे । उनीहरू कतिपय पूर्वमूल्य र मान्यता विपरित व्यावसायिक धारमा मिसिए भने कतिपय क्रियाशील रहे । उनीहरूका एजेन्डाहरूले २०४६ को परिवर्तनका निम्ति प्रभावकारी भूमिका निर्वाह गरेता पनि विभाजित मनस्थितिमा तुलनात्मक रूपमा जनअपेक्षित भूमिका खेल्न सकेनन् । पञ्चायतकालीन समयमा व्यवस्थाका विरूद्ध गीति अभियान सञ्चालन गर्ने कुरा आफैँमा चुनौतीपूर्ण थियो । पञ्चायत विरुद्ध सङ्घर्ष गर्ने कुरा राजनीतिक परिवर्तनको कार्य दिशाकै उपज थियो । सामाजिक यथार्थलाई गीति कथ्य बनाउँदै निरन्तर व्यवस्थामाथि प्रहार गर्नुले उनीहरूको कमजोरीको तुलनामा राजनीतिक परिवर्तनमा योगदान नै अमूल्य थियो भन्न सकिन्छ । सर्वहारावर्गीय चेतनाका गीत गाउनेहरू र त्यो अनुसारको व्यवहार संस्कारमा हुर्किएकाहरू कम्युनिस्ट पार्टीहरूमा हुर्कंदो नव धनाड्य हैकम प्रवृत्ति, उनीहरूले भुल्दै गएको सर्वहारा जीवनशैली, चरित्र र विलाशी जीवन पद्दतिले धकेलिएकाहरूमा थप निराशा, अन्योलता, असन्तुष्टि थप्ने काम गरेको पाइन्छ ।

## ६.७ योगदान

नेपालको राजनीतिक परिवर्तन (२०४६) मा प्रगतिशील गीतको योगदानलाई मूलरूपमा तीन उद्देश्यविन्दुबाट हेरिएको थियो । पञ्चायतकालीन समयमा प्रगतिशील गीतको उद्‌भव र विकास, नेकपा (माले) को सङ्गठन विस्तारमा प्रगतिशील गीत, २०४६ को जनआन्दोलनमा प्रगतिशील गीतको योगदानका विषयहरू प्रमुख रूपमा थिए । प्रगतिशील गीत मार्क्सवादी वर्गसङ्घर्षको सिद्धान्त बाट निर्मित छन् । प्रगतिशीलहरू मार्क्सवादलाई संसार बुझ्ने र बदल्ने कार्यकारी सिद्धान्त, गतिशील र परिवर्तनशील विज्ञान मान्दछन् । यही कारण गीतले युगसापेक्ष परिवर्तन र क्रान्तिको माग गरेका हुन् । गीतले पञ्चायती व्यवस्था विरूद्ध निरन्तर सङ्घर्ष गर्दै मार्क्सवादी प्रस्तावनाहरूलाई विकसित तुल्याउने काममा योगदान दिएका थिए । सोही विचार सिद्धान्त र कम्युनिस्ट पार्टीको आदर्श बमोजिम राजनीतिक परिवर्तनका निम्ति श्रमजीवी जनताको हक अधिकारलाई प्राथमिकतामा राखेका थिए । व्यक्तिगत स्वार्थ भुलेर सिङ्गो जीवननै देश, जनता र राजनीतिक परिवर्तनका खातिर समर्पित गर्न सक्नु उनीहरूको महत्त्वपूर्ण राजनीतिक योगदान हो ।

नेकपा (माले) को आन्दोलन नेपाली समाजको सर्वहारा वर्गीय चरित्र र राजनीतिक चेतनाको धरातलमा टेकेर नै अगाडि बढेको पाइन्छ । सोहीअनुसार प्रगतिशील गीतहरूले वर्गीय चेतनाद्वारा मानिसलाई मनोभाव परिवर्तन गर्दै राजनीतिक परिवर्तनका निम्ति वर्गीय भावना उराल्ने र सामन्तवादका विरूद्ध जनतालाई उकास्ने काम गरे । वर्ग चेतनाका गीतहरूले सामाजिक-राजनीतिक

अन्तर्विरोधहरू चर्काउने, सामन्त वर्गका विरूद्ध वितृष्णा र घृणा पैदा गर्ने काम गरे । वर्गचेतना शोषण, उत्पीडनको कच्चा भावनाबाट उत्पन्न हुन्छ, ग्रान्डिनले उल्लेख गरे जस्तै, स्थानीय तहदेखि राष्ट्रिय रूपमै वर्गीय चेतनाको विकास हुँदै गयो । पञ्चायतले वर्ग समन्वयको पक्षपोषण गर्थ्यो, विद्यमान वर्गसङ्घर्षलाई बेवास्ता गर्थ्यो, दबाउन चाहन्थ्यो । ठिक त्यसको उल्टो, गीतले वर्गसङ्घर्षलाई प्रोत्साहित गर्ने र पञ्चायतको वर्ग समन्वयका विरूद्ध वर्गीय प्रेमको भावना उराल्ने काम गरे । पञ्चायतद्वारा वर्गीयरूपमा निर्माण गरिएका सामन्ती अधिपत्यहरू माथि निरन्तर प्रहार हुँदा पञ्चायतको शिथिलीकरणको क्रम सुरु भयो । वर्ग समन्वयको नीति झनै कमजोर बन्दै जाँदा पञ्चायत प्रणाली नै कमजोर बन्न पुग्यो ।

राजनीतिक परिवर्तन राजनीतिक विकासको जटिल प्रक्रिया हो । किनकि जबसम्म मानिस चेतनशील बन्दैन, तबसम्म परिवर्तनका निम्ति लड्न तयार हुँदैन । यस प्रक्रियामा नै प्रगतिशीत गीतहरू जनचेतना उमार्ने माध्यम बन्न पुगेका हुन् । नेकपा (माले) ले राजनीतिक प्रतिकूलताको अवस्थामा प्रगतिशील गीतलाई राजनीतिक चेतनाको माध्यम बनायो । “गाउँ-गाउँबाट उठ, यस्तै गीतको बलमा ठुल्ठुला आन्दोलन र समर भए । क्रान्तिलाई आडिलो सामलतुमल चाहिँदा यस्ता गीत हाजिर भए । यिनै सङ्गीतमा झङ्कृत हुँदै जनता आन्दोलनको आँधीबेहरीमा होमिए,” (गुरुङ, २०७६, श्रावण ८) भन्ने भनाइले जनआन्दोलनमा गीत र त्यससम्बद्ध कलाकारहरूको योगदान चित्रण हुन्छ । राजनीतिक परिवर्तनकै सिलसिलामा कलाकारहरू जेल बसे, यातना खेपे, प्रशासनिक आक्रमणहरू झेल्न पुगे र कतिले मृत्युवरण समेत गरेका घटनाहरूबाट राजनीतिक परिवर्तन (२०४६) मा प्रगतिशील स्रष्टाहरूको योगदान देखापर्दछ । राजनीतिक परिवर्तनका आन्दोलनहरूमा यस किसिमको त्याग र बलिदानको उच्च मूल्याङ्कन हुने गर्दछ । सत्ताको त्रास, दमन, धरपकड आदिको समेत पर्वाह नगरी जनतामा चेतना भर्न ज्यानको बाजी थाप्नु प्रगतिशील कलाकारका बलिदानी योगदान हुन् । “हरेक क्रान्तिले बलिदानको कोटा माग्छ”, (भट्टराई, सन् २००६ फेब्रुअरी १०) विचारले यसलाई पुष्टि गर्दछ । प्रगतिशीलहरूले बलिदानी भावनाका साथ वर्गसङ्घर्ष र निम्नवर्गीय पक्षधरता, शोषणका विरुद्धको चेतना, उत्पीडित वर्गप्रतिको समभाव, द्वन्द्ववादी वैज्ञानिक दृष्टि र आमूल परिवर्तनप्रति आशावादी विचारहरू फैलाएको, अवैज्ञानिक मूल्य मान्यताको विरोध गरी गीतमा यथार्थ, मार्मिक एवं संवेदनात्मक पक्षहरू अन्तर्घुलन गरेर समाजको निराशा माथि आशाको सञ्चार गरेको देखिन्छ ।

मार्क्सवादीहरूले द्वन्द्वात्मक भौतिकवादी चेतनाको आलोकमा दुनियाँको व्याख्या, विश्लेषण र सामाजिक समस्याहरूको निरूपण गर्दछन् । परिवर्तनका निम्ति सोही दर्शन पहिल्याउँदै कलाकारहरूले आफ्नो जीवन परिवर्तनका निम्ति खर्चिएको देखापर्दछ । गीतमा मार्क्सवादी चेतना अन्तर्घुलन गर्दै तिसौँ वर्षसम्म पनि परिवर्तनका आन्दोलनमा जुटिरहनु, जेलनेल खान, मारिन समेत तयार हुनुले आन्दोलनमा तिनको योगदान देखापर्दछ । सञ्चार माध्यमले पनि ती योगदानलाई महत्त्वका साथ स्थान दिनुले समाचारीय कोणबाट समेत २०४६ को जनआन्दोलनमा उनीहरूको योगदान थियो भन्ने कुरालाई थप बल पुग्छ । गीतको प्रभावबाट नेकपा (माले) को जनमत बढ्नु र जनसङ्गठन विस्तार

हुनु पनि दलीय व्यवस्थाको सबलीकरण र पञ्चायती व्यवस्थाको क्षयीकरणको सारभूत अवस्था नै हो । त्यसले गुणात्मकरूपमा व्यवस्थालाई कमजोर बनाउनमा र राजनीतिक दलहरूको साझा उद्देश्य परिपूरण गर्नमा मद्दत पुऱ्यायो । त्यस आधारमा गीतले नेकपा (माले) को जगमा नेपालको प्रजातान्त्रिक आन्दोलनलाई पनि बलियो बनाउन सहयोग पुऱ्याएको थियो भन्ने आधार प्राप्त हुन्छ ।

महिला मुक्तिका गीतको योगदानलाई नियाल्दा, राजनीतिक दलहरू प्रतिबन्धित रहेको बेला गीतले महिला अधिकारका विषयवस्तु उठाएर दलका जनमुखी कामलाई सघाए । महिलाहरूको आत्मविश्वास जागृत गर्न, त्यसलाई सामाजिक मुक्तिको अभियानसँग जोड्नमा महिला मुक्तिका गीतले भूमिका खेल्दा त्यसको बलमा राजनीतिक परिवर्तनको यात्रा सहज हुँदै गयो । अखिल नेपाल महिला सङ्घले आयोजना गरेका अर्धभूमिगत र खुला कार्यक्रमहरूमा गीतले चेतना भर्दै महिलाहरूलाई गोलबन्द र सङ्गठित गर्ने कार्यलाई सघाउनुले पनि महिला आन्दोलनमा प्रगतिशील गीतको योगदान देखापर्दछ । ती गीत सुनेर थुप्रै महिलाहरू भूमिगत राजनीतिक सङ्गठन हुँदै राजनीतिक मूलधारमा आएबाट महिला सशक्तिकरण र जनशक्ति निर्माणमा गीतको योगदान देखापर्दछ । ती गीत सुनेर महिलाहरू घाँस, दाउरा, खेतीपातीको जीवनबाट राजनीतिक जीवनमा प्रवेश गरी राजनीतिक परिवर्तन र आन्दोलनकै तहमा पुग्नुले राजनीतिक परिवर्तनमा गीतको योगदान देखिन आउँछ । ती गीतको प्रभावका कारण कतिपय महिलाहरूले घर-परिवार र समाजसँग विद्रोहसमेत गरेका दृष्टान्तहरू गीति योगदानका नजिरहरू हुन् । गीति चेतनाले महिलाहरूको सुझबुझ र वैचारिक स्थितिमा सुधार आएको, पारिवारिक घेरा तोड्दै पार्टी सङ्गठनमा गोलबन्द भएका घटनाहरूले महिला आन्दोलन र गुणात्मक रूपमा प्रजातन्त्रको पुनर्स्थापनाको आन्दोलनमा गीतको भूमिका देखापर्दछ ।

चेतना सिधै संस्कारमा जाने वस्तु हो । यसर्थ, गीतले संस्कार र चलन परिवर्तनमा जोड दिएका हुन् । त्यसले रुढ चिन्तन परिवर्तन गरी नयाँ चिन्तन स्थापना गर्नमा भूमिका खेलेको थियो । राजनीतिको उद्देश्य सत्ता, शक्ति, प्रणालीसँग सम्बन्धित हुने तर गीत-सङ्गीत, संस्कृति मानिसको अनुभूति र अन्तस्करणसँग हुने भएकोले उनीहरूका योगदानहरू समाजको सूक्ष्मतहमा रहन गएका हुन् । गीतले महिला संवेदनालाई समाउँदै विचारको कोठामा पुऱ्याउने र नेकपा (माले) ले विचार र सिद्धान्तबाट प्रशिक्षित गर्दै राजनीतिक भूमिकामा संलग्न गराउने काम भएबाट राजनीतिक परिवर्तनका आन्दोलनहरूमा गीतले योगदान पुऱ्याएका थिए भन्न सकियो । "प्रगतिशील गीत सुनेर महिलाहरूले आफ्नो अधिकारका बारेमा बुझे । सामन्ती समाजका कुसंस्कार र कुरीतिका बन्धनहरू चुँडाउन तयार भए । राजनीतिक रूपमा महिलाहरूको साङ्गठनिक क्रियाशीलता बढेर गयो । उनीहरू महिलामुक्ति आन्दोलन हुँदै कम्युनिस्ट पार्टीमा र त्यसमार्फत २०४६ को जनआन्दोलनमा सहभागी भएका थिए," (तमोट, २०७६, १०/११) भन्ने भनाइले गीतले राजनीतिक चेतनाको लामो

कोर्समा साङ्गठनिक आबद्धता, क्रियाशीलता, सङ्घर्षको प्रक्रियालाई सघाउँदै नेकपा (माले) को मूल प्रवाहमा सम्मिश्रित बन्न पुगेको, त्यसले महिला आन्दोलनमार्फत प्रजातान्त्रिक आन्दोलनलाई नै सघाउ पुऱ्याएको थियो भन्ने आधार निर्माण हुन्छ । शासन प्रणालीमा दबाब समूह र जनमतको भूमिका महत्त्वपूर्ण हुन्छ । मानिसका विचार, दृष्टिकोण र विश्वासबाट सामूहिक बल प्राप्त हुनु जनमत निर्माणको अवस्था हो । जनमतले नै राजनीतिक आन्दोलनको आधार निर्माण गर्दछ । त्यसैको बलमा कुनै दल वा संस्था, समूहले आफ्नो शक्ति प्राप्त गर्दछन् । "दलहरू माथि प्रतिबन्ध लगाइए पछि गाउँ, बस्ती र स्कुल कलेजहरूमा गीति कार्यक्रम गरेर देशनै वामपन्थीमय बन्न पुग्यो । ३६ सालको जनमत सङ्ग्रहमा गीतले बहुदलकै पक्षमा उभार नै ल्यायो," (दुवाल, २०७६) भन्ने जस्ता भनाइले राजनीतिक प्रतिकूलताका बाबजुत सङ्घ, सङ्गठन निर्माण राजनीतिक चेतना विस्तार र जनमत निर्माणको प्रक्रियालाई सघाउ पुऱ्याएको देखिन्छ । प्रायशः नेताहरू जेलमा बन्दी जीवन बिताइरहेको बेला, गाउँमा राजनीतिक गतिविधि न्युन रहेको अवस्थामा नेकपा (माले) ले जनतामा पुग्ने माध्यमका रूपमा प्रगतिशील गीतलाई अपनाउनुले पञ्चायतविरोधी शक्ति निर्माण र जनमत निर्माणमा ती गीतको भूमिका देखापर्दछ । प्रगतिशीलहरूले सांस्कृतिक कार्यक्रममार्फत आफ्ना समर्थक र शुभेच्छुकहरूको ठुलो पंक्ति निर्माण गर्दै गए पछि मालेको जनमत निर्माणको आधार सबल बन्दै गएको देखिन्छ । यसैगरी झापा, मोरङमा गरिएका क्षेत्रगत अवलोकन (२०७५) का क्रममा प्राप्त भएका जानकारीहरूका अनुसार- प्रगतिशील स्रष्टाहरूले देउसी भैलो कार्यक्रमलाई माध्यम बनाएर गाउँघरमा चेतना फैलाउने काम गरेको, सांस्कृतिक टोली परिचालन गरी स्कुल-स्कुलमा जनचेतना फैलाइएको, जिल्लाव्यापी गीति कार्यक्रम सञ्चालन गरी जनजागरण ल्याएको, गीति टोलीहरू निर्माण गरी जिल्लाका विभिन्न स्थानहरूमा किसान, मजदुरहरूलाई चेतना भर्ने कार्य गरिएको, २०३६ मा बहुदलीय व्यवस्थाप्रति जनमत जुटाउने, र गाउँगाउँमा देउसी, भैलो, मेलापात, बिहे, व्रतबन्ध आदिमा समेत प्रगतिशील गीत गएर जनचेतना फैलाउने काम भएको कुरा अवलोकनका क्रममा जानकारीमा आएका थिए । सङ्कल्प परिवारका सह-उत्पादन समूहहरूले देशभरी नै कार्यक्रम गरी राजनीतिक चेतना विस्तार गर्ने कार्य गरेको देखा पर्दछ । सारमा भन्नु पर्दा, जनताका इच्छा, र चाहनाहरुलाई प्रकट गर्दै निर्दलीय राजनीतिसँगै उब्जिएका विकृतिको बोध गराउन, परिवर्तनका आवाजहरूलाई जनस्तरमा पुऱ्याउन, त्यस्तो वातावरण सिर्जना गरिदिन, समाज भित्रका विभिन्न असमानता र विभेदहरूको चित्रणमार्फत जनतालाई त्यसको यथार्थवोध गराउन, निरङ्कुश शासन व्यवस्थाको अन्त्य गर्ने कार्यमा जनमत सिर्जना गर्नमा प्रगतिशील गीतले सहयोग पुऱ्याएको देखा पर्दछ । उक्त जनमत नै अन्ततः नेकपा (माले) को सङ्गठन निर्माण प्रक्रिया हुँदै राजनीतिक परिवर्तन (२०४६) को जनआन्दोलनमा सम्मिश्रण हुन पुगेको स्पष्ट हुन्छ । प्रस्तुत सन्दर्भलाई क्षेत्रगत अवलोकन र समूहगत छलफलमा सहभागी र प्रत्यक्षदर्शीहरूबाट प्राप्त भएका विचार मतहरूका आधारमा पनि हेरिएको छ ।

मोरङ र झापा जिल्लामा लिइएका दुई छुट्टाछुट्टै समूहगत छलफलका सहभागीहरूको विचार मत यसप्रकार रहेको थियो -

**तालिका नं. ६.१ : २०४६ को परिवर्तनमा प्रगतिशील गीत, मोरङ, समूहगत छलफल**

| सहभागीहरूको अवस्था | राल्फा | सङ्कल्प | आस्था |
|---|---|---|---|
| अत्यधिक मत | सुरुका गीत गरिबी, दुःखबाट मुक्ति खोज्ने | गाउँगाउँमा जनचेतनाको तीव्र विकास, जनमतलाई दलसँग आबद्धता प्रयास । | सङ्कल्प जस्तो प्रष्ट र योजनाबद्ध ढङ्गले अघि आएन । |
| थोरै मत | मालेसँग आबद्ध नभएपनि निष्ठा र समर्पणमा स्वतन्त्र । | एउटा अवधारणाको विकास गरायो । | त्यति चर्चामा आएन राजधानीमा उल्लेख्य भूमिका । |
| समग्र मत | जनचेतनामा वृद्धि पञ्चायती व्यवस्था विरोधी जनमत बढाउन मद्दत गऱ्यो । | राजनीतिक दल, खासगरी नेकपा (माले)का कार्यकर्ता र शुभेच्छुकमा वृद्धि, वामपन्थीकरणमा योगदान । | अनुशासन, निष्ठा, समर्पणमा स्वतन्त्र, पार्टी निरपेक्ष रही जनआन्दोलनमा सक्रिय । |

स्रोत : समूहगत छलफल तथा स्थलगत अवलोकन, मोरङ - २०७५,०६/२७

**तालिका नं. ६.२ : २०४६ को परिवर्तनमा प्रगतिशील गीत, झापा, समूहगत छलफल**

| सहभागी मत | राल्फा | सङ्कल्प | आस्था |
|---|---|---|---|
| अत्यधिक मत | सुरुका गीत श्रमिक, मजदुर, किसान महिला र उत्पीडित वर्ग लक्षित । जनताको मन छुने, जनतालाई प्रेरित गर्ने । | गीति कार्यक्रम गाउँमा, जनलहर । तीव्र जनचेतनाको विकास, वर्गशोषण विरोधी भावनाको विकास, जागृत जनमत, दलीय पद्धतिमा नजिक हुने वातावरणको विकास । | सङ्कल्प जस्तो प्रभावशाली भएन, तर राजधानीमा आन्दोलनमा क्रियाशील । |
| थोरै मत | मध्यम प्रभाव पऱ्यो । | समाजमा नयाँ चेतना र एउटा विचार स्थापित गऱ्यो । वामपन्थी आकर्षण बढायो । | स्रष्टा साक्षात्कार नहुँदा भूमिकामा केही कमी । |
| समग्र मत | सामाजिक चेतनामा वृद्धि, व्यवस्था विरोधी जनमत बढाउन मद्दत । वामपन्थीकरणमा सहयोग । | बहुदलको निम्ति जनमत निर्माण, राजनीतिक चेतना र नेकपा मालेका कार्यकर्ता र शुभेच्छुकहरूको सङ्ख्यामा वृद्धि । जनआन्दोलनमा गीतको प्रभाव रह्यो । | निष्ठा, समर्पणमा स्वतन्त्र, पार्टी निरपेक्ष । जनआन्दोलनमा सक्रिय । |

स्रोत : समूहगत छलफल, तथा स्थलगत अवलोकन, झापा - २०७५, ०६/२५

मोरङ जिल्लामा भएको समूहगत छलफलका सहभागीहरूले प्रगतिशील गीतको योगदानका सम्बन्धमा, अत्यधिक मत राल्फाका सुरुका जागरण गीत श्रमिक वर्गका निम्ति गाइएको, त्यसले

उत्पीडित वर्ग समुदाय लक्षित गरेको, जनतालाई प्रेरित गरेको बताएका थिए । यस्ता गीतले हुँदा खाने र हुने खाने बीच वर्गसङ्घर्षको अवस्था सिर्जना गर्न, सामन्त र पुँजीपतिहरू विरूद्ध घृणा उत्पन्न गर्न भूमिका खेलेको उल्लेख गरेका थिए । सङ्कल्पले जनमत सङ्ग्रहमा गाउँगाउँमा गीति कार्यक्रम गरी तीव्ररूपमा जनचेतनाको विकास गरेको र व्यवस्था विरोधी भावनाको विकास गरेको उल्लेख गरेका थिए । उक्त कार्यले जनमतलाई राजनीतिक दल नेकपा (माले) सँग आबद्ध गराउने र उक्त पार्टीको सङ्गठन विस्तारमा सहयोग पुगेको भन्ने विचारमत उल्लेख छ । आस्थाका गीतहरू लोकप्रिय रहेको तर आस्थाका कलाकारहरू जनआन्दोलनका समयमा राजधानीमा बढी केन्द्रित रहेको र भूगोलमा गीतले कम प्रभाव पारेको पाइन्छ । झापामा लिइएको समूहगत छलफलका सहभागिहरूका अनुसार, झापामा राल्फाका सुरुका गीत गरिब दु:खी, श्रमिक, मजदुर, किसान र उत्पीडित वर्ग समुदाय लक्षित, जनताको मन छुने, समस्या बुझाउने, जनतालाई प्रेरित गर्ने खालका थिए भन्नेको बढी मत, सामान्य भूमिका थियो भन्नेको कम मत रहेको थियो । सङ्कल्पले जनतालाई जागृत गरेको, गाउँगाउँमा जनउभार ल्याएको, त्यसले राजनीतिक परिवर्तनप्रतिको धारणा बनाउनमा सहयोग पुगेको थियो भन्नेको अधिक मत रहेको थियो । आस्थाले भूगोलमा कम र राजधानीमा जनआन्दोलनमा सक्रिय भूमिका खेलेको भन्नेको अधिक मत रहेको थियो ।

प्रगतिशील गीतले पञ्चायती व्यवस्था विरूद्ध घृणा जागृत गर्थ्यो, व्यवस्थाप्रतिको असन्तुष्टि बढाउँथ्यो, सत्ताका कमजोरीहरू उदाङ्गो पार्थ्यो । गाउँमै पुगेर सामन्त र जमिन्दारहरू चिनाउँथ्यो । हरेक वर्ग, तह, तप्कामा देखिने यसप्रकारका अभ्यासहरूले उनीहरूको विचारप्रति जनताको विश्वास र समर्थन बढेर गयो । “प्रगतिशील गीतले जनमत निर्माण नगर्दिएको भए शायदै माले वा नेकपा एमालेको पक्षमा यती ठुलो जनमत हुन्थ्यो होला । नेताहरू जेलमा थिए, निर्वासनमा थिए, धेरै त भूमिगत थिए । हामीले गाउँगाउँ पुगेर निर्माण गरेको जनमत अन्ततः कम्युनिस्ट पार्टीकै तह हुँदै प्रजातन्त्र पुनर्स्थापना आन्दोलनको निर्णायक विन्दुसम्म पुग्यो,” (टुहुरे, प्रत्यक्ष कुराकानी, २०७६, ७/२६) । उक्त भनाइले पञ्चायत विरुद्ध जनमत निर्माण गर्ने वैकल्पिक माध्यमका रूपमा प्रगतिशील गीतको प्रयोग हुन गएको र उक्त शक्ति अन्ततः नेकपा (माले) को शक्तिमा सञ्चित हुँदै प्रजातान्त्रिक आन्दोलनमा गएर मिसिनुले प्रगतिशील गीतको योगदान जनआन्दोलनमा देखापर्दछ ।

कम्युनिस्ट पार्टीको सङ्गठन विस्तारमा प्रगतिशील गीतले पुऱ्याएको योगदानका सम्बन्धमा, तात्कालीन नेकपा (माले) ले पार्टी सङ्गठन कमजोर भएका ठाउँमा सङ्गठन विस्तार गर्ने उद्देश्यले प्रगतिशील गीति कार्यक्रमको आयोजना गर्ने, जनतालाई राजनीतिक चेतनाका गीतहरू सुनाएर पार्टी सेल्टर निर्माण गर्ने, गीतप्रति गहिरो रुझान राख्नेहरूलाई मार्क्सवादी साहित्यका पुस्तकहरू पढ्न दिने र त्यसमा अभिरुचि राख्नेहरूलाई क्षमता हेरेर क्रमिकरूपमा पार्टीमा जिम्मेवारी दिने गरिएको भन्ने जस्ता भनाइहरूले गीतले नेकपा (माले) को तत्तत् क्षेत्रमा सङ्गठनात्मक प्रभाव विस्तार गर्नमा

योगदान पुऱ्याएको तथ्य स्थापित हुन्छ । "प्रगतिशील संस्कृतिकर्मीहरू एक किसिमले विवाहको भातखौरो जस्तो भूमिकामा र सङ्गठन जन्तीको भूमिकामा रहेको, जन्ती पछि पार्टी सङ्गठन बन्ने, जनाधार निर्माण हुने र पार्टी सङ्गठन निर्माण भन्दा अगाडि चाहिने उत्सुकता, एक खालको विद्रोहको हुटहुटी जन्माउने गरेका थिए" (ज्ञवाली, २०७६) भन्ने भनाइले तात्कालीन नेकपा (माले) को पार्टी सङ्गठन विस्तारको प्रक्रियामा प्रगतिशील गीतहरूले सहयोग पुऱ्याएको देखिन आउँछ ।

मार्क्सवादी सिद्धान्तअनुसार परिवर्तनको प्रक्रिया वर्गसङ्घर्षको निरन्तरताका रूपमा मात्रात्मक अवस्थाबाट गुणात्मक अवस्थामा रूपान्तरण हुँदै जान्छ । यसै अनुरूप गीतले मानिसको अनुभूतिको तह हुँदै चेतनामा, चेतनाबाट व्यवहारमा र त्यो राजनीतिक जीवनमा प्रकट भएको देखापर्दछ । यसबाट प्रगतिशील गीतको योगदानलाई मार्क्सवादको *'द ल अफ ट्रान्सफरमेसन क्वान्टिटी इन्टु क्वालिटी,* (एङ्गेल्स, डाइलेक्टिस अफ नेचर, सन् १९८६) नियमको आँखाबाट परिपूरण गर्न सकियो । २०४६ को जनआन्दोलनबाट प्राप्त उपलब्धिलाई उनीहरूका योगदान मात्रात्मक अवस्थाबाट गुणात्मक रूपमा विकसित बन्दै ऐतिहासिक राजनीतिक निर्णय विन्दुमा पुग्नुले प्रगतिशील गीतको योगदान महसुस गरियो । पार्टी सङ्गठन विस्तारलाई मूल कडीको रूपमा लिँदै गीति चेतनाकै प्रभावका आधारमा मानिसहरू वामपन्थीकरणको प्रक्रियामा सम्मिलित हुँदै जाने र उक्त प्रक्रिया राजनीतिक परिवर्तन (२०४६) को एक महत्त्वपूर्ण हिस्सा बन्न पुगेको तत्तत् अनुभवहरूबाट समेत राजनीतिक परिवर्तनको आन्दोलनमा प्रगतिशील गीतको योगदान अनुभूत हुन पुग्छ ।

जातीय छुवाछूत विरूद्ध प्रगतिशील गीतको योगदानका सम्बन्धमा, दलहरू प्रतिबन्धित रहेका बेला प्रगतिशील गीतले छुवाछूत विरोधी गीतहरू गाएर समाजमा जागरण ल्याए । छुवाछूत विरोधी चेतना निर्माण गरे । त्यसले जातीय विभेदको जड माथि प्रहार गरेर दलितहरूप्रति हेर्ने, बुझ्ने, दृष्टिकोणमा केही परिवर्तन ल्यायो । दलित, गैर दलितहरूमा अन्तर्घुलन बढायो । यसबाट ग्रामीणस्तरमा जातीय छुवाछूतका बारेमा जनतामा रहेको भ्रम, अन्धविश्वास, कुरीति र कुसंस्कारबाट मुक्त हुने प्रयासलाई सघायो । त्यसले सामन्तवादी सोच र चिन्तनमा प्रहार गर्दै जातीय विभेद न्यूनिकरण गर्नमा टेवा पुग्न गयो । गीतले वैज्ञानिक चेतना र विचार प्रवाह गर्दा जातीय छुवाछूतको दलदलबाट माथि उठ्न समाजलाई प्रेरित गऱ्यो । त्यसले जातीय दलन, जातीय विभेदमा परेको सीमान्तीय एवम् उत्पीडित वर्गलाई माथि उकास्नमा सहयोग पुग्यो । यसबाट सामाजिक मुक्तिको बहस जनजनमा पुग्यो । उनीहरूले मन्दिरहरूमा दलितहरूलाई समेत प्रवेश गराउने, पूजा गराउने कामको समेत नेतृत्व लिनुले प्रगतिशीलहरू पुरातन धार्मिक दृष्टिकोणमा समेत रूपान्तरण ल्याउन ती गीतको भूमिका देखा परे । यस कार्यबाट वर्गीय मुक्तिका प्रगतिशील गीतले दलित मुक्ति अभियानको पक्षपोषण गर्दै सामाजिक अन्धविश्वासको भ्रम तोड्ने कार्यमा सहयोग पुऱ्यायो । प्रगतिशील गीतका रूप, अन्तर्वस्तु र अन्तर्यमा राजनीतिक उद्देश्य अन्तर्निहित भएकोले गीति

भूमिकाहरू राजनीतिक परिवर्तनको आन्दोलनसँग जोडिँदै गएका थिए । यसैक्रममा प्रगतिशील गीत-सङ्गीत र सिर्जनामार्फत उठेको जनचेतनाको लहर वामपन्थीकरणको बाटो हुँदै नेपालको प्रजातान्त्रिकीकरणको आन्दोलनसम्म पुगेको देखापर्दछ । आन्दोलन हठात् नभई निरन्तर सङ्घर्ष र जनताको गुणात्मक चेतनाको बलमा हुने भएकोले त्यसले नेपालको राजनीतिक परिवर्तनको आन्दोलनको आधारभूमि निर्माणमा सहयोग पुगेको कुरा स्पष्ट हुन आउँदछ । यस विश्लेषणबाट राजनीतिक परिवर्तनमा जातीय छुवाछूत विरोधी गीत र उनीहरूले गीतमार्फत उठाएको चेतनाले दलित मुक्ति आन्दोलन, छुवाछूत विरोधी अभियान, जनचेतनाको अभियान हुँदै अन्ततः नेपालको प्रजातान्त्रिकीकरणको प्रक्रिया र राजनीतिक परिवर्तनको आन्दोलनलाई नै सघाउ पुऱ्याएको तथ्य निर्माण हुन पुग्दछ ।

गीतले समाजवादी क्रान्तिमा योगदान पुऱ्याएका केही अन्तर्राष्ट्रिय अनुभवहरूसँग समेत प्रस्तुत शोधलाई तुलना गरिएको छ । चिनियाँ नयाँ जनवादी क्रान्ति र सांस्कृतिक क्रान्तिमा क्रान्तिकारी गीतहरूले राजनीतिक परिवर्तनका निम्ति पुऱ्याएको योगदान एउटा उदाहरण हो, जसको बारेमा ब्रायनले विद्यावारिधि समेत गरिसकेका छन् । "जनतालाई शिक्षित गर्न एक राजनीतिक उपकरणको रूपमा गीतहरूको प्रयोग लामो समयदेखि चलिरहेको एक अभ्यास हो । यो अभ्यास सन् १८५० को ताइपिङ विद्रोहदेखि हालैको विगतसम्मका क्रान्तिकारी गीतहरू सामान्यतया जनताको शैक्षिक र राजनीतिक जागरणमा प्रयोग भएका थिए," (ब्रायन, सन् २००४, पृ. ३९) । चीनको अनुभवलाई नेपालको अनुभवसँग जोडेर हेर्दा सन्दर्भ फरक भएता पनि दुवै देशका गीति योगदानको प्रकृति, प्रवृत्ति र उद्देश्यमा एकरूपता देखापर्दछ । उक्त गीतहरू पहिले चीनको नयाँ जनवादी क्रान्ति (सन् १९४९) मा र पछि सांस्कृतिक क्रान्ति (सन् १९६३-७३) मा बलशाली क्रान्ति हतियारका रूपमा शासन सत्ता विरोधी क्रान्तिमा भूमिका खेलेका थिए । गीतहरूले दुवै देशमा मूलतः श्रमजीवी वर्गलाई केन्द्रमा राखेको पाइन्छ । अमेरिकालगायत विश्वका अन्य देशमा भएका सन् २०६० को दशकको *'काउन्टर कल्चर मुभमेन्ट'* मा गीतले खेलेको भूमिकालाई समेत हेर्न सकिन्छ । सामाजिक-सांस्कृतिक-राजनीतिक पृष्ठभूमि प्रदान गर्ने तरिकामा सङ्गीतले प्रमुख भूमिका खेलेको थियो, जसले प्रति-संस्कृति विचारधारालाई एक समृद्ध आनुभविक विचारसँग र विभिन्न समूहहरूले आन्दोलनका अन्तर्राष्ट्रिय आयामहरूलाई स्थानीयतासँग जोड्दै समुदाय र सामूहिक पहिचानको भावना उजागर गरेका थिए," (ह्विटली, सन् २०१२, पृ. ६-१६) । अमेरिका जस्तो मुलुकको विकासको प्रारम्भिक अवस्थामा गीतले सामाजिक-सांस्कृतिक-राजनीतिक भूमिकामा सफलता पाएको अनुभवबाट समेत नेपालमा पनि गीतको योगदानलाई हेर्न बल पुग्न गयो ।

प्रस्तुत सन्दर्भलाई अन्तर्राष्ट्रिय मार्क्सवादी कलाकारहरूले राजनीतिक उद्देश्यका निम्ति प्रयोग गरेका गीतको सन्दर्भमा पनि जोड्न सकिन्छ । विद्वान् एबल सङ्गीतमा मार्क्सवादी दृष्टिकोण अघि

सार्दै भन्छन्- "गीतमा व्यक्त राजनीतिक मूल्यहरूमा २० औं शताब्दीको मध्यमा धेरै वामपन्थीहरू विशेष गरी लोकसङ्गीतसँग सम्बन्धित हुनुको कारण यसमा बलिया सांस्कृतिक प्रवृत्तिहरू विद्यमान थिए । अर्को, यस प्रकारको सङ्गीत जनसमूह र राजनैतिक कार्यक्रमहरूमा आमसहभागिता जुटाउन उपयुक्त सावित भएका थिए," (सन् २०१६, पृ. १९-४७) । उक्त भनाइलाई प्रस्तुत शोध सन्दर्भमा जोडिनुको कारण मार्क्सवादी विचारका गीतहरूको प्रयोग, अभ्यास विश्वका अन्य देशका राजनीतिक जागरणमा पनि भएको थियो भन्ने देखाउनु हो । उद्देश्य फरक हुन् तर अभ्यासमा समरूपता देखापर्दछ । यसले समस्याको यथार्थीकरण गर्न र गीतको योगदानको सन्दर्भ विश्वदृष्टि अनुरूप पनि प्रासङ्गिक रहेको देखाउँदछ ।

उल्लिखित विवरण, तर्क, सैद्धान्तिक दृष्टिकोण आदिलाई बाह्य अनुभवसँग जोड्दा गीतको प्रयोग सामाजिक-सांस्कृतिक-राजनीतिक उद्देश्यमा रूपान्तरित हुन पुगेको स्पष्ट हुन्छ । यसबाट योगदानका त्रिपक्षीय परिप्रेक्ष्य-भूमण्डली, राष्ट्रिय र स्थानीयबाट नै नेपालको राजनीतिक परिवर्तनमा प्रगतिशील गीतको योगदान रहेको थियो भन्ने आधार निर्माण हुन पुग्छ । सामाजिक सर्वसम्मति (सोसल कन्सेन्सस) निर्माण गर्न र आमसञ्चारको अत्यन्तै न्यून अस्तित्व रहेको अवस्थामा आवाजविहीनहरूको आवाजका रूपमा जागरण र चेतना फैल्याउन तुलनात्मक रूपमा साहित्यका अरू रूपहरू भन्दा बढी प्रभावकारी, सम्प्रेष्य रहेको तथ्यले नै राजनीतिक उद्देश्यको निम्ति गीतको प्रयोग हुन पुगेको देखिन्छ । त्यसले शोषित वर्गलाई सांस्कृतिक चेतना भर्दै विचार निर्माणको तहमा पुऱ्याएको तथ्यहरूबाट उक्त कुरा अझ प्रष्ट हुन पुग्छ । यसले राजनीतिक परिवर्तनको आन्दोलनलाई चर्काउन, जनता उराल्न भूमिका खेल्दा आन्दोलनले गुणात्मक रूपमा शक्ति आर्जन गरेको थाहा हुन्छ । गीतको शक्तिले सङ्गठित तुल्याएका मानिसहरू दलमा आबद्ध हुने र त्यसको जनाधारमा पार्टी सङ्गठन विस्तार हुने र त्यसबाट छनौट भएकाहरूलाई पार्टी काममा खटाउने कार्य भएबाट साङ्गठनिक शक्तिको विस्तारमा गीतले योगदान पुऱ्याएको अर्थमा बुझ्न सकिन्छ । गीति चेतनाले जनविश्वास बढाउन, जनधरातल व्यापक पार्न भूमिका खेलेको स्पष्ट हुन्छ । अन्ततः उक्त गीति शक्ति र त्यसको प्रभावमा गोलबन्द भएका मानिसहरूको ठुलो तप्का सङ्गठित, असङ्गठित, प्रत्यक्ष अप्रत्यक्ष रूपमा राजनीतिक परिवर्तनका आन्दोलनमा सहभागी भएको देखिन्छ ।

अध्ययन गरिएको विषय र त्यसको अनुसन्धानका निम्ति तयार शोध उद्देश्यका आधारमा झापा तथा मोरङ जिल्लामा गरिएका समूहगत छलफलका सहभागीहरूबाट समेत प्रगतिशील गीतहरूले जिल्ला तहमा राजनीतिक चेतनाको निर्माण, साम्यवादी आन्दोलनको विस्तार हुँदै गएको देखिएको र अनुसन्धानको केन्द्रीय प्रश्नसँग त्यसले एकरूपता र सामञ्जस्यता राखेबाट पनि वस्तुतः राजनीतिक परिवर्तनमा प्रगतिशील गीतको योगदान रहेको थियो भन्ने बुझ्न सहयोग पुऱ्यायो । नेपाल अध्येता 'ग्रान्डीन' भन्छन्- "प्रगतिशील गीत सांस्कृतिक मोर्चाको हिस्सा थिए, सङ्गीत प्रदर्शनसँगै सांस्कृतिक कार्यक्रमहरू- नाटक, नृत्य र मिश्रण हुन्थ्यो । यो सांस्कृतिक कार्य जनताको ज्ञानको

पहिलो चरणको रूपमा परिकल्पना गरिएको थियो, (हट, सन् १९९१, पृ. १४२), जसमा प्रगतिशील गीतहरू सबैभन्दा महत्त्वपूर्ण घटक थिए," (ग्रान्डिन, सन् १९९६, पृ. १७५-१८९) । उक्त भनाइले राजनीतिक आन्दोलन २०४६ मा भूमिका खेलेका सांस्कृतिक अङ्गहरूमध्ये प्रगतिशील गीतले सबैभन्दा प्रभावशाली भूमिका खेलेको यथार्थ बुझ्न सकिन्छ । २०४६ चैत्र ३ गते पञ्चायती प्रशासनले विभिन्न विधाका कवि, कलाकार, साहित्यकार, लेखक, पत्रकार आदि २०० बढी पक्राउ गरी गरिएकोमा सङ्कल्प, आस्थाका कलाकार बढी लक्षित गर्नु, जनता भाँड्ने गीत गाएको भन्दै धम्क्याउनु, सबै रिहा भइसके पछि पनि भोलिपल्ट पुनः बयान लिएर छोड्नुले पनि पञ्चायत विरोधी आन्दोलनमा प्रगतिशील गीतको प्रभाव, तिनको योगदान तुलनात्मक रूपमा बढी देखिन्छ । "परिवर्तित राजनीतिक-चक्रभित्र साहित्य कला, सङ्गीतको भूमिका रहन्छ," (हफ्टम र रैपर, सन् १९९२) भन्ने भनाई, राजनीतिक परिर्तनका प्रभावशाली सांस्कृतिक औजारका रूपमा भूमिका खेलेका गीत, (स्टर, सन् २०१२, पृ. २८६-२८८) भन्ने विचार, जनचेतनाको गर्भाधान गर्ने र जनचेतना बढाउने सांस्कृतिक अङ्गहरूमा प्रगतिशील गीतले सबैभन्दा प्रभावकारी भूमिका रहेको थियो (ग्रान्डिन, सन् १९९६, पृ. १७५) भन्ने विचारले प्रगतिशील गीतको योगदानका तथ्यहरूलाई थप समृद्ध तुल्याउँदछ । "गीति कार्यक्रमले आन्दोलनको आगोमा इन्धन थप्यो र जनताको मनमा थप चासो जगायो" भन्ने पोखरेल (सन् २००७) को भनाइ, "सङ्कल्प, इन्द्रेणी, राल्फा सदस्यहरूले वामपन्थी राजनीतिको जग निर्माण गर्न महत्त्वपूर्ण भूमिका खेले," भन्ने स्टर (सन् २०१७) को भनाइलाई ब्रायन्टको चिनियाँ क्रान्ति गीतले उठाएको भन्ने विचार र ह्विटलीको सन् ६० को दशकको गीति आन्दोलनको सन्दर्भमा प्रगतिशील रक सङ्गीतले सामाजिक-राजनीतिक-सांस्कृतिक जागरूकताको उपकरण बनेर भूमिका खेलेको थियो भन्ने जस्ता अनुभवहरूलाई संश्लेषण गर्दा गीतले राजनीतिक परिवर्तनका निम्ति सबैभन्दा पहिले जनतासँग आत्मीयता, प्रेम, उत्सुकता, त्यसपछि सामाजिक चेतना, जागरण, सङ्गठनात्मक विकास र दलीय राजनीतिमा संलग्नताको लामो प्रक्रिया हुँदै राजनीतिक परिवर्तनको दिशा समातेको स्पष्ट हुन्छ । समूहगत छलफल र अन्तर्वार्ताबाट प्राप्त भएका विचारसँग उक्त विचारहरूलाई जोडेर हेर्दा प्रगतिशील गीत वर्गचेतना हुँदै राजनीतिक चेतनामा प्रवेश गरेको, त्यसलाई तात्कालीन कम्युनिस्ट पार्टी (माले) ले सांस्कृतिक-राजनीतिक मिश्रणसहितको शक्तिमार्फत राजनीतिक परिवर्तनको आन्दोलनमा योगदान पुऱ्याएको देखिन्छ ।

अनुसन्धानमा प्राप्त तथ्य-तथ्याङ्क र विचारहरू, समूहगतगत छलफलबाट प्राप्त रिपोर्ट, अन्तर्वार्ता, अवलोकन, मार्क्सको द्वन्द्वात्मक भौतिकवादी तथा ऐतिहासिक भौतिकवादी सिद्धान्त, वर्गसङ्घर्ष निषेधको निषेधको नियम, मात्रात्मकबाट गुणात्मक परिवर्तनको नियम, कला-सङ्गीत आधार र अधिरचनाको सैद्धान्तिक मान्यता, सर्वहारा वर्ग र साम्यवादको अधिनायकत्व आधारभूत सिद्धान्त, वर्गसङ्घर्षको गीत सिद्धान्त र आलोचनात्मक यथार्थवादको सिद्धान्तका आधारमा हेर्दा प्रगतिशील गीतले समाजलाई चेतना र विचारको माध्यमबाट जनमत निर्माण गर्दै त्यसको बलमा नेपालमा राजनीतिक परिवर्तनको आन्दोलनमा भूमिका खेलेको तथ्य स्पष्ट रूपमा देखापर्दछ । गीतले

प्रवाह गरेको चेतना, विचारले वर्गसङ्घर्षलाई प्रोत्साहित गरेको र त्यसको पक्षधरता निर्माणमा सहयोग पुऱ्याएको मान्न सकिन्छ । नेकपा (माले) को मातहतमा रही प्रगतिशील गीतले राजनीतिक चेतना जगाउँदै कम्युनिस्ट आन्दोलनमार्फत नेपालको प्रजातान्त्रिकीकरणको मूल अभियानमा सरिक हुन पुग्दा त्यसको योगदान (२०४६) को जन आन्दोलनमा महशुस हुन पुगेको हो । यसबाट प्रजातान्त्रिक शक्ति नेपाली काँग्रेस र वाममोर्चाले सुरु गरेको राजतन्त्र विरोधी आन्दोलनलाई प्रगतिशील गीति चेतना र त्यसले पारेको गुणात्मक प्रभावको बल, गीतद्वारा निर्मित जनाधार, जनमतको सामर्थ्य र शक्ति आन्दोलनका रूपमा रूपान्तरित हुन पुग्दा मुलुकमा बहुदलीय व्यवस्थाको पुनर्स्थापनाका निम्ति भएको जनआन्दोलन २०४६ मा मात्रात्मकबाट गुणात्मक रूपमा सघाउ पुग्न गएको र उक्त जनआन्दोलन अवधिभर प्रगतिशील कलाकारहरूले सशरीर सक्रियरूपमा भूमिका खेलेको यथार्थ प्रकट हुन्छ । उल्लेखित विश्लेषणबाट नेपालमा प्रगतिशील गीतले नेपालको कम्युनिस्ट आन्दोलन, त्यसले चलाएको वर्गसङ्घर्ष र शान्तिपूर्ण आन्दोलनलाई सघाएको र जनआन्दोलनमा समेत महत्त्वपूर्ण भूमिका खेल्दै तत्अनुरूपको योगदान पुऱ्याएको थियो भन्ने तथ्यगत आधारलाई समाउँदछ । कम्युनिस्ट आन्दोलन र प्रजातान्त्रिक आन्दोलनमा गीतको सम्मिश्रणले जनआन्दोलनप्रति जनताको विश्वास अझ बढेर गएको घटना, विवरण र त्यसबाट प्राप्त गुणात्मक तथ्यहरूले देखाउँदछ । उल्लिखित अध्ययनका क्रममा प्राप्त तथ्यहरूको जगमा योगदानहरूबीचको एकरूपता, सामञ्जस्यतासँगै गीति विषयवस्तुको सम्प्रेषण, त्यसउपरका व्यक्तिका विचार, भनाई र दृष्टिकोणहरूलाई आधार मान्दा नेपालको राजनीतिक परिवर्तनमा प्रगतिशील गीतको योगदान रहेको तथ्य निर्माण हुन पुगेको छ ।

जब समाजमा वाद, विवाद तथा प्रतिवाद जन्मिन्छ, तब समाजले विकासको नयाँ ढोका खोल्छ, उपलब्धि र अवसरको नयाँ चरण सुरु हुन्छ । प्रगतिशील गीतले एउटा वाद लिएर अघि बढ्यो, पञ्चायतले त्यसको प्रतिवाद गऱ्यो, अन्ततः एक बृहत् संवादले प्रजातन्त्रको पुनर्स्थापना हुन गयो । थेसिस, एन्टी थेसिस र सेन्थेसिसको प्रक्रियामा गीत राजनीतिको औजार बन्न पुग्यो । यही मान्यताका आधारमा २०४६ को जनआन्दोलनमा प्रगतिशील गीतको राजनीतिक योगदान देखा पऱ्यो । "आर्थिक उत्पादन वा सामाजिक अस्तित्वले आधारभूत आर्थिक संरचना बनाउँछ, बाँकी सुपरस्ट्रक्चर हो," (वर्मा, सन् २००८) भन्ने विचारले उक्त तर्कलाई बल पुऱ्याउँदछ । मार्क्सको निषेधको निषेध नियमले पुरानोलाई नयाँले विस्थापन गर्ने प्रक्रियामा पुरातन पञ्चायत प्रणालीलाई गीतका नयाँ विचारहरूले निषेध गर्दै गयो । पुरानोको ठाउँमा नयाँको प्रतिस्थापनामा मात्रात्मकबाट गुणात्मक रूपान्तरणमा सहयोग पुग्दा सामाजिक, राजनीतिक, बौद्धिक प्रक्रिया र चेतनालाई सामाजिक अस्तित्वले निर्धारित गर्न पुग्यो । गीतले श्रमजीवी वर्गलाई राजनीतिक परिवर्तनका निम्ति जागृत र सङ्गठित हुन आह्वान गर्दै पञ्चायती राज्य सत्ता ढाल्न स्रष्टाहरू आन्दोलनमा उत्रिनुले गीतले राजनीतिक परिवर्तनको आन्दोलनमा योगदान पुऱ्याएको प्रष्ट हुन पुग्दछ । समग्रमा भन्नु पर्दा,

राल्फाले सामन्तवाद र पुँजीवादको विरोध, विद्रोही अभिव्यक्ति र क्रान्ति चेतनामार्फत राष्ट्रिय स्वाधीनता र स्वाभिमान भावना पैदा गर्दै समानतामूलक समाज निर्माणको आग्रह मार्फत राजनीतिक परिवर्तन (२०४६) को आन्दोलनलाई सहयोग पुऱ्याएको देखापर्दछ । सङ्कल्प परिवारले शोषितहरूप्रति सहानुभूति, वर्गसङ्घर्ष र वर्गीय प्रेममा विश्वासमा राख्दै सामन्तवाद र साम्राज्यवाद विरोधी भावनाको विकास, अग्रगामी चेतनाको प्रवाह, प्रतिरोधी भावना र प्रतिसंस्कृतिको निर्माणमा योगदान पुऱ्याएको देखिन्छ । यसैगरी सङ्कल्पले सामाजिक मुक्तिको सन्देशका साथ क्रान्तिबोधी सञ्चेतना र नवयुगको आह्वान र देशभक्तिको उद्‌बोधन गर्दै नेकपा (माले) को सङ्गठन विस्तार र जनताको वैचारिक रूपान्तरणमा भूमिका खेलेको पाइन्छ । आस्था परिवारले विपरीत वैचारिक तत्त्वको एकता र सङ्घर्षमा जोड दिँदै जीवनमुखी अभिव्यक्ति र विचार, जनताको श्रम र सिपलाई प्रोत्साहित गरेको देखिन्छ । आस्था परिवारले कामदार वर्गप्रति सम्मान दर्शाउने, त्यसलाई प्रोत्साहित गर्ने, मानवीय र वस्तुवादी चिन्तनलाई मलजल गर्ने र तत् अनुरूपको विचार उत्पन्न गराउने र यथास्थिति प्रतिको विद्रोहभाव सिर्जना गरी जनआन्दोलनको मूलप्रवाहमा नवयुगीन चेतना प्रवाह गर्ने काम गरेको पाइन्छ ।

राल्फा, सङ्कल्प र आस्थालगायतका संस्थाहरूको ३० वर्ष लामो गीति सङ्घर्ष र सांस्कृतिक अभियानले जनतालाई राजनीतिक परिवर्तनको मार्गतर्फ अग्रसर तुल्याउँदा नै साम्यवादी आन्दोलन ग्रामीण तहमा विस्तारित हुन पुगेको तथ्य देखापर्दछ । नेकपा (माले)को विकासका क्रममा भएका अनेकन सङ्घर्षहरूमा प्रगतिशील गीतको प्रयोग, उपयोग, अभ्यास, परिचालन र भूमिगत समयमा त्यसको जगमा पार्टी सङ्गठनहरूको समेत निर्माण हुनुले उक्त कुराको बलियो आधार पेश गर्दछ । गीतले नै राजनीतिक परिवर्तन गरेको भने होइन तर गीतले ल्याएको जागरण, त्यसले उमारेको चेतना र निर्माण गरेको विचारमार्फत एउटा प्रभावशाली शक्ति निर्माण हुनपुग्दा त्यो जनआन्दोलनको निम्ति महत्त्वपूर्ण आधार बन्न पुग्यो । उक्त आन्दोलनमा प्रगतिशील गीतले शक्ति उर्जा र चेतना प्रवाह गरी राजनीतिक दलको उद्देश्यको सेवामार्फत राजनीतिक चेतना अभिवृद्धि, कम्युनिस्ट पार्टीको सङ्गठन विस्तार, वर्गचेतना निर्माण, महिला मुक्ति र सशक्तिकरण, पञ्चायत विरूद्ध जनमत निर्माण, जातपात छुवाछूत विरुद्ध जनचेतनाको विकासमा सघाउ पुऱ्याएको थियो भन्न सकिन्छ । यसबाट पञ्चायती व्यवस्थाका विरूद्ध जनतालाई सचेत, जागृत र सङ्गठित गर्दै आफ्ना क्रियाशील सांस्कृतिक भूमिकामार्फत नेपालको राजनीतिक परिवर्तन (२०४६) को जनआन्दोलनमा सक्रिय रूपमा योगदान पुऱ्याएको थियो भन्ने कुरा प्रष्टरूपमा अनुभूत हुन आयो ।

यस अध्ययनलाई डेभिड ईस्टनको राजनीतिक प्रणालीको पद्दति सिद्धान्तको साँचोमा राखेर नेपालको राजनीतिक परिवर्तनको सन्दर्भमा प्रयोग भएका गीतहरूको सन्दर्भलाई विश्लेषण गर्दा गीतले उठाएका जातीय, वर्गीय र लैङ्गिक उद्देश्यका मागहरूले जनताको समर्थन प्राप्त गरेको भन्ने अध्ययनमा देखा परेको तर पञ्चायत प्रणालीका नीति, नियम र कानुनमा ती मागहरूलाई सम्बोधन

गर्ने कुनै कार्य नभएको देखिन्छ । जुन प्रणालीको एक प्रमुख कार्य थियो । त्यसमा तात्कालीन व्यवस्था चुकेको देखिन्छ । ती स्रष्टाहरूसँग कहिलै राजनीतिक प्रणालीले वार्ता, छलफल आदिको आवश्यकता महसुस गरेन । बरू उल्टै व्यवस्थाले वर्गसमन्वयको नीति अख्तियार गरी गीति अभियानहरूलाई निस्तेज पार्ने र दबाउने नीतिहरू लियो । यसबाट प्रणालीको आगत र निर्गत प्रक्रिया बीचको सन्तुलन कायम हुन नसक्दा त्यसले द्वन्द्व सिर्जना गर्ने काम गऱ्यो । प्रगतिशील कलाकारहरूले व्यवस्थाका विरूद्ध उठाएका मुद्धाहरूप्रति जनताले निरन्तर साथ समर्थन गरिरह्यो, साम्यवादी र प्रजातान्त्रिक आन्दोलनको केन्द्रमा ती गीत आन्दोलनकारी शक्तिको उर्जा स्रोत बन्न पुगे तर जनताका प्रतिक्रियाहरूलाई समेत नजरअन्दाज गर्ने काम भयो, गीती आवाजहरूलाई कुण्ठित पार्ने कार्यहरू हुन गए । प्रणालीले माग र समर्थनलाई समायोजन र सन्तुलन कायम गर्न नसक्दा राजनीतिक प्रणालीमा अस्थिरता उत्पन्न भयो, राजनीतिक प्रणालीले जनविश्वास गुमाउँदै गयो । गीत राजनीतिक प्रणाली परिवर्तनमा सहयोगी औजारका रूपमा थियो । निर्णायक दलहरू नै थिए । यसप्रकार समाजका अनेकन तत्वहरूको सम्मिश्रणबाट राजनीतिक दलहरूले शक्ति प्राप्त गरेका थिए । तिनले आ-आफ्नो ठाउँबाट राजनीतिक परिवर्तनका निम्ति भूमिका खेलेका थिए । व्यवस्थाले जनताको माग र समर्थनको दबाबलाई झेल्न सकेन । फलतः प्रणाली असफल बन्न पुग्यो । यसबाट राजनीतिक प्रणाली सिद्धान्तको आधारमा समेत प्रगतिशील गीत समाजमा माग उठाउने, समर्थन प्राप्त गर्ने र राजनीतिक प्रणाली माथि दबाब सिर्जना गर्ने एक बलियो औजार बनेको थियो भन्ने देखा पर्दछ । जनआन्दोलन २०४६ ले त्यसलाई तार्किक निष्कर्षमा पुऱ्यायो । त्यसमा नेपाली काँग्रेस, संयुक्त वाममोर्चा, राष्ट्रिय संयुक्त जनआन्दोलन लगायत विभिन्न वर्ग, तह, तप्का, पेशा, समुदाय, सँस्था र नागरिकहरूको भूमिका रहन गयो । यसबाट गीत एउटा परिवर्तनकारी शक्ति थियो भन्ने देखा पर्दछ ।

मार्क्सवाद सर्वहारा वर्गको पक्षमा आवाज उठाउने एक विचारधारा हो । यस्ले श्रमजीवी वर्गको मुक्ति सङ्घर्षद्वारा मात्र सम्भव ठान्दछ । द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादी दृष्टिकोण नै यसको मूल विचार सिद्धान्त हो । प्रस्तुत शोधका निम्ति प्राथमिक तथा द्वितीयक स्रोतहरूबाट प्राप्त भएका तथ्य, तथ्याङ्क त्यस माथिको विश्लेषण उपर उक्त सिद्धान्तको आधार लिएर समग्रतामा भन्नु पर्दा, प्रगतिशील गीतले मार्क्सवादी चेतना अनुरूप देशव्यापी रूपमा सामाजिक राजनीतिक चेतना अभिवृद्धि गर्ने, पञ्चायत विरूद्ध वर्गीय अन्तर्विरोध चर्काउने, महिला जागरण र चेतनामार्फत उनीहरूलाई राजनीतिक आन्दोलनको अवस्थासम्म तान्ने, आन्दोलनमा तिनको सङ्ख्यात्मक गुणात्मक सहभागिता बढाउने, जातपात छुवाछूत विरूद्ध जनचेतना जागृत गर्ने जस्ता अभिमुखिकरण र अभिसरण गर्ने कार्यमा योगदान दिएको पाइयो । समाजमा अन्तर्जातीय विवाहको चलन प्रगतिशील कलाकारहरूले पहिले आफैँबाट सुरु गरे । त्यस्ले समाजमा जातीय भेदभाव न्यूनीकरण गर्न टेवा पुऱ्यायो । प्रगतिशील गीतका उक्त मूलभूत भूमिकाको कारण आर्जन भएको सामाजिक विश्वास, सामर्थ्य र शक्तिको विकास हुँदै गई जनआन्दोलन (२०४६) को अवस्थासम्म आइपुग्दा त्यसले

सङ्ख्यात्मक, गुणात्मक दुवै रूपमा राजनीतिक परिवर्तनमा सघाउ पुऱ्याएको देखियो । प्रजातान्त्रिक आन्दोलन सफल पार्न निर्णायक शक्तिका रूपमा नेपाली काँग्रेस, संयुक्त वाममोर्चा र अन्य वामपन्थी दलहरूको भूमिका रहेता पनि विभिन्न वर्ग, तह, तप्काको भूमिका समेत अपरिहार्य रहेको अवस्थामा प्रगतिशील गीतहरूको पनि सक्रिय भूमिका देखा पर्न गएको हो । अनुसन्धानका क्रममा भएका अवलोकन, अन्तर्वार्ता र समूहगत छलफल र द्वितीयक स्रोतहरूबाट प्राप्त गुणात्मक तथ्यहरू र अन्तर्राष्ट्रिय दृष्टान्तहरू समेतलाई अनुभवका रूपमा लिई अध्ययनमा प्रयुक्त सिद्धान्त, मूल्य, मान्यता र दृष्टिकोणहरूका आधारमा विश्लेषण र संश्लेषण गर्दा प्रगतिशील गीतले राजनीतिक परिवर्तन (२०४६) मा योगदान पुऱ्याएको थियो भन्ने प्रष्ट आधार निर्माण हुन गयो ।

## ६.८ निष्कर्ष

प्रगतिशील गीतहरूले नेपाली समाजमा विश्वदृष्टिअनुरूपका वैज्ञानिक विचारहरू सम्प्रेषण गरेर राजनीतिक चेतना फैलाउने कार्यमा सघाउ पुऱ्याए । नेपाली कम्युनिस्ट आन्दोलनको सबैभन्दा ठुलो दल नेकपा (माले) को कार्य दिशालाई पछ्याउँदै समाजको आमूल परिवर्तनका निम्ति उनीहरूका गीतले राजनीतिक जागरण ल्याएको देखा पर्दछ । त्यसका निम्ति उनीहरूले श्रमजीवी जनताको पक्षपोषण गर्ने, शोषण, अन्याय र अत्याचारको विरोध गर्ने, सामाजिक विषमता र कुरीतिहरूका विरुद्ध जनचेतना प्रवाह गर्ने, देशभक्ति भावना जगाउने, सर्वहारावर्गीय अन्तर्राष्ट्रिय ऐक्यवद्धताको आह्वान गर्ने, विश्व समाजवादी आन्दोलनहरूको पक्षमा एक्यवद्धता जाहेर गर्ने जस्ता कार्यहरू गरेको देखियो । उनीहरूका गीतहरूले प्राप्त गरेको जनविश्वास र जनप्रियतालाई जनमतको आधार बनाउँदै नेकपा (माले) ले पार्टी सङ्गठन विस्तार र पार्टी सिद्धान्त-विचारको सन्देश जनसमुदायमा पुऱ्याउने माध्यम बनाई त्यसको जनाधारमा आधार इलाकाहरू निर्माण गर्ने गरेको देखा पर्न गयो । पञ्चायतकालीन समयमा भएका अनेकन सङ्घर्ष र आन्दोलनहरूमा प्रगतिशील गीतहरूको प्रयोग, उपयोग, अभ्यास, परिचालन र भूमिगत समयमा त्यसको जगमा पार्टी सङ्गठनहरूको निर्माण हुनुले प्रगतिशील गीतको शक्ति र सामर्थ्यको परीक्षण हुन्छ । गीतले नेपाली ल्याएको जागरण, त्यसले उमारेको सामाजिक चेतना र त्यसले उमारेको विचारमार्फत नेपालमा एउटा प्रभावशाली वामपन्थी शक्ति निर्माण हुनपुग्दा उक्त शक्तिबाट जनआन्दोलनलाई ठुलो सहयोग प्राप्त हुन गयो ।

राल्फा कुनै जाति, वर्ण, भाषा, भूगोल र संस्कृतिसँग जोडिएर बनेको थिएन । आन्दोलन सुरुका दिनमा यो कुनै वाद वा सिद्धान्तबाट प्रभावित थिएन । केवल गीत गाएर सामाजिक विद्रोह र असन्तुष्टि व्यक्त गर्ने गर्दथ्यो । उनीहरूका गीतमा लोक जीवनको यथार्थ, मर्म, त्यस अनुसारको साहित्यिक विम्बन र अन्तर्घुलनले कतिपय राल्फाका केही गीत अमूर्त र प्रयोगात्मकसमेत रहेका थिए । राल्फाको ग्रामीण क्षेत्रमा लोकप्रियता बढ्दै जाँदा कम्युनिस्ट घटक कोकेसँग राल्फा जोडियो । राल्फा विभाजनपछि उनीहरू २०३५ मा स्थापित नेपालको ठुलो कम्युनिस्ट घटक नेकपा (माले) सँग सङ्कल्पमा रूपान्तरित

हुन पुगे । सङ्कल्पले नेकपा (माले) को सङ्गठन निर्माणको आधार तयार पार्ने, पार्टीको सङ्गठन विस्तार गर्ने र जनमत सङ्ग्रहमा बहुदलको पक्षमा जनमत सिर्जना गर्ने कार्यमा भूमिका खेल्यो । आस्थाले स्वतन्त्र रूपमै रहेर वैचारिक आस्था र निष्ठाका कारण जनआन्दोलनमा जनतालाई जगाउने, क्रान्ति चेतना र उर्जा भर्ने काम गऱ्यो । मूलतः जातीय, वर्गीय, लैङ्गिक मुद्दामा प्रवेश गरेर समाजको आमूल परिवर्तनमा योगदान दियो । उनीहरूले महिला मुक्तिका सवालमा र अन्तर्जातीय विवाहलाई समेत प्रोत्साहित गरे । जब राल्फा भूमिगत दलीय राजनीतिमा प्रवेश गऱ्यो, नेकपा विभाजनले गर्दा राल्फा आफैँ राल्फाका रूपमा रहेन । सङ्कल्प, नेकपा (माले) मा आएको कार्यनीतिक विवादले विभाजन हुँदा आस्था परिवार स्वतन्त्र गीति अभियानका रूपमा आयो । उनीहरूले समाज परिवर्तनका निम्ति खेलेका भूमिका, साम्यवादी आन्दोलनमार्फत प्रजातान्त्रिक आन्दोलनमा खेलेका भूमिकाहरू २०४६ को जनआन्दोलनको पूर्वाभ्यास र पृष्ठाधार निर्माणका विषय हुन् ।

यस गीति आन्दोलनमा केही कमजोरी पक्ष पनि देखा परे । तिस वर्षसम्म कम्युनिस्ट पार्टीको प्रत्यक्ष-परोक्षरूपमा सेवा गरेका, व्यक्तिगत स्वार्थ र सुखसयलको जीवनमा नअल्झिएका राल्फा, सङ्कल्प र आस्थाका कलाकारहरू प्रजातन्त्रको पुनर्स्थापना पछि राजनीतिक नेतृत्वमा पुग्न भने सकेनन् । उनीहरू कम्युनिस्ट पार्टीको योजना र रणनीतिलाई सफल पार्ने साधन बन्न पुगे । राजनीतिक परिवर्तन पछि उनीहरू उपेक्षामा परेको हुँदा यसले उक्त तर्क गर्नेहरूलाई ठाउँ दियो । यस दृष्टिविन्दुबाट हेर्दा राजनीतिक परिवर्तनका निम्ति उनीहरूको योगदान कम्युनिस्ट पार्टीका लागि जनशक्ति निर्माण गरिदिने, जनाधार तयार गरिदिने, जनमत बटुल्दिने र सङ्गठन निर्माणको आधारभूमि तयार गरिदिने साधनका रूपमा मात्र रह्यो भन्ने अनुभव देखा परे । जब समाजमा वाद, प्रतिवाद तथा संश्लेषणको प्रक्रिया सुरू हुन्छ, तब समाजले परिवर्तनको नयाँ बाटो खोज्छ । पञ्चायतले अङ्गीकार गरेको सामन्तवादका विरूद्ध नयाँ जनवाद एवं समाजवाद स्थापना गर्ने उद्देश्यका निम्ति गाइएका गीत, गीति विषयवस्तु र एजेण्डाहरू त्यसै चेतनाका उपज थिए । जनआन्दोलन पछि एक बृहत् संवाद र संस्लेषणद्वारा प्रजातन्त्रको पुनर्स्थापनाको प्रक्रिया अघि बढ्दा प्रगतिशील गीत मात्रात्मकबाट गुणात्मक परिवर्तनको भूमिकामा देखा पर्न गयो । विश्लेष्य गीत, विषयक्षेत्र, तिनले उठाएका मुद्धाहरूलाई संस्लेषण गरेर भन्नु पर्दा, गीतले मुलुकको राजनीतिमा मात्र परिवर्तन खोजेका थिएनन्, समाजको आमूल परिवर्तन चाहेका थिए भन्ने स्पष्ट देखिन्छ । राजनीतिक प्रणाली बदलिने तर जनताको जीवन नबदलिने खालको अधूरो परिवर्तनले मुलुकलाई सही गन्तव्यमा पुऱ्याउँदैन । यसर्थ, गीतहरूले खोजेको बहुसङ्ख्यक श्रमजीवी वर्गको जीवनलाई समृद्ध तुल्याउने न्यायपूर्ण समाजव्यवस्था निर्माण गर्न नेतृत्वले विवेक पुऱ्याउँन आवश्यक देखिन्छ ।

# अध्याय : सात

# उपलब्धि र निष्कर्ष

नेपालमा २०१७ देखि २०४६ सम्म निर्दलीय पञ्चायती व्यवस्था कायम रह्यो । तात्कालीन व्यवस्थाका विरूद्धमा नेपालका प्रतिबन्धित राजनीतिक दलहरूले अनेकन सङ्घर्षहरू गरिरहे । विभिन्न कम्युनिस्ट घटकहरूको एकीकरण हुँदै बनेको नेपालको सबैभन्दा ठुलो वामपन्थी दल नेकपा (माले)को स्थापनासँगै प्रगतिशील गीति आन्दोलन पनि अघि बढ्यो । यसै सन्दर्भमा राल्फा, सङ्कल्प र स्वतन्त्ररूपमा रहेको मार्क्सवादी कलाकारहरूको समूह आस्थाले राजनीतिक व्यवस्था परिवर्तन (२०४६) मा पुऱ्याएको योगदानका सम्बन्धमा यो अध्ययन केन्द्रित रहेको छ । अध्ययनले मुलभूतरूपमा तिन वटा उद्देश्यहरू ग्रहण गरेका थियो । जसअनुसार पहिलो उद्देश्य- नेपालमा पञ्चायतकालीन समयमा प्रगतिशील गीतहरूको उद्भव र विकासक्रमको अध्ययन गर्नु, दोस्रो- नेपाल कम्युनिस्ट पार्टी (माले) को सङ्गठन विस्तारमा प्रगतिशील गीतको योगदानका बारेमा विश्लेषण गर्नु र तेस्रो- नेपालको राजनीतिक परिवर्तन (२०४६) मा प्रगतिशील गीतहरू (राल्फा, सङ्कल्प र आस्था) को योगदानको विवेचना गर्नु रहेको थियो । उल्लिखित उद्देश्यमा आधारित रही गरिएको अध्ययन अनुसन्धान पछि प्राप्त हुन आएका उपलब्धि निष्कर्षहरूलाई यस अध्यायमा प्रस्तुत गरिएको छ ।

**उपलब्धि उद्देश्य : १**

नेपालमा प्रगतिशीलता र प्रगतिशील गीतहरूको उद्भव र विकासका प्रारम्भिक प्रयासहरू आन्तरीक तथा बाह्य परिवेश र प्रभावहरूसँग जोडिएको पाइयो । त्यसमा खासगरी प्रगतिशील गीतहरूको उद्भवमा आन्तरीक रूपमा, नेपालमा कम्युनिस्ट पार्टीको स्थापना, राणा शासन विरोधी आन्दोलन, साहित्यमा स्वच्छन्दतावादी धारा, सामाजिक, राजनीतिक चेतना, प्रगतिवादी धाराको विकास मुलकारणका रूपमा देखा पर्न गयो भने बाह्यरूपमा सोभियत रूस, चीन आदि देशमा भएको समाजवादी आन्दोलनको प्रभाव कारणका रूपमा देखा परे । २०१७ को राजनीतिक परिवर्तनले पुँजीवाद, सामन्तवाद, साम्राज्यवाद, नव उपनिवेशवाद र शासकीय दमनका विरूद्ध प्रगतिशील प्रगतिशील गीत लेख्ने, गाउने चलन सुरू भयो । नेपालमा २०१७ मा स्थापित राजनीतिक प्रणालीमा राजाको भूमिकालाई नियमन, नियन्त्रण गर्ने कुनै निकायको व्यवस्था नहुँदा र बोल्ने, लेख्ने, सभा, सम्मेलन गर्ने, भेला हुने, सङ्गठन गर्ने जस्ता मौलिक अधिकारमाथि बन्देज लगाएको कारण उनले सञ्चालन गरेको पञ्चायती व्यवस्थालाई निरङ्कुश व्यवस्था भनियो । व्यवस्था विरोधीहरूलाई प्रतिबन्ध लगाउने क्रममा प्रजातान्त्रिक तथा मार्क्सवादी विचारको वकालत गर्ने कवि, साहित्यकार, लेखक, कलाकारहरूका विचार र उनीहरूका सिर्जनामाथि पनि प्रतिबन्ध लगाइयो । सैद्धान्तिक तथा वैचारिकरूपमै पञ्चायती व्यवस्था र प्रगतिशील गीतहरू दुई अलग धारामा विभक्त थिए । दुबैको

वैचारिक हीत र स्वार्थ बाझिनाले उनीहरू बीचमा अन्तर्विरोध र अन्तरसङ्घर्षको अवस्था देखा पर्न गयो । पञ्चायत जोगाउने र फाल्ने, मार्क्सवादी विचार सिद्धान्तअनुकूल राज्य प्रणाली स्थापना गर्ने र त्यसलाई रोक्ने दुई वर्गबीच द्वन्द्वात्मक स्थिति सिर्जना हुन पुग्यो ।

२००८ देखिनै अन्तरसङ्घर्ष सुरु हुँदै २० को दशकमा आइपुग्दा कम्युनिस्ट पार्टीमा विभाजित हुने क्रम बढेर गयो । यसको प्रभाव साहित्य र संस्कृतिको क्षेत्रमा पनि पर्न गयो । सङ्गठन निर्माणकै क्रममा २००९ मा प्रगतिशील लेखक, कलाकारहरू सम्मिलित प्रलेस स्थापना गरियो । प्रगतिशील सिर्जनाहरू खुलेर जनसमक्ष आउन थाले । २०१० देखि २०१८ सम्म प्रगतिशील गीतका संस्थापक सर्जकका रुपमा गोकुल जोशीका अनेकन प्रगतिशील गीतहरू जनमानसमा आए । यसैक्रममा रेडियो नेपालको विभेद र सेन्सरको मारमा परेका विद्रोही युवाहरूले २०२४ मा राल्फा नामको एउटा विद्रोही सङ्गीत समूहको स्थापना गरे । २०२७-२८ मा चलेको झापा विद्रोहले विभाजित कम्युनिस्ट आन्दोलन भित्रको निष्क्रियता र निराशामाथि आशा जागृत गऱ्यो । उक्त घटनाको सेरोफेरोमा राल्फा गीति अभियानले सामाजिक-सांस्कृतिक क्षेत्र र शासन व्यवस्थामा समेत एउटा तरङ्ग ल्यायो । राल्फा सुरुवातमा वैचारिकरूपले स्पष्ट नभएको तर छिट्टै यसले मार्क्सवादी विचारलाई अङ्गाल्न पुग्दा उनीहरूका सिर्जना कम्युनिस्ट पार्टीका विचार अस्त्र बन्न पुगे । त्यस्ले सर्वसाधारण जनता मात्र नभई कम्युनिस्ट आन्दोलनकै नेताहरूलाई समेत पनि प्रभाव पाऱ्यो । ती नेताहरूको प्रशिक्षण र निरन्तर मार्क्सवादको अध्ययन बढ्दै जाँदा राल्फाले आफूलाई वैचारिकरूपले सुसज्जित बनायो । ३० को दशकको पूवार्धमै नेकपा विभाजित हुँदा उनीहरू पनि विभाजित बन्न पुगे । राल्फा अखिल नेपाल कम्युनिस्ट क्रान्तिकारी कोअर्डिनेसन केन्द्र (माले) सँग आबद्ध हुन पुग्यो । २०३५ मा नेकपा (माले) को स्थापना पछि सङ्कल्प परिवार उदायो । राल्फाका धेरै जसो कलाकारहरू सङ्कल्पमा आबद्ध हुन पुगे । उनीहरूको प्रभाव सामाजिक-सांस्कृतिक हुँदै राजनीतिक वृत्तमा पुग्यो ।

२०३६ को विद्यार्थी आन्दोलन र जनमत सङ्ग्रहको घोषणापछि सङ्कल्प गीति कार्यक्रम लिएर प्रगतिशील कलाकारहरूले गाउँ-गाउँ छिचोले । गीतले नयाँ जागरण र वर्गीय चेतनाको नयाँ विचार समाजलाई दियो । लैङ्गिक, जातीय, वर्गीय र सामाजिक मुद्दाहरूलाई गीतले समाजमा स्थापित गरिदियो । विशेषतः किसान, मजदुर र महिलाहरूलाई ती गीतले धेरै प्रभाव पाऱ्यो । गीतबाट प्रेरित भएर ग्रामिण महिलाहरू आफ्नो हक, अधिकारको खोजी गर्ने अवस्थामा पुगे । पूरूषदासत्व र ज्यादतिका विरुद्ध बोल्न थाले । जातभात र छुवाछुत विरूद्ध समाजलाई जागरूक बनायो । ती विषयमा सामाजिक बहस सुरु भयो । धेरैजसो कलाकारहरूले अन्तर्जातीय विवाह गरेर सामाजिक सुधारका प्रक्रियामा जोडिन पुगे । त्यस्को प्रभाव आन्दोलन र जनजीवनमा पऱ्यो । अन्तर्जातीय विवाहका थुप्रै दृष्टान्तहरू समाज सामु पेश भए । उनीहरूले गाएका सर्वहारा वर्गीय गीत, उनीहरूले लिएको सिद्धान्त र व्यवहारबीचमा एकरूपता देखा पर्न जाँदा त्यस्ले जनताको

विश्वास जित्यो । उनीहरूप्रति हेर्ने सामाजिक दृष्टिकोणमा बदलाव आयो । जनताले राजीखुशीले दिएको कुरा मात्र लिने, जनताले जे दिन्छन् त्यही खाने, जस्तोमा सुत्न दिन्छन् त्यस्तैमा सुत्ने, जनताबाट सियो र धागोसम्म नि लिँदैनौँ भनि गीत गाउने र जनतासँग सोही अनुसारको व्यवहारले सामाजिक अन्तर्घुलन बढेर गयो । उनीहरूका बोली, व्यवहार, संस्कार, चालचलन, मानव मर्यादाका कुराहरू र उनीहरूद्वारा व्यक्त विचारहरूको सामन्जस्यपूर्ण संश्लेषणले समाजमा रूपान्तरण ल्यायो । उनिहरूको गीति प्रभावले सङ्कल्पका सह-उत्पादन समूहहरू गाउँगाउँमा देखा परे । गीतले व्यवस्थाविरोधी जनमत बढाउँदै गयो । त्यसको प्रभावले तात्कालीन नेकपा (माले) को सङ्गठन शक्ति बढ्दै गयो । त्यस्ले पञ्चायतको क्षयीकरण र राजतन्त्रको अवशानमा भूमिका खेल्यो ।

पार्टी भित्रको आन्तरिक विवादका कारण सङ्कल्प विघटन हुँदास्वतन्त्र अस्तित्व लिएर आस्था परिवार जन्म्यो र प्रजातन्त्र पुनर्स्थापनाको आन्दोलनमा सक्रिय भयो । उनीहरूले मार्क्सवादी मूल्य मान्यता र वामपन्थी विचार अनुकूल आफूलाई आन्दोलनमा हिँडाए । आस्थाले राल्फा, सङ्कल्प देखिका आफ्ना मूल सिर्जनाहरूलाई स्वामित्वकरण गर्दै कम्युनिस्ट राजनीति र जनआन्दोलनको गुणात्मक विकासमा सहयोग पुऱ्यायो । त्यसबाट जनविश्वास बढाउने काम भयो । जनआन्दोलनका मोर्चाहरूमा आस्थाका गीतहरू धेरै गुञ्जिए । आस्थासँग व्यवस्थालाई दबाब दिने खालका गीतहरू भएकै कारण जनआन्दोलनमा आस्थाका कलाकारहरू निशानामा परे । उसका पञ्चायत विरोधी गीतहरूले व्यवस्था विरोधी अवधारणालाई बल पुऱ्यायो ।

**उपलब्धि उद्देश्य : २**

नेकपा (माले) को सङ्गठन विस्तारमा प्रगतिशील गीतको विवेचना गर्नु यस अध्ययनको दोस्रो मूल उद्देश्य हो । २००६ मा स्थापना भएको नेकपा माथि २००८ मा प्रतिबन्ध लागेता पनि यसले २००९ देखि २०१३ सम्म सामन्तवाद विरोधी आन्दोलनमा सक्रिय भूमिका खेल्यो । अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन ध्रुवीकृत हुँदै जाँदा कम्युनिस्ट पार्टीमा विभाजन र एकीकरणको क्रम सुरु भयो । एकीकरणको क्रममा झापा जिल्ला कमिटी र नेपाल क्रान्तिकारी सङ्गठन, मोरङसहित विभिन्न कम्युनिस्ट प्रतिनिधिहरूले २०३२ जेठमा अखिल नेपाल कम्युनिस्ट क्रान्तिकारी कोअर्डिनेसन कमिटी (माले) गठन गरे । २०३५ मा स्थापित मालेमा मुक्तिमोर्चा, पूर्वको रातो झन्डा, पश्चिमको रातो झन्डा (सन्देश), क्रान्तिकारी कम्युनिस्ट दल, कम्युनिस्ट क्रान्तिकारीहरू, माले अध्ययन समूहजस्ता अनेक सङ्गठनहरू मिल्दै गएपछि नेकपा (माले) नेपालको सबैभन्दा ठुलो कम्युनिस्ट घटक बन्न पुग्यो । कम्युनिस्ट आन्दोलनको अर्को धारा केन्द्रीय न्युक्लियस हुँदै चौथो महाधिवेशन, मशाल-मसाल, ने.क.पा. (एकता केन्द्र) तथा ने.क.पा. (माओवादी) अन्ततः ने.क.पा. (माओवादी केन्द्र) हुँदै अगाडि बढ्यो । तीसको दशकदेखि नेपाली कम्युनिस्ट आन्दोलन मुख्यतया यिनै दुई धारामा ध्रुवीकृत हुँदै गए ।

पञ्चायती भूमिगतकाल, राजनीतिक दलहरूमाथि प्रतिबन्धको अवस्था, व्यवस्थाको दमन, धेरै जसो नेताहरू बन्दी जीवनमा र निर्वासनमा रहेको प्रतिकूल अवस्थामा दलहरूलाई राजनीतिक गतिविधि गर्न सहज थिएन । उक्त परिस्थितिमा पार्टी सङ्गठन गर्न सिधै जनताको घर दैलोमा पुग्न सक्ने अवस्था नभएको बेला त्यसको वैकल्पिक माध्यम प्रगतिशील गीतहरू बन्न पुगेका थिए । यसमा विश्व कम्युनिस्ट आन्दोलनका अनुभव जस्तै : पेरिस, रूस, चीन, भियतनाम, क्युबा आदि देशहरूको सांस्कृतिक अनुभवका आधारमा पार्टीले सांस्कृतिक भूमिकालाई प्राथमिकतामा राख्यो । जनमत सङ्ग्रहताका नेकपा (माले) सङ्कल्प गीति कार्यक्रम लिएर गाउँगाउँमा पुग्यो । पार्टी सङ्गठन कमजोर भएका ठाउँहरूमा गीति कार्यक्रम गर्दै पार्टीले आफ्नो पकड क्षेत्र विस्तार गर्दै गयो । भूमिगत पार्टी इञ्चार्ज नेताहरूको निर्देशन रहने ती कार्यक्रमहरू सम्पन्न भएपछि मूल्याङ्कन गर्ने, र गीतमा रूझान भएकाहरूको छनौट गर्ने गरिन्थ्यो । छनौटमा परेकाहरूलाई मार्क्सवादी साहित्यिक पत्रपत्रिकाहरू पढ्न दिइ त्यस्मा रूची राख्नेहरूलाई क्षमता, भूमिकाका आधारमा जनसङ्गठनको जिम्मेवारी दिइन्थ्यो । त्यसबाट खारिएकाहरूलाई क्षमता र भूमिकाकै आधारमा पार्टी सङ्गठनमा आबद्ध हुन पुग्थे । यसरी नेकपा (माले) ले प्रगतिशील गीत र गीति कार्यक्रमहरूको माध्यमबाट आफ्नो सङ्गठन, जनशक्ति र पार्टी पंक्ति निर्माण गर्दै गएको पाइयो ।

उक्त गीति अभियानबाट प्रभावित भएर कयौं मानिस पार्टीमा सङ्गठित बन्दै गई उनीहरू राजनीतिक मूलधारमा आएको देखिन्छ । उनीहरू प्रजातन्त्रको पुनःस्थापना पछि विभिन्न तहका नेता, सांसद्, पार्टी नेतृत्व र राष्ट्रका महत्त्वपूर्ण पदीय जिम्मेवारीमा पुगेको पाइयो । लेनिनले व्यक्त गरे जस्तो, कला, साहित्य आन्दोलनको दाँती र पेच किलाका रूपमा गीत क्रान्तिको आधारभूमि निर्माणको हतियार बन्न पुगेको देखियो । यस्ता गीतहरूले एकातिर जनचेतना जगाउने, राजनीतिक चेतना भर्ने काम गरेको पाइयो भने अर्कातिर त्यसैको आडमा पार्टी सङ्गठन विस्तार हुँदै जाँदा त्यस्ले दलीय पद्धतिको विकासमा समेत महत्त्वपूर्ण सहयोग पुग्दै गएको देखियो । कार्यनीतिक हिसावले त्यो अभ्यास सफल ठहरिन पुग्दा जनसम्पर्क, जनसङ्गठन, पार्टी सङ्गठन निर्माण हुँदै पार्टी आधार इलाका र जनाधारको जग बसाउन गीतले परिणाममूखी भूमिका खेल्यो भन्न सकिने अधार मिल्यो । गीतको प्रभावले नेकपा (माले) को पक्षमा जनमत सिर्जना हुँदा सङ्गठनात्मक शक्तिको विकासमा टेवा पुग्न गयो । गीतहरूले सङ्गठन र जनवर्गीय आन्दोलनलाई भूगोलमा विस्तार गर्नमा सघाउ पुऱ्याउँदा मालेको राजनीतिप्रति जनविश्वास बढ्न पुग्यो । गीतहरूले व्यक्तिगत, सामूहिक र भावनात्मक सम्बन्ध निर्माण हुँदै त्यसकै भावभूमिमा पार्टी सङ्गठनमा आबद्धता लिनेहरूको सङ्ख्या बढ्दै गयो । अन्ततः सोही शक्ति मात्रात्मकबाट गुणात्मक रूपमा रुपान्तरण हुँदै गई जनआन्दोलनको सांस्कृतिक शक्तिका रूपमा रुपान्तरित हुन पुग्यो ।

नेपाली समाजमा गढेर बसेका कम्युनिस्ट विचार लक्षित अनेकन भ्रमपूर्ण आक्षेपहरूलाई प्रगतिशील गीतहरूले खारेज गरिदिए । त्यस्ता गीतहरूको प्रभाव र भावभूमिबाट उठेका, पार्टीले प्रशिक्षण दिएका मानिसहरू प्रजातन्त्रको पुनर्स्थापनाको आन्दोलनमा विभिन्न मोर्चाबाट समाहित बनेका थिए ।

कुनै पनि देशको क्रान्ति र निर्माणका निम्ति जनतानै मुख्य र निर्णायक शक्ति हुन्छन् । तर राजनीतिक शक्तिका स्रोत अनेक हुन्छन् । तिनलाई राजनीतिले नै नेतृत्व दिन्छ । यसर्थ, संयुक्त जनआन्दोलनको निर्णायक शक्ति नेपाली काँग्रेस र संयुक्त वाममोर्चा लगायतका शक्तिहरू नै हुन् भन्नेमा दुई मत छैन । गीत साधन हुन्, साध्य राजनीति नै हो भन्नेमा पनि कुनै द्विविधा छैन, तर प्रतिकूल र प्रतिबन्धित विशेष राजनीतिक परिस्थितिका कारण त्यसबेला प्रगतिशील गीतहरू नेकपा ( माले) को पार्टी सङ्गठनको आधार र आधा शक्तिका रूपमा रहन गएको तथ्यहरूले नै देखाउँदछ । २०४६ को राजनीतिक परिवर्तनमा नेतृत्वदायी भूमिका नभए पनि गीति स्रष्टाहरूले जनआन्दोलन २०४६ मा महत्त्वपूर्ण भूमिका निर्वाह गरे । यसरी नेकपा (माले) को सङ्गठन विस्तारमा प्रगतिशील गीतको योगदान प्रजातन्त्र प्राप्तिको साझा उद्देश्यमा रूपान्तरित हुन पुगि प्रजातन्त्रको पुनर्स्थापनाको आन्दोलनमा सफलता प्राप्त हुन गयो । तर परिवर्तन पछि कम्युनिस्ट आन्दोलन संसदीय राजनीतिमा मिसिएपछि वर्गविहीन समाजको परिकल्पना गरिएका गीतहरूका मुद्दाहरू ओझेलमा पर्न पुगे । आफ्नो कलालाई व्यापारको वस्तु नबनाएर जनताको सेवामा समर्पित उनीहरूका गीतले उठान गरेका सामाजिक समस्याहरूलाई राजनीतिक उपलब्धिले मात्र सम्बोधन गर्न सकेन । त्यसो हुँदा उनीहरूले उठाएका कतिपय प्रश्नहरूले स्वयम् उनीहरूलाई नै प्रश्न गर्ने अवस्था सिर्जना हुन गयो । यसले ती स्रष्टाहरूमा नेतृत्वसँग असन्तुष्टि बढ्न गयो । प्रजातान्त्रिक समाज व्यवस्थामा उनीहरूको सहभागिता नहुँदा उनीहरू अलमलिन पुगे । प्रगतिशील गीतहरूलाई, कठिन उकालो चड्दा शरीर थाम्न प्रयोग गरिने वस्तु र राजनीतिक आन्दोलनमा लट्ठीका रूपमा उपयोग गरी सत्तारोहणको सहज बाटोमा आइपुगेपछि भूमिगत जीवनका बैशाखीहरू एकएक गरी मिल्काइएको देखिन्छ । फलतः परिवर्तनपछि पार्टी संसदीय राजनीतिमा अघि बढे पनि ती स्रष्टाहरू भने पछाडी नै छोडिएको र नेतृत्व त्यसबाट लाभ लिन चुकेको अवस्था तथ्यहरूले देखाउँदछ ।

**उपलब्धि उद्देश्य : ३**

राजनीतिक परिवर्तन एक्कासी हुँदैन, गुणात्मक र मात्रात्मकरूपमा हुने गर्दछ । मार्क्सवादको सिद्धान्त अनुसार राजनीतिक परिवर्तन राजनीतिक सङ्घर्षको द्वन्द्ववाद हो । २०४६ को राजनीतिक परिवर्तन पनि आकस्मिक थिएन । २०१७ देखिनै विभिन्न रूपका व्यवस्था विरोधी सङ्घर्ष र आन्दोलनहरू अघि बढिरहेका थिए । समाजको भित्रीतहमा प्रगतिशील गीतहरूले श्रमजीवी वर्गीय पक्षधरताको वकालत गरिरहेका थिए । त्यसपछिका अनेकन राजनीतिक सङ्घर्ष र आन्दोलनहरूले २०४६ को संयुक्त जनआन्दोलनको परिस्थिति निर्माण हुन पुग्यो । परिवर्तन चेतनाको जगमा निर्मित

हुने हुँदा यसै प्रक्रियामा मानिसको चेतना परिवर्तनमा गीतहरूको भूमिका देखा पर्न गयो । दलहरू प्रतिबन्धित रहेको, अभिव्यक्ति स्वतन्त्रता कुण्ठित पारिएको अवस्थालाई चिर्दै साम्यवादी दलका विचारहरू जनतामा पुऱ्याउने प्रक्रियाको सहजीकरणमा प्रगतिशील गीतहरू उत्तम माध्यम बन्न पुगे । तुलनात्मकरूपमा गीति गतिविधिनै जनसम्बन्धका निम्ति केही सहज र अनुकूल रहेकोले राजनीतिक गतिविधिको सुन्यतालाई चिर्ने काम गीतले गरे । यसक्रममा ती कलाकारहरूले पञ्चायतको दमन, जेलनेल र यातना समेत झेले । पञ्चायतको चर्को दमनले जनतासँग टाढिएका दल र जनताबीचको सम्बन्ध जोड्ने भरपर्दो र विश्वाशिलो आधार प्रगतिशील गीतहरू बन्न पुगे । त्यस्ले तात्कालीन नेकपा (माले) को राजनीतिक उद्देश्य र विचारलाई जनताको घर दैलोमा पुऱ्याउँदै राजनीतिक आन्दोलनको आधारभूमि तयार पार्ने कामलाई सघायो । नेकपा (माले) को नीति अनुरूपनै गीतहरूले गाउँलाई आधार बनाउँदै लगे । गीतकै माध्यमबाट पार्टी कार्यकर्ता उत्पादन हुँदै गए । मजदुर, किसान, महिला, यूवा, विद्यार्थी, संस्कृतिकर्मीलगायत विभिन्न मानिसहरू गीति चेतनाबाटै नेकपा (माले) को विभिन्न जनसङ्गठन र पार्टी सङ्गठनमा गोलबन्द हुँदै राजनीतिक मूलधारमा आए ।

राल्फाका गीतले वामपन्थी राजनीतिप्रति मानिसको चासो बढायो । सामाजिक जागरणको अवस्था सिर्जना गऱ्यो । सङ्गठनको निकट पुग्न ती गीतले भावनात्मकरूपमा सघाउँदै राजनीतिक आन्दोलनको पृष्ठभूमि तयार पार्ने काम गऱ्यो । जनमत सङ्ग्रहको केही खुकुलो अवस्थालाई उपयोग गर्दै सङ्कल्पले विभिन्न समूह निर्माणगरी देशव्यापीरूपमा राजनीतिक जागरण ल्यायो । कम्युनिस्ट आन्दोलनप्रति चासो बढाउने कार्यमा उनीहरूको भूमिका प्रभावकारी रह्यो । त्यस्ले बहुदलीय व्यवस्थाको पक्षधरता मात्र निर्माण गरेन व्यवस्था विरोधी जनमत बढाउन समेत भूमिका खेल्यो । राज्यले अख्तियार गरेको सामन्ती संस्कार र संस्कृतिका विरूद्ध राजनीतिक चेतना र जागरण पैदा गर्ने काम गरे । मालेले गीती कार्यक्रममार्फत जनस्तरमा विचारधारात्मक र सङ्गठनात्मक शक्तिलाई बलियो बनाउने काम गऱ्यो । आस्था परिवारले २०४६ को जनआन्दोलनमा प्रजातान्त्रिक एवं प्रगतिवादी लेखक, कवि, कलाकारहरूसँग सहकार्य गर्दै निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्यका निम्ति भएको प्रजातन्त्रको पुनर्स्थापनाको आन्दोलनलाई सक्रियरूपमा सघायो । उनीहरूका गीतहरू जनआन्दोलनका नारामा मिसिए । आन्दोलनका उर्जा शक्ति बने । मानिसहरूलाई भावनात्मकरूपमा आन्दोलित तुल्याउन, आन्दोलनमा क्रान्तिकारी भावना मिश्रण गर्नमा आस्थाका गीत सहयोगी बने ।

२०४६ को जनआन्दोलनमा राल्फा, सङ्कल्प र आस्था तीनवटै समूहका गीतहरू जनआन्दोलनकारीका स्वर बनेर गुञ्जिएका थिए । जनआन्दोलन अघि ती गीत जनता र पार्टीको हीतमा गाइएका थिए भने जनआन्दोलनमा क्रान्ति उर्जा भर्ने, जनतालाई गोलबन्द गर्ने, उत्प्रेरित गर्ने कार्यमा सहयोगी बने । जनआन्दोलन अघि गीतको भूमिका राजनीतिक चेतना अभिवृद्धि र सङ्गठन निर्माणमा केन्द्रित थियो, जसको चेतनाले मानिसहरू प्रशिक्षित हुँदै जनआन्दोलनमा आएको देखा

पर्दछ । आन्दोलनका क्रममा अघि पछि पनि कतिपय कलाकारहरू पक्राउ परे, उनीहरूले अनेकन् दमन र यातना खेपे । ती गीत सुन्ने कतिपय श्रोताहरूले समेत ज्यान समेत गुमाउनु पऱ्यो । खासगरी वर्ग चेतनाका गीतले सीमान्तकृत र अल्पसङ्ख्यामा रहेका मानिसहरूलाई समेत उद्वेलित र आन्दोलित तुल्यायो । त्यस्ले व्यवस्था विरोधी भावना र धारणा परिवर्तन ल्याउनमा सहयोग पुऱ्यायो । गीतले ल्याएको राजनीतिक चेतना, सङ्गठनको निर्माण र विस्तारको अवस्था, जनशक्तिको निर्माण आदि अन्ततः तात्कालीन नेकपा (माले) को शक्तिमा रूपान्तरित हुँदै जनआन्दोलनमा गुणात्मकरूपमा मिसिएको थियो । यसले पञ्चायतको क्षयीकरणमा सहयोग पुऱ्यायो । परिणाममा त्यस्ले नेपालको प्रजातन्त्रको पुनर्स्थापनाको आन्दोलनलाई नै निष्कर्षमा पुऱ्याउन मद्दत गऱ्यो । राजनीतिक दमनको दुष्चक्रको अवधिमा पनि सर्वसाधारणमा अधिकारका लागि लड्ने चाहना मुखरित गर्ने कार्यमा यस्ता गीतहरू र गीति कार्यक्रमहरूले जनतामा प्रभाव पारेको देखिन्छ ।

राजनीतिक चेतना विस्तारको उद्देश्यका साथ प्रगतिशील समूहहरूद्वारा प्रगतिशील गीत सङ्गीतको व्यापक प्रयोग, त्यसप्रति जनताले देखाएको चासो, साथ, समर्थन, जनसहभागिता र त्यसको प्रभावमा जनआन्दोलनमा जनसहभागिता बढ्न गएको अवस्था, जनआन्दोलनका बेला प्रगतिशील कलाकारहरूको नियमित सार्बजनिक प्रस्तुति, निरङ्कुशता विरूद्ध अधिकारका लागि लड्न प्रेरित गर्नु, त्यस विरूद्ध सङ्घर्ष गर्ने बलिदानी भावना जगाउनु, जनआन्दोलनप्रति जनतालाई अभिप्रेरित गर्ने मनोभाव पैदा गर्नु, पञ्चायती प्रशासनको चरम दमनको अवस्थामा देशव्यापी रूपमा गाउँ-गाउँ पुगेर जनतालाई जागृत गर्नु, व्यवस्थाले त्यसबाट दबाब महसुस गरी दमनमा उत्रनु, आन्दोलनमा आस्थाका कलाकारहरूलाई बढी केरकार गर्नु, मानसिक यातना दिनु, कार्यक्रममा हस्तक्षेप र धरपकड गर्नु, जेल हाल्नु, प्रगतिशील गीतको प्रभावको प्रत्यक्ष मापन गर्न सकिने आधारहरू हुन् । २०४६ को जनआन्दोलनले पञ्चायतको अन्त्य गरी बहुदलीय व्यवस्थाको पुनर्स्थापना गरेको अवस्था, प्रगतिशील गीतले आन्दोलनका विषयवस्तु बनाएका जातीय समानता, नारी पुरुष अधिकारमा समानता, अन्धविश्वास, रूढिवाद विरोधी चेतनाको विकास र संविधानमा तिनको प्रत्याभूति, प्रगतिशील गीतले गाउँघरमा ल्याएको सामाजिक चेतना र जागरण, जनआन्दोलनमा ती कलाकारहरूको सक्रिय भूमिका, प्रगतिशील गीत जनआन्दोलन उठाउने सामूहीक आवाजका रूपमा प्रस्तुत भएको अवस्था आदि प्रगतिशील गीतको योगदानका मापन गर्ने आधारहरू हुन् ।

संश्लेषण गरेर भन्नु पर्दा, राल्फाको योगदान- नेपालमा कम्युनिस्टहरू विभाजित रहेको, जनसम्पर्क टुटेको अवस्थामा जनचेतना र जागरण पैदा गर्ने सांस्कृतिक आधारका रूपमा, सङ्कल्पको योगदान- पार्टी सङ्गठन विस्तार, जनशक्ति उत्पादन र पार्टी विस्तार गर्ने भूमिकामा र आस्थाको योगदान-आन्दोलनमा उर्जाशक्ति प्रवाह गर्ने, जनतालाई गोलबन्द गर्ने, भावनात्मक र अभिप्रेरणामूलक भूमिकामा आन्दोलनको सहयोगीका रूपमा देखा पऱ्यो । प्रगतिशील गीतले २०४६ को

जनआन्दोलनमा निर्णायक भूमिका खेल्यो भन्ने कुरा होइन, निर्णायक शक्ति राजनीतिक दलहरू नै हुन् । गीतले दलहरूले लिएको संयुक्त जनआन्दोलनको उद्देश्यलाई सांस्कृतिकरूपमा अझ बलियो बनाएका हुन् । त्यो निकै प्रभावकारी थियो भन्ने कुरा अध्ययनमा देखा पर्न गयो । यसक्रममा उनीहरूमा केही कमजोरीहरू पनि देखा परे । उनीहरूले आन्दोलनमा साझा सांस्कृतिक मोर्चा बनाएर आन्दोलनमा एकीकृतरूपमा शक्ति प्रदर्शन सकेको भए अझ दबाबमूलक भूमिका खेल्न सक्थे । यसो हुँदा पृथक् अस्तित्व पनि निर्माण हुन सक्थ्यो । उनीहरूले आ-आफ्ना पार्टी निकट समूहमार्फत आन्दोलनमा भूमिका खेले । विभाजित रहनु उनीहरूको कमजोरी रह्यो । अर्को कुरा, सांस्कृतिक रूपमा पार्टीको विकासमा मात्र केन्द्रित रहँदा उनीहरू राजनीतिक रूपमा आन्दोलनको नेतृत्व गर्न भने चुके । जसको कारण राजनीतिक उपलब्धि पछिको राजनीतिक स्रोत र शक्तिको बाँडफाँडमा पछि पर्दा पार्टीबाट उपेक्षित हुन पुगे । उनीहरूका गीतले परिकल्पना गरेको राजनीतिक प्रणाली स्थापित भयो तर उनीहरूको जीवनमा भने खासै परिवर्तन देखा परेन ।

### सैद्धान्तिक उपलब्धि

प्रगतिशील गीतहरूले वर्गीय प्रेमको माध्यमबाट जनतासँग आत्मीय सम्बन्ध स्थापित गर्दै वर्गसङ्घर्ष चर्काउँन, वर्गीय प्रेमद्वारा भावनात्मक, वैचारिक सम्बन्धको विकास गर्दै सांस्कृतिक, सामाजिक, राजनीतिक क्षेत्रमा प्रवेश गरी राजनीतिक परिवर्तनमा लोकप्रिय भूमिका खेल्न सक्छ भन्ने कुरा सैद्धान्तिकरूपमा अभिलेखमा राख्न सकिन्छ । गीत सामाजिक चेतनाको रूप हो, चेतना सामाजिक अस्तित्वको उपज हो । गीत अधिरचनाको वैचारिक रूप भएकोले गीति चेतनाले पनि सामाजिक अस्तित्वमा फेरबदल गराउँनमा भूमिका खेल्न सक्छ भन्ने दार्शनिक कुराको व्यावहारिक संस्लेषणका रूपमा यस अध्ययनलाई दृष्टान्तका रूपमा लिन सकिन्छ । जनआन्दोलन (२०४६)मा प्रयोग भएका प्रगतिशील गीत, गीतका शब्द, भावनाहरू र त्यसमा सङ्लग्न कलाकारहरू, समाजका सचेत समुदायका उपज हुन् भन्ने कुराको नयाँ ज्ञान यस अध्ययनबाट मिल्छ । तर नेतृत्वले संसदीय राजनीतिलाई आत्मसात् गर्न पुग्दा संसदवाद भित्र साम्यवादी राजनीतिक मार्गदिशा अलमलमा पर्न गयो र त्यसले परिवर्तित सन्दर्भमा मुलुकको गीति सांस्कृतिक आन्दोलनलाई स्पष्ट दिशा दिन सकेन । समाजलाई बृहत् उपलब्धि दिएर प्रगतिशील कलाकारहरू भने नेतृत्वबाट उपेक्षित पुग्नुलाई *युज एण्ड थ्रो* "प्रयोग गर र फ्याँक" सिद्धान्त अभ्यासको रुपमा हेर्न सकियो ।

### निष्कर्ष

प्रगतिशीलहरूले आफ्ना गीति सिर्जनाहरूको माध्यमबाट निर्दलीय पञ्चायती व्यवस्था विरूद्ध निरन्तर सङ्घर्ष गर्दै जनतामा वर्गीय भावना उराल्ने र सामन्तवाद विरूद्ध जनतालाई उकास्ने काम गरे । उक्त कार्यले सामाजिक-राजनीतिक अन्तर्विरोधहरू चर्काउने, सामन्तवर्गका विरूद्ध वितृष्णा र घृणा पैदा गऱ्यो । त्यसले पञ्चायतलाई कमजोर बनाउने काम गऱ्यो । गीति अभियानका क्रममा कलाकारहरू

समेत जेल बसे, यातना खेपे । गीतको प्रभावले नेकपा (माले) को जनमत बढ्दा दलीय व्यवस्थाको सबलीकरण र पञ्चायती व्यवस्थाको क्षयीकरणमा सघाउ पुग्न गयो । गीतले मानिसको संवेदनालाई समाउँदै विचारको कोठासम्म पुऱ्याउने र मालेले तिनलाई प्रशिक्षित गरी पार्टीका नेता, कार्यकर्ताका समेत बनाएका अनेकन दृष्टान्तहरूले दलीय जनशक्ति उत्पादनमा गीतको योगदान देखिन आयो । उक्त शक्ति अन्ततः मालेको सङ्गठन निर्माण प्रक्रिया हुँदै २०४६ को जनआन्दोलनमा मिसिनु र त्यसले जनताको ठुलो साथ, समर्थन पाउनुले जनआन्दोलनमा गीतको प्रभाव देखा पर्दछ । समाजका विभिन्न क्षेत्रहरू मजदुर, किसान, महिला, विद्यार्थी, शोषित, पीडित, दलित वर्गलगायत नेपाली समाजका विभिन्न तह, तप्काहरूमा प्रवेश गरी तत्अनुरूपका गीतहरूको प्रयोग र अभ्यासहरूबाट राजनीतिक चेतना बढाउने काम भयो । पार्टीको सङ्गठन कमजोर भएका ठाउँमा गीति कार्यक्रम गरी पार्टी सेल्टर निर्माण गर्ने र त्यसमा अभिरूचि राख्नेहरूलाई क्षमता हेरेर पार्टीमा जिम्मेवारी दिने गरिएबाट गीतले मालेको सङ्गठनात्मक प्रभाव विस्तारमा योगदान पुऱ्याएको तथ्य स्थापित हुन्छ । परिवर्तनको प्रक्रिया मात्रात्मकबाट गुणात्मक अवस्थातर्फ रूपान्तरण हुँदै जाने हुँदा गीत मानिसको अनुभूतिको तह हुँदै चेतनामा, चेतनाबाट व्यवहारमा र सोही कुरा राजनीतिक जीवनमा प्रकट हुन पुगेको थियो भन्न सकियो । जातीय विभेद माथि प्रहार गरिएका प्रगतिशील गीतहरूले मानवतावादी दृष्टिकोणमा परिवर्तन ल्यायो । यसबाट, गीतले जनतासँग आत्मीय सम्बन्ध गाँस्दै वर्गीय प्रेमको माध्यमबाट सामाजिक, राजनीतिक र सांस्कृतिक जागरण, सङ्गठनात्मक विकास र दलीय राजनीतिमा संलग्नताको लामो प्रक्रियाहुँदै राजनीतिक परिवर्तनको दिशा समातेको स्पष्ट हुन जान्छ । यसबाट वर्ग चेतनाको सैद्धान्तीकरणलाई प्रगतिशील गीतहरूले व्यावहारीकरण गरी राजनीतिक परिवर्तनको आन्दोलनमा योगदान पुऱ्याएको देखिन्छ ।

२०४६ को जनआन्दोलनमा राजनीति र गीति संस्कृतिको सम्मिश्रणले प्रजातान्त्रिक आन्दोलनलाई भावनात्मक, वैचारिक र प्रत्यक्ष भूमिकामार्फत योगदान दियो । त्यस्ले जनतालाई सचेत, सूचित र जागृत तुल्याउँदै परिवर्तनको भावभूमि निर्माण, राजनीतिक चेतना, जनशक्ति र जनमतको निर्माणमा महत्त्वपूर्ण योगदान गऱ्यो । यसबाट व्यवस्था विरोधी भावनाको विकास हुन गई व्यवस्थाको क्षयीकरणमा मद्दत पुग्दा राजनीतिक दलहरूको नेतृत्वमा निरङ्कुश पञ्चायती व्यवस्था विस्थापित हुन पुग्यो ।

प्रगतिशील स्रष्टा, उनीहरूका गीत र गीति कार्यक्रमको कमजोरीको कुरा गर्दा, उनीहरू कतिपय वामपन्थीहरू बाटै आलोचित थिए । खासगरी सुरुवातीचरणका राल्फाका अस्तित्ववादी, अराजकतावादी सोच, व्यक्तिगत स्वतन्त्रताको उग्रधारणाहरू आलोचनाका विषय बनेका हुन् । राल्फामा केही विचलन देखा पऱ्यो । तर समयक्रमसँगै प्रगतिवादी चेतनाले राल्फालाई वैचारिकरूपमा सङ्गठित बनायो । सिद्धान्त र सङ्गठन केन्द्रित हुन पुग्दा उनीहरू नेकपाको विभाजनसँगै विभाजित हुन पुगे । पार्टी भित्रको आन्तरिक विवादले सङ्कल्प परिवार विभाजित हुँदा प्रगतिशील गीतको

शक्तिमा क्षयीकरण हुन पुग्यो । आस्थाले राल्फा, सङ्कल्पले जसरी आस्थाले आफूलाई राष्ट्रव्यापी तुल्याउन सकेन । यसका भूमिकाहरू राजधानी केन्द्रित रहन पुगे । उनीहरूले उठाएका आमूल परिवर्तन, शोषणरहीत समाजको स्थापना लगायतका अपेक्षाहरू पुरा हुन सकेनन् । नेतृत्वले खुला राजनीतिमा प्रगतिशील गीतहरूको औचित्य र आवश्यकतावोध गर्न चुक्दा प्रजातन्त्र पछि प्रगतिशील गीति आन्दोलन निरन्तर कमजोर बन्दै गयो । प्रजातन्त्र पछि प्रगतिशील गीत उत्पादन र प्रसारण भइरहे तर स्रष्टाहरूको क्रियाशीलतामा सिथिलता उत्पन्न हुन गयो । संस्कृतिकर्मीहरूको उचित मूल्याङ्कन, इतिहासको संरक्षण गर्ने दिशामा पहलकदमी उठाइएन । केही स्रष्टाहरू राज्यको महत्वपूर्ण निकायमा पुगे तर उनीहरूले समेत गीतले उठाएका मागहरू सम्वोधन गर्न सकेनन् । कति कलाकार निष्क्रिय बने भने कतिपयले दयनीय आर्थिक अवस्था भोगे । कम्युनिस्ट आन्दोलनले खुला राजनीतिमा सांस्कृतिक आन्दोलनको महत्ववोध गर्न सकेन । नयाँ राजनीतिक परिवेशमा गीति सिर्जनामा समेत कालजयीकरणको अभाव रह्यो ।

गीत, सङ्गीत राजनीतिक परिवर्तनको एउटा साधन हो, यसले जनतालाई राजनीतिक क्रान्तिको कार्यभार पुरा गर्न सघाउँदछ । क्रान्तिको कार्यभार राजनीतिक शक्तिले मात्र पुरा गर्दछ । गीत, सङ्गीतले क्रान्तिका लागि जनशक्ति उत्पादन गर्ने, चेतना वृद्धि गर्ने र समाजलाई बाटो देखाउने काम गर्दछ । तसर्थ, राल्फा, सङ्कल्प तथा आस्थाका गीतहरूले राजनीतिक परिवर्तनमा सोही अनुसारको योगदान पुऱ्याएका हुन् । परिवर्तनका लागि चाहिने मूल तत्व- राजनीतिक चेतनालाई सुदृढ तुल्याउन गीतहरूले योगदान दिएका हुन् । राजनीतिक आन्दोलनको मूल मुद्धा संसद्, सरकार, संविधान, आवधिक चुनावजस्ता विषयहरूमा बढी केन्द्रित हुन थाले पछि सामाजिक, सांस्कृतिक मुद्धाहरू ओझेलमा पर्दै गए । कम्युनिस्ट पार्टीहरूमा अवसरवादी मानिसहरूको समेत आकर्षण बढ्दै जाँदा ती स्रष्टा र नेतृत्वबीच दुरी बढ्न जाँदा कला, साहित्य सङ्गीतका क्षेत्रहरू समेत पछि पर्दै गएको तथ्यहरूले देखाउँदछ । ती गीतले उठाएका विषयहरू राजनीतिक कार्यसूचिमा नपर्दा प्रगतिशील गीति आन्दोलन झनै कमजोर बन्दै गयो । नेपालको साम्यवादी आन्दोलन विभिन्न धारामा विभक्त हुँदा त्यस्को सांस्कृतिक लाभ लिन साम्यवादी शक्तिहरू चुक्दै गए । कलाकारहरूबाट नेतृत्वले अझ धेरै योगदान लिन सक्थ्यो, तर प्रजातन्त्रको पुनर्स्थापना पछि 'खोलो तऱ्यो लौरो बिर्सियो' को अवस्था सिर्जना हुँदा उनीहरू नेतृत्वबाट उपेक्षित हुन पुगे । सिङ्गो जीवन परिवर्तनका निम्ति खर्चेका कलाकारहरूको सिर्जनात्मक शक्तिलाई राजनीतिक नेतृत्वले बुझ्न सकेन, जसले गर्दा कम्युनिस्ट पार्टी निर्माण गर्न र पञ्चायत फाल्न प्रभावशाली भूमिका खेलेका कलाकारहरू नेतृत्वविहीन अवस्थामा पुगे । फलस्वरुप परिवर्तित सन्दर्भमा सुस्पष्ट राजनीतिक मार्गदर्शन, तिनको व्यावहारिक संयोजन, उचित प्रेरणा, संरक्षणको अभावमा प्रगतिशील सांस्कृतिक आन्दोलन दिशाहीन अवस्थामा पुग्यो भन्ने मत बहुमतमा देखा पर्दछ । गीत कम्युनिस्ट पार्टीको जनविश्वास आर्जन गर्ने र जन गोलबन्दिकरण गर्ने माध्यम बनेको अवस्थामा त्यसले व्यवस्था विरोधी भावनाको विकासमा असाधारण योगदान दिएको

देखिन्छ । यसबाट प्रगतिशील गीतहरूले राजनीतिक परिवर्तनका निम्ति चाहिने उत्सुकता, चासो, उद्वेलना, उर्जा र चेतनाको आपूर्ति गर्ने काम गरे भन्न सकियो । वर्गीय, जातीय, लैंङ्गिक शोषण र विभेद विरोधी भावनाको उत्कर्षनै राजनीतिक परिवर्तनका निम्ति चाहिने आन्दोलनको बलियो आधार हो । जीवनको सम्पूर्ण उमेर र उर्जाशील समय देश, जनता, पार्टी सेवामा समर्पित जनताका कलाकारहरू राजनीतिक विचार सङ्गठनसँगको कसिलो सम्बन्ध टुट्न पुग्दा कतिपय कलाकारमा विचलन समेत देखा पर्न गयो । अझै पनि रामेश, श्याम तमोट, रामकृष्ण दुवाल लगायत आस्था परिवारका कलाकारहरूले सार्थक सङ्गीत प्रतिष्ठानमार्फत आफ्नो क्रियाशीलतालाई कायम राखी समाजलाई गतिशील उर्जा दिइरहेकै देखिन्छन् भने कतिपयले प्रगतिशील धार बदलेर 'व्यावसायिक' बनाउँदै गएकाछन् । सङ्गीतको एउटा समूह अझै राष्ट्रिय जनसांस्कृतिक महासङ्घसँग आवद्ध भएर नेकपा (एमाले) जनवर्गीय सङ्ठनका रूपमा क्रियाशील छ । राजनीतिक पार्टीहरू प्रतिबन्धित भएको बेला कम्युनिस्ट शब्दको विकल्प र पर्याय बनेको 'प्रगतिशील' र 'जनवादी' शब्द 'प्रजातन्त्र पछि नेतृत्वको पूर्वाग्रहको शिकार बनेको देखिन्छ । यसबारेमा आजसम्म कुनै खोज, अनुसन्धान, प्राज्ञिक अध्ययन, विश्लेषण नहुनु र तत् सम्बन्धि आफ्नै इतिहासलाई नजरअन्दाज गरिनु, इतिहासको अभिलेखीकरण नहुनु र यसलाई तात्कालिक प्रयोगको दृष्टिकोणबाट मात्र हेरिनु र त्यसतर्फ अग्रसरहरूलाई समेत प्रोत्साहित नगरिनुले उक्त कुराको अन्तर्य देखा पर्दछ ।

अनुसन्धानमा प्राप्त तथ्य र विभिन्न विद्वानहरूका विचार, समूहगतगत छलफल, अन्तर्वार्ता, अवलोकन, मार्क्सको वर्गसङ्घर्ष, मात्रात्मकबाट गुणात्मक परिवर्तनको नियम, सिद्धान्तका आधारमा हेर्दा चेतना र विचारको माध्यमबाट जनमत निर्माण गर्दै समाजको आमूल परिवर्तनका निम्ति प्रगतिशील गीतहरूले राजनीतिक परिवर्तनमा योगदान पुऱ्याएको देखिन्छ । तिसौं वर्षसम्म निजि जीवन त्यागेर व्यक्तिगत स्वार्थ र सुखसयलमा नअल्झिई कम्युनिस्ट पार्टीकै नीतिअनुसार आफूलाई परिष्कृत गर्दै देश र जनताको सेवामार्फत मुलुकको राजनीतिक परिवर्तनमा योगदान दिएको कुरा उल्लिखित तथ्यहरूले स्पष्ट पार्दछ । यस अर्थमा, नेपालको राजनीतिक परिवर्तन २०४६ मा प्रगतिशील गीतहरूको योगदान रहेको कुरा सिद्ध हुन आउँछ । गल्ती, कमजोरीबाट शिक्षा लिँदै नेतृत्व र कलाकारहरूले सामूहीकढङ्गले अघि बढ्ने सोच, सिद्धान्त र व्यवहारको उचित संयोजन र व्यावहारिक परिमार्जन हुन सके प्रगतिशील गीतहरूबाट समाजले अझै लिन सक्ने ठाउँहरू र अवस्थाहरू नभएका होइनन्, त्यो मूलतः नेतृत्वको विवेकमा भर पर्दछ ।

**भविष्यमा गर्न सकिने अनुसन्धानका विषयहरु**

क . नेपालको राजनीतिक परिवर्तनमा प्रगतिशील सांस्कृतिक संस्थाहरूको योगदान ।

ख . वेदना, इसास, रक्तिम परिवार, सामना परिवार, आदिका योगदानका विषयहरू ।

ग. २०६२-६३ को जनआन्दोलनमा प्रगतिशील गीतहरूको योगदान (२०४६-२०६३) ।

घ. २०५२-६२ को माओवादी सशस्त्र विद्रोहको कालखण्डमा प्रगतिशील गीतको योगदान

## परिशिष्ट - एक

# अन्तर्वार्ता लिएका व्यक्तित्वहरूको विवरण

| क्र. सं | थर, नाम | परिचय | अन्तर्वार्ता मिति र स्थान | फोन नम्बर |
|---|---|---|---|---|
| १ | उदय श्रेष्ठ | प्राज्ञ सदस्य, प्रगतिशील गायक तथा सङ्गीतकार | २०७६, ८/२२, इमाडोल ललितपुर । | ९८४१२०६८०२ |
| २ | कुमार कार्की | प्रगतिशील गायक, २०३६ देखि सांस्कृतिक अभियानमा सक्रिय । | २०७६, १०/२६, अनामनगर काठमाडौँ । | ९८५१०६११५६ |
| ३ | चन्द्र भण्डारी | प्रगतिशील गीतकार, सङ्गीतकार । अनेरास्ववियुका राष्ट्रिय अध्यक्ष, पत्रकार महासङ्घका पूर्व महासचिव । | २०७५, ६/१५, झापा मेची । | ९८५२६७२३४४ |
| ४ | जीवन शर्मा | रक्तिम समूहमार्फत गीति अभियान चलाउँदै हिँडेका गायक, सङ्गीतकार | २०७५, ९/१८, अनामनगर काठमाडौँ । | ९८४१२९८५४२ |
| ५ | जेबी टुहुरे | जनसांस्कृतिक मञ्चका पूर्वअध्यक्ष, गायक एवम् महिला गीति आन्दोलनका स्रष्टा । | २०७६, ९/२६, बल्खु काठमाडौँ । | ९८४१३५१३७९ |
| ६ | टङ्क कार्की | २०३६ को विद्यार्थी आन्दोलनका नेता, अनेरास्ववियुका पूर्व राष्ट्रिय अध्यक्ष, चीनका लागि पूर्व नेपाली राजदूत | २०७६, १०/२३, सुकेधारा काठमाडौँ । | ९८५११३८६२९ |
| ७ | प्रदीप ज्ञवाली | नेपाली वाम राजनीतिज्ञ तथा पूर्व परराष्ट्र मन्त्री तथा प्रगतिवादी, साहित्यकार एवम् संस्कृतिकर्मी । | २०७६, १०/२३, कुपण्डोल काठमाडौँ । | ९८५१०८८२२२ |
| ८ | प्रदीप नेपाल | प्रगतिशील साहित्यकार, | २०७६, ९/२२, पेप्सीकोला | ९८५११०२५२६ |

| | | | | |
|---|---|---|---|---|
| | | पञ्चायतकालमा प्रगतिशील गीति अभियानका इञ्चार्ज, पूर्व सूचना तथा सञ्चारमन्त्री । | काठमाडौँ । | |
| ९ | माधव प्रधान | प्राज्ञ सदस्य । पञ्चायतकालीन विद्यार्थी गीति फाँटका सांस्कृतिक संयोजक, गायक, सङ्गीतकार । | २०७६, ९/२२, सिंहदरबार । काठमाडौँ । | ९८४९३२५८३८ |
| १० | मेघराज मञ्जुल | प्राज्ञ सदस्य, कवि, साहित्यकार । राल्फा तथा सङ्कल्प गीति भूमिकावाचक । | २०७६, १२/२०, सातदोबाटो । काठमाडौँ । | ९८५१९५१३६८ |
| ११ | मोदनाथ प्रश्रित | गीतकार, साहित्यकार, राजनीतिज्ञ, पूर्व शिक्षा मन्त्री, प्रगतिशील सांस्कृतिक अभियन्ता । | २०७६, ९/२६, थानकोट काठमाडौँ । | ९८४१८१४२९७ |
| १२ | निनु चापागाईं | प्रगतिवादी समालोचक, मार्क्सवादी सौन्दर्यचिन्तक, राल्फा गीति आन्दोलनका संस्थापक मध्येका एक सदस्य । | २०७५, ७/९, सानेपा काठमाडौँ । | ९८४१४३७८१४ |
| १३ | रघुजी पन्त | नेपाली राजनीतिज्ञ, सांसद । पत्रकार, सङ्कल्प परिवारका संस्थापक संयोजक एवम् प्रगतिशील संस्कृतिकर्मी । | २०७६, ९/२६, कमलादी काठमाडौँ । | ९८४१३४६२४६ |
| १४ | रामकृष्ण दुवाल | प्रगतिशील गायक एवम् लोक सङ्गीत विज्ञ । गीति आन्दोलनमा सक्रिय व्यक्तित्व । | २०७६, १०/३, कीर्तिपुर काठमाडौँ । | ९७४१०१२३४५ |
| १५ | रामेश, श्रेष्ठ | राल्फा आन्दोलन, सङ्कल्प तथा आस्था परिवार तिनै घटकका गायक, सङ्गीतकार एवम् सर्जक | २०७६, १२/१२, छाउनी । काठमाडौँ । | ९८५१०६३३७८ |
| १६ | रायन श्रेष्ठ | कुलपति, सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान । राल्फा गीति आन्दोलनका गायक- सङ्गीतकार | २०७६, १०/२, विशालनगर । काठमाडौँ । | ९८४११७९३६१६ |
| १७ | विजय सुब्बा | प्रतिनिधि सभाका सदस्य, प्रगतिशील गीति आन्दोलनका अगुवा कलाकार । | २०७६, ११/२८, कोटेश्वर काठमाडौँ । | ९८५११५२७०० |
| १८ | श्याम तमोट | प्राज्ञ सदस्य । ३० को दशकदेखि सक्रिय रहेका प्रगतिशील गीतकार एवम् संस्कृतिकर्मी । | २०७६, १०/११ स्वयम्भु । | ९८५२०२३८८६ |

| | | | | |
|---|---|---|---|---|
| १९ | शम्भु राई | उपकुलपति, सङ्गीततथा नाट्य प्रज्ञा प्रतिष्ठान । सङ्कल्प गीति कार्यक्रमका एक प्रमुख गायक, सङ्गीतकार र सङ्गीतकर्मी | २०७५,९/१४, मैतीदेवी काठमाडौं । | ९८५१०२३५२३ |

# जनआन्दोलन गर्ने बारेको राजनीतिक प्रस्ताव:

## नेपाली काँग्रेसलको २०४६ माघ ५, ६ र ७ गते काठमाडौंमा भएको राष्ट्रिय सम्मेलनद्वारा पारित

१. आज हाम्रो राष्ट्र नेपाललाई एकैचोटि अनेक समस्याहरूले आक्रान्त पारेका छन् । एकातर्फ मुलुकको आर्थिक अवस्था दिनानुदिन अत्यन्त खराब हुंदै छ भने अर्कोतर्फ विदेशी ऋणको भार अत्यधिक रूपमा बृद्धि भइरहेको छ । विदेशबाट गरिब नेपाली जनताका नाममा ल्याइएको ऋण एवम् सहयोग समेत पञ्चायती सत्ता टिकाउन र सत्तामा रहेका मुट्ठीभर तत्वको सुविधा भोगका लागि प्रयोग भइरहेछ । वास्तवमा निर्दलीय पञ्चायतको सत्ता पक्षले आफ्नो निरंकुश शासन व्यवस्था टिकाई राख्न मुलुकको अर्थतन्त्रलाई नै ध्वस्त पारेको छ ।

२. पञ्चायतको गलत नीतिले गर्दा संसारका गरीब राष्ट्रहरूमा पनि दरिद्रतम चार मुलुकमध्ये एक हुन पुगेको नेपालका दीनहीन नेपाली जनतामाथि नेपाल भारतका बीच व्यापार एवम् पारवाहनका विषय उत्पन्न गतिरोधका कारण बिगत दश महिनादेखि अरू कष्ट थपिएको छ । यसै अकासिंदो महँगीलाई यसले अझ बृद्धि गरी गरीब जनताको ढाड नै भाँच्चिएको छ । विगत दश महिनाको लामो अवधि भइसक्दा समेत यस पञ्चायती सरकारले समस्या समधान गरी नेपाली जनतालाई राहत दिन सकेन ।

३. आज देश भ्रष्टाचार र दुर्व्यसनको खाडलमा डुबिसकेको छ । समाजका हर राम्रा पक्षलाई विकृतिहरूले डस्न थालेका छन् । सर्वत्र घूसखोरी, कमिशनतन्त्र, अवैध कारोबार आदि जस्ता कुराले प्रश्रय पाएका छन् । मुलुकमा न्याय भनेको आकाश कुसुम जस्तो भैसक्यो । सत्तामा रहेका र उनका समर्थकहरू जति खत गरे पनि माफी हुने अराजक स्थिति आज देशको वास्तविकता भइसकेको छ ।

४ मुलुकमा देखा परेका यी विभिन्न अवाञ्छनीय प्रवृत्ति र तिनका कारणबाट उत्पन्न संकटको मूल कारण अप्रजातान्त्रिक निर्दलीय पञ्चायती व्यवस्था नै हो । २०१७ साल पुष १ गते नेपाली जनता र नेपाल राष्ट्रका विरूद्ध जनविरोधी एवम् राष्ट्रघाती कार्य गरियो । त्यो कार्य थियो प्रजातन्त्रको समाप्ति र पञ्चायतको स्थापना । हाम्रो यस धर्तीमा त्यसै दिनबाट अनिष्ट कुराको बीजारोपण भयो । हामी आज त्यसैको दुष्परिणाम भोग्दै छौं । पञ्चायतको सत्ता पक्षले विगत तीस वर्षको लामो अवधिको घातप्रतिघातका बीच पनि आफूले २०१७ सालमा गरेको गल्तीलाई

सच्याउनेतर्फ सोच्न चाहेन । उल्टो त्यस गल्तीलाई सही सावित गर्न अनेक प्रपञ्च, जालझेल र षडयन्त्र गरी नै रह्यो । एक दशक पहिले भएको जनमत संग्रहको अभ्यासलाई निरर्थक सावित गर्ने षड्यन्त्रपूर्ण कार्य पनि पञ्चायतको सत्ता पक्षबाटै भयो ।

५. देश सबै नेपालीको साझा मन्दिर हो । राष्ट्रका बारे सबै नेपालीका साझा भावना विकास होस् भन्ने प्रयत्न हामीले संकेत गर्दै आएका छौं । सबैमा साझा भावना तब मात्र विकास हुन्छ जब मुलुकमा प्रजातन्त्रको प्राण प्रतिष्ठा हुनेछ । त्यसैले प्रजातन्त्रमा मात्र राष्ट्रिय एकता कायम हुन सक्छ ।

६. राष्ट्र निर्माणका लागि राष्ट्रिय एकता अनिवार्य कारक तत्व हो भन्ने कुरा नेपाली कांग्रेसको धारणा सदैव रहिआएको छ । हाम्रा आदरणीय जननायक स्व. विश्वेश्वरप्रसाद कोइराला र लौहपुरुष सर्वमान्य नेता श्री गणेशमान सिंहजीका साथै हजारौं नेपाली कांग्रेसका कार्यकर्ताहरूले आफ्नो प्राणको बाजी लगाएर २०३३ सालमा मुलुकभित्र प्रवेश गरी हामीले राष्ट्रिय एकता र सहमतिको वातावरण कायम गर्न गरेको प्रयत्न सबैका सामु स्पष्ट नै छ । राष्ट्रिय एकता र सहमति कायम गर्न सधैं बाधक तत्वको रूपमा पञ्चायती सत्तापक्ष नै रह्यो । यसैले गर्दा आज राष्ट्र झन्झन् गम्भीर संकटतर्फ घचेटिंदै छ । राष्ट्रमाथि संकट देखिएका बखत राष्ट्रिय एकता र सहमति कायम गरी राष्ट्र निर्माणमा सबै नेपाली जुट्नुपर्नेमा पञ्चायतको सत्ता पक्ष नै विपक्षलाई काट्छौ मास्छौं भन्दै विभेद र अझ विभाजनका गहिरा रेखाहरू कोर्दै छन् । यी उनीहरूका तर्फबाट गरिदै आएका घोर अराष्ट्रिय एवम् जन विरोधी कार्यका थप अंश हुन् । यस अवस्थामा नेपाली कांग्रेस आफ्नो राष्ट्रिय दायित्वबाट पन्छन सक्दैन ।

७. तसर्थ मुलुकमा पुनः पूर्ण बहुदलीय प्रजातन्त्रको स्थापना गरी राष्ट्रिय एकता र सहमतिका आधारमा यस राष्ट्र निर्माणको अभिभारा हामी सबै नेपालीको साझा कर्तव्य हो भन्ने स्थिति कायम गर्नका लागि नेपाली कांग्रेस फागुन ७ गतेको ऐतिहासिक दिनबाटै शान्तिपूर्ण "जनआन्दोलन" गर्ने निर्णय गर्दछ । हामी सबैले एकपटक अतिततिर फर्केर हेरौं, फागुन ७ गतेको गरिमाले नेपाल राष्ट्रलाई उठाएको थियो र हामी सबैले त्यस दिन सबै नेपालीको स्वतन्त्रता र समानतालाई सम्मान गर्दै यो राष्ट्रलाई निर्माण गर्ने प्रतिज्ञा गरेका थियौं । जसरी २००७ सालको क्रान्तिमा हामीलाई सबै नेपालीको सहयोग र मित्रहरूको नैतिक समर्थन प्राप्ता भएको थियो, त्यस्तै सहयोग र समर्थन अहिले पनि प्राप्त हुने विश्वास नेपाली कांग्रेस राख्दछ ।

*(स्रोत : डा. सूर्यमणी अधिकारी, नेपाली कांग्रेसको राजनैतिक इतिहास २०५९)*

# ाष्ट्रय जन आन्दोलनको निम्ति
# संयुक्त आव्हान

## फाल्गुण ७ गते आन्दोलनको पहिलो दिन

निरंकुश पंचायती व्यवस्था नेपाली जनता माथि जबरजस्ती लादिएको २९ वर्ष भयो। नेपाली जनताको सम्पूर्ण अधिकार खोसिएको छ। मुख थुनिएको छ। बिना हात हतियार भेला हुने, सभा गर्ने र जुलुस गर्ने सम्म राजनैतिक लगायत सबै प्रकारका स्वतन्त्र संस्था माथि बन्देज लगाएको छ। नेपाली जनता सर्वमान्य संयुक्त राष्ट्र संघ द्वारा निर्धारित मानव अधिकारबाट पनि बंचित छन।

नेपाली जनताको आर्थिक जीवन झन काहाली लाग्दो छ। महंगी आकाशीएको छ। बेरोजगारीले जीवन त्रस्त ध्वस्त छ। तस्करी र कमिशन तन्त्र यस व्यवस्थाको आर्थिक मेरुदण्ड भएको छ। मुट्ठीभर धनिहरू र आम जनता बिचको आर्थिक खाडल दिन परदिन फराकिलो हुदै गएको छ। साधारण जनताको जीवन आर्थिक रूपले बर्बर र हात मुख जोर्नलाई गाह्रारो पर्दिराखेको छ।

यस जन विरोधी पंचायती व्यवस्थाले गर्दै आएको अन्याय अत्याचार र शोषणको विरुद्ध नेपाली जनता निरन्तर संघर्षमा छन्। आज नेपाली जनता सजग र सचेत भै सकेका छ। आफ्नो हक हितका लागि एक नेपालीका हैसियतले बाँच्नका लागि सडकमा उत्रन बाहेक अर्को विकल्प देख्न छोडिसकेका छन। आज सम्पूर्ण देश नै आन्दोलित भएको छ। परिस्थिति उत्साहवर्धक छ। नेपाली जनताले एकै आवाजमा परिवर्तनको माग गरिरहेका छन्। समग्र रूपले हेर्दा आज हरेक दृष्टिकोणले आन्दोलनको स्थिती अनुकुल छ। कांग्रेस कम्युनिष्टका आ-आफ्ना अवधारणा र दर्शन भएता पनि आज कतिपय कुराहरूमा सहमतिका बिन्दुमा पुगी गोलबन्द भएका छन। विभिन्न समुहका विभाजित कम्युनिष्टहरूको संयुक्त मोर्चाको गठनले भावि जन आन्दोलनमा निश्चय नै ठूलो बल पुर्याउने छ। इतर प्रश्नमा आज देखा परेको राजनैतिक मतैक्यता स्थिती आफैमा नौलो र ऐतिहासिक छ। आम नेपाली जनताको मनोगत स्थिती र देशको वस्तुगत स्थितीमा आज सामाञ्जस्यता आएको छ। यही नै आन्दोलनको सबभन्दा अनुकुल स्थिती हो। यस जन विरोधी व्यवस्थाले चलाइ आएको विभाजनको राजनीति अब चल्नेवाला छैन। प्रति पक्षहरूको बीचमा हिजोको स्थिती छैन। आज के कांग्रेस के कम्युनिष्ट सबैको एउटै तात्कालिक राजनैतिक लक्ष्य छ। एउटै नारा छ– निर्दलिय पंचायती व्यवस्थाको अन्त र बहुदलिय प्रजातान्त्रिक व्यवस्थाको स्थापना तसर्थ शान्ति प्रगती र प्रजातन्त्र चाहने देशका तमाम संघर्षशिल प्रजातन्त्रवादी, वामपंथीहरू, मजदुर, विद्यार्थी, युवा, कर्मचारी, किसान, शिक्षक वकील, पत्रकारी व्यापी तथा महिलाहरूलाई यस आन्दोलनमा सहयोग तथा सहभागी हुन आव्हान गर्दछौ। हामीहरू एकजुट भएमा कुनै पनि शक्तिले रोक्न सक्दैन। यो आन्दोलन जनताको आन्दोलन हो, हामी आफ्नो मनमा कुनै हिचक वा दुबिधा नराखी निर्भय भै आन्दोलनमा

उठौं पंचायत रुपी निर्दमीय पाखोलाई धुंडालौ । विजय सत्यको नै हुन्छ । सत्य जनताको शक्ति हो । निरंकुश पंचायती व्यवस्थाको दिन अस्ताउन थालिसकेको छ । तानाशाह रहेछ, तेजोवध भै सकेको छ । शोषीको, दिन शोषीको राजनीति हाम्रो हो । समर्थ आउनुहोस हामी सब एक जुट भै देशमा बहुदलिय प्रजातान्त्रिक व्यवस्था स्थापना गर्न कम्मर कसी आन्दोलनमा उठौं । परिवर्तन अवश्यम्भावी छ ।

## हाम्रो आगामी साझा कार्यक्रम यस प्रकार हुने छ–

१– फाल्गुण ७ गतेका दिन–

देश व्यापी रुपमा दुबैले आफ्ना आफ्ना झण्डाका साथ आफ्नो बल लिएर जुलुस प्रदर्शन र आम सभा गरी पार्टीहरु उपर विगत २९ वर्ष देखि लागेको प्रतिबन्ध-लाई तोड्ने ।

२– फाल्गुण ८ गतेका दिन–

नेपाल बन्दको कार्यक्रम अन्तर्गत सम्पूर्ण यातायात, शिक्षण संस्था व्यापार, कल कारखाना, उद्योग धन्दा र पसलहरु बन्द गर्ने ।

३– फाल्गुण १४ गतेका दिन–

सारा देश भरी वर्तमान पंचायती व्यवस्थाको विरोधमा कालो दिवश मनाउन कालो झण्डा कालो पट्टी बाँधी प्रदर्शन र आम सभा गर्ने ।

४– फाल्गुण १९ गतेका दिन–

पुन राष्ट्र व्यापी रुपमा नेपाल बन्द गर्ने ।

अन्य कार्यक्रम पछि प्रकाशित गरिने छ तर स्थानिय रुपमा भने परिस्थिती अनुसारको कार्यक्रम बिचको समयमा पनि संचालन गरिरहने आव्हान छ ।

मितिः– २०४६ साल माघ २७ गते

**नेपाली कांग्रेस/संयुक्त वाम मोर्चा**

कृष्ण प्रसाद भट्टराई
का. वा. अध्यक्ष

सहाना प्रधान
अध्यक्ष

**स्रोत :** मीरा बस्नेत (वि.सं. २०५३). नेपालको प्रजातान्त्रिक आन्दोलनमा महिला वर्गको भूमिका. अनुसूची २

जनआन्दोलन नेपालीहरूको रहर होइन बाध्यता हो। पञ्चायतको निरङ्कुशता र शोषणको गर्भबाट बाध्य भएर उठ्न लागिरहेको राष्ट्रिय जन-आन्दोलनमा तन, मन र धनले सहयोग गरी प्रजातन्त्र स्थापनाको लागि समर्पित होऔं। देशको सम्पूर्ण जनसंख्याको आधा भाग ओगट्ने महिलाहरूको सहभागिता बिना प्रजातन्त्र प्राप्तिको लक्ष्यमा पुग्न नसकिने कुरा व्यक्त गर्दै सम्पूर्ण महिला जगत्लाई आन्दोलनमा उत्रनका निम्ति हार्दिक आह्वान गर्दछौं।

"संयुक्त संघर्ष कमिटी"
पदम कन्या क्याम्पस
बागबजार

**जन आन्दोलन आजको आवश्यकता हो**
**बहुदल आजको अपरिहार्यता हो।**

यो जनआन्दोलन नेपालीहरूलाई पंचायतको दासताबाट मुक्त गर्न र स्वतन्त्र नेपालको तिर डाको राख्न हो। २००७ सालमा प्राप्त गरेको प्रजातन्त्रको पुन प्राप्ति गर्दै यो शान्तिपूर्ण आन्दोलनले सर्वसत्तावादी एकदलिय स्वरूपको यो तानाशाही व्यवस्थाबाट मुक्त भई बहुदलीय खुला समुद्रमा नेपाललाई पुनः प्रतिस्थापित गर्नका लागि हो।

जनसंख्याको आधाभाग ओगटेको नारी समाजलाई यस व्यवस्थाले मध्य युगीन बर्बर अवस्था तिर धकेलेको छ। एकातिर भने कथित नेतृत्व प्राप्तिका लागि दुर्गत आतंक धरौटी ऐने संस्कार बनाएकोले कथित महिला संगठन आज पंचहरूलाई मनोरञ्जन आपूर्ति गर्ने माध्यम बनेको कटु सत्यलाई कसैले नकार्न सक्दैन। आज नारी जातिको उत्थान गर्न, समान अधिकार वास्तविक अर्थमा प्राप्त गर्न र देश विकासमा सहभागी हुन पनि बहुदलीय समाजको आवश्यकता छ। त्यसैले यो जनआन्दोलनमा तन, मन, धनद्वारा सहयोग गरी यो जरा गाडिएर बस्न अडिको सुकेको रुख जस्तै पंचायती व्यवस्थालाई एकपल्ट जोडसंग हल्लाई धकेलौं - यो ढल्ने छ। यो ढल्ने स्थितिले बहुदलीय व्यवस्था उदाउने छ। किनभने ०१७ सालमा बहुदलीय खुला व्यवस्थाको लाशमा यो पंचायती व्यवस्था उमारिएको हो।

मुलुकमा अन्याय, अत्याचार, भ्रष्टाचार, व्यभिचार र शोषण, संस्कार बनिसकेका छन्। आजका शासक वर्ग रक्सीमा आत्म निर्भर भएकाले र युवा नेपालमा फुकाएकोमा गर्व गर्दछन्। तस्करहरूको स्वर्ग यस नेपालमा अर्धतन्त्र कोलम्बियामा झैं तस्करहरूको कब्जामा छ। विदेशीले ऋण नदिने हो भने राष्ट्रसेवकहरूले भोक भोकै मर्नु परेको छ। किसानहरूलाई बेलामा मल, बीउ र उत्पादनका लागि बजारको व्यवस्था छैन। ८० प्रतिशत उद्योगहरू नेपाल भारतको विवादमा बन्द भैरहेछन्। शिक्षकहरूलाई संगठित हुन नदिन संघ र संगठनको विवाद खडा गर्‍यो तर आफैले समर्थन गरेको संघ लाई अहिलेसम्म राजपत्रमा स्थान दिन सकेको छैन र शिक्षकहरूका मागहरू पुरा गर्न नसकेकोले उनीहरू पनि आज असन्तुष्टताको स्वाद दिएर आन्दोलनमा उत्रने भएका छन्। हाम्रो विद्यार्थीहरूलाई विद्यार्थीका विविध समस्याहरू लिएर सम्बन्धित निकायमा कुरा गर्न जाँदा निर्मम तरिकाले ज्यादती गर्दै महिनौं कारागारमा बन्द गरिन्छ। शाही आयोग र सर्वोच्च अदालतले मान्यता दिएको नेपाल विद्यार्थी संघलाई संघ संस्था नियन्त्रण ऐन अन्तर्गत कार्वाही गर्छ। प्राध्यापक, कर्मचारी, मजदुर, किसान कोही पनि सन्तुष्ट छैनन्। यो सम्पुर्ण कारणको मुलमा यो निरंकुश र अप्रजातान्त्रिक पंचायती व्यवस्था हो।

**त्यसैले आन्दोलन नेपालको आवश्यकता हो**
**बहुदलीय शासन प्रणाली आजको अपरीहार्यता हो।**

जयनेपाल

स्व० वि० यु०
पद्मकन्या क्याम्पस, बागबजार

**सौजन्य** : बद्रीनारायण गौतमको संकलन।

## परिशिष्ट - चार

# गणेशमान सिंहको अपिल

### जनआन्दोलन २०४६ को सन्दर्भमा

सहकर्मी देशवासीहरू,

शान्तिपूर्ण जनआन्दोलनको माध्यमबाट प्रजातन्त्रको पुनर्स्थापनाको महान् यज्ञमा हामी सबै समर्पित भएको आज एक पक्षभन्दा बढी भइसकेको छ । अहिलेसम्मका उपलब्धिहरूले मलाई निश्चयका साथ यो भन्न उत्साहित पारेको छ कि प्रजातन्त्रको प्रबल कामना सर्वव्यापी छ र यसको उर्लदो लहरले ज्यानमारा पञ्चायती व्यवस्थाका गोली, लाठी, बुट र क्रूर यातनालाई दृढताका साथ खप्न सकेको छ ।

विशुद्ध शान्तिपूर्ण जनआन्दोलनलाई बदनाम गर्ने उद्देश्यले ज्यानमारा पञ्चायती व्यवस्थाले आन्दोलन विधिवत सुरू हुनुभन्दा अगावै नै हिंसालाई नेपाली समाजमा हुलिसकेको थियो । हजारौं प्रजातन्त्रप्रेमीहरूलाई गिरफ्तार गर्नुका साथै प्रजातन्त्रका प्रहरी विद्यार्थीहरूमाथि साङ्घातिक हमला सुरू गरिसकेको थियो । नेपाली छात्राहरूलाई निर्वाङ्ग पारेर तिनका शील भङ्ग गरिएको छ । यो राष्ट्रिय बेइज्जतिको शीलहरण त्यस थलोमा तिनका रोहवरमा भएको थियो, जहाँ नेपाली नारीत्वको तथाकथित प्रतीक भनेर दावी गर्नेहरू यो क्रुर हिंसालाई रमाइलो मानेर हेरिरहेका थिए । आफ्ना चेलीबेटीहरूको शील र सत्चरित्रप्रति जागरूक रहेका तमाम नेपालीहरूले ती पञ्चायती गुन्डा र तिनका पृष्ठपोषकहरूलाई थुक्नुपर्दछ । यो पाशविक हिंसाको सशक्त प्रतिकार त्यही नै हो ।

नेपाली जनताले रगतको खोलो बगाएर आफ्ना लागि २००७ सालमा ल्याएको प्रजातन्त्रलाई पुनः प्राप्त गर्न जनताले छेडेको जनआन्दोलन चरम उत्तेजनाका बाबजुद पनि शान्तिपूर्ण रहेको अवस्थामा पशुबलको नग्न प्रदर्शन गरेर सम्पूर्ण नेपालमा सन्त्रासको वातावरण फैलाउन खोजिएको छ । देशका विभिन्न भागमा भइरहेका शान्तिपूर्ण प्रदर्शनहरूमा विनाकारण र विनाउत्तेजना गोली चलाएर ज्यानमाराको काम कसले गऱ्यो ? गोली चलाउने को ? ज्यानमारा को ? गोली खाएर सहिद हुनेहरू को ? दसौं हजार देशवासीहरू आज चिसो गोदाममा खानपिनको सट्टा ज्यानमारा पञ्चायतीहको लाठी, बुटको यन्त्रणा खपेर बसिराखेका छन् । यो पञ्चायती हिंसाचारको सिकार भएकाहरूको एउटै अपराध थियो - प्रजातन्त्रको चाहना र कामना गर्नु । समस्त संसारमा नैसर्गिक अधिकार मानिएको प्रजातन्त्रको कामना ज्यानमारा पञ्चायतीहरूका निम्ति अक्षम्य अपराध ठहरिएको छ । परन्तु मलाई विश्वास छ - प्रजातन्त्र चाहनु र प्राप्त गर्नु एउटा अपराध हो भने आगामी दिनहरूमा नेपालीहरूले त्यस बेलासम्म गौरव र अभिमानका साथ त्यस्ता अपराधहरू गरी नै रहनेछन्, जबसम्म तिनले आफ्ना

आस्था, विश्वासलाई सँगालेर शिर ठाडो पारेर सम्मानित नागरिक भएर निर्भयताका साथ बाँच्ने, विकास गर्ने अधिकार प्राप्त गर्ने छैनन् ।

सहकर्मी देशवासीहरू,

कुनै पनि जनआन्दोलन विथोल्न कुनै पनि तानाशाही शासनले भाडाका टट्टुहरूलाई प्रयोग गरेर षड्यन्त्र रच्ने गर्दछ नै । फेरि पञ्चायती व्यवस्था नै भरौटे आठपहरियाहरूको शासनतन्त्र नै हो । यसकारण प्रजातन्त्र र जनआन्दोलनको निन्दा लेनदेनको आधारमा हुन्छ, त्यहाँ निन्दा, प्रशंसा, भीड सङ्कलन र वक्तव्यवाजीको प्रत्येक लजहर लेनदेनमा आधारित हुने कुरा तपाईहरू सबैलाई थाहा छ । राजनीतिक पार्टीहरूमा घुसपैठका लागि पठाइएका गुप्तचरहरूलाई समेत ज्यानमारा पञ्चायतीहरू नङ्ग्याउन विवश भइसकेका छन् । आगामी दिनहरूमा पञ्चायती व्यवस्थाका गुप्तचरहरूको अझ बढी परिचय तिनका नियन्त्रणमा रहेका रेडियो तथा टेलिभिजनबाट प्राप्त हुँदै जानेछ र राजनीतिक दलहरूको शुद्धताको प्रक्रिया पूरा हुँदै जानेछ । भेडाको छाला ओढेका ब्वाँसाहरूको पहिचान गर्न अब कठिन हुने छैन ।

देशका यावत् स्रोतसाधनहरू एवं वैदेशिक सहायताका लुटद्वारा स्थापित तानाशाही पञ्चायती व्यवस्था धर्मराउँदो अवस्थामा छ । तर यो धराशायी भइसकेको छैन । यसका निम्ति स्वाभिमानी प्रजातन्त्रप्रेमी नेपालीहरूका तर्फबाट अझ बढी त्याग, तपस्या र बलिदानको खाँचो पर्नेछ । प्रजातन्त्रको संघर्षको यही माग छ । यसैबीचमा अन्तर्राष्ट्रिय समुदायसित, जसले नेपाली जनताको यो महान् प्रजातान्त्रिक आन्दोलनमा प्रबल नैतिक समर्थन उपलब्ध गराएका छन्, म उनीहरूसँग हार्दिक अपिल गर्न चाहन्छु कि ज्यानमारा पञ्चायती व्यवस्थालाई हाम्रो निर्णायक संघर्षको सुखद परिणति प्राप्त नभएसम्म कुनै प्रकारको भौतिक सहायता नजुटाऊन् । चरम शोषण र दोहनमा पिल्सिएका नेपालीहमाथि थप अत्याचार बर्साउन नेपाली जनताको हित गर्न दिइएको विदेशी सहायताको दुरूपयोग गर्ने थप अवसर प्राप्त नहोस् । प्रजातन्त्रका निम्ति जीवनमरणका निर्णायक संघर्षमा संलग्न रहेका नेपालीहरूमाथि अन्तर्राष्ट्रिय समुदायले गुण लाउनुपर्ने बेला अहिले नै हो । साथै म यो पनि अन्तर्राष्ट्रिय समुदायलाई निवेदन गर्न चाहन्छु कि ज्यानमारा पञ्चायती व्यवस्थाका तर्फबाट नेपालमा मानवअधिकारको सम्मान गरिएको फरेवपूर्ण दुष्प्रचारबाट प्रभावित नहोस्, चाहे त्यो फरेवपूर्ण प्रचार यो व्यवस्थाका सक्रिय एवं गतिशील नेताले गरेका किन नहुन् । ज्यानमारा पञ्चायती व्यवस्थाको यन्त्रणाको साधन बन्न पुगेका पुलिस र सेनाका जवानहरूलाई मैले प्रजातान्त्रिक आन्दोलनका तर्फबाट चेतावनी दिन आवश्यक सम्झेको छु । नेपाली ज्यान न त सस्तो छ, न इतिहास नै क्षमाशील विवश आदेशपालकको नकाब ओढेर निर्दोष शान्तिपूर्ण प्रजातन्त्र नेपालीहरूको जीवनसित खेलवाड गर्ने काम अविलम्ब रोकियोस् र कुनै पनि अमानवीय, अन्यायपूर्ण र अनुचित आदेशको अवज्ञा होस् । पञ्चायती मेसिनका कुनै पनि पुर्जा त्यो चाहे ठूलो चक्का वा सानै तिप्री किन नहोस् ... मुलुकको स्थितिलाई पञ्चायती ...

अन्त्यमा,

प्रजातन्त्र प्राप्तिको आन्दोलनका क्रममा भएका समस्त नेपालीहरूका अघिल्तिर म नतमस्तक छ
भने भय र त्रासबाट मुक्त भएर धर्मयुद्धमा अग्रसर भइरहेका सबैको म अभिवादन गर्दछु । हिंसा हाम्रो
लक्ष्यप्राप्तिको साधन होइन, परन्तु हिंसा हामीमाथि लाद्नेहरूले यो शाश्वत सत्यलाई बुझ्नु कि प्रत्येक
क्रियाको स्वाभाविक प्रतिक्रिया हुन्छ ।

२५ फागुन २०४६
क्षेत्रपाटी, काठमाडौं

*स्रोत : जीवन चन्द्र कोइराला, सर्वोच्च नेता गणेशमान सिंहका विचार*

स्रोतः नेपाली काँग्रेसका ऐतिहासिक दस्तावेजहरू (२०६७, भदौ), संपा. गगन थापा, प्रताप पौडेल र शङ्कर तिवारी ।

# परिशिष्ट - पाँच

## २०४६ चैत २७ मा दिइएको वक्तव्य

**गणेशमान सिंह**

प्रजातान्त्रिक संघर्षको लामो इतिहासको क्रममा सदैव अग्रपङ्क्तिमा रहेको नेपाली कांग्रेस नेपालमा पूर्ण प्रजातन्त्र स्थापना गर्ने महान् यज्ञमा आफ्नो अग्रणी भूमिका खेल्ने दृढतालाई कायम नै राख्न चाहन्छ । इतिहासले सुम्पेको यो महान् दायित्वलाई हामीले अतीतकालका कठिनतम घडीहरूमा सबै थोकको बलिदान दिएर वहन समेत गरेको थियौं भने देशको नियति र भविष्यप्रति जिम्मेवार रहेको एक मात्र प्रतिपक्षको नाताले भविष्यमा पनि उत्तिकै समर्पणका साथ पूरा गर्दै जानेछ भन्ने हाम्रो संकल्पमा कसैले पनि शङ्का नगरोस् ।

वर्तमान संविधानबाट दलविहिन शब्द झिकिनासाथै र राजनीतिक दलहरूमाथिको प्रतिबन्ध फुकुवा हुनासाथै प्रजातान्त्रिक आन्दोलनको काम पूरा भइसक्यो भन्ने भ्रमको सिकार न त नेपाली कांग्रेस छ, न यसलाई सम्झौतावादी भन्ने अन्यायपूर्ण आरोप लगाई हिंड्नेहरूलाई सुहाउने कुरा हो । राजनीतिक दलहरूको विद्यमानतालाई स्वीकार गरेर यसका झण्डा र साइनबोर्डजस्ता प्रतीकचिन्हहरू फर्काइँदैमा प्रजातन्त्रको पुनर्स्थापना भयो भने मोहजालमा नेपाली कांग्रेस कहिल्यै फसेको छैन । जनताबी(चबाट उब्जिएको यो संघर्षशील पार्टीलाई आम नेपालीहरूको राजनैतिक चेतनाको स्तरको पूर्ण ज्ञान छ । जनता अब ठगिन सक्तैनन् । तिनीहरूले ठगिएको अनुभूति लिन बाध्य भएको अवस्थामा भोलि जनआक्रोशले के-कस्तो रूप लिन सक्तछ र त्यसको वेगले क-कसलाई कतातिर हुत्याइदिने हो भन्ने स्थितिबोध अब त सबैलाई भएकै हुनुपर्दछ भनी म आशा गर्न चाहन्छु ।

बहुदलीयताको सिद्धान्तलाई आगामी दिनहरूमा तर्जुमा गरिने शासनविधानमा कसरी र कुन हदसम्ममा इमानदारीपूर्वक सामाहित गरिन्छ, त्यसैअनुरूपको प्रतिउत्तर नेपाली कांग्रेसको हुनेछ । तसर्थ म भन्छु - प्रजातान्त्रिक संघर्ष जारी नै छ, यसको परिवेश र प्रकटीकरणको स्वरूप अहिले भिन्न छ । प्रजातन्त्रको पुनर्स्थापना र आफ्नो नियति-निर्धारणमा पूर्ण तया सहभागी हुने नेपाली जनताको नैसर्गिक अधिकार पुनर्प्राप्ति नभएसम्म समय, परिस्थिति र अनुकूलताअनुसार संघर्षको स्वरूप निरूपण गर्ने विकल्पहरूलाई नेपाली कांग्रेसले आफूमै सुरक्षित राखेको छ ।

दलविहीन शब्द झिकेपछि वर्तमान पञ्चायती संविधान एउटा विरोधाभासपूर्ण खोक्रो दस्तावेज भएको र यसका संचालकहरूको संवैधानिक वैधता समाप्त भइसकेको तथ्य निर्विवाद छ । तथापि विरोधाभासलाई टिकाइराख्नाले हाम्रो नोक्सानी नभएर टिकाइराख्नेहरूको इमानदारी, विश्वसनीयता र परिवर्तित परिस्थितिअनुरूप आचारण नगर्ने इच्छा शङ्काको विषयवस्तु हुन जानेछ । ठगिंदा-ठगिंदा

पाको भइसकेका, चार दशकदेखिको षड्यन्त्र, फरेब र विश्वासघातले सचेत भइसकेका नेपाली जनताको सम्मान गर्ने इमानदारपूर्ण संस्कारको म अपेक्षा गर्दछु । यो युगमा नेपालीहरू न त कमारा हुन्, न रैती नै । तिनीहरूको एक मात्र चाहना राष्ट्रनिर्माणमा पुर्णतः सहभागी बन्न पाएका सम्मानपूर्ण नागरिक बन्नु हो । यो चाहनालाई पूरा गर्ने संकल्पबाट नेपाली कांग्रेस यथावत् अविचलित छ ।

जय नेपाल ।
२७ चैत्र २०४६
वीर हस्पिटल, काठमाडौं

स्रोत जीवन चन्द्र कोइराला, सर्वोच्च नेता गणेशमान सिंहका विचार

# परिशिष्ट - छ

## सङ्कल्पका कलाकारहरूले पालना गरेका नियमहरू

"A. The three rules of discipline are as follows:

1. Obey orders in all action.
2. Do not take a single needle or piece of thread from the masses.
3. Turn in every thing captured.

B. The eight points for attention are:

1. Speak politely.
2. Pay fairly for what you buy.
3. Return every thing you borrow.
4. Pay for every thing you damage.
5. Don't beat and abuse the people.
6. Don't damage crops.
7. Don't take libertine with women.
8. Don't ill treat captives"[48].

Pokharel, R.k. (2007). Twenty-Three Years History of the CPN-UML.

परिशिष्ट - सात

# अनुशासनका नियमहरू

हरेक कामका आदेशहरू पालन गर्दछौं
जनताबाट सियो र धागोसम्म नि लिदैंनौं
पाएको कुरा हिफाजत गरी सबै नै बुझाउछौं
अदबका तीन नियम मुख्य राम्ररी मान्दछौं

**** **** ****

जनतासंग हर्दम नम्र भएर बोल्दछौं
किनेका मालको सुपथ मोल अवश्य तिर्दछौं
लिएको पैंचो प्रत्येक कुरा फर्काइ हाल्दछौं
लिएको माल बिग्रेमा पनि मोल तिरी छाड्दछौं

**** **** ****

जनतालाई हप्की र दप्की कुटपीट गर्दैनौं
बाली र नाली बिगार्ने काम हामी त गर्दैनौं
महिलासंग नराम्रो छाडा ब्यवहार गर्दैनौं
बन्दीहरूलाई समेत हामी नराम्रो गर्दैनौं

**** **** ****

ध्यान दिनु पर्ने आठ कुरा यी हुन पालन गर्दछौं
मानिस भइ मानिसको जस्तो जीवन बिताउछौं

स्रोत: जनता गीतहरू (२०४७), भाग-१ ।

# परिशिष्ट - आठ

## हामीले गाउने गीत

रचना : मंजुल

सङ्गीत : रामेश

हामीले गाउने गीत मजदूरहरूको, किसानहरूको
रगत सुकाई काम गर्ने श्रमिकहरूको
दुनियाँको निर्माण गर्ने कर्मीहरूको

****　　****　　****

हामीले गाउने गीत
स्कूलमा भोकभोकै धाउने साना नानीहरूको
दिनभरि, काम गरी, रातभरि भोकै सुत्ने गरीब खेतालाको
पेट भर्नेगरी, खान पाए हुन्थ्यो
आङ ढाक्नेगरी, लाउन पाए हुन्थ्यो भनेर
भोकै भोकै नाङ्गा नाङ्गै मर्ने गरीब जनताको
हाम्रो बाँचिरहेको देशको।
हामीले गाउने गीत भोकाहरूको, नाङ्गाहरूको
निमुखा र वेसहारा गरीबहरूको
दुखै दुखमा पिल्सिएका निर्धाहरूको

****　　****　　****

हामीले गाउने गीत
न्याय नपाएर झ्यालखानमा सडिरहेका निर्दोषहरूको
सुरक्षा नपाएर लुटिएका बलात्कार गरिएका अबलाहरूको
ठिही र शितमा अठिएर मरेका टुहुराहरूको

(२)

बस्नलाई एउटा घर पाए पनि हुन्थ्यो
बाँच्नलाई आफ्नो देश पाए पनि हुन्थ्यो भनेर
कराईरहने सुकुम्बासीहरूको, प्रवासीहरूको
हामीले भोगिरहेको स्थितिको
हामीले गाउने गीत शहिदहरूको, क्रान्तिकारीको
शोषितहरूको निम्ति बोल्ने बुद्धिजीवीको
जनताको निम्ति लड्ने योद्धाहरूको
हामीले गाउने गीत "

## गाउँ गाउँबाट उठ

रचना र सङ्गीत

श्याम तमोट

गाउँ गाउँबाट उठ, बस्ती बस्तीबाट उठ
यो देशको मुहार फेर्नलाई उठ

****　　****　　****

हातमा कलम हुनेहरू कलम लिएर उठ
बाजा बजाउन जान्नेहरू बाजा लिएर उठ
गाउँ गाउँबाट ..

****　　****　　****

हातमा औजार हुनेहरू औजार लिएर उठ
साथमा केही नहुनेहरू आवाज लिएर उठ
गाउँ गाउँबाट...

(३)

स्रोत: जनता गीतहरू (२०४७), भाग-१ ।

परिशिष्ट - नौ

## सङ्कल्पले गाउने वर्ग चेतनाका गीतको नमुना

# बर्गीय प्रेम

रचना : मंजुल
सङ्गीत : रामेश

बर्गीय समाजमा बर्गीय प्रेम मात्रै न्यानो र चोखो हुन्छ

**** **** ****

नेपाली भाषा बोल्नेले नेपाली भाषा बोल्नेलाई ठग्छ
तामाङ भाषा बोल्नेले तामाङ भाषा बोल्नेलाइ ठग्छ
यौटै भाषा बोल्ने हामी भनी गरिने प्रेम ब्यवहारमा झुटो हुन्छ
बर्गीय समाजमा बर्गीय प्रेम मात्रै न्यानो र चोखो हुन्छ

**** **** ****

बाहुनको छोराले बाहुनकै छोरालाई ठग्छ
नेवारको छोराले नेवारकै छोरालाई ठग्छ
यौटै जातिका हौं हामी भनी गरिने प्रेम ब्यवहारमा झुटो हुन्छ
बर्गीय समाजमा बर्गीय प्रेम मात्रै न्यानो र चोखो हुन्छ

**** **** ****

भोजपुरको सामन्तीले भोजपुरकै किसानलाई चुस्छ
पोखराको ठालूले पोखराकै गरीबलाई चुस्छ
यौटै ठाउँमा बस्ने हामी भनी गरिने प्रेम ब्यवहारमा झुटो हुन्छ
बर्गीय समाजमा बर्गीय प्रेम मात्रै न्यानो र चोखो हुन्छ

**** **** ****

(७)

स्रोत: जनताका गीतहरू, (२०४७), भाग १, सङ्कल्प परिवार ।

परिशिष्ट - दश

## जनआन्दोलन (२०४६) मा आस्थाले रचना गरी गाएको क्रान्ति गीतको नमुना

### रक्तक्रान्तिको ज्वालामुखी

*रचना– युद्ध प्रसाद मिश्र*
*संगीत– रामेश*

रक्तक्रान्तिको ज्वालामुखीमा, आज उठेको यो बलिदान
श्री नढलेका युवा युवतीको, हृदय हृदयको यो स्वाभिमान

*   *   *

सानो एक झिल्कोबाट, बन्दै जान्छौं लाखौं जवान
न्याय बचाउन देश उचाल्छौं, गर्दै जान्छौं अर्पण प्राण

*   *   *

युवा रगतले अतिक्रमणको, तोड्न उठेका छौं अभिमान
सक्छौं हामी पार्न महलको, ठाउँलाई घोर मसान

*   *   *

क्रुर दमनलाई धक्का मार्छौं, काला कानूनलाई धुस्नो पार्छौं
रक्तक्रान्तिमा जीवन चढाउने, युवा रगतको शान

स्रोत : जनताका गीतहरू (२०४७), भाग २, जीवनको नाम, आस्था (२०४९) ।

## परिशिष्ट - एघार

## सङ्कल्प/आस्थाले महिला अधिकारका निम्ति गाएको गीत

### आमा दिदी बैनी हो

रचना : अज्ञात
संगीत: जे.बि. टुहुरे

आफ्नै पौरख खान्छन्, आफ्नै सिपमा बाँच्छन्
दुख कष्ट सहेर सृष्टि यिन्ले थाम्छन्
असल महान व्यक्तिहरू यिनैले जन्माउँछन्
ज्ञान गुन बुद्धिहरू यिनैले सिकाउँछन्
तर पनि अँध्यारोमा जीवन बिताउँछन्
आमा दिदी बैनी हो, कति बस्छौ दासी भै
सुखको संधैं प्यासी बनेर

****  ****  ****

आकासको कालो बादल तिम्रै शिरमाथि संधै मडराउँछ
असिना र बर्खे झरी तिम्रै भाग्यमाथि निशानी लगाउँछ
बैसाखको घाम तिम्रै पुर्पुरोमा लाग्छ,
खुन बग्छ पानी बनेर ··· आमा दिदी बैनी हो ····

****  ****  ****

बलेनीको वरिपरि मात्र तिम्रो संसार छ
अरू सबै अँधेरो छ, घरको अट्टालीमा तिम्रो
लन्डन र न्युयोर्क छ;
चुलो राज्यको केन्द्र छ
टपरीमा सिन्के बुट्टा–कला तिम्रो सर्बस्व छ
खलानैमा सड्छ कुहेर······ आमा दिदी बैनीहो ···

****  ****  ****

(१८)

अँधेरीको कचहरी तिम्रो सेमिनार छ
भाषणको मन्च छ, बनको पोथ्रे छहारीमा
संस्कृतिको केन्द्र छ, बनको चुरी मित्र छ
बत्ति कात्ने सिप तिम्रो इन्जिनरी शान छ
पिठ्युँमा भारी बोकेर......आमा दिदी बैनी हो...

****  ****  ****

पूर्णिमाको तिम्रो चन्द्र कुल्चिसके मानिसले
तिम्रै कुनै सन्तानले
तिमी जस्तै दिदी बैनी रकेटमा उडिसके
आफ्नो शक्ति चिनिसके
तिमी भने मझेरीमा छुम्मुनाउंछ्यौ दङ्ग परी
जीवनभरी कैदी बनेर.. ...आमा दिदी बैनी हो...

****  ****  ****

रेशमको बुट्टे ब्लाउज टन्न आङमा कस्न पाई
लाली पाउडर घस्न पाई
टेरलिनको झिल्के सारी, लाउन पाई मख्ख परी
बुद्धि सबै नष्ट पारी, पुरुषको खेलौना भई
जीवनलाई ब्यर्थ पार्‍यौ
भोग बिलासको साधन बनेर
आमा दिदी बैनी हो......

****  ****  ****

(१९)

स्रोत : जनताका गीतहरू (२०४७), जनताका गीतहरू, भाग २ ।

## परिशिष्ट - बाह्र

# आस्था परिवार घोषणा - २०४४

## आस्था चाहन्छ :

* राम्रा पूरातन कला-संस्कृतिको परम्परालाई जोगाउँदै राम्रा उपयोगी नवीनतम परम्परा एवं संस्कारको स्वागत र निर्माणमा सहभागी बन्न चाहन्छ ।

* सामाजिक विसंगति र विषमताको विरोध गर्दै स्वस्थ र न्यायिक सामाजिक संरचनामा सहयोग पुऱ्याउन चाहन्छ ।

* देशको राष्ट्रियता, सार्वभौमिकता र प्रजातान्त्रिक हक-अधिकारको रक्षार्थ सदैव आवाज उठाउन चाहन्छ ।

* जनचेतनाको अभिवृद्धि गर्दै जनसमुदाय बीचको एकता, जागरूकता र गतिशीलताको लागि कलाकारहरूबाट वहन गरिनुपर्ने दायित्व निर्वाह गर्न चाहन्छ ।

* स्वस्थ, सुन्दर र सुसंस्कृत जीवनको पक्षपोषण गर्न चाहन्छ ।

* विभिन्न जनजाती र भाषाभाषी जनताको कला-संस्कृतिको संरक्षण र उत्थानमा सहयोगी बन्न चाहन्छ ।

* सम-सामयिक विषयवस्तु पर्यावरण, शान्ति, नि:शस्त्रीकरण, मानव-अधिकार, नारी जागरण, बालअधिकार आदि विषयमा सकिने योगदान पुऱ्याउन चाहन्छ ।

* देश विदेशका जन-समुदायसंग सांस्कृतिक माध्यमबाट भातृत्व, सद्भाव र सुसम्बन्ध कायम गर्न चाहन्छ ।

* सुन्दर विश्व निर्माणको आवाजमा आवाज थप्न चाहन्छ ।

स्रोत : आस्था परिवार २०४९ ।

## परिशिष्ट - तेह्र

# राजनीतिक परिवर्तनका निम्ति गाइएका प्रगतिशील गीतहरू

### जनताका गीतहरू (२०४७) भाग १

| क्र.स. | गीतको बोल | रचनाकार | सङ्गीत |
|---|---|---|---|
| १ | उठ जाग ए भोका नाङ्गा | युंजे पोत्तर | पि.डिजेटर, रामेश |
| २ | हामीले गाउने गीत मजदुरहरूको | मञ्जुल | रामेश |
| ३ | गाउँ गाउँबाट उठ | श्याम तमोट | श्याम तमोट |
| ४ | नयाँ दिनका सपनाहरू | गोविन्द विकल | रामेश |
| ५ | हामी सहन सक्दैनौं | मञ्जुल | रामेश |
| ६ | बर्गीय समाजमा बर्गीय प्रेम | मञ्जुल | रामेश |
| ७ | यो कस्तो छलछाम | दुर्गालाल श्रेष्ठ | रामेश |
| ८ | मेरो देश खोज्दै जाँदा | बम देवान | रामेश |
| ९ | जनताको शिर उठाई मर्छौं | मञ्जुल | शम्भु राई |
| १० | आकास छुने हिमाल | रघु पन्त | रामेश |
| ११ | कार्यशील जिन्दगी | मञ्जुल | रामेश |
| १२ | मुक्तिका लागि लड्नेसँग | हिमाल राई | हिमाल राई |
| १३ | जाति र पाति छुट्याउने रीत मान्दिन | मञ्जुल | शम्भु राई |
| १४ | सङ्घर्ष हो जीवन, जीवन सङ्घर्ष हो | श्याम तमोट | गोविन्द बिकल, रामेश |
| १५ | बाँच्ने सहाराको गीत | मञ्जुल | रामेश |
| १६ | आमा दिदी बैनी हो | अज्ञात | जेबी टुहुरे |
| १७ | हामी खरी अक्षर हौं ? | निरन सापकोटा | निरन सापकोटा |
| १८ | नयाँ समाज बनाउने | श्याम तमोट | रामेश |
| १९ | हाम्रो अदम्य क्रान्ति रोकेर रोकिन्न | रामचन्द्र भट्टराई | रामेश |
| २० | आउने युगलाई रोकेर रोकिन्न | रूपन राई | रूपन राई |
| २१ | गाउँ ब्युझँदै | मञ्जुल | रामेश |
| २२ | हली दाइ | चन्द्र नरसिंह | महेश चन्द्र |
| २३ | लाल सूर्य झलल | छिरिङ | रामेश |
| २४ | हामीले नेपाल देख्यौं | मञ्जुल र गोविन्द विकल | रामेश |
| २५ | अनुशासनका नियमहरू | तिन आठ नियम सम्बन्धि | अनुशासन गीत |
| २६ | प्रवासी दाजु तिमीलाई | भक्त राई | शम्भु राई |
| २७ | हकको निम्ति लड्दै जाउँ | अज्ञात | अज्ञात |
| २८ | संसार जित्न जाग | मञ्जुल | रामेश |
| २९ | गरिब गुरुवा बुझी लैजाउ | जेबी टुहुरे | जेबी टुहुरे |
| ३० | चुसाहाको विरोध | मञ्जुल | शम्भु राई |
| ३१ | पानी हैन आँशु पिई | रामकृष्ण दुवाल | रामकृष्ण दुवाल |
| ३२ | साँचो डग्दैन झुटो टिक्दैन | श्याम तमोट | रामेश |
| ३३ | एक एकले सय हुन्छ | श्याम तमोट | जेबी टुहुरे |
| ३४ | हेर आज नेपाली बसाई हिँडेको | श्याम तमोट | रामकृष्ण दुवाल |
| ३५ | जान्न मत गोरखा भर्ती | जेबी टुहुरे | जेबी टुहुरे |
| ३६ | नजाउ अँग्रेजी पल्टनमा | गोकुल जोशी | रामेश |
| ३७ | हावाले उडाई ल्याउँदैन मुक्ति | विक्रम सुब्बा | प्रचलित लोकलय |
| ३८ | रनै खुल्यो भन्दिए | झलकमान र जितबहादुर | गन्धर्व लोकलय |
| ३९ | भाडाका सिपाही जन्माउने देश ? | मञ्जुल | रामेश |

| | | | |
|---|---|---|---|
| ४० | लाहुरे हुन नजाउ | प्रचण्ड बुडाथोकी | रामकृष्ण दुवाल |
| ४१ | गाउँघरको माया | राजु तुलाधर | राजु तुलाधर |
| ४२ | साहुको ऋण | श्याम तमोट | लोकलय |
| ४३ | विदेश जाने पल्टने दाजु | श्याम तमोट | श्याम तमोट |
| ४४ | बढाउ आफ्नो आँट | श्याम तमोट | श्याम तमोट |
| ४५ | ए कलाकार | मञ्जुल | रामेश |
| ४६ | दाउरे दाइ र सानो भाइ | सुन्दर जोशी | बसन्त श्रेष्ठ |
| ४७ | समानताको लागि लड्न | मञ्जुल | रामेश |
| ४८ | प्रभातका किरणहरू | प्रमोद हमाल | प्रमोद हमाल |
| ४९ | नउठी भएन नेपालका दिदी बैनी | सिरोज | लोकलय |
| ५० | उज्यालो जीवन ल्याउनु छ | हरिबहादुर | बुइपाको लोकलय |
| ५१ | चारैतिर जनताको जीत | गोविन्द विकल | एनबी राई |
| ५२ | गाउँका ठालु | राजिब | कास्केली लोकलय |
| ५३ | गावैं खायो गाउँघरको जालीले | लोकलय | मुगिटारको लोकलय |
| ५४ | गाउँ बिग्रियो गाउँमारा साँडाले | लोकलय | कुलुङ्गे लोकलय |
| ५५ | दिदीको आह्वान | लोकलय | हलेसीको लोकलय |
| ५६ | सामन्तीलाई खतम पार्न | लोकलय | ऐसेलुखर्कको लोकलय |
| ५७ | गरिबलाई हेला नगर | लोकलय | ओखलढुङ्गाको लोकलय |
| ५८ | हाम्रो नेपालमा | रामेश, मञ्जुल | पूर्व २ नम्बर लोकलय |
| ५९ | क्यै गरी छाडौँला | लोकलय | हलेसीको लोकलय |
| ६० | मुर्तिकारको मृत्यु | … | राजु तुलाधर |
| ६१ | हाम्रा गीतहरू | मञ्जुल | रामेश |
| ६२ | थोत्रो घरको ठाउँमा नयाँ बनाउने | श्याम तमोट | श्याम तमोट |
| ६३ | बसाईं हिंड्नेको ताँतीले | लब प्रधान | जेबी टुहुरे |
| ६४ | आँधी आयो | निरन सापकोटा | रामेश |
| ६५ | हुनु पर्छ सबैलाई बराबर | लोकलय | मुगीटारको लोकलय |
| ६६ | निर्धो भनेर नहेप | श्याम तमोट | पश्चिमी लोकलय |
| ६७ | एक लस्कर भरियाहरू | … | … |

**जनताका गीतहरू भाग - २**

| ६८ | **गीतको बोल** | **रचनाकार** | **सङ्गीत** |
|---|---|---|---|
| ६९ | सुनको बिहान | लक्ष्मीप्रसाद देवकोटा | रामेश |
| ७० | ब्युँझ दिदी बहिनी हो | बर्खा राई | शम्भु राई |
| ७१ | सहेर बस्नाले | कला निरौला | शम्भु राई |
| ७२ | लैजा हावा | चेतनारायण राई | चेतनारायण राई |
| ७३ | स्वागतम् | राजेन्द्र ऋषि | प्रमोद हमाल |
| ७४ | जीवनको स्वागत | माधव श्रेष्ठ | माधव श्रेष्ठ |
| ७५ | हाम्राचाहनाहरू | विक्रम सुब्बा | उर्लेश/लोचन भट्टराई |
| ७६ | युग बोल्छ | हेमराज राई | हेमराज राई |
| ७८ | बुढो माझीको अभिव्यक्ति | मञ्जुल | रामेश |
| ७९ | आमाको पुकार | बम देवान | जेबी टुहुरे |
| ८० | बाटाका वीरहरू | विक्रम सुब्बा | लोचन र उर्लेस |
| ८१ | अन्धा नभन | मञ्जुल | शम्भु राई |
| ८२ | कसले भन्छ आँखा नदेख्ने | मञ्जुल | शम्भु राई |
| ८३ | अनिकाल लाग्यो भन्छन् | श्याम तमोट | राजु तुलाधर |

| | | | |
|---|---|---|---|
| ८४ | झोडा | कमल तामाङ | कमल तामाङ |
| ८५ | यहाँको हाल यस्तै छ | रणबहादुर क्षेत्री | रणबहादुर क्षेत्री |
| ८६ | लामो यात्रा | माओत्सेतुङ | अनुवाद राजिब, रामेश |
| ८७ | प्रगतिशील अघि बढ्यौं | मञ्जुल | शम्भु राई |
| ८८ | नयाँ संसारको जन्म | विक्रम सुब्बा | हेमराज राई |
| ८९ | बन्दी हो बन्दी | चेतनारायण राई | चेतनारायण राई |
| ९० | नारी जीवन | रघु पन्त | शम्भु राई |
| ९१ | जनताको हीत | मञ्जुल | जेबी टुहुरे |
| ९२ | विहानको लाली | राजेश | शम्भु राई |
| ९३ | देश नै तिम्रो छोरो | जुरेकस्टेलान, विक्रम सुब्बा | हेमराज राई |
| ९४ | मान्दिन म पीर | विक्रम सुब्बा | हेमराज राई |
| ९५ | आउ मिलाउँ हाम्रा हातहरू | प्रमोद हमाल | प्रमोद हमाल |
| ९६ | हामी जित्ने छौं (हब्सि गीत) | अनुवाद रामेश, | युवा अन्तर्राष्ट्रिय गीत, |
| ९७ | बैसाखी मुना हुरीले लग्यो | चेतनारायण राई | चेतनारायण राई |
| ९८ | सिक र सिकाउ | भुराज राई | उर्लेस र लोचन भट्टराई |
| ९९ | हामी कलाकार | माधव श्रेष्ठ | माधव श्रेष्ठ |
| १०० | ती को हुन् ? | गोबिन्द विकल | रामेश |
| १०१ | नारीको मन | श्याम तमोट | रामेश |
| १०२ | आशा भरोसाका कली | रूपन राई | रूपन राई |
| १०३ | हिउँले छोपेको सोलु | सुन्दर जोशी | प्रमोद हमाल |
| १०४ | विधुवालाई सन्देश | मञ्जुल/शम्भु | शम्भु राई |
| १०५ | बल्ल बुझेँ | मोदनाथ प्रश्रित | राजु तुलाधर |
| १०६ | ती डाक्टर | मञ्जुल | रामेश |
| १०७ | देशै रमाइलो | सरू सुब्बा | शम्भु राई |
| १०८ | सारङ्गी म रेट्छु | विक्रम सुब्बा | शम्भु राई |
| १०९ | सन्तानको लागि | दर्शन राई | जेबी टुहुरे |
| ११० | एकता | विक्रम सुब्बा | हेमराज राई |
| १११ | सीमाना पारी | भक्त राई | शम्भु राई |
| ११२ | हाम्रो शक्ति, हाम्रो प्रतिभा | चक्र खडका, रेख ब्लोन | कुमार कार्की |
| ११३ | हाम्रो पनि जीवन हो | श्याम तमोट | श्याम तमोट |
| ११४ | हाम्रो अठोट | विक्रम सुब्बा | उर्लेस श्रेष्ठ |
| ११५ | विदेशमा माइती | सरू सुब्बा | शम्भु राई |
| ११६ | उठ आफ्नो रक्षाका लागि | पि.बि. सेली | रामेश |
| ११७ | विश्वको जीत | प्रमोद हमाल | प्रमोद हमाल |
| ११८ | हाम्रो बाटो | रेख ब्लोन | रामकृष्ण दुवाल |
| ११९ | भाले बासेपछि | मञ्जुल | रामेश |
| १२० | कामैमा छ भर | प्रमोद हमाल | प्रमोद हमाल |
| १२१ | नयाँ भाखाको चाहना | मञ्जुल | रामेश |
| १२२ | प्यारी छोरी | रूपन राई | रूपन राई |
| १२३ | यो जिन्दगी खेर नजाओस् | श्याम तमोट | राजु तुलाधर |
| १२४ | लगातार अघि बढ्दै जाउँ | विक्रम सुब्बा | माधव श्रेष्ठ |
| १२५ | ड्राइभर दाइ खलाँसी भाइ | मञ्जुल | रामेश र साथीहरू |
| १२६ | कैदी दाजुको सन्देश | भक्त राई | शम्भु राई |
| १२७ | लड्नलाई बन्दुक | संजय थापा (सागर) | रामेश |
| १२८ | यहाँ हाम्रो इतिहास बन्दछ | ज्वाला राई | ज्वाला राई |

| | | | |
|---|---|---|---|
| १२९ | नर्सको जीवन र अधिकार | मञ्जुल | शम्भु राई |
| १३० | मिर्मिरे भो | विष्णु प्रभात | रामेश |
| १३१ | भाइ बहिनी हो सुन | मञ्जुल | शम्भु राई |
| १३२ | एकदिनको बन्दी जीवन | ज्वाला राई | ज्वाला राई |
| १३३ | प्रवासीको खबर | दिब्य सुब्बा | दिब्य सुब्बा |
| १३४ | नौलो नेपाल बनाउने | राजेश | शम्भु राई |
| १३५ | खेत हिँड्यो किसान | विष्णु प्रभात | रामेश |
| १३६ | देउसिरे गीत | माधव श्रेष्ठ | माधव श्रेष्ठ |
| १३७ | हान मट्याङ्ग्राले हजुर | लोकलय | भोजपुरको लोकलय |
| १३८ | दुःखको भारी लौ बिसाउँ | लोकलय | आठराईको लोकलय |
| १३९ | मेरो धुपी सल्ला | मञ्जुल | रामेश |
| १४० | यो गाउँको भाले | कुमार र चक्र | दोलखाको लोकलय |
| १४१ | मजदुर हामी | प्रगति किरण शर्मा | प्रगति किरण शर्मा |
| १४२ | उठ दाजुभाइ | चक्र खडका | दोलखाको लोकलय |
| १४३ | डरले अब ठोक्छ कुलेलम् | लोकलय | नारायण परिश्रमी |
| १४४ | नयाँ तीज | मैया भट्टराई | पश्चिम तीज लोकलय |
| १४५ | केलाई झुक्ने हो | मैया भट्टराई | लुम्बिनीको लोकलय |
| १४६ | शोषक जालीलाई नाश गर्नु | लोकलय | तामाङ सेलो |
| १४७ | इशारा | विष्णु प्रभात | पाल्पाली ठेट लोकलय |
| १४८ | नयाँ फूल फुल्दछ | लोकलय | धनकुटाको लोकलय |
| १४९ | बाँध्यो नि नारीलाई | माधव श्रेष्ठ | सङ्गिनीको लोकलय |
| १५० | सबैले कम्मर कसौं | विष्णु प्रभात | गुल्मीको लोकलय |
| १५१ | नेटो कटाउने | लोकलय | भोजपुरको लोकलय |
| १५२ | ल्याउँ हाम्रो पालो | माधव श्रेष्ठ | विहेको सनई लोकलय |
| १५३ | मै जाने ठाउँमा शोषकी रैछ | पासाङ दोर्चि शेर्पा | भोजपुरको लोकलय |
| १५४ | दबाई जुटाउँ | मोदनाथ शर्मा | गण्डकीको लोकलय |
| १५५ | पक्कै आउँछ सुदिन फिरेर | कुमार कार्की | दोलखाको लोकलय |
| १५६ | खै त के पो भै गयो ? | विष्णु प्रभात | चुड्का भजनको लय |
| १५७ | सै सै ला हुर्रा हा हा | राई जातिको गीत | धनकुटा लोकलय |
| १५८ | सङ्घर्ष गाउँघरमा पस्दै छ | विक्रम सुब्बा | जेबी टुहुरे |
| १५९ | दुखीको हाल | चित्र विचित्र | जिरीको लोकलयमा |
| १६० | गरीबलाई चन्द्र बिलाप | प्रचण्डबहादुर बडाथोकी | तीजको लोकलय |
| १६१ | क्रान्ति अधुरो छ | रामचन्द्र भट्टराई | रामेश |

## जनताका गीत भाग - ३

| क.स. | **गीतको बोल** | **रचनाकार** | **सङ्गीत** |
|---|---|---|---|
| १६२ | असीम साहस छ | रेख ब्लोन | रामेश |
| १६३ | हजार वर्ष बितेर गयो | बम देवान | जेबी टुहुरे |
| १६४ | मेरो सानो मुरलीमा | मञ्जुल | रामेश |
| १६५ | खन खन दिलको खेत | लक्ष्मीप्रसाद देवकोटा | रामेश |
| १६६ | ती दिदी | प्रमोद हमाल | प्रमोद हमाल |
| १६७ | आफ्नो कमाई आफैं खाने | गोकुल जोशी | प्रमोद हमाल |
| १६८ | जन हृदयका जिउँदा शालिक | मञ्जुल | रामेश |
| १६९ | सुन्दर कविता | जीवन | जीवन |
| १७० | सोचौं केही नेपाली हो | दिल्लीराज पन्त | लक्ष्मण शेर्पा |

| | | | |
|---|---|---|---|
| १७१ | जन्मभूमिको कथा | सुबोध, गणेश उदास | गणेश उदास |
| १७२ | हामी मजदुर | विक्रम सुब्बा | देवी बाराकोटी |
| १७३ | मेरो दाजु फिर्नु भएन | मञ्जुल | रामकृष्ण दुवाल |
| १७४ | उस्तै हुन् छोरा र छोरी | रघु पन्त | रामकृष्ण दुवाल |
| १७५ | नेपाल प्रष्ट छ | इच्छा राम राई | गणेश उदास |
| १७६ | चेलीको मन रुन्छ | सरू सुब्बा | अज्ञात |
| १७७ | मलाई किन्न सक्तैनौ | मञ्जुल | रामेश |
| १७८ | नहेप नारीलाई | अनिल | हेमराज राई |
| १७९ | नयाँ फूल | प्रमोद हमाल | प्रमोद हमाल |
| १८० | हाम्रो रगत हाम्रो पसिना | चन्द्र भण्डारी | चन्द्र भण्डारी |
| १८१ | तम्मरको बाढीले | विक्रम सुब्बा | याम सुब्बा |
| १८२ | मेरो तावा खोला | सुन्दर जोशी | हेमराज राई |
| १८३ | कसको निम्ति बाँच्छौ | विक्रम सुब्बा | हरी थापा |
| १८४ | विश्वकी आमा | वी.एम. लामा | शिव दर्नाल |
| १८५ | कसको निम्ति बाँच्छौ | विक्रम सुब्बा | हरी थापा |
| १८६ | विश्वकी आमा | बि.एम. लामा | शिव दर्नाल |
| १८७ | सक्नु पर्छ शत्रु मित्रु छुट्याउन | निरिस | रामेश |
| १८८ | हिमाली हावाको सन्देश | विजय सुब्बा | विजय सुब्बा |
| १८९ | स्वागत सबैलाई | माधव प्रधान | माधव प्रधान |
| १९० | हाम्रो स्वर लहरी | प्रमोद हमाल | प्रमोद हमाल |
| १९१ | उठ हे आन्दोलन हाँक्न | एन.के. प्रसाईं | अज्ञात |
| १९२ | एउटा माइती दुर देश | विक्रम सुब्बा | अज्ञात |
| १९३ | फेवा तालैमा | प्रमोद हमाल | प्रमोद हमाल |
| १९४ | फूलहरूको जिन्दगीलाई | श्यामसुन्दर श्रेष्ठ | शशि, लीला |
| १९५ | नौलो युगका युवक | रणबहादुर क्षेत्री | रणबहादुर क्षेत्री |
| १९६ | जमिन हुन्छ जित्नेको | विष्णु प्रभात | विजय सुब्बा |
| १९७ | झोडाबासीको कथा | राजकुमार पोखरेल | चन्द्र भण्डारी |
| १९८ | हामी साना केटाकेटी | मञ्जुल | राजु तुलाधर |
| १९९ | छोराको सम्झनामा | लीलाराज कार्की | विजय सुब्बा |
| २०० | आयो हाम्रो पालो | भिमबहादुर थापा | लोकलय |
| २०१ | धनीलाई ऐनले छुँदैन | कुमार कार्की | लोकलय |
| २०२ | मित्राजीको नातो | रमा | पश्चिमी तीजको लय |
| २०३ | गरिबको रगतले मोटाको | कुमार काकी | शेर्पा लोकलय |
| २०४ | हामीलाई ढाँट्ने फटाहा हो | श्याम तमोट | राजु तुलाधर |
| २०५ | अड्डै उठी आउँछ | भिम बहादुर थापा | बैतडीको लोकलयमा |
| २०६ | बेला गैसक्यो | नारायण परिश्रमी | गण्डकीको लोकलयमा |
| २०७ | पल्टन जान नराम्रो देखें | माधव प्रधान | गण्डकीको लोकलयमा |
| २०८ | दैबु दैबु मेरी | प्रेम कुँवर | सुदुरपश्चिमको लोकलय |
| २०९ | संसार फेरौं है हाम्रै पालैमा | लोकलय | लोकलय |
| २१० | यो कुरोलाई राखौं मनैमा | झलकमान गन्धर्व | बाटुलेचौरको लोकलय |
| २११ | यो देश जालीको भयो | राजेन्द्र बहादुर साउद | डँडेलधुराको लोकलय |
| २१२ | उठौं अब जुरुक्क | नारायण परिश्रमी | काँठको लोकलय |
| २१३ | लौन उत्र रण मैदान | लोकलय | नवलपरासी लोकलय |
| २१४ | हो हो रे हो | लोकलय | बुइपा भदौरे लोकलय |
| २१५ | पीर छ मनैमा | पर्वत सुब्बा | ताप्लेजुङको लोकलय |

| | | | |
|---|---|---|---|
| २१६ | कति बसुं हात जोडी | मन बहादुर गुरुङ | पोखराको लोकलय |
| २१७ | झुम्रेली बाज | प्रेम कुँवर | डोटेली लोकलय |
| २१८ | भोल्याकी सानी नानी | मञ्जुल | रामेश |
| २१९ | ए दार्जिलिङ | मञ्जुल | रामेश |
| २२० | सङ्घर्षको धार कहिलै रोकिँदैन | विक्रम सुब्बा | याम सुब्बा |
| २२१ | कति प्यारो छ यो देश | मञ्जुल | रामेश |
| २२२ | प्यारो कवि | मञ्जुल | रामकृष्ण दुवाल, रामेश |
| २२३ | आमाको मुटु चुँडायौ | भुपदास राज भण्डारी | रामकृष्ण दुवाल |
| २२४ | सुल्टो संसार कसले उल्टायो | भक्त राई | भक्त राई |
| २२५ | एउटाले बिराउँछ साखै पिराउँछ | मञ्जुल | रामेश |
| २२६ | बोल नेपाली जिन्दावाद | लोकनाथ ज्ञवाली | रामेश, रामकृष्ण दुवाल |
| २२७ | बिउँझी रहेको गाउँ | मञ्जुल | रामेश, अरिम |
| २२८ | नदी जस्तो जीवन | ... | ... |
| २२९ | महान सडक | विक्रम सुब्बा | ओम श्रेष्ठ |

**जनताका गीतहरू भाग - ४**

| | गीतको बोल | रचनाकार | सङ्गीतकार |
|---|---|---|---|
| २३० | अजय हतियार | मञ्जुल | रामेश |
| २३१ | कसलाई खोजेको हो | बम देवान | रामेश |
| २३२ | न्यानो अभिवादन | बि.कौडिन्य | प्रमोद हमाल |
| २३३ | तपाइँहरूको मायाले | विक्रम सुब्बा | हेमराज राई |
| २३४ | चेतनाको ज्योति | हेमराज राई | हेमराज राई |
| २३५ | देशको निम्ति उठ्छौं | चन्द्र भण्डारी | चन्द्र भण्डारी |
| २३६ | कसले सारङ्गी रूवायो | चेतनारायण राई | चेतनारायण राई |
| २३७ | सुन्यौ साथी | मञ्जुल | विजय सुब्बा |
| २३८ | युगको भारा | हरि साङ्ग्सोन् | हरि साङ्ग्सोन् |
| २३९ | मुहान सुक्दैन | सुजन काफ्ले | शशि पौडेल |
| २४० | यो देश जनताको | विजय कार्की | विजय कार्की |
| २४१ | हक हाम्रो खोस्ने पर्छ | प्रेम शर्मा | जयन्ती राई |
| २४२ | छोरालाई सम्झेर | महेन्द्र राई | हेमराज राई |
| २४३ | दाजुको प्रतिक्षामा | विजय सुब्बा | विजय सुब्बा |
| २४४ | दु:खको खबर | दिल्ली राई | दिल्ली राई, हेमराज राई |
| २४५ | नआउ सङ्घार नाघी | लक्ष्मण शेर्पा | लक्ष्मण शेर्पा |
| २४६ | गीत गाउँछु म त | गोकुल जोशी | कुमार कार्की |
| २४७ | मैलो विचार पखालिदेउ | गोकुल जोशी | शशि पौड्याल |
| २४८ | गोकुलको सम्झनामा | नारायण ढकाल | वटु नेउपाने |
| २४९ | चियाको बुट्टामुनीको जीवन | चन्द्र भण्डारी | चन्द्र भण्डारी |
| २५० | चिया कमानको सपना | गोपाल गुरागाई | गणेश उदास |
| २५१ | माझी दाई | भक्त राई, हरि साङ्ग्सोन | हरि साङ्ग्सोन |
| २५२ | च्याल्सा | मञ्जुल | रामेश |
| २५३ | हजार जीवन | लक्ष्मी प्रसाद देवकोटा | रामेश |
| २५४ | हरेक साल अनिकाल | हेमराज राई | हेमराज राई |
| २५५ | चन्द्रमालाई हेरेर | मञ्जुल | प्रतिमा तुलाधर |
| २५६ | आरावाल दाई | हेमराज राई | हेमराज राई |

| | | | |
|---|---|---|---|
| २५७ | रिङ्केबुङ्को राँगो | सामूहिक | सङ्खुवासभा गन्धर्व गीत |
| २५८ | विदाइको क्षण | मञ्जुल | रामेश |
| २५९ | बेहुला बेहुली | कौशिक | रामेश |
| २६० | माइतीको माया | मञ्जुल | राजु तुलाधर |
| २६१ | चेलीको प्राण | सुरेश कार्की | देवी बाराकोटी |
| २६२ | विदाइ | ओम श्रेष्ठ | ओम श्रेष्ठ |
| २६३ | चेलीलाई आदर | राजेन्द्र श्रेष्ठ | राजेन्द्र श्रेष्ठ |
| २६४ | बराबरी हक | गोकुल जोशी | कुमार कार्की |
| २६५ | दरो चुनौती | सरला श्रेष्ठ | शशि पौडेल |
| २६६ | नारीको खुसी | अज्ञात | अज्ञात |
| २६७ | महिला मुक्ति मागेर पाइन्दैन | चन्द्र भण्डारी | चन्द्र भण्डारी |
| २६८ | न्यायप्रेमी नारीहरू | विक्रम सुब्बा | विजय सुब्बा |
| २६९ | पढ्नु भनेको के हो | दुर्गालाल श्रेष्ठ | रामकृष्ण दुवाल |
| २७० | देशभक्त बनाउने धोको | मञ्जुल | प्रमोद, शशि |
| २७१ | सिक | कञ्चन राई | रूपन राई |
| २७२ | चहकिला तारा | शार्दूल भट्टराई | घनश्याम |
| २७३ | बनभात | राजीव | विजय सुब्बा |
| २७४ | रमाइलो स्कुल | रामकृष्ण दुवाल | रामकृष्ण दुवाल |
| २७५ | कोपिला | दुर्गालाल श्रेष्ठ | रामेश |
| २७६ | जमुनीको छोरो | राजीव | रामेश |
| २७७ | राम्रो नराम्रो | अज्ञात | रामेश |
| २७८ | घन्टीले के भन्छ ? | मोहन श्रेष्ठ | मोहन श्रेष्ठ |
| २७९ | कलिला कोपिला | अग्निशिखा | विजय सुब्बा |
| २८० | माग्ने नभन्दिनु होला | माधव श्रेष्ठ | माधव श्रेष्ठ |
| २८१ | कठैबरा | राजु तुलाधर | राजु तुलाधर |
| २८२ | फन्के रोटी भाँचिन्छ | सामूहिक | धनकुटाको लोकलय |
| २८३ | तिहारको रमझम | लोकलय | दोलखाको धामी लोकलय |
| २८४ | रमाईलो गरेको | लोकलय | गण्डकीको लोकलय |
| २८५ | उदास तिहार | मञ्जुल | प्रमोद, शशि |
| २८६ | आरती | मोदनाथ शर्मा | आरती भजन लोकलय |
| २८७ | सेमुना | राई जातिको चण्डी गीत | खोटाङमा गाइने |
| २८८ | भालेले डाकि सक्यो | हरि साङ्सोन | भोजपुरको लोकलय |
| २८९ | नेपालै रोइसक्यो | प्रेम कुँवर | सुदुर पश्चिमको लोकलय |
| २९० | मुरली तिरीरी | विक्रम सुब्बा | कुमार कार्की |
| २९१ | मै निर्धो गोठाला | मनबहादुर गुरुङ | पोखराको लोकलय |
| २९२ | कर्कुलको पानी | टङ्क राई | कोशीको लोकलय |
| २९३ | समाउँछौं कठालो | गन्धर्व समूह | लमजुङ भेगमा गाइने |
| २९४ | चरी मैना | कुमार कार्की | दोलखाको लोकलय |
| २९५ | जे होला होला | विजय सुब्बा | तेह्रथुमको लोकलय |
| २९६ | साइलौ आँखाभरी आँशु | यन्चनाथ दाहाल | भोजपुरको लोकलय |
| २९७ | आउँछौ नेपालमा | सुव | पश्चिम १ नम्बर लोकलय |
| २९८ | जालीको नौ जाल | कुमार कार्की | पोखराको लोकलय |
| २९९ | चेली माइतीको कुरा | झुम राई | कोशीको पहाडी लोकलय |
| २९६ | साँच्चिकै पो हो कि त | सामूहिक | हलेसीको लोकलय |
| २९७ | आरावालको बिलौना | सामूहिक | भोजपुरको लोकलय |

| | | | |
|---|---|---|---|
| २९८ | हो कि होइन | कुमार कार्की | दोलखाको लोकलय |
| २९९ | अघि नजाउँ हजुर | शम्भु राई | शम्भु राई |
| ३०० | साथी जीवन बदलिन्छ | प्रेम बहादुर किसान | असारे लय |
| ३०१ | गाँठी कुरा | उदय श्रेष्ठ | ओखलढुङ्गाको लोकलय |
| ३०२ | अइयाउ लौ लौ | विक्रम सुब्बा | दिक्तेलको लोकलय |
| ३०३ | सत्यमा लाग्ने मन छ | शशि, लीला | गण्डकीको लोकलय |
| ३०४ | लौन कान्छा राँको झोस् | देवीप्रसाद किसान | काँठे भाखा |
| ३०५ | बिर्स्यो कि क्यारे | चेतनारायण राई | शम्भु राई |
| ३०६ | खेतवा जोते रे किसनवा | रामप्रताप यादव | भोजपुरी लोकगीत |
| ३०७ | लालीगुराँस भएर फक्र | सानु मिश्र | |

**जनताका गीतहरू भाग - ५**

| | गीतको बोल | रचनाकार | सङ्गीतकार |
|---|---|---|---|
| ३०८ | एकजुगमा एकदिन | गोपाल प्रसाद रिमाल | रामकृष्ण दुवाल |
| ३०९ | रोक्ने को हो ? | गोकुल जोशी | रामेश |
| ३१० | मेरो देश | प्रल्हाद सुवेदी | प्रल्हाद सुवेदी |
| ३११ | ती कवि | अग्नी खरेल | विजय सुब्बा |
| ३१२ | सपनै मिल्ने हाम्रो | मञ्जुल | रामेश |
| ३१३ | प्यारो लू-शुन | रघु पन्त | रामेश |
| ३१४ | जोसिलो सलाम | विक्रम सुब्बा | हेमराज राई |
| ३१५ | असीम साहस छ | रेख ब्लोन | रामेश |
| ३१६ | हजार वर्ष बितेर गयो | बम देवान | जेबी टुहुरे |
| ३१७ | मेरो सानो मुरलीमा | मञ्जुल | रामेश |
| ३१८ | खन खन दिलको खेत | लक्ष्मीप्रसाद देवकोटा | रामेश |
| ३१९ | ती दिदी | प्रमोद हमाल | प्रमोद हमाल |
| ३२० | आफ्नो कमाई आफैं खाने | गोकुल जोशी | प्रमोद हमाल |
| ३२१ | जनहृदयका जिउँदा शालिक | मञ्जुल | रामेश |
| ३२२ | सुन्दर कविता | जीवन | जीवन |
| ३२३ | सोचौं केही नेपाली हो | दिल्लीराज पन्त | लक्ष्मण शेर्पा |
| ३२४ | जन्मभूमिको कथा | सुबोध, गणेश उदास | गणेश उदास |
| ३२५ | १८ हामी मजदुर | विक्रम सुब्बा | देवी बाराकोटी |
| ३२६ | मेरो दाजु फिर्नु भएन | मञ्जुल | रामकृष्ण दुवाल |
| ३२७ | उस्तै हुन् छोरा र छोरी | रघु पन्त | रामकृष्ण दुवाल |
| ३२८ | नेपाल प्रष्ट छ | इच्छाराम राई | गणेश उदास |
| ३२९ | चेलीको मन रून्छ | सरू सुब्बा | अज्ञात |
| ३३० | तम्मरको बाढीले | विक्रम सुब्बा | याम सुब्बा |
| ३३१ | मेरो तावा खोला | सुन्दर जोशी | हेमराज राई |
| ३३२ | कसको निम्ति बाँच्छौ | विक्रम सुब्बा | हरी थापा |
| ३३३ | विश्वकी आमा | बी.एम. लामा | शिव दर्नाल |
| ३३४ | सक्नु पर्छ शत्रु मित्रु छुट्याउन | निरिस | रामेश |
| ३३५ | हिमाली हावाको सन्देश | विजय सुब्बा | विजय सुब्बा |
| ३३६ | स्वागत सबैलाई | माधव प्रधान | माधव प्रधान |
| ३३७ | हाम्रो स्वर लहरी | प्रमोद हमाल | प्रमोद हमाल |
| ३३८ | उठ हे उठ मजदुर किसान | एन.के. प्रसाईं | अज्ञात |
| ३३९ | एउटा माइती दुर देश | विक्रम सुब्बा | अज्ञात |

| | | | |
|---|---|---|---|
| ३४० | फेवा तालैमा | प्रमोद हमाल | प्रमोद हमाल |
| ३४१ | फूलहरूको जिन्दगीलाई | श्यामसुन्दर श्रेष्ठ | शशि, लीला |
| ३४२ | नौलो युगका युवक | रणबहादुर क्षेत्री | रणबहादुर क्षेत्री |
| ३४३ | जमिन हुन्छ जोत्नेको | विष्णु प्रभात | विजय सुब्बा |
| ३४४ | क्रान्ति अधुरो छ | रामचन्द्र भट्टराई | रामेश |
| ३४५ | हामी साना केटाकेटी | मञ्जुल | राजु तुलाधर |
| ३४६ | छोराको सम्झनामा | लीलाराज कार्की | विजय सुब्बा |
| ३४७ | आयो हाम्रो पालो | भीमबहादुर थापा | अच्छामी देउडा लोकलय |
| ३४८ | धनीलाई ऐनले छुँदैन | कुमार कार्की | कुमार कार्की |
| ३४९ | मित्राजीको नातो | नेत्रलाल अभागी | रामेश |
| ३५० | गरिबको रगतले मोटाको | कुमार कार्की | शेर्पा लोकलय |
| ३५१ | हामीलाई ढाँट्ने फटाहा हो | श्याम तमोट | राजु तुलाधर |
| ३५२ | अड्डै उठी आउँछ | भीमबहादुर थापा | बैतडीको लोकलय |
| ३५३ | बेला गैसक्यो | नारायण परिश्रमी | रामेश |
| ३५४ | पल्टन जान नराम्रो देखें | माधव प्रधान | गण्डकी अञ्चल लोकलय |
| ३५५ | दैबु दैबु मेरी | प्रेम कुँवर | सुदुर पश्चिमको लोकलय |
| ३५६ | संसार राखौं है हाम्रै पालैमा | माधव प्रधान | गण्डकी अञ्चल लोकलय |
| ३५७ | यो कुरोलाई राखौं मनैमा | सङ्कलन झलकमान | बाटुले चौरको लोकलय |
| ३५८ | यो देश जालीको भयो | राजेन्द्रबहादुर साउद | डँडेलधुराको लोकलय |
| ३५९ | उठौं अब जुरूक्क | नारायण परिश्रमी | काँठको लोकलय |
| ३६० | लौन उत्र रण मैदान | माधव प्रधान | नवलपरासीको लोकलय |
| ३६१ | हो हो रे हो | लोकलय | बुइपाको भदौरे लोकलय |
| ३६२ | पीर छ मनैमा | पर्वत सुब्बा | ताप्लेजुङको लोकलय |
| ३६३ | कति बसुं हात जोडी | मनबहादुर गुरुङ | पोखराको लोकलय |
| ३६४ | झुम्रेली बाज | प्रेम कुँवर | डोटेली लोकलय |
| ३६५ | भोल्लाकी सानी नानी | मञ्जुल | रामेश |
| ३६६ | ए दार्जिलिङ | मञ्जुल | रामेश |
| ३६७ | सङ्घर्षको धार | विक्रम सुब्बा | याम सुब्बा |
| ३६८ | कति प्यारो छ यो देश | मञ्जुल | रामेश |
| ३६९ | प्यारो कवि | मञ्जुल | रामकृष्ण दुवाल, रामेश |
| ३७० | आमाको मुटु चुडायौ | भुपदास राज भण्डारी | रामकृष्ण दुवाल |
| ३७१ | सुल्टो संसार कसले उल्टायो | भक्त राई | शम्भु राई |
| ३७२ | एउटाले बिराउँछ | मञ्जुल | रामेश |
| ३७३ | बोल नेपाली जिन्दावाद | लोकनाथ ज्ञवाली | रामेश, रामकृष्ण दुवाल |
| ३७४ | बिउँझी रहेको गाउँ | मञ्जुल | रामेश, अरिम |
| ३७५ | गरौं गुप्ती भेला | विष्णु प्रभात | प्रचलित लोकलय |
| ३७६ | रक्तक्रान्तिको ज्वालामुखीमा | युद्धप्रसाद मिश्र | रामेश |
| ३७८ | शहीदको सपना अझै अधुरो | रामचन्द्र भट्टराई | रामेश |
| ३७९ | उठ जाग मानव हो | गोकुल जोशी | तामाङ सेलोमा |
| ३८० | नयाँ घर बनाउन | विक्रम सुब्बा | रामेश |
| ३८१ | जब उठे बीरहरू | अग्नि शिखा | यम पयाङ्गु |
| ३८२ | साँचो कुरा भन्नै पर्छ | विष्णु प्रभात | रामेश |
| ३८३ | हाँक्दछ युग तोपको मुख | मोदनाथ प्रश्रित | यम पयाङ्गु |
| ३८४ | जनता र देशको निम्ति | शरद सिमान्त | शरद सिमान्त |
| ३८५ | अन्यायमा परेको संस्कृति | अज्ञात | अज्ञात |

| | | | |
|---|---|---|---|
| ३८६ | हत्कडी छिनाउने | वाशु शाक्य | बाशु शाक्य |
| ३८७ | गर्विलो पहाड चढाइ | चेतनारायण राई | चेतनारायण राई |
| ३८८ | युगको बत्ति | मीनप्रसाद सहाय | पूर्णभद्र भुसाल |
| ३८९ | नथाकौं साथी | उजाल सुब्बा | उजाल सुब्बा |
| ३९० | न्यायको लागि लम्क | रेख ब्लोन | रेख ब्लोन |
| ३९१ | गाउँगाउँबाट उठ | श्याम तमोट | श्याम तमोट |
| ३९२ | नेल्सन मण्डला | आभास | रामेश |
| ३९३ | प्रजातन्त्र केहो ? | के.पि. खतिवडा | रामेश |
| ३९४ | धर्तिको तारा झऱ्यो | आभास | चन्द्र भण्डारी |
| ३९५ | श्रद्धाञ्जली वीर योद्दालाई | शरद सीमान्त | शरद सीमान्त |
| ३९६ | विदाइले मिलन डाक्छ | आभास | आभास, बाशु शाक्य |
| ३९७ | मायालु आमा | अज्ञात | अज्ञात |
| ३९८ | फोक्लेन्डको चिठ्ठी | मणि थापा | जीवन शर्मा |
| ३९९ | हाम्रो नाम कान्छा | वाशु शाक्य | बाशु शाक्य |
| ४०० | साहित्यको क्षितिज | अग्निशिखा | यम पयाङ्गु |
| ४०१ | भुँई कुइरो उड्न थाल्यो है | चन्द्र भण्डारी | चन्द्र भण्डारी |
| ४०२ | एउटा ज्यूँदो आस्था | चन्द्र भण्डारी | चन्द्र भण्डारी |
| ४०३ | युद्द मैदानको खेल खेल्दा | विक्रम सुब्बा | रामेश |
| ४०४ | सुन्दरी लीना | जेस सेन्टिआगो | रामेश, श्याम तमोट अनुवाद |
| ४०५ | तिमी धेरै धेरै उड | चेतनारायण राई | चेतनारायण राई |
| ४०६ | सुन्दर इन्द्रधनु | जसराज किराँती | रामेश |
| ४०७ | मेरो प्यारो ओखलढुङ्गा | सिद्धिचरण श्रेष्ठ | रामेश |
| ४०८ | सरसिली आशा | गोकुल जोशी | आभास |
| ४०९ | अँध्यारोमा जुनकिरी | आभास | रामेश |
| ४१० | हिँडे जस्तो मात्र लाग्छ | हेमराज राई | हेमराज राई |
| ४११ | बेइमान -इमान | विक्रम सुब्बा | रामेश |
| ४१२ | लड्छौं छाती ठोकी | डिक बान्तवा | अमृत राई |
| ४१३ | महिला सङ्घको अफिस | रमा पहारी | रामेश |
| ४१४ | टुहुरी म चेली | डम्बर पहाडी | अमृत राई |
| ४१५ | लाटी सोझी छोरीको सराप | पुष्पा शर्मा अर्गेली | रामेश |
| ४१६ | हामी बालिका | रामेश | रामेश |
| ४१७ | चलन जस्ताको तस्तै छ | सहजी पन्त | रामेश |
| ४१८ | छोरी पाउँदा हप्काउँछन् | के.पी. खतिवडा | धादिङको लोकलय |
| ४१९ | मेरो भाग्गे फोर्नु भो | पुष्पा शर्मा अर्गेली | रामेश |
| ४२० | पिंजडाबाट सन्देश | दिपकिशोर लिङ्देन | मिराग सौदेन |
| ४२१ | तिन भाइ छोरा र एउटी छोरी | महिला समूह, पोखरा | रामेश |
| ४२२ | पशु झैं कति बाँच्नु ? | दाताराम खनाल | यम पयाङ्गु |
| ४२३ | अचम्मका युवाहरू | थल थापा श्रीस | थल थापा श्रीस |
| ४२४ | प्रणाम देशलाई | श्याम तमोट | रामेश |
| ४२५ | जहिले पनि जाँच | श्यामप्रसाद शर्मा | रामेश |
| ४२६ | पढ्न लेख्न मुस्किल छ | आभास | रामेश |
| ४२७ | पानी बिना सबै माछा मर्दछन् | विक्रम सुब्बा | जेबी टुहुरे |
| ४२८ | लाजै भो | अस्मिता शान्तु | रामेश |
| ४२९ | यसरी बिते मेरा सात दिन | राजीव | रामेश |
| ४३० | कोइली रोयो | रामकृष्ण दुवाल | रामकृष्ण दुवाल |

| | | | |
|---|---|---|---|
| ४३१ | मिलेजुलेका साथीहरू | --- | --- |
| ४३२ | स्कुल जाने बेला भयो | रामेश | रामेश |
| ४३३ | बजाउ सबले ताली | रामेश | रामेश |
| ४३४ | खुरमुरिन्छु कि ! | राजीव | रामेश |
| ४३५ | हौं किसान दुनियाँ बचाउने | प्रचण्ड बुढाथोकी | अर्घाखाँचीको लोकलय |
| ४३६ | जसको जोत उसको पोत | कुमार कार्की | पश्चिमी नेपालको लोकलय |
| ४३७ | कस्तो कठोर जीवन | शोषित, माडी चितौन | प्रचलित लोकलय |
| ४३८ | कठै कुल्ली दाइ | खुसीराम पाखीन | खुसीराम पाखीन |
| ४३९ | देशलाई जिउ दिन्छु | नारद हार्तम्छाली | पूर्वेली लोकलयमा |
| ४४० | सपूतको खाँचो छ | रमेश अर्याल | रमेश अर्याल |
| ४४१ | हुर्हुर दौंतरी हुर्हुर | कुमार कार्की | दोलखा चरिकोटको लोकलय |
| ४४२ | नेपाललाई हानेको भकुण्डो | भिमप्रसाद दुलाल | लोकलय |
| ४४३ | रन्वेली रन्मा | नारद हार्तम्छाली | दिङ्ला भोजपुरको लोकलय |
| ४४४ | उज्यालो जीवन ल्याउनु छ | लोक गीत | पूर्वेली लोक गीत |
| ४४५ | पिस्कर गाउँमा भयो नि दमन | कुमार कार्की | पश्चिमी नेपालको लोकलय |
| ४४६ | भाइ फुटे पहरा फुटे | विक्रम सुब्बा, रामेश | झलकमान गन्धर्व |
| ४४७ | जोगीलाई भिक्षा | लोकलय | गण्डकी अञ्चलको लोकगीत |
| ४४८ | पख सँगै जाम | लोकगीत | बाग्लुङको लोकगीत |
| ४४८ | फूल रोप्देउ चिहान माथि | सङ्कलन रामेश | पूर्वी नेपालको लोकगीत |
| ४४९ | नहान ढुङ्गाले | रामेश | पूर्वेली लोकलय |
| ४५० | कुर्कुर माकुर कुर् | विजय सुब्बा | तेह्रथुमको लोकलय |
| ४५१ | बाबा आमा झ्यालैमा | रामेश | लमजुङको गन्धर्व लोकलय |
| ४५२ | देउसी खेल्दै आएको | रामेश | पश्चिमी नेपालको लोकलय |
| ४५३ | यो सालमा पनि | रामेश | गण्डकी लोकलय |
| ४५४ | देख्यौ एकताको बल ? | रामेश | पोखराको लोकलय |
| ४५५ | न्हुदँया भिन्तुना | रामेश | पूर्वी नेपालको लोकलय |
| ४५६ | दुई हजार सात सालमा | दलबहादुर गन्धर्व | गोरखाको गन्धर्व लोकलय |
| ४५७ | शहीदको रगत खेर नजाओस् | शिवा | शिवा |
| ४५८ | महिला | केपि खतिवडा | प्रचलित लोकलय |
| ४५९ | उसको अनुरोध | मञ्जुल, रामेश, | मञ्जुल, रामेश, गणेश उदास |
| ४६० | गोकुल जोशी | प्रदीप मधौरू | रामेश |
| ४६१ | कमिला र रोटी | दुर्गालाल श्रेष्ठ | रामकृष्ण दुवाल |
| ४६२ | हामी त उठ्ने छौं | गोबिन्द बिकल | रमेश श्रेष्ठ धरान |
| ४६३ | सङ्ग्राममा पस्नु पर्छ | विक्रम सुब्बा | रामेश |
| ४६४ | साँपको दाँत उखेल | गोकुल जोशी | तामाङ लोकलय |
| ४६५ | नेताहरूको बरबुद्धि | रामेश | बमबहादुर र प्रेमराजा |
| ४६६ | कस्तो छ काठमाडौं | युद्धप्रसाद मिश्र | रामेश |
| ४६७ | यसरी बिते मेरा सात दिन | राजीव | रामेश |
| ४६८ | तिमी धेरै धेरै उड | चेतनारायण राई | चेतनारायण राई |
| ४६९ | हाम्रो स्वागत | उजाल सुब्बा | उजाल सुबा |
| ४७० | युगको बत्ति | मिनप्रसाद सहाय | पूर्णभद्र भुसाल |
| ४७१ | तिमी के के हुने हो | मञ्जुल | रामेश |
| ४७२ | जब उठे वीरहरू | अग्नि शिखा | यम पयाङ्गु |
| ४७३ | मुढे गाउँको तामाङ दाइ | शम्भु राई | शम्भु राई |
| ४७४ | न्यायप्रेमी आवाज | शम्भु राई | शम्भु राई |

| | | | |
|---|---|---|---|
| ४७५ | दुखी गाइनेको जीवन | शम्भु राई | शम्भु राई |
| ४७६ | अन्तिम विजय हाम्रै हो | चन्द्र भण्डारी | चन्द्र भण्डारी |
| ४७७ | बाफ्री बसे भिरमा खसिन्छ | विक्रम सुब्बा | उर्लेस श्रेष्ठ/लोचन |
| ४७८ | बजाउन बाँसुरी कान्छा | मञ्जुल | रामेश |
| ४७९ | रक्तिम किरण छायो | छिरिङ | छिरिङ |
| ४८० | महान सडक | विक्रम सुब्बा | ओम श्रेष्ठ |
| ४८१ | जोत्ने को यो भूमि हो | चन्द्र भण्डारी | चन्द्र भण्डारी |
| ४८२ | युगको आवाज | राजेश | चेतनारायण राई |
| ४८३ | मेरो सारङ्गी भन्छ | मञ्जुल | विजय सुब्बा |
| ४८४ | जनताका छोरा छोरी | सपराज राई | सपराज राई |
| ४८५ | नौलो बिहान खुल्छ | मञ्जुल | विजय सुब्बा |
| ४८६ | रोगी देशको कथा | भक्त राई | रामकृष्ण दुवाल |
| ४८७ | गरीबको गीत | मञ्जुल | विजय सुब्बा |
| ४८८ | लू-सुनको सम्झना | तारा गाउँले | मिराग सौदेन |
| ४८९ | पश्चिममा घुम्दा | मञ्जुल | रामेश |
| ४९० | ब्युँझिँदै गरेको पश्चिम | विष्णु प्रभात | रामेश |
| ४९१ | मलाई किन्न सक्तैनौ | मञ्जुल | शम्भु राई |
| ४९२ | नहेप नारीलाई | अनिल | हेमराज राई |
| ४९३ | नयाँ फूल | प्रमोद हमाल | प्रमोद हमाल |
| ४९४ | हाम्रो रगत हाम्रो पसिना | चन्द्र भण्डारी | चन्द्र भण्डारी |
| ४९४ | चमचम चम्किन्छ नेपाल | दिव्य सुब्बा | दिव्य सुब्बा |
| ४९४ | देशलाई बुझ्न खोज्छु | प्रमोद हमाल | प्रमोद हमाल |

## क. देवनागरीका सन्दर्भ सामग्रीहरू


अधिकारी, माधव (२०७८, बैशाख १४), सुशासनको कसीमा स्थानीय सरकार, *गोरखापत्र संस्थान ।*

अधिकारी, यज्ञप्रसाद (२०५८), *विश्व सन्दर्भमा नेपाली काँग्रेसको दृष्टिकोण (सन् १९४७-१९९०),* प्रजातन्त्र संवर्द्धन केन्द्र र फ्रेडरिक एबर्ट स्टिफ्टुङ नेपाल ।

अधिकारी, रविन्द्र (२०७४), जोमसोमै बजारमा, गीत र प्रत्यक्ष कुराकानी ।

अधिकारी, रविलाल (२०४४), *प्रगतिवादी नेपाली कविता,* लेकाली प्रकाशन ।

अधिकारी, सूर्यमणि (सन् १९९८), *नेपालमा प्रजातान्त्रिक आन्दोलनको इतिहास* : निराला पब्लिकेशन ।

अधिकारी, सूर्यमणि (२०७८ कात्तिक),*नेपाली काँग्रेसको इतिहास,* भुँडीपुराण प्रकाशन ।

अनिल, (२०४७), नहेप नारीलाई यी हुन् दासी भनी, *जनताका गीतहरू,* भाग ३ : पृ. २४ ।

अनुशासनका नियमहरू, (२०४७), प्रगतिशील स्रष्टाका नियम, *जनताका गीतहरू,* भाग १, पृ. ३१ ।

आचार्य, बलराम (२०५७), *विकास र सामाजिक सांस्कृतिक परिवर्तनप्रतिको अवधारणा,* न्यु हिरा बुक्स ।

आचार्य, रेनुका (२०८१, पुस १३), अन्तरजातीय विवाह, (सम्पा) अमित ढकाल, *सेतोपाटी ।*

आफ्नाशयेभ, भि. (सन् १९८५), *दर्शनशास्त्रको प्रारम्भिक ज्ञान,* प्रगति प्रकाशन ।

आफ्नासयेभ, भि. (सन् १९७७), *दर्शनशास्त्रको प्रारम्भिक ज्ञान,* प्रगति प्रकाशन ।

आफ्नाशयेभ, भि. (२०७५), *दर्शन शास्त्रको प्रारम्भिक ज्ञान,* बहुद्देश्यीय अध्ययन केन्द्र ।

आश्रम, हेमराज (२०८० माघ १७), रक्तिम सांस्कृतिक अभियान, *युगदर्शन ।*

आस्थाका गीतहरू (२०४९), आस्था सङ्गीत शृङ्खला २०४८-०४९, कार्यक्रमहरू, *जीवनको नाम,* आस्था तथा फ्रान्सिसी सांस्कृतिक केन्द्र, पृष्ठ ७, १९, २५, २८, २९, ३३, ३९, ४४, ६५, ७१, ७८, ७९, ८४, ८९, ९५, १०१, ११३, १३०, १३३, १४१, १३६, १५७ ।

उपाध्याय, यदुनन्दन (२०१२ जुन ४), यथार्थवादी साहित्यको उन्नत स्वरूप : प्रगतिवाद, *समकालीन साहित्य,* https://www.samakalinsahitya.com/sahitya/details/3877sfsL

उपाध्याय, श्याम (२०७९ आश्विन २८), कार्ल मार्क्स र 'ईश्वरविहीन' समाज, *नागरिक न्युज ।*

उप्रेती, गङ्गाप्रसाद, बन्धु, चुडामणि, यादव, योगेन्द्रप्रसाद, पोखरेल, माधवप्रसाद र शर्मा, कृष्णचन्द्र (२०७०), *प्रज्ञा नेपाली-अँग्रेजी शब्दकोश,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

ओली, केपी शर्मा (२०७५ जेष्ठ २०), एकल गायनमा तीन घन्टा गुञ्जिए रामेश, *रिपोर्टर्स क्लब,* ऋद्धि सिद्धि मिडिया प्रा.लि. ।

ओली, केपी शर्मा (२०८१, भदौ २२), *शिलापत्र* https://shilapatra.com/detail/144510

कार्की, कुमार (२०४७), पिस्करको गाउँमा भयो दमन, *जनताका गीतहरू,* भाग ५, पृ. ७१, ७२, ७४ ।

कान्तिपुर, (२०७५, चैत्र १९), प्रलेसः आन्दोलन, कान्तिपुर पब्लिकेशन्स ।

कुलुङ्गे लोकलय (२०४७), गाउँ बिग्रियो गाउँघरको साँढाले, *जनताका गीतहरू,* भाग १, पृ. ७१ ।

केन्द्र विन्दु (२०७५, माघ १), पिस्कर हत्याकाण्डबारे पूर्वमन्त्री अमृतकुमार बोहोरा, *केन्द्रबिन्दु ।*

के.सी., कृष्ण र डाँगी, शिवकुमार (२०५२), पिस्कर र थामी योद्धाहरू *शहीद,* मदन-आश्रित स्मृति प्रतिष्ठान केन्द्रीय कार्यालय ।

के.सी., सुरेन्द्र (२०५६), कम्युनिस्टको ऐतिहासिक पृष्ठभूमि, *नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास (पहिलो भाग),* विद्यार्थी पुस्तक भण्डार ।

के.सी., सुरेन्द्र (२०६०), *नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास* (दोस्रो भाग), २०२०-२०४९, विद्यार्थी पुस्तक भण्डार ।

कोअर्डिनेशन कमिटी (माले) को अन्तरपार्टी निर्देशन २०३२, असार ७) ।

कोइराला, जीवनचन्द्र (२०७२), *सर्वोच्च नेता गणेशमान सिंहका विचार,* गणेशमान सिंह फाउण्डेसन ।

खतिवडा, केपी, (२०४७), प्रजातन्त्र के हो, कसको हातमा छ ? *जनताका गीतहरू,* भाग ५, पृ. १७ ।

खनाल, केशव (२०५८), रामेश, जनकलाकार र जनसंस्कृतिका आदर्श पाठशाला, *छलफल राष्ट्रिय दैनिक,* वर्ष २०, अङ्क २६, चैत्र २५ ।

खनाल, राजेश (२०७५, वैशाख २९), गाउँ-गाउँ र वस्ती-वस्तीका क्रान्तिवीर, *बाह्रखरी* ।

खरेल, पुण्यप्रसाद (२०७७), *झापा आन्दोलनका गीतहरू, समूहगत छलफल, झापा -२०७५ ।*

खारेज भएको नेपालको संविधान २०१९, नेपाल कानुन आयोग, पृ. १३-१४ ।

गन्धर्व, झलकमान र गन्धर्व, जीतबहादुर, (२०४७), बाबाले सोध्लान् नि खै छोरा भन्लान् रनै खुल्यो भन्दिए, *जनताका गीतहरू,* पैरवी प्रकाशन, भाग १ ।

गाउँफर्क राष्ट्रिय अभियान २०३१, श्री ५ को सरकार, गाउँफर्क केन्द्रीय कार्यालय ।

गाउँले, तारा (२०४७), लू-सुनको सम्झनामा एउटा गीत गाउँछौं, पैरवी प्रकाशन, भाग ४, पृ. २२ ।

गिरी, अमर (नोभेम्बर २७, २०१६), समीक्षा : नेपाली साहित्यमा प्रगतिवाद, *साहित्य सङ्ग्रहालय* ।

गिरी, अमर (२०७५), *कवितामा वर्गद्वन्द,* भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

गिरी, अमर (२०७८), किन मन दुखाउँछन् टुहुरेजस्ता संस्कृतिकर्मीहरू ? https://nepallive.com/story/257781

गिरी, अमर (२०८१, पुस २७), एकता, सहिष्णुता र सद्भाव निर्माणमा साहित्य, *गोरखापत्र* ।

गिरी, ठगेन्द्रप्रकाश (२०६७), *नेपाली राजनीतिमा कम्युनिस्ट पार्टीको भूमिका,* भाग १, एसिया पब्लिकेशन प्रा.लि.।

गिरी, मधुसूदन (२०७४, साउन १४), साहित्य र राजनीति, *नागरिक दैनिक,* नागरिक प्रकाशन प्रा.लि. ।

गुरुङ, सुसान्त (२०७६, श्रावण ८), पुस्तक समीक्षा, रामेश : बालापन जीवनको, *नेपाल माग* ।

गोरखापत्र (२०७६, भाद्र ३१), गायन सङ्गीतमा उज्यालो भविष्य छ : तमोट, https://beta.gorkhapatraonline.com/entertainment/2019-09-17-1475

गोरखापत्र (२०७९, फागुन १४), गोरखापत्र संस्थानको बारेमा, *गोरखापत्र,* गोरखापत्र संस्थान ।

गोरखापत्र (२०८१, जेठ ७), आफ्नै कविता जस्तै जीवन बाँच्ने कवि, *गोरखापत्र* ।

गौतम, बद्रीनारायण (२०७८), *जनसङ्घर्षका तीस वर्ष,* सहारा प्रिन्ट कनेक्सन ।

गौतम, राजेश (२०७६), *नेपालको प्रजातान्त्रिक इतिहास,* भाग ७ : भुँडीपुराण प्रकाशन ।

घिमिरे, रमण (२०४९), जीवन गतिशील बन्छ मृत्यु बिर्सिएर, *जीवनको नाम,* पृ. १३० ।

घिमिरे, रमण (२०५३), *शम्भु राई, चुङवाङदेखि काठमाडौँसम्म, शम्भु राईको साङ्गीतिक यात्रा,* किरात जेबी राई ।

चापागाईं, निनु (२०६४, फागुन), लोकतान्त्रिक स्रष्टाहरूको भूमिका, *गरिमा,* वर्ष २६, अङ्क ३ ।

चापागाईं, निनु (२०६७), *मार्क्सवाद र सङ्गीत,* (अनु.सम्पा.), खोजी प्रकाशन प्रा.लि. ।

चापागाईं, निनु (२०७५), सहीमूल्यको खोजीमा पारिजात, *भृकुटीः समालोचनात्मक एवम् अनुसन्धानात्मक साहित्यिक सांस्कृतिक सङ्ग्रह,* भाग २२, पृ. १५८-६३ ।

चापागाईं, लेखनाथ (चापागाईं, २०७०), *साङ्गीतिक यात्रामा प्रमोद हमाल,* सार्थक जनसङ्गीत प्रतिष्ठान, नेपाल

चैतन्य, (२०६४), *मार्क्सवादी कलादृष्टि र समीक्षा.* : ऐरावती प्रकाशन ।

चैतन्य, (२०६९), *मार्क्सवादी सौन्दर्य चिन्तन,* सङ्कलित रचनाहरू, साझा प्रकाशन ।

जनगीत माला (२०५१), विहानीको घाम जस्तै, *जनगीतमाला,* रा.ज.सा.मञ्च पृ. १,४, १०, ३५, ३७ ।

जनताका गीतहरू (२०४७), सम्पादन तथा सङ्कलनः रामेश आस्था परिवार, पैरवी प्रकाशन, भाग १ : पृष्ठ १, २, ५, ६, ७, ९, १०, ११, १३, १४, १५, १६, १७, १८, २०, २१, २२, २३, २४, २७, २८, २९, ३०, ३१, ३२, ३४, ३९, ४०, ४२, ४४, ४५, ४६, ४८, ४९, ५५, ६७, ७३, ७०, ८०, ८२ ।

जनताका गीतहरू (२०४७), भाग २ : पृष्ठ १, ४, ७, ८, ९, ११, १२, १४, १६, १७, १९, २०, २१, २३, २४, २५, २७, २६, ३२, ३३, ३५ ३६, ३७, ३९, ४०, ४१, ४३, ४५, ४६, ४७, ४८, ५०, ५३, ५४, ५६, ५७, ५९, ६०, ६२, ६३, ६७, ६८, ७०, ७१, ७३, ७४, ८२ ।

जनताका गीतहरू (२०४७), भाग ३ : पृष्ठ १, २, ३, ५, ६, ७, १०, १३, १४, १६, १९, २२, २४, २५, २८, ३२, ३३, ३७, ३९, ४६, ६२, भाग ४ : पृष्ठ ११, २२, २५, ३९, ५१, ५४, ५६, ६३, ७१, ८८, भाग ५ : ३, ४, ५, १७, २०, ३३, ५६, ७३ ।

जनता टाइम्स (२०७६, भाद्र ३१), माओको प्रभाव परेको अवस्थामा भोजपुरको दाँवाँमा 'गाउँगाउँबाट उठ https://janatatimes.com/archives/22560

जुरेकास्टेलान, (२०४७), सङ्घर्षको मैदानबाट रित्तै घोडा फर्के, *जनताका गीतहरू,* भाग २, पृ. २४ ।

जोशी, कुमारबहादुर (२०५७), पाचात्य साहित्यका प्रमुख वाद, चौथो संस्क.: साझा प्रकाशन ।

जोशी, कुमारबहादुर, (२०६६), *पाश्चात्य साहित्यका प्रमुख वाद* : साझा प्रकाशन ।

जोशी, गोकुल (२०४७), उठ जाग मानव हो, मुखको विष उकेल, *जनताका गीतहरू,* भाग १ : पृ. ४, पृ. १३, पृ. ४९, पृ. ८४, भाग ५ : पृ. ८ ।

ज्ञवाली, गणेश (२०७७), साहित्य, कला र संस्कृतिसम्बन्धी मार्क्सवादी दृष्टिकोण, *नेपाली साहित्यघर ।*

ज्ञवाली, प्रदीप (२०७८ फागुन २१), इतिहासकै ठूलो घुम्ती, *कान्तिपुर*।

टुहुरे, जेबी (२०४७), जान्न मत नि गोर्खा भर्ति मलाय छाउनीमा, *जनताका गीतहरू,* भाग १ : ४९ ।

ट्राटस्की, एल. (सन् १९३२), रसियन क्रान्तिको इतिहास
https://www.marxists.org/archive/trotsky/1930/hrr/

ठटाल, शान्ति (२०७६), नारायण गोपालसँग मैँले गीत गाइँन, *नागरिक दैनिक*
https://nagariknews.nagariknetwork.com/interview/198939-1576903440.html

डाँगी, शिवकुमार र घिमिरे, खगेन्द्र (२०५२, भाद्र ५), *शहीद : झापा काण्डपछिको पञ्चायत,* मदन-आश्रित स्मृति प्रतिष्ठान ।

डेसेन, मेरी र वन्त, प्रत्यूष (सन् २००४), *नेपालको सन्दर्भमा समाज शास्त्रीय चिन्तन,* हिमाल किताब ।

ढकाल, धनेन्द्रपुरुष, (२०४९), *जनआन्दोलन २०४६ दोस्रो संस्करण,* भुपेन्द्रपुरुष ढकाल ।

तमोट, श्याम (२०४७), रसियाको खुट्टा माथि नाच्न लाग्यो भियतनाम, *जनताका गीतहरू,* भाग १: पृ. १५, पृ. १६, पृ. ४४, पृ. ४५, पृ. ७९, भाग २ : पृ. १४, भाग ५: १४ ।

तमोट, श्याम (२०५८), गाउँगाउँबाट उठ, *जीवनमुखी गीतहरू,* एकताबुक्स डिस्ट्रीब्युटर्स,।

तमोट, श्याम, श्रेष्ठ, उदय र पौडेल, अनिल (२०७०), *साङ्गीतिक यात्रामा प्रमोद हमाल: जसको सम्झना मात्र अब बाँकी छ,* सार्थक जनसङ्गीत प्रतिष्ठान ।

तिमल्सिना, मनहरि (२०७७), *कम्युनिस्ट स्कुल, कम्युनिस्ट आन्दोलन र साम्यवादी विश्व-दृष्टिकोण निर्माणको प्रश्न,* इन्डिगो इन्क प्रा.लि., पृ. ३१५ ।

त्रिपाठी, वासुदेव, पराजुली, कृष्णप्रसाद (सम्पादन), (२०४०), *नेपाली वृहद शव्दकोश,* प्रज्ञा प्रतिष्ठान ।

त्रिपाठी, वासुदेव, (२०५८), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा (भाग २),* साझा प्रकाशन ।

थापा, शिव (सन् २०२१), मेडिकल सुपरिटेन्डेन्ट प्रकरणले सम्झाएको विगत, *एशियामाला*
https://asiamala.com/2021/08/3557/

थामी, डम्बर (सन् २०१३), बलिदानको पिरामिडमा उभिएको 'पिस्कर काण्ड' सम्झँदा, *समाचार दैनिक* https://samachardainik.com/news-details/59675/mail-to

दाहाल, रमेश (२०७६, भदौ १८), गीत-सङ्गीतमा परिवर्तनको मर्म
http://chautaripostonline.com/2019/09/1936/

दिक्पाल, राजकुमार (सन् २०१८), रेख दाइ जेल पर्दा
https://everestkhabar.com/2018/10/1535

दुरा, यम बहादुर (२०७८, मंसिर २५), कस्तो छ लोकगीतमा वर्ग चेतना?, *हिमालखबर,* हिमालमिडिया प्रालि ।

धाइबा, जोतारे, (२०७३, चैत ८), राल्फाको यात्रा: गरिब जनता झुम्मिन्थे, हुने-खाने तर्किन्थे, रेडियो नेपालको पैसा गुम्दा 'राल्फा' को गर्भाधान, *अनलाइन खबर* ।

नयाँ पत्रिका (२०७८, मङ्सिर ४), जात व्यवस्थाको जगमा आरक्षण*, नयाँ पत्रिका,* कृष्णज्वाला देवकोटा (सम्पा.), नयाँ प्रकाशन प्रा.लि. वर्ष १५, अङ्क २३ ।

नागरिक दैनिक (२०७१, १८ चैत्र), आन्दोलनमा स्रष्टा, *नागरिक दैनिक,* नेपाल रिपब्लिक मिडिया ।

निभा, विमल (२०७६, चैत्र ३), सम्झना : कालोपट्टीदेखि कालोपट्टीसम्म, *कान्तिपुर* ।

न्यौपाने, भीम (२०७०, भाद्र ३१), *साङ्गीतिक यात्रामा प्रमोद हमाल, स्मृति ग्रन्थ,* सम्पा. श्याम तमोट, उदय श्रेष्ठ, अनिल पौडेल, सार्थक जनसङ्गीत प्रतिष्ठान, नेपाल ।

न्यौपाने, मुकुन्द (२०७१), *जननेता मदन भण्डारीसँगको सहयात्रा,* मदन भण्डारी फाउन्डेसन ।

नेकपा (माले) ले २०४० कात्तिक ११ गतेको सङ्गठनात्मक परिपत्र ।

नेकपा मालेको चौथो महाधिवेशन (२०४६ भदौ ९-१४, सिरहा) https://cpnuml.org/

नेकपा (माले), (२०७३), *नेपाल चिन्तन एक मार्ग दर्शन,* सातौँ महाधिवेशनबाट पारित, केन्द्रीय कमिटी नेकपा माले ।

नेपाल माग (२०७६), पुस्तक समीक्षाः रामेशः बालापन जीवनको, आत्मसंस्करण, फिनिक्स बुक्स । https://nepalmag.com.np/literature/2019/07/24/20190724151621

नेपाल, देवी (२०७९, फागुन १), गीत के हो र कसरी लेखिन्छ ? https://sahityapost.com/top-news/27961/

नेपाल, देवी, (२०७१), मदन भण्डारीका कविता र गीत सङ्ग्रह, राष्ट्रिय जनसाँस्कृतिक महासङ्घ, नेपाल

नेपाल, प्रदीप (२०५३), *शम्भु राईलाई* कसरी *चिनाऔँ, चुङवाङदेखि काठमाडौँसम्म : शम्भु राईको साङ्गीतिक यात्रा* : किराति जेबी राई ।

नेपाल, सरेश (२०७८), पिस्कर विद्रोहबाट हामीले के सिक्यौँ ? https://www.nepalpress.com/2022/01/15/145465/

नोरेम, श्रेष्ठ हरि (२०७५, श्रावण १२, एउटा ब्राण्ड नेम, *कान्तिपुर,* कान्तिपुर पब्लिकेशन्स् प्रा.लि.।

पराजुली, कृष्णप्रसाद (२०७५),*नेपाली बृहत् शब्दकोश,* नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. १०४८ ।

पराजुली, शेखर र वन्त, प्रत्यूस (२०६२),*रेडियोसँग हुर्कंदा तीनपुस्ते नेपालीको अनुभव,* मार्टिन चौतारी

परिश्रमी, नारायण (२०४७), काम गर्ने जनताको जमात, *जनताका गीतहरू,* भाग ३, पृ. ४८ ।

पश्चिम नेपालको लोकलय (२०४७), पिस्कर गाउँमा भयो नि दमन, *जनताका गीतहरू,* भाग १: ७१ ।

पहाडी, ढुण्डीराज (१ जनवरी, २०२३), *आधुनिक नेपाली गीतमा प्रगतिवादी चेतना,* DOI: https://doi.org/10.3126/cognition.v5i1.55430

पाठक, दिलभुषण (२०१७, डिसेम्बर २०), टफ टक-रामेश, सङ्गीतकार तथा गायक, *कान्तिपुर टेलिभिजन* https://www.youtube.com/watch?v=1l4q5Z5Q3rg

पाण्डे, विमल (२०७६, भदौ ८), कता जाँदैछ रक्तिम सांस्कृतिक अभियान ?, *लेफ्ट रिभ्यु* ।

पून, चिरन (२०४९), इतिहासको पानामा वीरताको गाथा, *रक्तिम परिवार* ।

पुष्पलाल (सन् १९९६), *नेपालमा कम्युनिस्ट आन्दोलनको सङ्क्षिप्त इतिहास,* पुष्पलाल स्मृति प्रतिष्ठान, केन्द्रीय कार्यालय, ३२-३९ ।

पूर्व दुई नम्बरको लोकलय (२०४७), कोइत भने जहाजमा हरर कोइत भने पसिना तरर हाम्रो नेपालमा, मञ्जुल, रामेश, *जनताका गीतहरू,* भाग १, पृ. ७५ ।

पोखरेल, ईश्वर (सन् २०१६), स्मृति : नयाँ जीवनको खोजी, *इरुप्से*।
https://www.erupse.com/?p=3087
पोखरेल, राजकुमार (२०४७), *संयुक्त जन आन्दोलन २०४६ मा संयुक्त वाममोर्चाको भूमिका, स्नातकोत्तर तह इतिहास विषयको अप्रकाशित शोधपत्र,* त्रिवि इतिहास केन्द्रीय विभाग ।
पोखरेल, राजकुमार (२०४७), खान बस्न नपाउँदा, *जनताका गीतहरू,* भाग ३, पृ. ३९ ।
पोखरेल, सादेशमणि (२०७८), वी.पी.को विद्रोही चेत, *कान्तिपुर दैनिक,* माघ १५ ।
पोत्तर, युँजेन (२०४७), उठ जाग ए भोका नाङ्गा जाग संसारका दुःखी, (अ.) रामेश श्रेष्ठ र श्याम तमोट, *जनताका गीतहरू,* भाग १, पृ. १ ।
पौडेल, ईश्वरा (१२ जुलाई, २०२३), *युद्ध कथामा पहिचान, प्रतिनिधित्व र प्रतिरोध चेतना, एक बहु-विषय सहकर्मी-समीक्षा जर्नल,* भाग १३, अङ्क १ : (आईएसएसएन : २५०५०९१५), पृष्ठ १-१२, २०२३ जुलाई DOI: https://doi.org/10.3126/bdkan.v8i01.57781
पौडेल, बोधराज (२०७९ असार ३२), स्रष्टालाई आन्दोलनमा सेक्ने अहिले हेप्ने !, *साँघु न्युज*।
पौडेल, हेमनाथ (२०६५), *प्रगतिवादी दृष्टिमा कवि र कविता,* पैरवी प्रकाशन ।
पौडेल, हेमनाथ (सन् २०१७). *"कवितासम्बन्धी प्रगतिवादी विमर्श", त्रिभुवन युनिभर्सिटी जर्नल,* भोलुम ३१(१/२), पृ. २६९ ।
प्रलेस २०३९ को विधान, प्रगतिशील लेखक सङ्घ, नेपाल, पृष्ठ ८७ ।
प्रलेस कार्यपत्र, (२०४४), प्रगतिशील लेखक सङ्घ, नेपाल, पृ. २० ।
प्रलेस (२०७२), प्रगतिशील लेखक सङ्घ, नेपाल केन्द्रीय समितिको आयोजनामा २०७२ साल साउन ३० गते *नेपाल भाषा र साहित्यमा प्रगतिशीलता, विचार गोष्ठी, कार्यपत्र ।*
प्रश्रित, मोदनाथ (२०४७), कल्ले भन्छ छोरीको हारेको जुनी, *जनताका गीतहरू,* भाग २, पृ. ३६ ।
प्रश्रित, मोदनाथ (२०४७), जनसंस्कृतिको नयाँ दिशा (राष्ट्रिय जनसांस्कृतिक मञ्च, *नेपालको पहिलो सम्मेलन २३-२४ कार्तिक २०४७ मा प्रस्तुत भई पारित गरेको प्रतिवेदन ।*
प्रश्रित, मोदनाथ (२०४९), *जब चल्छ हुरी,* प्रसिना प्रकाशन, पृ. ७, पृ. १४, पृ. १९, पृ. २८, पृ. २५ ।
प्रश्रित, मोदनाथ, भट्टराई, रामचन्द्र (२०५१ बैशाख १), लेखक कलाकर्मी हौं भ्रान्तिको भाषा बुझ्दैनौं, *नयाँ जन गीतमाला, खण्ड ३,* राष्ट्रिय जन सांस्कृतिक मञ्च, पृ. १ ।
प्रश्रित, मोदनाथ (२०६९), *दर्शन र दृष्टिकोण,* माइलस्टोन पब्लिसिङ एण्ड ब्रोडकास्टिङ लिमिटेड।
प्रसाई, एन.के. (२०४७), ब्युँझ है शोषित पीडित, *जनताका गीतहरू,* भाग ३, पृ. ३२ ।
फरकधार (२०७६), मञ्जुलले अतीत सम्झँदै सार्वजनिक गरे *'सम्झनाका पाइलाहरू*
https://farakdhar.com/story/18875/
फरकधार (२०७८), ओझेलमै बाँचिरहेका जनगायक जेबी टुहुरे, राधिका अधिकारी रिपोर्ट
https://www.farakdhar.com/story/58797/
फरलोब, आई.टी. (सन् १९८८), *दर्शन कोश* : प्रगति प्रकाशन ।

बज्राचार्य, चन्द्रमान (सन् २०१७), *नेपालभाषा साहित्यमा प्रगतिशीलता, प्रगतिशील साहित्यको इतिहास,* प्रलेस, २०७२ साल साउन ३० गते नेपाल भाषा र साहित्यमा प्रगतिशीलता विषयक विचार गोष्ठीमा प्रस्तुत कार्यपत्र ।

बज्राचार्य, धनबज्र (२०३०), *लिच्छवीकालका अभिलेख* : नेपाल र एसियाली अध्ययन केन्द्र, त्रिवि ।

बराल, ऋषिराज (२०४९), प्रगतिवाद, *हाम्रो साहित्य सदन,* पृ. ५३ ।

बराल, कोमलनाथ (२०८० असार २२ गते), शिक्षक आन्दोलनको ऐतिहासकिता https://www.samadhannews.com/2023/07/07/71796/

बराल, कृष्णहरि (२०५८), *लेकाली समूह परिचय र प्रवृत्ति, लेकालीको सङ्गीतयात्रा,* लेकाली परिवार ।

बराल, कृष्णहरि (२०५९), नेपाली गीतको प्रतिविम्ब : *नेपाली गीतसङ्ग्रह,* चाँदनी प्रकाशन प्रा.लि.।

बराल, कृष्णहरि (२०६०), *गीत सिद्धान्त र इतिहास* : विद्यार्थी पुस्तक भण्डार ।

बराल, कृष्णहरि (२०७९), *गीतको परिभाषा, गीत सिद्धान्त र इतिहास* : विद्यार्थी पुस्तक भण्डार ।

बराल, भवानी (२०५३), गल्ती गर्नु हुन्न अब आउने निर्वाचनमा निर्दल चुन्नु हुन्न, *चुङ्वाङदेखि काठमाडौँसम्म, शम्भु राईको साङ्गीतिक यात्रा ।*

बराल, भोला (२०५१, सामन्तीले सर्वहारा वर्ग सताए, *जनगीत माला,* पृ. १० ।

बस्नेत, टीकाबहादुर, (पुस ६), नेपालको राजनीतिक परिवर्तनमा प्रगतिवादी कविताको भूमिका, *सहित्यपोष्ट* https://sahityapost.com/top-news/92008/

बस्याल, जीवराज (२०४९), *साहित्यकार मेघराज मञ्जुलको जीवनी र व्यक्तित्व, कृतित्वको विश्लेषण तथा मूल्याङ्कन अप्रकाशित स्नातकोत्तर शोधपत्र २०४९,* नेपाली केन्द्रीय विभाग किर्तिपुर ।

बहादुर, हरि (२०४७), उज्यालो जीवन ल्याउनु छ छिट्टै, *सम्झनाका पाइलाहरू, राल्फा* ।

वान्तवा, (२०४७), इन्क्लाबको नारा लाग्दा हामी मुट्ठी कस्छौँ, *जनताका गीतहरू* ।

बानियाँ, राजकुमार (२०७५), रामेशका राल्फा यादहरू, *नेपाल माग* https://nepalmag.com.np/profile/2019/02/06/20190206184127

बानियाँ, राजकुमार (२०७५), कोशी छेउ उभेको सिमल, *नेपाल राष्ट्रिय साप्ताहिक,* रामेश (अन्तर्वार्ता), वर्ष १९, अङ्क २७, पृ. ४५-४७ ।

बाह्रखरी (२०७६), अनिस्थापना भयो राल्फा, *बाह्रखरी* https://baahrakhari.com/news-details/212893/0000-00-00

बीबीसी न्युज नेपाली (सन् २०१७), रेडियोकी प्रथम गायिका रानुदेवी, *बीबीसी* https://www.bbc.com/nepali/news-39973739

बीबीसी न्युज नेपाली (सन् २०१९), धरानमा 'कम्युनिस्ट किल्ला' भत्किनुको राजनीतिक सन्देश *बीबीसी न्युज नेपाली* https://www.bbc.com/nepali/news-50630992

बीबीसी न्युज नेपाली (१ एप्रिल २०२३), भियतनाम युद्धमा अमेरिका पराजित हुनुका सात कारण https://www.bbc.com/nepali/articles/c84mmv3jdm7o

बुढाथोकी, प्रचण्डबहादुर (२०४७), लाहुरे हुन नजाउ दाइ अब त, *जनताका गीतहरू,* भाग १, पृ. ५५।
बुधबार साप्ताहिक (२०७४), जनवादी सङ्गीतको अत्येष्टि ?
https://ebudhabar.com/2017/10/10341/
वैद्य, मोहन (२०६७), *मार्क्सवादी दर्शन,* प्रगतिशील अध्ययन केन्द्र ।
वैद्य, मोहन (२०७६), *हिमाली दर्शन,* (दोस्रो अङ्क), शमी साहित्य प्रतिष्ठान ।
ब्लोन, रेख (२०४७), बढ्छौं हामी बाटो पक्री वीर शहीदको, *जनताका गीतहरू,* भाग २, पृ. ४८ ।
बोहोरा, अमृतकुमार (२०७६ माघ ११) गोविन्द वियोगी र पिस्कर सम्झना, *गोरखापत्र*
https://beta.gorkhapatraonline.com/opinion/2020-01-25-7618
भट्टराई, कृष्ण (२०७६), टुहुरो जनवादी गीत, *इकान्तिपुर साप्ताहिक*
https://saptahik.com.np/music/2019/12/18/20191218115641।
भट्टराई, तिर्थ (२०७६), कालजयी गीत 'गाउँ-गाउँबाट उठ' का गीतकार तमोट
https://www.nayapage.com/archives/160261
भट्टराई, निर्मल (२०७८, भदौ २७), चन्दने कम्युनिस्ट, विद्रोहको विगुल र परिवर्तन, *नेपाल प्रेस*।
भट्टराई, युवराज (२०७५), रसिकको सम्झनामा राल्फा र लेकाली, *फरकधार,*
http://fd.prixa.net/story/8172/
भट्टराई, रमेशप्रसाद (फेब्रोरी १०, २००६), *दलित परिप्रेक्ष्य : प्रगतिवादी नेपाली आख्यानका सन्दर्भमा प्रलेस,* जगदीशचन्द्र भण्डारी र अन्य (सम्पा.), नेपाल प्रगतिशील लेखक सङ्घ, पृ. ९९ ।
भट्टराई, रामचन्द्र (२०५१), सुखानीको रगतले भन्छ हामीलाई, *जनगीत माला,* पृ. ४ ।
भण्डारी, गणेश (२०५५), *प्रगतिवाद,* नेपाल प्रज्ञाप्रतिष्ठान ।
भण्डारी, चन्द्र (२०४७), अन्तिम विजय हाम्रै हो, *जनताका गीतहरू, जनताका गीतहरू,* भाग १, पृ. ४२, भाग ४, पृ. १५, पृ. २५, पृ. ३४ ।
भण्डारी, चन्द्र (२०८०, पौष १२), मेची क्याम्पसको स्ववियु इतिहासलाई सम्झँदा
https://pratidindaily.com/75412/
भण्डारी, जगदीशचन्द्र (२०५५), *प्रगतिवादी नेपाली कविता : रेखाङ्कन र विश्लेषण,* मुन्नी ।
भण्डारी, विष्णु (२०७७, फागुन २९), चैत ३: एक साहसिक आन्दोलन, *झन् नयाँ*
https://jhannaya.nayapatrikadaily.com/news-details/1299/2021-03-13
भण्डारी, मदन (२०६८), *जातपात ऐतिहासिक विवेचनाबारे,* रमेश पोखरेल (सम्पा.), मोदनाथ प्रश्रित विशेषाङ्क, वर्ष ८, अङ्क १२ पृ. २४९ ।
भण्डारी, शशीधर (२०७४), *विश्व कम्युनिस्ट आन्दोलनको इतिहास,* खण्ड १, (दो.सं), मनोज जिसी, झिमरुक गाउँपालिका -३ प्युठान ।
भूमि सम्बन्धी ऐन २०२१, दोस्रो संशोधन, परिच्छेद १, पृ. १ ।
भौकाजी, विमल (२०७४), के यी गीतका प्रयोजन समाप्त भए ?,*अन्नपूर्ण पोष्ट* वर्ष १६, अङ्क ६८ ।

भौकाजी, विमल (२०७४, चैत्र २६), जनआन्दोलन-२०४६ र चाक्सीबारी, *अन्नपूर्ण पोष्ट ।*

मञ्जुल, मेघराज (२०४४), *सम्झनाका पाइलाहरू,* गीति यात्रा संस्मरणः पृ. २, ५, १६, ३०, ३१, ४९, ५२, ६१, ६८, ७३, १०४, १४६, १८५ ।

मञ्जुल, मेघराज (२०४७), *जनताका गीतहरू,* भाग १ः पृ. २, ७, ११, १५, १७, ३४, ७५, ७८, भाग २ः ६४, ५०, भाग ३ः पृ. १, ५, ६, ९, १०, १४, ३४, ६१, ६३, ५०, ५३, ६५ भाग ४ः पृ. १, १९ ।

मञ्जुल, (२०५३), गल्ति गर्नुहुन्न अब आउने निर्वाचनमा, *चुङ्वाङ्देखि काठमाडौँसम्म,* पृ. ६२ ।

मञ्जुल, मेघराज (२०७३), राल्फाको यात्राः रेडियो नेपालको पैसा गुम्दा राल्फा, *अनलाइन खबर* https://www.onlinekhabar.com/2017/03/559746

महर्जन, राजेन्द्र (२०७६, फागुन २४), हथि मिसाः नेवार नायिकाको गोप्य प्रतिरोध, *कान्तिपुर* ।

माओत्सेतुङ, (२०४७), निकै नि टाढा पुग्नु छ राता सिपाहीहरूले, जनताका गीतहरू, भाग २, पृ. १७

मार्क्स र एङ्गेल्स (२०६५), *कम्युनिस्ट पार्टीको घोषणा पत्र,* जनसाहित्य प्रकाशन ।

मार्क्स, एङ्गेल्स (सन् १९८७), *साहित्य तथा कला,* प्रगति प्रकाशन ।

मार्क्स, के. (सन् १९८६), *कार्ल मार्क्स जीवनी,* (दोसं), प्रगतिप्रकाशन ।

मार्क्स, के. (सन् १९८७) *पूँजी, तेस्रो संस्करण,* प्रगतिप्रकाशन ।

मार्क्स, के. र एङ्गेल्स, एफ. (सन् १९८७), *मार्क्स एङ्गेल्स साहित्य र कला,* (अनुवादक) राजेन्द्र मास्के, सूर्यप्रकाश पौडेल, प्रथम प्रगति प्रकाशन ।

मार्क्स, के. र एङ्गेल्स, एफ. (सन् १९७६), *कम्युनिस्ट पार्टीका घोषणापत्र,* प्रगति प्रकाशन ।

मिश्र, बासुदेव (२०७८, पुष २४), एकादेशका बन्दै जनवादी गीतहरू https://dhorpatannews.com/2022/01/73295/

मिश्र, शिवकुमार (सन् १९७३), *मार्क्सवादी साहित्य चिन्तन* : मध्यप्रदेश हिन्दी ग्रन्थ अकादमी ।

मिश्र, शिवकुमार (सन् २००९), *यथार्थवाद,* वाणी प्रकाशन ।

मिश्र, युद्धप्रसाद र श्रेष्ठ, रामेश (२०४९), रक्तक्रान्तिको ज्वालामुखीमा, *जीवनको नाम,* पृ. ९४ ।

मूगीटारको, लोकलय (२०४७), गाउँ खायो गाउँ घरको जालीले, *जनताका गीतहरू,* भाग १, पृ. ७० ।

मैनाली, युवराज (मङ्सिर १७), नेपाली कवितामा भूपी https://sahityapost.com/top-news/130287/

मोहन, शिखर (२०७९, असार ११), भेटमा तपाईंका गीत गाएरै हामी कम्युनिस्ट भएका हौँ भन्छन् तर व्यवहारमा कसैले हेरेन' *रातो पाटी* ।

युगदर्शन (२०८० माघ १७), रक्तिम सांस्कृतिक अभियान चौथो राष्ट्रिय सम्मेलनको महत्त्व ।

युंजेपोत्तर (२०४७), उठ जाग ए भोका नाङ्गा, अनुवादः रामेश, श्याम तमोट-२०३०, *जनताका गीतहरू,* भाग १, पृ. १ ।

रक्तिम परिवार (२०४९), इतिहासको पानामा वीरताको गाथा, गीत, रक्तिम सांस्कृतिक परिवार ।

रसिक, गणेश (२०५८), *लेकाली सङ्गीत यात्रा,* हिरण्य भोजपुरे (सम्पा): लेकाली नेपाल ।

राई, इच्छाराम (२०४७), नेपाल आमा, उदायो घाम, *जनताका गीतहरू,* भाग ३, पृ. २२ ।

राई, कंचन (२०४७), बोल्न सिक भाइ बहिनी न्यायपूर्ण आवाज, *जनताका गीतहरू,* भाग ४, पृ. ५६, ।
राई, खगेन्द्र (२०६९), जनसांस्कृतिक महासङ्घ विगतदेखि वर्तमानसम्म, *संस्कृति,* राष्ट्रिय जनसांस्कृतिक महासङ्घ नेपाल ।
राई, चेतनारायण (२०४७), बन्दी छन् हाम्रा हातहरू, *जनताका गीतहरू,* भाग २ : २० ।
राई, बर्खा (२०४७), ब्युँभ्mी उठ दिदी हो, ब्युँभ्mी उठ बैनी हो, *जनताका गीतहरू,* भाग ३ : २ ।
राई, रमेश रूछेन (२०७८), लौ उत्र सङ्घर्षमा, *श्वेत शार्दुल,* साङ्ग्रिला पुस्तक प्रा.लि. ।
राई, रूपन (२०४७), समयको हुरी ल्याउने हामी विद्यार्थी, *जनताका गीतहरू,* भाग २ : ३३ ।
राई, सोम (२०८०), कस्तो हुन्छ जनताको गीत ? https://www.ratopati.com/story/385074
राई, सोम (२०८०, असोज १५), के हो राल्फा आन्दोलन https://www.ratopati.com/story/387979
राई, सोम (२०७९, असार ३२), जनताका गीत : निरन्तरता र सान्दर्भिकता, *चक्रपथ* https://chakrapath.com/newsdetails/56679/
राई, सोम र राई, जेबी किराँत (२०५३), *शम्भु राईको साङ्गीतिक यात्रा,* पृ. ७०-७३ ।
राई, हेमराज (२०४७), आरा काट्न गाको मेरो जेठा दाइ, *जनताका गीतहरू,* भाग १: ८, ४: ४१ ।
राजेश, (२०४७), देशको माटो छोएर हामी सपथ लिँदैछौँ, *जनताका गीतहरू,* भाग १ : ६७ ।
रामेश, (२०४७), नेपाली उठेको 'वी वान्ट डेमोक्रेसी' भनेको, *जनताका गीतहरू*।
रामेश (२०७८), जेबीका जीवन-आलापहरू, *कान्तिपुर* https://ekantipur.com/koseli/2021/09/03/163066910748758825.html?author=1
रामेश र मञ्जुल, (२०४७), कोहि त भने जहाजमा हरर, *जनताका गीतहरू,* भाग १ : ७५ ।
राना, गोबर्धन, (२०५०), राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डल, *प्रजातान्त्रिक आन्दोलनमा नेपाल विद्यार्थी सङ्घ* : नेवि सङ्घ पश्चिमाञ्चल समन्वय समिति ।
रायमाझी, निर्भीकजङ्ग (२०७६), रामेश र जीवन शर्माको नजरमा रायन, *शिलापत्र,* https://shilapatra.com/detail/11335
रायमाझी, निर्भिकजङ्ग (२०७८, भदौ १०), आमा, दिदीहरूलाई जगाउने त्यो गीत, *अनलाइन खबर*।
राल्फाका गीतहरू (२०४४), *सम्झनाका पाइलाहरू,* पृष्ठ : ६, ७, ४९, ७३, १४६, १६०, १७५, २८७ ।
रावल, भीम (२०४७), *नेपाली साम्यवादी आन्दोलनको उद्भव र विकास,* पैरवी प्रकाशन ।
रासस (२०७९, असार २९), जनवादी गीतले नै मलाई मुख्यमन्त्री बनाएको हो : मुख्यमन्त्री पाण्डे, *रासस,* https://www.ratopati.com/story/251443
रिमाल, गोपालप्रसाद (२०४९), एक जुगमा एकदिन एकचोटी आउँछ, *जीवनको नाम,* पृ. ८९ ।
रिसाल, भैरब (२०७७, जेठ १०), गोर्खा भर्तीको उल्झन, भैरव रिसाल, *हिमालखबर*।
रेग्मी, नगेन्द्रराज (२०७७), प्रतिबन्धमा परेका सिर्जना र सर्जक, *हिमालय टाइम्स* https://ehimalayatimes.com/sahityabibidh/44163
रेग्मी, नरेश (२०७७, फागुन २८), के प्रेम पनि मार्क्सवादी हुन्छ ? *अन्नपूर्ण पोष्ट ।*

रेग्मी, रामराज (२०७४ मङ्सिर), *नेपालको इतिहास, एक मार्क्सवादी दृष्टिकोण,* जागरण बुक्स ।
रेग्मी, रामराज (२०७४), निरङ्कुश राजतन्त्र विरूद्धका गतिविधिहरू, *नेपालको इतिहास एक मार्क्सवादी दृष्टिकोण,* जागरण बुक्स हाउस ।
लामा, बि.एम. (२०४७), नसम्झ तुच्छ नारीलाई, *जनताका गीतहरू,* भाग ३ : २९ ।
लुइँटेल, नरनाथ, चालिसे, मुकेशकुमार र दुवाल, मोहन, सम्पा. (२०६९ असोज), जनकवि केवलपुरे किसान स्मृति ग्रन्थ, केवलपुरे किसान पुस्तकालय ।
लुकास, जर्ज (२०६९), सौन्दर्यशास्त्रमा मार्क्स र एङ्गेल्स्, *भृकुटी,* पूर्णाङ्क १५ : रत्नपुस्तक भण्डार ।
लेनिन, भ्लादिमिर (सन् १९८२), *सङ्कलित रचना-भाग ६,* प्रगति प्रकाशन, पृ. ८८ ।
लेनिन, (२०६३), *सङ्कलित रचना, भाग- १,* अनु. राजेन्द्र मास्के, जनसाहित्य प्रकाशन ।
लोकलय (२०४७), सामन्तीलाई खत्तम पार्छु, *जनताका गीतहरू, भाग २,* सङ्कल्प परिवार ।
वन्त, प्रत्यूष, पराजुली, रमेश र पराजुली, रमा (२०६०), *मिडियाको चिरफार : केही सामाजिक सन्दर्भ,* मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्र ।
वन्त, प्रत्यूष, पराजुली, शेखर, हुमागाईं, देवराज, अधिकारी, कृष्ण र भट्ट, कोमल (२०६१), *रेडियो नेपालको सामाजिक इतिहास,* मार्टिन चौतारी, पृ. १६७ ।
वन्त, प्रत्यूष (२०६१), पुस १ पछि पञ्चायत प्रचार, *कान्तिपुर दैनिक,* पृ. ६ ।
विकल, गोविन्द (२०४९), देशका लागि हतियार भिर्ने छौं, *जीवनको नाम,* पृ. १३६ ।
विकल, रमेश (२०४४), सम्झनाका पाइलाहरू पछ्याउँदा, *सम्झनाका पाइलाहरू : गीति यात्रा* ।
शर्मा, प्रगतिकिरण (२०४७), ह्यामर उठाउँदै, शर्मा, *जनताका गीतहरू,* भाग २ : ७४ ।
शर्मा, प्रेम (२०४७), पुस्तौंपुस्ता महाजनको गोठालो बनी, *जनताका गीतहरू*, भाग ४ : २४ ।
शर्मा, बाबुराम (२०४५), नेपाली साहित्यमा राल्फा आन्दोलन, *त्रि.वि. नेपाली स्नातकोत्तर तह आठौं पत्रको प्रयोजनका लागि प्रस्तुत अप्रकाशित शोधपत्र* ।
शर्मा, मोदनाथ (२०४७), डमडम मजदुर बढ, श्रमकार किसान बढ, *जनताका गीत,* भाग ४ : ७१ ।
शर्मा, लक्ष्मण (सन् २०१५), नेपाल राष्ट्रिय शिक्षक सङ्गठनको इतिहास, *कार्यपत्र* ।
शाक्य, अष्टलक्ष्मी (२०७१), पिस्कर गाउँलाई नजिकबाट बुझ्दा*, मेरो पाइला मेरो अनुभव ।*
शिखा, अग्नी (२०४७), जब उठे वीरहरू शिरमाथि कात्रो बाँधेर, *जनताका गीतहरू,* भाग ५ : ५ ।
शिलापत्र (२०७५), सुखानी हत्याकाण्ड र गिरफ्तारी, *शिलापत्र* https://shilapatra.com/detail/1730/
शिवाकोटी, गोपाल (२०७०), *समाजमा वर्गको स्थिति, पहिचान र दर्शनको सङ्कटमा नेपाली राजनीतिक व्यवस्था,* पैरवी प्रकाशन, पृ. ३७८ ।
श्यामल (२०७४), हुनु र नहुनुका बीचमा श्यामप्रसाद अबिच्युअरी, *अन्नपूर्णपोष्ट* ।
शेलि, पीबी (२०४७, कालाको जीत विश्वको, *जनताका गीतहरू,* भाग २ : पृ. ३१, ४७ ।
श्रेष्ठ, दुर्गालाल (२०४७), स्कुल नै हो तिम्रो निम्ति प्राण समान, *जनताका गीतहरू,* भाग ४, पृ. ५४ ।
श्रेष्ठ, दुर्गालाल (२०४७), अछूत वर्गविहीन, शोषण मुक्त समाज, *जनताका गीतहरू,* भाग १ : ९ ।

श्रेष्ठ, नवीन प्रकाश (२०७५), सीताला माजु, *अन्नपूर्ण पोष्ट*
https://annapurnapost.com/news/shitlaa-maaju-106436
श्रेष्ठ, माधव (२०४७), सङ्घर्ष गर्दै अघि बढ्ने बाटो हाम्रो एउटै, *जनताका गीतहरू,* भाग २ : ६ ।
श्रेष्ठ, मोहन (२०४७), किताब कापी च्यापेर स्कुल जाउ भन्छ, *जनताका गीतहरू,* भाग ४ : ६३ ।
श्रेष्ठ, रामेश (सन् २०१३), सङ्कल्प परिवार २०३६ विराटनगरको पहिलो गीति कार्यक्रम, श्रव्य प्रकाशन, सार्थक एकेडेमी नेपाल ।
श्रेष्ठ, रामेश (२०७५ माघ), बालापन जीवनको, आत्मसंस्मरण, सम्पा. होम भट्टराई, फिनिक्स बुक्स ।
श्रेष्ठ, रामेश (२०८१), *जीवन सङ्घर्षका ज्वारभाटाहरू,* भृकुटी एकेडेमिक पब्लिकेसन्स ।
श्रेष्ठ, रामेश (२०५८), *मैंले चिनेको श्याम र उसका गीतहरू : गाउँगाउँबाट उठ, जीवनमुखी गीतहरूको सङ्गालो,* एकता प्रकाशन, ९-१२ ।
श्रेष्ठ, रामेश (२०७६), सुखीलाई जून पनि घाम पनि, म दुःखीलाई छैन नि माम पनि ।
श्रेष्ठ, सिद्धिचरण (२०४७), मेरो प्यारो ओखलढुङ्गा, *जनताका गीतहरू,* भाग ५ : पृ. ३३ ।
श्रेष्ठ, शुशीला (२०६०) *सहाना प्रधान स्मृतिका आँखीझ्यालबाट,* स्वप्नवाटिका प्रकाशन, दोसं ।
श्रेष्ठ, सबिना (२०७७, माघ ५), ला ! मैले गाएको सुनेर कति शहीद भए होलान् ! त्यसको पाप त लाग्दैन नि मलाई !, *सेतोपाटी* ।
श्रेष्ठ, श्यामलाल, (२०७६), तुहियो नारायणहिटीमै टाइम बम पड्काउने योजना, *नेपाल लाइभ*
https://nepallive.com/story/208662
समुहगत छलफल (२०७५,०६/२५), प्रगतिशील गीतको झापा केन्द्रित योगदान ।
समूहगत छलफल, मोरङ (२०७५,०६/२७), प्रगतिशील गीतको मोरङ केन्द्रित योगदान ।
सङ्कल्पका गीत (२०४७), *जनताका गीतहरू,* भाग ५ : पृष्ठ ८, ११, १४, १६, १९, ७३
सर्वहारी, कृष्णराज (२०७६), खै चिनियाँ नेपाली साहित्य, *अन्नपूर्ण पोष्ट*
https://annapurnapost.com/story/138562/
सापकोटा, निरन (२०४७), के पाटीमा लेखेका हामी खरी अक्षर हौं? *जनताका गीतहरू,* भाग १ : २ ।
सामना परिवार (२०२२, जनवरी १०), सिस्नेको चुचुरोमा रातो झण्डा, *अभिवादन टिभी ।*
सायमी, प्रकाश (२०६६), *नेपाली सङ्गीतको एक सतक,* भावक नेपाल ।
सायमी, प्रकाश (२०७५), सिर्जना प्रतिबन्ध कथा, *अन्नपूर्ण पोष्ट*
https://annapurnapost.com/news/sirjnaa-prtibndh-kthaa-122355/
साहित्य सङ्ग्रहालय (सन् २०२०), भोकभोकै मर्न लागे कवि कलाकार, *साहित्य सङ्ग्रह ।*
https://sahityasangraha.com/2020/04/01/
सिलवाल, हरिप्रसाद (२०७४), *नेपाली प्रगतिवादी कविताको इतिहास,* नेपाल प्रज्ञाप्रतिष्ठान ।
सी, शीलु (२०७९, चैत्र ८), कम्युनिस्ट पार्टी र सङ्गठनात्मक प्रश्न, *जनपत्रिका*
https://janapatrika.com/archives/9577
सुब्बा, विक्रम (२०४७), सबै मिलि सङ्घर्षमा अघि बढ्दै गए, *जनताका गीतहरू,* भाग १: पृ. १९, ३३ ।

सुब्बा, विक्रम (२०४७), चुलामा आगो सल्काउने, *जनताका गीत,* भाग २: पृ. २५,४५, ४१, ५९, ११ ।
सुब्बा, विक्रम (२०४७), फूलहरू एकदिन पक्कै झर्छन्, *जनताका गीतहरू,* भाग ३: पृ. २८, ३९ ।
सुब्बा, विक्रम (२०४७), तपाइँहरूकै मायाले नै गीत हामी गाउँछौँ, *जनताका गीतहरू,* भाग ५, पृ.३ ।
सुब्बा, विक्रम (२०४७), पाँचवटा पहाड पन्छाउँन भनि, *जनताका गीतहरू,* भाग २, पृ. ३९ ।
सुब्बा, विजय (२०५३), *चुङ्वाङदेखि काठमाडौँसम्म, शम्भु राईको साङ्गीतिक यात्रा* : किराति जेबी राई ।
सुब्बा, विजय (२०६८), *नवयुग,* फागुन-चैत्र, वर्ष २२, अङ्क ४-५ संयुक्त ।
सुब्बा, विजय (२०७४), *समाज परिवर्तनमा संस्कृतिकर्मी,* नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान ।
सुब्बा, विजय (२०८१, पुस), जनताका गीतको सान्दर्भिकता, *नागरिक न्युज,* नेपाल रिपब्लिक मिडिया ।
सुब्बा, रामेश, (२०४७), भाइ जुटे पहरा फुटे पुर्खाले भनेको, *जनताका गीतहरू,* भाग ५, पृ. ७३ ।
सुब्बा, सरू (२०४७, चेलीको मन रून्छ बुझिदेउन माइती, *जनताका गीतहरू,* भाग ३, पृ. २२ ।
सुवेदी, अशोक (२०६२), *नेपाली प्रगतिवादी कवितामा विद्रोहचेत:* शारदा सुवेदी, वर्षा/विकास आचार्य।
सुवेदी, प्रल्हाद (२०४७, स्वाभिमानी जनताहरूको मेरो देश, *जनताका गीतहरू,* भाग ३, पृ. ३ ।
हमाल, प्रमोद (२०४९), विहानीको आभासमा जुर्मुराउँदै उठ्दै, *जीवनको नाम,* आस्था, पृ. ११३ ।
हमाल, प्रमोद (२०४७), आमाहरूको आँशु झारे अन्यायीले, *जनताका गीतहरू,* पृ. १२, ४९, ३१, ४७ ।
हमाल, प्रमोद (२०७०, भाद्र ३१) कालाको जीत विश्वको, *साङ्गीतिक यात्रामा प्रमोद हमाल,* सम्पा. श्याम तमोट, अनिल पौडेल, उदय श्रेष्ठ, सार्थक जनसङ्गीत प्रतिष्ठान, नेपाल पृ. ८ ।
हब्सि लोकगीत, (२०४७), हामी जित्नेछौँ हामी जित्नेछौँ एकदिन, *जनताका गीतहरू,* भाग २, पृ. २७ ।
हलेँसीको, लोकलय (२०४४), भाइ त मर्‍यो विदेशी साइँलौ राजालाई, *सम्झनाका पाइलाहरू,* राल्फा ।
हान, ड़ोङ्पिङ (२०८०), सांस्कृतिक क्रान्तिका समर्थक लाखौँलाख जनतालाई तत्कालै गिरफ्तार गरे, https://janamel.com/viewdetail.php?id=443
क्षेत्री, रणबहादुर (२०४७), यहाँको हाल यस्तै छ साथी, *जनताका गीतहरू,* भाग २, पृ. १६ ।

## रोमन लिपिका सन्दर्भ सामग्री

Abel, M. (2016). Music and Marxism: How Marxists should judge music culture matters. *Music*. https://culturematters.org.uk/index.php/itemlist/user/316-markabel.

Afanasyev, V. G. (1980). *Marxist philosophy*. (Translated by David Fidlon). Progress Publishers.

UN (1973). *Agreement on ending the war and restoring peace in Vietnam (Paris, 27 January 1973)*. https://treaties.un.org/doc/Publication/UNTS/Volume%20935/volume-935-I-13295-English.pdf

Baral, L. R. (1975). The press in Nepal (1951-74). *Contributions to Nepalese Studies*, 2:169-186.

BBC News on March 28, 2011. https://www.bbc.com/news/world-south-asia 12885083

Bhattarai, B. (2006, February 10-16). Every revolution demands its quota of sacrifice. *Nepali Times*, p. ...

Blackwell, G. R.(2018). Introduction to positivism, interpretivism and critical theory. *Nurse Researcher*, 25(4):14-20. DOI:10.7748/nr.2018.e1466

Blunden, A. (1976). *Marx and Engels on literature and art*. Progress Publishers.

Braynt, L. O. (2004). New songs of the battlefield: Songs and memories of the Chinese cultural revolution. *PhD Dissertation, University of Pittsburg. Ethnomusicology, East Asian Studies, China.*

Brown, T. L., & Reaper, W. (1996). *The challenge to democracy in Nepal: A political history*. Routledge.

Carr-Wilcoxson, A. M. (2010). Protest music of the Vietnam war: Description and classification of various protest songs. *Electronic Theses and Dissertations. Paper 1686*. https://dc.etsu.edu/etd/1686.

Carrillo, J. R. (2014). The influence of protest songs on the U.S. public: Vietnam war prospective. *The Faculty of the Graduate School of The University of Texas at El Paso for the Degree of Master of Arts. The University of Texas.*

Chauhan, R. S. (1971). *The political development in Nepal (1950 -70): Conflict between tradition and modernity.* Associated Publishing House.

Cloonen, M., & Helms, D. (2013). Changing the tune: Popular music and politics in the 21st century from the fall of communism to the Arab spring. *A paper presented at an international conference, Strasbourg University,* France 7-8 June 2013.

Cornforth, M. (1968). Meterialism and the Dilectical Method. International Publishers.

Creswell, J.W. (2003). *Research design: Qualitative, quantitative, and mixed method approaches*. SAGE Publications.

Derbyshire, J. D. & Derbyshire, I. D. (1999). *Political systems of the world. Chambers*

Duboise, W. E. B. (2018). *Music more ancient than words: W.E.B. Du Boise's theories on Africana aurality*. https://soundstudiesblog.com/2018/08/27/ music-more-ancient-than-words

Dungarwal, V. (Feb 20, 2023). The role and impact of music on individuals, cultures and societies. https://medium.com/@jainvicky1999/the-role-and-impact-of-music-on-individuals-cultures-and-societies-f52943692dfa

Easton, D. (1953). *The political system: An inquiry into the state of political science*. Alfred A. Knopf.

Engels, F. (1986). *Dialectics of nature*. Progress Publishers.

Fanjul, S. C. (OCT 30, 2023). The influence of music on politics: Can punk, folk, or rap change the world? https://english.elpais.com/culture/2023-10-30/the-influence-of-music-on-politics-can-punk-folk-or-rap-change-the-world.html

Flick, U. (2018). *The SAGE handbook of qualitative data collection*. SAGE Publicatins Ltd.

Gottschalk, L. (1969). *Understanding history: A primer of historical method*. Knopf.

Grandin, I. (1996). To change the face of the country: Nepalese progressive songs under Panchayat democracy. *Journal South Asian Literature*. 29(1): 175-189

Hachhethu, K. (1994). Transition to democracy in Nepal: Negotiations behind constitution making 1990. *Contributions to Nepalese Studies*. 21(1): 91-126.

Hoftum, M., & Reaper, W. (1992). *Spring awakening: An account of the 1990 revolution in Nepal*. Viking Penguin Books.

Hove, M., Mukurunge T. (June 2014). Revolutionary songs as a strategy of transforming listeners' mindset: The Zimbabwean practice after 1999. *Alternatives Turkish Journal of International Relations 13(3).* DOI:10.21599/atjir.63910.

Joshi, B.L., & Rose, L. E. (1966). *Democratic innovations in Nepal*. Berkely *University Press*.

Karki, M. B. (2012). *Assessing activists' motivation: but how? Contribution to Nepalese Studies*, 39(1): 85-121.

Kerlinger, F.N. (1983). *Foundation of behavioural research*. Surjeet Publications.

Khadgi, A. (2021, January 6). the birth of life of Nepal's most iconic revolutionary song. *The Kathmandu post*.

Lopez, J. (2021, 13 July). *How 'Patria Y Vida' Became the Anthem of Cuba's Protests*. Rollingstone Music.

Lama, K. (2021). Yogmaya and Durga Devi: Different modes of resistance to patriarchy. *The Outlook: Journal of English Studies*, 12:16-23. https://doi.org/10.3126/ojes.v12i1.38748.

Lenin, V. I. (April 7, 1917) *The Tasks of the Proletariat in the Present Revolution. [a.k.a. The April Theses]*. Progress Publishers, Volume 24, pp. 19-26.

Lenin, V. I., Marx K. (1871). *A brief biographical sketch with an exposition of Marxism tactics of the class struggle of the proletariat*. https://www.marxists.org/archive/lenin/works/1914/granat/ch05.htm

Lenin, V. I. (1913). *The three sources and three component parts of Marxism*. Progress Publishers.

Lenin, V. I. (1917). *The tasks of the proletariat in the present revolution: Lenin's April theses*. Progress Publishers.

Lenin, V. I. (1921 July 12). On Democratic Centralism. Third Congress of the Communist International. *The Organisational Structure of the Communist Parties, the Methods, and Content of Their Work: Theses*.

Maharajan, K. (2020). *Shitala maju swahune parajaya gathin*. http://klm.com.np/2020/03/18/shitala-maju-swahune-parajaya-gathin/

Mao Tse-tung (1926 March). Analysis of the classes in Chinese society. https://www.marxists.org/reference/archive/mao/selected-works/volume-1/mswv1_1.htm

Mao Tse-tung, (1942, May 2). *Talks at the Yenan forum on literature and art*. https://www.marxists.org/reference/archive/mao/selected-works/volume-3/mswv3_08.htm

Martin, H., Reaper, W., & Whelpton, J. (1999). *People, politics, and ideology: Democracy and social change in Nepal*. Mandal Book Point.

Marx, K. and F. Engels. (1888). *Manifesto of the communist party.* Progress publisher

Marxists Archiave (1845). Karl Marx, Jenny von Westphalen and Engels. On love and marriage. *https://www.marxists.org/archive/marx/works/subject/love-marriage/index.htm*

Marxists.org (May 1938). *On protracted war*: Problems of war and strategy (November 6, 1938), Selected Works, Vol. II, p. 224.

Marxists.org (1845). *Karl Marx, Jenny von Westphalen and Engels on Love and Marriage*. https://www.marxists.org/archive/marx/works/subject/love-marriage/index.htm

Marx, K. and Engels F. (1848). *Marx and Engels selected works*, (1). Progress Publishers.

Marx, K.  (1859). *A contribution to the critique of political economy preface* . Progress Publishers.

Marx, K. and F. Engels (1871). *Collected works of Marx and Engels,* Vol. 23: 1871-1874 ।

Marx, K. (1871). *The Paris communes*. The Third Address Publisher.

Marxist Archive (1883). *Engels' dialectics of nature. II. Dialectics*. https://www.marxists.org/archive/marx/works/1883/don/ch02.htm

Miller, V. (2002). *Political consciousness : A perpetual quest*. https://justassociates.org

Mulgan, R.G. (1977) *Aristotle's political theory: An introduction for students of political theory*. Clarendon Press.

Oakley, A. (1983). *The making of Marx's critical theory: A bibliographical analysis*. Routledge.

P & RR (24 March 2024). Political songs: An Unsung Hero in Political Struggle. *Politics and Rights Review*. ISSN 2818-4610.

Pokharel, R. K. (2007). *A journey of the communists of Nepal: Twenty-three year's history of the CPM-UML*. Massline Publication Pvt. Ltd.

Pottier, E. & Degeyter P. (1889). *Six versions of the song of the international workers movement*. IWW Songbook.

Rai, L. D. (2001). Ethical and legal issues. In P. Kharel (eds.) *Media practices in Nepal*. Nepal Press Institute. Pp. 95-141.

Ramsey, J. (2019). *Peace, love, and politics: How woodstock of 1969*. Epitomized the Relationship Between Social Movements and Music. (2019). *Politics Summer Fellows*, 6.

Reece, T. (2023). Public Awareness and It's Impact in Empowering Individuals for Societal Change. *Journal of Political Sciences & Public Affairs*. Volume 11, Issue 2.

Rhodes, W. (1962). Music is an Agent of Political Expression. *African Studies Review*, 5(2): 14:22. https://doi.org/10.1017/S0002020600040415

Sales, A. D. (2003). Remarks on revolutionary songs and iconography. European Bulletin of Himalayan Research (EBHR)

Shafer, R. J. (1980). *A guide to historical method*. The Dorsey Press.

Shikhar, TV. (2007 BS). King Mahendra, live record. *Shikhar TV*. (Royal proclamation of king Mahendra dated 1st January 2017.

Shrestha, D. (2017). Interview with Rayan Shrestha: *At the end of the day – YouTube*

Smith, Christian. (2011). *What is a person? Rethinking humanity, social life, and the moral good from the person up* : University of Chicago Press.

Stalin, J. V. (1938). *Dialectical and historical materialism*. International publisher.

Stasio, S. D., Berenguer C. ed. (2021 Apr 1). Effects of the educational use of music on 3 to 12-year-old children's emotional development: A Systematic Review. *International Journal of Environmental Research and Public Health*. 18(3668):1-29 doi:10.3390/ijerph18073668.

Stir, M.A. (2017). *Singing across divides: Music and intimate politics in Nepal*. Oxford University Press.

Stir, M.A. (2013). Class love and unfinished transformation of social hierarchy in Nepal communist songs. In R. Adlington (ed.) *Red strains: Music and communism outside the communist bloc*. Oxford University Press. Pp 283-298.

Therborn, G. (2018). *From Marxism to post-Marxism?* Verso Books.

United States of America (1974). *Agreement on ending the war and restoring peace in Vietnam*. Signed at Paris on 27 January 1973, No. 13295.

Verma, S. L. (2008). *Advanced modern political theory: Analysis and technologies*. Rawat Publication.

Wang, J. (1998). *Contemporary Chinese politics: An introduction*. Prentice Hall.

Wheeler, B. (2010). So, what exactly is 'progressive' in politics? *BBC*. Nov. 26, 2010 https://www.bbc.com/news/uk-politics-11785483

Whitely, S. (2012). Countercultures: Music theory and scenes. *Contre-cultures, 9(1):6-16.* doi.org/10.4000/volume.3572

Wilterdink, N., Form, W. (Dec 16, 2024). Social Change. Sociology. *Britannika*. https://www.britannica.com/topic/social-change

Young, P. V. (1975). *Scientific social survey and research*. Prentice Hall of India Pvt. Ltd.